# कृषि सम्बन्धी नीतिहरूको सँगालो
# २०८१

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा
नीति समन्वय शाखा
सिंहदरबार, काठमाडौं।
२०८१

# कृषि सम्बन्धी नीतिहरूको सँगालो
# २०८१

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**योजना तथा विकास सहायता समन्वय महाशाखा**
## नीति समन्वय शाखा
सिंहदरबार, काठमाडौं
२०८१

**प्रकाशक:**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा
नीति समन्वय शाखा
सिंहदरबार, काठमाडौं

**फोन नं.** : ०१-४२११६६५
**फ्याक्स नं.** : ०१-४२११९३५
**वेवसाइट** : www.moald.gov.np
**पाँचौं संस्करण** : चैत्र, २०८१

# मन्तव्य

नेपालको संविधानले खाद्य अधिकार र खाद्य सम्प्रभुत्ताको सुनिश्चितताको व्यवस्था गरेको छ। यसलाई साकार पार्ने मुख्य दायित्व कृषि क्षेत्रको हो। नेपालको आर्थिक विकास र समतामूलक समृद्धिको लागि महत्वपूर्ण मानिएको यस क्षेत्रको दिगो विकासको माध्यमबाट नै देशले अपेक्षा गरेको राष्ट्रिय, आर्थिक र सामाजिक लक्ष्य हासिल गर्न सकिन्छ। दिगो विकास लक्ष्य, कृषि विकास रणनीति, नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच र सो बमोजिम तर्जुमा गरिएको १६ औं पञ्चवर्षीय योजना, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा निर्धारण गरिएका लक्ष्य तथा त्यसमा नेपालले गरेको प्रतिवद्धताको वृहत सन्दर्भमा रही यस मन्त्रालयले कृषि तथा पशुपन्छी क्षेत्रको सुधार गर्ने लक्ष्य लिएको छ।

कृषि क्षेत्रको समग्र विकासका लागि नेपाल सरकारले समय समयमा विभिन्न नीतिहरू निर्माण गरी सोको कार्यान्वयन गर्ने र देशको परिवर्तित शासकीय व्यवस्था र कृषि तथा पशुपन्छी क्षेत्रमा देखा परेका नविन चुनौती तथा अवसरहरूलाई आत्मसात् गरी नयाँ नीतिहरू तर्जुमाका साथै विद्यमान नीतिहरूको समय सापेक्ष परिमार्जन गर्ने गरेको छ। कृषि क्षेत्रमा तर्जुमा गरिएका यस्ता नीतिहरूबारे सरोकारवालाहरूलाई जानकारी गराउनुका साथै सर्वसुलभ रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गरी नीति साक्षरता कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले विगत देखि नै "कृषि सम्बन्धी नीतिहरूको सँगालो" प्रकाशन गर्ने गरिएको छ। कृषि नीतिको अध्येता र नीति अनुगमन तथा मूल्याङ्कनमा संलग्न विद्वत वर्गहरूलाई यस प्रकाशन उपयोगी हुने विश्वास लिएका छौं।

अन्त्यमा यस "कृषि सम्बन्धी नीतिहरूको सँगालो" प्रकाशनको लागि योजना तथा विकास सहायता समन्वय महाशाखाका सह-सचिव डा. हरि बहादुर के.सी. र नीति समन्वय शाखाका कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छौं। साथै प्रकाशनका क्रममा भएका त्रुटिहरू औंल्याएर थप सुधार गर्ने अवसर प्रदान गर्नु हुन सम्पूर्ण पाठक वर्गमा हार्दिक अनुरोध गर्दछौं।

चैत्र, २०८१
सिंहदरबार, काठमाडौं।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

डा. गोविन्द प्रसाद शर्मा
सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# भूमिका

कृषि क्षेत्र नेपालको आर्थिक विकासको आधारशिला हो। देशमा ६२ प्रतिसत कृषक घर परिवार रहेका छन्। कृषि क्षेत्रको विकासको माध्यमबाट मात्र दिगो एवम् सन्तुलित विकासको परिकल्पना गर्न सकिन्छ।

साना कृषकहरूको बढी संलग्नता रहेको र निवार्हमुखी प्रणालीबाट गुज्रिरहेको कृषि क्षेत्रमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहेको छ भने कृषिमा व्यावसायिकरण एवम् विविधिकरण आशातित रूपमा हुन सकेको छैन। कृषि क्षेत्रको समष्टिगत विकासका प्रयासहरूलाई प्रभावकारी र नतिजामूलक बनाउनका लागि विभिन्न नीतिगत व्यवस्था गरिएका छन्। यस्ता नीतिहरूको एकीकृत रूपमा उपलब्धता हुन नसक्दा कृषक, व्यवसायी र नीति अध्ययन गर्न चाहने सबै सरोकारवालाहरू यथेष्ट रूपमा सुसूचित हुन नसकेको महसुस भएकोले सार्वजनिक हितका यस्ता नीतिगत दस्तावेजहरूलाई एकत्रित गरी सँगालोको रूपमा प्रकाशन गर्ने जमर्को गरिएको छ। प्रकाशित पुस्तिका कृषि व्यवसायमा संलग्न सबै सरोकारवालाहरूका लागि उपयोगी हुनुको साथै कृषिसँग सम्बन्धित आवश्यक ऐन, कानून, कार्यक्रम, आयोजना तथा निर्देशिका तर्जुमा र सञ्चालन गर्न मद्यत पुर्‍याउनेछ भन्ने मैले आशा राखेको छु।

यस अघि पनि मन्त्रालयबाट यस्तो सँगालो प्रकाशन गर्ने गरिएकोमा थप केही नयाँ नीतिहरू र परिमार्जन भएका नीतिहरू समावेश गरी यस पुस्तिकालाई अद्यावधिक गरिएको छ। कृषिसँग सम्बन्धित यस्ता नीतिहरूका आधारमा कृषि विकास योजना र कार्यक्रमहरू तय गरी सञ्चालन गर्दा सामना गर्नु पर्ने समस्याहरूको सिकाइबाट नीतिहरूमा समसामयिक परिमार्जन गरी नीतिहरूको उपयोगितालाई अझ बढी प्रभावकारी बनाउन सहयोग मिल्ने आशा लिएको छु।

अन्त्यमा, यस पुस्तिकालाई तयार गर्न खट्नु हुने नीति समन्वय शाखाका कर्मचारीहरू डा. चन्द्र ढकाल, डा. गंगा दत्त आचार्य, सन्तोष भण्डारी लगायत अन्य सहकर्मीलाई धन्यवाद दिन चाहन्छु। यस पुस्तिकालाई थप परिस्कृत एवम् उपयोगी बनाउन सबैबाट रचनात्मक सुझावको अपेक्षा राखेको छु।

चैत्र, २०८१
सिंहदरबार, काठमाडौं

डा. हरि बहादुर के.सी.
सह-सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# विषय सूची


| | |
|---|---|
| राष्ट्रिय बीउ बिजन नीति, २०५६ | १ |
| राष्ट्रिय चिया नीति, २०५७ | ५ |
| राष्ट्रिय मल नीति, २०५८ | १० |
| राष्ट्रिय कफी नीति, २०६० | १३ |
| राष्ट्रिय कृषि नीति, २०६१ | १६ |
| कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ | २२ |
| जैविक प्रविधि नीति, २०६३ | २७ |
| औद्योगिक नीति, २०६७ | ३४ |
| खर्क नीति, २०६८ | ६५ |
| पन्छीपालन नीति, २०६८ | ७५ |
| आपूर्ति नीति, २०६९ | ८० |
| पुष्प प्रवर्द्धन नीति, २०६९ | ९५ |
| राष्ट्रिय सहकारी नीति, २०६९ | १०० |
| राष्ट्रिय सिमसार नीति, २०६९ | ११४ |
| कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१ | १२२ |
| विदेशी लगानी नीति, २०७१ | १३१ |
| कृषि जैविक विविधता नीति २०६३ (पहिलो संशोधन) २०७१ | १४८ |
| भू-उपयोग नीति, २०७२ | १५७ |
| मौरी प्रवर्द्धन नीति, २०७३ | १७२ |
| राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ | १८० |
| राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६ | १९५ |
| राष्ट्रिय वन नीति, २०७५ | २११ |
| राष्ट्रिय भूमि नीति, २०७५ | २२० |
| अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ | २३२ |
| राष्ट्रिय विज्ञान प्रविधि तथा नव प्रवर्तन नीति, २०७६ | २५० |
| राष्ट्रिय कृषि-वन नीति, २०७६ | २६१ |
| राष्ट्रिय वातावरण नीति, २०७६ | २६६ |
| राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ | २७५ |
| राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ | २८७ |
| राष्ट्रिय पशुपन्छी प्रजनन् नीति, २०७८ | २९७ |
| राष्ट्रिय दुग्ध विकास नीति, २०७८ | ३१७ |
| राष्ट्रिय मत्स्य विकास नीति, २०७९ | ३३२ |
| राष्ट्रिय सिँचाइ नीति, २०८० | ३४६ |
| वाणिज्य नीति, २०८१ | ३६० |

# राष्ट्रिय बीउ बिजन नीति, २०५६

## १. पृष्ठभूमि

उच्च गुणस्तरको बीउ बिजनको प्रभावकारी वितरण प्रक्रियाबाट कृषि उत्पादन वृद्धिको लक्षित उपलब्धि हासिल गर्न ठूलो टेवा पुग्दछ । कृषक वर्गलाई उपयुक्त बीउ बिजन समसामयिक रूपमा उपलब्ध गराउनका लागि हालसम्म विभिन्न प्राविधिक गतिविधि विद्यमान रहेको भएतापनि ती गतिविधिहरूबाट वाञ्छित रूपमा उपलब्धिहरू हासिल हुन सकेका छैनन् ।

उच्च गुणस्तरको बीउ बिजन उत्पादन, प्रशोधन तथा परीक्षण व्यवस्था मिलाई गुणस्तरयुक्त बीउ बिजन सु-व्यवस्थित रूपले उपलब्ध गराई सर्वसाधारण जनताको सुविधा तथा आर्थिक स्थिति सुदृढ गर्न वाञ्छनीय भए अनुरूप बीउ बिजन ऐन, २०४५ को व्यवस्था गरिएको छ । यसै ऐन अन्तर्गत बीउ बिजन नियमावली, २०५४ पनि जनसमक्ष आइसकेको छ । यो पक्षलाई दीर्घकालीन कृषि योजनाले प्रविधि क्षेत्रभित्र पर्ने र बीउको योगदान विशेष महत्वपूर्ण हुने भन्ने कुरालाई स्वीकार गरेको छ । यस्तो स्वीकारोक्तिलाई अब संस्थागत र कार्यक्रमगत व्यवस्थाबाट व्यवहारमा प्रभावकारी बनाउनु आवश्यक देखिएको छ ।

उपरोक्त आवश्यकतालाई विचार गरी दीर्घकालीन योजनाले राखेको कृषि विकासको लक्ष्य अनुरूप आर्थिक उपलब्धि हासिल गर्ने उद्देश्यले यो बीउ बिजन नीति प्रस्तुत गरिएको छ ।

## २. उद्देश्यहरू

२.१ विभिन्न बालीको आवश्यक गुणस्तरीय तथा परिमाणात्मक बीउ बिजन सु-व्यवस्थित रूपले उपलब्ध गराउने ।

२.२ गुणस्तरीय बीउ उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने ।

२.३ विद्यमान अन्तर्राष्ट्रिय विश्व व्यापारलाई दृष्टिगत गरी बीउ व्यवसायलाई प्रभावकारी बनाउने ।

२.४ नेपालको आफ्नै विशेषतापूर्ण बीउहरूको आनुवंशिक (Genetic) चरित्रलाई अक्षुण र सुरक्षित राख्ने तथा सो उपरको अधिकार सुरक्षण गर्ने काममा अन्य सम्बन्धित निकायसित समन्वय गर्ने ।

## ३. नीति

### ३.१ जातीय विकास तथा सम्वर्द्धन

३.१.१ जातीय विकास तथा सम्वर्द्धनको कार्य सरकारीस्तरबाट गर्दै आएकोमा भविष्यमा यो कार्य गैरसरकारी तथा निजी क्षेत्रबाट समेत गराइने ।

३.१.२ जातीय विकासमा संलग्न हुन चाहने निकायले आफ्नो पूर्वाधारको अवस्था र औचित्यको पूर्व जानकारी गराएपछि मात्र जातीय विकासमा संलग्न हुन पाउने व्यवस्था मिलाइने ।

३.१.३ कृषि अनुसन्धानबाट विकसित नयाँ जातहरू कृषकस्तरमा वितरण हुनु अघि जात अनुमोदन, उन्मोचन तथा पञ्जीकरणको कार्य राष्ट्रिय बीउ बिजन समिति (यसपछि यस नीतिमा “समिति” भनिएको) बाट गरिनेछ ।

३.१.४ प्राविधिक दृष्टिकोणले कुनै जात अनुपयुक्त ठहर भएमा यसको नाम पञ्जीकरणबाट हटाउने र सोको जानकारी कृषकलाई दिने व्यवस्था उपरोक्त समितिले मिलाउनेछ ।

३.१.५ जातीय विकासको सिलसिलामा स्थानीय जातको ठूलो महत्त्व हुन्छ । यसकारण कृषि जैविक विविधता संरक्षण (Agro-Bio-diversity Conservation) र जातको स्वामित्वको अधिकार (Variety Rights) स्थापना गर्ने ।

३.१.६ बीउको विकास र उत्पादन बढाउन सरकारी तथा निजी क्षेत्रलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय बीउ व्यवसायीहरूसँग संयुक्त भई कार्य गर्न प्रोत्साहित गरिनेछ ।

### ३.२ बीउ वृद्धि

३.२.१ बीउ उत्पादन प्रणाली अर्थात न्यूक्लियस/प्रिवेसिक, प्रजनन, मुल र प्रमाणित तथा उन्नत बीउ उत्पादन प्रणालीलाई कृषकहरूको माग अनुसारको परिमाणमा उपलब्ध हुन सक्ने गरी उत्पादनमा निरन्तरता दिइनेछ ।

३.२.२ उच्च मूल्यका बीउहरू उत्पादन गरी निर्यात प्रवर्द्धन गरिनेछ ।

३.२.३ न्यूक्लियस तथा प्रजनन् बीउको गुणात्मक सम्वर्द्धन (Maintenance) तथा परिमाणात्मक उत्पादनको जिम्मेवारी प्रजनन (Breeder) मा निहित रहनेछ । बीउको गुणात्मक सम्वर्द्धन तथा परिमाणात्मक उत्पादनको योजना तथा सोको व्यवस्था उपयुक्त समितिले मिलाउनेछ ।

३.२.४ मूल बीउ उत्पादनको कार्य सरकारी स्तरलगायत गैरसरकारी तथा निजी क्षेत्रमा उत्पादन गर्ने व्यवस्था मिलाइनेछ । मुल बीउ उत्पादन गर्न आवश्यक पर्ने प्रजनन बीउ (Breeder Seed) उपलब्ध गराउनका लागि प्रजनन बीउ उत्पादकहरू र मुल बीउ उत्पादकहरूको लागि आवश्यक पर्ने गरी परिमाणात्मक वासलात समितिले तयार गरी सोको आधारमा आवश्यक बीउ बिजन उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

३.२.५ प्रजनन बीउको माग सम्बन्धित निकायले राष्ट्रिय बीउ बिजन समितिलाई अग्रिम जानकारी दिनेछ । यस सम्बन्धको कार्य योजना समितिले बनाउनेछ ।

३.२.६ उपरोक्त अनुसार नै प्रमाणित तथा उन्नत बीउ उत्पादनको कार्य गर्न चाहिने मुल बीउको आवश्यक परिमाणबारे राष्ट्रिय बीउ बिजन समितिलाई अग्रिम जानकारी सम्बन्धित निकायले दिने र राष्ट्रिय बीउ बिजन समितिले यस सम्बन्धमा व्यवस्था मिलाउनेछ ।

३.२.७ स्थानीयस्तरमा बीज वृद्धि कार्यक्रमको लागि सरकारी तथा गैर-सरकारी क्षेत्रबाट उन्नत बीउ उत्पादन गर्न सम्भाव्यता सहितको प्रस्ताव आएमा स्रोत बीउको व्यवस्था राष्ट्रिय बीउ बिजन समितिले मिलाउनेछ ।

३.२.८ बीउ उत्पादन गर्दा बीउ बालीको प्रकार र जात अनुसार क्षेत्र निर्धारण र रजिष्टर्ड बीउ उत्पादन (Registered Seed Grower) को स्थापना गरी बीउ उत्पादन करारको आधारमा उत्पादन गर्ने व्यवसायीलाई प्राथमिकता दिइनेछ ।

### ३.३ गुणस्तर नियन्त्रण

३.३.१ हालसम्म बीउ प्रमाणीकरण (Seed Certification) र यथार्थ सङ्केत पत्र (Truthful Label) लगाएर बीउ गुणस्तर नियन्त्रण गर्ने प्रावधान रहेकोमा अब आइन्दा गुणस्तर घोषित बीउ पद्धति (Quality Declared Seed System) समेत अपनाई बीउको गुणस्तर नियन्त्रण गरिनेछ ।

३.३.२ बीउको गुणस्तर कायम गर्न बीउ बिजन परीक्षण, बीउ विश्लेषण, बीउको नमुना सङ्कलन, बीउ बाली निरीक्षण जस्ता विभिन्न कार्यहरू नेपाल सरकारबाट तोकिए बमोजिम, सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट गराइनेछ। सो कार्यको अनुगमन बीउ बिजन गुणस्तर नियन्त्रण कार्यालयले गर्ने गरी व्यवस्था मिलाइनेछ ।

### ३.४ बीउ बिजन व्यवसायमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि

३.४.१ विभिन्न सरकारी र अर्ध सरकारी निकायमा रहेका प्रशोधन एकाई र बीउ भण्डार सुविधाहरू माग भएअनुसार निजी क्षेत्रलाई उपलब्ध गराइनेछ। यसरी सुविधा उपयोग गरेवापत सेवा शुल्क लिइनेछ।

३.४.२ नेपाल सरकारमा दर्ता भएका बीउ उत्पादक, बीउ व्यवसायीहरूलाई गुणस्तरीय बीउ बन्धकी (Seed Pledging) गर्दा ब्याजको रूपमा ठूलो धनराशी खर्च हुन्छ । फलस्वरूप मूल्य उच्च हुन जाने हुँदा यस्तो बीउ कृषकले उपयोग गर्न सक्दैनन् । हाल यस्तो स्थिति विद्यमान छ । यस स्थितिको अन्त्य गरी उन्नत बीउ अधिकतम प्रयोग गरी राष्ट्रिय खाद्य सुरक्षा सुनिश्चित गर्नका लागि बीउ बन्धकी प्रणाली सुदृढीकरण गर्नु पर्ने हुन्छ । अतः बीउ बन्धकी राखी भण्डारण गरिएको गुणस्तरीय बीउ भण्डारण गर्दा लाग्ने ब्याजको केही अंश नेपाल सरकारले व्यहोर्नेछ ।

३.४.३ बीउ बिजन व्यवसायमा स्थानीय कर तथा भन्सार महसुलमा सहुलियत दिइनेछ ।

३.४.४ निजी क्षेत्रका व्यवसायीहरूलाई तालिम तथा अन्य सीप विकासका अवसरहरू उपलब्ध गराइनेछ ।

३.४.५ अन्य प्राथमिकता क्षेत्रमा परेका वा कृषि उद्योगहरू झै दर्ता भएका बीउ बिजन कम्पनीहरूलाई पनि औद्योगिक विकास ऐन, २०३८ ले दिएको सहुलियत राष्ट्रिय बीउ बिजन समितिको सिफारिसको आधारमा उपलब्ध गराइनेछ ।

३.४.६ गुणस्तरीय बीउ बिजनको प्रचारप्रसारका लागि निजी क्षेत्रलाई सहयोग पु¥याउन विभिन्न सञ्चार माध्यमहरूबाट विज्ञापन गराउन चाहेमा राष्ट्रिय बीउ बिजन समितिको सिफारिसमा प्रचारप्रसार वापत विज्ञापनका लागि नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ ।

**३.५ आपूर्ति व्यवस्था**

३.५.१ बीउको माग, आपूर्ति र निजी तथा सरकारी क्षेत्रको उत्पादनको अद्यावधिक रेकर्ड राख्ने र सोको जानकारी समितिबाट कृषकस्तरसम्म पु¥याउने प्रभावकारी कार्य गरिनेछ ।

३.५.२ आपूर्ति स्थितिलाई निरन्तरता दिनका लागि राष्ट्रियस्तरमा जगेडा बीउको (Buffer Stock) व्यवस्था गरिनेछ ।

३.५.३ बीउ व्यवसायलाई प्रवर्द्धन गर्नको लागि शीत भण्डार निर्माण तथा सञ्चालन गर्न सहुलियत दिइनेछ ।

३.५.४ रोग रहित बीउ बेर्नाको उत्पादन वृद्धि गर्न सरकारी, गैरसरकारी र निजी क्षेत्रमा टिस्युकल्चर जस्ता आधुनिक Bio-Technology प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

३.५.५ खाद्य सुरक्षासँग आवद्ध बालीको बीउ बिजनको अतिरिक्त घाँस, पुष्पबाली तथा अन्य बीउ उत्पादन र वितरणमा पनि जोड दिने व्यवस्था मिलाइनेछ ।

३.५.६ यातायातको सुविधा अझै नपुगेको क्षेत्रको (पहाडी भेगमा) बीउ बिजन आपूर्ति सुदृढ गर्न निम्न बमोजिमको व्यवस्था गरिनेछ ।

३.५.६.१ भौगोलिक विकटतालाई ध्यानमा राख्दै निजी क्षेत्रका उत्पादक र विक्रेताको संलग्नतामा बीउ बिजन आपूर्ति गर्ने कार्यक्रमलाई बढाइनेछ ।

३.५.६.२ दुर्गम पहाडी क्षेत्रमा बीउ बिजन कार्यक्रम सुचारु गर्नको लागि कृषक समूह बनाई कार्य सञ्चालन कोषको व्यवस्था गरिनेछ ।

३.५.६.३ सो कार्यक्रम सञ्चालनको लागि स्रोत केन्द्र देखि बीउ उत्पादन स्थलसम्म बीज वृद्धिको लागि लगिने स्रोत बीउ ढुवानीमा सहुलियत तथा प्राविधिक सेवा दिने व्यवस्था गरिनेछ ।

**३.६ संस्थागत सुदृढीकरण**

३.६.१ राष्ट्रिय बीउ बिजन समितिको सचिवालयको सुदृढीकरणको लागि आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्था गरिनेछ ।

३.६.२ गुण नियन्त्रण कार्य गर्न बीउ बिजन गुणस्तर नियन्त्रण कार्यालयको स्थापना र आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।

३.६.३ बीउ बिजन परीक्षण गर्ने सरकारी प्रयोगशालाका साथै गैरसरकारी वा निजी क्षेत्रमा बीउको गुणस्तर परीक्षण गर्न बीज परीक्षण प्रयोगशाला स्थापना गर्न दिइनेछ ।

३.६.४ बीउ बन्धकी (Seed Pledging) व्यवस्था सक्षम राख्न संस्थागत व्यवस्था मिलाइनेछ ।

३.६.५ बीउ व्यवसायमा संलग्न अर्ध सरकारी निकायलाई विस्तारै व्यावसायीकरण गर्दै लैजाने कार्य गरिनेछ ।

३.६.६ बीउ अनुसन्धान तथा बीउ उत्पादनमा संलग्न सरकारी निकायहरूको सस्थागत सुदृढीकरण गर्दै लैजाने कार्य गरिनेछ ।

**३.७ जैविक/आधुनिक प्रविधि**

३.७.१ विश्वमा बीउ बिजनसँग सम्बन्धित अत्याधुनिक प्रविधिहरू विकास भएर प्रयोग भइरहेका छन् । यसैले नेपालमा पनि जैविक प्रविधि (Biotechnology) अथवा आनुवंशिक परिवर्तन (Genetic Engineering) आदि प्रणालीहरूबाट उत्पादन हुने GMO, Transgenic Plants तथा तन्तु विज्ञान (Tissues Culture) आदि विषयहरूमा पनि अध्ययन तथा अनुसन्धान गरिनेछ ।

३.७.२ बाह्य देशहरूबाट उपरोक्त अनुसारका बीउ बिजन तथा बिरुवाहरू नेपालमा भित्र्याउँदा यस सम्बन्धी सक्षम सरकारी निकायको निगरानीमा अध्ययन अनुसन्धान गरी यिनीहरूबाट जीव र वातावरणमा प्रतिकुल असर नपर्ने प्रमाणित भएपछि मात्र आम जनताको उपभोगको लागि परिचालन गरिनेछ ।

३.७.३ सर्वसाधारण जनताको भलाईलाई ध्यानमा राखी नेपालको वस्तुस्थितिमा उपयुक्त हुने जैविक सुरक्षा नियमावलीहरू (Bio-Safety) तयार गरी लागु गरिनेछ ।

३.७.४ अत्याधुनिक प्रविधिहरूको विकास गर्न नेपालमा चरणवद्ध रूपमा जनशक्ति तथा भौतिक पूर्वाधार तयार गर्दै लगिनेछ ।

# राष्ट्रिय चिया नीति, २०५७

चियाको उत्पादन, प्रशोधन एवम् व्यापारिक कारोवारमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गरी देशमा उपलब्ध सम्भावनाको दिगो र व्यवस्थित उपयोगद्वारा आय आर्जन तथा रोजगारीको अवसरमा वृद्धि एवम् वैदेशिक मुद्रा आर्जन गर्ने भरपर्दो स्रोतको रूपमा चियाको विकास गर्न राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन (२०४९) मा अर्न्तनिहित भावना अनुरूप श्री ५ को सरकारले राष्ट्रिय चिया नीति, २०५७ स्वीकृत गरी लागु गरेको छ ।

## १. परिभाषा

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा**

१.१ "साना किसान" भन्नाले पहाडमा हदबन्दी ५६ को सुविधा लिई बढीमा ३५० रोपनी र तराईमा २५ विगाहासम्म निजी जमिनमा चिया खेती गर्ने कृषकलाई जनाउँदछ ।

१.२ "चिया कृषक" भन्नाले हदबन्दी छुटको सुविधा लिई उद्योग दर्ता गराई चिया खेती गर्नेलाई जनाउँदछ ।

१.३ "सहकारी चिया खेती" भन्नाले सहकारी ऐन अर्न्तगत गठन भई समूहगत रूपमा चिया खेती गरेकोलाई जनाउँदछ ।

१.४ "चिया उद्योग" भन्नाले उद्योग दर्ता गरी हदबन्दी छुटको सुविधामा चिया खेती गरेको र आफ्नै प्रशोधन कारखाना भएकोलाई जनाउँछ ।

१.५ "चिया प्रशोधन कारखाना" भन्नाले चियाको हरियो पातलाई प्रशोधन गर्ने उद्योग वा कारखानालाई जनाउँदछ ।

१.६ "चिया निर्यातकर्ता" भन्नाले नेपालमा उत्पादित चिया भारत लगायत अन्य मुलुकहरूमा निकासी गर्नेलाई जनाउँछ ।

१.७ "आयातकर्ता" भन्नाले भारत लगायत अन्य मुलुकबाट चिया पैठारी गरी बिक्री वितरण गर्नेलाई जनाउँछ ।

१.८ "प्याकिङ" भन्नाले विभिन्न ग्रेडको चिया तयारी गरी उपभोक्ताहरूको चाहना अनुसार ब्लेन्डीङ गरी ग्राहक वर्गका आवश्यकता अनुसार प्याकिङ गरेर आफ्नो ट्रेडमार्क छाप लगाई बिक्री गर्ने व्यवसायलाई जनाउँदछ ।

१.९ "चिया प्याकिङ उद्योग" भन्नाले चिया प्याकिङ गरी बिक्री वितरण गर्ने उद्योगलाई जनाउँदछ ।

१.१० "चिया व्यवसाय" भन्नाले चियाको खेती प्रशोधन, आयात निर्यात, चिया प्याकिङ र बजार व्यवस्था गर्ने कार्यलाई जनाउँदछ ।

१.११ "ग्रेस पिरियड" भन्नाले चिया खेतीका लागि ऋण प्रवाह गरिएको मिति देखि साँवा रकमको पहिलो किस्ता भुक्तानी गर्ने अवधिलाई जनाउँदछ ।

१.१२ "बोर्ड" भन्नाले राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई जनाउँदछ ।

१.१३ "सेस" भन्नाले चिया प्रशोधन गर्दा, निर्यात गर्दा र आयात गर्दा लाग्ने सेवा शुल्कलाई जनाउँदछ ।

१.१४ "बैंक" भन्नाले चिया व्यवसायमा लगानी गर्ने कृषि विकास बैंक लगायतका बैंकहरू र वित्तीय संस्थालाई जनाउँदछ ।

## २. उद्देश्यहरू

२.१ चिया खेतीमा निजी क्षेत्रको सहभागितामा वृद्धि गरी चियाको उत्पादनमा गुणात्मक एवम् परिमाणात्मक वृद्धि हासिल गर्ने ।

२.२ चिया व्यवसायी र कृषकहरूलाई प्रोत्साहित गर्ने ।

२.३ आय आर्जन र रोजगारीका अवसरहरू बढाई गरिबी निवारणमा सहयोग पुऱ्याउने ।
२.४ चियाको बजार प्रवर्द्धन गर्ने ।
२.५ चिया व्यवसायलाई दिगो र आकर्षक बनाउने ।
२.६ चिया खेती विस्तार गरी वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।
२.७ चिया विकासको लागि संस्थागत विकासको प्रवर्द्धन गर्दै जाने ।
२.८ आन्तरिक मागको आपूर्ति गरी चिया निर्यातद्वारा विदेशी मुद्रा आर्जनका अवसरहरू बढाउदै जाने ।
२.९ चिया व्यवसायको लागि आवश्यक अध्ययन, अनुसन्धान, प्रविधिको विकास र जनशक्ति विकासमा जोड दिने ।

## ३. लक्ष्यहरू

३.१ चिया खेतीले ढाकेको क्षेत्रफल आगामी ५ वर्षमा ४०,९७५ हेक्टर पुऱ्याउने ।
३.२ कुल चियाको उत्पादन आगामी १० वर्षमा ४,६१,११,००० के.जी. पुऱ्याउने ।
३.३ सुरुको ५ वर्षको अवधिमा थप ७९,३१० जना नेपालीलाई रोजगारीका अवसरहरू उपलब्ध गराउने ।
३.४ अर्थोडक्स चियाको उत्पादन कुल उत्पादनको ६५ प्रतिशतसम्म पुऱ्याउने ।

## ४. नीति तथा कार्यनीतिहरू

### ४.१ उत्पादन तथा प्रशोधन

४.१.१ चिया खेती तथा प्रशोधन कार्यको लागि बैंकले प्राथमिकताप्राप्त कर्जा क्षेत्र सरहको न्यूनतम ब्याजदरमा ऋण प्रवाह गर्नेछन् ।
४.१.२ चिया खेतीको लागि उद्योग दर्ता भएपछि कुल परियोजना लागतको ८० प्रतिशतसम्म बैकले ऋण प्रवाह गर्नेछन् ।
४.१.३ चिया खेतीको लागि प्रवाह गरिएको ऋण पहाडमा अर्थोडक्स तथा हरियो चियालाई ७ वर्ष र तराईमा सी.टी.सी. चियालाई ५ वर्षसम्म ग्रेस पिरीयड दिइनेछ ।
४.१.४ ऋणको ब्याजलाई ग्रेस पिरियडमा पुँजीकरण गरिनेछैन ।
४.१.४ ग्रेस पिरियडको अवधिभर आयकर लाग्नेछैन ।
४.१.६ चिया खेतीमा लगानी भएको सम्पूर्ण ऋण ग्रेस पिरियड समाप्त भएको मितिले १० वर्षमा साँवा तथा ब्याज समेत तिरी सक्नु पर्नेछ ।
४.१.७ चिया खेतीको लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा ७५% छुट हुनेछ ।
४.१.८ चिया खेती गरिएको जग्गामा मालपोत छुटका लागि बोर्डले सिफारिस गर्नेछ ।
४.१.९ वन तथा भू-संरक्षण मन्त्रालय, भूमि सूधार तथा व्यवस्था मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय र राष्ट्रिय चिया तथा कफी विकास बोर्डको संयुक्त टोली बनाई सो टोलीले व्यावसायिक रूपले चिया खेती हुने जिल्लाहरूमा चिया खेती योग्य सरकारी जग्गा यकिन गरी बोर्डमार्फत श्री ५ को सरकारमा सुझाव पेस गर्नेछ । सो सुझाबको आधारमा त्यस्ता जग्गाहरू चिया खेतीको लागि ५० वर्षसम्मको लागि लिजमा उपलब्ध हुन सक्नेछ ।
४.१.१० लिजबापत प्राप्त रकम देहाय बमोजिम को कोषमा जम्मा हुनेछ ।
(क) ५० प्रतिशत श्री ५ को सरकारको राजस्वमा ।
(ख) ५० प्रतिशत चिया विकास कोषमा ।
४.१.११ चिया खेतीमा सिँचाइ गर्नको लागि अन्य बालीलाई दिए सरहको पुँजीगत अनुदान दिने र सिँचाइको आयात गरिने पाइप, उपकरणहरू आयात गर्दा कृषि उपकरणहरू सरहको मात्र भन्सार महसुल लाग्नेछ ।
४.१.१२ चिया प्रशोधन उद्योगलाई आवश्यक पर्ने मेसिनरीहरू आयात गर्दा कृषि उपकरणहरू सरह मात्र भन्सार महसुल लाग्नेछ ।

*१. कृषि विकास बैंकले हाल पहाडमा ७ वर्ष र तराईमा ५ वर्ष ग्रेस पिरीयड दिई राखेको छ।*
*२. आ.व. २०५६/५७ देखि ग्रेस पिरीयडमा ब्याजलाई पूँजीकरण गर्ने व्यवस्था कृषि विकास बैंकले हटाएको छ।*

४.१.१३ व्यावसायिक रूपमा चिया खेती भएका क्षेत्रहरूमा सडक, सिँचाइ, विजुली, सञ्चार शिक्षा तथा स्वास्थ्य जस्ता पूर्वाधार विकास गर्न श्री ५ को सरकारले प्राथमिकता दिनेछ ।

४.१.१४ चिया उद्योग सञ्चालन गर्दा चाहिने इन्धनको आपूर्ति स्थानीय आपूर्तिमा असर नपर्ने गरी आवधिक परिमाण तोकि उद्योमीहरूलाई सोझै सम्बन्धित वन आपूर्ति समितिबाट उपलब्ध हुने व्यवस्था गर्ने तथा चिया खेतीभित्र लगाइएका रूख आफैले प्रयोग गर्न सकिनेछ ।

४.१.१५ चिया व्यवसायको लागि चाहिने रासायनिक मल, कीटनाशक, झारनाशक र रोगनाशक औषधी तथा कृषि सामग्री आदि अन्य मुलुकबाट आयात गर्न दिइनेछ ।

४.१.१६ चिया व्यवसायीहरूबाट प्राप्त हुने सेस, श्री ५ को सरकारबाट विकासको लागि प्राप्त हुने अनुदान, लिजबाट प्राप्त हुने रकम, अन्तर्राष्ट्रिय गैरसरकारी दातृ संस्थाहरूबाट प्राप्त हुने सहयोग तथा वैदेशिक सहयोग अनुदान आदि रकमबाट चिया विकास कोष (Tea Development Fund) स्थापना गरिनेछ र सो कोष निजी क्षेत्रको सहभागितामा चियाको विकास तथा विस्तारमा उपयोग गरिनेछ ।

४.१.१७ चक्लाबन्दीलाई प्रोत्साहित गर्न देहायका कार्यहरूलाई प्राथमिकता दिइनेछ ।

४.१.१७.१ चिया खेतीको लागि जग्गा खरिद गर्न सरल ब्याजदरमा ऋणको व्यवस्था गरिनेछ ।

४.१.१७.२ चिया खेतीद्वारा चाक्लाबन्दी विस्तार गर्ने कार्यलाई कानुनी रूपमा प्रोत्साहन गरिनेछ ।

४.१.१८ सम्भाव्यता अध्ययनको आधारमा कम्तीमा ३००० रोपनी क्षेत्रफलमा चिया खेती हुने ठाउँलाई चिया क्षेत्र घोषणा गरी ती ठाउँमा विद्युत, सञ्चार सेवा र कृषि सडक जस्ता पूर्वाधार विकास गर्न प्राथमिकता दिइनेछ ।

४.१.१९ चिया बजारको सम्भाव्यता अध्ययन गरी त्यसबाट प्राप्त हुने सूचनाहरू चिया व्यवसायीहरूलाई उपलब्ध गराइनेछ ।

**४.२ बजार तथा व्यापार प्रवर्द्धन**

४.२.१ चियालाई अन्तर्राष्ट्रिय बजार प्रणालीमा प्रवेश गराउन निजी क्षेत्रको सहभागितामा लिलाम (Auction) प्रणालीको विकास गरिनेछ । यसका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ ।

४.२.२ कृषि तथा सहकारी मन्त्रालयको योजना महाशाखा (कृषि व्यवसाय प्रवर्द्धन इकाई), कृषि उद्यम केन्द्र (नेपाल उद्योग वाणिज्य महासङ्घ), व्यापार प्रवर्द्धन केन्द्र, शाही नेपाली राजदुतावास तथा वैदेशिक नियोगहरूसँग समन्वय गरी चिया निर्यात अभिवृद्धि कार्य परिचालन गरिनेछ । पर्यटन मन्त्रालय अन्तर्गतबाट प्रकाशित गरिने अन्तर्राष्ट्रियस्तरको पोष्टर, पम्पलेट तथा बुक लेटहरूमा चियाको उत्पादन, परिमाण, गुणस्तर र उत्पादन क्षेत्र आदिको चिनारी समावेश गरिनेछ ।

४.२.३ चिया निर्यातका लागि आयात गरिने प्याकिङ मेटेरियलमा कृषि सामग्री सरह न्यूनतम भन्सार महसुल लाग्नेछ ।

४.२.४ चिया निर्यात गर्दा एक पटकमा एक कन्टेनर बराबरको परिमाण मात्र निर्यात गर्नु परेमा बिना प्रतीतपत्र (एल.सी) पठाउन सकिने व्यवस्था गरिनेछ ।

४.२.५ भारतमा चिया निर्यात गर्दा पनि अन्य मुलुकमा निर्यात गरे सरह सुविधा दिइनेछ ।

४.२.६ स्वदेशी चियाको ब्राण्डहरू विकसित तथा स्थापित गर्दै लान प्याकिङ्ग उद्योगलाई समयोचित सुधार गर्न प्रोत्साहित गरिँदै लगिनेछ ।

४.२.७ खुला चिया भन्दा मूल्य अभिवृद्धि भएको प्याकेट चियालाई बिक्री वितरण तथा निर्यात गर्न प्रोत्साहित गरिनेछ।

४.२.८ साना र सहकारी चिया व्यवसायीहरूलाई व्यापार मेला, व्यापार प्रदर्शनी, कार्यशाला गोष्ठी आदिमा चिया विकास कोषबाट खर्च बेहोर्ने गरी भाग लिन प्रोत्साहित गरिनेछ ।

**४.३ संस्थागत व्यवस्था**

**यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि बोर्डले देहायका कार्यहरू गर्नेछ :**

४.३.१ चिया खेती सम्बन्धी आवश्यक अध्ययन अनुसन्धान गरी प्राविधिक परामर्श एवम् सहयोग प्रदान गर्न र चियाको उन्नत बिरुवा विदेशबाट ल्याई सङ्ख्यात्मक वृद्धि गरी बिक्री वितरणको व्यवस्था गर्ने ।

४.३.२ साना किसानलाई चियाको कटिङ्ग ढुवानी गर्न ढुवानी अनुदान दिने ।

४.३.३ साना किसान तथा सहकारी चिया खेतीलाई प्राविधिक सेवा सुविधा निःशुल्क रूपमा उपलब्ध गराउने ।

४.३.४ चिया व्यवसाय सञ्चालन गर्न रजिष्ट्रेशन दस्तुर, जग्गाको हदबन्दी, मालपोत आदिमा छुटको सुविधा प्रदान गर्न, मेसिनरी, सिँचाइ सामग्री, प्याकिङ्ग मेटेरियल, उपकरण संरचना (Steel structure) आयात गर्दा सो मा लाग्ने भन्सार सुविधा, उपलब्ध गराउन एवम् प्रतीतथ्य सुविधा र राष्ट्रिय प्रतिक चिन्ह राखिने कार्यका लागि स्थलगत निरीक्षण गरी सम्बन्धित निकायमा सिफारिस गर्ने ।

४.३.५ चिया व्यवसायको लागि आवश्यक पर्ने ऋण, कीटनाशक औषधी,रासायनिक मल, कृषि सामग्री र इन्धन आदिको सिफारिस गर्ने ।

४.३.६ देशमा भएका चिया व्यवसायीहरूको व्यवसाय दता सम्बन्धी जानकारी राख्ने ।

४.३.७ चिया व्यवसायको नियमित निरीक्षण तथा अनुगमन गरी सो अनुरूप कार्य नभएमा उपरोक्त अनुसार दिईएको सुविधाबाट वञ्चित गर्ने ।

४.३.८ चिया व्यवसायलाई प्रोत्साहन गर्ने उत्कृष्ट उत्पादक, प्रशोधनकर्ता, चिया प्याकिङ्ग उद्योग तथा निर्यातकर्तालाई वार्षिक रूपमा पुरस्कार तथा कदर पत्र प्रदान गर्ने व्यवस्था गर्ने ।

४.३.९ चिया व्यवसायको समुचित विकासको लागि सूचनामूलक सामग्री उपलब्ध गराउन चियाको क्षेत्रफल, उत्पादन विवरण, लिलाम परिमाण, उत्पादक, प्रशोधक, निकासीकर्ता, आयातकर्ता र अनुसन्धानकर्ता आदिको अद्यावधिक अभिलेख राख्ने र आवधिक रूपमा श्री ५ को सरकार र सम्बन्ध पक्षलाई उपलब्ध गराउने ।

४.३.१० श्री ५ को सरकारको स्वीकृति लिई चिया सम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ, संस्थासँग सम्बन्ध स्थापित गर्ने, सन्धि, सम्झौता गर्ने तथा अन्य सहकार्यहरू गर्ने ।

४.३.११ चिया व्यवसायको निरन्तर विकासको लागि निजी क्षेत्रको समेत सहभागिताबाट बोर्डलाई एक स्वायत्त संस्थाको रूपमा विकास गर्ने । बोर्डले चिया उत्पादन, प्रशोधन, जग्गा लिजमा दिने, विभिन्न सिफारिस तथा परामर्श दिने र यी कार्य प्रदान गरे वापत श्री ५ को सरकारको स्वीकृति लिई बोर्डले शुल्क लिने ।

४.३.१२ चिया सम्बन्धी अध्ययन, अनुसन्धान, बजार विकास आदिको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सूचनाहरू सङ्कलन, सम्प्रेषण गरी चिया व्यवसायीहरूलाई उपलब्ध गराउने कार्य गर्ने ।

४.३.१३ चियासँग सम्बद्ध सबै निकायहरूले नियमित रूपमा तथ्याङ्क तथा अन्य सम्बन्धित सूचनाहरू उपलब्ध गराउन पर्ने व्यवस्था मिलाउने र त्यसको व्यावसायिक दुरुपयोग हुन नदिने व्यवस्था गर्ने । यसरी प्राप्त सूचनाहरूलाई नीति निर्माण, अनुसन्धान, विश्लेषण र बजार प्रवर्द्धनमा उपयोग गर्ने ।

४.३.१४ विश्वविद्यालय र Trade Schools सँग आबद्ध भई जनशक्ति विकास र अध्ययन अनुसन्धान गराउने कार्य गर्ने ।

४.३.१५ निर्यात प्रवर्द्धन कोषसँग समन्वय राखी कार्य गर्ने ।

४.३.१६ चिया विकास कोषको सञ्चालनमा कोषमा बढी लगानी गर्नेहरूको बाहुल्यता कायम गर्ने ।

४.३.१७ यस नीतिमा उल्लिखित व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्नको लागि समय समयमा आवश्यक सुझावहरू श्री ५ को सरकारमा पेस गर्ने ।

**४.४ जनशक्ति विकास**

४.४.१ नेपाल कृषि अनुसन्धान परिषद, अन्तर्राष्ट्रिय सहयोग तथा निजी क्षेत्रको सहभागितामा चिया अनुसन्धान तथा तालिम केन्द्रको स्थापना गरिनेछ ।

४.४.२ साना किसान, चिया कृषक र सहकारी चियामा कार्यरत जनशक्तिलाई चिया विकास कोषबाट स्वदेशी तथा वैदेशिक तालिमको प्रबन्ध गरिने र अन्य व्यवसायिहरूको हकमा त्यस्तो खर्च निजहरू स्वयम्ले बेहोर्ने व्यवस्था गरिनेछ । तीन उत्कृष्ट उत्पादक, निर्यातक र प्याकेजिङ्ग उद्योगलाई कदरपत्र दिइरहेको छ ।

४.४.३ जनशक्ति विकासलाई प्रोत्साहित गर्न अन्य व्यवसायीले तालिममा गर्ने लगानीमा आयकर मुक्त गरिनेछ ।

४.४.४ सेवा विस्तार गर्ने प्राविधिकहरूलाई समय समयमा प्रशिक्षणको प्रबन्ध गरिनेछ ।

**४.५ सहायक उद्योगहरूको विकास तथा प्रवर्द्धन**

४.५.१ चियालाई मूल्य अभिवृद्धि गरी स्थानीयस्तरमा बिक्री गर्दा वा निर्यात गर्दा मुलुकलाई बढी फाइदा पुग्ने भएकोले यसलाई प्रोत्साहित गर्ने गरी प्याकेजिङ्ग उद्योगका लागि आयात गरिने मेसिनहरूमा न्यूनतम दरको भन्सार महसुल मात्र लगाइनेछ ।

४.५.२ नेपालमा उत्पादित चियालाई प्याकेजिङ्ग गरी निर्यात गर्न आवश्यक प्याकेजिङ्ग सामग्रीहरू पैठारी गर्दा लाग्ने महसुल “Duty Draw back" को सुविधा अन्तर्गत फिर्ता दिइनेछ ।

४.५.३ चिया निर्यातको उद्देश्य राखी खोलिएका र सो अनुसार कार्य गरेका प्याकेजिङ्ग उद्योगहरूलाई ६ वर्षसम्म आयकर मुक्त गरिने व्यवस्था गरिनेछ ।

**४.६ बोर्डको आर्थिक स्रोत**

४.६.१ बोर्डको रेखदेख र नियन्त्रणमा दफा ४.१.१६ बमोजिम स्थापित चिया विकास कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन । कोषको सञ्चालन स्वीकृत निर्देशीका बमोजिम हुनेछ ।

४.६.१.१ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन २०४९ ले दिएको अधिकार प्रयोग गरी सेस (सेवा शुल्क) बापत चिया उत्पादनकर्ताबाट ५० पैसा प्रति के.जी, निर्यातकर्ताबाट १० पैसा प्रति के.जी. र आयातकर्ताबाट ५० पैसा प्रति के.जी. का दरले प्राप्त रकम ।

४.६.१.२ राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घ, संस्था एवम् अन्य स्रोतबाट चियाको विकास तथा अनुसन्धानको लागि प्राप्त रकम ।

४.६.१.३ लिजबाट प्राप्त भएको रकम ।

४.६.२ बोर्डले श्री ५ को सरकारबाट सालवसाली प्राप्त हुने बजेट बाहेक देहाय बमोजिमको स्रोतबाट रकम प्राप्त गरी बोर्ड सञ्चालनको कार्यमा प्रयोग गर्नेछ ।

४.६.२.१ विभिन्न सिफारिस, परामर्श गरेबापत लगाएको शुल्कबाट प्राप्त हुने रकम ।

४.६.२.२ बोर्ड मातहतका चिया विस्तार आयोजनाबाट आम्दानी हुने रकम ।

४.६.२.३ अन्य स्रोतबाट प्राप्त हुने रकम ।

**४.७ कानुनी संरचनामा सुधार**

४.७.१ राष्ट्रिय चिया तथा कफी बोर्ड ऐन, २०४९ को दफा ८ को उपदफा १ बमोजिमको कार्यकारी समितिमा भूमिसुधार वन तथा भू-संरक्षण कृषि तथा सहकारी, अर्थ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवहरू, नेपाल राष्ट्र बैंकको गर्भनर र चिया व्यवसायबाट सबै क्षेत्र समेट्न गरी संस्थागत प्रतिनिधित्व गराउन र श्री ५ को सरकारको प्रतिनिधि एवम् चिया व्यवसायीहरूको प्रतिनिधि समानुपातिक रूपमा हुनेगरी आवश्यक कानुनी सुधार गरिनेछ ।

४.७.२ राष्ट्रिय चिया विकास नीति कार्यान्वयन गर्नको लागि बोर्डको कार्यकारी समितिले आफू मध्येबाट कार्य सञ्चालन समिति गठन गर्ने व्यवस्था मिलाइनेछ ।

# राष्ट्रिय मल नीति, २०५८

## १. प्रस्तावना

नेपाल सरकारले अवलम्बन गरेको उदार, खुला तथा बजारमुखी अर्थ नीति अनुसार २०५४ कार्त्तिक देखि रासायनिक मलको कारोवार (खरिद तथा वितरण समेत) मा निजी क्षेत्रलाई संलग्न गराई सकेको परिप्रेक्ष्यमा, नेपाल अधिराज्यभित्र गुणस्तरीय मलको आपूर्ति (उत्पादन, पैठारी तथा बिक्री वितरण) व्यवस्था प्रत्याभूत गरी कृषि उत्पादनलाई टेवा दिन यो मल नीति तर्जुमा भएको छ।

## २. अन्तरनिहित आधारभूत सिद्धान्तहरू

कृषि उत्पादनका लागि अति आवश्यक पर्ने उत्पादन सामग्रीहरू मध्ये मल एउटा प्रमुख उत्पादन सामग्री भएकोले कृषि क्षेत्रको नीति भित्रको यो एउटा उपक्षेत्र हो। वस्तुतः यो नीति देहायका आधारभूत सिद्धान्तहरूमा आधारित छ :

१. कृषकहरूको मल प्रति बढ्दै गएको अभिरूचि तथा मागलाई ध्यानमा राखी देशमा मलको उपलब्ध सहज गर्न निजी क्षेत्रको समेत संलग्नता अपरिहार्य छ।
२. सरकारी गैरसरकारी तथा निजी क्षेत्र सबैलाई मलको कारोवारमा समान अवसर तथा सहुलियत उपलब्ध हुनुपर्छ।
३. वर्तमान विश्वव्यापारीकरण, सूचना प्रविधिहरूको विकास तथा प्रसार एवम् बजारमुखी अर्थ व्यवस्थापन सन्दर्भमा सरकार स्वयं व्यापारमा संलग्न हुनु भन्दा सरकारको भूमिका नियमकर्ता तथा सहजकर्ता हुनुपर्छ।
४. मलको समुचित प्रयोगको लागि कृषि प्रसार तथा कृषि अनुसन्धानले सामूहिक जिम्मेवारी वहन गरी एक अर्काको परिपूरक हुनुपर्छ।
५. माटोको उर्वराशक्ति ह्रास हुन नदिन रासायनिक मलको प्रयोगबाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यून गर्न तथा यसको उचित एवम् सन्तुलन प्रयोगमा प्रोत्साहन गर्न एकीकृत बाली पोषण व्यवस्थापन प्रणाली अपनाउनु पर्दछ।
६. मलको समुचित उपयोगको लागि आवश्यक पूर्वाधार व्यवस्था तथा उपयुक्त वातावरण सिर्जना गर्नु पर्दछ।

## ३. परिभाषा

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमाः**

क. "आयातकर्ता" भन्नाले कुनै विदेशी मुलुकबाट नेपाल अधिराज्यभित्र रासायनिक मल आयात गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।
ख. "नीति" भन्नाले राष्ट्रिय मल नीति, २०५८ लाई सम्झनु पर्छ।
ग. "निजी क्षेत्र" भन्नाले सरकारी क्षेत्र बाहेकका मलको कारोवार गर्ने सहकारी क्षेत्रसमेत सम्झनु पर्छ।
घ. "बिक्रेता" भन्नाले कानुन अनुसार जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका मलको थोक वा खुद्रा बिक्री गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।
ङ. "मल" भन्नाले प्राङ्गारिक रासायनिक तथा जीवाणुयुक्त मल सम्झनु पर्छ।
च. "रासायनिक मल" भन्नाले बोट बिरुवालाई पोषक तत्व उपलब्ध गराउन माटो वा बोट बिरुवामा प्रयोग गरिने कुनै पनि ठोस् वा तरल रासायनिक पदार्थ सम्झनु पर्छ।
छ. "प्राङ्गारिक मल" भन्नाले बोट बिरुवालाई पोषक तत्व उपलब्ध गराउन माटोमा सिधै प्रयोग गरिने वनस्पति वा पशु जन्य कुहिएर बनेको कार्बन युक्त पदार्थ सम्झनु पर्छ।
ज. "जीवाणुयुक्त मल" भन्नाले बोटबिरुवालाई पोषक तत्व उपलब्ध गराउन प्रयोग गरिने नाइट्रोजन फोस्फोरस र कार्बन चक्रसँग सम्बन्धित जीवित (Living) वा सुषुप्त (Latent) सूक्ष्म जीवाणु भएको ठोस् वा तरल पदार्थ सम्झनु पर्छ।

## ४. उद्देश्यहरू

माटोको उर्वराशक्ति सुधारबाट कृषि उत्पादकत्व वृद्धि गरी गरिबी निवारण गर्ने राष्ट्रिय लक्ष्यलाई योगदान पुऱ्याउने उद्देश्यबाट यो नीति निर्देशित छ। विशेषतः यो नीतिको उद्देश्य निम्न अनुसार हुनेछ :

१. मलको उपयोगमा वृद्धि ल्याउन नीतिगत सुधार तथा पूर्वाधार व्यवस्थित गर्ने।
२. मलको कुशल एवम् सन्तुलित प्रयोग गर्न एकीकृत बाली पोषण व्यवस्थापन प्रणालीलाई प्रवर्द्धन गर्ने।

## ५.रणनीतिहरू

### ५.१ मलको उपलब्धता

#### ५.१.१ मल आयातलाई भरपर्दो तथा पारदर्शी बनाउने :

वर्तमान समयमा रासायनिक मल देशभित्र उत्पादन भई नसकेको र कृषकहरूको सम्पूर्ण माग आयातबाट मात्रै परिपूर्ति गर्नुपर्ने अवस्था भएकोले विद्यमान रासायनिक मलको आयात व्यवस्थालाई भरपर्दो प्रतिस्पर्धी तथा पारदर्शी बनाउन देहाय अनुसारको व्यवस्था मिलाइनेछ।

क. समयमा रासायनिक मल आयात गर्ने स्थिति सिर्जना गर्न प्रमुख बाली लगाउने समय भन्दा ६ महिना अगाडि रासायनिक मलको उपयोग स्थिति, माग तथा आपूर्ति स्थिति पूर्वानुमान गर्ने र त्यसलाई सार्वजनिक गर्ने।
ख. मलको आयातमा संलग्न सरकारी तथा निजी क्षेत्रका संस्थाहरूलाई समान अवसर तथा सुविधा उपलब्ध गराउने।
ग. आयातकर्ताहरूले आयात गरेका मलको थोक बिक्री मूल्य सार्वजनिक गर्नुपर्ने।
घ. मलको मूल्य गुणस्तर तथा उपलब्धतालाई नियमित तथा प्रभावकारी बनाउन अनुगमन कार्यलाई सुदृढ गर्ने।
ङ. रासायनिक मलको अन्तर्राष्ट्रिय मूल्य अनुगमन गरी नियमित रूपमा गर्ने।
च. अन्तर्राष्ट्रिय बजारबाट मल आयात गर्ने सबै संस्थाहरू मन्त्रालयमा दर्ता हुनु पर्ने।

#### ५.१.२ मूल्य नीति तथा अनुदान

क. मलको मूल्य बजार प्रतिस्पर्धाबाट निर्धारण हुने।
ख. रासायनिक मलको मूल्यमा सरकारले अनुदान नदिने तर यातायात सेवा नपुगेका दुर्गम तथा उच्च पहाडी जिल्लाहरू जस्ता परिलक्षित क्षेत्र र साना तथा सीमान्त कृषक जस्ता परिलक्षित समूहलाई विशेष कृषि उत्पादन कार्यक्रम अन्तर्गत सहुलियत दिन सकिने।

#### ५.१.३ जगेडा मौज्जातको व्यवस्था

क. रासायनिक मलको सम्भाव्य खपतको करिब बीस प्रतिशत रासायनिक मल जगेडा मौज्दात रूपमा सञ्चित गर्ने।
ख. रासायनिक मलको जगेडा मौज्दात सञ्चय, व्यवस्थापन तथा बिक्री विवतरण व्यवस्था पारदर्शी र प्रतिस्पर्धी गर्ने।
ग. नेपाल सरकारलाई मित्र राष्ट्रहरूबाट वस्तुगत सहायता अन्तर्गत प्राप्त हुने रासायनिक मललाई जगेडा मौज्दात व्यवस्था अन्तर्गत परिचालन गर्ने।

#### ५.१.४ स्वदेशी उत्पादन

क. कृषि विकासका लागि आवश्यक हुने रासायनिक मल सदा बाह्य स्रोतको आयातमा मात्र निर्भर रहिरहन युक्तिसँगत नभएकोले रासायनिक मल उद्योग अधिराज्यभित्रै स्थापना गराई प्रोत्साहन गर्ने।
ख. रासायनिक मलको समिश्रण उत्पादन गर्न कच्चा पदार्थहरूको रूपमा रासायनिक मल (युरिया, डि.ए.पी., सुपर फस्फेट आदि) आयात गर्नेहरूलाई आयातकर्ताहरूले पाए सरहको सुविधा सहुलियत दिने।

#### ५.१.५ विदेशमा लगानी

क. छिमेकी मुलुकहरूको रासायनिक मल कारखानाहरूमा लगानी गर्न सहकारी तथा निजी क्षेत्रमा प्रोत्साहित गर्ने।

ख. छिमेकी राष्ट्रहरूका रासायनिक मल निर्यात गर्ने कारखानाहरूमा शेयर लगानी गरी उत्पादनका अनुपातिक हिस्सा प्राप्त गर्न (सरकारी तथा निजी क्षेत्रलाई) प्रोत्साहित गर्ने ।

**५.२ मलको वितरण व्यवस्था पारदर्शी, प्रतिस्पर्धात्मक तथा प्रभावकारी तुल्याउने**

**५.२.१ वितरण व्यवस्था**

क. विकास क्षेत्रअनुसार रासायनिक मल आपूर्ति स्थितिको लगत अद्यावधिक गरी सार्वजनिक गर्ने ।

ख. मल वितरण व्यवस्थामा सघाउ पुऱ्याउन रासायनिक मलको सन्तुलित उपयोग र एकीकृत बाली पोषण प्रणालीलाई प्रोत्साहित गर्न मल उपयोग अध्ययन नियमित रूपमा गरी त्यसमा अद्यावधिक गर्दै जाने ।

ग. जिल्लामा मल वितरक तथा बिक्रेताहरूको सञ्जाल स्थापना गर्न अभिप्रेरित गर्ने ।

घ. मलको खुद्रा बिक्री मूल्य नियमित अनुगमन गर्ने ।

ङ मल भण्डारण कृषि उत्पादन एवम् बिक्री व्यवस्था गुणस्तर व्यवस्थापन तथा मल उपयोग सम्बन्धमा बिक्रेताहरूको क्षमता वृद्धि गर्ने ।

च. आयातकर्ता बिक्रेताहरू एवम् कृषक बीच विभिन्न तहमा नियमित अन्तरक्रिया गर्ने ।

**५.२.२ परिलक्षित क्षेत्र र समूहलाई सहुलियत दरमा रासायनिक मल उपलब्ध गराउन सक्ने।**

क. मोटर यातायात सेवा पुगि नसकेका दूर्गम तथा उच्चपहाडी जिल्लाहरूमा रासायनिक मल ढुवानी खर्च नेपाल सरकारले व्यहोरी सहुलियत दरमा रासायनिक मल उपलब्ध गराउन सकिने ।

ख. नाइट्रोजन, फस्फोरस र पोटास ठोस् पदार्थको रूपमा उपलब्ध गराउने सबै प्रकारको रासायनिक मलमा ढुवानी खर्च सहुलियत दिन सकिने ।

ग. निजी तथा सहकारी क्षेत्रलाई समेत उपरोक्त बमोजिमको ढुवानी अनुदान सहुलियत सेवामा सहभागी हुन सक्ने अवसर प्रदान गर्ने ।

घ. साना तथा सीमान्त कृषकहरूलाई विशेष कृषि उत्पादन कार्यक्रमसँग आवद्ध गरी रासायनिक मलको स्थानीय बजार मूल्यमा सुहलियत उपलब्ध गराउन सकिने ।

**५.३ मलको गुणस्तर**

क. अनाधिकृत स्रोतबाट मल खरिद बिक्री नगर्न बिक्रेता र उपभोक्तालाई जागरूक बनाउने ।

ख. नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन मल ऐन र नियम बनाई लागु गर्ने ।

ग. मलको गुणस्तर परीक्षण प्रणालीलाई प्रभावकारी तुल्याउन प्रयोगशालाहरूको स्थापना तथा सुदृढीकरण गर्ने ।

**५.४ एकीकृत बाली पोषण प्रणालीको व्यवस्थापन**

रासायनिक मलको प्रयोगबाट माटोको उर्वराशक्तिमा पर्न सक्ने नकारात्मक असरलाई कम गर्न र सन्तुलित मल प्रयोग तथा एकीकृत बाली प्रणालीको विकास गर्न कृषकहरूको क्षमता विकासको लागि निम्न अनुसार गर्ने :

क. माटो परीक्षणको आधारमा आवश्यक पोषक तत्वको हिसाबले रासायनिक मल सन्तुलित रूपमा प्रयोग गर्न कृषकहरूलाई प्रोत्साहित गर्ने ।

ख. एकीकृत बाली पोषण व्यवस्थापन प्रणालीमा प्राङ्गारिक तथा जीवाणुयुक्त मल प्रयोग गर्न प्रोसाहन गर्ने ।

ग. एकीकृत बाली पोषण व्यवस्थापन प्रणाली प्रविधिको प्रचार एवम् मूल्याङ्कन सम्बन्धमा कृषक, अनुसन्धानकर्ता, कृषि प्रसार कार्यकर्ता, गैरसरकारी संस्था, सहकारी र निजी क्षेत्रबीच नियमित अन्तरक्रिया गराउने ।

# राष्ट्रिय कफी नीति, २०६०

कफी उत्पादन, प्रशोधन एवम् व्यापारिक कारोवारमा निजी तथा सहकारी क्षेत्रसमेतको सहभागिता वृद्धि गरी देशबाट उपलब्ध सम्भावनाहरूको दिगो र व्यवस्थित उपयोग गरी आय आर्जन रोजगारीको अवसर वृद्धि एवम् वैदेशिक मुद्रा आर्जन गर्ने भरपर्दो स्रोतको रूपमा कफी विकास गर्न गराउन श्री ५ को सरकारले राष्ट्रिय कफी नीति, २०६० स्वीकृत गरी लागु गरेको छ ।

## १. परिभाषा

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा,**

१.१ "कफी कृषक" भन्नाले प्रचलित कानुनले तोकेको जग्गाको हदबन्दी भित्ररहेर कफी खेती गर्ने कृषकलाई जनाउँछ ।

१.२ "व्यावसायिक कफी कृषक" भन्नाले प्रचलित कानुन बमोजिम जग्गा हदबन्दी छुटको सुविधा लिई कफी खेती गर्ने कृषकलाई जनाउँछ ।

१.३ "सहकारी कफी खेती" भन्नाले प्रचलित सहकारी ऐन अन्तर्गत गठन भई समूहगत रूपमा आवद्ध भएर कफी खेती गर्नेलाई जनाउँछ ।

१.४ "कफी उद्योग" भन्नाले कफी खेती गर्ने वा कफी प्रशोधन गर्ने कारखाना सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम दर्ता गरिएको उद्योगलाई सम्झनुपर्दछ ।

१.५ "कफी प्रशोधन कारखाना" भन्नाले कफी प्रशोधनका लागि चाहिने उपकरणहरू र मेसिनरीहरू जस्तैः पल्पर, हलर, रोष्टर आदि जडान भएको संरचनालाई जनाउँछ ।

१.६ "कफी निर्यातकर्ता" भन्नाले नेपालमा उत्पादित कफी अन्य मुलुकमा निर्यात गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

१.७ "कफी आयातकर्ता" भन्नाले विदेशमा उत्पादित कफी पैठारी गरी बिक्री वितरण गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

१.८ "कफी प्याकर" भन्नाले स्वदेशमा उत्पादित दाना कफी (Cherry coffee) रोष्टिङ्ग प्याकेजिङ्ग, लेवलिङ् गरी वा तयारी कफी प्याकिङ्ग गरी बिक्री गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

१.९ "बोर्ड" भन्नाले राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई जनाउँछ ।

१.१०"कफी व्यवसाय" भन्नाले व्यावसायिक रूपमा कफी खेती, प्रशोधन, आयात, निर्यात एवम् बिक्री वितरण गर्ने कार्यलाई जनाउँछ ।

१.११"बैंक" भन्नाले कफी व्यवसायमा लगानी गर्ने कृषि विकास बैंक लगायत प्रचलित कानुन बमोजिम बैंकिङ्ग कारोवार गर्न अनुमति प्राप्त वित्तीय संस्थालाई जनाउँछ ।

## २. उद्देश्य

२.१ कफीको आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्ने ।

२.२. आयर रोजगारीका अवसरहरू सिर्जना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

२.३ कफी खेती विस्तार गरी वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।

२.४ कफी व्यवसायलाई दिगो र आकर्षक बनाउने ।

## ३. नीति तथा कार्य नीतिहरू

### ३.१ उत्पादन तथा प्रशोधन

३.१.१ कफीको उत्पादन र प्रशोधनमा आधुनिक प्रविधिहरूको विकास तथा जैविक कफी खेती प्रवर्द्धन गर्न निजी/सहकारी क्षेत्रको समेत सहभागितामा आवश्यकताअनुसार कफी अनुसन्धान केन्द्र तथा उपकेन्द्रहरूको स्थापना गर्नुका साथै भइरहेको कफी विकास केन्द्रलाई सुधार गरिनेछ ।

३.१.२ कफी खेतीको लागि प्रयोग भएको जग्गाको हदबन्दीमा प्रचलित नियमानुसार छुट दिइनेछ।

३.१.३ व्यावसायिक कफी खेती भएका क्षेत्रहरूमा सडक, सिँचाइ विजुली, सञ्चार जस्ता आधारभूत भौतिक विकासका संरचनाहरूको विकास गर्न प्राथमिकता दिइनेछ। यसरी दिइने प्राथमिकता उक्त क्षेत्रमा बसोवास गर्ने अधिकांश कृषकहरूको मुख्य व्यवसाय कफी खेती भएको हुनु पर्नेछ।

३.१.४ कफी प्रशोधन उद्योगको लागि आवश्यक मेसिनरी औजार आयात गर्दा कृषिजन्य उद्योगहरूले पाए सरहको सुविधा पाउनेछ।

३.१.५ कफी उत्पादन एवम् प्रशोधनको लागि आवश्यक दक्ष जनशक्तिको विकास गरिनेछ।

३.१.६ निर्यात हुने कफीमा आकर्षक राष्ट्रिय प्रतिक चिन्ह (Logo) राखिने व्यवस्था गरिनेछ।

३.१.७ कफी प्रशोधनका लागि उपयुक्त मेसिनरी औजार मुलुकमै उत्पादन गर्न प्रोत्साहन गरिनेछ।

३.१.८ यस नीति अन्तर्गत उपलब्ध गरिएका सुविधा सहुलियत लक्ष्य बमोजिम उपयोग गर्न नसकेमा त्यस्ता सुविधा सहुलियतबाट वञ्चित गर्न सकिनेछ।

३.१.९ व्यावसायिक कफी खेती गर्ने, कफी आयात निर्यात तथा स्थानीय तहमा बिक्री वितरण गर्ने र कफी प्रशोधन गर्ने कारखानाले बोर्डको पूर्व स्वीकृति लिई बोर्डमा सूचीकृत गर्नुपर्नेछ।

३.१.१० व्यावसायिक कफी खेतीको लागि निजी वा सरकारी जग्गा लिजमा दिने व्यवस्था गरिनेछ।

**३.२ बजार तथा व्यापार प्रवर्द्धन**

३.२.१ कफी निर्यात प्रवर्द्धनको लागि विदेशस्थित नियोगहरूसँग समन्वय गरी विदेशमा प्रचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३.२.२ निर्यात हुने दाना कफीमा एक पटकमा अधिकतम ३०,००० (तिस हजार) अमेरिकी डलर मूल्यसम्मको परिमाण निर्यात गर्दा बिना एल.सी पठाउन सकिनेछ।

३.२.३ कफीको आन्तरिक माग पूर्तिका लागि नेपालमा उत्पादित कफीलाई नै प्राथमिकता दिई आयात प्रतिस्थापनतर्फ ध्यान दिइनेछ।

३.२.४ नेपालमा जैविक (Organic) कफी उत्पादनको महत्व बारेका प्रचारप्रसारमा विशेष ध्यान दिई प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३.२.५ स्वदेशमा उत्पादित कफी निर्यात गर्दा र विदेशबाट कफी आयात गर्दा बोर्डको पूर्व स्वीकृति लिनु पर्नेछ।

**३.३ संस्थागत व्यवस्था**

३.३.१ कफी सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सेमिनार, मेला, प्रदर्शनीहरूमा व्यावसायिक रूपमा कफी खेतीमा संलग्न कृषक, उद्योगपति तथा कर्मचारीहरूलाई सहभागी गराउन प्रोत्साहित गरिनेछ।

३.३.२ बोर्डले निजी क्षेत्रलगायत स्वदेशी एवम् विदेशी सङ्घ/संस्थाहरूसँग समन्वय राखी कफी अनुसन्धानको साथै प्रविधि विकासमा जोड दिनेछ।

३.३.३ कफीको गुणस्तर कायम गर्न उपयुक्त प्रयोगशालाको विकास गरिनेछ।

३.३.४ बोर्डले कफीको व्यवसाय प्रवर्द्धनका लागि आवश्यक सुविधाहरू उपलब्ध गराउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

३.३.५ कफी विकासको लागि अध्ययन भ्रमण, तालिम तथा उच्च शिक्षाको व्यवस्था गरिनेछ।

३.३.६ कफीको क्षेत्रफल, उत्पादन, निर्यात, आयात, बिक्री, प्रशोधन आदिको तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गरी केन्द्रीयस्तरमा सूचना प्रणालीको विकास गरिनेछ।

३.३.७ कफी व्यवसायीहरूलाई संस्थागत रूपमा बजारीकरण, कफी विकास योजना, नीति निर्माण एवम् कफीको बजार व्यवस्थापनमा सहभागी गराइनेछ।

३.३.८ बोर्डले कफी व्यवसायीहरूको सुपरिवेक्षण, अनूगमन र मूल्याङ्कन गरी उत्कृष्ट व्यवसायीलाई पुरस्कृत गर्नेछ।

३.३.९ कफी बजार प्रतिस्पर्धी नभएसम्म कफी मूल्य निर्धारण समितिमा कफी कृषक/सहकारी र व्यवसायीको तर्फबाट संस्थागत प्रतिनिधित्व हुनेछ।

३.३.१० स्वदेशी तथा विदेशी व्यक्ति, सहकारी वा संस्थाको संयुक्त लगानीमा व्यावसायिक कफी खेती एवम् प्रशोधन कारखाना स्थापना गर्न सकिनेछ।

## ४. कफी विकास कोष

४.१ राष्ट्रिय कफी विकास कोष स्थापना गरिनेछ।

४.२ उक्त कोषमा देहाय बमोजिम को रकम जम्मा हुनेछ।

४.२.१ राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घ/संस्था एवम् अन्य स्रोतबाट कफीको विकास तथा अनुसन्धानको लागि प्राप्त रकम।

४.२.२ लिजबाट प्राप्त रकम।

४.२.३ श्री ५ को सरकारबाट कफी विकासको लागि प्राप्त रकम।

४.२.४ बोर्डले परामर्श दिए वापत प्राप्त हुने सेवा शुल्क।

४.३ उक्त कोष बोर्डबाट स्वीकृत निर्देशीका बमोजिम सञ्चालन हुनेछ।

# राष्ट्रिय कृषि नीति, २०६१

## १. पृष्ठभूमि

देशको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र कृषकहरूको अनुभव तथा आधुनिक कृषि प्रविधिहरूको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ। कृषि भूमिको अनुपयुक्त प्रयोग एवम् विभिन्न प्रकोपहरूका कारण उर्वरा कृषि भूमिको ह्रास हुँदै जानु, कृषिमा श्रम र सीप हुनेहरूमा कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि आधुनिक प्रविधिहरूको प्रयोग गरी पर्याप्त मात्रामा व्यावसायिक रूपमा उपयोग गर्न नसक्नु र गैर कृषि क्षेत्रको विकासको आधारको रूपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार (सिँचाइ, सडक, बिजुली, सञ्चार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरू) मा पर्याप्त लगानी आकृष्ट हुन नसक्नु कृषि क्षेत्रको विकासको मुल समस्याका रूपमा रहेका छन्।

कृषि क्षेत्रको समग्र विकासका लागि ल्याइएका कृषि विकासको नीतिगत रूपरेखा, २०४८ तथा दीर्घकालीन कृषि योजनाले यस क्षेत्रको विकासलाई केही हदसम्म दिशाबोध गराएको छ। तथापि आर्थिक उदारीकरण, विश्व व्यापार सङ्गठन तथा क्षेत्रीय सङ्गठनहरूमा नेपालको विद्यमान प्रतिबद्धता, नेपालको लागि दिगो विकासको एजेण्डा एवम् सहस्राब्दी विकासका लक्ष्यहरू समेतको पृष्ठभूमिमा दीर्घकालीन कृषि योजनाका मूलभूत पक्षलाई कायम राखी नयाँ राष्ट्रिय कृषि नीति तर्जुमा गरी लागु गर्न आवश्यक देखिएकोले नेपाल सरकारले यो राष्ट्रिय कृषि नीति, २०६१ जारी गरेको छ। यस क्षेत्रमा तर्जुमा भएका र नयाँ तर्जुमा हुने वस्तुगत तथा विषयगत नीतिहरू यसै नीतिबाट निर्देशित हुनेछन्।

## २. दृष्टिकोण

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालीन दृष्टिकोण रहनेछ।

## ३. उद्देश्यहरू

व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवम् दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न :

३.१. कृषि उत्पादन एवम् उत्पादकत्व बढाउने।

३.२. व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने।

३.३. प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोग गर्ने।

## ४. नीतिहरू

प्रस्तुत उद्देश्य प्राप्तिका लागि स्रोत साधनमा पहुँच भएका र साधन र अवसरमा तुलनात्मक रूपमा न्यून पहुँच भएका दुवै समूहका कृषकहरूको आवश्यकतालाई समेट्ने गरी निम्न नीतिहरू अवलम्बन गरिनेछन्।

### ४.१ स्थानीय उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि

४.१.१ स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवम् उत्पादकत्व बढाइनेछ। साथै कृषिको व्यावसायीकरण तथा विविधीकरणमा जोड दिई आय आर्जन तथा रोजगारका थप अवसरहरू सिर्जना गरिनेछन्।

४.१.२. वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ। पहाडमा भिरालो जमिन व्यवस्थापनको उपयुक्त प्रविधि र तराई तथा समथर

उपत्यकामा कृषि भूमि विकासको उपयुक्त प्रविधि प्रयोग गरी जमिनको वैज्ञानिक प्रयोग बढावा दिइनेछ ।

४.१.३ सिँचाइ सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ । सिँचाइ, सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको सघन र व्यापक उपयोग गराइनेछ ।

४.१.४ उत्तर-दक्षिण राजमार्ग तथा सहायक मार्गहरूको आसपासका सम्भाव्य क्षेत्रहरूमा बढी मोल जाने कृषि वस्तुको पकेट विकासमा विशेष प्राथमिकता दिइनेछ । विशेष गरी दुर्गम क्षेत्रहरूमा कम तौल तथा बढी मूल्य जाने कृषि वस्तुहरूको उत्पादनमा प्राथमिकता दिइनेछ ।

४.१.५ स्थानीय आवश्यकता र प्राथमिकता अनुरूपको कृषिका योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको कार्य स्थानीय निकायहरूमा निक्षेपण गरी स्थानीय निकायहरूलाई जिम्मेवार र सक्षम बनाइनेछ । यसका लागि शसर्त अनुदान उपलब्ध गराउने व्यवस्थाबाट टेवा पुऱ्याइनेछ ।

४.१.६ एकभन्दा बढी जिल्ला समेटेर सम्भाव्य कृषि उत्पादन एवम् कृषि व्यवसाय प्रवर्द्धन गरी व्यावसायीकरणका आधार खडा गर्ने तुलनात्मक रूपमा ठूला आयोजनाहरू स्थानीय निकायको सहभागितामा केन्द्रीय आयोजनाका रूपमा सञ्चालन गरी टेवा पुऱ्याइनेछ । यसका कार्यान्वयनका लागि केन्द्रमा रहेका विभाग एवम् निर्देशनालयहरूलाई जिम्मेवार र सक्षम बनाइनेछ ।

४.१.७ खाद्य पोषण लगायतका कृषि प्रविधिको स्थलगत प्रसार सेवामा कृषक समूहको माध्यम अपनाइनेछ । कृषि/वन कलेजहरूबाट पनि आफ्नो प्रभाव क्षेत्रमा समन्वयात्मक रूपमा कृषि प्रविधि प्रसार प्याकेजहरू सञ्चालन गरिनेछ साथै कृषि प्रसारमा सूचना प्रविधि तथा आम सञ्चार माध्यमको पनि उपयोग गरिनेछ ।

४.१.८ विकास क्षेत्र र भौगोलिक उपक्षेत्रहरूको आधारमा स्थानीय बीउ, बेर्ना, बिरुवा, नश्लहरूको उत्पादन गर्नेहरूको लागि गुणस्तरीय स्रोत सामग्रीहरूको केन्द्र र कृषि वस्तु सङ्कलन, प्रशोधन, सञ्चय र ढुवानी आदि कार्य गर्ने उद्यमी तथा व्यवसायीहरूको लागि विशेष प्रविधि सेवाको स्रोत केन्द्रका रूपमा राष्ट्रिय कृषि स्रोत केन्द्रहरूको विकास गरी सुदृढ गरिनेछन् । यस्तो स्रोत केन्द्रहरूलाई माटो विश्लेषण, बीउ प्रमाणीकरण, बाली संरक्षण तथा पशुरोग निदान लगायतका क्षेत्रमा सर्भे सर्भिलेन्स सेवा सञ्चालन, प्रयोगशाला सेवा सञ्चालन एवम् उद्यमी, व्यवसायी, सहकारीकर्मी एवम् कृषि कार्यकर्ताहरूको क्षमता विकास तालिम समेत दिन सक्ने एकीकृत केन्द्रको रूपमा विकास गर्दै लगिनेछ ।

४.१.९ भौगोलिक सम्भाव्यता र तुलनात्मक तथा स्थान विशेषको विशिष्ट लाभ समेतका दृष्टिबाट आवश्यक पर्ने कृषि अनुसन्धान कार्यहरू (खाद्य तथा पोषण प्रविधि लगायतका कृषि उत्पादन, सङ्कलन, ग्रेडिङ्ग, भण्डारण, प्रशोधन, प्याकिङ्ग आदि) का लागि निजी क्षेत्र र गैरसरकारी क्षेत्रसमेतको सहभागितात्मक तथा प्रतिस्पर्धात्मक कृषि अनुसन्धान तथा विकास प्रणालीको प्रवर्द्धन गरिनेछ । यस्तो प्रणाली सुहाउँदो लगानी व्यवस्था गर्न कृषि अनुसन्धान तथा विकास कोषको अवधारण अनुरूप अनुसन्धानको संस्थागत उच्च निकायको संरचनालाई सुधार गरी व्यवस्थित गरिनेछ । कृषि अनुसन्धान तथा विकास सम्बद्ध अन्तर्राष्ट्रिय सङ्गठनहरूसँगको सहकार्य र प्रविधि तथा विशेषज्ञ आदान-प्रदानलाई प्रोत्साहित गरिनेछ ।

४.१.१० निजी तथा गैरसरकारी क्षेत्रबाट कृषि अनुसन्धान तथा विकासमा गरिने खर्चमा कर प्रयोजनका लागि खर्च लेख्न पाउने सुविधाका साथै अन्य उपयुक्त प्रोत्साहन सम्बन्धी व्यवस्थाहरू गरी निजी तथा वैदेशिक क्षेत्रको लगानी आकृष्ट गरिनेछ ।

४.१.११ प्रमुख उत्पादन सामग्रीहरू (उन्नत पशु, पन्छी, माछा भुरा, रासायनिक मल एवम् बीउ बिजन आदिको आयात, उत्पादन तथा मौज्दात स्थितिको नियमित अनुगमन गरी आपूर्ति सुनिश्चित गरिनेछ ।

४.१.१२ कृषि उत्पादन तथा व्यवसाय प्रवर्द्धनमा आवश्यक कृषि ऋण प्रवाहलाई उत्पादन तथा व्यवसायको प्रतिफलसँग आबद्ध गरी सुनिश्चित गरिनेछ ।

४.१.१३ अतिवृष्टि, अनावृष्टि,रोग, कीरा एवम् अन्य दैवीप्रकोपहरूको आँकलन र कृषि राहत परिचालनका लागि सर्भे सर्भिलेन्स प्रणाली स्थापित गरी क्रियाशील राखिनेछ ।

४.१.१ स्थानीय तहमा कृषकहरूको क्षमता सुधारका लागि कृषक तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।

४.१.१५ कृषि जनशक्ति उत्पादनका लागि कृषि तथा वन विश्वविद्यालय स्थापना र कृषि कलेजहरूको प्रवर्द्धन गरिनेछ । विश्वविद्यालय/कलेजहरू र कृषि अनुसन्धान केन्द्र तथा राष्ट्रिय कृषि स्रोत केन्द्रहरूसँग प्राविधिक र विशेषज्ञ आदानप्रदान गरी सहकार्य गराउने व्यवस्थाबाट कृषि जनशक्तिको गुणस्तर विकास गरिनेछ। कृषि व्यावसायीकरणका लागि कृषि बजार तथा व्यवसाय प्रवर्द्धन सम्बद्ध जनशक्ति उत्पादनमा पनि जोड दिइनेछ ।

४.१.१६ कृषि क्षेत्रको योजना तर्जुमा, नीति निर्धारण तथा अनुगमन मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रक्षेपण कार्यलाई सुदृढ गरिनेछ। साथै कृषि क्षेत्रको लागि अनुकूल मूल्य तथा व्यापार पद्धति (Terms of Trade) स्थापित गराउन नियमित अनुगमन गरिनेछ ।

४.१.१७ कृषिका कार्यक्रमहरूको सञ्चालनमा सम्भव हुने सबै क्षेत्रमा महिला संलग्नता एवम् सहभागितालाई ५० प्रतिशत पुऱ्याइनेछ। महिला कृषक तालिममा सकभर घुम्ती तालिमको प्रबन्ध मिलाई घर गाउँ नजिक पुऱ्याउने प्रबन्ध मिलाइनेछ। कार्यक्रममा महिला संलग्नता सम्बद्ध सूचना तथा तथ्याङ्कहरूको प्रवाहलाई सुनिश्चित गरिनेछ ।

४.१.१८ चार हेक्टरभन्दा कम जमिन हुने कम स्रोत साधन भएका (Resource poor) कृषकहरूको पहिचान र वर्गीकरण गरी तोकिएका सुविधाहरू उपलब्ध गराइनेछ ।

**४.२ लक्षित वर्गहरूका लागि विशेष सुविधा**

आधा हेक्टरभन्दा कम जमिन भई सिँचाइ सुविधा न्यून रहेका, दलित, उत्पीडित तथा अन्य सीमान्त कृषक एवम् कृषि श्रमिकहरूलाई लक्षित समूहमा वर्गीकरण गरी विशेष सुविधा दिने दृष्टिकोणबाट निम्न नीतिहरू अवलम्बन गरिनेछन् ।

४.२.१ सीप भएका भूमिहीन, सीमान्त एवम् साना कृषकहरूलाई भूमिमा पहुँच पुऱ्याउन कायम रहेको कानुनी हदबन्दीको प्रभावकारी कार्यान्वयन, हदबन्दी छुटको प्रभावकारी अनुगमन, प्रगतिशील कर व्यवस्था, खेती भूमिको लागि करार सम्बन्धी कानुनी व्यवस्था जस्ता विभिन्न विकल्पहरूको पहिचान गरी भूमिमा पहुँचका अवसरहरूको सिर्जना गरिनेछ ।

४.२.२ भूमि बैंकको स्थापना गरी स्थानीय निकायको सहभागितामा कृषि कार्यका लागि जग्गा किन्ने/बेच्नेहरूलाई खेतीयोग्य जग्गाको उपलब्धताबारे सूचना सेवा र आवश्यक पर्नेलाई ऋण सुविधा उपलब्ध गराइनेछ । यस बैंकबाट लक्षितवर्गहरूलाई कृषि उत्पादनका लागि सहुलियत दरमा भूमि खरिद गर्न विशेष ऋण सुविधा उपलब्ध गराइनेछ ।

४.२.३. सीमान्त जमिन, चरन/खर्क, हैसियत बिग्रिएका वन तथा प्रयोगमा नआएका सार्वजनिक जमिनलाई लक्षित समुदायमा कबुलियतमा हस्तान्तरण गरी सम्भाव्यता अनुसार घाँस, डालेघाँस, कृषि, वन, जडीबुटी तथा रेशम एवम् अन्य स्थायी रूखबिरुवा हुने खालका नगदे बाली एवम् फलफूल बगैंचा विकासमा उपयोग गराई वन तथा अन्य जमिनको हैसियत सुधारका साथै गरिबी निवारणमा टेवा पुऱ्याइनेछ ।

४.२.४ साना सिँचाइ पूर्वाधार जस्तै ढिकीपम्प, रोअर पम्प, स्प्रिङ्कलर, ड्रिप, पानी सङ्कलन पोखरी (Water Harvest) आदिको निर्माण तथा जडानमा लक्षित समूहलाई विशेष सुविधा दिइनेछ ।

४.२.५ खाद्यान्न न्यून भएका क्षेत्रहरूमा खाद्यान्न उपलब्धता वृद्धि गर्न उत्पादन तथा आय वृद्धिका सम्भाव्यताको उपयोग गराइनेछ। साथै अन्यत्रबाट खाद्यान्न आपूर्ति सुनिश्चित गर्नुपर्ने अवस्थामा खाद्यवस्तु ढुवानी, सञ्चय र वितरणमा स्थानीय निकायको सहभागितामा खाद्यान्न सञ्चय एवम् परिचालन सञ्जालको विकास गरिनेछ ।

४.२.६ श्री ५ को सरकारले उपलब्ध गराउने खाद्य वस्तु, ढुवानी, सामग्रीको मूल्य, ब्याज आदि सुविधाहरू खाद्य सुरक्षाका दृष्टिबाट जोखिम क्षेत्र र लक्षित समूह पहिचान गरी प्राथमिकतासाथ उपलब्ध गराइनेछ ।

४.२.७ मौसम तथा अन्य प्रकोपको उतार चढावको अवस्थामा आधा हेक्टरभन्दा कम जमिन भएका र वर्षभरि सिँचाइ सुविधा नभएका कृषकहरूको लागि र भूमिहिन तथा वैकल्पिक आयस्रोत नभएका सीमान्त कृषकहरूको लागि खाद्य तथा पोषण सुरक्षा (Safety Nets) विकास गर्दै लगिनेछ ।

**४.३ व्यावसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणाली विकास**

४.३.१ बजारको माग अनुसारको उपयुक्त परिमाण र गुणस्तरमा कृषि वस्तु उत्पादन गर्ने बृहत उत्पादन क्षेत्र (Large Production Packets) विकास गरिनेछ । यस्ता पकेट क्षेत्रमा तुलनात्मक लाभ भएका कृषि वस्तुहरूको उत्पादनमा प्राथमिकता दिइनेछ । यस्ता क्षेत्रमा प्रविधि एवम् प्राविधिक सेवा तथा कृषि सडक, ग्रामीण विद्युतीकरण, सिँचाइ, कृषि ऋण, बजार व्यवस्था जस्ता अन्य सुविधाहरू एकीकृत रूपमा परिचालन गरिनेछ ।

४.३.२ खाद्यान्नको अभाव भएका क्षेत्रमा खाद्यान्न पुऱ्याउन आपूर्ति कार्यक्रम सञ्चालन गरिने पहाडी क्षेत्र आसपासमा त्यस्तो आपूर्ति कार्यक्रममार्फत बजार मूल्यमा खाद्यान्न खरिद गरी स्थानीय उत्पादन बढाउन प्रोत्साहन गरिनेछ ।

४.३.३ सहकारी फार्म/केन्द्रहरूमा उपलब्ध स्रोत साधनलाई निर्धारित उद्देश्यमा असर नपर्ने गरी अधिकतम उपयोग गर्न व्यवसायमूलक कार्यक्रम समेतको दोहोरो मार्ग (Double Track System) व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ ।

४.३.४ पशु बिमाको विस्तार गरिनुका साथै पन्छी एवम् छानिएका बालीको बीउ र बढी मोल जाने कृषि वस्तुहरूको क्रमिक रूपमा बीमा गरिनेछ ।

४.३.५ प्राङ्गारिक खेती (Organic farming) लाई प्रोत्साहन गरिनेछ । प्राङ्गारिक खेती गरी कृषि वस्तु निकासी गर्ने उत्पादन क्षेत्रमा उत्पादित कृषि वस्तुहरूको गुणस्तर प्रमाणीकरणको लागि टेवा पुऱ्याइनेछ ।

४.३.६ हाईब्रिड बीउ, उन्नत नश्लको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ र परिवर्तित अनुवंशिकीय जीवहरू (Genetically Modified Organism) को प्रयोगलाई नियमन गरिनेछ ।

४.३.७ परम्परागत स्थानीय मौलिक कृषि वस्तु एवम् सम्बद्ध प्रविधिहरूको पञ्जीकरण तथा प्रवर्द्धन गरिनेछ । स्वदेशी मूलको विशिष्ट उत्पादन एवम् उत्पादन प्रविधिहरूको पहिचान तथा अधिकार सुरक्षित गरिनेछ ।

४.३.८ कृषि तालिमलाई क्षमता सुधार र व्यवसाय प्रवर्द्धनमुखी तालिममा वर्गीकरण गरिनेछ । क्षमता सुधार तालिमबाट कृषि कार्यकर्ताहरूको क्षमता सुधार तथा कृषकहरूको उत्पादन क्षमता अभिवृद्धि गरिनेछ । व्यवसायमुखी तालिमलाई तालिम पछिको व्यवसाय प्याकेजमा आधारित गरी माग प्रधान गराइनेछ ।

४.३.९. शिक्षित बेरोजगार युवाहरूलाई कृषि पेसामा आकृष्ट गर्न कृषि व्यवसाय स्थापना तथा सञ्चालन तालिमको व्यवस्था गरिनेछ ।

४.३.१० उन्नत कृषि स्रोत सामग्रीहरूको (बीउ, बिरुवा, बेर्ना, नश्ल, भुरा आदि) स्थानीय उत्पादन तथा बिक्री वितरण र मलखाद एवम् रोग तथा कीटनाशक औषधीहरूको बिक्री वितरणलाई नियमन गरी आपूर्तिमा गुणस्तर कायम गराइनेछ । कृषिसँग सम्बन्धित निजी क्षेत्रका प्रयोगशाला सेवा तथा गुणस्तरीय उत्पादन प्रशोधन सेवालाई पनि नियमन गरी मान्यता (Accreditation) दिइनेछ ।

४.३.११ गुणस्तरीय कृषि उत्पादन र स्थानीय तथा बाह्य बजारमा विश्वसनीयताको विकास गर्न कृषि र पशु क्वारेन्टाइन सेवालाई व्यवस्थित र सुदृढ गरिनेछ ।

४.३.१२ खाद्यवस्तुको गुणस्तर निर्धारण, गुण नियन्त्रण, गुणस्तर प्रमाणीकरण र नियमन गर्ने कार्यमा स्थानीय निकाय समेतको सहभागिता परिचालन गरिनेछ ।

४.३.१३ अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा राष्ट्रिय आवश्यकता अनुसार कृषि वस्तुको नियमन सेवालाई अद्यावधिक गर्दै लगिनेछ ।

४.३.१४ सहकारीमा आधारित कृषि उद्योग एवम् व्यवसायको प्रवर्द्धनमा प्राथमिकता दिइनेछ ।

४.३.१५ कृषि उद्यमी/व्यवसायी एवम् प्रगतिशील कृषि तथा सम्बद्ध सङ्घ संस्थाहरूको गुनासा एवम् सुझावहरूको विश्लेषण गरी निकास दिन र विश्व व्यापार सङ्गठन, क्षेत्रीय व्यापार सङ्गठन जस्ता बाह्य निकासी बजार सम्बद्ध सङ्गठनहरूसँगका प्रतिबद्धताहरू र आयत प्रतिस्थापन तथा निकासी प्रवर्द्धनमा क्रियाशील रहन कृषि उद्योग व्यवसाय प्रवर्द्धन समितिको प्रभावकारी परिचालन गरी कृषि व्यावसायीकरणलाई टेवा पुऱ्याइनेछ ।

४.३.१६ कृषि वस्तुहरूको व्यावसायिक उत्पादन, प्रशोधन र बजार क्षेत्रमा सहकारी एवम् निजी क्षेत्रको लगानी आकृष्ट गर्न प्रोत्साहनयुक्त वस्तुगत तथा विषयगत नीतिहरूको विकास गरिनेछ ।

४.३.१७ कृषि क्षेत्रमा दिइनुपर्ने प्राथमिकता अनुरूप कृषि अनुसन्धान, कृषि उत्पादन, कृषि प्रशोधन, उद्योगहरू र आन्तरिक तथा बाह्य निकासी बजारको अन्तरसम्बन्ध स्थापित गर्न र बाह्य लगानी समेत आकृष्ट गर्नका लागि छुट्टै कृषि उद्योग विकास नीति ल्याई कार्यान्वयन गरिनेछ ।

४.३.१८ व्यावसायिक कृषि उत्पादनका सम्भाव्य क्षेत्रहरूमा कृषि प्रविधि प्रसार सेवा सशुल्क उपलब्ध गराई निजी क्षेत्र, सहकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रलाई आकर्षित गरिनेछ ।

४.३.१९ उपयुक्त फार्म केन्द्रहरूलाई करारमा/कबुलियतमा निजी क्षेत्रबाट सञ्चालन गराउन प्रोत्साहन गरिनेछ ।

४.३.२० बजार सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने कार्य निजी एवम् सहकारी क्षेत्र तथा स्थानीय निकायहरूसँग साझेदारीमा समेत सञ्चालन गरिनेछ ।

४.३.२१ कृषि वस्तुहरूको व्यावसायिक उत्पादनलाई बजार अवसरको सुनिश्चितता दिन सम्भाव्य उत्पादन थलो नजिक सङ्कलन केन्द्र र सम्भाव्य घना उपभोक्ता नजिक संगठित बजारको सुनिश्चितता दिनको लागि निजी तथा सहकारी क्षेत्रको लागत सहभागिता र व्यवस्थापनमा रहने गरी सुविधायुक्त कृषि थोक बजार तथा हाट बजारहरूको विकास तथा विस्तारमा टेवा पुऱ्याइनेछ ।

४.३.२२ आन्तरिक कृषि उत्पादकहरूलाई समेटेर करार उत्पादन प्रणालीमा आबद्ध गरी बजार अवसर दिने र आयात प्रतिस्थापन गर्ने वा निकासी गर्ने उद्योग व्यवसायीहरूलाई पुँजीगत तथा अन्य प्रोत्साहन/सुविधाहरू कृषि व्यवसाय प्रवर्द्धन समितिको सिफारिसमा उपलब्ध गराइनेछ ।

४.३.२३ स्थानीय स-सानो पुँजी र अन्य स्रोतको परिचालन तथा प्रवर्द्धन गरी सहकारीको संस्थागत विकास गर्न सम्भाव्य कृषक तथा उद्यमीहरूको समूहलाई सहकारीकरण गर्दै लगिनेछ । साथै गाउँ घरका यस्ता सहकारी संस्थाहरूलाई कृषक समूहको उत्पादन सामग्री तथा सेवाहरू उपलब्ध गराउने र उनीहरूका उत्पादनहरूको बजार प्रणालीमा पठाउने स्थानीय केन्द्र (Delivery Point) को रूपमा विकास गरिनेछ ।

### ४.४ प्राकृतिक स्रोत तथा वातावरणको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोग

४.४.१ कृषि-रसायनहरूको प्रयोगबाट माटो तथा जलाशयको अवस्थामा पर्ने नकारात्मक प्रभाव र अन्य वातावरणीय समस्यालाई न्यून गरिनेछ । साथै पशुपन्छीमा प्रयोग हुने औषधी तथा हर्मोनहरूको प्रयोगमा कमी ल्याइनेछ ।

४.४.२ प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।

४.४.३ जैविक विविधता संरक्षणका लागि जीन बैंकको व्यवस्था र स्थानीय संरक्षण (In-Situ Convervation) लाई प्रोत्साहन गरिनेछ । सम्भावित क्षेत्रमा सहभागितात्मक जैविक विविधता संरक्षण क्षेत्र (Participatory Biodiversity Park) स्थापित गरिनेछ ।

४.४.४ हैसियत बिग्रेका वन तथा प्राकृतिक जलाशयको हैसियत सुधार गर्ने गरी जैविक विविधता संरक्षण, सम्वर्द्धन र सदुपयोग तथा कृषि वन प्रणालीको विकास गरिनेछ ।

४.४.५ स्थानीय सहभागिताका आधारमा जलाधार व्यवस्थापन र नदी कटान नियन्त्रण गरी संरक्षण प्रधान कृषि प्रणाली विकास गर्दै लगिनेछ ।

४.४.६ खेती योग्य जग्गाको खण्डीकरण नियन्त्रण र वैज्ञानिक भू-व्यवस्थापन (चक्लाबन्दी) लाई स्थानीय निकायको सहयोग समेतमा व्यवस्थित गरिनेछ ।

## ५. कार्यान्वयन तथा अनुगमन व्यवस्था

५.१ स्थानीय तहदेखि केन्द्रीय तहसम्मको कृषि क्षेत्रको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन सम्बन्धित तहमा (गाउँ, जिल्ला, क्षेत्र, केन्द्र) सरोकारवालाहरूको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक पद्धतिलाई बढावा दिइनेछ। महिला, दलित एवम् पिछडिएको वर्ग सम्बन्धी सूचना तथा तथ्याङ्कहरूलाई पनि सूचना प्रणालीमा ल्याइनेछ ।

५.२ कृषि सम्बद्ध निकायहरूबीच सहभागितात्मक एवम् समन्वयतात्मक रूपमा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन तथा अनुगमन गराई यो नीति कार्यान्वयन गराउन राष्ट्रियस्तरमा राष्ट्रिय कृषि विकास समिति रहनेछ । राष्ट्रिय कृषि विकास समितिलाई सघाउन केन्द्रमा केन्द्रीय कृषि विकास कार्यान्वयन समिति र क्षेत्रीयस्तरमा क्षेत्रीय कृषि विकास समिति रहनेछन् । स्थानीय तहमा गाउँ विकास समिति र जिल्ला विकास समितिहरूलाई स्थानीय स्वायत्त शासन ऐन अनुरूप योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा जिम्मेवार बनाइनेछ । जिल्ला तहमा जिल्ला कृषि विकास समिति र गाउँ विकास समिति तहमा कृषि समिति रहनेछन् । यिनले स्थानीय निकायहरूलाई यो नीतिको कार्यान्वयन र अनुगमन गर्नमा सघाउनेछन र राष्ट्रिय कृषि विकास समिति र स्थानीय निकायहरूलाई राष्ट्रिय कृषि स्रोत केन्द्रहरूले प्राविधिक पृष्ठपोषणको सुनिश्चितता दिनेछन ।

५.३ यस राष्ट्रिय नीतिको कार्यान्वयनको क्रममा सम्बद्ध मन्त्रालयहरूको आ-आफ्नो कार्यक्षेत्रमा परेका विषयहरूको कार्यान्वयन गर्नेछन । यस राष्ट्रिय कृषि नीतिको कार्यान्वयनको अनुगमन राष्ट्रिय कृषि विकास समितिले गर्नेछ । यस नीतिको कार्यान्वयन रणनीतिहरू र कार्यक्रमहरू तथा जिम्मेवार निकायहरू सम्बन्धी विषयमा सम्बन्धी मन्त्रालयहरूले स्वीकृत गराई लागु गर्नेछन । साथै, वस्तुगत तथा विषगत नीतिहरू निर्माण गर्दा यस राष्ट्रिय नीतिसँग नबाझिने गरी गर्नुपर्नेछ ।

# कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३

## १. पृष्ठभूमि

निर्वाहमुखी तथा छरिएर रहेको कृषि उत्पादन प्रणालीलाई आधुनिक, सघन, प्रतिस्पर्धी एवम् व्यवसायमुखी बनाउन आवश्यक भएको छ । कृषिजन्य वस्तुहरूले सुनिश्चित बजार पाउन नसक्नाले कृषि उत्पादन र उत्पादकत्व अपेक्षित रूपमा वृद्धि हुन सकिरहेको छैन । कृषि व्यवसाय प्रवर्द्धन गर्न कठिन भएको सन्दर्भमा प्रभावकारी बजार व्यवस्थापन प्रणालीको विकासबाट विश्व बजारका अवसरहरूको उपयोग गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन राष्ट्रिय कृषि नीति, २०६१ को व्यावसायीक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने उद्देश्य अनुरूप कृषि व्यवसाय प्रवर्द्धन कार्यलाई गति प्रदान गर्न कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ लागु गरिएको छ ।

## २. उद्देश्य

२.१ बजारमुखी र प्रतिस्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुऱ्याउने ।

२.२ कृषिजन्य उद्योगको विकास गरी आन्तरिक बजार तथा निर्यात प्रवर्द्धनमा योगदान पुऱ्याउने ।

२.३ कृषिको व्यावसायीकरण गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

## ३. नीति

३.१ भौगोलिक, प्राविधिक र आर्थिक सम्भावनाका आधारमा बृहत उत्पादन क्षेत्र (Growth Center) हरूको स्थापना तथा विकासतर्फ जोड दिइनेछ ।

३.२ औद्योगिक नीति अनुरूप स्थापना हुने विशेष आर्थिक क्षेत्र (Special Economic Zone) हरूसँग समन्वय हुनेगरी बजारको माग अनुसारको उपयुक्त परिमाण र गुणस्तरका विशेष कृषि वस्तु उत्पादन गर्न सरोकारवालाहरूको प्रतिबद्धताको आधारमा निम्न लिखित विशेष उत्पादन क्षेत्रहरूको किटान गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(क) व्यावसायीक वाली/वस्तु उत्पादन क्षेत्र (Commercial crop/Commodity Productuion Area),

(ख) प्राङ्गारिक/विषादीरहित उत्पादन क्षेत्र (Organic/Pesticide-free Production Area)

(ग) निर्यातमूलक वाली/वस्तु उत्पादन क्षेत्र (Agri Product Export Area)

३.३ किटान गरिएका कृषि उत्पादन क्षेत्रहरूमा उत्पादन सामग्री, प्रविधि एवम् प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतीकरण, सिँचाइ, कृषि व्यवसाय ऋण, बिमा, बजार व्यवस्था, सूचना प्रणाली, उपयुक्त कृषि यान्त्रीकरण एवम् प्रशोधन लगायतका सुविधाहरू सम्बन्धित सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा एकीकृत रूपमा सुनिश्चित गरिनेछ ।

३.४ व्यापारिक तथा भौगोलिक क्षेत्रहरूको आधारमा गुणस्तरीय कृषिजन्य उत्पादन सामग्री र उत्पादनको सङ्कलन, प्रशोधन, सञ्चय, ढुवानी र बजार मूल्य जस्ता व्यावसायीक सेवा प्रदान गर्न सरकारी तथा गैरसरकारी क्षेत्रको सहभागितामा व्यावसायीक सेवा केन्द्रको स्थापना तथा विकास गरिनेछ ।

३.५ सिँचाइ, कृषि सडक, सङ्कलन केन्द्र, शीतभण्डार (कोल्ड र फ्रोजेन स्टोरेज र कुलिङ च्याम्बर), ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास, परीक्षण सेवा जस्ता व्यवसाय प्रवर्द्धनका पूर्वाधारहरू सरकारी, निजी, सहकारी, गैरसरकारी तथा नागरिक समाज समेतको सहकार्यमा विस्तार गरिनेछ ।

३.६ कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि कृषि व्यवसायका सम्भावना र आवश्यकताको आधारमा कृषक एवम् व्यापारीहरू तथा कृषि उद्यमी एवम् सम्बन्धित सरोकारवालाहरूबीच हुने करार सेवालाई व्यवस्थित तथा वैज्ञानिक बनाइनेछ ।

३.७ कृषिजन्य व्यवसायको लागि आवश्यक पर्ने उपकरण, थ्रेसर, स्प्रिङकलर, विडिङ मेसिन, हार्भेष्टर, चिलिङ्ग भ्यान, कुलिङ. भ्याट, मिल्क प्रोसेसर, कृषि यन्त्र आदिमा आयात गर्दा सम्बन्धित निकायहरूको सिफारिसमा व्यवसाय स्थापना भएको १० वर्षसम्म भन्सार ७५ प्रतिशत अर्थ मन्त्रालयको बजेट वक्तव्यमा समावेश गरी छुट दिइनेछ ।

३.८ कृषि व्यवसायको परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ । कृषि व्यावसाय प्रवर्द्धनका लागि कृषक समूह जमानतमा ऋण प्रवाहित गरिनेछ ।

३.९ कृषि व्यवसायमा कर्जा लगानी गर्दा व्यवसायबाट आय प्राप्त हुन सक्ने (Gestation Period) सम्भावनाका आधारमा कर्जा भुक्तान हुने व्यवस्था गरिनेछ ।

३.१० विपन्न वर्ग, महिला र दलित वर्गबाट कृषि उद्यम स्थापना/सञ्चालन गर्न विशेष कार्यक्रम लागु गरिनेछ ।

३.११ शिक्षित बेरोजगार तथा सेवा निवृत व्यक्ति वा समूहलाई कृषि तथा पशुजन्य व्यवसाय स्थापना तथा सञ्चालनका लागि व्यावसायीक कार्यक्रम तयार गरी लागु गरिनेछ ।

३.१२ बजार मागको आधारमा कृषि व्यवसाय प्रवर्द्धन गर्न, जनशक्ति विकास गर्न जोड दिनुका साथै सरकारी, सहकारी र गैर सरकारीस्तरमा तालिम दिने संस्थाहरूलाई समेत क्षमता अभिवृद्धि गर्न सहयोग गरिनेछ ।

३.१३ कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि आवश्यक मध्यमस्तरीय जनशक्ति विकास गर्न शिक्षण संस्थाहरूको समन्वयमा समयानुकूल पाठ्यक्रम समावेश तथा परिमार्जन गराइनेछ ।

३.१४ हिमाली क्षेत्रमा बृहत पशुपालन गर्न लामो अवधिको लागि कवुलियत प्रणालीमा सम्बन्धित निकायसँग समन्वय गरी खर्क उपलब्ध गराइनेछ ।

३.१५ सार्वजनिक क्षेत्रको जग्गा तथा अन्य क्षेत्रमा समेत सम्भाव्यताका आधारमा जडीबुटी खेतीको विकासलाई प्रोत्साहित गरिनेछ ।

३.१६ राष्ट्रिय दृष्टिले प्राथमिकता प्राप्त उत्पादनलाई व्यावसायीक, प्रतिस्पर्धी तथा निर्यातमुखी बनाउन प्रोत्साहन स्वरूप जग्गाको हदबन्दी छुट दिने व्यवस्था गरिनेछ ।

३.१७ राजमार्ग, सहायक मार्ग तथा कृषि/ग्रामीण सडकहरूको आसपासका क्षेत्रहरूमा विकास गरिने कृषिजन्य व्यावसायीक पकेटहरूको लागि बजार सञ्जाल विकास तथा विस्तार गरिनेछ ।

३.१८ कृषि उद्योग व्यवसाय प्रवर्द्धनको लागि उत्पादन थलो नजिक सङ्कलन केन्द्र र सहरी क्षेत्रमा संगठित थोक तथा खुद्रा बजार सुनिश्चित गर्न निजी तथा सहकारी क्षेत्र समेतको आर्थिक तथा व्यवस्थापकीय सहकार्यमा कृषि बजारहरूको विकास, विस्तार तथा व्यवस्थित गरिनेछ ।

३.१९ कृषि बजार तथा व्यावसायीक सेवा केन्द्रहरूमा समयानुकूल विद्युतीय व्यापारको (e-commerce) पनि विकास गरिनेछ ।

३.२० निजी एवम् सहकारी क्षेत्र तथा स्थानीय निकायहरूको साझेदारीमा कृषि बजार तथा कृषि व्यवसायसँग सम्बन्धित सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गरिनेछ ।

३.२१ कृषि वस्तुहरूको बजारमा प्रतिस्पर्धात्मक वातावरणको सिर्जना गरी बजार प्रक्रियाबाटै मूल्य निर्धारण हुने प्रणालीलाई प्रोत्साहित गरिनेछ । यस क्रममा संगठित कृषि थोक बजार स्थलहरूमा सम्भाव्यताका आधारमा अक्सन (Auction) लगायत उपयुक्त मूल्य निर्धारण विधि लागु गरिनेछ ।

३.२२ कृषि बजारहरूबाट स्थानीय निकायले व्यावसायीहरूबाट उठाउने गरेको शुल्क/स्थानीय कर मध्येबाट कम्तीमा २० प्रतिशत रकम सोही बजारको निर्माण, सुधार तथा प्रवर्द्धन कार्यमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

३.२३ व्यवसायीहरूले कृषि उपजहरूको ढुवानीको साधन खरिद गर्न चाहेमा ब्याजदरमा सहुलियतको व्यवस्था गरिनेछ ।

३.२४ व्यावसायीक उत्पादन पकेटसँग आवद्धित हुनेगरी सहकारी संस्था, कृषक समूह, गैरसरकारी संस्था तथा व्यापारी लगायतका उद्यमीले ग्रामीण क्षेत्रमा सम्भाव्यताको आधारमा कृषि उपज सङ्कलन

केन्द्र, प्रशोधन केन्द्र एवम् पशुपन्छी वधशाला स्थापना गर्न चाहेमा प्राविधिक सहायता उपलब्ध गराउनुको साथै भौतिक निर्माणको (जग्गा बाहेक) लागि केही सहयोग उपलब्ध गराइनेछ ।

३.२५ शीत भण्डार (Cold & Frozen Storage, Cold Chain, Cold Chamber and Chilling Vat), कृषि थोक बजार एवम् सङ्कलन केन्द्र र पशु वधशालाको सञ्चालनमा लाग्ने विद्युत् महसुलमा उद्यम/व्यवसाय स्थापनाको १० वर्षसम्म २५% रकम अर्थ मन्त्रालयको बजेट वक्तव्यमा समावेश गरी छुट दिइनेछ ।

३.२६ प्राङ्गारिक खेती प्रविधिद्वारा उत्पादित कृषि वस्तुहरूको गुणस्तर प्रमाणीकरण गरी कृषि व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

३.२७ बीउ बिजन, बिरुवा, पशुपन्छी र खाद्य तथा कृषि वस्तुको आयात निर्यातमा प्रमाणीकरणको व्यवस्थालाई सुदृढ र सक्षम बनाइनेछ ।

३.२८ परम्परागत स्थानीय कृषि वस्तु एवम् मौलिक प्रविधि (Indigenous Knowledge/technology) हरूको पञ्जीकरण गरी प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।

३.२९ गुणस्तर प्रमाणीकरण गर्न सरकारी तथा निजीस्तरबाट एक्रिडिएटेड इन्डिपेन्डेन्ट एनालिटिकल लेबोरेटरी (Accrediated Independent Analytical Laboratory) हरूको स्थापना र विकासलाई प्रोत्साहन गरी उनीहरूको क्षमताको अभिवृद्धि गर्न सहयोग गरिनेछ ।

३.३० कृषि सम्बन्धी व्यवसायहरूको विकास र विस्तारमा वैदेशिक प्रत्यक्ष लगानीलाई सम्भाव्यताको आधारमा प्रोत्साहित गरिनेछ ।

३.३१ कृषिजन्य उद्योगलाई राष्ट्रियस्तरमा प्राथमिकताप्राप्त उद्योगको रूपमा मान्यता दिई सोहि अनुरूपको सुविधा प्रदान गरिनेछ ।

३.३२ करार खेतीमा प्रयोग हुने जग्गामा मोहियानी हक नलाग्ने व्यवस्था गरिनेछ ।

३.३३ नेपालमा सञ्चालित उद्योगहरूमा स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

३.३४ कृषि उत्पादन पकेट/कृषि बृहत उत्पादन क्षेत्र (Growth Center) मा आधारित वस्तुको निर्यात तथा बजार प्रवर्द्धनमुखी व्यवसाय खोल्न सम्भाव्यताको आधारमा उपयुक्त प्रविधि सहयोग प्रदान गरिनेछ ।

३.३५ विदेशस्थित नेपाली राजदुतावास मार्फत निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्यलाई सघाउ पुऱ्याइनेछ ।

३.३६ तुलनात्मक लाभका अवसरहरूको उपयोग गरी निर्यात प्रवर्द्धन गर्न वैदेशिक बजारको मागको खोजी गरी प्राप्त सूचना/प्रविधि हस्तान्तरण तथा प्रसार गरिनेछ ।

३.३७ कृषि व्यवसायसँग सम्बन्धित निकायहरूबीच समन्वय गर्न र नीतिगत एवम् कार्यान्वयनस्तरमा आइपरेका बाधा कठिनाइहरूको समाधानमा पहल गर्न जिल्ला तथा क्षेत्रीयस्तरका कृषि विकास समितिहरूलाई परिचालन गरिनेछ । यस समितिमा निजी क्षेत्रको सहभागितालाई वृद्धि गरिनेछ ।

३.३८ कृषि बजार विकासको नीति र योजना अनुकूल हुनेगरी सहकारी संस्था, गैरसरकारी संस्था, स्थानीय निकाय, सहकारी वा निजी क्षेत्रबाट कृषि बजार पूर्वाधार विकासमा लगानी गर्न प्रस्ताव आएमा यस्तो पूर्वाधार विकास गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

३.३९ नेपालमा विकास भएका र हुने कृषि उपज बजार स्थलहरूबाटै स्रोत परिचालन गरी उनीहरू बीच समन्वय, पूर्वाधार तथा क्षमता विकासमा योगदान पुऱ्याउन कृषि व्यवसाय प्रवर्द्धन कोषको गठन गरिनेछ । यस कोषमा प्रत्येक बजारले वार्षिक खुद आयको २ प्रतिशत रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । यस कोषको सञ्चालन गर्न बजार सञ्चालक समितिको संलग्नतामा सञ्चालक समिति गठन गरिनेछ ।

३.४० निजी क्षेत्र, सहकारी वा गैर सरकारी संस्था वा सरकारी स्वामित्वमा रहेको जग्गामा निजी/गैरसरकारी तथा सरकारी निकायको सहकार्यमा कृषि बजारको पूर्वाधारको सम्भावना देखिएमा सार्वजनिक निजी, साझेदारीमा पूर्वाधार विकास गर्ने प्रणालीको विकास गरिनेछ ।

३.४१ व्यावसायीक कृषिसँग सम्बन्धित वाली उत्पादन, पशुपालन, बजार व्यवस्था तथा कृषि उद्योगहरूको बीमा गराउने व्यवस्थाको विकास गरिनेछ ।

३.४२ कृषि व्यवसाय सम्बन्धी नीतिगत बाधा कठिनाइहरूको समाधानमा पहल गर्न र नीतिगत सुधारका लागि सरकारलाई सुझाव दिन सरकारी तथा निजी क्षेत्रको संलग्नतामा राष्ट्रिय कृषि नीतिमा उल्लेख भए अनुरूप उच्चस्तरीय कृषि व्यवसाय प्रवर्द्धन समितिको व्यवस्था गरिनेछ। उक्त समिति अनुसूची १ मा दिए बमोजिम हुनेछ।

३.४३ यस नीतिलाई कार्यान्वयन गर्ने क्रममा सरकारले आवश्यकता अनुसार कार्यविधि बनाई लागु गर्नेछ।

३.४४ यस नीतिमा उल्लेख भएका कुराहरूको प्रभावकारी कार्यान्वयन, समन्वय र अनुगमन गर्न एक समितिको व्यवस्था गरिनेछ।

**द्रष्टब्य:**

(क) कृषि शब्दले वाली, बागवानी, पशुपन्छी, माछा आदि कृषिका सबै उप-क्षेत्रसँग सम्बद्ध उत्पादन, उद्योग एवम् व्यवसायहरू समेत जनाउँछ।

(ख) "कृषि व्यवसाय" भन्नाले वाली, वागवानी, पशुपन्छी, माछा आदि कृषिका साथै उप-क्षेत्रसँग सम्बद्ध व्यावसायीक उत्पादन, बेचविखन र प्रशोधन सम्बन्धी कार्यहरूलाई जनाउँछ।

(ग) "Growth Center" भन्नाले उपलब्ध हावापानी, माटो, भू-बनोट तथा बजार सम्भाव्यताका आधारमा कुनै खास वाली/वस्तुको व्यावसायीक रूपमा विकास गर्न निर्धारित बृहत क्षेत्र।

(घ) "Special Economic Zone" भन्नाले आर्थिक सम्भावनाका आधारमा निश्चित उत्पादन/प्रशोधन, प्याकेजिङ्ग तथा निर्यात सम्बन्धी कार्य गर्न विकसित सुविधायुक्त स्थान/क्षेत्र।

(ङ) "Commercial crop/Commodity Production Area" भन्नाले व्यावसायीक प्रयोजनका लागि खेती गरिएको वाली तथा तत् सम्बन्धी खास वाली/वस्तु उत्पादनको क्षेत्र।

(च) "OrganicरPesticide-free Production Area" भन्नाले कृषि उपज उत्पादन क्षेत्र जहाँ रासायनिक मल, विषादी, वनस्पति वृद्धिजन्य हर्मोन आदिको प्रयोग नै नगरी उत्पादन गरिन्छ।

(छ) "Agri Product Export Area" भन्नाले वैदेशिक बजारको मागको आधारमा कृषि उपज उत्पादन गरिने क्षेत्र जसको उत्पादन उपभोक्ताको रुचि तथा माग भएको वस्तुको गुणस्तर अनुसार तयार गरी निर्यात गरिन्छ।

(ज) "Gestation Period" भन्नाले कुनै खास वालीको कृषि व्यवसायमा लगानीबाट प्रतिफल प्राप्त सुरु हुन लाग्ने समयावधि।

(झ) "Cold & Frozen Storage/Cold Chain/Cold Chamber & Chilling Vat" भन्नाले वनस्पतिजन्य तथा प्राणीजन्य खाद्यवस्तु/प्रजनन पदार्थ तथा सो मा प्रयोग हुने सहयोगी पदार्थ जसको भौतिक वृद्धिलाई निस्तेज पार्ने वा रोक्ने गरी तापक्रम न्यून राखिएको वातानुकूलित ठाउँ।

ञ) "Indegeneous Knowledge/Technology" भन्नाले परम्परागत रूपमा प्रयोग गरिंदैं आएका ज्ञान, सीप, तथा प्रविधि जसको स्थानीय स्तरमानै विकास र विस्तार भएको मानिन्छ।

(ट) "Accrediated Independent Analytical Laboratory" भन्नाले स्वदेशका प्रयोगशालाहरूलाई अन्य राष्ट्रका प्रयोगशालाहरूको स्तरसँग समानता कायम गरिएको अवस्था जसको प्रमाणलाई अन्य राष्ट्रले बिना कुनै सर्त अनुमोदन गर्दछन्।

ठ) "E-Commerce" भन्नाले विभिन्न विद्युतीय सञ्चारका माध्यम (E-mail, Internet, Satellite) बाट सर्म्पक गरी सञ्चालन गरिने व्यावसायीक पद्धति।

## अनूसूची–१

(दफा ३.४२ सँग सम्बन्धित)

**कृषि व्यवसाय प्रवर्द्धन समितिको संरचना देहाय बमोजिम हुनेछ :**

| | | |
|---|---|---|
| १. | माननीय कृषि तथा सहकारी मन्त्री | अध्यक्ष |
| २. | माननीय राज्यमन्त्री एवम् सहायक मन्त्री | पदेन सदस्य |
| ३. | सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| ४. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ५. | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| ६. | सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| ७. | सह-अध्यक्ष,राष्ट्रिय सहकारी विकास बोर्ड | सदस्य |
| ८. | अध्यक्ष, उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| ९. | कृषि तथा सहकारी मन्त्रालयबाट मनोनीत* कृषि उद्यमीहरू मध्येबाट २ जना | सदस्य |
| १०. | सह सचिव, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि तथा सहकारी मन्त्रालय | सदस्य-सचिव |

****मनोनीत सदस्यको कार्यकाल ४ वर्षको हुनेछ ।***

# जैविक प्रविधि नीति, २०६३

## १. परिकल्पना

जैविक प्रविधिको अनुसन्धान, विकास तथा प्रविधि हस्तान्तरणको माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि तथा जनस्वास्थ्य र वातावरणीय क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरी नेपाली जनताको जीवनस्तरमा सुधार ल्याउने ।

## २. भूमिका

जैविक प्रविधिले कुनै जीवात्मा (Organism) वा तिनको जीव-अंश (Living Cells/Tissues etc.) का गुण र स्वभावलाई मानवोचित कार्यमा उन्मुख गर्ने काम गर्दछ । यस प्रविधिको सहायताले जैविक पदार्थ (Bio-mass) को उत्पादन विधिलाई परिमार्जन गर्ने, तिनको गुण र स्वभावलाई विभिन्न तरिकाले रूपान्तरित गर्ने आवश्यकताअनुसार वनस्पति वा जीवजन्तुको नश्ल सुधार गर्ने, विभिन्न सूक्ष्म जीव (Micro-organism) लाई निर्धारित कार्यमा उन्मुख गर्ने लगायत विभिन्न बीज, बिरुवा एवम् जीव-जन्तुको आनुवंशिक संरचनालाई समेत मानव अनुकूल परिवर्तन गर्ने काम भई आएको छ। यस प्रविधिको केन्द्रविन्दु नै जैविक पदार्थ हुने भएकोले जैविक सम्पदा (Biological Resources) को धनी मानिएको हाम्रो देशले आफ्नो परम्परागत ज्ञान र आधुनिक प्रविधिलाई आत्मसात् गर्दै विज्ञान तथा प्रविधिको क्षेत्रमा नयाँ फड्को मार्नु परेको छ ।

हाम्रो जस्तो विकासोन्मुख देशका मौजुदा चुनौतीको सामना गर्न जैविक प्रविधिले उजागर गरेका सम्भाव्यताहरूलाई साकार बनाउन जैविक प्रविधि नीति, २०६३ तर्जुमा गरिएको छ । यसको कार्यान्वयनबाट जैविक प्रविधिमार्फत खाद्यान्नको उत्पादन वृद्धि गर्न, स्वास्थ्य उपचारका नयाँ विधिको विकास गर्न, वातावरणीय प्रदूषणलाई नियन्त्रण गर्न तथा विविध औद्योगिक क्षेत्रको प्रवर्द्धन गर्न सहयोग पुग्न जानेछ ।

## ३. उद्देश्य

जैविक प्रविधिको विकास र विस्तार एवम् तुलनात्मक फाइदाका क्षेत्रहरूमा यसको प्रयोग गरी जैविक प्रविधिलाई देश विकास र वातावरणीय संरक्षण एवम् जनकल्याणको सशक्त आधारको रूपमा प्रतिस्थापन गरी गरिबी निवारणमा योगदान दिनु यस नीतिको सर्वोपरी उद्देश्य रहेको छ । यस नीतिका अन्य उद्देश्यहरू देहाय बमोजिम छन् :

३.१. बढ्दो जनसङ्ख्याको लागि न्यूनतम खाद्यान्न तथा पौष्टिक आहारको आवश्यकता परिपूर्ति गरी गरिबी निवारणमा सहयोग गर्ने ।

३.२. नेपाललाई तुलनात्मक रूपमा फाइदा हुने क्षेत्रहरूमा जैविक प्रविधिको प्रयोग गर्ने ।

३.३. अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी एवम् वातावरणीय रूपमा दिगो वन, कृषि तथा खाद्य क्षेत्रहरूको विकास गर्न योगदान दिने जैविक प्रविधिको अनुसन्धान तथा विकासलाई प्रोत्साहन गर्ने ।

३.४. जैविक प्रविधि क्षेत्रमा व्यवस्थापकीय सीप अभिवृद्धि गर्ने, योग्य अनुसन्धानकर्ता तथा विज्ञहरूलाई आकर्षण गर्ने, उद्यमशीलता अभिवृद्धि गर्ने तथा विशेषज्ञ सीपका लागि माग तथा आपूर्तिको सन्तुलन कायम गर्ने ।

३.५. वातावरणीय ह्रास कम गर्ने तथा प्राकृतिक स्रोत र साधनहरूको संरक्षण गर्ने ।

३.६. ग्रामीण तथा राष्ट्रिय आर्थिक प्रणालीमा योगदान पुऱ्याउने गरी अनुसन्धानका नतिजाहरूलाई व्यावसायिक प्रयोगमा रूपान्तरित गर्ने कुरा सुनिश्चित गर्न सरल तथा नवीन कार्यक्रमहरूको विकास गर्ने ।

## ४. रणनीति

**उपरोक्त उद्देश्यहरू पूरा गर्न देहायका रणनीतिको अवलम्बन गरिनेछः**

४.१. सरकारले प्रवर्द्धक, सहजकर्ता र नियामकको रूपमा काम गर्ने ।

४.२. जैविक प्रविधि तथा तत्सम्बन्धी क्षेत्रमा पूर्वाधार संरचनाको विकास तथा अनुसन्धानको लागि प्रोत्साहन तथा नियमनकारी कार्य संरचनाको माध्यमबाट उपयुक्त वातावरणको सिर्जना गर्ने ।

४.३. राष्ट्रिय आवश्यकता, बजार माग तथा क्षेत्रीय विशेषताका आधारमा जैविक प्रविधिजन्य उद्योगहरूको स्थापना गर्ने तथा त्यस्ता उद्योगलाई प्रोत्साहन एवम् सहुलियत दिने ।

४.४. जैविक प्रविधिको विकास तथा व्यावसायीकरणका लागि आवश्यक कानुनी व्यवस्था गर्ने ।

४.५. झुण्ड (Cluster), इन्क्यूवेटर (Incubator) तथा सञ्जाल (Network) को विकास गरी जैविक प्रविधिको अनुसन्धान, व्यावसायीकरण तथा प्रयोगका लागि जनशक्ति (Critical Mass) तयार गर्ने ।

४.६. जैविक प्रविधिजन्य उद्योगहरूलाई उपलब्ध गराईने उपक्रम पुँजीगत कोष (Venture Capital Fund) तथा बैंक ऋणको प्रवाहलाई सहज बनाउने ।

४.७. बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार (Intellectual Property Right), जैविक सुरक्षा (Biosafety), जैविक निगरानी (Bio-surveillance) तथा जैविक नैतिकता (Bio-ethics) जस्ता विषयहरू सुनिश्चित गर्ने ।

४.८. तन्तु प्रविधि (Tissue Culture), वन, कृषि र खाद्यान्न, जडीबुटी, च्याउ उत्पादन तथा प्रशोधन प्रणाली र पशु तथा मानव स्वास्थ्य प्रणाली समेतमा जैविक प्रविधिलाई प्रयोगमा ल्याउन निरन्तर रूपमा अनुसन्धान गर्न प्रोत्साहन गर्ने ।

४.९. निरन्तर अनुगमन तथा जनचेतनाको माध्यमबाट जैविक प्रविधिजन्य क्रियाकलापसँग सम्वद्ध ग्रामीण जनताको आवश्यकताहरूको पहिचान गरी सोबमोजिम आवश्यक व्यवस्था गर्ने ।

४.१०. निजीक्षेत्रको सहभागिता प्रवर्द्धन गरी जैविक प्रविधिको अनुसन्धान, विकास तथा विस्तारलाई उच्च प्राथमिकता दिने ।

४.११. जैविक प्रविधिका उपलब्धिहरूको अभिलेख राख्ने र त्यसलाई व्यवस्थापन गर्ने ।

४.१२. नेपालका जैविक स्रोतहरूको स्वामित्व सम्बन्धमा ऐन, कानुन तर्जुमा गर्ने ।

४.१३. जैविक प्रविधिले दिगोपन, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण र जैविक विविधता संरक्षणमा प्रदान गर्न सक्ने सार्वजनिक फाइदाहरूको मापन गर्न सूचकाङ्क विकास गर्ने र यी फाइदाहरूलाई सार्वजनिक गर्ने ।

४.१४. आनुवंशिक रूपमा परिवर्तन गरिएका तथा नगरिएका उत्पादनहरू (Products) को बजारको आकार, प्रवृति एवम् गुणस्तरका सम्बन्धमा यथार्थ स्थिति तथा ती उत्पादनहरूबारे उपभोक्ताको दृष्टिकोणको समयानुकूल जानकारी प्रदान गर्ने ।

४.१५. माध्यमिक विद्यालय तथा विश्वविद्यालयका विभिन्न तहमा जैविक प्रविधिको अध्ययनलाई प्रोत्साहन गर्ने ।

## ५. नीति

प्रभावकारी अन्तर-सरकारी सम्बन्धको लागि आधार उपलब्ध गराउन, सरोकारवालाहरूसँगको साझेदारी प्रवर्द्धन गर्न, खुला, पारदर्शी प्रक्रियाहरू स्थापित गर्न, जनचेतना तथा सार्वजनिक समझदारी वृद्धि गर्न उपरोक्त रणनीतिहरूका आधारमा देहायका नीतिहरू अवलम्बन गरिनेछन्:

५.१. धेरै क्षेत्रहरूमा प्रयोग हुने प्रभावकारी "कार्यान्वयनकारी प्रविधि (Enabling Technology)" एवम् उच्च प्राथमिकता क्षेत्रको रूपमा जैविक प्रविधिलाई मान्यता दिने।

५.२. जैविक प्रविधि समन्वय समितिको स्थापना गर्ने ।

५.३. राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्रको स्थापना गर्ने ।

५.४. जैविक प्रविधिको प्रयोगमा प्रभाव पार्न सक्ने विद्यमान कानुनको पुनरावलोकन गरी आवश्यक कानुनी व्यवस्था गर्ने ।

५.५. जैविक प्रविधिका लागि उपयुक्त मानव स्रोतको विकास गर्ने एवम् अवसरहरूको सिर्जना गर्ने ।

५.६. जैविक प्रविधिको माध्यमबाट गुणस्तरीय र रोगमुक्त बोटबिरुवाहरू पैदा गर्न निजी व्यवसायीहरूलाई प्रयोगशाला, हरितगृह तथा नर्सरीहरू स्थापना गर्न प्रोत्साहित गर्ने ।

५.७. जैविक प्रविधिको अनुसन्धान, विकास र व्यावसायीकरणका लागि कार्यान्वयनकारी द्विपक्षीय र बहुपक्षीय कार्यसंरचना सिर्जना गर्ने ।

५.८. विद्यमान जैविक प्रविधि क्षेत्रमा कार्यरत संस्थाहरूको सुदृढीकरण गर्ने र आवश्यकता अनुसार नयाँ संस्थाहरू स्थापना गर्ने ।

५.९. जैविक प्रविधियुक्त उत्पादनहरूको ढुवानी, पैठारी तथा निकासीको लागि एकद्वार प्रणालीको स्थापना गर्ने ।

५.१०. प्रयोगसिद्ध भइसकेका प्रविधिहरूको प्रवर्द्धन गर्न जैविक ग्रामको अवधारणा लागु गर्ने ।

५.११. जैविक प्रविधिको अनुसन्धान र विकासलाई प्रवर्द्धन गर्न राष्ट्रियस्तरमा एउटा कोष स्थापना गर्ने ।

५.१२. वंशानुगत इन्जिनियरिङ्ग र जैविक प्रविधिका लागि अन्तर्राष्ट्रिय केन्द्र (International Centre for Genetic Engineering and Bio-technology) को सदस्यता लिने र सम्वद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरूसँग सम्बन्ध स्थापित गर्ने ।

५.१३. वन, कृषिजन्य तथा औद्योगिक उत्पादनका लागि प्रयोगशालाबाट विकसित आर्थिकरूपबाट सक्षम (Economically Viable) प्रविधि हस्तान्तरणलाई प्रवर्द्धन गर्ने ।

५.१४. वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको व्यवस्थापनलाई सघाउने प्रकृतिका जैविक प्रविधिको विकासमा जोड दिने ।

५.१५. वित्तीय संस्थाहरूमा उपक्रम पुंजी (Venture Capital) को स्थापना गर्न तथा सक्षम जैविक प्रविधिजन्य उद्योगहरूलाई कर सुविधा एवम् वित्तीय सहायता उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने ।

५.१६. छिमेकी तथा अन्य विकासोन्मुख देशहरूसँग सुविधा तथा प्रविधिको आदानप्रदान गर्ने र नेपालका विकास साझेदारहरू (Development Partners) सँगको सुसम्बन्धलाई जैविक प्रविधिको विकास र विस्तारको निम्ति अधिकतम प्रयोग गर्ने ।

५.१७. सम्भाव्य जैविक प्रविधिजन्य कार्यक्रमहरूलाई वित्तीय सुविधा उपलब्ध गराउने ।

५.१८. अनुसन्धाता र विकासकर्मीहरू, कृषकहरू तथा औद्योगिक कर्मचारीहरूलाई जैविक प्रविधिसम्बन्धी विभिन्न तहका तालिमहरू उपलब्ध गराउने ।

५.१९. जैविक प्रविधि तथा तत्सम्बन्धी पूर्वाधारहरूको विकासका लागि स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहन गर्ने ।

५.२०. जैविक प्रविधिको अनुसन्धान, विकास तथा विस्तारका लागि दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन योजनाको तर्जुमा एवम् कार्यान्वयन गर्ने ।

५.२१. नेपालले यस नीतिका उद्देश्य अनुकूल जैविक प्रविधिजन्य एकाधिकार (Patenting) लाई साकार पार्न विभिन्न कार्यविधिहरू पुनरावलोकन गर्ने र जैविक सुरक्षा सम्बन्धी कार्टाहेना प्रोटोकल (C.P.B.), बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारहरूमा असर पर्न जाने व्यापार सम्झौता (TRIPS), सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (CITES) तथा जैविक प्रविधिगत पक्षहरूको पुनरावलोकन गर्ने ।

## ६. कार्यनीति

जैविक प्रविधि नीति कार्यान्वयन गर्न र सो नीतिमा निहित उद्देश्य परिपूर्ति गर्न देहायको कार्यनीति अवलम्बन गरिनेछ :

### ६.१ प्राथमिकताजन्य महत्वका क्षेत्रहरू:

देहायका क्षेत्रहरूलाई प्राथमिकताजन्य महत्वका क्षेत्रहरूका रूपमा लिई ती क्षेत्रहरूको विकास गरी राष्ट्रिय योगदान पुऱ्याउनका निमित्त जैविक प्रविधि सम्बन्धी अनुसन्धान एवम् विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछन्:

६.१.१ वन, कृषि तथा खाद्यान्नः वन, कृषि तथा खाद्यान्न क्षेत्रमा जैविक प्रविधिको उपयोगका लागि जोड दिईने महत्वपूर्ण क्षेत्रहरू देहाय बमोजिम हुनेछन्:

६.१.१.१ तन्तु प्रविधि (Tissue Culture).

६.१.१.२ जैविक कीटनाशक विषादी, जैविक मलखाद तथा अन्य सम्वद्ध जैविक प्रविधिगत पक्ष (Biopesticides, Biofertilizer and other related Biotech Aspects).

६.१.१.३ स्वास्थ्य उपचारका लागि प्राकृतिक उत्पादनहरू (Natural Products in Healthcare).

६.१.१.४ कृषिजन्य उत्पादनहरूका पशु आहार परिपूरण (Animal Feeds/Supplements for Agricultural Products).

६.१.१.५ एक्वाकल्चर (Aquaculture).

६.१.१.६ वनस्पति तथा पशु सुधार (Plant and Animal Improvement).

६.१.१.७ शोभनीय फूल बिरुवा, जडीबुटी तथा च्याउ ।

६.१.२ मानव, प्राणी तथा वनस्पतिको स्वास्थ्य उपचारः वंशानुगत खराबीबाट वा वाह्य प्रभावबाट हुने सामान्य एवम् असाध्य रोगहरूको उपचार र रोगकीट (Pathogen) को समयमै पहिचान गर्न आधुनिक जैविक प्रविधिगत ज्ञान उपयोग गरिनेछ । यसमा जोड दिईने क्षेत्रहरू देहाय बमोजिम हुनेछन्:

६.१.२.१ निदान (Diagnostics)

६.१.२.२ खोप (Vaccines)

६.१.२.३ पशु औषधी, रोगको निदान तथा खोप (Veterinary Drugs, Diagnostics and Vaccines)

६.१.२.४ निरोधात्मक तथा उपचारात्मक विज्ञान (Immunology and Therapeutics)

६.१.२.५ भ्रूण स्थानान्तरण (Embryo Transfer)

६.१.२.६ वंशाणु उपचार (Gene Therapy)

६.१.३ वातावरण र जैविक विविधताः वातावरणीय प्रदूषण कम गर्न, प्राकृतिक साधन र स्रोत एवम् जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्न मद्दत पुग्ने गरी जैविक प्रविधिका क्रियाकलापहरू सञ्चालन गरिनेछन। यसअन्तर्गत महत्वपूर्ण क्षेत्रहरू देहाय बमोजिम छन् :

६.१.३.१ फोहरमैलाको व्यवस्थापनका लागि सूक्ष्म जीवाणुको विकास (Development of Microbial Strain Cultures for Waste Management).

६.१.३.२ स्वस्थानीय र परस्थानीय संरक्षण र उपयोग (In-situ and Ex-situ Conservation and Utilization of Plant Resources).

६.१.३.३ जैविक उपचार तथा औद्योगिक निष्कासन प्रशोधन (Bioremediation and Industrial Effluent Treatment).

६.१.३.४ अनुगमन गर्ने साधन तथा जैविक सचेतक/संवेदकहरू (Monitoring Tools and Biosensor).

६.१.३.५ प्राकृतिक जीव सम्पदाबाट कीटको व्यवस्थापन (Pest Management through Natural Bioagents and Botanics).

६.१.४ उद्योगः खाद्य प्रशोधन, वन पैदावरमा आधारित उद्योग तथा रसायन जस्ता क्षेत्रमा स्थापित उद्योगहरूको विकास तथा प्रतिस्पर्धात्मकता वृद्धि गर्न जैविक प्रविधिजन्य अनुसन्धानबाट महत्वपूर्ण उपलब्धि हासिल गर्न कार्यक्रम सञ्चालन गरिनेछ । यसमा महत्वका क्षेत्रहरू देहाय बमोजिम हुनेछन्:

६.१.४.१ खाद्यान्न तथा औद्योगिक उत्पादनहरू (Food and Industrial Products)

६.१.४.२ किण्वीकरण उत्पादनहरू (Fermentation Products)

६.१.४.३ जैविक उर्जा (Bio-energy)

६.१.५ डिअक्सिराइवो-न्यूक्लिक एसिड (डी.एन.ए.) प्रविधिः डी.एन.ए. प्रविधिका फाइदाहरू लिन देहायका विषयहरूमा केन्द्रित गरी सञ्चालन गरिनेछन्:

६.१.५.१ अणुगत वर्णशङ्करीकरणमा प्रयोग गर्न जीव वंशाणुको पहिचान र पृथकीकरण (Identification and Isolation of Genes to use in Molecular Hybridization).

६.१.५.२ सङ्कटापन्न तथा व्यापारिक/व्यावसायिक प्रजातिको बहुरूपीय तथा अणुगत नक्साङ्कन अध्ययन (Studies on Polymorphism, Molecular Mapping of Endangered and Commercial Species).

६.१.५.३ प्रजनन् कार्यक्रममा सूचक सहयोगी छनोट र निदानात्मक सरसामानको विकास (Selection of gene for breeding program and development of diagnostic kits).

६.१.५.४ विधि विज्ञानको लागि डी.एन.ए. अभिलेखीकरण (DNA Profiling for Forensic).

६.१.५.५ वंशाणुगत रोगको पहिचान (Diagnosis of Genetic Disease).

६.१.५.६ पितृत्व विश्लेषण, अध्यागमन तथा नागरिकता अभिलेख (Paternity Analysis, Immigration and Citizenship Record).

**६.२ मानव स्रोत विकास**

६.२.१ विभिन्न माध्यमिक विद्यालय, विश्वविद्यालयहरू तथा सम्वद्ध संस्थाहरूमा प्रवेशिका, पूर्व स्नातक, स्नातक तथा स्नातकोत्तर तहहरूमा जैविक प्रविधि र जैविक सूचना प्रणालीको अध्ययन प्रारम्भ गर्न प्रोत्साहन गरिनेछ ।

६.२.२ जैविक प्रविधिको लागि मानवस्रोतको साझा भण्डारको अभिवृद्धि गर्ने उपायहरू अवलम्बन गरिनेछ ।

६.२.३ जैविक प्रविधिको क्षेत्रमा उपयुक्त मानव स्रोतको विकास गर्ने तथा विद्यमान जनशक्तिलाई कायम राखी राख्न तथा नव आगन्तुकहरूलाई आकर्षित गर्न आवश्यक पहल गरिनेछ ।

६.२.४ व्यावसायिक तथा नवीन सीपहरूका सम्बन्धमा वैज्ञानिकहरूलाई आवश्यक अल्पकालीन एवम् दीर्घकालीन तालिम प्रदान गरिनेछ ।

६.२.५ जैविक प्रविधिको क्षेत्रमा स्वदेशी एवम् विदेशी विश्वविद्यालय/संस्थाहरू बीच अध्ययन तथा अनुसन्धानमा सहयोग स्थापित गर्न प्रयासहरू गरिनेछन।

६.२.६ विज्ञानमा तथा प्रविधिमा स्नातकोत्तर, विद्यावारिधिका लागि जैविक प्रविधि तथा सम्बन्धित क्षेत्रमा छात्रवृत्तिहरू उपलब्ध गराइनेछ ।

६.२.७ राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्र र वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा उद्यमशीलता (Entrepreneurship) को सम्वर्द्धन गर्नको लागि कार्यक्रम तथा प्रणालीहरूको विकास गरिनेछ ।

**६.३ आधारभूत संरचना**

६.३.१ मुलुकमा विद्यमान जैविक प्रविधिजन्य अनुसन्धानका पूर्वाधारहरूलाई सुदृढ गर्दै लगिनेछ ।

६.३.२ जैविक प्रविधिगत क्षमताको विकासका लागि सरकारी, अर्धसरकारी, निजी तथा शैक्षिक संस्थाहरूमा आवश्यक संस्थागत पूर्वाधारको विकास गर्न प्रोत्साहित गरिनेछ ।

६.३.३ राष्ट्रिय प्राथमिकता अनुसार अनुसन्धान र तालिम सञ्चालन गर्न राष्ट्रिय जैविक प्रविधि केन्द्रीय प्रयोगशालाको स्थापना गरिनेछ ।

६.३.४ जैविक प्रविधिमा भएका नवीन उन्नतिहरू एवम् उत्तम परम्परागत प्रविधिहरू समावेश भएका जैविक ग्रामको स्थापना गरिनेछ ।

६.३.५ जैविक प्रविधिमा संलग्न अनुसन्धाताहरूलाई आवश्यक उपकरण उपलब्ध गराउन संयन्त्र केन्द्रहरू (Instrumentation Centres) को स्थापना र विकास गरिनेछ ।

## ७. सुविधाहरू

७.१ रसायन तथा उपकरण खरिद कर: जैविक प्रविधि समन्वय समितिको सिफारिसमा जैविक प्रविधिगत उद्योग वा अनुसन्धान संस्थाका लागि रासायनिक पदार्थ तथा उपकरण खरिद गर्दा लाग्ने भन्सार शुल्कमा छुट दिने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ । जैविक प्रविधिगत उद्योग भन्नाले देहायको कुनै क्रियाकलापमा संलग्न उद्योगलाई सम्झनुपर्छ:

७.१.१ जीवित प्रणालीहरू वा इन्जाइम (Enzymes) वा जैविक उत्प्रेरकहरू (Biocatalysts) को प्रयोगबारे अनुसन्धान र विकास तथा तिनको प्रयोगबाट वस्तुहरू उत्पादन गर्ने ।

७.१.२ वंशानुगत इन्जिनियरिङ्ग वा जीवकोष (Cell Culture), सूक्ष्म जीवविज्ञान (Microbiology), जीवरसायन शास्त्र (Biochemistry), अणुगत जीवविज्ञान (MolecuaLr Biology) तन्तु प्रविधि (Tissue Culture) इत्यादि सम्बन्धी प्रविधिको प्रयोग हुने ।

७.२ जैविक प्रविधि विकासको लागि विद्युत् सेवाको आवश्यकता अपरिहार्य हुने भएकाले विद्युतको मूल्यमा अनुदान दिने व्यवस्था गरिनेछ ।

७.३ जैविक ग्राम स्थापित गर्न सरकारले जग्गा उपलब्ध गराउने छ ।

७.४ नेपाल सरकार तथा निजी क्षेत्रको संयुक्त लगानीमा पुँजीगत बजार उपयोग गरी उपक्रम पुँजीकोष (Venture Capital Fund) को स्थापना गरिनेछ ।

७.५ विदेशमा कार्यरत नेपाली नागरिकहरूले यस क्षेत्रमा प्रविधि हस्तान्तरण तथा बजार प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले उनीहरूले आर्जन गरेको विदेशी मुद्रा यस क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

७.६ जैविक प्राविधिज्ञहरू तथा सम्वद्ध उद्योगहरूलाई प्रोत्साहित गर्न पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।

## ८. संस्थागत व्यवस्था

८.१ जैविक प्रविधि सम्बन्धी अनुसन्धान तथा विकास एवम् यस क्षेत्रका लागि आवश्यक जनशक्ति विकास र जैविक प्रविधि विषयको पाठ्यक्रम विकास गर्न जैविक प्रविधि समन्वय समितिको गठन गरिनेछ । यस समितिले निजी क्षेत्रका उद्यमीहरूलाई आफ्नो उत्पादनमा वृद्धि गर्न जैविक प्रविधि ग्रहण गर्न प्रोत्साहन तथा सार्वजनिक सचेतना बढाउने कार्य गर्नेछ ।

**जैविक प्रविधि समन्वय समितिको गठन देहाय बमोजिम हुनेछ :**

| | |
|---|---|
| १. माननीय मन्त्री/राज्यमन्त्री, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | -अध्यक्ष |
| २. माननीय सदस्य, राष्ट्रिय योजना आयोग (जैविक प्रविधि क्षेत्र हेर्ने) | -सदस्य |
| ३. सचिव, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | -सदस्य |
| ४. सचिव, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | -सदस्य |
| ५. सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | -सदस्य |
| ६. सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| ७. सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| ८. सचिव, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| ९. सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय | -सदस्य |
| १०. सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | -सदस्य |
| ११. सचिव, सूचना तथा सञ्चार मन्त्रालय | -सदस्य |
| १२. अध्यक्ष, सम्बन्धित जैविक प्रविधि सङ्घ (एक जना) | -सदस्य |
| १३. शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय | -सदस्य |
| १४. शिक्षाध्यक्ष, अन्य सम्वद्ध विश्वविद्यालय (एक जना) | -सदस्य |
| १५. सचिव, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | -सदस्य |
| १६. अध्यक्ष, कृषि उद्यम केन्द्र | -सदस्य |
| १७. जैविक प्रविधि विशेषज्ञ (चार जना) | -सदस्य |
| १८. उपभोक्ता समूहका प्रतिनिधि (दुई जना) | -सदस्य |
| १९. कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | -सदस्य |
| २०. कार्यकारी निर्देशक, राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्र | - सदस्य-सचिव |

८.२ राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्र वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्रको स्थापना गरिनेछ । यसले देहायका कार्यहरू गर्नेछ :

८.२.१ राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्रले राष्ट्रिय जैविक प्रविधिसम्बन्धी प्राथमिकताहरूको पहिचान गरी प्रस्तुत राष्ट्रिय रणनीति कार्यान्वयन र प्रणालीका विभिन्न अवयवहरू बीचको सहयोग प्रवर्द्धन गर्ने ।

८.२.२ जैविक प्रविधि समन्वय समितिको सचिवालयको रूपमा काम गर्ने, जैविक प्रविधिसम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने वा गराउने, सो नीति तथा योजनाको सुपरिवेक्षण तथा निरीक्षण गर्ने र त्यसमा सघाउ पुऱ्याउने र निजी उद्यमीहरूबाट गरिएका क्रियाकलापहरूलाई नियमन गर्ने ।

८.२.३ जैविक प्रविधि सम्बन्धमा अनुसन्धान तथा विकासको प्रवर्द्धनका लागि जैविक प्रविधि महाशाखा खोल्न सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गर्ने तथा राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्रमा अनुसन्धान प्रयोगशालाहरूको स्थापना गर्ने ।

८.२.४ आर्थिक स्रोत, अन्तर्राष्ट्रिय सम्बन्ध, व्यावसायिक विकास, सार्वजनिक सरोकारका विषयहरू तथा नैतिक विषयहरूको अन्वेषण गर्ने । जैविक प्रविधिमा उपक्रम पुँजी (Venture Capital) को लगानी तथा औद्योगिक साझेदारहरूको खोजी प्रवर्द्धन गर्ने ।

८.२.५ अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सल्लाहकार समूहहरूको सूची तयार गर्ने ।

८.२.६ राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्र अन्तर्गत जैविक प्रविधि वैज्ञानिक समिति गठन गरिनेछ र सो समितिमा जैविक प्रविधिका विभिन्न क्षेत्रहरूको प्रतिनिधित्व गर्ने वैज्ञानिकहरू रहनछन।

## ९. कानुनी व्यवस्था

जैविक प्रविधिका माध्यमबाट हुने कारोवार र यस प्रविधिसँग सम्बन्धित अन्य आवश्यक व्यवस्थाहरूलाई नियमित गर्न तथा बौद्धिक सम्पत्तिसम्बन्धी अधिकारको संरक्षण गर्न आवश्यक कानुनहरूको निर्माण गरिनेछ ।

## १०. नीतिमा संशोधन

जैविक प्रविधिगत क्षेत्रमा भइरहेको द्रुततर विकासको कारणले गर्दा प्रविधिको विकास एवम् सेवा विस्तारको आवश्यकताअनुसार दुई-दुई वर्षमा प्रस्तुत नीतिको पुनरावलोकन गरी संशोधन गर्न सकिनेछ । तर विभिन्न क्षेत्रहरूको सुझावमा सो समयभन्दा अगावै पनि यसलाई पुनरावलोकन गरी आवश्यक संशोधन गर्न सकिनेछ ।

# औद्योगिक नीति, २०६७

## १. पृष्ठभूमि

औद्योगिक क्षेत्रलाई बढावा दिने उद्देश्य सहित औद्योगिक नीति, २०४९ को निर्माण गरिएको थियो। तथापि, सो नीति लागु भएको लामो समय पश्चात् पनि हाम्रो औद्योगिक विकासको स्थितिमा उल्लेखनीय प्रगति हासिल हुन सकेको छैन। छिमेकी मुलुक लगायत विश्वमै तीव्र गतिका साथ औद्योगिक विकासले एकपछि अर्को फड्को मारि रहेको तर नेपालमा औद्योगिक विकासले अपेक्षाकृत गति लिन नसकिरहेको विद्यमान परिवेशमा विगतमा भएका कमी कमजोरीलाई सच्याउँदै द्रुततर औद्योगिक विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तन गर्ने अभिप्रायले समयानुकल नीतिगत सुधारसहित औद्योगिक नीति, २०६७ जारी गरिएको छ। यस नीतिका माध्यमबाट मुलुकमा औद्योगिक विकाससम्बन्धी क्रियाकलापहरूमा बढोत्तरी हुन जाने, व्यापक रूपमा रोजगारीका अवसरहरू सिर्जना हुने र जनताको आयस्तरमा वृद्धि हुन गई अन्ततोगत्वा मुलुकको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान अग्रणी हुने अपेक्षा गरिएको छ।

## २. विगतका प्रयास

औद्योगिक नीति, २०४९ ले परिलक्षित गरेका उद्देश्य हासिल गर्न सर्वप्रथम कृषि क्षेत्रमा अत्यधिक मात्रामा निर्भर रहेको अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा रूपान्तरण गर्नु जरुरी भएकोले औद्योगिक विकास सम्बन्धी सरकारी क्रियाकलापहरूलाई त्यसै दिशा तर्फ केन्द्रित गर्ने प्रयास गरियो। औद्योगिक नीति, २०४९ ले मार्गनिर्देश गरेअनुसार जारी गरिएको औद्योगिक व्यवसाय ऐन, २०४९ ले औद्योगिक विकासलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउन उद्योगहरूको प्राथमिकीकरण एवम् वर्गीकरण गरी विभिन्न वर्ग र क्षेत्रका तोकिए बमोजिमका उद्योगहरूलाई आयकर, बिक्रीकर तथा अन्तःशुल्क आदि जस्ता थप छुट सुविधा तथा सहुलियत उपलब्ध गराई उद्योगहरू फस्टाउने कानुनी आधार तयार गरेको थियो तर पनि विभिन्न कारणले औद्योगिक व्यवसाय ऐन, २०४९ ले प्रदान गरेका सुविधा तथा सहुलियतहरूले निरन्तरता पाउन सकेनन् र ती सुविधा तथा सहुलियतहरूलाई उक्त ऐनमा वि.सं. २०५४ सालमा भएको पहिलो संशोधन, आयकर ऐन, २०५८ र सालवसाली बन्ने आर्थिक ऐनहरूबाट कटौती एवम् खारेज गरीदै लगिएतापनि, औद्योगिक विकासका लागि अन्य आवश्यक संस्थागत एवम् आधारभूत पूर्वाधार सेवा उपलब्ध गराई उद्योगहरूलाई प्रतिस्पर्धी बनाउने प्रयास भने जारी नै रह्यो। यसअनुरूप संस्थागत व्यवस्थातर्फ राष्ट्रिय उत्पादकत्व परिषद्को गठन गरियो भने औद्योगिक पूर्वाधार विकासतर्फ विशेष आर्थिक क्षेत्रको अवधारणालाई अगाडि बढाइयो। यसै सिलसिलामा व्यापार तथा उद्योग स्थापना एवम् सञ्चालनका लागि अनिवार्य रूपमा इजाजतपत्र लिनु पर्ने तत्कालीन व्यवस्थालाई खारेज गर्दै केही तोकिएका उद्योगहरू (वातावरण र जनस्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने तथा हातहतिया र उत्पादनसँग सम्बन्धित) बाहेक अन्य उद्योग धन्दा सञ्चालन गर्न अनुमति लिनु नपर्ने व्यवस्था गरियो। यस व्यवस्थाबाट उद्योग स्थापना तथा सञ्चालनमा सहज एवम् प्रतिस्पर्धी वातावरण निर्माण भई औद्योगिक उत्पादकत्व र रोजगारीका अवसरहरूमा अभिवृद्धि हुने अपेक्षा गरिएको थियो। औद्योगिक विकासमा अझ बढी सहयोग पुऱ्याउन यसै अवधिमा श्रमिकहरूको दक्षता बढाउने, व्यवस्थापन कौशलको अभिवृद्धि गर्ने, नवीनतम् प्रविधिलाई प्रोत्साहन गर्ने, क्षेत्रगत लगानी बढाउने, रुग्ण उद्योगको पुनरुत्थान सम्बन्धी व्यवस्था गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्न तालिम प्रदान गर्ने संस्थागत व्यवस्था तथा उद्योगहरूलाई प्रदान गर्ने सेवा र सुविधाहरूलाई एकै थलोबाट बिना झन्झट प्रदान गर्न आवश्यक संस्थागत व्यवस्था गर्ने जस्ता विविध प्रयासहरू पनि गरिए।

## ३. वर्तमान स्थिति

औद्योगिक विकासका लागि विगतमा सञ्चालन गरिएका विभिन्न प्रयासहरूका बाबजुद देशमा औद्योगिकीकरणले आशातीत गति लिन नसकेको यथार्थ हामी सामु विद्यमान छ। कुल ग्राहस्थ उत्पादनमा

उद्योग क्षेत्रको योगदान १० प्रतिशत पनि पुग्न नसकेको तथ्य हाम्रा सामु चुनौतीका रूपमा खडा छ । देशको अर्थतन्त्र यद्यापि परम्परागत कृषि प्रणाली र विप्रेषण (रेमिटेन्स) मा अत्यधिक निर्भर रहेको छ। देशमा औद्योगिक विकासको पर्याप्त सम्भावना हुदाहुँदै पनि उपयुक्त व्यवस्थापन क्षमताको अभावमा विद्यमान स्रोत, साधन र सम्भावनाहरूको उचित दोहन गर्न सकिएको छैन । यसबाट उपलब्ध कच्चा स्रोत एवम् साधन खेर जानु, विकराल बेरोजगारी र अर्ध-बेरोजगारीको समस्या उत्पन्न हुन गई देशमा विद्यमान श्रमशक्ति न्यून बेतनमा वैदेशिक रोजगारीतर्फ लाग्न बाध्य हुनु जस्ता विविध प्रकारका समस्याहरू राष्ट्रले भोग्नु परिरहेको छ। यसै बीच नेपाल विश्व व्यापार सङ्गठनको पनि सदस्य भएको छ र विश्व बजारसँग यसको आवद्धता विस्तार भएको छ। छिमेकी मुलुकहरूमा भएको तीव्र औद्योगिकीकरण र प्रतिस्पर्धाले नेपाली उद्योगहरूले विश्वव्यापी प्रतिस्पर्धालाई आँकलन गरी उत्पादकत्वमा अभिवृद्धि र व्यावसायिक कुशलताको प्रदर्शन गर्नुपर्ने छ। त्यस्तै नेपाली उद्योगहरूले गुणस्तरमा सुनिश्चितता, व्यावसायिक कारोवारमा पारदर्शिता एवम् बजारको नियमित अध्ययन र पकडमा थप कोसिस गर्नुपर्ने स्थिति भएको छ । सरकारीस्तरबाट उद्योगको संरक्षण गर्ने वातावरण नरहेको हुँदा तालिम, सूचना आदान प्रदान, लगानी मैत्री वातावरणको निर्माण, औद्योगिक मेला, आदि विभिन्न औद्योगिक प्रवर्द्धनका कार्यक्रमहरू मार्फत नेपाली उद्योगहरूलाई बढावा दिनुपर्ने अवस्था छ । त्यसका लागि विद्यमान नीतिमा समयानुकूल परिवर्तन गरी जारी गरिएको यस नीतिको कार्यान्वयनबाट देशमा ठूला उद्योगहरूको स्थापना भई रोजगारी बढ्ने, लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको व्यापक विकास भई स्वरोजगारी बढ्ने, नेपाली श्रम र सीपको उपयोग हुने र देशमा औद्योगिक विकासले गति लिने अपेक्षा गरिएको छ।

## ४. मुख्य समस्या र चुनौती

उद्योग सञ्चालनका लागि राजनीतिक अस्थिरता, औद्योगिक असुरक्षा, असहज श्रम सम्बन्ध, उर्जाको न्यून उपलब्धता, कमजोर औद्योगिक पूर्वाधार सुविधा, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यात योग्य वस्तुहरूको विविधीकरणमा कमी, कमजोर आपूर्ति व्यवस्थापन स्थिति जस्ता पक्ष नेपालको औद्योगिक विकासमा मुख्य समस्याका रूपमा रहेका छन्। त्यस्तै जनमानसमा उद्योग, व्यवसायलाई जीविकोपार्जनको माध्यम बनाउने मनस्थिति र वातावरण नदेखिनु यतिखेरको मुल समस्या हो । स्वदेशमै लगानी गर्ने, आफ्नो पुँजीगत तथा बौद्धिक सम्पत्तिको अधिकतम उपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने र मुलुकमै स्वरोजगारका अवसरहरू बढाउने तथा विश्वासिलो औद्योगिक वातावरण सिर्जना गर्नु हाम्रो साझा राष्ट्रिय चुनौतीका रूपमा रहेका छन् । फलस्वरूप नेपाली श्रम विदेशी बजारमा आकर्षित हुनु, नेपालमा व्यवस्थापन देखि मजदुर तहसम्म दक्ष जनशक्तिको अभाव बढ्दै जानु र नेपालमा भएका महत्वपूर्ण स्रोतहरू त्यत्तिकै उपयोग विहीन अवस्थामा र हनुका कारणले अहिले पनि नेपाली उद्योग क्षेत्रको चुनौती भनेको उद्योग क्षेत्रमा ढुक्क भएर लगानी गर्न सकिने वातावरण बनाउनु नै रहेको छ।

यी समस्याहरूका अतिरिक्त नेपालको भौगोलिक अवस्थिति, भू-धरातलीय बनौट, विश्वभर बढ्दो तीव्र प्रतिस्पर्धात्मक वातावरण, आर्थिक उदारीकरण, विश्वव्यापीकरणको प्रभाव, सूचना तथा सञ्चार प्रविधिको बढ्दो एवम् वदलिँदो भूमिका, वातावरणीय चुनौती जस्ता विषयहरूलाई मध्यनजर गर्दै औद्योगिक र व्यापारिक प्रक्रियाहरू सरल, सहज र पारदर्शी एवम् वैज्ञानिक बनाउनु र देशको वृहत्तर विकासमा औद्योगिक क्षेत्रको भूमिका वृद्धि गर्नु आजको आवश्यकता रहेको छ । साथै, निर्यातयोग्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता विविधीकरण, उत्पादकत्व अभिवृद्धि गर्नु पनि उद्योग क्षेत्रको चुनौतीका रूपमा विद्यमान छन्।

## ५. नयाँ नीतिको आवश्यकता

देशको औद्योगिक विकासको गति अवरुद्ध गर्ने महत्वपूर्ण तत्वहरू देशमा शान्ति तथा सुरक्षाको अवस्था, सरकारी नीति, नियम, कार्यप्रक्रिया र शैली, बजारको उपलब्धता, प्रतिस्पर्धाको स्वरूप, वित्त प्रबन्ध, मजदुर व्यवस्थापन बीचको सम्बन्ध तथा श्रम उत्पादकत्वको अवस्था, औद्योगिक पूर्वाधार विकासको अवस्था, आवश्यक व्यावसायिक सीप र दक्षतायुक्त श्रमशक्तिको उपलब्धता, नवीनतम प्रविधिको उपयोग, नवीनतम आविष्कार र खोजले प्राप्त गर्ने सम्मान र संरक्षण, कच्चा तथा सहायक कच्चा पदार्थको भण्डारण तथा उपलब्धता,

तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान र सो अनुसारको औद्योगिक नीति तथा व्यापार नीतिको अवलम्बन, विदेशी मुलुकको व्यापार नीतिले पार्ने प्रभाव आदि पक्ष तर्फ गहन अध्ययन र अनुसन्धान गरी यथार्थपरक र व्यवहारिक कार्यनीतिक योजना र कार्यक्रमसहित विश्वसनीय औद्योगिक लगानीमैत्री वातावरण तयार गर्नु जरुरी भइसकेको छ । देशमा आएको राजनीतिक परिवर्तनका साथै आर्थिक उदारीकरण एवम् विश्वव्यापीकरणद्वारा सिर्जित अवसर एवम् चुनौती समेतलाई ध्यानमा राखी वि.सं. २०४९ सालमा औद्योगिक नीति र विदेशी लगानी तथा एकद्वार नीति जारी गरिएको थियो । औद्योगिक नीति, २०४९ बाट मुलुकमा औद्योगिक उत्पादन तथा सेवाहरूको वृद्धिलाई प्रोत्साहित गर्ने आधारहरूको विकास गर्न सघाउ पुगेको भएतापनि यसबाट रोजगारी, उत्पादन, निर्यात प्रवर्द्धन एवम् लगानी लगायतका क्षेत्रमा आशातीत सफलता भने हासिल हुन सकेन ।

आर्थिक क्षेत्रमा देखिएका परिवर्तन, सूचना प्रविधिको क्षेत्रमा आएको क्रान्ति, नेपालको बहुपक्षीय, क्षेत्रीय, द्विपक्षीय सन्धि सङ्गठनमा प्रवेश जस्ता विषयहरूबाट औद्योगिक क्षेत्रमा उत्पन्न अवसरहरूको समुचित उपयोग गर्न सेवा उद्योगहरूको अर्थतन्त्रमा बढ्दो भूमिकालाई व्यवस्थित गर्नुका साथै विगतका नीतिगत प्रयासमा समेट्न नसकिएका विषयहरूलाई समावेश गरी उदार र फराकिलो औद्योगिक नीतिको निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ । नेपालका सीमा जोडिएका छिमेकी मुलुकहरूका क्षेत्रहरूमा उद्योगको प्रवर्द्धनका लागि प्रदान गरिएका सुविधा तथा सहुलियतहरू समेतलाई दृष्टिगत गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न, औद्योगिकरण देशको आर्थिक विकासको महत्वपूर्ण संवाहक भएको हुनाले औद्योगिक गतिविधि बढाउनुका साथै औद्योगिक विकासमा सहयोगी हुने प्रविधिगत, भौतिक र मानव संशाधनसम्बन्धी पूर्वाधारहरूको निर्माण गर्न निजी क्षेत्रलाई समेत सहभागी गराउन नयाँ सोच, रणनीति, लक्ष्य र उद्देश्य तथा कार्यान्वयन क्षमता सहितको औद्योगिक नीति आवश्यक भएको छ ।

सेवा उद्योगमा आएको विविधता तथा त्यसबाट सिर्जित अवसरलाई समेत समेटी औद्योगिकीकरणको गतिलाई तीव्रतर पार्न यो नीति तर्जुमा गरिएको छ । यस नीतिमा लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका निमित्त विशेष नीतिगत व्यवस्थासमेत गरिएको छ । त्यस्तै महिला उद्यमीहरूको निमित्त पनि विशेष व्यवस्था गरिएको छ । साथै औद्यौगिक प्रवर्द्धन र विकासका लागि औद्योगिक नीतिको सर्वोच्चता कायम गरी नीतिले प्रदान गरेको सुविधा, सहुलियत तथा प्रवर्द्धनात्मक व्यवस्थामा संकुचन हुनेगरी अन्य नीतिगत एवम् कानुनी व्यवस्था नगर्ने र अनावश्यक हस्तक्षेप नहुने गरी सुनिश्चितता कायम गर्नसमेत आवश्यक भएको छ ।

### ६. दीर्घकालीन लक्ष्य

सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याई गरिबी न्यूनीकरणमा सघाउ पुऱ्याउने ।

### ७. नीतिका प्रमुख उद्देश्य

७.१ गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आय, रोजगारीमा बढोत्तरीसहित औद्योगिक वस्तुको निर्यात बढाउने ।

७.२ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।

७.३ नवीनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रूपमा स्थापित गर्ने ।

७.४ औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सबल लगानीको आधार खडा गरी नेपाललाई दक्षिण एसिया क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रूपमा स्थापित गर्ने ।

७.५ औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने ।

## ८. नीति

**उद्देश्य ७.१ सँग सम्बन्धित नीति (७.१ गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आयर रोजगारी तथा औद्योगिक वस्तुको निर्यात बढाउने।)**

८.१ औद्योगिक वस्तुको निकासी बढाउन सहयोग पुऱ्याई विदेशी मुद्रा आर्जन गर्ने र भुक्तानी सन्तुलनमा सघाउ पुऱ्याइनेछ।

८.२ औद्योगिक वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तर तथा उत्पादकत्व बढाउन राष्ट्रिय एवम् औद्योगिक एकाइको तहमा नयाँ प्रविधिको विकास तथा प्राप्तिलाई प्राथमिकता दिइनेछ।

८.३ सुदृढ औद्योगिक सम्बन्धलाई उद्योग विकासको प्रवल आधार मानी उत्पादकत्व वृद्धि हुनेगरी लचिलो श्रम नीति बनाई रोजगारदाता र श्रमिक बीचको सम्बन्धलाई सुमधुर बनाउन तथा थप रोजगारी सिर्जना र सुनिश्चितता प्रदान गर्ने उद्देश्यले श्रम कानुनले निर्दिष्ट गरेबमोजिम काम नगर्दाको पारिश्रमिक दिनु नपर्ने सिद्धान्त (No pay for no work principle) लाई अङ्गीकार गरिनेछ।

८.४ निर्यातमूलक उद्योग, विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग, प्राथमिकता प्राप्त उद्योग र अति अविकसित, अविकसित र कम विकसित क्षेत्रमा स्थापित उद्योगहरूलाई प्रोत्साहनस्वरूप थप सुविधा एवम् सहुलियत उपलब्ध गराइनेछ।

८.५ विश्वमा नयाँ सम्भावनाको रूपमा अगाडि बढिरहेको औद्योगिक सूचना तथा सञ्चार, उपयुक्त प्रविधि एवम् जैविक प्रविधि (Bio-technology) को क्षेत्रमा अनुसन्धान तथा विकास सम्बन्धी कार्य सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

**उद्देश्य ७.२ सँग सम्बन्धित नीति (७.२ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने।)**

८.६ स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने उद्योगको प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ।

८.७ प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक फाइदा भएका क्षेत्रको पहिचान एवम् उपयोग गरी औद्योगिक आधारलाई बलियो र दिगो बनाइनेछ।

८.८ राष्ट्रिय उद्योगहरूको संरक्षणका लागि नेपालमा कम्तीमा ३० प्रतिशत मूल्य अभिवृद्धि भएको औद्योगिक उत्पादन सरकारी तथा सरकारी स्वामित्व भएको संस्थाले खरिद गर्ने गरी प्रोत्साहनको व्यवस्था गरिनेछ।

**उद्देश्य ७.३ सँग सम्बन्धित नीति (७.३ नवीनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रूपमा स्थापित गर्ने ।)**

८.९ आफ्नै प्रयासमा वातावरणमैत्री प्रविधि एवम् उर्जा वचत गर्ने उद्योगहरूलाई प्राविधिक र आर्थिक सहयोग पुऱ्याइनेछ।

८.१० हरित उद्योगको प्रवर्द्धन तथा स्थापित उद्योगहरूलाई प्रदूषणमुक्त र शून्य कार्बनयुक्त तुल्याउन विशेष उपाय अवलम्बन गरिनेछ।

**उद्देश्य ७.४ सँग सम्बन्धित नीति (७.४ औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सबल लगानीको आधार खडा गरी नेपाललाई सार्क क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रूपमा स्थापित गरिनेछ ।)**

८.११ स्वरोजगारीको अवसर सिर्जना गर्न उद्योग व्यवसायमा सिर्जनशील युवा प्रतिभालाई आकर्षित गर्न औद्योगिक सीप, उद्यमशीलता विकास तथा कुशल औद्योगिक व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका क्रियाकलापलाई अभियानका रूपमा सञ्चालन गरिनेछ।

८.१२ समष्टिगत आर्थिक नीति, राजस्व नीति, स्थानीय कर र अन्य क्षेत्रगत नीति निर्माण तथा परिमार्जन गर्दा औद्योगिक नीतिसँग प्रतिकूल नहुने पद्धति अवलम्बन गरिनेछ र उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलब्ध गराउँदा बहुपक्षीय एवम् क्षेत्रीय सम्झौताका प्रावधानसँग सामञ्जस्यता कायम राखिनेछ।

८.१३ औद्योगिक सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याउनका लागि औद्यौगिक सुरक्षा बल गठन गरी प्रभावकारी तुल्याइनेछ ।

८.१४ वैदेशिक लगानी संरक्षण, विविधीकरण र प्रवर्द्धन गर्न गैर आवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न प्रोत्साहित गरिनेछ र प्रत्यक्ष वैदेशिक लगानी (Foreign Direct Investment) बढी गर्ने मुलुकस्थित नेपाली राजदूतावास तथा नियोगमा औद्योगिक लगानी प्रवर्द्धनका लागि आर्थिक कुटनीतिक एकाईलाई सबल तुल्याइनेछ ।

८.१५ निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा लगानी प्रवर्द्धन कोष, प्रविधि विकास कोष, लघु घरेलु तथा साना उद्योग विकास कोष, रुग्ण उद्योग पुनरुत्थान कोष र गैह्र व्यावसायिक र गैह्र व्यापारिक जोखिम (Non-Business and Non-Commercial Risk) को क्षतिपूर्ति (Compensation) दिन औद्योगिक लगानी संरक्षण कोष (Industrial Investment Protection Fund) को स्थापना तथा सञ्चालन गरिनेछ ।

८.१६ उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलब्ध गराउन लगानी बोर्ड, एकल विन्दू सेवा केन्द्र, औद्योगिक प्रवर्द्धन बोर्ड, औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण, औद्योगिक जनशक्ति विकास प्रतिष्ठान, नेपाल व्यवसाय मञ्च (Nepal Business Forum) जस्ता संस्थागत व्यवस्था गरिनेछ ।

८.१७ उत्पादन प्रक्रियामा अग्र एवम् पृष्ठ सम्बन्ध (Forward and backward linkages) बढाउन सहयोग पुग्ने गरी Contract Manufacturing, Outsourcing, Contracting-out, Franchising, Ancillary/Buy Back जस्ता क्रियाकलापलाई प्रोत्साहित गरिनेछ ।

**उद्देश्य ७.५ सँग सम्बन्धित नीति (७.५ औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने।)**

८.१८ बौद्धिक सम्पत्ति अधिकार संरक्षणको लागि प्रभावकारी निकाय स्थापना गरिनेछ ।

८.१९ बौद्धिक सम्पत्तिको प्रयोग गर्न उद्यमीलाई विशेष प्रोत्साहन दिइनेछ ।

## ९. लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी विशेष नीतिगत व्यवस्था

९.१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारलाई टेवा पुग्ने आवश्यक कानुनी व्यवस्था गर्दै संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माण गरिनेछ ।

९.२ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी बजार पहुँच तथा विस्तारका लागि सक्षम बनाउन हाल रहेको लघु उद्यम, घरेलु तथा साना उद्योग विकास कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ ।

९.३ जिल्लामा उपलब्ध प्राकृतिक स्रोत, मानवीय संसाधन र लगानीका अवसरको आधारमा स्थानीय जिल्ला विकास समिति/नगरपालिका र गाउँ विकास समितिसँगको समन्वयमा जिल्ला उद्यम तथा उद्योग विकास योजना तयार गरी यी निकायहरूसँगको सहकार्यमा चरणगत रूपमा कार्यान्वयन गरिनेछ ।

९.४ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको स्थापना तथा प्रवर्द्धन गर्दा नेपाल सरकारले तोकेको लक्षित समूहलाई विशेष प्राथमिकता दिँदै उत्प्रेरणा तथा उद्यमशीलता विकास तालिमको माध्यमबाट लक्षित समूहमा स्रोत-साधनको सम्भाव्यता र बजारको मागमा आधारित उपयुक्त उद्यमहरूको छनोट गरी त्यस्ता उद्यम सञ्चालन गर्ने क्षमताको विकास गरिनेछ ।

९.५ ग्रामीण क्षेत्रका उत्पादनमूलक उद्योगहरूलाई व्यवसाय विकास सेवा (Business Development Service-BDS) पुऱ्याउन सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गरी औद्योगिक केन्द्रहरू (Industrial Clusters) को विकास गरिनेछ ।

९.६ एक गाउँ एक उत्पादन (One Village One Product) को अवधारणा अनुसार स्थानीयस्तरमा सबै भन्दा बढी सम्भाव्य देखिएका स्रोत र साधनको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गर्न वस्तु विकास केन्द्र (Product Development Centres) हरू स्थापना गर्दै थप समूहगत औद्योगिक केन्द्रहरू (Product Specific Industrial Clusters) को माध्यमबाट औद्योगिक प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ ।

९.७ लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गर्न औद्योगिक पूर्वाधार विकास गर्ने कार्यमा अग्रसरता देखाउने स्थानीय निकायलाई खर्चको अनुपातमा अनुदान रकम वृद्धि गर्ने व्यवस्था मिलाइनेछ।

९.८ सामूहिक चिन्ह (Collective Mark) को उपयोगद्वारा लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको उत्पादनको पहिचान कायम गराई यिनीहरूको प्रवर्द्धनका लागि सहयोग गरिनेछ ।

९.९ लघु उद्यम, घरेलु तथा साना उद्योगमा बौद्धिक सम्पत्ति संरक्षणको लागि एकीकृत र सक्षम संस्थागत व्यवस्था गरी यसको समुचित संरक्षण र उपयोगलाई प्रोत्साहन गरिनेछ ।

९.१० लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादन तथा बजार प्रवर्द्धनका लागि उपयुक्त सूचना प्रविधि (Information Technology) को प्रयोगको लागि विशेष व्यवस्था गरिनेछ ।

## १०. रणनीति

**उद्देश्य ७.१ सँग सम्बन्धित रणनीति (७.१ गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आयर रोजगारी तथा औद्योगिक वस्तुको निर्यात बढाउने।)**

१०.१ व्यवस्थापकीय क्षमता, सिर्जनशीलता, ज्ञान एवम् सीपको अभिवृद्धि र उपयुक्त प्रविधिको उपयोगद्वारा उद्योग क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बढाइनेछ ।

१०.२ सार्वजनिक निजी सहकार्यका आधारमा निर्यातमूलक उद्योगको स्थापनाका लागि प्रोत्साहन दिन सुविधा सम्पन्न विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को स्थापना गरिनेछ ।

१०.३ नेपाल गुणस्तर तथा नापतौल विभागको संस्थागत विस्तार एवम् सुदृढीकरण गरिनेछ र नेपाल गुणस्तर चिन्हलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको तुल्याई त्यस्ता चिन्हको प्रयोग गर्न उद्योगलाई प्रोत्साहन गरिनेछ ।

१०.४ श्रमिकको उत्पादकत्व क्षमता अभिवृद्धि, थप रोजगारी सिर्जना गर्न श्रम सम्बन्धी कानुनलाई उद्देश्यपरक रूपमा लचिलो तुल्याइनेछ ।

१०.५ भन्सार महसुल (बाउण्ड रेटभित्र रहेर) एण्टी डम्पिङ्ग शुल्क (Anti-dumping Duty)/ समीकारक शुल्क (Counterveiling Duty) को माध्यमबाट उद्योगलाई संरक्षण प्रदान गरिनेछ ।

१०.६ छिमेकी मुलुकहरू भारत तथा चीनमा द्रुततर विस्तार भइरहेको बजार र व्यापार सन्तुलन (Trade Balance) को सुधारसमेतलाई ध्यानमा राखी उद्योगहरूको विकास गरिनेछ। यी बजारहरूमा पहुँचको लागि ती देशहरूसँग आवश्यक सम्झौता गर्न वा भइरहेको सम्झौतामा परिमार्जन गर्न पहल गरिनेछ।

१०.७ बहुपक्षीय, क्षेत्रीय एवम् द्विपक्षीय सन्धि सम्झौतालाई देशको अवस्था, वस्तुस्थिति र आवश्यकतासँग मेल खाने गरी सोका प्रावधानहरूलाई प्रभावकारी रूपले कार्यान्वयन गरिनेछ ।

१०.८ मुलुकभित्र उद्योगहरू बीच अग्र-पृष्ठ सम्बन्ध (forward-backward linkages) अभिवृद्धिलाई बढवा दिई दिगो औद्योगिक विकास गर्न मुलुकभित्र गरिएको मूल्य अभिवृद्धिको आधारमा सुविधा पाउने व्यवस्था गरिनेछ ।

१०.९ सरकारी स्वामित्वमा रहेका उद्योगहरूलाई व्यावसायिक रूपमा सञ्चालन गरिनेछ ।

**उद्देश्य ७.२ सँग सम्बन्धित रणनीति (७.२ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने।)**

१०.१० भौगोलिक विकटता एवम् कम आयस्तर भएका तोकिएका अविकसित क्षेत्रमा स्थापना हुने उद्योग, विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योग, निर्यात प्रवर्द्धन उद्योग, तोकिएको वा सोभन्दा बढी सङ्ख्यामा प्रत्यक्ष रोजगारी दिने उद्योगहरूलाई थप सुविधा तथा सहुलियत उपलब्ध गराउनेछ ।

१०.११ प्रत्येक जिल्लाको औद्योगिक प्रोफाइल तयार गरिनेछ र परम्परागत सीप तथा स्थानीय कच्चा पदार्थको उपलब्धताको आधारमा सम्भाव्यता हेरी “एक गाउँ एक उत्पादन” को अवधारणा अनुरूप औद्योगिक ग्रामको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

१०.१२ ग्रामीण क्षेत्रमा कृषि, गैह्र काष्ठ वनजन्य पदार्थमा आधारित वस्तु, पशुपालन, दुग्ध उद्योग, पन्छीपालन, फलफूल तथा जडीबुटीमा आधारित उद्योगलाई प्रविधि, बजार, सीप र अनुसन्धानमा सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गर्नेछ ।

१०.१३ कर्णाली कोरिडोरमा उद्योग विकास गर्न विशेष सुविधाको प्याकेज लागु गरिनेछ ।

१०.१४ स्थानीय निकायसँग समन्वय गरी औद्योगिक प्रयोजनको लागि भू-उपयोग योजना तर्जुमा गरिनेछ । यस्तो योजनाको आधारमा औद्योगिक स्थल, Industrial Corridor, Industrial Cluster तथा ग्रामको विकास गरिनेछ । औद्योगिक क्षेत्र र मानव बस्तीबीच निश्चित मध्यवर्ती क्षेत्र (Buffer Zone) कायम गरी व्यवस्थित रूपमा बस्ती विकास गर्ने रणनीति अवलम्बन गरिनेछ ।

१०.१५ कृषि उद्योग र निकासीलाई समन्वय गरी मुलुकमा उपलब्ध कच्चापदार्थमा आधारित उद्योगहरूको विकास गरिनेछ ।

१०.१६ देशका विभिन्न स्थानमा खास गरी दुर्गम तथा पहाडी क्षेत्रमा सहकारीमार्फत जडीबुटी तथा फलफूल प्रशोधन उद्योगहरू सञ्चालन गर्न विशेष कार्ययोजना ल्याइनेछ ।

**उद्देश्य ७.३ सँग सम्बन्धित रणनीति (७.३ नवीनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रूपमा स्थापित गर्ने ।)**

१०.१७ औद्योगिक अनुसन्धान तथा विकास, वातावरण संरक्षण र स्वच्छ उत्पादन प्रविधि तथा प्रक्रियाको प्रयोगमा सघाउ पुऱ्याउन सहुलियत तथा सुविधाको व्यवस्था गर्नेछ ।

**उद्देश्य ७.४ सँग सम्बन्धित रणनीति (७.४ औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सबल लगानीको आधार खडा गरी नेपाललाई सार्क क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रूपमा स्थापित गर्ने।)**

१०.१८ रुग्ण उद्योगको पुनरुत्थान तथा पुनर्निर्माणका लागि अधिकार सम्पन्न विशेष संयन्त्र निर्माण गरिनेछ।

१०.१९ निजी तथा सहकारी क्षेत्रको पुँजी लगानीलाई औद्योगिक विकासको मुल आधारस्तम्भको रूपमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२० उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तार र बहिर्गमन एवम् उद्योगले पाउने सुविधाका सम्बन्धमा सरल एवम् पारदर्शी समयसीमा अनुरूप तोकिएको समयभित्र सरल प्रक्रियाद्वारा सुविधा तथा सहुलियत पाउने व्यवस्था सुनिश्चित गर्न "एकल विन्दु सेवा केन्द्र" स्थापना गरी प्रभावकारी बनाइनेछ ।

१०.२१ औद्योगिक प्रवर्द्धन एवम् प्रशासनमा कार्यरत निकायहरूका बीच प्रभावकारी समन्वय कायम गरी प्रशासनिक प्रक्रियाहरूलाई सरल तुल्याइनेछ ।

१०.२२ औद्योगिक लगानी प्रवर्द्धन गर्न सरकारले सहजकर्ताको भूमिका निभाउनेछ ।

१०.२३ हाल कार्यरत एकद्वार समितिको कार्य सम्पादनमा परेका कठिनाइहरूलाई हटाउने गरी एकल बिन्दु सेवा केन्द्रलाई अधिकार सम्पन्न बनाई सेवा प्रवाहमा प्रभावकारिता ल्याउने गरी काम कर्तव्य सुनिश्चित गरिनेछ ।

१०.२४ सरकारले सञ्चालन गर्ने औद्योगिक विषयका अनुसन्धान र सीप विकास तालिमलाई उपलब्धिमूलक बनाउन त्यस्ता कार्यक्रमहरूलाई एकीकृत गरिनेछ ।

१०.२५ सहकारी संस्थाले स्थापना गर्ने उद्योगहरूलाई कर सहुलियतको माध्यमबाट प्रोत्साहन गरिनेछ ।

१०.२६ सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीको अवधारणालाई अङ्गीकार गरी कार्यकुशलता बढाउनका लागि उद्योग मन्त्रालय अन्तर्गत गठन हुने समिति, प्राधिकरण, बोर्ड आदि निकायहरूमा निजी क्षेत्रको साथै सहकारी क्षेत्रका व्यावसायिक व्यक्तिहरूको पनि संलग्नता गराइनेछ ।

१०.२७ उद्योग व्यवसायमा परेको समस्याको सुनुवाइ गरी समस्या समाधानको लागि पहल गर्न उद्योग मन्त्रालयमा एउटा छुट्टै अधिकार सम्पन्न उच्चस्तरीय एकाइको व्यवस्था गरिनेछ ।

१०.२८ औद्योगिक व्यवसाय वन्द गर्न पाउने गरी सरल र सहज वहिर्गमनको व्यवस्था गरिनेछ र वहिर्गमन सम्बन्धी निवेदन परेको ३ महिनाभित्र आदेश दिई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२९ निजीस्तरमा निर्माण हुने औद्योगिक क्षेत्र तथा निजी उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउनका लागि कानुनी व्यवस्थालाई सरल तुल्याउने र सरकारको स्वामित्वमा रहेको जग्गा त्यस्ता औद्योगिक क्षेत्रका लागि लिजमा उपलब्ध गराइनेछ ।

१०.३० जल विद्युत् आयोजना, खानीजन्य उद्योग, पर्यटन, भौतिक पूर्वाधार निर्माणमा स्वदेशी एवम् विदेशी पुँजीलाई आर्कषण गर्न आवश्यक संस्थागत, नीतिगत सुधारका साथै प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

१०.३१ Product Outsourcing का लागि आवश्यक हुने करार (Sub-Contracting) कानुनको व्यवस्था गरिनेछ।

१०.३२ नयाँ नयाँ क्षेत्रमा नयाँ प्रविधि सहितको लगानी प्रोत्साहन गर्न उद्योग व्यवसायले अनुसन्धान र विकास (Research & Development) मा गरेको खर्चलाई आयकरयोग्य रकमबाट कट्टा गर्न पाउने व्यवस्था मिलाइनेछ।

१०.३३ औद्योगिक र व्यापारिक विषय सम्बद्ध विवादको सम्बोधन गर्न वाणिज्य इजलासहरूको सङ्ख्या बढाइनेछ।

१०.३४ छिमेकी मुलुक लगायत विश्वका अन्य मुलुकका औद्योगिक नीति तथा विदेशी लगानी नीतिको अध्ययन गरी सो आधारमा नेपालले अवलम्बन गर्नुपर्ने नीति एवम् रणनीतिको सिफारिस गर्न विशेषज्ञ समूहको गठन गरिनेछ।

१०.३५ औद्योगिक प्रतिष्ठानहरूको कानुनी दायित्वलाई सीमित गर्ने अवधारणालाई आत्मसात् गरी सोही अनुरूप बहिर्गमन, कर्जा प्रवाह तथा असुली प्रक्रियासँग सामञ्जस्य कायम हुनेगरी आवश्यक कानुनी सुधार गर्ने।

१०.३६ विभिन्न औद्योगिक क्षेत्र तथा औद्योगिक कोरिडरहरूमा स्थानीय नगरपालिकासँग समन्वय गरी आधुनिक अग्नी नियन्त्रण यन्त्रको व्यवस्था गरिनेछ।

१०.३७ औद्योगिक क्षेत्र, औद्योगिक कोरिडर लगायतका उद्योग प्रतिष्ठानलाई प्राथमिकता दिई विद्युत् आपूर्ति गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

**उद्देश्य ७.५ सँग सम्बन्धित रणनीति (७.५ औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने।)**

१०.३८ आफ्नो नियन्त्रण र स्वामित्वमा भएको ट्रेडमार्क प्रयोग गरी अन्य उद्योगबाट समेत सोही ट्रेडमार्कमा करार वा पुनः करारमा वस्तु उत्पादन गराउन सकिने व्यवस्था गरिनेछ।

१०.३९ कुनै उद्योगले स्वदेशभित्र वा विदेशमा अवस्थित अर्को उद्योगको लागि करारमा माध्यमिक वस्तु उत्पादन गर्न सक्ने व्यवस्था मिलाइनेछ।

१०.४० बौद्धिक सम्पत्ति अधिकारको सबै विधालाई एकीकृत गरी बौद्धिक सम्पत्ति संरक्षण, नियमन र व्यवस्थापनका लागि छुट्टै सक्षम प्राधिकरण स्थापना गरिनेछ।

## ११. लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी विशेष रणनीति

११.१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारको कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालन समेतको माध्यमबाट गर्ने गरी प्राथमिकताको आधारमा स्थान र लक्षित समूहको पहिचान गरिनेछ।

११.२ लघु तथा घरेलु उद्यमीहरूलाई सम्भव भएसम्म समूहमा आवद्ध गरी उद्यमशीलता तथा सीप विकास तालिम, उपयुक्त प्रविधिको छनोट, उत्पादन व्यवस्थापन, पुँजीमा पहुँच र बजार व्यवस्थापनमा समेत सहयोग पुऱ्याउन "एकीकृत व्यवसाय विकास सेवा" प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

११.३ लघु उद्यमी, घरेलु तथा साना उद्योगीहरूलाई बजार मागमा आधारित गुणस्तरीय वस्तु उत्पादन गर्न क्षमता विकास तथा उत्पादकत्व अभिवृद्धि गरी प्रतिस्पर्धी बन्न प्रोत्साहित गरिनेछ।

११.४ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई लघु घरेलु तथा साना उद्योग विकास कोष, ग्रामीण स्वावलम्बन कोष, Equity Fund, Credit Guarantee Fund लगायत विभिन्न कोषहरूमार्फत वित्तीय पहुँचको व्यवस्था गरिनेछ।

११.५ सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योग ग्रामहरूमा रहेका उद्योगहरूबाट उत्पादित हुने वस्तुहरूको छुट्टै पहिचानका लागि सामूहिक चिह्न (कलेक्टीभ मार्क) दर्ता गराई यसको प्रयोगबाट बजार प्रवर्द्धन गर्न सहयोग पुऱ्याइनेछ।

११.६ “एक गाउँ एक उत्पादन” (One Village One Product) कार्यक्रमलाई अभियानको रूपमा अगाडि बढाइनेछ ।

११.७ लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासका लागि आवश्यक हुने पुँजी निर्माण गर्नको निमित्त त्यस्ता उद्यमीहरूलाई वचत गर्न प्रोत्साहित गरी बहुउद्देश्यीय सहकारीमा आवद्ध हुन उत्प्रेरित गरिनेछ ।

११.८ लघु उद्यम, घरेलु तथा साना उद्योगको समुचित विकासका लागि यस्ता उद्योगहरूको प्रतिनिधिमूलक संस्थाहरू मार्फत समेत प्राविधिक, परामर्श तथा अनुगमन सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। यस प्रयोजनका लागि छाता संस्थाहरूको संस्थागत विकासको लागि प्रोत्साहन गरिनेछ ।

११.९ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तु वा सेवाको बजार प्रवर्द्धन गरिनेछ । मझौला तथा ठूला उद्योगहरूसँग पृष्ठ (Backward)/अग्र (Forward) अन्तरसम्बन्ध (Linkages) कायम गराई ठूला तथा मझौला उद्योगहरूले प्रयोग गर्ने सहायक वस्तुहरू उत्पादन गर्ने गरी लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई सहायक उद्योग (Ancillary Industries) को रूपमा विकास गरी उत्पादन गराउने व्यवस्था गरिनेछ ।

११.१० लघु उद्यम र घरेलु उद्योगको उत्पादनको बजार प्रवर्द्धनमा सहयोग पुर्‍याउन निजी क्षेत्र, सहकारी क्षेत्र र स्थानीय निकायहरूको संलग्नतामा विभिन्न तहमा बिक्री केन्द्र तथा कोसेली घरहरूको स्थापना र विकासमा जोड दिइनेछ ।

११.११ लघु उद्यम, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुहरूको निर्यात प्रवर्द्धन गर्ने प्रयोजनका लागि जारी गरिएको “निर्यात गृहको स्थापना तथा सञ्चालन आदेश, २०६१” लाई परिमार्जन सहित प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

११.१२ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि सूचना प्रविधि (Information Technology) को उपयोग गर्न सहकारी तथा निजी क्षेत्रसमेतको सहभागितामा विभिन्न तहमा सूचना प्रविधि केन्द्र (Information Technology Hub) हरू सञ्चालनमा ल्याइनेछन् । यी केन्द्र (Hub) हरूमार्फत सञ्चारका सबै माध्यमहरू (छापा, रेडियो, टेलिभिजन, इन्टरनेट आदि) प्रयोग गरी लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासका लागि आवश्यक हुने सबै पृष्ठ (Backward)/अग्र (Forward) सूचनाहरू सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।

११.१३ लघु उद्यम, घरेलु तथा साना उद्योगको औद्योगिक सम्पत्ति संरक्षण गर्नुका साथै त्यसो गर्दा लाग्ने दस्तुरमा सहुलियत प्रदान गरिनेछ ।

११.१४ लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादनको बिक्रीलाई प्रोत्साहन गर्न सरकारी तथा गैरसरकारी निकायहरूलाई यस्ता वस्तु खरिद गर्न प्रोत्साहित गरिनेछ ।

११.१५ कृषि, वन, पर्यटन र खानीमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्न विद्यमान कृषि, वन, पर्यटन र खानी नीति तथा ऐनको अधीनमा रही कच्चा पदार्थ सङ्कलन वा उत्खनन् तथा आपूर्ति व्यवस्थालाई सरलीकृत गरिनेछ ।

११.१६ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन र विकास गर्न सरकारी, सहकारी र निजी क्षेत्रसमेतको साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

११.१७ लघु उद्यम र घरेलु उद्योगहरूमा हुने लगानी नेपाली नागरिकका लागि आरक्षण गर्ने तर प्रविधि तथा बजार प्रवर्द्धन सेवा उपलब्ध गराउन भने विदेशी लगानीकर्तालाई प्रोत्साहन गरिनेछ ।

११.१८ लघु उद्यम, घरेलु तथा साना उद्योगलाई प्रदान गरिने सेवा, सुविधा र सहुलियतहरू एउटै थलोबाट उपलब्ध गराइनेछ ।

११.१९ उद्योगहरूलाई प्रदान गरिने व्यवसाय विकास सेवा (BDS) का लागि व्यवसाय विकास सेवाप्रदायक (Business Development Service Provider- BDSP) संस्थाहरूको सेवा लिने व्यवस्था गरिनेछ । यसका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

११.२० निजी क्षेत्रका छाता संस्था नेपाल घरेलु तथा साना उद्योग महासङ्घ, नेपाल उद्योग वाणिज्य महासङ्घ र राष्ट्रिय लघु उद्यमी समूह सङ्घ लगायतका संस्थाहरूसँगको सहकार्यमा विशेष गरी कृषि र गैरकाष्ठ वनजन्य कच्चा पदार्थ र प्रविधिमा आधारित व्यवसाय सम्वर्द्धन केन्द्रहरू (Business Incubation Center) सञ्चालनमा ल्याइनेछ।

११.२१ व्यवसाय सम्वर्द्धन सेवा (Business Incubation Service) मार्फत लघु उद्यम, घरेलु तथा साना उद्योगहरूमा प्रतिभाशाली सिर्जनशील युवा र महिलालाई आकर्षित गर्न विशेष व्यवस्था गरिनेछ।

११.२२ व्यवसाय सम्वर्द्धन सेवा (Business Incubation Service) को चरण पार गरेका उद्यमीहरूका लागि उद्योग सञ्चालनमा सहयोग पुऱ्याउन Angel Fund/Venture Capital Fund को व्यवस्था गरी उनीहरू मार्फत रोजगारी सिर्जनाको कार्यक्रम अगाडि बढाइनेछ।

११.२३ निजी क्षेत्रका छाता संस्था नेपाल घरेलु तथा साना उद्योग महासङ्घ, नेपाल उद्योग वाणिज्य महासङ्घ र राष्ट्रिय लघु उद्यमी समूहसङ्घ लगायत अन्य राष्ट्रियस्तरका वस्तुगत संस्थाहरूसँगका सहकार्यमा सम्भाव्यता तथा प्राथमिकताको आधारमा विभिन्न स्थानमा क्षेत्रीयस्तरका लघु उद्यम, घरेलु तथा साना औद्योगिक ग्राम तथा वस्तु विकास केन्द्र (Product Development Centers) स्थापना गरिनेछ।

११.२४ लघु उद्यमीहरूलाई एकीकृत रूपमा सेवा प्रदान गर्न र उनीहरूको उत्पादन तथा बजार सेवाका लागि आवश्यक हुने पूर्वाधारमा सहयोग पुऱ्याउन उपयुक्त स्थानहरूमा सामुदायिक/साझा सेवा केन्द्रहरू स्थापना गरिनेछ।

११.२५ लघु, घरेलु तथा साना स्तरका महिला उद्यमीहरूलाई बैंकिङ्ग तथा सहकारी संस्थामार्फत सरल र सुलभ तरिकाबाट समूहगत ऋण प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

## १२. औद्योगिक व्यवसायको परिभाषा र वर्गीकरण

१२.१ परिभाषा: कुनै व्यक्ति, फर्म वा कम्पनीले आयआर्जन गर्ने उद्देश्य लिई वस्तु उत्पादन वा सेवा प्रदान गर्ने आर्थिक क्रियाकलापलाई यस नीतिको प्रयोजनको लागि औद्योगिक व्यवसाय मानिनेछ।

१२.२ औद्योगिक व्यवसायलाई उत्पादन प्रकृति तथा सेवाको आधारमा देहाय बमोजिम वर्गीकरण गरिएको छ:

१२.२.१ कृषि तथा वनपैदावारमा आधारित उद्योग: कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट उत्पादित वा प्रशोधित अनुसूची-१ मा उल्लेख गरिएका व्यवसायहरू,

१२.२.२ उत्पादनमूलक उद्योग: तोकिए बमोजिमको मूल्य अभिवृद्धि गरी कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थ वा खेर गइरहेको वस्तु प्रयोग गरी वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग,

१२.२.३ निकासीमूलक उद्योग: आफ्नो कुल उत्पादनको ५१ प्रतिशत वा सो भन्दा बढी मात्रा विदेशमा निर्यात गर्ने उद्योग,

१२.२.४ उर्जामूलक उद्योग: जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल तथा ग्याँस, वायो ग्याँस तथा अन्य स्रोतबाट उर्जा पैदा गर्ने उद्योग,

१२.२.५ खानीजन्य उद्योग: धातु तथा अधातु खनिज (Metallic and Non-Metallic Minerals) उत्खनन तथा प्रशोधन गर्ने उद्योग,

१२.२.६ पर्यटन उद्योग: पर्यटकहरूलाई सेवा पुऱ्याउने अनुसूची-२ मा उल्लेख गरिएका व्यवसायहरू,

१२.२.७ निर्माण उद्योग: भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-३ मा उल्लेख गरिएका व्यवसायहरू,

१२.२.८ सूचना तथा सञ्चार प्रविधि उद्योग: सूचना सङ्कलन, प्रशोधन र प्रसारणको लागि प्रविधि प्रयोग गरी सूचना, ज्ञान तथा सञ्चार सेवा पुऱ्याउने अनुसूची-४ मा उल्लेख गरिएका औद्योगिक व्यवसायहरू,

१२.२.९ सेवा उद्योग (Service Industries)

**अनुसूची-५ मा उल्लेख गरिएका उद्योग व्यवसायहरू,**

१२.३ लगानी र प्रकृतिको आधारमा अनुसूचीको वर्गीकरण देहाय बमोजिम गरिएको छ :-

१२.३.१ लघु उद्यम (Micro Enterprises): यस नीतिको प्रयोजनको लागि लघु उद्यम भन्नाले देहायका सर्त पूरा गरेको व्यवसाय सम्झनु पर्छ:

- घर जग्गा बाहेक बढीमा दुई लाख रुपैयाँसम्म स्थिर पुँजी लगानी हुने,
- उद्यमी स्वयं व्यवस्थापनमा संलग्न रहेको,
- उद्यमी समेत ९ जनासम्म कामदार रहेको,
- वार्षिक आर्थिक कारोवार २० लाख रुपैयाँ भन्दा कम रहेको, र
- इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत् मोटर वा अन्य तेल इन्जिन शक्ति क्षमता १० किलोवाट भन्दा कम भएको ।

**स्पष्टीकरण**: माथि उल्लिखित सर्तहरू पूरा गरे तापनि अनुमति लिनुपर्ने उद्योग व्यवसाय, मदिरा, वियर, चुरोट विडी वा अन्य सूर्तीजन्य वस्तु उत्पादन वा प्रयोग हुने व्यवसायलाई लघु उद्यम मानिनेछैन । त्यसैगरी एकपटक लघु उद्यम व्यवसायको रूपमा दर्ता भएका उद्यमले अन्य उद्योगका रूपमा स्तरोन्नति गरेमा सो उद्यम लघु उद्यमको वर्गमा रहने छैन ।

१२.३.२ परम्परागत तथा अन्य घरेलु उद्योग (Traditional and Other Cottage Industries): परम्परागत सीप र प्रविधि प्रयोग गर्ने, स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधिमा आधारित औजार उपकरण उपयोग गर्ने, देशको कला र संस्कृतिसँग सम्वद्ध र १० किलोवाटसम्म विद्युत् शक्ति प्रयोग गर्ने अनुसूची-६ मा उल्लेख गरिएका उद्योग व्यवसाय,

१२.३.३ साना उद्योग (Small Scale Industries): लघु उद्यम र परम्परागत तथा अन्य घरेलु उद्योग बाहेक पाँच करोड रुपैयाँसम्म स्थिर जेथा भएका औद्योगिक व्यवसाय,

१२.३.४ मझौला उद्योग (Medium Scale Industies): पाँच करोड भन्दा बढी पन्ध्र करोड रुपैयाँसम्म स्थिर जेथा भएका औद्योगिक व्यवसाय,

१२.३.५ ठूला उद्योग (Large Scale Industries): पन्ध्र करोड रुपैयाँ भन्दा बढी स्थिर जेथा भएका औद्योगिक व्यवसाय,

**स्पष्टीकरण :**

१) माथि उल्लिखित उद्योगहरूको स्थिर जेथा भन्नाले देहायका चल वा अचल सम्पत्तिहरू पर्नेछन् ।
 (क) जमिन र जमिन सुधार (जस्तै जमिन सम्याउने, पुर्ने, पर्खाल लगाउने जस्ता कार्यहरू),
 (ख) स्थानीय भौतिक पूर्वाधारहरू (जस्तैः ढल निकास, आन्तरिक सडक),
 (ग) कार्यालय, कारखाना भवन, गोदाम घर, विद्युत् वितरण, पानी वितरण व्यवस्था तथा आवास भवनहरू,
 (घ) यन्त्र, उपकरण तथा औजारहरू,
 (ङ) परिवहनका साधनहरू,
 (च) विद्युत, उपकरण तथा कार्यालय उपकरणहरू,
 (छ) फर्निचर, फिक्स्चर तथा फर्निसिङ्ग, सञ्चार व्यवस्था तथा उपकरणहरू,

२) उपदफा (१) मा उल्लिखित सम्पत्तिहरूको अतिरिक्त उद्योगमा लगानी हुनु भन्दा अघि वा निर्माण चरणको विभिन्न अवस्थामा हुने वा भएको पुँजीकृत गरिने प्राविधिक परामर्श र सुपरिवेक्षण खर्च, पूर्व लगानी र पूर्व सञ्चालन खर्च तथा निर्माण अवधिको पुँजीकृत हुने ब्याज समेतलाई उद्योगको स्थिर जेथा भनिनेछ ।

## १३. प्राथमिकता प्राप्त उद्योग

१३.१ अनुसूची-७ मा उल्लेख भएबमोजिमका उद्योगलाई प्राथमिकताप्राप्त उद्योगको रूपमा तोकिएको छ ।

१३.२ प्राथमिकताप्राप्त उद्योगको सूचीलाई प्रत्येक ५ वर्षमा पुनरावलोकन गरिनेछ । साथै औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिसमा नेपाल सरकारले आवश्यकताअनुसार सूचीमा थपघट गर्न सक्नेछ ।

## १४. अनुमति (Permission)

१४.१ सुरक्षा, जनस्वास्थ्य तथा वातावरणमा प्रतिकुल असर पार्ने अनुसूची८ मा उल्लेख भएका उद्योगहरू बाहेक अरू उद्योगको स्थापना, विस्तार विविधीकरण तथा आधुनिकीकरण गर्नको लागि अनुमति लिनुपर्ने छैन ।

१४.२ उद्योग विभागबाट अनुमति लिनुपर्ने उद्योगहरूको हकमा निवेदन परेको मितिले ३० दिनभित्र विभागले अनुमति दिनेछ । अनुमति दिन नसकिने कारण परेमा म्याद सकिएको ३ दिनभित्र अनुमति नदिनुको कारण खुलाई निवेदकलाई जानकारी दिनुपर्नेछ ।

१४.३ अनुमति प्राप्त गर्नेले अनुमतिपत्रमा उल्लिखित सर्तको पालन गरी सोही अनुमतिपत्रमा तोकिएको अवधिभित्र उद्योग व्यवसाय सञ्चालन गरी सक्नु पर्नेछ । मनासिव कारण परेमा बाहेक तोकिएको अवधिमा उद्योग सञ्चालन नगरेमा वा सर्त पालन नगरेमा अनुमति खारेज गरिनेछ ।

१४.४ उद्योग व्यवसायमा विदेशी लगानी गर्दा प्रचलित कानुनबमोजिम स्वीकृति लिनुपर्नेछ ।

## १५. दर्ता

१५.१ लघु उद्यम र परम्परागत घरेलु उद्योगले सञ्चालन गरेको एक महिनाभित्र संक्षिप्त विवरण सहित स्थानीय निकायमा जानकारी दिनु पर्नेछ । यस्तो जानकारीको अभिलेख स्थानीय निकायले राख्नेछ ।

१५.२ अनुमति लिनु नपर्ने अन्य उद्योगले रीतपूर्वक आवेदन दिएको मितिले १५ दिनभित्र सम्बन्धित निकायले उद्योग दर्ता गरी दिनेछ । कुनै कारणबाट उद्योग दर्ता हुन नसक्ने भएमा त्यस्तो निकायले सोको कारण खुलाई निवेदकलाई ३ दिनभित्र जानकारी गराउनु पर्नेछ ।

१५.३ अनुसूची-८ मा उल्लेख भएका अनुमति लिनु पर्ने उद्योग र अनुमति लिनु नपर्ने अन्य उद्योगको दर्ता उद्योगको प्रकृति तथा क्षमताअनुसार वातावरण संरक्षण ऐन तथा वातावरण संरक्षण नियमावलीले तोकेबमोजिम प्रारम्भिक वातावरण परीक्षण (Initial Environment Examination-IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment-EIA) प्रतिवेदन उद्योग दर्ता गर्ने निकायमा पेस गर्नु पर्नेछ ।

१५.४ उद्योग दर्ता गर्ने निकायले आवधिक रूपमा उद्योगको स्थितिबारे अनुगमन गरी उद्योगले चाहेमा परामर्श दिइ सञ्चालनको लागि सघाउ पुऱ्याउनेछ । मनासिव कारण बाहेक तोकिएको अवधिभित्र उद्योग सञ्चालनमा आएको रहेनछ भने दर्ताअनुमति खारेज गरिनेछ ।

१५.५ नेपाल सरकारले प्रारम्भिक वातावरण परीक्षण (Initial Environment Examination-IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment-EIA) सम्बन्धी क्षेत्रगत (Sectoral) मापदण्डहरू तर्जुमा गर्न सम्बन्धित मन्त्रालय/निकायबीच आवश्यक समन्वय गरिनेछ ।

## १६. लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रशासन सम्बन्धी विशेष व्यवस्था

१६.१ लघु उद्यम सञ्चालन गरेको एक महिनाभित्र उद्यमीले उद्यमको सक्षिप्त विवरणसहित स्थानीय निकाय (गा.वि.स. वा न.पा.) मा जानकारी दिनुपर्नेछ । उद्यमीले चाहेमा तोकिएको शुल्क लिई त्यस्ता निकायले उद्यम दर्ता गरी प्रमाणपत्र दिनेछ । यस्तो जानकारीको अभिलेख स्थानीय निकायले जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयलाई मासिक रूपमा उपलब्ध गराउनु पर्नेछ ।

१६.२ अनुमति लिनु नपर्ने अन्य उद्योगले रीतपूर्वक आवेदन दिएको मितिले १५ दिनभित्र सम्बन्धित निकायले उद्योग दर्ता गरी दिनेछ । कुनै कारणबाट उद्योग दर्ता हुन नसक्ने भएमा त्यस्तो निकायले सोको कारण खुलाई निवेदकलाई ३ दिनभित्र जानकारी गराउनु पर्नेछ ।

१६.३ अनुसूची–८ मा उल्लिखित अनुमति लिनु पर्ने उद्योग बाहेक अन्य घरेलु तथा साना उद्योगको दर्ता तथा नवीकरण जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयले गर्नेछ ।

१६.४ वातावरण व्यवस्थापन प्रयोजनका लागि लघु उद्यम र परम्परागत घरेलु उद्योगले आफ्नो विवरण दिँदा पानीको मुहान, फोहोर मैला निष्कासन बारेमा समेत सामान्य जानकारी मात्र दिए पुग्छ तर साना

उद्योगको हकमा भने प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावलीमा व्यवस्था अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) मात्र गर्नुपर्ने र नभएकोमा जानकारी दिए मात्र पुग्नेछ ।

१६.५ पहाडी जिल्लाहरूमा उद्योग दर्ता गर्दा हाल वन क्षेत्रको सीमाबाट १ कि.मी. टाढा हुनु पर्ने भन्ने व्यवस्थालाई पुनरावलोकन गरी उपयुक्त सीमाङ्कनलाई आधार मानी दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

## १७.सुविधा तथा सहुलियत

उद्योगको विकास तथा प्रवर्द्धनका लागि देहाय बमोजिम का सुविधा र सहुलियत प्रदान गरिनेछः

**(क) आयकर छुटको सुविधा र सहुलियतः**

१७.१ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अन्य विशेष उद्योगबाट आर्जित आयमा लाग्ने करको कर्पोरेट दरमा ५ प्रतिशत विन्दुले कम हुनेछ ।

१७.२ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अनुसूची-९ मा उल्लिखित अति अविकसित क्षेत्रमा स्थापित उद्योगले कारोवार सुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकर नब्बे प्रतिशत छुट पाउनेछ ।

१७.३ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अन्य अनुसूची-१० मा उल्लेख भएका अविकसित क्षेत्रमा स्थापित उद्योगलाई कारोवार सुरु गरेको मितिले दश वर्षसम्म असी प्रतिशत आयकर छुट हुनेछ ।

१७.४ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अन्य अनुसूची-११ मा उल्लेख भएका कम विकसित क्षेत्रमा स्थापित उद्योगलाई कारोवार सुरु गरेको मितिले दश वर्षसम्म सत्तरी प्रतिशत आयकर छुट हुनेछ ।

१७.५ अनुसूची-९ मा उल्लेख भएका जिल्लामा स्थापित फलफूलमा आधारित वढिमा १२ प्रतिशतसम्म अल्कोहल कन्टेन्ट भएका साइड्र एवम् वाइन उत्पादन गर्ने उद्योगलाई समेत कारोवार सुरु गरेको मितिले दश वर्षसम्म चालिस प्रतिशत आयकर छुट हुनेछ ।

१७.६ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अनुसूची-७ मा उल्लेख भएका प्राथमिकताप्राप्त उद्योग मध्ये जलविद्युत् उत्पादन तथा वितरण, खनिज उत्खनन्, स्थानीय कच्चा पदार्थ प्रयोग गरी क्लिङ्कर वा क्लिङ्कर बनाई सिमेन्ट उत्पादन गर्ने (सिमेन्ट उद्योग), पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण तथा उत्खनन् उद्योगलाई कारोवार सुरु गरेको मितिले सात वर्षसम्म आयकरमा नब्बे प्रतिशत छुट दिइनेछ ।

१७.८ अनुसूची-४ मा उल्लेख भएका सूचना तथा सञ्चार प्रविधि उद्योग सूचना प्रविधि पार्कभित्र स्थापना गरेमा लाग्ने आयकरको पचास प्रतिशत छुट हुनेछ ।

१७.९ कुनै साना उद्योगले न्यूनतम ६ महिनाभन्दा बढी १०० जनाभन्दा बढी नियमित स्वदेशी कामदार, मझौला उद्योगले २०० जना र ठूला उद्योगले ५०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएमा त्यस्ता उद्योगले त्यस वर्ष लाग्ने आयकरमा थप २५ प्रतिशत छुट पाउनेछ । साथै त्यस्ता उद्योगले प्रत्यक्ष रोजगारी दिने सङ्ख्याको ५० प्रतिशत स्वदेशी महिला वा दलित वा अपाङ्गता भएका व्यक्ति कामदारहरूलाई प्रत्यक्ष रोजगारी दिएमा त्यस्ता उद्योगले त्यस वर्षमा लाग्ने आयकरमा ४० प्रतिशत छुट पाउनेछ ।

१७.१० उद्योगले आफ्नो श्रमिक तथा कर्मचारीको दीर्घकालीन हित एवम् भलाइको लागि गरेका खर्चहरू जस्तै आवास व्यवस्था, जीवन बिमा, स्वास्थ्य सुविधा, शिक्षा तथा तालिम, शिशु स्याहार केन्द्र र शारीरिक तन्दुरुस्तीका लागि खेलकुद/व्यायाममा गरेको खर्च आयकर प्रयोजनको लागि खर्च कट्टी गर्न पाउनेछ । साथै उद्योगले होचा पुड्का लगायत अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी प्रदान गरेमा त्यस्ता कामदारहरूलाई भुक्तानी दिएको तलव आदि खर्च आयकर प्रयोजनका लागि कट्टा गर्न पाइनेछ ।

१७.११ कुनै उद्योगले उर्जा खपत घटाउन सघाउ पुऱ्याउने यन्त्र उपकरणमा लगानी गरेको खर्च, प्रदूषण नियन्त्रण र वातावरणमा कम असर पार्ने पद्धतिको जडानमा भएको पुँजीगत खर्च, प्रविधि र प्रक्रियामा भएको खर्च आयकर प्रयोजनको लागि खर्च कट्टा गर्न पाइनेछ। यस्तो सुविधा एकै पटक वा ५ (पाँच) वर्षभित्र उपयोग गरी सक्नु पर्नेछ।

१७.१२ आयकर निर्धारण प्रयोजनको लागि उद्योगको कुल बिक्री आयको पाँच प्रतिशतसम्म रकम उत्पादकत्व अभिवृद्धिको लागि उद्यमशीलता अभिवृद्धि र सीप विकास तालिम, अनुसन्धान तथा विकास र नयाँ प्रविधि प्राप्त गर्न खर्च गर्न पाइनेछ।

१७.१३ आयकर प्रयोजनको लागि बजार प्रवर्द्धन, सर्वेक्षण र विज्ञापन आदिको लागि कुल बिक्री आयको दश प्रतिशत सम्म खर्च गर्न पाइनेछ।

१७.१४ उद्योगको भौतिक सम्पत्तिको सुरक्षाको लागि गरेको गरेको खर्च रकम र यसको बीमा वापत तिरेको प्रिमियम कर योग्य आयबाट घटाउन पाइनेछ।

१७.१५ राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगले स्थिर जेथाको ह्रास कट्टी गर्दा प्रचलित आयकर ऐनमा उल्लिखित दरमा सोही दरको एक तिहाइ थप गरी कट्टा गर्न पाउनेछ।

१७.१६ उद्योगले सोही उद्योगमा वा अरू कुनै उद्योगमा पुनः लगानी गरी उद्योगको विविधीकरण वा पच्चीस प्रतिशत वा सोभन्दा बढी जडित क्षमता विस्तार गरेमा, प्रविधिको आधुनिकीकरण गरेमा वा सहायक उद्योगको विकास गरेमा यस्तो पुनः लगानीबाट सिर्जित थप स्थिर जेथाको ४० प्रतिशत कर प्रयोजनको लागि कट्टी गर्न पाउनेछ। यस्तो छुट रकम एकमुष्ट एकै वर्षमा वा पाँच वर्षभित्र कट्टी गर्न पाउनेछ।

१७.१७ उद्योगले नेपालमा दर्ता भएको बौद्धिक सम्पत्ति अन्तर्गतको औद्योगिक सम्पत्तिको संरक्षण गर्दा लागेको खर्च आयकर प्रयोजनको लागि खर्च लेख्न पाउनेछ। बौद्धिक सम्पत्तिको निर्यातबाट प्राप्त हुने आयमा निर्यात सरहको छुट दिइनेछ। बौद्धिक सम्पत्ति संरक्षणका लागि विदेशमा दर्ता गर्दा लागेको शुल्कको ५० प्रतिशत सरकारले व्यहोर्ने छ। त्यस्तै बौद्धिक सम्पत्तिको बिक्रीबाट प्राप्त आयलाई लाभांशमा लाग्ने दरको आयकर मात्र लगाइनेछ।

१७.१८ प्राकृतिक प्रकोप उद्धार, सामाजिक क्षेत्रमा दिएको तोकिए बमोजिमको रकमको चन्दा र सहयोग आयकर प्रयोजनको लागि छुट हुनेछ।

१७.१९ सहकारीको रूपमा स्थापना गरिने तोकिएका उद्योगहरूको आयमा लाग्ने आय करको दर सामान्य आय करको दर भन्दा ५० प्रतिशत कम हुने व्यवस्था गरिनेछ।

१७.२० घरेलु तथा साना उद्योगले ठूला तथा मझौला उद्योगहरूसँग लिखित सम्झौता गरी त्यस्ता उद्योगलाई आवश्यक हुने सहायक वस्तुहरू उत्पादन गर्न सक्नेछन्। यसरी सम्झौता गरेका सहायक वस्तु उत्पादन गर्ने उद्योगले पनि अन्य उद्योगलाई सह-उत्पादनका लागि उप-सम्झौता गरी वस्तु आपूर्ति गर्न सक्नेछन्। यसरी सहायक वस्तुको उत्पादन गराएमा त्यस्ता सहायक वस्तुको प्रयोगबाट तयार गरिएको वस्तुको बिक्रीबाट हुने खुद आम्दानीको ५० प्रतिशत अंशमा आयकर छुट हुनेछ।

**(ख) भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करमा सुविधा र सहुलियतः**

१७.२१ मुलुकभित्र उत्पादित वस्तु विदेश निकासी गरेमा अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने छैन।

१७.२२ निर्यातमूलक उद्योग, निर्यात प्रवर्द्धन गृह र विशेष आर्थिक क्षेत्रका उद्योगले अरू कुनै उद्योगसँग करार (Sub-Contracting) गरी निकासीको लागि वस्तु उत्पादन गराउन पाउँनेछन्। यसरी उत्पादन गराएको वस्तुमा प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ्ग सामग्रीमा लागेको भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर निर्यात भएको परिमाणको आधारमा निकासी कर्ताले तोकिए बमोजिम फिर्ता पाउनेछ।

१७.२३ निकासी गरे वापत पाउने ड्यूटी ड्र ब्याक सुविधालाई सरल बनाउन उस्तै प्रकृतिका उद्योगहरूको हकमा कच्चा पदार्थ खपतको आधारमा समदर निर्धारण गरिनेछ। यस्तो रकम निकासी कारोवार गरेको बैंकबाटै फिर्ता पाउने व्यवस्था गरिनेछ। समदर निर्धारण हुन नसकेका उद्योगहरूको हकमा हाल प्रचलनमा रहेको नियमित प्रक्रियालाई पनि निरन्तरता दिइनेछ।

१७.२४ उद्योगले पाउने ड्युटी ड्र ब्याकको सुविधा निकासी परिमाणको आधारमा निवेदन परेको मितिले ४५ दिनभित्र निकासीकर्तालाई अनिवार्य रूपमा उपलब्ध गराइनेछ ।

१७.२५ उद्योगले अन्तर्राष्ट्रिय बोलपत्रमा सहभागी भई मुलुकभित्र विदेशी मुद्रा आर्जन हुनेगरी बिक्री गरेको आफ्नो उत्पादन वा सेवालाई Deemed Export सरह निर्यातमा पाउने ड्युटी ड्र ब्याकको सुविधा उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ ।

१७.२६ विदेशी मुद्रा आर्जन हुनेगरी स्वदेशभित्रै आफ्नो उत्पादन बिक्री गरेमा त्यस्तो उत्पादनमा लागेको शुल्क, महसुल र प्रयोग भएको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ्ग मेटरियलमा लागेको भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर उत्पादनमा लागेको परिमाणको आधारमा निर्यात सरह (Deemed Export) मानी फिर्ता दिइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ ।

१७.२७ अर्ध प्रशोधित वा अर्धतयारी माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन अर्को मुल वस्तु तयार गर्ने उद्योगलाई बिक्री गरेमा त्यस्तो वस्तुमा लागेको अन्तःशुल्क एवम् मूल्य अभिवृद्धि कर मुल वस्तु उत्पादन गर्ने उद्योगले प्रयोग गरेको परिमाणको आधारमा करको हिसाब समायोजन गर्न पाउनेछ । तर यो सुविधा उपभोग गर्न ती उद्योग मूल्य अभिवृद्धि कर वा अन्तःशुल्क प्रयोजनको लागि दर्ता भएको हुनुपर्नेछ ।

१७.२८ उद्योगको आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ्ग सामग्रीमा लाग्ने भन्सार महसुल त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको आयातमा लाग्ने भन्सार दर भन्दा सामान्यतया एक तह (Slab) कम गर्न सकिनेछ । न्यूनतम १ प्रतिशत भन्दा कम भन्सार दर रहेको वस्तुको आयातको हकमा न्यूनतम २५ प्रतिशत कम हुनेगरी भन्सार दर कायम गरिनेछ ।

१७.२९ उद्योगले आफ्नो प्रयोजनको लागि आयात गर्ने मेसिनरी, ट्रान्सफर्मर, जेनरेटर, औद्योगिक उपकरण तथा औजारमा एक प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । साथै गुणस्तर मापन प्रयोगशालाहरूले आयात गर्ने मेसिनरी, वैज्ञानिक उपकरण र उद्योग विस्तारको लागि थप मेसिनरी तथा उपकरण लगायत अनुसन्धान तथा विकास (R&D) को लागि ल्याउने मेसिनरी तथा उपकरणमा समेत १ प्रतिशत भन्सार महसुल लाग्नेछ र मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लाग्ने छैन ।

**(ग) थप सुविधा, सहुलियत एवम् सुनिश्चितताः**

१७.३० यस नीतिमा उल्लेख भएका उद्योगले पाउने सुविधा सहुलियतलाई कानुनद्वारा सुनिश्चित गरिनेछ । नीतिमा उल्लेख भएका वर्गीकरण, अति अविकसित, अविकसित रकम विकसित क्षेत्रको सुविधा सहुलियतसम्बन्धी सुची र व्यवस्थामा हेरफेर वा थपघट भएमा यस नीति कार्यान्वयनको लागि बनेको कानुनले तोकेको अवधिसम्मका लागि विनाअवरोध त्यस्ता सुविधा उपभोग गर्न पाउने सुनिश्चितता प्रदान गरिनेछ । कुनै उद्योगले एकै समयमा एक भन्दा बढी प्रकारको छुट पाउन सक्ने अवस्था भएमा उद्योगले रोजेको बढी छुट पाउनेछ ।

१७.३१ यस नीति अन्तर्गत प्राप्त हुने सुविधा तथा सहुलियतहरू तोकिएको अवधिसम्मको लागि परिवर्तन गरिने छैन ।

१७.३२ उद्योगले आफ्नै प्रयोजनको लागि उत्पादन गरेको विद्युतमा रोयल्टी लाग्ने छैन । साथै उद्योगले विद्युत् शक्ति बिक्री गर्न चाहेमा बजारमा प्रचलित दरमा राष्ट्रिय ग्रीडमा जोड्न दिने व्यवस्था गरिनेछ ।

१७.३३ कुनै प्राथमिकता प्राप्त उद्योग वा नेपालमा स्वीकृत पेटेण्टको प्रविधि प्रयोग गरी सो अनुरूप स्थापना भएका उद्योगहरूलाई औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिसमा नेपाल सरकारको निर्णयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ ।

१७.३४ निर्यात प्रवर्द्धन उद्योगलाई वण्डेड वेयर हाउसको सुविधा अझ सरल बनाई उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ ।

१७.३५ उद्योगहरूको हकमा विद्युत् आपूर्ति नभएको समयको अनुपातका आधारमा विद्युत् महसुलमा लागि आएको डिमाण्ड चार्ज छुट दिइनेछ ।

१७.३६ उद्योगको प्रकृति र क्षमताअनुसार उद्योग सञ्चालनको लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउन सरकारले सहयोग गर्नेछ । उद्योगको प्रकृति हेरी जग्गाको हदबन्दी फुकुवा गर्न आवश्यक देखिएमा जग्गाको हदबन्दी सीमामा छुट दिन सकिनेछ ।

१७.३७ अति अविकसित क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी र लघु उद्यम तथा घरेलु तथा साना उद्योगलाई बीउ पुँजीको (सिड क्यापिटल) रूपमा अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१७.३८ गैर आवासीय नेपालीलाई प्रदान गरिने व्यावसायिक प्रवेशाज्ञा निःशुल्क उपलब्ध गराइनेछ ।

१७.३९ विदेशी लगानीमा सञ्चालित उद्योगलाई नयाँ वस्तुको उत्पादन तथा बजार विकास र प्रवर्द्धन गर्नका लागि देशमा रहेका मुल कम्पनीका शाखा उद्योगले विदेशस्थित मुल कम्पनीबाट उत्पादित सामानहरू तोकिए बमोजिम सर्त र सीमाभित्र रही निश्चित समयका लागि आयात गर्न अनुमति दिइनेछ ।

१७.४० वन पैदावारमा आधारित उद्योगलाई कबुलियत वा लिजमा वन उपलब्ध गराउन सकिनेछ ।

१७.४१ निर्यात उद्योग, निर्यात प्रवर्द्धन क्षेत्र, सरकारी वा गैर सरकारी औद्योगिक क्षेत्र र औद्योगिक ग्राममा स्थापना हुने उद्योगलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ ।

१७.४२ कुनै राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग वा नेपालभित्र आविष्कार गरी स्थापना भएका उद्योगहरूको लागि लघु उद्यम, घरेलु तथा साना औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिसमा उद्योग मन्त्रालयमार्फत मन्त्रिपरिषद्को निर्णयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ ।

१७.४३ व्यवसाय सम्वर्द्धन केन्द्र (इन्कुवेशन सेन्टर) र व्यवसाय सम्वर्द्धन सेवा (इन्कुवेशन सर्भिस) मा स्थापना भएका उद्योगहरूमा कुनै पनि कर लाग्ने छैन ।

१७.४४ निर्यातमूलक उद्योगहरूको सहायक कच्चा पदार्थ वा प्याकिङको सामान बनाउने उद्योगहरूलाई पनि निर्यातमूलक उद्योगहरूले उक्त वस्तुहरू निकासीमा प्रयोग गरेको परिमाणको आधारमा सुविधा दिइनेछ ।

१७.४५ खनिजजन्य उद्योगको विकास र प्रवर्द्धनका लागि उद्योग र खानी क्षेत्रसम्मको पहुँच सडक निर्माण एवम् विद्युत् प्रसारण लाईन विस्तार तथा विद्युत् सेवाका लागि भौतिक पूर्वाधार निर्माण गर्न विशेष कार्यक्रम तथा बजेटको व्यवस्था सरकारले गर्नेछ ।

## १८. लघु, घरेलु तथा साना उद्योगका लागि विशेष सुविधा एवम् सहुलियत

माथि दफा १७ मा उल्लिखित सुविधा तथा सहुलियतका अतिरिक्त लघु उद्यम, घरेलु तथा साना उद्योगहरूले देहाय बमोजिम सुविधा तथा सहुलियत थप पाउनेछन् ।

१८.१ लघु उद्यम व्यवसायहरूलाई अन्तःशुल्क तथा आयकर, मूल्य अभिवृद्धि करलगायत कुनै पनि किसिमका करहरू लाग्ने छैन ।

१८.२ अनुसूची-९, १० र ११ मा उल्लेख भएका अति अविकसित, अविकसित तथा कम विकसित क्षेत्रहरूमा स्थापित घरेलु उद्योगहरूलाई लाग्ने अन्तःशुल्क र आयकर क्रमशः १२ वर्ष, ७ वर्ष र ५ वर्ष छुट दिइनेछ । आयकर लाग्ने रकममा त्यस पछिका वर्षहरूमा क्रमशः ७५ प्रतिशत, ६० प्रतिशत र ५० प्रतिशत आयकर छुट दिइनेछ । यसका अतिरिक्त नेपाल सरकारले समय समयमा तोक्ने राष्ट्रिय प्राथमिकता प्राप्त वस्तुमा पाँच वर्ष र प्राथमिकता प्राप्त क्षेत्रमा स्थापित उद्योगहरूलाई १० वर्ष सम्म अन्तःशुल्क तथा आयकर लाग्ने छैन ।

१८.३ अनुसूची-६ मा उल्लिखित सबै प्रकारका परम्परागत तथा घरेलु उद्योगलाई आयकरमा ५० प्रतिशत छुट दिइनेछ ।

१८.४ उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको मु.अ.कर र अन्तःशुल्क उत्पादित वस्तु निकासी गरेको परिमाणको आधारमा फिर्ता दिइनेछ । त्यसरी फिर्ता हुने राजस्व फिर्ता पाउन रीतपूर्वक दरखास्त दिएको साठी दिनभित्र निकासीकर्तालाई फिर्ता दिइनेछ तर त्यस्तो रकम फिर्ता पाउन निकासी गरेको ४५ दिनभित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन ।

१८.५ कुनै उद्योगले आफ्नो उत्पादन कोसेली घर तथा निर्यात गृहमा बिक्री गरेमा त्यस्तो बिक्री गरिएको वस्तु उत्पादन गर्न आयात गरिएको कच्चा पदार्थमा लागेको मु.अ.कर र तयारी वस्तुमा लागेको मु.अ.कर तथा अन्तःशुल्क सो वस्तु निर्यात भएको परिमाणको आधारमा सम्बन्धित उद्योगलाई फिर्ता दिइनेछ।
**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "निर्यात गृह" भन्नाले नेपालभित्र स्थापित उद्योगको उत्पादनहरू सङ्कलन गरी विदेशमा समेत निर्यात गर्ने उद्देश्यले तोकिएबमोजिम स्थापित कम्पनी, फर्म वा सहकारी संस्था सम्झनु पर्छ र "कोसेली घर" भन्नाले परम्परागत नेपाली लघु, घरेलु तथा साना उद्योगहरूले स्थानीय कच्चा पदार्थ, सीप र श्रम प्रयोग गरी उत्पादन गरेका वस्तुहरूलाई बजारीकरण गर्न सघाउ पुऱ्याउने उद्देश्यले स्थापित बजार केन्द्र समेतलाई जनाउने छ।

१८.६ उद्योगले प्रयोग गर्ने मेसिन, औजार, उपकरण, यन्त्र एवम् कच्चा पदार्थमा र उत्पादनमा कुनै कर, शुल्क वा दस्तुर लाग्ने छैन। तर यस्ता उद्योगको उत्पादन कुनै कारणबाट स्वदेशमा बिक्री गर्नु परेमा बिक्री गरिएको परिमाणको आधारमा कर, शुल्क वा दस्तुर बुझाउनु पर्नेछ।

१८.७ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई वित्तीय पहुँच पुऱ्याउन विद्यमान वित्तीय संस्था ऐनमा व्यवस्था भए अनुरूपको विपन्न वर्गको ऋण सुविधा लगायत ऋण लगानीका लागि विशेष वातावरण तयार गरिनेछ। यसका लागि वित्तीय संस्थाहरूलाई प्रोत्साहित गरिनेछ।

१८.८ लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम र साझा सुविधा केन्द्रका स्थानीय उद्योगलाई सहकारीमा आवद्ध गराई वित्तीय पँहुचको व्यवस्था गरिनेछ।

१८.९ वित्तीय सेवा उपलब्ध हुन नसक्ने जिल्ला तथा गा.वि.स.हरूमा लघु उद्यमीहरूलाई सहकारीमा आवद्ध गराई समूह धितोमा ऋण उपलब्ध गराउन लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड अन्तर्गत एक कोष खडा गरी थोक ऋण उपलब्ध गराइनेछ।

१८.१० सरकारले घोषणा गरेका विभिन्न नीति तथा कानुनी व्यवस्था अन्तर्गत उपलब्ध गराइने सेवा सुविधाहरूको लागि आवश्यक हुने प्रक्रिया र कागजातहरू घरेलु तथा साना उद्योग विकास समितिका जिल्ला स्थित कार्यालयहरूबाटै तयार गराई उद्योगहरूलाई प्रदान गरिने व्यवस्था मिलाइनेछ।

माथि उल्लिखित सुविधा र सहुलियत मदिराजन्य तथा सूर्तीजन्य उद्योगहरूलाई प्रदान गरिने छैन।

## १९. विशेष आर्थिक क्षेत्र सम्बन्धी विशेष व्यवस्था

१९.१ "विशेष आर्थिक क्षेत्र" भन्नाले औद्योगिक क्रियाकलापलाई सघन रूपमा सञ्चालन गर्नका लागि नेपाल सरकारद्वारा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषणा गरिएको निर्यातमूलक वस्तु र सेवाको उत्पादन प्रमुख उद्देश्य रहेको कुनै खास व्यावसायिक क्षेत्र जसमा एकीकृत औद्योगिक सेवा, स्तरीकृत औद्योगिक पूर्वाधार तथा सेवा सुविधा भएको, लचिलो श्रम सम्बन्धी व्यवस्था, लगानीको आकर्षणका लागि विशेष सुविधा र सहुलियतसहितको प्रोत्साहनात्मक व्यवस्थासमेत रहेको विशेषीकृत औद्योगिक क्षेत्र, निर्यात प्रशोधन क्षेत्र, निर्यात प्रवर्द्धन गृह, स्वतन्त्र व्यापार क्षेत्रसमेतको विशेषीकृत वा एकीकृत आर्थिक क्रियाकलापयुक्त संरचनालाई जनाउँदछ।

१९.२ पूर्वाधार सहितको औद्योगिक क्रियाकलाप बढाउन तथा सोको माध्यमबाट लगानी प्रवर्द्धन, उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन र रोजगारी सिर्जनामा सघाउ पुऱ्याउन विशेष आर्थिक क्षेत्रको स्थापना, पूर्वाधार संरचनाको विकास, व्यवस्थापन र सञ्चालन पूर्ण सरकारीस्तरमा, सार्वजनिक निजी सहकार्यमा र पूर्णरूपमा निजी क्षेत्रले समेत गर्न सक्ने गरी कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ।

१९.३ विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले देहायका सुविधा तथा सहुलियतहरू पाउने छन्:

**१९.३.१ आयकर छुटः**

(क) पूर्वाधार संरचनामा लगानी गर्ने लगानीकर्ताले पूर्वाधार संरचना सञ्चालन गरेको वा इजाजत पत्रवालाले उत्पादनको व्यापारिक कारोवार सुरु गरेको मितिबाट प्रचलित कानुन बमोजिम लाग्ने आयकरमा पहिलो सात वर्षसम्म शतप्रतिशत र त्यसपछिका पाँच वर्षसम्म पचास प्रतिशत छुट पाउनेछ।

(ख) हिमाली जिल्ला वा नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उत्पादनमूलक उद्योगले आफ्नो उत्पादनको व्यापारिक कारोवार सुरु गरेको मितिबाट प्रचलित कानुनबमोजिम लाग्ने आयकरमा पहिलो दश वर्षसम्म शतप्रतिशत र त्यसपछिका पाँच वर्षसम्म पचास प्रतिशत छुट पाउनेछ ।

(ग) विदेशी लगानीकर्ताले विदेशी प्रविधि, बौद्धिक सम्पत्ति वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन हुने आयमा लाग्ने आयकर पचास प्रतिशत छुट दिइनेछ ।

(घ) अनुसूची-९ मा उल्लेख भएका अति अविकसित क्षेत्रभित्र स्थापित विशेष आर्थिक क्षेत्रका उद्योगले कारोवार सुरु गरेको मितिले दश वर्षसम्म शतप्रतिशत आयकर छुट पाउनेछन् । साथै त्यसपछिका दश वर्षसम्म त्यस्ता उद्योगले तिर्नु पर्ने आयकरमा पचास प्रतिशत छुट हुनेछ ।

**१९.३.२ मूल्य अभिवृद्धि कर सम्बन्धी सुविधाहरूः**

(क) इजाजतपत्रवालाले उद्योगको लागि आवश्यक पर्ने मेसिनरी, उपकरण, मेसिनका पाटपूर्जा, कच्चा पदार्थ वा मालसामान ओसारपसार गर्ने प्रयोजनार्थ एक उद्योगको लागि त्यस्तो उद्योगको स्तर हेरी बढीमा तीन वटासम्म सवारी साधन पैठारी गर्दा तिरेको मूल्य अभिवृद्धि करमा शतप्रतिशत कर कट्टी सुविधा पाउनेछ ।

(ख) विशेष आर्थिक क्षेत्रभित्रका उद्योग व्यवसायीबीच हुने वस्तु वा सेवाको व्यापारमा शून्य दरको सुविधा दिइनेछ ।

**१९.३.३ भन्सार महसुल छुटः**

(क) निकासी हुने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ्ग सामग्री एवम् उत्पादनमा प्रयोग हुने अन्य पदार्थको लागि बैङ्क जमानतको आधारमा भन्सार महसुल छुट हुनेछ ।

(ख) उद्योगको लागि आवश्यक पर्ने प्लान्ट, मेसिनरी, यन्त्र, उपकरण, औजार तथा पाटपूर्जामा भन्सार महसुल छुट हुनेछ ।

(ग) इजाजतपत्रवालाले नेपालको आन्तरिक बजारमा बिक्री गर्न पाउने वस्तु वा सेवामा लाग्ने भन्सार महसुल तथा अन्य कर बुझाएपछि त्यस्तो वस्तु वा सेवा विशेष आर्थिक क्षेत्रबाहिर लैजान पाउनेछ ।

(घ) कुनै पैठारीकर्ताले कुनै मालवस्तु विशेष आर्थिक क्षेत्र भित्रको उद्योगलाई बिक्री गरेमा त्यस्तो माल वस्तुमा लागेको भन्सार महसुल भन्सार कार्यालयले सम्बन्धित पैठारीकर्तालाई फिर्ता गर्नुपर्नेछ ।

(ङ) इजाजतपत्रवालाले भन्सार छुटमा पैठारी गरेको मालवस्तुको स्वामित्व हस्तान्तरण गर्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

**१९.३.४ स्थानीय कर छुटः**

उद्योगले उत्पादन गर्ने वस्तु वा सेवा, पैठारी गर्ने मेसिनरी उपकरण, मेसिनका पाटपूर्जा, कच्चा पदार्थ तथा उद्योग स्थापनाको लागि आवश्यक पर्ने अन्य सामग्री र मालसामान ओसारपसार गर्ने प्रयोजनार्थ एक उद्योगको लागि त्यस्तो उद्योगको स्तर हेरी बढीमा तीन वटासम्म सवारी साधनमा प्रचलित कानुनबमोजिम लाग्ने कुनै किसिमको स्थानीय कर लाग्ने छैन ।

**१९.३.५ निकासी सरहको सुविधा पाउनेः**

प्रचलित कानुन बमोजिम स्थापना भएको कुनै फर्म, कम्पनी वा उद्योगले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगलाई आफ्नो कच्चा पदार्थ वा कुनै उत्पादन बिक्री गरेमा त्यस्तो बिक्रीलाई निकासीसरहको मानी निकासी गरेवापत प्रचलित कानुन बमोजिम कुनै सुविधा पाउने भए त्यस्तो फर्म, कम्पनी वा उद्योगले पनि सो सुविधा पाउनेछ ।

**१९.३.६ विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई वण्डेड वेयर हाउसको सुविधा अझ सरल बनाई उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ ।**

## २०. संस्थागत व्यवस्था

नीतिको कार्यान्वयनलाई प्रभावकारी तुल्याउन तथा उद्योग क्षेत्रको प्रवर्द्धन एवम् नियमन कार्यलाई दक्षता र व्यावसायिक क्षमतामा आधारित बनाउन संस्थागत सुदृढीकरणसमेत गरी मौजुदा संस्थाहरूलाई संरचनागत, पद्धतिगत तथा कार्यगत व्यवस्थालाई सक्षमता, जिम्मेवारी र अधिकारसहित निम्न बमोजिमको संस्थागत व्यवस्था गरिएको छ :-

### २०.१ लगानी बोर्ड (Board of Investment)

२०.१.१ बृहत् ओद्योगिक लगानीलाई उचित प्राथमिकता, संरक्षण, सहयोग र प्रतिबद्धता प्रदान गर्न एकीकृत नीति निर्माण गर्न, प्रवर्द्धन कार्यमा आवश्यक पर्ने स्रोत र साधन जुटाउन एवम् लगानीकर्तालाई आवश्यक पर्ने सबै किसिमका सेवा र सहयोग एकै थलोबाट प्रदान गर्न सक्षम तथा प्रभावकारी सङ्गठनका रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा अधिकार सम्पन्न उच्चस्तरीय लगानी बोर्डको स्थापना गरिनेछ ।

२०.१.२ लगानी बोर्डको स्थापना, काम, कर्तव्य र अधिकार छुट्टै ऐनद्वारा व्यवस्थित गरिनेछ ।

### २०.२ औद्योगिक प्रवर्द्धन बोर्ड (Industrial Promotion Board)

२०.२.१ औद्योगिक क्षेत्रको प्रवर्द्धन तथा विकास गर्न तथा उद्योग क्षेत्रको समस्या समाधानका लागि समन्वयकारी र सहजीकरणका लागि नेपाल सरकारले उद्योगमन्त्रीको अध्यक्षतामा देहाय बमोजिम सम्वद्ध सरकारी निकाय तथा सरोकारवालाको प्रतिनिधित्व हुनेगरी औद्योगिक प्रवर्द्धन बोर्डको गठन गर्नेछ :

| | | |
|---|---|---|
| (क) | उद्योग मन्त्री वा राज्य मन्त्री | अध्यक्ष |
| (ख) | उद्योग राज्यमन्त्री र/वा सहायक मन्त्री | सदस्य |
| (ग) | सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग हेर्ने) | सदस्य |
| (घ) | गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| (ङ) | सचिव, उद्योग मन्त्रालय | सदस्य |
| (च) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (छ) | सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| (ज) | सचिव, पर्यटन मन्त्रालय | सदस्य |
| (झ) | सचिव, वातावरण मन्त्रालय | सदस्य |
| (ञ) | सचिव, वन तथा भूसंरक्षण मन्त्रालय | सदस्य |
| (ट) | सचिव, उर्जा मन्त्रालय | सदस्य |
| (ठ) | सचिव, श्रम तथा यातायात मन्त्रालय | सदस्य |
| (ड) | सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | सदस्य |
| (ढ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| (ण) | अध्यक्ष, नेपाल उद्योग परिसङ्घ | सदस्य |
| (त) | अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ | सदस्य |
| (थ) | अध्यक्ष, नेपाल च्याम्बर अफ कमर्स | सदस्य |
| (द) | उद्योग क्षेत्रका विज्ञहरूमध्येबाट (१ जना महिला सहित) नेपाल सरकारबाट मनोनीत | सदस्य-४ |
| (ध) | ट्रेड युनियनहरूको प्रतिनिधित्व हुनेगरी नेपाल सरकारबाट मनोनीत (एकजना महिलासमेत) | सदस्य-३ |
| (न) | महानिर्देशक, उद्योग विभाग | सदस्य-सचिव |

**२०.२.२ औद्योगिक प्रवर्द्धन बोर्डको काम, कर्तव्य र अधिकारः** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) देशको औद्योगीकरण सम्बन्धी नीति, ऐन, नियमहरूको तर्जुमा र कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने ।

(ख) औद्योगिक नीतिको नीतिगतस्तर र कार्यान्वयनस्तर बीच समन्वय र सामन्जस्य कायम गर्ने ।

(ग) वातावरणीय सुरक्षा तथा जनस्वास्थ्यका दृष्टिले उपयुक्त हुनेगरी औद्योगिक प्रदूषण नियन्त्रणका लागि मार्गदर्शन गर्ने ।

(घ) औद्योगिक क्षेत्रको समग्र मूल्याङ्कन तथा लेखाजोखा गरी नेपाल सरकार तथा लगानी बोर्डलाई सुझाव तथा सिफारिस प्रस्तुत गर्ने ।

(ङ) औद्योगिक सुविधा एवम् सहुलियतसम्बन्धी गुनासो तथा समस्या समाधान गर्ने र सम्बन्धित निकायलाई कार्यान्वयनका लागि निर्देशन दिने ।

(च) औद्योगिक सूचना केन्द्रको व्यवस्था गर्ने ।

(छ) औद्योगिक लगानी वृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यक अध्ययन, अनुसन्धान गराउने ।

(ज) बोर्डको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

२०.२.३ औद्योगिक प्रवर्द्धन बोर्डको छुट्टै सचिवालय रहनेछ । सचिवालयको व्यवस्थापन उद्योग विभागले गर्नेछ ।

२०.२.४ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बोर्डका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

२०.२.५ बोर्डले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई बोर्डको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

२०.२.६ बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

**२०.३ औद्योगिक जनशक्ति विकास प्रतिष्ठान**

उद्योग व्यवसायको विकास कार्यमा संलग्न सरकारी तथा निजी क्षेत्रका सङ्घ, संस्थाहरूको जनशक्ति एवम् प्रविधि विकास गर्न विभिन्न प्रकारका प्रशिक्षकहरूको प्रशिक्षण, व्यवस्थापन र परामर्श सेवा प्रदान गर्न तथा अनुसन्धान, प्रशिक्षण तथा उत्पादकत्व अभिवृद्धि सम्बन्धी कार्य गर्न स्थापित औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, बुटवल टेक्निकल इन्स्टिच्यूट, घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र, सीप विकास तालिम केन्द्र जस्ता संस्थाहरूलाई एकीकरण गरी छुट्टै कानुन अन्तर्गत औद्योगिक जनशक्ति विकास प्रतिष्ठानको स्थापना गरिनेछ ।

**२०.४ औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण**

औद्योगिक क्षेत्रहरूको पूर्वाधार व्यवस्था तथा सेवा व्यवस्थापनमा सुधार ल्याई औद्योगिक क्षेत्रको विस्तारलगायत त्यस्ता क्षेत्रमा स्थापित उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्नका लागि हालको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई छुट्टै कानुनद्वारा राष्ट्रियस्तरको औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरणको रूपमा स्तरोन्नति गरिनेछ ।

**२०.५ राष्ट्रिय उत्पादकत्व परिषद**

उत्पादकत्व अभिवृद्धिका लागि अनुसन्धान, परामर्श, प्रशिक्षण तथा क्षमता विकासका कार्य गर्ने गरी हालको राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको संस्थागत सुदृढीकरण गरी छुट्टै राष्ट्रिय उत्पादकत्व परिषदको स्थापना गरिनेछ ।

**२०.६ उद्योग विभाग**

२०.६.१ सबैस्तरका उद्योगको प्रशासन तथा सेवा सुविधासम्बन्धी कार्य एकै निकायबाट सम्पादन हुनेगरी हालको घरेलु तथा साना उद्योग विभाग र उद्योग विभागलाई एकीकृत गरी एउटै सक्षम विभाग बनाइनेछ ।

२०.६.२ अनुमति लिनुपर्ने सबैस्तरका अनुसूची-८ मा उल्लिखित उद्योगको अनुमति दिने, उद्योग मन्त्रालय तथा लगानी बोर्डमा प्रस्तुत गरी निर्णय लिनुपर्ने उद्योगहरू बाहेक मझौला तथा ठूला उद्योगको दर्ता, प्रशासन एवम् सुविधा सम्बन्धी काम, विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको स्वीकृति, अभिलेख र प्रशासन र औद्योगिक प्रवर्द्धन बोर्डको सचिवालयको काम समेत उद्योग विभागले गर्नेछ।

२०.६.३ औद्योगिक वातावरण प्रदूषण नियन्त्रण र अनुगमन सम्बन्धी तोकिएको काम उद्योग विभागबाट सम्पादन हुनेगरी क्षमता विकास गरिनेछ।

२०.६.४ औद्योगिक प्रवर्द्धन बोर्ड र उद्योग विभागले सम्पादन गरेको कामको विवरण विभागले चौमासिक रूपमा मन्त्रालयसमक्ष पेस गरी सार्वजनिक गर्नेछ।

२०.६.५ उद्योग प्रशासन सम्बन्धी कार्य उद्योग विभागले आफ्ना मातहतका कार्यालयहरू मार्फत सञ्चालन गर्नेछ।

२०.६.६ उद्योग विभागले उद्योग सञ्चालनको अनुगमन गर्ने, रुग्ण उद्योगको पुनर्स्थापनका लागि कार्यक्रम सञ्चालन गर्ने, कार्यान्वयनस्तरमा समन्वय गर्ने र समस्या समाधान गर्ने, आदि कार्यको जिम्मेवारी वहन गर्नेछ।

२०.६.७ आफूलाई भएको अधिकार विभागले जिल्लास्थित लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्डको कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

**२०.७ एकल बिन्दु सेवा केन्द्र (One Stop Service Centre)**

कानुनद्वारा प्रदत्त सुविधा, सहुलियत तथा पूर्वाधार सेवा समयमै बिना झन्झट एकै थलोबाट उद्योगलाई उपलब्ध गराउन उद्योग विभागमा एकलविन्दु सेवा केन्द्रको गठन गरिनेछ। उक्त सेवा केन्द्रको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था कानुनद्वारा गरिनेछ।

**२०.८ नेपाल गुणस्तर तथा नापतौल विभाग**

२०.८.१ औद्योगिक उत्पादनको गुणस्तरीयता सुनिश्चित गर्नका लागि हालको नेपाल गुणस्तर तथा नापतौल विभागलाई संस्थागत सुदृढीकरण गरी स्तरोन्नति गरिनेछ। स्वदेशी उद्योगबाट उत्पादित वस्तुको (खाद्य र औषधीबाहेक) गुणस्तर प्रमाणीकरण र अनुगमन विभागले गर्नेछ।

२०.८.२ निकासीजन्य वस्तुको प्रमाणीकरण प्रक्रियामा नेपाल गुणस्तर तथा नापतौल विभागलाई मुख्य निकायको रूपमा विकास गरिनेछ।

२०.८.३ विभागको कार्यक्षमतालाई सुदृढ र व्यापक तुल्याउन आवश्यक थप प्राविधिक जनशक्तिको व्यवस्था, प्रयोगशाला र तालिम केन्द्रको व्यवस्था सहित क्षेत्रीय कार्यालयको व्यवस्था तथा कार्यपद्धति एवम् साधनस्रोत सम्बन्धी व्यवस्थामा समयसामयिक सुधार गरिनेछ।

**२०.९ बौद्धिक सम्पत्ति संरक्षण कार्यालय**

बौद्धिक सम्पत्तिको अधिकार सम्बन्धी समग्र कार्यक्षेत्र र जिम्मेवारीलाई समेटी बौद्धिक सम्पत्ति संरक्षण कार्यालयको स्थापना गरिनेछ। बौद्धिक सम्पत्ति अधिकारको प्रवर्द्धन र प्रभावकारी संरक्षणको काम यस कार्यालयले गर्नेछ।

**२०.१० कम्पनी रजिष्ट्रारको कार्यालय**

२०.११.१ कम्पनी रजिष्ट्रारको कार्यालयलाई सक्षम तवरले कार्यसम्पादन गर्नसक्ने गरी उक्त कार्यालयबाट उपलब्ध सेवाहरूलाई विभिन्न क्षेत्र/जिल्लास्तरसम्म विकेन्द्रित गरिनेछ।

२०.११.२ कम्पनी रजिष्ट्रारको कार्यालयबाट हुँदै गरेको कार्यलाई क्षेत्रीयस्तरबाट समेत सम्पादन हुन सक्ने गरी क्षेत्रीयस्तरका सङ्गठनहरू विस्तार गरी नेटवर्किङ्ग गरिनेछ।

२०.११.३ कम्पनी रजिष्ट्रारको कार्यालयलाई व्यवस्थित र सुदृढ बनाई कम्पनी कानुनलाई समेत समसामयिक पुनरावलोकन गरिनेछ।

## २०.१२ खानी तथा भूगर्भ विभाग

खानी तथा भूगर्भ विभागका क्रियाकलापलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार प्राविधिक जनशक्ति, भौतिक तथा वित्तीय साधनस्रोतको पर्याप्त व्यवस्थाका साथै क्षेत्रीय कार्यालयहरूको व्यवस्था गरिनेछ।

## २०.१३ राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड र घरेलु तथा साना उद्योग विकास समिति

२०.१३.१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन एवम् प्रशासनमा कार्यरत निकायहरू बीचको अस्पष्टता हटाउन केन्द्रीयस्तरमा "लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड" गठन गरिनेछ। घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तार गर्ने जिम्मेवारीरहेको घरेलु तथा साना उद्योग विकास समितिलाई सोही बोर्डको संरचनाभित्र समाहित गरी ७५ वटै जिल्लामा समितिको कार्यालयहरूबाट लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको दर्ता नवीकरण सुविधा सिफारिस लगायत सम्पूर्ण प्रवर्द्धनात्मक सेवा उपलब्ध गराइनेछ।

२०.१३.२ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको विकास र प्रवर्द्धन गर्नको निम्ति देहाय बमोजिमको राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड स्थापना गरिनेछ। बोर्डको गठन :–

(क) माननीय उद्योगमन्त्री/राज्यमन्त्री - अध्यक्ष
(ख) माननीय उद्योग राज्यमन्त्री र/वा सहायक मन्त्री - सदस्य
(ग) सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग हेर्ने) - सदस्य
(घ) गर्भनर नेपाल राष्ट्र बैंक - सदस्य
(ङ) सचिव उद्योग मन्त्रालय - सदस्य
(च) सरोकारवाला विभिन्न मन्त्रालयको सचिवज्यूहरू - सदस्य
(आवश्यकता अनुसार आमन्त्रण गरिने)
(छ) अध्यक्ष नेपाल उद्योग वाणिज्य महासङ्घ - सदस्य
(ज) अध्यक्ष नेपाल घरेलु तथा साना उद्योग महासङ्घ - सदस्य
(झ) अध्यक्ष राष्ट्रिय लघु उद्यमी समूह सङ्घ - सदस्य
(ञ) अध्यक्ष वन उपभोक्ता महासङ्घ - सदस्य
(ट) प्रतिनिधिहरू (बढीमा तीन जना), ट्रेड युनियन महासङ्घहरू - सदस्य
(ठ) लघु उद्यम, घरेलु तथा साना उद्योग क्षेत्रका महिला उद्यमी प्रतिनिधिहरू २ जना - सदस्य
(ड) कार्यकारी निर्देशकः लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड - सदस्य-सचिव

२०.१३.३ बोर्डको काम, कर्तव्य र अधिकारः–

(क) लघु उद्यम, घरेलु र साना उद्योगको प्रवर्द्धन तथा लगानी विस्तार सम्बन्धी नीति नियमको तर्जुमा र कार्यान्वयनमा आवश्यक मार्गदर्शन गर्ने।
(ख) लघु उद्यम, घरेलु र साना उद्योग नीतिको उद्देश्य र कार्यान्वयनस्तर बीच समन्वय कायम गर्ने।
(ग) उद्योगको स्तरीकरण र वर्गीकरणमा कुनै हेरफेर गर्नु परेमा नेपाल सरकारलाई सिफारिस गर्ने।
(घ) लघु उद्यम, घरेलु र साना उद्योग नीतिले प्रदान गरेका सुविधा सहुलियत कुनै उद्योगले नपाएको भनी निवेदन परेमा सो उपर जाँचबुझ गरी सम्बन्धित निकायलाई निर्देशन दिने।
(ङ) लघु उद्यम, घरेलु र साना उद्योगलाई यस नीतिले प्रदान गरेको सुविधा आफ्ना कार्यालयहरू मार्फत प्रदान गर्ने।
(च) आफ्नो कुनै काम, कर्तव्य तथा अधिकार आवश्यकताअनुसार सम्बन्धित कार्यालयहरूलाई प्रत्यायोजन गर्ने।

२०.१३.४ नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारले बोर्डको सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ।

२०.१३.५ बोर्डले आवश्यक ठानेमा कुनै पदाधिकारी वा विशेषज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

२०.१३.६ बोर्डको बैठक आवश्यकता अनुसार बस्नेछ। बोर्डको बैठकसम्बन्धी अन्य कार्यविधि बोर्डले तय गरेबमोजिम हुनेछ।

२०.१३.७ लघु उद्यम, घरेलु तथा साना उद्योग व्यवसायमा प्रत्यक्ष असर गर्ने गरी अन्य कुनै पनि सरकारी निकायले नीति तर्जुमा एवम् परिवर्तन गर्दा उद्योग मन्त्रालयमार्फत यस बोर्डसँग परामर्श लिनु पर्नेछ।

२०.१३.८ लघु उद्यम, घरेलु र साना उद्योगको प्रवर्द्धनको कामलाई प्रभावकारी बनाउन नेपाल सरकारले स्थानीयस्तरमा जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा आवश्यकतानुसार सम्वद्ध निकाय र सरोकारवालाको प्रतिनिधित्व हुनेगरी "जिल्ला लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन समिति" गठन गर्न सक्नेछ ।

## २१. महिला उद्यमीहरूका लागि विशेष व्यवस्था

महिलाहरू अझ बढी उद्योग व्यवसायमा संलग्न भई बढी भन्दा बढी रोजगारीको अवसर प्रदान गर्न उद्योग व्यवसायको क्षेत्रमा अगाडि बढुन् भन्ने उद्देश्यले महिलाको आर्थिक सशक्तिकरणका लागि समावेशी अवधारणा अनुरूप निम्न बमोजिम विशेष व्यवस्था गरिनेछ :

२१.१ कुनै पनि उद्योग/व्यवसायसम्बन्धी नीति निर्माण गर्ने तहमा सम्बन्धित औद्योगिक व्यवसायमा संलग्न आदिवासी, जनजाती, दलित, मधेसी, सीमान्तकृत वर्गका महिलाहरूको प्रतिनिधित्व अनिवार्य गरिनेछ ।

२१.२ घरेलु तथा साना स्तरका महिला उद्यमीहरूलाई सरल तथा सुलभ तरिकाबाट ऋण प्रवाह गर्न विभिन्न वैंकिङ्ग तथा सहकारी संस्थाहरूमा समूह ऋणको व्यवस्था गरिनेछ ।

२१.३ उद्योग स्थापना गर्दा दिइने Venture Capital मा महिलाहरूलाई प्राथमिकता दिइनेछ ।

२१.४ महिलाको नाममा मात्र उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा लाग्ने दर्ता दस्तूरमा ३५ प्रतिशत छुट दिइनेछ ।

२१.५ महिला उद्यमीहरूले औद्योगिक क्षेत्रमा उद्योग राख्न चाहेमा विशेष प्राथमिकता दिइनेछ ।

२१.६ महिला उद्यमशीलता विकास गरी महिलाहरूलाई उद्यमी बन्न प्रोत्साहन गर्न प्रविधि विकास सम्बन्धी तालिम, सभा, सेमिनार, अध्ययन भ्रमण दलमा महिला उद्यमीहरूलाई समावेश गरिनेछ ।

२१.७ विभिन्न विकास क्षेत्रहरूमा स्थापना हुने बिक्री कक्षहरूमा महिला उद्यमीहरूद्वारा उत्पादित सामानहरूको बिक्री कक्षको समेत व्यवस्था गरिनेछ ।

२१.८ सरकारी निकायद्वारा सञ्चालन गरिने उद्योग व्यवसायसम्बन्धी प्रदर्शनीमा महिला उद्यमी/व्यवसायीहरूलाई अनिवार्य रूपमा संलग्न गराइनेछ ।

२१.९ आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने महिला उद्यमी/व्यवसायीहरूलाई व्यवसायको वित्तीय स्थितिको आधारमा निर्यात कर्जा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

२१.१० महिलाको नाममा मात्र दर्ता भएको उद्योगलाई औद्योगिक सम्पत्ति पेटेण्ट, डिजाईन र ट्रेडमार्क दर्ता गराउँदा लाग्ने दस्तूरमा २० प्रतिशत छुट दिइनेछ ।

२१.११ महिला उद्यमशीलता विकासका लागि छुट्टै महिला उद्यमशीलता विकास कोष खडा गरिनेछ ।

२१.१२ महिला उद्यमीको विकासको लागि उद्योग मन्त्रालयमा छुट्टै विषयगत एकाइ (Unit) खडा गरिनेछ ।

२१.१३ सबै उद्योग व्यवसायले महिला उद्यमी, महिला कामदार र महिला सेवाग्राहीको अधिकार संरक्षणका लागि कार्यस्थलमा लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसाजन्य कार्य र व्यवहारको रोकथाम र नियन्त्रणका लागि निर्देशीका बनाई लागु गर्न अनिवार्य व्यवस्था गरिनेछ ।

२१.१४ उद्योग प्रवर्द्धन सम्बन्धी योजना, कार्यक्रम तथा बजेटको कार्यान्वयनलाई लैङ्गिकमैत्री तुल्याई लैङ्गिक समानताको प्रत्याभूति सुनिश्चित गर्न सम्बन्धित नीति तथा कार्यक्रमकौ लैङ्गिक विश्लेषण र लेखाजोखा (Gender Analysis and Assessment), लैङ्गिक परीक्षण (Gender Audit) तथा लैङ्गिक बजेट (Gender Budget) पद्धति कार्यान्वयनमा ल्याइनेछ ।

## २२. रुग्ण उद्योगको पुनरुत्थान तथा पुर्ननिर्माण सम्बन्धी व्यवस्था

सबैस्तरका रुग्ण उद्योगको पहिचान र पुनरुत्थान तथा पुनर्निर्माण गर्न कानुनमा व्यवस्था गरी सम्बन्धित क्षेत्रका विशेषज्ञहरूरहेको एक अधिकार सम्पन्न र उच्चस्तरीय न्यायिक अधिकारसहितको आयोग गठन गरी रुग्ण

उद्योग सम्बन्धी समस्याको समाधान गरिनेछ । आयोगको संरचना, काम, कर्तव्य र अधिकार कानुनले निर्धारण गरेबमोजिम हुनेछ ।

**२३. आर्थिक पक्ष**

प्रस्तुत नीतिको कार्यान्वयनबाट औद्योगिक क्रियाकलापमा थप वृद्धि भई लगानी वृद्धि, गुणात्मक उत्पादनमा बढोत्तरी तथा उत्पादकत्व अभिवृद्धि, उत्पादनशील र दक्ष जनशक्तिको विकास र रोजगारी सिर्जना, निर्यात वृद्धि, औद्योगिक संस्कारको विकासको माध्यमबाट देशको समष्टिगत आर्थिक विकासमा योगदान पुग्न जानेछ ।

**२४. कानुनी व्यवस्थामा सुधार**

यस नीतिमा उल्लिखित प्रावधानहरूलाई आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन लगायत विभिन्न सम्बन्धित कानुनी व्यवस्थाहरूमा समावेश गरेर कानुनी स्वरूप प्रदान गरिनेछ ।

**२५. अनुगमन तथा मूल्याङ्कन**

नीति कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन राष्ट्रिय योजना आयोगले गर्नेछ । नीतिको भौतिक उपलब्धिको अनुगमन तथा कार्यगत मूल्याङ्कन उद्योग मन्त्रालयले गर्नेछ । लगानी वातावरणको समग्र अवस्थाबारे अध्ययन अनुसन्धानको माध्यमबाट लगानी बोर्डले पनि अनुगमन र मूल्याङ्कन गर्नेछ । नीति कार्यान्वयनको समग्र पक्षको मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरिनेछ ।

यस नीति अन्तर्गत स्थापित हुने लघु उद्यमहरूको अनुगमन स्थानीय गा.वि.स. वा न.पा. ले गर्ने र यसको जानकारी लघु उद्यम, घरेलु र साना उद्योग प्रवर्द्धन बोर्डको जिल्ला कार्यालयमा दिइनेछ । यसका निमित्त आवश्यक भए बोर्डको जिल्ला कार्यालयसँग थप सहयोग माग गर्न सक्नेछ । घरेलु र साना उद्योगहरूको आवधिक अध्ययन, अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था लघु उद्यम, घरेलु र साना उद्योग प्रवर्द्धन बोर्ड र यस मातहतका कार्यालयले गर्नेछन् । उद्योगहरूको वर्गीकरणको आधारमा मझौला तथा ठूला र अनुमति लिनु पर्ने वर्गका साना उद्योगको अनुगमन उद्योग विभागबाट हुनेछ ।

**२६. नीतिको पुनरावलोकन तथा सुधार**

प्रत्येक पाँच वर्षमा नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको स्वतन्त्र रूपमा मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ ।

**२७. जोखिम**

अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नुपर्ने भएकोले औद्योगिक उत्पादनको गुणस्तर र उत्पादकत्वमा वृद्धि गरी प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन तथा वितरण गर्न नसकिएमा नेपाली उद्योगहरू सीमान्तकृत (Marginalised) हुन सक्ने सम्भावना रहेको हुँदा यस पक्षलाई ध्यानमा राखी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई प्राप्त पृष्ठपोषण (Feedback) का आधारमा ऐन तथा नीतिमा समयानुकूल परिवर्तन गर्नेतर्फ सचेत हुनुपर्ने देखिएको छ । साथै, उद्योग क्षेत्रको योगदान राजस्व अभिवृद्धितर्फ भन्दा पनि रोजगारी सिर्जना, आय आर्जन एवम् कुल राष्ट्रिय उत्पादनमा अभिवृद्धितर्फ परिलक्षित गर्न सकिएमा मात्र उद्योग क्षेत्रको विकासका लागि सकारात्मक र सबल वातावरण सिर्जना हुन जाने हुन्छ ।

**२८. खारेजी**

औद्योगिक नीति, २०४९ खारेज गरिएको छ ।

# अनुसूची–१

(दफा १२.२.१ सँग सम्बन्धित)

**कृषि तथा वन पैदावारमा आधारित उद्योग**

१. फलफूल खेती/फलफूल प्रशोधन
२. खाद्य प्रशोधन
३. पशुपालन र पशु प्रजनन, पशुपन्छी पालन र प्रजनन
४. दूध उद्योग (दूधका परिकार उत्पादनसमेत)
५. कुखुरापालन/चल्ला काढ्ने व्यवसाय
६. मत्स्य पालन/भुरा उत्पादन
७. रेशम खेती तथारेशम प्रशोधन
८. चिया बगान/चिया प्रशोधन
९. कफी खेती/कफी प्रशोधन
१०. जडीबुटी खेती/जडीबुटी प्रशोधन
११. तरकारी बीउ बिजन उत्पादन
१२. तरकारी खेती/तरकारी प्रशोधन
१३. हरित गृह स्थापना र सञ्चालन
१४. मौरीपालन (मह उत्पादन प्रशोधन र प्रजनन्)
१५. पुष्प खेती (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत)
१६. नर्सरी व्यवसाय
१७. रबर खेती तथा रबरको प्रारम्भिक प्रशोधन
१८. शीत भण्डार
१९. सहकारी/कबुलियति/सामुदायिक/निजी वनको स्थापना र व्यवस्थापन
२०. नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, Sweet Sorghum, Stevia Rebaudiane सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलाबाली, दलहन आदि)
२१. वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरू
२२. वनस्पति उद्यान स्थापना र व्यवस्थापन
२३. वनस्पति प्रजनन् व्यवसाय (टिस्यु कल्चरसमेत)।

## अनुसूची-२

(दफा १२.२.६ सँग सम्बन्धित)

**पर्यटन उद्योग**

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट (Resorts) तथा रेष्टुराँ
२. ट्राभेल एजेन्सी, टुर अप्रेटर, टुरिष्ट गाइड, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा (Spa)
३. साहसिक पर्यटन (Adventure Tourism): स्किइङ्ग, ग्लाईडिङ्ग, बाटर र्‍याफ्टिङ्ग (Water Rafting), हट एयर व्यालुनिङ्ग (Hot Air Balloning), प्यारा सेलिङ्ग (Para Sailing), घोडचढी (Horse Riding), बन्जी जम्पिङ्ग (Bunjee Jumping), हिमाल आरोहरण र अबलोकन ।
४. गल्फ कोर्स, पोलो (Polo), पोनी ट्रेकिङ्ग (Pony Trekking), पदयात्रा (Trekking),
५. ग्रामीण पर्यटन तथा पर्या पर्यटन (Eco-tourism).
६. सांस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन (Cultural, Religious, Conference and Sports Tourism)
७. मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन
८. वन्यजन्तु आरक्ष (Wild Life Conservation)
९. Mountain Flight सञ्चालन

## अनुसूची-३

(दफा १२.२.७ सँग सम्बन्धित)

**निर्माण उद्योग (निर्माण गरी सञ्चालन गर्ने)**

१. सडक, पुल, सुरुङ्ग
२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्ग कार
३. हवाई धावन मार्ग/विमानस्थल
४. औद्योगिक संरचना एवम् पूर्वाधार कम्प्लेक्स
५. सभा सम्मेलन केन्द्र
६. ढल तथा ढल निकास
७. खानेपानी आपूर्ति तथा वितरण
८. सिँचाइ पूर्वाधार
९. उर्जाघर तथा उर्जा प्रसारण लाईन
१०. खेलकुद गृह, रङ्गशाला (Sport Complexes, Stadium)
११. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह
१२. निर्यात प्रशोधन क्षेत्र
१३. विशेष आर्थिक क्षेत्र
१४. कार्गो कम्प्लेक्स
१५. सौर्य तथा वायुबाट उर्जा उत्पादन
१६. दूषित पानी प्रशोधन केन्द्र (Water treatment plant)

उपरोक्त उद्योगहरू निर्माण, स्वामित्व र हस्तान्तरण (Build-Own-Operate- Transfer-BOOT), निर्माण सञ्चालन र हस्तान्तरण (Build-Operate-Transfer-BOT) तथा निर्माण र सञ्चालनको प्रारूपमा सञ्चालन हुनुपर्नेछ ।

# अनुसूची-४

(दफा १२.२.८ सँग सम्बन्धित)

**सूचना तथा सञ्चार प्रविधि उद्योग**

१. टेक्नोलोजी पार्क
२. आइ टी पार्क
३. वायोटेक पार्क
४. सफ्टवेयर विकास
५. कम्प्यूटर तथा सम्बन्धित सेवाहरू
६. तथ्याङ्क प्रशोधन
७. साइवर क्याफे
८. डिजिटल म्यापिङ्ग
९. भी-स्याट, इन्टरनेट सेवा
१०. टेलिफोन तथा सेलुलर टेलिफोन सेवाहरू
११. मोवाइल टेलिफोन
१२. पेजिङ्ग सेवा
१३. टेलिभिजन प्रसारण (स्याटेलाईट तथा केबल टेलिभिजन प्रसारण) सेवा
१४. एफ.एम.रेडियो प्रसारण सेवा
१५. इमेल, भ्वाइस मेल, फ्याक्स
१६. अडियो-भिडियो, सि.डि.रोम रेकर्डिङ्ग तथा उत्पादन
१७. प्रिन्ट मिडिया उद्योग
१८. Business Process Outsourcing (BPO)

## अनुसूची-५

(दफा १२.२.९ सँग सम्बन्धित)

**सेवामूलक उद्योग व्यवसाय**

१. यान्त्रिक कार्यशाला (वर्कशप)
२. छापाखाना तथा छपाइ सम्बन्धी सेवा
३. पेसागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानुनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरू
४. जिनिङ्ग तथा बेलिङ्ग (Ginning and Baling) व्यवसाय
५. चलचित्र निर्माण व्यवसाय
६. प्रदर्शनी सेवा
७. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय
८. निर्माण व्यवसाय
९. सार्वजनिक परिवहन व्यवसाय
१०. फोटोग्राफी
११. अस्पताल
१२. नर्सिङ्ग होम
१३. शिक्षण एवम् प्रशिक्षण संस्था
१४. पुस्तकालय, अभिलेखालय तथा सङ्ग्रहालय सेवा
१५. प्रयोगशाला
१६. हवाई सेवा
१७. खेलकुद सेवा
१८. शीत भण्डार सञ्चालन (गैर कृषिजन्य)
१९. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत
२०. फोहोर मैला सङ्कलन तथा सरसफाई
२१. घर जग्गा (Real Estate) खरिद बिक्री सम्बन्धी व्यवसाय
२२. निर्माण सम्बन्धी भारी उपकरण (Heavy Equipment) भाडा, मर्मत तथा सञ्चालन
२३. पशु चिकित्सा सेवा
२४. व्याट्री रिचार्जिङ्ग
२५. स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरू) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला
२६. निर्माण भइसकेका पूर्वाधारहरूको सञ्चालन गर्ने जस्तैः (सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्याँस आपूर्तिसम्बन्धी पाइप लाईन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क, रङ्गशाला, स्पोर्टस् कम्प्लेकस, रोपवे, सडक, सिँचाइ, विद्युत् प्रसारण, विद्युत् गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (Inland Clearance Depot-ICD) आदि सेवा सञ्चालन गर्ने व्यवसायहरू :
२७. खाद्यान्न कुटानी, पिसानी, पेलानीरप्याकिङ्ग गर्ने कार्य
२८. कपडा तथा धागोरङ्गाई, साइजिङ्ग र कपडा छपाइ (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक)
२९. कार्गो व्यवसाय
३०. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्याँस रिफिलिङ्ग र सवारी ग्याँस रिफिलिङ्ग गर्ने स्टेशनसमेत)

३१. कुरियर सेवा
३२. ड्राइक्लिनिङ्ग व्यवसाय
३३. व्यूटी पार्लर
३४. आन्तरिक सजावट (Interior Decoration)
३५. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय
३६. प्रकाशन सेवा
३७. विज्ञापन सेवा
३८. विज्ञापन सामग्री तयार गर्ने सेवा
३९. समाचार सम्प्रेषण सेवा
४०. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण
४१. स्वाइल टेष्टिङ्ग सेवा
४२. Health Club
४३. पिउने पानी ढुवानी सेवा
४४. जुलोजिकल पार्क सञ्चालन
४५. जियोलोजिकल पार्क सञ्चालन
४६. व्यवसाय सम्वर्द्धन सेवा (Business incubation service)
४७. व्यापारिक कम्प्लेक्स सञ्चालन
४८. वैदेशिक रोजगार सेवा

## अनुसूची-६

(दफा १२.३.२ सँग सम्बन्धित)

**परम्परागत* तथा अन्य घरेलु उद्योगहरू:**

१. ह्याण्ड लूम, पेडल लूम, सेमी-अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाइ, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई ।
२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी पाखी, गलैंचा, पस्मिना, पोशाक ।
३. हाते कागज र सोमा आधारित वस्तु ।
४. परम्परागत कलामा आधारित वस्तु (Filigree and Ornamental Items based on Traditional Crafts).
५. परम्परागत मूर्तिकला ।
६. तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान ।
७. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरू ।
८. सुन चाँदीबाट हस्तनिर्मित गर गहना, वस्तु, भाँडा वर्तनहरू (बहुमूल्य, अर्ध बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत) ।
९. स्वदेशमा उपलब्ध किमति, अर्ध किमती तथा साधारण पत्थर कटाई उद्योग ।
१०. ग्रामीण ट्यानिङ्ग/छालबाट हस्त निर्मित वस्तुहरू ।
११. जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग ।
१२. पत्थरकला (ढुङ्गा कुँदी बनाइएका सामानहरू) ।
१३. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला ।
१४. मुकुण्डो (Mask) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना ।
१५. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु ।
१६. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनीजका कलात्मक वस्तुहरू ।
१७. सेरामिक्स तथा माटाका भाँडाकुँडा ।

**परम्परागत घरेलु उद्योगको हकमा १० किलोवाटभन्दा बढी विद्युत्शक्ति क्षमता भएको हुनु हुँदैन ।*

## अनुसूची-७
(दफा १३.१ सँग सम्बन्धित)

**प्राथमिकता प्राप्त उद्योगहरू:**

१ कृषि तथा वन पैदावारमा आधारित अनुसूची-१ बमोजिमका उद्योग ।
२. निर्माण उद्योग (निर्माण गरी सञ्चालन गर्ने) अनुसूची-३ बमोजिमका उद्योग ।
३. जलविद्युत् उत्पादन तथा वितरण लगायतका उर्जामूलक उद्योगहरू ।
४. निकासी प्रवर्द्धन उद्योग ।
५. पूर्वाधार सहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो (Polo), पोनी ट्रेकिङ्ग (Pony Trekking), पदयात्रा (Trekking) पर्यटन, बाटर र्‍याफ्टिङ्ग (Water Rafting), सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्षण ।
६. खानीजन्य उद्योग, पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण तथा उत्पादन ।
७. स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायानिक मल (मिश्रण बाहेक) धूलो दूध, औषधी उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन वचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरूले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युत्बाट चल्ने सवारी साधनहरू उत्पादन गर्ने उद्योग ।
८. सार्वजनिक परिवहन व्यवसाय, शीत भण्डार निर्माण तथा सञ्चालन, फोहोर मैला सङ्कलन, ग्रामीण सूचना तथा सञ्चार प्रविधि सम्बद्ध सेवा, कम्प्यूटर सफ्टवेयर ।
९. काठमाडौं उपत्यका, पोखरा उपमहानगरपालिका र तराई क्षेत्रका उपमहानगरपालिका तथा नगरपालिका क्षेत्र बाहिर स्थापना हुने अस्पताल, नर्सिङ्ग होम, पशु अस्पताल एवम् चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवम् प्रशिक्षण संस्थाहरू ।
१०. परम्परागत घरेलु उद्योग ।

## अनुसूची-८
(दफा १४.१ सँग सम्बन्धित)

**अनुमति लिनु पर्ने उद्योगहरू:**

१) हातहतियार, गोलीगट्ठा, वारुद लगायतका विस्फोटक पदार्थ उत्पादन गर्ने, सुरक्षात्मक छपाइ (सेक्युरिटी प्रिन्टीङ्ग) मुद्रा तथा सिक्का उद्योग ।
२) चुरोट, विडि, खैनी, सिगार तथा सुर्ति मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग र वियर तथा मदिरा उत्पादन गर्ने उद्योग ।
३) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, प्रशोधन गर्ने उद्योगहरू ।
४) क्षेत्रगत ऐनले व्यवस्था गरेका अनुमति लिनुपर्ने उद्योगहरू ।

## अनुसूची-९

(दफा १७.२ सँग सम्बन्धित)

**अति अविकसित क्षेत्रः**

| | | |
|---|---|---|
| १. बाजुरा | २. जाजरकोट | ३. डोल्पा |
| ४. हुम्ला | ५. जुम्ला, | ६. कालीकोट |
| ७. दार्चुला | ८. अछाम | ९. वझाङ्ग |
| १०. मुगु | ११. रुकूम | १२. सल्यान |
| १३. दैलेख | १४. रोल्पा | १५. तेह्रथुम |
| १६. डोटी | १७. खोटाङ्ग | १८. संखुवासभा |
| १९. मनाङ्ग | २०. मुस्ताङ्ग | २१. सोलुखुम्बु |
| २२. ताप्लेजुङ्ग | २३. ओखलढुङ्गा | |

## अनुसूची-१०

(दफा १७.३ सँग सम्बन्धित)

**अविकसित क्षेत्र**

| | | |
|---|---|---|
| १. वैतडी | २. डडेलधुरा | ३. म्याग्दी |
| ४. भोजपुर | ५. इलाम | ६. सिन्धुली |
| ७. पाँचथर | ८. प्यूठान | ९. बागलुङ |
| १०. रसुवा | ११. सिन्धुपाल्चोक | १२. गुल्मी |
| १३ पर्वत | १४. दोलखा | १५. रामेछाप |

## अनुसूची-११

(दफा १७.४ सँग सम्बन्धित)

**कम विकसित क्षेत्र**

| | | |
|---|---|---|
| १. कैलाली | २. वर्दिया | ३. कञ्चनपुर |
| ४. पाल्पा | ५. लम्जुङ्ग | ६. गोरखा |
| ७. अर्घाखाँची | ८. धनकुटा | ९. सुर्खेत |
| १०. दाङ्ग | ११. स्याङ्गजा | १२. तनहुँ |
| १३. उदयपुर | १४. नुवाकोट | १५. धादिङ्ग |
| १६. काभ्रेपलाञ्चोक | १७. कपिलवस्तु | १८. सिराहा |
| १९. बाँके | २०. धनुषा | २१. रौतहट |
| २२ सप्तरी | २३. सर्लाही | २४. महोत्तरी |

# खर्क नीति, २०६८

## १. पृष्ठभूमि

प्राकृतिक चरन क्षेत्र, घाँसे मैदान एवम् झाडी बुट्यान क्षेत्र समेटिएको 'खर्क'* उपयोगको इतिहास मानव सृष्टि र सभ्यताको विकाससँग जोडिएको छ। खर्क स्थानीय समुदायको जीविकोपार्जन, राष्ट्रको आर्थिक विकासको आधारस्तम्भ र जैविक विविधताको भण्डार पनि हो। नेपालको कुल भू-भागको करिब २२.६% क्षेत्रफल खर्क क्षेत्रले ओगटेको छ। जुन उच्च, मध्य र तल्लो पहाडी भागमा छरिएर रहेको छ। जडीबुटी, वन्यजन्तुको वासस्थान, घरपालुवा जनावरहरूको जीवन धान्ने स्रोत, नदीनालाको पानीको स्रोत, मनोरम भू-दृष्यहरू का साथै वैज्ञानिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका यस्ता क्षेत्रहरू अनादिकाल देखि नै मानव जीवनयापनको अभिन्न अंशको रूपमा रहेका छन्। गाउँ बस्तीबाट टाढा उच्च, मध्य र तल्लो पहाडको चुरे क्षेत्रको आसपासमा रहेका यस्ता खर्क र यिनमा आश्रित स्थानीय समुदायको खस्किदो अवस्थालाई दृष्टिगत गर्दै खर्कहरूको वैज्ञानिक व्यवस्थापन, संरक्षण र उपयोग गरी दिगो विकास गर्नु अपरिहार्य भएकोले यो खर्क नीति, २०६८ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

## २. विगतका प्रयासहरू

उच्च पहाडी क्षेत्रका खर्कमा आश्रित समुदायलाई लक्षित गरी सन् १९५० मा मध्यमाञ्चल क्षेत्रमा याक चीज उद्योग स्थापना साथै सन् १९५० तथा १९६० को दशकमा सोही क्षेत्रमा चरन तथा पशु विकास आयोजनाहरू लागु भएको देखिन्छ। त्यस्तै, सन् १९७० तथा १९८० को दशकमा चरन तथा पशु आहारा अनुसन्धान फार्म रसुवाको स्थापना, म्याग्दी, मुस्ताङ्ग र गोरखामा सञ्चालित स्रोत संरक्षण एवम् उपयोग आयोजना, दोलखा र सिन्धुपाल्चोकमा सञ्चालित चरन विकास कार्यक्रम, उच्चपहाडी क्षेत्र लक्षित उत्तरी भेग चरन विकास कार्यक्रम, विगत १५ वर्ष देखि सञ्चालनमा रहेको पहाडी कबुलियती वन तथा पशु विकास कार्यक्रम, सोलुखुम्बुको टाकसिन्दुमा स्थापना भएको चीज उद्योग र स्याङ्बोचेको पशु विकास फार्मबाट समेत खर्क विकासमा केही योगदान पुगेको छ।

जैविक विविधता महासन्धि (Convention on Biological Diversity, 1992) अनुरूप तर्जुमा गरिएको राष्ट्रिय जैविक विविधता रणनीति, २०५९ (NBS, 2002), नेपालको जैविक विविधताको संरक्षण र उपयोग एवम् खर्कको दिगो विकास समेटिएको दस्तावेज हो। सोही रणनीतिको आधारमा तयार भएको राष्ट्रिय जैविक विविधता रणनीति कार्यान्वयन योजना, २०६३ ले पनि खर्क नीतिको तर्जुमा एवम् कार्यान्वयनलाई प्राथमिकता दिएको छ। नेपाल पक्ष रहेको उक्त महासन्धि र नेपाल सरकारद्वारा कार्यान्वयनमा ल्याइएको राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ र कृषि जैविक विविधता नीति, २०६३ ले खाद्य तथा कृषिजन्य आनुवंशिक स्रोत, पदार्थ तथा स्थानीय ज्ञान, सिप आदिको संरक्षण, उपयोग र लाभको न्यायोचित बाँडफाँड गरी वर्तमान र भावी पुस्ताको खाद्य सुरक्षा एवम् गरिबी न्यूनीकरण गर्ने परिकल्पना गरेको छ। जडीबुटी एवम् गैरकाष्ठ वनपैदावार विकास नीति, २०६१ ले पनि खर्कजन्य जडीबुटी र गैरकाष्ठ वन पैदावरको दिगो व्यवस्थापनको विविध पक्षहरू समेटको छ।

चरन खर्कहरूलाई किपट, मुखिया, तालुकदारको नियन्त्रणबाट मुक्त गरी स्थानीय निकायहरूमार्फत पशुहरूको चरिचरनका लागि मात्र प्रयोग गर्ने व्यवस्था चरन खर्क राष्ट्रियकरण ऐन, २०३० मा गरिएतापनि देशका केही भागमा किपट प्रथा यद्यपि रहिरहेको देखिन्छ। यस ऐनले स्थानीय गाउँ विकास समितिहरूलाई चरन क्षेत्रको संरक्षण एवम् सम्वर्द्धनको जिम्मेवारी समेत दिएको छ।

---

** खर्क भन्नाले प्राकृतिक चरन क्षेत्र, घाँसे मैदान एवम् झाडी बुट्यान क्षेत्र (shrubland) समेतलाई बुझाउँदछ।*

## ३. वर्तमान स्थिति

कुल ३३ लाख हेक्टर खर्क मध्ये करिब ८० प्रतिशत खर्क उच्चपहाडी तथा हिमाली क्षेत्रमा नै रहेको छ (NBS, 2002)। त्यसमा पनि अधिकांश खर्क मध्य-पश्चिमाञ्चल तथा पश्चिमाञ्चल क्षेत्रमा रहेको पाईन्छ । देशभित्रका संरक्षित क्षेत्रहरूमा रहेको कुल खर्कको करिब २७ प्रतिशत (NBS, 2002) भू-भाग समेत निकुञ्ज आसपासका समुदाय, अव्यवस्थित चरिचरन र बढ्दो पर्यटन व्यवसायको कारण जोखिममा छ। चरन प्रयोजनका साथै खर्कहरू हजारौ जीवजन्तु, वनस्पति, जडीबुटी आदि जैविक विविधिताका भण्डार पनि हुन् । यो क्षेत्रमा यार्सागुम्बा जस्ता बहुमूल्य जडीबुटी पाइने हुँदा समय समयमा स्वामित्व र व्यवस्थापन विवादका कारण मानवीय क्षति समेत हुने गरेको छ । विषम भौगोलिक अवस्थिति, कमजोर व्यवस्थापन, मानिस तथा पशुहरूको बढ्दो चापका कारण खर्कहरूको अवस्था दिनानुदिन खस्कँदो छ ।

खर्कहरूमा उत्पादन हुने घाँसमध्ये केवल ३७ प्रतिशत मात्रै पशुहरूले उपयोग गर्न पाएका छन् । खर्कहरूको अवस्था हेरी घाँसको उत्पादन०.६५ देखि ३.६० मे.टन. सुख्खा पदार्थ प्रति हेक्टर प्रति वर्ष रहेको छ । लेकाली बाहेक अरू सबै खर्कहरूमा पशुहरूको अत्यधिक चाप रहेको अध्ययनबाट पुष्टि भइसकेको छ । स्थानीय समुदायहरूले आफ्ना पशुहरू खर्कहरूमा सामूहिक रूपमा चरिचरन गराउने गरे पनि खर्कहरूको स्वामित्व सरकारमा रहेको तर उपभोक्ता स्थानीय समुदायबाट हुने गरेकोले खर्क व्यवस्थापनको अन्यौल कायमै छ। पशुहरूको चरिचरनबापत चर्को शुल्क लिइने गरेको पनि पाइएको छ ।

## ४. समस्या तथा चूनौतीहरू

बढ्दो जनसङ्ख्या, भू-क्षय, अव्यवस्थित चरिचरन, डढेलो र खोरीया फँडानीका कारण खास गरी हिमाली क्षेत्रमा अवस्थित जैविक विविधतामा निकै क्षति पुगेको छ भने खर्कहरूको क्षेत्रफल तथा उत्पादन पनि क्रमिक रूपमा घट्दै गएको छ । खर्क व्यवस्थापनमा परम्परागत संस्था, विधि र तौर तरिकाहरू मासिँदै गएको तथा वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन नभइसकेको अवस्थामा तिनको दिगो व्यवस्थापन निकै चूनौतीपूर्ण देखिएको छ । संस्थागत सञ्जाल एवम् खर्कसम्बन्धी अनुसन्धान तथा दक्षताको अभाव, खर्क विकास तथा व्यवस्थापनमा हुने गरेको अपर्याप्त आर्थिक लगानी, भौगोलिक विकटता र अपर्याप्त जनशक्ति आदि कारणले गर्दा पनि खर्क विकास तथा व्यवस्थापनले गति लिन सकेको छैन । साथै जलवायु परिवर्तनका कारण विश्व तापमानको वृद्धिबाट भइरहेको असरबाट खर्कहरूको उत्पादन तथा उत्पादकत्वमा ह्रास आएको छ । साथै ग्रामीण बसोवास नजिक सार्वजनिक घाँसे मैदान वा चरिचरन क्षेत्र अति चरीचरण, चौतर्फी अतिक्रमण, र मिचाहा (Invasive) वा चाहना नभएका प्रजाति फैलावट पनि समस्याको रूपमा रहेको छ । खर्कहरूको विषम अवस्थिति, खर्क व्यवस्थापनका लागि स्रोत अभाव, खर्कजन्य स्रोत* हरूको अनियन्त्रित दोहन, खर्कहरूको व्यवस्थापन स्वामित्वको अस्पष्टता, खर्क व्यवस्थापन सम्बन्धी प्रविधि विकास तथा प्रसारको सीमितता, खर्क विकास राष्ट्रिय प्राथमिकतामा नपर्नु, खर्क विकासमा सम्वद्ध समुदाय एवम् सरोकारवालाहरूको संस्थागत सञ्जालको अभाव आदि खर्क व्यवस्थापनका चुनौतीहरू हुन् ।

## ५. नयाँ नीतिको आवश्यकता

उच्च तथा मध्य पहाडी क्षेत्रको जीविकोपार्जनको आधार पशुपालन र पशुपालनको आधार नै खर्क रहेकोले खर्कको उचित व्यवस्थापनबाट त्यस क्षेत्रका वासिन्दाको जीविकोपार्जन तथा खाद्य सुरक्षामा सुधार ल्याउन, बसाइँसराइको क्रम एवम् जलवायु परिवर्तनको असर न्यूनीकरणमा समेत सहयोग पुग्ने देखिन्छ तर पनि नीतिको अभावका कारण सो हुन सकेको छैन । खर्कहरूमा रहेका प्राकृतिक जडीबुटी तथा अन्य गैरकाष्ठजन्य स्रोतहरूको अनियन्त्रित दोहन एवम् अव्यवस्थित पशु चरिचरनका कारण खर्कहरूको उत्पादकत्व तथा खर्कजन्य जैविक विविधतामा आएको ह्रास कम गर्न, वातावरण विनाश र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सहयोग पुऱ्याउन, खर्कहरूले कार्बन सञ्चितीकरण (Carbon sequestration) मा पुऱ्याएको योगदानको मूल्याङ्कन

** संरक्षित क्षेत्र भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, स्ररक्षण क्षेत्र र मध्यवर्ति क्षेत्रलाई जनाउछ ।*

** खर्कजन्य श्रोत भन्नाले सामान्यतया खर्कहरुमा भएका घाँस, जडिवुटी, गैरकाष्ठ वन पैदावार, जलस्रोत, जीवजन्तुहरु र पारिस्थितिकिय प्रणाली* (Ecosystem) *समेतलाई बुझाउँदछ ।*

गर्न, उद्यमशीलताको विकास गरी पर्यटन प्रवर्द्धन गर्न, खर्कजन्य स्रोतमा आधारित उद्यमहरूको विकास गर्न, परम्परागत ज्ञान, सीप, प्रविधि तथा आनुवंशिक स्रोतको उचित संरक्षण गर्ने कार्यलाई स्पष्ट दिशानिर्देश गर्न खर्क नीतिको आवश्यकता महसुस गरिएको हो ।

## ६. दृष्टिकोण

खर्कहरूमा आश्रित समुदायको जीविकोपार्जनमा सुधार ल्याई राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने ।

## ७. परिदृश्य

पर्यावरण संरक्षण र खर्कहरूमा आश्रित समुदायको जीविकोपार्जनमा सुधार ल्याउन खर्कहरूको दिगो संरक्षण र प्रवर्द्धन गर्ने ।

## ८. लक्ष्य

खर्कहरूको दिगो व्यवस्थापनको लागि समुदायको सहभागितामा परम्परागत ज्ञान, प्रविधि र सीपको उपयोग गर्दै वातावरणमैत्री प्रविधिहरू अपनाई वैज्ञानिक विधि र व्यवस्थापन पद्धति अवलम्बन गर्ने ।

## ९. उद्देश्यहरू

९.१ खर्कहरूको स्तरोन्नति गरी उत्पादकत्व वृद्धि गर्ने ।

९.२ खर्कमा आधारित उद्यम व्यवसायहरूको विकास एवम् विस्तार गर्ने ।

९.३ खर्कहरूको जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् दिगो र वैज्ञानिक उपयोग गरी पर्यावरणीय सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने ।

## १०. नीति

**१०.१ खर्कहरूको स्तरोन्नति गरी उत्पादकत्व वृद्धि गर्ने:**

१०.१.१ खर्कहरूको संरक्षण, सम्वर्द्धन तथा उपयोगको अधिकार एवम् जिम्मेवारी स्थानीय समुदायलाई प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गर्ने ।

१०.१.२ खर्कको गुणस्तरमा ह्रास आउन नदिन उत्पादनस्तर एवम् क्षमताअनुसार चरिचरन गर्ने व्यवस्था मिलाउने ।

१०.१.३ संरक्षित क्षेत्रहरू लगायतका सरोकारवाला निकायहरूसँग समन्वय गरी चरन विकास तथा खर्क व्यवस्थापन कार्य व्यवस्थित गर्ने ।

१०.१.४ सामुदायिक वन क्षेत्रभित्र परम्परागत रूपमा चरन क्षेत्रको रूपमा उपयोग हुँदै आएका खर्कहरूमा पशुपालक कृषकहरूले प्रयोग गर्दै आइरहेका सुविधाहरूको संरक्षण गर्ने ।

१०.१.५ अन्तर्राष्ट्रिय, राष्ट्रिय, तथा स्थानीयस्तरमा विकसित प्रविधिहरूको खोजी गरी सोको प्रयोग गर्ने व्यवस्था मिलाउने ।

१०.१.६ खर्क क्षेत्रमा नियमित अध्ययन अनुसन्धानलाई प्राथमिकता दिई खर्कजन्य स्रोतहरूसँग सम्बन्धित प्रविधि विकास र परीक्षणमा जोड दिने ।

१०.१.७ स्थानीय क्षेत्रमा कार्यरत कृषि, पशुपालन, वन र सम्बन्धित अन्य उपभोक्ता समूहहरूको सहभागितामा खर्कहरूको पूर्वाधार विकास गर्ने ।

१०.१.८ छिमेकी मुलुकहरूसँगको विद्यमान चरन सम्झौताको नवीकरण प्रक्रियालाई सरलीकृत गर्ने व्यवस्था मिलाउने ।

१०.१.९ हिउँद तथा सुख्खा याममा हुने पशु आहाराको अभाव न्यूनीकरण गर्न बर्षातको समयमा उपलब्ध हरियो घाँसको सङ्कलन र संरक्षण गर्ने व्यवस्था मिलाउने ।

१०.१.१० जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको उपलब्धताको अध्ययन गरी कुनै खास खर्क क्षेत्रलाई "जडीबुटी क्षेत्र" तोक्ने र त्यस्ता जडीबुटीको विकास, व्यवस्थापन र संरक्षण सम्बन्धी कार्यक्रमहरू स्थानीय निकाय, समुदाय तथा अन्य सरोकारवालाहरूको सहभागितामा सघन रूपमा सञ्चालन गर्ने ।

१०.१.११ घाँसको बीउ, पशुजन्य पदार्थहरू, जडीबुटी र गैरकाष्ठ वनपैदावार आदिको उत्पादन, सङ्कलन र प्रशोधनबारे उत्पादक तथा उपभोक्ता लगायत अन्य सरोकारवालाहरूको चेतना अभिवृद्धि गर्ने ।
१०.१.१२ भिरालो सतहमा रहेका खर्कहरूमा हुने गरेको भू-क्षय नियन्त्रण गर्न उपयुक्त प्रविधि अवलम्बन गर्ने ।
१०.१.१३ भू-उपयोग नक्साको आधारमा विद्यमान खर्कहरूको क्षेत्रफल तथा उत्पादकत्व एकिन गर्नुका साथै खर्क विकास तथा व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्ने ।
१०.१.१४ प्राकृतिक प्रकोप (डढेलो, सुख्खा, वाढी, पहिरो, हिमपात आदि) बाट खर्क तथा त्यसमा आश्रित व्यवसायमा हुने जोखिम न्यूनीकरण गर्ने तथा क्षति भएमा राहतको व्यवस्था मिलाउने ।

**१०.२ खर्कमा आधारित उद्यम व्यवसायहरूको विकास एवम् विस्तार गर्ने**

१०.२.१ खर्कजन्य उत्पादनहरूको स्थानीय स्तरमा नै उद्यम प्रवर्द्धन र मूल्य अभिवृद्धि (Value addition) गर्न तथा खर्कमा आधारित उत्पादनहरूको निकासी वृद्धि गर्न पूर्वाधारहरूको विकास तथा समुदायको क्षमता अभिवृद्धि गर्ने । खर्कजन्य उत्पादनलाई मूल्य श्रृङ्खला (Value Chain) सँग आवद्ध गराई प्राङ्गारिक वस्तुहरूको उत्पादनलाई बढवा दिने।
१०.२.२ भरपर्दो बजार सूचना प्रणाली एवम् खर्क सम्वद्ध व्यवसायी तथा सरोकारवालाहरूको सञ्जालमार्फत खर्कजन्य उत्पादनहरूको बजार विकास तथा विस्तार गर्ने ।
१०.२.३ खर्कमा आश्रित समुदायको जीविकोपार्जनमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता ससाना पूर्वाधार विकासका लागि समुदायको अग्रसरतामा खर्क विकासका कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्ने । यसको लागि खर्क विकास तथा राहत कोषको स्थापना गर्ने ।
१०.२.४ निश्चित खर्कहरूमा नमुना पर्यटन स्थलहरू विकास गरी स्थानीय उत्पादनमा आधारित पर्यापर्यटन (Eco-tourism) प्रवर्द्धन गर्ने । पर्यापर्यटनको प्रवर्द्धन गर्दा स्थानीय जनसमुदाय एवम् विपन्न वर्गलाई फाइदा पुग्ने गरी गरिने ।
१०.२.५ वास्तविक उपभोक्तालाई नै खर्कको व्यवस्थापन (संरक्षण, उत्पादन, सदुपयोग) को जिम्मा लगाउने व्यवस्था मिलाउने ।
१०.२.६ उच्चपहाडी तथा हिमाली क्षेत्रमा पशुपालन र चरन खर्क व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई राज्यका सम्बन्धित निकायहरूबाट विशेष प्राथमिकता दिई सञ्चालन गर्ने ।
१०.२.७ खर्कजन्य उत्पादनमा आधारित उद्योगहरूको प्रवर्द्धन गरी उच्च मूल्य पर्ने मौलिक उत्पादनहरू जस्तैः याक चीज, जडीबुटी, ऊन, पस्मिना आदिको प्रवर्द्धन गर्ने ।
१०.२.८ खर्क विकास तथा व्यवस्थापन सम्बन्धी दक्ष जनशक्ति विकास गर्ने व्यवस्था मिलाउने ।
१०.२.९ खर्कजन्य स्रोतहरूबाट अधिकतम लाभ लिन विदेशी सङ्घ, संस्थाहरूसँग समन्वय गरी अन्वेषणात्मक सर्भेक्षण (Bio-prospecting) गर्ने । यस्तो सर्भेक्षणबाट नेपालका जैविक स्रोतको अन्तर्राष्ट्रिय बजारमा व्यावसायीकरण हुन सक्ने भएमा राष्ट्रलाई अधिकतम लाभ हुनेगरी व्यवस्था मिलाउने ।
१०.२.१० खर्कमा आधारित व्यावसायिक उद्यमलाई प्रोत्साहन गर्न व्यवसायीहरूलाई सहुलियतमा खर्क उपलब्ध गराउने व्यवस्था मिलाउने ।
१०.२.११ वैकल्पिक उर्जाको भरपर्दो व्यवस्था मिलाई खर्कजन्य उत्पादनहरूमा आधारित उद्यम व्यवसायहरूको विकास एवम् विस्तार गर्ने ।

**१०.३ खर्कहरूको जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् दिगो र वैज्ञानिक उपयोग गरी पर्यावरणीय सन्तुलन कायम गर्न सहयोग पुर्‍याउने**

१०.३.१ खर्कहरूमा पाइने स्थानीय जडीबुटी, घाँसपात लगायतका वनस्पतिहरू, वन्यजन्तु, स्थानीय सीप, अभ्यास, प्रविधि र उत्पादनहरूको संरक्षण एवम् सम्वर्द्धन गर्ने ।
१०.३.२ खर्कहरूको जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा प्राकृतिक स्रोत र साधनको समुचित तथा दिगो उपयोगको व्यवस्था मिलाउने र त्यस्ता वस्तुहरूलाई बौद्धिक सम्पत्ति अधिकार कानुनको परिधिभित्र ल्याई तिनीहरूको संरक्षणलाई बढवा दिने ।

१०.३.३ खर्कमा रहेका जैविक विविधता र आनुवंशिक भिन्नताको अध्ययन गरी सोको अभिलेख तयार पार्ने तथा नियमित रूपमा अद्यावधिक गर्दै लैजाने ।

१०.३.४ खर्कहरूमा विद्यमान सिमसारहरूको संरक्षण गरी दिगो उपयोगको व्यवस्था मिलाउने ।

१०.३.५ स्व-स्थानीय (In-situ) र पर-स्थानीय (Ex-situ) दुवै पद्धतिद्वारा दुर्लभ तथा लोपोन्मुख खर्कजन्य स्रोतहरूको संरक्षण गर्ने ।

१०.३.६ संरक्षित क्षेत्र आसपासका समुदायहरूलाई आयआर्जनका वैकल्पिक उपायहरू अवलम्बन गर्न सहयोग पुऱ्याई सो क्षेत्रमा भूमि माथि हुने चापलाई कम गर्ने ।

१०.३.७ खर्कहरूले कार्बन सञ्चितीकरणमा पुऱ्याएको योगदानबारे अनुसन्धान गरी त्यसको परिणामलाई कार्यान्वयनमा ल्याउने ।

१०.३.८ खर्कहरूले देशको आर्थिक, सामाजिक तथा पर्यावरणीय क्षेत्रमा पुऱ्याएको योगदानहरूबारे अनुसन्धान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठानसँग समन्वय गरी कार्यान्वयनमा ल्याउने ।

१०.३.९ यस क्षेत्रमा अध्ययन तथा अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न चरिचरन क्षेत्रमा वातावरण प्रेमी (Eco-friendly) आश्रयस्थल व्यवस्थापन गर्न निजी क्षेत्रलाई सहभागी गराउने ।

## ११. रणनीति तथा कार्यनीति

११.१ ठूलो हिमपात, हिम पहिरो, आगलागी जस्ता प्राकृतिक विपत्तिको कारण खर्क, खर्कजन्य स्रोत एवम् सो मा आश्रित समुदायहरूमा आईपर्ने जोखिम न्यूनीकरणका लागि आवश्यक कार्यक्रम गर्ने । नोक्सानीको परिमाणको आधारमा जिल्ला दैवी प्रकोप समितिबाट क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था मिलाउने । जोखिममा रहेका पशुधनको सुरक्षार्थ राहत पुऱ्याउन स्थानीय समुदाय तथा सङ्घ, संस्थाहरूको अग्रसरतामा 'Fodder Bank'* स्थापना गरी परिचालनको व्यवस्था गर्ने ।

११.२ छिमेकी मुलुकका सीमा क्षेत्रका प्रशासकहरूसँग नियमित छलफल गरी खर्कसँग सम्बन्धित समस्याहरू समाधान गर्ने व्यवस्था मिलाउने ।

११.३ संरक्षित क्षेत्रलगायत अन्य क्षेत्रहरूमा सञ्चालित पर्यटन, जडीबुटी सङ्कलन, पदयात्रा (ट्रेकिङ्ग) आदि व्यवसायबाट उठाईने गरेको शुल्क र स्थानीय तथा केन्द्र सरकार एवम् दातृ निकायहरूबाट प्राप्त सहयोग खर्क विकास तथा राहत कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने । कोष सञ्चालन निर्देशीका तयार गरी निर्देशीका अनुरूप उक्त कोष परिचालन गर्ने ।

११.४ समुदायको अग्रसरतामा खर्क विकास गरी खर्कजन्य उत्पादनबाट उच्चतम सामुहिक लाभ हासिल गर्न कृषक समूह/सहकारी संस्थाको स्थापना र विकासलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने । यस्ता संस्थाहरूलाई वित्तीय संस्थाहरू मार्फत सुलभ रूपमा कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

११.५ सामुदायिक एवम् कबुलियति वन क्षेत्रभित्र खर्क विकासलाई बढावा दिन वन कार्य योजनामा खर्क व्यवस्थापनलाई समावेश गर्ने र सम्बन्धित वन उपभोक्ता समूहहरूलाई आवश्यक प्राविधिक ज्ञान, सीप, तालिम उपलब्ध गराउने ।

११.६ खर्कजन्य उत्पादन, सङ्कलन, उपयोग एवम् व्यवस्थापन कार्यमा विद्यमान परम्परागत पद्धति र प्रविधिहरूमा सामयिक सुधार गर्नुको साथै आधुनिक प्रविधिको विकास र विस्तारमा जोड दिने ।

११.७ वन्यजन्तु एवम् घरपालुवा जनावरहरूको साझा र परम्परागत चरिचरनका कारण चरनमा हुने प्रतिस्पर्धालाई न्यून गर्न खर्कहरूको क्षमताको आधारमा पशु घनत्व (Stocking Density) निर्धारण गर्ने व्यवस्था मिलाउने ।

११.८ स्थानीय निकाय एवम् समुदायको सहभागितामा चरन खर्कहरूमा आवश्यक भौतिक पूर्वाधार (घोरेटो, गोरेटो, पिउने पानी, आश्रय स्थल आदि) को व्यवस्था गर्ने ।

११.९ नेपाल कृषि अनुसन्धान परिषद, वन अनुसन्धान तथा सर्भेक्षण विभाग, बनस्पती विभाग एवम् सम्बन्धित राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय शैक्षिक सङ्घ, संस्थाहरूको सहयोगमा खर्क सम्बन्धी अनुसन्धान जारी राख्ने ।

---

** 'Fodder Bank' भन्नाले भुई घाँस, डाले घाँस, हे, पराल, युरीया, मोलासेस, ब्लक, (UMB) को संचितिलाई जनाउँदछ ।*

११.१० स्थानीयस्तरमा उपलब्ध पोषिलो घाँसपातहरूको बिज वृद्धि एवम् नर्सरी स्थापनामा सहयोग पुऱ्याई पुनः रोपण तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाउने । साथै चरिचरन एवम् घाँस उत्पादनमा सहयोग पुऱ्याउन घाँसको बीउ उत्पादन, संरक्षण, सङ्कलन, भण्डारण, वितरण र पुनः रोपण गर्ने व्यवस्था मिलाउने ।

११.११ खर्कमा आश्रित समुदायको लागि वैकल्पिक उर्जाको भरपर्दो व्यवस्था मिलाउन स्थान विशेषको सम्भाव्यताको आधारमा सरोकारवालाहरूसँग समन्वय गरी अनुदानको व्यवस्था मिलाउने ।

११.१२ खर्क तथा खर्कजन्य उत्पादनहरूको बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनारी गराउन विदेशस्थित कूटनीतिक नियोगहरू व्यापारिक सङ्घ सङ्गठनहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समेतको सहयोगमा प्रचारप्रसार गर्ने व्यवस्था मिलाउने ।

११.१३ स्थानीय समुदाय तथा स्थानीय निकायको क्षमता अभिवृद्धि गरी खर्कजन्य उत्पादनहरूको प्रवर्द्धन एवम् बजारीकरणमा संलग्न गराउने ।

११.१४ सूचना केन्द्रहरूको सञ्जाल खडा गरी खर्कसँग सम्बन्धित राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सूचनाहरू उत्पादक, सङ्कलनकर्ता, प्रशोधनकर्ता तथा निर्यातकर्ताहरूलाई उपलब्ध गराउने ।

११.१५ प्रचलित कानुनबमोजिम खर्कजन्य उत्पादनहरूको प्रमाणीकरणको उपयुक्त व्यवस्था मिलाउने ।

११.१६ खर्क विकास तथा खर्कजन्य स्रोतहरूको उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापनको लागि आवश्यक पर्ने दक्ष एवम् प्राविधिक जनशक्तिको सहज र भरपर्दो आपूर्तिको व्यवस्था मिलाउने ।

११.१७ खर्क जग्गाको एकिन गरी जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम कित्ता नापी गरी खर्कहरूको अभिलेख व्यवस्थित गर्ने र नयाँ खर्कहरूमा पहुँच बढाई उपयोगको व्यवस्था मिलाउने ।

११.१८ ग्रामीण पर्यटन प्रवर्द्धन, पार्क स्थापना र व्यवस्थापन, होटल तथा पदयात्रामार्गको विकास र व्यवस्थापन गरी खर्कमा आधारित पर्यटन विकासमा जोड दिने ।

११.१९ घाँसपात र वनस्पतिको जैविक विविधता एवम् पारिस्थितिकीय प्रणाली (Ecosystem) उत्पादकत्व अध्ययनका लागि देशका विभिन्न भौगोलिक क्षेत्रमा स्थायी प्रदर्शन स्थलहरू स्थापना गर्ने ।

११.२० अन्तर्राष्ट्रिय बजार लक्षित गलैंचा एवम् च्याँग्रा पस्मिनाको व्यापारलाई बढवा दिन उपयुक्त क्षेत्रहरूमा विशेष भेडा तथा च्याङ्ग्रापालन कार्यक्रम अन्तर्गत चरन व्यवस्थापनलाई गर्ने ।

११.२१ पशुपालन, साना उद्यम सञ्चालन एवम् चरन विकास गर्न इच्छुक स्थानीय समुदायको लागि प्रारम्भिक चरणको लागि अनुदानमा प्रजननका लागि भाले, उद्यम सञ्चालनका लागि सुलभ रूपमा ऋण प्रवाह एवम् निःशुल्क रूपमा घाँसको बीउ र प्राविधिक सेवा टेवा पुऱ्याउने ।

११.२२ खर्कमा आधारित पर्यटन प्रवद्धनको लागि खर्कमा आश्रित समुदायको क्षमता अभिवृद्धि गर्दै खर्कजन्य उत्पादनको प्रशोधन, सङ्कलन, भण्डारण र बजारीकरणमा टेवा पुऱ्याउने ।

११.२३ पशु चरिचरणलाई व्यवस्थित गरी (घुम्ती प्रणाली, वढुवा प्रणाली र मिश्रित पशुपालन प्रणाली) खर्कको उत्पादकत्वमा ह्रास आउन नदिने। खर्कको प्रयोग वापत शुल्क लगाउने। खर्कमा आश्रित अनुत्पादक पशुहरूको सङ्ख्या क्रमशः कम गरी उत्पादनशील पशुपालनमा जोड दिने ।

११.२४ उपभोक्ता एवम् सरोकारवालाहरूको सहभागितामा खर्कहरूको जैविक विविधता संरक्षण गर्ने साथै वाह्य प्रजातिहरू भित्र्याउदा कुनै सानो क्षेत्रमा परीक्षण गरी सफल क्षेत्रमा मात्र भित्राउने ।

११.२५ खर्कको नियमित व्यवस्थापनमार्फत मिचाहा प्रजातिका वनस्पतिहरू नियन्त्रण गर्दै लग्ने ।

११.२६ बहुमूल्य खर्कजन्य उत्पादनहरूको Germplasm Gene Bank मा संरक्षण एवम् In-situ/Exsitu Conservation गर्ने । साथै त्यस्ता खर्कजन्य उत्पादनहरूको Intellectual Property Right/ Patent Rights सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।

११.२७ नेपालमा उपलब्ध जडीबुटीहरूको वैज्ञानिक खेती, भण्डारण, प्रशोधन, सम्बेष्टन (Packaging) र सारतत्व निकाल्ने (Extraction) जस्ता कार्यहरू गरी मूल्य अभिवृद्धि गर्ने कार्यलाई प्रोत्साहित गर्ने । यस्ता कार्यहरूमा स्थानीयस्तर मै लघु एवम् मध्यमखालका उद्यमहरूको विकासमा जोड दिने र नेपाल सरकारले यस्ता कार्यहरूको लागि आवश्यक प्राविधिक एवम् आर्थिक सहायता उपलब्ध गराउने ।

११.२८ खर्कहरूमा प्रचुर मात्रामा विद्यमान आनुवंशिक स्रोत (Genetic resources) र आनुवंशिक पदार्थ (Genetic materials) हरूमाथि कानुनी रूपमै हक अधिकार स्थापित गर्न र तिनीहरूको उपयोगबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँटको प्रक्रियालाई व्यवस्थित तुल्याउन आनुवांशिक स्रोत (पहुँच, उपयोग, लाभको बाँडफाँट) ऐन स्वीकृति गरी कार्यान्वयनमा ल्याउने । साथै खर्कजन्य स्रोतहरू र सो सँग सम्बन्धित परम्परागत ज्ञान, सीप, खोज, प्रविधि र अभ्यास उपर सम्बन्धित व्यक्ति, समुदाय वा राज्यको बौद्धिक अधिकार स्थापित हुनेगरी आवश्यक कानुन तर्जुमा गरी लागु गर्ने । त्यस्ता परम्परागत ज्ञान, सीप, अभ्यास आदिको पञ्जीकरण गरी नेपालका आनुवंशिक सम्पदाहरूको संरक्षणमा सहयोग पुऱ्याउने ।

११.२९ खर्क विकासको क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी सङ्घ, संस्था एवम् समुदायहरूको क्षमता अभिवृद्धि गर्ने आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।

११.३० जनचेतनाका कार्यक्रमहरूमार्फत खर्क, खर्कजन्य उत्पादन, विभिन्न वनस्पतिहरू सम्बन्धी एवम् जैविक विविधताबारे सर्वसाधारणलाई सुसूचित गर्ने व्यवस्था मिलाउने ।

११.३१ खर्कहरूमा विद्यमान पानी मुहान संरक्षण तथा सुधार गर्ने र खर्कहरूमा रहेका सिमसारहरूको उचित व्यवस्थापन गर्ने ।

११.३२ हाल सञ्चालनमा रहेका खर्क क्षेत्र र भविष्यमा सम्भाव्य खर्क क्षेत्रसमेतको किसिम, बनोट र बन्ने स्रोतको लेखाजोखाको आधारमा खर्क क्षेत्र निर्धारण गरी चरिचरनका लागि अनुमति दिने ।

११.३३ खर्क क्षेत्रलाई भू–उपयोगिता/भू–स्वामित्वका आधारमा वर्गीकरण गरी वर्गीकृत संरचनामा व्यवस्थापन प्रणाली अपनाइने ।

## १२. संस्थागत संरचना

खर्क व्यवस्थापनसँग सम्बन्धित निकायहरूसँग समन्वय कायम गरी नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने उद्देश्यले देहाय अनुसारको संस्थागत संरचनाहरूको व्यवस्था गरिनेछ । नीतिको कार्यान्वयनको क्रममा कार्यविधि, निर्देशीका तयारी तथा परिमार्जन गर्ने जिम्मेवारी निर्देशक समिति र व्यवस्थापन समितिको हुनेछ । खर्क विकासका कार्यक्रमहरू कार्यान्वयन गर्नल स्थानीयस्तर वा समुदायस्तरका खर्क विकास समिति खडा गर्न सकिनेछ । त्यस्तै एक भन्दा बढी जिल्लाहरू संलग्न हुने खर्कहरूको हकमा क्षेत्रीयस्तरमा आवश्यकताअनुसार समन्वय समिति गठन गर्न सकिनेछ। जिल्ला समन्वय समितिले स्थानीयस्तरमा भएका सम्बन्धित अन्य सरकारी/गैरसरकारी संस्थाका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा राख्न सक्नेछ ।

### निर्देशक समिति

| | |
|---|---|
| माननीय सदस्य, कृषि तथा वन, राष्ट्रिय योजना आयोग | संयोजक |
| सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| सचिव, वातावरण मन्त्रालय | सदस्य |
| सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासङ्घ | सदस्य |
| कृषक प्रतिनिधि, (खर्क सँग सम्बन्धित १ जना महिला सहित २ जना) | सदस्य |
| महानिर्देशक, पशुसेवा विभाग | सदस्य-सचिव |

**निर्देशक समितिको कार्य क्षेत्र**

- खर्क व्यवस्थापनसँग सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।
- खर्क संरक्षण तथा उपयोगको लागि छिमेकी मुलुकहरूसँग भएका सन्धि सम्झौताहरूलाई कार्यान्वयन तथा नवीकरण गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।
- खर्क नीति कार्यान्वयन गर्न नीति, ऐन, नियममा समय सापेक्षिक परिमार्जनको लागि सिफारिस गर्ने ।
- व्यवस्थापन समितिबाट प्राप्त प्रगतिको समीक्षा गरी आवश्यक निर्देशन दिने ।
- खर्क व्यवस्थापनसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालनको लागि आवश्यक स्रोत व्यवस्थापन गर्न समन्वय गर्ने ।
- निर्देशन समितिको बैठक कम्तीमा वर्षको तीन पटक बस्ने ।
- अन्य आई पर्ने कार्यहरू गर्ने ।

**विभागीय व्यवस्थापन समिति**

| | |
|---|---|
| महानिर्देशक, पशुसेवा विभाग | संयोजक |
| उपमहानिर्देशक, योजना तथा तालिम महाहाखा, वन विभाग | सदस्य |
| उपमहानिर्देशक, योजना, कृषि विभाग | सदस्य |
| उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग | सदस्य |
| उपमहानिर्देशक, वन अनुसन्धान तथा सर्भेक्षण विभाग | सदस्य |
| उपमहानिर्देशक, वाणिज्य विभाग | सदस्य |
| उपमहानिर्देशक, नापी विभाग | सदस्य |
| उपमहानिर्देशक, भू तथा जलाधार संरक्षण विभाग | सदस्य |
| कार्यकारी निर्देशक, कृषि उद्यम केन्द्र | सदस्य |
| प्रमुख, चरन तथा घाँसेबाली अनुसन्धान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| प्रतिनिधि, स्थानीय विकास मन्त्रालय | सदस्य |
| कृषक प्रतिनिधि, कार्य क्षेत्र | सदस्य |
| प्रमुख, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | सदस्य-सचिव |

**विभागीय व्यवस्थापन समितिको कार्यक्षेत्र**

- खर्क नीति, २०६८ मा उल्लेख गरिएका रणनीति अनुसार कार्यक्रम सञ्चालन कार्यविधि तथा निर्देशिका तयार गर्ने ।
- खर्क सुधार सम्बन्धी प्राविधिक जनशक्तिको दक्षता अभिवृद्धि गराउने ।
- खर्क सुधार तथा व्यवस्थापनसम्बन्धी कार्यक्रम सम्बन्धित निकायहरूबाट प्रस्ताव गराई सोको कार्यान्वयनमा समन्वयन गर्ने ।
- निर्देशक समितिले दिएको निर्णय र निर्देशनलाई कार्यान्वयन गर्ने गराउने ।
- खर्क व्यवस्थापनको लागि सरोकारवालाहरूबीच समन्वय गरी खर्कको संरक्षण, उपयोग र व्यावसायीकरण गर्न सहजीकरण गर्ने ।
- आवधिक र वार्षिक योजना तर्जुमा गर्ने गराउने ।
- स्थानीय र जिल्लास्तरबाट सञ्चालन हुने कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- विभागीय व्यवस्थापन समितिको बैठकमा आवश्यकताअनुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्ने ।
- . समितिको बैठक कम्तीमा वर्षको तीन पटक बस्ने ।
- . निर्देशन समितिको मार्गदर्शन अनुरूपका कार्यहरू गर्ने ।

**जिल्ला समन्वय समिति**

| | |
|---|---|
| स्थानीय विकास अधिकारी, जि.वि.सं.को कार्यालय | संयोजक |
| प्रमुख, जिल्ला वन कार्यालय | सदस्य |
| प्रमुख, जिल्ला भूसंरक्षण कार्यालय | सदस्य |

| | |
|---|---|
| प्रमुख, जिल्ला कृषि विकास कार्यालय | सदस्य |
| प्रमुख, जिल्ला नापी कार्यालय | सदस्य |
| प्रमुख, संरक्षित क्षेत्र कार्यालय | सदस्य |
| प्रमुख, महिला विकास कार्यालय | सदस्य |
| अध्यक्ष, जिल्ला उद्योग वाणिज्य सङ्घ | सदस्य |
| कृषक प्रतिनिधि (महिला १, पुरुष १), स्थानीयस्तर खर्क विकास समिति | सदस्य |
| जिल्ला अध्यक्ष, गाउँ विकास समिति महासङ्घ | सदस्य |
| अध्यक्ष, मध्यवर्ती/संरक्षित क्षेत्र व्यवस्थापन समिति | सदस्य |
| अध्यक्ष, सामुदायिक वन उपभोक्ता समिति | सदस्य |
| प्रतिनिधि, गैरसरकारी संस्था | सदस्य |
| प्रमुख, जिल्ला पशुसेवा कार्यालय | सदस्य-सचिव |

**जिल्ला समन्वय समितिको कार्यक्षेत्र**

- खर्कको पहिचान, सीमाङ्कनबारे विस्तृत वस्तुस्थिति तयार गर्ने ।
- स्थानीयस्तरमा उपभोक्ता समिति गठनमा सहयोग तथा समन्वय गर्ने ।
- स्थानीय उपभोक्ता समितिबाट माग भई आएका कार्यक्रमलाई औचित्यता र पुष्ट्याई हेरी स्वीकृति प्रदान गर्ने तथा उपभोक्ता समितिको विधान स्वीकृत गर्ने ।
- जिल्लास्तरका सरोकारवालाहरूबीच समन्वय गरी कार्ययोजना तयार तथा कार्यान्वयन गर्न सहयोग गर्ने ।
- जिल्लास्थित सरकारी/गैरसरकारी संस्थार अन्य सरोकारवालाहरूबीच समन्वय गरी एकीकृत खर्क विकास योजना तयार गर्ने ।
- खर्क विकासको लागि आवश्यक पर्ने प्राविधिक सेवा टेवा उपलब्ध गराउन सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।
- निर्देशक समिति तथा विभागीय व्यवस्थापन समितिको निर्णय र निर्देशन कार्यान्वयन गर्ने गराउने ।
- खर्क विकास तथा व्यवस्थापन सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण तथा रिपोर्टिङ्ग गर्ने ।
- गठन गरिएका उपभोक्ता समितिलाई कार्यक्रमको उद्देश्य/जिम्मेवारीबारे जानकारी गराउने ।
- समितिको बैठक कम्तीमा वर्षको तीन पटक बस्ने ।

**खर्क उपभोत्तेक्ता समिति**

खर्क उपयोग गरिरहेका गाउँ विकास समिति क्षेत्रका कृषकहरू मिलेर स्थानीय खर्क उपभोक्ता समिति गठन गर्ने र त्यस समितिमा ५ देखि ९ जना सम्मको कार्यकारिणी समिति रहनेछ । समितिले सर्वसम्मतिबाट अध्यक्ष, सचिव र कोषाध्यक्ष छनोट गर्नेछ ।

**खर्क उपभोक्ता समितिको कार्यक्षेत्र**

- खर्क संरक्षण, उपयोग र सम्वर्द्धन सम्बन्धी कार्यहरूबारे कृषकस्तरमा जनचेतना अभिवृद्धि तथा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- जिल्ला समन्वय समितिको निर्देशन कार्यान्वयन गर्ने ।
- समितिको आचार संहिता र विधान बनाई जिल्ला पशुसेवा कार्यालयमा दर्ता गराउने ।
- स्थानीय सरोकारवालाहरूसँग समन्वय गरी योजना तर्जुमा, स्रोत जुटाउने तथा कार्यान्वयन गर्ने ।
- स्थानीयस्तरमा आवश्यकताअनुसार खर्क सुधारको लागि आवधिक तथा वार्षिक योजना तर्जुमा गरी जिल्ला समन्वय समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने ।
- समितिको बैठक कम्तीमा वर्षको तीन पटक बस्ने ।

## १३. आर्थिक पक्ष

कृषि तथा सहकारी मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, सरकारी एवम् गैरसरकारी निकायहरू, निजी क्षेत्र, स्थानीय निकायको विद्यमान संरचनाबाट नै उल्लिखित नीतिहरूको

कार्यान्वयन हुने भएकोले नेपाल सरकारलाई ठूलो आर्थिक व्ययभार पर्ने छैन, तर पनि प्रस्तावित कार्यक्रमहरू, ऐन, नियमहरूको कार्यान्वयनको लागि भने सालवसाली रूपमा बजेट विनियोजन गरिनेछ ।

### १४. कानुनी व्यवस्था

खर्कहरूको विकास तथा व्यवस्थापनका लागि ऐन नियम निर्देशीका तथा कार्यविधि तर्जुमा गरी लागु गरिनेछ ।

### १५. अनुगमन र मूल्याङ्कन

निर्देशक समिति, विभागीय समिति, जिल्ला समन्वय समितिमार्फत नियमित अनुगमन, मूल्याङ्कन गरी प्रतिवेदन पेस गर्ने व्यवस्था मिलाइनेछ ।

### १६. जोखिम

खर्क व्यवस्थापनमार्फत वातावरण तथा जैविक विविधताको दीर्घकालीन संरक्षण, लक्षित वर्गको जीवनस्तरमा सुधार आदि प्रतिफल प्राप्त हुने हुँदा यस नीतिको कार्यान्वयनबाट जोखिम हुने देखिदैन ।

# पन्छीपालन नीति, २०६८

## १. पृष्ठभूमि

पन्छीपालन व्यवसाय विगत तीन दशकदेखि व्यावसायीकरणतर्फ उन्मुख हुँदै गइरहेको छ। यस व्यवसायले खास गरी यातायात, विद्युत, बजार जस्ता पूर्वाधार विकास भएका क्षेत्रहरूमा उद्योगको रूप लिई सकेको छ। बदलिँदो आहार विहार, बढ्दो सहरीकरण एवम् बढ्दो पौष्टिक खाद्य पदार्थहरूको उपभोग आदि कारणले पन्छीजन्य पदार्थहरूको उपभोगमा क्रमिक रूपले वृद्धि भइरहेको हुँदा स्थानीय बजारमा यसको माग दिनानुदिन बढ्दो छ। यस व्यवसायबाट पन्छीजन्य पदार्थहरूको आयात प्रतिस्थापन मात्र नभई क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धा गरी राष्ट्रिय आयमा वृद्धि गर्न सकिने प्रवल सम्भावना रहेको छ।

यस व्यवसायलाई दिशानिर्देश गर्न तथा औद्योगिकीकरणतर्फ दिगो गति दिनको लागि ठोस् नीतिको आवश्यकता महसुस गरी राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ को परिधिभित्र रही नेपाल सरकारले "पन्छी*पालन नीति, २०६८" जारी गरेको छ।

## २. विगतका प्रयासहरू

नेपालमा आधुनिक कुखुरापालनको सुरुवात वि.सं. २०१४ सालमा पहिलो पटक ब्ल्याक मिनोर्का, रोड आईलैण्ड रेड, न्यु ह्याम्पसायर र ह्वाईट लेगहर्न जातका कुखुराको आयातबाट भएको हो। कृषकहरूलाई उन्नत चल्ला वितरण गरी मासु तथा फुल उत्पादन वृद्धि गर्न यो कार्यक्रमको थालनी गरिएको थियो। वि.सं. २०१७ सालमा परवानीपुर, बारामा सेन्ट्रल ह्याचरी स्थापना भई न्यू हेम्पसायर जातका माऊ चल्लाहरू आयात गरी चल्ला उत्पादनको सुरुवात गरिएको हो। यसै क्रममा निजी क्षेत्रको अग्रसरतामा उन्नत नश्लका लेयर्स र ब्रोइलर चल्लाहरू आयात तथा बिक्री वितरणको कार्य वि.सं. २०१९ सालबाटै सुरुवात भएतापनि वि.सं. २०४० पछि पन्छीपालनमा व्यावसायीकरण प्रक्रियाले गति लिएको देखिन्छ।

## ३. वर्तमान स्थिति

नेपालमा पन्छीजातबाट उत्पादित मासु र फुलको प्रतिव्यक्ति उपभोगस्तर न्यून रहेको तथ्याङ्कले देखाएको छ। आ.व. २०६७/०६८ मा कुखुराको मासु ३६,०५२ मे.टन र अण्डा ७० करोड गोटा उत्पादन भएको जसको औषत वार्षिक वृद्धिदर करिब ३.२ प्रतिशत रहेको छ। कुखुराको मासु तथा फुलको औषत वार्षिक उपलब्धता प्रतिव्यक्ति क्रमशः १.८२ किलोग्राम र २५ गोटा रहेको छ। देशको कुल मासु उत्पादनमा कुखुराको मासुको योगदान करिब १३ प्रतिशत रहेको देखिन्छ। हाल देशमा ९८ वटा ह्याचरीबाट वार्षिक ५.७ करोड ब्रोइलर चल्ला र ५८ लाख लेयर्स चल्ला उत्पादन भई बिक्री वितरण हुँदै आएको छ। त्यसैगरी करिब २१० ठूला दाना उद्योगबाट वार्षिक ६ लाख ४६ हजार मे.टन दाना उत्पादन हुने गरेको छ। व्यावसायिक कुखुरापालन क्षेत्रले मात्र करिब १,००,००० जनालाई प्रत्यक्ष रोजगारी दिएको छ। तसर्थ, पन्छी व्यवसायलाई तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने अभिप्रायले पन्छीपालन नीतिको आवश्यकता महसुस गरिएको हो।

## ४. समस्या र चुनौती

छिमेकी मुलुकहरूको तुलनामा नेपालमा फुल र मासुको उत्पादन एवम् उत्पादकत्व न्यून रहेको छ। दानामा प्रयोग गरिने कच्चा पदार्थहरूको कुल परिमाणको करिब ५० प्रतिशत जति विदेशबाट आयात गरिने हुँदा वर्षेनी उल्लेख्य रूपमा धनराशी विदेशिएको अवस्था छ भने आयातित कच्चा पदार्थको पनि गुणस्तर कमसल भई उत्पादकत्व कम भई उत्पादन लागत समेत बढ्न गएको छ एवम् समय समयमा यस क्षेत्रमा देखा परेको पन्छीजन्य महामारीरोग समेत समस्या र चुनौतीको रूपमा देखिएको छ।

**पन्छी भन्नाले कुखुरा, हाँस, बट्टाई, लौकाट, टर्की, परेवा, अष्ट्रिज, कालिज र च्याखुरा आदिलाई जनाउँछ।*

## ५. नयाँ नीतिको आवश्यकता

पन्छीजन्य मासु र फुलको उत्पादन तथा उत्पादकत्व वढाई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गराउन उत्पादन सामग्रीहरू जस्तैः चल्ला, दानाको कच्चा पदार्थ, औषधी, खोप, उपकरण आदिको मापदण्ड निर्धारण, गुणस्तर नियमन, मासु बिक्री वितरणको उचित व्यवस्थापन अपनाई यस उद्योगको दिगो एवम् संस्थागत विकास गर्न नयाँ नीतिको आवश्यकता महसुस गरिएको हो ।

## ६. लक्ष्य

पन्छी व्यवसायलाई प्रतिस्पर्धी र बजारमुखी उद्योगको रूपमा स्थापित गरी प्रतिव्यक्ति प्रति वर्ष मासु र अण्डाको हालको उपलब्धता क्रमशः १.८२ किलोग्राम र २५ गोटालाई आगामी १५ वर्षभित्र तेब्बर गरिने र जैविक विविधताको संरक्षण गरिने लक्ष्य रहेको छ ।

## ७. उद्देश्यहरू:

पन्छीपालन व्यवसायलाई प्रतिस्पर्धी बनाई पन्छीजन्य मासु तथा अण्डाको उपलब्धतालाई वृद्धि गर्न र आयआर्जन तथा रोजगारी सिर्जनामा टेवा पुऱ्याउन निम्न उद्देश्य लिइएको छ ।

१. गुणस्तरीय पन्छी तथा पन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा तथा पोषण स्थितिमा सुधार ल्याउने र

२. पन्छी व्यवसायलाई आधुनिक, प्रतिस्पर्धी र वातावरणमैत्री बनाई आन्तरिक मागको आपूर्ति, आयात प्रतिस्थापन गर्दै क्रमशः निर्यात प्रवर्द्धन गर्ने ।

## ८. नीतिहरू

८.१ तुलनात्मक लाभ र सम्भाव्यताको आधारमा स्थानीय र उन्नत जातका पन्छीको उत्पादन, उत्पादकत्व वृद्धि र विकासको साथै विस्तार गरिनेछ ।

८.२ पन्छी व्यवसाय तथा उद्योगसँग सम्बन्धित उपकरण तथा कच्चा पदार्थको उत्पादन तथा विकास स्वदेशमै गरी उद्योगहरूमा लगानी प्रवाह गर्ने अनुकूल वातावरण बनाइनेछ ।

८.३ पन्छी तथा पन्छीजन्य व्यवसायलाई उच्च प्राथमिकता प्राप्त कृषि उद्योगको मान्यता प्रदान गरिनेछ र सोही बमोजिम सुविधा प्रदान गरिनेछ ।

८.४ निजी क्षेत्र, सङ्घ/संस्था र स्थानीय निकायको सहभागिता र समन्वयमा पन्छी व्यवसाय क्षेत्रमा आवश्यक पूर्वाधार जस्तै बजारस्थल, वधशाला, प्रशोधन केन्द्र, प्रयोगशाला आदिको विस्तार र सेवाको स्तरीयता कायम गरिनेछ र ती क्षेत्रहरूको आवधिक अनुगमन गरिनेछ ।

८.५ आन्तरिक तथा विश्व बजारमा पन्छी तथा पन्छीजन्य वस्तुहरूको पहुँच बढाउन तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता बढाईने नीति लिईनेछ ।

८.६ भौगोलिक क्षेत्रअनुसार हावापानी सुहाउँदो सम्भाव्य क्षेत्रहरूमा प्राङ्गारिक उत्पादन (Organic production) लाई प्रोत्साहित गरिनेछ ।

८.७ पन्छीजन्य महामारी रोगहरूको आशंकाबाट पन्छीजन्य उत्पादनहरूको उपभोगमा पर्न जाने असर र यसबाट उत्पादनमा पर्ने प्रभावलाई न्यूनीकरण गरिनेछ ।

८.८ पन्छीजन्य पदार्थको उत्पादन गर्दा मानव स्वास्थ्य र वातावरणमा नकारात्मक असर पुग्न दिईने छैन । त्यस्तो व्यावसायिक उद्योग स्थापना पूर्व सामाजिक र वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ ।

## ९. रणनीति तथा कार्यर्ननीतिहरू

**९.१ तुलनात्मक लाभ र सम्भाव्यताको आधारमा स्थानीय र उन्नत जातका पन्छीको विकास र विस्तार गरिनेछ ।**

९.१.१ पूर्वाधार विकास भएका क्षेत्रहरूमा व्यावसायिक स्तरमा उन्नत पन्छीको विकास तथा विस्तार गर्न प्रोत्साहित गरिनेछ ।

९.१.२ प्रविधि विस्तार गरी कृषकहरूलाई अभिप्रेरित गर्न तालिम, अवलोकन भ्रमण, प्रदर्शनी आदिमा नवीनतम् सूचना तथा सञ्चार प्रविधिको उपयोग गरिनेछ ।

९.१.३ व्यवसायीहरूलाई इजाजतपत्र, सहमति, दर्ता लगायतका प्रक्रियालाई सरलीकृत गरी छिटो छरितो सेवा प्रवाह गरिनेछ ।

९.१.४ पन्छीजन्य उद्योग व्यवसायमा आवश्यक पर्ने जैविक सामग्री, नश्ल तथा अन्य उत्पादन सामग्रीको प्रविधि विकास र अनुसन्धान गरिनेछ ।

९.१.५ पूर्वाधार विकास भएका क्षेत्रहरूमा व्यावसायिकस्तरमा उद्योग व्यवसाय स्थापना तथा विस्तार गर्न प्रोत्साहन गरिनेछ। पर्याप्त पूर्वाधार विकास नभई सकेको स्थानहरूमा बजार सम्भाव्यताको आधारमा स्थानीय जात तथा ग्रामीण पन्छीलाई विकास गरिनेछ ।

९.१.६ दैबिप्रकोप तथा प्रतिकुल अवस्थाबाट उद्योगको संरक्षण गर्न बीमा कार्यक्रम लागु गर्न प्रोत्साहन गरिनेछ ।

९.१.७ जनस्वास्थ्यको दृष्टिकोणले संवेदनशील पन्छी रोगको महामारी फैलिएको अवस्थामा पन्छीलाई मार्नु वा हटाउनु बाहेक अन्य उपचारको व्यवस्था नभएको अवस्थामा त्यस्ता पन्छीहरू नष्ट गरी तोकिएको क्षतिपूर्ति उपलब्ध गराइनेछ ।

९.१.८ विशेष लाभ तथा लोपोन्मुख भएका नश्लका पन्छीहरूको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोग गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

९.१.९ जङ्गली पन्छीहरू पालनका हकमा वन्यजन्तु पालन, प्रजनन् तथा अनुसन्धान कार्यनीति, २०६० र दुर्लभ वन्यजन्तु तथा वनस्पतिहरूको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (CITES: the Convention on International Trade in Endangered Species) को प्रावधानभित्र रही पालन गर्न लगाइनेछ ।

९.१.१० पन्छीजन्य उद्योग व्यवसायको लागि आवश्यक उत्पादन सामग्रीको गुणस्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन नियमन तथा प्रवर्द्धन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

९.१.११ पन्छीको माउ जाती (Parent stock) स्वदेशमा नै उत्पादन गर्न निजी क्षेत्रको लगानी आकर्षित गराइनेछ र Specific Pathogen Free अण्डाको आयात क्रमिक रूपमा प्रतिस्थापन गरिनेछ ।

९.१.१२ पन्छी उद्योग व्यवसायबाट वातावरण संरक्षण गर्नुको साथै Bio-security प्रदान गर्न तोकिएको मापदण्डको आधारमा निश्चित क्षेत्रलाई रोग मुक्त क्षेत्र घोषणा गरिनेछ ।

९.१.१३ कुखुराको विभिन्न प्रजातिको दैविक छनोट (Random sampling) विधिबाट अध्ययन र अनुसन्धान गरी उत्पादन क्षमताको नतिजा कृषकहरूमा सुसूचित गरिनेछ ।

९.१.१४ सीमा पारीबाट आयात हुने पन्छीजन्य पदार्थको साथै रोगव्याधि भित्रिन नपाउनको लागि पशु क्वारेन्टाईनलाई सुदृढ बनाइनेछ ।

**९.२ पन्छी व्यवसाय तथा उद्योगसँग सम्बन्धित उपकरण तथा कच्चा पदार्थको उत्पादन तथा विकास स्वदेशमै गरी उद्योगहरूमा लगानी प्रवाह गर्ने अनुकूल वातावरण बनाइनेछ ।**

९.२.१ सरकारी निकाय, निजी उद्यमी, सङ्घ/संस्था तथा स्थानीय निकायको समेत सहकार्यमा पन्छी बजार सूचना प्रणालीको स्थापना तथा विकास गरिनेछ ।

९.२.२ पन्छी क्षेत्रसँग सम्बन्धित रोग प्रकोपको अन्वेषण, अनुसन्धान, सर्भिलेन्स, नियन्त्रण र निराकरण गर्न निजी तथा सरकारी निकायहरूको समन्वयमा कार्यविधि निर्धारण गरी सेवा टेवा पुऱ्याउन प्रयोगशालाहरूको सुदृढीकरण गरिनेछ ।

९.२.३ सम्बन्धित व्यवसायी, उद्यमी तथा स्थानीय निकायहरूको समन्वयमा पन्छी तथा पन्छीजन्य पदार्थहरूको ढुवानी तथा बिक्री वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ ।

९.२.४ मासु तथा फुलको वर्गीकरण, लेभलिङ र गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

९.२.५ कच्चा पदार्थको आपूर्ति सहज बनाई पन्छीपालन व्यवसायको लागत कम गर्न तथा प्रतिस्पर्धी बनाउन स्वदेशमा नै उत्पादन गर्न सकिने मकै, भट्मास, सूर्यमुखी आदिको कृषि विभागसँगको समन्वयमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**९.३ पन्छी तथा पन्छीजन्य व्यवसायलाई उच्च प्राथमिकता प्राप्त कृषि उद्योगको मान्यता प्रदान गरिनेछ र सोही बमेजिम सुविधा प्रदान गरिनेछ ।**

**९.४ निजी क्षेत्र, सङ्घ/संस्था र स्थानीय निकायको सहभागिता र समन्वयमा पन्छी व्यवसाय क्षेत्रमा आवश्यक पूर्वाधार जस्तैः बजारस्थल, वधशाला, प्रशोधन केन्द्र, प्रयोगशाला आदिको विस्तार गरिनेछ ।**

९.४.१ भौतिक पूर्वाधार विकास भएका क्षेत्रहरूमा व्यावसायिकस्तरमा फुल, मासु उत्पादन तथा उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

९.४.२ पन्छी तथा पन्छीजन्य पदार्थको व्यापारिक केन्द्र (Commercial Market Centre) र निर्यात प्रशोधन केन्द्र (Export Processing Zone) क्षेत्रगत रूपमा स्थापना गर्न व्यापारिक तथा निर्यात प्रशोधन केन्द्र स्थापनाको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

९.४.३ निश्चित मापदण्ड तयार गरी स्थानीय निकाय लगायत निजी क्षेत्रलाई बधशाला तथा मासु प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ।

**९.५ आन्तरिक तथा विश्व बजारमा पन्छी तथा पन्छीजन्य वस्तुहरूको पहुँच बढाउन तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता विकास भएका क्षेत्रहरूको पहिचान गरी पन्छीपालन तथा प्रशोधन उद्योग स्थापना एवम् विस्तार गरिनेछ ।**

**९.६ भौगोलिक क्षेत्रअनुसार हावापानी सुहाउँदो सम्भाव्य क्षेत्रहरूमा प्राङ्गारिक उत्पादन (Organic production) लाई प्रोत्साहित गरिनेछ ।**

९.६.१ व्यावसायिक रूपमा प्राङ्गारिक उत्पादन गर्ने व्यवसायीलाई व्यावसायिक योजनाको आधारमा कार्यविधि बनाई नेपाल सरकारले तोकेबमोजिम अनुदान उपलब्ध गराइनेछ। यस्तो व्यवसायको प्रवर्द्धनको लागि प्राविधिक सेवा टेवाको प्याकेज उपलब्ध गराइनेछ।

९.६.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसित आवद्ध गर्न आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने र आधुनिक बजार सूचना पद्धतिको उपयोग गरी प्राङ्गारिक उत्पादनको बजार पहुँच बढाइनेछ।

**९.७ मासु तथा फुलको गुणस्तर कायम राख्न, व्यावसायिक कुखुरापालन एवम् पन्छीजन्य उद्योगलाई प्रोत्साहन गर्नको लागि ब्याजमा अनुदान, उद्योगलाई आवश्यक पर्ने मेसिनरी पार्टपूर्जा तथा उपकरण एवम् ढुवानीका साधनहरूको आयात तथा खरिदमा भन्सार तथा कर छुट, विद्युत् महसुलमा छुटसम्बन्धी व्यवस्था मौजुदा नीति, ऐन नियम अनुसार साथै वार्षिक बजेट वक्तव्य अनुसार उपलब्ध गरिनेछ ।**

## १०. संस्थागत संरचना

१०.१ सरकारी निजी साझेदारी (Public Private Partnership) एवम् सहकारीको अवधारणा अनुसार पन्छी व्यवसाय विकास गर्न पन्छीपालन निर्देशक समिति गठन गर्न सकिनेछ।

१०.२ पन्छीपालन निर्देशक समितिको सिफारिसमा पन्छी नीतिमा आवश्यकता अनुसार समय सापेक्ष परिमार्जन गर्न सकिनेछ।

## ११. आर्थिक दायित्व

११.१ सरकारी, निजी क्षेत्र सहकार्यको अवधारणामा निर्देशक समितिको गठन हुने भएकोले सरकारी क्षेत्रमा मात्रै दायित्व नपर्ने गरी निजी क्षेत्रबाट पनि समिति सञ्चालनको लागि लागत व्यहोरिनेछ।

११.२ सरकारी क्षेत्रबाट दिइने सहुलियतलाई वार्षिक कार्यक्रममा समावेश गरी प्रदान गर्ने हुँदा असीमित दायित्व सृजना नहुने।

## १२. कानुनी व्यवस्था

यस नीतिमा उल्लिखित अधिकांश प्रावधान सरकारी निर्णयबाट कार्यान्वयन गर्न सकिनेछ। विद्यमान दाना ऐन २०३३, पशु स्वास्थ्य तथा पशुसेवा ऐन, २०५५ मा संशोधन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

## १३. अनुगमन तथा मुल्याङ्कन

१३.१ समितिको अग्रसरतामा सम्बद्ध सरोकारवालाहरूको सहभागिता सुनिश्चितता हुनेगरी सहभागितात्मक अनुगमन तथा मूल्याकङन विधि अवलम्बन गरिनेछ।

१३.२ पशुसेवा विभाग र अन्तर्गतका निकायहरूले यो नीतिको कार्यान्वयन तथा अनुगमनमा प्रत्यक्ष रूपमा समन्वयकर्ताको भूमिका निर्वाह गर्नेछन् ।

१३.३ यस नीतिको अख्तियार गर्दा राष्ट्रिय कृषि नीति, २०६१ तथा कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ सँग नबाझिने गरी कार्यान्वयन गरिनेछ । बाझिएको हदसम्म राष्ट्रिय कृषि नीति, २०६१ तथा कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ अनुसार नै हुनेछ ।

**१४. जोखिम**

यस नीतिको प्रभावकारी कार्यान्वयनबाट वातावरण संरक्षण तथा जनस्वास्थ्यमा अनुकूल प्रभाव पर्ने हुँदा कुनै जोखिम बढ्न जाने छैन ।

# आपूर्ति नीति, २०६९

## १. पृष्ठभूमि

वस्तु तथा सेवाको माग र आपूर्ति बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । वस्तु तथा सेवाको माग र आपूर्ति बीचको सन्तुलन प्रभावकारी तथा व्यवस्थित गर्न विगतमा भएका प्रयास तथा विद्यमान व्यवस्थाले समय सापेक्ष रूपमा अपेक्षित प्रतिफल दिन सकेको छैन । एकातिर खुला र प्रतिस्पर्धात्मक अर्थतन्त्रमा आपूर्ति व्यवस्थापन क्षेत्र दिनानुदिन विस्तृत, जटिल र चुनौतीपूर्ण बन्दै गइरहेको छ भने अर्कोतिर समग्र आपूर्ति क्षेत्रको व्यवस्थापन, नियमन र प्रशासनको लागि हालसम्म एकीकृत नीतिगत व्यवस्था नभएकोले समन्वयात्मक ढङ्गले कार्यक्रम सञ्चालन गर्न कठिनाइ भइरहेको छ । यसै पृष्ठभूमिमा अन्तर्राष्ट्रिय सिद्धान्त तथा व्यवहारलाई दृष्टिगत गर्दै मुलुकको आपूर्ति प्रणाली तथा विद्यमान संरचनामा समयानुकूल परिवर्तन गरी विद्यमान परिवेशमा विगतमा भएका कमी कमजोरीलाई सच्याउँदै देश र जनताको अपेक्षा अनुसार समष्टिगत सामाजिक, आर्थिक, व्यावसायिक तथा सार्वजनिक सेवा प्रवाहमा सकारात्मक तथा दिगो परिवर्तन गर्ने अभिप्रायले आपूर्ति नीति, २०६९ जारी गरिएको छ । यो नीतिले मुलुकको समग्र आपूर्ति क्षेत्रलाई उचित रूपमा व्यवस्थापन गर्न मार्गनिर्देशकको भूमिका खेल्ने अपेक्षा लिएको छ । यस नीतिको माध्यमबाट उपभोक्ताहरूलाई अत्यावश्यक वस्तु तथा सेवा कुनै अवरोधबिना स्वस्थ प्रतिस्पर्धाका आधारमा, पर्याप्त, सहज, सुलभ र गुणस्तरीय रूपमा उपलब्ध गराउने सम्बन्धमा नीतिगत तथा संस्थागत सुधार कार्यलाई अघि बढाउन आधार प्राप्त हुनुका साथै समष्टिगत आपूर्तिक्षेत्रको प्रशासन, व्यवस्थापन तथा नियमनको लागि दिशाबोध समेत हुने विश्वास राखिएको छ ।

## २. विगतका प्रयासहरू

वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्वीकृत कार्यक्षेत्र तथा विषयगत जिम्मेवारी अनुसार आपूर्ति व्यवस्थापनसँग सम्बन्धित कार्यहरू गर्न मन्त्रालयमा प्रशासन, संस्थान आपूर्ति महाशाखा तथा एउटा छुट्टै बजार अनुगमन, आपूर्ति व्यवस्थापन तथा संस्थान शाखाको रूपमा संस्थागत संरचनाको व्यवस्था छ । साथै, आपूर्ति व्यवस्थालाई सरल, सबल, सक्षम तथा प्रभावकारी बनाउन समय-समयमा केन्द्रदेखि स्थानीयस्तरसम्म विभिन्न समिति वा यस्तै स्वरूपका विभिन्न संस्थागत संयन्त्रहरूको व्यवस्था हुँदै आइरहेको छ ।

देशमा उपभोग्य वस्तु तथा सेवाको आपूर्तिलाई उचित व्यवस्थापन गर्न विशेष कुनै नीति, कानुन तथा ठोस् संयन्त्र नभएतापनि विगतमा सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४, आवश्यक पदार्थ नियन्त्रण ऐन, २०१७, पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२, खाद्य ऐन, २०२३, स्टेण्डर्ड नाप र तौल ऐन, २०२५, स्थानीय प्रशासन ऐन, २०२८, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, औषधी ऐन, २०३५, नेपाल गुणस्तर ऐन, २०३७, नेपाल गुणस्तर प्रमाण चिह्न ऐन, २०३७, कीटनाशक विषादी ऐन, २०४७, उपभोक्ता संरक्षण ऐन, २०५४, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, आदि जस्ता आपूर्ति क्षेत्रसँग सम्बन्धित कानुनहरूको व्यवस्था र विभिन्न कार्यकारी, प्रशासनिक तथा न्यायिक निर्णय र निर्देशनहरूबाट आपूर्ति प्रणालीलाई सहज र चुस्त बनाउन प्रयास हुँदै आएको देखिन्छ ।

विगतमा सरकारले खुल्ला बजार तथा उदारीकरणको अवधारणालाई समेत आत्मसात् गर्दै आपूर्ति व्यवस्थापनलाई अगाडि बढाएको पाइन्छ भने देशका गरिब, निमुखा, दुर्गम तथा सङ्कटग्रस्त क्षेत्रका जनतालाई अत्यावश्यक वस्तु तथा सेवाको सहज उपलब्धता तथा पहुँच बढाउन र जनताको आधारभूत आवश्यकतालाई सम्बोधन गर्न पनि विभिन्न प्रयास गर्दै आएको देखिन्छ । नेपाल सरकारले विभिन्न कानुन, आवधिक योजना, नीति तथा कार्यक्रम एवम् समय-समयको बजेट वक्तव्यमार्फत पनि अत्यावश्यक उपभोग्य वस्तु वा सेवा आम नागरिकलाई सहज, सुलभ र गुणस्तरीय रूपमा उपलब्ध गराउन, अभावग्रस्त, पिछडिएका दुर्गम र आकस्मिक प्रकोप पीडित क्षेत्रमा उपभोग्य सामग्रीको बन्दोवस्त मिलाउन तथा उत्पादक र उपभोक्ता बीच उत्पादित वस्तु

एवम् सेवाको प्रवाहलाई निर्विघ्न पार्न पूर्वाधार निर्माण गरी सम्बन्धित सार्वजनिक संस्थानहरूको सञ्चालन, व्यवस्थापन मिलाई आपूर्ति व्यवस्थालाई सुनिश्चित, व्यवस्थित तथा प्रभावकारी बनाउन निरन्तर प्रयास गर्दै आएको देखिन्छ। यसका साथै राज्यको आन्तरिक स्रोत साधन तथा क्षमता अपर्याप्त भएको आकस्मिक अवस्थामा छिमेकी मुलुकहरू तथा द्विपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय सहयोग समेत लिई अत्यावश्यक उपभोग्य वस्तुको आपूर्तिलाई सहज बनाउने प्रयास गर्दै आएको पाइन्छ।

## ३. वर्तमान स्थिति

आपूर्ति व्यवस्थापनको लागि विगतमा गरिएका विभिन्न कानुनी तथा संस्थागत प्रयासहरूको बाबजूद पनि देशमा आपूर्तिको सक्षम, सुलभ तथा प्रभावकारी व्यवस्थाले अपेक्षित प्रगति हासिल गर्न नसकेको यथार्थ हामीसामु विद्यमान छ। देशको हरेक क्षेत्रमा आम उपभोक्ताको लागि अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति पर्याप्त, सरल, गुणस्तरीय र व्यवस्थित हुन सकेको छैन। यद्यपि दुर्गमक्षेत्रका जनतालाई समयमा नै पर्याप्त र सहज तरिकाले खाद्यवस्तु, स्वास्थ्य सेवा, इन्धन, ग्याँसलगायतका आधारभूत आवश्यकताको परिपूर्ति गर्न राज्यले ठूलो मेहनत गरिरहेको अवस्था छ। एकातिर नेपाल वस्तु तथा सेवाको आपूर्तिको लागि बाह्य देशबाट हुने आयातमा समेत निर्भर रहेको छ भने अर्कोतिर देशभित्र ढुवानीको सहज पहुँच नरहेको अवस्था छ जसले गर्दा आपूर्ति व्यवस्था अपेक्षित रूपमा सर्वसुलभ र प्रभावकारी हुनसकेको छैन। आपूर्ति व्यवस्थापनको मेरुदण्ड तथा मुख्य आयामको रूपमा रहेको सार्वजनिक निजी साझेदारीको संयन्त्र, उपभोक्ता अनुगमन, खाद्य सुरक्षा, संस्थान सुधार तथा बजार व्यवस्थापनसँग सम्बन्धित कानुनहरू बीच उपयुक्त नीतिगत, संस्थागत र कार्यगत तादत्म्य तथा समन्वयको अभाव देखिन्छ। फलस्वरूप राज्यले हालसम्म अङ्गीकार गर्दै आएको आपूर्ति सञ्चालन र व्यवस्थापनका सरोकारवाला निकायहरूबीच अनावश्यक द्वन्द्व हुने तथा पर्याप्त समन्वय र दायित्व बोध नहुँदा राज्य र जनताले न्यूनतम प्रतिफल पनि प्राप्त गर्न नसकिरहेको अवस्था छ। अहिले धनी र गरिब बीच आय तथा जीवनस्तरको दुरी ज्यादै फराकिलो भएकोले गरिब, निमुखा तथा न्यून आय भएका जनता अत्यधिक मर्कामा परेको स्थिति छ।

आपूर्ति व्यवस्थापनमा निरन्तर अनुगमन, निरीक्षण तथा अनुसन्धान र कारवाही प्रक्रिया व्यवहारिक र वैज्ञानिक हुन नसकेकोले आपूर्ति व्यवस्थापन अन्तर्गत विभिन्न सङ्घसंस्था, समूह तथा क्षेत्रहरूका प्रणालीमा आपराधिक क्रियाकलापहरूका साथै दण्डहीनता पनि बढ्दै गएको देखिन्छ। अर्थात राज्यले समयसापेक्ष रूपमा आपूर्ति व्यवस्थापनको लागि गर्नुपर्ने सुधारको अभावमा सम्पूर्ण आपूर्ति क्षेत्र स्वच्छ, प्रतिस्पर्धात्मक, व्यावसायिक बन्न नसकिरहेको देखिन्छ। विद्यमान परिस्थितिमा राज्यले आपूर्तिसँग प्रत्यक्ष सरोकार राख्ने मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूलाई समेत व्यावहारिक रूपमा अङ्गीकार गर्दै जाने सन्दर्भमा आपूर्ति व्यवस्थापनको विद्यमान संयन्त्र र प्रणालीमा समयानुकूल परिवर्तन गर्न आवश्यक हुन आएको छ। यसै पृष्ठभूमिमा जारी गरिएको यस नीतिको कार्यान्वयनबाट देशमा नियमित, सर्वसुलभ र सहजरूपमा गुणस्तरीय अत्यावश्यक वस्तु तथा सेवाहरूको आपूर्ति हुने वातावरण सिर्जना हुनुका साथै उपभोक्ता हित संरक्षण तथा आपूर्ति व्यवस्थापनमा महत्वपूर्ण र सकारात्मक रूपान्तरण हुने अपेक्षा गरिएको छ।

## ४. समस्या तथा चुनौती

राज्यको आपूर्ति व्यवस्थापन प्रभावकारी, सबल, सक्षम तथा समयसापेक्ष रूपमा जनअपेक्षा अनुरूप व्यवस्थित तथा वैज्ञानिक हुन नसक्नु नै अहिलेको मुल समस्या हो। विद्यमान समयमा पनि आपूर्ति व्यवस्था परम्परागत एवम् तदर्थवादमा आधारित रहेकोले देश र जनताका लागि अत्यावश्यक उपभोग्य सामग्री पर्याप्त मात्रामा सुलभ तथा सुपथ मूल्यमा उपलब्ध हुन सकिरहेको छैन। आपूर्तिक्षेत्र विविध अनिश्चितताको कारण आक्रान्त भइरहेको छ भने जनताले पाउनुपर्ने आधारभूत सामग्रीहरू जस्तै खाद्यान्न, इन्धन, स्वास्थ्य लगायतका सेवाहरू समेत समयमा उपलब्ध हुन सकिरहेको छैन। नेपालको आपूर्ति व्यवस्था धेरै हदसम्म देशभित्रबाट मात्र सीमित नभई बाह्य आपूर्तिमा समेत निर्भर छ। फलस्वरूप मित्र राष्ट्रहरूसँगको सम्बन्धले पनि यसमाथि यथेष्ट प्रभाव पार्ने गरेको छ। देशको भौगोलिक विकटताका कारण वस्तु तथा सेवाको उपलब्धता, वितरण तथा

ढुवानीमा पनि केही हदसम्म कठिनाइ भोग्नु परेको छ। प्रभावकारी अनुगमन, मूल्याङ्कन र नियमनको अभावमा यस क्षेत्रमा दण्डहीनताले प्रश्रय पाई कार्टेलिङ्ग, कालाबजारी, अस्वाभावीक महँगी हुनु र जनहित हुनेगरी बजार सञ्चालन तथा व्यवस्थापन नहुनु जस्ता चुनौतीपूर्ण अवस्था विद्यमान छ। राज्यको संविधान, आवधिक योजना, बजेट तथा समय-समयमा राज्यले जनतासामु गर्ने आपूर्तिसम्बन्धी प्रतिबद्धतालाई पनि ठोस् एकीकृत कानुन, संस्थागत व्यवस्था र स्रोतसाधनको अभावका कारण तथा स्थानीयस्तरसम्म पर्याप्त जनचेतना पुग्न नसकेकाले व्यवहारमा उतार्न सकिएको छैन।

विगतमा सरकारले आपूर्ति व्यवस्थाका लागि बजारका केन्द्रदेखि स्थानीयस्तरसम्म सिर्जना गरेको संयन्त्र तथा आधारभूत वस्तु तथा सेवा आपूर्तिका लागि गठन गरिएका सार्वजनिक संस्थानहरूको व्यवस्थापन कमजोर तथा ह्रासोन्मुख भएकोले पनि आन्तरिक आपूर्ति व्यवस्थापनलाई थप जटिल र चुनौतीपूर्ण बनाएको छ।

वर्तमान अवस्थामा आम नागरिकहरूको बढ्दो चाहना, अधिकार प्रतिको बढ्दो चेतना र देशका राजनैतिक परिवर्तनले ल्याएको सामाजिक तथा मानवीय विकासको परिवर्तनले आपूर्ति व्यवस्थापनलाई केन्द्रदेखि स्थानीयस्तरसम्म प्रभावकारी र वैज्ञानिक बनाई कार्यान्वयनमा उतार्न राज्यसमक्ष थप दबाब सिर्जना गरेको छ। देशमा बिग्रँदो औद्योगिक सम्बन्ध, सरकार-उद्योगी बीचको द्वन्द्व, अस्वाभावीक रूपमा बढ्दो महँगी, कालाबजारी, कार्टेलिङ जस्ता बिग्रँदो आर्थिक कारकतत्वले पनि आपूर्ति व्यवस्थाका लागि थप चुनौती सिर्जना गरेको छ।

## ५. नयाँ नीतिको आवश्यकता

अत्यावश्यक उपभोग्य वस्तु तथा सेवा आम नागरिकलाई सहज, सुलभ र गुणस्तरीय रूपमा उपलब्ध गराउन, अभावग्रस्त, गरिबी-प्रताडित जनजीवन र आकस्मिक प्रकोप पीडित क्षेत्रमा उपभोग्य सामग्रीको बन्दोवस्त मिलाउन, उत्पादक र उपभोक्ता बीच उत्पादित वस्तु तथा सेवाको प्रवाहलाई निर्विघ्न पार्न र प्रभावकारी मागको सिर्जनाद्वारा आर्थिक क्रियाकलापलाई जीवन्त तुल्याई सुलभ, सुपथ, सुव्यवस्थित र निर्बाध रूपले वस्तु तथा सेवाको आपूर्तिलाई सुनिश्चित छ। व्यवस्था तथा नियन्त्रणका साथै आम उपभोक्तामा विश्वसनीय वातावरणको प्रत्याभूती प्रदान गरी आपूर्ति व्यवस्थापनलाई सक्षमतापूर्वक कार्यान्वयन गर्न स्पष्ट नीतिको आवश्यकता महसुस भएको छ।

वस्तु तथा सेवाको माग र आपूर्तिको मान्यतामा आधारित पूर्ण प्रतिस्पर्धात्मक बजारका माध्यमबाट आपूर्ति व्यवस्था सञ्चालन हुनुपर्ने आवश्यकता एकातर्फ छ भने अर्कोतर्फ सामाजिक, आर्थिक, शैक्षिकरूपले कमजोर, स्वतन्त्ररूपले छनोट गर्न असक्षम जनसमुदाय तथा भौतिक पूर्वाधारको सुविधा नपुगेका र बजार विकासको न्यूनता रहेका भेगमा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै गैरसरकारी सङ्घसंस्था र नागरिक समाजलाई साथमा लिएर सरकारी संयन्त्रमार्फत सहुलियतपूर्ण आपूर्ति व्यवस्था मिलाउनु पर्ने विद्यमान अवस्था रहेको छ। सम्भावित प्राकृतिक प्रकोप तथा आपतकालीन अवस्थालाई समेत मध्यनजर गर्दै व्यवस्थित गर्न खाद्य सुरक्षाको भरपर्दो प्रबन्ध मिलाउन पनि जरुरी नै छ।

यिनै अवस्थालाई मध्यनजरमा राखेर उपयुक्त नीतिगत आधारमा कार्यमूलक योजना, छरितो संस्थागत संयन्त्र, प्रभावकारी कार्यान्वयन प्रणाली, न्यायसँगत र प्रोत्साहनमूलक नियमन पद्धतिको माध्यमबाट उचित मूल्यमा विश्वसनीय, गुणस्तरीय, सर्वसुलभ आपूर्ति व्यवस्था मिलाउन र आर्थिक सुधारका नवीन आयामहरूलाई आत्मसात् गर्दै न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका जनतालाई राहत पुर्‍याउन सकियोस भन्ने उद्देश्य लिएर नेपाल सरकारले यस नीतिको तर्जुमा गरको छ।

बजारमा कृत्रिम अभाव, कालाबजारी चक्र तथा एकाधिकार प्रणाली (सिण्डिकेट), मिलोमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग) तथा बजार प्रवेशमा अवरोध जस्ता गैरप्रतिस्पर्धी क्रियाकलाप गरी वस्तु तथा सेवाको सहज आपूर्ति हुन नदिई मूल्य वृद्धि गर्ने, खाद्य तथा पेयपदार्थमा मिसावट गर्ने, गुणस्तरहीन वस्तुको बिक्री वितरण गर्ने र औषधी, खाद्यान्न जस्ता अत्यावश्यक वस्तुको सहज र निरन्तर आपूर्तिमा व्यवधान उत्पन्न गर्ने प्रवृतिलाई नियन्त्रण गरी उपभोक्तालाई अत्यावश्यक वस्तु तथा सेवा कुनै अवरोध बिना स्वच्छ प्रतिस्पर्धात्मक र उचित मूल्यमा सहज तवरले निरन्तर रूपमा उपभोग गर्ने गराउने वातावरण निर्माण गर्नु राज्यको मुख्य दायित्व हो भन्ने मान्यतामा यो नीति तर्जुमा भएको छ।

## ६. लक्ष्य

देशमा अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ र नियमित रूपमा उचित गुणस्तर र मूल्यमा आपूर्ति हुने व्यवस्था मिलाई उपभोक्ताको हक, हितको संरक्षण गर्ने ।

## ७. उद्देश्य

७.१ गुणस्तरीय वस्तु तथा सेवाको नियमित र सर्वसुलभ रूपमा सहज आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गरी प्रतिस्पर्धात्मक तुल्याउने ।

७.२ उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्ने ।

७.३ आपूर्ति हुने वस्तु वा सेवाको गुणस्तर कायम गर्ने तथा यथार्थपरक लागत मूल्यको आधारमा उपभोक्ता मूल्य प्रणालीलाई स्थापित गराउने ।

७.४ राष्ट्रिय रूपमा खाद्य सुरक्षा व्यवस्थाको लागि आवश्यक प्रबन्ध गर्ने ।

७.५ अत्यावश्यक वस्तु तथा सेवामा सहज पहुँच नपुगेका, न्यून आय भएका विपन्न तथा दुर्गम क्षेत्रका उपभोक्ताको सुविधा र राहतको लागि एकीकृत आपूर्ति प्रणालीको विकास गर्ने ।

७.६ वस्तु तथा सेवामा हुने कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्ने ।

७.७ वस्तु तथा सेवामा हुने गैर प्रतिस्पर्धात्मक क्रियाकलापलाई नियन्त्रण गर्ने ।

## ८. नीति

### ८.१ आपूर्ति

८.१.१ आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन सार्वजनिक, निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

८.१.२ अत्यावश्यक वस्तु तथा सेवाको नियमित र सर्वसुलभ ढङ्गबाट आपूर्ति गर्न आवश्यक पूर्वाधार एवम् संरचनाहरू तयार गर्न प्राथमिकता दिइनेछ ।

८.१.३ खाद्यान्न अभाव भएका क्षेत्रमा खाद्यान्न आपूर्ति गर्नुका साथै विपन्न वर्गका लागि सुपथ मूल्यमा खाद्यान्न आपूर्ति गर्ने संयन्त्रको विकास गरी आपूर्ति व्यवस्था सुनिश्चित गरिनेछ ।

८.१.४ अत्यावश्यक खाद्य वस्तु तथा अन्य उपभोग्य वस्तुको आपूर्तिलाई सहज, सुलभ र प्रभावकारी तुल्याउन तथा कृत्रिम अभाव सिर्जना हुन नदिई अनुचित मूल्य वृद्धि नियन्त्रण गर्न नेपाल सरकारले आवश्यकतानुसार बजार हस्तक्षेप गर्नेछ ।

८.१.५ दुर्गम क्षेत्रहरूमा बजार तथा मूल्य स्थिरीकरणका लागि खाद्यान्न तथा अन्य अत्यावश्यक वस्तु सञ्चय गर्ने कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ ।

८.१.६ स्थानीयस्तरमा आवश्यक पर्ने गुणस्तरीय अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्थापन कार्यमा स्थानीय निकायको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

८.१.७ स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता र प्रोत्साहन दिइनेछ ।

८.१.८ खाद्य सम्प्रभुताको कानुनी आधारलाई केन्द्रीकृत गरी खाद्यान्नको बीउ बिजन तथा मलको आपूर्ति निश्चित मापदण्ड, गुणस्तर र तौल अनुसारको हुने व्यवस्था मिलाइनेछ ।

### ८.२ उपभोक्ता (Consumer)

८.२.१ उपभोक्ता हित संरक्षण गर्न उपभोक्ताका प्रतिनिधिमूलक सङ्घ-संस्थाहरूलाई परिचालित गरी जनचेतना अभिवृद्धि, सुझाव सङ्कलन, अद्यावधिक सूचना प्रणाली विकास र प्रचारप्रसार सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८.२.२ खाद्यान्न व्यवस्थापन गर्नलाई विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी उपभोक्ता संरक्षण परिषद् अन्तर्गत क्षेत्रीयस्तरमा खाद्यान्न व्यवस्थापन समिति गठन गरिनेछ र सार्वजनिक संस्थानहरू समेतको माध्यमबाट खाद्यान्नको भण्डारण तथा वितरणको व्यवस्था गरिनेछ ।

८.२.३ उपभोक्ता हित संरक्षण र बजार वातावरणलाई अनुशासित र पारदर्शी बनाउनका लागि आपूर्ति, मूल्य, गुणस्तर, तौल, उपभोग्य मिति, लागत मूल्य सूचीको अनुगमन कार्य गर्न उपभोक्ता संस्थाको प्रतिनिधि सहित वाणिज्य विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, उद्योग विभाग, खाद्य प्रविधि

तथा गुण नियन्त्रण विभाग, घरेलु तथा साना उद्योग विभाग, निरीक्षण अधिकृतको कार्यालय र वस्तु तथा सेवाप्रदायक सम्बन्धित निकाय लगायत अन्य सरोकारवालालाई समेत समन्वयात्मक रूपमा परिचालन गरिनेछ।

८.२.४ उपभोक्ता हित संरक्षण विषयमा अध्ययन, अनुसन्धान कार्यलाई प्रोत्साहित गरिनुका साथै उपभोक्ता अधिकार सम्बन्धमा शिक्षा दिनका लागि शैक्षिक पाठ्यक्रम तयार गरी कम्तीमा माध्यमिक तहमा उपभोक्ता शिक्षा दिने व्यवस्था मिलाउनुका साथै आपूर्ति तथा मूल्य अनुगमन नीति र कार्यक्रमहरूको अध्ययन गर्ने व्यवस्थासमेत मिलाइनेछ।

८.२.५ उपभोक्ता हित संरक्षण गर्न अत्यावश्यक वस्तुहरूको भण्डारण स्थितिको सूचना प्रवाह गर्ने र तिनको गुणस्तर, लागत अनुगमनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

**८.३ अनुगमन (Monitoring)**

८.३.१ आपूर्ति व्यवस्था प्रभावकारी बनाउन केन्द्रीय, क्षेत्रीय, स्थानीयस्तरमा वस्तु तथा सेवाको लागत, मूल्य र आपूर्ति अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ।

८.३.२ अत्यावश्यक वस्तुहरूको आपूर्ति तथा भण्डारण र लागत अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ।

८.३.३ अत्यावश्यक उपभोग्य वस्तु एवम् निर्माण सामग्रीहरूको माग र आपूर्तिको विश्लेषण र प्रक्षेपण गरी सो सम्बन्धी सूचना प्रवाह गरिनेछ।

८.३.४ केन्द्रीय, क्षेत्रीय र स्थानीय अनुगमन समितिलाई सक्रिय तुल्याउँदै स्थानीय निकायलाई सहभागी गराई अनुगमन कार्यलाई प्रभावकारी बनाउन विशेष स्थायी संयन्त्रको निर्माण गरिनेछ।

**८.४ खाद्य सुरक्षा (Food Security)**

८.४.१ अत्यावश्यक खाद्यवस्तुहरूको बजार स्थिरीकरण र खाद्य सुरक्षाको लागि राष्ट्रिय, क्षेत्रीय एवम् स्थानीयस्तरमा खाद्यान्न सञ्चय (Buffer stock) गर्ने व्यवस्था मिलाइनेछ।

८.४.२ दुर्गम क्षेत्रहरूमा खाद्य सुरक्षाको लागि सञ्चय तथा भण्डारणको विशेष व्यवस्था मिलाइनेछ।

८.४.३ मानव स्वास्थ्यको लागि आवश्यक पर्ने निश्चित मापदण्ड अनुरूपको गुणस्तरीय खाद्यवस्तु आपूर्तिको व्यवस्था मिलाइनेछ।

८.४.४ दुर्गम क्षेत्रमा खाद्य सुरक्षाको स्थिति निश्चित गर्नका लागि सम्बन्धित निकायहरूको सहयोगमा स्थानीय खाद्यवस्तु उत्पादन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.५ प्राकृतिक प्रकोप र आपतकालीन अवस्थाबाट प्रभावित जनतालाई आवश्यक वस्तु तथा सेवा उपलब्ध गराउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.६ खाद्य सम्प्रभुता र भोक विरुद्धको अधिकार सुनिश्चित गर्न विशेष कार्यक्रम तर्जुमा गरिनेछ।

**८.५ संस्थागत सुधार**

८.५.१ आपूर्ति व्यवस्थामा संलग्न रहने सार्वजनिक संस्थानहरूले प्रवाह गर्ने सेवाको प्रभावकारिता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

८.५.२ मुलुकभर अत्यावश्यक वस्तु तथा सेवा आपूर्ति गर्ने एकीकृत सेवा केन्द्र, उपभोक्ता सहकारी पसल, सुपथ मूल्य पसल वा ग्रामीण सहकारी पसलहरूको संस्थागत विकास तथा सुदृढीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८.५.३ आपूर्ति व्यवस्थापनमा संलग्न निजी क्षेत्रको संस्थागत विकासलाई प्रोत्साहन गरिनेछ।

**८.६ बजार सम्बन्धी**

८.६.१ बजारमा एकाधिकारी प्रवृत्ति, कृत्रिम अभाव, मुनाफाखोरी लगायत आपूर्तिमा व्यवधान हुने क्रियाकलाप रोक्न केन्द्रीय, क्षेत्रीय, जिल्ला र स्थानीय अनुगमन समितिहरूलाई सक्रिय तुल्याइनेछ। साथै उत्पादक, आयातकर्ता र थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको सञ्चय र भण्डारण स्थिति सार्वजनिक गर्नुपर्ने प्रणालीको विकास गरिनेछ।

८.६.२ माथि उल्लिखित आपूर्ति व्यवस्थापन सम्बन्धी मौजुदा कानुनहरूलाई एकीकृत र समयानुकूल बनाई प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ।

## ९. रणनीति (Strategies)

### ९.१ आपूर्ति (Supplies)

९.१.१ सार्वजनिक संस्थानहरू, निजी क्षेत्रका लगानीकर्ता, व्यापारिक प्रतिष्ठानहरू तथा सहकारी सङ्घ संस्थाहरूलाई आपूर्ति व्यवस्थापनमा सक्रिय रूपमा सहभागी गराइनेछ ।

९.१.२ आपूर्ति व्यवस्थालाई सहज, चुस्त र प्रभावकारी बनाउन सार्वजनिक, निजी तथा सहकारी क्षेत्रलाई सहभागी गराई समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्न सरकारले सहजकर्ताको भूमिका खेल्नेछ।

९.१.३ सरकारले निजी लगानीकर्ता एवम् सहकारी क्षेत्रको सहभागितामा आपूर्ति क्षेत्रको आवश्यक पूर्वाधार र संरचनाको विकास र विस्तारमा टेवा पुऱ्याउनेछ ।

९.१.४ अत्यावश्यक उपभोग्य वस्तु तथा सेवा, निर्माण सामग्रीहरूको आपूर्ति सर्वसुलभ एवम् नियमित गर्न गराउन, उत्पादन, आयात, निर्यात र बिक्री मूल्यसम्बन्धी सूचना प्रवाह गर्ने प्रणालीलाई विकसित गरिनेछ।

९.१.५ अत्यावश्यक खाद्यवस्तु तथा उपभोग्य वस्तुको आपूर्तिलाई सहज, सुलभ र प्रभावकारी तुल्याउन तथा कृत्रिम मूल्यवृद्धि नियन्त्रण गर्न सरकारले आवश्यकतानुसार सार्वजनिक संस्थानहरूमार्फत बजार हस्तक्षेप गर्नेछ ।

९.१.६ अनुसूची-१ मा उल्लिखित अत्यावश्यक वस्तु तथा सेवाको आयात सुलभ गरी आपूर्ति व्यवस्थालाई सुदृढ तुल्याइनेछ । साथै देशभित्र सहज रूपमा आपूर्ति हुन नसकेको अत्यावश्यक वस्तुहरूको निर्यातलाई आवश्यकतानुसार रोक्का गरिनेछ ।

९.१.७ आन्तरिक आवश्यकता पूर्ति गर्ने र निकासीजन्य कृषि तथा औद्योगिक वस्तुको उत्पादन क्षमतामा वृद्धि गर्ने कार्यमा सघाउ पुऱ्याइनेछ ।

९.१.८ पहाडी तथा दुर्गम क्षेत्रमा सहकारीमार्फत आपूर्तिको लागि सहयोग हुने खेती र बाली विकास कार्यक्रमहरू लागु गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ ।

९.१.९ बीउ बिजन, मलको मापदण्ड गुणस्तर एवम् निश्चित तौलका लागि कृषि तथा सहकारी मन्त्रालय एवम् यस क्षेत्रमा सम्बद्ध अनुसन्धान केन्द्रहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

९.१.१० दुर्गम, अभावग्रस्त, निजी क्षेत्रको पहुँच नभएको तथा केन्द्रीय आपूर्ति व्यवस्था समितिले तोकेको क्षेत्र र वर्गलाई लक्षित गरी एकीकृत आपूर्ति व्यवस्था लागु गरी सरकारी संस्थानहरूबाट वितरण हुने वस्तु तथा सेवाहरू आपूर्ति गर्ने कार्यको लागि राज्य सुविधा वा रासन कार्डको व्यवस्था गरिनेछ ।

९.१.११ उपभोक्ताहरूको स्वास्थ्यलाई ध्यानमा राखी गुणस्तरीय वस्तु तथा सेवाको आपूर्ति व्यवस्थालाई सुनिश्चित गरिनेछ ।

९.१.१२ स्वदेशी उत्पादन तथा सेवाको आपूर्तिलाई प्रतिस्पर्धी बनाइनेछ ।

### ९.२ उपभोक्ता (Consumer)

९.२.१ उपभोक्ता हित संरक्षणको लागि सूचना तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९.२.२ उपभोक्ता हित संरक्षणका लागि सो क्षेत्रमा कार्यरत व्यक्ति, सङ्घ, संस्थाहरूलाई सक्रिय बनाइनेछ।

९.२.३ उपभोक्ता हित संरक्षण गर्न केन्द्रीय, क्षेत्रीय, जिल्ला तथा स्थानीय अनुगमन समिति र निरीक्षण अधिकृतहरूलाई सक्रिय बनाइनेछ ।

९.२.४ उपभोक्ता हित संरक्षणका लागि गठन भएका संयन्त्रहरूलाई प्रभावकारी बनाउन नेपाल सरकारले आवश्यक साधन स्रोत जुटाउने व्यवस्था मिलाउनेछ ।

९.२.५ उपभोक्ता अधिकार सुनिश्चित गर्नका लागि सबै जिल्लामा उपभोक्ता अदालतको स्थापना गर्न पहल गरिनेछ ।

९.२.६ उपभोक्ता सचेतनाको लागि माध्यमिक तहदेखि नै उपभोक्ता शिक्षाको व्यवस्था मिलाइनेछ ।

९.२.७ उपभोक्ता हित संरक्षणको लागि उपभोक्ता संरक्षण कोषको व्यवस्था गरिनेछ ।

### ९.३ अनुगमन (Monitoring)

९.३.१ वस्तु तथा सेवाको माग तथा आपूर्ति, मूल्य, लागत अनुमान सम्बन्धमा उपभोक्ता सङ्घ, संस्था लगायत सम्बन्धित निकायहरू एवम् अन्य सरोकारवालाहरूको संलग्नता रहेको उपयुक्त संयन्त्र निर्माण गरी निर्धारण, प्रक्षेपण र विश्लेषण गर्ने व्यवस्था गरिनेछ ।

९.३.२ वस्तु तथा सेवाको गुणस्तर, मूल्य, परिमाण, बिक्री वितरण तथा आपूर्ति व्यवस्थाको नियमित अनुगमन गरी सहज आपूर्ति बनाई राख्न र उपभोक्ता हित संरक्षणलाई सुनिश्चित गर्न उपभोक्ता हितसँग सम्बन्धित सङ्घ-संस्था एवम् अन्य सरोकारवालाहरू र नागरिक समाज समेतको संलग्नतामा एक संयन्त्र निर्माण गरिनेछ। यस्तो संयन्त्रले सीमान्तकृत वर्ग, क्षेत्र र समुदाय तथा दुर्गम, पहाडी जिल्लामा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति सहज भए नभएको विषयमा समेत अनुगमन गर्नेछ ।

९.३.३ वस्तु तथा सेवाको लागत विश्लेषण गरी लागतमा उचित मुनाफाको प्रतिशत जोडी बिक्री मूल्य निर्धारण भए नभएको विश्लेषण गरिनेछ। साथै, वस्तु तथा सेवाको सञ्चय मापदण्ड तयार गरिनेछ। मापदण्ड विपरित सञ्चय गर्ने र अनुचित मुनाफा लिई व्यापारिक क्रियाकलाप गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न यस सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

### ९.४ खाद्य सुरक्षा (Food Security)

९.४.१ देशमा प्राकृतिक प्रकोप वा अत्यधिक मागको सिर्जनाबाट उत्पन्न हुनसक्ने अभावको स्थितिलाई सहज गर्न चामल, दाल, नुन, तेल लगायतका खाद्यान्न, पेट्रोलियम पदार्थ आदि अत्यावश्यक वस्तुहरूको कम्तीमा ३ महिनाको लागि आवश्यक परिमाणमा सञ्चय भण्डारण (Buffer Stock) को व्यवस्था गरिनेछ ।

९.४.२ खाद्यान्न अभाव/न्यून हुने दुर्गम जिल्लाहरूमा ढुवानी अनुदान दिई खाद्यान्न (चामल, नुन आदि) आपूर्ति गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै, त्यस्ता जिल्लामा व्यावसायिक रूपमा अन्न बालीको खेती गर्नको लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्न कृषि तथा सहकारी मन्त्रालयसँग समन्वय र सहकार्य गरिनेछ ।

९.४.३ आपतकालीन अवस्थामा खाद्यान्नको अभाव हुन नदिन राष्ट्रिय तथा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका लागि खाद्यान्न भण्डारण (Buffer Stock) को व्यवस्था गरिनेछ ।

९.४.४ खाद्य सुरक्षाका लागि मुलुकभित्र क्षेत्रीय तथा स्थानीयस्तरमा आवश्यक परिमाणमा खाद्यान्न सञ्चयको व्यवस्था गर्न निजी तथा सार्वजनिक संस्थानलाई आवश्यकतानुसार परिचालन गरिनेछ ।

### ९.५ आपूर्ति आयुक्त (Supply Commissioner) सम्बन्धी व्यवस्था

९.५.१ वस्तु तथा सेवाको माग र आपूर्ति बीच सन्तुलन ल्याई आपूर्ति व्यवस्थालाई सहज, सुदृढ र प्रभावकारी तुल्याउन प्रत्येक जिल्लामा एक आपूर्ति आयुक्तको नियुक्ति गरिनेछ । आपूर्ति आयुक्तको नियुक्ति नभएसम्मको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले आयुक्तको कार्य गर्नेछ ।

९.५.२ आपूर्ति आयुक्तको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

- जिल्लाको वस्तु तथा सेवाको उत्पादन, माग र आपूर्तिको तथ्याङ्क सङ्कलन, विश्लेषण तथा अद्यावधिक गरी जिल्लालाई आवश्यक पर्ने वस्तु तथा सेवाको प्रक्षेपण (Projection) गर्ने,
- सुपथ मूल्य पसल, सहकारी पसल र एकीकृत सेवा केन्द्र बीच समन्वय गरी सार्वजनिक वितरण प्रणाली (Public Distribution System) लाई प्रभावकारी बनाउने,
- जिल्लाको लागि आवश्यक खाद्यान्न भण्डारण गर्न जिल्ला खाद्य बैंक (District Food Bank) को स्थापना एवम् सञ्चालन गर्न आवश्यक कार्य गर्ने,
- वस्तु तथा सेवाको आपूर्ति कार्यमा संलग्न विभिन्न सरकारी, गैरसरकारी र निजी क्षेत्रका निकाय तथा व्यवसायीहरूसँग समन्वय गरी जिल्ला तथा स्थानीयस्तरको वार्षिक तथा आवधिक आपूर्ति योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,
- जिल्लामा रहेका निरीक्षण तथा बजार संरक्षण अधिकृतहरू बीच समन्वय गरी कार्यमा सहजीकरण गर्ने,
- बजारमा गुणस्तरीय वस्तु तथा सेवाको आपूर्ति सुनिश्चित गर्न तथा प्रतिस्पर्धी बजार तयार गर्न सहयोग र समन्वय गर्ने,
- उपभोक्ता हित संरक्षण कार्यमा संलग्न व्यक्ति र सङ्घ, संस्थालाई क्षमता विकासको लागि आवश्यक तालिम, प्रशिक्षण दिई उपभोक्ता हित संरक्षणमा सक्रिय गराउने ।

### ९.६ थोक, खुद्रा र स्थानीय हाटबजारलाई व्यवस्थित गर्ने

९.६.१ देशका विभिन्न क्षेत्रहरूमा सम्भाव्यताका आधारमा थोक बजार, हाटबजार र खुद्रा बजार स्थापना र विस्तार गरी आपूर्ति व्यवस्थालाई सहज, सुदृढ र प्रभावकारी बनाइनेछ ।

९.६.२ चेम्बर अफ कमर्स, उद्योग वाणिज्य महासङ्घ, राष्ट्रिय सहकारी सङ्घ, निजी लगानीकर्ता तथा व्यापारिक प्रतिष्ठान आदि जस्ता सङ्घ, संस्थाको सहयोगमा उत्पादक, आयातकर्ता, सञ्चयकर्ता, वितरक, थोक, खुद्रा विक्रेताहरूको विवरण तयार गरी बिक्री वितरण व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

९.६.३ अत्यावश्यक वस्तु तथा सेवाहरू बिक्री वितरण गर्ने सुपथ मूल्यका पसल तथा सहकारी पसलहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

### ९.७ बजार व्यवस्थापन तथा नियमन

९.७.१ उपभोक्ता संरक्षण र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण कानुनमा समयानुकूल सुधार गरी कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

९.७.२ अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान हुन नदिन उपभोक्ता सङ्घ, संस्था, नागरिक समाज, निजी तथा सहकारी क्षेत्रसमेतको संलग्नतामा अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

९.७.३ उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको गोदाम सङ्ख्या, क्षमता, गोदाममा रहेको मौज्दातको विवरण लिने र आवश्यकताअनुसार अनुगमन गर्ने संयन्त्रको निर्माण गरिनेछ।

९.७.४ उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको सामान्य तथा विशेष अवस्थामा सञ्चित गर्न पाउने सीमाको निर्धारण गर्ने तथा निर्धारित सीमाभित्र भए नभएको अनुगमन गर्ने संयन्त्रको विकास गरिनेछ ।

९.७.५ अत्यावश्यक वस्तु तथा सेवामा हुने गैर प्रतिस्पर्धी क्रियाकलाप नियन्त्रण गर्न छुट्टै संयन्त्रको व्यवस्था गरिनेछ ।

९.७.६ बजार तथा आपूर्तिसँग सम्बन्धित कानुनहरूलाई समय सापेक्ष रूपमा एकीकृत गर्दै लगिनेछ ।

## १०. कार्यनीति (Action Policy)

### १०.१ आपूर्ति (Supplies)

१०.१.१ वस्तु तथा सेवाको सहज आपूर्ति सुनिश्चित गर्न र कृत्रिम मूल्य वृद्धि नियन्त्रण गर्न उपभोक्ता सहकारी संस्था तथा सोसम्बन्धी कार्य गर्ने अन्य सहकारी सङ्घ/संस्थाहरू एवम् सम्बद्ध निकायहरूलाई परिचालन गरिनेछ । साथै, उत्पादक, आयातकर्ता, सञ्चयकर्ता, वितरक र थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको सञ्चय र भण्डारण स्थितिको विवरण लिने प्रणालीको विकास गरिनेछ ।

१०.१.२ अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्था प्रभावकारी तुल्याउन बजारको शोध, अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्ने व्यवस्था मिलाइनेछ ।

१०.१.३ अत्यावश्यक वस्तु तथा सेवाको खुद्रा एवम् थोक बजारको विकास र विस्तार गर्न निजी क्षेत्र, उपभोक्ता सहकारी पसल र सुपथ मूल्य पसलहरूलाई प्रोत्साहित गरिनेछ ।

१०.१.४ आन्तरिक उत्पादनबाट माग पूरा नहुने भएमा वा गैरप्रतिस्पर्धी क्रियाकलाप भई कृत्रिम अभाव सिर्जना भएमा बजार हस्तक्षेपको माध्यमबाट आपूर्ति व्यवस्था सहज गरिनेछ ।

१०.१.५ आयातमा भर पर्नुपर्ने पेट्रोलियम पदार्थहरू जस्ता अत्यावश्यक वस्तुहरूको आपूर्ति सहज र नियमित बनाउन लागत प्रभावकारी (Cost effective) हुने गरी आपूर्तिको वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ । पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था प्रभावकारी बनाउन प्रतिस्पर्धात्मक बजारको विकास गरी अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड बमोजिमको वस्तु आपूर्ति हुने व्यवस्था मिलाइनेछ । साथै, पेट्रोलियम पदार्थको बजार मूल्य अन्तर्राष्ट्रिय मूल्य अनुरूप समायोजन गर्दै लगिनेछ । दुर्गम क्षेत्रका न्यून आयस्तरका बहुसंख्यक जनताले उपयोग गर्ने मट्टितेलको ढुवानी र बिक्री वितरण व्यवस्थामा विशेष अनुदान दिइनेछ ।

१०.१.६ दुर्गम क्षेत्रमा खाद्यान्न आपूर्ति व्यवस्थित गर्नका लागि एकीकृत आपूर्ति व्यवस्थाका साथै अनुदान (Subsidy) को व्यवस्था गरी खाद्यान्न आपूर्ति सहज बनाउने कार्यनीति लिइनेछ ।

१०.१.७ दुर्गम क्षेत्रहरूमा वर्षायाम अगावै अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति तथा सञ्चय व्यवस्था मिलाउन निजी क्षेत्र तथा सहकारी संस्थाहरूलाई उचित सहुलियत दिई उत्प्रेरित गरिनेछ ।

१०.१.८ देशका सहरी क्षेत्रहरूमा थोक बजारको स्थापना र विस्तार गरी आपूर्ति व्यवस्थालाई सुदृढ गर्न प्रोत्साहित गरिनेछ ।

१०.१.९ अत्यावश्यक वस्तु आपूर्ति गर्ने निजी क्षेत्र तथा सार्वजनिक संस्थानहरूलाई समन्वयात्मक रूपमा वस्तु तथा सेवा खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

१०.१.१० गुणस्तर तथा निश्चित तौलका बीउ बिजन एवम् मलको उपलब्धताका लागि सरोकारवालासँग समन्वय गरी कृषकहरूमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.१.११ अत्यावश्यक वस्तु तथा सेवाको नियमित र सहज आपूर्ति सुनिश्चित गर्न अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान पुग्ने गरी हड्ताल, बन्द, विरोध गर्न नपाइने व्यवस्था मिलाइनेछ ।

**१०.२ उपभोक्ता (Consumer)**

१०.२.१ उपभोक्ताको अधिकतम हितको लागि निजी क्षेत्र तथा उपभोक्ता हकहितसँग सम्बद्ध उपभोक्तावादी संस्थाहरूसँग समन्वय र सहकार्य गरी सूचना तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.२.२ उपभोक्ता हित संरक्षणका लागि सो क्षेत्रमा कार्यरत व्यक्ति, सङ्घ, संस्थाको एकीकृत विवरण तयार गर्ने र त्यस्ता व्यक्ति तथा संस्थालाई अन्तरक्रिया गोष्ठीको माध्यमबाट सक्रिय रूपमा आफ्नो कार्यक्षेत्रमा लाग्न सहयोग एवम् प्रेरित गरिनेछ ।

१०.२.३ उपभोक्ता हित संरक्षण गर्न केन्द्रीय, क्षेत्रीय, जिल्ला तथा स्थानीय अनुगमन समितिका पदाधिकारी र निरीक्षण अधिकृतहरूलाई उपभोक्ताको हकहित सम्बन्धी ऐन कानुन र अर्न्तराष्ट्रिय पद्धतिका विषयमा तालिम, प्रशिक्षण दिई सक्रिय बनाइनेछ ।

१०.२.४ उपभोक्ताको हकहितको संरक्षणको लागि प्रत्येक जिल्लामा उपभोक्ता अदालतको स्थापना गरी उपभोक्तालाई पर्ने मर्काको सुनुवाइ गर्ने र कानुनी उपचार प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२.५ माध्यमिक तहदेखि नै उपभोक्ता सचेतनाको लागि उपभोक्ता शिक्षासम्बन्धी पाठ्यक्रम निर्माण गरी लागु गर्नुको साथै उपभोक्ता अधिकारका विषयमा जागरूक गराइनेछ ।

१०.२.६ उपभोक्ता हित संरक्षणको लागि उपभोक्ता संरक्षण कोषको स्थापना गरी वार्षिक रूपमा निश्चित रकम विनियोजन गर्ने व्यवस्था गरिनेछ ।

**१०.३ अनुगमन (Monitoring)**

१०.३.१ वस्तु तथा सेवाको माग र आपूर्ति, मूल्य, लागत, गुणस्तर आदिको सम्बन्धमा अनुगमन विश्लेषण गर्न सरकार, उपभोक्ता हितसँग सम्बद्ध सङ्घ, संस्था र अन्य सरोकारवाला समेतको संलग्नतामा अनुगमन समिति गठन गरिनेछ ।

१०.३.२ उपभोग्य वस्तु तथा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता, परिमाण आदि पक्षमा निरन्तर अनुगमन गरी उपभोक्ताको हकहित संरक्षण गर्नका लागि केन्द्रीय, क्षेत्रीय, जिल्ला र स्थानीयस्तरमा अनुगमन समिति गठन गरी बजार अनुगमन गरिनेछ । यस्ता अनुगमन समितिले सीमान्तकृत वर्ग, क्षेत्र र समुदाय तथा दुर्गम, पहाडी जिल्लामा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति सहज भए नभएको विषयमा समेत अनुगमन गर्नेछ ।

१०.३.३ वस्तु तथा सेवाको मूल्य विश्लेषण गरी बिक्री मूल्य निर्धारण भए नभएको अनुगमन, विश्लेषण गर्न र वस्तुको सञ्चय मापदण्ड तयार गरी जारी गरिनेछ । यस सम्बन्धमा निर्देशीका समेत बनाई प्रक्षेपण गरिनेछ ।

१०.३.४ सीमावर्ती बजारहरूमा मूल्यको सन्तुलन राख्न समान मूल्य व्यवस्था कायम गर्ने प्रयोजनको लागि आवश्यक संयन्त्र तयार गरिनेछ ।

१०.३.५ वस्तु तथा सेवाप्रदायकहरूले न्यून गुणस्तरको वस्तु तथा सेवा प्रदान गरी कुनै उपभोक्ताको जीउज्यान, सम्पत्ति र स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याएमा कानुन अनुसार क्षतिपूर्ति दिलाउने व्यवस्था गरिनेछ ।

१०.३.६ विदेशी दातृसंस्थाबाट सहयोगको रूपमा प्राप्त वस्तु तथा सेवाको आपूर्ति र गुणस्तरको सम्बन्धमा अनुगमन गर्न छुट्टै संयन्त्रको गठन गरिनेछ ।

**१०.४ खाद्य सुरक्षा (Food Security)**

१०.४.१ रणनीतिको बुँदा नं. ९.४.१ मा उल्लेख भएअनुसार अत्यावश्यक वस्तुहरूको कम्तीमा ३ महिनाको लागि केन्द्रीय आपूर्ति व्यवस्था समितिले तोके बमोजिम देशका विभिन्न क्षेत्रमा सञ्चय भण्डारण (Buffer Stock) को व्यवस्था गरिनेछ ।

१०.४.२ खाद्यान्न अभाव/न्यून हुने दुर्गम जिल्लाहरूमा व्यावसायिक रूपमा अन्नबालीको खेती गर्नका लागि कृषि तथा सहकारी मन्त्रालयसँग समन्वय र सहकार्य गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.४.३ सार्क खाद्य बैङ्क (SAARC Food Bank) मा सार्कद्वारा तोकिएको परिमाणमा खाद्यान्न भण्डारण गर्ने व्यवस्था गरिनेछ ।

१०.४.४ खाद्य सुरक्षाका लागि निजी क्षेत्र तथा सार्वजनिक संस्थानलाई परिचालन गरिनेछ ।

१०.४.५ खाद्य सुरक्षाका लागि सरकारले तोकेको परिमाण सार्वजनिक संस्थानले भण्डारण गर्ने व्यवस्था मिलाइनेछ ।

१०.४.६ अत्यावश्यक वस्तुमध्ये नुनको हकमा कम्तीमा ६ महिनाको लागि Buffer Stock राख्ने व्यवस्था मिलाइनेछ ।

१०.४.७ नेपाल सरकारले तोके अनुसार चिनी उत्पादकले उद्योगको कुल वार्षिक उत्पादनको निश्चित परिमाण Factory Gate Price मा सरकारलाई उपलब्ध गराउनु पर्ने व्यवस्था मिलाइनेछ ।

१०.४.८ सरकारी स्वामित्वका उद्योग तथा कारखानाहरूबाट वार्षिक उत्पादित सिमेन्टको बढीमा पचास प्रतिशतसम्म लेभी उठाई केन्द्रीय वा क्षेत्रीय आपूर्ति व्यवस्था समितिले तोके बमोजिमको सङ्घ, संस्थामार्फत् बिक्री वितरण गराइनेछ । साथै, आवश्यकतालाई हेरी यस्तो लेभी निजी क्षेत्रका सिमेन्ट कारखानाबाट समेत उठाउन सकिने गरी व्यवस्था गरिनेछ ।

१०.४.९ अत्यावश्यक वस्तुहरूको सञ्चयका लागि गोदाम घर र शीत भण्डार निर्माण एवम् सञ्चालन गर्न निजी क्षेत्र तथा सहकारी सङ्घ, संस्थालाई प्रोत्साहित गरिनेछ ।

१०.४.१० प्रमुख सहरहरूमा निजी क्षेत्रका साथै सहकारी खाद्य भण्डारलाई थोक बजारको रूपमा विकास गरिनेछ ।

१०.४.११ खाद्यान्न भण्डारणलाई प्रभावकारी बनाउन चामल मिलहरूबाट विशेष अवस्थामा उत्पादनको दश प्रतिशतसम्म गुणस्तर मापदण्ड अनुरूपको चामल लेभीको रूपमा खरिद गर्न सकिने व्यवस्था गरिनेछ ।

१०.४.१२ सरकारले विशेष अवस्थामा अत्यावश्यक वस्तु तथा सेवाको अधिकतम उपभोक्ता मूल्य तोक्न सक्नेछ ।

१०.४.१३ सरकारले खाद्यान्नको समर्थन मूल्य (Support Price) तोक्न आवश्यक देखेमा कृषि उपज भित्र्याउने (काट्ने) समयभन्दा कम्तीमा एक महिना अगाडि कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा वाणिज्य तथा आपूर्ति मन्त्रालयले समर्थन मूल्य तोक्नेछ ।

१०.४.१४ दुर्गम क्षेत्रहरूमा समयमा नै स्थल मार्गबाट खाद्यवस्तु ढुवानी गर्ने व्यवस्थालाई प्राथमिकता दिइनेछ । सडक यातायातको पहुँच नभएका क्षेत्रमा हवाई मार्गबाट खाद्यवस्तु ढुवानी गर्ने व्यवस्था मिलाउनेछ ।

१०.४.१५ गरिब तथा न्यून आय भएका विपन्न जनताको लागि चामल, पीठो, नुन, चिनी, मट्टितेल जस्ता अत्यावश्यक वस्तु राज्य सुविधा (राशन कार्ड) को माध्यमबाट सहुलियत रूपमा उपलब्ध गराइनेछ ।

**१०.५ संस्थागत सुधार**

१०.५.१ उपभोक्ता संरक्षण र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण कानुन कार्यान्वयन गर्न उपभोक्ता संरक्षण तथा आपूर्ति व्यवस्था विभागको स्थापना गरिनेछ ।

१०.५.२ आपूर्ति व्यवस्थामा संलग्न रहने सार्वजनिक संस्थानहरूले प्रवाह गर्ने सेवाको प्रभावकारिता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने थप साधन स्रोतको व्यवस्था गरिनेछ ।

१०.५.३ सार्वजनिक संस्थानहरूको व्यावसायिक क्षमता अभिवृद्धि गरी क्षेत्र विस्तार गरिनेछ ।

१०.५.४ देशभर अत्यावश्यक वस्तु तथा सेवा आपूर्ति गर्ने एकीकृत सेवा केन्द्र, उपभोक्ता सहकारी पसल, सुपथ मूल्य पसल वा ग्रामीण सहकारी पसलहरूलाई आवश्यक सहयोग पुऱ्याइनेछ ।

१०.५.५ कर्णाली क्षेत्रलगायत दुर्गम जिल्लामा वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाउन सार्वजनिक संस्थानका स्थानीय डिपोहरूको सङ्ख्या विस्तार गर्दै लगिनेछ ।

१०.५.६ देशका विभिन्न जिल्लामा स्टोरेज तथा गोदामहरूको निर्माण गर्ने र विद्यमान स्टोरेज तथा गोदामहरूको मर्मत, सम्भार र आधुनिकीकरण गर्दै लगिनेछ ।

१०.५.७ दुर्गम तथा हिमाली जिल्लामा अत्यावश्यक वस्तु तथा सेवा प्रवाहमा संलग्न सार्वजनिक संस्थानलाई निश्चित आधारमा कर तथा शुल्कमा छुट दिने व्यवस्था अवलम्बन गरिनेछ ।

१०.५.८ आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उपभोक्ता संरक्षण तथा आपूर्ति व्यवस्था विभागमा आपूर्ति सूचना केन्द्र स्थापना गरिनेछ । यस कार्यमा उपभोक्ता संरक्षण तथा आपूर्ति व्यवस्था विभाग, कृषि तथा सहकारी मन्त्रालय, राष्ट्रिय सहकारी सङ्घ, उपभोक्ता सङ्घ, संस्था र वस्तु तथा सेवा प्रदायकहरूका सङ्घ, संस्थाहरूसँगको संलग्नता र समन्वयमा कार्य हुनेगरी व्यवस्था मिलाइनेछ ।

१०.५.९ दुर्गम तथा हिमाली जिल्लामा खाद्यान्न जस्ता अत्यावश्यक उपभोग्य वस्तुको आपूर्तिमा संलग्न सार्वजनिक संस्थानलाई सेवामूलक संस्थाको रूपमा विकास गरिनेछ । यस्ता संस्थानहरूको क्षमता विकासका लागि विशेष व्यवस्था गरिनेछ ।

**१०.६ बजार व्यवस्थापन**

१०.६.१ अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान हुन नदिन उपभोक्ता सङ्घ-संस्था, नागरिक समाज, निजी तथा सहकारी क्षेत्रको समेत संलग्नतामा बजार अनुगमन गरिनेछ ।

१०.६.२ उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको गोदाम सङ्ख्या, क्षमता तथा मौज्दातको विवरण लिने र आवश्यकता अनुसार अनुगमन गरिनेछ ।

१०.६.३ उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको सामान्य तथा विशेष अवस्थामा सञ्चित गर्न पाउने सीमाको निर्धारण गर्ने तथा निर्धारित सीमाभित्र भए नभएको अनुगमन गर्न निर्देशीका जारी गरिनेछ ।

१०.६.४ बिक्रेताले आफूले खरिद गरेको वस्तुको खरिद मूल्य र बिक्री मूल्य उपभोक्ताले देख्न सक्ने गरी पसलमा टाँस गरी राख्ने व्यवस्था मिलाइनेछ ।

१०.६.४ अत्यावश्यक वस्तु तथा सेवामा हुने गैर प्रतिस्पर्धी क्रियाकलाप हुन नदिन र बजार संरक्षण गर्न प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण बोर्डलाई सक्रिय तुल्याइनेछ ।

१०.६.५ बजार तथा आपूर्तिसँग सम्बन्धित कानुनहरूलाई एकीकृत गरिनेछ ।

## ११. सुविधा र सहुलियत

आपूर्ति व्यवस्था प्रभावकारी बनाउनको निम्ति नेपाल सरकारले देहाय बमोजिम को सुविधा तथा सहुलियतहरू प्रदान गर्ने नीति लिनेछ :

११.१ दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा अत्यावश्यक वस्तु तथा सेवा आपूर्ति गर्ने सार्वजनिक संस्थान, सुपथ मूल्य पसल, उपभोक्ता सहकारी पसल, फर्म, सङ्घ, संस्था र व्यक्ति तथा उपभोक्ता हितसँग सम्बन्धित सङ्घसंस्थालाई प्रचलित कानुनबमोजिम सहुलियत प्रदान गर्नेतर्फ आवश्यक पहल गरिनेछ ।

११.२ दुर्गम तथा ग्रामीण क्षेत्रमा महिलाहरूबाट सञ्चालित उपभोक्ता सहकारी पसललाई बुँदा नं. ११.१ मा उल्लिखित सहुलियतका साथै सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराइनेछ ।

११.३ सुगम क्षेत्रबाट दुर्गम क्षेत्रमा अत्यावश्यक वस्तुको ढुवानी गर्ने गरी खच्चड, चौंरी, भेडा, बाख्रा पाल्ने कृषकहरूलाई बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराइनेछ ।

## १२. संस्थागत व्यवस्था

### १२.१ केन्द्रीय आपूर्ति व्यवस्था समिति (Central Supplies Management Committee)

१२.१.१ आपूर्ति नीति कार्यान्वयन गर्न देहाय बमोजिम एक केन्द्रीय आपूर्ति व्यवस्था समितिको गठन गरिनेछ

| | |
|---|---|
| सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अध्यक्ष |
| सहसचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय (प्रशासन, संस्थान तथा आपूर्ति व्यवस्थापन महाशाखा) | सदस्य |
| सह सचिव, अर्थ मन्त्रालय (राजस्व) | सदस्य |
| सह सचिव, उद्योग मन्त्रालय | सदस्य |
| सहसचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| सहसचिव, गृह मन्त्रालय | सदस्य |
| सहसचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| सहसचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| महानिर्देशक, वाणिज्य विभाग | सदस्य |
| महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| अध्यक्ष, नेपाल चेम्वर अफ कमर्स | सदस्य |
| अध्यक्ष,राष्ट्रिय सहकारी बोर्ड | सदस्य |
| महाप्रबन्धक, नेपाल खाद्य संस्थान | सदस्य |
| कार्यकारी प्रमुख, नेपाल आयल निगम | सदस्य |
| महाप्रबन्धक, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड | सदस्य |
| महाप्रबन्धक, नेशनल ट्रेडिङ्ग लिमिटेड | सदस्य |
| उपभोक्ता हक, हितसितसँग सम्बन्धित संस्थाको प्रतिनिधित्व हुनेगरी नेपाल सरकारले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित ३ जना | सदस्य |
| आपूर्ति व्यवस्थासँग सम्बन्धित वस्तुगत सङ्घको तर्फबाट एक जना महिलासहित २ जना | सदस्य |
| महानिर्देशक, उपभोक्ता संरक्षण तथा आपूर्ति व्यवस्था विभाग | सदस्य-सचिव |

१२.१.२ समितिको सचिवालय वाणिज्य तथा आफूर्ति व्यस्थापन विभागमा रहनेछ।

१२.१.३ समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

१२.१.४ समितिको काम, कर्तव्य र अधिकारः

उपभोक्ताको लागि आवश्यक वस्तु वा सेवा नियमित, गुणस्तरीय, सरल, सहज र व्यवस्थित रूपमा आफूर्ति हुने व्यवस्था मिलाउन आवश्यक कार्यहरू गर्नु समितिको प्रमुख कर्तव्य हुनेछ। समितिको अन्य कार्यहरू देहाय बमोजिम हुनेछन्ः-

(१) अत्यावश्यक वस्तु वा सेवाको आफूर्ति सरल, सहज र व्यवस्थित बनाउने विषयमा आवश्यक नीति, नियम तर्जुमा गर्न नेपाल सरकारलाई सुझाव दिने,

(२) आवश्यकता अनुसार अत्यावश्यक वस्तु वा सेवाको अधिकतम तथा न्यूनतम मूल्य तोक्न सिफारिस गर्ने,

(३) वस्तु तथा सेवा प्रदायकबीच स्वस्थ प्रतिस्पर्धाको वातावरण सृजना गर्ने,

(४) अत्यावश्यक वस्तु तथा सेवाको उपयुक्त वितरण प्रणालीको विकास गर्न सहयोग पुऱ्याउने,

(५) उत्पादन र आफूर्तिसँग सम्बन्धित निजी एवम् सहकारी क्षेत्र र सरकारी निकायहरू बीच सु-सम्बन्ध स्थापित गरी आपूर्ति व्यवस्थालाई सुनिश्चित गर्ने,
(६) सबै प्रकारका व्यापारिक विकृति विसंगतिहरूबाट उपभोक्ताको हित संरक्षण गर्न तत्सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याउने,
(७) बजार तथा आफूर्ति व्यवस्थालाई प्रभावकारी बनार्य आम उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु तथा सेवा सरलरूपमा उपलव्ध गराउने तथा गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलापलाई निरुत्साहन गर्ने,
(८) प्राकृतिक तथा अन्य कारणले हुन सक्ने वस्तु तथा सेवाको कृतिम अभाव हुन नदिन, आफूर्ति व्यवस्थालाई सरल र सहज बनाई राख्न अत्यावश्यक वस्तुहरूको संचय भण्डार (Buffer Stock) को परिमाण तोक्ने,
(९) अत्यावश्यक वस्तु तथा सेवाको माग र आपूर्तिको प्रक्षेपण गरी वार्षिक आफूर्ति योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
(१०) उपभोक्ताहित संरक्षणमा संलग्न संघ-संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउने,
(११) आफूर्ति नीति कार्यान्वयन गर्न समितिले उपयुक्त ठानेका कार्य गर्ने ।

**१३. आर्थिक पक्ष**

प्रस्तुत नीति एक विस्तृत एवम् एकिकृत कार्ययोजना बनार्य बजेट व्यवस्था सहित लागू गरिनेछ। नीति कार्यान्वयन गर्दा लाग्ने आर्थिक दायित्व र श्रोत सम्बन्धमा, कार्यक्रम कार्यान्वयन गर्ने समयमा नै निर्क्यौल हुने तथा खर्च व्यवस्थापन र लेखा परिक्षणको प्रक्रिया प्रचलित कानुनी व्यवस्था एवम् प्रक्रियाबाट व्यवस्थित गरिनेछ। यस नीतिको कार्यान्वयनबाट मुलुकको आफूर्ति व्यवस्थापनको क्षेत्रमा सुधार भई स्वतन्त्र र प्रतिस्पर्धात्मक आर्थिक वातावरण सृजना हुन टेवा पुग्नुका साथै उपभोक्ताको हकहित संरक्षणमा महतवपूर्ण योगदान पुग्न जानेछ ।

**१४. कानुनी व्यवस्था**

यस नीतिमा उल्लेखित प्रावधानहरु कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनहरु तर्जुमा गरिनुका साथै आवश्यकता अनुसार आपूर्तिसँग सम्बन्धित ऐन, कानुनहरुमा समसामयिक सुधार गरिनेछ।

**१५. अनुगमन र मूल्याङ्कन**

यस नीतिको कार्यान्वयनबाट अपेक्षित प्रतिफल र उद्देश्यहरू पूर्ण वा आंशिक रूपमा पुरा भए वा भएनन् सोको अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको रूपमा नेपाल सरकारको वाणिज्य तथा आफूर्ति मन्त्रालय रहनेछ। अनुगमन तथा मूल्याङ्कनका लागि सहभागितामूलक अनुगमन प्रणाली अवलम्बन गरिनेछ। यस नीतिको कार्यान्वयन पक्षलाई समन्वयात्मक रूपमा अनुगमन एवम् मूल्याङ्कन गर्नका लागि वाणिज्य तथा आपूर्ति संयोजकत्वमा देहाय बमोजिमको एक उच्चस्तरिय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| १ | माननीय मन्त्री/राज्यमन्त्री, वाणिज्य तथा आपूर्ति मन्त्रालय) | अध्यक्ष |
| २ | माननीय सदस्य राष्ट्रिय योजना आयोग (सम्बन्धि क्षेत्र हेर्ने) | सदस्य |
| ३ | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४ | सचिव, उद्योग मन्त्रालय | सदस्य |
| ५ | सचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| ६ | सचिव, गृह मन्त्रालय | सदस्य |
| ७ | सचिव, वाणिज्य तथा आफूर्ति मन्त्रालय | सदस्य |
| ८ | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| ९ | सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |

| | | |
|---|---|---|
| १० | उपभोक्ता हक हितसँग सम्वन्धित संस्थाको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनीत गरेका कम्तिमा एक जना महिला सहित २ जना | सदस्य |
| ११ | सह-सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय (प्रशासन, संस्थान तथा आपूर्ति व्यवस्थापन महाशाखा | सदस्य सचिव |

## १६. उपसंहार

नियमित, सर्वसुलभ र सुपथ मूल्यमा अत्यावश्यक वस्तु तथा सेवाको आफूर्ति हुने वातावरण सृजना गर्न आपूर्ति क्षेत्रमा हुने सबै प्रकारका विकृतिहरूलाई न्यून गर्दै सार्वजनिक सदाचार र नैतिकता कायम गरी उपभोक्ता हकहितको संरक्षण र सम्वर्द्धन गर्न यस नीतिले आधार प्रदान गर्ने छ। यस नीतिले वस्तु तथा सेवाको आफूर्ति व्यवस्थामा अपेीषत सुधार र सहजिकरण गरी राज्य तथा जनताको उद्देश्य, अपेक्षा र आवश्यकतालाई उचित सम्बोधन गर्दै गरिवी निवारणको समष्ठिगत लक्ष्यलाई नै योगदान पुऱ्याउने अपेक्ष राखिएको छ।

## अनुसूची–१

बुँदा नं. ९.१.६ सँग सम्बन्धित

**खाद्य पदार्थ**

१. चामल

(क) मसिनो (पोखरेली र मन्सुली समेत)

(ख) मोटा

२. मकै

३. चिउरा

४. गहुँ, मैदा र पीठो (आँटा)

५. दाल (क) रहर (ख) मास (ग) मुसुरो (घ) भटमास आदि गेडागुडीहरू

६. नून

७. चिनी

८. घ्यू, खानेतेल (क) तोरीको तेल (ख) भटमासको तेल (ग) सूर्यमुखी फूलको तेल

९. दूध (वेवीफुड तथा पाउडर दूध समेत),

१०. मासु, अण्डा, माछा,

११. मह, चिया तथा कफी

१२. मसला, तरकारी एवम् फलफूल ।

**अन्य आवश्यकीय पदार्थ**

१३. औषधी (कीटनाशक औषधी र जडिबुटी समेत)

१४. मट्टितेल, ग्यास, डिजेल, पेट्रोल र हवाई इन्धन समेत

१५. मल, बीउ

१६. (क) दाउरा (ख) कोइला

**निर्माण सामग्री**

१७. सिमेन्ट

१८. फलामे छड, जस्ता पाता

१९. इट्टा, ढुङ्गा

२०. काठ

**सेवा सम्बन्धी**

२१. स्वास्थ्य

२२. सञ्चार

२३. विद्युत

२४. यातायात

२५. खानेपानी

२६. न्यूज प्रिन्ट

२७. पाठ्यसामग्री

# पुष्प प्रवर्द्धन नीति, २०६९

## १. पृष्ठभूमि

भौगोलिक परिवेश, जलवायु, उपलब्ध स्रोत साधन र सम्भावनाको आधारमा दिगो र व्यवस्थित पुष्प तथा पुष्पजन्य वस्तुको उत्पादन तथा व्यावसायीकरणको लागि पुष्प प्रवर्द्धन नीति अति आवश्यक महसुस गरिएको छ । यस नीतिको कार्यान्वयनबाट निजी क्षेत्रको सहभागिता अभिवृद्धि भई रोजगारीको अवसर सिर्जना हुने र आयआर्जनको साथै वैदेशिक मुद्रा समेत आर्जन हुने हुन्छ । पुष्प तथा पुष्पजन्य वस्तुको विकास तथा प्रवर्द्धन गर्न सकेमा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्नुको साथै गरिबी न्यूनीकरणमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## २. वर्तमान स्थिति

हाल नेपालका ३५ जिल्लामा लगभग ६०० भन्दा बढी कृषक घर परिवार व्यावसायिक पुष्प खेतीमा संलग्न रही ४०,००० भन्दा बढी व्यक्ति प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यस व्यवसायमा निर्भर रहेका छन् । सयभन्दा बढी कट फ्लावर थोक तथा खुद्रा बिक्रेताबाट वार्षिक झण्डै ९१ करोडको हाराहारीमा व्यावसायिक कारोवार भइरहेको छ । नेपालबाट यूरोप तथा भारत, जापान, मध्य पूर्व लगायत एसियाका अन्य देशहरूमा पुष्प तथा पुष्पजन्य वस्तुको निकासी वार्षिक रू.१९ करोड भन्दा बढी हुने गरेको र यस व्यवसायमा संलग्न दक्ष तथा अर्धदक्ष कामदारहरूले वैदेशिक रोगजारी पाउने क्रम पनि वृद्धि हुँदै गएको छ । यस परिप्रेक्ष्यमा यस क्षेत्रलाई प्राथमिकता दिई अन्य जिल्लाहरूमा पनि विस्तार गर्दै पुष्प एवम् पुष्पजन्य व्यवसायको कारोवार बढाउन सकेमा राष्ट्रले अझ बढी आर्थिक फाइदा लिन सक्ने देखिन्छ ।

## ३. समस्या र चुनौती

बीउ बिजन, मलखाद, विषादी जस्ता पुष्प खेतीका लागि अति आवश्यक मानिने वस्तुहरू आजसम्म पनि अन्य मुलुकमा निर्भर हुनु परेको छ । दक्ष प्राविधिक जनशक्तिको कमीले गर्दा रोग तथा कीराको सही पहिचान हुन नसकी सम्पूर्ण बाली नष्ट हुने अवस्था रहेको छ । भारत तथा चीनबाट भित्रिने फूल तथा तिनका बोटबिरुवाको निरोगिताको जाँच गर्ने प्रभावकारी संयन्त्रको अभावमा पुष्प खेतीमा बर्सेनी नयाँ-नयाँ रोग तथा कीरा भित्रिने हुँदा यसमा गरेको लगानी समेत जोखिममा परी पुष्प उद्योग धराशायी बन्न सक्ने अवस्था सिर्जना हुन सक्ने देखिन्छ । पुष्प खेतीलाई उच्च मूल्यको बालीको रूपमा लिइएतापनि यसको अध्ययन, अनुसन्धान र पूर्वाधार विकास कार्यक्रम प्राथमिकतामा नपरेकाले अपेक्षित लगानी हुन सकेको छैन । वित्तीय संस्थाहरूको न्यून लगानी, उत्पादित कटफ्लावरको उत्पादन स्थलदेखि स्थानीय बजार र अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउने उचित वातानुकूलित ढुवानी साधनको अभाव साथै झन्झटिलो एवम् लामो भन्सार प्रक्रिया यस व्यवसायका चुनौतीहरू हुन ।

## ४. नीतिको आवश्यकता

पुष्प व्यवसायको प्रवर्द्धनको लागि उत्पादनदेखि बिक्री वितरण तथा उपभोक्तासम्म उचित समय एवम् अवस्थामा पुग्न्जेलको मूल्य अभिवृद्धि शृङ्खला (Value chain) प्रक्रियालाई व्यवस्थित तथा नियन्त्रण गरी दिशानिर्देश गर्न राज्यको स्पष्ट दृष्टिकोण हुनु पर्ने हुन्छ । यस सन्दर्भमा "पुष्प प्रवर्द्धन नीति" को आवश्यकता महसुस गरिएको छ । नेपालमा पाइने विभिन्ना प्रजातिका र आर्थिक महत्वका अन्य, पुष्प उत्पादन र व्यवसायबाट रोजगारीका अवसर सिर्जना हुनुको साथै नेपालकै मौलिक तथा रैथाने फूल, बोटबिरुवाको पहिचान गरी संरक्षण तथा सम्वर्द्धन गर्न सकेमा त्यसको निर्यातको ठूलो सम्भावना पनि रहेको छ । दीर्घकालीन कृषि योजना तथा राष्ट्रिय कृषि नीति, २०६१ र वाणिज्य नीति, २०६५ ले प्रमुख निर्यात योग्य वस्तु र बढी मोल जाने बालीको रूपमा यसलाई प्राथमिकता दिए तापनि यसको प्रवर्द्धनमा पर्याप्त जोड नदिईएको हुँदा लगानीकर्तालाई आकर्षित गर्न सकिरहेको छैन । चालु त्रिबर्षीय योजना (२०६७/२०६८-२०६९/२०७०) ले यसलाई उच्च मूल्यको

वस्तुको प्राथमिकतामा राखी अर्किडलाई एक गाउँ एक उत्पादन कार्यक्रम अन्तर्गत निरन्तरता दिनुको साथै आलङ्कारिक फूलको गुणस्तरीय उत्पादनको लागि मूल्य अभिवृद्धि शृङ्खला सुधारमा जोड दिईएको छ। पुष्पबाली अतिनै जोखिमपूर्ण, चाडै बिग्रिएर जाने र यसको प्रयोग विशेष अवस्थामा हुने भएकोले उचित अवस्था तथा समयमा उपभोक्तासम्म पुऱ्याउनु पर्ने हुन्छ। उत्पादित कटफ्लावरको उत्पादन स्थलदेखि स्थानीय र अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउनका लागि उचित वातानुकूलित ढुवानी साधन, कम झन्झटिलो एवम् छोटो भन्सार प्रक्रिया हुन आवश्यक हुन्छ। साथै अध्ययन अनुसन्धानमा प्राथमिकता दिई उपयुक्त प्रविधि विकास गर्न यस क्षेत्रमा लगानी बढाउन अति आवश्यक हुन्छ। यस सन्दर्भमा यस व्यवसायलाई व्यवस्थित गरी आन्तरिक बजारको साथै निर्यातलाई प्रवर्द्धन गर्न पुष्प प्रवर्द्धन नीति आवश्यक देखिन्छ।

## ५. लक्ष्य

पुष्प र पुष्पजन्य वस्तुको उत्पादन वृद्धि गरी पुष्प व्यवसाय विस्तार गर्न, रोजगारीको अवसर सिर्जना गर्न, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नका साथै गरिबी निवारणमा टेवा पुऱ्याउन र पुष्प जैविक विविधता संरक्षण गर्न भरपर्दो उपक्षेत्रको रूपमा पुष्प क्षेत्रको विकास गर्ने।

## ६. उद्देश्य

६.१ पुष्प तथा पुष्पजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

६.२ पुष्प खेती तथा व्यवसायमा निजी क्षेत्रको संलग्नता बढाउदै उत्पादनलाई प्रतिस्पर्धी बनाई आन्तरिक बजार व्यवस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

६.३ स्थानीय आनुवंशिक पुष्प स्रोतको संरक्षण र सम्वर्द्धन गर्ने।

## ७. नीति तथा कार्यनीति

**उद्देश्यः १. पुष्प तथा पुष्पजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।**

७.१.१ नेपालका विभिन्न भागमा पुष्प खेती विस्तार गर्न पुष्प नर्सरी स्थापना गर्न प्रोत्साहित गरिनेछ।

७.१.२ व्यावसायिक पुष्प खेतीको सम्भावना भएका क्षेत्रमा पुष्प फार्महरू स्थापनामा जोड दिइनेछ। शिक्षित बेरोजगार तथा सेवा निवृत्त व्यक्ति वा समूहलाई पुष्प तथा पुष्पजन्य व्यवसाय व्यवस्थापन तथा सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।

७.१.३ पुष्प व्यवसायको विकास तथा विस्तार गर्न यससँग सम्बन्धित सरकारी, गैरसरकारी तथा प्राज्ञिक संस्थाहरूसँगको समन्वय तथा सहकार्यमा अध्ययन तथा अनुसन्धान कार्य गरिनेछ। पुष्प क्षेत्रको प्रविधि विकास र प्रविधि प्रसारमा संलग्न सरकारी निकायहरूमा दक्ष जनशक्ति र भौतिक पूर्वाधारको व्यवस्था गरी शशक्तीकरण गरिनेछ।

७.१.४ पुष्प उत्पादन र उत्पादन उप्रान्तका प्रविधिको सूची तयार गरी सम्भाव्यताका आधारमा जिल्ला कृषि विकास कार्यालय, निजी क्षेत्र तथा दुबैको सहकार्यमा प्रविधिको विस्तार गरिनेछ।

७.१.५ सम्भाव्यताको आधारमा कुनै जिल्लामा कुनै निश्चित प्रजातिका व्यावसायिक पुष्प खेती हुन सक्ने पाइएमा त्यस जिल्लालाई त्यस प्रजातिको पुष्प क्षेत्र घोषणा गरी ती ठाउँमा पूर्वाधार विकासका एकीकृत प्याकेज व्यवस्था गर्न प्राथमिकता दिइनेछ।

७.१.६ व्यावसायिक रूपमा पुष्प खेती भएका पकेटहरूमा पुष्प तथा पुष्पजन्य व्यवसाय प्रवर्द्धनको लागि सिँचाइ, कृषि सडक, सङ्कलन केन्द्र, शीत भण्डार (कोल्ड स्टोरेज, कुलिङ च्याम्वर भएको ढुवानी साधन), ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास, प्रयोगशाला परीक्षण सेवा जस्ता व्यवसाय प्रवर्द्धनका पूर्वाधारहरू सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसमेतको सहकार्यमा विस्तार गरिनेछ।

७.१.७ पुष्प व्यवसायको लागि चाहिने रासायनिक मल, प्राङगारिक मल, कीटनाशक, झारनाशक, रोगनाशक विषादी तथा कृषि सामग्री आदि पुष्प उद्योग तथा पुष्प नर्सरीले सम्बन्धित निकायको सिफारिसमा अन्य मुलुकबाट आयात गर्न पाउने व्यवस्था मिलाइनेछ।

७.१.८ पुष्प नर्सरी तथा पुष्प फर्महरूले आवश्यक फूलका माउ बोटबिरुवा (Mother Plant), कलमी बिरुवाहरू, फूलको गानो तथा जराहरू, फूलको बीउ बिजन, सिँचाइ र बाली संरक्षणका उपकरणहरू, ग्लास हाउस निर्माणका सामग्रीहरू, कुलिङ च्याम्बर भएको ढुवानी साधन (Refrigerated truck) आयातमा लाग्ने कर महसुल रकम आर्थिक ऐनमा व्यवस्था गरी सहुलियत प्रदान गर्न सकिनेछ।

७.१.९ पुष्प खेती र पुष्प व्यवसायलाई विद्यालय, विश्वविद्यालय/कलेजहरूका पाठ्यक्रममा समावेश गर्ने पहल गरिनेछ। कृषि अनुसन्धान केन्द्र तथा कृषि तालिम केन्द्रहरूमा पुष्प खेती सम्बन्धी प्राविधिक तालिम गराउने व्यवस्था गरी पुष्प तथा पुष्पजन्य व्यवसायको क्षेत्रमा जनशक्तिको विकास गरिनेछ।

७.१.१० सहरी क्षेत्रमा र सडक किनारामा पुष्प र पुष्पजन्य वनस्पतिहरू लगाई सडक र सहरको सौन्दर्य वृद्धि गर्ने तथा वातावरण स्वच्छ राख्ने कार्यलाई सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसमेतको सहकार्यमा विस्तार गरिनेछ।

७.१.११ पुष्प र पुष्पजन्य वस्तुहरू प्रशोधन गरी वानस्पतिक औषधीहरू, अत्तर र अन्य सौन्दर्य प्रशोधनका सामग्रीहरू उत्पादन गर्ने उद्योगहरू स्थापनामा प्रोत्साहन गरिनेछ।

७.१.१२ पुष्प खेती तथा व्यवसायलाई प्रवर्द्धन गर्न यसलाई वित्तीय संस्थाहरूबाट प्रदान गरिने प्राथमिकता प्राप्त कर्जाको क्षेत्रभित्र पारी आवश्यक ऋण उपलब्ध गराइनेछ।

७.१.१३ पुष्प व्यवसायको परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्था तथा पुष्प व्यवसाय प्रवर्द्धनका लागि कृषक समूहको जमानतमा ऋण प्रवाह गरिनेछ।

**उद्देश्यः२ पुष्प खेती तथा व्यवसायमा निजी क्षेत्रको संलग्नता बढाउँदै उत्पादनलाई प्रतिस्पर्धी बनाई आन्तरिक बजार व्यवस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।**

७.२.१ पुष्प तथा पुष्पजन्य व्यवसाय/उद्योगलाई राष्ट्रियस्तरमा प्राथमिकता प्राप्त उद्योगको रूपमा मान्यता दिई सोही अनुरूपका सुविधा प्रदान गरिनेछ।

७.२.२ पुष्पजन्य वस्तु निर्यातमा आवश्यक पर्ने प्याकेजिङ सामग्री लगायत अन्य उपकरणहरू आयात गर्दा कृषि उपकरणहरू सरहको भन्सार महसुल लगाउने नीति अवलम्बन गरिनेछ।

७.२.३ पुष्प उत्पादन तथा पुष्पजन्य व्यवसाय/उद्योगलाई बीमा गराउन प्रोत्साहन गरिनेछ।

७.२.४ पुष्प खेतीको विकास तथा प्रवर्द्धनको लागि उत्पादन एवम् उत्पादन पश्चात् उपभोक्तासम्म पुग्ने मूल्य अभिवृद्धि शृङ्खलाको प्रक्रियामा आवश्यक अध्ययन अनुसन्धानमा प्रामिकताका दिइनेछ।

७.२.५ पुष्प तथा पुष्पजन्य व्यवसाय/उद्योगसँग संलग्न व्यवसायीहरूले पुष्प तथा पुष्पजन्य वस्तुको सहज निर्यात/आयात लगायत बिक्री वितरण गर्न पाउने व्यवस्था मिलाईनेछ।

७.२.६ पुष्पजन्य वस्तुलाई अन्तर्राष्ट्रिय बजार प्रणालीमा प्रवेश गराउनको लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ।

७.२.७ पुष्पजन्य उत्पादनको गुणस्तर कायम राख्न सङ्कलन, प्रशोधन, सञ्चय तथा ढुवानी प्रविधिका साथै बजार मूल्य जस्ता व्यावसायिक सेवा प्रदान गर्ने कार्यमा सरकारी तथा गैर सरकारी क्षेत्रको सहभागितामा व्यावसायिक सेवा केन्द्रको स्थापना तथा विकास गरिनेछ।

७.२.८ अन्तर्राष्ट्रिय बजारमा निर्यात प्रवर्द्धनको लागि विभिन्न उत्पादन स्थल/सङ्कलन केन्द्र/थोक बजारमा नै भन्सार प्रक्रिया पूरा गरी सोझै वातानुकूलित ढुवानी साधनको माध्यमबाट पुष्प तथा पुष्पजन्य वस्तुलाई बस/ट्रेन/अन्तर्राष्ट्रिय विमानस्थलको जेट विमानसम्म पुऱ्याउने व्यवस्था मिलाइनेछ। साथै पुष्प र पुष्पजन्य वस्तुहरूको आयात गर्दा यसको संवेदनशीलतालाई ध्यान दिँदै सरलीकृत भन्सार प्रक्रियाको व्यवस्था गरिनेछ।

७.२.९ पुष्प बीउ बिजन तथा उत्पादित उत्पादनको खरिद बिक्रीलाई व्यवस्थित गर्न देशका प्रमुख स्थानहरूमा अत्याधुनिक प्रविधियुक्त बजार विकास तथा विस्तार गरिनेछ।

७.२.१० नेपालका विभिन्न भागमा पुष्प व्यवसाय विस्तार गर्न कट्फ्लावर (ताजा फूल) पसल खोली व्यवसाय गर्न प्रोत्साहित गरिनेछ।

७.२.११ सम्भाव्य अन्तर्राष्ट्रिय बजारलाई लक्षित गरी अन्तर्राष्ट्रिय बजारमा लोकप्रिय रहेका र नेपालका प्रतिस्पर्धात्मक क्षमता उच्च रहेका पुष्पजन्य उत्पादनलाई प्रवर्द्धन र निकासी गर्न विशेष जोड दिइनेछ।

७.२.१२ युवा, महिला, जनजाती तथा पिछडिएका वर्गहरूलाई पुष्प व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

७.२.१३ नेपालमा पुष्प व्यवसायको सम्भाव्यता र महत्वलाई प्रचार र प्रवर्द्धन गरी विदेशी लगानी आकर्षित गर्न अनुकूल वातावरण सिर्जना गरिनेछ।

७.२.१४ पुष्प व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धनको लागि आवश्यक पर्ने अन्य सेवा/सुविधा तथा कर छुट नेपाल सरकारका अन्य स्वीकृत नीति अनुरूप उपलब्ध गराइनेछ।

**उद्देश्य:३ स्थानीय पुष्प आनुवंशिक स्रोतको संरक्षण र सम्वर्द्धन गर्ने**

७.३.१ नेपालका स्थानीय, रैथाने, फूल फुल्ने तथा नफुल्ने आलङ्कारिक बोटबिरुवा पहिचान गरी तिनको वैज्ञानिक विवरण तयार गरी सूचीकृत गरिनेछ र नियमित रूपमा लगत/अभिलेख अद्यावधिक गरिनेछ। साथै नेपालमा भएको मौलिक तथा रैथाने आलङ्कारिक बोट बिरुवाको पेटेन्ट अधिकार सुरक्षित गरिनेछ।

७.३.२ नेपालको राष्ट्रिय फूल लालीगुराँस लगायत अन्य मौलिक तथा रैथाने फुल फूल्ने वा नफुल्ने आलङ्कारिक बोट बिरुवाहरू मध्ये व्यावसायीकरण गर्न सकिनेलाई व्यावसायीकरण गरिने र प्रचलित कानुनअनुसार प्रतिबन्ध लगाइएका बोट बिरुवाहरूलाई प्रतिबन्धित सूचीमा सूचीकृत गरिनेछ।

७.३.३ जैविक विविधता संरक्षणमा सहयोग पुऱ्याउन पुष्पजन्य वस्तुको स्थानीय संरक्षण (In situ conservation) गर्दै सहभागितात्मक जैविक विविधता संरक्षण क्षेत्र (Participatory biodiversity conservation area) विकास गरिनेछ। साथै (Ex-situ conservation) का लागि राष्ट्रिय आनुवंशिक स्रोत केन्द्र (Gene Bank) मा संरक्षण गरिनेछ।

७.३.४ जैविक विविधतामा आधारित पुष्प बजार तथा पुष्प उद्योग/व्यवसायको विकास गर्न प्रोत्साहित गरिनेछ।

७.३.५ पर्यावरण र पर्यावरणीय सेवा प्रदान गर्ने परागसेचक (Pollinators) र अन्य मित्र जीवहरूको संरक्षण र दिगो परिचालनका लागि वातावरणमैत्री प्राङ्गारिक मल र जैविक तथा प्राङ्गारिक विषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ।

७.३.६ पुष्पजन्य जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोगको लागि अध्ययन, अनुसन्धान एवम् प्रसारको कार्यलाई प्रोत्साहित गरिनेछ।

## ८. संस्थागत व्यवस्था

पुष्प प्रवर्द्धन नीतिलाई कार्यान्वयनको लागि निम्नानुसारको १२ सदस्यीय "पुष्प व्यवसाय विकास समन्वय समिति" गठन गरिनेछ।

| | |
|---|---|
| सचिव, कृषि विकास मन्त्रालय | संयोजक |
| सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| सहसचिव, वन तथा भूसंरक्षण मन्त्रालय | सदस्य |
| सहसचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| सहसचिव, उद्योग मन्त्रालय | सदस्य |
| महानिर्देशक, कृषि विभाग | सदस्य |
| उपसचिव, ऐन नियम परामर्श शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| फ्लोरीकल्चर एशोसिएसन नेपालको अध्यक्ष/निजको प्रतिनिधि | सदस्य |
| कृषि उद्यम केन्द्रका, कार्यकारी निर्देशक | सदस्य |
| पुष्प उत्पादक कृषक वा व्यवसायीका प्रतिनिधि | सदस्य |
| सहसचिव, कृषि व्यवसाय प्रबर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य-सचिव |

## ९. आर्थिक पक्ष

पुष्प व्यवसाय विकास समन्वय समितिले पुष्प व्यवसायको विकास तथा प्रवर्द्धन गर्न आर्थिक स्रोत जुटाउन देहायका कार्य गर्न सक्नेछ,

(क) सम्बन्धित निकायको स्वीकृति लिई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्था एवम् अन्य स्रोतबाट पुष्प विकास तथा अनुसन्धानको लागि रकम प्राप्त गर्ने ।

(ख) विभिन्न पुष्प खेती वा बजार व्यवस्थापनसम्बन्धी सिफारिस वा परामर्श सेवा प्रदान गरे वापत सेवा शुल्क लिन सक्नेछ ।

(ग) नेपाल सरकार तथा अन्य निकायबाट अनुदान/सहयोग प्राप्त गर्ने ।

**१०. कानुनी व्यवस्था**

यस नीतिमा उल्लिखित प्रावधानहरूलाई कार्यान्वयन गर्न प्रचलित कानुनमा परिमार्जन गर्नुपर्ने भएमा आवश्यकता अनुसार परिमार्जन गरिने र थप कानुनी व्यवस्था गर्नु पर्ने भएमा सोको समेत व्यवस्था गरिनेछ । पुष्प व्यवसाय विकास समन्वय समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

**११. अनुगमन र मूल्याङ्कन**

स्थानीय तहदेखि केन्द्रीय तहसम्मको पुष्प क्षेत्रको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा सम्बन्धित सरकारी, सहकारी, निजी र अन्य सरोकारवालाहरूको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक एवम् समन्वयात्मक पद्धतिलाई बढावा दिइनेछ । प्रस्तावित नीतिबाट प्राप्त प्रतिफलको अनुगमन तथा मूल्याङ्कन कृषि विकास मन्त्रालयले गर्नेछ ।

**१२. जोखिम**

पुष्प खेती तथा पुष्पजन्य व्यवसायबाट आर्थिक क्रियाकलाप, गरिबी न्यूनीकरण, खाद्य सुरक्षा र जैविक विविधता संरक्षण र वातावरणमा सामान्यतया सकारात्मक प्रभाव पर्ने भएतापनि नीति कार्यान्वयन गर्दा खास गरी पुष्प उत्पादनमा प्रयोग हुने विभिन्न रासायनिक पदार्थको कारणबाट वातावरण र मानव स्वास्थ्यमा आउने जोखिमलाई सम्बोधन गर्ने उपायहरूको अवलम्बन पुष्प विकास समन्वय समितिले गर्नेछ ।

***द्रष्टब्यः*** *"पुष्पजन्य वस्तु" भन्नाले पुष्प फार्म तथा नर्सरीले प्राकृतिक रूपमा उत्पादन गर्ने बेर्ना, बोट बिरुवा, जरा, गाँनो, कटफ्लावर समेतलाई जनाउँछ ।*

# राष्ट्रिय सहकारी नीति, २०६९

## १. पृष्ठभूमि

सहकारी पद्धतिमा आधारित उद्योग व्यवसायको स्थापना गरी देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु सहकारीको मुख्य उद्देश्य हो । सहकारी सामाजिक अर्थ व्यवस्थाको महत्वपूर्ण कडी पनि हो । गरिबी निवारण, उत्पादक पूर्ण रोजगारीको सिर्जना, सामाजिक एकीकरण र वातावरण संरक्षणमा सहकारी उद्योग व्यवसायको योगदान महत्वपूर्ण हुने आधारमा संयुक्त राष्ट्र सङ्घले सदस्य राष्ट्रहरूलाई सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न उत्प्रेरित समेत गरेबाट यस क्षेत्रको महत्व प्रस्ट हुन आएको छ । संयुक्त राष्ट्र सङ्घको महासभाले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष घोषणा गरी देशको सामाजिक तथा आर्थिक विकासमा सहकारी उद्योग व्यवसायको अपरिहार्यताको सन्देश दिएको छ । अन्तर्राष्ट्रिय सहकारी वर्षको अवसरमा सहकारी क्षेत्रको सन्तुलित विकासका लागि पहिलो पटक जारी गरिएको यो राष्ट्रिय सहकारी नीति, २०६९ ले ऐतिहासिक महत्व समेत राखेको छ ।

## २. विगतका प्रयासहरू

नेपालमा वि.सं. २०१० सालमा सहकारी विभागको स्थापना भएपछि सहकारी क्षेत्रको विकास आरम्भ भएको हो । वि.सं. २०१३ साल चैत्र २० गते पहिलो सहकारीको रूपमा चितवन जिल्लामा बखान ऋण सहकारी समितिको गठन गरिएको थियो । नेपालमा वि.सं. २०१६ सालमा पहिलो पटक सहकारी ऐन जारी भएको हो । वि.सं. २०४६ साल अगाडिसम्म अनुकूल राजनीतिक वातावरणको अभावले सहकारी क्षेत्रको अपेक्षित विकास हुन सकेको थिएन । प्रजातन्त्रको पुनर्स्थापनापछि सहकारीका अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएका मूल्य र सिद्धान्तहरूको पृष्ठभूमिमा सहकारी ऐन, २०४८ जारी भयो र स्वःस्फूर्त रूपमा देशभरी सहकारी सङ्घ, संस्थाहरूको विकास तथा विस्तार हुने वातावरण बन्यो । नेपालको अन्तरिम संविधान, २०६३ मा देशको समग्र आर्थिक विकासको लागि सरकार, सहकारी र निजी क्षेत्रलाई संयुक्त रूपमा परिचालन गर्ने संवैधानिक व्यवस्था समेत भएको छ । सहकारी सङ्घ संस्थाहरूको गठन, सञ्चालन र नियमनका लागि सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ प्रचलनमा रहेका छन् । यसैगरी सहकारी क्षेत्रको विकासमा सघाउ पुऱ्याउन नीतिगत पृष्ठपोषण, अध्ययन तथा अनुसन्धान, प्रवर्द्धन र समन्वयको भूमिका निर्वाह गर्ने गरी राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ अनुसार राष्ट्रिय सहकारी विकास बोर्डको गठन पनि गरिएको छ । यसका अतिरिक्त राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ ले पनि कृषि क्षेत्रको विकासका लागि सहकारी पद्धतिको प्रयोग र विकासलाई जोड दिएको छ। यी सबै प्रयासहरूको बाबजुद पनि सहकारीमार्फत समग्र आर्थिक क्षेत्रको विकासको लागि दिशा निर्दिष्ट गर्ने राष्ट्रिय सहकारी नीतिको तर्जुमा हुन भने सकेको थिएन ।

## ३. वर्तमान स्थिति

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ (२) मा "सरकार, सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्ने छ" भन्ने प्रावधान रहेको छ। हालसम्म मुलुकमा करिब २७ हजार प्रारम्भिक सहकारी संस्थाहरू, ६६ वटा जिल्ला सहकारी सङ्घहरू, १५७ वटा विषयगत जिल्ला सहकारी सङ्घहरू, १६ वटा विषयगत केन्द्रीय सङ्घहरू, २९ वटा शाखाहरू सहित एक राष्ट्रिय सहकारी बैंक र सबैभन्दा माथिल्लो सङ्घको रूपमा राष्ट्रिय सहकारी सङ्घको स्थापना भइसकेको छ। सहकारीमा ३८ लाख भन्दा बढी नेपाली नागरिकहरू सदस्यको रूपमा जोडिएका छन्। सहकारीका सदस्यहरूमा महिलाको सहभागिता ४० प्रतिशत भन्दा पनि बढिरहनुले महिला सशक्तिकरणमा सहकारीले योगदान पुऱ्याएको सहजै अनुमान गर्न सकिन्छ । महिलाहरू मात्र सदस्य रही सञ्चालन भएका सहकारी संस्थाहरूको सङ्ख्या २५ सय भन्दा बढी पुगेको छ । सहकारीहरूको कुल शेयर पुँजी रू.२७ अर्ब, वचत निक्षेप रू.१४० अर्ब र लगानी रू.१३४ अर्ब

पुगेको छ । देशको कुल वित्तीय कारोवारमा सहकारीले १५ प्रतिशतको हिस्सा ओगटेको छ । सहकारी सङ्घ, संस्थाहरूमा ५० हजार भन्दा बढी नेपाली नागरिकहरूले प्रत्यक्ष र करिब ५ लाखभन्दा बढीले अप्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । राज्य र निजी क्षेत्रको पहुँच नपुगेका ठाउँ तथा समुदायमा समेत सहकारीबाट स्थानीय बासिन्दाहरू लाभान्वित बन्न सकेको पाइएको छ । सहरी क्षेत्रमा बाहुल्यता रहेको भएतापनि देशको ७५ वटै जिल्लामा सहकारी संस्थाहरूको विस्तार भएको छ । सहकारी सङ्घ, संस्थाहरूको दर्ता, अनुगमन, नियमन र प्रवर्द्धनका लागि सहकारी विभाग अन्तर्गत ३८ वटा डिभिजन सहकारी कार्यालयहरूको स्थापना गरिएको छ । सहकारीका पदाधिकारी एवम् कर्मचारीहरूलाई सहकारी सम्बन्धी प्रशिक्षण दिन केन्द्रीयस्तरको एउटा सहकारी प्रशिक्षण केन्द्र र पाँच विकास क्षेत्रमा एक-एक वटा प्रशिक्षण केन्द्रहरू डिभिजन सहकारी कार्यालय समेतको काम गर्ने गरी क्रियाशील रहेका छन् । सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न नेपाल सरकारले २०६९ साल जेष्ठ ५ गते सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना समेत गरेको छ । सहकारी सङ्घ, संस्थाहरूको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन सहकारी विभागबाट मापदण्ड जारी गरी सोको आधारमा सीमित रूपमा भए पनि अनुगमन तथा नियमन गर्ने गरिएको छ। सहकारीमार्फत वचत परिचालन तथा लगानी अभिवृद्धि गर्दै सहकारीलाई मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको महत्वपूर्ण माध्यम बनाउने एवम् गरिबी निवारण, रोजगारी सिर्जना तथा ग्रामीण विकासमा सहकारीलाई प्राथमिकताका साथ अघि बढाउने लक्ष्य सहित सहकारी सम्बन्धी विविध कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

## ४. समस्या तथा चुनौतीहरू

सहकारी क्षेत्रको विकासका लागि विगतमा धेरै प्रयासहरू गरिएको भएतापनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । राष्ट्रिय सहकारी नीतिको तर्जुमा हुन नसक्दा सहकारी क्षेत्रको बहुआयामिक विकासका लागि स्पष्ट मार्गचित्रको अभाव रहेको थियो । प्रचलित सहकारी ऐनमा समय सापेक्ष परिमार्जन हुन नसकेकोले सहकारी सङ्घ, संस्थाहरूको दर्ता, सञ्चालन, अनुगमन र नियमनसम्बन्धी कार्यहरूमा प्रभावकारिता ल्याउन सकिएको छैन । स्वःनियमनको अभ्यासका लागि हालका व्यवस्थाहरू प्रभावकारी नभएकोले सहकारीमा सुशासन सुनिश्चित गर्न सकिएको छैन । वित्तीय कारोवार गर्ने सहकारी सङ्घ, संस्थाहरू र सहकारी बैंकका लागि स्पष्ट कानुनी व्यवस्था हुन नसक्दा सहकारीमार्फत हुने वित्तीय कारोवारलाई व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउन कठिनाइ भएको छ । मुलुकमा सहकारीको प्रवर्द्धनका लागि आवश्यक पर्ने औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी सूचना प्रणालीको उपयुक्त विकास हुन बाँकी नै छ । सहकारी क्षेत्रलाई दिइने अनुदान, ऋण र कर छुटका सुविधाहरूका विषयमा नीतिगत स्पष्टताको खाँचो छ । उत्पादनशील क्षेत्रहरूमा सहकारीको योगदान बढाउन नसक्दा स्वरोजगारमूलक वातावरण सिर्जना हुन नसकी श्रमशक्ति तथा प्रतिभाहरू पलायन हुने क्रम न्यून गर्न सकिएको छैन । क्षेत्रगत नीति र कार्यक्रमहरूको अभावमा तुलनात्मक लाभका उद्योग व्यवसायहरूमा सहकारी पद्धतिको उपयोग हुन सकेको छैन । सहकारी क्षेत्रको विकास र विस्तारका लागि प्रशासनिक जिम्मेवारी बोकेको सहकारी विभागको संस्थागत सुदृढीकरण हुन सकेको छैन । हाल पनि ३७ जिल्लाहरूमा सहकारी कार्यालयहरूको स्थापना नभएकोले त्यस भेगका जनताहरूलाई सहकारीसम्बन्धी राज्य प्रदत्त सेवा प्राप्त गर्न कठिनाइ भइरहेको छ । सहकारीका विभिन्न तहका सङ्घहरूले सहकारी क्षेत्रको विकास, व्यवस्थापन र व्यवसायलाई प्रवर्द्धन गर्ने काममा प्रभावकारी भूमिका निर्वाह गर्न नसकिरहेको अवस्था छ ।

## ५. सहकारी नीतिको आवश्यकता

नेपालको अन्तरिम संविधान, २०६३ ले आर्थिक विकासको नीति अवलम्बन गर्ने सन्दर्भमा सहकारी क्षेत्रको भूमिकालाई अत्यन्तै महत्व दिएको छ । सहकारी क्षेत्रलाई राष्ट्रिय विकासका तीन आधार स्तम्भ मध्ये एकको रूपमा राज्यद्वारा स्वीकार गरिएको छ । मुलुकमा सहकारीको विकास, विस्तार र प्रवर्द्धनका लागि प्रारम्भिक तहदेखि राष्ट्रिय तहसम्मको सङ्गठनात्मक संरचनाको निर्माण भइसकेको छ । कृषि, वित्त, स्वास्थ्य, शिक्षा, यातायात, सञ्चार, विद्युत, आवास, पर्यटन, बिमा जस्ता क्षेत्रहरूमा सहकारी पद्धतिबाट उद्योग व्यवसाय गर्ने

आकर्षण बढ्दै गएको छ। ग्रामीण क्षेत्रका लक्षित समुदायका अनौपचारिक समूहहरू सहकारी प्रति आकर्षित हुनु सहकारी क्षेत्रको उपलब्धिको रूपमा लिन सकिन्छ। सहकारी मार्फत देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको सहयोग परिचालन हुने यथेष्ट सम्भावना पनि छ। सामाजिक एकीकरण, गरिबी न्यूनीकरण, उत्पादनशील रोजगारीको सिर्जना, मर्यादित एवम् सकारात्मक श्रम सम्बन्ध, वातावरण संरक्षण, समतामूलक समावेशी समाजको निर्माण, उद्यमशीलताको विकास, स्वच्छ र प्रतिस्पर्धी व्यावसायिक वातावरणको सिर्जना, उत्पादनमा वृद्धि जस्ता उपलब्धि हासिल गरी देशको सामाजिक तथा आर्थिक विकासमा सहकारी क्षेत्रबाट योगदान पुऱ्याउन उद्योग व्यवसायमा सहकारीको व्यवहारिक प्रयोगका लागि राष्ट्रिय सहकारी नीतिको अपरिहार्यता महसुस गरिएको छ। यसै पृष्ठभूमिमा नेपालको सहकारी क्षेत्रको विकासको लागि यो राष्ट्रिय सहकारी नीति, २०६९ तर्जुमा गरिएको हो।

## ६. दुर दृष्टि (Vision)

मुलुकको दिगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रूपान्तरणका लागि सबल र सक्षम सहकारी प्रणाली।

## ७. दीर्घकालीन लक्ष्य (Long-term Goal)

स्थानीय श्रम, सीप र पुँजीलाई अधिकतम रूपमा परिचालन गर्ने गरी सहकारीलाई अर्थतन्त्रको एक सबल स्तम्भको रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको राष्ट्रिय लक्ष्यमा योगदान पुऱ्याउने।

## ८. उद्देश्यहरू (Objectives)

८.१ शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

८.२ कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउने।

८.३ महिला, गरिब, सीमान्तकृत, अपाङ्ग, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरूका साथै आम नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गर्ने।

८.४ सहकारी प्रवर्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रभावकारी, प्रतिस्पर्धी एवम् गुणस्तरीय बनाउने।

८.५ सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरूको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत सहकारी क्षेत्रमा सुशासन कायम गर्ने।

८.६ सहकारी उद्योग व्यवसायहरूको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, निजी क्षेत्र तथा विकास साझेदारहरू बीच सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्ने।

८.७ सहकारीको विकास, विस्तार र प्रवर्द्धनका लागि दीर्घकालीन योजना, मानव संसाधन विकास, आवश्यक सङ्गठन संरचनाहरूको निर्माण एवम् कानुनी व्यवस्थाहरू गर्ने।

## ९. नीतिहरू (Policies)

**९.१ शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने सम्बन्धमा देहायका नीतिहरू अवलम्बन गरिनेछ:**

९.१.१. सहकारीको मूल्य र सिद्धान्तहरूलाई अनुसरण गर्न गराउन सबै सहकारी सङ्घ, संस्थाहरूलाई अभिप्रेरित गरिनेछ।

९.१.२. सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन सम्बन्धित सरकारी निकाय तथा सहकारी सङ्घ, संस्थाहरूलाई प्रभावकारी ढङ्गले परिचालन गरिनेछ।

९.१.३. सदस्यहरूको चेतना अभिवृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिँदै लगिनेछ।

९.१.४ सहकारी सम्बन्धी तालिम दिने र सूचना सम्प्रेषण गर्ने काममा सहकारीका सङ्घ, संस्थाहरूको अग्रसरता र सहभागितालाई प्रोत्साहित गरिनेछ।

९.१.५ आम नागरिकहरूलाई सहकारी सम्बन्धी जनचेतना अभिवृद्धिका लागि सरकार, स्थानीय निकाय, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, सञ्चार जगतका साथै सम्बद्ध सामाजिक सङ्घ, संस्थाहरू परिचालन गरिनेछ ।

**९.२ कृषि क्षेत्रलगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउन देहायका नीतिहरू अवलम्बन गरिनेछ :**

९.२.१. सहकारी पद्धतिबाट उद्योग व्यवसाय स्थापना र सञ्चालन गर्न कुनै अवरोध नहुने गरी सम्बन्धित विषयहरूको क्षेत्रगत नीति तथा कानुनहरूमा परिमार्जन गरिनेछ ।

९.२.२ श्रमिकहरूको स्वामित्व रहने सहकारी उद्योग व्यवसाय मार्फत रोजगारीको सिर्जना गर्न नीतिगत व्यवस्थाका साथै उपयुक्त कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

९.२.३ सहकारी उद्योग व्यवसायलाई स्वच्छ र वातावरणमैत्री बनाउन आवश्यक प्रविधिको उपयोगमा प्रोत्साहित गरिनेछ ।

९.२.४ कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी सङ्घ, संस्थाहरूको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।

९.२.५ सार्वजनिक क्षेत्रका कलकारखाना, कृषि फर्म तथा बजार केन्द्रहरूको व्यवस्थापनमा सहकारी सङ्घ, संस्थाहरूको संलग्नता र सहभागितालाई प्राथमिकता दिइनेछ ।

९.२.६ कृषि, शिक्षा, स्वास्थ्य, उर्जा, बिमा, पर्यटन, सञ्चार जस्ता उत्पादन तथा सेवाका उद्योग व्यवसायमा सहकारी सङ्घ, संस्थाको लगानी र व्यवस्थापनलाई उत्प्रेरित गरिनेछ ।

९.२.७ स्थानीय पुँजी, श्रम, सीप र साधनको परिचालन गरी ग्रामीण अर्थतन्त्रको विकास गर्न सहकारीमा आधारित कृषिसँग सम्बन्धित उद्योग व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

**९.३ महिला, गरिब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरूका साथै आम नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गर्न देहायका नीतिहरू अवलम्बन गरिनेछ:**

९.३.१ लैङ्गिक दृष्टिकोणले पछि परेका सहकारीमा आवद्ध महिलाहरूलाई एकल तथा सामूहिक रूपमा उद्योग व्यवसाय सञ्चालन गर्ने क्षमता विकासका लागि आवश्यक पर्ने व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गर्न सहयोग उपलब्ध गराइनेछ ।

९.३.२ विपन्न परिवारलाई सहकारी संस्थाहरूमा आबद्ध गराई सामूहिक उद्योग व्यवसायहरू सञ्चालन गरी उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा योगदान पुऱ्याउने गरी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९.३.३ लक्षित समूहद्वारा सञ्चालन गरिने उद्योग व्यवसायहरूका लागि बीउ पुँजीको व्यवस्थापन एवम् व्यावसायिक क्षमता अभिवृद्धि गर्न सहुलियतपूर्ण ऋण तथा पुँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

९.३.४ सहकारी सङ्घ, संस्थाहरूको नेतृत्वमा लैङ्गिक समानता र समावेशीको अवधारणा विकास गर्न सकारात्मक विभेदका विशेष व्यवस्थाहरूका साथै नेतृत्व क्षमता विकासका लागि सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९.३.५ विकास साझेदारहरूको सहकार्यमा लक्षित समुदाय र क्षेत्रमा सहकारी सङ्घ, संस्थाहरूको स्थापना र सञ्चालनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९.३.६ अनौपचारिक समूहहरूलाई सहकारीमा रूपान्तरण गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरू सहित संस्था दर्ताको प्रक्रियालाई सहकारीका कार्यालयहरूबाट सहजीकरण गरिनेछ ।

९.३.७ समुदायका सदस्यहरूलाई सहकारीको माध्यमबाट एकजुट भई उद्योग व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९.३.८ गरिब घरपरिवार पहिचान सहित त्यस्ता व्यक्तिहरूलाई सहकारीमा संगठित गरी वचत परिचालन, बिना धितो कर्जा, जोखिम व्यवस्थापन, सीपमूलक तालिम, कृषि उत्पादन तथा लघु उद्यम स्थापनामा सहयोग उपलब्ध गराइनेछ ।

**९.४ सहकारी प्रवर्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रतिस्पर्धी, प्रभावकारी एवम् गुणस्तरीय बनाउन देहायका नीतिहरू अवलम्बन गरिनेछ :**

९.४.१ सहकारी उद्योग व्यवसायलाई प्रतिस्पर्धी बनाउन सहकारीप्रति रहेका सबै प्रकारका विभेदकारी व्यवस्थाहरूको अन्त्य गरिनेछ ।

९.४.२ आर्थिक विकासका सम्भावित क्षेत्रहरूमा सहकारी उद्योग व्यवसायको विस्तार एवम् विविधीकरणलाई प्रोत्साहन गरिनेछ ।

९.४.३ सहकारी क्षेत्रलाई सक्षम बनाउन वित्तीय सहयोग उपलब्ध गराउनुका साथै आवश्यक पूर्वाधारको पहुँच अभिवृद्धि गरिनेछ ।

९.४.४ सहकारी उद्योग व्यवसायलाई नाफामूलक नभइ सदस्य र समुदायको सेवाप्रति केन्द्रित बनाउन र सहकारीको व्यवस्थापनलाई सिद्धान्तनिष्ठ बनाउन उपयुक्त कर प्रणालीको विकास गरिनेछ ।

९.४.५ रोजगारी सिर्जना, उत्पादनमा वृद्धि, स्थानीय सम्भाव्यताको उपयोग, सेवा प्रवाहमा गुणस्तरीयता एवम् उत्पादनको मूल्य अभिवृद्धिमा योगदान पुऱ्याउने सहकारी उद्योगहरूको स्थापना र क्षमता अभिवृद्धिको कार्यमा सहयोगका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९.४.६ सहकारी उद्योग व्यवसायहरूको समग्र व्यवस्थापनलाई प्रभावकारी बनाउन सूचना प्रविधिको उपयोगमा विशेष जोड दिइनेछ ।

९.४.७ सहकारी क्षेत्रमा अनुसन्धान तथा विकासको कार्यलाई प्रोत्साहित गर्दै यस क्षेत्रमा नवीन प्रयोग तथा सम्भावनाका नयाँ क्षेत्रहरूको पहिचान गरिनेछ ।

**९.५ सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरूको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत सहकारी क्षेत्रमा सुशासन कायम गर्ने सम्बन्धमा देहायका नीतिहरू अङ्गीकार गरिनेछ :**

९.५.१ सहकारीका पदाधिकारी, व्यवस्थापक र कर्मचारीहरूको गुणस्तर र क्षमता अभिवृद्धिमा विशेष जोड दिइनेछ।

९.५.२ सहकारीको व्यवस्थापनलाई विधि र प्रक्रियामा आधारित बनाई सहभागिता, पारदर्शिता र जवाफदेहितालाई व्यवहारमा सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।

९.५.३ सहकारीका पदाधिकारी, व्यवस्थापक र कर्मचारीहरूलाई सहकारी सञ्चालनका मापदण्डहरू र आचार संहिताको पालनामा जिम्मेवार बनाइनेछ ।

९.५.४ सहकारी सङ्घ, संस्थाहरूको आन्तरिक नियन्त्रण पद्धति र लेखापरीक्षणलाई थप व्यवस्थित गरी स्व-नियमनको अभ्यासलाई प्रभावकारी बनाइनेछ ।

९.५.५ निश्चित सीमाभन्दा बढीको कारोवार गर्ने सहकारीको व्यवस्थापनमा सञ्चालक समिति र व्यवस्थापन बीचको कार्य विभाजन र सम्बन्धलाई परिभाषित गरी संस्थागत संस्कृति (Corporate Culture) को विकास गरिनेछ ।

९.५.६ प्रभावकारी सूचना सम्प्रेषणको विधि अवलम्बन गरी गराई सहकारीका सदस्यहरूमा सूचना तथा जनचेतना प्रवाह गरी सहकारीमा सुशासनको प्रवर्द्धन गरिनेछ ।

९.५.७ सहकारीमार्फत हुने वित्तीय कारोवारलाई सुरक्षित र भरपर्दो बनाउन सबै सहकारीको नियमित अनुगमन र सो को आधारमा नियमन हुने प्रभावकारी व्यवस्था गरिनेछ ।

९.५.८ व्यवस्थापनमा सहकारी पद्धति विपरीतका कार्यहरू र सहकारीको स्रोत साधनको दुरूपयोग गर्ने प्रवृत्ति अन्त्य गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

९.५.९ सहकारीको सङ्घीय संरचनालाई व्यावसायिक र सदस्य सङ्घ, संस्थाहरूप्रति बढी जिम्मेवार बनाउन प्रभावकारी कानुनी व्यवस्था गरिनेछ ।

९.५.१० सहकारीहरू बीच स्वस्थ प्रतिस्पर्धाको विकास गर्न संस्थाहरूलाई विषयगत सङ्घहरूमा आबद्ध गराई सहकारीहरू बीचको सहकार्यको संस्कृतिलाई प्रवर्द्धन गरिनेछ ।

९.५.११ सहकारीको मूल्य र सिद्धान्तहरूको प्रवर्द्धन गर्न तथा सहकारी सङ्घ, संस्थाहरूको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउन गैर नाफामूलक सहकारी संस्थाहरूको गठनलाई प्रोत्साहन गरिनेछ ।

**९.६ सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, निजी क्षेत्र तथा विकास साझेदारहरू बीच सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्ने सम्बन्धमा देहायका नीतिहरू अवलम्बन गरिनेछ :**

९.६.१ सरकार, निजी क्षेत्र र सहकारी बीचको सहकार्य र साझेदारीमा उत्पादन तथा सेवामूलक उद्योग व्यवसायहरूको स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

९.६.२ सहकारी उद्योग व्यवसायको विकास, विस्तार र प्रवर्द्धनमा स्थानीय निकाय तथा विकास साझेदार हरूको सहभागितालाई प्रोत्साहित गरिनेछ ।

९.६.३ देशको आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान अभिवृद्धि गर्न उत्पादनका अन्य क्षेत्रहरूसँग अग्र तथा पृष्ठ सम्बन्ध कायम हुने विशेष व्यवस्थाहरू गरिनेछ ।

९.६.४ राष्ट्रिय अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदानलाई गणना गरी प्रकाशन गर्ने गरी जिम्मेवार निकायहरूलाई परिचालन गरिनेछ ।

९.६.५ सहकारीको विकास, विस्तार र प्रवर्द्धनमा सम्बन्धित सरकारी, गैरसरकारी तथा सहयोगी निकायहरूको सहयोगलाई समन्वयात्मक ढङ्गले परिचालन गर्ने पद्धतिको विकास गरिनेछ ।

९.६.६ जनशक्ति विकास, अध्ययन अनुसन्धान तथा अनुसरण, लक्षित समुदाय र क्षेत्रमा सहकारी उद्योग व्यवसायको विकास सम्बन्धी एकीकृत कार्यक्रम एवम् सहकारी उद्योग व्यवसायलाई टेवा पुग्ने पूर्वाधार विकासका लागि द्विपक्षीय तथा बहुपक्षीय वैदेशिक सहयोग परिचालन गरी सहकारी क्षेत्रको सन्तुलित र अपेक्षित विकास गरिनेछ ।

९.६.७ सहकारी क्षेत्रको विकासका लागि न्यून हुने पुँजी परिपूर्ति गर्न सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोगका लागि वैदेशिक एवम् आन्तरिक स्रोत परिचालनका अवसरको उपयोग गरिनेछ ।

९.६.८ राष्ट्रिय सहकारी अभियानलाई विश्व सहकारी अभियानसँग जोडी राम्रा अभ्यासहरूको अनुसरण एवम् आपसी सहयोगहरू प्रवर्द्धन गर्न मित्र राष्ट्रहरूसँग द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा सम्बन्ध र सहकार्यको लागि रचनात्मक प्रयासहरू गरिनेछ । सहकारीको विश्व अभियानसँग नेपालको सम्बन्ध विस्तार र विकसित गर्दै लगिनेछ ।

**९.७ सहकारीको विकास, विस्तार र प्रवर्द्धनको लागि दीर्घकालीन योजना, मानव संसाधन विकास, आवश्यक सङ्गठन संरचनाहरूको निर्माण एवम् कानुनी व्यवस्थाहरू गर्ने सम्बन्धमा देहायका नीतिहरू अबलम्वन गरिनेछः**

९.७.१ सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

९.७.२ विद्यालय तथा उच्च शिक्षाको पाठ्यक्रममा सहकारी शिक्षालाई उचित स्थान दिनुका साथै सहकारी प्रशिक्षण केन्द्रहरूको क्षमता, गुणस्तर र पहुँच अभिवृद्धि गरिनेछ ।

९.७.३ सहकारी विभाग तथा अन्तर्गतका कार्यालयहरूको सङ्गठन संरचनामा पुनरावलोकन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

९.७.४ सहकारी सङ्घहरूलाई सहकारी अभियानको अगुवाई गर्ने र व्यवसायलाई सुदृढ गर्ने उद्देश्यतर्फ केन्द्रित हुनेगरी सहकारी क्षेत्रको स्वायत्तता र स्वतन्त्रताको अभ्यासलाई सुदृढ गरिनेछ ।

९.७.५ सेवा र उत्पादनको प्रकृतिको आधारमा विषयगत सङ्घ, संस्थाहरूको गठन र सञ्चालनलाई प्रोत्साहन हुनेगरी सङ्घ, संस्था दर्ता सम्बन्धी प्रावधानहरू स्पष्ट गरिनेछ ।

## १०. रणनीति तथा कार्यर्ननीतिहरू (Strategies & Working Policies):

**१०.१ शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने नीतिहरू कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ :**

१०.१.१ सहकारीको अभ्यासलाई परिस्कृत गर्दै लैजान सहकारीका सदस्यहरूलाई सहकारी शिक्षा र पदाधिकारीहरूलाई सहकारी व्यवस्थापन सम्बन्धी तालिम लिने दिने व्यवस्थालाई अनिवार्य गर्दै लगिनेछ ।

१०.१.२ सहकारी शिक्षालाई माध्यमिक तथा उच्च माध्यमिक र उच्च शिक्षाको पाठ्यक्रममा समावेश गराई सहकारीको लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार हुन सक्ने अनुकूल वातावरण सिर्जना गरिनेछ।

१०.१.३ व्यावसायिक शिक्षामा सहकारी शिक्षा तथा सार्वजनिक क्षेत्रका तालिम प्रशिक्षणहरूमा सहकारी व्यवस्थापनको विषय समावेश गरिनेछ ।

१०.१.४ सरकारी निकायका विभिन्न तहका परीक्षाहरूको पाठ्यक्रममा सहकारी विषय समावेश गरिनेछ ।

१०.१.५ राष्ट्रिय सहकारी अध्ययन अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको गठन गरी सहकारी सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षणको कार्यलाई प्रभावकारी बनाइनेछ । यसै प्रतिष्ठान अन्तर्गत रहने गरी हाल सञ्चालनमा रहेका सबै सहकारी प्रशिक्षण केन्द्रहरूलाई स्वायत्त निकायको रूपमा विकास गरी सहकारी कलेजको आवश्यकतासमेत परिपूर्ति गरिनेछ ।

१०.१.६ विभिन्न तहमा सहकारी सूचना केन्द्रहरूको स्थापना गरी सहकारीसम्बन्धी सूचना सम्प्रेषणलाई प्रभावकारी बनाइनेछ ।

१०.१.७ सहकारी क्षेत्रको प्रवर्द्धनका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरूको आयोजना गरी सहकारीको महत्व र उपयोगिताका बारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।

१०.१.८ सहकारी सम्बन्धी जनचेतना बढाउन सञ्चार माध्यमहरूको प्रभावकारी उपयोग र सहकार्यमा विशेष जोड दिइनेछ ।

१०.१.९ शिक्षण संस्थामा सहकारी सम्बन्धी रचनात्मक क्रियाकलापहरू सञ्चालन गरी विद्यार्थी जीवनमा नै सहकारी पद्धतिको अभ्यास गर्न उत्प्रेरित गरिनेछ ।

१०.१.१० सहकारीको अनौपचारिक शिक्षा प्रवर्द्धन गर्न प्रवर्द्धनात्मक सामग्रीहरूको प्रकाशन र प्रभावकारी प्रसारणको व्यवस्था मिलाइनेछ ।

**१०.२ कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउने नीतिहरूलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ :**

१०.२.१ सहकारी पद्धति अनुरूप समुदायमा आधारित र सदस्य केन्द्रित भई अनुसूची-१ लगायत प्रचलित औद्योगिक ऐन, नियमावली एवम् नीति बमोजिमका उद्योग व्यवसायहरू स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१०.२.२ सहकारीलाई अर्थतन्त्रको एउटा सबल स्तम्भको रूपमा स्थापित गर्न उत्पादन तथा सेवामूलक सहकारीहरूलाई उपयुक्त वित्तीय तथा गैर वित्तीय सुविधा उपलब्ध गराइनेछ ।

१०.२.३ कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान बढाउन निजी क्षेत्र र सहकारी बीच अग्र, पृष्ठ र अन्तर सम्बन्धको विकास गरिनेछ । यसका लागि साझेदारी उद्योग व्यवसायको प्रारूप तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०.२.४ संस्थाहरूलाई विषय, भौगोलिक अवस्था, जनसहभागिता, सुशासन र कारोवारको आधारमा वर्गीकरण गरी सोही आधारमा नियमन तथा सहयोग गर्ने विधी र कार्यक्रम तर्जुमा गरिनेछ ।

१०.२.५ राष्ट्रिय योजना आयोग, कृषि, स्वास्थ्य, उद्योग, शिक्षा, पर्यटन, उर्जा, सिँचाइ, स्थानीय विकास, सहरी विकास, युवा, श्रम तथा रोजगार जस्ता केन्द्रीय र सो अन्तर्गतका निकायहरूमा सहकारी प्रवर्द्धनका लागि जिम्मेवार महाशाखा/शाखा वा सम्पर्क विन्दु (Focal Point) को व्यवस्था गरी विषयगत रूपमा सहकारीको विकास, विस्तार र प्रवर्द्धनमा सम्बन्धित निकायहरूलाई जिम्मेवार बनाइनेछ ।

१०.२.६ कृषिमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामग्री आपूर्तिको लागि कृषकहरूको सहभागितामा स्थापना गरिएको सहकारी उद्योग व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०.२.७ कृषि सामग्रीहरूको उत्पादन, आयात तथा निर्यात र वितरणका कार्यहरूमा सहकारीका सङ्घ, संस्थाहरूलाई प्राथमिकता दिई आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

१०.२.८ भूमिहीन तथा साना किसानहरूलाई सहकारी खेती गर्न उपयोगमा नआएका सार्वजनिक जग्गा लिजमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०.२.९ जग्गा चक्लाबन्दी गरी सहकारी पद्धतिबाट सामूहिक खेती गर्ने वा सहकारीमा आवद्ध भई "एक गाउँ एक उत्पादन" को लक्ष्य अनुसार एकै प्रकृतिको उत्पादनको अभियानमा लागेका कृषकहरूको सहकारीहरूलाई विशेष सुविधाहरू उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०.२.१० कृषि क्षेत्रको उत्पादकत्व बढाउन उन्नत प्रविधिको प्रयोग गर्ने तथा प्राङ्गारिक खेतीलाई प्रोत्साहित गर्न कृषकहरू सहभागी सहकारीलाई विशेष सुविधाहरू उपलब्ध गराइनेछ ।

१०.२.११ आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय विषयसँग सम्बन्धित नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनमा सहकारीसँग सम्बन्धित केन्द्रीय वा स्थानीय सरकारी निकाय र सहकारी सङ्घहरूको परामर्श लिइने व्यवस्था मिलाइनेछ ।

१०.२.१२ सम्बन्धित विषयका सहकारी सङ्घ, संस्थाहरूको सहभागिता अभिवृद्धि गर्न र परामर्श लिन राज्यले गठन गर्ने विभिन्न समिति तथा उपसमितिमा सहकारी सङ्घ, संस्थाहरूको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

१०.२.१३ स्वरोजगार मूलक विशेष कार्यक्रमहरू अन्तर्गत उपलब्ध गराइने सहुलियतपूर्ण कर्जा तथा अनुदान सहयोग कार्यक्रमहरूमा कृषि तथा ग्रामीण क्षेत्रका उत्पादन, वितरण तथा सेवामूलक सहकारीलाई प्राथमिकता दिइनेछ ।

१०.२.१४ सहकारी मार्फत कृषकहरूलाई सहुलियतपूर्ण ऋण सुविधाहरू उपलब्ध गराउन विभिन्न स्रोतहरूको उपयोग गरिनेछ । सहकारीमार्फत् परिचालन गरिने यस प्रकारको सुविधाका लागि निर्दिष्ट कार्यविधि बनाई स्रोतको सदुपयोग सुनिश्चित गरिनेछ ।

१०.२.१५ सहकारी सङ्घ, संस्थाहरूको उत्पादनलाई बजारीकरण गर्न सघाउ पुऱ्याउन विभिन्न स्थानहरूमा सरकार र सहकारी बीचको सहकार्यमा सहकारी बजार केन्द्रहरूको विकास गरिनेछ ।

**१०.३ महिला, गरिब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरूका साथै आम नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गर्ने सम्बन्धमा अङ्गीकार गरिने नीतिहरूलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ :**

१०.३.१ सहकारीमा आवद्ध विपन्न महिला, सीमान्तकृत, गरिब समुदाय, अपाङ्ग, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकहरूलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने व्यावसायिक तथा सीपमूलक तालिमहरू प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१०.३.२ महिला उद्यमशीलता र नेतृत्वको विकास गर्न महिलाहरूले सञ्चालन गरेका सहकारीहरू बीच सहकार्यका लागि सामूहिक लगानीका उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । सहकारी मार्फत महिलाहरूद्वारा स्थापना गरिने साना तथा घरेलु उद्योगहरूलाई पुँजीगत अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०.३.३ सीमान्तकृत एवम् न्यून आय भएका वर्गलाई सहकारीमा आवद्ध गराई उपलब्ध सीप, पुँजी तथा श्रमलाई अधिकाधिक परिचालन गरी जीविकामुखी/निर्वाहमुखी क्रियाकलापबाट व्यावसायिकता तर्फ उन्मुख तुल्याउने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.३.४ ग्रामीण क्षेत्रका कृषि सहकारीहरूलाई विषयगत आवश्यकताको आधारमा निर्दिष्ट कार्यविधि बमोजिम सहुलियत ब्याजदरमा ऋण सुविधा, कर्जाको ब्याजमा अनुदान, बाली तथा पशु बीमा गर्दा लाग्ने प्रिमियम रकममा अनुदान तथा मेसिन औजारको खरिद लगायतको पुँजीगत खर्चमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१०.३.५ पिछडिएका वर्ग, भूमिहीन लगायत स्रोत र साधन विहिन र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई आय आर्जनको क्रियाकलापमा संलग्न गराउन सहकारीमा आवद्ध गराई पुँजी माथिको पहुँचका लागि सहुलियतपूर्ण ऋण तथा पुँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ।

१०.३.६ परम्परागत पेसालाई व्यावसायिक बनाउन लक्षित समुदायलाई सहकारीमा संगठित गरी आधुनिक सीपमूलक तालिमको व्यवस्था गरी पुँजीमा पहुँच पुऱ्याउन सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०.३.७ विपन्न समुदायका व्यक्तिहरूको सहभागिता र बाहुल्यता रहेका सहकारी संस्थाहरू परिचालन गरी गरिबी निवारणका क्रियाकलाप सञ्चालन गर्न सरकारका सम्बद्ध निकायहरू र विकास साझेदारहरूलाई निर्देशित गरिनेछ।

१०.३.८ गरिब घरपरिवार पहिचान पत्रका आधारमा गरी बहरू मात्र सदस्य भई सञ्चालनमा ल्याइएका वा अन्य सहकारीमा आवद्ध परिचय प्राप्त गरिब सदस्यहरूलाई प्रदान गरिने बिना धितो कर्जाको सुरक्षण, वचतको सुरक्षण, बालि तथा पशुधन बिमा, कृषि तथा लघु व्यवसायका लागि पुँजीगत अनुदान, सीपमूलक तालिम जस्ता आय अभिवृद्धि तथा जोखिम व्यवस्थापनका कार्यमा निर्दिष्ट कार्यविधि बमोजिम सहयोग गर्ने आवश्यक व्यवस्था मिलाइनेछ।

१०.३.९ सहकारी उद्योग व्यवसायलाई उपलब्ध गराइने अनुदान सहयोग वा अन्य सुविधालाई प्रभावकारी बनाउन राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागर राष्ट्रिय सहकारी सङ्घका पदाधिकारीको सहभागिता रहने एक उच्चस्तरिय समितिको गठन गरी अनुदान कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

१०.३.१० राष्ट्रिय सहकारी विकास बोर्ड ऐन बमोजिमको सहकारी विकास कोषमार्फत सहकारी उद्योग व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग परिचालन गर्न कोषको आकार र प्रभावकारितामा वृद्धि गरिनेछ।

**१०.४ सहकारी प्रवर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रतिस्पर्धी एवम् गुणस्तरीय बनाउने नीतिहरूलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछः**

१०.४.१ सहकारी क्षेत्रको उत्पादकत्व र गुणस्तरमा वृद्धि ल्याउन कृषि सहकारीका पदाधिकारी तथा सदस्यहरूलाई आवश्यक पर्ने तालिम, अवलोकन भ्रमण तथा अनुसरण कार्यक्रमहरू र परामर्श सेवा सुविधाहरूको विस्तार गरिनेछ।

१०.४.२ सहकारी सङ्घ, संस्थाहरूलाई व्यावसायिक रूपमा सक्षम तुल्याउन सहकारीका सदस्यहरूलाई लक्षित गरी प्राविधिक तथा व्यावसायिक तालिमका विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०.४.३ सहकारी उद्योग व्यवसायका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको सहज उपलब्धताका लागि मानव संशाधन विकास योजना बनाउन र सम्बन्धित निकायहरू बीच समन्वय गर्न राष्ट्रिय सहकारी विकास बोर्डको भूमिका प्रभावकारी बनाइनेछ।

१०.४.४ सहकारी क्षेत्रको उत्पादन तथा सेवा प्रवाहमा प्रतिस्पर्धात्मक एवम् गुणात्मक क्षमता वृद्धिको लागि उपयुक्त प्रविधिको अवलम्बनमा प्रोत्साहन हुनेगरी आर्थिक सहयोग तथा सुविधाहरू उपलब्ध गराइनेछ।

१०.४.५ सहकारी उद्योग तथा व्यवसायलाई आकर्षित र प्रतिस्पर्धी तुल्याउन उत्पादनको आधार तथा परिमाण, भौगोलिक विकटता, सेवा प्रवाह एवम् रोजगारी सिर्जनाजस्ता आधारमा विशेष सुविधाहरू उपलब्ध गराइनेछ।

१०.४.६ ग्रामीण क्षेत्र तथा कम विकसित नगरपालिका र लक्षित समूहका महिला, अपाङ्ग, मजदुर, श्रमिक र पिछडिएका तथा गरिब व्यक्तिहरू मात्र आवद्ध सहकारी संस्थाहरूको संस्थागत विकासमा सहयोग पुऱ्याउने गरी उपयुक्त कर प्रणालीको विकास गरिनेछ।

**१०.५ सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरूको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत सुशासन कायम गर्ने सम्बन्धमा अङ्गीकार गरिने नीतिहरूलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ :**

१०.५.१ सहकारी सङ्घ, संस्थाहरूको सञ्चालन तथा व्यवस्थापनमा जवाफदेहिता, सहभागिता र पारदर्शितालाई संस्थागत गर्दै लगिनेछ। यसका लागि विद्यमान सहकारी ऐन नियम समयानुकूल पुनरावलोकन गरिनेछ।

१०.५.२ सहकारी सम्बन्धी मूल्य र सिद्धान्तहरू अनुसरण गर्दै प्रचलित सहकारी ऐन नियम बमोजिम सहकारी सङ्घ, संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन गर्न सहकारी सङ्घ, संस्थाका पदाधिकारीहरूलाई जिम्मेवार र जवाफदेही बनाइनेछ।

१०.५.३ सहकारी सङ्घ, संस्थाहरूका सदस्यहरूको वचत रकमको सुरक्षण गर्ने गरी सङ्घ, संस्थाहरूको योगदानमा आधारित वचत सुरक्षण कोषको व्यवस्था गरिनेछ । लगानीको सुरक्षाका लागि लगानीका मापदण्डहरू निर्धारण गरी सो कार्यको अनुगमन नियमनका साथै कर्जा सूचना प्रणालीको प्रभावकारी व्यवस्था मिलाइनेछ ।

१०.५.४ सहकारी सङ्घ, संस्थाहरूको व्यवस्थापनलाई सबल बनाउन सहकारी सङ्घ, संस्थाको लेखा तथा लेखापरीक्षण कार्यलाई थप व्यवस्थित बनाउँदै लगिनेछ। सार्वजनिक सुनुवाइको नियमितता मार्फत सहकारीका सङ्घ, संस्थाहरूलाई सदस्य र समुदायप्रति जिम्मेवार र पारदर्शी व्यवहारतर्फ उत्प्रेरित गरिनेछ ।

१०.५.५ सहकारीका सिद्धान्त, मूल्य र मापदण्डहरूको अनुसरण गरी समग्र सहकारी क्षेत्रलाई स्वनियमनको अभ्यास गर्ने थलो बनाउन आन्तरिक नियन्त्रण, बाह्य परीक्षण र निहित स्वार्थपूर्ण द्वन्द्व व्यवस्थापनका लागि उपयुक्त व्यवस्थाहरू गरिनेछ ।

१०.५.६ सहकारी सङ्घ, संस्थाहरूको नियमित रूपमा अनुगमन र नियमन गर्न सहकारी विभागलाई आवश्यक साधन स्रोत र अधिकार सहित जिम्मेवार निकायको रूपमा विकास गरिनेछ ।

१०.५.७ सहकारी संस्थाहरूमा स्वस्थ प्रतिस्पर्धाको विकास गर्न र लागत प्रभावकारिता कायम गर्न “एक सदस्य एक सहकारी” को नीति अङ्गीकार गरिनेछ ।

१०.५.८ कुनै निर्दिष्ट भौगोलिक क्षेत्रमा एउटा विषयको कारोवार गर्ने सहकारी संस्थाहरूको सङ्ख्या अत्यधिक भई अस्वस्थ प्रतिस्पर्धाको स्थिति देखिएमा निश्चित अवधिका लागि त्यस्ता स्थानहरूमा नयाँ संस्था दर्तामा रोक लगाउने व्यवस्था मिलाइनेछ ।

१०.५.९ सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सहकारी संस्थाहरूलाई जिम्मेवार बनाइनेछ। दर्ताका लागि प्रस्तावित सहकारी संस्थाका निवेदक सदस्यहरूलाई दर्ता अघि सहकारी सम्बन्धी अनुशिक्षण लिनु पर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

१०.५.१० निश्चित सीमाभन्दा बढीको वित्तीय कारोवार गर्ने सहकारी सङ्घ, संस्थाहरूको कारोवारको मासिक तथा वार्षिक प्रतिवेदन लिई अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ । यस्ता प्रतिवेदनहरू सङ्कलन तथा विश्लेषणको कार्यलाई व्यवस्थित गर्न सूचना प्रविधिको उपयोग गरिनेछ ।

१०.५.११ क्षमताको विश्लेषण गरी सम्बन्धित विषयका केन्द्रीय सहकारी सङ्घहरूलाई आफ्ना सदस्य सङ्घ, संस्थाहरूको स्वंय अनुगमन गरी नियमनको कार्यमा नेपाल राष्ट्र बैंक, सहकारी विभाग र सहकारीका कार्यालयहरूलाई सघाउने प्रणालीको विकास गरिनेछ ।

१०.५.१२ सहकारीमा व्यावसायिकता र सहकार्यको संस्कृतिलाई प्रवर्द्धन गर्न उपयुक्त कानुनी व्यवस्था, आचार संहिताको निर्माण, समितिका सदस्यहरूको निर्वाचन तथा नियुक्ति प्रक्रियाको अनुगमन र नियमनमा विशेष जोड दिइनेछ ।

१०.५.१३ स्पष्ट मापदण्ड र कार्यविधिहरूका आधारमा सहकारी सङ्घ, संस्थाहरूको नियमन कार्य सञ्चालन गरिनेछ ।

१०.५.१४ एकीकरण कार्यलाई प्रोत्साहन गर्न थप सुविधाको प्रावधान र विशेष कार्यक्रमहरू सञ्चालन गरी सहकारीका सङ्घ, संस्थाहरूको सङ्ख्यालाई सीमित बनाई क्षमता वृद्धि गर्न अभिप्रेरित गरिनेछ । निर्दिष्ट मापदण्ड बमोजिम न्यूनतम सर्तहरू पूरा गर्न नसक्ने सहकारीलाई मर्जरमा लैजाने अनिवार्य सर्तहरूको निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०.५.१५ वित्तीय कारोवार गर्ने सहकारीहरूलाई सेवा विशिष्टीकरणको आधारमा अन्य कारोवार गर्न निरुत्साहित गरिनेछ । यो व्यवस्था सहरी क्षेत्रमा तत्कालै कार्यान्वयनमा लगिनेछ ।

१०.५.१६ वित्तीय सहकारीको अनुगमनको लागि कारोवार र सदस्यताका आधारमा नेपाल राष्ट्र बैंक, सहकारी विभाग र सम्बन्धित केन्द्रीय सहकारी सङ्घ र कृषि सहकारी संस्थाहरूको अधिकांश स्वामित्व रहेको साना किसान विकास बैंकको उपयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१०.५.१७ सहरी क्षेत्रमा वित्तीय सहकारीको सघनतालाई नियन्त्रण गर्ने उपयुक्त व्यवस्थाहरू गरी सहकारी वित्तीय सेवाहरूलाई ग्रामीण तथा वित्तीय सेवा नपुगेका क्षेत्रहरूमा विस्तार गर्ने गरी आवश्यक व्यवस्थाहरू मिलाइनेछ ।

१०.५.१८ वित्तीय कारोवार गर्ने उद्देश्यले स्थापना गरिने सहकारी सङ्घ, संस्थाहरूको दर्ताको लागि सम्भाव्यता अध्ययनलाई अनिवार्य गरिनेछ । यसका लागि निर्दिष्ट कार्यविधि बनाई सो को पालना गर्ने गरी सहकारी प्रशासनलाई पारदर्शी बनाइनेछ ।

१०.५.१९ सहकारीमार्फत् सञ्चालन गरिने लघु वित्त कार्यक्रमलाई सदस्यहरूको आर्थिक शोषण नहुनेगरी परिचालन गर्न र सहकारी मार्फत गरिने थोक कर्जा प्रवाहमा एकरूपता कायम गर्न स्पष्ट कार्यविधिहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**१०.६ सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, निजी क्षेत्र तथा विकासका साझेदारहरू बीच सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्ने सम्बन्धमा अङ्गीकार गरिने नीतिहरूलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ :**

१०.६.१ सहकारीको विकास, विस्तार र प्रवर्द्धनका कार्यमा स्थानीय तहका सरकारी निकायहरू, स्थानीय निकायहरू, सहकारी सङ्घ, संस्थाहरू, सहयोगी संस्थाहरू र नागरिक समाजका बिचमा स्थानीय सञ्जाल निर्माण गरी सहकार्य र समन्वयको संस्कृति विकास गरिनेछ ।

१०.६.२ सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि स्थानीय निकायहरूको अग्रसरता र सहभागितालाई सुनिश्चितता प्रदान गरिनेछ । स्थानीयस्तरमा सहकारीको विकास र प्रवर्द्धन गर्ने भूमिकामा स्थानीय निकायहरूको अगुवाइलाई प्रोत्साहन गरिनेछ ।

१०.६.३ सहकारी र निजी क्षेत्रको बीचमा उत्पादन, प्रशोधन तथा बजारीकरणको कार्यमा सहकार्यको संस्कृति विकास गरी एक अर्का बीच परिपूरकको सम्बन्धलाई विकसित गर्दै लगिनेछ ।

१०.६.४ सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा साझेदारहरूको सहभागिता एवम् सहयोगलाई समन्वयात्मक ढङ्गले परिचालन गरिनेछ ।

१०.६.५ सहकारी क्षेत्रको विकासका लागि द्विपक्षीय र बहुपक्षीय सहयोग परिचालन गर्न विभिन्न मित्र राष्ट्रहरूका सहयोगी सरकारी तथा गैरसरकारी निकायहरूसँग सहकार्य गर्ने, सहकारीका क्षेत्रीय तथा विश्वस्तरका सहकारी सङ्घ, संस्थाहरूसँग सहयोगको आदानप्रदान गर्न विभिन्न तहका सञ्जालमा सक्रिय सहभागिता जनाउने, सहयोगी संस्था तथा निकायहरूसँग जीवन्त सम्बन्ध कायम राखी सहकारी अभियानलाई निरन्तर रूपमा प्रवर्द्धन गरिनेछ ।

१०.६.६ सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने निकाय र व्यक्तिहरूलाई नियमित रूपमा सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

**१०.७ सहकारीको विकास, विस्तार र प्रवर्द्धनको लागि दीर्घकालीन योजना, मानव संसाधन विकास, आवश्यक सङ्गठन संरचनाहरूको निर्माण एवम् कानुनी व्यवस्थाहरू गर्ने सम्बन्धमा अंगीकार गरिने नीतिहरूलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ :**

१०.७.१ सहकारी सङ्घ, संस्थाहरूलाई प्रभावकारी ढङ्गले परिचालन गर्न अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरी सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गरिनेछ ।

१०.७.२ सहकारी क्षेत्रको लागि आवश्यक पर्ने मानव संशाधनको प्रक्षेपण तथा जनशक्ति व्यवस्थापनको लागि सुदृढ संरचनाहरूको विकास गरिनेछ । जनशक्ति प्रक्षेपणको कार्यमा सहकारी विकास बोर्ड र जनशक्ति विकासमा विश्वविद्यालयहरू, उच्च माध्यमिक शिक्षा परिषदसँग सहकार्य र समन्वय गरी आवश्यक व्यवस्थाहरू मिलाइनेछ । जनशक्ति विकासको काममा सहकारी प्रशिक्षण केन्द्रहरू र सहकारीका सङ्घहरूलाई समेत परिचालन गरिनेछ ।

१०.७.३ राष्ट्रिय सहकारी विकास बोर्डलाई सहकारीको विशेषज्ञ निकायको रूपमा विकास गर्न आवश्यक स्रोत तथा साधन उपलब्ध हुने व्यवस्था मिलाइनेछ । यसका लागि आवश्यकताका आधारमा सङ्गठन संरचना र कानुनी व्यवस्थामा परिमार्जन गरिनेछ ।

१०.७.४ सहकारी सङ्घ, संस्थाहरूको विकास, विस्तार र प्रवर्द्धनका लागि विषयगत आधारमा सम्बन्धित मन्त्रालय, विभाग, बोर्ड, समिति तथा निकायहरूलाई जिम्मेवार बनाउदै लगिनेछ ।

१०.७.५ राष्ट्रिय सहकारी सङ्घको भूमिकालाई प्रभावकारी बनाउन सङ्घको क्षमता अभिवृद्धि तथा सहकारी क्षेत्रको प्रवर्द्धनात्मक कार्यमा सहयोग र सहकार्यको संस्कृति विकास गरिनेछ ।

१०.७.६ सहकारी सङ्घहरूको भूमिकालाई प्रभावकारी बनाउन देहाय बमोजिम को व्यवस्था गरिनेछ :

(क) सहकारी अभियानलाई नेतृत्व प्रदान गर्ने गरी विभिन्न तहका सहकारी सङ्घहरूको सङ्गठन संरचनालाई प्रभावकारी बनाउदै लगिनेछ ।

(ख) व्यावसायिक उद्देश्यले सङ्घ, संस्थाहरूलाई आवश्यकता र सम्भाव्यताका आधारमा विभिन्न तहमा संगठित भई संयुक्त रूपमा उद्योग व्यवसाय गर्न प्रोत्साहित गरिनेछ ।

(ग) सहकारीका सङ्घहरूको नेतृत्वमा महिलाहरूको सहभागिता कम्तीमा ४० प्रतिशत पुऱ्याउने गरी समतामूलक सकारात्मक विभेदका व्यवस्थाहरू अवलम्बन गरिनेछ ।

(घ) निर्दिष्ट भौगोलिक क्षेत्रका सबै सहकारी सङ्घ, संस्थाहरूलाई सम्बन्धित सङ्घहरूमा सदस्यता लिन प्रोत्साहन गरिनेछ ।

(ङ) सङ्घ, संस्थामा रहेको सदस्य सङ्ख्याको आधारमा सङ्घमा मतदानको अधिकार कायम हुने व्यवस्था मिलाई सङ्घहरूको संरचनालाई बढी भन्दा बढी प्रतिनिधित्वमूलक बनाइनेछ ।

(च) सङ्घहरूको नेतृत्वलाई गैर राजनैतिक बनाउन आचारसंहिता र मापदण्डहरूको उपयोग गरिनेछ ।

१०.७.७ क्षेत्रगत नीति तथा कानुनहरूमा सहकारी सम्बन्धी व्यवस्था समावेश गरी सहकारी उद्योग व्यवसायको दायरा फराकिलो बनाइनेछ । सहकारी ऐनमा समेत क्षेत्रगत विषयहरूलाई सम्बोधन गरिनेछ ।

१०.७.८ राष्ट्रिय सहकारी बैंकलाई सहकारीको साझा स्वामित्वको बैंकको रूपमा विकास गर्न सबै सहकारी सङ्घ, संस्थाहरूलाई सदस्यता लिन प्रोत्साहन गरिनेछ । सहकारी बैंकको व्यवस्थापन र नियमनको लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

१०.७.९ वचत तथा ऋणको कारोवार गर्ने सहकारीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न छुट्टै वचत तथा ऋण सहकारी ऐनको निर्माण गरिनेछ ।

१०.७.१० सहकारी क्षेत्रको प्रशासनिक कार्यहरूमा दक्ष अधिकृत तथा कर्मचारीहरूको उपलब्धता सुनिश्चित गर्न निजामती सेवा अन्तर्गत वृत्ति विकासको अवसर सहित सहकारी समूहको व्यवस्था गरिनेछ ।

१०.७.११ सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गतका निकायहरूमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासका अवसरहरूमा वृद्धि गरी आकर्षक समूहको रूपमा विकसित गरिनेछ ।

१०.७.१२ सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनको कार्यमा सहकारी सङ्घ, संस्थाहरूको भूमिकालाई महत्व दिई राज्यको भूमिका सहजकर्ता र नियमनकारी निकायको रूपमा सीमित गर्दै लगिनेछ ।

१०.७.१३ राज्य नियन्त्रित र निर्देशित पुराना साझा संस्थाहरूलाई प्रचलित कानुन तथा सहकारीका सिद्धान्त बमोजिम पूर्ण रूपमा सहकारीकरण गरिनेछ ।

## ११. कार्ययोजना

राष्ट्रिय सहकारी नीतिलाई सम्वद्ध निकायहरूको भूमिका निर्दिष्ट गरिएको कार्ययोजना तयार गरी प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।

## १२. संस्थागत संरचना

यो नीतिको कार्यान्वयन पक्षको समीक्षा गर्न, कार्यान्वयनका जटिलता कम गर्न र आवश्यक मार्गदर्शनका लागि सहकारी तथा गरिबी निवारण मन्त्रीको अध्यक्षतामा देहाय बमोजिम का निकायका पदाधिकारीहरू सदस्य रहेको एक उच्चस्तरीय “राष्ट्रिय सहकारी नीति निर्देशन समिति” रहेको छ ।

(क) राज्यमन्त्री वा सहायक मन्त्री, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(ख) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

(ग) गभर्नर, नेपाल राष्ट्र बैंक

(घ) सचिव, अर्थ मन्त्रालय

(ङ) सचिव, उद्योग मन्त्रालय

(च) सचिव, उर्जा मन्त्रालय

(छ) सचिव, कृषि विकास मन्त्रालय
(ज) सचिव, महिला वालवालिका तथा समाजकल्याण मन्त्रालय
(झ) सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(ञ) सचिव, श्रम तथा रोजगार मन्त्रालय
(ट) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(ठ) सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(ड) सचिव, शिक्षा मन्त्रालय
(ढ) सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(ण) सचिव, सामान्य प्रशासन मन्त्रालय
(त) सचिव,राष्ट्रिय योजना आयोग
(थ) सह-अध्यक्ष, राष्ट्रिय सहकारी विकास बोर्ड
(द) रजिष्ट्रार, सहकारी विभाग
(ध) अध्यक्ष,राष्ट्रिय सहकारी सङ्घ
(न) अध्यक्ष, नेपाल उद्योग वाणिज्य सङ्घ
(प) सहसचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय (सदस्य-सचिव)

**१३. आर्थिक पक्ष**

यस नीतिमा भएका व्यवस्थाहरू कार्यान्वयन गर्न नियमित बजेट परिचालन गरिनुका साथै प्रगतिका आधारमा बजेटको आकार वृद्धि गर्दै लगिनेछ। स्थानीय तहमा सहकारी सङ्घ, संस्थाको विकास र विस्तारका लागि स्थानीय निकाय तथा विकास साझेदारहरूको सहयोग समेत परिचालन गरिनेछ । ठूला लगानीका लागि साझेदारीको अवधारणा उपयोगमा ल्याइनेछ । जनशक्ति तथा सहकारीका पूर्वाधार विकासको क्षेत्रमा दातृ निकायहरूको सहयोग समेत परिचालन गरिनेछ।

**१४. कानुनी व्यवस्था**

यस नीतिमा भएका व्यवस्थाहरूलाई पूर्ण र प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन विद्यमान सहकारी सम्बद्ध कानुनहरूको आवश्यकता अनुसार परिमार्जन वा पुनर्लेखन गरिनेछ। सहकारी बैंक तथा सहकारीमार्फत गरिने वित्तीय कारोवारलाई सुरक्षित र भरपर्दो बनाउन छुट्टै ऐन नियमको व्यवस्था गरिनेछ। विषयगत सहकारीको विकासलाई सहयोग पुग्ने अन्य निकायगत ऐन नियमहरूमा परिमार्जनको पहल गरिनुका साथै आवश्यकताका आधारमा नयाँ कानुनहरूको निर्माण समेत गरिनेछ।

**१५. अनुगमन र मूल्याङ्कन**

नीति कार्यान्वयनको नियमित अनुगमनको कार्य सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गतका निकायहरूबाट हुनेछ । कार्यान्वयन पक्षलाई थप प्रभावकारी बनाउन प्रत्येक वर्ष कार्यान्वयनको समीक्षा गरी सोको विवरण सार्वजनिक गरिनेछ। नीति कार्यान्वयनको प्रभाव मूल्याङ्कन राष्ट्रिय योजना आयोगबाट हुनेछ।

**१६. जोखिम पक्ष**

सहकारी अर्थ व्यवस्थाको बहुआयामिक क्षेत्र हो । यस नीतिमा भएका व्यवस्था कार्यान्वयन गर्न गराउन सम्बन्धित सबै सरकारी निकायहरूले जिम्मेवार र प्रतिबद्ध भई आफ्नो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। यो नीतिमा भएका व्यवस्थाहरू पूर्णरूपले कार्यान्वयनमा ल्याउन सहकारी अभियानको सक्रियताले पनि उत्तिकै महत्व राख्दछ । नीतिमा भएका व्यवस्थाहरू कार्यान्वयनका लागि समयमै सम्बद्ध ऐन नियमहरूको परिमार्जन तथा नयाँ कानुनहरूको निर्माण अपरिहार्य हुन्छ। कानुनी आधार निर्माण गर्न, आवश्यक संरचनागत प्रबन्ध गर्न तथा साधन स्रोतको व्यवस्था मिलाउन सकिएन भने नीतिमा भएका सबै प्रावधानहरू कार्यान्वयनमा ल्याउन नसकिने जोखिम रहेको छ।

## १७. नीतिको प्रयोग र परिमार्जन

यस नीतिलाई सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि सम्बन्धित सबै निकायहरूबाट मार्गचित्रको रूपमा उपयोग गरिनेछ । सामान्यतया यस नीतिमा भएका व्यवस्थाहरू प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरिनेछ। नीतिमा भएका व्यवस्थाहरूमा परिमार्जन गर्न आवश्यक देखिएमा सो अगावै पनि नेपाल सरकारले गर्न सक्नेछ।

## अनुसूची–१

**सहकारीमार्फत सञ्चालन गर्न सकिने उद्योग व्यवसायहरू**

(क) कृषि उत्पादन, भण्डारण, प्रशोधन, वितरण, बजारीकरण तथा कृषि सामग्रीको आपूर्ति ।

(ख) व्यावसायिक पशुपालन तथा पशुजन्य उद्योग व्यवसायहरू ।

(ग) वनजन्य उत्पादन तथा प्रशोधन उद्योगहरू र वातावरण संरक्षणसम्बन्धी उद्योगहरू ।

(घ) विद्यालयको स्थापना तथा व्यवस्थापन, व्यावसायिक तथा सीपमूलक प्रशिक्षण केन्द्र स्थापना र व्यवस्थापन, र परामर्श सेवा ।

(ङ) अस्पताल, सामुदायिक स्वास्थ्य सेवा, औषधी तथा स्वास्थ्य उपकरण उत्पादन तथा बिक्री र स्वास्थ्यसँग सम्बन्धित अन्य उद्योग व्यवसायहरू ।

(च) पर्यटन उद्योग व्यवसायहरू ।

(छ) सञ्चार तथा प्रविधिको विकास, विस्तार तथा प्रसारण ।

(ज) वचत तथा ऋण एवम् बैंक तथा वित्तीय सेवा ।

(झ) यातायात तथा ढुवानी सेवा ।

(ञ) जग्गा तथा आवास विकास ।

(ट) श्रमिक स्वामित्वका उद्योग व्यवसायहरू ।

(ठ) उपभोक्ता सहकारी

(ड) उर्जा उत्पादन, प्रसारण र वितरण ।

(ढ) बीमा व्यवसाय ।

(ण) खुद्रा तथा थोक पसलहरू ।

(त) जडीबुटी खेती, प्रशोधन र बजारीकरण ।

(थ) सीपमूलक घरेलु तथा साना उद्योगहरू ।

(द) सम्भाव्यताका आधारमा अन्य उद्योग व्यवसायहरू ।

# राष्ट्रिय सिमसार नीति, २०६९

## १. पृष्ठभूमि

सिमसार एक गतिशील, विविधतायुक्त र उर्वर पारिस्थितिकीय प्रणाली हो। सिमसारलाई जैविक, सामाजिक, पर्यावरणीय र आर्थिक दृष्टिकोणले अति मूल्यवान प्राकृतिक प्रणालीको अंश मानिन्छ। सिमसारले दुर्लभ र विभिन्न प्रजातिका जीव जन्तु तथा वनस्पतिहरूलाई वासस्थान प्रदान गरेको हुन्छ। सिमसारले पानीको स्रोत संरक्षण गर्नुका साथै यसको बहाव र गुणस्तर कायम गर्छ। सिमसार क्षेत्रले सिँचाइ, मत्स्यपालन, पर्या-पर्यटन, कृषि उत्पादकत्व अभिवृद्धिमा सहयोग पुर्याउने लगायत जैविक विविधताको दिगो व्यवस्थापनमार्फत राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा समेत महत्त्वपूर्ण योगदान पुयाएको हुन्छ। सिमसारले जलवायु परिवर्तन तथा भू-विनाशको असरलाई न्यूनीकरण गर्दै पर्यावरणीय सुरक्षा कवचको रूपमा पनि कार्य गर्दछ। मुलुकको करिब सात लाख पचास हजार हेक्टर (करिब पाँच प्रतिशत) भू-भाग सिमसार क्षेत्रले ओगटेको छ र यस्तो क्षेत्रको समूचित संरक्षण, व्यवस्थापन र दिगो उपयोग गर्न अत्यावश्यक भएको छ। हालसम्म नेपालका नौ वटा सिमसार क्षेत्रहरू अन्तर्राष्ट्रिय महत्त्वको रामसार सूचीमा सुचीकृत भएका छन् र यो क्रम जारी छ।

## २. नयाँ नीतिको आवश्यकता

सिमसारको संरक्षण तथा सदुपयोगका लागि २०५९ सालमा राष्ट्रिय सिमसार नीति स्वीकृत भई केही क्षेत्रगत नीतिहरू निर्माण गरिएको भएतापनि ती नीतिहरूमा सिमसार क्षेत्रसँग सम्बन्धित समस्या तथा सवालहरूलाई एकाकार गरी समन्वयात्मक ढङ्गले कार्यान्वयन गर्न नसकिएकाले नयाँ नीतिको आवश्यकता महसुस भयो। सिमसार क्षेत्रको ह्रास तथा लोप, प्रजाति विविधता तथा प्रचुरतामा ह्रास, सिमसारबाट प्राप्त हुने वस्तु तथा सेवाको अत्यधिक दोहन, स्वामित्वको अन्योल, नीतिगत तथा कानुनी असमञ्जस्यता, सरोकारवालाहरू बीच समन्वयको अभाव जस्ता सिमसार क्षेत्रको संरक्षण तथा सदुपयोगमा देखिएका प्रमुख चुनौतीहरूलाई समाधान गर्दै सरोकारवालाहरू बीच सहकार्य र समन्वय कायम गरी सिमसार क्षेत्रको संरक्षण तथा दिगो सदुपयोगलाई प्रभावकारी बनाउन राष्ट्रिय सिमसार नीतिको आवश्यकता पर्न गएको हो।

राष्ट्रिय सिमसार नीति, २०६९ ले सिमसार संरक्षण तथा सिमसार जन्य स्रोतको बुद्धिमत्तापूर्ण उपयोगका लागि टेवा पुर्याउने ध्येयले नेपालमा रहेका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका सिमसार क्षेत्रको संरक्षणका लागि रामसार महासन्धि, सन् १९७१, जैविक विविधता महासन्धि, सन् १९९२, जलवायु परिवर्तन महासन्धि, सन् १९९२ लगायतका सम्वद्ध अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौतामार्फत् नेपालले व्यक्त गरेका प्रतिबद्धता पूरा गर्दै सम्बन्धित अन्य विषयगत नीतिहरूको कार्यान्वयनमा पनि थप योगदान पुर्याउनेछ। यस नीतिको कार्यान्वयनबाट वन ऐन, २०४९ तथा वन नियमावली, २०५१, राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० लगायत कानुनहरूको पालना र नेपाल जैविक विविधता रणनीति सन् २००२ ले परिलक्षित गरेका उद्देश्य प्राप्तिका लागि ठोस योगदान पुर्याउने अपेक्षा गरिएको छ।

## ३. दूरदृष्टि, लक्ष्य तथा उद्देश्यहरू

### ३.१ दूरदृष्टि

दिगो विकास र वातावरणीय सन्तुलनका लागि स्वस्थ सिमसार।

### ३.२ लक्ष्य

सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी सिमसार जन्य स्रोतको दिगो तथा बुद्धिमत्तापूर्ण उपयोग गर्ने।

### ३.३ उद्देश्य

३.३.१ सिमसार क्षेत्रको संरक्षण, पुर्नस्थापना र प्रभावकारी व्यवस्थापन गरी जैविक विविधता र वातावरण संरक्षण गर्ने,

३.३.२ सिमसार जन्य स्रोतहरूको दिगो तथा बुद्धिमत्तापूर्ण उपयोग गरी त्यस्ता स्रोतमा आश्रित समुदायको समृद्धिमा टेवा पुर्याउने,

३.३.३ सिमसार क्षेत्र व्यवस्थापनमा सुशासन कायम गर्दै सरोकारवालाहरूको ज्ञान र क्षमता अभिवृद्धि गर्ने।

## ४. नीति

४.१ स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका सिमसार क्षेत्रहरूको पहिचान गर्दै पर्यावरणीय, सामाजिक र आर्थिक महत्त्वका आधारमा प्राथमिकीकरण गरी त्यस्ता क्षेत्रहरूको संरक्षण, पुनर्स्थापना तथा व्यवस्थापन गरिनेछ।

४.२ सिमसार क्षेत्रको प्रकृति अनुसार एकल सिमसार वा जलाधारस्तरमा रहेका सिमसारहरूको एकीकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ।

४.३ विकास निर्माणका योजना तर्जुमा गर्दा सिमसार क्षेत्रमा पर्न सक्ने प्रभावहरूको आँकलन गरी त्यस्ता प्रभावलाई सम्बोधन गर्ने प्रभावकारी उपायहरूको अवलम्बन गरिनेछ।

४.४ विकास आयोजना सञ्चालन गर्दा विद्यमान सिमसार क्षेत्रहरूको गुणस्तरमा ह्रास तथा क्षेत्रफलमा कमी नआउने गरी मात्र सञ्चालन गरिनेछ।

४.५ सिमसार क्षेत्रको वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्न नदिन सावधानीका थप उपायहरू अवलम्बन गर्न सकिनेछ।

४.६ सिमसार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न सिमसारजन्य स्रोतको उपयोग गर्दा वातावरणीय सेवा शुल्क लगाउने व्यवस्था मिलाइनेछ।

४.७ सिमसार क्षेत्रमा आश्रित स्थानीय समुदायको परम्परागत ज्ञान र सीपको पहिचान गरी सम्मान र दिगो उपयोग गरिनेछ।

४.८ सिमसारजन्य स्रोतको दिगो उपयोगबाट प्राप्त हुने लाभको समन्यायिक बाडफाँटको व्यवस्था मिलाइनेछ।

४.९ सिमसार क्षेत्रको व्यवस्थापन र उपयोगलाई सहभागितामूलक, पारदर्शी र जवाफदेहितायुक्त बनाउँदै सुशासनको प्रवर्द्धन गरिनेछ।

४.१० सिमसार क्षेत्रको प्रवर्द्धनका लागि आवश्यक पर्ने स्रोत, साधन र संस्थागत संरचनाको व्यवस्था गर्दै सम्वद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ।

## ५. कार्यनीति

### ५.१ सिमसार क्षेत्रको क्षेत्रको संरक्षण, पुनर्स्थापना र प्रभावकारी व्यवस्थापन

५.१.१ देश भित्र रहेका समस्त सिमसार क्षेत्रको विस्तृत सर्वेक्षण तथा पहिचान गरी एकीकृत लगत तयार गरिनेछ।

५.१.२ स्वामित्वको आधारमा सिमसारलाई देहायअनुसार वर्गीकरण गरी व्यवस्थापनका लागि सम्बन्धित निकायलाई जिम्मेवार बनाइनेछ :-

(क) संरक्षित क्षेत्रमा अवस्थित सिमसार,

(ख) वन क्षेत्रमा अवस्थित सिमसार,

(ग) वन क्षेत्र बाहिर सरकारी निकाय, स्थानीय निकाय वा स्वायत्त संस्थाको स्वामित्व वा भोगमा रहेको सिमसार,

(घ) निजी जग्गामा अवस्थित सिमसार।

५.१.३ जोखिमका आधारमा सिमसार क्षेत्रको संरक्षण, पुनरुत्थान र पुनर्स्थापना गर्दा देहाय बमोजिम प्राथमिकीकरण गरी व्यवस्थापन गरिनेछः-

(क) अत्यन्त जोखिम अवस्थामा पुगेका सिमसार,

(ख) लोपोन्मुख अवस्थामा रहेका सिमसार,

(ग) लोप भएका सिमसार।

५.१.४ व्यवस्थापनका आधारमा देहायका क्षेत्रमा अवस्थित सिमसार क्षेत्रको व्यवस्थापन सम्बन्धित निकायहरूको सहभागिता र समन्वयमा गरिनेछ। आवश्यकता र औचित्यको आधारमा यस्ता निकायहरू नेपाल सरकारले तोक्न सक्नेछ।

(क) सरकारद्वारा व्यवस्थित वन क्षेत्रभित्रका सिमसार क्षेत्र,

(ख) संरक्षित क्षेत्रभित्रका सिमसार क्षेत्र,

(ग) समुदायद्वारा व्यवस्थित वन क्षेत्रभित्रका सिमसार क्षेत्र,

(घ) कबुलियती वन क्षेत्रभित्रका सिमसार क्षेत्र,

(ङ) धार्मिक वन क्षेत्रभित्रका सिमसार क्षेत्र,

(च) स्थानीय निकायद्वारा व्यवस्थित सिमसार क्षेत्र,

(छ) कृषि क्षेत्रका सिमसार क्षेत्र,

(ज) अन्य क्षेत्रमा अवस्थित सिमसार क्षेत्र।

५.१.५ सिमसारको महत्त्व, उपलब्ध हुने वस्तु र सेवा तथा उपयोगिताका आधारमा देहाय बमोजिम स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका सिमसार भनी वर्गीकरण तथा अध्यावधिक गरिनेछः

(क) **स्थानीयः** प्रयोगमा आइसकेका वा आउने क्रममा रहेका स्थानीय निकाय वा निजीस्तरमा संरक्षण तथा व्यवस्थापनमा रहेका स-साना सिमसार क्षेत्रहरू,

(ख) **राष्ट्रियः** राष्ट्रिय महत्त्वका र विभिन्न उद्देश्यका लागि प्रयोगमा आइरहेका जलाशय, सिँचाइ प्रणाली वा पर्या-पर्यटनका दृष्टिले महत्त्वपूर्ण सिमसार तथा रामसार सूचीमा सूचीकृत हुने सम्भावना रहेका सिमसार क्षेत्रहरू,

(ग) **अन्तर्राष्ट्रियः** रामसार सूचीमा सूचीकृत भइसकेका सिमसार क्षेत्रहरू।

५.१.६ सिमसार क्षेत्रभित्र पाईने जैविक विविधताको विस्तृत अध्ययन गरी एकीकृत लगत तयार गरिनेछ।

५.१.७ सिमसार क्षेत्रको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र बुद्धिमतापूर्ण उपयोगका सम्बन्धमा समसामयिक वैज्ञानिक अध्ययन अनुसन्धान कार्यलाई प्रोत्साहन गरिनेछ र सोबाट प्राप्त नतिजा वा सुझावहरूको कार्यान्वयनमा जोड दिइनेछ।

५.१.८ सहभागितामूलक पद्धती अपनाई एकल सिमसार वा समग्र जलाधारस्तरमा सिमसार स्रोतको संरक्षण गरी बुद्धिमत्तापूर्ण उपयोगको माध्यमबाट प्रभावकारी व्यवस्थापन गरिनेछ।

५.१.९ सिमसार क्षेत्रको प्रभावकारी संरक्षण तथा व्यवस्थापन गर्न उपयुक्त प्रविधि एवम् प्रणालीको नमुना परीक्षण (Piloting) गरी प्राप्त नतिजालाई सम्भावित अन्य सिमसार क्षेत्रहरूमा विस्तार गर्दै लगिनेछ।

५.१.१० सिमसार क्षेत्रमा रहेका वा आगन्तुक जीवजन्तु र वनस्पतिका प्रजातिको संरक्षण गर्न सम्वद्ध निकायहरूबीच आवश्यक सूचना आदान-प्रदान, समन्वय र साझेदारीका उपायहरू अवलम्बन गरिनेछ।

५.१.११ द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग तथा समन्वय कायम गरी अन्तर्राष्ट्रिय सीमा वारपार रहेका सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्दै लगिनेछ।

५.१.१२ रैथाने जीवजन्तु तथा वनस्पतिहरूका प्रजातिलाई विस्थापित वा विनाश गर्ने वा एक ठाउँबाट अर्को ठाउँमा छिटो विस्तार हुने बाहय मिचाहा प्रजाति र अन्य हानिकारक जीवाणुहरूको प्रभावकारी नियन्त्रण गरिनेछ।

५.१.१३ विकास निर्माणको क्रममा कुनै सिमसार क्षेत्रको कमी वा ह्रास हुन गएमा सम्भव भएसम्म सोही किसिमको जैविक विविधता र पर्यावरणीय सेवा प्राप्त गर्न सकिने गरी वैकल्पिक सिमसार क्षेत्रको विकास वा विद्यमान सिमसार क्षेत्रको क्षेत्र विस्तार गरिनेछ।

५.१.१४ सिमसार क्षेत्रको कार्य तथा सेवालाई अक्षुण राख्न सिमसार क्षेत्रमा निर्माण हुने सडक, भूमिगत वा सतह सिँचाइ, जलविद्युत् जस्ता भौतिक पूर्वाधार निर्माण गर्दा वातावरण मैत्री प्रविधिको प्रयोग गरिनेछ।

५.१.१५ सिमसार क्षेत्रमा जलवायु परिवर्तनको कारणले पर्ने असर सम्बन्धी सवाल तथा समस्याहरूलाई पहिचान गरी असर न्यूनीकरणका लागि उपयुक्त अनुकुलन विधिको अवलम्बन गरिनेछ।

५.१.१६ सिमसार क्षेत्रको संरक्षण गर्न आवश्यकता अनुसार जलाधारस्तरीय व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्दै लगिनेछ।

५.१.१७ सिमसार क्षेत्र संरक्षण र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न प्रचलित नियमानुसार आन्तरिक तथा वैदेशिक स्रोतको परिचालन गर्न सकिनेछ।

५.१.१८ निजी तथा कृषि क्षेत्रको स्वामित्वका सिमसार क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापनका लागि उपयुक्त व्यवस्थापन प्रणाली अपनाई संरक्षण र सदुपयोग गर्न प्रोत्साहन गरिनेछ। यस्ता क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

५.१.१९ सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन र अनुगमन गर्न सरकारी, गैरसरकारी तथा अन्य सङ्घ संस्थाहरूसँग पनि सहकार्य हुने व्यवस्था मिलाइनेछ।

### ५.२ सिमसार क्षेत्रको बुद्धिमत्तापूर्ण उपयोग

५.२.१ सिमसार क्षेत्रको एकल वा जलाधारस्तरमा भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयन गरी उत्पादकत्व अभिवृद्धि गरिनेछ।

५.२.२ सिमसार क्षेत्रमा पाईने जीवजन्तु तथा वनस्पतिहरूको प्रचुरता र विविधता कायम राख्दै संरक्षण र दिगो उपयोग गरिनेछ।

५.२.३ सिमसार क्षेत्रको अक्षुणता कायम राख्नका लागि सिमसार क्षेत्रमा फोहोर विर्सजन गर्ने, कुनै प्रकारले प्रदूषण फैलाउने वा भूमिगत जलको अत्यधिक दोहन गर्ने जस्ता कार्यलाई निरुत्साहित गरिनेछ।

५.२.४ सिमसार क्षेत्रमा पर्ने मानवीय तथा पशुजन्य चापलाई न्यूनीकरण गरिनेछ।

५.२.५ विद्यमान सिमसार क्षेत्रको स्वरूपमा परिवर्तन नहुने गरी भूमिको उपयोग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

५.२.६ सिमसार स्रोतको परिचालन गरी अन्य क्रियाकलाप सञ्चालन गर्दा सिमसार क्षेत्रको पर्यावरणीय र आर्थिक महत्त्वलाई प्रतिकुल असर नपार्ने गरी सञ्चालन गरिनेछ।

५.२.७ सिमसारजन्य स्रोतको बुद्धिमत्तापूर्ण उपयोग, सिमसार क्षेत्रबाट प्राप्त हुने सेवा र उत्पादन उपभोगको लागि वातावरणमैत्री प्रविधिहरू प्रवर्द्धन तथा अवलम्बन गरिनेछ।

५.२.८ सिमसार क्षेत्रलाई उल्लेखनीय प्रतिकुल असर पार्ने प्रकृतिका विकास निर्माणका कार्यक्रमहरूको तर्जूमाको क्रममा नै प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

५.२.९ सिमसार स्रोतको संरक्षण तथा दिगो उपयोगका लागि सिमसार कोषको स्थापना गरी संस्थागत गरिनेछ। यस्तो कोषको स्थापना र सञ्चालनको व्यवस्था प्रचलित कानुन बमोजिम वन तथा भू-संरक्षण मन्त्रालयले मिलाउनेछ। सिमसार कोषमा देहाय अनुसारको स्रोतबाट रकम जम्मा गर्न सकिनेछः-

(क) नेपाल सरकारबाट प्राप्त हुने रकम,
(ख) स्थानीय निकायबाट प्राप्त हुने रकम,
(ग) सम्बन्धित निकायको स्वीकृतिमा दातृ निकायबाट प्राप्त हुने सहायता रकम,
(घ) वातावरणीय सेवा र वस्तु वापत प्राप्त हुने शुल्क,
(ङ) निजी क्षेत्रबाट प्राप्त हुने रकम,
(च) अन्य स्रोतबाट प्राप्त हुने रकम।

५.२.१० सिमसार क्षेत्रमा आश्रित समुदायहरूको परम्परागत ज्ञान, सीप र अनुभवको पहिचान तथा कदर गर्दै यस्ता ज्ञान र सीपहरूको प्रवर्द्धन तथा उपयोग गर्न प्रोत्साहन गरिनेछ।

५.२.११ सिमसार क्षेत्रमा आश्रित समुदायलाई सो क्षेत्रको संरक्षण र व्यवस्थापनमा सहभागी गराई सिमसार स्रोतमा आधारित उद्यम तथा व्यवसायमार्फत जीविकोपार्जनमा सुधार ल्याइनेछ।

५.२.१२ सिमसारबाट प्राप्त हुने प्राकृतिक स्रोतहरूको सुरक्षित र दिगो रूपमा सङ्कलन गरिने मात्रा, अवस्था र तह यकिन गर्न मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

५.२.१३ सिमसार क्षेत्रबाट प्राप्त हुने लाभलाई सो क्षेत्रमा आश्रित समुदायबीच समन्यायिक रूपमा बाडफाँट गर्न आवश्यक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

५.२.१४ सिमसार क्षेत्रको वरिपरि सञ्चालन भइरहेका विकास निर्माणका कार्यक्रमहरूको नियमित अनुगमन गरी सिमसारको अक्षुणता सुनिश्चित गरिनेछ।

५.२.१५ सिमसार क्षेत्रका जीवजन्तु तथा वनस्पतिको प्रचुरता र विविधता कायम राख्न सिमसार स्रोतको संरक्षण र दिगो उपयोगका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५.२.१६ सिमसारको जलस्तर कायम गर्दै वासस्थान सुधार, बाह्य मिचाहा प्रजातिको नियन्त्रण, सिमसार स्रोतको बुद्धिमत्तापूर्ण उपयोग आदिका माध्यमबाट सिमसार क्षेत्रको उत्पादकत्व अभिवृद्धि गरिनेछ।

### ५.३ सिमसार क्षेत्रको व्यवस्थापनमा सुशासन प्रवर्द्धन

५.३.१ सिमसार संरक्षण सम्बन्धी विभिन्न कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियामा स्थानीय, जिल्ला र केन्द्रीयस्तरका सरोकारवालाको सक्रिय सहभागिता जुटाइनेछ।

५.३.२ सिमसार स्रोतहरूको एकीकृत व्यवस्थापन तथा बुद्धिमत्तापूर्ण उपयोगमा सहजीकरण गर्न स्थानीय, जिल्ला तथा राष्ट्रियस्तरमा बहुसरोकारवाला समितिहरू गठन गरी क्रियाशील तुल्याइनेछ।

५.३.३ सिमसार स्रोतहरूको एकीकृत संरक्षण र व्यवस्थापन गर्न आवश्यकतानुसार बहुसरोकारवाला समितिहरूको गठन गरी त्यस्ता समितिमा आवद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्दै लगिनेछ।

५.३.४ सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन कार्यलाई पारदर्शी र प्रभावकारी तुल्याउन आवश्यक संस्थागत व्यवस्था मिलाइनेछ।

५.३.५ राष्ट्रिय सिमसार सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ।

५.३.६ सिमसार क्षेत्रको प्रभावकारी संरक्षण र व्यवस्थापन गर्न विद्यमान प्राकृतिक स्रोतको संरक्षण तथा व्यवस्थापनसँग सम्बन्धित कानुनी व्यवस्थामा आवश्यकतानुसार संशोधन गरी एकीकृत कानुन निर्माण गरिनेछ।

५.३.७ रामसार महासन्धिले निर्दिष्ट गरेबमोजिम सिमसार संरक्षण तथा व्यवस्थापन सम्बन्धी शिक्षा, सूचना तथा सञ्चार सामग्री तयार गरी आमजनताको सचेतना अभिवृद्धि गरिनेछ।

५.३.८ सिमसारको सीमा, व्यवस्थापन वा उपयोगका सम्बन्धमा उत्पन्न विवादको समाधान सम्बन्धित जिल्ला वन क्षेत्र समन्वय समितिले गर्नेछ।

५.३.९ सिमसारको संरक्षण, महत्त्व र व्यवस्थापनको विषयलाई विभिन्न तहका औपचारिक तथा अनौपचारिक शिक्षा प्रणालीमा समावेश गर्दै लगिनेछ।

५.३.१० सिमसार क्षेत्रस्तरीय जल तथा भू-उपयोग योजना निर्माण तथा व्यवस्थापनमा सहयोग पुर्याउन आवश्यक अध्ययन, अनुसन्धान र अनुगमन गरिनेछ।

५.३.११ सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्नका लागि मापदण्ड तयार गरी लागू गरिनेछ।

## ६. कार्यान्वयन संयन्त्रको व्यवस्था

यस नीतिको कार्यान्वयन सरकारी, निजी तथा सार्वजनिक सम्बन्धित निकायहरूबाट हुनेछ र सो को समन्वय एवम् सहजीकरण वन तथा भू-संरक्षण मन्त्रालयले गर्नेछ। राष्ट्रियस्तरमा समन्वय, सहजीकरण र मार्ग निर्देशन गर्न देहाय बमोजिम राष्ट्रिय सिमसार समिति रहनेछ। जिल्लास्तरमा विद्यमान जिल्ला वनक्षेत्र समन्वय समितिले सिमसार क्षेत्रको समेत संरक्षण तथा व्यवस्थापनको काम गर्नेछ। दुवै संयन्त्रको गठन तथा कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

### ६.१ केन्द्रीय स्तरमाः राष्ट्रिय सिमसार समिति

| | |
|---|---|
| क) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | संयोजक |
| ख) सहसचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| ग) सहसचिव, वातावरण तथा विज्ञान प्रविधि मन्त्रालय | सदस्य |
| घ) सहसचिव, उर्जा मन्त्रालय | सदस्य |
| ङ) सहसचिव, सिँचाइ मन्त्रालय | सदस्य |
| च) सहसचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| छ) सहसचिव, उद्योग मन्त्रालय | सदस्य |
| ज) सहसचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| झ) सहसचिव, राष्ट्रिय योजना आयोग (कृषि तथा ग्रामिण विकास महाशाखा) | सदस्य |
| ञ) महानिर्देशक, वन विभाग | सदस्य |

ट) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग — सदस्य

ठ) प्रमुख, वातावरण महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय — सदस्य-सचिव

**६.२ राष्ट्रिय सिमसार समितिको काम, कर्तब्य तथा अधिकार**

(क) राष्ट्रिय सिमसार नीति, २०६९ को उद्देश्य प्राप्तिका लागि राष्ट्रियस्तरमा समन्वय गर्ने/गराउने,

(ख) सिमसारको संरक्षण, दिगो व्यवस्थापन र उपयोग गर्न एकीकृत कानुन निर्माणको व्यवस्था गर्ने,

(ग) सिमसारसँग सम्बन्धित योजना तथा कार्यक्रमहरू तर्जुमा एवम् कार्यन्वयनमा सम्बन्धित सरोकारवालाहरूबीच सहकार्य र साझेदारी बढाउन प्रोत्साहन गर्ने,

(घ) सिमसार सम्बन्धमा निर्माण हुने एकीकृत कानुनसँग मेल खाने गरी सम्बन्धित अन्य कानुनहरूमा परिमार्जन गर्न पहल गर्ने,

(ङ) समितिले आफनो कार्य सम्पादन गर्न आवश्यकता अनुसार प्राविधिक सल्लाहकार उपसमिति गठन गर्ने,

(च) समितिको कार्य सञ्चालन गर्न आवश्यक पर्ने कार्यविधि तय गर्ने।

(छ) राष्ट्रिय सिमसार नीति, २०६९ को प्रभावकारी कार्यन्वयनको लागि आवश्यक मार्गनिर्देश गर्ने।

**६.३ जिल्लास्तरमा**

सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन र उपयोग गर्न जिल्लास्तरमा रहेको जिल्ला वन क्षेत्र समन्वय समितिले नै यस नीतिको कार्यान्वयन संयन्त्रको रूपमा पनि कार्य गर्नेछ। संयन्त्रको गठन तथा कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-

**६.४ जिल्ला वन क्षेत्र समन्वय समिति**

(क) जिल्ला विकास समितिको सभापति — संयोजक

(ख) जिल्ला विकास समितिको सम्बन्धित विषयगत समितिको संयोजक एक जना — सहसंयोजक

(ग) स्थानीय विकास अधिकारी — सदस्य

(घ) जिल्ला विकास समितिले तोकेका जिल्ला स्थित राजनैतिक दलका प्रतिनिधि (बढीमा ७ जना) — सदस्य

(ङ) महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाका प्रमुख वा प्रतिनिधि — सदस्य

(च) गा.वि.स. महासङ्घको जिल्ला अध्यक्ष वा प्रतिनिधि — सदस्य

(छ) वन पैदावारमा आधारित उद्यमीहरूमध्ये उद्योग वाणिज्य सङ्घद्वारा मनोनित एक जना — सदस्य

(ज) जिल्लास्थित सामुदायिक, साझेदारी वन व्यवस्थापन समूह, मध्यवर्ती सामुदायिक वन समूह, कबुलियती वन समूह, निजी वन र भू-संरक्षण समूहका सञ्जालहरू मध्ये बाट एकजना प्रतिनिधि — सदस्य

(झ) वन, वातावरण, वन्यजन्तु, वनस्पति, भू-संरक्षण र जैविक विविधतासँग सम्बन्धित गैरसरकारी संस्थामध्येबाट गैरसरकारी संस्था महासङ्घले तोकी दिएका प्रतिनिधि बढीमा दुई जना — सदस्य

(ञ) आदिवासी, जनजाती, दलित तथा अन्य वर्ग विशेषको समूहबाट प्रतिनिधित्व हुने गरी जिल्ला विकास समितिले तोकी दिएका बढीमा दुई जना। — सदस्य

(ट) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि — सदस्य

(ठ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका जिल्ला स्थित निकायका प्रमुखहरू — सदस्य

(ड) जिल्ला कृषि विकास अधिकृत वा निजले तोकेको प्रतिनिधि — सदस्य

(ढ) जिल्ला पशुसेवा अधिकृत वा निजले तोकेको प्रतिनिधि — सदस्य

(ण) महिला विकास अधिकृत वा निजले तोकेको प्रतिनिधि सदस्य
(त) जिल्ला वन अधिकृत सदस्य-सचिव

**६.५ जिल्ला वन क्षेत्र समन्वय समितिको काम, कर्तव्य तथा अधिकार**

क) सिमसार स्रोतको संरक्षण, व्यवस्थापन र उपयोगसँग सम्वद्ध सरोकारवालाहरूबीचको साझा संयन्त्रको रूपमा कार्य गर्ने।

ख) समग्र सिमसार व्यवस्थापनका लागि अन्तर निकायगत समन्वय तथा साझेदारी अभिवृद्धि गर्ने।

ग) कार्य सम्पादन गर्दा सहभागितामूलक पद्दति अपनाउने।

घ) सिमसार संरक्षण तथा व्यवस्थापन कार्यमा उपलब्ध स्रोतको बाडफाँट गर्ने,

ङ) सिमसार स्रोतको संरक्षण तथा व्यवस्थापनका असल अभ्यासबाट हासिल गरेका सिकाइहरूलाई जिल्लाका नीति तथा योजनाका संरचनाहरूमा समाहित तथा मूलप्रवाहीकरण गर्ने,

च) सिमसार संरक्षण तथा दिगो व्यवस्थापन गर्न व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने,

छ) सिमसार स्रोतको संरक्षण तथा व्यवस्थापनमा परम्परागत ज्ञान र सीपको संरक्षण, प्रवर्द्धन र उपयोग गर्ने,

ज) समितिले आफनो कार्य सम्पादन गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

झ) सिमसारका क्षेत्रको संरक्षण, व्यवस्थापन र सदुपयोग सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी अनुगमन गर्ने/गराउने।

## ७. नीतिको मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको वन तथा भू-संरक्षण मन्त्रालयबाट आवधिक रूपमा मूल्याङ्कन गरी समसामयिक सुधारका लागि प्रस्ताव गर्नेछ।

## ८. जोखिम

सर्वसाधारणको सबैको पहुँच, उपयोग र सुविधाका रूपमा रहिआएका सिमसार क्षेत्रहरूको संरक्षण आफैंमा चुनौतीपूर्ण छ। बढ्दो जनसङ्ख्याको चाप र जलवायु परिवर्तनका चुनौतीहरूले गर्दा नीतिको कार्यान्वयन सहज नहुन सक्छ। स्थानीय समुदायको सहभागिता अभिवृद्धि गरी सर्वसाधारणमा समेत अपनत्वको भावना विकास नभएसम्म संरक्षणले दिगोपन र प्रभावकारिता हासिल गर्न कठिन हुने हुँदा सिमसारको संरक्षण र व्यवस्थापन कार्यलाई स्थानीय आवश्यकताको परिपूर्तिको एक सशक्त माध्यमको रूपमा पनि विकास गर्न आवश्यक छ।

## ९. अनुगमन तथा मूल्याङ्कन

प्रस्तुत नीतिको कार्यान्वयनबाट अपेक्षित प्रतिफल तथा उद्देश्य हासिल भए नभएको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्न नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले सम्बन्धित सबै निकायहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउनेछ।

## १०. बाधा, अड्काउ फुकाउ

यस नीतिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा वा समस्या उत्पन्न भएमा नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ।

# कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१

## १. भूमिका

कृषि[१*] व्यवसायले राष्ट्रिय कुल ग्रार्हस्थ उत्पादनमा एक तिहाइ हिस्सा ओगटे पनि कृषि क्षेत्रको समयानुकूल व्यावसायीकरण हुन नसकेको र उत्पादकत्व तथा उत्पादनमा आशातीत तवरले वृद्धि हुन नसकेबाट कृषि क्षेत्रमा औद्योगिकीकरण हुन सकेको छैन । कृषि व्यवसायमा युवा वर्गको घट्दो आकर्षण र वैदेशिक रोजगारीका अवसरका कारण कृषि क्षेत्रमा भइरहेको श्रम शक्तिको अभाव लगायतका समस्या हटाउन र महिलाको अत्यधिक र कष्टप्रद श्रमभार रहेको यस क्षेत्रमा महिलाको श्रमभार घटाई अन्य उत्पादनशील कार्यमा लगाउन कृषि यन्त्रहरूको प्रयोगलाई प्रोत्साहन गर्नु अत्यावश्यक छ। निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायीकरणको माध्यमबाट प्रतिस्पर्धात्मक प्रणालीमा रूपान्तरण गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न र खाद्य सुरक्षा सुनिश्चित गर्न समेत कृषि यान्त्रीकरण[२*] को आवश्यकता पर्दछ । कृषि यान्त्रीकरणद्वारा कृषिजन्य वस्तुको उत्पादकत्व बढ्ने, लागत न्यूनीकरण हुने, उत्पादित वस्तुको गुणस्तर कायम राख्न सघाउ पुग्ने र औद्योगिकीकरणको गतिमा तीव्रता थपिनेछ । यसका साथै कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्र र युवा वर्गको आकर्षण बढाउन समेत यसले सघाउ पुऱ्याउनेछ ।

कृषि व्यवसायको आधुनिकीकरण गर्दै कृषि व्यावसायीकरणलाई दिशानिर्देश गर्न तथा यस क्षेत्रको औद्योगिकीकरण गर्नेतर्फ दिगो रूपमा गति दिनको लागि ठोस नीतिको आवश्यकता महसुस गरिएको हुँदा र नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लिखित "राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश नागरिकको आर्थिक उन्नती हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगको रूपमा विकास गर्ने" राज्यको नीतिको प्रावधानको कार्यान्वयन गर्नाको साथै राष्ट्रिय कृषि नीति, २०६१ एवम् कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ का व्यवस्था समेतलाई मध्यनजर गरी नेपाल सरकारले कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१ जारी गरेको छ ।

## २. विगतका प्रयासहरू

कृषि विकास मन्त्रालयअन्तर्गत वि.सं. २०१० सालमा कृषि इन्जिनियरिङ्ग इकाईको स्थापना भए पश्चात सरकारी कृषि तथा पशु विकास फार्महरूको लागि आधुनिक कृषि औजारहरू भित्र्याउने र परीक्षण गर्ने काम सुरु भयो । वि.सं. २०१६ सालमा तराईको लागि कृषि औजारहरूको अनुसन्धान तथा प्रवर्द्धन गर्नको लागि पर्सा जिल्लाको रानीघाट, वीरगन्जमा कृषि औजार अनुसन्धान इकाई स्थापना भयो । कृषि औजार अनुसन्धान इकाईबाट फलामे हलो र धान चुट्ने थ्रेसरको विकास र प्रवर्द्धन गर्नमा उल्लेख्य योगदान पुऱ्यायो । त्यसैगरी वि.सं. २०२१ सालमा तत्कालीन सोभियत युनियन सरकारको सहयोगमा वीरगञ्जमा कृषि औजार कारखाना स्थापना भयो । यस कारखानाबाट गुणस्तरीय फलामे हलो, पेडल थ्रेसर, मकै छोडाउने मेसिन, ह्वील व्यारो, गहुँ चुट्ने थ्रेसर, पम्पसेट, ट्रेक्टर/ट्रेलरहरूको उत्पादन भए। देशका विभिन्न स्थानमा बिक्री डिपो र डिलरहरूको व्यवस्था गरी यी औजार, यन्त्रहरूको आपूर्ति र वितरण थालियो । यसले कृषिमा यान्त्रीकरण सुरुआत गर्न ठूलो योगदान पुऱ्यायो ।

वि.सं. २०२७ सालमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट फलफूल प्रशोधन गर्ने पाइलट प्लाण्ट स्थापना भई कार्य सञ्चालन भयो । वि.सं. २०२८ सालमा जापान सरकार (JICA) को सहयोगमा जनकपुर कृषि

*१** *कृषि शव्दले बाली, बागवानी, पशुपन्छी, माछा आदि कृषिका सबै क्षेत्र (Sector) सँग सम्बद्ध उत्पादन, उद्योग एवम् व्यवसायहरूलाई जनाउँछ।*

*२** *बाली वस्तुको उत्पादनको तयारी, उत्पादन, फार्म स्तरमा उत्पादनोपरान्त गरिने प्रशोधन, भण्डारण र ढुवानी कार्यमा कृषि औजार/उपकरण/मेसिनको उपयोगलाई कृषि यान्त्रीकरण भनिन्छ। कृषिमा प्रयोग हुने श्रम र सामाग्रीको दक्षता अभिवृद्धि भई झंझटिलो कृषि कर्मलाई सरल र सजिलो वनाई कृषिको उत्पादन अभिवृद्धि गर्न र उत्पादन लागत घटाउन कृषि यान्त्रीकरणले सहयोग पुऱ्याउछ । कृषि यान्त्रिकरणमा मुख्य तीन किसिमका शक्तिचालित (मानव शक्ति, पशु शक्ति र यान्त्रिक शक्ति) प्रयोग गरिन्छ । कृषि यान्त्रिकरणले कृषि यन्त्रको अनुसन्धान तथा विकास, उत्पादन वितरण, मर्मत संभार, व्यवस्थापन र उपयोग गर्न गरिने सम्पूर्ण कार्यसूची समेट्छ ।*

विकास आयोजना स्थापना गरी सोमार्फत डीप ट्यूववेल, पावर टिलर र आधुनिक कृषि औजारको प्रवर्द्धन गर्ने कार्य सुरु भयो । त्यसैगरी २०३० को दशकमा कृषि विकास बैंकले ट्रेक्टर र पम्पसेटमा प्राथमिकताका साथ कर्जा प्रवाह गरी कृषि यान्त्रीकरणमा योगदान पुऱ्यायो । पशु विकास फार्महरूमा यान्त्रीकरण गर्ने सिलसिलामा जर्मन सहयोग नियोग (GTZ) को सहयोगमा पशु विकास फार्म, पोखरामा फोरेज हार्भेष्टर, इन्कुवेटर, ह्याचर, साइलेज बनाउन प्रयोग गरिने उपकरणहरू आदिको प्रयोग सुरु भयो भने दोलखा जिल्लास्थित जिरी फार्ममा पनि स्वीस सरकारको सहयोगमा केही मेसिनरी औजारहरू प्रयोगमा आए ।

वि.सं. २०४८ साल देखि नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत रहेको कृषि इन्जिनियरिङ्ग महाशाखाले विभिन्न किसिमका कृषि यन्त्र तथा उपकरणहरूको परीक्षण र विकास गर्दै आएकोछ। साथै, वि.सं. २०६१ सालमा कृषि विभागअन्तर्गत स्थापित कृषि इन्जिनियरिङ्ग निर्देशनालयले कृषि यन्त्रहरूको प्रवर्द्धनात्मक प्रचार, प्रसार तथा तालिम कार्यक्रमर अन्यसेवा पुऱ्याउँदै आएको छ ।

## ३. वर्तमान स्थिति

मुलुकको कृषि क्षेत्रमा मुख्यतया परम्परागत हाते यन्त्र र जमिन तयार गर्न पशुद्वारा सञ्चालित काठे हलोमा नै निर्भर भएको पाइन्छ । समयको माग, सरकारी निकायको प्रयास र निजी क्षेत्रको लगानीको कारणले नेपालको तराई एवम् केही पहाडी उपत्यकाहरूमा कृषि यान्त्रीकरणले गति लिन थालेको छ । यी क्षेत्रहरूमा फलामे हलो, ट्रेक्टर, पावर टिलर, पम्पसेट, स्प्रेयर, धान/गहुँ चुट्ने थ्रेसर, धान कुट्ने/पिस्नेमिल, तेल पेल्ने मिल, ढुवानीको लागि ट्रेलर आदिको बढ्दो प्रयोग भएको पाइन्छ ।

पशुपालनतर्फ, विशेष गरी व्यावसायिक गाईभैंसी फार्महरू, कुखुरापालन, चल्ला उत्पादन, दाना उत्पादन, दुग्ध प्रशोधन तथा दुग्धजन्य पदार्थको विविधीकरणमा यन्त्रको प्रयोग बढ्दो छ । कृत्रिम गर्भाधान कार्यको लागि आवश्यक पर्ने तरल नाइट्रोजनको उत्पादन तथा वितरण, वीर्य सङ्कलन तथा प्रशोधन गर्ने कार्यका लागि स्वचालित तथा कम्प्युटर जडित उपकरणहरूको प्रयोग पोखरास्थित राष्ट्रिय पशु प्रजनन् केन्द्रमा भइरहेको छ । त्यसैगरी मत्स्यपालनका क्षेत्रमा पनि पानीको गुणस्तर परीक्षण गर्न, माछा समात्न, रोग परीक्षण गर्न, दाना प्रयोग गर्न र माछा ढुवानी तथा भण्डारण गर्न विभिन्न किसिमका उपकरणहरूको प्रयोग हुँदै आएको छ ।

हाल तराईका जिल्ला र केही पहाडी उपत्यकामा कृषि यन्त्र तथा उपकरण सेवा भाडामा दिने प्रचलन सुरु भएको छ । तराईका केही जिल्लाहरूमा कम्बाइन हार्भेस्टरको सफल प्रयोग, धान रोप्ने मेसिनको सुरुआत भएको छ । जिरो टिलेज सिड ड्रिलले गहुँ छर्ने प्रविधिको अनुसरण विस्तार हुँदैछ । पहाडी जिल्लाहरूमा मिनी टिलर प्रविधि प्रति कृषकको आकर्षण बढ्दो छ । ग्राभीटी रोपवे प्रविधिको सफल अनुसरण र सुधारिएको घट्टको बहुउपयोग हुन थालेको छ । यसैगरी देशका विभिन्न स्थानमा खोलिएका दुग्धजन्य व्यवसायमा संलग्न कृषक समूह, समिति र सहकारीहरूले साना तथा मझौलास्तरका डेरीहरू स्थापना गरी यी डेरीहरूमा चिस्यान केन्द्रको स्थापना, ल्याक्टोमेसिन, क्रिम सेपरेटर, आइसक्रिम बनाउने मेसिन, गर्वर सेन्ट्रिफ्युज तथा व्युटाइरोमिटर, दूध दुहुने मेसिनजस्ता उपकरणहरूको प्रयोग दिनानुदिन बढ्दै गइरहेको छ । कृषि विकास मन्त्रालय अन्तर्गत र सम्बद्ध निकाय तथा आयोजनाहरूले आ-आफ्नो सीमित स्रोत साधन र कार्यक्रमबाट यन्त्र तथा उपकरण सम्बन्धी प्रविधि विकास, प्रसार र सेवाका साथै कृषकलाई सहुलियत/अनुदान उपलब्ध गराउँदै आएका छन् । यद्यपि, उपयुक्त कृषि यान्त्रीकरणको लागि स्पष्ट नीतिगत व्यवस्थाको अभावले देशमा कृषि यान्त्रीकरणले स्पष्ट र सुनिश्चित गति लिन सकेको छैन ।

## ४. समस्या तथा चुनौती

### ४.१ कृषि यान्त्रीकरण क्षेत्रका समस्याहरू

**देशको कृषि यान्त्रीकरणमा देहाय बमोजिम का समस्याहरू रहेका छन्:**

(क) उपयुक्त र गुणस्तरीय कृषि यन्त्र तथा उपकरणका सम्बन्धमा कृषक र उद्यमी वर्गमा पर्याप्त ज्ञान नभएको र यन्त्र तथा उपकरणहरूमा उद्यमी व्यवसायी र कृषकहरूको पहुँच नपुगेको ।

(ख) खेतीयोग्य जमिन खण्डीकरण भइरहेको अवस्थामा साना किसानका लागि उपयुक्त कृषि यन्त्रको पहिचान र विकास हुन नसकेको ।
(ग) देशका अधिकांश भू-भाग पहाडी र विकट भएकाले कृषि क्षेत्रमा यान्त्रीकरण गर्न कठिनाइ परेको ।
(घ) ग्रामीण पूर्वाधारको अभाव, उर्जा सङ्कट आदिका कारण कृषि यान्त्रीकरणमा बाधा परेको ।
(ङ) परम्परागत आरन चलाउने समुदायको सीपको व्यावसायीकरण हुन नसकी लोप हुने अवस्थामा पुगेकाले किसानहरू तिनका सेवा पाउनबाट वञ्चित भएको ।
(च) उपयुक्त नीतिको अभावले देशभित्र यन्त्र तथा उपकरणको कारखाना नभएको र आयातित भन्दा देशभित्र निर्माण हुने कृषि उपकरणहरू महँगो हुने गरेको ।
(छ) हाल विदेशबाट आयातित यन्त्र तथा उपकरणमा निर्भर हुन परिरहेकोले मर्मत सम्भार सेवा र पार्ट पुर्जा सरल र सुलभ नभएको ।
(ज) कृषि यन्त्र तथा उपकरणको अनुसन्धान, विकास, प्रसार तथा नियमनका लागि संस्थागत संरचना र कार्यक्रम पर्याप्त नभएको ।
(झ) सुलभ कर्जा प्रवाहमा कठिनाइ तथा लगानी मैत्री वातावरण नभएको ।
(ञ) कृषि यान्त्रीकरण सम्बन्धी अनुसन्धान तथा प्रवर्द्धनको लागि दक्ष/अर्धदक्ष जनशक्ति पर्याप्त नभएको ।
(ट) कृषि प्रयोजनका विभिन्न यन्त्रहरू अन्य कार्यमा प्रयोग हुने गरेको ।

### ४.२ कृषि यान्त्रीकरण क्षेत्रका चुनौतीहरू

**देशको कृषि यान्त्रीकरणमा देहाय बमोजिम का चुनौतीहरू रहेका छन्:**

(क) निर्वाहमुखी कृषि र जमिनमा कृषकको स्वामित्व कम हुनु ।
(ख) सडक, विद्युत् र सञ्चार सेवामा पहुँच कम हुनु ।
(ग) पहाडी तथा दुर्गम भू-भागमा यान्त्रीकरण गर्न कठिनाइ हुनु ।
(घ) छरिएर रहेको कृषक बस्ती, विभिन्न पशुपालन, विभिन्न बाली र मौसम अनुसार मेल खाने खालका यान्त्रीकरण गर्न कठिनाइ हुनु
(ङ) इन्धनको आपूर्ति र मूल्यमा अस्थिरता हुनु ।

## ५. कृषि यान्त्रीकरण प्रवर्द्धन नीतिको आवश्यकता

युवा जनशक्तिको पलायन, कृषि श्रमिकको कमी र अधिक उत्पादन लागतको कारणले मुलुकको कृषि व्यावसायीकरण हुन नसकेको हालको अवस्थामा उपयुक्त कृषि यान्त्रीकरणको माध्यमबाट कृषि पेसालाई प्रतिष्ठित उद्यमको रूपमा विकास गरी कृषि व्यवसायको विकास एवम् विस्तारद्वारा कृषकहरूको जीवनस्तरमा सुधार ल्याई गरिबी न्यूनीकरण तथा दिगो आर्थिक विकासमा योगदान पुऱ्याउन कृषि यान्त्रीकरण प्रवर्द्धन नीतिको आवश्यकता महसुस गरिएको छ । यो नीतिले देहायका कार्यहरूमा योगदान पुऱ्याउनेछ ।

(क) विभिन्न भौगोलिक स्थान सुहाउँदो प्रविधि पहिचान, अनुसन्धान, विकास तथा विस्तार गरी कृषि यान्त्रीकरणमा कृषक तथा उद्यमीको पहुँच वृद्धि गर्न ।
(ख) यान्त्रीकरण सम्बन्धी अनुदान, सहयोग, लगानी तथा सुविधा सम्बन्धमा स्पष्ट व्यवस्था गर्न ।
(ग) सरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्य बढाउन ।
(घ) महिलाहरूको अत्यधिक र कष्टकर श्रमभार घटाई उक्त समय उत्पादनशील कार्यमा लगाउन ।
(ङ) युवा जनशक्तिलाई यस क्षेत्रमा आकर्षित गरी रोजगारीको अवसर सिर्जना गर्न ।
(च) श्रमशक्तिको दक्षता अभिवृद्धिबाट उत्पादन लागत घटाउँदै कृषिमा व्यावसायीकरण तथा औद्योगिकीकरण गर्न योगदान पुऱ्याउन ।
(छ) नेपाल सरकारबाट जारी गरिएका विभिन्न नीतिहरूमा छरिएर रहेका कृषि यान्त्रीकरण सम्बन्धी व्यवस्थाहरूलाई एकरूपतामा ल्याउन ।

## ६. परिदृष्टि (Vision)

विद्यमान कृषि प्रणालीमा कृषि यान्त्रीकरणको माध्यमबाट आधुनिकीकरण एवम् व्यावसायीकरण गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याउने ।

## ७. परिलक्ष्य (Mission)

कृषि यान्त्रीकरणको माध्यमबाट कृषि व्यवसायको आधुनिकीकरण गर्दै दिगो आर्थिक विकास गर्ने ।

## ८. लक्ष्य (Goal)

कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न र त्यसलाई दिगो र प्रतिस्पर्धी बनाउन कृषि यन्त्र तथा उपकरणको अनुसन्धान, अनुसरण, विकास, प्रयोग, विस्तार एवम् प्रवर्द्धन गर्ने ।

## ९. उद्देश्य (Objectives)

**यस नीतिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:**

९.१. मुलुकको आर्थिक एवम् भौगोलिक अवस्था सुहाउँदो कृषि यान्त्रीकरणको माध्यमबाट उत्पादकत्व वृद्धि गरी कृषि व्यवसायलाई दिगो, प्रतिस्पर्धी र व्यावसायिक बनाउने ।

९.२. सरकारी, निजी तथा सहकारी क्षेत्रको सहकार्यबाट कृषि यान्त्रीकरण सम्बन्धी सेवा तथा व्यवसायमा अभिवृद्धि गरी कृषियन्त्र तथा उपकरणहरूमा कृषक/उद्यमीहरूको पहुँच विस्तार गर्ने ।

९.३. महिला तथा वातावरणमैत्री कृषियन्त्र तथा उपकरणहरूको पहिचान तथा प्रवर्द्धन गर्ने ।

९.४. कृषि यान्त्रीकरणको लागि संस्थागत संरचना विकास गर्नुका साथै कृषि यन्त्र तथा उपकरणहरूको गुणस्तर निर्धारण, नियमन, अनुगमन एवम् प्रवर्द्धन गर्ने ।

## १०. नीति र कार्यनीति

यी उद्देश्यहरू परिपूर्ति गर्न देहाय बमोजिम का नीति र कार्यनीतिहरू रहेका छन् -

**उद्देश्य १. मुलुकको आर्थिक एवम् भौगोलिक अवस्था सुहाउँदो कृषि यान्त्रीकरणको माध्यमबाट उत्पादकत्व वृद्धि गरी कृषि पेसालाई दिगो, प्रतिस्पर्धी र व्यावसायिक बनाउने।**

१०.१.१ विभिन्न भू-धरातल अनुकूल र आम कृषकहरूको पहुँचमा पुग्नसक्ने उपयुक्त खालका कृषि यन्त्र तथा उपकरणको पहिचान, अनुसन्धान, विकास तथा प्रवर्द्धन गरिनेछ ।

१०.१.२ अनुसन्धानबाट पहिचान र विकास भएका एवम् अन्य उपयुक्त यन्त्र तथा उपकरणहरूको प्रवर्द्धन गर्न तालिम, प्रदर्शन, कृषि यन्त्र मेला प्रदर्शनीको साथै सञ्चार माध्यमको प्रयोग गरिनेछ ।

१०.१.३ परम्परागत रूपमा प्रयोग हुँदै आएका कृषि औजारहरूको अभिलेखीकरण, संरक्षण तथा अनुसन्धानबाट परिमार्जन र विकास गर्दै प्रवर्द्धन र प्रोत्साहनमा जोड दिइनेछ ।

१०.१.४ तराई क्षेत्रका लागि उपयोगी हुने यान्त्रिक शक्तिबाट सञ्चालित मेसिन औजारहरूको प्रवर्द्धन र प्रोत्साहनमा जोड दिइनेछ ।

१०.१.५ यन्त्र तथा उपकरण उत्पादन र सेवा दिने आरन लगायतका परम्परागत पेसालाई आधुनिकीकरण र व्यावसायीकरण गर्न टेवा पुऱ्याइनेछ ।

१०.१.६ उपयुक्त कृषि यन्त्र तथा उपकरणहरूको पहिचान, अनुसन्धान, उत्पादन, विकास र सेवा प्रवाहमा निजी क्षेत्रको संलग्नतालाई जोड दिइनेछ ।

१०.१.७ कृषि यान्त्रीकरणको माध्यमबाट कृषि उत्पादकत्व वृद्धि, स्थानीय रोजगारी सिर्जना, परम्परागत प्रविधि प्रवर्द्धन/संरक्षण र नवीनतम् खोज र अनुसन्धानका साथै स्थानीयस्तरमा कृषि यान्त्रीकरण सम्बन्धी सचेतना प्रवर्द्धनमा स्थानीय निकायको सहभागिता र सहकार्यमा जोड दिइनेछ ।

१०.१.८ कृषि बालीहरूको उत्पादनका लागि खन जोत, जमिनको तयारी, मल बीउ छर्ने, बेर्ना रोप्ने, गोड मेल, बाली संरक्षण, सिँचाइ तथा कृषिजन्य उपजको कटानी, सङ्कलन, भण्डारण, ढुवानी, फार्मस्तरमा गरिने ग्रेडिंग, प्याकेजिंग, लेवलिंग, सफाई, सञ्चयन, फार्मस्तरमा उत्पादनोपरान्त गरिने प्रशोधनका लागि उपयुक्त खालका उपकरणको प्रयोगलाई विस्तार गरिनेछ । त्यसैगरी पशुपन्छीपालन, मत्स्यपालन, व्यावसायिक कीटपालन (मौरी, रेशम ईत्यादी), च्याउको उत्पादन,

भण्डारण, सङ्कलन, ढुवानी, फार्मस्तरमा उत्पादनोपरान्त गरिने ग्रेडिंग, प्याकेजिंग, लेवलिंग, सफाई, सञ्चयन, फार्मस्तरमा उत्पादनोपरान्त गरिने प्रशोधन लागि उपयुक्त खालका उपकरणको प्रयोगलाई विस्तार गरिनेछ ।

१०.१.९ कृषि व्यवसाय सम्बद्ध कार्यहरूका लागि नियमित उर्जा आपूर्तिमा प्राथमिकता दिने र उर्जाको मूल्य/शुल्कमा सहुलियत दिइनेछ ।

१०.१.१० नेपाल सरकारले प्रोत्साहन गर्न तोकिएका कृषि यन्त्र तथा उपकरण खरिद गर्दा पुँजीगत अनुदान उपलब्ध गराईने छ ।

१०.१.११ कृषि यन्त्र तथा उपकरणमा कृषकहरूको पहुँच बढाउन कृषक समूह, कृषि तथा पशुसेवामा आबद्ध सहकारी र गैर सरकारी संस्था परिचालन गरिनेछ ।

१०.१.१२ कृषि यन्त्रहरूमा सीमान्तकृत कृषकहरूको पहुँच बढाउन निश्चित अवधिका लागि समूहगत/ व्यक्तिगत रूपमा सरल ब्याजदर र बिना धितोमा ऋण वा अनुदानको व्यवस्था गरिनुका साथै सहकारी/निजी क्षेत्रमार्फत कृषि यन्त्र तथा उपकरण भाडामा लिने दिने व्यवस्थाको पनि विकास गरिनेछ ।

१०.१.१३ कृषि यन्त्र तथा उपकरण सञ्चालक (Machine Operator) को बीमा गर्ने र बीमा प्रिमियममा सहुलियत दिइनेछ ।

१०.१.१४ बायोग्याँस, सौर्यशक्ति जस्ता नवीकरणीय र वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१०.१.१५ नवीन (Innovative) तथा अनुकरणीय खालकायन्त्रहरू विकास गर्ने वा प्रयोगमा ल्याउने कृषक, व्यवसायी, अनुसन्धानकर्ता वा प्रसारकर्तालाई प्रोत्साहन स्वरूप पुरस्कृत गरिनेछ ।

१०.१.१६ निश्चित क्षेत्रफलभन्दा बढीमा व्यावसायिक कृषि खेती गर्ने वा जमिन एकीकरण (Land consolidation) गरी निश्चित क्षेत्रफलभन्दा बढीमा सामूहिक खेती गर्ने वा निश्चित सङ्ख्याभन्दा बढी पशुपालन गर्ने कृषक, कृषक समूह, कृषि सहकारीलाई प्रोत्साहनस्वरूप तोकिएका कृषि यन्त्र तथा उपकरणहरू खरिदमा निश्चित अवधिका लागि सरल ब्याजदरमा ऋण वा अनुदानको व्यवस्था गरिनेछ ।

१०.१.१७ पशु शक्तिको दक्षता अभिवृद्धि गर्ने उपकरणको पहिचान, अनुसन्धान र विकास गरी प्रवर्द्धन गरिनेछ।

१०.१.१८ बहुउपयोगी (Multi-purpose) यन्त्र तथा उपकरणहरूको पहिचान, प्रवर्द्धन गरी तिनका उपयोगमा कृषकहरूको पहुँच अभिवृद्धि गरिनेछ ।

**उद्देश्य २. सरकारी, निजी तथा सहकारी क्षेत्रको सहकार्यबाट कृषि यान्त्रीकरण सम्बन्धी सेवा तथा व्यवसायमा अभिवृद्धि गरी कृषि क्षेत्रमा प्रयोग हुने यन्त्र तथा उपकरणहरूमा कृषक/ उद्यमीहरूको पहुँच विस्तार गर्ने।**

१०.२.१ कृषि यन्त्र तथा उपकरणहरूको पहिचान, उत्पादन, व्यापार, सेवा तथा विस्तारमा निजी तथा सहकारी क्षेत्रलाई सहभागी गराउने साथै यसमा सरकारी-निजी साझेदारी (Public-Private Partnership) को अवधारणालाई प्रोत्साहन गरिनेछ ।

१०.२.२ कृषि विकासका लागि उपयुक्त तथा आवश्यक कृषि यन्त्र तथा उपकरणहरूको आयात प्रतिस्थापन गर्न, स्थानीय सीप विकास गरी रोजगारी वृद्धि गर्न स्वदेशमै कृषि औजार, यन्त्र तथा उपकरण उत्पादन गर्ने घरेलु कारखाना वा ठूला कृषि यन्त्र कारखाना स्थापना गर्न सहकारी/निजी क्षेत्रका साथै स्वदेशी साझेदारीमा विदेशी प्रविधि र लगानी भित्र्याउन प्रोत्साहन गरिनेछ ।

१०.२.३ कृषि यन्त्र तथा उपकरण उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ आयात गर्दा लागेको भन्सार तथा मूल्य अभिवृद्धि कर शोध भर्ना र देशभित्र उत्पादित यन्त्र तथा उपकरणहरूमा मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क छुटको सुविधा दिइनेछ ।

१०.२.४ कृषि व्यवसायका लागि यन्त्र तथा उपकरणहरू, पार्टपुर्जाहरू स्वदेश मै उत्पादन गर्ने कृषि यन्त्र कारखानालाई निश्चित अवधिसम्म आयकरमा छुटको सुविधा दिइनेछ ।

१०.२.५ कृषक, कृषक समूह वा कृषि सहकारीले सम्बन्धित निकायको सिफारिसमा कृषि यन्त्र तथा उपकरण खरिद/आयात गर्दा उपकरणलाई नै धितो राखी वित्तीय संस्था मार्फत सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराइनेछ ।

१०.२.६ कृषक, कृषक समूह वा कृषि सहकारीले सम्बन्धित निकायको सिफारिसमा कृषि उपजहरू ढुवानीका साधन खरिद वा आयात गर्दा मूल्य अभिवृद्धि कर छुट तथा भन्सार छुट उपलब्ध गराइनेछ ।

१०.२.७ सरकारी पूर्ण लगानी र साझेदारीमा निर्माण गरिने विभिन्न पशुपन्छी लगायतका वधशाला, वधस्थल तथा सङ्कलन स्थल र बजार केन्द्रहरूमा उपयुक्त यन्त्रको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

१०.२.८ निजी उद्यमी, कृषक, कृषक समूह वा कृषक सहकारीले भाडामा कृषि यन्त्रको सेवा उपलब्ध गराउनको लागि तिनका खरिद वा आयात गर्दा मूल्य अभिवृद्धि कर र भन्सार छुट तथा कर्जामा सहुलियत ब्याज सुविधा प्रदान गरिनेछ ।

१०.२.९ प्रत्येक विकास क्षेत्रहरूमा आधुनिक कृषि यन्त्र कार्यशाला स्थापना, सुधार, अनुसन्धान, विकास र यन्त्र सञ्चालन र मर्मत सम्भार सम्बन्धी तालिम दिन सक्ने कृषि यन्त्र स्रोत तथा सेवा केन्द्र व्यवस्था गरी कृषि यन्त्र प्रयोग सम्बन्धी सेवा प्रदान गर्ने र यस कार्यका लागि सहकारी, निजी तथा सामुदायिक क्षेत्रको सहभागिता समेत आकर्षित गरिनेछ ।

१०.२.१० जिल्लास्तरमा कृषि यन्त्र उत्पादन, वितरण तथा मर्मत सम्भार केन्द्र स्थापना गर्न उचित वातावरण सिर्जना गरिनेछ ।

१०.२.११ कृषि यन्त्रहरूको सेवा भाडा निर्धारण गर्न निम्न अनुसार कृषि यन्त्रहरूको सेवा भाडा निर्धारण समिति हुनेछ ।

क) जिल्ला कृषि विकास कार्यालयको वरिष्ठ कृषि विकास अधिकृत-संयोजक
ख) जिल्ला पशुसेवा कार्यालयको अधिकृत प्रतिनिधि
ग) जिल्ला उद्योग वाणिज्य सङ्घ प्रतिनिधि
घ) संयोजकले तोकेको किसान प्रतिनिधि
ङ) सेवाप्रदायकको प्रतिनिधि
च) जल्ला विकास समितिले तोकेको प्राविधिक अधिकृत प्रतिनिधि

उक्त समितिले भाडा दर निर्धारण गरी जिल्ला दर रेट निर्धारण समितिबाट स्वीकृत गराई मात्र लागु हुने व्यवस्था गरिनेछ । समितिमा मनोनीत सदस्यहरूको पदावधि एक वर्षको रहनेछ ।

१०.२.१२ साना हाते ट्रेक्टर र कम अश्वशक्तिका चार पांग्रे ट्रेक्टर र त्यसमा प्रयोग हुने यन्त्रमा मूल्य अभिवृद्धि करमा छुट, भन्सार छुट र अनुदान दिई प्रोत्साहन गरिनेछ ।

१०.२.१३ कृषि कार्यका लागि प्रयोग हुने सहुलियतमा उपलब्ध गराइएको ट्रेक्टर-ट्रेलर तथा अन्य ढुवानीका साधनहरूलाई अलग पहिचानको रजिष्ट्रेशन नम्बर (Number Plate) व्यवस्था गरिनेछ ।

१०.२.१४ कृषि यन्त्र उत्पादन, खरिद र आयात गर्दा सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउने र कर्जा प्रक्रिया र छुट सुविधा पाउने व्यवस्था सरलीकृत गरिनेछ ।

१०.२.१५ कृषि यन्त्रहरू आयात गर्दा उत्पादक देशको आधिकारिक निकायबाट प्रमाणीकरण भएको वा नेपालमा आधिकारिक निकायबाट परीक्षण तथा प्रमाणीकरण गरेको यन्त्रलाई मात्र अनुदान सुविधा उपलब्ध गराइनेछ ।

१०.२.१६ क्षमता र मूल्य अनुसारको सानो/ठूलो ट्रेक्टर, पावर टिलर, दूध ढुवानी ट्याङ्कर, माछा मासु बोक्ने रेफ्रिजेरेटर भ्यान जस्ता यन्त्रहरूमा लाग्ने वार्षिक नवीकरण शुल्क र तेस्रो पक्ष बीमा फरक फरक गरिनेछ ।

**उद्देश्य ३. महिला तथा वातावरणमैत्री कृषि यन्त्रहरूको पहिचान तथा प्रवर्द्धन गर्ने।**

१०.३.१ वातावरण मैत्री र इन्धन किफायती यन्त्रको विस्तारमा बढावा दिइनेछ ।

१०.३.२ दिगो कृषि र स्रोत संरक्षण प्रविधिका लागि उपयोगी हुने प्रविधि र यन्त्रलाई बढावा दिइनेछ ।

१०.३.३ महिलाहरूको कार्यबोझ र कष्टकर श्रम घटाउने खालका यन्त्रहरूको प्रयोग र विस्तारमा जोड दिइनेछ।

१०.३.४ कृषकस्तरमा प्राङ्गारिक मल र प्राङ्गारिक तथा जैविक विषादी उत्पादन गर्न प्रयोग हुने र एकीकृत शत्रुजीव व्यवस्थापन (IPM), एकीकृत खाद्यतत्व व्यवस्थापन (INM), असल पशु चिकित्सा अभ्यास (GVP), असल पशुपालन अभ्यास (GLP), असल कृषि अभ्यास (GAP), असल मत्स्यपालन अभ्यासका लागि उपयोगी हुने खालका यन्त्रहरूको प्रवर्द्धन गरिनेछ ।

१०.३.६ उपयुक्त कृषि यान्त्रीकरणको प्रवर्द्धनमा प्रचलित सामग्रीको साथै सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ।

**उद्देश्य ४. कृषि यान्त्रीकरण प्रवर्द्धनको लागि संस्थागत संरचना विकास गर्नुका साथै कृषि यन्त्रहरूको गुणस्तर निर्धारण, नियमन, अनुगमन एवम् प्रवर्द्धन गर्ने।**

१०.४.१ कृषि व्यवसायमा प्रयोग हुने उपयुक्त यन्त्रहरूको पहिचान, अनुसन्धान, विकास तथा विस्तारका लागि पर्याप्त जनशक्ति विकास गरिनेछ।

१०.४.२ कृषि यान्त्रीकरणको सम्बन्धमा न्यून अवस्थामा रहेको दक्ष प्राविधिकको आपूर्ति सुनिश्चित गर्न कृषि इन्जिनियरिङ्ग शिक्षण प्रशिक्षण/संस्थाहरूको क्षमता विकास गर्ने, साथै कृषि यान्त्रीकरणमा आवश्यक मध्यमस्तरको जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लगायतका शिक्षण तथा प्रशिक्षण संस्थाहरूलाई प्रोत्साहन गरिनेछ।

१०.४.३ कृषि यन्त्रहरूको मर्मत सम्भारका लागि पर्याप्त मात्रामा मध्यम वर्गीय जनशक्ति उपलब्ध गराउन कृषक र व्यवसायीलाई आवश्यकता अनुरूप विभिन्नस्तरका तालिमको व्यवस्था गरिनेछ।

१०.४.४ माध्यमिक र उच्च माध्यमिकस्तरको व्यावसायिक शिक्षामा कृषि इन्जिनियरिङ्गको पाठ्यक्रम समावेश गर्न प्रोत्साहन गरिनेछ।

१०.४.५ कृषकहरूलाई कृषि यन्त्रको सञ्चालन र मर्मत सम्बन्धी अनिवार्य तालिम सम्बन्धित व्यापारी तथा उद्यमीले दिनुपर्ने व्यवस्था गरिनेछ।

१०.४.६ कृषि यन्त्रको मूल्य, गुणस्तर, क्षमता, प्रकार, मेक, मोडेल, सुरक्षित उपयोग, मर्मत सम्भार लगायतको जानकारी प्रस्ट रूपमा नेपाली भाषामा प्रदान गर्ने र स्पेयर पार्टस उपलब्ध गराउने अनिवार्य जिम्मेवारी उत्पादक, आयातकर्ता तथा वितरकको हुने व्यवस्था गरिनेछ।

१०.४.७ कृषि यान्त्रीकरण सम्बन्धी प्रचारप्रसार गर्ने कार्यालयहरूमा प्राविधिक कर्मचारीको दरबन्दी थप वा मिलान गरी कृषि यान्त्रीकरण प्रसार सेवा विस्तार गरिनेछ।

१०.४.८ नेपाल कृषि अनुसन्धान परिषद्को कृषि इन्जिनियरिङ्ग महाशाखाको स्तरोन्नति गर्न प्राविधिक जनशक्ति आपूर्ति गर्ने व्यवस्था र सुविधायुक्त अनुसन्धान कार्यशालाको स्थापना र विस्तार गरिनेछ। उच्च पहाडी, मध्य पहाडी र मध्य पश्चिम तराई क्षेत्रमा कृषि यन्त्र अनुसन्धान केन्द्रको स्थापनाको साथै कृषि औजार अनुसन्धान केन्द्र रानीघाटको क्षमता विकास गरिनेछ।

१०.४.९ नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विभाग र पशुसेवा विभाग अन्तर्गतका फार्महरूमा उपयुक्त कृषि यन्त्रहरूको प्रयोग गरी कृषकलाई सो को उपयोग र फाइदाबारे जानकारी प्रदान गरिनेछ।

१०.४.१० नेपाल सरकारबाट अनुदान प्रदान गरिने यन्त्रहरूको गुणस्तर निर्धारणका लागि कृषि इन्जिनियरिङ्ग निर्देशनालय र कृषि इन्जिनियरिङ्ग महाशाखाका प्रतिनिधि रहने समिति गठन गरी लागु गरिनेछ।

१०.४.११ अनुसन्धानका क्रममा परीक्षण गरिएका नतिजाहरू र खुल्ला बजारमा उपलब्ध यन्त्रहरूको नमुना सङ्कलन गरी परीक्षण गरिएका नतिजाहरू, जस्तै किफायती, प्रभावकारिता, सुरक्षा (प्रयोगकर्ता, उपभोक्ता र वातावरणको लागि) आदि सार्वजनिक गरिनेछ।

१०.४.१२ अनाधिकृत रूपमा वितरण हुने अनुपयुक्त तथा गुणस्तरहीन कृषि औजार, यन्त्रहरूलाई निरुत्साहित गराउन वितरक र उपभोक्ताहरूलाई जागरूक गराइनुको साथै प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ।

१०.४.१३ परम्परागत र स्वदेशी कृषि यन्त्र र प्रविधिको उत्पादन/प्रयोगको बौद्धिक सम्पति अधिकार (Intellectual Property Right) को सुरक्षाको व्यवस्था गरिनेछ।

## ११. संस्थागत संरचना

११.१ यो नीति र यस नीति बमोजिम कार्यक्रमको समन्वय र प्राविधिक सहयोग गर्न कृषि विभाग अन्तर्गत रहेको कृषि इन्जिनियरिङ्ग निर्देशनालयलाई कृषि विकास मन्त्रालय अन्तर्गत छुट्टै केन्द्रीयस्तरको कार्यालयको रूपमा स्थापना गरिनेछ।

११.२ क्षेत्रीयस्तरमा सेवा टेवा पुर्‍याउन कृषि इन्जिनियरिङ्ग निर्देशनालय मातहतमा कार्यालयहरू स्थापना गरिनेछ।

११.३ नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको कृषि इन्जिनियरिङ्ग महाशाखालाई केन्द्रीयस्तरको कार्यालयको रूपमा स्तरोन्नति गरी कृषि यान्त्रीकरण अनुसन्धान सम्बन्धी कार्यलाई एकीकृत एवम् समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ ।

११.४ जिल्ला कृषि विकास तथा पशुसेवा कार्यालयहरूको क्षमता अभिवृद्धि गर्न कृषि इन्जिनियरिङ्ग समूहका कर्मचारीको व्यवस्था गरिनेछ ।

११.५ नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको पर्सा जिल्लास्थित कृषि औजार अनुसन्धान केन्द्र, रानीघाटको क्षमता विकास गरिनुको साथै उच्च पहाडी, मध्य पहाडी र मध्य/सुदुर पश्चिम तराईमा कृषि यन्त्र अनुसन्धान केन्द्रहरूको स्थापना गरिनेछ ।

११.६ यस नीतिको कार्यान्वयन गर्ने सम्बन्धमा नीतिगत निर्णय गर्न र नेपाल सरकारलाई समय समयमा राय सुझाव उपलब्ध गराउनुका साथै कार्यान्वयनका लागि मातहतका निकायमा निर्देशन गर्न देहाय बमोजिम को कृषि यान्त्रीकरण निर्देशक समिति रहनेछ :

| | |
|---|---|
| (क) सचिव, कृषि विकास मन्त्रालय | अध्यक्ष |
| (ख) सहसचिव, (कृषि तथा ग्रामीण विकास) राष्ट्रिय योजना आयोग | सदस्य |
| (ग) सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) सहसचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| (ङ) सहसचिव, उद्योग मन्त्रालय | सदस्य |
| (च) सहसचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| (छ) सहसचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| (ज) सहसचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| (झ) सहसचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| (ञ) सहसचिव, सिँचाइमन्त्रालय | सदस्य |
| (ट) सहसचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| (ठ) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (ड) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| (ढ) सहसचिव, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य-सचिव |

११.७ यस नीति सम्बन्धी समन्वय, प्राविधिक सल्लाह र नीतिगत निर्णयका लागि सिफारिस गर्न देहाय बमोजिम को कृषि यान्त्रीकरण प्राविधिक समिति रहनेछः

| | |
|---|---|
| (क) सहसचिव, कृषि व्यवसाय तथा प्रवर्द्धन महाशाखा, कृषि विकास मन्त्रालय | अध्यक्ष |
| (ख) महानिर्देशक, कृषि विभाग | सदस्य |
| (ग) महानिर्देशक, पशुसेवा विभाग | सदस्य |
| (घ) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| (ङ) प्रतिनिधि, केन्द्रीय कृषि सहकारी महासङ्घ | सदस्य |
| (च) प्रमुख, कृषि इन्जिनियरिङ्ग महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (छ) कार्यकारी निर्देशक, कृषि उद्यम केन्द्र | सदस्य |
| (ज) प्रतिनिधि, कृषि इन्जिनियरिङ्ग शिक्षण संस्थान | सदस्य |
| (झ) समितिले छनोट गरेको यन्त्र उत्पादक/आयातकर्ता | सदस्य |
| (ञ) समितिले छनोट गरेको सेवाप्रदायक | सदस्य |
| (ट) कार्यक्रम निर्देशक, कृषि इन्जिनियरिङ्ग निर्देशनालय, कृषि विभाग | सदस्य- सचिव |

## १२. आर्थिक पक्ष

यो नीति र यस नीति बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकारको तर्फबाट दिइने अनुदान तथा सहुलियत वार्षिक बजेट वक्तव्य मार्फत व्यवस्थित गरिनेछ । त्यसैगरी अन्य सङ्घ, संस्थाहरू, गैरसरकारी तथा निजी क्षेत्रसमेतको स्रोत साधन परिचालन हुनेगरी व्यवस्था गरिनेछ ।

**१३. कानुनी व्यवस्था**

- यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नको लागि आवश्यकता अनुसार ऐन, नियम तथा निर्देशीका, कार्यविधि वा मापदण्डहरू तर्जुमा गरिनेछ ।
- यस नीति कार्यान्वयनको सिलसिलामा नेपाल सरकारको वार्षिक आर्थिक विधेयक मार्फत केही व्यवस्थाहरू परिमार्जन गर्न सक्नेछ ।

**१४. प्रचारप्रसार, अनुगमन तथा मूल्याङ्कन**

- यस नीतिमा समावेश गरिएका विषय-वस्तुको प्रभावकारी कार्यान्वयन गर्नको लागि यान्त्रीकरणको प्रचारप्रसार लगायतका कार्यमा कृषि विकास मन्त्रालयले सम्बन्धित निकायलाई परिचालन गर्नेछ ।
- यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने तथा कार्यान्वयन गर्ने सम्बन्धी निकाय, सम्बन्धित विभाग, कृषि विकास मन्त्रालयका अतिरिक्त दफा ११.६ बमोजिमको समितिले गर्नेछ ।
- यस नीतिको प्रगति समीक्षा वार्षिक रूपमा दफा ११.६ बमोजिमको समितिले गर्नेछ ।

**१५. नीतिको परिमार्जन**

कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार यस नीतिको पुनरावलोकन गरी सिफारिस गरेमा नेपाल सरकारले संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**१६. बाधा अड्काउ फुकाउने**

यस नीतिको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता भएमा वा बाधा अड्काउ परेमा कृषि यान्त्रीकरण निर्देशक समितिले स्पष्ट पार्ने वा बाधा अड्काउ फुकाउनेछ ।

**१७. जोखिम**

कृषि विकास मन्त्रालयको मौजुदा जनशक्ति तथा विनियोजित बजेटबाट यस नीतिको कार्यान्वयन गर्न बजेट नपुग भएको अवस्थामा, अर्थ मन्त्रालयबाट वार्षिक रूपमा बजेट उपलब्ध नभएको अवस्थामा र लक्ष्य अनुरूपको सांगठनिक संरचना तयार हुन नसकेमा यस नीति कार्यान्वयनमा कठिनाइ पर्न सक्नेछ ।

# विदेशी लगानी नीति, २०७१

## १. पृष्ठभूमि

नेपालमा प्रत्यक्ष विदेशी लगानी करिब छ दशक अघिदेखि भित्रिएको भएतापनि वि.सं. २०३८ साल देखि विदेशी लगानी भित्र्याउने व्यवस्थित प्रयास भएको हो। विदेशी लगानी तथा प्रविधि सम्बन्धी ऐन, २०३८ ले यसलाई कानुनी रूप दियो। पर्याप्त विदेशी लगानी भित्र्याई नेपाललाई आकर्षक लगानी गन्तव्यको रूपमा स्थापित गर्न विभिन्न नीतिगत, संरचनागत र कानुनी सुधारका कार्यहरूको थालनी भयो। परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँगै विदेशी पुँजी, प्रविधि र व्यवस्थापकीय कौशल भित्र्याई औद्योगिकीकरणको प्रक्रियामा निजी क्षेत्रको सहभागिता वृद्धि गरी आय, रोजगारी एवम् उत्पादन वृद्धिको लागि आवश्यक आन्तरिक स्रोत र साधनको कमीलाई पूरा गर्न विदेशी लगानी र एकद्वार नीति, २०४८ जारी भयो र सो नीतिको कार्यान्वयनका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४८ लागू गरियो।

विदेशी लगानी र एकद्वार नीति, २०४८ कार्यान्वयनमा आएको बाइस वर्षको अवधिमा विदेशी लगानीको प्रवाह अपेक्षा गरे अनुरूप हुन सकेको देखिएन। यसो हुनुमा देशभित्र आधारभूत पूर्वाधारको पर्याप्त विकास नहुनु, शान्ति सुरक्षाको प्रत्याभूति हुन नसक्नु, विदेशी लगानी सम्बन्धी नीति र कानुनमा समयानुकूल आवश्यक परिमार्जन, संस्थागत संरचनामा सुधार र प्रक्रियागत सरलता र सहजीकरणको पर्याप्त व्यवस्था नहुनु नै कारण देखिए। यसै बीच विश्वव्यापीकरणको बढ्दो प्रवाहका कारण वैदेशिक लगानीका सन्दर्भमा भौगोलिक तथा अन्य सीमाहरू खुकुलिंदै गएका छन्। विश्वमा सूचना र प्रविधिको क्षेत्रमा भएको चामत्कारिक विकासले सिङ्गो विश्वलाई एउटै गाउँमा परिणत गर्दै लगेको छ। यी सबै परिवर्तित सन्दर्भलाई आत्मसात् गर्ने क्रममा नेपाललाई आकर्षक लगानी स्थलको रूपमा स्थापना गर्ने उद्देश्यका साथ नयाँ औद्योगिक नीति, २०६७ जारी भई कार्यान्वयनमा छ। नेपाल विश्व व्यापार सङ्गठन (World Trade Organization WTO) को सदस्य हुनुका साथै बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोग सम्बन्धी बंगालको खाडी अग्रसरता (Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation - BIMSTEC) तथा दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (South Asia Free Trade Agreement-SAFTA) जस्ता बहुपक्षीय एवम् क्षेत्रीय सम्झौताहरूको पक्ष राष्ट्र वनेको छ। यस्ता सङ्गठनहरूसँगको सदस्यता तथा सम्झौताहरूबाट सिर्जित दायित्व र प्रतिबद्धता, विश्व अर्थव्यवस्थामा देखापरेको परिवर्तन र मुलुकभित्र भएको राजनैतिक परिवर्तनको सन्दर्भमा समेत विदेशी लगानी र एकद्वार नीति, २०४८ मा समय सापेक्ष परिमार्जन गर्नुपर्ने वाञ्छनीय भएकाले नयाँ विदेशी लगानी नीति, २०७१ जारी गरिएको छ।

## २. विगतका प्रयास

आर्थिक उदारीकरण एवम् खुला बजार नीतिको विश्वव्यापी लहरसँगै मुलुकमा आएको राजनैतिक परिवर्तनलाई समेत आत्मसात् गरी वि.सं. २०४८ सालमा जारी गरिएका विदेशी लगानी र एकद्वार नीति, २०४८ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४८ ले मुलुकमा आर्थिक उदारीकरणलाई अङ्गीकार गर्दै लगानीमैत्री वातावरणको परिकल्पना गरेका थिए। यसै सिलसिलामा केही सीमित उद्योगहरू बाहेक समग्र उद्योग र व्यवसायका क्षेत्रमा शतप्रतिशत विदेशी लगानी खुला गर्ने जस्ता महत्त्वपूर्ण विषयहरू पनि नीतिमा समावेश गरिएका थिए। लगानी स्वीकृतिका कार्यविधिहरूलाई निश्चित समयसीमामा आवद्ध गरिएको थियो। साथै, उद्योग स्थापनाका लागि लगानीकर्ताले पूरा गर्नुपर्ने औपचारिकतालाई कम खर्चिलो तथा सरल बनाउन एकद्वार प्रणालीको व्यवस्था पनि गरिएको थियो। नेपाललाई एक आकर्षक लगानी गन्तव्य बनाउन विभिन्न सहुलियतहरूको प्रावधान समेत राखिनुका साथै देशको आर्थिक विकासको संवाहकका रूपमा रहेको निजी क्षेत्रबाट पनि नीतिलाई परिमार्जन

गर्न विभिन्न मागहरू उठिरहेको सन्दर्भमा यस्ता विषयहरूलाई समेत सम्बोधन गरी आर्थिक, वित्तीय तथा मौद्रिक क्षेत्रमा पनि विभिन्न सुधारका कार्यक्रमहरू थालनी गरिएका थिए। निकासीलाई प्रोत्साहन गर्न नगद अनुदानको समेत व्यवस्था गरिएको थियो।

## ३. वर्तमान स्थिति

वि.सं. २०४६ सालको परिवर्तनपछि अर्थ व्यवस्थालाई उदारीकरण गरी विदेशी लगानीलाई प्रोत्साहन गरिए तापनि यसले अपेक्षित गति लिन सकेको छैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ को उपधारा (१२) मा "राष्ट्रिय विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिई देशमा वैदेशिक पुँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ" भन्ने उल्लेख भएको सन्दर्भमा औद्योगिक नीति, २०४८ लाई नयाँ औद्योगिक नीति, २०६७ ले प्रतिस्थापन गरेको छ र यसै अनुकुल हुने गरी औद्योगिक व्यवसाय ऐन, २०४८ लाई प्रतिस्थापन गर्ने ऐन पारित हुने क्रममा रहेको छ। लगानी बोर्ड ऐन, २०६८ जारी भई कार्यान्वयनमा आइसकेको छ। यसरी नीति तथा कानुनमा समसामयिक सुधार, तिनको कार्यान्वयनका लागि सुदृढ र सक्षम संस्थागत संरचना, सक्षम र उत्प्रेरित जनशक्तिको व्यवस्थापन, कार्यप्रक्रियाको सरलीकरण र संक्षेपीकरण, पारदर्शी र स्वच्छ प्रशासनको सुनिश्चितता जस्ता उपायहरू अवलम्बन गरी "दोस्रो पुस्ताको आर्थिक सुधारको थालनी गर्ने तर्फ सरकार प्रतिबद्ध छ र यसबाट लगानीमैत्री बातावरण सिर्जना गर्नमा ठूलो सघाउ पुगेको महसुस भएको छ।

## ४. सम्भावना, अवसर र चुनौती

प्रचुर प्राकृतिक सम्पदा, जैविक विविधता र साँस्कृतिक सम्पदाको उपलब्धताले नेपालमा विकासको यथेष्ट सम्भावनालाई उजागर गर्दछ। विद्यमान स्रोतहरूको परिचालन गरी आन्तरिक स्रोत साधनको कमीलाई पूरा गर्न विदेशी लगानीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। जलविद्युत्, पर्यटन, सेवा जडीबुटी उत्पादन तथा प्रशोधन, कृषिजन्य उत्पादन तथा प्रशोधन तथा खनिज उत्खनन र प्रशोधन आदि जस्ता राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा विदेशी लगानी भित्रिने प्रशस्त सम्भावना रहेको छ। साथै भौतिक पूर्वाधार निर्माणका परियोजनाहरूमा समेत विदेशी लगानी आकर्षित गर्न सकिने प्रबल सम्भावना रहेको छ। तथापि, नेपालको कठिन भूधरातलीय बनौट, राजनीतिक एवम् नीतिगत अस्थिरता सुमधुर औद्योगिक सम्बन्धको कमी, कम लचिलो श्रम नीति, सुरक्षाको असहज वातावरण, दक्ष जनशक्तिको अपर्याप्तता, उच्च व्यवसाय सञ्चालन लागत, उच्च परिवहन लागत पुँजी बजारको साँघुरो आकार, कमजोर पूर्वाधार, सम्झौता कार्यान्वयनमा कठिनाइ परियोजना कार्यान्वयन क्षेत्रका स्थानीय बासिन्दाहरूले उठाउने गरेका मागहरू, एकद्वार नीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्नु जस्ता समस्याहरूका कारण विदेशी लगानी आशातीत रूपमा भित्रिन सकेको देखिदैन।

## ५. नयाँ नीतिको आवश्यकता

न्यून गार्हस्थ्य बचतका कारण पुँजी निर्माणमा देखिएको अपर्याप्तता पूर्ति गरी पूर्वाधार क्षेत्रको विकास र विस्तार गर्न, आधुनिक प्रविधि तथा व्यवस्थापकीय एवम् प्राविधिक सीप भित्र्याई औद्योगिक विकासको माध्यमबाट अन्तर्राष्ट्रिय बजारमा पहुँच बढाउँदै व्यापार घाटा न्यून गर्न तथा उच्च आर्थिक वृद्धिदर हासिल गर्दै थप रोजगारी सिर्जना गरी गरिबी घटाउन नेपालमा विदेशी लगानीको आवश्यकता रहेको स्पष्ट हुन्छ।

विदेशी लगानी तथा एकद्वार नीति, २०४८ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४८ जारी भएयता अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आर्थिक वातावरणमा धेरै परिवर्तनहरू आइसकेका छन्। अन्तर्राष्ट्रियस्तरमा बहुपक्षीय व्यापार प्रणालीअन्तर्गत भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariffs and Trade - GATT) विश्व व्यापार सङ्गठन (World Trade Organization-WTO) मा परिणत भएको छ। विश्वका अधिकांश राष्ट्रहरू बहुपक्षीय व्यापार प्रणालीमा आवद्ध भइसकेका छन्। यसबीच नेपाल पनि सन् २००४ बाट विश्व व्यापार सङ्गठन (World Trade Organization-WTO) मा आवद्ध भएको छ भने क्षेत्रीयस्तरमा दक्षिण एसियाली स्वतन्त्र व्यापार (South Asian Free Trade Area - SAFTA) सम्झौता कार्यान्वयनमा आइसकेको छ।

यसैगरी विश्व बौद्धिक सम्पति सङ्गठन (WIPO) र त्यस अन्तर्गतका केही महासन्धिहरूलाई अनुमोदन गर्नुका साथै (Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation BIMSTEC) जस्ता स्वतन्त्र व्यापार क्षेत्रमा पनि नेपाल संलग्न भई सो बमोजिमका प्रतिबद्धताहरू पूरा गर्नका लागि प्रयासरत रहेको छ। नेपाल बहुपक्षीय लगानी सुरक्षण निकाय (Multilateral Investment Guarantee Agency, MIGA) को सदस्य समेत भइसकेको छ। हाल आर्थिक अवसर एवम् व्यापार विस्तारका लागि मुलुकहरूबीच द्विपक्षीय व्यापार सम्झौता (Bilateral Trade Agreement) को क्रमले पनि तीव्रता पाउँदै आएको छ। नेपालले हालसम्म दश मुलुकसँग दोहोरो कर उन्मुक्ति सम्झौता (Double Taxation Avoidance Agreement) र छ मुलुकसँग द्विपक्षीय लगानी संरक्षण एवम् प्रवर्द्धन सम्झौता (BIPPA) गरिसकेको छ। त्यसैगरी सरकारले विदेशी लगानीसमेतलाई आकर्षण गर्ने ध्येयले विशेष आर्थिक क्षेत्र (Special Economic Zone - SEZ) को अवधारणालाई कार्यान्वयनमा ल्याउन नीतिगत, कानुनी एवम् संस्थागत पूर्वाधार स्थापना भई कार्यान्वयनको क्रममा रहेको छ।

अधिकांश सार्क राष्ट्रहरूले आ-आफ्ना विदेशी लगानी नीतिमा परिवर्तन गर्नुका साथै विभिन्न वित्तीय एवम् अन्य सुविधा सहुलियत प्रदान गरी मुलुकले निर्धारण गरेको प्राथमिकताको क्षेत्रमा विदेशी लगानीलाई आकर्षित गरिरहेका छन्। यी परिवर्तनहरूको परिप्रेक्ष्यमा मौजुदा विदेशी लगानी नीतिमा समयानुकूल परिर्वतन गर्नुपर्ने आवश्यकता स्पष्ट रूपमा अनुभूत भएको छ।

मौजुदा विदेशी लगानी र एकद्वार नीति २०४९ ले परिवर्तित सन्दर्भले माग गरेका कतिपय पक्षहरू जस्तै, लगानीका लागि प्राथमिकताका क्षेत्र निर्धारण, श्रम व्यवस्थापन सम्बन्धी विषयहरू, विशेष आर्थिक क्षेत्रको स्थापना एवम् सञ्चालन, गैह्र आवासीय नेपालीहरूको लगानी, पोर्टफोलियो लगानी, पुँजी बजारको समुचित उपयोग र स्वदेशी तथा विदेशी मुद्रामा ऋणपत्र जारी गरेर ऋण परिचालन गर्न पाउने आदि जस्ता विषयलाई समेत समेट्न नसकेको र यस अवधिमा गरिएका प्रयासले आशा गरेअनुरूप विदेशी लगानी आकर्षण गर्न नसकेको अवस्था, लगानी बोर्ड ऐन, २०६८ अनुसार लगानी बोर्ड गठन भई कार्यान्वयनमा आएको परिस्थिति, गैर आवासीय नेपालीहरूले नेपालमा नेपाली सरह लगानी गर्न पाउने र त्यस्तो लगानीलाई विदेशी लगानी सरह सुविधा दिने गरी गैर-आवासीय नेपालीसम्बन्धी ऐन, २०६४ जारी भइसकेको र छिमेकी मुलुकहरूले आफ्ना नीतिहरूमा व्यापक सुधार गरेका तथ्यहरूलाई दृष्टिगत गर्दै परिवर्तित अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय वातावरणबाट सिर्जित दायित्व र अवसरहरूको उचित लाभ लिन मौजुदा विदेशी लगानी नीतिमा समसामयिक परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएकोले यो नयाँ नीति तर्जुमा गरिएको हो।

## ६. दीर्घकालीन लक्ष्य

राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा विदेशी पुँजी, प्रविधि, सीप र ज्ञान आकर्षित गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको माध्यमबाट व्यापार सन्तुलन कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक र गतिशील बनाउने।

## ७. नीतिका प्रमुख उद्देश्य

७.१ दिगो र फराकिलो आर्थिक वृद्धि तथा रोजगारी सिर्जनाका लागि निजी क्षेत्रको अग्रणी भूमिकालाई आत्मसात गर्दै प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी पुँजी, प्रविधि, सीप र ज्ञान परिचालन गर्ने।

७.२ उपलब्ध स्थानीय स्रोत, सीप र साधनको वैज्ञानिक तथा दिगो रूपमा अधिकतम उपयोग गरी भौगोलिक, आर्थिक, सामाजिक तथा वातावरणीय रूपमा सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकास गर्नका लागि विदेशी लगानी परिचालन गर्ने।

७.३ लगानीको बढ्दो आवश्यकता र सीमित गार्हस्थ्य बचत बीचको बढ्दो असमानतालाई विदेशी पुँजी लगानीको माध्यमबाट परिपूर्ति गर्ने।

७.४ विदेशी पुँजीसँगै आधुनिक प्रविधि, व्यवस्थापकीय कौशल र प्राविधिक सीपको माध्यमबाट आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी आयात प्रतिस्थापन गर्ने र देशको प्रतिस्पर्धात्मक क्षमता बढाई

अन्तर्राष्ट्रिय बजारमा औद्योगिक वस्तु एवम् सेवाको पहुँच विस्तार गरी निर्यात प्रवर्द्धनको माध्यमबाट बढ्दो व्यापार घाटा न्यूनीकरण गर्दै व्यापार सन्तुलन स्थापित गर्ने।

७.५ लगानीमैत्री वातावरण सिर्जना गरी नेपाललाई आकर्षक लगानी स्थलको रूपमा स्थापित गर्ने।

## ८. नीति

### ८.१ उद्देश्य ७.१ सँग सम्बन्धित

८.१.१ राष्ट्रिय प्राथमिकताका क्षेत्र तोकी पूर्वाधार विकास, उत्पादकत्व वृद्धि र प्रतिस्पर्धात्मक क्षमता विकासमा विदेशी लगानीलाई जोड दिइनेछ।

८.१.२ राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरू विशेष गरी उत्पादनमूलक उद्योगहरूमा लगानी अभिवृद्धि गर्न विदेशी पुँजी, प्रविधि, सीप र ज्ञानलाई आकर्षित गरिनेछ।

८.१.३ विदेशी लगानी आकर्षित गर्न आर्थिक कुटनीतिको माध्यमलाई भरपुर उपयोग गरिनेछ।

८.१.४ औद्योगिकरणको प्रक्रियामा सार्वजनिक निजी सम्वादको माध्यमबाट विदेशी लगानीको प्रवर्द्धनमा जोड दिइनेछ।

### ८.२ उद्देश्य ७.२ सँग सम्बन्धित

८.२.१ स्थानीय स्रोत तथा विदेशी पुँजी, प्रविधि, सीप र ज्ञानको उचित संयोजनद्वारा सन्तुलित क्षेत्रीय विकास र राष्ट्रिय अर्थतन्त्रको विकासमा जोड दिइनेछ।

८.२.२ कानुनद्वारा निर्धारण भए बमोजिम अति अविकसित, अविकसित र कम विकसित क्षेत्रहरूमा स्थापित उद्योगहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन यस्ता उद्योगहरूमा विदेशी लगानीलाई प्रोत्साहित गरिनेछ।

८.२.३ उर्जा दक्षता अभिवृद्धि गर्ने तथा वातावरणलाई कम प्रदूषित गर्ने प्रविधि प्रयोग गर्ने उद्योगहरूलाई थप सुविधा दिई विदेशी लगानी आकर्षित गरिनेछ।

### ८.३ उद्देश्य ७.३ सँग सम्बन्धित

८.३.१ आयात प्रतिस्थापन गर्ने तथा राष्ट्रिय आवश्यकता पूर्ति गर्ने उद्योगहरूमा पुँजी, आधुनिक प्रविधि र व्यवस्थापकीय कौशल भित्र्याई उत्पादकत्व वृद्धि गरिनेछ।

८.३.२ विदेशी पुँजी, प्रविधि, व्यवस्थापकीय कौशल आदिका माध्यमबाट मुलुकको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी गार्हस्थ्य बचत बढाई गार्हस्थ्य बचत र लगानी बीचको खाडल न्यूनीकरण गर्दै लगिनेछ।

### ८.४ उद्देश्य ७.४ सँग सम्बन्धित

८.४.१ स्वरोजगारीको अवसर सिर्जना गर्न व्यवस्थापकीय सीप, उद्यमशीलता विकास तथा व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका क्रियाकलापमा विदेशी लगानीलाई प्रोत्साहित गरिनेछ।

८.४.२ अन्तर्राष्ट्रिय बजारमा सम्भाव्य औद्योगिक वस्तु तथा सेवाको उत्पादन बढाई निकासी अभिवृद्धि गर्न विदेशी लगानीलाई प्रोत्साहित गरिनेछ।

८.४.३ विदेशी लगानीको माध्यमबाट निर्यात मूलक उद्योगहरूको स्थापनाका लागि विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रवर्द्धन क्षेत्रको स्थापनाद्वारा उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिइनेछ।

८.४.४ आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा विशेष योगदान गर्ने उद्योगहरूलाई आवश्यक पूर्वाधार निर्माणमा सहयोग गर्नुका साथै विशेष सुविधाहरू उपलब्ध गराइनेछ।

८.४.५ विदेशी लगानीमा स्थापित निर्यातमूलक उद्योगहरूलाई समेत निर्यातको आधारमा नगद प्रोत्साहनको व्यवस्था गरिनेछ।

८.४.६ अन्तर्राष्ट्रियस्तरमा नेपाली वस्तुहरूको सहजरूपमा पहुँच पहिचान र मान्यताका लागि आवश्यक कानुनी र संस्थागत व्यवस्था गरिनेछ।

८.४.७ पूर्वाधार संरचनाको निर्माणमा विदेशी लगानी प्रवर्द्धन गरी यस्ता संरचनाको निर्माण, सञ्चालन, स्वामित्वकरण र हस्तान्तरणमा विदेशी लगानीलाई प्रोत्साहन गरिनेछ।

**८.५ उद्देश्य ७.५ सँग सम्बन्धित**

८.५.१ विदेशी लगानीलाई आकर्षित गर्नका लागि आवश्यक कानुनी, संस्थागत एवम् प्रक्रियागत पूर्वाधार तयार गरिनेछ।

८.५.२ आर्थिक क्रियाकलापमा निजी क्षेत्रको अग्रणी भूमिकालाई स्थापित गर्दै सरकारले सहजकर्ता, उत्प्रेरक र नियामकको रूपमा विदेशी लगानी आकर्षित गर्ने नीति लिइनेछ।

८.५.३ सुमधुर र लचिलो श्रम सम्बन्ध कायम गरी आय रोजगारी र उत्पादनमा वृद्धि गरिनेछ।

**९. कार्यनीतिहरूः**

**९.१ नीति ८.१ सँग सम्बन्धितः**

९.१.१ प्रतिस्पर्धात्मक क्षमता र तुलनात्मक लाभका आधारमा प्राथमिकता क्षेत्र निर्धारण गरी विदेशी लगानी आकर्षित गरिनेछ।

९.१.२ अनुसूचीमा उल्लिखित बाहेक अन्य उद्योग व्यवसायमा विदेशी लगानी खुला गरिनेछ।

९.१.३ विदेशी लगानी आकर्षित गर्न आर्थिक कुटनीतिको माध्यमलाई महत्तम रूपमा उपयोग गरी निजी क्षेत्रसमेतको सहभागितामा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.१.४ विदेशी लगानी अभिवृद्धि गर्न नेपाली दूतावास तथा कुटनीतिक नियोगहरूलाई सक्रियतापूर्वक परिचालन गरिनेछ।

९.१.५ विदेशी लगानी प्रवर्द्धन गर्न सार्वजनिक-निजी सम्वादको कार्यलाई संस्थागत गर्दै लगिनेछ।

८.१.६ विदेशी लगानी प्रवर्द्धनका लागि निजी क्षेत्रका छाता सङ्गठनहरूको सहकार्यलाई प्रभावकारी बनाउँदै लगिनेछ।

**८.२ नीति ८.२. सँग सम्बन्धितः**

९.२.१ राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानीमा सञ्चालित उद्योगहरूको लागि आवश्यक पर्ने कच्चा पदार्थको प्रयोगमा उपलब्ध भएसम्म स्थानीय स्रोत, साधन र कच्चा पदार्थलाई प्राथमिकता दिइनेछ।

९. २.२ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित क्षेत्रीय विकासमा योगदान बढाउन तोकिएको वा सो भन्दा बढी सङ्ख्यामा प्रत्यक्ष रोजगारी दिने वैदेशिक लगानीमा सञ्चालित उद्योगहरूलाई तोकिए बमोजिम थप सुविधा तथा सहुलियत उपलब्ध गराइनेछ।

९. २.३ अति अविकसित, अविकसित र कम विकसित क्षेत्रहरूमा स्थापित उद्योगहरूलाई आवश्यक पर्ने भौतिक पूर्वाधार सुविधा उपलब्ध गराउनुका साथै छुट सुविधा तथा सहुलियत उपलब्ध गराउन आवश्यक कानुनी व्यवस्था गरिनेछ।

९.२.४ अति अविकसित, अविकसित र कम विकसित क्षेत्रहरूमा स्थापित उद्योगले कारोवार सुरु गरेको मितिले निश्चित अवधिसम्म लाग्ने आयकरमा निश्चित प्रतिशतमा छुट पाउने आवश्यक कानुनी व्यवस्था गरिनेछ।

९.२.५ उद्योगले उर्जा दक्षता बढाउन सघाउ पुर्याउने यन्त्र वा उपकरणमा लगानी गरेको खर्च, प्रदूषण नियन्त्रण र वातावरणमा कम असर पार्ने पद्दतिको जडानमा भएको पुँजीगत खर्च प्रविधि र प्रक्रियामा भएको खर्च आयकर प्रयोजनका लागि कट्टा गर्न पाउने आवश्यक कानुनी व्यवस्था गरिनेछ।

९.२.६ उद्योगहरूबाट वातावरणमा प्रतिकूल असर पर्न नदिन प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावलीमा व्यवस्था भएअनुसार गरिने प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment - EIA) मा प्रक्रियागत सरलीकरण गरिनेछ।

**९.३ नीति ८.३ सँग सम्बन्धितः**

९.३.१ विदेशी लगानीमा स्थापना हुने आयात प्रतिस्थापन गर्ने तथा राष्ट्रिय आवश्यकता पूर्ति गर्ने उद्योगहरू समेतको दर्ता, अनुमति, विस्तार र बहिर्गमन एवम् उद्योगले पाउने सुविधाका सम्बन्धमा सरल प्रक्रियाद्वारा सेवा, सुविधा तथा सहुलियत पाउने व्यवस्थालाई सुनिश्चित गरिनेछ।

९.३.२ प्रविधि हस्तान्तरण वापत भुक्तानी गरिने रोयल्टी, शुल्क आदिको व्यवस्थालाई सरल, सहज, पारदर्शी र व्यवस्थित बनाइनेछ।

९.३.३ विदेशी लगानीको लागि न्यूनतम लगानीको सीमा तोकी सो वा सो भन्दा बढीको विदेशी लगानीमात्र स्वीकृत गर्ने व्यवस्था गरिनेछ।

**९.४ नीति ८.४ सँग सम्बन्धितः**

९.४.१ विदेशी लगानीमा स्थापित उद्योगहरूमा भएको व्यवस्थापकीय सीप र क्षमतालाई क्रमशः स्थानीयस्तरमा हस्तान्तरण गर्दै लैजाने व्यवस्था गरिनेछ।

९.४.२ विदेशी प्रविधि हस्तान्तरणका सम्बन्धमा निश्चित समयभित्र प्रविधि हस्तान्तरण गरिसक्नु पर्ने व्यवस्था गरिनेछ।

९.४.३ औद्योगिक वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तर तथा उत्पादकत्व बढाउन नयाँ प्रविधिको विकास तथा हस्तान्तरणको प्रक्रियालाई सरलीकरण गरिनेछ।

९.४.४ निकासीमूलक उद्योगका लागि पूर्वाधार सेवा तथा सुविधा सहितको विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रवर्द्धन क्षेत्रको स्थापना गरी विदेशी लगानी आकर्षित गरिनेछ।

९.४.५ निर्यातमूलक उद्योगहरूलाई निर्यातको परिमाणको आधारमा निश्चित नगद प्रोत्साहन उपलब्ध गराउन आवश्यक कानुनी, संस्थागत एवम् प्रक्रियागत व्यवस्थामा सरलीकरण गरिनेछ।

९.४.६ सेवा उद्योगमा विश्व व्यापार सङ्गठनमा गरिएको प्रतिबद्धता अनुरुप विदेशी लगानीको अंश, सीमा तथा प्रक्रिया तोकी सो बमोजिम कार्यान्वयन गरिनेछ।

९.४.७ अन्तर्राष्ट्रियस्तरमा नेपाली वस्तु तथा सेवाहरूको सहज पहुँच, पहिचान र मान्यताको विस्तार गर्न बौद्धिक सम्पत्तिको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ। साथै, उत्पादित वस्तु तथा सेवाको गुणस्तर परीक्षण सम्बन्धी प्रयोगशालाको स्थापना तथा विकास गरिनेछ।

**९.५ नीति ८.५ सँग सम्बन्धितः**

९.५.१ लगानीकर्तालाई सुविधा-सहुलियत लगायत भौतिक पूर्वाधार सेवा एकै स्थानबाट उपलब्ध गराउन एकल बिन्दु सेवा केन्द्रको स्थापना गरिनेछ।

९.५.२ विदेशी लगानी खुला नगरिएका औद्योगिक व्यवसायमा पनि प्रविधि हस्तान्तरण गर्न सकिने गरी कानुनी व्यवस्था मिलाइनेछ।

९.५.३ विदेशी लगानीको परिधिभित्र संस्थागत रूपमा धितोपत्रमा गरिने विदेशी लगानी (Foreign Portfolio Investment) लाई समेत आवश्यक कानुनी व्यवस्था गरी समावेश गरिनेछ। यसरी खुला गर्दा केही निश्चित प्रकृतिका कम्पनीहरू र क्षेत्रहरूमा मात्र अप्रत्यक्ष विदेशी लगानी (Foreign Portfolio Investment) खुला गरिनेछ।

९.५.४ विदेशी लगानीलाई प्रोत्साहित गर्नका लागि बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रवर्द्धन तथा विकासमा जोड दिइनेछ।

९.५.५ विदेशी लगानीको प्रवर्द्धन, संरक्षण एवम् विविधीकरण गर्न द्विपक्षीय, क्षेत्रीय एवम् बहुपक्षीय सम्झौतालाई प्रोत्साहित गर्दै तिनमा व्यक्त प्रतिबद्धताका आधारमा लगानी प्रक्रियालाई सहज र सरल बनाइनेछ।

९.५.६ विदेशी लगानीमा सञ्चालित उद्योग व्यवसायका सञ्चालक र व्यवस्थापकको पारिश्रमिक र सुविधालाई पारदर्शी बनाइनेछ।

९.५.७ विदेशी लगानीमा सञ्चालित उद्योग व्यवसायलाई संस्थागत सामाजिक उत्तरदायित्वप्रति प्रेरित गरी उद्योग/व्यवसाय र समाजका बिचमा सुमधुर सम्बन्ध स्थापित गर्न अनुकूल वातावरण बनाइनेछ।

८.५.८ कर्मचारी तथा कामदारहरूले विदेशी लगानी रहेका उद्योगहरूलाई प्रतिकुल असर पर्ने गरी कुनै काम कारवाही गर्न नपाइने आवश्यक कानुनी ब्यबस्था गरिने छ।

४.५.८ उद्योग र मजदुरबीच सुमधुर सम्बन्ध स्थापित गर्न सरकार, मजदूर र उद्यमीका प्रतिनिधि समेत रहेको त्रिपक्षीय संयन्त्र तयार गरी उद्योग र मजदूरबीच देखिने समस्याहरूको समाधान गरिनेछ।

९.५.१० श्रम सम्बन्धी कानुनलाई लचिलो बनाउने क्रममा त्रिपक्षीय सम्झौता अनुसार मजदुरको सामाजिक सुरक्षामा ध्यान दिइनेछ।

९.५.११ प्रचलित कानुन बमोजिम सीमा र अधिकार क्षेत्र कायम गरिएका ठूला परियोजनाका लगानीहरूलाई लगानी बोर्डमार्फत प्रवर्द्धन गरिनेछ।

८.५.१२ लगानी बोर्डको कार्यक्षेत्रभित्र नपर्ने विदेशी लगानी सम्बन्धी परियोजनाको स्वीकृति उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड वा उद्योग विभागबाट तथा सो को अनुगमन तथा मूल्याङ्कन उद्योग मन्त्रालयबाट गरिनेछ।

९.५.१३ नेपालमा अधिकतम विदेशी लगानी अभिवृद्धि गर्न आवश्यकता अनुसार विभिन्न मुलुकहरूसँग द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता र दोहोरो कर उन्मुक्ति सम्बन्धी सम्झौताहरू सम्पन्न गर्दै लगिनेछ।

९.५.१४ विदेशी लगानीमा स्थापित कुनै पनि उद्योगको राष्ट्रियकरण गरिनेछैन।

## १०. विदेशी लगानीको स्वरुप

विदेशी लगानी अन्तर्गत विदेशी पुँजी, सीप, ज्ञान तथा प्रविधि हस्तान्तरणमार्फत भएको लगानीलाई समेत समावेश गरिनेछ।

### १०.१ विदेशी पुँजी लगानी अन्तर्गत देहायका लगानीलाई समावेश गरिनेछः

१०.१.१ विदेशी लगानीकर्ताले विदेशी मुद्रा वा पुँजीगत सम्पतिको रूपमा गरेको शेयर लगानी र यसबाट आर्जित रकमको पुनः लगानी।

१०.१.२ उद्योगले विदेशी मुद्रा वा पुँजीगत सम्पतिको रूपमा प्राप्त गरेको ऋण।

१०.१.३ विदेशी लगानीकर्ताले लिज फाइनान्सको रूपमा उपलब्ध गराएको औजार, मेसिन वा उपकरण ।

१०.१.४ नेपाल राष्ट्र बैंकको स्वीकृतिमा नेपालमा स्थापित कम्पनीहरूले विदेशमा शेयर पुँजी (Equity), ऋणपत्र र डिबेन्चर जारी गरी उठाएको विदेशी मुद्रा, र

१०.१.५ विदेशी संस्थागत लगानीकर्ताले दोस्रो बजार (Secondary Market) मार्फत नेपाली सूचीकृत धितोपत्रहरूमा गरेको लगानी।

**१०.२ प्रविधि हस्तान्तरण अन्तर्गत देहायको लगानीलाई समाबेश गरिनेछः**

१०.२.१ विदेशी उत्पत्तिको प्रविधि सम्बन्धी अधिकार जस्तैः पेटेण्ट, विशिष्टता, सूत्र, प्रक्रिया र प्राविधिक ज्ञान लगायत बौद्धिक सम्पत्ति अधिकारको प्रयोग।

१०.२.२ विदेशी स्वामित्वको ट्रेडमार्क वा ख्याति (Goodwill) को उपयोग, र

१०.२.३ विदेशी प्राविधिक सेवा, सल्लाह सेवा तालिम व्यवस्थापन सेवा र बजार सेवाको उपयोग।

**१०.३ हक हस्तान्तरण (Assignment), उपयोगको इजाजत (User's License), प्राविधिक जानकारी प्रदान (Technical Know how sharing) र प्राविधिक सहभागिता (Franchising) आदि प्रविधि हस्तान्तरणको माध्यम हुन सक्नेछन्।**

**१०.४ लगानीकर्ताको वर्गीकरण**

विदेशी लगानीकर्ताहरूको वर्गीकरण देहाय अनुसार हुनेछ

(क) संस्थागत विदेशी लगानीकर्ता.

(ख) व्यक्तिगत विदेशी लगानीकर्ता र

(ग) गैर आवासीय नेपाली लगानीकर्ता।

१०.४.१ संस्थागत विदेशी लगानीकर्ताले प्रत्यक्ष विदेशी लगानी र दोस्रो बजारको माध्यमबाट गरिने पोर्टफोलियो लगानी समेत गर्न पाउनेछ। नेपाल धितोपत्र बोर्डमा सूचीकृत भई नेपाल भित्रका धितोपत्र बजारमा कारोवार भएका धितोपत्रहरूमा विदेशी संस्थागत लगानीकर्ताले लगानी गर्न पाउनेछन्। दोस्रो बजारमा यसरी खरिद गरेका धितोपत्र न्यूनतम होल्ड गर्नुपर्ने अवधि, लगानीको सीमा, विदेशी मुद्रामा राख्नुपर्ने रिजर्व आदिका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गरिनेछ।

१०.४.२ व्यक्तिगत विदेशी लगानीकर्ताले प्रत्यक्ष (Direct) विदेशी लगानी मात्र गर्न पाउनेछ।

१०.४.३ नेपालमा सञ्चालनमा रहेका उद्योगको शेयर विदेशी लगानीकर्ताले खरिद गरेमा सो लगानीलाई पनि विदेशी लगानी मानिनेछ।

१०.४.४ गैर आवासीय नेपाली लगानीकर्ताले संस्थागत र व्यक्तिगत रूपमा प्रत्यक्ष विदेशी लगानी र पोर्टफोलियो लगानी समेत गर्न पाउनेछन्।

## ११. संस्थागत व्यवस्था

नीतिको प्रभावकारी कार्यान्वयन तथा विदेशी लगानीको कुशल व्यवस्थापनको लागि त्यससँग सम्वद्ध निकायहरूको विद्यमान सङ्गठन संरचनामा परिमार्जन गरी संस्थागत सुदृढीकरण गरिनेछ।

### ११.१ लगानी बोर्ड

आर्थिक विकासका लागि सार्वजनिक-निजी साझेदारी, सहकारी र स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानीलाई परिचालन गरी व्यवस्थित रूपमा औद्योगीकरणको प्रक्रियालाई तीव्र बनाउन, अत्यावश्यक पूर्वाधार संरचनाको निर्माण तथा विकास गरी सबल, गतिशील तथा प्रतिस्पर्धी अर्थतन्त्र विकास गर्न र रोजगारीका अवसर सिर्जना गरी गरिबी निवारणमा अर्थपूर्ण योगदान पुर्याउनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा गठित लगानी बोर्डको काम कारवाहीलाई थप प्रभावकारी बनाइनेछ।

### ११.२ उद्योग मन्त्रालय

उद्योग मन्त्रालयको विद्यमान औद्योगिक प्रवर्द्धन महाशाखालाई उद्योग तथा लगानी प्रवर्द्धन महाशाखाका रूपमा पुनर्संरचना गरिनेछ।

## ११.३ उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड (Foreign Investment Promotion Board) को गठन

११.३.१ उद्योग तथा लगानी प्रवर्द्धन बोर्डको गठन : वैदेशिक लगानीमा आधारित उद्योगको स्थापना, प्रवर्द्धन, स्वदेशी एवम् विदेशी लगानी संरक्षण, अभिवृद्धि, र विस्तार गरी औद्योगिकीकरणको गतिलाई तीव्रता दिने उद्देश्यले सहजीकरण तथा समन्वय सहित आवश्यक नीतिगत निर्णय गर्न उद्योग मन्त्रीको अध्यक्षतामा सरोकारवाला निकायहरूको प्रतिनिधित्व रहने गरी एक उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड गठन गरिनेछ।

११.३.२ बोर्डको काम, कर्तव्य र अधिकार : औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुनले निर्धारण गरेका काम, कर्तव्य र अधिकारका अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) औद्योगिक प्रवर्द्धनका लागि लगानीको संरक्षण र अभिवृद्धि सम्बन्धी नीति तर्जुमा गर्ने, पारित नीति कार्यान्वयन गर्ने वा गराउने।

(ख) विदेशी लगानी नीति, ऐन एवम् नियमहरूको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने।

(ग) प्रचलित कानुनले दिएको सीमा र अधिकार क्षेत्रभित्र रही विदेशी लगानी स्वीकृत गर्ने।

(घ) लगानीसँग सम्वद्ध नीति एवम् कानुन कार्यान्वयनको सिलसिलामा देखापरेका द्विविधा एवम् समस्याहरू समाधानका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।

(ङ) एकल विन्दु सेवा केन्द्रबाट उपलब्ध गराउने सुविधा एवम् सहुलियतका सम्बन्धमा लगानीकर्ताले दिएको निवेदनमा जाँचबुझ गरी गराई सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।

(च) प्रचलित कानुन बमोजिम विदेशी लगानीमा स्थापित उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरूलाई दिलाउन आवश्यक समन्वय तथा सहजीकरण गर्ने वा गराउने।

(छ) विदेशी लगानीसँग सम्बन्धित उद्योगको स्तर र वर्गीकरण तथा प्रकृतिमा थपघट वा परिवर्तन गर्नुपर्ने भएमा नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ज) विदेशी लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस तथा सुझाव पेस गर्ने।

(झ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने।

(ञ) विदेशी लगानीसँग सम्बन्धित प्रचलित कानुनले निर्धारित गरेका अन्य काम, कर्तव्य र अधिकार।

## ११.४ उद्योग विभाग

विदेशी लगानी नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनका लागि उद्योग विभागको मौजुदा सङ्गठन संरचनाको पुनरावलोकन गरी उपयुक्त सङ्गठन संरचनाको व्यवस्था गरिनेछ। यसै क्रममा, लगानीकर्तालाई सहज रूपमा सेवा प्रदान गर्न एकल बिन्दु सेवा आरम्भ गरी त्यसलाई संस्थागत गरिनेछ।

विदेशी लगानीका सम्बन्धमा उद्योग विभागको कार्यक्षेत्रमा अन्य विषयहरूको अतिरिक्त देहायका विषयहरू समेत समावेश गरिएको छः

११.४.१ प्रचलित कानुनले दिएको सीमा र अधिकार क्षेत्र अन्तर्गत रही विदेशी तथा संयुक्त लगानीका उद्योग व्यवसायको दर्ता, प्रशासन एवम् सुविधा, विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको स्वीकृति र अभिलेख सम्बन्धी कार्यहरू गर्ने।

११.४.२ विदेशी लगानीकर्ता र श्रमिकको प्रवेशाज्ञाको लागि अध्यागमन विभाग र श्रम विभागलाई सिफारिस गर्ने र सोको सहजीकरण र अनुगमन गर्ने।

११.४.३ विदेशी लगानीकर्तालाई विदेशी मुद्रा सम्बन्धी काममा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी सहजीकरण गर्ने।

११.४.४ लगानीकर्तालाई वातावरण प्रभाव सम्बन्धी अध्ययन, मूल्याङ्कन कार्यमा सहजीकरण गर्ने।

१९.४.५ आफूले अनुमति दिएका व्यवसाय र तिनले सम्पन्न गरेका कामको अभिलेखीकरण गर्ने।

११.४.६ विदेशी लगानीको कार्यमा प्रक्रियागत सरलीकरण गर्ने उद्देश्यले "कार्यसम्पादन कार्यविधि (Standard Operating Procedures - SOP)" निर्माण गरी लागू गर्ने।

### ११.५ एकल बिन्दु सेवा केन्द्र

लगानीसम्बन्धी प्रचलित नीति तथा कानुन बमोजिम लगानीकर्तालाई उपलब्ध गराइनेछुट सुविधा वा सहुलियत र पूर्वाधार सम्बन्धी सेवा समयमा नै सहजरूपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारले एकल विन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउनेछ।

## १२. सञ्चालन वातावरण

### १२.१ विदेशी मुद्रामा पहुँच

१२.१.१ विदेशी लगानीकर्ताले नेपालमा गर्ने लगानी नेपाल राष्ट्र बैंकले तोकेको परिवर्त्य विदेशी मुद्रामा नेपालमा बैंकिङ्ग प्रणालीमार्फत भित्र्याउनु पर्नेछ। भारतीय लगानीकर्ताले भारतीय रुपैयाँमा पनि लगानी गर्न सक्नेछन्।

१२.१.२ विदेशी लगानीकर्ताले नेपालको वाणिज्य बैंकमा नेपाली रुपैंयाँ वा परिवर्त्य विदेशी मुद्रा वा दुवैमा खाता खोल्न पाउनेछ।

१२.१.३ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले नेपालका वाणिज्य बैंकमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्नेछ।

१२.१.४ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले आफ्नो परिवर्त्य विदेशी मुद्रा खाताबाट उद्योगलाई आवश्यक पर्ने मेसिनरी एवम् कच्चा पदार्थ आयात गर्न सक्नेछन्।

१२.१.५ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले आफ्नो परिवर्त्य विदेशी मुद्रा खाताबाट नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी प्राविधिक वा श्रमिकको तलब भुक्तानी गर्न वा पठाउन सक्नेछ।

१२.१.६ विदेशी लगानीकर्ताले प्रचलित कानुनको अधीनमा रही तथा नेपाल राष्ट्र बैंकले तोकेको प्रक्रिया पूरा गरी आफ्नो नेपाली रुपैंयाँ वा परिवर्त्य विदेशी मुद्रा खाताबाट लाभांश बराबरको विदेशी मुद्रा आफ्नो देशमा पठाउन सक्नेछ।

१२.१.७ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले प्रचलित कानुनी व्यवस्था अनुरुप सम्बन्धित निकायको स्वीकृति लिई विदेशबाट प्राप्त गरेको ऋणको साँवा तथा ब्याज, प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्ति उपयोग वापतको शुल्क, ट्रेडमार्क, गुडविल पेटेण्ट, रोयल्टी, व्यावस्थापन शुल्क, लाभांश आदि वापतको शुल्क भुक्तानी गर्न सटही सुविधा पाउनेछ।

१२.१.८ नेपाल सरकार, श्रम मन्त्रालयको स्वीकृति लिई विदेशी लगानी रहेको उद्योग/कम्पनीमा काम गर्ने विदेशी कामदारले आफ्नो तलबमध्ये कानुनबाट निर्धारण भएबमोजिमको रकम परिवर्त्य विदेशी मुद्रामा विप्रेषण गर्न पाउने छन्।

१२.१.९ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपालमा लगानी गर्ने गरी विदेशमा विदेशी मुद्रामा ऋणपत्र वा डिवेञ्चर जारी गर्न सक्नेछ। त्यसरी जारी गरिएका ऋणपत्रको साँवा तथा ब्याज भुक्तानीको लागि सटही सुविधा उपलब्ध हुनेछ।

१२.१.१० विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले विनिमय दर हेरफेरको जोखिम न्यूनीकरण गर्न नेपालका बैंक वित्तीय संस्थामार्फत् अग्रिम सम्झौता (Forward Contract) गर्न सक्नेछन्।

**१२.२ सुविधा, सहुलियत सम्बन्धी व्यवस्था**

प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न लगानीकर्ताले लगानी गर्ने पुँजीको परिमाण, रोजगारीको सिर्जना र स्थानीय कच्चापदार्थ प्रयोग समेतको आधारमा प्रदान गरिने विभिन्न सुविधा, सहुलियत एवम् छुटहरू निम्न अनुसार हुनेछः-

**१२.२.१ सहुलियत र छुट**

१२.२.१.१ विदेशी लगानीमा स्थापना भएका उद्योगलाई औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुनले प्रदान गरेका सबै सुविधा एवम् सहुलियत उपलब्ध गराइनेछ।

१२.२.१.२ उद्योग स्थापना र सञ्चालनको लागि विदेशी लगानीकर्तालाई आवश्यक पर्ने जानकारी तथा पूर्वाधार सेवा एकल बिन्दु सेवा केन्द्रमार्फत उपलब्ध गराइनेछ। यस्तो जानकारी एवम् सूचना नेपालका विदेशस्थित कुटनीतिक नियोगहरूमा पनि उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

१२.२.१.३ लविद्युत् आयोजना, निश्चित रकमभन्दा बढी लगानीमा स्थापना हुने उत्पादनमूलक उद्योग, खानीजन्य उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीमा हुने विदेशी लगानीमा व्यावसायिक कारोबार सुरु भएको मितिले निश्चित अवधिसम्म शतप्रतिशत आयकर छुट प्रदान गरिने र तोकिए बमोजिमका पूर्वाधार विकासमा हुने विदेशी लगानीमा तोकिए बमोजिम लाग्ने आयकरमा छुट प्रदान गरिनेछ।

१२.२.१.४ विद्युत् र पूर्वाधार विकासका आयोजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीमा लगानीकर्ताले तिर्नुपर्ने कर तथा महसुल वापतको रकमको लागि प्रति इकाई निर्माण लागतका आधारमा नेपाल सरकारले निर्धारण गरे बमोजिम एकमुष्ठ नगद अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ।

१२.२.१.५ विदेशी लगानीकर्ताले आफ्नो व्यवसायबाट आर्जन गरेको मुनाफा रकम नेपालमा सोही कम्पनीको क्षमता विस्तार वा अन्य कुनै क्षेत्रमा पुनर्लगानी गरेमा त्यस्तो पुर्नलगानी बराबरको रकममा लाग्ने कर दायित्वमा निश्चित प्रतिशत छुट दिइनेछ।

१२.२.२.६ विदेशी लगानीकर्ताले स्वपुँजी (Equity) लगानीका रूपमा मेसिनरीहरू आयात गर्दा न्यूनतम् दरमा भन्सार महसुल लाग्ने व्यवस्था गरिनेछ। यसरी लाग्ने भन्सार महसुलको दर चार प्रतिशतभन्दा बढी हुने छैन।

१२.२.१.७ ठूला लगानीकर्तालाई जलविद्युत् आयोजनाको प्रयोजनका लागि आयात गरिने मेसिनरी तथा उपकरणमा तोकिए बमोजिम भन्सार छुट दिइनेछ।

**१२.२.२ अन्य सुविधा**

१२.२.२.१ विदेशी लगानीकर्ताले कृषि, खनिज लगायत तोकिए बमोजिमका प्रविधिका क्षेत्रमा नेपाललाई उपयोगी एवम् फलदायी हुने किसिमले अनुसन्धान र विकास (Research and Development) मा गरेको लगानीमा तोकिए बमोजिम कर छुट सुविधा प्रदान गरिनेछ।

१२.२.२.२ विदेशी लगानीकर्ताले नेपाली कच्चा एवम् सहायक कच्चा पदार्थ उपयोग गरी न्यूनतम पच्चास प्रतिशत मूल्य अभिवृद्धि (Value Addition) गरी ती वस्तुको परिवर्त्य विदेशी मुद्रा पाउने गरी निर्यात गरेमा अघिल्लो वर्षको तुलनामा वृद्धि भएको निर्यात परिमाणको आधारमा तोकिए बमोजिम नगद अनुदान दिइनेछ।

१२.२.२.३ निकासी गरे वापत पाउने महसुल फिर्ता (Duty Draw Back) र नगद सहुलियत निकासी कारोबार गरेको बैंकबाटै फिर्ता गरिनेछ।

१२.२.२.४ उद्योग व्यवसायले उत्पादन गर्ने वस्तु वा सेवाको मूल्य निर्धारणमा सरकारले हस्तक्षेप गर्नेछैन। तर जनस्वास्थ्य र सार्वजनिक हित प्रतिकुल हुने अवस्था देखिएमा सरकारले आवश्यक नियमन गर्न र निर्देशन दिन सक्नेछ।

१२.२.२.५ विदेशी लगानीकर्तालाई सम्बन्धित निकायले परिचयपत्र उपलब्ध गराउनेछ। यस्तो परिचयपत्र प्राप्त गरेको लगानीकर्ता निषेधित क्षेत्र बाहेक अरु क्षेत्रमा स्वतन्त्र रुपले नेपालभर घुमफिर गर्न पाउनेछ।

१२.२.२.६ प्राथमिकता प्राप्त क्षेत्रमा स्थापना हुने विदेशी लगानीका उद्योगमा प्रचलित ह्रासकट्टीको दरमा तोकिए बमोजिम थप ह्रासकट्टी गर्न पाउने (Accelerated Depreciation) व्यवस्था लागू हुनेछ।

१२.२.२.७ दश लाख अमेरिकी डलर भन्दा बढी प्रत्यक्ष विदेशी लगानी गर्ने लगानीकर्तालाई सम्बन्धित उद्योग कम्पनीको नाममा आवास खरिद गरी कम्पनी सञ्चालनमा रहेसम्म बसोबास गर्न अनुमति दिइनेछ।

१२.२.२.८ विदेशी लगानीलाई दोहोरो करबाट हुने जोखिमबाट संरक्षण गर्न सम्झौता भईनसकेका विदेशी लगानीकर्ताको मुलुकसँग दोहोरो कर नलाग्ने गरी सम्झौता गर्न सरकारले आवश्यक व्यवस्था गर्नेछ।

१२.२.२.९ सरकारी एवम् औद्योगिक क्षेत्रभित्रको जग्गामा उद्योग सञ्चालन गर्न विदेशी लगानीकर्तालाई प्रोत्साहन गरिनेछ।

१२.२.२.१० नेपाल सरकारले तोकेको मापदण्डका आधारमा विदेशी लगानीकर्ताहरूलाई औद्योगिक रूपमा महत्त्वपूर्ण व्यक्ति (Industrially Important Person, IIP) को सम्मान प्रदान गर्न सकिनेछ।

१२.२.२.११ यस नीतिले उद्योग व्यवसायलाई प्रत्याभूत गरेको सुविधा छुट एवम् सहुलियतलाई कानुनद्वारा सुनिश्चित गरिनेछ र नेपाल सरकारले पछि बनाउने ऐन नियमहरूले यो नीति अन्तर्गत लगानीकर्ताले प्राप्त गरेको सुविधा र सहुलियतहरूलाई लगानी कायम रहेसम्म कटौती नगर्ने व्यवस्था कानुनमै गरिनेछ।

### १२.३ ऋण लिन पाउने व्यवस्था

१२.३.१ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन, सूचना एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको प्रावधान अनुसार नेपाली बैंक तथा वित्तीय संस्थासँग नेपाली वा विदेशी मुद्राको खाताबाट कारोबार गर्न पाउनेछन्।

१२.३.२ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले धितोपत्र कारोबार ऐनको अधीनमा रही नेपालभित्र नेपाली मुद्रामा बण्ड र डिबेञ्चर जारी गरेर ऋण उठाउन सक्नेछन्।

१२.३.३ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर विदेशमा विदेशी मुद्रामा ऋणपत्र जारी गर्न सक्नेछन्। त्यसरी जारी गरी उठाएको रकम नेपालमै लगानी गर्नुपर्नेछ।

### १२.४ विदेशीलाई रोजगारी

१२.४.१ उद्योग व्यवसाय सञ्चालन गर्दा आवश्यक पर्ने योग्यता, सीप वा दक्षता नेपालमा उपलब्ध नभएमा विदेशी लगानीकर्ताले श्रम मन्त्रालय वा तोकिएको अन्य उपयुक्त निकायको स्वीकृतिमा विदेशी दक्ष श्रमिकलाई रोजगारीमा लगाउन सक्नेछन्।

१२.४.२ विदेशी श्रमिकले काम गर्न सुरु गरेको पाँच वर्ष भित्र नेपाली श्रमिकलाई उक्त सीप हस्तान्तरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१२.४.३ रोजगारी अभिवृद्धि सीप विकास र श्रमिकको हकहितको संरक्षण एवम् सामाजिक सुरक्षाका सम्बन्धमा स्वदेशी र विदेशी श्रमिक बीच समान व्यवहार गरिनेछ।

**१२.५ प्रवेशाज्ञा (Visa)**

१२.५.१ संस्थागत विदेशी लगानीकर्ताको हकमा विदेशी लगानीकर्ताको प्रतिनिधि र निजको आश्रित परिवार वा आधिकारिक प्रतिनिधि र निजको परिवारलाई नेपालमा विदेशी लगानी कायम रहेसम्म प्रत्येक पाँच वर्षमा नवीकरण गर्ने गरी व्यावसायिक प्रवेशाज्ञा उपलब्ध गराइनेछ। तर व्यक्तिगत लगानीकर्ताको हकमा लगानीकर्ता र निजको पति वा पत्नी वा निजको एकजना आधिकारिक प्रतिनिधिलाई यो सुविधा उपलब्ध गराइनेछ।

१२.५.२ एकैपटक दश लाख अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रामा लगानी गर्ने विदेशी लगानीकर्ता र निजको आश्रित परिवारलाई त्यस्तो लगानी कायम रहेसम्म आवासीय प्रवेशाज्ञा निःशुल्क रूपमा उपलब्ध गराइनेछ।

१२.५.३ नेपालमा लगानी गर्ने नेपाली मूलका विदेशी नागरिक र निजको परिवारलाई नेपालमा लगानी कायम रहेसम्म आवासीय प्रवेशाज्ञा उपलब्ध गराइनेछ।

१२.५.४ विदेशी लगानी रहेका उद्योगमा काम गर्न अनुमति पाएका व्यवस्थापक, प्राविधिक, श्रमिक/कामदार र विशेषज्ञलाई मन्त्रालयको सिफारिसमा कार्य गर्न अनुमति प्राप्त गरेको अवधिका लागि गैर-पर्यटक प्रवेशाज्ञाको व्यवस्था मिलाइनेछ। यसरी गैर-पर्यटक प्रवेशाज्ञा प्राप्त गर्ने व्यक्तिका आश्रित परिवारलाई पनि सो अवधिका लागि समान प्रकृतिको प्रवेशाज्ञा उपलब्ध हुन सक्नेछ।

१२.५.५ लगानीकर्ताहरूलाई विदेशस्थित नेपाल सरकारको कुटनैतिक नियोगद्वारा पनि व्यावसायिक प्रवेशाज्ञा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइनेछ।

**१२.६ अल्पकालीन प्रवेशाज्ञा**

नेपालमा लगानी गर्ने उद्देश्यले अध्ययन एवम् अनुसन्धान गर्न आएका विदेशी नागरिकलाई निश्चित अवधिका लागि गैर-पर्यटक प्रवेशाज्ञा प्रदान गर्न सकिनेछ।

**१२.७ जग्गा प्राप्तिको व्यवस्था**

१२.७.१ एकल बिन्दु सेवा केन्द्रले उद्योग स्थापनाका लागि आवश्यक पर्ने जग्गा विदेशी लगानीकर्ताकै खर्चमा प्राप्त गरी व्यावसायिक प्रयोजनको निम्ति उपलब्ध गराउने कार्यमा सहजीकरण गर्नेछ।

१२.७.२ निर्माण, सञ्चालन र हस्तान्तरण विधि (Build Operate and Transfer- BOT Model) मा निर्माण हुने जलविद्युत् तथा पूर्वाधार क्षेत्रका आयोजनाहरूका सम्बन्धमा प्राप्त भएको जग्गाको भोगाधिकार सम्बन्धित BOT सम्झौताको अवधिभर लगानीकर्ताकै नाममा रहनेछ। यदि लगानीकर्ताले चाहेमा सो जग्गाको स्वामित्व सुरुमै नेपाल सरकारकै नाममा लिखत पास गरी BOT सम्झौता अवधिभर लगानीकर्ताले भोग चलन गर्न सक्नेछन्।

**१२.८ औद्योगिक सुरक्षा**

१२.८.१ विदेशी लगानीमा सञ्चालित उद्योगहरूको सुरक्षाका निम्ति तत्काल सुरक्षाको बन्दोवस्त गर्न औद्योगिक सुरक्षा वल परिचालन गरिनेछ।

१२.८.२ विदेशी लगानीमा सञ्चालित उद्योग जवरजस्ती बन्द गराउन खोज्ने वा बन्द गराउने जो कोहीलाई पनि नेपाल सरकारले आवश्यक कानुनी व्यवस्था गरी त्यस्तो कार्य गर्नबाट रोक्न वा दण्ड वा जरिवाना गर्न सक्नेछ।

१२.८.३ पाँच सयभन्दा बढी सङ्ख्यामा नेपाली श्रमिकलाई रोजगारी दिने विदेशी लगानीमा सञ्चालित उद्योगहरूको सुरक्षाका लागि सम्बन्धित लगानीकर्ताले माग गरेमा सरकारले त्यस्ता उद्योगहरूमा छुट्टै औद्योगिक सुरक्षा बलको व्यवस्था गर्नेछ।

### १२.९ व्यावसायिक प्रवर्द्धन

विदेशस्थित नेपाली कुटनीतिक नियोगहरूको सहजीकरण एवम् समन्वय तथा नेपाली व्यवसायी एवम् गैरआवासीय नेपाली सङ्गठनहरूको सहमतिमा लगानी र बजार विस्तार, बजार प्रवर्दन एवम् प्रचार-प्रसारसम्बन्धी कार्य गरिनेछ।

## १३. प्रत्याभूति र सुविधा

### १३.१ समान व्यवहार

स्वदेशी र विदेशी लगानीबीच फरक व्यवहार गरिने छैन।

### १३.२ राष्ट्रियकरण

कुनै पनि लगानी नेपालमा कायम रहेसम्म त्यसलाई राष्ट्रियकरण गरिने छैन। सार्वजनिक हितका लागि त्यसको कुनै अंश सरकारलाई आवश्यक परेमा प्रचलित कानुनले तोके अनुसार उचित क्षतिपूर्ति दिइनेछ।

### १३.३ लगानी र आर्जित रकम फिर्ता सम्बन्धी व्यवस्था

विदेशी मुद्रामा लगानी गर्ने स्वीकृति पाएको लगानीकर्ताले देहाय बमोजिमको रकम परिवर्त्य विदेशी मुद्रामा प्रचलित बजार विनिमय दरमा सटही गरी नेपाल बाहिर फिर्ता लैजान पाउनेछः-

१३.३.१ लगानीको केही वा सबै शेयर बिक्रीबाट प्राप्त रकम,

१३.३.२ विदेशी ऋणको साँवा र ब्याज भुक्तानी वापतको रकम,

१३.३.३ लगानीबाट प्राप्त मुनाफा वा लाभांश,

१३.३.४ प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त रकम,

१३.३.५ नेपाली उद्योगमा कार्यरत स्वीकृति प्राप्त विदेशी विशेषज्ञ, श्रमिक/कामदारले आफ्नो पारिश्रमिक तथा सुविधा वापत आर्जित रकमको ७५ प्रतिशतसम्म रकम,

१३.३.६ विदेशी लगानीमा सञ्चालित उद्योग कुनै कारणवश खारेजी (Liquidation) मा गएमा खारेजी पश्चातको सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहेको रकम।

### १३.५ मध्यस्थता तथा विवाद समाधान

१३.५.१ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन अन्तर्गत भएको लगानीमा स्वदेशी लगानीकर्ता तथा विदेशी लगानीकर्ताबीच कुनै विवाद भएमा नेपाल सरकार उद्योग विभागको रोहवरमा आपसी वार्ताद्वारा विवाद समाधान गरिनेछ।

१३.५.२ यसरी विभागको रोहवरमा आपसी वार्ताबाट विवाद समाधान हुन नसकेमा अन्तर्राष्ट्रिय व्यापार कानुन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय आयोग (United Nations Commission for International Trade Law UNCITRAL) को प्रचलित मध्यस्थता सम्बन्धी नियम तथा कार्यविधि अपनाई मध्यस्थता गरिनेछ।

१३.५.३ मध्यस्थता काठमाडौंमा हुनेछ। मध्यस्थतामा नेपालको प्रचलित कानुन लागू हुनेछ।

१३.५.४ एक करोड अमेरिकी डलर वा सो बराबर भन्दा बढी विदेशी मुद्रा लगानी हुने उद्योगको हकमा विदेशी लगानी सम्बन्धी उठेको विवादको समाधान विदेशी लगानी सम्झौतामा उल्लेख भएको अवस्थामा सोही बमोजिम गरिनेछ।

१३.५.५ मध्यस्थताको भाषा नेपालमा भए नेपाली वा अङ्ग्रेजी मध्ये कुनै एक हुने र विदेशी लगानी भएका उद्योगहरूका हकमा विभिन्न सरकारी निकायमा पेस गर्ने कागजातहरू अङ्ग्रेजी भाषामा भएपनि मान्य हुनेछ।

## १४. प्राथमिकताका क्षेत्र

विदेशी लगानीको निम्ति रोजगारी प्रवर्द्धन आयात प्रतिस्थापन तथा निर्यात प्रर्वद्धन गर्ने उत्पादनमूलक उद्योग, शिक्षा, स्वास्थ्य तथा सूचना सञ्चार एवम् प्रविधि क्षेत्र पनि महत्त्वपूर्ण रहेका छन्। तर राष्ट्रिय प्राथमिकताका आधारमा निम्न अनुसारका पाँचवटा क्षेत्रहरूलाई प्राथमिकता क्षेत्र निर्धारण गरिएको छः-

१४.१ जलविद्युत् (उत्पादन र प्रसारण समेत),

१४.२ यातायात क्षेत्रको पूर्वाधार विकास (द्रुत मार्ग, रेलवे, टनेल, केवल कार, मेट्रो रेल सेवा, फ्लाइओभर र अन्तर्राष्ट्रिय विमानस्थलहरू),

१४.३ कृषिजन्य, खाद्य प्रशोधन तथा जडीबुटी प्रशोधन उद्योग,

१४.४ पर्यटन उद्योग,

१४.५ खानीजन्य एवम् उत्पादनमूलक उद्योग,

१४.६ नेपाल सरकारले समय समयमा राजपत्रमा सूचना प्रकाशित गरी प्राथमिकताका क्षेत्रको हेरफेर गर्न सक्नेछ।

## १५. कानुनी व्यवस्था

१५.१ यस नीतिमा उल्लिखित प्रावधानहरूलाई विद्यमान विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनले समेट्न नसकेको हदसम्म सो ऐन परिमार्जन गरी वा नयाँ ऐनले सो ऐनलाई प्रतिस्थापन गरी कानुनी हैसियत प्रदान गरिनेछ।

१५.२ विदेशी लगानी सम्बन्धी हाल विभिन्न क्षेत्रगत ऐन नियमहरूमा छरिएर रहेका प्रावधानहरूलाई समेत समेटी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी ऐनमा व्यवस्था गरिनेछ।

## १६. विदेशमा नेपाली लगानी र व्यवसायमा विस्तार

विदेशमा नेपाली लगानी र व्यवसाय विस्तारका सम्बन्धमा विद्यमान कानुनी व्यवस्थाको समसामयिक पुनरावलोकन गरिनेछ।

## १७. प्रवेश, अनुमति र बहिर्गमन सम्बन्धी व्यवस्था

### १७.१ प्रवेश, अनुमति,

१७.१.१ सम्पत्ति शुद्धिकरण (Money Laundering) विरुद्धको अन्तर्राष्ट्रिय मापदण्ड पूरा भएका देहायका क्षेत्रमा विदेशी लगानी बैंकमार्फत भित्र्याउन पाइनेछ :-

(क) सरकारले निर्धारण गरेको विशेष आर्थिक क्षेत्र वा निर्यात प्रवर्द्धन क्षेत्र विकासमा गरिने लगानी,

(ख) निर्माण सम्पन्न भइसकेको विशेष आर्थिक क्षेत्र वा निर्यात प्रवर्द्धन क्षेत्रभित्रका उद्योगमा गरिने लगानी

१७.१.२ प्रचलित कानुनका अधीनमा रही उद्योगहरूमा शतप्रतिशत विदेशी लगानीलाई अनुमति दिइनेछ।

१७.१.३ शतप्रतिशत निर्यात गर्ने वस्तुको उत्पादन, नेपालमै उपलब्ध कच्चापदार्थमा आधारित औषधि उत्पादन, फोहोरमैला व्यवस्थापन तथा वायु प्रदूषण नियन्त्रण, पेट्रोलियम रिफाइनरी, खानीजन्य उद्योगको क्षेत्र शतप्रतिशत विदेशी लगानीका लागि खुल्ला रहनेछ।

१७.१.४ विदेशी लगानी गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा आवश्यक सम्पूर्ण कागजात र दस्तुरसहित सम्बन्धित निकायमा निवेदन दिएमा निवेदन प्राप्त भएको तीस दिनभित्र आवश्यक मूल्याङ्कन गरी परियोजना लगानी स्वीकृत गर्ने, वा नगर्ने जानकारी लगानीकर्तालाई दिनुपर्नेछ।

### १७.२ बहिर्गमन सम्बन्धी व्यवस्था

विदेशी लगानीकर्ताले कारोबार बन्द गर्न चाहेमा उद्योगको प्रकृति अनुसार सम्बन्धित निकायको स्वीकृति लिई बाहिरिन पाउनेछ। बहिर्गमनको निमित्त आवेदन परेमा सम्बन्धित निकायले तीन महिनाभित्र लिखित निर्णय दिनु पर्नेछ।

## १८. पुनरावलोकन सुधार तथा खारेजी

### १८.१ पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताका बारेमा आवधिक रूपमा आन्तरिक तथा बाह्य दुबै रूपमा मूल्याङ्कन गरी यसमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ।

### १८.२ अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

### १८.३ खारेजी

विदेशी लगानी र एकद्वार नीति, २०४८ खारेज गरिएको छ।

# अनुसूची

**विदेशी लगानी खुला नगरिने उद्योग/व्यवसायः-**

१. लघु उद्यम र परम्परागत घरेलु उद्योग (प्रविधि हस्तान्तरण बाहेक)।

२. हात हतियार खरखजाना, गोलीगठ्ठा, बारुद तथा विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग ।

३. मुद्रा तथा सिक्का व्यवसाय, सुरक्षण मुद्रण (Security Printing) ।

४. घर जग्गा खरिद बिक्री (Real Estate) व्यवसाय।

५. नेपालमा स्थिर पुँजी रू. पचास करोडभन्दा कम लगानीको बहु-ब्राण्ड (Multi- brand) खुद्रा व्यापार। सो भन्दा माथिको लगानीको हकमा २ भन्दा बढी देशमा व्यवसाय गरेको हुनुपर्ने।

६. पर्यटनमा संलग्न पर्यटक गाइड, ट्रेकिङ तथा माउन्टेनियरिङ गाइड, भरिया (घोडा, खच्चड, याक सहित), भान्से उपलब्ध गराउने पर्यटन उद्योग।

७. कुखुरा पालन, माछापालन, मौरी पालन र कृषिका प्राथमिक उत्पादनका क्षेत्रहरू।

८. विकिरणजन्य पदार्थ (Radioactive materials) सम्बन्धी उद्योग।

९. आमसञ्चारका प्रसारण माध्यमहरू (पत्रपत्रिका, रेडियो, टेलिभिजन)।

# कृषि जैविक विविधता नीति, २०६३
## (पहिलो संशोधन), २०७१

**१. मूलनीतिको प्रकरण १ मा रहेको पृष्ठभूमिमा देहाए बमोजिम संशोधन तथा परिमार्जन गरिएको छ।**

जैविक विविधताको अभिन्न अङ्गको रूपमा रहेको कृषि जैविक विविधता खाद्य तथा पोषण सुरक्षा, जीविकोपार्जन, गरिबी निवारण, पर्यावरणीय सन्तुलन र दिगो विकासको प्रमुख आधार हो। कृषि जैविक विविधता र सम्बन्धित परम्परागत ज्ञान संरक्षण, सम्वर्द्धन एवम् विकासमा कृषकको अहम् योगदान रहँदै आएको छ। नेपाल कृषि जैविक विविधतामा धनी भएपनि खाद्य र कृषिका लागि आवश्यक स्थानीय आनुवंशिक पदार्थ र स्रोत तथा सम्बन्धित परम्परागत ज्ञान क्रमशः लोप हुँदै गएकाले तिनको पहिचान, संरक्षण, सम्वर्द्धन, विकास र दिगो उपयोग गर्नु नितान्त आवश्यक छ।

नेपालको संविधान, नियम कानुन, नेपाल जैविक विविधता रणनीति तथा राष्ट्रिय कृषि नीतिका साथै जैविक विविधता सम्बन्धी महासन्धि (Convention on Biological Diversity), जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (United Nations Framework Convention on Climate Change), खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (International Treaty on Plant Genetic Resources for Food and Agriculture), पशु आनुवंशिक स्रोतका लागि विश्व कार्ययोजना तथा इन्टरलेकन घोषणापत्र (Global Plan of Action for Animal Genetic Resources and the Interlaken Declaration, 2007) जस्ता नेपाल पक्षधर अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूलाई दृष्टिगत गरी कृषि जैविक विविधताको पहिचान, संरक्षण, सम्वर्द्धन, विकास र दिगो उपयोग गर्ने उद्देश्यले यो नीति लागू गरिएको छ।

**२. मूलनीतिको प्रकरण २ मा रहेको परिभाषा खण्डमा उल्लेखित शब्दहरूको देहाए बमोजिम परिभाषा गरी केही थप शब्दहरूको परिभाषा गरिएको छ।**

**यस नीतिको प्रयोजनका लागि-**

(क) आनुवंशिक पदार्थ (Genetic material) भन्नाले घरपालुवा तथा जङ्गली पशुपन्छी, जीवजन्तु, वनस्पति, सूक्ष्म जीवाणु, विषाणु वा अन्य उत्पत्तिका वंशाणुगत गुण रहेको पूर्ण वा आंशिक भाग वा सो को क्रियात्मक एकाइ (Functional unit of heredity) लाई सम्झनु पर्दछ।

(ख) कृषि आनुवंशिक स्रोत (Agriculture genetic resources) भन्नाले खाद्य र कृषिका लागि वास्तविक र सम्भावित महत्त्वका आनुवंशिक पदार्थ सम्झनु पर्दछ। सो शब्दले मानव आनुवंशिक स्रोतलाई भने जनाउने छैन।

(ग) स्वस्थानीय संरक्षण (Insitu Conservation) भन्नाले आनुवंशिक स्रोतको मौलिक तथा प्राकृतिक वासस्थानमा गरिने संरक्षणलाई सम्झनुपर्दछ। कृषि आनुवंशिक स्रोतको सम्बन्धमा 'स्वस्थानीय संरक्षण' ले कृषकहरूले आफ्नै खेतीस्थल/गोठस्तरमा गर्ने कृषि जैविक विविधता संरक्षण खेती स्थलीय संरक्षण (Conservation) समेतलाई जनाउने छ।

(घ) परस्थानीय संरक्षण (Ex situ Conservation) भन्नाले आनुवंशिक स्रोतको मौलिक एवम् प्राकृतिक वासस्थानभन्दा बाहिर गरिने संरक्षणलाई सम्झनुपर्दछ।

(ङ) कृषि जैविक विविधता भन्नाले खाद्य तथा कृषि सम्बन्धी सम्पूर्ण जीवजन्तु वनस्पति तथा सूक्ष्म जीव जीवाणुका प्रकार तथा तिनीहरू बीचको भिन्नता र अन्तर सम्बन्धलाई सम्झनु पर्दछ। यसले आनुवंशिक विविधता (Genetic diversity), प्रजातिय विविधता (Species diversity) र पारिस्थितिकीय

प्रणालीको विविधता (Ecosystem diversity) समेतलाई जनाउँदछ। कृषि जैविक विविधताले समेटेका क्षेत्र अनुसूची-१ बमोजिम हुनेछ।

(च) कृषि जैविक विविधता अभिलेख भन्नाले कृषि जैविक विविधतासँग सम्बन्धित स्थानीय समुदायको ज्ञान सीप, खोज, सूचना तथा जानकारी, तथ्याङ्क, प्रविधि र अभ्यास सम्बन्धी अभिलेखलाई सम्झनु पर्दछ।

(छ) बीउ भन्नाले पैतृक गुणसहित नयाँ सन्तति उत्पादन गर्नसक्ने वनस्पति, जीवजन्तु वा पशुपन्छीको जीवित भ्रूण, वीर्य, अण्डा वा अङ्गसमेतलाई सम्झनु पर्दछ।

(ज) आनुवंशिक स्रोत माथिको पहुँच भन्नाले आनुवंशिक पदार्थ वा स्रोत वा परम्परागत ज्ञानको स्वामित्ववालाबाट अन्य कसैले उपयोगका लागि सङ्कलन, प्राप्ति वा ग्रहण गर्न पाउने गरी मिलाइएको प्रबन्धलाई सम्झनु पर्दछ।

(झ) कृषक भन्नाले आनुवंशिक पदार्थ वा स्रोत वा परम्परागत ज्ञानको पहिचान संरक्षण, सम्वर्द्धन, विकास र उपयोग गर्ने व्यक्ति वा तिनको समुदायलाई सम्झनु पर्दछ।

(ञ) लाभको बाडफाँट भन्नाले आनुवंशिक पदार्थ वा स्रोत वा परम्परागत ज्ञानको पहुँच तथा उपयोगबाट सिर्जित मौद्रिक वा गैर मौद्रिक फाइदामा पहुँच दिने र लिने बीचको सम्झौता बमोजिम हुने बाडफाँटलाई सम्झनुपर्दछ।

(ट) समन्यायिक वितरण भन्नाले कृषक र सम्बन्धित सरोकारवाला बीच आनुवंशिक पदार्थ वा स्रोत वा परम्परागत ज्ञानको पहुँचबाट सिर्जित लाभको निष्पक्ष र समन्यायिक बाडफाँटलाई सम्झनु पर्दछ।

(ठ) पराम्परागत ज्ञान भत्राले परापूर्वकालदेखि आनुवंशिक पदार्थ वा स्रोतको पहिचान, संरक्षण, सम्वर्द्धन, विकास र उपयोगबारे कृषकमा निहित ज्ञान, सीप, खोज, प्रविधि वा अभ्यासलाई सम्झनु पर्दछ।

(ड) जैविक सुरक्षा (Biosafety) भन्नाले आधुनिक जैविक प्रविधिबाट विकसित अनुवंश परिवर्तित जीव (Genetically modified organism/ Living modified organism) को प्रयोग, ओसार पसार, अनुसन्धान तथा बेचविखन वा अन्य प्रविधिबाट जैविक विविधता, प्राकृतिक वातावरण तथा मानव स्वास्थ्यमा पर्ने जोखिमबाट जोगिने उपायलाई सम्झनु पर्दछ।

(ढ) बहुपक्षीय पहुँच (Multilateral access) भन्नाले खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिले व्यवस्था गरेअनुरुप खाद्य, कृषि तथा मानव कल्याण र हितका निमित्त सदुपयोग गर्ने उद्देश्यले कृषि तथा खाद्य सुरक्षाका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था तथा निकायले पहुँच र उपयोग गर्न सक्ने गरी मिलाइएको वानस्पतिक आनुवंशिक स्रोतको प्रबन्ध सम्झनु पर्दछ।

(ण) राष्ट्रिय जीन बैंक भन्नाले कृषि जैविक विविधता संरक्षण तथा दिगो उपयोगका लागि नेपाल सरकारले राष्ट्रियस्तरमा स्थापना गरेको राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र सम्झनु पर्दछ।

(त) समिति भन्नाले कृषि जैविक विविधता नीतिको कार्यान्वयनका सम्बन्धमा आवश्यक समन्वय तथा अनुगमन गर्नका लागि गठित 'राष्ट्रिय कृषि जैविक विविधता संरक्षण समितिलाई सम्झनु पर्दछ।

**३. मूलनीतिको प्रकरण ३ को परिकल्पनामा देहाए बमोजिमको संशोधन गरिएको छ।**

यस नीतिले कृषि जैविक विविधता तथा कृषकको परम्परागत ज्ञानको संरक्षण, सम्वर्द्धन, विकास र उपयोग गरी जलवायु अनुकुलन तथा पर्यावरणीय सन्तुलनका माध्यमबाट जैविक विविधताको हासलाई न्यूनीकरण गर्दै समग्र कृषिको दिगो विकास गरी जीविकोपार्जन सुरक्षा, गरिबी निवारण र वर्तमान तथा भावी पुस्ताको खाद्य तथा पोषण सुरक्षा प्रत्याभूति गर्ने परिकल्पना गरेको छ।

**४. मूलनीतिको प्रकरण ४ मा रहेको उद्देश्यमा देहाए बमोजिमको संशोधन गरिएको छ।**

४.१ कृषि जैविक विविधता तथा परम्परागत ज्ञानको पहिचान, संरक्षण, सम्वर्द्धन, विकास र दिगो उपयोग गर्ने।

४.२ कृषि आनुवंशिक पदार्थ र स्रोत तथा परम्परागत ज्ञानमा कृषक अधिकारको संरक्षण गर्ने।

४.३ कृषि आनुवंशिक पदार्थ र स्रोत तथा परम्परागत ज्ञानमा पहुँच र सोबाट सिर्जित लाभको बाडफाँट एवम् निष्पक्ष र समन्यायिक वितरण गर्ने।

४.४ कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गरी पर्यावरणीय सन्तुलन अभिवृद्धि, जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरणमा योगदान पुर्याउने।

**५. मूलनीतिको प्रकरण ५ मा रहेको नीतिमा देहाए बमोजिम संशोधन र थप गरी परिमार्जन गरिएको छ।**

**५.१ कृषि जैविक विविधता तथा परम्परागत ज्ञानको पहिचान संरक्षण, सम्वर्द्धन, विकास र दिगो उपयोगको लागि देहाय बमोजिमका नीतिहरू अवलम्बन गरिनेछन्।**

**५.१.१ स्वस्थानीय संरक्षण तथा सम्वर्द्धन,**

५.१.१.१. स्वस्थानीय अवस्थामा रहेका आनुवंशिक पदार्थ र स्रोतको सर्वेक्षण सङ्कलन र मूल्याङ्कन गरी तिनीहरूको जोखिम विश्लेषण र सम्भावित उपयोगको आधारमा स्वस्थानमा संरक्षण गरिनेछ।

५.१.१.२. खाद्य, कृषि तथा पशुपन्छी, र तिनका पर्यावरणीय सेवामा सहयोग गर्ने जङ्गली प्रजातिको प्राकृतिक वासस्थान सहित स्वस्थानीय संरक्षण गरी दिगो उपयोग गर्न सम्बन्धित सरोकारवाला निकायहरूसँग सहकार्य गरिनेछ।

५.१.१.३. कृषि जैविक विविधता प्रचुर रहेका स्थलहरू (Agricultural biodiversity hotspots) को पहिचान र संरक्षण गरिनेछ। त्यस्ता स्थलहरूमा कृषकको सहभागितामा कृषि जैविक विविधता संरक्षण क्षेत्रको विकास गरिनेछ।

५.१.१.४. कृषि जैविक विविधता संरक्षणका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्न कृषि तथा पशु विकास प्रसार सेवा, अनुसन्धान तथा शिक्षाका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका निकायहरू बीच समन्वय स्थापित गरिनेछ। साथै नेपालको जैविक विविधता रणनीतिमा उल्लेखित कृषि जैविक विविधता सम्बन्धी कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

५.१.१.५. कृषि जैविक विविधताको संरक्षण र सदुपयोग गर्न कृषि वन र वातावरण क्षेत्र बीचको सहकार्यलाई विस्तार र संस्थागत गरी प्रभावकारी बनाइनेछ।

५.१.१.६. भूपरिधि क्षेत्र (Landscape) तथा पारिस्थितिकीय प्रणाली (Ecosystem) स्तरमा सञ्चालन गरिने जैविक विविधता संरक्षणका कार्यक्रमहरूमा कृषि जैविक विविधताको संरक्षण र सम्वर्द्धन लाई प्राथमिकता दिइनेछ ।

५.१.१.७. स्थानीय र राष्ट्रियस्तरमा कृषि जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखीकरण गरी पञ्जीकरणको व्यवस्था गरिनेछ।

५.१.१.८. खाद्य र कृषिका लागि आवश्यक आनुवंशिक पदार्थ र स्रोतहरूमा पहुँच र तिनको उपयोग बढाउनका लागि राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्रमार्फत अन्तर्राष्ट्रिय जीन बैंकहरूमा रहेका आनुवंशिक पदार्थ र स्रोतमा पहुँच पुर्याइने छ।

५.१.१.९. अन्तर्राष्ट्रियस्तरमा संरक्षित नेपालका आनुवंशिक पदार्थ र स्रोतहरूको स्वस्थानीय संरक्षण, पुनर्स्थापना (Restoration), अनुसन्धान र विकास कार्यहरूको प्रवर्द्धनका लागि राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र, सिमेन बैंक, सामुदायिक बीउ बैंक, कृषि, बागवानी तथा पशु फार्म र अन्य अनुसन्धानका निकायहरूसँग सहकार्य गरिनेछ।

५.१.१.१०. समुदायमा आधारित जैविक विविधता व्यवस्थापन पद्धतिलाई प्रवर्द्धन गर्न सामुदायिक जैविक विविधता अभिलेखीकरण, जैविक विविधता मेला, सामुदायिक बीउ बैंक, फिल्ड जीन बैंक, सिमेन बैंक र जैविक विविधता व्यवस्थापन कोषजस्ता कार्यक्रमहरू सञ्चालन र विस्तार गरिनेछ।

५.१.१.११. कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न कृषकहरू पहिचान गरी अभिलेखीकरण गर्ने र तिनलाई कृषि जैविक विविधता संरक्षण, सम्वर्द्धन र उपयोगका लागि प्रोत्साहित गरिनेछ।

**५.१.२ परस्थानीय संरक्षण तथा सम्वर्द्धन**

५.१.२.१. आनुवंशिक पदार्थ र स्रोतहरूको परस्थानीय संरक्षणका लागि खोजी (Exploration),पहिचान (Identification), अभिलेखीकरण (Documentation), चरित्र-चित्रण (Characterization), पुनरोत्पादन (Regeneration), मूल्याङ्कन (Evaluation) र नक्साङ्कन (Mapping) गरिनेछ।

५.१.२.३. कृषि आनुवंशिक पदार्थ र स्रोतहरू राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्रमा संरक्षण गर्ने व्यवस्था मिलाइनेछ।

५.१.२.४. खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतको बहुपक्षीय प्रणालीमा आवद्ध हुने व्यवस्था गरिनेछ।

५.१.२.५. जोखिममा रहेका खाद्य र कृषि सम्बन्धी वनस्पति पशुपन्छी तथा अन्य उपयोगी प्रजातिहरूको प्राथमिकताका साथ संरक्षण, उपयोग र पुर्नस्थापना गरिनेछ।

५.१.२.६. कृषि आनुवंशिक पदार्थ र स्रोतहरूको परस्थानीय संरक्षणका लागि सर्वेक्षण, अध्ययन, अनुसन्धान, लगानी तथा प्रविधि विकास गरी हस्तान्तरणमा जोड दिइनेछ।

५.१.२.७. परस्थानीय र स्वस्थानीय संरक्षण कार्यक्रमहरूलाई प्रभावकारी बनाउन राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र र सिमेन बैंक, सामुदायिक बीउ बैंकजस्ता स्थानीय कार्यक्रमहरूबीच समन्वय र सहकार्य बढाइनेछ।

**५.१.३ दिगो उपयोग**

५.१.३.१. कृषि जैविक विविधताको दिगो उपयोगका लागि एकीकृत खेती प्रणाली (Integrated farming system) मा आधारित प्राङ्गारिक खेती, पशुपालन, घर-बगैंचा (Home garden), कृषि-वन (Agroforestry), जैविक ग्राम (Bio-village), शहरी वन, कृषि पर्यटन (Agro-ecotourism) जस्ता कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ।

५.१.३.२. पर्यावरणीय कृषि उत्पादन सामग्री जस्तै- गडयौली मल (Vermicompost), जैविक मल, जैविक विषादी, परागसेचन सेवा (Pollination services), को प्रयोगमा टेवा र सचेतनात्मक तालिमका माध्यमबाट स्रोतहरूको प्रभावकारिता बढाइनेछ।

५.१.३.३. कृषकको परम्परागत बीउ बिजन उत्पादन र वितरण प्रणालीलाई संरक्षण गरी सुदृढ गरिनेछ।

५.१.३.४. कृषि जैविक विविधता संरक्षण र सम्वर्द्धनमा योगदान पुग्ने पर्यावरण मैत्री कृषि उत्पादन र उद्योग व्यवसायहरूलाई प्रोत्साहित गरिनेछ।

५.१.३.५. बाली प्रजनन्, पशुपन्छी नश्ल सुधार, जलाशय तथा जलाधार व्यवस्थापन कार्यक्रममा स्थानीय आनुवंशिक स्रोत, परम्परागत तथा आधुनिक ज्ञानको उपयोगलाई प्रोत्साहन दिइनेछ। सो क्रममा कृषकको सहभागितालाई विशेष महत्त्व र प्रोत्साहन दिइनेछ।

५.१.३.६. कृषि जैविक विविधताको दिगो उपयोगका लागि सरकारी कृषक समुदाय (महिला, आदिबासी, जनजाती र उपेक्षित वर्ग) तथा निजी क्षेत्रको सहकार्य एवम् साझेदारीमा उत्पादन वृद्धि, रोजगारी एवम् आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५.१.३.७. उपेक्षित (Neglected) तथा न्यून उपयोगमा रहेका (Underutilized) प्रजातिहरूको संरक्षण, सम्वर्द्धन, विकास र उपयोगलाई विशेष प्राथमिकता दिइनेछ। साथै सरकारी क्षेत्रबाट सञ्चालित अनुसन्धान र प्रसार कार्यक्रमहरूमा उक्त प्रजातिहरूको दिगो उपयोगका लागि व्यवस्थापन, प्रजनन् एवम् गुणस्तर तथा मूल्य अभिवृद्धि (Value-addition) गरी बजारीकरण प्रवर्द्धनका कार्यक्रमहरू समावेश गरिनेछ।

५.१.३.८. कृषि जैविक विविधताको महत्त्व, संरक्षण, सम्वर्द्धन, विकास र दिगो उपयोग सम्बन्धी औपचारिक तथा अनौपचारिक माध्यमबाट शिक्षा दिने तथा जनचेतना अभिवृद्धि गर्ने व्यवस्था मिलाइनेछ। साथै संलग्न जनशक्तिको क्षमता अभिवृद्धिमा जोड दिइनेछ।

**५.२ आनुवंशिक पदार्थ र स्रोत तथा परम्परागत ज्ञानमा कृषक अधिकारको संरक्षणका लागि देहाय बमोजिमका नीतिहरू अवलम्बन गरिनेछन्।**

५.२.१. कृषकको परम्परागत ज्ञानको खोज, प्रवर्द्धन र उपयोगका लागि महिला, आदिबासी, जनजाती र विपन्न वर्गलाई समाहित गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

५.२.२. कृषि जैविक विविधताको पहिचान, संरक्षण, सम्बर्द्धन र उपयोगका लागि गठित सञ्चालित कृषक समूह समितिहरूलाई दर्ता गरी कानुनी मान्यता दिने व्यवस्था गरिनेछ।

५.२.३. कृषि जैविक विविधता संरक्षण र दिगो उपयोगमा उल्लेखनीय योगदान पुर्याउने कृषक, वैज्ञानिक, प्राविधिक, सरोकारवाला, समुदाय र संस्थालाई पुरस्कृत गरिनेछ।

५.२.४. कृषकले विकास गरेका र संरक्षण एवम् उपयोग गर्दै आएका वनस्पति, पशुपन्छी र अन्य प्राणीका जात एवम् प्रविधि उपयोग गरी उत्पादन र बिक्री वितरण गर्न पाउने अधिकारमा कुनै हस्तक्षेप हुन नदिने व्यवस्था गरिनेछ। बीउ बिजनको जगेर्ना साटासाट र पुन प्रयोग र उत्पादन गरी जोगाएको, बीउ बीजन (Farmer-saved seed) बिक्री वितरण गर्न पाउने कृषक अधिकारमा बाधा पर्ने गरी कुनै कानुन बनाइने छैन।

५.२.५. कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोग सम्बन्धी स्थानीय र राष्ट्रियस्तरमा हुने निर्णय प्रक्रियामा कृषक तथा स्थानीय समुदायको सहभागिता सुनिश्चत गर्ने व्यवस्था मिलाइनेछ।

५.२.६. कृषि जैविक विविधताको स्थानीय तहदेखि नै संरक्षण तथा सम्वर्द्धन र विकासको सुनिश्चितताको लागि स्थानीय योजना तर्जुमा प्रक्रियामा कृषि जैविक विविधता मूलप्रवाहीकरण गर्नु पर्ने र स्थानीय निकायबाट हुनसक्ने कामका लागि सोही निकायलाई जिम्मेवारी बनाइनेछ।

५.२.७. आनुवंशिक पदार्थ र स्रोतको चोरी (Biopiracy) वा बीउ बिजनको गैरकानुनी बिक्री वितरण र प्रयोग वा परम्परागत ज्ञानको दुरुपयोगका कारण कृषकलाई कुनै हानि नोक्सानी भएमा पीडकबाट क्षतिपूर्ति भराइदिने व्यवस्था मिलाइनेछ।

**५.३. कृषि आनुवंशिक पदार्थ र स्रोत तथा सम्बन्धित परम्परागत ज्ञानमा पहुँच र सोबाट सिर्जित लाभको बाडफाँट एवम् निष्पक्ष र समन्यायिक वितरणका लागि देहाय बमोजिमका नीतिहरू अवलम्बन गरिनेछन्।**

५.३.१. कृषि आनुवंशिक पदार्थ र स्रोत एवम् परम्परागत ज्ञान माथिको पहुँचबाट सिर्जित लाभको बाडफाँटमा कृषकको हिस्सा सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ।

५.३.२. वानस्पतिक आनुवंशिक पदार्थ र स्रोतलाई सूचीकृत गरी खाद्य तथा कृषिका लागि वानस्पतिक, आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतको बहुपक्षीय पद्धतिको कार्यान्वयन समन्वय, सञ्चालन गर्ने र यसबाट अधिकतम लाभ लिने व्यवस्था मिलाइनेछ। सोका लागि कानुनी व्यवस्था गरी राष्ट्रियस्तरमा सक्षम निकायको व्यवस्था गरिनेछ र सो निकायलाई अधिकार र स्रोत सम्पन्न बनाइनेछ। त्यसो गर्दा अन्य सन्धि तथा महासन्धिका प्रावधान अन्य नियम कानुन बमोजिम हुने

गरी उक्त सन्धि कार्यान्वयनका लागि अत्यावश्यकीय व्यवस्था गरिनेछ र संस्थागत संरचना एवम् राष्ट्रिय सक्षम अधिकारी वा निकाय तोक्दा सम्बन्धित क्षेत्रमा कार्यरत संस्थामध्ये उपयुक्त संस्थाको क्षमता अभिवृद्धि गरी जिम्मेवारी तोक्ने व्यवस्था मिलाइनेछ।

५.३.३. खाद्य र कृषिका लागि वानस्पतिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिले समेटेका विविध पक्षको नियमन गर्न एकद्वार प्रणाली अवलम्बन गरिनेछ।

५.३.४. पशु आनुवंशिक पदार्थ र स्रोतलाई सूचीकृत गरी पशु आनुवंशिक स्रोतका लागि विश्व कार्ययोजना तथा इन्टरलेकन घोषणापत्र अन्तर्गतको बहुपक्षीय पद्धतिबाट अधिकतम लाभ लिन आवश्यक व्यवस्था गरिनेछ।

५.३.५. आनुवंशिक पदार्थ र स्रोत एवम् परम्परागत ज्ञानको पहुँचका लागि लिनेदिने दुवै पक्षलाई परस्परमा मान्य हुने सर्त तथा पूर्व सूचित सहमति र लाभको बाडफाँट सम्बन्धी कानुनी व्यवस्था गर्न सम्बन्धित निकायसँग सहकार्य गरिनेछ।

५.३.६. बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी नीति तथा कानुनहरूबाट कृषकको अधिकार माथि प्रतिकुल प्रभाव नपर्ने व्यवस्था मिलाइनेछ।

**५.४. कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन, विकास र उपयोग गरी पर्यावरणीय सन्तुलन अभिवृद्धि तथा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणमा योगदान पुर्याउनका लागि देहाय बमोजिमका नीतिहरू अवलम्बन गरिनेछन्।**

५.४.१. विकास आयोजना सञ्चालनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा कृषि जैविक विविधता संरक्षण तथा जलवायुमैत्री विकासलाई विशेष महत्त्व दिइनेछ।

५.४.२. अनुवंश परिवर्तित जीवको आयात, अध्ययन, अनुसन्धान विकास र उपयोग गर्दा जैविक सुरक्षाका उपाय सम्बन्धी कार्यविधि बनाई अवलम्बन गर्ने व्यवस्था गरिनेछ। वर्ण नपुंसक प्रविधि (terminator technology) प्रयोग भएको बीउलाई पूर्ण निषेध गरिनेछ।,

५.४.३. जलवायु परिवर्तनको असर सहन सक्ने आनुवंशिक पदार्थ र स्रोतहरूको पहिचान अभिलेखीकरण, अध्ययन-अनुसन्धान, मूल्याङ्कन र नक्साङ्कन गरी अनुकूलन क्षमता भएका जात र नश्लको विकास र प्रवर्द्धन गरिनेछ।

५.४.४. कृषि उत्पादन प्रणालीसँग आवद्ध पर्यावरणीय सेवाहरूको दिगो परिचालनको लागि परागसेचक एवम् अन्य सेवा प्रदान गर्ने जीव, पारिस्थितिकीय प्रणाली र पर्यावरणको अध्ययन, अनुसन्धान, अनुगमन र संरक्षण गरिनेछ। साथै कृषि उत्पादन सामग्रीहरू प्रयोग गर्दा परागसेचक (Pollinators), प्राकृतिक परभक्षी तथा परजीवी (Natural predators and parasites), माटोका लाभदायक सूक्ष्मजीवहरू (Soil biota) मैत्री प्रक्रिया अवलम्बन गरिनेछ।

५.४.५. परागसेचक तथा अन्य सेवा प्रदान गर्ने जीवहरू र तिनको प्राकृतिक वासस्थान संरक्षणका दृष्टिले सुरक्षित विषादीको प्रयोग, एकीकृत तथा पर्यावरणीय शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक खेती प्रवर्द्धनमा जोड दिइनेछ।

५.४.६. बढ्दो जनसङ्ख्या वन विनाश, सहरीकरण र भूक्षयबाट आनुवंशिक स्रोत र तिनको प्राकृतिक वासस्थान ह्रास लोप हुन लागेको अवस्थामा वैज्ञानिक भूव्यवस्थापन प्रविधिहरू प्रवर्द्धनका साथै, भूक्षय रोकथाम, वन एवम् बासस्थान संरक्षण गरिनेछ। यसका लागि सरोकारवाला निकायहरूसँग आवश्यक सहकार्य गरिनेछ।

५.४.७. कृषि जैविक विविधतालाई प्रतिकूल प्रभाव पार्ने मिचाहा प्रकृतिका प्रजाति (Invasive species) हरू पहिचान र नियन्त्रण गर्न सरोकारवाला निकायको सहयोगमा नियन्त्रण सम्बन्धी कार्यविधि बनाई आवश्यक उपाय अवलम्बन गरिनेछ।

**६. मूलनीतिको प्रकरण ६ मा रहेको कार्यान्वयन तथा अनुगमनमा देहाए बमोजिम संशोधनसहित मूलनीतिको अनुसूची-२ लाई समावेश गरी परिमार्जन गरिएको छ।**

**कार्यान्वयन, समन्वय तथा अनुगमन**

६.१ स्थानीय तहदेखि केन्द्रीय तहसम्मको कृषि जैविक विविधता सम्बन्धी योजना तर्जुमा अनुगमन तथा मूल्याङ्कनमा सम्बन्धित तहमा सरोकारवालाहरूको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक पद्धतिलाई बढावा दिइनेछ।

६.२ उक्त बमोजिमको नीतिको कार्यान्वयन, समन्वय र अनुगमनका लागि राष्ट्रियस्तरमा राष्ट्रिय कृषि जैविक विविधता संरक्षण समिति रहनेछ। समितिको गठन देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| सचिव, कृषि विकास मन्त्रालय | अध्यक्ष |
| सहसचिव (कृषि), राष्ट्रिय योजना आयोग | सदस्य |
| सहसचिव, (वातावरण), वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| सहसचिव, (वातावरण), विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| सहसचिव, (वातावरण), उद्योग मन्त्रालय | सदस्य |
| सहसचिव, (वातावरण), सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| कार्याकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| महानिर्देशक, कृषि विभाग | सदस्य |
| महानिर्देशक, पशुसेवा विभाग | सदस्य |
| महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| महानिर्देशक, वनस्पति विभाग, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| महानिर्देशक, वातावरण विभाग, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| प्रमुख, राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र | सदस्य |
| विज्ञ प्रतिनिधि, कृषि तथा वन विश्वविद्यालय | सदस्य |
| विज्ञ प्रतिनिधि, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| सदस्य सचिव, राष्ट्रिय बीउ बिजन समिति | सदस्य |
| प्रतिनिधि, कृषि जैविक विविधता संरक्षणमा संलग्न गैरसरकारी संस्था* | सदस्य |
| प्रतिनिधि, कृषि जैविक विविधता संरक्षणमा संलग्न कृषक संस्था (महिला-१, पुरुष-१) | सदस्य |
| सहसचिव, खाद्य सुरक्षा तथा वातावरण महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य सचिव |

सरोकारवाला व्यक्ति वा संस्थाका प्रतिनिधिहरूलाई आवश्यकता अनुसार समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ।

६.३ उक्त समितिले राष्ट्रिय जैविक विविधता समन्वय समिति लगायत सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्नेछ। कृषि जैविक विविधता कार्यक्रम सञ्चालन तथा समन्वयका लागि नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विभाग, पशुसेवा विभागमा सम्पर्क एकाइहरू तोकिनेछ।

६.४ समितिको कार्य सञ्चालन तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ।

** मनोनयन समितिबाट गरिने।*

६.५ राष्ट्रिय कृषि जैविक विविधता संरक्षण समितिलाई आवश्यक प्राविधिक सहयोग गर्न तपसिल बमोजिमको कृषि जैविक विविधता प्राविधिक सल्लाहकार उपसमिति गठन हुनेछः

| | |
|---|---|
| सहसचिव, खाद्य सुरक्षा तथा वातावरण महाशाखा, कृषि विकास मन्त्रालय | अध्यक्ष |
| प्रमुख, कृषि जैविक विविधता शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| प्रमुख, जैविक विविधता शाखा, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| कृषि जैविक विविधता सम्पर्क निकाय, कृषि विभाग | सदस्य |
| प्रमुख, कृषि जैविक विविधता सम्पर्क निकाय, पशुसेवा विभाग | सदस्य |
| विशेषज्ञताका आधारमा मनोनित व्यक्तिहरू (३ जना)+ | सदस्य |
| प्रमुख, राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र | सदस्य-सचिव |

*+ मनोनित सदस्यहरूको कार्यावधि मनोनयन भएको मितिबाट २ वर्ष रहनेछ।*

**७. मूलनीतिमा प्रकरण ७ थप गरिएको छ।**

**७.१. यो नीतिको कार्यान्वयन तथा अनुगमनका लागि आवश्यक ऐन, नियम तथा निर्देशिका कार्यविधि बनाइनेछ र आवश्यक संस्थागत व्यवस्था गरिनेछ।**

**७.२. अनुसूची-२ खारेज गरिएको छ।**

कृषि जैविक विविधताको कार्य क्षेत्र (प्रकरण २ को खण्ड ङ सँग सम्बन्धित*) अनुसूची-१ सम्बन्धमा देहाए बमोजिम संशोधन तथा परिमार्जन गरिएको छ।

(क) कृषिजन्य आनुवंशिक स्रोतहरू

- वनस्पतिजन्य आनुवंशिक स्रोतहरू (घाँसेवाली र चरनका प्रजाति एवम् खेती प्रणालीको अभिन्न अङ्गको रूपमा रहेका रुखका आनुवंशिक स्रोतहरू समेत)
- पशुपन्छीजन्य आनुवंशिक स्रोतहरू
- मत्स्य आनुवंशिक स्रोतहरू
- कीट आनुवंशिक स्रोतहरू
- सुक्ष्म जैविक आनुवंशिक स्रोतहरू
- खेती गरिने र घरपालुवा प्रजातिसँग सम्बन्धित जङ्गली प्रजातिहरू

(ख) कृषि उत्पादन प्रणालीसँग आवद्ध पर्यावरणीय सेवा र यस्ता सेवा प्रदान गर्ने जीवहरू

- पोषक तत्व चक्र (Nutrient cycle)
- जैविक वस्तुहरूको कुहाइ
- माटोको उर्वराशक्ति
- कीरा र रोगको प्राकृतिक नियमन (Pest and disease regulation)
- परागसेचन
- स्थानीय वन्य जीवजन्तु र तिनको वासस्थान संरक्षण तथा सम्बधर्न
- जलचक्र व्यवस्थापन
- प्राङ्गार स्थिरीकरण
- भूक्षय नियन्त्रण
- मौसम तथा जलवायुको प्राकृतिक नियमन (climate regulation)
- अन्य

(ग) कृषि जैविक विविधतामा निश्चित प्रभाव पार्ने अजैविक पक्षहरू

(घ) सामाजिक, आर्थिक र साँस्कृतिक पक्षहरू

- कृषि जैविक विविधताका परम्परागत र स्थानीय ज्ञान साँस्कृतिक पक्षहरू र सहभागिताका प्रक्रियाहरू,
- कृषि भू-परिधिसँग सम्बन्धित पर्यटन र अन्य सामाजिक/आर्थिक पक्षहरू।

* CBD, 1992 को Conference of the Parties को निर्णय नं. V/5 को आधारमा।

# भू-उपयोग नीति, २०७२

## १. पृष्ठभूमि

राज्यको सीमित भूमि र भूमिस्रोतको संरक्षण समुचित उपयोग र प्रभावकारी व्यवस्थापन सम्बन्धी कार्यलाई मार्गनिर्देशन गर्न तर्जुमा गरिएको नीतिगत दस्तावेज भू-उपयोग नीति हो । भूमि तथा भूमि स्रोतको संरक्षण, उपयोग र व्यवस्थापनका लागि आवश्यक पर्ने कानुनी एवम् संस्थागत व्यवस्था यसै नीतिको आधारमा गरिनेछ। यस नीतिले भूमि तथा भूमि स्रोतको उपयोगबाट प्राप्त हुने लाभलाई न्यायोचित ढङ्गबाट वितरण गर्न सक्ने अवस्था सिर्जना गर्दछ ।

नेपालको सर्न्दभमा बढ्दो जनसङ्ख्या, आन्तरिक बसाइँ सराइ, अव्यवस्थित र बढ्दो सहरीकरणलगायतका कारणले कृषियोग्य जमिन, वनजङ्गल, सरकारी, सार्वजनिक जग्गा तथा विभिन्न प्राकृतिक स्रोतहरू अतिक्रमण हुन गई सोको संरक्षण गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएको छ। भौगोलिक र भौगर्भिक अवस्था एवम् पर्यावरणीय परिवर्तनको असरले भू-क्षयीकरण, बाढी, पहिरोजस्ता विपदहरूको जोखिम बढिरहेको छ। यसबाट खाद्यसुरक्षा, सुरक्षित बसोवास, वातावरणीय सन्तुलन र दिगो विकास चुनौती देखापरेको छ । यस प्रकारका जोखिम र चुनौतीको व्यवस्थापन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट वि.सं. २०६९ सालमा राष्ट्रिय भू-उपयोग नीति, २०६९ जारी गरियो ।

राष्ट्रिय भू-उपयोग नीति, २०६९ ले खाद्य सुरक्षाको सुनिश्चितताको लागि कृषियोग्य भूमिको संरक्षणलाई प्राथमिकता दिएको छ । २०७२ साल वैशाख १२ गतेको विनासकारी भूकम्प र तत्पश्चात्का पराकम्पहरूले जोखिमरहित एवम् सुरक्षित बसोवास व्यवस्थापन गर्ने विषयलाई उजागर गरेको छ। साथै प्राकृतिक विपद्जन्य क्षेत्रहरूको पहिचान गरी ती क्षेत्रहरूमा निर्देशित क्रियाकलाप सञ्चालन गर्नुपर्ने चेतना पैदा गरेको छ। भौतिक पूर्वाधारहरूको विकास गर्दा भूकम्प लगायतका प्राकृतिक विपद् र मानव सिर्जित जोखिमहरूको सम्भावनालाई समेत ध्यान दिनुपर्ने आवश्यकता महसुस भएको छ। यी सबै समसामयिक विषयहरूलाई दीर्घकालीन रूपमा सम्बोधन गर्न राष्ट्रिय भू-उपयोग नीति, २०६९ लाई पुनरावलोकन गरी भू-उपयोग नीति, २०७२ तर्जुमा गरिएको छ ।

## २. समस्या, चुनौती र अवसर

### २.१ समस्या

(क) कृषियोग्य भूमिको गैर कृषि प्रयोजनमा बढ्दो प्रयोग, अधिकांस कृषियोग्य भूमि बाँझै रहनु, अनियन्त्रित खण्डीकरण बढ्दै जानुले कृषि उत्पादन र उत्पादकत्वमा ह्रास आउँदा खाद्य सुरक्षामा प्रतिकूल प्रभाव परेको,

(ख) भूमिको वैज्ञानिक वर्गीकरण, विकास र व्यवस्थापन हुन नसक्दा जनधनको संरक्षण र विपद् व्यवस्थापन कार्य जटिल बन्दै गएको,

(ग) आन्तरिक बसाइँसराइ, अव्यवस्थित बसोवास र सहरीकरणका कारण कृषियोग्य भूमि घट्दै गएको, सरकारी, सार्वजनिक र वन क्षेत्रका जग्गामा अतिक्रमण गर्ने प्रवृति बढ्दै गएको,

(घ) वातावरण प्रदूषण र जलवायु परिवर्तनका कारण भू-क्षय, बाढी, पहिरो, मरुभूमीकरण लगायतका विपद् बढ्न गई वातावरण विनाश र जैविक विविधतामा असन्तुलन र वनजङ्गल लगायतका प्राकृतिक स्रोतमा ह्रास हुँदै आएको,

(ङ) हिमाली, उच्च पहाडी र चुरे क्षेत्रको उचित संरक्षण हुन नसक्दा सो क्षेत्र लगायत तल्लो तटीय क्षेत्रमा नकारात्मक प्रभाव देखिन थालेको,

(च) सहरी क्षेत्रमा खुला स्थानको अभाव हुँदै गएको ।

**२.२ चुनौती**

(क) भूमिको वैज्ञानिक वर्गीकरण गरी निर्दिष्ट उपयोगमा भूमिको समुचित उपयोग गर्ने पद्धति विकास गर्ने,

(ख) भूमि र भूमि स्रोतको दिगो उपयोग र व्यवस्थापन बहुसरोकारको विषय भएकाले सरोकारवाला निकायको संस्थागत र समन्वयात्मक क्रियाशीलता सुनिश्चितता गर्ने,

(ग) कृषियोग्य भूमिको संरक्षण र व्यवस्थापन गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूति गर्ने,

(घ) स्वच्छ, सुन्दर, सुविधा सम्पन्न, सुरक्षित बस्ती विकास, योजनाबद्ध र दिगो सहरीकरण तथा भौतिक पूर्वाधार विकासको लागि भूमिको समुचित उपयोग गर्ने,

(ङ) जलवायु परिवर्तनका असर, प्राकृतिक विपद् र मानव सिर्जित जोखिम न्यूनीकरण, जैविक विविधता र वातावरण संरक्षणका लागि वन जङ्गल एवम् हरित क्षेत्र, मनोरञ्जन स्थल एवम् खुला क्षेत्र, जल एवम् सिमसार क्षेत्रको संरक्षण र विकास तथा व्यवस्थापन गर्ने,

(च) सम्पुर्ण भू-भागको कित्ता नापी सम्पन्न गरि भूमी लगत तयार गर्ने कार्य बाँकी रहेको सन्दर्भमा भू-उपयोग क्षेत्र वर्गीकरण गरि प्रत्येक कित्तामा निर्दिष्ट भू-उपयोग क्षेत्र उल्लेख गर्ने ।

(छ) भू-उपयोग कार्यान्वयनको लागि कानुन तर्जुमा र सङ्गठन संरचना निर्माण गरी प्रभावकारी रूपमा लागु गर्ने ।

**२.३ अवसर**

(क) कृषियोग्य भूमिको संरक्षण एवम् समुचित उपयोग गरी खाद्य सुरक्षा सुनिश्चित गर्न राजनीतिक दलहरू, नागरिक समाज लगायत सबै सरोकारवालाहरूको प्रतिबद्धता बढेको,

(ख) बाढी, पहिरो र भूकम्प लगायतका प्राकृतिक विपद् तथा मानव सिर्जित जोखिमबाट स्वच्छ, सुन्दर, सुविधा सम्पन्न, सुरक्षित बस्ती विकास, योजनाबद्ध र दिगो सहरीकरण गर्नेतर्फ आम चासो रहेको,

(ग) भूमि स्रोत र प्राकृतिक सम्पदाहरूको संरक्षण र विकास गर्न स्थानीयस्तरमा चेतनाको स्तर उत्साहजनक रहेको ।

(घ) प्रविधियुक्त भू-उपयोग सूचना प्रणालीको विकास र पहुँच स्थापना गरी भूमिको वर्गीकरण, भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अवसर सिर्जना भएको,

(ङ) विनाशकारी भूकम्प पश्चात् भू-उपयोग नीतिको समन्वयात्मक रूपमा प्रभावकारी कार्यान्वयन गर्ने अवसर सिर्जना भएको,

(च) भूमि र भूमिस्रोतको समुचित उपयोग र व्यवस्थापनाबाट वातावरण र भौतिक पूर्वाधार विकास बीच सन्तुलन कायम राख्दै दिगो विकासका लक्ष्य हासिल गरी मुलुकलाई समृद्ध बनाउने अवसर रहेको,

## ३. नीति तर्जुमा प्रमुख आधारहरू

**(क) सवैधानिक आधार**

भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यावसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने भन्ने नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त तथा दायित्व अन्तर्गत धारा ५१ को खण्ड (ङ) कृषि र भूमि सुधार सम्बन्धी नीतिको उपखण्ड (३) को भावना र मर्मलाई भू-उपयोग नीति तर्जुमाको मुख्य आधारका रूपमा लिइएको छ ।

**(ख) भू-उपयोग क्षेत्र वर्गीकरणको सिद्धान्त**

भू-उपयोग क्षेत्र निर्धारण गर्दा परस्पर सहयोगी भू-उपयोगलाई प्रोत्साहित गर्ने (Promoting complementary land use) प्रतिस्पर्धी भू-उपयोगलाई सन्तुलित राख्ने (Maintaining competitive land use) र परस्पर विरोधी भू-उपयोगलाई, निरुत्साहित गर्ने (Avoiding conflicting land use) सिद्धान्तलाई भू-उपयोग क्षेत्र वर्गीकरणको आधार लिइएको छ ।

**(ग) राष्ट्रिय आवश्यकता**

भूमि र भूमिस्रोतको समुचित प्रयोगबाट वातावरण र विकास बीच सन्तुलन कायम राखी वातावरणमैत्री विकास निर्माण कार्य सुनिश्चित गर्न, स्वच्छ, सुन्दर, सुविधा सम्पन्न, बस्ती विकास गर्न, योजनाबद्ध र दिगो सहरीकरण गर्न राष्ट्रको समग्र क्षेत्रगत विकास योजनाहरूलाई तहगत भू-उपयोग योजनाको आधारमा तर्जुमा र कार्यान्वयन गरी दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्न ।

**(घ) अन्तर्राष्ट्रिय प्रतिबद्धता**

अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न, संयुक्त राष्ट्र सङ्घद्वारा परिलक्षित सबैका लागि सुरक्षित, मर्यादित र सुविधा सम्पन्न आवासको व्यवस्था गर्न, जैविक विविधता संरक्षण गर्न, मरुभूमीकरण विरुद्धको अभियान सञ्चालन गर्न र जलवायु परिवर्तनबाट हुने जोखिमहरू न्यूनीकरण गर्न आवश्यक तयारी गर्न ।

**(ङ) मन्त्रिपरिषद्/आयोग/समितिका मार्गनिर्देशन तथा सुझाव**

(अ) व्यवस्थापिका संसदको बैठकबाट २०७२ वैशाख ३० गतेको संकल्प प्रस्तावका आधारमा नेपाल सरकारले तुर्जमा गरेको "भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना-२०७०" को बुँदा नं. २१ अनुसार राष्ट्रिय भू-उपयोग नीति, २०६९ को पुनरावलोकन गर्ने सम्बन्धी निर्देशन ।

(आ) व्यवस्थापिका संसद, कृषि तथा जलस्रोत समितिको मिति २०७२/२/२९ को राष्ट्रिय भू-उपयोग नीति, २०६९ पुनरावलोकन गर्नेसम्बन्धी निर्देशन ।

(इ) विगतका उच्चस्तरीय भूमि सुधार आयोगहरूका प्रतिवेदनमा उल्लिखित भू-उपयोग तथा भूमि व्यवस्थापनसम्बन्धी सुझावहरू ।

**(च) भूमि सुधार तथा व्यवस्था मन्त्रालयको दीर्घकालीन मार्गचित्र**

खाद्य सुरक्षा, सुरक्षित बसोवास र सन्तुलित वातावरणीय विकासको सुनिश्चितताको लागि भूमि तथा भूमिस्रोतको समुचित उपयोग र दिगो व्यवस्थापन गर्ने सन्दर्भमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयले लिएको दीर्घकालीन मार्गचित्र ।

## ४. नीतिको संक्षिप्त नाम र प्रारम्भ

१. यस नीतिको नाम "भू-उपयोग नीति, २०७२" रहेको छ ।

२. यो नीति नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## ५. दीर्घकालीन दृष्टिकोण

उपलब्ध भूमि र भूमिस्रोतको समुचित (Optimum) उपयोग गरी दिगो रूपमा सामाजिक, आर्थिक तथा वातावरणीय विकास र समृद्धि हासिल गर्ने ।

## ६. लक्ष्य

भू-उपयोग योजनाबाट निर्देशित भू-उपयोग पद्धतिको विकास गर्दै भूमिको दिगो व्यवस्थापन गर्ने ।

## ७. उद्देश्य

१. राष्ट्रको समग्र भूमिलाई विभिन्न भू-उपयोगका क्षेत्रहरू (Land Use Zone) मा वर्गीकरण गर्ने,

२. तहगत (सङ्घीय, प्रादेशिक र स्थानीय) भू-उपयोग योजना (Land Use Plan) तर्जुमा गर्ने,

३. कृषि भूमिको संरक्षण, स्वच्छ, सुन्दर, सुविधा सम्पन्न, बस्ती विकास र दिगो योजनाबद्ध सहरीकरण, वन क्षेत्र, प्राकृतिक सम्पदा, जैविक विविधता एवम् ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक तथा सामाजिक महत्वका क्षेत्रको संरक्षणका लागि भू-उपयोग योजनाको आधारमा भूमि तथा भूमिस्रोतको उपयोग सुनिश्चित गर्ने,

४. प्राकृतिक र मानव सिर्जित प्रकोपजन्य जोखिमहरूको न्यूनीकरण गर्ने,

५. कित्तामा आधारित भूमि लगत तयार गरी निर्दिष्ट उपयोगको आधारमा भूमिको न्यूनतम मूल्याङ्कन् प्रगतिशील कर प्रणाली निर्धारण गरी कार्यान्वयन गर्ने ।

## ८. नीति तथा रणनीति

उल्लिखित दीर्घकालीन दृष्टिकोण, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायका नीति तथा रणनीति अवलम्बन गरिनेछ ।

**नीति १: राष्ट्रको समग्र भूमिलाई आधारभूत रूपमा देहायका विभिन्न भू-उपयोगका क्षेत्रहरू (Land Use Zone) मा वर्गीकरण गरिनेछ । भू-उपयोगका क्षेत्रेहरूलाई आवश्यकता अनुसार उपक्षेत्रहरूमा वर्गीकरण गरिनेछ ।**

(क) कृषि क्षेत्र,
(ख) आवासीय क्षेत्र,
(ग) व्यावसायिक क्षेत्र
(घ) औद्योगिक क्षेत्र
(ङ) खानी तथा खनिज क्षेत्र
(च) सांस्कृतिक तथा पुरातात्विक क्षेत्र
(छ) नदी तथा ताल तलैया क्षेत्र
(ज) वन क्षेत्र
(झ) सार्वजनिक उपयोग तथा खुला क्षेत्र
(ञ) निर्माण सामग्री (ढुङ्गा बालुवा गिट्टी) उत्खनन् क्षेत्र
(ट) आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र ।

**स्पष्टीकरण:** विनाशकारी स्वरूपका भूकम्प, बाढी पहिरो लगायतका प्राकृतिक विपद्ले एकभन्दा बढी भू-उपयोगका क्षेत्रहरूमा प्रतिकूल असर पार्ने भएकोले भौगर्भिक अध्ययनका आधारमा जोखिम क्षेत्रको पहिचान गरी वस्ती, सहर वा पूर्वाधार विकास निर्माणलाई भूकम्प प्रतिरोधात्मक तवरबाट दिगो रूपमा सुरक्षित तुल्याउन यस्ता जोखिम क्षेत्र भू-उपयोग नक्सामा जनाइनेछ ।

रणनीति १: भू-उपयोग क्षेत्र निर्धारण (Land Use Zoning) का मुख्य आधारहरू देहाय बमोजिम हुनेछन्:

(क) भूबनोट, क्षमता र उपयुक्तताको आधार: भूबनौट (भौगोलिक एवम् भौगर्भिक), क्षमता र उपयुक्ततालाई भू-उपयोग क्षेत्र निर्धारणको प्रमुख आधार मानिनेछ ।

ख) मौजुदा भू-उपयोगको आधार: स्थान विशेषको हाल मौजुदा भू-उपयोग, भू-बनोट, क्षमता र उपयुक्तता अनुसार रहेको भएमा सो स्थानको हकमा सोही आधारमा भू-उपयोग क्षेत्र निर्धारण गरिनेछ ।

(ग) आवश्यकताको आधार: राज्यको सार्वजनिक हित तथा भौतिक पूर्वाधार विकासको लागि कुनै जग्गालाई निर्दिष्ट उपयोग भन्दा फरक उपयोगमा प्रयोग गर्नुपर्ने अवस्था आएमा सो बमोजिम उपयोग गर्न सक्ने गरी भू-उपयोग क्षेत्र निर्धारण गरिनेछ ।

रणनीति २: सहरी क्षेत्रमा तुलनात्मक संवेदनशीलतालाई ध्यानमा राखी सूक्ष्म वर्गीकरण (Microzoning) गरी भू-उपयोगका उप-क्षेत्र निर्धारण गरिनेछ ।

**नीति २: सङ्घीय संरचना अनुकूल तहगत (सङ्घीय, प्रादेशिक र स्थानीय) भू-उपयोग योजनाहरू तर्जुमा गरी लागु गरिनेछ ।**

रणनीति १: सङ्घीय भू-उपयोग योजना (Federal Land Use Plan) तर्जुमा गर्दा राष्ट्रिय प्राथमिकता र नीति अनुरूप तर्जुमा गरिनेछ ।

रणनीति २: सङ्घीय भू-उपयोग योजनालाई मार्गनिर्देशनका रूपमा लिई क्षेत्रगत र विषयगत योजनाहरू तर्जुमा र कार्यान्वयन गरिनेछ ।

रणनीति ३: भू-उपयोग योजना तुर्जमा गर्दा देहायका विषयहरूमा ध्यान दिइनेछ ।

(क) कृषि क्षेत्रको संरक्षणका साथै भूमिको खण्डीकरणलाई व्यवस्थित गर्ने,
(ख) स्वच्छ, सुन्दर, सुविधा सम्पन्न, सुरक्षित बस्ती विकास, दिगो र योजनाबद्ध सहरीकरण सुनिश्चित गर्ने,
(ग) भौतिक पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्ने,

(घ) ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रहरूको संरक्षण गर्ने,
(ङ) भौगोलिक एवम् भौगर्भिक अध्ययनका आधारमा सबै प्रकारका जोखिमयुक्त क्षेत्र पहिचान गर्ने,
(च) उपयोगमा नरहेको, न्यून उपयोगमा रहेको, दुरूपयोग भइरहेको वा दोहन भइरहेको भूमिलाई समुचित प्रयोगमा ल्याउने,
(छ) जैविक विविधताको संरक्षण तथा सम्वर्द्धन सुनिश्चित गर्ने,
(ज) जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने,
(झ) औद्योगिक, वाणिज्य एवम् व्यावसायिक क्षेत्रको अव्यवस्थित विकास र विस्तारलाई नियन्त्रण गर्ने,
(ञ) सहरी वा ग्रामीण क्षेत्रको आवसीय क्षेत्रमा न्यूनतम हरित क्षेत्र, खुला क्षेत्र, उद्यान, खेल मैदान, मनोरञ्जन स्थलको विकास गर्ने,
(ट) नदी, सडक, पोखरी नहरको दायाँ बायाँ खुला तथा हरित क्षेत्र (Green Belt) निर्माण गर्ने ।

रणनीति ४: तहगत भू-उपयोग योजना तर्जुमा गर्दा माथिल्लो तहको भू-उपयोग योजना अनुकूल हुनेगरी तल्लो तहको योजना तर्जुमा गरिनेछ ।

रणनीति ५: स्थानीय तहमा ग्रामीण एवम् सहरी भू-उपयोग योजना विस्तृत रूपमा छुट्टा छुट्टै तर्जुमा गरी लागु गरिनेछ ।

रणनीति ६: काठमाडौं उपत्यकाको भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्दा काठमाडौं उपत्यका विकास प्राधिकरणसँग र नगर विकास योजना लागु भएका अन्य क्षेत्रमा सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरिनेछ ।

रणनीति ७: भू-उपयोग योजना तर्जुमा र कार्यान्वयनमा लैङ्गिक र समावेशी हुनेगरी सम्बन्धित सरोकार वालाहरूको सहभागिता सुनिश्चित गरिनेछ । विशेष गरी स्थानीय तहको भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्दा समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

रणनीति ८: प्रादेशिक र स्थानीय भू-उपयोग योजना तर्जुमा गर्न आवश्यक दिशा निर्देश, प्रविधि र प्राविधिक सहयोग आवश्यक पर्ने भएमा केन्द्रीय निकायले उपलब्ध गराउनेछ ।

**नीति ३: निर्दिष्ट भू-उपयोग क्षेत्र र भू-उपयोग योजनाको आधारमा भूमि तथा भूमिस्रोतको उपयोग गर्ने व्यवस्था सुनिश्चित गरिनेछ ।**

रणनीति १: निर्दिष्ट भू-उपयोग क्षेत्र र योजनाको आधारमा भूमिको उपयोग सुनिश्चित गरिनेछ ।

रणनीति २: निर्दिष्ट भू-उपयोग क्षेत्र भन्दा फरक किसिमले उपयोग गर्ने वा बिना स्वीकृति निर्दिष्ट भू-उपयोगमा परिवर्तन गर्ने कार्यलाई निरुत्साहित गरी साविककै उपयोगमा ल्याइनेछ ।

रणनीति ३: मानव सुरक्षा सुनिश्चित गर्न, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न, जैविक विविधताको संरक्षण गर्न र वातावरणीय सन्तुलन कायम गर्न भूमिको उपयोगमा परिवर्तन गर्नुपर्ने उपयुक्त कारण भएमा विषय विज्ञ सम्मिलित समितिको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट परिवर्तन गर्न सकिनेछ ।

**नीति ४: तहगत भू-उपयोग योजना अनुकूल हुनेगरी भौतिक पूर्वाधार विकासका आयोजनाहरूको तर्जुमा र कार्यान्वयन गरिनेछ ।**

रणनीति १: सम्बन्धित क्षेत्रको भू-उपयोग योजनालाई आधारका रूपमा लिई स्वच्छ, सुन्दर, सुविधा सम्पन्न र सुरक्षित वस्ती विकास, योजनाबद्ध र दिगो सहरीकरण तथा भौतिक पूर्वाधार विकास निर्माणका योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।

रणनीति २: सम्बन्धित क्षेत्रको भू-उपयोग योजना र भौगर्भिक अध्ययनका आधारमा जोखिमको संवेदनशीलता मूल्याङ्कन गरी स्वच्छ, सुन्दर, सुविधा सम्पन्न र सुरक्षित वस्ती विकास, योजनाबद्ध र दिगो सहरीकरण तथा भौतिक पूर्वाधार विकासका योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।

रणनीति ३: भौतिक पूर्वाधार विकास निर्माणका आयोजना सञ्चालन गर्न र औद्योगिक क्षेत्रको विकास गर्न मापदण्ड अनुसार जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा निजी र सहकारी क्षेत्र समेतलाई प्रोत्साहन गरिनेछ ।

**नीति ५: कृषि योग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृत्ति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ ।**

रणनीति १: कृषियोग्य भूमिको गैर कृषि प्रयोग र परिवर्तनलाई निरुत्साहित गरी कृषि क्षेत्रलाई संरक्षण र सम्वर्द्धन गर्न कानुनबमोजिम अनुदान, सहुलियत तथा क्षतिपूर्ति दिइनेछ ।

रणनीति २: कृषि क्षेत्रमा वर्गीकृत उच्च पहाडी भेगका जग्गालाई मूल्यवान जडीबुटी, फलफूल, पशुपालन एवम् चरन क्षेत्रको रूपमा विकास गरिनेछ ।

रणनीति ३: सिँचाइ योजना लागु भई सिँचाइ सुविधा उपलब्ध भएका तथा तर्जुमा गरिएका सिँचाइ योजनाका प्रभाव क्षेत्र (Command Area) भित्रका जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गरी सो बमोजिम उपयोग गर्ने व्यवस्था सुनिश्चित गरिनेछ ।

रणनीति ४: निर्धारित भू-उपयोग क्षेत्रको आधारमा जग्गाको न्यूनतम क्षेत्रफल तोकी सोभन्दा सानो टुक्रामा जग्गाको खण्डीकरण गर्न नपाउने व्यवस्था गरिनेछ ।

रणनीति ५: कृषि क्षेत्रमा वर्गीकृत जग्गालाई व्यावसायिक कृषि कार्यमा प्रोत्साहन गर्न चक्लावन्दी (Land Consolidation) सम्बन्धी मापदण्ड तयार गरी लागु गरिनेछ ।

रणनीति ६: कृषि क्षेत्रमा वर्गीकृत जग्गा मनासिव कारण बेगर लगातार तीन वर्षसम्म बाँझो राख्न नपाइने व्यवस्था गरिनेछ ।

रणनीति ७: कृषि क्षेत्रमा वर्गीकृत जग्गामा खेती नगर्ने जग्गाधनीलाई सरकारले दिने अनुदान, सुविधा र सहयोगमा कटौती गरी राज्यले थप कर लगाउन सक्नेछ ।

**नीति ६: स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित बस्ती विकास र योजनाबद्ध एवम् दिगो सहरीकरण सुनिश्चित गरिनेछ ।**

रणनीति १: प्रत्येक प्रादेशिक र स्थानीय तहमा निर्धारित क्षेत्रभित्र भौगर्भिक, भौगोलिक र वातावरणीय दृष्टिले सुरक्षित रकम भिरालो भएका उपयुक्त स्थानहरू पहिचान गरी सुरक्षित बस्ती विकासका लागि प्रोत्साहन गरिनेछ ।

रणनीति २: मध्यपहाडी लोकमार्ग लगायत देशका विभिन्न स्थानमा प्रस्तावित नयाँ सहर रआवासीय क्षेत्रको विकास र विस्तार गर्दा योजनाबद्ध र दिगो तवरबाट स्वच्छ, सुन्दर, सुविधा सम्पन्न बस्ती तथा सहर विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

रणनीति ३: घोषित नयाँ सहर निर्माण क्षेत्र र सहरोन्मुख अन्य क्षेत्रमा एक आवास इकाईको घडेरीको न्यूनतम र अधिकतम क्षेत्रफलको हद तोकिनेछ ।

रणनीति ४: सहरी/ग्रामीण क्षेत्रका आवासीय क्षेत्रमा वर्गीकृत जग्गामा बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मार्ग दर्शन/भवन संहिता/मापदण्ड अनुरूप आधारभूत पूर्वाधार, हरियाली र खुला क्षेत्रको न्यूनतम मापदण्ड तोकिनेछ ।

रणनीति ५: प्राकृतिक विपद्बाट जोखिमयुक्त र असुरक्षित बस्तीहरूलाई स्थानान्तरण गर्नुपर्ने भएमा सम्भव भएसम्म त्यस्तो बस्तीबाट नजिक रहेका वातावरणीय र मानवीय सुरक्षाका दृष्टिले सुरक्षित पूर्वाधार विकास र जीविकोपार्जनका लागि उपयुक्त स्थानको पहिचान गरी स्थानान्तरण गरिनेछ ।

रणनीति ६: राज्यले सरोकारवाला निकायको समन्वयमा आधारभूत पूर्वाधारयुक्त एकीकृत बस्ती विकास गर्न प्रोत्साहन गर्नेछ ।

रणनीति ७: अव्यवस्थित बसोवास गर्ने प्रवृत्तिलाई नियन्त्रण गरी निर्धारित भवन मार्गदर्शन/भवन संहिता/ मापदण्ड अनुसार पूर्वाधारयुक्त, व्यवस्थित, स्वच्छ, सुन्दर, सुविधा सम्पन्न र सुरक्षित बस्ती विकास गर्न र योजनाबद्ध एवम् दिगो सहरीकरण गर्न प्रोत्साहन गरिनेछ ।

रणनीति ८: निर्धारित भवन मार्गदर्शन/भवन संहिता/मापदण्ड अनिवार्य कार्यान्वयन गर्ने गराउने कार्यका लागि स्थानीय निकायहरूको क्षमता विकास गरिनेछ ।

रणनीति ९: वस्ती स्थानान्तरण गरी खाली भएको जग्गालाई उपयुक्तता र क्षमताका आधारमा भू-उपयोग क्षेत्र निर्धारण गरी सोही अनुरूप उपयोग गर्न प्रोत्साहन गरिनेछ ।

रणनीति १०: सरकारी निजी वा सरकारी सहकारी क्षेत्रको सहकार्यमा भूमिहिन र भूमिमा पहुँच न्यून रहेका नागरिकका लागि आवासीय क्षेत्रमा निर्धारित भवन मार्गदर्शन/भवन संहिता/मापदण्ड अनुरूप सुरक्षित र सुलभ आवास (Low cost housing) सहितको व्यवस्थित बस्ती विकास गर्न प्रोत्साहन गरिनेछ ।

**नीति ७: वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ ।**

रणनीति १: वन र संरक्षित क्षेत्रहरूको नापनक्सा र सीमाङ्कन गरी हरित पूर्जा तयार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

रणनीति २: राष्ट्रिय प्राथमिकताका आयोजना कार्यान्वयन गर्न वन क्षेत्रको जग्गा प्रयोग गर्नुपर्ने भएमा सो बराबरको क्षेत्रफलमा नघट्ने गरी वृक्षारोपण गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

रणनीति ३: हैसियत बिग्रेको वन क्षेत्रमा वृक्षारोपण तथा संरक्षण गरी वन व्यवस्थापना गर्न प्रोत्साहन गरिनेछ।

रणनीति ४: चुरे तथा भावर क्षेत्रको संरक्षण गर्न विशेष योजना बनाई कार्यान्वयन गरिनेछ ।

रणनीति ५: चुरो तथा भावर क्षेत्रको संरक्षणको लागि सो क्षेत्रको संवेदनशील भू-भाग रहेका र जोखिमयुक्त मानव बस्तीलाई क्रमशः स्थानान्तरण गर्न आधारभूत पूर्वाधारयुक्त एकीकृत बस्ती विकासका कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

रणनीति ६: जलाधार क्षेत्र, सीमसार क्षेत्र, संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र,राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण क्षेत्र र चरन क्षेत्रको संरक्षण गर्न विशेष व्यवस्था गरिनेछ ।

रणनीति ७: जैविक मार्गरहेको वा रहने सम्भावना भएका वन समेतका क्षेत्रलाई संरक्षित वनको रूपमा विकास गरिनेछ । वन क्षेत्र, घाँसे मैदान, वन्यजन्तु तथा पशुपन्छीको वासस्थानको संरक्षण गरिनेछ ।

रणनीति ८: हैसियत बिग्रेको वन तथा प्राकृतिक सम्पदा (जलाशय, ताल पोखरी नदी नाला, सीमसार क्षेत्र आदि) को हैसियत सुधार गरी जैविक विविधताको संरक्षण, सम्वर्द्धन र उपयोग गरिनेछ ।

रणनीति ९: पहाडी तथा हिमाली क्षेत्रका उत्पादकत्व न्यून रहेका तथा वन क्षेत्रको बीचमा रहेको बस्तीलाई उपयुक्त क्षेत्रमा स्थानान्तरण गरी साविक बस्ती भएका स्थानमा वन विकास गर्न प्रोत्साहन गरिनेछ ।

**नीति ८: निर्दिष्ट भू-उपयोगको क्षेत्र वा भू-उपयोग योजना बमोजिम भूमि तथा भूमिस्रोतको उपयोगका लागि उत्प्रेरित गर्न प्रोत्साहनमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।**

रणनीति १: भू-उपयोग योजना र सम्बन्धित नीति अनुरूप उद्योग, आवास, कृषि विकास गर्न निजी क्षेत्र र सहकारी क्षेत्र इच्छुक देखिएमा राज्यले थप सहुलियत प्रदान गर्नेछ ।

रणनीति २: उपयोगमा नआएका जग्गालाई निर्दिष्ट गरिएको भू-उपयोग क्षेत्र अनुसार हुने गरी व्यावसायिक खेती, पर्यटकीय स्थल, अनुसन्धान स्थल, वैज्ञानिक प्रयोगशाला, मनोरञ्जन स्थल, खेलकुद स्थल आदिका रूपमा उपयोग गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

रणनीति ३: राज्यले तोकेको मापदण्ड बमोजिम भवन तथा व्यवस्थित आवास योजना सञ्चालन गरी सुरक्षित आवास उपलब्ध गराउने व्यक्ति वा संस्थालाई थप सहुलियत उपलब्ध गराइनेछ ।

रणनीति ४: पहाडी बस्तीहरूमा पारवहन सुविधा पुऱ्याउन पर्यावरणीय दृष्टिकोण बाट उपयुक्त हुनेगरी सुरुङमार्ग वा रज्जुमार्गको निर्माणलाई प्रोत्साहन गरिनेछ ।

**नीति ९: भूमिलाई उपयोग विहीन राख्ने र न्यून उपयोग, दुरूपयोग एवम् अत्याधिक दोहन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।**

रणनीति १: नदीनालाहरूको प्राकृतिक वहाव, सीमा र मापदण्डलाई असर पर्ने गरी भूमिको प्रयोग गर्न निषेध गरिनेछ ।

रणनीति २: ताल तलैया, जैविक मार्ग, सार्वजनिक पोखरी, सीमसार र चरन क्षेत्रहरूको सीमा अतिक्रमण नहुने तथा गुणस्तरमा ह्रास नआउने गरी प्राकृतिक उपयोग र पर्यटन प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।

रणनीति ३: भू-क्षयलाई बढावा दिने, कृषियोग्य भूमिलाई प्रतिकुल असर गर्ने तथा स्थानीय बस्तीलाई जोखिममा पार्ने गरी सडक निर्माण वा विस्तार कार्यलाई निरुत्साहित गरिनेछ ।

रणनीति ४: माटोको प्राकृतिक अवस्थालाई कायम राखी संरक्षण गर्ने कार्यलाई प्रोत्साहन गर्ने र मापदण्ड विपरित भूमिको प्राकृतिक स्वरूपमा परिवर्तन हुने गरी उपयोग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

रणनीति ५: सरकारी र सार्वजनिक प्रकृतिका उपयोग विहीन न्यून उपयोग भएका र कमसल जग्गालाई निर्दिष्ट भू-उपयोग क्षेत्रमा ल्याउन जग्गा विकास कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

**नीति १०: प्राकृतिक र मानव सिर्जित प्रकोपहरूको जोखिम न्यूनीकरणको लागि विकास र वातावरण बीच सन्तुलन कायम गर्न जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी ती क्षेत्रहरूमा निश्चित क्रियाकलापहरू मात्र सञ्चालन गर्न पाउने व्यवस्था सुनिश्चित गरिनेछ ।**

रणनीति १: प्राकृतिक विपत्‌बाट उच्च जोखिमयुक्त स्थानहरूको पहिचान गरी ती स्थानहरूमा निश्चित क्रियाकलापहरू मात्र सञ्चालन गर्न दिइनेछ ।

रणनीति २: प्राकृतिक विपत्‌को दृष्टिले संवेदनशील क्षेत्रहरूको संरक्षण गर्न संरक्षणमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

रणनीति ३: भूमि, वातावरण र विकास बीच सन्तुलन कायम गर्न विकास निर्माणका कार्यहरू सञ्चालन गर्दा जलवायु परिवर्तनको असरलाई समेत ध्यान दिई दिगो विकासका सिद्धान्त अवलम्बन गरिनेछ ।

रणनीति ४: नदीको प्राकृतिक वहावलाई कायम राख्दै सुरक्षित र दिगो तटबन्ध हुने सरकारी जग्गालाई उपयुक्तता अनुसार कृषि, वन, सडक, हरित र खुला क्षेत्रको रूपमा उपयोग गरिनेछ ।

**नीति ११: प्राकृतिक सम्पदा, पर्यटकीय, ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक क्षेत्र, सरकारी, सार्वजनिक र गुठी जग्गाहरूको संरक्षण तथा समुचित उपयोग सुनिश्चित गरिनेछ ।**

रणनीति १: विभिन्न ऐतिहासिक, सास्कृतिक, धार्मिक, पुरातात्विक र पर्यटकीय महत्वका क्षेत्रहरूको पहिचान गरी ती क्षेत्रहरूको उद्देश्य अनुसार मौलिकतामा असर नपर्ने गरी उपयोग र संरक्षण गरिनेछ ।

रणनीति २: विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदामा असर पर्ने गरी उपयोग गर्न र भू-उपयोग क्षेत्र परि वर्तन गर्न निषेध गरिनेछ ।

रणनीति ३: सामरिक वातावरणीय तथा जैविक विविधताको दृष्टिले संवेदनशील र विशेष महत्वका क्षेत्रहरूको संरक्षण गर्न ती क्षेत्रहरूमा निश्चित दूरीसम्म प्रवेश निषेध (No Go Zone) गर्ने व्यवस्था गरी त्यस्तो क्षेत्र अन्य उपयोगमा परिवर्तन गर्नसमेत निषेध गरिनेछ ।

रणनीति ४: खनिज, तेल, ग्याँस लगायतका महत्वपूर्ण प्राकृतिक स्रोत भविष्यमा पत्ता लागेमा जुनसुकै भू-उपयोग क्षेत्रमा रहेको भएतापनि त्यस्तो प्राकृतिक स्रोत रहेको क्षेत्रलाई सोही अनुरूप निर्दिष्ट प्रयोगमा वर्गीकरण गरी उपयोग गरिनेछ ।

रणनीति ५: उचित उपयोगमा नरहेको सरकारी सार्वजनिक तथा गुठी जग्गालाई आवश्यक संरक्षणको व्यवस्था मिलाई निर्दिष्ट प्रयोजनमा उपयोग गरिनेछ ।

रणनीति ६: सरकारी र सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख तयार गरी सोको दिगो संरक्षण र सदुपयोग गर्न काम, कर्तव्य र अधिकार सहितको स्थायी संयन्त्रको स्थापना गरिनेछ ।

**नीति १२: कित्तामा आधारित भूमि लगतमा भू-उपयोग क्षेत्र उल्लेख गरी निर्दिष्ट भू-उपयोगको आधारमा न्यूनतम मूल्याङ्कन तथा भूमि कर प्रणाली विकास गरी लागु गरिनेछ ।**

रणनीति १: नापनक्सा गर्न बाँकी रहेको भू-भाग समेतको कित्ता नापी सम्पन्न गरी कित्तामा आधारित सम्पूर्ण भूमि लगतमा भू-उपयोग क्षेत्र उल्लेख गर्ने व्यवस्था गरिनेछ ।

रणनीति २: निर्दिष्ट भू-उपयोग क्षेत्र र प्रगतिशील कर प्रणालीको आधारमा घर जग्गाको मूल्याङ्कन र कर निर्धारण गर्ने व्यवस्था गरिनेछ ।

रणनीति ३: सामूहिक वा संयुक्त आवास निर्माण गर्ने व्यावसायिक कम्पनी वा संस्थाको हकमा बाहेक आवासीय क्षेत्रमा प्रति परिवार न्यूनतम क्षेत्रफलको एक घर घडेरीको मापदण्ड निर्धारण गरी सो भन्दा बढी घर घडेरी जग्गामा प्रगतिशील कर (Progressive Tax) लगाइनेछ ।

**नीति १३: भू-उपयोग योजना सम्बन्धी सूचना प्रणाली विकास गरिनेछ ।**

रणनीति १: भू-उपयोग योजना तर्जुमा गर्नका लागि आवश्यक भू-उपयोग/भूमिस्रोत नक्सा (Land Use/Land Resource Map) भू-क्षमता नक्सा (Land Capability) भू-उपयोग क्षेत्र निर्धारित नक्सा (Land Use Zoning Map) जोखिम नक्सा ९ज्बशबचम :बउ० तथा सम्बन्धित विषय (Theme) को डाटाबेस तयार गरिनेछ ।

रणनीति २: आधुनिक प्रविधियुक्त भू-उपयोग सूचना प्रणाली विकास गरी प्रणालीमा आवद्ध अद्यावधिक सूचनामा सरोकारवालालाई सहज पहुँच र वितरणको व्यवस्था गरिनेछ ।

रणनीति ३: पूर्वाधार निर्माण औद्योगिक प्रतिष्ठान स्थापना र सञ्चालन बस्ती/सहर विकास र विस्तारका साथै राज्य संरचनाका विभिन्न तहमा योजना तर्जुमा र कार्यान्वयन गर्दा अद्यावधिक भू-उपयोग सूचनालाई आधारको रूपमा लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

**नीति १४: भू-उपयोग नीति योजना र सो अनुरुपका कार्यक्रमहरूको कार्यान्वयनका लागि संस्थागत संरचनाको स्थापना गरिनेछ ।**

रणनीति १: भू-उपयोग नीति योजना र सो अनुरूपका कार्यक्रमहरू कार्यान्वयनका लागि विभिन्न तहमा सङ्गठनात्मक संरचना स्थापना गरिनेछ ।

रणनीति २: भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक ऐन, नियम र निर्देशीका तर्जुमा गरिनेछ ।

रणनीति ३: भू-उपयोग नीति कार्यान्वयनका लागि विभिन्न सरोकारवाला निकायहरूका बीच प्रभावकारी समन्वयको व्यवस्था गरिनेछ ।

**नीति १५: भू-उपयोग र यसको दूरगामी प्रभावका बारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।**

रणनीति १: विभिन्न तहको शैक्षिक पाठ्यक्रममा भू-उपयोग सम्बन्धी विषय समावेश गरी भूमि र भूमिस्रोतको समुचित उपयोग सम्बन्धी ज्ञान र सचेतना वृद्धि गरिनेछ ।

रणनीति २: भू-उपयोग क्षेत्र वर्गीकरण अनुसार नै उपयोग गर्न विभिन्न सचेतनामूलक श्रव्य दृश्य सामग्रीको उत्पादन र प्रसारण गरिनेछ ।

रणनीति ३: निर्दिष्ट भू-उपयोग क्षेत्रमा भू-उपयोग योजनाको आधारमा मात्र कार्यक्रमहरू तर्जुमा गर्ने व्यवस्था मिलाउन सरकारी निकायहरूको क्षमता र सचेतनामा वृद्धि गरिनेछ ।

## ९. कार्यान्वयन व्यवस्था

भूमि तथा भूमिस्रोतको उपयोग सम्बन्धमा यो नीति मुल नीति हुनेछ। भूमि तथा भूमिस्रोतसँग सम्बन्धित विषयका विभिन्न क्षेत्रगत नीतिहरू जस्तैः वन, कृषि, सहरी विकास, आवास, सिँचाइ, उर्जा, उद्योग, पर्यटन र शिक्षा नीति यस नीतिको भावना अनुकूल हुनेछन् । यस नीतिको कार्यान्वयनका लागि देहाय बमोजिमको कार्यान्वयन व्यवस्था तय गरिएको छ :

### क. कानुनी व्यवस्था

भू-उपयोग नीतिको कार्यान्वयनका लागि आवश्यक भू-उपयोग सम्बन्धी ऐन, नियमावली निर्देशीका, कार्यविधि र मापदण्ड तर्जुमा गरी लागु गरिनेछ ।

### ख. संस्थागत व्यवस्था

भू-उपयोग नीति कार्यान्वयनको लागि भू-उपयोग व्यवस्थापन विभाग र मातहतमा डिभिजन कार्यालय स्थापना गरिनेछ। सङ्घीय प्रादेशिक र स्थानीय तहमा भू-उपयोग कार्यान्वयन तथा समन्वय समितिहरूको गठन गरिनेछ । कुनै निश्चित क्षेत्रको विकासको लागि विशेष ऐनद्वारा जिम्मेवारी तोकेको विकास प्राधिकरण जस्ता निकायसँग समेत समन्वय गर्दै भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।

### ग. भू-उपयोग कार्यान्वयन नतिजा खाका

यो नीतिले परिलक्षित गरेका कानुनी संरचनाको तर्जुमा, संस्थागत संरचना, स्थापना, अन्तर निकाय, समन्वय भू-उपयोग सूचना प्रणालीमा पहुँच लगायतका कार्य निश्चित समयावधिभित्र सम्पन्न गरी भू-उपयोग कार्यान्वयनलाई सुनिश्चित गर्न भू-उपयोग कार्यान्वयन नतिजा खाका अनुसूची-२ मा संलग्न गरिएको छ ।

### घ. अनुगमन तथा मूल्याङ्कन

१. यो नीति कार्यान्वयनको नियमित अनुगमन भूमिसुधार तथा व्यवस्था मन्त्रालयले गर्नेछ ।
२. यस नीतिको कार्यान्वयनको प्रभावकारिताको मूल्याङ्कन खुला प्रतिस्पर्धाबाट विज्ञहरू छनोट गरी स्वतन्त्र रूपमा सहभागितामूलक र समन्वयात्मक तवरबाट प्रत्येक पाँच पाँच वर्षमा गरिनेछ ।

## १०. मान्यता

**यस नीतिको सफल कार्यान्वयनलाई सुनिश्चित गर्न देहाय बमोजिम को अवस्था उपलब्ध हुने मान्यता राखिएको छः**

क. भूमि तथा भूमिस्रोतको संरक्षण तथा दिगो व्यवस्थापन बहुसरोकारको विषय (Cross Cutting issue) भएकोले सबै सरोकारवाला निकायको सहयोग प्राप्त हुने र उच्चतम समन्वय कायम हुनेछ ।
ख. भू-उपयोग नीति कार्यान्वयनका क्रममा जग्गाधनीहरूबाट आवश्यक सहयोग प्राप्त हुनेछ । यो नीति कार्यान्वयन गर्दा नागरिकका उचित गुनासो सम्बोधन गर्न सबै सरोकारवालाको सक्रिय सहयोग रहनेछ।
ग. भू-उपयोग नीतिको कार्यान्वयनमा उच्चस्तरको प्रतिबद्धता रहनेछ । सबै सरोकारवाला निकायले यस नीतिको कार्यान्वयनमा उच्च प्राथमिकता दिनेछन् ।
घ. यस नीतिमा भएको व्यवस्था बमोजिम निर्धारण गरिएका कार्यक्रमहरूको कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत र साधन उपलब्ध हुनेछ ।
ङ. यो नीति कार्यान्वयनका लागि उपयुक्त कानुनी व्यवस्था सांगठनिक संरचना र दक्ष जनशक्तिको उपलब्धता हुनेछ ।

## ११. नीतिमा परिमार्जन

क. यो नीति अनुकूल नभएका नीति तथा कानुनहरू सम्बन्धित निकायले यो नीति अनुरूप हुने गरी परिमार्जन गर्नुपर्नेछ ।
ख. यो नीतिलाई आवश्यकता अनुसार पुनरावलोकन एवम् परिमार्जन गर्न सकिनेछ ।

## १२. खारेजी

राष्ट्रिय भू-उपयोग नीति, २०६९ खारेज गरिएको छ ।

# अनुसूची-१

(१ सँग सम्बन्धित)

भू-उपयोगका क्षेत्रहरूको परिभाषा

**क. कृषि क्षेत्र**

"कृषि क्षेत्र" भन्नाले कृषि उत्पादन (अन्न बाली, नगदे बाली, बागवानी आदि) पशुपालन, मत्स्यपालन, निजी जग्गामा भएका कृषि वन पैदावार र वाटिका समेत भएका वा हुनसक्ने जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ। यो शब्दले कुनै निश्चित क्षेत्रलाई सरकारले कृषि क्षेत्र भनी घोषणा गरी तोकेको क्षेत्र समेतलाई जनाउँछ।

**ख. आवासीय क्षेत्र**

"आवासीय क्षेत्र" भन्नाले मानिसले वासस्थानको लागि प्रयोग गरेका जग्गालाई जनाउँछ र सो शब्दले घरसँग जोडिएको वा नजोडिएको भएतापनि गोठ, भकारी, ग्यारेज, तवेला, इनार, धारा, फलफूल, बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरू कुनै काममा प्रयोग गरिएको जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ। यो शब्दले व्यावसायिक कम्पनी वा संस्थाले आवासीय क्षेत्रमा निर्माण गरेको सामूहिक आवास संयुक्त आवास (Apartment) र कुनै निश्चित क्षेत्रलाई सरकारले बसोवासका लागि घोषणा गरी तोकेको क्षेत्र समेतलाई जनाउँछ।

**ग. व्यावसायिक क्षेत्र**

"व्यावसायिक क्षेत्र" भन्नाले पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदाम, स्वास्थ्य संरचना वा वस्तुको खरिद बिक्री हुने स्थान वा कुनै साहित्यिक वैज्ञानिक वा प्राविधिक सेवा सूचना तथा परामर्श उपलब्ध गराउने संस्था हाट बजार लाग्ने स्थान, व्यावसायिक प्रयोजनका लागि खोलिएका डिस्को क्लव, पौडी पोखरी सिनेमा घर लगायतका मनोरञ्जन स्थल वा अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएका घरले चर्चेका जग्गा तथा सो प्रयोजनका लागि छुट्याइएका जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ। यो शब्दले व्यावसायिक कम्पनी वा संस्थाले व्यावसायिक क्षेत्रमा निर्माण गरेको व्यावसायिक भवन तथा सो भवनले चर्केको जग्गालाई समेत जनाउँछ। साथै यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार तथा व्यावसायिक प्रयोजनको लागि सहर निर्माण गर्ने गरी सरकारले घोषणा गरी तोकेको क्षेत्र समेतलाई जनाउँछ।

**घ. औद्योगिक क्षेत्र**

"औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि रहेका घर टहराले चर्केका जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएका जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ। यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले सरकारले घोषणा गरी तोकेको औद्योगिक करिडोर औद्योगिक ग्राम, औद्योगिक क्लष्टर विशेष निर्यात क्षेत्र र विशेष आर्थिक क्षेत्र समेतलाई जनाउँछ।

**ङ. खानी तथा खनिज क्षेत्र**

"खानी तथा खनिज क्षेत्र" भन्नाले खनिज पदार्थको उत्खनन् उत्पादन वा प्रशोधन गरेको वा कुनै निश्चित भौगोलिक क्षेत्रमा खानी तथा खनिज क्षेत्र भनी सरकारले घोषणा गरी तोकेको जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ। यो शब्दावलीले कुनै पनि खानी पत्ता लागेको क्षेत्र वा खानी सञ्चालन भएको क्षेत्र खनिज पदार्थ उत्खनन उत्पादन् प्रशोधन एवम् शुद्धीकरण गर्ने उद्योग रहेको क्षेत्र सोही प्रयोजनमा प्रयोग भएको घर, टहरा तथा उद्योग सञ्चालनको लागि प्रयोगमा आएको जग्गा समेतलाई जनाउँछ।

**च. सांस्कृतिक तथा पुरातात्विक क्षेत्र**

"सांस्कृतिक तथा पुरातात्विक क्षेत्र" भन्नाले ऐतिहासिक महत्वको किल्ला, दरबार, भवन, मठ, मन्दिर, मस्जिद, गुम्बा, माने लगायत अन्य धार्मिक स्थल देवालय र पुरातात्विक महत्वका क्षेत्रलाई सम्झनु पर्छ। यो शब्दावलीले कुनै निश्चित भौगोलिक क्षेत्रमा ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पुरातात्विक क्षेत्र भनी सरकारले घोषणा गरी तोकेको क्षेत्र समेतलाई जनाउँछ।

**छ. नदीनाला तथा ताल तलैया क्षेत्र**

"नदी नाला तथा ताल तलैया क्षेत्र" भन्नाले नदी, खोला, खहरे, नहर, पोखरी, लामो समयदेखि पानी जमेको डोल वा सिमसार जग्गा रहेको क्षेत्रसमेतलाई सम्झनु पर्छ।

**ज. वन क्षेत्र**

"वन क्षेत्र" भन्नाले पूर्ण वा आंशिक रूपमा रूख तथा वनस्पतिले ढाकेको सरकारी, सामुदायिक, कबुलियती वन लगायत वन्यजन्तु आरक्ष राष्ट्रिय निकुञ्ज सिकार आरक्ष संरक्षित क्षेत्र बुट्यान झाडी फाँट रूख नभएपनि सरकारले वन क्षेत्र भनी तोकेको स्थान लगायत सबै प्रकारका वनको जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ। यो शब्दावलीले कुनै निश्चित भौगोलिक क्षेत्रमा वन क्षेत्र वा हरित क्षेत्र विस्तारको लागि सरकारले घोषणा गरी तोकेको क्षेत्र समेतलाई जनाउँछ।

**झ. सार्वजनिक उपयोग तथा खुला क्षेत्र**

"सार्वजनिक उपयोग तथा खुला क्षेत्र" भन्नाले स्कुल कलेज, व्यावसायिक शिक्षा केन्द्र, विश्वविद्यालय लगायत शैक्षिक संस्था सुरक्षा निकाय स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, निजी तथा सामुदायिक अस्पताल लगायतका स्वास्थ्य संस्था दूर सञ्चार खानेपानी विद्युत् तथा अन्य उर्जा आपूर्तिलगायतका कार्यमा संलग्न सरकारी कार्यालय सामुदायिक भवन पुस्तकालय, बृद्धाश्रम, वालसंरक्षण गृह तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका घर, टहरा, पाटी पौवा जस्ता स्थान तथा ती स्थानले चर्केका जग्गाहरू रहेको क्षेत्रलाई सम्झनु पर्छ। यो शब्दावलीले यस नीतिको अन्य वर्गीकरणभित्र नपरेका डाँडा, पाखा, पहाड, पर्वत, हिमा, वा हिउँले ढाकेको क्षेत्र, चरन क्षेत्रसमेतलाई जनाउँछ। यो शब्दावलीले कुनै निश्चित भौगोलिक क्षेत्रमा रहेका खेल मैदान, पार्क, रंगशाला, चौतारो, चौर, वनभोज स्थल कुनै विशेष प्रयोगमा नआएको खुला स्थान, राजमार्ग, जिल्ला सडक, गाउँ, सडक, बस पार्क, एयरपोर्ट, कार्गोस्थल, सुख्खा बन्दरगाहर रेल मार्ग, रज्जु मार्ग, जलमार्ग, केवलकार, विद्युतीय प्रसारण लाईन, बन्दरगाह र सार्वजनिक उपयोगको क्षेत्र भनी प्रचलित कानुन तथा सरकारले घोषणा गरी तोकेको क्षेत्र समेतलाई जनाउँछ।

**ञ. निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन क्षेत्र**

"निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन क्षेत्र" भन्नाले निर्धारित मापदण्ड अनुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, उत्पादन वा प्रशोधन गर्न तोकिएको निश्चित क्षेत्र वा कुनै निश्चित भौगोलिक क्षेत्रमा निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन क्षेत्र भनी सरकारले घोषणा गरी तोकेको क्षेत्र समेतलाई सम्झनु पर्छ।

**ट. आवश्यकता अनुसार तोकिएको अन्य क्षेत्र**

''आवश्यकता अनुसार तोकिएको अन्य क्षेत्र" भन्नाले माथि उल्लिखित कुनै पनि भू-उपयोग क्षेत्रमा नपर्ने तर विशिष्ट प्रकारको भू-उपयोग क्षेत्र उल्लेख गर्न अत्यावश्यक देखिएका क्षेत्रलाई सम्झनु पर्छ। यो शब्दावलीले मिश्रित प्रकारको जग्गा रहेको क्षेत्र समेतलाई सम्झनु पर्छ। "मिश्रित क्षेत्र" भन्नाले हाल विभिन्न सहर सहरोन्मुख र राजमार्ग क्षेत्रहरूमा आवासीय र व्यावसायिक क्षेत्र एक आपसमा अभिन्न तरिकाले मिश्रण भई एक अर्काबाट छुट्याउन नसकिने जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ। यो क्षेत्र विगतका बस्ती वा बजार क्षेत्रलाई नियमित गर्ने प्रयोजनको लागि मात्र लागु हुनेछ।

**अनुसूची–२**
९ (घ) सँग सम्वन्धित
भू-उपयोग कार्यान्वयन नतिजा खाका

| | **सूचना** | **आधार तथ्याँक** | **समयावधी** | | | **पुष्ट्याईको स्रोत** | **जिम्मेवार निकाय** | **जोखिम तथा पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **१ वर्षभित्र** | **१–३ वर्षभित्र** | **३ वर्षभन्दा माथि** | | | |
| **मूल उद्देश्य (Goal):** उपलब्ध भूमि श्रोतको समुचित उपयोगबाट दिगो सामाजिक, बातावरणीय विकास र आर्थिक समृद्धि हासिल गर्न योगदान पुऱ्याउने | | - | ✓ | ✓ | ✓ | | | |
| **प्रभाव (Outcome):** योजनाबद्ध तवरबाट भू-उपयोग क्षेत्र वर्गीकरण भई भूमिको समुचित उपयोग भएको हुने | कूल ग्राहस्थ उत्पादनमा यस क्षेत्रको योगदान | - | ✓ | ✓ | ✓ | आर्थिक सर्वेक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन | भूमि सुधार तथा व्यवस्था मन्त्रालय, अर्थ मन्त्रालय | |
| **प्रतिफल १**:भू-उपयोग सूचना प्रणाली (भू-उपयोग क्षेत्र निर्धारण नक्सा तथा डाटाबेस) स्थापित भई सरोकारवालाको सहज पहुँच हुने | प्रणाली आवद्ध भू-उपयोग सूचनाहरुमा सरोकारवालाको पहुँच | - | ✓ | | | वार्षिक प्रगति प्रतिवेदन | राष्ट्रिय भू-उपयोग आयोजना | |
| **प्रतिफल २**: तहगत (संघीय, प्रादेशिक र स्थानीय) भू-उपयोग योजना तयार भएको हुने | संघीय, प्रादेशिक र स्थानीय भू-उपयोग योजना तयार भएको संख्या | - | ✓ | ✓ | | वार्षिक प्रगति प्रतिवेदन | राष्ट्रिय भू-उपयोग आयोजना | |
| **प्रतिफल ३**: भू-उपयोगको क्षेत्र वर्गीकरण भएको हुने | भू-उपयोगको क्षेत्र वर्गीकरण भएको | | ✓ | ✓ | | वार्षिक प्रगति प्रतिवेदन | राष्ट्रिय भू-उपयोग आयोजना | आवश्यक बजेट समयमा उपलब्ध हुने |

| | सूचना | आधार तथ्याँक | समयावधी | | | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ वर्षभित्र | १-३ वर्षभित्र | ३ वर्षभन्दा माथि | | | |
| | गा.वि.स./न.पा.को संख्या | | | | | | | |
| **प्रतिफल ४**: भू-उपयोग ऐन तर्जुमा भई कार्यान्वयन भएको हुने | ऐन पारित भएको | | ✓ | ✓ | | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय | नेपाल राजपत्र भूमिसुधार तथा व्यवस्था मन्त्रालय/सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालय | |
| **प्रतिफल ५**: भू-उपयोग व्यवस्थापन विभाग स्थापन भएको हुने | भू-उपयोग व्यवस्थापन विभाग स्थापन भएको | | ✓ | ✓ | | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय | भूमिसुधार तथा व्यवस्था मन्त्रालय/सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालय | |
| **प्रतिफल ६**: अन्तर निकाय समन्वय तथा अनुगमन संयन्त्र निर्माण भएको हुने | संयन्त्र निर्माण भएको | | ✓ | ✓ | | अन्तर निकाय समन्वय तथा अनुगमन सयन्त्र | मूमिसुधार तथा व्यवस्था मन्त्रालय/सामान्य प्रशासन मन्त्रनलय र अर्थ मन्त्रालय | |
| **प्रतिफल ७**: भू-उपयोग कार्यान्वयन गर्न स्थानीय निकाय सवल र सक्षम भएको हुने | स्थानीय निकाय भू-उपयोग कार्यान्वयन गर्न सक्षम भएको | | ✓ | | | संघीय मामिला तथास्थानीय विकास मन्त्रालय राष्ट्रिय भू-उपयोग आयोजनाको वार्षिक प्रतिवेदन | भूमिसुधार तथा व्यवस्था मन्त्रालय/सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालय | |

# मौरी प्रवर्द्धन नीति, २०७३

## १. पृष्ठभूमि

आदिमकालदेखि नेपालमा स्थानीय एपिस फ्लोरिया, एपिस डोर्साटा, एपिस लेबोरियोसा, एपिस सेराना जातका मह उत्पादक मौरीहरूको वासस्थान रहिआएको छ। मौरी प्रकृत्तिको अनुपम वरदान हो। यसले प्रकृति दोहन गरी सुपाच्य खाद्यवस्तुको रूपमा मौरीजन्य वस्तु उत्पादन गर्दछ। मौरीबाट मानिसहरूले मह, कुट, शाही खुराक, प्रपोलिस, मौरी विष प्राप्त गर्न सकिन्छ। मौरी सुसभ्य सामाजिक जीवनशैलीको एक अनुकरणीय प्रतिक बनेको छ। मौरीले परागसेचन सेवाबाट खेतीबालीको उत्पादकत्व र जैविक विविधताको सम्वर्द्धनमा पनि अहम् भूमिका निभाउँछ। केही दशक यता विदेशबाट ल्याईएको यूरोपेली मौरी एपिस मेलिफेराको व्यावसायिक पालन गरिँदै आएको छ। यहाँ जैविक विविधताको सुनिश्चितताको लागि तथा परासेचित बालीहरूमा उत्पादकत्व वृद्धि गराउन मौरीको योगदन अपरिहार्य रहेतापनि परागसेचनको लागि अति महत्वपूर्ण मानिएका स्थानीय जङ्गली मौरीहरूको घट्दो सङ्ख्या र घरपाला एपिस सेरानाको र एपिस मेलिफेराको कमजोर गोला व्यवस्थापनका कारण दिनानुदिन पर्यावरणीय सेवा (परागसेचन) र मह उत्पादन दुवैमा नकारात्मक प्रभाव पर्न थालेको छ। यसको लागि नीतिगत व्यवस्था गरी मह उत्पादनमा वृद्धि र पर्यावरणीय सेवामा अभिवृद्धि गर्न मौरीको विकास तथा प्रवर्द्धन गर्नु आजको आवश्यकता रहि आएको छ। यसै अनुरूप मौरीपालन व्यवसायलाई दिशानिर्देश गर्न राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३, कृषि जैविक विविधता नीति, २०६३ र कृषि विकास रणनीति, २०७२ लाई समेत आधार बनाई मौरी प्रवर्द्धन नीति, २०७३ लागु गरिएको छ।

## २. विगतका प्रयासहरू

संस्थागत विकास क्रमलाई हेर्दा नेपालमा आर्थिक वर्ष २०२२-२३ देखि कृषि विभागबाट सामान्य सेवा प्रदान गर्दै वि.सं. २०२९ सालबाट आयोजनास्तरमा मौरीपालनको आधुनिकीकरण प्रारम्भ भएको हो। क्रमश प्रत्येक वर्षको वार्षिक कार्यक्रम र बजेटमा मौरीपालन कार्यक्रमको विस्तार गरिँदै आएको छ। नेपालमा सर्वप्रथम वि.सं. २०४० मा मौरीपालन विकास शाखा, गोदावरीको विधिवत स्थापना भयो। सो कार्यक्रमलाई थप विस्तार गर्न नेदरल्याण्ड सरकारको सहयोगमा वि.सं. २०४४ देखि २०५० सम्म मौरीपालन तालिम तथा प्रसार सेवा आयोजना लागु भई मौरी सम्बन्धी चेतना अभिवृद्धि गरेको हो। मौरी सम्बन्धी कार्यक्रमहरू मौरीपालन विकास शाखा, गोदावरी, मौरीपालन विकास कार्यालय, भण्डारा चितवन (तत्कालीन मौरीपालन केन्द्र गोकर्ण) र ७५ वटा जिल्ला कृषि विकास कार्यालयहरूबाट मौरीपालन सेवा विस्तार भइरहेको छ।

## ३. वर्तमान स्थिति

नेपालमा व्यावसायिक रूपमा बजारमुखी तवरबाट मौरीपालनको व्यापकता नभएपनि सुरुवात भने भएको अवस्था छ। केही वर्षयता आधुनिक मौरीपलन प्रविधि भित्रिए पनि ग्रामीणस्तरमा अझै त्यस्तो प्रविधिको विस्तार गर्न बाँकी छ। सरकारी निकायहरूले मौरी व्यवसाय प्रवर्द्धनको लागि आर्थिक वर्ष २०७०/७१ देखि युवा लक्षित मौरीपालन कार्यक्रम सञ्चालन गर्दै आएका छन्। व्यावसायिक कीट विकास निर्देशनालयको पछिल्लो आँकलन (२०७१/७२) अनुसार नेपालमा २१३२०० मौरी गोला रहेको र यी मध्ये करिब ३५००० एपिस मेलिफेरा र १७७२०० एपिस सेराना रहेको अनुमान छ। यसबाट नेपालमा हाल वर्षेनी २०५० मे.ट. मह उत्पादन भई आयात प्रतिस्थापन भई निर्यातको सम्भावना रहेको स्थिति छ (व्यावसायिक कीट विकास निर्देशनालय, २०७१/७२)। स्पष्ट नीति र पर्याप्त आर्थिक, प्राविधिक एवम् नैतिक समर्थन सहितको उच्च प्राथमिकता प्राप्त भएमा विद्यमान प्राकृतिक भौगोलिक र वानस्पतिक विविधताहरूको सदुपयोग गरेर नेपालमा (सेराना ५ लाख र मेलिफेरा ५ लाख) दश लाखसम्म मौरीगोला पाल्न र (सेराना ५ लाख ×१० के.जी का दरले ५ हजार मे.टन र मेलिफेरा ५ लाख × ४० के.जी. का दरले २० हजार मे.ट) २५ हजार मे.टन सम्म मह उत्पादन गर्न सकिने सम्भावना

रहेको छ । चरन क्षेत्रको विकास र विस्तार एवम् सुदृढीकरण गरेमा थप मौरी गोला विस्तार गरी सोही अनुसार मह उत्पादनमा वृद्धि गर्न सकिन्छ ।

## ४. समस्या र चुनौती

नेपालका मह र मैन लगायत अन्य मौरीजन्य उपजहरू उत्पादन र उत्पादकत्वको प्रशस्त सम्भावना भएर पनि अपेक्षितरूपमा यसको प्रवर्द्धन गर्न सकिएको छैन । महको आन्तरिक आवश्यकतालाई पूरा गरी गुणस्तरीय मह निर्यात गर्नु चुनौतीको रूपमा देखिएको छ । नेपालले महको निर्यात व्यापार विस्तार गर्न विश्व व्यापार सङ्गठन (WTO) लगायत यूरोपियन यूनियनका सम्बद्ध राष्ट्रहरूको मह सम्बन्धी गुणस्तर मापदण्ड र विषादी तथा अवशेष अनुगमन योजना र राष्ट्रिय नीति तथा आचारसंहिताको स्पष्ट एवम् किटानी व्यवस्था गरी महको गुणस्तर कायम गर्न तथा मौरीजन्य उपजहरूको बजारको सबलीकरण गर्न आवश्यकता छ । मौरी चरनमा कमी, वन क्षेत्रसँग संस्थागत साझेदारी प्रयास नहुनुले चरन क्षेत्रको विकास र विस्तार नहुनुका साथै यातायातको कठिनाइका कारण भइरहेको प्राकृतिक चरनको पनि पूर्ण उपयोग हुन सकिएको छैन ।

## ५. नयाँ नीतिको आवश्यकता

कृषि व्यवसाय सम्बन्धी विभिन्न मितिमा जारी भएका विभिन्न ऐन नियम तथा नीतिहरूले मौरीपालन प्रवर्द्धन र त्यसको आर्थिक पक्षलाई सामान्य रूपमा सम्बोधन गरे तापनि स्पष्ट नीतिको अभावमा अपेक्षितरूपमा उपलब्धि हासिल गर्न सकिएको छैन । नेपालको मौरीपालनलाई प्रतिस्पर्धात्मक व्यवसायको रूपमा रूपान्तरण गरी अतिरिक्त आयआर्जनको माध्यम बनाएर गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने तथा व्यावसायिक मौरीपालन र स्थानीय प्रजातिका मौरीहरूको संरक्षण गरी पर्यावरणीय सेवा (परागसेचन) प्रवर्द्धन गरी जैविक विविधता सम्वर्द्धन गर्ने परिदृश्यको परिकल्पना गरिएको छ ।

## ६. लक्ष्य

नेपालमा मौरीपालनलाई एउटा प्रतिस्पर्धात्मक र व्यावसायको रूपमा विकास गर्दै रोजगारीको अवसर सिर्जना गरी, महको आयात प्रतिस्थापन र निर्यात प्रर्वद्धन गर्ने यस नीतिको लक्ष्य रहेको छ ।

## ७. उद्देश्यहरू

७.१ मौरी चरनको सुधार, सुदृढीकरण र समुचित प्रयोग, गोला व्यवस्थापन, आवश्यक पुँजी, पूर्वाधार, प्राविधिक ज्ञान र सीपमा सबै मौरी पालकहरूको पहुँचमा अभिवृद्धि गर्ने साथै उपजहरूको विविधीकरण गर्ने ।

७.२ मौरीजन्य उपजहरूको उत्पादन र उत्पादकत्व बढाउने, लागत घटाउने, गुणस्तर सुधार गर्ने, मौरीजन्य उपजहरूको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्ने तथा व्यापार सन्तुलन गर्ने।

७.३ रैथाने र स्थानीय मौरीहरूको संरक्षण सम्वर्द्धन गर्ने र मौरी गोलाहरूको सङ्ख्यात्मक वृद्धि गरी परागसेचन सेवाको अभिवृद्धि गर्ने ।

७.४ मौरीपालन पेसामा परम्परागत मह शिकारी, आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्गहरूलाई मुल प्रवाहीकरण गरी गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने ।

## ८. मौरी प्रवर्द्धन नीतिहरू

उल्लिखित उद्देश्यहरू सम्बोधन गर्न देहाय बमोजिम मौरी प्रवर्द्धन नीति र कार्यनीति निर्माण गरिएको छ ।

### उद्देश्य ७.१ सँग सम्बन्धित नीति र कार्यनीति

### ८.१ प्रजातिगत व्यवस्थापन

८.१.१ एपिस मेलिफेरा प्रजातीय छनोट गर्दै तराई, भित्री मधेस तथा सम्भाव्य पहाडी क्षेत्रमा र एपिस सेरेनाको संरक्षण र प्रजातीय सुधार गरी उच्च पहाडी तथा पर्वतीय क्षेत्रमा विस्तार गरिनेछ ।

८.१.२ चरनको उपलब्धता यातायातको सुविधा तथा भारवहन क्षमता (Carrying capacity) का आधारमा एपिस मेलिफेरा वा एपिस सेरानालाई सबै ठाउँ (तराई, पहाड, उच्च क्षेत्र) का चरनमा पूर्ण सदुपयोग हुने गरी स्थानान्तरण गरी अधिकतम उत्पादन लिईनेछ ।

८.१.३ उच्च पर्वतीय क्षेत्रमा पाइने एपिस सेरेना सेराना उपजाती (Sub-species) को सम्वर्द्धन, प्रवर्द्धन गर्न तिनीहरूको प्रजनन् केन्द्र स्थापना गरी अन्य क्षेत्रहरूमा प्रसारण गरिनेछ ।

८.१.४ उच्च पहाडी क्षेत्रमा क्रमश एपिस लेवोरियोसा, तराई र भित्री मधेसमा एपिस डोर्साटा र कछाड र भित्री मधेस क्षेत्रमा एपिस फ्लोरिया जस्ता स्थानीय जङ्गली मौरीहरूको संरक्षण र सम्वर्द्धन गरी परसेचित बाली तथा वन्य वनस्पतिहरूको जैविक विविधता वृद्धि गर्ने ।

८.१.५ नेपालमा उत्पादन तथा विकास गर्न नसकिएका नयाँ प्रजातिका गोला, रानु तथा प्याकेज मौरी आयात गर्नु अघि प्राविधिक, आर्थिक तथा पारिस्थितिक प्रभाव र परिणामहरूको अध्ययन र विश्लेषण गरिनेछ ।

**८.२ मौरी चरन सुदृढीकरण र व्यवस्थापन**

८.२.१ मौरी चरन क्षेत्रको सर्भेक्षण गरी पात्रो बनाई त्यसको आधारमा चरन क्षेत्रको (कृषि तथ वन) भौगोलिक नक्सा तयार गर्ने तथा चरन क्षेत्र तोकिनेछ ।

८.२.२ चरन क्षेत्रको भारवहन क्षमताका आधारमा चरन उपलब्ध गराउन आचार संहिता लागु गरिनेछ ।

८.२.३ कृषि-वन खेती, वन वृक्षारोपण, पार्क र राष्ट्रिय प्राकृतिक संरक्षण क्षेत्रहरूमा गरिने वृक्षारोपण कार्यक्रमहरूमा कम्तीमा २५ प्रतिशत मौरी चरन वनस्पति समावेश गर्ने व्यवस्था मिलाइनेछ ।

८.२.४ मौरी चरन मौरीपालनको आधार भएकोले सबै मौरी पालकहरूले आफ्नो सेरोफेरोमा उत्कृष्ट मौरी चरन हुने वनस्पति लगाउन प्रोत्साहन गरिनेछ ।

८.२.५ मौरी आकर्षण हुने बोटबिरुवाहरूको फूल फुल्न लागेका तथा फुलिरहेको अवस्थामा छँटनी कटानी नगर्नको लागि सम्वद्ध सरकारी गैरसरकारी एवम् स्थानीय सामुदायिक संस्थाहरूमा चेतना अभिवृद्धि गराइनेछ ।

८.२.६ कृषि क्षेत्रको बालीहरूको चरनमा मौरी चराउन रोकतोक गर्न नहुने, बाली पूर्णरूपमा फूल फुलेको बेला विषादी प्रयोग लाई निरुत्साहित गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस्तो बेलामा विषादीको प्रयोग गर्नुपर्ने भएमा प्राविधिकहरूको अनिवार्य रूपमा सिफारिस लिनु पर्ने व्यवस्था गरिनेछ ।

८.२.७ च्यूरी, मौवा लगायत मौरी मैत्री वनस्पति हुर्काउने व्यक्ति र संस्थालाई अनुदान दिने व्यवस्था गरिनेछ।

८.२.८ भारवहन क्षमता र आचार संहिताको आधारमा वन क्षेत्र (सामुदायिक वन, निजी वन र राष्ट्रिय निकुञ्ज) हरूमा सहज रूपमा मौरी चरि चरन गर्न गराउन पाउने व्यवस्था गरिनेछ ।

८.२.९ वन क्षेत्रसँग जोडिएका गा.वि.स. हरूमा बसोवास गर्दै आएका स्थानीय बासिन्दा, कृषि उद्यमी वा वन उपभोक्ताहरूद्वारा मौरीपालन गर्नमा सहयोग पुऱ्याई दिगो विकासको पहल गरिनेछ ।

**८.३ मौरी स्थानान्तरण व्यवस्थापन**

८.३.१ मौरी स्थानान्तरणलाई मौरीपालन विकास कार्यालय, जिल्ला कृषि विकास कार्यालय, स्थानीय मौरी पालक कृषक समूह र उद्यमीहरू र अन्य सरोकारवालाको संयुक्त समितिबाट चरन पात्रोको आधारमा संयोजन गराइनेछ ।

८.३.२ मौरीपालक सञ्जाल, सङ्घ, सहकारी तथा व्यावसायिक मौरी पालकहरूलाई नै नयाँ नयाँ चरन स्थलको खोजी गर्न उत्प्रेरित गरी सम्भाव्य क्षेत्रमा नेपालको कुनै पनि क्षेत्रमा चराउन लान पाउने व्यवस्था गरिनेछ ।

८.३.३ पहाडी भेकको चिउरी लगायत प्रशस्त चरन भएका क्षेत्रमा स्थानान्तरण पहुँच विकास गर्न सम्वद्ध निकायहरूमा पहल गरिनेछ ।

८.३.४ स्थानान्तरणको क्रममा रहेका मौरीलाई एम्वुलेन्स जस्तै अत्यावश्यक सेवा सरह बिना रोकतोक लैजान सक्ने व्यवस्था गराइनेछ ।

**८.४ मौरी रोगव्याधी व्यवस्थापन**

८.४.१ रोग संक्रमित मौरी तथा मौरीजन्य उपकरणहरूको आयात एवम् आन्तरिक वसार पसार गर्न रोक लगाइनेछ ।

८.४.२ मौरीको गोलामा प्रतिबन्धित प्रतिजैविक, गन्धक र सुर्तिजन्य पदार्थ साथै अवशेष रहने जोखिम भएका रसायनको प्रयोग निषेध गरिनेछ ।

८.४.३ प्रमुख उत्पादन क्षेत्रका मौरी पालकहरूको सरल पहुँचभित्र मौरी रोग पहिचान, परीक्षण तथा निदान सुविधा विकास गरिनेछ ।

८.४.४ रोगको रोकथाम तथा नियन्त्रणमा प्रतिजैविकी न्यूनतम प्रयोग गराउने र प्रतिजैविक प्रयोग गरेको ६ हप्तासम्म मह काढ्न नहुने सचेतना विकास गरिनेछ ।

८.४.५ मौरीका रोगव्याधी व्यवस्थापनमा प्रयोग हुने कम जोखिमी औषधीको आयातमा भन्सार महसुल छुट गरिनेछ ।

८.४.६ मह परीक्षण प्रयोगशालालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रवर्द्धन र व्यवस्थापन गरिनेछ ।

**८.५ मह शिकार व्यवस्थापन एवम् वासस्थानको संरक्षण**

८.५.१ मह शिकारीहरूलाई व्यवस्थित गरी एपी टुरीजमको विकास गर्दै अन्य प्राकृतिक मौरीहरूको वासस्थानको समेत सरक्षण गरिनेछ ।

८.५.२ ठूला-ठूला पूर्वाधार विकासको क्रममा गरिने वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनमा मौरीको वासस्थान आश्रयस्थल र तिनको स्थानान्तर समेत सम्बोधन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

८.५.३ मह सिकारी वर्गलाई मह सिकारको परम्परागत विधिलाई सांस्कृतिक महत्वको रूपमा जगेर्ना गर्ने र सुरक्षित र व्यवस्थित तरिकाले मह काढ्ने विधि अपनाउन विशेष तवरले प्रशिक्षित र प्रोत्साहित गरिनेछ ।

८.५.४ जङ्गली मौरीहरूको संरक्षणका कार्यक्रमहरू सरोकारवाला निकायहरूसँगको सहकार्यमा सञ्चालन गरिनेछ ।

**८.६ मह उत्पादन तथा बजार व्यवस्थापन**

८.६.१ मह उत्पादन, विकासमा असल मौरीपालन अभ्यास (Good Beekeeping Practices) अवलम्बन गर्न प्रोत्साहित गरिनेछ ।

८.६.२ प्रमुख उत्पादन क्षेत्रको सरल पहुँचभित्र सरकारी, सहकारी, निजी क्षेत्र र मह संकलकहरूलाई कमसेकम महको प्रारम्भिक भौतिक अवस्था र चिसान परीक्षण गर्ने सुविधा उपलब्ध गराउन सहयोग पुऱ्याइनेछ ।

८.६.३ मह उत्पादन, सङ्कलन, प्रशोधन, वसार पसार एवम् भण्डारण गर्ने उद्यमीहरूले प्रत्येक चरणमा स्रोत सुचक विवरणहरू सुरक्षित राख्ने र खाद्य मापदण्ड अनुसारका औजार, उपकरण, भाँडा, वर्तनको प्रयोग गरी गुणस्तर कायम गर्न प्रोत्साहन गरिनेछ ।

८.६.४ विभिन्न प्रकारका महको उत्पादन, तथा बजारीकरणको लागि बजारको सम्भाव्यता अध्ययन गरी बजारलाई सुनिश्चित र सुदृढीकरण गरिनेछ ।

८.६.५ पम्परागत उत्पादनका अतिरिक्त पर्याप्त पूर्वाधार सम्पन्न मौरी पालक कृषक, सञ्जाल, समूह तथा उद्यमी व्यवसायीहरूलाई मौरी मैन, चोप (Propolis), कुट, शाहीखुराक (Royal Jelly) विशेष प्रकारको मह उत्पादन चाका, क्रीष्टल, एकल स्रोतको मह आदि विशिष्ट सामग्री उत्पादनका लागि प्रोत्साहित गर्न तालिमका अवसरहरू प्रदान गरिनेछ । नेपालमा उत्पादित मह र मौरीजन्य उपजहरूको विविधीकरणको विषयमा प्रचारप्रसारको व्यवस्था गरिनेछ ।

८.६.६ महको भौगोलिक र वनस्पतिक स्रोत मौरीको प्रजाति र मह काढेको विधिका आधारमा महलाई लेवलिङ्ग गर्न प्रोत्साहन गरिनेछ ।

८.६.७ मह सकंलन, भण्डारण तथा प्रशोधनस्थल र बिक्री प्रवर्द्धन लागि भौतिक पूर्वाधार विकासमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

८.६.८ महको आन्तरिक खपत प्रवर्द्धन गर्न आयुर्वेदिक उद्योग, राशन व्यवस्था गर्ने ठूला सरकारी निकाय, अस्पताल, विद्यालय, होटलसँग कारोवार गर्ने मह उत्पादक तथा व्यवसायीहरूलाई विशेष सहयोग गरिनेछ ।

**८.७ प्रोत्साहन र अनुदान**

८.७.१ तुलनात्मक लाभका आधारमा मौरीपालनको विकास र विस्तारमा सघनता र तीव्रता ल्याउन विद्यमान अनुदानको स्तर वृद्धि गरिनेछ ।

८.७.२ रानी उत्पादन, बैकिङ्ग र आपूर्ति गर्न चाहने क्षमतावान उत्साही उद्यमीहरूलाई रानी व्यवस्थापन सामग्री आयात गर्न र व्यवसाय स्थापना गर्न विशेष अनुदानसहित प्रोत्साहित गरिनेछ ।

८.७.३ निजी क्षेत्रका मौरीपालन सम्बन्धी सञ्जाल, सहकारी, समूह तथा उद्यमीहरूलाई मह सङ्कलन भण्डारण, मह प्रशोधन इकाई, प्राथमिक रोग निदान सुविधाको विकास एवम् एपिस सेराना, एपिस सेरेना सेरेना र एपिस मेलीफेराको गोला छनोट तथा नश्ल सुधारका लागि विशेष तवरले प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।

८.७.४ मौरीजन्य व्यवसाय जस्तैः घार र उपकरण निर्माण, आधार चाका निर्माण, मह वा मौरी उपजको सङ्कलन, प्रशोधन आदिमा निश्चित प्रतिशत वा तोकिएको रकम अनुदान दिने व्यवस्था गरिनेछ ।

८.७.५ मौरीपालन व्यवसायको मूल्य शृङ्खलाको आधारमा व्यवसायीहरूको अभिलेख अद्यावधिक गरी छुट्टा छुट्टै तहमा अनुदान दिने व्यवस्था गरिनेछ । एकै व्यक्ति वा समूहले दोहोरो अनुदान लिने परिपाटीको अन्त्य गर्नका लागि कुनै पनि गैर सरकारी स्वदेशी वा विदेशी सङ्घ, संस्थाहरूले पनि कुनै स्थान विशेषका व्यवसायीहरूलाई अनुदान दिने खालका कार्यक्रमहरू सञ्चालन गर्न चाहेमा नेपाल सरकारको मौरीपालन सम्बन्धी काम गर्ने सरकारी निकायको स्वीकृति र समन्वय गरेर मात्र अनुदान दिने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ ।

८.७.६ मौरी पालक कृषकहरूबाट विभिन्न कृषि बालीहरूमा परागसेचनबाट पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै सोबापतको अनुदान दिने व्यवस्था मिलाइनेछ ।

८.७.७ प्रतिफलमा आधारित अनुदान प्रणालीको विकास गरिनेछ ।

**८.८ मौरीपालनमा कर्जा**

८.८.१ कृषि विकास बैंक, वाणिज्य बैंकहरू तथा अन्य वित्तीय सस्थाहरू मार्फत मौरीपालनमा लगानी गर्न व्यवस्था गरिनेछ ।

८.८.२ महिला, दलित एवम् पिछडिएका समुदायलाई समूह जमानी तथा धितोमा ऋण प्रदान गर्न पहल गरिनेछ ।

८.८.३ प्रमुख उत्पादन क्षेत्रहरू (Growth centers) मा मौरी पालक कृषक, कृषि सञ्जाल र निजी मह कारोवारी एवम् स्रोत केन्द्रहरूलाई अन्तरिम मह भण्डारण सञ्चालन गर्न सस्तो सरल ऋण सुविधा प्रदान गरिनेछ ।

**८.९ बीमा नीति प्रवर्द्धन**

मौरीपालन व्यवसाय र मह कारोवार एवम् स्थानान्तरण र वसार पसारमा रहेका मौरी तथा मह समेतमा जोखिमहरूबाट जोगाउन कम्पनीबाट बीमा नीति विकास, विस्तार र अवलम्बन गरिनेछ ।

**८.१० करछुट नीति**

८.१०.१ व्यावसायिक मौरीपालनका लागि कर छुटका व्यवस्थाहरू कर सम्बन्धित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

**८.११ मौरीपालन अनुसन्धानको व्यवस्था**

८.११.१ मौरीपालनका विभिन्न पक्षहरूमा आवश्यक अनुसन्धानका लागि नेपाल कृषि अनुसन्धान परिषद, कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कृषि विभाग र सम्वद्ध कार्यक्रमहरू तथा कार्यालयहरू, सम्वद्ध अन्य निकायलाई क्रियाशील तुल्याइनेछ ।

८.११.२ कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कृषि अनुसन्धान परिषद् एवम् गैर सरकारी संस्थाहरूमा स्वदेशी विदेशी विश्वविद्यालयहरूसँग सम्बन्धन गरी अनुसन्धान र शोध प्रबन्ध तयार गर्न सक्ने व्यवस्था गर्न जोड दिइनेछ ।

८.११.३ मौरीपालन अनुसन्धानको निमित्त प्रस्तावित सबै सरकारी, अर्ध सरकारी एवम् गैर सरकारी संस्थाहरूमा आवश्यक साधन र सुविधाको विकास गर्न जोड दिइनेछ।

८.११.४ नेपाल कृषि अनुसन्धान तथा विकास कोष अन्तर्गत प्रस्तावहरू माग हुँदा मौरीपालनमा आवश्यक अनुसन्धानको लागि विशेष प्राथमिकता दिन जोड दिइनेछ।

**८.१२ जनशक्ति विकास**

८.१२.१ मौरी रोग, मौरी प्रजनन, मौरी व्यवस्थापन, मौरीपालन प्रसार तथा तालिम, उत्पादन विकास, बजार व्यवस्थापन आदि विभिन्न पक्षमा दक्ष जनशक्तिको विकास गरिनेछ। यस कार्यमा मौरी पालक कृषकहरूलाई विशेष अवसरहरू उपलब्ध गराइनेछ।

८.१२.२ कृषि अनुसन्धान परिषद् तथा कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा दक्ष जनशक्तिको विकास गरिनेछ।

८.१२.३ गैरसरकारी क्षेत्र र निजी क्षेत्रका औद्योगिक प्रतिष्ठानहरूमा मौरीपालनको विभिन्न क्षेत्रमा स्तरीय सेवा प्रदान गर्ने दक्षता विकास गर्न प्रोत्साहन गरिनेछ।

८.१२.४ मौरीपालन स्रोत केन्द्रहरूबाट सेवा विस्तार गर्न तालिमका अवसर प्रदान गरी दक्षता बढाइनेछ।

८.१२.५ कृषि विभाग, कृषि अनुसन्धान परिषद, कृषि तथा वन विज्ञान विश्वविद्यालयको क्षमता अभिवृद्धि गर्ने खालका तालिम तथा पाठ्यक्रमको विकास गरिनेछ।

८.१२.६ कृषि सम्बन्धी व्यावसायिक शिक्षण प्रशिक्षण प्रतिष्ठानहरूमा मौरीपालन विशेष पाठ्यक्रम निर्माण गरी समावेश गराउन सम्बद्ध निकायहरूसँग पहल गरिनेछ।

**उद्देश्य ७.२ सँग सम्बन्धित नीति र कार्यनीति**

**८.१३ महको गुणस्तर निर्धारण, प्रमाणीकरण र विषादी अवशेष नियन्त्रण**

८.१३.१ नेपाली प्राकृतिक महको प्राङ्गारिक विशेषताहरू परिभाषित र प्रमाणित गरी तिनको संरक्षण व्यवस्था गरिनेछ।

८.१३.२ महमा विषादी अवशेष, अन्तरपदार्थ (Inert material) गह्रौं धातुहरू (Heavy metals), एन्टीवायोटिक्स आदिको नियन्त्रण जस्ता अवशेष अनुगमन योजना (Residue Monitoring Plan) सँग सम्बन्धित कार्यक्रमहरू विकास गरी कार्यान्वयन व्यवस्था गरिनेछ।

८.१३.३ अवशेष परीक्षण र प्रमाणीकरणका लागि मान्यता प्राप्त प्रयोगशालाको सेवा लिन सम्वद्ध निकायहरूसँग समन्वय गरिनेछ।

८.१३.४ मौरीपालक तथा मह कारोवारीहरूलाई अन्तर्राष्ट्रिय समुदाय र बजारका गुणस्तर मापदण्ड, असल मौरीपालन अभ्यास (Good Beekeeping Practices) एवम् सर्तहरूका सम्बन्धमा समुचित प्रशिक्षण दिइनेछ।

८.१३.५ नेपाली महको वर्तमान स्तरमान (Standard) तयार गरी परागको आधारमा व्यावहारिक र यथार्थ परक बनाइनेछ।

**८.१४ महको बजारीकरण व्यवस्थापन**

८.१४.१ नेपाली महमा लाग्ने कर न्यूनीकरण र सरलीकरणका लागि पहल गरिनेछ।

८.१४.२ भन्सार महसुल वृद्धि गरी विदेशी मह आयातलाई व्यवस्थापन गरिनेछ।

८.१४.३ उत्पादकत्व वृद्धि, गुणस्तर र उत्पादन लागत कम गराई नेपाली महको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापारिक प्रतिस्पर्धता बढाउने प्रयास गरिनेछ।

८.१४.४ राष्ट्रिय अन्तर्राष्ट्रिय मेला, प्रदर्शनीहरूमा नेपाली-हिमाली मह, अर्गानिक मह, विशेष प्रकारका मह तथा गोलाको प्रदर्शन गराउनेतर्फ प्रोत्साहन गरिनेछ।

८.१४.५ नेपाली महको पहिचान हुनेगरी गुणस्तर व्यवस्थापन, ट्रेडमार्क तथा साझा लोगोको विकास गरिनेछ।

८.१४.६ जङ्गली मौरीको मह काढ्दा मौरी पर्यटन (Bee Tourism) को प्रवर्द्धन हुने खालका कार्यक्रमको निर्माण गरिनेछ।

### ८.१५ स्तरीयकरण अनुगमन र नियमन

८.१५.१ मौरीपालनका विभिन्न स्तर र क्षमता परिभाषित गर्ने व्यवस्था मिलाइनेछ ।

८.१५.२ प्राकृतिक र प्रशोधित महको परिभाषा र गुणस्तर (Standard) को समीक्षा र आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

८.१५.३ यसरी निर्धारण गरिएका आधार तथ्याङ्कस्तर तथा मापदण्डहरू (Standards & Specifications) सरकारी निकाय लगायत अन्य सबै सम्वद्ध सरोकारवालाहरू समक्ष प्रसार र अनुगमन गरिनेछ । अनुगमन गर्दा गुणस्तरका मापदण्डहरू, अवलम्बन गरेका आधारहरू, अभिलेख र प्रयोगशाला परीक्षणलाई समेत ध्यानमा राखिनेछ ।

८.१५.४ मौरीघार, उपकरण निर्माण उद्योग र मौरीपालन स्रोत केन्द्रहरूको र उत्पादित सामग्री समेतको निश्चित मापदण्ड बनाई सो मापदण्ड अनुसारका स्रोतकेन्द्रहरूले जिल्ला कृषि विकास कार्यालय वा मौरीपालन शाखा कार्यालयहरूको सिफारिसमा व्यावसायिक कीट विकास निर्देशनालयमा दर्ता तथा नवीकरण गराएर मात्र कारोवार गर्न पाउने व्यवस्था गरिनेछ ।

### उद्देश्य ७.३ सँग सम्बन्धित नीति र कार्यनीति

### ८.१६ परागसेचनको लागि मौरी परिचालन तथा व्यवस्थापन

८.१६.१ कृषकहरूमा परागसेचनको महत्व र मौरीको उपादेयता बोध गराउन विशेष प्राथमिकता दिइनेछ ।

८.१६.२ बालीनालीमा फूल फुलेको बेला कीटनाशक विषादी छर्नु बाली उत्पादक र मौरी पालक कृषक दुवैलाई हानिकारक हुन्छ भन्ने चेतनाको विकास गराउने खालका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

८.१६.३ वागवानी फार्म तथा फलफूल खेती कृषकहरू सबैलाई मौरी प्रयोगमा ल्याउन प्रोत्साहित गरिनेछ।

८.१६.४ मौरी मित्र जीव भएकोले यसको बचावट र संरक्षण गर्न कृषकहरूलाई जागरुक गराउने खालका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

८.१६.५ परागसेचनको आवश्यकता, यसको महत्व र उपादेयता सम्बन्धी अध्ययन अनुसन्धानको क्रममा मह नपार्ने मौरी, जङ्गली मौरी र अन्य परागसेचीसँगको प्रतिस्पर्धा हुने तवरबाट अगाडि बढाइनेछ।

### उद्देश्य ७.४ सँग सम्बन्धित नीति र कार्यनीति

### ८.१७ आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्गको मुल प्रवाहीकरण

८.१७.१ आर्थिक तथा सामाजिक रूपले पिछडिएका (महिला, दलित, आदिवासी, अपाङ्ग आदि) कृषक समूह र वर्गहरूलाई समूहगत रूपमा मौरीपालन अपनाउन विशेष तवरले प्रोत्साहित गरिनेछ ।

८.१७.२ मौरीपालन सम्बन्धी तालिम, शैक्षिक भ्रमण एवम् अन्य प्रसार र सङ्गठनात्मक कार्यक्रमहरूमा पिछडिएका वर्गको सहभागिता सुनिश्चित गरिनेछ ।

८.१७.३ महिला तथा पिछडिएका वञ्चित वर्गका लागि विशेष कार्यक्रम प्याकेज ल्याइनेछ जसमा थप सहुलियत र प्रोत्साहन हुनेछन् ।

८.१७.४ जङ्गली अवस्थामा रहेको मह सिकारको चेतना जगाई व्यवस्थित तवरबाट मह सिकार गरी मौरी पर्यटनलाई चाडको रूपमा ग्रहण गरी अगाडि बढाउने ।

### ८.१८ संस्थागत विकास

८.१८.१ महिला एवम् पिछडिएका वञ्चित वर्गलाई संस्थागत रूपमा संगठित गर्ने, मौरीपालन स्रोत केन्द्रहरूको स्तर वृद्धि गर्ने र उनीहरूको लागि सेवा तथा आपूर्तिलाई सुदृढ गराउने खालका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

८.१८.२ मौरीपालनको सर्वोपरी विकासको निमित्त प्रमुख उत्पादन क्षेत्रहरूको सहज पहुँचमा मौरी रोग निदान र व्यवस्थापन सहितका मौरीपालन कार्यालयहरू विस्तार गरिनेछ ।

८.१८.३ कार्यरत मौरीपालन स्रोत केन्द्रहरूको मूल्याङ्कन गरी आवश्यकता अनुकूल स्तर वृद्धि गरिनेछ ।

८.१८.४ पिछडिएका वर्गका मौरीपालकहरूलाई समूह, सहकारी सङ्घमा संगठित गरी विशेष कार्यक्रम प्याकेज दिइनेछ ।

८.१८.५ मौरी प्रवर्द्धनको लागि आवश्यक पर्ने कार्यक्रमहरूको कार्यान्वयन र विस्तार गर्दा एकद्वार प्रणालीमार्फत सम्बन्धित निकायमा पठाउने र कार्यान्वयन गराउने व्यवस्था मिलाइनेछ ।

८.१८.६ जिल्लाको चरिचरन क्षेत्र सम्भाव्यता तथा आवश्यकताको आधारमा जिल्लाका मौरी पकेट क्षेत्रहरू छनोट गरी मौरीको मूल्य शृङ्खलाको आधारमा क्लष्टर निर्माण गरी महिला, युवा एवम् पिछडिएका वर्गलाई प्रोत्साहन हुने गरी लक्षित कार्यक्रम निर्माण गरी अनुदानको व्यवस्था गरिनेछ ।

## ९. संस्थागत संरचना

सरकारी, निजी तथा सहकारीको साझेदारी अवधारणा (Public Private Partnership) अनुसार हाल मौरीपालन तथा मौरीजन्य उत्पादन विकास कार्यक्रममा प्रत्यक्ष वा परोक्ष तवरले कृषक, सहकारी सघ संस्थाहरूलाई समेट्ने गरी मौरीपालन सेवा विस्तार तथा मौरीजन्य उत्पादन विकास सम्बन्धी मौरी प्रवर्द्धन निर्देशक समिति गठन गर्न सकिनेछ । निर्देशक समितिको सिफारिसमा मौरी प्रवर्द्धन नीतिमा आवश्यकता अनुसार समयसापेक्ष परिमार्जन गर्न सकिनेछ ।

## १०. आर्थिक पक्ष

यो नीति र यस नीति बमोजिम मौरीपालनको क्षेत्रका कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार वा विदेशी सङ्घ, संस्थाहरूको तर्फबाट प्राप्त हुने अनुदानमा सरकारी बजेट प्रणाली मार्फत बजेटको माध्यमबाट व्यवस्थापन गरिनेछ । मौरीपालनतर्फ युवाहरूको आकर्षण वृद्धि भएकोले युवा लक्षित कार्यक्रमका लागि विशेष बजेटको व्यवस्था गरिनेछ ।

## ११. कानुनी व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नको लागि आवश्यकता अनुसार ऐन, नियम तथा निर्देशिका, कार्यविधि वा मापदण्डहरू तर्जुमा गरिनेछ ।

## १२. अनुगमन र मूल्याङ्कन

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नको लागि अनुगमन र मूल्याङ्कनमा संस्थागत संरचनामा उल्लिखित सरकारी कार्यालयहरू तथा अन्य सरोकारवाला सङ्घ, संस्थाको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक एवम् समन्वयात्मक पद्धतिलाई बढवा दिइनेछ । अनुगमन र मूल्याङ्कनमा संयोजनको भूमिका कृषि विकास मन्त्रालय वा यसले तोके बमोजिमको सरकारी निकायले गर्नेछ ।

## १३. जोखिम

यस नीतिको प्रभावकारी कार्यान्वयनबाट महको उत्पादन तथा उत्पादकत्व वृद्धि, परागसेचन क्रिया प्रवर्द्धन भई बाली उत्पादनमा वृद्धि हुने तथा वातावरण संरक्षणमा सहयोग हुने हुनाले जोखिम हुने देखिँदैन ।

## १४. बाधा अड्काउ फुकाउने

यस नीतिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा वा समस्या उत्पन्न भएमा कृषि विकास मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्नेछ ।

# राष्ट्रिय वौद्धिक सम्पत्ति नीति, २०७३

## १. पृष्ठभूमि

समाजको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासका लागि गरिएको अनवरत प्रयत्नलाई थप बल पुर्‍याउन वौद्धिक सम्पत्तिको अवधारणा आएको हो। स्रष्टा र सिर्जना अनि ज्ञान, सीप र दक्षताको माध्यमबाट आर्थिक, सामाजिक, साँस्कृतिक विकासमा पुगेको अतुलनीय योगदानको कदर गर्दै स्रष्टा र समाजबीच सन्तुलित प्रणाली विकास गर्न वौद्धिक सम्पत्ति अधिकारको आवश्यकता महसुस भएको हो। विश्वको आर्थिक तथा सामाजिक विकासमा वौद्धिक सम्पत्तिको भूमिका अतुलनीय रहिआएको पाइन्छ। विज्ञान-प्रविधि, कला-साहित्य संस्कृति, प्राकृतिक-जैविक विविधताजन्य स्रोतसँग सम्वद्ध विकासमा समेत वौद्धिक सम्पत्ति अधिकारले महत्त्वपूर्ण योगदान पुर्‍याएको छ।

नेपालमा पनि ज्ञान, सीप र दक्षताकोप्रवर्द्धन गर्दै उद्योग व्यवसाय मैत्री वातावरण सिर्जना, विदेशी लगानी अभिवृद्धि, रोजगारीका अवसरहरूको सिर्जना र प्रविधि हस्तान्तरणको माध्यमबाट आर्थिक, सामाजिक रूपान्तरण गर्नका लागि वौद्धिक सम्पत्तिको विकास, संरक्षण र कार्यान्वयन गर्न प्रभावकारी नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्था गर्नु अपरिहार्य हुँदै गएको छ। राष्ट्रिय हित र स्रष्टाहरूको अधिकारलाई संरक्षण गर्दै द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय र अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पालनाको लागि वौद्धिक सम्पत्ति सम्बन्धी नीति तथा कानुनहरू अद्यावधिक गर्नुपर्ने हुँदा नेपालले वौद्धिक सम्पत्तिको अवधारणालाई संवैधानिक रुपमै अङ्गीकार गरेको छ। यसै अनुरूप वौद्धिक सम्पत्तिलाई राष्ट्रिय प्राथमिकतामा राखी मुलुकको समग्र विकास नीतिको अभिन्न अङ्गको रूपमा यो राष्ट्रिय वौद्धिक सम्पत्ति नीति तर्जुमा गरिएको छ।

## २. विगतका प्रयास

वौद्धिक सम्पत्ति संरक्षणमा राज्यको प्रतिबद्धतास्वरूप नेपालमा वि.सं. १९९३ सालमा नै पेटेण्ट, डिजायन र ट्रेडमार्क कानुन प्रचलनमा आएको थियो। सो कानुनलाई पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ ले प्रतिस्थापन गर्‍यो। यो ऐनले औद्योगिक सम्पत्तिको संरक्षण सम्बन्धी पेरिस महासन्धि (Paris Convention for the Protection of Industrial Property), १८८३ को प्रावधान अनुकूल औद्योगिक सम्पत्तिउपर एकाधिकार प्राप्त गर्ने प्रक्रिया, एकाधिकारको अवधि र उल्लङ्घनको अवस्थामा प्राप्त हुने उपचारको समेत व्यवस्था गरेको छ। नेपालमा यस सम्बन्धी कार्य उद्योग मन्त्रालय अन्तर्गत उद्योग विभागबाट सम्पादन हुँदै आएको छ।

प्रतिलिपि अधिकारको संरक्षणका लागि नेपालमा पहिलो पटक प्रतिलिपि अधिकार ऐन, २०२२ जारी भएको थियो। यसलाई प्रतिस्थापन गर्दै जारी भएको प्रतिलिपि अधिकार ऐन, २०५९ बाट हाल प्रतिलिपि अधिकार संरक्षणको कार्य भइरहेको छ। प्रतिलिपि अधिकारको संरक्षण तथाप्रवर्द्धन सम्बन्धी कार्यहरू विभिन्न निकायबाट हुँदै आएकोमा सो प्रयोजनका लागि २०६१ सालमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भएको छ। वौद्धिक सम्पत्ति संरक्षणको क्षेत्रमा भएका अन्तर्राष्ट्रिय प्रयासमा सहभागी हुन नेपालले सन् १९९७ मा विश्व वौद्धिक सम्पत्ति सङ्गठन (World Intellectual Property Organization – WIPO) को सदस्यता प्राप्त गर्‍यो।

औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धी पेरिस महासन्धि (Paris Convention for the Protection of Industrial Property, १८८३) को पनि नेपाल सन् २००१ मा पक्ष वनेको छ। यसैगरी सन् २००४ मा विश्व व्यापार सङ्गठन (World Trade Organization - WTO) को सदस्यता प्राप्त गरेसँगै यसको अभिन्न अङ्गको रूपमा रहेको व्यापार सम्वद्ध वौद्धिक सम्पत्ति अधिकार सम्झौता (Agreement on Trade Related Aspects of Intellectual TRIPs) को समेत पक्षराष्ट्र भएको छ। त्यसैगरी, वौद्धिक सम्पत्तिको महत्त्वपूर्ण विधाका रूपमा रहेको प्रतिलिपि

अधिकार संरक्षणमा अन्तर्राष्ट्रिय सहभागिताका लागि साहित्यिक तथा कलात्मक सिर्जनाको संरक्षण सम्बन्धी वर्न महासन्धि (Berne Convention for the Protection of Literary and Artistic Works) १८८६ को सन् २००६ मा पक्ष वनेको छ। वौद्धिक सम्पत्ति सम्बन्धी अन्य क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सन्धि सम्झौताको भने सदस्यता लिइसकिएको छैन।

नेपालले वौद्धिक सम्पत्ति संरक्षणलाई महत्त्वका साथ अघि बढाउन समयानुकुल प्रयास र आफू पक्ष भएको सन्धि सम्झौताको प्रावधानहरू पालना गर्दै अतिकम विकसित मुलुकहरूका लागि व्यवस्था गरेको लचकताको अत्यधिक उपयोग र विकसित मुलुकहरूबाट प्राप्त हुने प्राविधिक तथा आर्थिक सहयोगको परिचालन गर्न सकिने अवसर समेत रहेको हुँदा नीतिगत र कानुनी व्यवस्थामा परिमार्जन गर्नुपर्ने भएको छ।

## ३. वर्तमान अवस्था

नेपालको संविधानको धारा २५ मा सम्पत्तिको हक अर्न्तगत वौद्धिक सम्पत्तिलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। नेपालमा हाल पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ र प्रतिलिपि अधिकार ऐन, २०५९ तथा प्रतिलिपि अधिकार नियमावली, २०६१ द्वारा क्रमशः औद्योगिक सम्पत्ति (पेटेण्ट, डिजायन र ट्रेडमार्क) र प्रतिलिपि अधिकार संरक्षणको व्यवस्था भइरहेको छ। औद्योगिक सम्पत्ति क्षेत्रमा ट्रेडमार्कको दर्ता उत्साहजनक छ भने पेटेण्ट र डिजायनको दर्ता भने न्यून छ। नेपाल हालसम्म चिन्ह दर्ताका लागि वस्तु र सेवाहरूको अन्तर्राष्ट्रिय वर्गीकरण सम्बन्धी नीस सम्झौता (Nice Agreement Concerning the International Classification of Goods and Services for the Purposes of the Registration of Marks, १९५७) को पक्ष नभएतापनि यस सम्झौताले निर्धारण गरे बमोजिम वस्तु र सेवाहरूलाई वर्गीकरण गरी व्यापार र सेवा चिन्हको दर्ता हुँदै आएको छ। व्यापार र सेवा चिन्ह दर्ता तथा प्रशासन सम्बन्धी सम्पूर्ण कार्य स्वचालित पद्धति (Automated System) बाट हुनसकेको छैन। साथै औद्योगिक नीति, २०६७ र वाणिज्य नीति, २०७२ मा पनि वौद्धिक सम्पत्ति संरक्षणको व्यवस्था गर्ने विषय उल्लेख गरिएको छ।

नेपालमा बीउ बिजन ऐन, २०४५ ले वनस्पतिको नयाँ प्रजातिको प्रजनकलाई सो नयाँ जातको बीउ बिजनको स्वामित्वको अधिकार प्रदान गर्ने मौलिक किसिमको (Sui- generis) संरक्षण प्रणालीको अवलम्बन गरी राष्ट्रिय बीउ बिजन समितिको व्यवस्था समेत गरेको छ।

नेपालले जैविक विविधता सम्बन्धी महासन्धि (Convention on Biological Diversity-CBD), १९९१ मा हस्ताक्षर गरी अनुमोदन गरेको छ। यस अनुरूप आनुवंशिक सम्पदामाथि पहुँच र लाभको बाडफाँट सम्बन्धी व्यवस्था गर्नुपर्ने भएको छ।

## ४. समस्या तथा चुनौती

नेपालमा वौद्धिक सम्पत्तिको संरक्षणमा देखिएका समस्याहरू उल्लेख गर्नुपर्दा वौद्धिक सम्पत्तिको संरक्षण तथा उल्लङ्घनको अवस्थामा सोको उपचार सम्बन्धमा स्पष्ट नीतिको अभाव हुनु, भएका कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, अन्तर्राष्ट्रियरूपमा भएको विकासक्रम अनुसार वौद्धिक सम्पत्तिका विभिन्न विधाहरूलाई समायोजन गर्न नसकिनु आदि समस्याहरू रहेका छन् भने वौद्धिक सम्पत्ति अधिकारको दुरुपयोग गर्ने प्रवृत्ति, जनचेतनाको अभाव जस्ता चुनौतीहरू समेत रहेका छन्।

## ५. नयाँ नीतिको आवश्यकता

नेपालले वौद्धिक सम्पत्तिप्रवर्द्धन तथा संरक्षणबाट समृद्धिको सम्भावना र अवसर सिर्जना गर्न वौद्धिक सम्पत्तिको पहिचान, प्राप्ति, अधिकार, अनधिकृत उपयोग, उल्लङ्घनमा उपचारको व्यवस्था गर्नुका साथै राष्ट्रिय विकास प्राथमिकतासँग तालमेल हुने गरी विश्व व्यापार सङ्गठनको सदस्यता हुँदा गरिएका प्रतिबद्धता लगायत अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरूबाट सिर्जित दायित्व समेत पूरा हुने गरी आवश्यक कानुनी तथा संस्थागत संयन्त्रको विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

नेपालमा हालसम्म वौद्धिक सम्पत्ति अधिकारको संरक्षण सम्बन्धी अलग्गै नीति नभएको र वौद्धिक सम्पत्ति संरक्षणमा जिम्मेवार निकायहरू विभिन्न मन्त्रालयहरू अन्तर्गत रहँदा निकायगत प्राथमिकतामा भिन्नता रहेको, मानव स्रोत विकासका लागि योजनाबद्ध प्रयास हुन नसकेको, विषयगत विशेषज्ञता हासिल हुन नसकेको र समन्वितरूपमा कार्य हुन नसकेको अवस्था छ। फलस्वरुप वौद्धिक सम्पत्तिको संरक्षण, विकास र प्रवर्द्धन कार्य प्रभावकारी रूपमा हुन नसकेको हुँदा आगामी दिनमा राष्ट्रिय विकासमा वौद्धिक सम्पत्तिको उपयोग गरी अधिकतम लाभ लिनुपर्ने देखिएको छ।

राष्ट्रिय विकास प्राथमिकता र अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरूप मुलुकमा सिर्जनशीलता प्रवर्द्धन, सर्जकहरूको हक अधिकारको संरक्षण, उद्योग व्यवसाय मैत्री वातावरण निर्माण, विदेशी लगानी र प्रविधि आकर्षण, रोजगारीका अवसरहरू सिर्जनाका साथै नक्कली उत्पादन रोकी गुणस्तर र उपभोक्ताको हित संरक्षण गर्नका लागि पनि वौद्धिक सम्पत्ति संरक्षणको नीतिगत, संस्थागत र कानुनी व्यवस्था गर्न यस सम्बन्धी एकीकृत नीतिको आवश्यकता रहेको छ।

## ६. दूरदृष्टि (Vision), परिदृश्य (Mission) तथा लक्ष्य (Goal)

### दूरदृष्टि (Vision)

वौद्धिक सम्पत्ति अधिकारको संरक्षण रप्रवर्द्धनको माध्यमबाट नेपाललाई सिर्जनशील राष्ट्रका रूपमा स्थापित गर्ने।

### परिदृश्य (Mission)

वौद्धिक सम्पत्तिका विभिन्न विधाहरूको संरक्षण, सम्वर्द्धन र उपयोग गर्दै आर्थिक सम्वृद्धि हाँसिल गर्ने।

### लक्ष्य (Goal)

वौद्धिक सम्पत्तिको संरक्षण र संवर्द्धन एवम् उपयोगद्वारा नेपाली समाजको आर्थिक, सामाजिक तथा साँस्कृतिक समुन्नति हासिल गर्ने।

## ७. उद्देश्यहरू (Objectives)

यस नीतिका प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

(१) वौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रवर्द्धन तथा विकासलाई प्रोत्साहित गर्ने।

(२) वौद्धिक सम्पत्तिका सर्जक तथा सामाजिक हितका बीचमा सन्तुलित प्रणालीको विकास गर्ने।

(३) समाजको आर्थिक, सामाजिक तथा साँस्कृतिक समुन्नतिका लागि वौद्धिक सम्पत्तिको महत्त्वबारे जनस्तरमा चेतना अभिवृद्धि गर्ने।

(४) वौद्धिक सम्पत्तिका विधाहरूको व्यावसायीकरणका लागि प्रोत्साहित गर्ने।

(५) वौद्धिक सम्पत्तिको संरक्षण तथा अधिकार प्रचलनका (Enforcement) लागि सशक्त कानुनी, संस्थागत तथा मानव स्रोतको विकास गर्ने।

## ८. नीतिहरू

### ८.१ वौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रवर्द्धन तथा विकासलाई प्रोत्साहित गर्ने उद्देश्य (१) सँग सम्बन्धित नीतिहरू

(१) समाज र व्यवहार उपयोगी सिर्जना गर्ने स्रष्टालाई निजको सिर्जनामाथिको अधिकार तथा सुविधाहरूलाई वौद्धिक सम्पत्तिको रूपमा अङ्गीकार गरिनेछ।

(२) प्रतिलिपि अधिकार, पेटेण्ट, डिजायन, ट्रेडमार्क, भौगोलिक सङ्केत, इन्टीग्रेटेड सर्कीटको लेआउट डिजायन, बिरुवाको नयाँ प्रजातिको संरक्षण, व्यापारिक गोप्यता (Trade Secret), परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति, वौद्धिक सम्पत्तिजनित आनुवंशिक स्रोत तथा जैविक विविधताको पहिचान र प्रोत्साहन गरिनेछ।

(३) वौद्धिक सम्पत्तिका हरेक विधा एवम् पक्षको पहिचान गरी सोको संरक्षणको लागि राष्ट्रिय आवश्यकता अनुरूप कानुनको व्यवस्था गरिनेछ।

(४) विद्यमान परम्परागत ज्ञान, जैविक विविधता र भौगोलिक सङ्केतलाई अधिकतम उपयोग गर्दै वौद्धिक सम्पत्तिलाई राष्ट्रिय विकासको औजारको रूपमा समेत अवलम्बन गरिनेछ।

(५) वौद्धिक सम्पत्तिलाई वातावरण मैत्री प्रविधि हस्तान्तरण, विदेशी लगानी आकर्षण, अनुसन्धान प्रवर्द्धन, प्राविधिक क्षमताको विकास र ज्ञान आर्जनको स्रोतको रूपमा उपयोग गरिनेछ।

(६) उत्पादित वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तर तथा उत्पादकत्व बढाउन अधिकतम मात्रामा वौद्धिक सम्पत्तिको उपयोग हुने खालका नयाँ प्रविधिको विकास तथा ग्रहणलाई प्राथमिकता दिइनेछ।

## ८.२ वौद्धिक सम्पत्तिका सर्जक तथा सामाजिक हितका लागि सन्तुलित प्रणालीको विकास गर्ने उद्देश्य (२) सँग सम्बन्धित नीतिहरू

वौद्धिक सम्पत्तिको संरक्षण तथाप्रवर्द्धन गर्न आवश्यक कानुन एवम् संयन्त्रहरूको व्यवस्था गर्न देहाय बमोजिमको नीति लिइनेछः

**(क) प्रतिलिपि अधिकार नीति**

(१) कला, साहित्य, संस्कृति, परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति, विज्ञान तथा प्रविधिको विकासमा प्रोत्साहन गरी व्यक्ति, समुदाय तथा संस्थाको प्रतिलिपि अधिकारको संरक्षण, रचनात्मकतालाई प्रोत्साहन र विकास गर्ने वातावरणको सिर्जना गर्दै देशको अर्थतन्त्रमा उल्लेखनीय योगदान दिन सक्ने गरी विकास गरिनेछ।

(२) प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकार संरक्षण र प्रवर्द्धन गर्न विधि, पद्धति, संयन्त्र निर्माण एवम् सरोकारवालाहरू बीचको आपसी समन्वय कायम गरी कुशल रचनात्मक समाज विकास गरी प्रतिलिपि अधिकारवालाको सिर्जनात्मक कार्यलाई प्रोत्साहन गर्दै लगिनेछ।

(३) माथि बुँदा नं. (१) र (२) मा उल्लेखित कार्यहरूका लागि अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्र बन्ने, राष्ट्रिय कानुनलाई समयानुकूल परिमार्जन गर्दै लगिनेछ।

(४) सिर्जना माथि स्वचालित संरक्षण (Automation Protection) को व्यवस्था गरिनेछ।

(५) व्यावसायिक प्रस्तुति एवम् सार्वजनिक प्रयोग र प्रसारण आदिबाट रचनाका सर्जक, प्रस्तोता, उत्पादक एवम् अन्य सम्वद्ध पक्षले समन्यायिक लाभ प्राप्त गर्ने प्रणालीको विकास गरिनेछ।

(६) नयाँ प्रविधिको विकाससँगै रचनाको सिर्जना, प्रस्तुति, उत्पादन, प्रसारण, वितरण लगायतका कार्यहरूमा ती प्रविधिको प्रयोग गरी प्रतिलिपि अधिकार धनीहरूलाई सहजतापूर्वक लाभ प्राप्त गर्ने गरी अन्तर्राष्ट्रिय सम्पर्क एवम् उपयुक्त प्रणालीको विकास गरिनेछ।

**(ख) पेटेण्ट नीति**

(७) नवीन, आविष्कारमूलक, व्यवहार उपयोगी सिर्जनाका रूपमा रहने नवीन उपाय वा वस्तुमा निहित अमूर्त सम्पत्तिलाई पेटेण्टको रूपमा स्वीकार गरी सोको व्यावसायिक उपयोगका सम्बन्धमा सीमित अवधिको एकाधिकार प्रदान गर्ने कानुनी व्यवस्था गरिनेछ। उपयोगी नमुना (Utility Model वा Petty Patent) को दर्ता तथा संरक्षणको सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ। तर राष्ट्रिय सुरक्षा वा रोगव्याधिको महामारी वा यस्तै किसिमको राष्ट्रिय सङ्कटको अवधिभर सार्वजनिक हितका लागि राज्यले पेटेण्टको हक नियन्त्रणमा लिन सक्ने व्यवस्था समेत गरिनेछ।

(८) आविष्कारको पेटेण्ट दर्ताका लागि देशका वैज्ञानिक तथा आविष्कारक, औद्योगिक प्रतिष्ठान, अनुसन्धानात्मक कार्यमा संलग्न निकाय वा संस्था, विश्वविद्यालय एवम् निजी अनुसन्धान संस्थाहरूलाई प्रोत्साहित गरिनेछ।

**(ग) औद्योगिक डिजायन नीति**

(९) उत्पादन गरिएका उपकरण वा वस्तुको प्रारुप वा आकारमा निहित मौलिक एवम् नवीन अमूर्त सम्पत्तिलाई औद्योगिक डिजायन (Industrial Design) को रूपमा पहिचान गरी सो को व्यावसायिक उत्पादनको एकाधिकार संरक्षण गर्न विद्यमान कानुनमा समयानुकूल परिमार्जन गरिनेछ।

**(घ) ट्रेडमार्क नीति**

(१०) व्यापार, व्यवसाय एवम् सेवाको क्षेत्रमा प्रस्तुत गरिएका वस्तु वा सेवालाई पृथक जनाउन उपयोग गरिएको व्यापार चिन्हमा निहित अमूर्त सम्पत्तिलाई ट्रेडमार्क (Trade Mark) को रूपमा पहिचान गरी सोको अभ्यास एवम् प्रयोगको एकाधिकार संरक्षण गर्न ट्रेडमार्क सम्बन्धी विद्यमान कानुनमा समयानुकूल परिमार्जन गरिनेछ।

(११) वस्तु वा सेवालाई पृथक जनाउन त्यस्तो वस्तु वा सेवामा उपयोग गरिएका शब्द, चित्र, रङ्ग, आकार, ध्वनी, चलचित्र, व्यावसायिक नारा लगायत साङ्केतिक रूपमा अभिव्यक्त गर्न सकिने चिन्ह वा प्रस्तुतिलाई ट्रेडमार्कको रूपमा अङ्गीकार गरिनेछ।

(१२) वस्तु वा सेवालाई पृथक जनाउन प्रयोग गरिने व्यापार चिन्ह (Trade Mark), सेवा चिन्ह (Service Mark), समूह चिन्ह (Collective Mark), ध्वनी चिन्ह (Sound Mark), रङ्गजनित चिन्ह (Colour Mark), व्यापारिक सङ्केत वा स्वरुप (Trade Dress), प्रमाणीकरण चिन्ह (Certification Mark), ख्यातिप्राप्त चिन्ह (Wel-known Mark) जस्ता चिन्हको संरक्षणको व्यवस्था गरिनेछ।

(१३) ट्रेडमार्कमा निहित ख्यातिको गैरकानुनी लाभ लिई उपभोक्तालाई झुक्यानमा पारी उपयोग गरेको अवस्थामा त्यस्तो ट्रेडमार्क दर्ता नभएको भएपनि ट्रेडमार्क संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता तथा सिद्धान्त बमोजिम पासिङ्ग अफ (Passing Off) लगायतका वौद्धिक सम्पत्ति संरक्षणको प्रभावकारी प्रणालीको अवलम्बन गर्न आवश्यक कानुनको तर्जुमा गरिनेछ।

(१४) ट्रेडमार्क संरक्षणका लागि सो उपयोग गर्ने वस्तु वा सेवालाई आवश्यक तथा प्रभावकारी वर्गीकरणको लागि अन्तर्राष्ट्रिय मान्यतामा आधारित प्रणालीको अवलम्बन गरिनेछ।

**(ङ) भौगोलिक सङ्केत नीति**

(१५) निश्चित भौगोलिक क्षेत्रमा उत्पादन हुने प्राकृतिक वा मानव सिर्जित वस्तुको उत्पतिको जानकारी सहितको सङ्केत दिंदै त्यस्तो वस्तु सम्वद्ध भौगोलिक क्षेत्रको पहिचान सहित पृथकता जनाउनका लागि सो वस्तुमा उपयोग गरिएको नाम वा चिन्हमा निहित अमूर्त सम्पत्तिलाई वौद्धिक सम्पत्तिको रूपमा संरक्षण गर्न भौगोलिक सङ्केत (Geographical Indication) सम्बन्धी कानुनको व्यवस्था गरिनेछ।

(१६) भौगोलिक सङ्केतले प्रदान गर्ने वौद्धिक सम्पत्ति सम्बन्धी अधिकारलाई अहस्तान्तरणीय अधिकारको रूपमा व्यवस्था गरिनेछ।

**(च) वनस्पतिका प्रजाति संरक्षण सम्बन्धी नीति**

(१७) वनस्पतिका नयाँ प्रजातिमा निहित मौलिक एवम् नवीन अमूर्त सम्पत्तिलाई वौद्धिक सम्पत्तिको रूपमा संरक्षण गर्ने आवश्यक कानुनको व्यवस्था गरिनेछ।

(१८) Genetically Modified Organism बाहेकका वनस्पतिका नयाँ प्रजातिलाई वौद्धिक सम्पत्तिको रूपमा पहिचान गर्न आवश्यक प्रणालीको व्यवस्था गरिनेछ। वनस्पतिजन्य प्रजातिको चोरी (Bio-piracy)

नियन्त्रण गर्न, जैविक विविधता र परम्परागत ज्ञानको स्रोतहरूमा पहुँच, सदुपयोग तथा संरक्षण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।

**(छ) व्यापारिक गोप्यता सम्बन्धी नीति**

(१९) व्यापारिक गोप्य सूचनामा आधारित मौलिक अमूर्त सम्पत्तिलाई बौद्धिक सम्पत्तिको रूपमा संरक्षण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।

(२०) व्यापारिक गोप्य सूचनामाथि बौद्धिक सम्पत्ति अधिकार प्राप्त गर्ने स्वचालित संरक्षण (Automatic Protection) प्रणालीको विकास गरिनेछ।

**(ज) एकीकृत सर्किटको लेआउट डिजायन सम्बन्धी नीति**

(२१) एकीकृत सर्किटको लेआउट डिजायनको अधिकारलाई संरक्षण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।

**(झ) परम्परागत तथा मौलिक ज्ञान सम्बन्धी नीति**

(२२) नेपाली समाजमा उपयोगी ठहरिएका परम्परागत ज्ञान (Traditional Knowledge) तथा मौलिक ज्ञान (Indigenous Knowledge) को पहिचान, संरक्षण, विकास तथा उपयोगको लागि अभिलेखीकरण (Inventory) र परम्परागत ज्ञानको विद्युतीय पुस्तकालय (Traditional Knowledge Digital Library) विकास गरिनेछ।

**(ञ) परम्परागत साँस्कृतिक अभिव्यक्ति तथा अमूर्त साँस्कृतिक सम्पदाको बौद्धिक सम्पत्ति सम्वद्ध नीति**

(२३) परम्परागत साँस्कृतिक अभिव्यक्ति (Traditional Cultural Expression) लोक वार्ता (Folklore) समेतका अमूर्त साँस्कृतिक सम्पदालाई बौद्धिक सम्पत्तिको रूपमा संरक्षण गरी मौलिक पहिचानमा दखल नगर्ने गरी प्रयोग गर्ने अधिकार तथा व्यावसायिक प्रयोगमा समन्यायिक लाभ बाडफाँटको दाबीको अधिकार सहितको कार्यविधि तयार गरी आवश्यक व्यवस्था गरिनेछ।

(२४) परम्परागत साँस्कृतिक अभिव्यक्ति तथा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण तथा अभ्यासमा उचित सीमा एवम् संरक्षणको अपवादको व्यवस्था गरी सन्तुलित परम्परागत साँस्कृतिक अभिव्यक्ति तथा अमूर्त साँस्कृतिक सम्पदा संरक्षण प्रणालीको विकास गरिनेछ।

**(ट) जैविक विविधता तथा आनुवंशिक स्रोतको बौद्धिक सम्पत्ति सम्वद्ध पक्ष सम्बन्धी नीति**

(२५) निश्चित भौगोलिक क्षेत्रका जैविक विविधता तथा आनुवंशिक स्रोतमा आधारित भई व्यावसायिक अध्ययन, अनुसन्धान तथा प्रयोगबाट प्राप्त हुने बौद्धिक सम्पत्तिमाथि सम्वद्ध पक्षको अधिकार र व्यावसायिक प्रयोगबाट प्राप्त हुने लाभको समन्यायिक बाडफाँटको व्यवस्था गरिनेछ।

(२६) जैविक विविधता तथा आनुवंशिक स्रोतहरूको अध्ययन, अनुसन्धान तथा प्रयोग गर्नुपरेमा सम्बन्धित निकायको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था गरी त्यस्ता स्रोतको संरक्षण गरिनेछ।

(२७) नेपालका स्थानीय पशुपन्छी र जैविक विविधताको संरक्षण गरी आनुवंशिक स्रोतको पहिचान तथा दिगो उपयोगबाट कृषकहरूलाई आर्थिक लाभका साथै जीविकोपार्जनमा सकारात्मक प्रभाव पार्न आवश्यक प्रणाली विकास गरिनेछ।

(२८) खोज तथा अनुसन्धानको नतिजाबाट प्राप्त नयाँ प्रजातिका कीटाणु, जीवाणु, विषाणु लगायतका जीवको पेटेण्ट अभिलेखीकरण तथा संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ।

**(ठ) बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रवर्द्धन एवम् उपयोग सम्बन्धी अन्य नीतिहरू**

(२९) बौद्धिक सम्पत्तिको अधिकार प्राप्त गर्ने कार्यविधि एवम् पूर्वशर्तहरू निर्धारण गर्दै सबै किसिमका बौद्धिक सम्पत्तिमाथि आर्थिक तथा नैतिक अधिकार प्राप्त गर्ने मान्यतालाई अङ्गीकार गरिनेछ।

(३०) बौद्धिक सम्पत्तिलाई सामाजिक हितको साधनका रूपमा अङ्गीकार गर्दै समन्यायिक व्यवहार तथा अनिवार्य अनुमति सम्बन्धी व्यवस्था गरिनेछ।

(३१)वौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्दा आर्थिक तथा नैतिक अधिकारहरूको सुनिश्चितता गरी स्वामित्व, अभ्यास तथा उपयोगमा संरक्षणको प्रत्याभूति गरिनेछ।

(३२)वौद्धिक सम्पत्ति अधिकारको अनधिकृत उल्लङ्घन उपर नियन्त्रण र उपचारको व्यवस्था गरिनेछ।

(३३)वौद्धिक सम्पत्तिको अधिकार उल्लङ्घन उपर देवानी तथा फौजदारी दायित्वको सिर्जना गर्दै सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिनेछ।

(३४)वौद्धिक सम्पत्तिको धनी वा सोको हकवालाको हकहितको सरल एवम् सुलभ प्रचलन (Enforcement) का लागि वैकल्पिक विवाद समाधानको व्यवस्था गरिनेछ।

(३५)प्रतिलिपि अधिकार, पेटेण्ट, औद्योगिक डिजायन, वनस्पतिका नयाँ प्रजाति संरक्षण, परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति तथा अमूर्त साँस्कृतिक सम्पदा, जैविक विविधता एवम् आनुवंशिक स्रोतहरूको विकासका लागि सम्बन्धित वौद्धिक सम्पत्तिका धनीहरू वा अधिकारवालाहरूको सामुहिक सौदावाजी गर्ने कार्यमा सहयोग पुर्याउन र अलग क्षमता भएका व्यक्तिहरूको सम्बन्धित वौद्धिक सम्पत्ति संरक्षणमा समान प्रत्याभूति गर्नका लागि सबल एवम् सशक्त वौद्धिक सम्पत्ति समाजहरू (Intellectual Property Society, Collective Management Organizations-CMOs, Lawyers Society) स्थापनाका लागि प्रोत्साहित गरिनेछ।

(३६)वौद्धिक सम्पत्तिको संरक्षण तथा अभ्यासमा सीमा एवम् संरक्षणका अपवादको सन्तुलित व्यवस्था स्थापित गर्न आवश्यक प्रणालीको विकास गरिनेछ।

**८.३ समाजको आर्थिक, सामाजिक तथा साँस्कृतिक समुन्नतीका लागि वौद्धिक सम्पत्तिको महत्त्वबारे जनस्तरसम्म चेतना अभिवृद्धि गर्ने उद्देश्य (३) सँग सम्बन्धित नीतिहरू**

(१) वौद्धिक सम्पत्तितर्फ जिज्ञासु र प्रतिभाशाली व्यक्तिहरू सबैलाई आकर्षित गर्न सीप र क्षमता अभिवृद्धिका क्रियाकलापहरू सञ्चालन गरिनेछन्।

(२) वौद्धिक सम्पत्ति विषयलाई माध्यमिक तह तथा विश्वविद्यालय तहका पाठ्यक्रममा समावेश गर्न र व्यावसायिकताको विकासका लागि विशेष प्रयत्न गरिनेछ।

(३) विश्वविद्यालय, शैक्षिक तथा अनुसन्धानमूलक निकायहरूमा आ-आफ्नै वौद्धिक सम्पत्ति सम्बन्धी नीति विकास गरी लागू गर्न प्रोत्साहन गरिनेछ।

(४) अनुसन्धानकर्ता, स्रष्टा, प्रयोगकर्ता, उपभोक्ता सहित सर्वसाधारण जनताबीच वौद्धिक सम्पत्तिका विविध पक्षमा आमसञ्चारका विभिन्न माध्यम (छापा, इलोक्ट्रोनिक, रेडियो, टेलिभिजनसहित) मार्फत चेतना अभिवृद्धि गरिनेछ।

(५) वौद्धिक सम्पत्ति सम्वद्ध सरोकारवालाहरूको लागि विभिन्न किसिमका गोष्ठी, अन्तरक्रिया, तालिम कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

(६) सिर्जनात्मक उद्योगहरूको आवधिक रूपमा राष्ट्रिय लेखामा गणना गरिनेछ।

**८.४ वौद्धिक सम्पत्तिका हरेक विधाहरूको व्यावसायीकरणका लागि प्रोत्साहित गर्ने उद्देश्य (४) सँग सम्बन्धित नीतिहरू**

(१) वौद्धिक सम्पत्तिको पहिचान र प्राथमिकता निर्धारण गरी त्यस्ता वौद्धिक सम्पत्ति सिर्जना र प्रवर्द्धन का लागि आवश्यक पूर्वाधार विकास गरिनेछ।

(२) अनुसन्धनात्मक तथा सिर्जनात्मक क्रियाकलाप सञ्चालनका लागि साधन स्रोतहरूमा पहुँच वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

(३) वौद्धिक सम्पत्तिको अभिलेखीकरण र व्यवस्थापनलाई आधुनिकीकरण गरिनेछ।

(४) वौद्धिक सम्पत्तिको उपयोग सम्बन्धमा उत्पादन क्षेत्र, अनुसन्धान गर्ने निकाय र विश्वविद्यालय लगायतका क्षेत्रको अन्तर सम्बन्धलाई गहन र सुदृढ पारिनेछ।

(५) सुरक्षण, विनिमय र क्षतिपूर्ति समेतमा सहयोग गर्न वौद्धिक सम्पत्तिको मूल्याङ्कन एवम् उपयोग गर्ने कार्यको थालनी गरिनेछ।

(६) वौद्धिक सम्पत्तिको उपयोगमा स्रष्टा र उपयोगकर्ताको अधिकार र कर्तव्यका बिचमा सन्तुलन कायम गर्दै साधारण उपभोक्ताको हित अनुरूप हुने गरी परिचालन गर्न उपभोक्ता, उत्पादक र व्यापारिक जगतबीच अन्तरसम्बन्ध र पारस्परिक सहयोगलाई थप सुदृढ गरिनेछ।

**८.५ वौद्धिक सम्पत्तिको संरक्षण तथा अधिकार प्रचलन (Enforcement) का लागि सशक्त कानुनी, संस्थागत तथा मानव स्रोतको विकास गर्ने उद्देश्य (५) सँग सम्बन्धित नीतिहरू**

(१) नेपालको संविधानको धारा २५ मा सम्पत्तिको हक अर्न्तगत वौद्धिक सम्पत्तिलाई मौलिक हकको रूपमा व्यवस्था गरेको हुँदा सो बमोजिम कानुनी व्यवस्था गरी संरक्षण प्रदान गरिनेछ।

(२) वौद्धिक सम्पत्तिको प्रभावकारी संरक्षणका लागि क्षतिपूर्ति सहितको प्रभावकारी देवानी एवम् फौजदारी उपचारको व्यवस्था गरिनेछ।

३) वौद्धिक सम्पत्ति संरक्षणका क्षेत्रमा अन्तर्राष्ट्रियरूपमा आपसी सहयोग आदानप्रदान गर्न बहुपक्षीय तथा द्विपक्षीय वौद्धिक सम्पत्ति संरक्षण सम्झौता गरिनेछ।

(४) वौद्धिक सम्पत्तिको प्रभावकारी संरक्षणको प्रत्याभूतिका लागि अन्तर्राष्ट्रिय सम्झौता, सन्धि तथा महासन्धिको पक्षराष्ट्र भई तदनुरुप नीतिगत एवम् कानुनी व्यवस्था गरिनेछ।

(५) नेपाल पक्ष भएका वौद्धिक सम्पत्ति सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी सम्झौताबाट सिर्जना भएका दायित्वहरू परिपालना गर्न प्राथमिकता दिइनेछ।

(६) वौद्धिक सम्पत्ति अधिकारका सबै विधाहरूलाई संरक्षण, प्रवर्द्धन, नियमन तथा व्यवस्थापनका लागि एकीकृत कार्यालय स्थापना गरिनेछ।

(७) वौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी न्याय निरुपण कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाइनेछ।

(८) वौद्धिक सम्पत्तिको अधिकार व्यवस्थापनका लागि वौद्धिक सम्पत्ति प्रशासनलाई समय सापेक्ष सुलभ, सबल एवम् प्रभावकारी बनाइनेछ।

(९) वौद्धिक सम्पत्ति सम्बन्धी विधाको विकासमा सहयोग पुर्‍याउन जनशक्तिको विकासमा जोड दिइनेछ। वौद्धिक सम्पत्ति विधामा विशेषज्ञता हासिल गरेका र तालिम प्राप्त जनशक्तिलाई यस क्षेत्रमा उपयोग गरिनेछ।

(१०) वौद्धिक सम्पत्ति सम्वद्ध स्रष्टाहरूको क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरको सङ्घसंस्थामा सहभागी हुन नेपाली स्रष्टाहरू सम्वद्ध सङ्घ संस्थाहरूलाई प्रोत्साहन गरिनेछ।

(११) वौद्धिक सम्पत्तिको क्षेत्रमा क्षेत्रीय एवम् अन्तर्राष्ट्रियस्तरमा भएको विकासमा नेपालको सहभागिता बढाउँदै यसबाट अत्यधिक लाभ हासिल गर्ने प्रयत्न गरिनेछ।

(१२) वौद्धिक सम्पत्तिको क्षेत्रमा दक्षिण एसियाली मुलुकहरू र क्षेत्रीयस्तरमा भएको विकासमा नेपालले सहभागिता जनाउदै संरक्षणका लागि क्षेत्रीयस्तरमा समन्वयको प्रयासको थालनी गरिनेछ।

## ९. कार्यनीतिहरू

स्वच्छ तथा प्रतिस्पर्धात्मक वातावरणमा वौद्धिक सम्पत्तिको विकास गरी माथिका उद्देश्य तथा नीतिहरू पूरा गर्न देहायका कार्यनीतिहरू अबलम्वन गरिनेछन्:

### ९.१ वौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रवर्द्धन तथा विकासलाई प्रोत्साहित गर्ने उद्देश्य (१) का नीतिहरूसँग सम्बन्धित कार्यनीतिहरू

(१) वौद्धिक सम्पत्तिको अवधारणा र उपयोगितालाई अङ्गीकार गरी वौद्धिक सम्पत्ति अधिकार संरक्षण गर्ने रणनीति तयार गरिनेछ।

(२) वौद्धिक सम्पत्तिको संरक्षण प्रणालीको विकास गर्न व्यापार सम्वद्ध वौद्धिक सम्पत्ति अधिकार सम्झौता (Agreement on Trade Related Aspects of Intellectual Property Rights - TRIPs) र वौद्धिक सम्पत्ति अधिकारको गैर व्यापार सम्वद्ध क्षेत्र (Non-trade Related Aspects of Intellectual Property Rights) को पालना र संरक्षणको लागि उचित कानुनी प्रबन्ध गरिनेछ।

(३) वौद्धिक सम्पत्ति संरक्षणका लागि मौलिक किसिमको (Sui Generis) पद्धतिमा आधारित कानुनी व्यवस्था र कार्य प्रक्रियासमेत अवलम्बन गरिनेछ।

(४) सिर्जनात्मक उद्योगको अवधारणामा संस्कृतिमा आधारित उद्योगको पहिचान, प्रवर्द्धन र विकासमा प्रोत्साहित गरिनेछ।

(५) फरक किसिमको क्षमता भएका, महिला, दलित, पिछडिएको वर्गको निम्ति वौद्धिक सम्पत्ति र संरक्षण सम्बन्धमा निःशुल्क रूपमा कानुनी तथा प्राविधिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

(६) वनपैदावार र कृषिमा आधारित वस्तुहरू हस्तकला एवम् खाद्य तथा पेयवस्तुहरू उत्पादन गर्ने व्यवसायलाई समूह चिन्ह वा भौगोलिक सङ्केतको प्रयोगबाट पहिचान निर्माण गरी बजारको पहुँच र मूल्य अभिवृद्धि गर्न सहयोग गरिनेछ।

(७) बेग्लै खालका शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरूको लागि सङ्गीत, गायन, हस्तकला जस्ता विषयहरूमा तालिम दिई प्रतिभालाई प्रस्फुरण गराई वौद्धिक सम्पत्तिको धनीको रूपमा स्थापित गर्दै रोजगारीका अवसरहरूमा वृद्धि गरिनेछ।

(८) विभिन्न समुदायमा परम्परादेखि प्रचलनमा रहेका लोक संस्कृतिलाई ग्रामीण पर्यटनसँग आवद्ध गरी ग्रामीण क्षेत्रका बासिन्दाहरूको आयआर्जनमा थप सहयोग पुर्याइनेछ।

(९) प्रविधि हस्तान्तरण सेवा उपलब्ध गराउने सरकारी तथा गैरसरकारी संस्थाको क्षमता वृद्धिमा सहयोग पुर्‍याइनेछ।

(१०) वातावरणीय समस्यालाई सम्बोधन गर्ने नयाँ प्रविधिको विकास र आयातमा सहुलियत प्रदान गरिनेछ।

(११) वातावरण संरक्षण गर्नुपर्दा, जीवनोपयोगी औषधी (Life Saving Medicine) र सार्वजनिक सरोकारका अत्यावश्यक वस्तु उत्पादन गर्दा, गैर प्रतिस्पर्धात्मक क्रियाकलाप हटाउनुपर्दा सम्बन्धित धनी आफैले सञ्चालन नगरेको वा स्वीकृति नदिएको अवस्थामा व्यापारिक उद्देश्यरहित ढङ्गले नेपालमै उत्पादन गराउन वा देशमा खपतको लागि विदेशबाट उपलब्ध गराउन मात्र अनिवार्य लाइसेन्सिङ्ग (Compulsory Licensing) को पद्धति अपनाइनेछ।

(१२) वौद्धिक सम्पत्ति कार्यालयले वौद्धिक सम्पत्ति उपयोगकर्ता र स्रष्टाहरूका बीच सम्पर्क गराउने सेवा प्रदान गर्नेछ।

## १.२ वौद्धिक सम्पत्तिका सर्जक तथा सामाजिक हितका लागि सन्तुलित प्रणालीको विकास गर्ने उद्देश्य (२) का नीतिहरूसँग सम्बन्धित कार्यनीतिहरू

(१) वौद्धिक सम्पत्तिको संरक्षणका लागि यसका विविध विधाहरू बीचको अर्न्तसम्बन्धलाई निम्न बमोजिम अङ्गीकार गरिनेछः

(क) पेटेण्ट संरक्षणको आधारभूत कागजात पेटेण्ट स्पेसीफिकेशन र सोमा प्रस्तुत गरिएको Drawing उपर प्रतिलिपि अधिकार संरक्षण नहुने,

(ख) प्रतिलिपि अधिकार प्राप्त कलात्मक रचनालाई औद्योगिक डिजायनको लागि उपयोग गर्न प्रतिलिपि अधिकार धनीबाट अनुमति प्राप्त गरी दर्ता गरिएको औद्योगिक डिजायनको छुट्टै स्वतन्त्र संरक्षण भएकोमा त्यस्तो कलात्मक रचनामाथि प्रतिलिपि अधिकार संरक्षणमा प्रतिकुल असर नपर्ने,

(ग) प्रतिलिपि अधिकार प्राप्त कलात्मक रचना ट्रेडमार्कको रूपमा उपयोग गर्न अनुमति दिएपछि त्यस्तो ट्रेडमार्कको रूपमा उपयोग गरिएको कलात्मक रचनाको हकमा यस्ता रचनाको रचयिताले प्रतिलिपि अधिकार दाबी गर्न नपाउने। तर ट्रेडमार्कको रूपमा उपयोग गरिएको कलात्मक रचनाको प्रतिलिपि अधिकार उल्लङ्घनको उपचार दाबी गर्ने स्वतन्त्र अधिकारलाई यसले कुनै असर नपर्ने,

(घ) आविष्कार गरिएका उपकरणको गैरआधारभूत प्रारूप (Non-functional Shape) माथि प्रतिलिपि अधिकार प्राप्त हुने,

(ङ) कुनै वस्तुमा पेटेण्ट प्राप्त भएमा त्यस्ता पेटेण्ट (Product Patent) प्राप्त वस्तुको आधारभूत प्रारुप (Functional Shape) माथि औद्योगिक डिजायनको संरक्षण प्राप्त नहुने,

(च) बजारमा ख्यातिप्राप्त औद्योगिक डिजायनको अधिकारवालाले आफ्नो उत्पादनको पहिचानको रूपमा प्रस्तुत गर्न सफल भएको अवस्थामा त्यस्तो डिजायनलाई ट्रेडमार्कमा दर्ता गर्न सकिने,

(छ) ट्रेडमार्कको रूपमा उपयोगमा ल्याएको दर्ता नगरिएको वा ट्रेडमार्कमा दर्ता गरिएको कलात्मक रचना चिन्हमाथि प्रतिलिपि अधिकार संरक्षण प्राप्त गर्न सक्ने,

(ज) ट्रेडमार्कमा दर्ता भएको चिन्ह भौगोलिक सङ्केतका रूपमा संरक्षण नहुने र भौगोलिक सङ्केतमा दर्ता भएको वा भौगोलिक उत्पत्तिको सङ्केत गर्ने चिन्ह ट्रेडमार्कको रूपमा संरक्षण प्राप्त नहुने,

(झ) प्रमाणीकरण चिन्ह (Certification Mark) को रूपमा दर्ता गरिएको चिन्ह भौगोलिक सङ्केतका रूपमा संरक्षण नहुने,

(ञ) प्रलिलिपि अधिकार संरक्षणयोग्य रचना व्यापारिक गोप्यताको विषयवस्तुका रूपमा उपयोग गरेको अवस्थामा सो उपर प्रतिलिपि अधिकार संरक्षण प्राप्त हुने,

(ट) व्यापारिक गोप्यताको रूपमा रहेको कुनै गोप्य सूचना व्यावसायिक उपयोग गरिसकेको अवस्थामा सो उपर स्वतन्त्र रूपमा खोज अनुसन्धान गरी अर्को व्यक्तिले अध्ययन अनुसन्धान गर्न र सो बाट थप आविष्कार गरी पेटेण्ट दाबी गर्न पाइने,

(ठ) व्यापारिक गोप्यताको रूपमा रहेको कुनै गोप्य सूचना व्यावसायिक उपयोग गरिसकेको अवस्थामा सो उपर पेटेण्ट दाबी गरी पेटेण्ट दर्ता गर्न पाइने,

(ड) एकीकृत सर्किटको लेआउट डिजाइन संरक्षणले एकीकृत सर्किटमाथि पेटेण्ट दाबी गर्न कुनै वाधा नपुग्ने,

(ढ) परम्परागत साँस्कृतिक एवम् लो कसांस्कृतिक प्रस्तुति, सामुहिक अभिव्यक्ति तथा अमूर्त साँस्कृतिक सम्पदामा प्रतिलिपि अधिकार वा ट्रेडमार्क वा औद्योगिक डिजायनका रूपमा उपयोग गरिएको अवस्थामा सोको पहिचानको संरक्षण तथा लाभ दाबी गर्न पाउने,

(ण) परम्परादेखि प्रचलनमा रहेको प्राविधिक विधि वा उपकरणमा आधारित अनुसन्धानबाट प्राप्त आविष्कारमाथि पेटेण्ट दाबी गर्दा सो अनुसन्धानको आधारका रूपमा उपयोग गरिएको परम्परागत ज्ञानको सन्दर्भ प्रस्तुत गर्नुपर्ने र सो को पेटेण्टबाट प्राप्त लाभको बाडफाँट गरी लिन पाउने अधिकारको दाबी गर्न पाउने,

(त) जैविक विविधता तथा सोमा निहित आनुवंशिक स्रोतमा आधारित अनुसन्धानबाट प्राप्त आविष्कारमाथि पेटेण्ट वा वनस्पतिको नयाँ प्रजातिका रूपमा बौद्धिक सम्पत्ति दाबी गर्दा सो अनुसन्धानको आधारका रूपमा उपयोग गरिएको जैविक विविधता तथा सोमा निहित आनुवंशिक स्रोतको सन्दर्भ प्रस्तुत गर्नुपर्ने र त्यस्तो पेटेण्ट वा वनस्पतिको नयाँ प्रजातिको बौद्धिक सम्पत्तिको लाभ बाडफाँट गरी लिन पाउने अधिकारको दाबी गर्न पाउने,

(२) कुनै संस्थामा कार्यरत कर्मचारीबाट भएका आविष्कार एवम् सिर्जनामा बौद्धिक सम्पत्तिको हक प्रदान गर्दा सम्बन्धित कर्मचारीसमेत लाभमा सहभागी हुने गरी सम्झौता गर्न प्रोत्साहित गरिनेछ।

(३) रोयल्टी सङ्कलनसँग सम्बन्धित समाजलाई समया नुकूल विकास गर्न त्यस्तो समाजलाई आवश्यक सहयोग गरिनेछ। समाजद्वारा सङ्कलन भएको रोयाल्टीमध्ये केही अंश संरक्षण कार्यमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ।

**९.३ समाजको आर्थिक, सामाजिक तथा साँस्कृतिक समुन्नतिका लागि बौद्धिक सम्पत्तिको महत्त्वबारे जनस्तरमा चेतना अभिवृद्धि गर्ने उद्देश्य (३) का नीतिहरूसँग सम्बन्धित कार्यनीतिहरू**

(१) बौद्धिक सम्पत्तिको सिर्जना, उपयोग रप्रवर्द्धनका लागि विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालय, अनुसन्धान निकाय र साँस्कृतिक संस्थाहरूबीचको समन्वयलाई प्रोत्साहन गरिनेछ।

(२) बौद्धिक सम्पत्ति संरक्षणसँग सम्वद्ध र सो क्षेत्रमा सक्रिय सङ्घसंस्थाहरूसँग आवश्यक समन्वय गरी बौद्धिक सम्पत्तिको विषयवस्तुमा जनचेतनाका लागि आवश्यक तालिम, कार्यशाला, गोष्ठी, क्षमता अभिवृद्धि कार्यक्रम तथा अध्ययन अध्यापनको कार्यक्रम गरिनेछ।

(३) विश्व बौद्धिक सम्पत्ति सङ्गठन, विश्व व्यापार सङ्गठन लगायत अन्य अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनसँग सहकार्य तथा समन्वय गरी बौद्धिक सम्पत्तिको अध्ययन, अनुसन्धान तथा तालिमका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

(४) बौद्धिक सम्पत्तिको विषयलाई विभिन्न विधाका पाठ्यक्रममा समावेश गरी अध्ययन अध्यापनलाई प्रोत्साहित गरिनेछ।

(५) बौद्धिक सम्पत्तिको विषयमा आमसञ्चारका माध्यमबाट चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**९.४ बौद्धिक सम्पत्तिका विधाहरूको व्यावसायीकरणका लागि प्रोत्साहित गर्ने उद्देश्य (४) का नीतिहरूसँग सम्बन्धित कार्यनीतिहरू**

(१) बौद्धिक सम्पत्ति सम्बन्धमा सूचना सेवा सञ्चालन गरिनेछ र बौद्धिक सम्पत्तिको दर्ता तथा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गरी आवेदन लिने र सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

(२) बौद्धिक सम्पत्तिको जानकारी (Search) सेवा बौद्धिक सम्पत्ति कार्यालयबाट उपलब्ध गराइनेछ र दर्ताको प्रक्रियालाई सहजीकरण गरिनेछ।

(३) वौद्धिक सम्पत्ति अधिकारको उल्लङ्घन गर्नेबाट क्षतिपूर्ति असुल गर्न वौद्धिक सम्पत्तिको मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ।

(४) सरकारी तथा निजी क्षेत्रको सहभागितामा वौद्धिक सम्पत्तिप्रवर्द्धन कोषको स्थापना र सञ्चालन गरिनेछ।

(५) नेपालका विद्यालय तथा विश्वविद्यालयहरूलाई प्रतिलिपि अधिकार, पेटेण्ट वा उपयोगी नमूना, औद्योगिक डिजायन जस्ता वौद्धिक सम्पत्ति दर्ता गर्न प्रोत्साहन गरिनेछ।

(६) स्थानीय स्रोत साधनमा आधारित कच्चा पदार्थबाट निर्मित वस्तुहरूका लागि स्वदेश वा विदेशमा समूह चिन्ह र भौगोलिक सङ्केत दर्ता गराउँदा लागेको दर्ता शुल्क नेपाल सरकारले बहन गर्ने व्यवस्था गरिनेछ।

(७) नयाँ प्रविधि सिर्जना गर्न उद्योग व्यवसायले अनुसन्धान तथा विकास (Research and Development) कार्य गरी वौद्धिक सम्पत्ति सिर्जना गरेमा सोमा लागेको खर्चलाई करयोग्य आय रकमबाट कट्टा गर्न पाउने व्यवस्था मिलाइनेछ।

(८) वौद्धिक सम्पत्तिको विकास र प्रयोग गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

(९) वौद्धिक सम्पत्तिको सिर्जनामा विश्वविद्यालय, वौद्धिक सम्पत्ति कार्यालय र औद्योगिक प्रतिष्ठानहरू बीच सहकार्य गरिनेछ।

(१०) बैंक तथा वित्तीय संस्थाहरूले वौद्धिक सम्पत्तिलाई धितोको रूपमा स्वीकार गर्नसक्ने व्यवस्था मिलाइनेछ।

(११) उपभोक्ताहरूको हकहित संरक्षणका लागि औषधिको समानान्तर आयात सम्बन्धी (Parallel Importation) कानुनी व्यवस्था गरिनेछ।

### ९.५ वौद्धिक सम्पत्तिको संरक्षण तथा अधिकार प्रचलनका लागि कानुनी, संस्थागत तथा मानव स्रोतको विकास गर्ने उद्देश्य (५) का नीतिहरूसँग सम्बन्धित कार्यनीतिहरू

(१) वौद्धिक सम्पत्ति सम्बन्धी मुद्दालाई छिटो छरितो सुनुवाई र किनाराको व्यवस्था गरिनेछ। वौद्धिक सम्पत्ति सम्बन्धी देवानी प्रकृतिका विवादहरूलाई मध्यस्थकर्ता, वार्ता तथा मेलमिलापको माध्यमबाट किनारा लगाउने पद्धति अवलम्बन गरिनेछ। नियतवश, गम्भीर प्रकृतिका एवम् पटक पटक वौद्धिक सम्पत्ति अधिकार उल्लङ्घन गर्नेलाई फौजदारी दायित्व अन्तर्गत कारवाहीको व्यवस्था गरिनेछ।

(२) अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न वौद्धिक सम्पत्ति अधिकार सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गरिनेछ।

(३) वौद्धिक सम्पत्ति प्रशासनको प्रभावकारी संरक्षण र व्यवस्थापनका लागि एकीकृत वौद्धिक सम्पत्ति कार्यालयको स्थापना गरिनेछ।

(४) वौद्धिक सम्पत्तिको संरक्षणमा आधुनिक प्रविधिको उपयोग गरी आवेदन दर्ता एवम् अन्य वौद्धिक सम्पत्ति प्रशासनको व्यवस्था गरिनेछ।

(५) वौद्धिक सम्पत्ति कार्यालयमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि, विकास, तालिम, डाटावेसको प्रयोग र वौद्धिक सम्पत्ति प्रशासनका क्षेत्रमा आपसी समन्वय तथा सहकार्य गर्नका लागि वौद्धिक सम्पत्तिसँग सम्वद्ध अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग सम्बन्ध विस्तार गरिनेछ।

(६) वौद्धिक सम्पत्ति अधिकार कार्यान्वयन (Enforcement) लाई प्रभावकारी बनाउन वौद्धिक सम्पत्ति सम्बन्धी कानुनको प्रयोगमा सम्वद्ध निकायका बीचमा सम्पर्क र समन्वय कायम गरिनेछ। गैरकानुनी रूपमा आयातित सामान भन्सार विन्दुमा रोकी उचित छानबिन गर्नको लागि भन्सार कार्यालयको भूमिका सशक्त तुल्याइनेछ।

(७) वौद्धिक सम्पत्ति सम्वद्ध विषयवस्तुमा आवश्यक परामर्श तथा सहयोगका लागि द्विपक्षीय तथा अन्तरदेशीय सहयोग तथा समन्वयको व्यवस्था गरिनेछ।

(८) वौद्धिक सम्पत्ति सम्वद्ध अन्तर्राष्ट्रिय सङ्घसंस्थामा सहभागिता जनाउँदै राष्ट्रिय हित अनुकुल हुने गरी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष बन्दै जाने कार्यनीति लिइनेछ।

(९) वौद्धिक सम्पत्ति विकासका लागि आवश्यकतानुसार सार्वजनिक निजी साझेदारी (Public-Private Partnership) कार्यक्रमको विकास गरिनेछ।

(१०) वौद्धिक सम्पत्तिको संरक्षणको क्षेत्रमा क्षमता विकासका लागि विश्व व्यापार सङ्गठन र विश्व वौद्धिक सम्पत्ति सङ्गठन लगायतका अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूबाट सहायता परिचालन र नेपालको वौद्धिक सम्पत्ति संरक्षणलाई उपयोगी हुने प्रविधि हस्तान्तरणका प्रयत्नहरू गरिनेछ।

## १०. संस्थागत संरचना

प्रस्तुत नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहायबमोजिमको संस्थागत संरचनाको विकास गरिनेछः

### (क) राष्ट्रिय वौद्धिक सम्पत्ति परिषद्

वौद्धिक सम्पत्ति सम्बन्धी नीतिगत सुधार र संस्थागत समन्वयको लागि देहाय बमोजिम एक राष्ट्रिय वौद्धिक सम्पत्ति परिषद् रहनेछः

| | | |
|---|---|---|
| १. | मन्त्री, उद्योग मन्त्रालय | अध्यक्ष |
| २. | सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग हेर्ने) | सदस्य |
| ३. | उपकुलपति, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | सदस्य |
| ४. | उपकुलपति, नेपाल प्रज्ञा प्रतिष्ठान | सदस्य |
| ५. | उपकुलपति, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | सदस्य |
| ६. | उपकुलपति, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | सदस्य |
| ७. | मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| ८. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ९. | सचिव, उद्योग मन्त्रालय | सदस्य |
| १०. | सचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| ११. | सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| १२. | सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| १३. | सचिव, पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| १४. | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| १५. | सचिव, वाणिज्य मन्त्रालय | सदस्य |
| १६. | सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| १७. | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| १८. | सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| १९. | सचिव, स्वास्थ्य मन्त्रालय | सदस्य |
| २०. | वौद्धिक सम्पत्ति विज्ञहरू मध्येबाट एक जना | सदस्य |
| २१. | वौद्धिक सम्पत्ति संरक्षण सम्वद्ध संस्थाका प्रतिनिधि मध्येबाट एक जना | सदस्य |
| २२. | अध्यक्ष, वौद्धिक सम्पत्तिसम्बन्धी पेसागत सङ्गठन | सदस्य |
| २३. | प्रमुख, वौद्धिक सम्पत्ति कार्यालय | सदस्य सचिव |

परिषद्को बैठकमा नेपाल उद्योग वाणिज्य महासङ्घ, विश्वविद्यालय, अनुसन्धानमूलक निकाय, नेपाल प्रहरी, भन्सार विभाग र अन्य निकायका प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ। यस परिषद्को कार्यविधि परिषद्ले निर्णय गरे बमोजिम हुनेछ।

वौद्धिक सम्पत्ति सम्बन्धी कार्यकारी निर्णय गर्नका लागि परिषद्ले वौद्धिक सम्पत्ति कार्यकारी समिति गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ।

### (ख) वौद्धिक सम्पत्ति कार्यालय

वौद्धिक सम्पत्ति सम्बन्धी प्रवर्द्धन, अभिलेखीकरण, संरक्षण र अन्य आवश्यक कार्यका लागि नेपाल सरकार, उद्योग मन्त्रालय अन्तर्गत एक एकिकृत वौद्धिक सम्पत्ति कार्यालय रहनेछ। सो कार्यालयले औद्योगिक सम्पत्तिको दर्ता र प्रशासन, प्रतिलिपि अधिकार तथा सम्वद्ध अधिकारको संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्य गर्नेछ। कार्यालयलाई वौद्धिक सम्पत्ति सम्वद्ध विवाद समाधानको लागि सहजकर्ताको भूमिकासमेत प्रदान गरिनेछ। यस कार्यालयलाई वौद्धिक सम्पत्तिको हक बेहकको प्रश्न निरुपण गर्ने बाहेकको वौद्धिक सम्पत्ति प्रशासन सम्वद्ध अर्धन्यायिक अधिकार प्रदान गरिनेछ।

वौद्धिक सम्पत्ति कार्यालयलाई आवश्यकता अनुरूप अत्याधुनिक र स्रोतसाधन सम्पन्न बनाइनेछ र यसको निमित्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूबाट समेत वित्तीय स्रोत परिचालन गर्न सकिनेछ।

### (ग) वौद्धिक सम्पत्ति न्यायाधीकरण एवम् वौद्धिक सम्पत्ति इजलास

वौद्धिक सम्पत्ति सम्वद्ध विवादको प्रभावकारी समाधान गर्नका लागि आवश्यकता अनुसार वौद्धिक सम्पत्ति सम्बन्धी न्यायाधीकरणको स्थापना गरिनेछ। त्यस्तो न्यायाधीकरण स्थापना नभएसम्मका लागि उच्च अदालतमा वौद्धिक सम्पत्ति इजलासको व्यवस्था गरिनेछ।

### (घ) जनशक्ति विकास

वौद्धिक सम्पत्तिसँग सम्वद्ध जनशक्ति विकासका लागि सरकारी र निजी क्षेत्रमा आवश्यक संस्थागत व्यवस्था गरिनेछ।

## ११. आर्थिक व्यवस्था

(१) वौद्धिक सम्पत्ति प्रवर्द्धनका लागि वौद्धिक सम्पत्तिप्रवर्द्धन कोषको व्यवस्था गरिनेछ। सो कोषमा देहाय अनुसारको रकम रहनेछन:

(क) नेपाल सरकारको अनुदान,

(ख) वौद्धिक सम्पत्तिको आवेदन र दर्ता दस्तुर बाहेक विभिन्न सेवा शुल्क वापत उठेको रकम,

(ग) स्वदेशी तथा विदेशी दातृ निकायबाट प्राप्त रकम र

(घ) अन्य विविध स्रोतबाट उठेको रकम

(२) कोषको सञ्चालन नेपाल सरकारद्वारा स्वीकृत नियमावली बमोजिम हुनेछ।

(३) कोषको रकम जनचेतना अभिवृद्धि, तालिम सञ्चालन, भौतिक सामग्रीको आपूर्ति जस्ता वौद्धिक सम्पत्ति प्रवर्द्धन र विकासका काममा खर्च गरिनेछ।

## १२. कानुनी व्यवस्था

(१) यो नीति कार्यान्वयन गर्न औद्यागिक सम्पत्ति र प्रतिलिपि अधिकार तथा अन्य वौद्धिक सम्पत्ति सम्बन्धी कानुनहरू तर्जुमा एवम् परिमार्जन गरिनेछ र आवश्यकतानुसार वौद्धिक सम्पत्तिका थप विधाहरूमा कानुन निर्माण गर्दै लगिनेछ।

(२) वौद्धिक सम्पत्ति सम्बन्धी कानुनहरू तर्जुमा गर्दा विश्व व्यापार सङ्गठनको व्यापार सम्वद्ध वौद्धिक सम्पत्ति सम्झौता अन्तर्गत अतिकम विकसित मुलुकलाई प्राप्त छुट, सहुलियत र सुविधाको प्रभावकारी उपयोग गर्ने नीति लिइनेछ।

## १३. नीति कार्यान्वयनको समयावधि

प्रस्तुत नीतिको कार्यान्वयनका लागि बौद्धिक सम्पत्ति कार्यकारी समितिले विस्तृत कार्ययोजना बनाई दुई वर्षभित्र आवश्यक कानुनी व्यवस्था गरी लागू गरिनेछ।

## १४. अनुगमन तथा मूल्याङ्कन

बौद्धिक सम्पत्ति कार्यालय र सम्बद्ध मन्त्रालयहरूले संयुक्त रूपमा नीति कार्यान्वयनको स्थितिको वार्षिक मूल्याङ्कन गर्नेछन्।

## १५. नीतिको पुनरावलोकन र परिमार्जन

नीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयता बारे प्रत्येक पाँच वर्षमा मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ। बौद्धिक सम्पत्तिसँग सम्बद्ध अन्य नीति तथा कानुनहरू समेत आवश्यकता अनुसार पुनरावलोकन र परिमार्जन गरिनेछ।

# राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६

## १. पृष्ठभूमि

नेपालमा खाद्य स्वच्छता एवम् गुणस्तर नियमन सम्बन्धी व्यवस्थाको संस्थागत प्रारम्भ २०१८ सालमा खाद्य विभागको स्थापनासँगै भएको देखिन्छ । २०२३ सालमा खाद्य ऐन र २०२७ सालमा खाद्य नियमावली तर्जुमा भई लागु भएपश्चात् कानुनी रूपमा खाद्य स्वच्छता तथा गुणस्तर नियमन कार्यको थालनी भएको पाईन्छ । खाद्य कानुन जारी हुँदा पहिले काठमाडौं उपत्यकाका केही स्थानबाट खाद्य स्वच्छता एवम् गुणस्तरको नियमन कार्य सुरु भई २०५७ साल आषाढ २६ देखि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका रूपमा देशका ७५ वटै जिल्लामा खाद्य ऐन-नियमावली अनुसार खाद्य स्वच्छता तथा गुणस्तर नियमन सम्बन्धी विविध क्रियाकलापहरू सञ्चालन गर्दै उपभोक्ताहरूको हक, हितको संरक्षण गर्ने कार्य हुँदै आएको छ ।

प्रारम्भमा खाद्य कानुन खाद्य मिसावट नियन्त्रण गर्ने, दूषित खाद्य पदार्थको उत्पादन, बिक्री वितरणमा नियन्त्रण र प्रतिबन्ध लगाउने जस्ता विषयहरूमा परिलक्षित भएको देखिन्छ । खाद्य कानुनको कार्यान्वयनका चरणहरू सुरु भएपछि हालसम्म खाद्यपदार्थ उत्पादन, बिक्री वितरण र उपभोगमा आएका स्वच्छता तथा गुणस्तरका जोखिम र चुनौतीहरूलाई सम्बोधन गर्ने प्रयास भई आएको पाईन्छ । खाद्य स्वच्छता तथा गुणस्तर नियमन क्षेत्रको संस्थागत र जनशक्तिगत क्षमता पनि समयानुकूल विकसित र विस्तारित हुन नसक्दा बजारमा अस्वच्छ, दूषित, मिसावटयुक्त खाद्य पदार्थ बिक्री वितरण भइरहेको गुनासो व्याप्त छ ।

विश्व व्यापार सङ्गठन (World Trade Organization) मा प्रवेश गरी सकेपछि स्वच्छता एवम् बिरुवा स्वस्थता सम्बन्धी सम्झौता (Sanitary and Phytosanitary-SPS Agreement), व्यापारको प्राविधिक रोकावट सम्बन्धी सम्झौता (Technical Barriers to Trade -TBT Agreement) लगायतका सम्झौता अनुसार खाद्यपदार्थको व्यापारमा अवलम्बन गर्नुपर्ने खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी प्रावधानहरूका कारण परम्परागत रूपले गर्दै आएको खाद्य व्यापारमा विभिन्न समस्याहरू देखिँदै आएका छन् । यसै सन्दर्भमा खाद्य वस्तुमा जीवनाशक विषादीको अवशेष, पशुपन्छीका औषधीको अवशेष, वातावरणीय दूषित तत्वहरूको प्रवेश, ढुसीजन्य विष तथा हानिकारक जीवाणुबाट हुने असरलाई न्यूनीकरण गर्न उचित नियमन गर्नैपर्ने हुँदा चुनौतीहरू बढ्दै गएका छन् ।

नेपालको संविधानको धारा ३६ को उपधारा (१) ले खाद्य सम्बन्धी हकलाई मौलिक हकका रूपमा अङ्गीकार गरेको छ । धारा ४४ को उपधारा (१) मा "प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने हक हुनेछ" भन्ने व्यवस्था रहेको तथा सोही धाराको उपधारा (२) मा "गुणस्तरहीन वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ" भन्ने व्यवस्था रहेको छ । यी मौलिक हकहरूको कार्यान्वयनका लागि उपभोक्ताहरूलाई स्तरयुक्त खाद्य वस्तुको उपलब्धता सुनिश्चित गर्न आवश्यक भएको र राज्यको नीति कार्यान्वयन गर्ने सुनिश्चितताका लागि नेपाल सरकारका तीनै तहमा खाद्य स्वच्छता तथा गुणस्तर नियमन कार्य गर्नु आवश्यक छ ।

गुणस्तरहीन खाद्यको उपभोगबाट प्रत्यक्ष रूपमा मानव स्वास्थ्यमा हुने नकारात्मक प्रभावलाई र खाद्य व्यापार व्यवसायमा पर्न सक्ने असरलाई संवेदनशील रूपमा हेर्नुपर्ने हुन्छ । यसरी खाद्य स्वच्छता तथा गुणस्तरका समस्याका कारण जनमानसमा पर्ने नकारात्मक असरले राष्ट्रिय अर्थतन्त्र र व्यापारमा प्रभाव पार्ने हुँदा खाद्य स्वच्छताको महत्वलाई प्राथमिकतामा राख्नुपर्ने देखिएको छ ।

## २. विगतका प्रयासहरू

नेपालमा खाद्य कानुन लागु भएपछि सो कानुनको प्रभावकारी कार्यान्वयनका साथै खाद्य नियमन, अनुगमन, नियन्त्रण र विभिन्न खाद्यपदार्थको अनिवार्य गुणस्तर तोक्ने कार्य निरन्तर रूपले हुँदै आएको छ । खाद्य कानुनको कार्यान्वयनमा कृषि विकास मन्त्रालय, खाद्य स्तर निर्धारण समिति, खाद्य प्रविधि तथा गुण नियन्त्रण

विभाग र मातहतका कार्यालयहरूको सक्रियता उल्लेखनीय छ । खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी अन्तर्राष्ट्रिय मानकहरूको तर्जुमा र त्यसको विकासका लागि अन्तर्राष्ट्रिय खाद्य मापदण्डहरूको निर्माण, उपभोक्ता संरक्षण तथा स्वच्छ व्यापार प्रवर्द्धन गर्ने उद्देश्यबाट स्थापित कोडेक्स एलिमेन्टेरियस कमीसन (Codex Alimentarius Commission-Codex) को सदस्यता खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले प्राप्त गरेको छ । नेपालमा पनि राष्ट्रिय कोडेक्स कमिटी गठन भई क्रियाशील रहेको छ । यसका साथै खाद्य स्वच्छता नियमनकारी निकायहरूको अन्तर्राष्ट्रिय सञ्जाल (International Food Safety Authorities Network-INFOSAN) को सम्पर्क विन्दुका रूपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग रहेको छ । यसले विभिन्न देशमा खाद्य स्वच्छता नियमन कार्यमा देखा परेका समस्या र जोखिमहरू सम्बन्धी सूचनाको आदान प्रदान गर्ने तथा सतर्कता र तत्काल सम्बोधन (Rapid Alert & Emergency Response) गर्ने कार्यको थालनी गरेको छ ।

नेपाल विश्व व्यापार सङ्गठनको SPS सम्बन्धी सम्झौता अनुरूपका प्रावधानहरू लागु गर्ने सिलसिलामा खाद्यपदार्थ आयात-निर्यात निर्देशिका तर्जुमा, SPS/राष्ट्रिय सोधपुछ विन्दु (Sanitary and Phytosanitary National Enquiry Point) को स्थापना, खाद्य प्रयोगशालाको स्तरोन्नति लगायतका कार्यहरू निरन्तर जारी छन् । खाद्य प्रयोगशालाहरूको विकास र विस्तार गरी विश्लेषण तथा परीक्षणहरूको प्रत्यायन (Accreditation) गर्ने कार्य क्रमिक रूपमा भइरहेको छ ।

## ३. वर्तमान स्थिति

नेपालमा खाद्य पदार्थमा स्वच्छता एवम् गुणस्तर सम्बन्धी चुनौती बढ्दै गएको सन्दर्भमा विद्यमान खाद्य ऐन, नियम, पूर्वाधार, संस्थागत एवम् जनशक्ति लगायतका समग्र क्षेत्रहरूमा नीतिगत मार्गचित्रको आवश्यकता छ । खाद्य तथा दानासँग सम्बन्धित कानुनहरू कार्यान्वयनमा रहेका र सोही अनुरूप खाद्यपदार्थहरूका १२१ वटा तथा दाना पदार्थहरूका ८ वटाको अनिवार्य गुणस्तर निर्धारण भएका छन् ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको विद्यमान संरचना अन्तर्गत खाद्य तथा दाना स्वच्छता एवम् गुणस्तर नियमन महाशाखा, खाद्य प्रविधि विकास तथा पोषण महाशाखा,राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला, SPS सोधपुछ विन्दु, कोडेक्स तथा इन्फोसान सचिवालय र विभाग मातहत प्रयोगशाला सहितका ६ वटा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरू (विराटनगर, जनकपुर, हेटौंडा, भैरहवा, नेपालगन्ज, र धनगढी) एवम् भन्सार नाकास्थित १२ वटा खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयहरू (काकडभिट्टा, बिराटनगर, जलेश्वर, वीरगन्ज, भैरहवा, कृष्णनगर, नेपालगन्ज, धनगढी, गड्डाचौकी, त्रिभुवन विमानस्थल काठमाडौं, तातोपानी र रसुवा) तथा २४ वटा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयहरू स्थापना भएका छन् । जनशक्तितर्फ विभाग तथा मातहतका कार्यालयहरूको समग्र संरचनामा ३४०, प्रादेशिक मन्त्रालयहरूमा २१ तथा सङ्घीय मन्त्रालयमा ४ गरी जम्मा ३६५ दरबन्दी रहेको देखिन्छ ।

## ४. समस्या तथा चुनौतीहरू

उपभोक्ताको खाने बानीमा व्यापक परिवर्तन आइरहेको छ र कृषि उत्पादनदेखि प्रशोधन एवम् उपभोगमा समेत रासायनिक पदार्थहरूको अधिकाधिक प्रयोगले उपभोक्तामाथि अनेक जोखिम थपिँदै गएको छ । नेपाल विश्व व्यापार सङ्गठनमा प्रवेश गरेपछि निर्यात बजारमा खाद्य एवम् पेयपदार्थको स्वच्छता तथा गुणस्तर मापदण्डका प्रावधानहरू समेत समेट्नुपर्ने आवश्यकतालाई हेर्दा विद्यमान खाद्यपदार्थको स्वच्छता तथा गुणस्तर नियमनको कानुनी स्वरूप र संस्थागत संरचना पर्याप्त नभएको अवस्था विद्यमान रहेकाले दिगो कार्यनीति, रणनीति, नियमनको व्यवस्था एवम् संस्थागत ढाँचालाई ठोस् दिशानिर्देश गर्न सक्ने राष्ट्रिय खाद्य स्वच्छता नीतिको अभाव खड्किएको छ ।

विश्वव्यापीकरणमा आएको परिवर्तनले पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको क्षेत्र विस्तार तथा परिमाणमा वृद्धि भई खाद्य तथा पोषण सुरक्षाका साथै स्वच्छता एवम् गुणस्तर प्रणालीमा चुनौती थपिँदै गएको छ । यसै गरी राष्ट्रिय खाद्य उद्योगहरूको विकास तथा खाद्य व्यापारमा सहजीकरणका साथै आयातित खाद्यपदार्थको नियमन

र स्वच्छ बजार सम्बन्धी चुनौती पनि थपिइरहेका छन् । राष्ट्रिय खाद्य उद्योग तथा व्यवसायहरूको विकासबाट राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुग्ने राज्यको नीति भए पनि सो सम्बन्धी लक्ष्य हासिल गर्नका लागि पनि चुनौती देखा परेको छ ।

अस्वच्छ खानाबाट हुने रोग तथा महामारी, धनजनको क्षति, व्यक्तिगत तथा राष्ट्रियस्तरमा हुने गरेका क्षतिका साथै निर्यातमा आएको गिरावट, औद्योगिक तथा खाद्य उद्यमका व्यावसायिक प्रतिस्पर्धामा कमी कमजोरी, खाद्यवस्तुमा अखाद्य वस्तुको व्यापक मिसावट आदि समस्याहरू पनि बढ्दै गएका छन् ।

खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानुनी कार्यहरू एकीकृत नहुनु, खाद्य पदार्थमा मिसावट गर्ने काम बढिरहनु, यसको नियन्त्रण कार्य प्रभावकारी हुन नसक्नु, खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी पर्याप्त सूचनाहरूको अभाव हुनु, खाद्य तथा कृषि उपज, उत्पादनको गुणस्तर तथा गुण नियन्त्रण सम्बन्धी कानुनहरू पर्याप्त एवम् प्रभावकारी नहुनु, भएका नीति र कानुनहरू पनि समयानुकूल परिमार्जित नहुनु, सरोकारवालाहरूसँग आवश्यक समझदारी एवम् आवश्यकता अनुसार सहकार्य नहुनु, खाद्य एवम् पेय पदार्थको स्वच्छता तथा गुणस्तर सम्बन्धी आधुनिक प्रविधिको उपलब्धता पर्याप्त नहुनु, जनचेतनाको कमी हुनुलगायतका समस्याहरू खाद्य स्वच्छता र नियमनका क्षेत्रमा देखा परेका छन् ।

## ५. नीतिको आवश्यकता

नेपालको कृषि तथा खाद्य पदार्थहरूको व्यापार एवम् कारोवारमा असहज परिस्थितिको सिर्जनाका प्रमुख कारक तत्वका रूपमा विश्व व्यापार सङ्गठन अन्तर्गत प्रतिपादित SPS (कृषिजन्य वस्तुहरूको स्वस्थता र स्वच्छता सम्बन्धी प्रावधानहरू) एवम् TBT (व्यापारका प्राविधिक अवरोध सम्बन्धी प्रावधानहरू) विद्यमान छन् । हाम्रो खाद्य प्रणालीमा तीव्र गतिले परिवर्तन आउनुमा बढ्दो जनसङ्ख्या एवम् सहरीकरणका साथै विविध खाद्य वस्तुहरूको उपलब्धता र बढ्दो खाद्य आयात निर्यातसमेतको भूमिका रहेको छ ।

नेपालको संविधानमा खाद्य उपलब्धता, गुणस्तरयुक्त खाद्यमा उपभोक्ताको पहुँचका साथै उपभोक्ताहरूलाई स्तरयुक्त खाद्य वस्तु उपलब्ध गराउने विषयलाई मौलिक हकका रूपमा अङ्गीकार गरिएकाले संविधानको यो प्रावधान अनुरूप खाद्य स्वच्छता सम्बन्धमा आश्वस्त पार्नु नितान्त आवश्यक छ । यी सबै कुराको कार्यान्वयन गर्न विद्यमान खाद्य नियमन प्रक्रिया अन्तर्गत सम्पूर्ण सरोकारवालाहरूलाई समेटी खाद्य स्वच्छता नियमन प्रक्रियाको निर्माण गर्ने र उपभोक्ताहरूलाई खाद्य स्वच्छता प्रणालीप्रति आश्वस्त बनाउन र उपभोक्ता हित संरक्षण गर्न उत्पादन देखि उपभोग शृङ्खलासम्मका समग्र खाद्य स्वच्छता सम्बन्धी अनुसन्धान तथा विश्लेषणको व्यवस्थापन, गुणस्तर कार्यान्वयन गर्ने संरचना र खाद्य स्वच्छता सम्बन्धी शैक्षिक बढोत्तरी गर्नु नितान्त जरुरी भएको छ ।

खाद्य कानुनलाई छिटो छरितो ढङ्गबाट संशोधन एवम् अद्यावधिक बनाउन अत्यन्त आवश्यक भएको छ । यस क्रममा SPS (Sanitary and Phytosanitary) का सिद्धान्तहरू एवम् अन्य अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप वैज्ञानिक सिद्धान्तमा आधारित खाद्य प्रणाली, जोखिममा आधारित निरीक्षण अनुगमन प्रणाली, सम्भाव्य जोखिम न्यूनीकरण र विश्लेषण, जोखिम व्यवस्थापन, गुणस्तर परीक्षण, स्वच्छता व्यवस्थापन एवम् सम्भाव्य रासायनिक एवम् जैविक जोखिमहरू नियमन गर्न आवश्यक पर्ने कानुन, संरचना, सूचना र तथ्याङ्क तयार गर्नुपर्ने आवश्यकता छ । खाद्य नियमन निकाय (खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग) मा आवश्यक प्रयोगशालाको विकास एवम् जनशक्तिको क्षमता विकास गर्नुका साथै देशभरी यसको संरचना विस्तार गर्नु वाञ्छनीय छ ।

प्रारम्भिक उत्पादन थलोदेखि प्रसक्रिय (Proactive) गुणस्तर पद्धति लागु गर्न नसकेसम्म खाद्य स्वच्छता एवम् गुणस्तर व्यवस्थापन गर्ने कार्य कठिन हुन्छ । खाद्य उत्पादनमा विषादीको अनुपयुक्त प्रयोगका कारणले व्यावसायिक खेती प्रणालीबाट उत्पादित वस्तुहरूमा हुन सक्ने जोखिम, पशुरोग व्यवस्थापनमा प्रयोग हुने औषधीहरू एवम् गोठ व्यवस्थापनमा हुने कमीकमजोरीका कारणले हुने सम्भाव्य जोखिम न्यूनीकरण गर्न पनि ठोस् नीतिको आवश्यकता छ । खाद्य स्वच्छता अभिवृद्धिका लागि एक स्वास्थ्य दृष्टिकोण (One Health Approach) को आधारमा सरोकारवाला निकायहरूबीचमा प्रभावकारी सहकार्य र समन्वयको आवश्यकता छ । खाद्य कानुनमा रोकथामका प्रणालीहरू जस्तैः असल कृषि अभ्यास, असल पशुपालन अभ्यास, असल स्वस्थकर

प्रणाली, असल उत्पादन अभ्यासजस्ता उत्पादन थलोमा लागु गर्ने मानकहरूको निर्धारण गर्न खाद्य स्वच्छता नीतिको आवश्यकता देखिएको छ ।

राष्ट्रिय खाद्य स्वच्छता नीति निर्माणका क्रममा खाद्य स्वच्छता तथा गुणस्तर प्रणाली र व्यवहारलाई आश्वस्त पार्ने कानुनहरू, संस्थागत संरचनाहरू, व्यवस्थापन पद्धति एवम् जिम्मेवार निकायहरूका साथै खाद्य स्वच्छता सम्बन्धमा प्रतिपादित अन्तर्राष्ट्रिय सिद्धान्तहरू प्रति नेपालले व्यक्त गरेको प्रतिबद्धताहरू पूरा गर्न राष्ट्रिय खाद्य स्वच्छता नीति जारी गर्न आवश्यक छ ।

## ६. दूरदृष्टि (Vision)

खाद्य पदार्थमा स्वच्छता र गुणस्तरीयता कायम गर्दै आम उपभोक्ताहरूको स्वास्थ्यको संरक्षण र संविधान बमोजिमको हकको प्रत्याभूती गर्नुका साथै राष्ट्रिय खाद्य उद्योग र व्यवसायहरूको विकास तथा खाद्य वस्तुको निर्यात प्रवर्द्धन गरी "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा हासिल गर्न योगदान पुर्‍याउने ।

## ७. परिदृश्य (Mission)

खाद्य शृङ्खलाका प्रत्येक चरणहरूमा खाद्य स्वच्छता तथा गुणस्तरीयताको सुनिश्चितताका साथै खाद्य उद्योग तथा व्यापारमा सहजीकरण गर्ने ।

## ८. लक्ष्य (Goal)

खाद्य नियामकहरूको विकासका साथै खाद्य शृङ्खलाका प्रत्येक चरणका सरोकारवालाहरू बीच प्रभावकारी समन्वय, खाद्य उद्योग तथा व्यवसायहरूको प्रतिस्पर्धा क्षमता अभिवृद्धि एवम् खाद्य वस्तु र सेवा व्यापारमा सहयोग गर्दै खाद्य स्वच्छताको सुनिश्चितता र गुणस्तर मानकहरूको निर्धारण गरी आम उपभोक्ताहरूको हित संरक्षण गर्ने ।

## ९. उद्देश्यहरू (Objectives)

९.१ खाद्य पदार्थमा हुन सक्ने जोखिमबाट उपभोक्ताहरूलाई बचाउन जोखिममा आधारित खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्रणाली अवलम्बन गर्न खाद्य स्वच्छता सम्बन्धी कानुनी तथा संस्थागत सुधार गर्ने ।

९.२ खाद्य शृङ्खलाका सम्पूर्ण सरोकार वालाहरूलाई खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी शिक्षा, सूचना, सञ्चार र प्रचार प्रसारमा पहुँच विस्तार गर्दै वैज्ञानिक पद्धतिमा आधारित खाद्य स्वच्छता तथा गुणस्तर व्यवस्थापन प्रणाली विकास गरी लागु तथा प्रवर्द्धन गर्ने ।

९.३ खाद्य पदार्थमा स्वच्छता तथा गुणस्तरको विश्वसनीयता कायम गरी खाद्य वस्तु र सेवा व्यापार प्रवर्द्धन गर्न सहजीकरण कार्यलाई प्रभावकारी बनाउने ।

९.४ दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावटको रोकथाम तथा व्यवस्थापन गर्ने प्रणालीको विकास गर्दै त्यस्ता जोखिमहरूको पूर्व सूचना व्यवस्थापनका लागि फुड इपिडेमियोलोजी सर्भिलेन्स लगायतका प्रणालीहरूको विकास गर्ने ।

९.५ खाद्यपदार्थको स्वच्छता तथा गुणस्तरीयताका लागि वैज्ञानिक पद्धतिका आधारमा सक्षम, सुदृढ, प्रभावकारी निरीक्षण, अनुगमन एवम् प्रयोगशाला विश्लेषण प्रणालीको विकास तथा सबलीकरण गर्ने ।

९.६ खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी उपभोक्ता शिक्षा तथा जनचेतना अभिवृद्धि गर्ने ।

९.७ खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि सम्बन्धी शोध र अनुसन्धान गर्ने ।

## १०. नीतिहरू

**१०.१ खाद्य पदार्थमा हुन सक्ने जोखिमबाट उपभोक्ताहरूलाई बचाउन जोखिममा आधारित खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्रणाली अवलम्बन गर्न खाद्य स्वच्छता सम्बन्धी कानुनी तथा संस्थागत सुधार गर्ने (उद्देश्य ९.१ सँग सम्बन्धित)**

१०.१.१ खाद्य क्षेत्रमा विकास र सुधार गर्न अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय प्रावधान अनुरूप वर्तमान खाद्य स्वच्छता तथा गुणस्तर ऐन, नियमावली, निर्देशीका सम्बन्धी सम्पूर्ण कानुनहरूलाई अद्यावधिक गरिनेछ ।

१०.१.२ खाद्य स्वच्छता तथा गुण नियन्त्रणका लागि आवश्यक स्वच्छता तथा गुणस्तरका मापदण्डहरू अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय मापदण्डहरूसँग समतुल्य हुने किसिमले निर्धारण गरी लागु गरिनेछ ।

१०.१.३ खाद्य स्वच्छता तथा गुणस्तर प्राप्तिका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरूलाई समकक्षता (Equivalence) प्रदान गर्ने कानुनी व्यवस्था गरिनेछ ।

१०.१.४ खाद्य स्वच्छता तथा गुणस्तर नियमन कार्यलाई सङ्घीय संरचनामा आधारित सङ्घ, प्रदेश र स्थानीय निकाय बीच कार्यक्षेत्र र अधिकार बाँडफाँट गरी कार्य गर्ने व्यवस्था गरिनेछ। हाल भएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई क्रमिक रूपमा खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्राधिकरणका रूपमा विकास गरिनेछ ।

१०.१.५ खाद्य ऐन अन्तर्गतका विभिन्न परिषद् एवम् समितिहरू र खाद्य पदार्थहरूको स्वच्छता तथा गुणस्तर मापदण्ड निर्धारण कार्यमा खाद्य उद्योग व्यवसाय र उपभोक्ता हितमा कार्यरत सङ्घ-संस्थाहरू, विषय विशेषज्ञहरूको समेत प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ ।

१०.१.६ नेसनल कोडेक्स कमिटी (National Codex Committee) को संस्थागत विकास गरी खाद्य तथा पेयपदार्थको स्वच्छता एवम् गुणस्तर सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानक एवम् समस्याका विषयहरूका बारेमा नियमन गर्ने निकाय र सरकारलाई सिफारिस गर्ने व्यवस्था गरिनेछ ।

१०.१.७ खाद्य स्वच्छता तथा गुणस्तर क्षेत्रमा काम गर्ने जनशक्तिहरूको दर्ता गर्न, आचारसंहिता लागु गर्न र नियमन गर्न कानुनी व्यवस्था गरी स्वायत्त खाद्य वैज्ञानिक तथा प्राविधिक परिषद्को स्थापना र सञ्चालन गरिनेछ ।

**१०.२ खाद्य शृङ्खलाका सम्पूर्ण सरोकारवालाहरूलाई खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी शिक्षा, सूचना, सञ्चार र प्रचारप्रसारमा पहुँच विस्तार गर्दै वैज्ञानिक पद्धतिमा आधारित खाद्य स्वच्छता तथा गुणस्तर व्यवस्थापन प्रणालीको विकास गरी लागु गर्ने र प्रवर्द्धन गर्ने (उद्देश्य ९.२ सँग सम्बन्धित)**

१०.२.१ स्थानीय खाद्य उत्पादनमा खाद्य स्वच्छता तथा गुणस्तर व्यवस्थापनलाई स्वनियमन गर्ने विधि तथा संस्कारको विकास र उपयोग गर्न सहयोग प्रदान गरिनेछ ।

१०.२.२ प्राथमिक कृषि उत्पादनमा स्वच्छता एवम् गुणस्तर तथा पहिचानीयता (Traceability) कायम राख्न असल कृषि अभ्यास (Good Agricultural Practices - GAP) एवम् असल भेटेरिनरी अभ्यास (Good Veterinary Practice - GVP) जस्ता अभ्यासका संहिताहरू अँगाल्न कृषकहरूलाई प्रोत्साहन गर्दै क्रमिक रूपले खाद्य स्वच्छता नियमन प्रणाली लागु गरिनेछ ।

१०.२.३ खाद्य उद्योग एवम् व्यवसायहरू र अन्य सरोकारवालाहरूको प्रकृतिका आधारमा विभिन्न नियमनकारी निकायहरूबाट विकास गरिएका राष्ट्रिय वा अन्तर्राष्ट्रिय खाद्य स्वच्छता व्यवस्थापन अन्तर्गत Codex Guidelines, Good Agricultural Practice, Good Veterinary Practice, Organic Production System, Good Hygienic Practice, Good Manufacturing Practice, Hazard Analysis and Critical Control Point लगायतका प्रणालीहरूको उपयोग गर्न क्षमता अभिवृद्धि, प्रोत्साहन र प्रवर्द्धन गर्दै क्रमिक रूपले उपयुक्त व्यवस्थापन प्रणालीहरू अनिवार्य रूपमा लागु गरिनेछ ।

१०.२.४ खाद्य स्वच्छता तथा गुणस्तरको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति उत्पादनका अल्पकालीन एवम् दीर्घकालीन योजना तयार पारी सरोकारवालाहरूसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

१०.२.५ अन्तर्राष्ट्रियस्तरमा खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी सूचना एवम् जानकारीहरूको आदानप्रदान गर्ने तथा प्राप्त भएका सूचना सामग्रीहरूको प्रचार प्रसार गर्न सम्बन्धित अन्तर्राष्ट्रिय निकाय एवम् संस्थाका सम्पर्क विन्दु Codex Contact Point, INFOSAN Emergency Contact Point, INFOSAN Focal Point तथा SPS National Enquiry Point हरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

**१०.३ खाद्य पदार्थमा स्वच्छता तथा गुणस्तरीयता कायम गरी खाद्यवस्तु र सेवा व्यापार प्रवर्द्धन गर्न सहजीकरण गर्ने (उद्देश्य ९.३ सँग सम्बन्धित)**

१०.३.१ खाद्य पदार्थको आयात निर्यात निरीक्षण (Import Export Inspections) का आधारभूत पक्षहरूलाई समेट्दै जोखिममा आधारित निरीक्षण (Risk based Inspection) को व्यवस्थाका लागि कोडेक्स

(Codex Alimentarius Commission), IPPC (International Plant Protection Convention), OIE (World Organization for Animal Health) को मान्यता अनुकूल विधि तयार गरी कार्यान्वयन गरिनेछ ।

१०.३.२ खाद्य पदार्थमा स्वच्छता एवम् गुणस्तर कायम राख्न आयात निर्यात निरीक्षण एवम् प्रमाणीकरण पद्धति (Food Import Export Inspections and Certification System) को विकास गरी प्रभावकारी रूपमा लागु गरिनेछ ।

१०.३.३ खाद्य पदार्थको स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरू लागु गर्दा विभिन्न देशहरूबाट आयातित खाद्य पदार्थहरूको नियमन र स्वदेशमा उत्पादन भएका खाद्य पदार्थहरूको नियमनमा एकरूपता कायम हुनेगरी मापदण्डहरू पारदर्शी रूपमा लागु गरिनेछ ।

१०.३.४ खाद्य पदार्थको स्वच्छता एवम् गुणस्तर सम्बन्धी विषयहरूमा व्यापार साझेदार देशहरू बीच आपसी पहिचान (Mutual Recognition) र समकक्षता (Equivalence) बारे सम्झौता गरी कार्यान्वयन गरिनेछ ।

**१०.४ दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावटको रोकथाम तथा व्यवस्थापन गर्ने प्रणालीको विकास गरी त्यस्ता जोखिमहरूको पूर्व सूचना व्यवस्थापनका लागि फुड इपिडेमियोलोजी सर्भिलेन्स लगायतका प्रणालीहरूको विकास गर्ने (उद्देश्य ९.४ सँग सम्बन्धित)**

१०.४.१ खाद्य पदार्थका माध्यमबाट फैलन सक्ने रोगव्याधि एवम् महामारी सम्बन्धमा अङ्गाल्नु पर्ने सतर्कताका बारेमा स्वास्थ्य सेवा विभाग र खाद्य नियामक लगायतका सरोकारवाला निकायहरू बीच प्रभावकारी सूचना, सञ्चार तथा समन्वयको व्यवस्था गरिनेछ ।

१०.४.२ खाद्यजन्य रोगव्याधिको निगरानी (Surveillance) प्रणाली र लेखाजोखा गर्ने, स्रोत पत्ता लगाउने र सरोकार वालाहरूलाई जानकारी दिने कार्यहरूको संस्थागत विकास गर्दै विद्यमान संरचनाहरूमा सुधार गरी तिनलाई सक्रिय, सक्षम र सबल बनाइनेछ ।

१०.४.३ खाद्यजन्य रोगव्याधि तथा महामारी (Food-Borne Disease Out-Break) सम्बन्धी सूचना, समाचार प्राप्त भएमा सम्बन्धित निकायको संयोजकत्वमा विभिन्न सरोकारवाला निकायहरूको संलग्नतामा तत्काल न्यूनीकरण र निराकरणको व्यवस्थापन र प्रबन्ध गर्ने व्यवस्था गरिनेछ ।

**१०.५ खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरीयताका लागि वैज्ञानिक पद्धतिका आधारमा सक्षम, सुदृढ, प्रभावकारी निरीक्षण, अनुगमन एवम् प्रयोगशाला विश्लेषण प्रणालीको विकास तथा सबलीकरण गर्ने (उद्देश्य ९.५ सँग सम्बन्धित)**

१०.५.१ खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी निरीक्षण एवम् प्रमाणीकरणका पद्धति तथा कार्यलाई विशिष्टीकरण गरी नियमनकारी निकायहरूको क्षमता विकास र अभिवृद्धि गरिनेछ ।

१०.५.२ खाद्य बजार तथा उद्योग निरीक्षण अनुगमन कार्यमा पनि जोखिममा आधारित निरीक्षण (Risk Based Inspection) प्रणाली अवलम्बन गरिनेछ ।

१०.५.३ केन्द्रीय खाद्य प्रयोगशाला र मातहतका खाद्य प्रयोगशालाहरूलाई स्वायत्तता दिँदै अन्तर्राष्ट्रियस्तरमा मान्य हुने गरी प्रत्यायन (Accreditation) गरी सञ्चालन गरिनेछ ।

१०.५.४ खाद्य प्रयोगशाला परीक्षण सेवा स्थानीय तहसम्मको पहुँच हुने व्यवस्था गरिनेछ ।

१०.५.५ खाद्य प्रयोगशालाहरूमा कार्यरत जनशक्तिलाई विषयगत तालिम एवम् क्षमता अभिवृद्धि, प्रयोगशाला उपकरणहरू तथा प्रयोगशालाको प्रयोजनका अन्य आवश्यक सामग्रीहरूका लागि लगानी वृद्धि गर्दै लगिनेछ ।

१०.५.६ द्रुत परीक्षण सेवा उपलब्ध गराउनका लागि संस्थागत तथा निजी क्षेत्रमा गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्न प्रोत्साहित गर्दै सेवा प्रदान गर्ने कार्यमा सहजीकरण गरी संस्थागत तथा निजी क्षेत्रका खाद्य परीक्षण प्रयोगशाला र तिनीहरूको परीक्षण नतिजा (Confirmity Assessment) लाई मान्यता दिने व्यवस्था गरिनेछ ।

**१०.६ खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी उपभोक्ता शिक्षा एवम् जनचेतना अभिवृद्धि गर्ने (उद्देश्य ९.६ सँग सम्बन्धित)**

१०.६.१ खाद्य स्वच्छताका अभ्यासहरू र जनमानस एवम् राष्ट्रिय अर्थतन्त्रमा पर्ने असरहरूबारे चेतना जगाउनका लागि नीति निर्माता, सेवाप्रदायक, नागरिक समाज, खाद्यपदार्थ उत्पादन तथा बिक्री वितरण गर्ने कृषक, उद्यमी तथा व्यवसायी, उपभोक्ता हितसँग सम्बन्धित सङ्घ संस्था, स्वास्थ्य कार्यकर्ता, समाजसेवी, सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गरिनेछ ।

१०.६.२ खाद्य पदार्थको उत्पादन स्थलदेखि उपभोगसम्मका प्रत्येक चरणमा खाद्य स्वच्छताको आधारभूत ज्ञान विस्तार हुने र सो सम्बन्धमा पैरवी गर्न सक्ने गरी जानकारी तथा चेतनामूलक सूचना पद्धतिको विकास गरिनेछ । यस्ता सामग्रीहरू तयार गरी निरन्तर रूपमा प्रचार प्रसार गर्ने व्यवस्था गरिनेछ ।

१०.६.३ खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी सूचना प्रचार प्रसारलाई सहयोगात्मक, सामूहिक र पारदर्शी बनाउन आवश्यक जनशक्तिको परिचालन गरी सरोकारवाला संस्थाहरूको संलग्नतामा सङ्घीय, प्रादेशिक तथा स्थानीय तहबाट अल्पकालीन र मध्यकालीन योजना बनाई प्रवर्द्धनात्मक अभियान सञ्चालन गरिनेछ ।

**१०.७ खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि सम्बन्धी शोध र अनुसन्धान गर्ने (उद्देश्य ९.७ सँग सम्बन्धित)**

१०.७.१ अन्तर्राष्ट्रिय मापदण्ड तर्जुमा गर्ने सङ्घ-संस्थाः कोडेक्स (Codex), आइपीपीसी (IPPC) र ओआइई (OIE) लगायतका निकायहरूसँग वैज्ञानिक तथ्यमा आधारित सञ्चार प्रतिक्रियाका लागि तथा खाद्य पदार्थहरूमा हुन सक्ने हानिकारक तत्वहरूको अधिकतम अवशेषको मात्रा निर्धारण र यसले मानव स्वास्थ्यमा पार्न सक्ने असरबारे शोध एवम् अनुसन्धानका लागि विभिन्न विषय विशेषज्ञको प्राविधिक समिति वा टोली गठनको व्यवस्था गरी कार्य गरिनेछ ।

१०.७.२ खाद्य स्वच्छता तथा गुणस्तर मापदण्ड, खाद्य स्वच्छता कायम गर्ने पद्धति, नौला खाद्यजन्य रोगव्याधि, मिसावट, दूषित खाद्य पदार्थको प्रभाव तथा लेखाजोखा, उपभोक्ता शिक्षा, नयाँ परीक्षण विधि, सम्भाव्य समस्याको जोखिम विश्लेषण गर्न, निरन्तर शोध तथा अनुसन्धानको आधार तयार गरी शैक्षिक संस्था, अनुसन्धान केन्द्र, खाद्य उद्योगी एवम् व्यवसाय लगायतका सरोकारवाला निकायहरूबाट शोध तथा अनुसन्धान गराउन प्रोत्साहित गरिनेछ । यस्ता शोध, अनुसन्धानका कार्यलाई प्रोत्साहित गर्न भौतिक, आर्थिक लगायतका स्रोतहरू उपलब्ध गराइनेछ ।

१०.७.३ नेपालका विभिन्न जातजाति, धर्म, संस्कृति विशेष खाद्यपदार्थ लगायत सबै प्रकारका खाद्य पदार्थहरूको स्वच्छ तथा गुणस्तरीय उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण, ढुवानी एवम् बिक्री वितरणका लागि शोध, अध्ययन, अनुसन्धान र विकास गरी व्यापारमा सहजीकरण गरिनेछ ।

## ११. कार्यनीति

**११.१ खाद्यपदार्थमा हुन सक्ने जोखिमबाट उपभोक्ताहरूलाई बचाउन जोखिममा आधारित खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्रणाली अवलम्बन गर्न खाद्य स्वच्छता सम्बन्धी कानुनी तथा संस्थागत सुधार गर्ने (उद्देश्य ९.१ सँग सम्बन्धित)**

११.१.१ विद्यमान खाद्य ऐन २०२३, खाद्य नियमावली २०२७, निर्देशीका तथा प्रचलित कार्यसञ्चालन प्रक्रियाहरूको पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन वा थप तर्जुमा गरी लागु गरिनेछ ।

११.१.२ खाद्य स्वच्छता तथा गुणस्तर लागु गर्न छुट्टै स्वायत्त एवम् स्वतन्त्र खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्राधिकरणको व्यवस्था गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ । यसको पहिलो चरणमा सरोकारवालाहरूसँग मिलेर खाद्य स्वच्छता कायम राख्न गरिने नियमनकारी निकायहरूको प्रभावकारी रेखदेख र समन्वय गर्नका लागि एक अन्तर मन्त्रालय खाद्य स्वच्छता निर्देशक समितिको स्थापना गर्न कानुनी तथा संरचनागत व्यवस्था गरिनेछ ।

११.१.३ खाद्य स्वच्छता तथा गुणस्तर निर्धारणको जिम्मेवारीसहित एक गुणस्तर निर्धारण एकाइ स्थापना गरिनेछ र राष्ट्रिय कोडेक्स कमिटीसँगको सहकार्यमा प्राथमिकताका आधारमा सबै खाद्य पदार्थहरूको स्वच्छता तथा गुणस्तर मापदण्डहरू (Horizontal & Vertical Standards) निर्धारण गरिनेछ ।

११.१.४ खाद्य क्षेत्रको नियमनमा देखा परेको दोहोरोपनलाई कानुनको संशोधन तथा परिमार्जन मार्फत एकरूपता कायम गरिनेछ ।

११.१.५ खाद्यवस्तु र सेवाको कारोबारकर्ता (खाद्य प्रशोधक, बिक्री वितरक, होटेल रेस्टुरेन्ट सञ्चालक र सो सम्बन्धी, संस्थागत चमेना घर लगायत) लाई दर्ता र अनुज्ञापत्र दिने कार्यका लागि प्रभावकारी कानुनी व्यवस्था गरिनेछ । साथै स्ट्रिट फुड लगायत खाद्य शृङ्खलाका विभिन्न चरणमा खाद्य स्वच्छताको नियमनलाई बढावा दिन आवश्यक पर्ने कानुन तथा पूर्वाधारको क्रमिक रूपमा व्यवस्था गरिनेछ ।

११.१.६ अल्कोहलिक पेय (Alcoholic Drinks), आहारपुरक खाद्य पदार्थ (Dietary Supplement), फङ्क्सनल फुड्स (Functional Foods), न्यूट्रासुटिकल्स (Nutraceuticals) एवम् नवविकसित खाद्य पदार्थ (Novel Foods) को नियमन व्यवस्था तथा प्राङ्गारिक (Organic) कृषि उत्पादन प्रणालीका अन्तर ाष्ट्रिय मापदण्ड अनुरूपका आधार तयार गरी कार्यान्वयन गरिनेछ ।

११.१.७ संस्थागत तथा निजी क्षेत्रको गुणस्तर परीक्षण प्रयोगशाला विकास, नियमन तथा प्रवर्द्धन गर्न मापदण्ड निर्धारण गरिनेछ ।

११.१.८ स्थानीय, प्रादेशिक र सङ्घीयस्तरमा सुस्पष्ट नियमन पद्धति लागु गर्ने कानुनको तर्जुमा तथा खाद्य स्वच्छता र गुणस्तर नियमन कार्यालयहरूको स्थापना गर्ने संरचनागत व्यवस्था गरिनेछ ।

**११.२ खाद्य शृङ्खलाका सम्पूर्ण सरोकारवालाहरूलाई खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी शिक्षा, सूचना, सञ्चार र प्रचार प्रसारमा पहुँच विस्तार गर्दै वैज्ञानिक पद्धतिमा आधारित खाद्य स्वच्छता तथा गुणस्तर व्यवस्थापन प्रणालीहरूको विकास गरी तिनको कार्यान्वयन तथा प्रवर्द्धन गर्ने (उद्देश्य ९.२ का नीतिहरूसँग सम्बन्धित)**

११.२.१ ठूला र उच्च जोखिमयुक्त खाद्यपदार्थ उत्पादन गर्ने उद्योगहरूमा चरणबद्ध रूपमा Hazard Analysis and Critical Control Point (HACCP) व्यवस्थापन प्रणाली अनिवार्य लागु गर्ने व्यवस्था गरिनेछ। साथै साना, मझौला खाद्य उद्योग तथा व्यवसायहरूमा असल स्वस्थकर अभ्यास (GHP) र असल उत्पादन अभ्यास (GMP) चरणवद्ध रूपमा लागु गरिनेछ ।

११.२.२ जोखिमयुक्त तथा उच्च जोखिमयुक्त खाद्यपदार्थ उत्पादन गर्ने उद्यमी तथा सम्बन्धित कृषकहरूलाई असल अभ्यासहरू अङ्गाल्न प्रोत्साहन मिल्ने कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

११.२.३ खाद्यपदार्थको उत्पत्ति पहिचान (Traceability) को सुनिश्चितताका साथै जोखिम विश्लेषणको आधारमा फिर्ता लिने (Recall), अन्य प्रयोजनका लागि प्रयोग गर्ने वा नष्ट गर्ने कार्यका लागि सञ्चालन पद्धति तथा प्रक्रिया तर्जुमा गरी लागु गरिनेछ ।

११.२.४ राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय खाद्य स्वच्छता प्रणालीहरूको कार्यान्वयनका लागि नियामक निकाय, खाद्य उद्योग व्यवसायी, कृषक तथा अन्य सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

११.२.५ खाद्य स्वच्छता तथा गुण नियन्त्रण क्षेत्रमा प्रमाणीकरण र प्रत्यायन गर्ने निकायहरूलाई मान्यता दिलाउन सहजीकरण गरिनेछ ।

११.२.६ लागू गरिएका खाद्य स्वच्छता प्रणालीको परिपालन तथा पुष्टीकरण सम्बन्धी कार्य गरिनेछ । यी कार्यहरू गर्नका लागि स्वतन्त्र तथा आधिकारिक रूपमा मान्यता प्राप्त तेस्रो पक्षलाई समेत सामेल गराउन सकिनेछ । तेस्रो पक्षलाई सामेल गराउन निश्चित मापदण्ड वा मानकहरूको आधारमा मान्यता दिने व्यवस्था गरिनेछ ।

११.२.७ खाद्य स्वच्छता क्षेत्रका नियामक, उत्पादक, प्रशोधक, सञ्चयकर्ता, आयात-निर्यातकर्ता, ढुवानीकर्ता, बिक्री वितरक, सेवाप्रदायक, शोधकर्ता आदिलाई खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विकास भएका प्रविधि तथा सूचना र स्रोत साधनहरूमा पहुँच पुऱ्याइनेछ।

११.२.८ खाद्य स्वच्छता तथा गुण नियन्त्रण क्षेत्रमा कार्यरत जनशक्ति, अन्य नियामक निकाय, खाद्य श्रृङ्खलामा आवद्ध जनशक्ति तथा खाद्य पदार्थको बजार सतर्कता र अनुगमन कार्यमा संलग्न कर्मचारी/प्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अध्ययन भ्रमण आदिको व्यवस्था गरिनेछ।

११.२.९ खाद्य क्षेत्रको जनशक्ति विकासका लागि सरकारी तथा निजी क्षेत्रको समन्वयमा विश्वविद्यालयहरू, दातृसंस्था, परामर्शदाताहरूसँग सहकार्य गरी काम गरिनेछ ।

११.२.१० दूषित खाद्यपदार्थबाट हुने जोखिमको नियमित निगरानी र परीक्षण गर्ने तथा रोकथाम गर्नका लागि आवश्यक जनशक्तिको विकास गर्न समन्वय र सहजीकरण गरिनेछ ।

११.२.११ खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी संस्थागत विकास तथा यस क्षेत्रमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि र थप ज्ञान आर्जनको लागि सेवाकालीन तालिम सञ्चालन गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गत तालिम केन्द्रको व्यवस्था गरिनेछ ।

११.२.१२ विद्यालय तथा खाद्य प्रविधि, पोषण, पशु स्वास्थ्य, कृषि विज्ञानजस्ता विषयहरू अध्ययन/अध्यापन हुने विश्वविद्यालयका पाठ्यक्रममा खाद्य स्वच्छता सम्बन्धी विषयवस्तु समावेश गर्न पहल गरिनेछ।

११.२.१३ खाद्य स्वच्छता तथा सम्बन्धित अन्य क्षेत्रमा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

**११.३ खाद्य पदार्थमा स्वच्छता तथा गुणस्तरको विश्वसनीयता कायम गरी खाद्यवस्तु र सेवा व्यापार प्रवर्द्धन गर्न सहजीकरण कार्यलाई प्रभावकारी बनाउने (उद्देश्य ९.३ का नीतिहरूसँग सम्बन्धित)**

११.३.१ आयात निर्यात कार्यलाई सुव्यवस्थित र सरलीकरण गर्न विद्यमान आयात निर्यात निरीक्षण तथा गुण प्रमाणीकरण निर्देशीकाको पुनरावलोकन गरी त्यसलाई अद्यावधिक गरिनेछ ।

११.३.२ खाद्य पदार्थको निर्यात प्रमाणीकरण अन्तर्राष्ट्रिय मापदण्डका आधारमा गर्ने व्यवस्था गरिनेछ । बजारको पहुँचको आवश्यकता हेरी आयात गर्ने देशका मापदण्डहरू समेतलाई पूरा गर्नुपर्ने व्यवस्था र पद्धतिको विकास गरिनेछ ।

११.३.३ खाद्य पदार्थको स्वच्छता एवम् गुणस्तर प्रणालीको विश्वसनीयता र प्रमाणीकरणका लागि आयातकर्ता राज्यलाई पनि स्वीकार्य हुने प्रणालीको विश्वसनीयता सम्बन्धी ठोस पद्धति तर्जुमा गरी लागु गरिनेछ ।

११.३.४ आयात वा पैठारी हुने खाद्य तथा पेय पदार्थको स्वच्छता एवम् गुणस्तर परीक्षण भन्सार विन्दुमा गर्ने वा जुनसुकै ठाउँमा पनि नमुना सङ्कलन गरी खाद्य प्रयोगशाला परीक्षण गर्ने कार्यका लागि खाद्य नियमन निकायका अधिकारीहरूको व्यवस्था गरिनेछ ।

**११.४ दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावटको रोकथाम तथा व्यवस्थापन गर्ने पद्धतिको विकास गर्दै त्यस्ता जोखिमहरूको पूर्व सूचना व्यवस्थापनका लागि फुड इपिडेमियोलोजी सर्भिलेन्स लगायतका प्रणालीहरूको विकास गर्ने (उद्देश्य ९.४ का नीतिहरूसँग सम्बन्धित) ।**

११.४.१ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, अन्य निकायका साथै स्वास्थ्य सेवा विभागको फुड इपिडेमियोलोजी निर्देशनालयद्वारा संयुक्त रूपमा खाद्यजन्य रोगव्याधि तथा महामारीको अनुसन्धान, रोकथाम र पूर्व सतर्कताको लागि निगरानी (Surveillance) सञ्जाल र पूर्व सावधानी प्रणालीको स्थापना गरी कार्य सञ्चालन गरिनेछ। यसका लागि आवश्यक तथ्याङ्क तथा अभिलेख व्यवस्थापन गर्न राष्ट्रियस्तरमा एक एकाईको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

११.४.२ खाद्यजन्य रोगव्याधि तथा महामारीको तथ्याङ्क सङ्कलन, विश्लेषण र मूल्याङ्कनका साथै पुनरावलोकन एवम् पूरक कार्यहरू गर्न आवश्यक पद्धतिको विकास गरिनेछ ।

११.४.३ उच्च जोखिमयुक्त खाद्य पदार्थहरूमा सम्भाव्य रासायनिक तथा जैविक प्रदूषकहरूको विस्तृत अध्ययनद्वारा उपयुक्त तथ्याङ्कहरू सङ्कलन गरी प्राप्त हुने नतिजाहरूको आधारमा जोखिम न्यूनीकरणको कार्य व्यवस्था गरिनेछ ।

**११.५ खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरीयताका लागि वैज्ञानिक पद्धतिका आधारमा सक्षम, सुदृढ, प्रभावकारी निरीक्षण, अनुगमन एवम् प्रयोगशाला विश्लेषण प्रणालीको विकास तथा सबलीकरण गर्ने (उद्देश्य ९.५ का नीतिहरूसँग सम्बन्धित)**

११.५.१ घरेलु, साना, मझौला, ठुला खाद्य उद्योग एवम् खाद्य आपूर्ति शृङ्खलामा आबद्ध सबै सरोकारवालाहरूको वर्गीकरण गरी दर्ता तथा अनुमतिपत्र प्रदान गर्ने प्रक्रिया क्रमिक रूपमा अवलम्बन गर्नुका साथै पूर्व निरीक्षण (Pre-Inspection) र अनुगमनको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

११.५.२ खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्रणाली व्यवस्थापनका लागि जोखिम वर्गीकरण गर्ने र जोखिममा आधारित निरीक्षण तथा अनुगमनका साधनहरू (Standard Operating Procedure) जाँचसूची, पद्धति तथा विधिहरू तयार गरी कार्यान्वयन गरिनेछ ।

११.५.३ खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी व्यवस्थापन प्रणाली प्रमाणीकरण (System Certification) लाई प्रोत्साहित गर्दै तदनुरूप निरीक्षण प्रक्रियालाई सुदृढ बनाइनेछ ।

११.५.४ सरोकारवाला निकायहरू बीच नियमित निरीक्षण अनुगमनलाई व्यवस्थित गर्न पर्याप्त एवम् उचित जनशक्ति र स्रोतसाधनहरू उपलब्ध गराइनेछ ।

११.५.५ खाद्य जोखिम विश्लेषण प्रणालीको स्थापना गरी काम गर्न योजनाहरूको तर्जुमा र तिनको कार्यान्वयन गरिनेछ । रासायनिक तथा जैविक जोखिमहरूको पहिचान र परीक्षण गर्ने प्रयोगशालाको क्षमतासहित निगरानी गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

११.५.६ खाद्य पदार्थमा हुने विभिन्न विषादी, प्रतिजैविक तथा वातावरणीय प्रदूषण आदिका अवशेषहरूलाई तोकिएको सीमाभित्रै राख्न अवशेषको अधिकतम सीमा निर्धारण गरिनेछ ।

११.५.७ जोखिम विश्लेषण (Risk Analysis) को क्षमता विकास गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोतहरूको परिचालन गरिनेछ ।

११.५.८ जनसङ्ख्या वृद्धि, खाद्य पदार्थहरूको विविधीकरण एवम् र सायनहरूको बढ्दो प्रयोग, बढ्दो सहरीकरण, उद्योगहरूको वृद्धि एवम् व्यापार विविधीकरण अनुसार खाद्य स्वच्छता र गुण नियमन कार्यलाई प्रभावकारी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यालयको स्थापनाका साथै आवश्यक स्रोत, साधन, उपकरण र जनशक्तिको पर्याप्त व्यवस्था गरी प्रभावकारी तथा भरपर्दो निरीक्षण अनुगमन कार्य गरिनेछ ।

११.५.९ रासायनिक, जैविक तथा सूक्ष्म जैविक प्रदूषणजस्ता खाद्य स्वच्छताका पक्षहरूको परीक्षण विश्लेषण गर्न राष्ट्रिय खाद्य रेफरेन्स प्रयोगशाला (National Food Reference Lab) को स्थापना र सञ्चालन गरी सरकारी एवम् निजी क्षेत्रका प्रयोगशालाहरूको गुणस्तर सुनिश्चितता सम्बन्धी कार्य गरिनेछ ।

११.५.१० खाद्य प्रयोगशालाहरूलाई पद्धति अनुरूप सञ्चालन गर्न थप स्रोत सामग्रीको व्यवस्था, मापदण्डको विकास, नियमन, अनुगमनको विधि तथा प्रक्रियालाई सुदृढीकरण गर्दै लगिनेछ ।

११.५.११ संस्थागत तथा निजी क्षेत्रमा गुणस्तर परीक्षण प्रयोगशालाहरूको स्थापना गरी मान्यता प्राप्त हुनेगरी सेवा प्रदान गर्ने कार्यमा क्षमता अभिवृद्धिका लागि सहयोग र सहजीकरण गरिनेछ ।

११.५.१२ संस्थागत तथा निजीस्तरमा स्थापना भएका खाद्य प्रयोगशालाहरूबाट गरिने परीक्षणको विश्वसनीयताका लागि नियमित र प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ ।

११.५.१३ खाद्य प्रयोगशालाहरूको परीक्षणको विश्वसनीयता कायम गर्न गराउन आवश्यक पर्ने अन्तर प्रयोगशाला प्रोफिसियन्सी टेस्टिङ र क्यालिब्रेसनको व्यवस्था गरिनेछ ।

**११.६ खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी उपभोक्ता शिक्षा एवम् जनचेतना अभिवृद्धि गर्ने (उद्देश्य ९.६ का नीतिहरुसँग सम्बन्धित)**

११.६.१ खाद्यपदार्थको उपभोगबाट जोखिममा पर्न सक्ने उपभोक्ताहरूलाई सुसूचित गर्न उपभोक्ता जनचेतनाका लागि पर्चा, पम्प्लेट, पोस्टर, म्यानुयल, श्रव्यदृश्य लगायतका सामग्रीहरूको स्थानीय भाषामा समेत तयार गरी उपभोक्ता हकहित संरक्षणसँग सम्बद्ध सङ्घ-संस्था, शिक्षण संस्थाहरू, स्वास्थ्यकर्मी, महिला स्वयंसेविका, नागरिक समाज तथा अन्य सरोकारवालाहरूको सहकार्य र सहभागितामा अभियानका रूपमा तालिम, कार्यशाला गोष्ठीलगायतका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन् । जंक फुडलाई निरुत्साही एवम् न्यूनीकरण गर्न र बढी जोखिम तथा गम्भीर हानि हुन सक्ने सम्भावना भएका विषयमा उपभोक्ता जागरणका लागि खाद्य स्वच्छता सम्बन्धी विशेष सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११.६.२ खाद्य स्वच्छता सम्बन्धी सूचना, सन्देश तथा सञ्चारका सामग्रीहरू आम सञ्चारको माध्यमबाट सत्य तथ्यको आधारमा प्रकाशन तथा प्रसारणका लागि सञ्चारकर्मीहरूलाई जानकारी गराउन अभिमुखीकरण कार्यशाला तथा तालिम कार्यक्रमहरूको आयोजना गरिनेछ ।

११.६.३ उपभोक्ताको गुनासो सङ्कलन, व्यवस्थापन तथा निराकरणका लागि सहज, सरल, छिटो छरितो र भरपर्दो गुनासो सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

११.६.४ खाद्य स्वच्छता, सचेतना तथा पैरवीका कार्यक्रमहरूका लागि सार्वजनिक सुनुवाइ, अभिमत सङ्कलन, कार्यशाला गोष्ठीहरूको आयोजना गरिनेछ ।

११.६.५ घुम्ती प्रयोगशालाको प्रयोग गरी निरीक्षण, अनुगमन सेवाहरूको सञ्जालको स्थापना तथा विस्तार गरी जनचेतना अभिवृद्धि गरिनेछ ।

**११.७ खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि सम्बन्धी शोध र अनुसन्धान गर्ने (उद्देश्य ९.७ का नीतिहरूसँग सम्बन्धित)**

११.७.१ खाद्य स्वच्छता तथा गुण नियन्त्रण क्षेत्रमा भएका शोध अनुसन्धानबाट प्राप्त भएका नतिजा तथा प्रविधिलाई उपयुक्तताका आधारमा खाद्य उद्योग व्यवसायमा अवलम्बन गर्ने वातावरण सिर्जना गरिनेछ ।

११.७.२ खाद्य स्वच्छता शोध, अनुसन्धान गर्ने सङ्घ-संस्थाहरूको अनुसन्धान कार्यमा दोहोरोपन नहुनेगरी समन्वयात्मक रूपमा अनुसन्धानहरू गराउने व्यवस्था गरिनेछ ।

११.७.३ खाद्य स्वच्छता कायम गर्न Maximum Residue Level (MRL), Accepted Daily Intake (ADI) तथा No Observed Adverse Effect Level (NOAEL) जस्ता विषयहरूमा अनुसन्धान कार्यक्रमहरूलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

११.७.४ खाद्यपदार्थहरूमा हुन सक्ने रासायनिक एवम् जैविक जोखिमहरूका प्रभावहरू मूल्याङ्कन गर्न खाद्य स्वच्छतामा भएका अनुसन्धान तथा निगरानी प्रतिवेदनको सङ्कलन र पञ्जीकरण गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

११.७.५ विभिन्न जातजाति, धर्म, संस्कृति विशेषका खाद्यपदार्थ तथा स्थानीय रैथाने एवम् परम्परागत जातका बाली वस्तुको संरक्षण, खाद्यपदार्थको उत्पादन, तयारी तथा गुणस्तर सम्बन्धी शोध, अध्ययन, अनुसन्धान र विकास गर्न प्रोत्साहित गरी त्यस्ता खाद्यपदार्थहरूको संरक्षण, सम्वर्द्धन, स्वच्छता र गुणस्तर कायम गरी तिनको व्यापार प्रवर्द्धनमा टेवा दिने कार्यक्रम सञ्चालन गरिनेछ ।

## १२. संस्थागत संरचना

कृषि विकास रणनीति, २०७२ मा खाद्य स्वच्छता प्राधिकरण गठन गर्ने कुरा उल्लेख भएतापनि आवश्यक पूर्वाधारहरूको संरचना, जोखिममा आधारित निरीक्षण प्रक्रिया एवम् प्रत्यायन प्राप्त प्रयोगशालाको विकास नभई उल्लिखित प्राधिकरणको स्थापना र गठन सम्भव नभएकाले क्रमिक रूपमा नियामक निकायहरूको विकास र क्षेत्र विस्तार हुँदै सक्षम भइसकेपछि खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्राधिकरणमा रूपान्तरित गरिनेछ । खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्राधिकरण गठन नभएसम्म सबै नियमनकारी निकायहरू बीच आपसी सद्भाव तथा समझदारी सिर्जना गर्न, खाद्य नियमन पद्धतिलाई एक अर्काका कामहरूमा परिपूरक एवम् पारस्परिक सहभागितामा आबद्ध गरी प्रभावकारी कार्यान्वयन पद्धतिको विकास गर्न, खाद्य क्षेत्रमा पर्याप्त सक्षम र सक्रिय जनशक्ति, कर्मचारीहरू र नियमनकारी संरचनाहरूको उपयोग एवम् तिनलाई मितव्ययी बनाउन तथा अनावश्यक दोहोरोपन एवम् नियमनकारी निकायहरूबीच अस्पष्टता अन्त्य गर्न हाललाई एक अन्तर मन्त्रालय खाद्य स्वच्छता निर्देशन समितिको स्थापना गर्ने कानुनी व्यवस्था गरिनेछ ।

**खाद्य स्वच्छता तथा गुणस्तर व्यवस्थापन सम्बन्धमा केन्द्रीयस्तरमा देहाय बमोजिमका कार्यहरू गरिनेछन् :**

क) खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्रमुख भूमिका हुनेछ ।

ख) कृषि विभाग तथा पशुसेवा विभागको परिपूरक एवम् सहयोगात्मक भूमिका हुनेछ ।

ग) स्वास्थ्य सेवा विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र भन्सार विभागको सहयोगी भूमिका हुनेछ ।

खाद्य स्वच्छता नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई अन्य धेरै सङ्घ-संस्थाहरूसँगको सहकार्यको आवश्यकता पर्ने हुँदा आवश्यक सरोकारवालाहरूको भूमिकाबारे अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### १३. आर्थिक पक्ष

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी दीर्घकालीन तथा वार्षिक कार्ययोजना एवम् कार्यक्रम बनाउने जिम्मेवारी दिइनेछ । यस नीति अन्तर्गत पारित कार्यक्रमहरूको कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले व्यवस्था गर्नेछ । खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्राधिकार विस्तृत हुने हुँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त हुने आर्थिक स्रोतको परिचालन गर्नु पूर्व नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिइनेछ ।

### १४. कानुनी व्यवस्था

यस नीतिमा समाविष्ट व्यवस्थाहरूको पूर्ण र प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन विद्यमान खाद्य ऐन, २०२३ र खाद्य नियमावली, २०२७ लाई आवश्यकता अनुसार परिमार्जन गरी नयाँ खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी नयाँ ऐन र आवश्यक नियमावलीहरूको तर्जुमा गरिनेछ ।

### १५. अनुगमन तथा मूल्याङ्कन

नीति कार्यान्वयनको नियमित अनुगमन तथा कार्यगत मूल्याङ्कनको कार्य कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट हुनेछ । कार्यान्वयन प्रभावकारी बनाउन प्रत्येक वर्ष समग्र पक्षको कार्यान्वयनको समीक्षा यसै नीति अनुरूप गठन हुने खाद्य स्वच्छता निर्देशन समितिले गर्नेछ र नीति कार्यान्वयनको मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरिनेछ ।

### १६. जोखिम

यस नीतिमा भएका व्यवस्थाहरू पूर्ण रूपले कार्यान्वयनमा ल्याउन धेरै सरोकारवाला निकायहरूको अहम् भूमिका रहने भएकोले सम्बन्धित सबै निकायहरूले जिम्मेवार र प्रतिवद्ध भई आफ्नो भूमिका निर्वाह गर्ने/गराउने वातावरण सिर्जना गर्न समयमै आवश्यकता अनुसार सम्वद्ध ऐन, नियमहरूको परिमार्जन तथा नयाँ कानुनहरूको निर्माण, प्रवर्द्धनात्मक/जनचेतनामूलक कार्यक्रमहरूको व्यवस्था अपरिहार्य हुन्छ ।

कानुनी आधार निर्माण गर्न, आवश्यक संरचनागत सुधार र प्रबन्ध गर्न तथा साधन स्रोतको व्यवस्था समयमै मिलाउन सकिएन भने नीतिमा भएको सबै प्रावधानहरू कार्यान्वयनमा ल्याउन नसकिने जोखिम रहेकोछ ।

### १७. बाधा अड्काउ फुकाउने अधिकार

यस नीतिको कार्यान्वयनको सिलसिलामा कुनै समस्या उत्पन्न भएमा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची–१

### राष्ट्रिय खाद्य स्वच्छता नीति कार्यान्वयनका लागि सरोकारवाला निकाय एवम् सङ्घ, संस्थाहरूका जिम्मेवारीका विषय तथा सहकार्यका क्षेत्र

| क्र. सं. | मन्त्रालय, विभाग, सङ्घ, संस्था, संस्थान, बोर्ड | जिम्मेवारीका विषय तथा सहकार्यका क्षेत्र |
|---|---|---|
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | • खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट पेस भएका नीति, कार्यनीति, कार्यक्रम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता एवम् औचित्य हेरी पारित गर्ने गराउने। आर्थिक स्रोतको व्यवस्था गर्ने रविभागको सुपरिवेक्षण गर्ने ।<br>• राष्ट्रिय खाद्य स्वच्छता नीतिलाई सम्बन्धित निकायहरूबाट प्रभावकारी कार्यान्वयनका लागि समन्वय गर्ने ।<br>• नीतिको कार्यान्वयन र कार्यक्रमहरूमा स्रोत र साधन परिचालन गर्ने ।<br>• खाद्यपदार्थका माध्यमबाट फैलन सक्ने रोगव्याधि एवम् महामारी सम्बन्धमा अपनाउनुपर्ने सतर्कताका बारेमा स्वास्थ्य सेवा विभाग र खाद्य नियामक निकायबीच प्रभावकारी सूचना सञ्चारमा सहजीकरण गर्ने ।<br>• खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा अन्य सरोकारवाला निकायहरूबाट राष्ट्रिय खाद्य स्वच्छता नीतिको कार्यान्वयनको सुनिश्चितता गर्ने । |
| २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | • विश्व व्यापार सङ्गठन (WTO) सँग सम्बन्धित विषय एवम् खाद्य व्यापार सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई सहयोग गर्ने ।<br>• स्वच्छ तथा गुणस्तरीय खाद्य आपूर्ति सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई सहयोग गर्ने ।<br>• खाद्य उद्योगहरूमा आचारसंहिता (Code of Practices), असल उत्पादन अभ्यास (GMP), जोखिम विश्लेषण एवम् संवेदनशील नियन्त्रण विन्दु (HACCP), खाद्य स्वच्छता व्यवस्थापन प्रणाली लागु गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सहयोग गर्ने ।<br>• ठुला तथा मझौला खाद्य उद्योगहरूसँग सम्बन्धित नियमन लगायतका खाद्य स्वच्छता एवम् गुणस्तरसम्बन्धी विषयहरू लागु गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई सहयोग गर्ने । |
| ३ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | • ऐन नियमावलीहरूको मस्यौदालगायत तिनलाई पारित गर्ने गराउने । |
| ४ | अर्थ मन्त्रालय | • राष्ट्रिय खाद्य स्वच्छता नीति लागु गर्ने कार्यक्रमहरूका लागि सम्बन्धित जिम्मेवार नियामक निकायहरूमा यथोचित बजेटको व्यवस्था गर्ने ।<br>• खाद्यपदार्थसँग सम्बद्ध उद्योगहरूमा स्वच्छता एवम् गुणस्तर कायम राख्न आर्थिक स्रोत जुटाउने कार्य गर्ने गराउने । |
| ५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • खाद्य स्वच्छता एवम् गुणस्तर (Food Safety and Quality -FSQ) सम्बन्धी कार्यमा सरोकारवालाहरूलाई सुसूचित गराउने । |

| क्र. सं. | मन्त्रालय, विभाग, सङ्घ, संस्था, संस्थान, बोर्ड | जिम्मेवारीका विषय तथा सहकार्यका क्षेत्र |
|---|---|---|
| ६ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय/स्वास्थ्य सेवा विभाग | • जङ्क फुड प्रयोगलाई निरुत्साहित बनाउने तथा होटल रेस्टुरेन्ट नियमनमा सहयोग गर्ने ।<br>• रासायनिक तथा विषालु तत्वहरूको प्रयोगका कारण खाद्यपदार्थलाई दूषित हुनबाट रोक्ने संयुक्त कार्यमा सहयोग गर्ने ।<br>• खाद्य इपिडेमियोलोजिकल तथ्याङ्कहरू सङ्कलन गर्ने व्यवस्था गरी खाद्य स्वच्छतासँग सम्बन्धित जोखिम व्यवस्थापन गर्न सहयोग गर्ने ।<br>• खाद्य स्वच्छतासँग सम्बन्धित जोखिम परीक्षणका विभिन्न आयामहरूमा सक्रिय सहभागी हुने । |
| ७ | गृह मन्त्रालय/ जिल्ला प्रशासन कार्यालय | • खाद्य स्वच्छता तथा गुणस्तर नियमन सम्बन्धी कारबाहीमा सहयोग गर्ने ।<br>• खाद्य स्वच्छता नियमन निकायका कार्यमा प्रहरी सेवा र सहयोगको सुनिश्चितता गर्ने ।<br>• ऐन नियम विपरित कार्य गर्नेहरूलाई कारबाही गर्ने निकायलाई सहयोग गर्ने ।<br>• खाद्यजनित रोग सर्वेक्षणमा सहयोग गर्ने । |
| ८ | पर्यटन विभाग/नेपाल पर्यटन बोर्ड | • राष्ट्रिय खाद्य स्वच्छता नीतिको कार्यान्वयन अन्तर्गत पर्यटन क्षेत्रमा खाद्य स्वच्छता प्रवर्द्धन गर्न पर्यटन विभागमार्फत कार्यक्रम समावेश गर्न भूमिका निर्वाह गर्ने ।<br>• खाद्यजनित रोग सर्वेक्षण कार्यक्रममा सहयोग गर्ने ।<br>• पर्यटन क्षेत्रमा खाद्य स्वच्छताका लागि जनचेतना फैलाउन नेपाल पर्यटन बोर्डमार्फत कार्यक्रम सञ्चालनमा सहयोग गर्ने । |
| ९ | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | • खाद्य स्वच्छता एवम् गुणस्तर नीतिको कार्यान्वयन गर्नुका साथै आवश्यक संरचनाको विस्तार र विकास गर्ने तथा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय गर्ने ।<br>• खाद्य ऐन नियम संशोधन, परिमार्जनका साथै तिनको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>• खाद्य तथा पेयपदार्थ आयात निर्यातमा स्वच्छता एवम् गुणस्तरको नियमन तथा प्रमाणीकरण गर्ने ।<br>• अल्कोहलिक पेय (Alcoholic Drinks), आहारपुरक खाद्यपदार्थ (Dietary Supplement), फङ्क्सनल फुड्स (Functional Foods), न्युट्रासुटिकल्स (Nutraceuticals) एवम् नवविकसित खाद्यपदार्थ (Novel Foods) लगायतका खाद्य तथा पेयपदार्थको स्वच्छता र गुणस्तर नियमन गर्ने ।<br>• खाद्य स्वच्छता सम्बन्धी जोखिम विश्लेषणको जिम्मेवारीको भूमिका खेल्ने । |
| १० | कृषि विभाग | • असल कृषि अभ्यास (GAP) लागु गर्ने, जीवनाशक विषादी नियमन गर्ने, खाद्य स्वच्छता एवम् आईपीपीसी (IPPC) का उद्देश्यहरू हासिल गर्न माग निर्देशनहरू तयार गर्ने र खाद्य स्वच्छता एवम् गुणस्तर लागु गर्न विशेष भूमिका निर्वाह गर्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग सहकार्य गर्ने । |

| क्र.सं. | मन्त्रालय, विभाग, सङ्घ, संस्था, संस्थान, बोर्ड | जिम्मेवारीका विषय तथा सहकार्यका क्षेत्र |
|---|---|---|
| ११ | पशुसेवा विभाग | • असल भेटेरिनरी अभ्यास (GVP) लागु गर्ने, ओआईइ (OIE) का गाइडलाइनहरू लागु गर्ने लगायतका कार्य गरी खाद्य स्वच्छता एवम् गुणस्तर (FSQ) का उद्देश्यहरू हासिल गर्ने सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सहयोगीको भूमिका निर्वाह गर्ने । |
| १२ | उद्योग विभाग | • खाद्यपदार्थका उद्योगहरूमा स्वच्छता एवम् गुणस्तर कायम गराउन विभागलाई सहयोग गर्ने । साथै उद्योग दर्ता, उद्योग सम्बन्धी सूचना, तथ्याङ्क सङ्कलन र प्रवाह लगायतका सम्बन्धमा सहयोग गर्ने । |
| १३ | घरेलु तथा साना उद्योग विभाग | • घरेलु तथा साना उद्योगहरूमा असल अभ्यासहरू लागु गर्न सहयोग गर्ने । |
| १४ | भन्सार विभाग | • भन्सार विन्दुमा खाद्य आयात निर्यात गुणस्तर नियमन तथा प्रमाणीकरण एवम् वनस्पति तथा पशुपन्छी क्वारेन्टाइन व्यवस्थापनमा सम्बन्धित विभागहरूलाई सहयोग पुऱ्याउने । |
| १५ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | • आयात निर्यात कार्यमा खाद्य स्वच्छता एवम् गुणस्तरका नियमनहरू लागु गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग आवश्यक सहकार्य गर्ने ।<br>• स्वच्छता एवम् गुणस्तरीय खाद्य आपूर्तिका नियमनहरू लागु गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग आवश्यक सहकार्य गर्ने । |
| १६ | औषधी व्यवस्था विभाग | • Drug Residue मापन तथा मापदण्ड निर्धारण गर्ने सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग आवश्यक सहकार्य गर्ने । |
| १७ | आयुर्वेद विभाग | • फङ्क्सनल फुड्स (Functional Foods) मापन तथा मापदण्ड निर्धारण गर्ने सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग आवश्यक सहकार्य गर्ने । |
| १८ | प्रदेश सरकार तथा स्थानीय तह | • आआफ्नो क्षेत्रमा खाद्य स्वच्छता एवम् गुणस्तर कायम राख्न आवश्यकताअनुसार खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्राविधिक सहयोग, सहकार्य एवम् समन्वयमा बजार निरीक्षण तथा अनुगमन गर्ने । |
| १९ | नेपाल गुणस्तर तथा नापतौल विभाग | • खाद्य पदार्थ सम्बन्धी प्राविधिक नियमन (Technical Regulation), प्रमाणीकरण एवम् प्रयोगशाला सेवा सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग सहकार्य गर्ने । |
| २० | उपभोक्ता तथा खाद्य सम्बन्धी सङ्घ, संस्था | • उपभोक्ता हितसँग सम्बन्धित विषयमा समग्र सरोकारवालाहरूसँग अन्तरक्रिया एवम् चासो राख्ने ।<br>• राष्ट्रिय खाद्य स्वच्छता नीतिको कार्यान्वयनमा सहभागी हुने ।<br>• नीति अनुरूप नभएका कार्यहरूबारे सम्बन्धित निकायहरूलाई जानकारी गराउने ।<br>• उपभोक्ता शिक्षा तथा जनचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याउने । |
| २१ | नेपाल उद्योग वाणिज्य महासङ्घ एवम् अन्य खाद्यपदार्थसम्बन्धी वस्तुगत सङ्घहरू | • राष्ट्रिय खाद्य स्वच्छता नीतिको कार्यान्वयनमा सहयोग गर्ने ।<br>• उद्योग व्यवसायमा खाद्य स्वच्छता एवम् गुणस्तर सम्बन्धी पक्षको अवलम्बन गराउन भूमिका खेल्ने ।<br>• उद्यमी र व्यवसायीहरूलाई खाद्य स्वच्छतामा जिम्मेवार बनाउन मद्दत गर्ने ।<br>• खाद्य स्वच्छता सम्बन्धी तालिम तथा सचेतना कार्यक्रमहरू गर्ने । |

| क्र. सं. | मन्त्रालय, विभाग, सङ्घ, संस्था, संस्थान, बोर्ड | जिम्मेवारीका विषय तथा सहकार्यका क्षेत्र |
|---|---|---|
| २२ | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड | • तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>• खाद्य स्वच्छताका कार्यक्रमहरूमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग सहकार्य गर्ने । |
| २३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | • तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>• खाद्य स्वच्छताका कार्यक्रमहरूमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग सहकार्य गर्ने । |
| २४ | खाद्य विज्ञान तथा प्रविधि विषयसँग सम्बन्धित शिक्षण संस्थाहरू | • राष्ट्रिय खाद्य स्वच्छता नीतिको कार्यान्वयनमा आवश्यक सहयोग र सरसल्लाह दिने ।<br>• जनशक्ति विकासमा सहयोग गर्ने ।<br>• खाद्य जोखिम विश्लेषण कार्यमा प्राज्ञिक सहयोग गर्ने । |
| २५ | नेपाल कृषि अनुसन्धान परिषद् (NARC) | • राष्ट्रिय खाद्य स्वच्छता नीतिको कार्यान्वयनमा अनुसन्धानमूलक कार्य र खाद्य भण्डारण प्रणालीजस्ता विषयहरूमा आवश्यक सहयोग र सरसल्लाह दिने ।<br>• खाद्यजनित रोगहरूको सर्वेक्षण कार्यमा सहयोग गर्ने । |
| २६ | महान्यायाधिवक्ताको कार्यालय/सरकारी वकिलको कार्यालय | • खाद्यसम्बन्धी मुद्दाहरू दायर गर्ने, बहस तथा पैरवी गर्ने कार्यमा सहयोग गर्ने ।<br>• खाद्य सम्बन्धी कानुनी सुझाव तथा परामर्श उपलब्ध गराउन सहयोग गर्ने । |
| २७ | नेपाल प्रेस काउन्सिल | • खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी सूचना सन्देश प्रचारप्रसारको अनुगमन र सहयोग गर्ने । |
| २८ | राष्ट्रिय सूचना आयोग | • खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी सूचनाहरूको प्रवाह व्यवस्थापनमा सहयोग गर्ने । |
| २९ | राष्ट्रिय किसान आयोग | • कृषकहरूलाई असल अभ्यासहरू कार्यान्वयन गर्ने तथा स्वच्छता अभिवृद्धि कार्यमा सहयोग र सहकार्य गर्ने । |

# राष्ट्रिय वन नीति, २०७५

## १. पृष्ठभूमि

वन नेपालको महत्वपूर्ण प्राकृतिक सम्पदा हो । मुलुकको झण्डै आधा भाग ढाकेको वन क्षेत्रले पर्यावरणीय सुरक्षा, सांस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिमा समेत योगदान पुऱ्याएको छ । वन क्षेत्रको दिगो व्यवस्थापनबाट हरित अर्थतन्त्र निर्माण, रोजगारीको अवसरहरूको सिर्जना, पर्यापर्यटनमा टेवा, कार्बन सञ्चिति, जैविक विविधता र जलाधार जस्ता पारिस्थितिकीय सेवाहरू अभिवृद्धि गरी समृद्धि प्राप्तिको राष्ट्रिय लक्ष्यमा वन क्षेत्रको समग्र योगदान बढाउनु पर्ने आवश्यकता रहेको छ ।

नेपालले सामुदायिक वनलगायतका समुदायमा आधारित वन व्यवस्थापनबाट प्राप्त गरेका सफलता विश्वमा नै उदाहरणीय मानिएको छ । समग्र वन व्यवस्थापन र वनमा आधारित उद्यम विकासमा उपभोक्ता समूह, सहकारी संस्था, वन उद्यमी, काष्ठ, जडीबुटी तथा गैरकाष्ठ वनपैदावारका उद्योग व्यवसायी तथा पारिवारिक तथा निजी वन धनीहरूको भूमिका समेत अपरिहार्य रहेकोले परिमाणात्मक तथा गुणात्मक रूपमा सरोकारवालाहरूको सहभागिता बढाउँदै लैजान नयाँ वातावरण निर्माण गर्नुपर्ने विषय प्राथमिकतामा रहेको छ ।

नेपाल सङ्घीय संरचनामा रूपान्तरण भइरहँदा वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, कार्बन सञ्चिति जस्ता स्रोत र सेवाहरूको व्यवस्थापन र तिनबाट प्राप्त हुने लाभको न्यायोचित वितरण गर्ने कार्यमा सङ्घीय, प्रादेशिक र स्थानीय सरकारका बिचमा निरन्तर समन्वय, सहकार्य र सहयोग हुनुपर्ने पृष्ठभूमिमा नेपालको राष्ट्रिय वन नीति, २०७५ तर्जुमा गरिएको छ ।

## २. विगतमा भएका प्रयास

नेपालमा वन स्रोतको संरक्षण र उपयोगका लागि एकीकरण पूर्वदेखि प्रयास हुँदै आएको हो । एकीकरण पश्चात् २००७ सालसम्मको अवधिमा वन जङ्गललाई आदिवासी जनजातिहरूले किपट, गुठी जस्ता सामूहिक सम्पतिको रूपमा एकातिर उपयोग गर्दै आए भने अर्कोतर्फ शासकहरूले सम्भ्रान्त परिवारहरूलाई बिर्ता वा जागिरका रूपमा वन जङ्गल दर्ता गरी दिने काम भयो । तर २००७ सालको राजनीतिक परिवर्तन पश्चात् २०१३ सालमा कानुन बनाएरै सामन्तहरूका निजी स्वामित्वमा रहेका वन जङ्गललाई राष्ट्रियकरण गरियो । त्यसैगरी बिर्ता उन्मुलन र किपट प्रथाको अन्त्य गरी नेपाल भित्रको वन जङ्गलको अधिकांश भागलाई सरकारी सम्पत्तिका रूपमा रूपान्तरण गरियो । वनको संरक्षण गर्न पहिलो ऐनको रूपमा वन ऐन, २०१८ जारी गरी मुलुकको वन स्रोतलाई वन विभागको नियन्त्रणमा ल्याइयो तर यस प्रक्रियाबाट वन जङ्गलमा जनताको अपनत्व कम भयो भने वन विनाशको दर बढ्दै गयो । त्यसैगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जारी गरी वन्यजन्तु र पारिस्थितिकीय महत्वका स्थानहरूलाई संरक्षण गर्ने प्रयास गरियो । यी अभ्यासगत वा कानुनी प्रयासहरू भए पनि नीति दस्तावेजका रूपमा भने पहिलो पटक २०३३ मा राष्ट्रिय वन योजना जारी भएको हो ।

राष्ट्रिय वन योजना, २०३३ मार्फत वनको संरक्षण र व्यवस्थापनमा जनसहभागिता जुटाउने नीति अवलम्बन गरियो । नयाँ बृहत् वन नीतिका रूपमा वन विकास गुरुयोजना, २०४७ जारी गरियो । यस गुरुयोजनाले क) सामुदायिक तथा निजी वन, ख) राष्ट्रिय तथा कबुलियति वन, ग) काठमा आधारित उद्योग, घ) जडीबुटी तथा सुगन्धित वनस्पति तथा अन्य गैरकाष्ठ वनपैदावारको विकास, ङ) पारिस्थितिकीय प्रणाली तथा आनुवंशिक स्रोतको संरक्षण र च) भू-संरक्षण तथा जलाधार व्यवस्थापन गरी ६ वटा प्रमुख कार्यक्रमहरूको विस्तृत योजना तयार गरी तिनको लागि ६ वटा टेवामूलक कार्यक्रमहरूसमेत पहिचान गऱ्यो । गुरुयोजनाको उपलब्धि स्वरूप वन, जलाधार र संरक्षित क्षेत्र व्यवस्थापनमा जनसहभागिताको अनुकूल वातावरण सिर्जना भई देशव्यापी रूपमा हजारौंका सङ्ख्यामा उपभोक्ता समूहहरू गठन भई क्रियाशील रहे । २०५७ मा परिमार्जित

वन नीति जारी गरियो जसमा खास गरी तराईका ठूला चक्ला वनहरूको व्यवस्थापनका साथै वनमा आधारित उद्योगका सवालहरूलाई सम्बोधन गर्ने प्रयास गरियो ।

वन विकास गुरुयोजनाको २१ वर्षे अवधिको समाप्ति पश्चात् वन नीति, २०७१ जारी गरियो जसमा दिगो वन व्यवस्थापन, वातावरणीय सेवाबाट प्राप्त लाभको न्यायोचित वितरण, जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन, समुदायद्वारा व्यवस्थित वन, हरित रोजगारीको सिर्जना, जलवायु परिवर्तन र सुशासन गरी ७ वटा प्रमुख नीतिगत क्षेत्र र तिनका रणनीति र कार्यनीति समेत पहिचान गरियो । वन नीति, २०७१ लागु भएको चार वर्ष पूरा भएको सन्दर्भमा नेपालको संविधान जारी भएपश्चात् राज्यको निर्देशक सिद्धान्त र नीतिमा वनका नयाँ विषयहरू समावेश भएको, मुलुक सङ्घीय संरचनामा रूपान्तरण भएको र सङ्घको अधिकारको सूचीमा राष्ट्रिय वन नीति समेत परेको हुँदा नयाँ राष्ट्रिय वन नीति तर्जुमा गरिएको हो ।

**३. हालसम्मको उपलब्धि**

दिगो विकास लक्ष्य हासिल गर्न वन क्षेत्रको योगदान उल्लेखनीय रहेको छ । स्थानीय समुदाय र राज्य संरचनाको निरन्तर प्रयासबाट हाल वन क्षेत्र नेपालको कुल भू-भागको ४४.७४ प्रतिशत पुगेको छ । यसबाट स्थानीय बासिन्दाको वन पैदावारको दैनिक आवश्यकतालाई परिपूर्ति गर्नुका साथै वातावरणीय सन्तुलनमा अहम् भूमिका निर्वाह गरेको छ । राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा ठूलो योगदान पुऱ्याएको छ । नेपालको सामुदायिक वन अन्तर्राष्ट्रिय जगतमा नै उदाहरणीय बन्न पुगेको छ । करिब २२ हजार सामुदायिक वन उपभोक्ता समूहहरूबाट करिब २२ लाख हेक्टर वन क्षेत्रको संरक्षण र व्यवस्थापन भइरहेको छ । गरिबीको रेखामुनी रहेका समुदायलाई हस्तान्तरण गरिएको कबुलियती वनबाट उक्त समुदायको जीवनस्तर उकास्न मद्दत पुगेको छ । हालसम्म १ लाख १३ हजार १८५ हेक्टर वन क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन पद्धति लागु गरी वन व्यवस्थापन गरिएको छ । यसले वनपैदावारको आपूर्ति र हरित उद्यम सञ्चालनमा मद्दत पुगेको छ । जैविक विविधता तथा जलाधारको हिसाबले महत्वपूर्ण क्षेत्रहरूको पहिचान गरी हालसम्म १० वटा संरक्षित वनको रूपमा घोषणा गरी जनसहभागितामा संरक्षणमुखी कार्यक्रमहरू सञ्चालन गरिएको छ। करिब १ लाखभन्दा बढी स्थानीय मानिसहरूले वनमा पूर्णकालीन रोजगारीको अवसर प्राप्त गरेका छन् ।

रूद्राक्ष, खयर, सतिसाल, विजयसाल लगायतको विभिन्न महत्वपूर्ण वनस्पति प्रजातिहरूको वन बीउ बगैंचाहरू व्यवस्थापन भइरहेको छ । साथै विजयसाल जस्ता लोपोन्मुख वनस्पति प्रजातिहरूको संरक्षण कार्ययोजना तयार भई अगाडि बढाइएको छ । नेपाल विभिन्न बहुमूल्य जडीबुटीहरूको भण्डारको रूपमा रहेको छ । यस्ता महत्वपूर्ण वानस्पतिक स्रोत तथा जडीबुटीहरूको अध्ययन, अनुसन्धान, अभिलेखीकरण र गुण पहिचान गर्दै प्रविधि विकास गरी खेती विस्तारका कार्यहरू सञ्चालन गरिएको छ। एकातर्फ आर्थिक महत्वका जडीबुटीहरूको खेती विस्तार, व्यावसायीकरण र मूल्य अभिवृद्धि सहित अन्तर्राष्ट्रिय बजारसम्म निकासी प्रवर्द्धन गर्ने कार्य भइरहेको छ भने अर्कोतर्फ लोपोन्मुख जडीबुटी प्रजातिहरूको दिगो संरक्षण र उपयोगका कार्यक्रमहरू कार्यान्वयनमा रहेको छ ।

नेपालको भौगोलिक बनावट भू-क्षय, बाढी पहिरो, माटोको थिग्रीकरण लगायतका जलाधारीय जोखिममा रहेको अवस्थामा नदी प्रणालीमा आधारित बृहत जलाधार व्यवस्थापनका कार्यहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ । भौगोलिक हिसाबले अत्यन्त संवेदनशील अवस्थामा रहेको चुरे क्षेत्रको संरक्षणको लागि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास कार्यक्रम सञ्चालनमा रहेको छ। चुरे र भावर तथा तराई क्षेत्रको अन्योन्याश्रित सम्बन्धलाई मध्यनजर गरी तल्लो तटीय र माथिल्लो तटीय सम्बन्धको आधारमा संरक्षण र व्यवस्थापनका कार्यहरू भइरहेको छ ।

नेपालको कुल भू-भाग मध्ये २३.३९ प्रतिशत क्षेत्रफल संरक्षित क्षेत्रले ओगटेको छ। यी संरक्षित क्षेत्रहरूबाट जैविक विविधता संरक्षणमा अत्यन्त ठूलो योगदान पुगेको छ। नेपालमा रहेका ११८ पारिस्थितिक प्रणालीहरूमध्ये ८० वटा यिनै संरक्षित क्षेत्रभित्र पर्दछन् । यी संरक्षित क्षेत्रहरूमा विश्वमा नै दुर्लभ मानिएका बाघ, गैंडा, हात्ती, हिउँ चितुवा लगायतका महत्वपूर्ण एवम् Flagship प्रजातिहरूको संरक्षण योजना तयार भई कार्यान्वयनमा रहेका

छन् जसले यस्ता वन्यजन्तुहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । लोपोन्मुख र सङ्कटापन्न वन्यजन्तु एवम् वनस्पति प्रजातिको प्राणी उद्यान, चिडियाखाना, वनस्पति उद्यान लगायतका संरक्षण पद्धतिहरूबाट स्वस्थानीय र परस्थानीय संरक्षणका कार्यहरू भइरहेका छन् । नेपालमा भित्रिने विदेशी पर्यटकहरूमध्ये ६० प्रतिशत भन्दा बढी पर्यटक संरक्षित क्षेत्रमा आउने गरेको पाइएको छ । यसरी संरक्षणमार्फत पर्यापर्यटनमा अभिवृद्धि भई देशको अर्थतन्त्रमा टेवा पुगेको छ ।

जैविक विविधता, जलवायु परिवर्तन जस्ता संरक्षण क्षेत्रका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा सहभागी भई अन्तर्राष्ट्रिय सहकार्य बढाउँदै आइएको छ । तराईका १३ जिल्लाको लागि Emission Reduction Program Document (ERPD) तयार भई कार्यान्वयनको चरणमा रहेको छ । यसले निकट भविष्यमा नेपालले उत्सर्जन कटौतिबाट अन्तर्राष्ट्रिय भुक्तानीको दावी गर्ने अवस्था रहेको छ ।

## ४. चुनौती तथा अवसर

### चुनौती

उपलब्ध वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्न नसक्नु प्रमुख चुनौती हो । वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनको कार्यलाई तीन तहका सरकार, वन समूह र निजी क्षेत्र बीच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माण गर्नु एवम् वन, मानव वन्यजन्तु लगायत जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापनका कार्य र मुलुकको भौतिक एवम् सामाजिक-आर्थिक विकास बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रको थप चुनौतीहरू हुन् । वन क्षेत्रबाट उत्पादित वस्तु तथा सेवाहरूको विस्तार र तिनबाट प्राप्त लाभको वर्गीय, लैङ्गिक तथा सामाजिक रूपमा समन्यायिक बाँडफाँट गर्नुसमेत चुनौतीको रूपमा रहेको छ ।

### अवसर

नेपालको प्राकृतिक स्रोतहरूमध्ये वन, जैविक विविधता तथा जलाधार क्षेत्र प्रत्यक्ष जनताको जीविकोपार्जनसँग जोडिएको महत्वपूर्ण विषय हुनाले यसको र भू-परिधिस्तर सुधार समेत गर्दै दिगो व्यवस्थापन मार्फत मुलुकको समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने सम्भावना रहेको छ । सङ्घीय संरचना अनुसार तीन तहका सरकार कार्यान्वयन अवस्थामा रहेको हुँदा वन तथा जैविक विविधता संरक्षण र व्यवस्थापनमा स्रोत, साधनको उपलब्धतामा सहज हुनका साथै अपनत्वमा समेत वृद्धि हुने सम्भावना रहेको छ । सामुदायिक वन लगायतका समुदायमा आधारित तीस हजारभन्दा बढी वन समूहहरू मार्फत वनको व्यवस्थापन, वनमा आधारित उद्योग र पर्यापर्यटन प्रवर्द्धन गर्न सकिने अवसर रहेको छ । वनको संरक्षण र विकासबाट वातावरणीय अवस्थामा सुधार गर्दै कार्बन संरक्षण र सञ्चितिबाट अन्तर्राष्ट्रिय भुक्तानीमा पहुँच पुऱ्याउन सकिने पनि अवसर रहेको छ। जैविक विविधता र प्राकृतिक रमणीयताका कारण संरक्षित क्षेत्रहरू र अधिकांश समुदायद्वारा व्यवस्थित वनहरूमा व्यापक रूपमा प्रकृतिमा आधारित पर्यटन विकास र विस्तार गर्न सकिने सम्भावना रहेको छ । नेपालमा पाइने वन्यजन्तु र वनस्पतिको व्यवस्थापनबाट देशलाई विश्वमा चिनाउन सकिने अवसर रहेको छ। नेपालका बहुमूल्य जडीबुटीहरूको देशभित्रै प्रशोधन तथा मूल्य अभिवृद्धिका चरणहरू पूरा गरी नेपालमा बनाउँ (Make in Nepal) अभियानका साथ उत्पादनहरूको व्यावसायीकरण गर्न सक्ने सम्भावना रहेको छ ।

## ५. दूरदृष्टि

यस नीतिको दूरदृष्टि “व्यवस्थित वन क्षेत्र र सन्तुलित पर्यावरणमार्फत नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा योगदान” रहनेछ ।

## ६. लक्ष्य र उद्देश्यहरू

**६.१ लक्ष्यः** यस नीतिको लक्ष्य वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, वन्यजन्तु र वनस्पतिको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन एवम् मूल्य अभिवृद्धि र तिनको न्यायोचित वितरण गर्नु रहेको छ ।

**६.२ उद्देश्यहरू**: यो नीतिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१) वन क्षेत्रको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्ने ।
२) वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धि सहित निर्यात प्रवर्द्धन गर्ने ।
३) संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्दतिहरूबाट पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पुऱ्याउने ।
४) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्ने ।
५) वन क्षेत्रको संरक्षण र सोको बहुआयामिक उपयोग गर्ने ।
६) फलफूल लगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रूपमा विकास गर्ने ।
७) हालको वन क्षेत्रलाई घट्न नदिई विभिन्न प्रकारबाट क्षति भएका वनको पुर्नस्थापना गर्ने ।
८) जलाधार क्षेत्रहरूको एकीकृत व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्ने ।
९) कार्बन उत्सर्जन न्यूनीकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पुऱ्याउने ।
१०) वन क्षेत्रको शासकीय सुधार गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्ने ।
११) वन क्षेत्रको अध्ययन, अनुसन्धान, शैक्षिक गुणस्तर तथा क्षमता अभिवृद्धि गर्ने ।

## ७. नीतिको क्षेत्राधिकार

१) यो नीति वन क्षेत्रको मुल नीतिको रूपमा रहनेछ र वन क्षेत्रसँग सम्बन्धित सबै तहका नीति र रणनीति तथा वन क्षेत्रसँग सम्बन्धित कानुनहरू यसै नीतिद्वारा निर्देशित हुनेछन् ।
२) राष्ट्रिय वन र संरक्षित क्षेत्रका व्यवस्थापन पद्धतिहरू यसै नीतिबाट निर्देशित हुनेछन् ।

## ८. नीतिहरू

यस वन नीतिको दूरदृष्टि, लक्ष्य र उद्देश्यहरू हासिल गर्न निम्न नीतिहरू अवलम्बन गरिनेछ :

### ८.१ वनको भूस्वामित्व

**नीतिः**

१) राष्ट्रिय वन र संरक्षित क्षेत्रको भूस्वामित्व सङ्घीय सरकारमा निहित रहनेछ ।
२) विभिन्न वन व्यवस्थापन पद्धति अन्तर्गत प्राप्त वनपैदावार माथिको स्वामित्व सम्बन्धित वन व्यवस्थापक निकाय, समुदाय वा संस्थामा निहित रहनेछ ।
३) निजी वनको भूस्वामित्व सम्बन्धित जग्गाधनीमा निहित रहनेछ ।

**रणनीति तथा कार्यनीति**

१) वनलाई वनकै रूपमा व्यवस्थापन गर्ने गरी कानुन, निर्देशीका तथा कार्यविधि बनाई कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२) राष्ट्रिय प्राथमिकता प्राप्त वा राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालन गर्न वन प्रयोग गर्नुको विकल्प नभएमा सङ्घले कानुन, निर्देशीका तथा कार्यविधिका आधारमा वन क्षेत्र प्रयोग गर्ने व्यवस्था गर्नेछ र वन क्षेत्र प्रयोग गर्दा घटेको वनको क्षेत्रफललाई परिपूर्ति हुनेगरी सङ्घले प्रदेश तथा स्थानीय तहसँग समेत समन्वय गरी वृक्षारोपण तथा वनको पुर्नस्थापना गर्नेछ ।

### ८.२ वन स्रोतको दिगो, सहभागितामूलक र उत्तरदायी व्यवस्थापन

**नीति**

१) वन क्षेत्रको उत्पादकत्व र वनपैदावारको उत्पादन वृद्धि गर्न वन स्रोतको दिगो व्यवस्थापन गरिनेछ ।
२) सबै प्रकारका वन व्यवस्थापन पद्दति र पारिस्थितिकीय प्रणालीको व्यवस्थापन गर्दा दिगो व्यवस्थापनका सिद्धान्तका आधारमा गरिनेछ ।

**रणनीति तथा कार्यनीति**

१) सामुदायिक वन, साझेदारी वन, कबुलियति वन (गरिबमुखी) लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरूको प्रवर्द्धन र विकास गरिनेछ ।

२) वनपैदावार सङ्कलनमा दिगोपना र प्रभावकारिताका लागि विज्ञान र प्रविधिहरूको प्रयोगलाई प्रोत्साहन गरी यस्ता प्रविधिहरूको थप विकास र विस्तार गर्दै लगिनेछ ।

३) सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दिगोपना सुनिश्चित गर्न दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्डबाट वन प्रमाणीकरण गर्दै लगिनेछ ।

**८.३ हरित उद्यम विकास र राष्ट्रिय समृद्धिमा योगदान**

**नीतिः**

१. वन क्षेत्रको विकास, विस्तार तथा जडीबुटी लगायत वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन तथा विस्तार गरिनेछ ।

२. वन क्षेत्रबाट रोजगारीका अवसरहरू गुणात्मक रूपमा वृद्धि गरिनेछ ।

३. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, संरक्षित वन, सिमसार क्षेत्र, प्राणी उद्यान, वनस्पति उद्यान लगायत सबै संरक्षित क्षेत्रहरूलाई पर्यापर्यटनको आधारको रूपमा प्रवर्द्धन र विकास गरिनेछ ।

४. संरक्षित क्षेत्र बाहिर रहेका सामुदायिक वन, साझेदारी वन, संरक्षित वन, धार्मिक वनहरूलाई उपलब्ध स्रोत र साधनको उपयोग गर्दै पर्यापर्यटन समेतको लागि विकसित गर्दै लगिनेछ ।

५. जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको संरक्षण, खेती विस्तार, सङ्कलन, प्रशोधन, प्रमाणीकरण, व्यावसायीकरण र निर्यात प्रवर्द्धन गरिनेछ ।

६. कार्बन उत्सर्जन न्यूनीकरण गर्न काठको उत्पादन र सदुपयोग बढाइनेछ ।

**रणनीति तथा कार्यनीतिः**

१) हरित उद्योग प्रवर्द्धन र विकासका लागि निजी, सामुदायिक र सहकारी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ ।

२) हरित उद्यम विकासका लागि वन उपभोक्ता समूहहरूको सहकारी निर्माण गरिनेछ ।

३) हरित उद्यमका लागि वन विज्ञान तथा प्रविधिका शैक्षिक तथा प्रशिक्षण केन्द्रहरू, उपभोक्ता समूहका सहकारी, निजी क्षेत्र र बैंक तथा वित्तीय संस्थाहरूलाई प्रत्यक्ष रूपमा सहकार्य गर्ने वातावरण निर्माण गरिनेछ ।

४) वनमा आधारित सार्वजनिक संस्थानहरू मार्फत समेत हरित उद्योग सञ्चालन तथा रोजगारीका अवसरहरू सिर्जना गरिनेछ ।

५) हरित उद्योगहरूमा सार्वजनिक, सामुदायिक, सहकारी तथा निजी क्षेत्रको साझेदारीलाई प्रोत्साहन गरिनेछ ।

६) काठ तथा गैरकाष्ठ वन पैदावारको उत्पादनका लागि प्राकृतिक वितरण, उपलब्धता र विकासको सम्भाव्यता समेतको आधारमा उपयुक्त क्षेत्र छनोट (Zoning) र प्रजाति छनोट गरिनेछ ।

७) वन पैदावारको मूल्य निर्धारणलाई पारदर्शी बनाउँदै सर्वसाधारणले सुलभ मूल्यमा काठ लगायतका वन पैदावार प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना गरिनेछ ।

८) वन पैदावारको उत्पादन क्षेत्र र उत्पादन बढाउन सरकारी स्वामित्वका सार्वजानिक संस्थाहरूलाई सहुलियतपूर्ण वित्तीय लगानीको व्यवस्था गरिनेछ ।

**८.४ जैविक विविधता संरक्षण**

**नीतिः**

१) दुर्लभ, लोपोन्मुख र संरक्षित लगायतका वन्यजन्तु तथा वनस्पतिको स्व-स्थानीय र परस्थानीय संरक्षण र व्यवस्थापन गरिनेछ ।

२) राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र जस्ता अन्तर्राष्ट्रिय पहिचानका संरक्षित क्षेत्र व्यवस्थापन बाहेक कुनै स्थानीय समुदायद्वारा परम्परादेखि संरक्षित हुँदै आएका वन क्षेत्रहरूलाई सामुदायिक संरक्षित क्षेत्र (Community Conserved Area) को रूपमा मान्यता दिइनेछ ।

३) मानव-वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण गर्नका लागि भू-परिधिस्तरमा संरक्षित क्षेत्र र राष्ट्रिय वनमा रहेका जैविक मार्गहरूको एकीकृत र समुचित व्यवस्थापन गरिनेछ।

**रणनीति तथा कार्यनीतिः**

१) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रहरूको दिगो व्यवस्थापनका लागि सहभागितामूलक ढङ्गबाट एकीकृत व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२) वन्यजन्तु र वनस्पतिको परस्थानीय संरक्षण प्रवर्द्धन गर्न सङ्घ, प्रदेश र स्थानीय तहका प्राणी उद्यान तथा वनस्पति उद्यानहरू स्थापना र सञ्चालन गरिनेछ।

३) जैविक विविधता र जलाधार संरक्षणका लागि अन्तरदेशीय सहयोग र सहकार्य समेत गरिनेछ।

**८.५ जलाधार, वातावरणीय सेवा र रेड प्लस**

**नीतिः**

१) जल तथा भूमिको एकीकृत संरक्षण र व्यवस्थापन मार्फत स्वस्थ जलाधार कायम गरी जमिनको उत्पादकत्व वृद्धि गरिनेछ।

२) उपल्लो र तल्लो तटीय सम्बन्धका आधारमा चुरे क्षेत्रका जलाधारहरूको संरक्षण र व्यवस्थापन गरिनेछ।

३) सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन र दिगो उपयोग गरिनेछ।

**रणनीति तथा कार्यनीतिः**

१) जैविक विविधता र जलाधारको एकीकृत व्यवस्थापनबाट पारिस्थिकीय सन्तुलन कायम गरी वातावरणीय सेवाको प्रवर्द्धन र उपयोग बढाइनेछ।

२) वातावरणीय सेवाको मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ।

३) वन क्षेत्रबाट कार्बन उत्सर्जन न्यूनीकरणमा पुर्‍याइने योगदान वापत अन्तर्राष्ट्रिय संयन्त्रहरूबाट भुक्तानी पाउने अवसरको उपयोग गरिनेछ।

**८.६ राष्ट्रिय वन बाहिरका वन**

**नीतिः**

१) राष्ट्रिय वन बाहिरका निजी वन, सार्वजनिक जग्गाका वन, संस्थागत जग्गाका वन, सहरी वन र कृषि वन र पारिवारिक वनको विस्तार, विकास र प्रवर्द्धनका लागि सहुलियत दरका ऋण उपलब्ध गराई प्रोत्साहन गरिनेछ।

२) निजी वन, सार्वजनिक जग्गाका वन, संस्थागत जग्गाका वन, सहरी वन र कृषि वन र पारिवारिक वनको विस्तारका लागि प्रचार प्रसार, प्रविधि हस्तान्तरण र वन धनीको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**रणनीति तथा कार्यनीतिः**

१) निजी जग्गामा उत्पादित वनपैदावारलाई जग्गाधनीले कटान, प्रशोधन, बिक्री वितरण, ओसार पसार र प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ।

२) निजी जग्गामा निजी वन, कृषि वन तथा तिनमा आधारित हरित उद्योगहरूलाई प्रवर्द्धन र विस्तार गर्न नवीनतम् प्रविधिहरू हस्तान्तरण गरिनेछ।

**८.७ अनुसन्धान र क्षमता विकास**

**नीतिः**

१) वन क्षेत्रको अध्ययन, अनुसन्धान र प्रचार प्रसारलाई प्रभावकारी बनाई प्राप्त सिकाई र नतिजालाई वन क्षेत्रका विषयगत नीति निर्माण, योजना तर्जुमा र व्यवस्थापन कार्यमा उपयोग गरिनेछ।

२) वन प्राविधिक पेसालाई व्यावसायिक, दक्ष, मर्यादित, गुणस्तरीय र सेवामूलक बनाइनेछ।

३) वन पैदावार र वनजन्य वस्तुको निर्यातका लागि प्रयोगशाला परीक्षण र प्रमाणीकरणलाई सहज बनाइनेछ।

**रणनीति तथा कार्यनीतिः**

१) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिइनेछ ।

२) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउन अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरू सिर्जना गरिनेछ ।

३) स्थानीय समुदायमा रहेको वनजन्य, जडीबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गरिनेछ ।

**८.८ सामाजिक सुरक्षा, समावेशीकरण र सुशासन**

**नीतिः**

१) सबै प्रकारका वन व्यवस्थापन प्रणालीहरूबाट प्राप्त लाभको न्यायोचित बाँडफाँट र प्रभावकारी सदुपयोगको सुनिश्चितता गरिनेछ ।

२) जैविक विविधता र त्यससँग जोडिएका आदिवासी जनजाति तथा स्थानीय समुदायका परम्परागत ज्ञान, सीप, अभ्यास, सामाजिक-सांस्कृतिक पद्धति, कला, बौद्धिक सम्पत्ति आदिको अभिलेखीकरण, पञ्जीकरण र सुरक्षण गर्दै लगिनेछ ।

३) वन क्षेत्रका सबै सरकारी, सामुदायिक, सहकारी र निजी संस्थाहरूमा लैङ्गिक विभेदको अन्त्य गरिनेछ ।

४) वन क्षेत्रका सबै निकायहरूमा पारदर्शिता, जवाफदेहीता र निष्पक्षता कायम गर्दै प्रभावकारी सेवा प्रवाह गरिनेछ ।

**रणनीति तथा कार्यनीतिः**

१) वन स्रोतको व्यवस्थापन गर्दा वनका श्रमिक, व्यवस्थापक समुदाय, महिला, आदिवासी जनजाति, दलित, मधेसी, थारू, मुस्लिम अल्पसङ्ख्यक, फरक क्षमता भएका, विपन्न र पछाडि पारिएको समुदायको अधिकार सुनिश्चित गर्दै लाभमा उनीहरूको पहुँच वृद्धि गरिनेछ ।

२) वन क्षेत्रका संस्था, नीति, कार्यक्रम, बजेट तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सिद्धान्तका आधारमा गरिनेछ ।

३) वन क्षेत्रमा आयोजनाहरू सञ्चालन गर्दा प्रभावित समुदायको स्वतन्त्र पूर्व सुसूचित सहमति लिने व्यवस्था गरिनेछ ।

४) वन क्षेत्रका सबै संस्थाहरूमा निर्णायक जिम्मेवारी सहित पचास प्रतिशत महिलाको सहभागिता हुनेगरी रणनीति, कानुन, बजेट, कार्यक्रम र अभ्यासको अवलम्बन गरिनेछ ।

५) नेपाल पक्षराष्ट्र भएका वन तथा वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि, आवश्यक कानुनी र संरचनागत व्यवस्था गरिनेछ ।

## ९. नीति कार्यान्वयन विधि (Approaches)

नीति कार्यान्वयनका लागि निम्न विधिहरू अवलम्बन गरिनेछ

१) जनसहभागितामूलक र बहुसरोकारवाला ।

२) पारिस्थितिकीय एवम् भू-परिधिस्तरीय ।

३) जलाधार क्षेत्रहरूको एकीकृत व्यवस्थापन ।

४) लैङ्गिक तथा सामाजिक समावेशीकरण ।

५) अद्यावधिक तथ्याङ्क र सूचनाको प्रवाहीकरण ।
६) उद्यम मैत्री वन व्यवस्थापन प्रणाली ।
७) वन सम्वर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन ।
८) राष्ट्रिय वनबाट टाढा बसोवास गर्ने बासिन्दाको वन स्रोतमाथिको अधिकार ।
९) सबै तहका सरकार, सहकारी, समुदाय र निजी क्षेत्रबीचको समन्वय, साझेदारी र सहकार्य ।

## १०. कानुनी, संस्थागत तथा संरचनात्मक खाका

१) वन क्षेत्रका नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि सङ्घीय, प्रदेश र स्थानीय तहमा आवश्यक कानुन र रणनीति, कार्यनीति, निर्देशीका, कार्यविधि, मार्गदर्शन र योजनाहरू तर्जुमा गरी लागु गरिनेछ ।
२) सबै तहका सरकारहरूबाट वन क्षेत्रसँग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा सम्बन्धित सरोकारवालाहरूलाई सहभागी गराइनेछ ।
३) नीतिहरूको प्रभावकारी कार्यान्वयन गरी यस नीतिको दूरदृष्टि र लक्ष्य प्राप्तिको निमित्त उपयुक्त संस्थागत एवम् संरचनागत व्यवस्थाहरू गरिनेछ ।

## ११. राष्ट्रिय वन नीति कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका

१) वन क्षेत्रका कार्यक्रमहरू कार्यान्वयन गर्दा सङ्घ, प्रदेश तथा स्थानीय तहको समन्वयबाट गरिनेछ ।
२) सङ्घले वन क्षेत्रको लागि राष्ट्रियस्तरको नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमनका विषयहरू निर्धारण गर्नेछ ।
३) सङ्घले विभिन्न तहका सरकारहरू बीच वन व्यवस्थापन पद्धति कार्यान्वयनका लागि नीतिगत सामन्जयस्ताका लागि आवश्यक सहजीकरण गर्नेछ ।
४) सङ्घले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपका कार्यक्रम तथा परियोजनाहरू तर्जुमा गरी तहगत रूपमा कार्यान्वयनको प्रारूप तयार गर्नेछ ।
५) प्रदेशले सङ्घ तथा स्थानीय तहसँग समन्वय गरी आफ्नो प्रदेशभित्रको राष्ट्रिय वन व्यवस्थापनका लागि भूमिका निर्वाह गर्नेछन् ।
६) स्थानीय तहले सङ्घ तथा प्रदेशसँग समन्वय गरी आफ्नो सीमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि-वन तथा वनमा आधारित उद्योगहरू सञ्चालन तथा व्यवस्थापनका लागि भूमिका निर्वाह गर्नेछन् ।

## १२. आर्थिक पक्ष

१) यो नीतिमा उल्लिखित सम्बन्धित तहका अधिकार क्षेत्रभित्र पर्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहका सरकारबाट आवश्यक बजेटको व्यवस्था गर्नेछन् ।
२) नीति कार्यान्वयनको लागि सम्बन्धित समुदाय, निजी क्षेत्र र सहकारीको योगदान र लगानी प्रोत्साहित गरिनेछ ।
३) वन क्षेत्रको संरक्षण र सम्वर्द्धन एवम् अन्य प्रवर्द्धनात्मक कार्यका लागि नेपाल सरकारको अनिवार्य दायित्व नरहने गरी वन विकास कोषको स्थापना गरिनेछ ।
४) नीति कार्यान्वयनको लागि विकास साझेदारहरूसँग सहकार्य गर्न सकिने छ ।

## १३. अनुगमन, मूल्याङ्कन र पुनरावलोकन

१) नीति कार्यान्वयन अवस्थाको आवधिक रूपमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ । यसरी अनुगमन गर्दा सरोकारवालाको सहभागिता गराइनेछ ।
२) नीति कार्यान्वयनको अवस्थाबारे वन क्षेत्रका स्थानीय कार्यालयहरूले स्थानीय सरकार मार्फत प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले सङ्घीय सरकारको

वन तथा वातावरण मन्त्रालय समक्ष पृष्ठपोषण सहित आर्थिक वर्षको अन्त्यमा प्रतिवेदन पेस गर्नेछन र सङ्घीय मन्त्रालयले एकीकृत गरी राष्ट्रिय प्रतिवेदन तयार पार्नेछ।

३) नीतिको पुनरावलोकन प्रत्येक पाँच/पाँच वर्षमा गरिनेछ।

## १४. खारेजी र बचाउ

वन नीति, २०७१ खारेज गरिएको छ।

# राष्ट्रिय भूमि नीति, २०७५

## १. पृष्ठभूमि

मुलुकको दिगो समृद्धिका लागि भूमि र भूमिस्रोतको समुचित उपयोग र व्यवस्थापन आवश्यक छ। प्राकृतिक स्रोतको रुपमा रहेको भूमिमा राज्यको अग्राधिकार (Eminent Domain) हुन्छ। राज्यद्वारा तोकिए बमोजिम नागरिकले यसको उपयोगको अधिकार राख्दछन्। भूमिस्रोतको समुचित उपयोगबाट मात्र मुलुकको आर्थिक समृद्धि सम्भव छ। भूमि र भूमिस्रोतबाट प्राप्त हुने लाभको समन्यायिक वितरण सुनिश्चित गर्नु राज्यको कर्तव्य पनि हो। भूमि अधिकार तथा स्वामित्वको सुरक्षा, सबै नागरिकहरूका लागि सुरक्षित र व्यवस्थित आवासको व्यवस्था, किसानको कृषि भूमिमा सहज पहुंच, पूर्वाधारको दिगो विकास, व्यवस्थित भूमिबजार, खाद्य अधिकारको सुनिश्चितता, वातावरण संरक्षण, जलवायु परिवर्तनको कारणबाट पर्ने असरको न्यूनीकरण, गरिबी न्यूनीकरण, लैंगिक समानता र भूमि सम्बन्धी सवालहरूको दिगो र स्थायी समाधानका लागि भूमि सम्बन्धी नीतिलाई समयानुकूल परिमार्जन र सुधार गर्नुपर्ने देखिएको हाल छरिएर रहेका नीतिगत व्यवस्थाहरू समेत एकीकृत गरी व्यवहारिक भूमि नीति निर्माण गर्न आवश्यक देखिएकाले, "राष्ट्रिय भूमि नीति, २०७५" लागू गरिएको छ।

## २. विगतका व्यवस्था र प्रयासहरू

भूमिको उपयोग, व्यवस्थापन, स्वामित्वको सुरक्षा जस्ता विषयहरूमा सुधारका लागि विगत लामो समय देखि नै विभिन्न प्रयासहरू भएता पनि वि.सं. २००७ मा प्रजातन्त्रको स्थापना पश्चात् भूमि सम्वन्धी विषयलाई व्यवस्थित तवरबाट सम्बोधन गर्न शुरु गरेको पाइन्छ। यस क्रममा भूमिदारी अधिकार प्राप्ति कानुनी मस्यौदा, २००८ लागू गरी काठमाण्डौ उपत्यका भित्रका मोहीको सूची तयार गरिएको थियो। भूमि सम्बन्धी ऐन, २०१४ ले एक वर्षसम्म जग्गा कमाउनेलाई मोही मान्ने र जग्गाधनी एवम् मोहीवीच उत्पादनको आधा-आधा अंश पाउने व्यवस्था गरेको, तथा "विर्ता उन्मूलन ऐन, २०१६" ले विर्ता जग्गा रैकरमा परिणत गर्ने एवम् विर्ता जग्गामा विर्तावालको हक समाप्त गरी जग्गा जोत्नेको नाममा कायम गर्ने व्यवस्था गरेको थियो।

वि.सं. २०२१ मा भूमि सम्बन्धी ऐन जारी गरी भूमिसुधार कार्यक्रम लागू गरियो। उक्त ऐनले जमिन्दारी प्रथा उन्मुलन गरी जग्गा राख्न पाउने सीमामा हदबन्दी लगाउने र जमिन्दारहरूको जग्गामा जोत कमोद गरेका किसानको मोहीयानी हक कायम गर्ने व्यवस्था गरेको थियो। भूमिसुधार कार्यक्रमलाई समेत सघाऊ पुर्याउन वि.सं. २०१९ मा जग्गा नापजाँच ऐन लागू गरी वि.सं. २०२१ देखि देशभर कित्तानापी कार्यक्रम सञ्चालन गरी भूमि लगत तयार गर्न शुरु गरियो। वि.सं. २०३४ मा मालपोत ऐन जारी गरी भूमि लगतका आधारमा व्यवस्थित जग्गा प्रशासनको थालनी गरियो। वि.सं. २०४१ मा भूमिको उपयुक्त उपयोग र व्यवस्थापन गर्न भूमिस्रोत नक्शा तयार गर्ने कार्य गरिएको थियो। वि.सं. २०४६ भन्दा अगाडि वन सुदृढीकरण उच्चस्तरीय आयोगहरूमार्फत र वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्वहाली पश्चात् सुकुम्बासी समस्या समाधान आयोगहरू गठन गरी अव्यवस्थित बसोबासी र सुकुम्बासीहरूलाई जग्गा वितरण गरियो। वि.सं. २०५१, वि.सं. २०६५ र वि.सं. २०६६ मा उच्चस्तरीय भूमिसुधार आयोगहरू गठन भई भूमिसुधारका लागि सुझाव प्रतिवेदन तयार गरिए। वि.सं. २०५७ मा कमैया मुक्तिको घोषणा गरी मुक्त कमैया परिवारको लगत संकलन गरी घर जग्गासहितको पुनःस्थापन र वि.सं. २०६५ मा हलिया मुक्तिको घोषणा गरी मुक्त हलिया परिवारको पुनःस्थापन सम्वन्धी कार्यक्रमहरू सञ्चालन भएका छन्।

वि.सं. २०५८ मा भूमि सम्बन्धी ऐनमा संशोधन गरी जग्गामा नयाँ हदबन्दीको व्यवस्था गरियो। वि.सं. २०६३ मा राजनीतिक परिवर्तन भएसंगै विस्तृत शान्ति सम्झौताले सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार लागू गर्ने परिकल्पना गरेको थियो। वि.सं. २०७२ मा भूउपयोग नीति लागू गरी उपयोगको

आधारमा भूमिको वर्गीकरण र व्यवस्थापन गर्ने व्यवस्था गरियो। नेपालको संबिधानले परिकल्पना गरे अनुसार वैज्ञानिक भूमिसुधार लागू गर्न भूमि माथिको दोहोरो स्वामित्व अन्त्य गर्ने, अनुपस्थित भूस्वामित्वलाई निरुत्साहित गर्ने, जग्गाको चक्लावन्दी गर्ने, किसानको हकहित संरक्षण र सम्वर्धन गर्दै उत्पादकत्व वृद्धि गर्ने, अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनावद्ध र व्यवस्थित बस्ती विकास गर्ने लगायतका व्यवस्था गरी भूमिको समूचित उपयोग र उपयुक्त व्यवस्थापनका लागि दिशानिर्देश गरेको छ।

## ३. वर्तमान स्थिति

देशको कूल भू-भाग मध्ये कृषि क्षेत्रले करिव २७ प्रतिशत र वन तथा बुट्यान क्षेत्रले करिव ४४ प्रतिशत भू-भाग ओगटेको छ। हाल भूउपयोगको ढाँचामा तीव्र परिवर्तन भइरहेको छ। जग्गाको अव्यवस्थित प्लटिङ्ग र जथाभावी भौतिक संरचनाको निर्माणका कारण खेतीयोग्य जग्गामा कमी आइरहेको छ। तराई र भित्री तराईको वन क्षेत्र अतिक्रमण, चुरे क्षेत्रको अनुचित दोहनबाट, तराई क्षेत्रको उर्वरा शक्तिमा ह्रास र हिमाली क्षेत्रको उचित संरक्षण हुन नसक्दा तल्लो तटीय क्षेत्रमा नकारात्मक प्रभाव देखिन थालेको छ। भू-बनोट, भौगर्भिक स्थिति, भूकम्पकीय हलचल, असमानुपातिक मनसून, हिमताल विस्फोटन, अनुपयुक्त भूउपयोग आदि कारणले भू-क्षय, बाढी, पहिरो, नदी किनारा कटान लगायतका जल उत्पन्न प्रकोपका समस्याहरू देखा परिरहेको छ। यी प्रकोपका कारण भौतिक पूर्वाधारका संरचनाहरूको क्षति, कृषियोग्य भूमिको विनाश तथा जनधनको नोक्सान लगायतका नकारात्मक असरहरू परिरहेका छन्। राष्ट्रिय जनगणना २०६८ अनुसार कुल ५४ लाख २३ हजार २९७ घरपरिवार मध्ये ८५.२६ प्रतिशत घरपरिवारहरू आफ्नै स्वामित्वको घरमा र १२.८१ प्रतिशत घरपरिवारहरू भाडाको घरमा बसोबास गरेका छन्। १९.७१ प्रतिशत घर परिवारहरूमा महिलाको नाममा घर वा जग्गा रहेको देखिएको छ। हालसम्म रैकर, गुठी र सरकारी/ सार्वजनिक गरी तीन प्रकारको भू-सम्बन्ध प्रणाली कायम रहेको छ।

रैकर जग्गामा जग्गाधनीलाई स्वामित्वको साथ साथै पूर्ण अधिकार (Freshold Right) प्रदान गरिएको छ। कतिपय रैकर जग्गा दर्ता हुन बाँकी रहेका र केहीमा मोहियानी हक कायम रही द्वैध स्वामित्वको अवस्था विद्यमान छ। गुठी जग्गामा प्रकृति अनुसार मोहियानी हक समेत प्रदान गरिएको छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार कुल घरपरिवार मध्ये ७४ प्रतिशत कृषक घरपरिवार रहेका छन्। कृषक परिवारमध्ये ५३ प्रतिशतसँग आधा हेक्टर भन्दा पनि कम जमीन छ। यी ५३ प्रतिशत किसानले कुल कृषियोग्य भूमिको १८ प्रतिशत जग्गा उपयोग गर्छन्।

समग्रमा, राज्यको सीमित कृषियोग्य जग्गालाई बढ्दो जनसङ्ख्याको माग समेतलाई सम्बोधन गर्ने र सामाजिक न्याय सुनिश्चित गर्ने गरी भूमिको समूचित व्यवस्थापन, भूसम्वन्ध प्रणाली, स्वामित्व एवम् अधिकारको सूरक्षा, भूमिको दिगो उपयोग, वातावरण संरक्षण र जलवायू परिवर्तनबाट सिर्जित असर न्यूनिकरण लगायतका विषयहरूलाई समुचित ढंगले सम्बोधन गर्नका निम्ति अझ धेरै प्रयास गर्नुपर्ने देखिन्छ।

## ४. समस्या र चुनौति

भूमि सम्बन्धी बिषयलाई सम्बोधन गर्न राज्यले विभिन्न प्रयासहरू गरेको भए तापनि ती प्रयासहरू पर्याप्त नभएका कारण यस विषयमा देहाय अनुसारका प्रमुख समस्या र चुनौतिहरू देखिएका छनः-

१. भूमि सम्बन्धी न्यूनतम साझा दृष्टिकोणको अभावमा मौजुदा नीति तथा कानुनी व्यवस्था कार्यान्वयन गर्न कठिनाई हुनु।

२. भूमिको समुचित उपयोग र व्यवस्थापन नभएका कारण खाद्य सुरक्षा, अव्यवस्थित बसोबासमा बृद्धि, सरकारी सार्वजनिक जग्गाको अतिक्रमण, भूमिस्रोतको अत्याधिक र जथाभावी दोहन हुनु र वातावरणीय सन्तुलन तथा दिगो विकासमा नकारात्मक असर पर्नु।

३. भूमि प्रशासन प्रणाली परम्परागत भएका कारण सेवा प्रवाहमा अपेक्षित सुधार गर्न नसकिनु।
४. व्यवस्थित भू-सूचना प्रणाली नभएका कारण भूमि सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न कठिनाइ हुनु।
५. भूमि सम्बन्धी कानुनहरूमा विभिन्न प्रकारका जटिलता, अस्पष्टता तथा दोहोरोपन रहनुका कारण कार्यान्वयनमा कठिनाइ रहनु।
६. औपचारिक, संस्थागत र पारदर्शी भूमि बजार नहुनु।
७. जग्गा मूल्याङ्कन प्रणालीमा एकरुपता नहुनु।
८. भूमि सम्बन्धी शिक्षा र प्रविधिमैत्री जनशक्ति पर्याप्त नहुनु।

## ५. नीतिको आवश्यकता

१. भूमि सम्बन्धी मूल नीति बनाई अन्य क्षेत्रगत नीतिहरूमा एकरुपता कायम गर्न।
२. भू-सम्बन्ध, स्वामित्व, अधिकार, पहुँच, उपयोग आदि भूमि सम्बन्धी सवालहरूलाई समुचित तवरले सम्बोधन गर्न।
३. समाजका विभिन्न वर्ग र क्षेत्रबाट उठाईएका भूमिसम्बन्धी सवालहरूलाई सम्बोधन गर्न।
४. भूमि र भूमिस्रोतहरूको व्यवस्थापन गरी प्राप्त लाभहरूको न्यायिक बाँडफाँड गर्न।
५. संबैधानिक व्यवस्था, र उच्चस्तरीय भूमिसुधार आयोगका सुझावलाई कार्यान्वयनमा ल्याउन।
६. नेपाल पक्ष राष्ट्र भएका भूमि सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा प्रतिबद्धताहरू कार्यान्वयनमा ल्याउन।
७. भूमिको उत्पादनशील प्रयोगका माध्यमबाट देशको आर्थिक समृद्धि तथा नागरिकको जीवनस्तरमा सुधार ल्याउन।
८. सरकारी र सार्वजनिक जग्गाको अतिक्रमण र अत्यधिक दोहन नियन्त्रण गर्दै त्यस प्रकारका जग्गाको समुचित व्यवस्थापन गर्न।
९. भूमि प्रशासनमा सुशासन कायम गर्न।

## ६. नीतिको दूरदृष्टि, लक्ष्य तथा उद्देश्यहरू

भूमि नीतिका दूरदृष्टि (Vision), लक्ष्य (Goal) र उद्देश्यहरू (Objectives) देहाय बमोजिम रहेका छन्ः-

### ६.१ दूरदृष्टि (Vision)

दिगो भूमि व्यवस्थापनः विकास र समृद्ध जीवन।

### ६. २ दीर्घकालीन लक्ष्य

भूमिको न्यायिक वितरण, महत्तम उपयोग र सुशासनमार्फत मूलुकको आर्थिक समृद्धि र जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने।

### ६.३ उद्देश्यहरू

१. भू-सम्बन्ध (Land Tenure) र भू-स्वामित्व (Land Ownership) को सूरक्षा तथा भू-अधिकार (Land Right) को संरक्षणको सुनिश्चितता प्रत्याभूत गर्ने।
२. भूमिमा नागरिकको पहुँचको हक प्रत्याभूत गर्ने।
३. वातावरणीय सन्तुलन, खाद्य सुरक्षा, व्यवस्थित पूर्वाधार विकास तथा सुरक्षित बसोबासका लागि भूमिको महत्तम उपयोग र व्यवस्थापन सुनिश्चित गर्ने।
४. घर जग्गा मूल्याङ्कन र भूमि कर निर्धारण प्रणालीमा सुधार गर्ने तथा भूमि बजारलाई व्यवस्थित तुल्याउने।

५. विकास निर्माणका लागि भूमि प्राप्तिलाई सहज वातावरण सिर्जना गर्ने र विकास आयोजनाको लागत जग्गा प्राप्तिका कारण बढ्न नदिने व्यवस्था सुनिश्चित गर्ने।
६. आधुनिक भूसूचना प्रणाली कार्यान्वयनमा ल्याई भूमि प्रशासन तथा व्यवस्थापनको क्षेत्रमा सुशासन कायम गर्ने।

## ७. नीति

**उद्देश्य १ प्राप्त गर्नको लागि देहायका नीतिहरू अवलम्बन गरिनेछः-**

१.१ भूसम्बन्ध प्रणालीलाई परिभाषित र व्यवस्थित गरिनेछ।
१.२ भू-स्वामित्वलाई सुरक्षित, द्विविधा रहित र व्यवस्थित गरिनेछ।
१.३ भूमिमा निहित विभिन्न किसिमका अधिकारलाई परिभाषित गरी सुरक्षित र व्यवस्थित गरिनेछ।
१.४ भूमिमा रहेको राज्यको अग्राधिकारलाई कानुनी बनाई प्रयोगमा ल्याईनेछ।
१.५ वन क्षेत्रको संरक्षण गर्दै सरकारी जग्गा उपयुक्तताका आधारमा कृषि र उद्योग व्यवसाय सञ्चालनका लागि लिजमा उपलब्ध गराउन सकिनेछ।
१.६ सरकारी, सार्वजनिक र गुठी जग्गाको प्राथमिकताका साथ संरक्षण गरिनेछ।
१.७ जग्गाको स्वामित्व र उपयोगका दृष्टिले अन्तर्राष्ट्रिय सीमा क्षेत्र विवाद रहित बनाईनेछ।
१.८ समुदायले परम्परादेखि सामुहिक रुपमा उपयोग गरिरहेको जग्गाको संरक्षण गरिनेछ।

**उद्देश्य २ प्राप्त गर्नको लागि देहायका नीतिहरू अवलम्बन गरिनेछः-**

२.१ भूमिको हदबन्दी समयसापेक्ष र वैज्ञानिक तुल्याइनेछ।
२.२ हदबन्दी माथिको जमीन कानुनी बमोजिम प्राप्त गरिनेछ।
२.३ भूमिहीन विपन्न परिवारलाई उचित बसोबासको व्यवस्था मिलाईनेछ।
२.४ पुनःस्थापन गर्नुपर्ने व्यक्ति वा परिवारलाई उचित व्यवस्थापन गरिनेछ।
२.५ कृषियोग्य जग्गामा कृषक परिवारको पहुँच बढाइनेछ।
२.६ भूमिमा महिलाको पहुँच र स्वामित्व बृद्धि गरिनेछ।
२.७ नदी उकास लगायत सरकारी र निजी जग्गाहरूलाई विकास गरी उपयोगमा ल्याइनेछ।

**उद्देश्य ३ प्राप्त गर्नको लागि देहायका नीतिहरू अवलम्बन गरिनेछः-**

३.१ देशको समग्र भूमिलाई विभिन्न उपयोग क्षेत्रहरूमा वर्गीकरण गरी दिगो एवम् व्यवस्थित उपयोग गर्ने व्यवस्था मिलाईनेछ।
३.२ भूमिको उपयोगलाई व्यवस्थित र प्रभावकारी तुल्याउन भूमिको वर्गीकरणका अतिरक्त सङ्घीय संरचना अनुकूल हुनेगरी भूउपयोग योजनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।
३.३ प्राकृतिक विपद्को सम्भावना भएका क्षेत्रहरूलाई जोखिम क्षेत्रको रुपमा पहिचान दिई त्यस्ता क्षेत्रको भूमिको उपयोग गर्दा जोखिमहरूको असर निवारण गर्ने उपायहरू अवलम्वन गरिनेछ।

**उद्देश्य ४ प्राप्त गर्नको लागि देहायका नीतिहरू अवलम्बन गरिनेछः-**

४.१ घरजग्गाको वैज्ञानिक मूल्याङ्कन प्रणाली स्थापना गरी मूल्याङ्कनमा एकरुपता कायम गरिनेछ।
४.२ उपयोग र मूल्याङ्कनको आधारमा घरजग्गाको न्यायोचित कर निर्धारण गरिनेछ।
४.३ भूमि बजारमार्फत भूमिको कारोबार व्यवस्थित तथा पारदर्शी बनाईनेछ।

**उद्देश्य ५ प्राप्त गर्नको लागि देहायका नीतिहरू अवलम्बन गरिनेछः-**

५.१ विकास निर्माणका लागि भूमि प्राप्त गर्ने प्रक्रिया सहज बनाइनेछ।
५.२ जग्गा प्राप्तिका कारण विकास आयोजनाको लागत बढ्न नदिने व्यवस्था सुनिश्चित गरिनेछ।

**उद्देश्य ६ प्राप्त गर्नको लागि देहायका नीतिहरू अवलम्बन गरिनेछः-**

६.१ जग्गा प्रशासनका प्रक्रिया सरलीकरण गर्दै गुणस्तरीय सेवा प्रवाह गरिनेछ।

६.२ भूमि सम्बन्धी विद्यमान परम्परागत प्रविधिलाई आधुनिक प्रविधिद्वारा विस्थापित गरी विश्वसनीय सूचना प्रणाली स्थापना गरिनेछ।

६.३ जग्गा प्रशासनमा पारदर्शिता कायम गरिनेछ।

६.४ आवश्यक कानुनी तर्जुमा गरी भूमि सम्बन्धी सेवा प्रवाहमा तीनवटै तहका सरकारको भूमिका प्रष्ट गरिनेछ।

६.५ भूमि प्रशासनको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास र निकायहरूको संस्थागत सुधार तथा विकास गरिनेछ।

६.६ भूमि सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ।

## ८. रणनीति तथा कार्यनीतिहरू

उल्लिखित नीतिहरू कार्यान्वयन गर्नको लागि देहायको रणनीति तथा कार्यनीतिहरू अवलम्वन गरिनेछः-

१.१.१ भू-सम्बन्ध प्रणालीलाई औपचारिक (Formal), अर्धोपचारिक (Nonformal) र अनौपचारिक (Informal) गरी तीन प्रकारमा पहिचान र व्यवस्थित गरिनेछ।

१.१.२ औपचारिक भू-सम्वन्ध प्रणाली अन्तर्गत रैकर (Private), गुठी (Trust), सरकारी (Government Land) र सार्वजनिक (Public Land) चार प्रकारका भूसम्वन्ध रहनेछन्। अर्धोपचारिक भूसम्वन्ध प्रणाली अन्तर्गत नापी भै फिल्डबुक कायम भएका, भोग, लगत र तिरो भै नापी हुन बाँकी रहेका, वेनिस्सा र स्ववासी जस्ता विद्यमान कानुनीले नै सम्बोधन गर्न सकिने जग्गाहरू रहनेछन् भने अनौपचारिक भू-सम्वन्ध प्रणाली अन्तर्गत लामो समयदेखि बसोबास गरिरहेका भनिएका तर कुनै प्रमाण नभएका कारण विद्यमान कानुनीले सम्बोधन गर्न नसक्ने र अतिक्रमित जग्गाहरू रहनेछन्।

१.१.३ जग्गाको स्वामित्वको सुरक्षा प्रत्याभूत गर्नका लागि जग्गा नापी र दर्ता प्रक्रिया/प्रणालीलाई समय र स्थान सापेक्ष बनाइनेछ।

१.२.१ प्रत्येक जग्गाधनीको स्वामित्वमा रहेको कित्ता जग्गाको सुरक्षाको प्रत्याभुति गरिनेछ।

१.२.२ दर्ता बाँकी जग्गाहरू नाप जाँच नभएको भए सो समेत गरी भोग, तिरो तथा लगतको आधारमा दर्ता गरिनेछ।

१.२.३ विद्यमान लिखत दर्ता (Deed Registration System) प्रणालीलाई क्रमशः हक दावी दर्ता प्रणाली (Title Registration System) मा रुपान्तरण गरी भूस्वामित्वको सुरक्षा प्रत्याभूत गरिनेछ।

१.२.४ विदेशी लगानीकर्ता वा अन्तराष्ट्रिय/बहुराष्ट्रिय कम्पनी/संस्थालाई तोकिएको प्रयोजनका लागि कानुन बमोजिम सरकारी वा निजी जग्गा लिजमा उपलब्ध गराउन सकिनेछ।

१.२.५ प्रणालीगत कमजोरीका कारण भूस्वामित्वको सुरक्षामा देखिने सम्भावित चुनौतीहरूलाई नविनतम प्रविधि अवलम्वन गरी निराकरण गरिनेछ।

१.२.६ एक भन्दा बढी आवास इकाई रहेको भवन (एकतले वा बहुतले) का आवास इकाई धनीहरूको स्वामित्व तथा अधिकारलाई कानुनद्वारा सुरक्षित गरिनेछ।

१.२.७ सरकारी/सार्वजनिक जग्गाको अतिक्रमण तथा अनधिकृत भोगचलनलाई निषेध गरिनेछ।

१.२.८ मोही कायम भएका रैकर जग्गामा जग्गा धनी र मोही बीच कानुन बमोजिम जग्गा बाँडफाँड गरी द्वैध स्वामित्व अन्त्य गरिनेछ।

१.२.९ मोही लागेको कृषियोग्य जग्गामा मोहीले आधा हक लिई बाँकी रहेको आधा जग्गा सम्बन्धित जग्गाधनीले बेच्ने र मोहीले किन्न चाहेमा मोहीलाई सहुलियत दरमा ऋण उपलब्ध गराइनेछ।

१.३.१ भूमिहीन र अव्यवस्थित रुपमा भूमिको प्रयोग गरि आएका विपन्न परिवारलाई उपयुक्त स्थानमा भूमि उपयोगको निर्दिष्ट अधिकार रहने गरी व्यवस्थापन गरिनेछ।

१.३.२ निजी (Private) जग्गामा सम्बन्धित जग्गाधनीलाई भूउपयोग योजनाको प्रतिकूल नहुने गरी उपयोग गर्ने, स्वामित्व हस्तान्तरण गर्ने, लिजमा लिने दिने र धितो बन्धकी राख्ने अधिकार हुनेछ।

१.३.३ उपयोगमा नल्याइएको गुठी जग्गा लिजमा दिई वा अन्य उपयुक्त तरिका अपनाई व्यवस्थित गरिनेछ र शहरी क्षेत्रमा रहेका खाली गुठी जग्गालाई खुल्ला क्षेत्रकै रुपमा राख्न प्रोत्साहित गरिनेछ।

१.३.४ तोकिएको म्याद भित्र दर्ता नभएका जग्गा नेपाल सरकारको नाममा दर्ता गरिनेछ।

१.३.५ कुनै जग्गाधनीले आफ्नो निजी जग्गा लिजमा दिन चाहेमा स्थानीयतहमा अभिलेख राखी, लिने दिनेको अधिकारको सुरक्षाको प्रत्याभूति हुने गरी कानुन बमोजिम जग्गा लिज/करारमा दिने व्यवस्था मिलाइनेछ।

१.४.१ सार्वजनिक हितका लागि राज्यले प्रचलित कानुनको अधिनमा रही जग्गा प्राप्त गर्न सक्नेछ, निजी स्वामित्व भएका जग्गा प्राप्त गर्दा कानुन बमोजिम उचित क्षतिपूर्ति दिईनेछ।

१.४.२ निजी जग्गामा ठोस, तरल वा ग्यास अवस्थाका महत्त्वपूर्ण प्राकृतिक स्रोत वा पुरातात्विक महत्वका वस्तु फेला परेमा सम्बन्धित जग्गाधनीलाई कानुन बमोजिम क्षतिपूर्ति दिई उक्त भूमिलाई राज्यको स्वामित्व लिन सक्नेछ।

१.४.३ सार्वजनिक प्रयोजनका लागि जमीन मुनि वा माथिको स्थान (Space) राज्यले कानुन बमोजिम उपयोग गर्न सक्नेछ।

१.५.१ हाल वन क्षेत्र कायम रहेको जग्गा बाहेक अन्य सरकारी जग्गा उपयुक्तताका आधारमा कृषि र उद्योग व्यवसाय सञ्चालनका लागि लिजमा उपलब्ध गराउन सकिनेछ तर सार्वजनिक उपयोगमा रहेको जग्गा लिजमा दिइने छैन।

१.५.२ सरकारी र विकास आयोजनाको नाममा रहेको तर आयोजना कार्यन्वयन नभएको जग्गा उपयुक्तताका आधारमा लिजमा दिन सकिनेछ।

१.५.३ यस अघि भोगाधिकारमा दिइएका जग्गालाई लिजमा परिणत गरिनेछ। लिजमा परिणत नहुने जग्गालाई साविक बमोजिम नै सरकारी स्वामित्वमा ल्याइनेछ।

१.६.१ स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सरकारी र सार्वजनिक जग्गाको अभिलेख राखी संरक्षण र सम्वर्द्धन गर्नेछ र सोको अभिलेख नियमित रुपमा सार्वजनिक गर्नुपर्नेछ।

१.६.२ सरकारी र सार्वजनिक जग्गाको संरक्षण एवम् सम्वर्द्धनका लागि स्थानीय तहले स्थानीय समुदायसँग सहयोग लिन सक्नेछ।

१.६.३ सम्वन्धित गूठी र गुठियारले गुठी जग्गा संरक्षण गर्नेछन्। सम्वन्धित गूठी र गुठियारलाई गुठी जग्गा संरक्षण गर्न सम्वन्धित प्रदेश र स्थानीय तहले सहयोग गर्नुपर्नेछ।

१.६.४ नेपाल सरकारले कुनै अर्धसरकारी, गैरसरकारी वा निजी क्षेत्रलाई उपलब्ध गराएको जग्गा विक्री गर्न, लिजमा दिन, धितो राख्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न नपाइने व्यवस्था मिलाईनेछ।

१.७.१ अन्तर्राष्ट्रिय सीमा रेखालाई जमीनमा स्पष्टसंग स्थापित गरिनेछ।

१.७.२ No Man's Land वा कुनै पनि प्रकारको भौतिक संरचना निर्माण गर्न नहुने भनी तोकिएका क्षेत्र दुवै पक्षको सहमतिमा खाली राखिनेछ।

१.७.३ अन्तर्राष्ट्रिय सीमासंग सम्वन्धित अभिलेख नियमित रुपमा अद्यावधिक र व्यवस्थित गर्ने कार्यलाई आधुनिक प्रविधिको अवलम्वन सहित निरन्तरता दिइनेछ।

१.८.१ परम्परागत रुपमा समुदायले सामूहिक तवरले उपयोग गर्दै आएको भूमिको अभिलेख स्थानीय तहले अद्यावधिक गरी राख्नुपर्नेछ।

१.८.२ समुदायले उपयोग गर्दै आएको सामुदायिक जग्गाको व्यवस्थापन र संरक्षण गरिनेछ।

२.१.१ भूउपयोगका क्षेत्र अनुसार छुट्टाछुट्टै हदबन्दी कायम गरिनेछ।

२.१.२ भूमिहीन, अरुको जग्गा कमाउने किसान परिवार, अव्यवस्थित बसोबासी र भूमि सम्बन्धी अन्य लगत तयार गरी स्थानीय, प्रादेशिक र सङ्घीय तहमा राखिनेछ।

२.१.३ भूमिमा नागरिकको पहुँचको हक प्रत्याभूत गर्न लक्षित वर्गलाई रजिष्ट्रेशन शुल्कमा सहुलियत दिइनेछ।

२.१.४ आफैं खेती गर्ने र नगर्ने परिवारले जग्गा राख्न पाउने आधार र सीमा तोकिनेछ।

२.२.१ वि.सं. २०५८ माघ २५ गते अगावै कायम हदवन्दी भन्दा बढी जग्गा लुकाएर राखेको पाइएमा क्षतिपूर्ति नदिइ जफत गरिनेछ।

२.२.२ हाल कायम रहेको वा भविष्यमा कायम हुन सक्ने हदबन्दी भन्दा बढी जमीन सरकारले सम्बन्धित जग्गाधनीलाई निश्चित मापदण्ड अनुसार क्षतिपूर्ति उपलब्ध गराई प्राप्त गर्न सक्नेछ। तर तत्कालीन राज्य सम्यन्त्रबाट बकस वा अन्य उपहार जनाउने तवरबाट प्राप्त जग्गाको क्षतिपूर्ति दिइने छैन।

२.३.१ भूमिहीन विपन्न परिवारलाई बसोबास प्रयोजनका लागि एक पटक कानुन बमोजिम व्यवस्थित बसोबासको व्यवस्था मिलाई सो को उपयोग निस्सा उपलब्ध गराउन सकिने व्यवस्था मिलाइनेछ।

२.३.२ भूमिहीन र सीमान्त कृषक परिवारलाई तोकिएको मापदण्डका आधारमा कृषि प्रयोजनको लागि वन क्षेत्र बाहेकका खेतियोग्य सरकारी जग्गाको निश्चित अवधिका लागि उपयोगको निस्सा उपलब्ध गराउन सकिने व्यवस्था मिलाइनेछ।

२.३.३ सरकारी जग्गामा अव्यवस्थित तवरले बसोबास गरेका भूमिहीन वाहेकका परिवारलाई तोकिएको आधार र मापदण्ड विपरित नहुने गरी सरकारले तोकेको मूल्य लिई भूउपयोग नीतिको प्रतिकुल नहुने गरी निश्चित अवधिका लागि उपयोग निस्सा उपलब्ध गराउन वा कानुन बमोजिम लिजमा दिन सकिने व्यवस्था मिलाइनेछ।

२.३.४ प्रत्येक स्थानीय तहमा समेत भूमिहीन र सीमान्त कृषक परिवारको लगतका साथै त्यस्ता परिवारहरूलाई उपलब्ध गराईएको जग्गाको लगत अद्यावधिक राखिनेछ।

२.३.५ उपयोग निस्सा सहित वितरण गरिएको जग्गा प्राप्त गर्ने परिवार बसाई सरी गएमा स्थानीय तहले सो जग्गा आवश्यकता अनुसार अन्य परिवारलाई नेपाल सरकारले तोकिदिएको आधार र मापदण्डको अधिनमा रही निश्चित अवधिको लागि उपलब्ध गराउन सक्नेछ र लगत अद्यावधिक गर्नेछ।

२.४.१ जुनसुकै कारणले विस्थापित भई पुनःस्थापन गर्नुपर्ने परिवारलाई उपयुक्त अवसर उपलब्ध गराइनेछ।

२.५.१ भूमिहीन तथा साना किसानलाई कृषियोग्य जग्गा खरिद गर्न वा लिजमा लिई खेति गर्न सहुलियत दरमा ऋण उपलब्ध गराइनेछ।

२.५.२ व्यावसायिक प्रयोजनका लागि सरकारी जग्गा लिजमा उपलब्ध गराउँदा कृषि श्रमिक र कृषक परिवारलाई प्राथमिकता दिईनेछ।

२.५.३ विद्यमान अधियाँ बटैया जस्ता प्रथाहरूलाई लिज वा करारको व्यवस्थाबाट प्रतिस्थापन गरिनेछ।

२.५.४ कृषि क्षेत्रमा वर्गीकरण गरिएको जग्गा कुनै परिवारले खण्डीकरण नगरी सगोलमा राखी खेती गरेमा वा सबै सदस्यको सहमतिमा आफ्ना सन्तानमध्ये एक सन्तानलाई मात्र हस्तान्तरण गरेमा न्यून रजिष्ट्रेशन शुल्क र खण्डीकरण गरी हक हस्तान्तरण गरेमा उच्च रजिष्ट्रेशन शुल्क लगाउने व्यवस्था गरिनेछ।

२.६.१ महिलाहरूको नाउँमा स्वामित्व हस्तान्तरण हुँदा रजिष्ट्रेशन शुल्कमा सहुलियत दिईनेछ।

२.६.२ घरजग्गाको स्वामित्व पति पत्नीका नाममा संयुक्त रुपमा राख्न चाहनेलाई न्यूनतम शुल्कमात्र लिई संयुक्त पुर्जा बनाईदिने व्यवस्था गरिनेछ।

२.७.१ नदी उकास जग्गाको अभिलेख अद्यावधिक गरिनेछ, त्यस्ता जग्गाको संरक्षणका लागि उपयुक्त उपायहरू अवलम्वन गरिनेछ।

२.७.२ नदी उकास जग्गाका सम्भाव्य लाभहरू पहिचान गरी सो बमोजिम विकास गरिनेछ।

२.७.३ निजी जग्गाहरू आवश्यकता अनुसार एकीकरण गरी विकास गर्न सकिनेछ।

२.७.४ भूमिकर तथा भूमि कारोबारबाट प्राप्त राजश्वको निश्चित प्रतिशत रकम सम्बन्धित क्षेत्रको भूमि विकासका लागि खर्च गरिनेछ।

२.७.५ भूमि विकासका क्रममा पूर्वाधार विकासका लागि गरिने लगानी वापत निश्चित क्षेत्रफल भन्दा बढी जग्गा भएका जग्गाधनीहरूले जग्गा विकास खर्च बेहोर्नुपर्ने व्यवस्था मिलाइनेछ।

२.७.६ भूमि विकासका लागि सरकारी, निजी, गैरसरकारी वा दातृ निकायको लगानीलाई प्रोत्साहन गरिनेछ।

३.१.१ भूमिको वर्गीकरण तथा वर्गीकरणका आधारहरू भूउपयोग नीतिमा उल्लेख भए बमोजिम हुनेछ।

३.१.२ तोकिएको भूउपयोग क्षेत्र अन्तर्गतका सर्तहरू पालना गर्ने गरी भूमिको उपयोग गर्न सकिने व्यवस्था मिलाइनेछ।

३.१.३ मनासिव कारणले भूमिको उपयोग परिवर्तन गर्नुपर्ने भएमा नेपाल सरकारको स्वीकृतिबाट मात्र गर्न सकिने व्यवस्था मिलाईनेछ।

३.१.४ भौगोलिक विशिष्टता तथा सम्भावनाका आधारमा भूमिलाई विशिष्टिकृत रुपमा उपयोग गर्न प्रोत्साहन गरिनेछ।

३.१.५ खनिज, तेल, ग्याँस, पानीको मुहान आदि जस्ता महत्वपूर्ण प्राकृतिक स्रोतको संरक्षण गर्न र पूर्वाधार विकासका लागि आवश्यकता हेरी राज्यले जुनसुकै प्रकारको भूमि कानुन बमोजिम अधिग्रहण गरी उपयोग गर्न सक्नेछ।

३.१.६ भौगोलिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय लगायत विशेष महत्वका क्षेत्र, रामसार एवम् विश्व सम्पदा सूचीमा रहेका क्षेत्रहरूको भूमिलाई अन्य प्रयोजनमा उपयोग गर्न नपाइने व्यवस्था मिलाईनेछ।

३.२.१ सङ्घीय भूउपयोग योजना तर्जुमा गर्दा राष्ट्रिय प्राथमिकता र नीति अनुरुप तर्जुमा गरिनेछ।

३.२.२ प्रादेशिक र स्थानीय तहको भूउपयोग योजना तर्जुमा गर्दा सम्बन्धित तहको प्राथमिकता र नीति अनुरुप तर्जुमा गरिनेछ।

३.२.३ प्रादेशिक र स्थानीय तहको भूउपयोग योजना तयार गर्दा सङ्घीय भूउपयोग योजना प्रतिकूल नहुने गरी तयार गरिनेछ।

३.२.४ भूउपयोग योजना तयार गर्नका लागि आवश्यक विभिन्न सूचनाहरू संकलन गरी भूउपयोग नक्सा तयार गरिनेछन्।

३.२.५ भूउपयोग योजना तर्जुमा गर्दा खण्डीकरणको नियन्त्रण, उत्पादकत्व बृद्धि, वातावरण सन्तुलन तथा संरक्षण, सामाजिक तथा आर्थिक समृद्धि, गरिबी निवारण, ऐतिहासिक एवम् पर्यटकीय महत्वका क्षेत्रहरूको संरक्षण लगायतका विषयहरूलाई आवद्ध गरिनेछ।

३.२.६ विकास निर्माणका योजना बनाउँदा तथा कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित क्षेत्रको भूउपयोग योजनालाई आधारका रुपमा लिईनेछ। यस्तो कार्य गर्दा सम्भव भएसम्म कृषियोग्य जमीन नमासिने गरी गर्नु पर्नेछ।

३.२.७ कृषियोग्य जग्गाको संरक्षणमा विशेष जोड दिइनेछ। कृषिको व्यावसायिकरण, यान्त्रिकीकरण र अद्यौगिकरण गरी उत्पादन बृद्धि गर्न चक्लाबन्दी र सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ।

३.२.८ कृषि तथा बसोबास क्षेत्रमा निश्चित आकार भन्दा सानो हुने गरी खण्डीकरण गर्न नपाइने व्यवस्था गरिनेछ।

३.३.१ प्राकृतिक विपद्को सम्भावना भएको भनी पहिचान भएका क्षेत्रहरूलाई जोखिम क्षेत्रको रुपमा भूउपयोग नक्शा तथा भूउपयोग योजनामा उल्लेख गरिनेछ।

३.३.२ विपद्को सम्भावना बढी भएका क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रमा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ।

३.३.३ विपद्को सम्भावना रहेका क्षेत्रहरूको संरक्षणका लागि प्रभावकारी व्यवस्था मिलाइनेछ।

३.३.४ नदीनाला, तालतलैया, रामसार र सीमसार क्षेत्रको विवरण तयार गरी जैविक तथा पर्यटकीय हिसावले निश्चित दूरीसम्म प्रवेश निषेध क्षेत्र (No Go Zone) को रुपमा विकास गरिनेछ।

३.३.५ भौगोलिक एवम् पर्यावरणीय विविधता कायम राख्न बढ्दो भूस्खलन, भूक्षय तथा उच्च जनसङ्ख्या वृद्धि र बसाइँसराईका कारण जमीनमा परिरहेको प्रतिकूल प्रभावलाई नियन्त्रण गर्न जोड दिइनेछ।

४.१.१ निश्चित सूचक तथा मापदण्ड बनाई कित्तामा आधारित आधुनिक घरजग्गा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ।

४.१.२ घरजग्गा मूल्याङ्कनमा एकरुपता कायम गर्न संस्थागत र कानुनी व्यवस्था गरी न्यूनतम र अधिकतम आधार मूल्य कायम गरिनेछ।

४.१.३ राज्यका सवै तहवाट हुने जग्गा रजिष्ट्रेशन, विकास निर्माण लगायत कार्यहरूमा जग्गा अधिग्रहण गर्दा क्षतिपूर्ति दिन वा भूमि बजारले जग्गाधनीहरूवाट जग्गा खरीद/प्राप्त गर्दा आधार मूल्यलाई आधार मान्ने कानुनी व्यवस्था गरिनेछ।

४.१.४ घर जग्गाको आधार मूल्य आवश्यकता अनुसार पुनरावलोकन गर्न सकिनेछ।

४.१.५ घर जग्गाको आधार मूल्य निश्चित शुल्क तिरी अनलाईनमार्फत प्राप्त गर्न सकिने व्यवस्था मिलाईनेछ।

४.२.१ तोकिएको पकेट क्षेत्रमा सम्बन्धित कृषिजन्य व्यवसाय सञ्चालन गर्दा करमा सहुलियत दिन सकिनेछ।

४.२.२ बहुतले आवासीय भवन तथा व्यवस्थित आवास योजना कार्यान्वयन गर्ने संस्था र उपयोगकर्तालाई करमा सहुलियत दिन सकिनेछ।

४.२.३ महिला, अशक्त, अपाङ्ग, विपन्न भूमिहीन, लोपोन्मुख जाति, वर्गको भूमिमा पहुँच बढाउन करमा सहुलियत दिन सकिनेछ।

४.३.१ घर जग्गा कारोवारलाई भूमि बजारमार्फत व्यवस्थित गर्न आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ।

४.३.२ कानुनी बमोजिम दर्ता भएका संस्थामार्फत मात्र घर जग्गा कारोवार गर्ने व्यवस्था गरिनेछ।

४.३.३ घर जग्गा कारोबार र वस्ती विकासको लागि उपयुक्त मापदण्ड तर्जुमा गरी लागू गरिनेछ।

४.३.४ घर जग्गा खरिद विक्रि गर्न, लिजमा लिन दिन चाहने पक्षले कानुनी बमोजिम दर्ता भएका संस्थामा सम्पर्क गरी आफ्नो आवश्यकता अनुसार सूचना आदान प्रदान गर्न सकिने व्यवस्था गरिनेछ।

४.३.५ कानुनी बमोजिम दर्ता भएका संस्थाले आफ्नो वार्षिक कारोवारको विवरण प्रत्येक वर्ष सम्वन्धित निकायमा बुझाउनु पर्नेछ।

४.३.६ भूमि बजार सञ्चालनको लागि आवश्यक मापदण्ड, आचारसंहिता तयार गरी लागू गरिनेछ।

४.३.७ भूमि बैंकको विस्तृत अवधारणा तयार गरी कार्यान्वयन गरिनेछ।

५.१.१ आयोजनाको लागि जग्गा छनौट गर्दा स्थानीय वासिन्दामा आयोजनाको नकारात्मक असर यथासम्भव न्यून हुनेगरी छनौट गरिनेछ।

५.१.२ आयोजनाबाट पूर्ण विस्थापित हुने परिवारलाई नयाँ स्थानमा बसोबासको व्यवस्था गर्दा सडक, विद्युत, खानेपानी जस्ता सरकारी निकायबाट दिइने सेवाहरू प्राथमिकताका साथ उपलब्ध गराइनेछ।

५.१.३ विस्थापनको दृष्टिले मध्यम र उच्च जोखिमयुक्त आयोजनाहरूको लागि जमीन प्राप्त गर्दा विस्थापन हुने परिवारलाई पुनःस्थापन गराइने जमीन समेत प्राप्त गरिनेछ।

५.१.४ जग्गा प्राप्त गर्ने क्रममा जग्गाधनी सहमत भई मुआब्जा समेत बुझिसके पश्चात् जग्गाधनीका परिवारका कुनै सदस्य वा हकवालाहरूले आयोजना समक्ष आफ्नो हकदाबी गर्न नमिल्ने गरी कानुनी व्यवस्था गरिनेछ।

५.१.५ आयोजनाले जग्गा प्राप्त गर्दा जग्गाधनीलाई पुँजिगत लाभकरमा सहुलियत दिने व्यवस्था गरिनेछ।

५.२.१ आयोजनाको लागि जग्गा छनौट गर्दा वन, आवास र कृषि क्षेत्रलाई न्यून प्राथमिकता दिइनेछ।

५.२.२ आयोजना सञ्चालन गर्न विभिन्न सरोकारवाला क्षेत्रहरू (वन, वस्ती, धार्मिकस्थल, ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक स्थल आदि) लाई सकेसम्म कम असर पर्ने गरी मात्र आयोजना शुरु गरिनेछ।

५.२.३ आयोजना प्रभावित क्षेत्रको जग्गा प्राप्त गर्दा जग्गाको आधारमूल्य बमोजिम शेयर उपलब्ध गराइने पद्धति कार्यान्वयनमा जोड दिइनेछ।

५.२.४ जग्गा मूल्याङ्कन गर्दा र क्षतिपूर्ति उपलब्ध गराउँदा जग्गा विकास गरेको कारणले प्राप्त हुने लाभ (Value Add) लाई समेत ध्यान दिनुपर्ने व्यवस्था गरिनेछ।

५.२.५ विकास आयोजनाको लागि जग्गा प्राप्त गर्दा सकेसम्म जग्गा पुनर्मिलान (Land Readjustment) वा जग्गा एकीकरण (Land Pooling) गरी जग्गा विकास गर्ने पद्धति अवलम्बन गरिनेछ।

५.२.६ स्थानीय समुदायले आपसी सहमतिमा जग्गा एकीकरण विधि अनुसार एकिकृत बस्ती विकास वा अन्य विकास पूर्वाधार निर्माण गर्न चाहेमा सरकारले प्रोत्साहन गर्नेछ।

५.२.७ सडक, राजमार्ग, विमानस्थल लगायतका सार्वजनिक भौतिक पूर्वाधारले चर्चेको र सो को अधिकार क्षेत्र (Right of way) भित्र परेको जग्गाको लगत कट्टा गरी नेपाल सरकारको नाममा कायम गरिनेछ।

६.१.१ जग्गा प्रशासनमा पेश गरिने कागजातका आकार र भर्नु पर्ने सूचनाहरू प्रविधि मैत्री र सरल बनाइनेछ।

६.१.२ कार्यालयमा पेश गर्नुपर्ने र कार्यालयबाट उपलव्ध गराइने कागज प्रमाणहरूमा निश्चित गुणस्तर हुनुपर्ने गरी मापदण्ड निर्धारण गरिनेछ।

६.१.३ सेवाग्राहीले मध्यस्थकर्ता वा सहयोगी विना नै जग्गा सम्बन्धी सेवा प्राप्त गर्न सक्ने गरी प्रक्रिया सरलीकरण गरिनेछ।

६.१.४ भूमिलगत डिजिटाइज भइसकेका जिल्लामा सेवाग्राहीले अनलाइन प्रविधिबाट आफ्नो जग्गाको सूचना प्राप्त गर्न वा लिन निवेदन पेश गर्न सक्ने व्यवस्था गरिनेछ।

६.२.१ आवश्यकता र उद्वेश्य अनुसार कित्तानापीका लागि समय र स्थान सापेक्ष प्रविधिहरू (Fit for Purpose Techniques) को प्रयोग गरिनेछ।

६.२.२ आधुनिक प्रविधिबाट कित्तानापी गरी डिजिटल प्रणालीमा भूमि लगत र डाटावेस तयार गरिनेछ।

६.२.३ कागजी प्रणालीमा रहेका भूमि लगत, भू-अभिलेख र भू-स्वामित्व सम्बन्धी सबै विवरणहरू डिजिटल प्रणालीमा रुपान्तरण गरिनेछ।

६.२.४ कित्तामा आधारित एकीकृत भूसूचना प्रणाली विकास गरी सो प्रणालीमार्फत सेवा प्रवाह गरिनेछ।

६.२.५ एउटा व्यक्तिको मुलुकभरमा भएको जग्गा एउटै जग्गाधनी प्रमाण पूर्जामा राख्न सकिने व्यवस्था गरिनेछ।

६.३.१ जग्गा प्रशासनमा कार्यरत कर्मचारीलाई जिम्मेवार र जवाफदेही बनाई सेवाग्राहीलाई सुशासनको प्रत्याभूत गरिनेछ।

६.३.२ कार्यालयबाट प्राप्त हुने सेवा सुविधाहरू, लाग्ने शुल्क र सूचना प्राप्त गर्ने तरिकाहरू प्रष्ट उल्लेखित नागरिक वडापत्र सबैले देख्ने गरी राख्ने र श्रव्य दृश्य ढाँचामा समेत तयार गरी सार्वजनिक गर्ने व्यवस्था गरिनेछ।

६.३.३ जेष्ठ नागरिक, अशक्त, असहाय, विरामी, अपाङ्गता भएका ब्यक्ति, महिलालाई कार्यालयको सेवा प्रवाहमा विशेष प्राथमिकता दिइनेछ।

६.४.१ सङ्घीय संरचना बमोजिम तीन वटै तहका सरकारहरूको भूमिका स्पष्ट हुने गरी नयाँ कानुन निर्देशिका/कार्यविधि निर्माण र परिमार्जन गरिनेछ।

६.४.२ भूमिसम्बन्धी सेवाहरू वर्गीकरण गरी क्रमशः प्रदेश र स्थानीय तहमार्फत प्रवाह गर्ने व्यवस्था मिलाईनेछ।

६.४.३ प्रदेश र स्थानीय तहमार्फत सेवा सञ्चालन गर्न संस्थागत क्षमता र पूर्वाधार विकास गरिनेछ।

६.४.४ सेवा सञ्चालन सम्बन्धी कानुनी र आचार संहिता तयार गरी लागू गरिनेछ।

६.५.१ विशिष्टीकृत सेवा समूह गठन गरी एउटै छाना मुनिबाट जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाह गर्ने व्यवस्था गरिनेछ।

६.५.२ भूमि प्रशासनको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता तथा बृत्ति विकासका लागि नवप्रवेशी कर्मचारीहरूलाई आधारभूत तालीम र कार्यरत जनशक्तिको दक्षता अभिवृदि तालिम प्रदान गरिनेछ।

६.५.३ विभिन्न विश्वविद्यालय, पेशागत संघ संस्थाहरूसंग सहकार्य गरी यस विधामा अनुसन्धान तथा शोध कार्यहरू गर्न अभिप्रेरित गरिनेछ।

६.६.१ विद्यालय तहदेखी नै भूमि सम्बन्धी विषयलाई पाठ्यक्रममा समावेश गरी सञ्चारका विद्युतीय तथा छापा माध्यममार्फत भूमि सम्बन्धी जनचेतना अभिबृद्धि गरिनेछ।

## ९. संस्थागत संरचना

१. यस नीतिको कार्यान्वयनका लागि सङ्घीय तहमा मन्त्रालय र विभाग, प्रदेशस्तरमा मन्त्रालय एवम् निर्देशनालय र स्थानीय तहमा कार्यालय रहनेछन्।

२. भूमि सम्बन्धी विवादहरूको निराकरणका लागि भूमि न्यायाधीकरणको गठन गरिनेछ।

## १०. आर्थिक पक्ष

यो नीति कार्यान्वयका लागि आवश्यक संगठन संरचना निर्माण, कानुनी सुधार, जनशक्ति विकास लगायतका कार्यका लागि स्रोत साधनको व्यवस्था गर्न भूमि व्यवस्था तर्फ लगानी बढाउँदै लगिनेछ।

## ११. कानुनी व्यवस्था

यो नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन निर्माण, सुधार एवम् संशोधन गरिनेछ।

## १२. अनुगमन तथा मूल्याङ्कन

यो नीति कार्यान्वयनको नियमित अनुगमन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गरिनेछ। मन्त्रालयले वार्षिक अनुगमन र मूल्याङ्कन गरी सो को प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नेछ।

## १३. अपेक्षित मान्यता

संघ, प्रदेश र स्थानीय तहको राजनीतिक नेतृत्वको प्रतिवद्धता, सङ्घीय सरकारका विषयगत मन्त्रालयको कार्यान्वयन तत्परता र पर्याप्त स्रोत साधनको व्यवस्था यो नीति कार्यान्वयनको लागि आवश्यक पर्नेछ।

## १४. नीतिको प्रयोग र परिमार्जन

भूमि सम्बन्धी विषय समेट्ने यो प्रमुख नीति हो। यस नीतिमा भएका व्यवस्थाहरूको प्रतिकूल नहुने गरी प्रदेश सरकार तथा स्थानीय तहले भूमि सम्वन्धी थप नीतिहरू तर्जुमा गर्न सक्नेछन्। भू-उपयोग नीति, २०७२ यस नीतिको अभिन्न अंग हुनेछ। यस नीतिको कार्यान्वयन स्थिति र प्रभावकारिता सम्बन्धमा बढीमा ५ बर्षमा पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गरिनेछ।

# अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६

## भाग - एक
## परिचय

### १. पृष्ठभूमि

१.१ नेपालको समग्र विकास प्रयासमा अन्तर्राष्ट्रिय विकास सहायताले महत्वपूर्ण योगदान पु-याउँदै आएको करिव सात दशक पूरा हुन लागेको छ। उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्दै "समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्य प्राप्त गर्नका लागि आवश्यक श्रोत व्यवस्थापन गर्न नेपालले अन्तर्राष्ट्रिय विकास सहायताको उपयोग गर्नुपर्ने हुन्छ। यस्तो सहायताको उच्चतम लाभ प्राप्त गर्ने गरी प्रभावकारिता बढाउन सकेमा यसले राष्ट्रिय पूँजी निर्माण र समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण गर्न सहयोग पुग्नेछ।

१.२ नेपालले सहायताको प्रभावकारिता सम्वन्धी सन् २००५ को पेरिस उच्च स्तरीय सम्मेलन र त्यसपछि सम्पन्न सबै उच्चस्तरीय बैठकहरूमा सहभागिता जनाउँदै सहायता प्रभावकारिता सम्बन्धी पेरिस घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय समझदारीमा ऐक्यबद्धता व्यक्त गर्दै आएको छ। आगामी दिनहरूमा हुने यस प्रकारका अन्तर्राष्ट्रिय प्रयासहरूमा पनि सहभागी हुँदै सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न र मध्यम आय भएको राष्ट्रमा स्तरोन्नति हुन अन्तर्राष्ट्रिय विकास सहायतामा आवश्क नीतिगत सुधार गर्नु पर्नेछ।

१.३ नेपालको संविधान अनुसार सङ्घीय प्रणालीमा रुपान्तरित राष्ट्रको शासकीय संरचनाअनुरुप अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन र व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ। संविधानको व्यवस्था अनुसार वैदेशिक सहायता लिंदा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउनुपर्ने र वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गर्नुपर्ने भएको छ।

१.४ विगतमा गरिएको अन्तर्राष्ट्रिय विकास सहायताको परिचालनले देशको समग्र आर्थिक सामाजिक विकासमा पुर्याएको योगदानलाई महत्व दिंदै आगामी दिनमा यसको प्रभावकारिता बढाएर अन्तर्राष्ट्रिय विकास सहायता प्रतिको निर्भरता क्रमशः घटाउँदै आन्तरिक श्रोत परिचालन बढाउन सहयोगी हुने नीति अवलम्बन गर्नुपर्ने भएको छ।

१.५ राजनैतिक स्थिरता र वर्तमान सङ्घीय संरचनाभित्र अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका सम्वन्धमा नेपालको संविधानले गरेको मार्गदर्शनले विकास सहायताको प्रभावकारिता अभिवृद्धिका लागि सुधार गर्ने अवसर प्रदान गरेको छ। अन्तर्राष्ट्रिय विकास सहायता समावेश भएका आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्दा प्रापकले आफ्नो राष्ट्रिय प्रणालीको प्रयोग गरेर आफ्नै सहभागिता र नेतृत्वसहित स्वामित्व ग्रहण गर्न सकेमा सहायताको प्रभावकारिता बढाउन सकिन्छ भन्ने सरकार र विकास साझेदारहरूको समान धारणालाई व्यवहारमा उतार्नु परेको छ।

१.६ विकास नतिजालाई केन्द्र विन्दुमा राखेर साधन श्रोतको विनियोजन गर्ने सरकारको नीतिले अन्तर्राष्ट्रिय विकास सहायता समावेश भएका आयोजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमनमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

१.७ अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका सफलता वा असफलताका लागि सरकार र विकास साझेदार एक अर्काप्रति र आ-आफ्ना करदाताप्रति जवाफदेही हुनुपर्ने पारस्परिक जवाफदेहिताको सिद्धान्तलाई व्यवहारमा रुपान्तरण गर्न सरकार प्रतिवद्ध रहेको छ। यसका लागि भईरहेका सम्वाद, छलफल, अन्तरक्रिया, प्रगति-समीक्षा, सहायता व्यवस्थापन सूचना प्रणालीको सामयिक परिमार्जन र अन्तर्राष्ट्रिय विकास सहायता सम्वन्धी तथ्यांकको नियमित प्रकाशनलाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको छ।

१.८ राष्ट्रिय प्राथमिकता र प्रणालीसँग सहायता आबद्धताको प्रक्रियामा सुधार भए तापनि कार्यान्वयनको प्रगति मिश्रित रहेको छ। आबद्धताको सन्देश प्रदेश तथा स्थानीय तहसम्म पुर्याउने, सार्वजनिक वित्त व्यवस्थापनमा सुधार ल्याउने र आन्तरिक क्षमता बढाई राष्ट्रिय प्रणालीमा सबै अन्तर्राष्ट्रिय विकास सहायतालाई आबद्ध गराउनु पर्नेछ।

१.९ शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा विकास साझेदारहरूबीच विकसित हुँदै गएको सहायता सामाञ्जस्यको अभ्यासलाई मूल्यांकनका आधारमा अन्य क्षेत्रमा पनि विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ।

१.१० साना आयोजनाहरूमा र एउटै क्षेत्रमा काम गर्ने धेरै विकास साझेदारहरूमा विकास सहायता छरिंदा सहायताको खण्डीकरण तथा बहुप्रतिवेदनको आवश्यकता सिर्जना भई प्रक्रियागत लागत बढ्ने अवस्था रहेको छ। यसबाट सरकारका निकायहरू एवम् विकास साझेदारहरूलाई समेत अतिरिक्त बोझ थपिन गएको छ। विकास साझेदारहरूले तुलनात्मक सबलताका आधारमा आपसमा कार्य विभाजन गर्ने एवम् आयोजनाहरूको सङ्ख्यासँगै गुणस्तरमा सुधार गर्नुपर्ने आवश्यकता रहेको छ।

१.११ परम्परागत विकास सहायता ढाँचाले काम गरेका वा नगरेका क्षेत्रहरू पहिचान गरी सार्वजनिक, निजी एवम् वैदेशिक सहायता सम्मिश्रित संयुक्त श्रोत परिचालनबाट समेत विकासका लागि आवश्यक साधन जुटाउनु पर्नेछ। त्यसैगरी विकास सहायता परिचालन गरिरहेका अन्य संस्था / देशहरूले प्राप्त गरेका सफलताबाट सिक्दै सीप, ज्ञान तथा प्रविधिलाई राष्ट्रको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्नु पर्नेछ।

१.१२ अन्तर्राष्ट्रिय विकास सहायता परिचालनबाट प्राप्त हुने अवसरहरूको अधिकतम उपयोग गर्ने, राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र अन्य क्षेत्रबीच साझेदारी बढाउने एवम् संघ, प्रदेश र स्थानीय तहबीच विकास सहायता परिचालनमा समन्वयात्मक तवरले प्रभावकारिता ल्याई सुदृढ अर्थतन्त्र निर्माण गर्नेतर्फ यो नीति परिलक्षित हुनेछ।

१.१३ यस पृष्ठभूमिमा नेपालको संविधानको भावना र परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भलाई समेट्दै वैदेशिक सहायता नीति, २०५९ र विकास सहायता नीति, २०७१ को कार्यान्वयनका सिलसिलामा प्राप्त भएका उपलब्धि तथा अनुभवका आधारमा समयानुकूल अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति तर्जुमा गरिएको छ।

## २. परिभाषा

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा;**

(क) "अनुदान" भन्नाले फिर्ता गर्नु नपर्ने गरी सरकारलाई भविष्यमा कुनै पनि वित्तीय दायित्व नपर्ने गरी प्राप्त हुने अन्तर्राष्ट्रिय विकास सहायता सम्झनु पर्छ।

(ख) "अन्तर्राष्ट्रिय परामर्श सेवा" भन्नाले विदेशी संस्था वा नागरिकबाट प्राप्त हुने परामर्श सेवा सम्झनु पर्छ।

(ग) "अन्तर्राष्ट्रिय विकास सहायता" भन्नाले सरकारलाई विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि द्विपक्षीय राष्ट्र, बहुपक्षीय तथा क्षेत्रीय संस्था र अन्य विश्वव्यापी कोषबाट प्राप्त हुने वित्तीय, प्राविधिक एवम् वस्तुगत सहायता सम्झनु पर्छ।

(घ) "अन्य ऋण" भन्नाले सहुलियतपूर्ण ऋण बाहेकका निर्यात-आयात बैंक तथा यस्तै अन्य निकायबाट आयोजनाका लागि प्राप्त हुने ऋण सम्झनु पर्छ।

(ङ) "कार्यक्रममा आधारित सहायता" भन्नाले सरकारको विस्तृत कार्यक्रम र बजेटको खाकालाई सहयोग गर्ने, सरकारको कार्यान्वयन निकायको नेतृत्वमा कार्यान्वयन हुने, औपचारिक एवम् साझा संयन्त्रमार्फत विकास साझेदारहरू बीचको समन्वय, प्रतिवेदन, बजेट, वित्त व्यवस्थापन तथा खरिदका प्रक्रियाहरूमा सामञ्जस्य कायम गर्ने गरी प्राप्त हुने सहायता सम्झनु पर्छ।

(च) "टर्न की" भन्नाले द्विपक्षीय सम्झौता बमोजिम विकास साझेदार प्रत्यक्ष रुपमा कार्यान्वयनमा संलग्न भई निर्माण सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजना कार्यान्वयन विधि सम्झनु पर्छ।

(छ) "परियोजना सहायता" भन्नाले सरकारलाई पूर्व निर्धारित उद्देश्य, बजेट एवम् प्रतिफल प्राप्त गर्नका लागि छुट्टै आयोजना सञ्चालन गर्न प्राप्त हुने सहायता सम्झनु पर्छ।

(ज) "पेरिस घोषणापत्र" भन्नाले सन् २००५ मा पेरिसमा सम्पन्न सहायता प्रभावकारिता सम्वन्धी उच्चस्तरीय सम्मेलनमा विकास सहायतालाई प्रभावकारी बनाउन स्वामित्व, आबद्धता, सामञ्जस्य, नतिजामूलक व्यवस्थापन र पारस्पारिक जवाफदेहिता समेतका सिद्धान्तमा आधारित असल अभ्यासहरूको पहिचान गर्दै तिनको अवलम्वन गर्नका लागि सबै सहभागी विकास साझेदार, प्रापक राष्ट्र तथा संस्थाहरूले संयुक्त रुपमा जारी गरेको प्रतिवद्धता सहितको घोषणापत्र सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची-४ वमोजिमका प्रदेश सम्झनु पर्छ।

(ञ) "बजेट सहायता" भन्नाले कुनै क्षेत्रको संस्थागत सुधारसँग आबद्ध भई वा नभई विकासका प्राथमिकता तथा कार्यक्रमहरूमा रकम विनियोजन गर्न सहयोग पुग्ने गरी सरकारी कोषमा प्राप्त हुने सहायता सम्झनु पर्छ।

(ट) "विकास साझेदार" भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि वित्तीय, प्राविधिक एवम् वस्तुगत सहायता प्रदान गर्ने द्विपक्षीय राष्ट्र, बहुपक्षीय संस्था वा अन्य विश्वव्यापी कोष सम्झनु पर्छ।

(ठ) "सम्मिश्रित वित्तीय व्यवस्था" भन्नाले परम्परागत वैदेशिक सहायताका अतिरिक्त व्यावसायिक सम्भाव्यता भएका निजी क्षेत्र, सहकारी क्षेत्र, दानदातव्य कोष लगायतका अन्य वित्तीय श्रोतहरू समेतलाई रणनीतिक रुपमा विकास कार्यमा परिचालन गर्ने उद्देश्यले गरिने वित्तीय व्यवस्था सम्झनु पर्छ।

(ड) "सहुलियतपूर्ण ऋण" भन्नाले नेपाल सरकार सदस्य रहेका बहुपक्षीय विकास साझेदारले प्रदान गर्ने ऋणको व्याजदर, भुक्तानी समय र सहुलियत अवधिभन्दा कम नहुने गरी प्राप्त हुने ऋण सम्झनु पर्छ।

(ढ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्छ।

(ण) "स्वयंसेवक" भन्नाले नेपाल सरकारसँग हुने खाका सम्झौताको प्रावधान अन्तर्गत नेपाल सरकारबाट कुनै पारिश्रमिक नलिने गरी नेपालमा आई सेवा प्रदान गर्ने निश्चित शैक्षिक योग्यता, विशेषज्ञता र अनुभव भएका विदेशी नागरिक सम्झनु पर्छ।

(त) "क्षेत्रगत सहायता अवधारणा" भन्नाले कुनै विषयगत क्षेत्रको समग्र नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले संयुक्त वित्तीय सम्झौता, साझा कार्ययोजना र संयुक्त आचार संहिता अन्तर्गत सञ्चालन गरिने नतिजा तथा कार्यक्रममा आधारित अन्तर्राष्ट्रिय विकास सहायता सम्झनु पर्छ।

## ३. अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका प्राथमिकताहरू

राष्ट्रिय आवश्यकता र प्राथमिकताका देहायका क्षेत्रमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गरिनेछः

(क) भौतिक पूर्वाधारको निर्माण,

(ख) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ

(ग) राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धि,

(घ) रोजगारी सिर्जना र गरिवी निवारण,

(ङ) विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण,

(च) वातावरण संरक्षण र जलवायु परिवर्तन,

(छ) विपद् व्यवस्थापन,

(ज) सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये नेपाल सरकारले अन्तर्राष्ट्रिय विकास सहायता लिन उपयुक्त हुने भनी निर्धारण गरेका क्षेत्रहरू।

## भाग - दुई
## सोच, उद्देश्य, लक्ष्य र रणनीति

### २.१ दीर्घकालीन सोच

राष्ट्रिय विकासका प्रयासहरूमा विकास साझेदारहरूको पुँजी र प्रविधिलाई राष्ट्रको आवश्यकता र प्राथमिकताका आधारमा अधिकतम परिचालन गर्ने।

### २.२ उद्देश्य

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई साकार पार्न अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने।

### २.३ लक्ष्य

(क) मुलुकलाई आगामी तीन वर्षभित्र अति कम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नती गर्न आवश्यक स्रोत परिचालन गर्ने।

(ख) अन्तर्राष्ट्रिय विकास सहायता समेत उपयोग गरी सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै नेपाललाई मध्यम आय भएको राष्ट्रको रुपमा स्तरोन्नती गर्ने।

(ग) राष्ट्रिय विकास नीति अनुरुपका आवश्यकता र प्राथमिकताका क्षेत्रमा बाह्य स्रोत परिचालन गर्ने।

(घ) अन्तर्राष्ट्रिय विकास सहायताको पारदर्शी एवम् नतिजामूखी उपयोगमार्फत राष्ट्रिय क्षमता वृद्धि गर्दै सहायताप्रतिको निर्भरता क्रमशः घटाउँदै लैजाने।

### २.४ रणनीति

(क) उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरू व्यापक रुपमा सिर्जना गर्ने निकासीजन्य उत्पादनका क्षेत्रमा सहायता परिचालन गर्ने।

(ख) अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।

(ग) राष्ट्रिय उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने, आयात प्रतिस्थापन गर्ने, व्यापार असन्तुलनलाई तिव्र रुपमा सन्तुलनतर्फ लैजाने र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने।

(घ) अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वशर्त मानिने क्षेत्र र विषयहरूमा केन्द्रीत गर्ने।

(ङ) राष्ट्रिय बजेट प्रणालीमा आबद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।

(च) नेपालमा सञ्चालन हुने विकास साझेदारको संयुक्त सहायता कोष तथा पूर्वाधार आयोजनामा आधारित सह-वित्तीय लगानीका आयोजना वा प्राविधिक सहायता कार्यक्रम बाहेक सामान्यतः कुनै पनि कार्यक्रम एक विकास साझेदारले अर्को विकास साझेदार वा निकायमार्फत सञ्चालन नगर्ने।

## भाग - तीन
## नीति प्रारूप

### ३.१ राष्ट्रिय प्राथमिकतासँग आबद्धता

सहायता प्रभावकारिता सम्बन्धी पेरिस घोषणापत्र अनुरुप राष्ट्रको विकासका प्राथमिकता, नीति र रणनीतिका आधारमा राष्ट्रिय प्रणालीमार्फत अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्न सुदृढ राष्ट्रिय नतिजा प्रारूप निर्माण गर्नुपर्ने हुन्छ। यसका लागि अन्तर्राष्ट्रिय विकास सहायतालाई निम्न बमोजिम हुने गरी राष्ट्रिय प्राथमिकतासँग आबद्ध गरिनेछः

३.१.१ नेपाल सरकारको आवधिक विकास योजनाको लक्ष्य हासिल गर्न सहयोगी हुने गरी प्रदेश र स्थानीय सरकारले आफ्ना विकास योजनाहरू स्वीकृत गरी अन्तर्राष्ट्रिय विकास सहायता आवश्यक पर्ने देखिएका योजना तथा कार्यक्रम एवम् समय समयमा नेपाल सरकारले तीनै तहको आवश्यकता र औचित्य हेरी घोषणा गर्ने नीति तथा कार्यक्रममा उल्लेख भएको आधारमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको क्षेत्र छनौट गरिनेछ।

३.१.२ तीनै तहका विकास सम्बन्धी आवश्यकतालाई सम्बोधन गर्न बजेट सहायता, क्षेत्रगत सहयोग अवधारणामा आधारित विकास सहायता र कार्यक्रममा आधारित सहायतालाई प्राथमिकता दिइनेछ।

३.१.३ समन्यायिक विकासमा योगदान पुर्याउने गरी दुर्गम क्षेत्रका प्राथमिकता प्राप्त कार्यक्रमहरूको लागि अन्तर्राष्ट्रिय विकास सहायताबाट स्रोत उपलब्ध गराउन प्राथमिकता दिइनेछ।

३.१.४ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा राष्ट्रियता, राष्ट्रिय अखण्डता, सार्वभौमिकता, धार्मिक, जातीय र सामाजिक सद्भावमा खलल नपुर्याउने र राष्ट्रिय सुरक्षा नीतिमा प्रतिकूल असर नपार्ने गरी विकास सहायता स्वीकार गरिनेछ।

३.१.५ राष्ट्रका संवेदनशील क्षेत्र तथा विषयहरूमा विदेशी सहायता लिइने छैन। राष्ट्रका विभिन्न निकायहरूले लिने सहायता कार्यपालिका र त्यस मातहतका निकायहरूले परिचालन गर्नेछन्।

३.१.६ सामाजिक समावेशीकरण, सीमान्तकृत समुदायको जीवनस्तर वृद्धि, लैङ्गिक समानता, आर्थिक तथा सामाजिक दृष्टिकोणबाट पछाडि परेका क्षेत्र र समुदायको विकास जस्ता अन्तर सम्बन्धित विषयहरू अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालन हुने सबै आयोजना तथा कार्यक्रमका अभिन्न अङ्ग हुनेछन्।

३.१.७ सरकार र विकास साझेदार दुबै पक्ष विकास नतिजाप्रति जवाफदेही हुने तथा अन्तर्राष्ट्रिय विकास सहायता समावेश भएका सार्वजनिक-निजी साझेदारीका कार्यक्रममा संलग्न निजी क्षेत्र पनि विकास नतिजाप्रति जवाफदेही हुने व्यवस्था गरिनेछ।

३.१.८ दिगो विकास लक्ष्यको कार्यान्वयन गरी नेपालले सन् २०३० सम्ममा हासिल गर्नु पर्ने विकासका उपलब्धिलाई प्राथमिकतामा राखी अन्तर्राष्ट्रिय विकास सहायतालाई मूलप्रवाहीकरण गरिनेछ।

३.१.९ सामाजिक परिचालन र स्थानीय स्रोतको उपयोग गर्दै द्रुत गतिमा अघि बढिरहेको सहकारी अभियानलाई स्वस्थ र सक्षम ढंगले अघि बढाउँदै समावेशी विकास सुनिश्चित गर्न अन्तराष्ट्रिय विकास सहायताको परिचालन गरिनेछ।

३.१.१० कृषिको आधुनिकीरण, ऊर्जा विकास, पर्यटन प्रवर्द्धन, भौतिक पूर्वाधारको विकास, सीप विकास तथा रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व वृद्धि, व्यापार सन्तुलन र लगानी वृद्धिका निम्ति निजी क्षेत्रमैत्री वातावरणको सिर्जना हुने र उच्च आर्थिक विकाससँगै समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने विषयलाई ध्यानमा राखी नेपाल सरकारले अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन, कार्यान्वयन, अनुमगन र मूल्याङ्कन गर्नेछ।

**३.२ सहायता परिचालनको ढाँचा**

अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा विकास साझेदारको तुलनात्मक तथा प्रतिस्पर्धात्मक सबलताको सिद्धान्त र कार्यान्वयन क्षमताका आधारमा देहाय बमोजिमका ढाँचाको अवलम्बन गरिनेछः-

३.२.१ बजेट सहायता सरकारको पहिलो प्राथमिकतामा पर्नेछ। यस अन्तर्गत प्राप्त हुने स्रोतलाई राष्ट्रिय आवश्यकता र प्राथमिकता अनुरुप संघ, प्रदेश र स्थानीय तहमा उपयोग गरिनेछ।

३.२.२ क्षेत्रगत सहायता अवधारणा अन्तर्राष्ट्रिय विकास सहायताको दोश्रो प्राथमिकतामा पर्ने ढाँचा हुनेछ। यस्तो सहायता पनि राष्ट्रिय आवश्यकता र प्राथमिकतासँग आबद्ध हुनुपर्नेछ। नेपाल सरकारको कार्यक्रममा स्रोत विनियोजन गर्दा यसलाई प्राथमिकतामा राखिनेछ। प्रदेश र स्थानीय तहको हकमा प्रचलित कानुन बमोजिम राजस्वको बाँडफाँड हुने हुँदा ती तहबाट सञ्चालन हुने आयोजना वा कार्यक्रमका लागि तिनको आवश्यकता र क्षमता समेतलाई विचार गरी क्षेत्रगत सहायता उपलब्ध गराईनेछ।

३.२.३ कार्यक्रममा आधारित सहायता अन्तर्राष्ट्रिय विकास सहायताको तेस्रो प्राथमिकतामा पर्ने ढाँचा हुनेछ। कार्यक्रममा आधारित आयोजना तथा कार्यक्रमहरूका लागि सम्बद्ध विकास साझेदारसँग गर्नुपर्ने मूल सम्झौता, वित्तीय सम्झौता आदि नेपाल सरकारले सम्पन्न गरी क्षेत्राधिकारको आधारमा संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नै संयन्त्रमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

३.२.४ राष्ट्रिय योजनामा समावेश हुने अन्य आयोजना सहायता परिचालनको चौथो प्राथमिकताको ढाँचा हुनेछ। यस्तो ढाँचा उपयोग गर्दा न्यून सञ्चालन खर्च, नवीनता र दिगोपनालाई आधार बनाइनेछ। नवीन प्रविधि भित्र्याउने यस्ता आयोजना सफल भएपछि तिनलाई दिगो बनाउने र राष्ट्रिय प्रणालीमा विस्तार गर्ने विषयको सुनिश्चितता गरिनेछ।

३.२.५ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्नुपर्दा आयोजनाको सञ्चालन खर्च न्यून गर्न र कार्यान्वयनमा ढिलाइ हुन नदिन साना प्रकृतिका एकल आयोजनाहरूका निम्ति विकास साझेदारको साझा कोष निर्माण गर्न विकास साझेदारहरूलाई प्रोत्साहन गरिनेछ। त्यस्तो साझा कोषबाट प्राप्त हुने रकम राष्ट्रिय बजेटमा समावेश गरी मूलतः प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने मझौला र साना आयोजनामा खर्च गर्ने गरी हस्तान्तरण हुने व्यवस्था मिलाइनेछ।

३.२.६ नेपाल सरकारले विपद् व्यवस्थापन र सो प्रयोजनका लागि मानवीय सहायता वा राहत तथा उद्धार, खाद्यान्न, औषधिजन्य लगायतका सामाग्रीहरू स्वीकार गर्न वा त्यस प्रकारका सहायता उपलब्ध गराउन विकास साझेदारहरूलाई अनुरोध गर्न सक्नेछ। यसरी प्राप्त हुने सहायता तात्कालिक आवश्यकता र क्षमता हेरी संघ, प्रदेश र स्थानीय तहमा रहने संयन्त्रमार्फत वितरण गर्ने व्यवस्था मिलाइनेछ।

३.२.७ नेपाल सरकारले शर्तरहित सहायतालाई प्राथमिकता दिनेछ। सामान्यतः देशभित्र जनशक्ति उपलब्ध हुन नसकेको अवस्थामा मात्रै अन्तर्राष्ट्रिय परामर्श सेवा लिइनेछ।

३.२.८ सामान्यतः सबै प्रकारको अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने गरी स्वीकार गरिनेछ। बजेटमा समावेश भएका सबै सहायताहरूको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने गरी व्यवस्था मिलाइनेछ।

३.२.९ शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, विपद् व्यवस्थापन जस्ता क्षेत्रहरूमा अनुदान सहयोग पुर्याउन अन्तर्राष्ट्रिय स्तरमा स्थापना गरिएका कोषहरूबाट सहायता परिचालन गरिनेछ। यो सहायता त्यस्ता कोषको सबै राष्ट्रलाई लागू हुने प्रावधान अन्तर्गत रही राष्ट्रिय प्राथमिकताका आधारमा परिचालन गरिनेछ। विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तनका असरलाई अनुकूलन र न्यूनीकरण गर्ने गरी आवश्यक खाका तयार गरेर सहायता प्राप्त गरिनेछ।

३.२.१० अन्तर्राष्ट्रिय विकास सहायता परिचालन हुने आयोजनाको विकास गर्दा लैंगिक समानता र सामाजिक समावेशीकरणलाई मध्यनजर राख्दै यथासम्भव सोलाई टेवा दिने प्रकृतिका क्रियाकलापहरू समावेश गर्ने व्यवस्था मिलाइनेछ।

३.२.११ विकास साझेदारहरूसँग गरिने सहायता वार्ताको समन्वय र नेतृत्व आवश्यकतानुसार अर्थ मन्त्रालयले गर्नेछ। वार्ताको लागि आवश्यक पर्ने कार्य विवरण अर्थ मन्त्रालयले तयार गर्नेछ।

**३.३ अनुदान सहायता**

३.३.१ अनुदान सहायता परिचालन गर्दा वातावरण संरक्षण र जलवायु परिवर्तन, दिगो विकास, ग्रामीण पूर्वाधार निर्माण, सामाजिक विकास, कृषिको आधुनिकीरण र विकास, स्वास्थ्य, शिक्षा, पिउने पानी, सरसफाइ, गरिवी निवारण र मानव विकासमा प्रत्यक्ष योगदान पुग्ने क्षेत्रलाई प्राथमिकता दिइनेछ। अनुदान सहायताको आकारलाई सम्भव भएसम्म फराकिलो बनाइनेछ। साना सहायतालाई क्षेत्रगत अवधारणा र विकास साझेदारको साझा कोषमार्फत परिचालन गर्न प्रोत्साहन गरिनेछ।

३.३.२ सरकारले सार्वजनिक, निजी, सहकारी र समुदायको क्षमता नपुगेका क्षेत्रहरू पहिचान गरी अनुदान सहायता परिचालन गर्न उपयुक्त क्षेत्र तोक्न सक्नेछ।

**३.४ सहुलियतपूर्ण ऋण सहायता**

३.४.१ भौतिक पूर्वाधार (जलविद्युत, सौर्य तथा नविकरणीय ऊर्जा, सडक तथा पुल, सिंचाइ, विमानस्थल, रेल्वे, सुख्खा बन्दरगाह र शहरी पूर्वाधार विकास), कृषि र पर्यटन पूर्वाधार जस्ता आर्थिक वृद्धि उच्च पार्न सहयोग पुर्याउने, सीप विकास तथा रोजगारी सिर्जना गर्ने र निर्यात क्षमता वढाई वैदेशिक मुद्रा आर्जन गर्ने क्षेत्रहरूमा सहुलियतपूर्ण ऋणको उपयोग गरिनेछ।

३.४.२ प्रत्येक एकल आयोजनाको लागि एक करोड अमेरिकी डलरभन्दा बढी सहायताको अंश भएका सहुलियतपूर्ण ऋण मात्र स्वीकार गरिनेछ। यो सीमा विकास साझेदारको साझा कोष र सह - लगानी अन्तर्गत प्राप्त हुने सहुलियतपूर्ण ऋणमा लागू हुनेछैन।

३.४.३ ऋण सहायताबाट हुने परामर्श सेवा र सवारी साधन खरिद खर्चहरू न्यूनीकरण गरिनेछ। ऋण सहायताबाट विदेश भ्रमण खर्च गरिने छैन।

३.४.४ आयोजना दस्तावेज तयार गर्दा खरिद प्रक्रियालाई यथाशक्य शर्तरहित बनाइनेछ। विकास साझेदारले सहायता परिचालन गर्ने सबै राष्ट्रको हकमा लागू हुने गरी तयार गरेको खरिद सम्वन्धी प्रावधानको पालना गर्ने गरी सम्झौता गर्न सकिनेछ। नेपाल सरकारले राष्ट्रिय प्राथमिकताका जटिल र उच्च

प्रविधियुक्त पूर्वाधार आयोजनामा इन्जिनियरिंग, खरिद, निर्माण तथा वित्त व्यवस्था (इपिसिएफ) अन्तर्गत अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्न सक्नेछ। यस्तो सहायता परिचालन गर्दा आयोजना कार्यान्वयनको क्रममा प्रतिस्पर्धा, पारदर्शिता र लागत प्रभावकारिताका लागि आवश्यक व्यवस्था गरिनेछ। पूर्व लागत अनुमान यकिन भएको आधारमा यस्तो सहायता परिचालन गरिनेछ।

**३.५ अन्य ऋण सहायता**

३.५.१ सरकारले राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रका आयोजना सञ्चालन गर्न सहुलियपूर्ण ऋण सहायता बाहेक अन्य थप स्रोतबाट समेत सहायता परिचालन गर्न सक्नेछ। यस्तो सहायता विभिन्न राष्ट्रका निर्यात-आयात बैंक तथा यस्तै आयोजनागत वित्तीय सहायता प्रदान गर्ने अन्य निकायबाट प्राप्त हुने ऋणहरूको समेत उपयोग गर्न सक्नेछ।

३.५.२ सामान्यतः अन्य ऋण सहायताको उपयोग निम्न क्षेत्रहरूमा गरिनेछः

(क) जलविद्युत उत्पादन एवम् प्रशारण,

(ख) राजमार्ग र पुल,

(ग) रेलमार्ग,

(घ) विमानस्थल,

(ङ) सुख्खा बन्दरगाह,

(च) शहरी पूर्वाधार

(छ) राष्ट्रिय आवश्यकता र प्राथमिकता भित्रका अन्य क्षेत्र।

**३.६ व्यापारिक ऋण**

राष्ट्रिय प्राथमिकताका उच्च वित्तीय प्रतिफलयुक्त एवम् व्यावसायिक संभाव्यता भएका वृहद आयोजनामा सरकारले व्यापारिक ऋण परिचालन गर्न सक्नेछ। यस्तो ऋणको शर्त र सीमा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**३.७ प्राविधिक सहायता**

प्राविधिक सहायतालाई व्यक्तिगत तह (सीप, ज्ञान, नवीनता, उद्यमशीलता) र साङ्गठनिक तह (प्रणाली, कार्यविधि, प्रविधि) मा राष्ट्रिय क्षमताको विकासमा सघाउ पुर्याउने गरी छनौटपूर्ण तरिकाले राष्ट्रिय क्षमता विकास योजनासँग आबद्ध गरी उपयोग गरिनेछ। सरकारको प्रणाली भित्रबाट आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक क्षमता उपलब्ध नहुँदाका अवस्थामा विकास साझेदारहरूबाट प्राविधिक सहायता उपयोग गरिनेछ।

३. ७.१ आयोजना तयारी प्राविधिक सहायता

३.७.१.१ कुनै आयोजना वा कार्यक्रमको पूर्व संभाव्यता, संभाव्यता र विस्तृत आयोजना प्रतिवेदन निर्माणको लागि आयोजना कार्यान्वयन गर्न प्राविधिक जटिलता भएको वा स्वदेशमा त्यस्तो जनशक्ति नभएको कारणसहित सम्बन्धित निकायले अनुरोध गरेमा विकास साझेदारहरूलाई आयोजना तयारीका लागि प्राविधिक सहायता उपलब्ध गराउन अनुरोध गर्न सकिनेछ।

३.७.१.२ साना आयोजनाहरूको लागि सम्बन्धित सबै तहका सरकारहरूले आफ्नै आयोजना तयारी कोष वा आन्तरिक स्रोतको उपयोग गर्ने नीति लिनेछन्। यस प्रयोजनका लागि नेपाल सरकारले आफ्नो कोषबाट क्रमशः ठूला र मध्यम आयोजनाहरूका निम्ति आवश्यकता र क्षमताको आधारमा साधनस्रोत उपलब्ध गराउन सक्नेछ।

३.७.२ आयोजनागत प्राविधिक सहायता

३.७.२.१ सामान्यतः क्षमता विकासका लागि एकल आयोजनागत प्राविधिक सहायता उपयोग नगर्ने नीति लिइनेछ। तर कुनै राष्ट्रिय प्राथमिकताका आयोजना कार्यान्वयन चरणमा आवश्यक विशेषज्ञताको कमी पूरा गर्न सम्वन्धित बिषयगत मन्त्रालयको लिखित सिफारिसमा त्यस्तो सहायता लिन सकिनेछ। विकास साझेदारहरूलाई यस्तो सहायता प्राविधिक सहायता साझा कोषमा उपलब्ध गराउन प्रोत्साहित गरिनेछ।

३.७.२.२ प्राविधिक सहायता आयोजनाको दस्तावेजले स्पष्ट रुपमा मूलप्रवाहीकरण तथा बहिर्गमन योजनासहित दिगोपना सुनिश्चित गरेको हुनु पर्नेछ।

३.७.२.३ राष्ट्रिय आवश्यकता र लाभका आधारमा कार्यान्वयन गर्ने निकायको समन्वयमा अन्तर्राष्ट्रिय र क्षेत्रीय स्वरुपका प्राविधिक सहायता स्वीकार गर्न सकिनेछ।

३.७.२.४ प्राविधिक सहायताको आवधिक समीक्षा गरिनेछ।

३. ७.३ प्राविधिक सहायता सम्बन्धी अन्य व्यवस्था

३.७.३.१ सामान्यतः प्राविधिक सहायता ऋणको रुपमा उपयोग नगर्ने नीति अवलम्वन गरिनेछ।

३.७.३.२ प्राविधिक सहायता स्वीकार गर्नु पूर्व अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

३.७.३.३ विकास साझेदारहरूले सबै प्राविधिक सहायताको विवरण सहायता सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

३.७.३.४ प्राविधिक सहायताबाट सवारी साधन, यन्त्र उपकरण खरिद गर्न वा वैदेशिक अध्ययन भ्रमण वा तालिममा भाग लिन अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

**३.८ परामर्शदाता परिचालन**

३.८.१ परामर्शदाता परिचालन गर्दा उपलब्ध र सम्भव भएसम्म नेपाली नागरिक वा संस्थालाई प्राथमिकता दिइनेछ। प्रविधि तथा ज्ञानको हस्तान्तरण गर्ने र राष्ट्रिय स्तरमा उपलब्ध नभएको विज्ञताका लागि मात्र अन्तर्राष्ट्रिय परामर्शदाता परिचालन गर्न सकिनेछ।

३.८.२ परामर्श सेवाको लागि आयोजना दस्तावेजमै स्पष्ट सीमा, शर्त र कार्यविवरण संलग्न हुनुपर्नेछ। नेपाल सरकारको पूर्व स्वीकृति बिना पूर्वाधार आयोजनाको कूल लागतको ५ प्रतिशतभन्दा बढी रकम परामर्श सेवामा खर्च गरिने छैन। यस्तो पूर्व स्वीकृति आयोजना वार्ता अगावै प्राप्त गरिसक्नु पर्नेछ।

३.८.३ प्रदेश र स्थानीय तहमा नेपाली नागरिकबाट सम्पादन हुन नसक्ने कुनै कार्य विषय भएमा कारण खोली बहिर्गमन योजनासहित आग्रह गरेमा अर्थ मन्त्रालयले विदेशी परामर्शदाता परिचालन गर्न सहमति दिन सक्नेछ।

**३.९ स्वयंसेवक परिचालन**

३.९.१ द्विपक्षीय विकास साझेदारका स्वयंसेवी संस्थाहरूबाट प्राविधिक सहायताको रुपमा सरकारले स्वयंसेवक परिचालन गर्न सक्नेछ। यी स्वयंसेवकहरूलाई प्राविधिक विशेषज्ञता र विकास आयोजना वा कार्यक्रमको आवश्यकता अनुसार स्थानीय तहका विभिन्न कार्यक्रमहरूमा परिचालन गर्न सकिनेछ।

३.९.२ स्वयंसेवक परिचालन गर्न सरकारबाट प्राथमिकताका क्षेत्रहरू पहिचान गरी त्यस्ता क्षेत्रमा स्वयंसेवक पठाउन द्विपक्षीय विकास साझेदारका स्वयंसेवी संस्थाहरूलाई अनुरोध गरिनेछ। सबै निकायले खाका सम्झौता बमोजिम स्वयंसेवक परिचालन गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

३.९.३ दिगो रूपमा उपयोग हुने गरी प्रविधि ज्ञान र सीप हस्तान्तरणको निम्ति स्वयंसेवकहरूलाई स्थानीय संस्था, निकाय वा समुदायसँग आबद्ध गराइनेछ।

३.९.४ सम्बन्धित सरकारी निकायहरूले स्वयंसेवक सेवाको अनुगमन गर्नेछन् र सो को प्रतिवेदन सम्बन्धित मन्त्रालय, अर्थ मन्त्रालय र आवश्यकता अनुसार अन्य संस्थाहरूमा समेत पठाउनेछन्।

३.९.५ स्वयंसेवकहरूले नेपालमा काम गर्दा नेपालको सभ्यता, संस्कृति, र सामाजिक सद्भाव अनुकूल हुने गरी नेपाली नागरिकको धार्मिक आस्था वा विश्वास को सम्मान गर्नु पर्नेछ।

**३.१० अन्तर्राष्ट्रिय विकास सहायता परिचालनमा सामुदायिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था**

नेपालको संवैधानिक व्यवस्थाले सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको लगानी र भूमिका राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा मात्र उपयोग गर्दै यस्ता संघ संस्थालाई जवाफदेही एवम् पारदर्शी बनाउन निर्देश गरे अनुरूप गैरसरकारी संस्थामार्फत अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा निम्नानुसार गरिनेछः

३.१०.१ गैरसरकारी संस्थामार्फत अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा गरिनेछ।

३.१०.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने गरी आयोजना प्रस्ताव तयार गर्दा सम्बन्धित विषयगत मन्त्रालयको समन्वयमा गर्नु पर्नेछ।

३.१०.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना छनौट गर्दा सम्बन्धित स्थानीय तहको नेतृत्वमा आयोजना हुने सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्नु पर्नेछ। स्थानीय तहसँग सामाञ्जस्य कायम गरेर आयोजना वा कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ।

३.१०.४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको आयोजनागत विवरण अर्थ मन्त्रालयमा रहेको सहायता सूचना व्यवस्थापन प्रणालीमा दोहोरो नपर्ने गरी प्रविष्ट गर्नु पर्नेछ।

३.१०.५ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सोझै वा राष्ट्रिय गैरसरकारी संस्थामार्फत सहायता परिचालन गर्दा धार्मिक एवम् राजनीतिक संस्था तथा राष्ट्रिय संवेदनशीलताका क्षेत्रहरू बाहेकका विकासमूलक कार्यमा गर्नु पर्नेछ।

३.१०.६ भौगोलिक र कार्यक्षेत्रगत दोहोरोपना हटाउन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संचालन गर्ने आयोजनाको निश्चित बिषयगत क्षेत्र र आयोजना संचालन हुने भौगोलिक क्षेत्र तोक्न सकिनेछ। नियामक निकायले यस्ता संस्थाहरूले संचालन गरेको आयोजनाहरूको विद्युतीय नक्सांकन तयार गर्नेछ।

३.१०.७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संचालन गरेका आयोजनाको लागतमा बढीमा २० प्रतिशतसम्म मात्र प्रशासनिक खर्च गर्न पाउनेछन्। यस्तो खर्चको सीमा आयोजना लागतको आधारमा तोकिनेछ।

३.१०.८ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परिचालन गरेको विकास सहायताको आयव्यय तथा क्रियाकलापको विवरण पारदर्शिता अभिवृद्धिको लागि वार्षिक रुपमा सार्वजनिकीकरण गर्नु पर्नेछ। त्यस्ता संस्थाहरूले कार्यक्रम सञ्चालन गरेको स्थानीय तहमा वर्षको एक पटक तेस्रो पक्षद्वारा त्यस्ता कार्यक्रमहरूको परीक्षणका साथै सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखापरीक्षण समेत गराउनु पर्नेछ।

३.१०.९ कुनै विकास साझेदारले नेपाल सरकारका लागि उपलब्ध गराउने भनी छुट्याइसकेको सहायता रकमबाट कट्टा नहुने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजना प्रस्ताव गर्नु पर्नेछ।

३.१०.१० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै प्रयासमा अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन गर्दा प्रचलित कानुन बमोजिम समाज कल्याण परिषदमार्फत हुनेछ। यस्तो सहायताको विवरण अर्थ मन्त्रालयमा रहेको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

**३.११ विकास साझेदारहरूबाट सोझै कार्यान्वयन हुने सहायता**

नेपाल सरकारसँग सम्झौता भएका कतिपय आयोजनाहरू कार्यान्वयन गर्न राष्ट्रिय क्षमताको विकास भई नसकेको अवस्था र केही आयोजनाहरू विकास साझेदारहरूबाट निर्माण सम्पन्न गराई सरकारलाई हस्तान्तरण (टर्न की) गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा सोझै कार्यान्वयन हुने विकास सहायता पनि उपयोग गर्न सकिनेछ। यसका लागि देहायको ब्यवस्था गरिनेछः

३.११.१ जलविद्युत उत्पादन, विद्युत प्रसारण लाइन, राजमार्ग, पुल, रेल्वे, टनेल, हवाई मैदान, ठूला सिंचाइ र सुख्खा बन्दरगाह निर्माण र विशेष आर्थिक क्षेत्र विकास जस्ता उच्च प्राथमिकताका मझौला तथा ठूला आयोजनाहरूमा विकास साझेदारहरूबाट सोझै कार्यान्वयन हुने सहायता उपयोग गर्न सकिनेछ।

३.११.२ सोझै कार्यान्वयन हुने आयोजनाहरू राष्ट्रिय बजेट प्रणालीमा समावेश गर्नु पर्नेछ।

३.११.३ यसरी कार्यान्वयन हुने आयोजनाहरूको विवरण विकास साझेदारहरूले अर्थ मन्त्रालयमा रहेको सहायता व्यवस्थापन प्रणालीमा नियमित रुपमा प्रविष्ट गर्नु पर्नेछ।

३.११.४ विकास साझेदारहरूबाट सोझै कार्यान्वयन हुने विकास सहायता सम्बन्धी आयोजनाको कार्यान्वयन सरकारी निकायका जिम्मेवार पदाधिकारीको नेतृत्वमा गठित आयोजना समन्वय समितिको निर्देशन अनुसार गरिनेछ।

३.११.५ यसरी कार्यान्वयन भएका आयोजनाहरूको खर्चको लेखा र प्रतिवेदन सहितका आवधिक विवरणहरू विकास साझेदारहरूले सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयमा नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

**३.१२ विपद् व्यवस्थापन र मानवीय सहायता**

विपद्लाई तत्काल सम्वोधन गर्न र महामारी, खाद्य असुरक्षा, कुपोषण र शरणार्थी व्यवस्थापन जस्ता मानवीय विषयहरूलाई निर्धारित प्रक्रिया पूरा गरी सम्बोधन गर्न मानवीय सहायता परिचालन गरिनेछ। मानवीय सहायताको व्यवस्थापन स्थापित अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार हुनेछ।

३.१२.१ मानवीय सहायता गर्ने विकास साझेदारहरूले अवलम्वन गर्नुपर्ने असल अभ्यासहरूप्रति विकास साझेदारहरू प्रतिबद्ध रहनेछन्।

३.१२.२ मानवीय सहायता गर्ने विकास साझेदारहरूले राष्ट्रिय क्षमता अभिवृद्धि हुने गरी सङ्कटको रोकथाम, न्यूनीकरण र सम्बोधन गर्नका लागि तयारी, सम्बोधन, पुनर्निर्माण र पुनर्स्थापना जस्ता चरणहरूमा सरकारको निकटमा रही कार्य गर्नेछन्।

३.१२.३ विपद्को समयमा मानवीय सहायता परिचालन तथा व्यवस्थापनको नेतृत्व गृह मन्त्रालयले गर्नेछ।

३.१२.४ मानवीय सहायता वितरण गर्दा मानवीय संवेदनाको आधारमा नेपालको सभ्यता, संस्कृति, सामाजिक सद्भाव, व्यक्तिको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नु पर्नेछ।

### ३.१३ अन्तर-सरकारी संयुक्त आर्थिक आयोग

३.१३.१ अर्थ मन्त्रालयले इच्छुक राष्ट्र तथा अन्तर्राष्ट्रिय निकायहरूसँग आर्थिक साझेदारीका सम्भाव्य क्षेत्रहरूको खोजी गर्नेछ। यस्तो साझेदारी पारदर्शी हुनेछ र पारस्परिक तथा तुलनात्मक लाभको आधारमा तय गरिनेछ। अन्तर-सरकारी आर्थिक आयोग गठन गरी यसको कार्यान्वयन गरिनेछ।

३.१३.२ यस किसिमको साझेदारी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीति, औद्योगिक नीति, व्यापार नीति र दिगो तथा उच्च आर्थिक विकास हासिल गर्ने लगायतका नीतिहरू अनुकूल हुने गरी अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध विस्तार र राष्ट्रिय हित प्रवर्द्धन गर्न उपयोग गरिनेछ।

### ३.१४ दक्षिण-दक्षिण तथा उत्तर-दक्षिण-दक्षिण (त्रिभुजीय) सहयोग

उपयुक्तता र अनुभवका आधारमा दक्षिण-दक्षिण तथा उत्तर-दक्षिण-दक्षिण (त्रिभुजीय) सहयोगको अवधारणा अनुरुपको सहयोग आदानप्रदान गर्न सकिनेछ। यो अवधारणा अन्तर्गत दक्षिण क्षेत्रका सहायता प्राप्त गर्ने दुई वा सोभन्दा बढी राष्ट्रहरू बीचको आपसी सहयोग तथा उत्तर क्षेत्रका परम्परागत दातृराष्ट्र एवम् संस्थाहरू समेतको समन्वयात्मक तथा वित्तीय संलग्नतामा सहयोग आदानप्रदान गर्न सकिनेछ। यस अन्तर्गत दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) र बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) जस्ता क्षेत्रीय संयन्त्रसँगको सहयोग अभिवृद्धि गर्न र अन्तर-सरकारी संयुक्त आर्थिक आयोगमार्फत सहायता परिचालन समेत गर्न सकिनेछ।

### ३.१५ निजी क्षेत्रसँग साझेदारी

निजी क्षेत्रको सन्दर्भमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने आधारहरू निम्न अनुसार हुनेछन्:

३.१५.१ सहायताबाट प्राप्त रकम सार्वजनिक-निजी क्षेत्र साझेदारीको अवधारणालाई मद्दत पुग्ने गरी परिचालन गर्न सकिनेछ।

३.१५.२ निजी क्षेत्रको लगानीमा प्रतिकूल असर नपर्ने गरी अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन गरिनेछ।

३.१५.३ निजी क्षेत्रमार्फत कार्यान्वयन हुने अन्तर्राष्ट्रिय विकास सहायताको रकम निर्यात बढाउन मद्दत पुग्ने गरी पूर्वाधार विकासमा परिचालन गरिनेछ।

३.१५.४ अन्तर्राष्ट्रिय विकास सहायताको रुपमा प्राप्त रकम व्यापार सम्बद्ध अवरोध हटाई लगानी मैत्री वातावरण सिर्जना गर्न र व्यापार सहजीकरणका अन्य उपायहरू अवलम्बन गर्न उपयोग गर्न सकिनेछ।

### ३.१६ सम्मिश्रित वित्त

सरकारले विकास सहायताको प्रभावकारिता बढाउन तथा सहायतालाई अधिकतम सहुलियतपूर्ण वनाउन व्यापारिक, निजी, गैरसरकारी कोष तथा अनुदान सहायतालाई मिश्रित गरी विकास सहायता परिचालन गर्न सक्नेछ।

३.१६.१ द्विपक्षीय तथा बहुपक्षीय अनुदान तथा ऋणलाई एकै डालोमा राखी आयोजनाहरू व्यावसायिक रुपमा सम्भाव्य हुनेगरी वित्त व्यवस्थापन गर्न सकिनेछ।

३.१६.२ नेपाल सरकारले तोकेका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू सार्वजनिक-निजी साझेदारी अन्तर्गत सञ्चालन गर्दा सोमा संलग्न सार्वजनिक क्षेत्रलाई पूँजीको अभाव परिपूर्ति गर्न कानुन बमोजिम नेपाल सरकार जमानी बसी ऋण परिचालन गर्न सक्नेछ।

३.१६.३ निजी क्षेत्रको नेतृत्वमा सञ्चालन हुने राष्ट्रिय प्राथमिकताका आयोजनाको पूँजी तथा लगानी संरचनाको निश्चित अंशमा नेपाल सरकार समेत सहभागी हुने गरी अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्न सकिनेछ।

## भाग - चार
## सङ्घीय ढाँचामा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन

### ४.१ संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध

४.१.१ अनुदान सहायता र प्राविधिक सहायताका हकमा अर्थ मन्त्रालयले वित्तीय सम्झौता गरी कार्यान्वयनका लागि प्रदेशमा पठाउनेछ।

४.१.२ स्थानीय तहमा सञ्चालन हुने आयोजनाका हकमा अर्थ मन्त्रालयले सम्झौता गरी कार्यान्वयनका लागि स्थानीय तहमा पठाउन सक्नेछ।

४.१.३ बजेट प्रणालीमार्फत परिचालन हुने अनुदान सहायताको रकम सशर्त अनुदानको रुपमा र ऋण सहायताको रकम, व्याजदर र भुक्तानी सम्वन्धी शर्तहरू सहितको सहायक ऋण सम्झौता गरी कार्यक्रम सञ्चालन हुने प्रदेश तथा स्थानीय तहमा पठाइनेछ।

४.१.४ अन्तर्राष्ट्रिय विकास सहायता संलग्न कार्यक्रम सञ्चालन गर्ने प्रदेश तथा स्थानीय तहले सम्वन्धित आयोजना सम्झौतामा उल्लेख भएका शर्तहरूका अधिनमा रही खर्च गर्ने र खर्चको वित्तीय तथा भौतिक प्रगतिका विवरणहरू, शोधभर्नाका लागि आवश्यक पर्ने विवरणहरू, आर्थिक विवरणहरू र अन्य विवरणहरू निर्धारित समयभित्रै नियमित रुपमा सम्वन्धित आयोजना व्यवस्थापन कार्यालय/इकाइलाई उपलब्ध गराउनु पर्नेछ।

### ४.२ सहायता परिचालनमा अर्थ मन्त्रालयको भूमिका

४.२.१ अर्थ मन्त्रालयले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धमा सबै सरोकारवालाहरू बीच एकरुपता कायम गर्न र राष्ट्रिय प्राथमिकताका आधारमा सहायता परिचालन गर्ने प्रयोजनका लागि कार्यसञ्चालन निर्देशिका बनाई लागू गर्नेछ।

४.२.२ विकास साझेदारहरूसँग सहायताको लागि पत्राचार गर्ने, अनुरोध पठाउने, वार्ता गर्ने र सम्झौता गर्ने कार्य गर्नेछ।

४.२.३ प्रदेश सरकार र विकास साझेदार तथा स्थानीय सरकार र विकास साझेदारबीच हुने आयोजना कार्यान्वयन सम्बन्धी सम्झौता गर्न र आयोजना कार्यान्वयनसँग सम्वन्धित दस्तावेज तयारीका लागि सहजीकरण गर्नेछ।

४.२.४ प्रदेश सरकारलाई आयोजनामा आधारित ऋणको रुपमा अन्तर्राष्ट्रिय विकास सहायता उपलब्ध गराउने र यसका लागि आवश्यक प्राविधिक सहायताको व्यवस्थापन गर्ने कार्य गर्नेछ।

४.२.५ राष्ट्रिय स्तरका आयोजनाहरूका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय स्रोतको व्यवस्थापन गर्नेछ।

४.२.६ अन्तर्राष्ट्रिय विकास सहायता आवश्यक पर्ने सम्भावित आयोजना बैंक र यसका लागि आयोजना छनौट पूर्वका तयारीको कार्य गर्न सहयोग गर्नेछ।

४.२.७ वैदेशिक ऋण वापतको यस अघि भए गरेका दायित्व र अब थप हुने दायित्व वहन नेपाल सरकारले गर्नेछ।

४.२.८ प्रदेश सरकारबाट सञ्चालन हुने गरी तयार भएका आयोजनाहरूमा आवश्यक पर्ने अन्तर्राष्ट्रिय विकास सहायताका लागि हुने वार्ता, आयोजना छनौट, मूल्याङ्कन, सम्भाव्यता अध्ययन जस्ता कार्यहरूमा सम्बन्धित प्रदेश सरकारको प्रतिनिधित्व गराइनेछ।

### ४.३ सहायता परिचालनमा प्रदेश सरकारको भूमिका

४.३.१ आफ्नो क्षेत्रका अन्तर्राष्ट्रिय विकास सहायता आवश्यक पर्ने सम्भावित आयोजनाहरू पहिचान गरी एकिकृत आयोजना बैङ्क तयार गर्नेछ।

४.३.२ संभाव्य आयोजनामा अन्तर्राष्ट्रिय विकास सहायताको आवश्यकता पहिचान गरी थप प्रक्रिया अगाडि बढाउन अर्थ मन्त्रालयमा प्रस्ताव पठाउनेछ।

४.३.३ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्रदेश अन्तर्गतका एकभन्दा बढी स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको समन्वय र अनुगमन गर्नेछ।

**४.४ सहायता परिचालनमा स्थानीय तहको भूमिका**

४.४.१ स्थानीय तहले स्थानीय प्राथमिकताका आयोजना पहिचान गरी स्थानीय सभाबाट पारित गराई स्रोत व्यवस्थापनका लागि प्रदेश वा संघ वा दुवैमा अनुरोध गर्न सक्नेछ।

४.४.२ अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूबाट स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको समन्वय र अनुगमन सम्वन्धित जिल्ला समन्वय समितिले गर्नेछ।

**४.५ सहायता परिचालनमा विकास साझेदारहरूको भूमिका**

४.५.१ सहायता परिचालन सम्बन्धी सम्पूर्ण विषयमा अर्थ मन्त्रालयको स्वीकृति लिई आवश्यक समन्वय र सहकार्य गर्नु पर्नेछ।

४.५.२ विकास सहायतामा सञ्चालन हुने आयोजना व्यवस्थापनका सबै चरणमा अर्थ मन्त्रालयसँग परामर्श गर्नु पर्नेछ।

४.५.३ सहायता परिचालनबाट प्राप्त नतिजाको संयुक्त समीक्षाबाट देखिएका निचोडलाई आत्मसात गरी आगामी दिनमा नयाँ सहायता परिचालन गर्दा आवश्यक सुधार गर्दै जानुपर्नेछ।

## भाग - पाँच
## कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्यांकन

**५.१ नीति कार्यान्वयन समिति**

यो नीति कार्यान्वयनमा मार्गदर्शन गर्न देहाय बमोजिमको एक उच्चस्तरीय “अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति कार्यान्वयन समिति” गठन गरिनेछः

| | |
|---|---|
| अर्थ मन्त्री | अध्यक्ष |
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय (आर्थिक तथा पूर्वाधार क्षेत्र) | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | सदस्य |
| सहसचिव, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय | सदस्य-सचिव |

५.१.१ नीति कार्यान्वयन समितिले सम्बद्धता, विशेषज्ञता र आवश्यकताको आधारमा नेपाल सरकारका अन्य मन्त्रालयका उच्च पदाधिकारी, कुनै निकायका प्रतिनिधि, प्रदेश सरकारको प्रतिनिधि, निजी क्षेत्र वा विशेषज्ञलाई पर्यवेक्षक वा आमन्त्रित सदस्यको रुपमा समितिका बैठकहरूमा आमन्त्रण गर्न सक्नेछ।

५.१.२ नीति कार्यान्वयन समितिले यो नीतिको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन गर्नेछ। विकास सहायता परिचालन नीति कार्यान्वयन समितिको सचिवालयको काम अर्थ मन्त्रालयले गर्नेछ। समितिले नीति कार्यान्वयनमा देखा पर्न सक्ने वाधा अड्काउ फुकाउने, नीति कार्यान्वयनका सिलसिलामा आइपर्न सक्ने द्विविधा हटाउने, आवश्यकता अनुसार यो नीतिको व्याख्या गर्ने लगायतका काम गर्नेछ।

### ५.२ अन्तर्राष्ट्रिय विकास सहायता समन्वयको सम्पर्क विन्दु

५.२.१ नेपाल सरकारलाई आवश्यक पर्ने विकास सहायता परिचालन गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको हुनेछ। यसका लागि आर्थिक कुटनीतिको समेत प्रभावकारी उपयोग गरिनेछ।

५.२.२ कुनै पनि तहको सरकारी निकाय, संवैधानिक अंग, सार्वजनिक संस्थान, नेपाल सरकारको पूर्ण या आंशिक अनुदानमा सञ्चालित संस्था, प्रतिष्ठान आदिले अन्तर्राष्ट्रिय विकास सहायताको खोजी गर्न वा सहायताको लागि औपचारिक अनुरोध गर्न, प्रस्ताव राख्न, वार्ता गर्न, कुनै सूचना दिन आयोजनाको अवधारणापत्र एवम् प्रस्तावसहित पत्राचार गर्न तथा समझदारी पत्र वा सम्झौतामा हस्ताक्षर गर्न अनिवार्य रुपमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

५.२.३ विकास साझेदारहरूले पनि सहायता प्रस्ताव गर्दा वा सहायता परिचालन सम्बन्धी पत्राचार गर्दा अर्थ मन्त्रालयमार्फत मात्र गर्नु पर्नेछ। नेपाल सरकारका निकायहरूले विकास आयोजनाहरूको प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगको सहमति लिनु पर्नेछ। प्रदेश र स्थानीय तहले आ-आफ्नो तहमा आयोजना स्वीकृत गर्ने संयन्त्र गठन गरेको वा निकाय तोकेकोमा त्यस्तो संयन्त्र वा निकायको सहमति लिनु पर्नेछ।

५.२.४ अर्थ मन्त्रालयको पूर्व स्वीकृति नलिई सार्वजनिक पद धारण गरेको कुनैपनि तहको पदाधिकारी र आयोजनामा कुनै पनि सेवा शर्तमा सम्लग्न व्यक्तिले अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालित कार्यक्रम र आयोजनाबाट खर्च व्यहोर्ने गरी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, स्वदेशी तथा विदेशी परामर्शदाता, आपूर्तिकर्ता वा ठेकेदारको निमन्त्रणामा वैदेशिक भ्रमण गर्न पाउने छैन।

### ५.३ स्थानीय विकास साझेदार बैठक

स्थानीय विकास साझेदार बैठक सामान्यतः वर्षको दुई पटक वा आवश्यकता अनुसार आयोजना गरिनेछ। यो संयन्त्रले स्थानीय रुपमा कार्यरत विकास साझेदार र नेपाल सरकारका बीच विकास सहायता परिचालन नीति कार्यान्वयन एवम् सहायता परिचालनका सम्वन्धमा आइपर्ने समस्याका विषयमा नियमित सम्वाद र समन्वय गर्ने मञ्चको रूपमा कार्य गर्नेछ।

### ५.४ संयुक्त क्षेत्रगत समीक्षा

नेपाल सरकारका क्षेत्रगत मन्त्रालय र विकास साझेदार बीच क्षेत्रगत योजना, नीति र कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समन्वयका लागि यस्ता संयुक्त समीक्षा वैठक बस्नेछन्। सम्बद्ध क्षेत्रगत मन्त्रालयहरूले यस्ता बैठकहरूको नेतृत्व गर्नेछन्। यस्ता बैठकमा गरिएका निर्णयको जानकारी अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ। यसरी प्राप्त निर्णयको एकिकृत अभिलेख अर्थ मन्त्रालयले राख्नेछ।

### ५.५ प्रदेश र स्थानीय स्तरको समीक्षा

५.५.१ प्रदेश सरकारले कार्यान्वयन गरेका अन्तर्राष्ट्रिय विकास सहायता समावेश भएका विकास आयोजना तथा कार्यक्रमहरूको सम्बन्धमा समीक्षा गर्न प्रदेश स्तरमा सरकारी र गैरसरकारी स्तरका नेपाली प्रतिनिधि रहेको संयन्त्र निर्माण गरिनेछ। सामान्यतयाः यस्तो समीक्षाको नेतृत्व र समन्वय प्रदेश

आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ। यस्तो अनुगमन कार्य अर्थ मन्त्रालयवाट समेत हुन सक्नेछ।

५.५.२ स्थानीय तहले कार्यान्वयन गरेका अन्तर्राष्ट्रिय विकास सहायताका आयोजना तथा कार्यक्रमहरूको अनुगमन र समीक्षा जिल्ला समन्वय समितिले गर्नेछ।

५.५.३ सहायता प्रभावकारिताका विषयमा प्रदेश र स्थानीय तहमा समाधान हुन नसकेका समस्याहरूबारे आवश्यक निर्देशनका लागि अर्थ मन्त्रालयमा जानकारी गराउनु पर्नेछ। यसको लागि आवश्यक सामान्य मार्गदर्शन अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाले जारी गर्नेछ।

**५.६ विकास साझेदारहरूको संलग्नता**

५.६.१ विकास साझेदारहरूले अन्तर्राष्ट्रिय विकास सहायता र यसबाट सञ्चालन हुने आयोजनाहरूलाई राष्ट्रिय विकास योजना र प्राथमिकतासँग आबद्ध गर्नेछन्।

५.६.२ विकास साझेदारहरूलाई नीतिको कार्यान्वयनका सम्वन्धमा आवश्यकता अनुसार समन्वय संयन्त्रमा सहभागी हुने व्यवस्था गर्न सकिनेछ।

५.६.३ विकास साझेदारहरूले सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायतालाई राष्ट्रिय र क्षेत्रगत विकास ढाँचासँग आबद्ध हुने गरी स्पष्ट नतिजा प्राप्त हुने किसिमले सम्भव भएसम्म निःशर्त रुपमा परिचालन गर्न प्राथमिकता दिनेछन्।

५.६.४ विकास साझेदारहरूले सबै किसिमका सहायता सम्बन्धी सूचनाहरू पुर्वानुमान गर्न सकिने गरी अग्रिम रुपमा अर्थ मन्त्रालयमा विद्यमान् सहायता सूचना प्रणालीमा उपलब्ध गराउनेछन्।

५.६.५ विकास साझेदारले सहायताको सञ्चालन खर्च घटाउन सहायताको खण्डीकरण रोक्ने काममा सरकारलाई उल्लेख्य सहयोग गर्नेछन र विगतको क्षेत्रगत सहायता अवधारणा कार्यान्वयनको अनुभवका आधारमा अन्य क्षेत्रमा पनि यसको विस्तार गर्न सघाउ पुर्याउनेछन्।

५.६.६ विकास साझेदारले नेपालको राष्ट्रिय प्रणाली र संगठनात्मक संरचनासँग आबद्ध भई सरकारी संस्थाको नेतृत्वमा स्थानीय क्षमता र स्वामित्वभाव अभिवृद्धि हुने गरी कार्यक्रम कार्यान्वयन गर्नेछन्।

५.६.७ विकास साझेदारले यथासम्भव संयुक्त मिसन र संयुक्त विश्लेषणात्मक अध्ययनको कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाउनेछन्।

५.६.८ विकास साझेदारहरूले कुनै पनि प्रकारको अन्तर्राष्ट्रिय विकास सहायता प्रवाह गर्दा अर्थ मन्त्रालयमार्फत् गर्नेछन्।

**५.७ विकास साझेदारहरूको कार्यक्षेत्र विभाजन**

विकास साझेदारहरूले आ-आफ्नो तुलनात्मक विशेषज्ञता र विगतको संलग्नताका आधारमा आपसी सहमतिमा सहयोगका विषयगत क्षेत्रहरू विभाजन गरी सहायता प्रदान गर्नेछन्। यस कार्यमा अर्थ मन्त्रालयले समन्वयात्मक भूमिका निर्वाह गर्नेछ।

**५.८ सहायताको प्रभावकारी कार्यान्वयनमा नेपाल सरकारको प्रतिबद्धता**

५.८.१ सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकता, मानव अधिकारका विश्वव्यापी मान्यता, लोकतन्त्र, कानुनको शासन, समावेशी विकास, सुशासन, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता, सहायताको पारदर्शिता र उत्तम नतिजालाई महत्व दिनेछ।

५.८.२ पूर्वाधार विकासमा प्रत्यक्ष सरोकार राख्ने नेपाल सरकारका निकाय वा सोसँग आबद्ध संस्थाहरूमा संस्थागत सुधार एवम् क्षमता विकासका कार्यक्रमहरू लागू गर्नेछ।

५.८.३ सहायता एवम् विकास प्रभावकारिताका लागि अन्तर्राष्ट्रिय साझेदारीसँग सहकार्य गर्न र उच्चस्तरमा गरिएका प्रतिवद्धताहरूको कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा सहभागी हुन नेपाल सरकार प्रतिबद्ध रहनेछ।

५.८.४ नेपाल सरकारले संभाव्य वित्तीय जोखिम कम गर्न र खरिद प्रणाली सहित सार्वजनिक वित्त व्यवस्थापनमा सुधार गर्न कार्यक्रमहरू लागू गर्नेछ।

५.८.५ राष्ट्रिय क्षमता वृद्धि गरी आयोजनाको सञ्चालन खर्च घटाउन र दिगोपना कायम गर्न सरकार कटिबद्ध हुनेछ।

५.८.६ विकास साझेदारहरू सँगको सहकार्यमा सहायता कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।

५.८.७ सार्वजनिक खर्च र वित्तीय जवाफदेहिता मूल्याङ्कनका सुझावहरू कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहनेछ।

५.८.८ सार्वजनिक सेवा प्रवाहको प्रक्रियालाई सरलीकरण गर्न र खर्चको गुणस्तरमा सुधार ल्याउन सरकार प्रतिबद्ध रहनेछ।

५.८.९ पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सरकारले सहायता व्यवस्थापन सूचना प्रणालीमा उपलब्ध सहायता सम्बन्धी सूचना सार्वजनिक गर्नेछ।

### ५.९ अनुगमन तथा मूल्यांकन

५.९.१ यो नीतिको कार्यान्वयनको अनुगमन विभिन्न आवधिक बैठक, समीक्षा तथा अन्तरक्रियाका माध्यमबाट गरिनेछ।

५.९.२ अर्थ मन्त्रालयले अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालन भैरहेका आयोजना तथा कार्यक्रमहरूको कार्यसम्पादनको अनुगमन गर्न सक्नेछ। यस्तो अनुगमन विकास साझेदारसँग संयुक्त रुपमा पनि गर्न सकिनेछ।

५.९.३ यो नीतिको कार्यान्वयनको मूल्यांकन सामान्यतः प्रत्येक दुई वर्षमा गरिनेछ।

## भाग - छ
## विविध

### ६.१ कर छुट तथा प्रवेशाज्ञा सम्बन्धी व्यवस्था

६.१.१ सामान्यतः अन्तर्राष्ट्रिय विकास सहायताको रकम कर तिर्ने प्रयोजनको लागि उपयोग गरिने छैन।

६.१.२ सम्झौतामा भएको कर छुटको प्रावधान बमोजिम कर प्रयोजनको लागि आवश्यक पर्ने रकम आन्तरिक स्रोतबाट व्यहोर्ने प्रबन्ध मिलाइनेछ।

६.१.३ सम्झौतामै उल्लेख भएको अवस्था र आन्तरिक स्रोतबाट प्रवन्ध गर्न नसकिएका आयोजनाको हकमा प्रचलित कानुनको अधीनमा रही कर छुट प्रदान गर्न सकिनेछ।

६.१.४ आय तथा मुनाफामा लाग्ने कर अन्तर्राष्ट्रिय विकास सहायताको अंश नमानिने हुँदा यस सम्बन्धमा प्रचलित कर सम्बन्धी कानुन लागू हुनेछ।

६.१.५ अन्तर्राष्ट्रिय विकास सहायता संलग्न भएको आयोजनामा काम गर्ने विदेशी कामदार, कर्मचारी र तिनका आश्रितलाई सम्झौतामा उल्लेख भएअनुसार प्रवेशाज्ञा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

### ६.२ खारेजी र वचाउ

६.२.१ विकास सहायता नीति, २०७१ खारेज गरिएको छ।

६.२.२ विकास सहायता नीति, २०७१ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै नीति अन्तर्गत भए गरेको मानिनेछ।

६.२.३ यो नीतिको व्याख्या तथा कार्यान्वयनका क्रममा कुनै बाधा उत्पन्न भएमा अर्थ मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ।

# राष्ट्रिय विज्ञान प्रविधि तथा नव प्रवर्तन नीति, २०७६

## १. पृष्ठभूमि

विज्ञान प्रविधि राष्ट्रको सामाजिक रूपान्तरण र आर्थिक विकासको प्रमुख संवाहक शक्ति मानिन्छ। गुणस्तरीय जीवनस्तर र सुशासन कायम गर्न एवम् सुरक्षा सुदृढ बनाउन समेत विज्ञान प्रविधिको उपयोग प्रभावकारी देखिएको छ। कुनै पनि राष्ट्रको समृद्धि उक्त देशले अपनाएको विज्ञान प्रविधि सम्बन्धी नीति, सो को समग्रतामा कार्यान्वयन, त्यसका लागि गरिएको राजनैतिक प्रतिबद्धता, अनुसन्धान तथा विकासमा गरिएको राज्यको लगानी र सो बाट प्राप्त सामाजिक आर्थिक प्रतिफलको आधारमा मापन गर्ने गरिएको तथ्य विकसित मुलुकको अनुभवले देखाएको छ।

ऐतिहासिक परिवर्तनसँगै मुलुकको द्रुत एवम् दिगो आर्थिक विकास तथा समाजवाद उन्मुख राष्ट्र निर्माण, अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा, उत्पादनमूलक क्षेत्रमा नवप्रवर्तन सहितको प्रविधिको प्रयोग, वैज्ञानिक प्रतिभाहरूलाई अनुसन्धान गर्ने वातावारणको विकास, आविष्कार प्रदर्शन गर्ने अवसर, उद्यमशीलता अभिवृद्धिको सुनिश्चितता अनिवार्य हुन्छ। अतः यसका लागि सङ्घीय अनुरूप विद्यमान अनुसन्धानमूलक संस्थाहरूको संस्थागत पुनः संरचना, वैज्ञानिक अनुसन्धान र प्रविधिको लागि सहज वातावरणको विकास र अनुसन्धान तथा विकासमा राज्यको लगानीको सुनिश्चितता अपरिहार्य हुन्छ।

नेपालको संविधानले विज्ञान प्रविधिलाई देशको समग्र र दिगो विकाससँग आवद्ध गरेको छ। सो बमोजिम वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने उद्देश्य सहित तीव्र रूपमा भइरहेको प्रविधिको विकासको भरपुर उपयोग गर्दै दिगो विकासको लक्ष्य प्राप्ति एवम् "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि मौजुदा नीतिमा समय सापेक्ष परिमार्जन गरी यो नीति तर्जुमा गरिएको छ।

## २. हालसम्मका प्रयास र उपलब्धिहरू

विश्वका अन्य देशको तुलनामा नेपालको आधुनिक विज्ञान तथा प्रविधि विकासको इतिहास धेरै लामो छैन। २०५३ सालमा छुट्टै मन्त्रालयको रूपमा विज्ञान तथा प्रविधि मन्त्रालय स्थापना गरी विज्ञान प्रविधिलाई प्राथमिकतामा राखी संस्थागत विकासको प्रयास भइरहेको छ। उक्त स्थापित निकायहरूमध्ये अधिकांश क्रियाशील रही रहेका छन्। २०५३ सालमा छुट्टै निकायको रूपमा विज्ञान तथा प्रविधि मन्त्रालयको गठन भए पश्चात् २०६१ सालमा राष्ट्रिय विज्ञान तथा प्रविधि नीति, २०६४ सालमा राष्ट्रिय परमाणु नीति, २०७२ सालमा पारमाणविक पदार्थको नियमन सम्बन्धी निर्देशिका विकास गरी लागू भएका छन्।

देशको शासन प्रणाली सङ्घीय संरचनामा रूपान्तरण भए पश्चात् विज्ञान प्रविधिको जिम्मेवारी सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्रादेशिक तहमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा अन्तर्गत रहेको छ। यसका साथै देशभित्रै विज्ञान प्रविधिका विभिन्न क्षेत्रमा उच्च शिक्षाको आवश्यक पूर्वाधार र अवसरहरू उपलब्ध भई जनशक्ति उत्पादनको क्षमता अभिवृद्धि हुँदै गएको छ। विज्ञान प्रविधिको क्षेत्रमा देशमा हाल अनुमानित ९० हजार जनशक्ति रहेको र वैज्ञानिक अनुसन्धान र प्रविधि विकासमा नेपालले कुल ग्राहस्थ उत्पादनको ०.३५ प्रतिशत लगानी गर्दै आएको छ। त्यस्तै वन, कृषि, उर्जा र स्वास्थ्य क्षेत्रमा पछिल्ला नवीनतम् ज्ञान तथा प्रविधिको सफल प्रयोग भई सेवा प्रवाहमा विस्तार भएको छ। सामुदायिक वन र साना जल विद्युत् आयोजनामा नेपालले अन्तर्राष्ट्रिय पहिचान बनाएको छ भने उन्नत बीउ बिजन, बेमौसमी तरकारी, कुखुरा र मत्स्यपालन, आँखा उपचार तथा अङ्ग प्रत्यारोपणमा उत्साहप्रद सफलता हासिल गरेको छ। संविधानले स्वच्छ

वातावरण, खाद्य सुरक्षा तथा पोषण, आवासमा नागरिकको हक सुनिश्चित गरेर विज्ञान प्रविधिको विकास दायरालाई अझ फराकिलो बनाएको छ।

विज्ञान प्रविधिको क्षेत्रमा उल्लिखित विभिन्न संस्थागत र नीतिगत प्रयासहरू भएतापनि राज्यको सामाजिक आर्थिक विकासमा गति दिने गरी उपलब्धि हासिल गर्न भने सकिएको छैन।

## ३. समस्या तथा चुनौतीहरू

विज्ञान तथा प्रविधिको क्षेत्रमा देहायबमोजिम समस्या तथा चुनौतीहरू रहेका छन् :

### ३.१ समस्याहरू

विज्ञान प्रविधिको विकासका निम्ति नीतिगत कानुनी तथा संस्थागत पूर्वाधारका कमी हुनु, नीति कार्यान्वयनमा शिथिलता आउनु, वैज्ञानिक अनुसन्धान र प्रविधि विकासका लागि आवश्यक पूर्वाधार, उपयुक्त वातावरण सहितको लगानी नहुनु, विश्वविद्यालय तथा प्राज्ञिक प्रतिष्ठानका अनुसन्धानहरू उद्यमशीलता र व्यावसायिक उत्पादनसँग जोडिन नसक्नु, विभिन्न विधागत विशेषज्ञ, सक्षम र समर्पित जनशक्तिको न्यूनता हुनु, उपलब्ध दक्ष जनशक्ति पनि स्वदेशमा उपयोग हुन नसकी विदेश पलायनतर्फ आकर्षित हुनु, अनुसन्धानमा संलग्न निकायहरू बीच सहकार्य तथा साझेदारी विकासको सञ्जाल निर्माण हुन नसक्नु, विज्ञान प्रविधिमा अनुसन्धान सङ्घ-संस्था र पेसागत सङ्घ संस्था सञ्चालन व्यवस्थापनका लागि सहज कानुनी व्यवस्था नहुनु, विज्ञान र प्रविधिका विकासमा निजी क्षेत्रसँगको सहकार्य प्रभावकारी हुन नसक्नुलगायतका समस्याहरू रहेका छन्।

### ३.२ चुनौतीहरू

विज्ञान, प्रविधि र नवप्रवर्तनलाई उत्पादन, उत्पादकत्व अभिवृद्धि र उद्यमशीलता विकासमा केन्द्रित गर्नु, राष्ट्रिय प्राथमिकतामा रहेका क्षेत्रहरूको उत्थान र उन्नयनमा वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधिको विकास तथा नवीनतम् प्रविधिको समग्रमा प्रयोग गर्ने वातावरण बनाउनु, पूर्वाधार विकास तथा लगानी वृद्धि गर्दै वैज्ञानिक अनुसन्धान र विकासलाई दिगो एवम् परिणाममुखी बनाउनु, वैज्ञानिक अनुसन्धान कार्यमा सघाउ पुर्‍याउन सक्ने विभिन्न विधागत वैज्ञानिक, विज्ञ र दक्ष प्राविधिक जनशक्तिको विकास गर्नु, वैज्ञानिक अनुसन्धानमूलक निकायहरूको सङ्घीयता अनुरूप संस्थागत सबलीकरण, सुधार र पुनः संरचना गर्नु, सरकारी, प्राज्ञिक तथा औद्योगिक प्रतिष्ठानहरूबीच सहकार्य तथा साझेदारीका वातावरण निर्माण गरी वैज्ञानिक अनुसन्धानलाई उपयुक्त प्रविधि विकासमा, प्रविधि विकासलाई उद्यमशीलतामा र उद्यमशीलतालाई उत्पादनसँग जोडनु, देशका दक्ष एवम् विज्ञ प्रतिभाहरूलाइ देशभित्रै टिकाई प्रतिभा पलायन राक्नु विदेशमा कार्यरत दक्ष जनशक्तिको बौद्धिक सञ्चार (Brain Circulation) गराई वैज्ञानिक अनुसन्धानलाई परिणाममुखी बनाउनु जस्ता विषयहरू चुनौतीका रूपमा रहेका छन्।

## ४. नीतिको आवश्यकता

देहायका कारणले विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति (Science, Technology and Innovation Policy) को आवश्यकता देखिएको छः-

४.१ संवैधानिक प्रावधान बमोजिम वैज्ञानिक अनुसन्धान प्रविधिको आविष्कार, उन्नयन र विकास एवम् बौद्धिक प्रतिभाहरूको संरक्षण गर्न तथा बिभिन्न मौलिक हक विशेष गरी स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हकको कार्यान्वयनमा प्रविधि विकास र वैज्ञानिक अनुसन्धानको समूचित उपयोग गरी मुलुकको सामाजिक आर्थिक रूपान्तरण गर्न,

४.२ सङ्घीयता अनुरूप वैज्ञानिक अनुसन्धानमूलक निकायहरूको सवलीकरण र प्रादेशिक सन्तुलन हुने गरी प्रविधि विकास, विस्तार र नवीनतम् प्रविधिहरूको अधिकतम उपयोग गर्न एवम् ती निकायहरू बीच आवश्यक सहकार्य, समन्वय गरी लगानी वृद्धिको वातावरण बनाउन,

४.३ विकास सम्बन्धित आवधिक तथा दीर्घकालीन योजनाहरू कार्यान्वयन गरी सामाजिक आर्थिक विकासमा सहयोग पुर्याउन,

४.४ विश्वमा विज्ञान तथा प्रविधिसँगै नवप्रवर्तनको भूमिका अभिवृद्धि हुँदै गएको सन्दर्भमा वैज्ञानिक अनुसन्धानबाट विकास गरिएका नवीनतम् र अत्याधुनिक (Cutting Edge) प्रविधिको उपयोग गरी दिगो विकासका लक्ष्य हासिल गर्न र प्राथमिकताका क्षेत्रहरूमा ज्ञानमा आधारित उद्यमशीलताको विकास गर्न,

४.५ नेपाल पक्ष राष्ट्र भएको जलवायु परिवर्तन, जैविक विविधता, वातावरण र पारमाणविक पदार्थ लगायतका विभिन्न क्षेत्रगत अन्तराष्ट्रिय सन्धि, अभिसन्धि, सम्झौताहरूको कार्यान्वयन गर्न।

## ५. दीर्घकालीन सोच तथा लक्ष्य

### ५.१ सोच

दिगो विकास र समृद्धिका लागि विज्ञान प्रविधि तथा नवप्रवर्तन।

### ५.२ लक्ष्य

विज्ञान प्रविधिको विकास, नवप्रवर्तनको उपयोग र वैज्ञानिक संस्कृतिको प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी नागरिकको गुणस्तरीय जीवनयापनमा सहयोग गर्दै समृद्ध नेपाल निर्माणमा योगदान गर्ने।

## ६. उद्देश्यहरू

विज्ञान प्रविधि तथा नवप्रवर्तनका उद्देश्यहरू देहाय बमोजिम हुनेछन्:

६.१ विज्ञान, प्रविधि र नवप्रवर्तनको विकास एवम् उपयोगबाट राष्ट्रिय उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु।

६.२ अनुसन्धान तथा विकासमा योग्य जनशक्ति परिचालन, विश्वका अत्याधुनिक (Cutting Edge) प्रविधिको प्रयोग, लगानी सुनिश्चितता र पूर्वाधार निर्माण गरी ज्ञानमा आधारित उद्यमशीलताको विकास गर्नु।

६.३ प्राकृतिक स्रोतको दिगो उपयोग, वातावरणीय सन्तुलन, विपद् जोखिम न्यूनीकरण, औद्योगिकरणमा योगदान एवम् राष्ट्रिय सुरक्षाका लागि विज्ञान, प्रविधि तथा नवप्रवर्तनको अधिकतम उपयोग गर्नु।

६.४ विज्ञान प्रविधि सम्बन्धी पूर्वाधार विकास, संरचनागत परिवर्तन एवम् कानुनी आधार तयार गरी वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनलाई सशक्त, क्रियाशील र परिणाममुखी बनाउनु।

६.५ परम्परागत तथा आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नति एवम् आधुनिकीकरण, वैज्ञानिक संस्कारको विकास र अनुसन्धानमुखी शिक्षा प्रणालीलाई प्रोत्साहन गर्दै दक्ष एवम् विज्ञ वैज्ञानिक र प्राविधिक जनशक्तिको विकास गर्नु।

## ७. नीतिहरू

माथिका उद्देश्यहरू प्रासिका लागि निम्न नीतिहरू अवलम्बन गरिनेछन्:

७.१ विज्ञान तथा प्रविधिको विकास एवम् अधिकतम् प्रयोगबाट उत्पादनका साधनहरूको दक्षतापूर्ण उपयोग गर्दै उद्यमशीलता विकास तथा उत्पादन वृद्धि गर्ने। (६.१)

७.२ विज्ञान प्रविधि र नवप्रवर्तनका माध्यवबाट कृषि, उद्योग पूर्वाधार विकास लगायतका क्षेत्रमा विविधीकरण एवम् आधुनिकीकरण गर्दै विकासमा तीब्रता हासिल गर्ने। (६.१)

७.३ वैज्ञानिक तथा प्राविधिक जनशक्तिलाई वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमा आकर्षण गर्न उपयुक्त वातावरण तयार गर्ने।(६.२)

७.४ विश्वका उदीयमान तथा अत्याधुनिक प्रविधिहरू अवलम्बन गर्दै प्रविधिमा आधारित पछिल्लो औद्योगिक क्रान्तिमा सक्रिय सहभागिता बढाई उत्पादन वृद्धि उन्मुख उद्यमशीलताको विकास गर्ने। (६.२)

७.५ वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनलाई उच्च प्राथमिकताका साथ लगानी सुनिश्चित गर्ने। (६.२)

७.६ वातावरण तथा पारिस्थितिक प्रणाली बीच सन्तुलन रहने गरी प्राकृतिक स्रोतको दिगो उपयोग र संरक्षणका लागि वैज्ञानिक अनुसन्धान, उदीयमान तथा उपयुक्त प्रविधिहरूको विकास र प्रयोग गर्ने। (६.३)

७.७ सामाजिक-आर्थिक रूपान्तरणका लागि संविधान प्रदत्त विज्ञान प्रविधिसँग सम्बन्धित मौलिक हकहरूमा नागरिकको पहुँच सुनिश्चित गर्न प्रविधिको अधिकतम प्रयोग र नवप्रवर्तनको प्रवर्द्धन गर्ने। (६.३)

७.८ राष्ट्रिय सुरक्षालाई सुदृढ, सबल र प्रभावकारी बनाउन वैज्ञानिक अनुसन्धान, उपयुक्त एवम् उदीयमान प्रविधिको विकास र नवप्रवर्तनको उपयोग गर्ने। (६.३)

७.९ विद्यमान अनुसन्धान निकायहरूलाई सवलीकरण, सुधार तथा नीतिगत दिशानिर्देश र प्रभावकारी समन्वय गरी सङ्घीय संरचना अनुरुप सङ्घ, प्रदेश र स्थानीय तहमा विकास र विस्तार गर्ने। (६.४)

७.१० मौलिक ज्ञान तथा परम्परागत प्रविधिको स्तरोन्नति तथा व्यावसायीकरण गर्न प्रोत्साहित गर्ने। (६.५)

७.११ अनुसन्धान र विकासमा प्रतिबद्ध प्रतिस्पर्धी जनशक्ति विकास गर्न विद्यालय तथा विश्वविद्यालय, तालिम प्रदायक संस्था र अनुसन्धानमूलक निकायहरूको संस्थागत क्षमताको अभिवृद्धि गर्ने। (६.५)

## ८. रणनीतिहरू

माथि उल्लिखित नीतिको प्रभावकारी कार्यन्वयनको लागि देहायका रणनीति निर्धारण गरिएको छः

८.१ विज्ञान तथा प्रविधिलाई उत्पादन शक्तिको रूपमा विकास गर्दै राष्ट्रिय उत्पादनका क्षेत्रमा व्यापक उपयोग गरिनेछ। (७.१)

८.२ उत्पादनका साधनहरूको दक्षतापूर्ण, मितव्ययी र प्रभावकारी परिचालनका लागि विज्ञान प्रविधि र नवप्रवर्तनको उपयोग गरिनेछ। (७.१)

८.३ विज्ञान, प्रविधि तथा नवप्रवर्तन र उद्यमशीलता बीच सकारात्मक सहसम्बन्ध एवम् सामञ्जस्यता कायम गरी उद्यमशीलता प्रवर्दन गरिनेछ। (७.२)

८.४ कृषि क्षेत्रको व्यावसायीकरण, विविधीकरण तथा आधुनिकीकरणका लागि लागि आधुनिक प्रविधिहरूको प्रयोग गरिनेछ। (७.२)

८.५ विकासका पूर्वाधार निर्माणमा उपयोगी प्रविधिहरूको विकास गरी पूर्वाधार निर्माणमा तीब्रता प्रदान गरिनेछ। (७.२)

८.६ अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमा प्राज्ञिक निकाय तथा निजी क्षेत्रहरूलाई संलग्न गराउने वातावरण विकास गरिनेछ। (७.३)

८.७ देश विदेशमा रहेका नेपाली तथा विदेशी वैज्ञानिक तथा प्राविधिकहरूलाई आकर्षित गर्दै सहकार्यको माध्यमबाट अनुसन्धानलाई सङ्गठित गरी समस्या समाधान र नतिजामूलक बनाइनेछ। (७.३)

८.८ वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनको माध्यमबाट उत्पादकत्व र उत्पादनको गुणस्तर अभिवृद्धि गरी आर्थिक वृद्धिमा सहयोग पुर्याइनेछ। (७.४)

८.९ अनुसन्धान तथा विकास र नवप्रवर्तनमा हुने स्वदेशी तथा विदेशी लगानीलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी उपलब्धिपूर्ण बनाइनेछ। (७.५)

८.१० वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनको प्रवर्द्धन गर्न प्राज्ञिक संस्था, अनुसन्धान निकाय तथा औद्योगिक प्रतिष्ठान बीच सहकार्य र साझेदारी विकास गरिनेछ। (७.५)

८.११ आपतकालीन सुरक्षा, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका लागि वैज्ञानिक अनुसन्धान र प्रविधिको विकास तथा उपयोग गरिनेछ। (७.६)

८.१२ उदीयमान प्रविधिको प्रयोग र नवप्रवर्तनको माध्यमबाट प्राकृतिक स्रोतहरूको दोहन न्यून गरी प्राकृतिक स्रोतहरूमा मानव निर्भरता कम गरिनेछ। (७.६)

८.१३ गुणस्तरीय खाद्य र स्वास्थ्यजस्ता आधारभुत आवश्यकता हासिल गर्न विज्ञान प्रविधि र नवप्रवर्तनका उपायहरूको अधिकतम प्रयोग गरिनेछ। (७.६)

८.१४ सुरक्षित आवास र स्वच्छ वातावरणको उपलब्धता सुनिश्चित गर्न वैकल्पिक प्रविधि र निर्माण सामग्री विकास गरिनेछ। (७.७)

८.१५ विज्ञान प्रविधिबाट लाभ हासिल गर्न विद्युत् तथा सूचना प्रविधिलाई देशको सबै भागमा विस्तार गरी सार्वजनिक पहुँचको सुनिश्चितता गरिनेछ। (७.७)

८.१६ जैविक, रासायनिक र पारमाणविक पदार्थहरूको सुरक्षित तथा शान्तिपूर्ण प्रयोगका लागि प्रविधिको विकास तथा उपयोग गर्न प्रोत्साहन गरिनेछ। (७.८)

८.१७ विपद् जोखिम न्यूनीकरण र आपतकालीन स्थिति निराकरणको लागि उपयुक्त प्रविधिको विकास गरिनेछ। (७.८)

८.१८ दिगो विकासका लक्ष्यहरू (SDGs) हासिल गर्न प्रविधि विकास तथा नवप्रवर्तनलाई एकीकृत रूपमा अवलम्बन गरिनेछ। (७.८)

८.१९ सङ्घीय एवम् प्रादेशिक तहमा नीतिगत दिशानिर्देश र प्रभावकारी समन्वयका लागि संस्थागत सयन्त्र निर्माण गर्नुका साथै विद्यमान अनुसन्धान निकायहरूको पुनर्संरचना गरिनेछ। (७.९)

८.२० सङ्घीय तथा प्रादेशिक विशिष्टताका आधारमा विज्ञान प्रविधि तथा नवप्रवर्तनको समग्र विकासका लागि विश्वस्तरीय अनुसन्धान केन्द्रहरू स्थापना गरिनेछ। (७.९)

८.२१ वैज्ञानिक अनुसन्धान तथा विकास र नवप्रवर्तन र विज्ञान शिक्षालाई राष्ट्रव्यापी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहलाई जोड्ने विज्ञान तथा प्रविधिको संस्थागत संरचना विकास गरिनेछ। (७.९)

८.२२ परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सीपका बारेमा प्राथमिक तहदेखि नै अध्ययन अध्यापन गरिनेछ। (७.१०)

८.२३ विज्ञान शिक्षालाई व्यवहारिक र प्रयोगात्मक बनाउँदै तथ्यमा आधारित अनुसन्धान (Evidence based research) प्रक्रियासित आवद्ध गरिनेछ। (७.१०)

८.२४ जनमानसमा वैज्ञानिक चेतना अभिवृद्धि गरी छद्म-विज्ञान (Pseudoscience), अन्धविश्वास र कुरीतिलाई हटाइनेछ। (७.१०)

८.२५ परम्परागत मौलिक प्रविधिहरूको स्तरोन्नति, वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकास र उपयोगमा सहयोग र क्षमता अभिवृद्धि गरिनेछ। (७.१०)

८.२६ परम्परागत मौलिक ज्ञान र सीपमा आधारित वस्तुहरूको उत्पादनलाई ग्राह्यता दिई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा त्यस्ता उत्पादनको प्रवेशको प्रवर्द्धन गरिनेछ। (७.१०)

८.२७ विज्ञान प्रविधिमा रुचि, सिर्जनशीलता र विश्लेसणात्मक क्षमता अभिवृद्धि गर्न प्रारम्भिक शिक्षादेखि नै शिक्षण सिकाइलाई प्रयोगात्मक र व्यवहारिक बनाइनेछ। (७.११)

८.२८ वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका क्षेत्रमा थप अवसरहरू सिर्जना गरी समाजका विभिन्न तह/तप्कामा क्रियाशील प्रतिभाहरूलाई उद्यमशीलतासित आवद्ध गरिनेछ। (७.११)

८.२९ विज्ञान तथा प्रविधिको अनुसन्धान र नवप्रवर्तनको प्रवर्द्धन गर्न सङ्घीय संरचना (सङ्घ, प्रदेश र स्थानीय) अनुरुपका सबै सरकारको प्राथमिकता र दायित्व सिर्जना गरिनेछ। (७.११)

## ९. कार्यनीतिहरू

माथिका रणनीतिको प्रभावकारी कार्यन्वयनको लागि निम्न कार्यनीतिहरू अवलम्बन गरिनेछन्ः

**उत्पादन तथा उत्पादकत्व वृद्धिः**

९.१ उदीयमान तथा आधुनिक प्रविधिको प्रयोग अभिवृद्धि गरी प्राकृतिक स्रोतमाथिको मानवीय प्रभाव न्यूनीकरण गर्दै लगिनेछ।

९.२ विज्ञान तथा प्रविधिलाई उत्पादनका सबै क्षेत्रमा एकीकरण गर्न सम्वद्ध कानुनी तथा संस्थागत सयन्त्रबीच प्रभावकारी समन्वय गरिनेछ।

९.३ उद्यमशीलता प्रवर्दन गर्ने प्रकृतिका वैज्ञानिक तथा प्राविधिक अनुसन्धान एवम् नवप्रवर्तन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.४ बायो, न्यानो तथा न्युक्लियर प्रविधिहरूको विकास र उपयोगबाट कृषि क्षेत्रको व्यावसायीकरण, विविधीकरण तथा आधुनिकीकरणमा सहयोग गरिनेछ।

९.५ सडक, विद्युत्, पुल, भवन निर्माण लगायतका भौतिक पूर्वाधार विकासमा आधुनिक प्रविधिहरूको प्रयोग गरी पूर्वाधार निर्माणलाई छिटो, सहज र गुणस्तरीय बनाइनेछ।

**ज्ञान सम्बर्द्धन र जनशक्ति परिचालनः**

९.६ परम्परागत मौलिक ज्ञान, प्रविधि र सीपहरूको सङ्कलन, अनुसन्धान गरी शैक्षिक पाठ्यक्रममा आवद्ध गरिनेछ।

९.७ विज्ञान शिक्षणलाई प्रयोगात्मक क्रियाकलापसँग आवद्ध गरी शिक्षणलाई व्यवहारिक र रुचिपूर्ण बनाइनेछ।

९.८ स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरमा विज्ञान मेला, प्रदर्शनी, ओलिम्पियाड, वैज्ञानिक प्रतिभा खोजी जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.९ प्रत्येक युवा नेपाली नागरिकलाई प्राविधिक सीपयुक्त र दक्ष बनाउन विज्ञान प्रविधि सम्बन्धी तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

९.१० युवा वैज्ञानिक जनशक्तिलाई विद्यालय/स्थानीय तहमा आवद्ध गराई युवा वैज्ञानिक स्वयम् सेवा (जनतासँग युवा वैज्ञानिक) कार्यक्रम सञ्चालन गरिनेछ।

९.११ प्रतिस्पर्धाको आधारमा अनुसन्धान वृत्ति, छात्रवृत्ति, प्रतिभा कदर प्रोत्साहन, सहुलियतपूर्ण विज्ञान प्रविधि तथा नवप्रवर्तन ऋण तथा पुरस्कारको व्यवस्था गरिनेछ।

९.१२ समन्वय र सहकार्यमा मौलिक ज्ञान तथा सीपमा आधारित उद्योग स्थापना गरी त्यस्ता उद्योगहरूको व्यावसायीकरणका लागि सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ।

९.१३ पुखौंदेखि परम्परागत मौलिक ज्ञान र प्रविधिको जगेर्ना र विकास गर्दै त्यस्ता सीपहरूको स्तर निर्धारण गरी औपचारिक शिक्षासँग समकक्षता हुनेगरी डिग्री प्रदान गरिनेछ।

९.१४ वैज्ञानिक अनुसन्धान, विकसित प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सूचना एवम् वैज्ञानिक र विज्ञहरूको व्यवस्थित अभिलेख राखी प्रविधि विकासमा उपयोग गर्न विज्ञान, प्रविधि तथा नवप्रवर्तन डाटाबेसको विकास गरिनेछ।

९.१५ देशभित्र र बाहिर सक्रिय रहेका नेपाली वैज्ञानिक तथा प्राविधिकहरूको विज्ञान प्रविधि तथा नवप्रवर्तन सञ्जाल स्थापना गरी बौद्धिक सञ्चार (Brain Circulation) को माध्यमबाट प्रविधि विकासमा संलग्न गराइनेछ।

९.१६ वैज्ञानिक चेतनाको विस्तार र नवप्रवर्तन प्रतिभाहरूलाई प्रविधि विकासमा संलग्न हुन प्रादेशिक तथा स्थानीय तहमा विज्ञान तथा नवप्रवर्तन प्रवर्द्धन केन्द्रको विकास गरिनेछ।

**क्षमता अभिवृद्धि तथा उद्यमशीलता प्रवर्द्धनः**

९.१७ परम्परागत ज्ञानको प्रलेखीकरण, त्यसबाट विकसित प्रविधि तथा वस्तुको बौद्धिक सम्पत्ति अधिकार प्राप्ति, संरक्षण, प्रवर्द्धन, गुणस्तरको सुनिश्चितता लगायत व्यबस्था गरिनेछ।

९.१८ अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट परम्परागत ज्ञान र सीपमा आधारित मौलिक उत्पादनलाई परिष्कृत गरी गुणस्तरीय वस्तु उत्पादन गरिनेछ।

९.१९ वैज्ञानिक ज्ञानको उन्नयन, अनुसन्धान र प्रविधि विकासमा संलग्न वैज्ञानिक तथा प्राविधिकहरूलाई उच्च शिक्षा अध्ययनको लागि छात्रवृति, पोस्ट-मास्टर/पोस्ट-डक्टरल फेलोसीप लगायतका अवसरहरू प्रदान गरिनेछ।

९.२० सफल प्रविधिहरूको विकास गरी ज्ञान सीप र दक्षताको प्रदर्शन गरेका नव-प्रतिभाहरूको उपलब्धिलाई व्यावसायीकरण र उद्यमशील बनाउन प्रोत्साहित गरिनेछ।

९.२१ प्रतिभावान वैज्ञानिक/प्राविधिकहरूलाई समावेशिताका आधारमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका अवसरहरू उपलब्ध गराइनेछ।

९.२२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठान एवम् विश्वविद्यालयहरूसित सम्पर्क विस्तार गरी वैज्ञानिकहरूको क्षमता र पहुँच अभिवृद्धि गरिनेछ।

९.२३ उद्यमी वैज्ञानिक/प्राविधिक र राष्ट्रिय वा अन्तर्राष्ट्रिय लगानीकर्ताबीच सम्पर्क तथा सहकार्य विस्तार गरी ज्ञान सीप र प्रविधि विकास गर्ने अनुकुल वातावरण बनाइनेछ।

९.२४ वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनलाई थप प्रवर्द्धन गर्न अनुसन्धान तथा विकासमा उपयुक्त रकम विनियोजन गरिनेछ।

९.२५ नव-प्रतिभावान युवा वैज्ञानिकहरूका रणनीतिक अनुसन्धान, उद्यमशीलता र व्यावसायिकता विकासका लागि सरकारी तथा निजी क्षेत्रको योगदानमा विज्ञान प्रविधि तथा नवप्रवर्तन कोष स्थापना गरी सञ्चालन गर्न सकिनेछ।

९.२६ प्रादेशिक विशिष्टता तथा उपलव्ध जनशक्ति अनुसार प्रविधि ज्ञान र सीपमा आधारित उद्यमशीलता विकास गर्न प्रोत्साहित गरिनेछ।

९.२७ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान लगायतका अन्य अनुसन्धान प्रतिष्ठानहरूमा अनुसन्धानमा आधारित स्नातकोत्तर र विद्यावारिधी कार्यक्रम सञ्चालन गर्न विशिष्टताको आधारमा विभिन्न विश्वविद्यालयसँग सहकार्य गरिनेछ।

**पूर्वाधार विकास तथा सुरक्षाः**

९.२८ प्राकृतिक स्रोतको दिगो उपयोगलाई टेवा पुग्नेगरी औषधिजन्य जडीबुटी, सुगन्धित वनस्पति लगायतका उच्चमूल्यका वस्तु उत्पादन गर्न देशभित्रै कच्चापदार्थको प्रशोधन गर्ने प्रविधि विकासमा प्रोत्साहन गरिनेछ।

९.२९ वायु, पानी र माटो प्रदूषण न्यूनीकरण, सन्तुलित पारिस्थितिक प्रणाली कायम राख्न हरित र चुस्त प्रविधि (Green and Smart Technology) को बहुआयामिक विकास र अधिकतम उपयोग गरिनेछ।

९.३० कृषिमा आधुनिकीकरण, माटो व्यबस्थापनका लागि जैविक, नानो र अन्य नवप्रवर्तित प्रविधिको प्रयोग गरिनेछ।

९.३१ विज्ञान सँग्रहालय, प्रविधि पार्क निर्माण लगायत अनुसन्धान तथा विकास र नवप्रवर्तन (R&D and I) का लागि सरकार, निजी क्षेत्र र वैज्ञानिकहरू बीच सहकार्य गर्न प्रोत्साहन गरिनेछ। साथै यस्ता परियोजनामा अन्तर्राष्ट्रिय लगानीकर्तालाई समेत आकर्षित गरिनेछ।

९.३२ वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकासमार्फत समाजलाई हानि नोक्सानी हुने गतिविधिहरूमा नियन्त्रण गर्न नैतिक अनुमति (Ethical Permission) को प्रावधान लागू गरिनेछ।

९.३३ राष्ट्रिय तथ्याङ्क, सूचना व्यवस्थापन र साइबर सुरक्षाका लागि उपयुक्त प्रविधिको विकास गरिनेछ।

९.३४ राष्ट्रिय सुरक्षा र सम्वेदनशीलता कायम राख्न सम्बन्धित सुरक्षा निकायसँग परामर्श गरी आधुनिक प्रविधि एवम् सूचना संयन्त्रको विकास गरिनेछ।

९.३५ सामाजिक, आर्थिक र वैयक्तिक सूचना उपभोगमा सुरक्षाको प्रत्याभूति र अपराध नियन्त्रण गर्न विधिविज्ञान (फरेन्सिक साइन्स) लगायतका नवोदित प्रविधिहरूको उपयोग गरिनेछ।

९.३६ जैविक सूचना, आर्टिफिसियल इन्टेलिजेन्स, रोबोटिक्स, जस्ता उदीयमान र नवीनतम् प्रविधिहरूको अधिकतम उपयोग गरी उद्योग, व्यवसाय र अन्य क्षेत्रहरूको तीब्र विकासमा सघाउ पुर्‍याइनेछ।

९.३७ रोगहरूको निदान र उपयुक्त उपचारका लागि जेनेटिक, ईम्युनो प्रविधिहरूको अधिकतम उपयोग गरी चिकित्सा पद्धतिलाई थप व्यवस्थित गरिनेछ।

९.३८ पारमाणविक, रासायनिक तथा जैविक पदार्थको वैज्ञानिक अनुसन्धान र शान्तिपूर्ण प्रयोगका लागि आवश्यक प्रविधिको विकास गरिनेछ।

९.३९ जैविक, रासायनिक र पारमाणविक पदार्थ, प्रविधि वा अन्य स्रोतको दुरुपयोग र दुर्घटनाबाट हुनसक्ने हानिनोक्सानीको न्यूनीकरणका लागि अनुगमन र नियन्त्रण प्रणालीको विकास गरिनेछ।

९.४० विपद् जोखिम व्यवस्थापनका लागि भू-उपग्रह, ड्रोन लगायतका प्रविधिमा आधारित प्रणालीको विकास र विस्तारमा सघाउ पुर्‍याइनेछ।

९.४१ सुरक्षित र सुलभ आवास निर्माणका लागि पदार्थ विज्ञान, काष्ठ तथा गैह्र काष्ठ पैदावारको वैज्ञानिक अनुसन्धान गरी उपयुक्त प्रविधिको विकास गरिनेछ।

९.४२ परीक्षण, प्रमाणीकरण तथा क्यालिब्रेसनका लागि सङ्घीय तहमा बहु-विधागत (Multi-Disciplinary) प्रयोगशाला र प्रदेशमा विशिष्टता अनुरुप विधागत अनुसन्धान तथा सेवा केन्द्रहरू स्थापना गरिनेछन्।

९.४३ प्रविधिको पछिल्लो क्रान्तिमा सहभागी हुँदै भौतिक विज्ञान (Physical Sciences) तथा जीव विज्ञानको अनुसन्धानशाला विकास गरिनेछ।

९.४४ उच्च धरातलीय अनुसन्धानका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान अन्तर्गत (International Research Centre for High Altitudes) को गुरुयोजना तयार पारी सञ्चालन गरिनेछ।

**संस्थागत सुधार तथा समन्वयः**

९.४५ वैज्ञानिक अनुसन्धान र प्रविधि विकासमा थप प्रवर्द्धन गर्न सार्वजनिक अनुसन्धान निकायहरूबीच सहकार्यको संस्कृतिलाई प्रोत्साहन गरी ती निकायहरूमा अनुसन्धानकर्ताहरूको पहुँच सुनिश्चित हुने वातावरण सिर्जना गरिनेछ।

९.४६ वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमा संलग्न निकायहरूमा उपलब्ध अनुसन्धान पूर्वाधार तथा प्रविधिको स्वतन्त्र विज्ञ समूहबाट निरीक्षण गराई सुदृढीकरण, स्तरोन्नति, पुनर्संरचना तथा पुनर्गठन गरिनेछ।

९.४७ वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकासमा संलग्न हुने संस्थाहरूको संस्था दर्ता तथा नवीकरण कार्यलाई कार्यविधि बनाई सहज बनाइनेछ।

९.४८ अनुसन्धान कार्यमा संलग्न निकायहरूबाट नतिजामूलक प्रतिफल प्राप्त गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानलाई वैज्ञानिक अनुसन्धानको सर्वोच्च निकाय (Apex Body) को रूपमा विकास गर्ने र सङ्घीयता अनुरुप सांगठनिक सुदृढीकरण, सुधार एवम् पुनर्संरचना गरिनेछ।

९.४९ सङ्घीयता अनुरुप विज्ञान तथा प्रविधिको समानुपातिक विकास गर्न आवश्यकतानुसार विभागहरू स्थापना गरिनेछ।

## १०. प्राथमिकता क्षेत्रहरू

वैज्ञानिक अनुसन्धानबाट विकसित विश्वका नवीनतम् र अत्याधुनिक (Cutting Edge) प्रविधि विशेष गरी आर्टिफिसियल इन्टेलिजेन्स, सूचना प्रविधि, ईन्जीनियरिंग, नानो प्रविधि, बायो प्रविधि, अन्तरिक्ष र परमाणु विज्ञानको अधिकतम उपयोग गर्न देहाय बमोजिम प्राथमिकता क्षेत्र निर्धारण गरिएको छः

१०.१ औद्योगिक उत्पादन तथा उत्पादकत्व वृद्धि,

१०.२ कृषिको व्यावसायीकरण र भूमिको उपयोग,

१०.३ दिगो पूर्वाधार विकास (आवास, खानेपानी, पर्यटन र हरित ऊर्जा),

१०.४ जैविक तथा बहुमूल्य खनिज स्रोतको दिगो उपयोग,

१०.५ वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण,

१०.६ सुशासन र सेवा प्रवाह, साइवर तथा राष्ट्रिय सुरक्षा।

## ११. संस्थागत व्यवस्था

विज्ञान प्रविधि तथा नवप्रवर्तनलाई फड्को मार्ने गरी उपयोग गर्न सङ्घीय एवम् प्रादेशिक तहमा नीतिगत दिशानिर्देश र प्रभावकारी समन्वयका लागि सङ्घीय तहमा उच्चस्तरीय विज्ञान प्रविधि विकास तथा समन्वय परिषद् रहनेछ। परिषद्को संरचना अनुसूची-१ मा रहेको छ। प्रदेश र स्थानीय तहमा विज्ञान, प्रविधि तथा नवपर्वतन सम्बन्धी कार्यलाई प्रभावकारी समन्वय गरी विकास र विस्तार गर्न आवश्यक संस्थागत व्यवस्था गर्न सकिनेछ।

## १२. आर्थिक पक्ष

१२.१ वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनको समग्रतामा सबै क्षेत्रमा उपयोग गर्ने प्रयोजनका लागि प्रचलित कानुन बमोजिम एक छुट्टै विज्ञान प्रविधि तथा नवप्रवर्तन कोष (Science, Technology and Innovation Fund) को स्थापना गर्न सकिनेछ।

१२.२ विज्ञान प्रविधि तथा नवप्रवर्तन कोषमा नेपाल सरकारबाट प्राप्त रकम, द्विपक्षीय वा बहुपक्षीय, स्वदेशी वा विदेशी सङ्घ संस्थाबाट प्राप्त रकम वा विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय कोषबाट नेपाल सरकारबाट स्वीकृति लिई प्राप्त हुने रकम वा अन्य स्रोतबाट प्राप्त हुने रकम रहनेछ।

१२.३ विज्ञान प्रविधि नीति अनुरूप वैज्ञानिक अनुसन्धानका संस्थागत र पूर्वाधार विकासका क्षेत्रमा सरकारी दायित्व सिर्जना हुनेगरी आवधिक योजनाका आधारमा सङ्घ तथा प्रदेश अन्तर्गतका स्वीकृत वार्षिक कार्यक्रममा स्रोतको व्यवस्थापन हुनेछ।

१२.४ नीतिमा उल्लिखित बिषयहरूको कार्यान्वयन सम्बन्धित मन्त्रालयहरूले स्रोत उपलब्धताका आधारमा आ-आफ्नो वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी गर्नुपर्नेछ।

## १३. कानुनी व्यवस्था

१३.१ विज्ञान तथा प्रविधि नीतिको कार्यान्वयनको लागि आवश्यकता अनुसार क्षेत्रगत नीति, ऐन, नियम, निर्देशिका बनाई लागू गरिनेछ।

१३.२ वैज्ञानिक अनुसन्धान, प्रविधि विकास सम्बन्धी बौद्धिक सम्पति अधिकारलाई संरक्षण गर्ने कानुनहरू सम्बन्धित निकायबाट निर्माण गरी लागू गरिनेछ।

१३.३ वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तन सम्बन्धी कार्यमा संलग्न हुन चाहने सङ्घ संस्थाहरूलाई सहज दर्ता र नविकरणका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ।

## १४. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

१४.१ यस नीति अनुरुप सञ्चालन गरिने कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्न सङ्घ र प्रदेशमा नियमित अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ। सङ्घमा सम्बन्धित मन्त्रालय, राष्ट्रिय योजना आयोग, सम्बन्धित निकाय र सरोकारवाला सङ्घ/संस्था रहने गरी एवम् प्रदेशमा सम्बन्धित मन्त्रालय, प्रादेशिक योजना आयोग, सम्बन्धित निकाय र सरोकारवाला सङ्घ/संस्था रहने गरी चुस्त र प्रभावकारी संयन्त्र निर्माण गरी अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ।

१४.२ उपलब्ध नतिजाको निष्पक्ष तवरबाट वस्तुगत अनुगमन र मूल्याङ्कन गर्न आधुनिक सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी उत्कृष्ठ नतिजा हासिल गर्ने निकाय, व्यक्तिलाई पुरस्कृत गर्ने पद्धति अङ्गीकार गरिनेछ।

## १५. नीति कार्यान्वयनका आधार

सङ्घीय संरचना कार्यान्वयनको विशिष्टीकृत परिस्थितिमा यो नीति तर्जुमा गरी कार्यान्वयन गरिन लागेकोले नीतिको प्रभावकारी कार्यान्वयन गर्न देहाय बमोजिम आधारहरू सुनिश्चित गर्न आवश्यक देखिएका छन्ः

१५.१ विज्ञान प्रविधि अन्तर सम्बन्धित विषय (Cross Cutting Issue) भएकोले उच्च प्राथमिकता दिई सरोकारवाला निकायहरूको उच्चस्तरको समन्वय, सहयोग र सहकार्यको आवश्यकता,

१५.२ गुणस्तरीय पूर्वाधार विकास, विधागत प्रयोगशाला, स्तरीय उपकरणसहितको विशिष्टीकृत विधागत वैज्ञानिक अनुसन्धान केन्द्र स्थापनाका लागि आवश्यक लगानी सुनिश्चितता,

१५.३ उपयुक्त कानुनी व्यवस्था, संस्थागत संरचना, दक्ष जनशक्तिको उपलब्धता र सक्षम नेतृत्व,

१५.४ दक्ष जनशक्ति उत्पादन र उत्पादित दक्ष जनशक्तिको उचित सदुपयोग।

## १६. खारेजी र बचाउ

१६.१ विज्ञान तथा प्रविधि नीति, २०६१ लाई खारेज गरिएको छ।

१६.२ विज्ञान तथा प्रविधि नीति, २०६१ बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहीहरू यसै नीति बमोजिम भए गरेका मानिने छन्।

## अनुसूची १

(दफा ११ सँग सम्बन्धित)

### राष्ट्रिय विज्ञान प्रविधि विकास तथा समन्वय परिषद्को गठन

| | | |
|---|---|---|
| १. | मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अध्यक्ष |
| २. | सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित क्षेत्र हेर्ने) | सदस्य |
| ३. | उपकुलपति, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| ४. | उपकुलपति, अन्य विश्वविद्यालयहरू मध्येबाट एक जना | सदस्य |
| ५. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ६. | सचिव, गृह मन्त्रालय | सदस्य |
| ७. | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| ८. | सचिव, रक्षा मन्त्रालय | सदस्य |
| ९. | सचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| १०. | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| ११. | सचिव, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सदस्य |
| १२. | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सदस्य |
| १३. | सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| १४. | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| १५. | सचिव सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| १६. | सचिव (विज्ञान तथा प्रविधि), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| १७. | उपकुलपति, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | सदस्य |
| १८. | कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| १९. | अध्यक्ष, उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| २०. | सम्बन्धित क्षेत्रका सङ्घ संस्थाहरू मध्येबाट एक जना | सदस्य |
| २१. | विज्ञान प्रविधि तथा नवप्रवर्तन क्षेत्रमा कार्यरत प्रतिष्ठित वैज्ञानिक एवम् प्राविधिकहरू मध्येबाट कम्तीमा दुई महिला सहित चार जना | सदस्य |
| २२. | सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य सचिव |

# राष्ट्रिय कृषि-वन नीति, २०७६

## १. पृष्ठभूमि

कृषि, पशुपालन र वनका क्रियाकलापहरूलाई भूमिको एउटै इकाईमा एकीकृत रूपले अभ्यास गर्ने प्रणाली नै कृषि-वन प्रणाली हो । नेपालको अर्थतन्त्रमा कृषि, पशुपालन र वन क्षेत्रले महत्वपूर्ण योगदान निर्वाह गरेको छ । खाली तथा बाँझो जमिन, वन्यजन्तु प्रभावित क्षेत्र तथा अन्य सीमान्तकृत भूमिको उपयोग गर्नुका साथै कृषि, पशुपालन र वन विकासका कार्यहरूलाई एकीकृत रूपमा कृषि-वन प्रणालीमार्फत सञ्चालन गर्दा प्रति इकाई जमिनको उत्पादकत्वमा वृद्धि भई खाद्य सुरक्षा, रोजगारी, जीविकोपार्जनका अवसरहरूको सिर्जना, जैविक विविधता तथा भूमिको संरक्षण, जलवायु परिवर्तनको नकारात्मक प्रभावहरूको न्यूनीकरण र अनुकूलनमा सकारात्मक योगदान पुग्ने प्रचुर सम्भावना छ ।

नेपालमा कृषि-वनको विभिन्न रूपमा संयुक्त अभ्यास गर्ने प्रणाली परम्परागत रूपमा हुँदै आएको छ । रूखसँगसँगै कृषिजन्य बाली लगाउने कार्यको सुरुआत सन् १९७२ मा बारा जिल्लाको तामागढ़ीबाट भई तराईका केही जिल्लाहरूमा विस्तारको प्रयास भएको थियो । कबुलियति वन क्षेत्रमा उपभोक्ता समूहका सदस्यहरूको जीविकोपार्जन सुधार, निजी वन विकास, कृषि भूमिमा घाँस र डालेघाँस विकास, निजी जग्गामा फलफूल, अन्नबाली, तरकारी र मसला बाली विकास आदिका लागि बीउ बिरुवा र प्राविधिक सहयोग कृषि र वनका विभिन्न निकायहरूबाट उपलब्ध हुँदै आएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत केही जिल्लाहरूमा कृषि-वन विकासको व्यवस्था गरिएको छ। वन क्षेत्रको रणनीति, २०१६-२०२५ ले सुझाएका प्रमुख कार्यक्रमहरूमा निजी वनको व्यवस्थापन गर्ने उल्लेख गरिएको छ। यसअन्तर्गत कृषि क्षेत्रभित्र रूख प्रजातिहरूको प्रवर्द्धनका लागि सहुलियत पूर्ण ऋण, अनुदान तथा कर छुटको अतिरिक्त बजारको व्यवस्था गर्ने सोच लिएको छ।

कृषि विकास रणनीति, २०७२ ले कृषि भूमिको एकीकृत व्यवस्थापन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृषि-वन प्रणालीलाई जोड दिएको छ । फलफूल लगायतको कृषि-वन विकास, विस्तार र प्रवर्द्धन गरी यसलाई आर्थिक उपार्जनको माध्यम बनाउन यस क्षेत्रमा सहुलियत ऋण उपलब्ध गराउने, प्रविधि हस्तान्तरण गर्ने, जग्गाधनीको क्षमता अभिवृद्धि गर्ने, कृषि-वनमा आधारित उद्यमहरूको प्रवर्द्धन र विस्तार गर्ने नीतिगत व्यवस्था सहित राष्ट्रिय वन नीति, २०७५ तर्जुमा भएको छ । विगतमा सञ्चालित चुरे र तराईका लागि जैविक विविधता क्षेत्र कार्यक्रम, जीविकोपार्जनका लागि वन कार्यक्रम, जडीबुटी उत्पादन कार्यक्रम तथा कृषि-वन र सामुदायिक वनमार्फत जीविकोपार्जन र खाद्य सुरक्षा कार्यक्रम आदिले प्रत्यक्ष र परोक्षरूपमा कृषि-वन विकासको अनुसन्धान, प्रचार प्रसार र विस्तारमा सहयोग पुऱ्याएका थिए । हाल निजी आवादी भित्रको कृषि क्षेत्रमा रूख प्रजातिहरू लगाई वन विकास गर्न नर्सरीमा बिरुवा उत्पादन, वितरण र प्राविधिक सेवा उपलब्ध हुँदै आएको छ।

## २. समस्या तथा चुनौतीहरू

कृषि-वन विकासको लागि कृषिमा आश्रित परिवारहरूको न्यून भूस्वामित्व, मझौला र साना किसानहरूको बाहुल्यता, निर्वाहमुखी खेती प्रणाली, उन्नत प्रविधिको अपर्याप्तता, प्राविधिक ज्ञानको कमी आदिले प्रशस्त समस्या सिर्जना गरेका छन् । कृषि योग्य जमिनको उपयोगमा हुने अधिक खर्च, ज्यामीको अभाव र युवाहरूको पलायनको कारणले कृषि योग्य जमिनहरू बाँझै रहने प्रवृत्ति बढेको छ । प्रतिव्यक्ति कृषि भूमिको उपलब्धता निरन्तर घट्दै गएकोले नेपालका कृषकहरूको खाद्य तथा पोषण सुरक्षा र जीविकोपार्जनमा समेत समस्या गएको देखिन्छ । कृषि-वन प्रणालीबाट उत्पादित वस्तु र सेवाहरूको आकर्षक मूल्यसहितको बजार व्यवस्था नहुनाले यसको प्रभावकारी विस्तार भएको छैन । कृषि-वन प्रणालीको लागि स्थान विशेष उपयुक्त प्रणालीको छनोट तथा प्रणाली विशेष प्रजातिहरूको बारेमा अध्ययन अनुसन्धान र प्रचार प्रसारको कमीका अतिरिक्त आवश्यक बीउ, बिरुवा, प्राविधिक तथा आर्थिक सहयोग अपेक्षित रूपमा नहुनु पनि समस्याका रूपमा रहेका छन् ।

वन र संरक्षित क्षेत्रसँग जोडिएका कृषि आवादी क्षेत्रको संरक्षण, विकास र प्रवर्द्धनमा ठूलो समस्या र चुनौती सिर्जना भएका छन् । यी क्षेत्रहरूमा उपयुक्त प्रजाति सहितको कृषि-वन विकास गर्ने अवसर समेत सिर्जना भएको छ । साना कृषकहरूको जीविकोपार्जनमा सुधार, खाद्य पोषण र इन्धन सुरक्षा चुनौतीपूर्ण छ । ग्रामीण क्षेत्रका महिलाहरू अझैपनि कठिन श्रम गर्न र बोझ बोक्न बाध्य छन् । गाउँमा रोजगारको सीमित अवसर भएकाले युवाहरू सहर र अन्य देशमा जान बाध्य भएका छन् । न्यून परिश्रममा आधारित कृषि-वन प्रणालीले विशेष गरी महिलाहरूको दैनिक क्रियाकलापमा सहजता सिर्जना गरी स्वरोजगारका अवसरहरू सिर्जना गर्ने सम्भावना छ । नेपालको वन क्षेत्र बाहिर मात्र पाइने केही रूख प्रजातिहरूको ओसार पसार र बिक्री वितरणमा हालै केही सहजता भए पनि निजी आवादी क्षेत्रमा उत्पादित सबै वनपैदावारहरूको स्वतन्त्र ओसारपसार र बिक्री वितरणमा अझै असहजता भएको हुँदा कृषि भूमिमा वन प्रजातिको व्यापक रूपमा अभ्यास गर्न समस्या परेको छ ।

## ३. नयाँ नीतिको आवश्यकता

विभिन्न कानुन, नीति र रणनीतिहरूले खेतबारीमा रूख लगाउन, काट्न र ओसारपसार गर्ने काममा अस्पष्टता सिर्जना गरेको देखिन्छ । स्पष्ट नीतिको अभावले गर्दा स्वतन्त्ररूपमा वृक्ष एवम् कृषि-वनका गैह्र काष्ठ वनपैदावारहरू ओसारपसारमा समस्या भएको छ । सबै सरोकारवालाहरूको प्रयास र नीति तथा कार्यक्रमहरूको समन्वय र सहकार्य गरी देशमा व्यापक रूपमा कृषि-वन प्रवर्द्धन गर्न उपयुक्त प्रणालीको सिर्जना गर्न जरुरी भइसकेको छ । कृषि-वन क्षेत्रमा प्रभावकारी अनुसन्धान गर्न, विभिन्न पारिस्थितिकीय क्षेत्रको लागि कृषि-वनका नमुनाहरूको विकास र प्रसार गर्न तथा यसको लागि प्राविधिक सहयोग प्रदान गरी कृषकहरूको जीविकोपार्जन सूधारका कार्यहरूलाई परिणाममुखी बनाउन नीतिगत स्पष्टता आवश्यक छ । यस्तो नीतिगत व्यवस्थाबाट गुणस्तरीय बीउ र बिरुवाको उपलब्धता, विभिन्न कृषि-वन प्रणालीहरूको समुचित अभ्यास, मूल्य शृङ्खला र बजार सम्पर्कको विकास तथा कृषि-वनपैदावारमा आधारित उद्योगहरूको स्थापना तथा प्रवर्द्धन जस्ता कार्यहरू सहज हुने अपेक्षा गर्न सकिन्छ । साथै कृषि-वन प्रणालीमा आबद्ध कृषकहरूमा ऋण र बिमाको उपलब्धता, रूख धितो राखेर पनि ऋण लिने व्यवस्था लगायतका कृषि-वन पद्धतिका विभिन्न सवालहरूलाई सम्बोधन गरी उल्लिखित समस्या र चुनौतीहरू प्रभावकारी रूपमा हल गर्नसमेत कृषि-वन नीतिको आवश्यकता रहेको छ ।

## ४. दूरदृष्टि

कृषि-वन प्रणालीको विकास, विस्तार र व्यावसायीकरण गरी राष्ट्रिय समृद्धिमा योगदान पुर्‍याउने ।

## ५. उद्देश्यहरू

यो नीतिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

५.१ भूमिको उत्पादकत्व वृद्धि र बहुगुणात्मक उपयोग गरी कृषि, पशु तथा वनजन्य पैदावारहरूको उत्पादन बढाउने,

५.२ वन माथिको चाप कम गरी वातावरण तथा जैविक विविधता संरक्षण, माटोको गुणस्तरीयता कायम र जलवायु उत्थानशील पर्यावरण प्रणाली विकास गर्ने,

५.३ कृषि-वनको सघन रूपमा प्रवर्द्धन गरी स्थानीय समुदायको खाद्य सुरक्षाका साथै जीविकोपार्जन, रोजगारी र आयआर्जनका अवसरहरू सिर्जना गर्ने,

५.४ कृषि-वनमा लगानीका अवसरहरू जुटाई व्यावसायीकरण मार्फत अर्थतन्त्रमा योगदान पुर्‍याउने,

५.५ कृषि-वन विषयमा अध्ययन, अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने ।

## ६. नीति र रणनीतिहरू

उल्लिखित लक्ष्य र उद्देश्यहरू प्राप्त गर्नको लागि देहायका नीति तथा रणनीतिहरू अवलम्बन गरिनेछन् :-

**६.१ कृषि-वन प्रणालीको व्यावसायिक र सामूहिक खेती प्रणालीलाई प्राथमिकता र प्रोत्साहन गरिनेछ ।**

६.१.१ प्राकृतिक वनजङ्गल नभएका वा कम भएका स्थानीय तहहरूमा कृषि-वन प्रणालीको विकास, विस्तार र प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

६.१.२ कृषि-वन प्रणालीको विकास, विस्तार र व्यावसायीकरण गर्न तीनै तहका सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाका साथै निजी र सहकारी क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ।

६.१.३ कृषि-वन व्यावसायीकरणमा निजी एवम् सहकारी क्षेत्रलाई आकर्षित गरिनेछ।

६.१.४ व्यावसायिक र सामूहिक कृषि-वन प्रणालीको लागि आवश्यक बाटो, सिँचाइ, औजार, उपकरण, प्रविधि लगायतका सुविधाहरू उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

६.१.५ कृषि-वन प्रणालीबाट उत्पादित वन पैदावारहरूको ओसार पसार र बिक्री वितरणमा सहजीकरण गरिनेछ।

**६.२ कृषि-वन अनुसन्धान, मूल्य शृङ्खला र कृषकको बजार पहुँचमा सरलीकरण गरिनेछ ।**

६.२.१ कृषि-वन पैदावारको प्रारम्भिक र प्रशोधित वस्तुको मूल्य शृङ्खला अभिवृद्धिको अध्ययन एवम् व्यावसायिक योजना तयार गर्न सहजीकरण गरिनेछ।

६.२.२ तरकारी फलफूल लगायतका सहकारी, हाट बजार, कृषि-वन पैदावारको बजार पूर्वाधार स्थापना गरी कृषि-वन पैदावारको बिक्री वितरणको विकास र विस्तार गरिनेछ।

६.२.३ प्राकृतिक वनहरूको कुल उत्पादकत्व बढाउन जडीबुटी र अन्य गैह्र काष्ठ वनपैदावार दिने प्रजाति रोपण गरी बहुतले (मल्टी टायर) वनको विकास गरिनेछ।

**६.३ कृषि-वनको उत्पादनमा आधारित उद्यम तथा बजार व्यवस्थाको प्रवर्द्धन गरिनेछ ।**

६.३.१ कृषि-वन प्रणालीलाई उद्यमको रूपमा पहिचान गरी विकास र विस्तार गरिनेछ।

६.३.२ स्थानीय कृषि-वनमा उत्पादित वस्तु प्रयोग गर्ने उद्योगहरू स्थापना र उत्पादित वस्तुको बजारीकरण गर्न प्राविधिक सहयोग लगायतका विषयहरूमा सहयोग तथा प्रोत्साहन गरिनेछ।

६.३.३ कृषि-वनबाट उत्पादित कच्चा पदार्थहरूको बजार सूचना तथा जानकारीको लागि उपयुक्त विधिमार्फत सहजीकरण गरिनेछ।

**६.४ कृषि-वन क्षेत्रमा वित्तीय प्रोत्साहन प्रदान गरिनेछ ।**

६.४.१ कृषि-वनको लागि ऋण र बीमा सहयोगको लागि आवश्यक व्यवस्था मिलाइनेछ। रूख धितो राखेर पनि ऋण लिन सकिने व्यवस्था मिलाइनेछ।

६.४.२ प्राकृतिक प्रकोपको कारणले कृषि-वनमा क्षति पुगेको अवस्थामा सो को लागि लिएको ऋण र ब्याजमा उचित राहत प्रदान गरिनेछ।

६.४.३ कृषि-वनको प्रोत्साहनको लागि मलमा अनुदान, कम ब्याजमा सहुलियत ऋण, बाली प्राप्त नभइन्जेलसम्म लिएको ऋणमा ब्याज मिनाहा र प्राकृतिक प्रकोपको समयमा ऋणको ब्याजमा मिनाहा जस्ता विषयमा आवश्यक व्यवस्था गरिनेछ।

६.४.४ कृषि-वन मोडेलका लागि सिफारिस गरिएका प्रजातिहरूको गुणस्तरीय बिरुवा उत्पादन र वितरणको व्यवस्था मिलाइनेछ।

**६.५ खाली, बाँझो, तथा सीमान्तकृत जग्गाहरूमा कृषि-वन प्रणालीलाई प्राथमिकता दिइनेछ ।**

६.५.१ कृषि-वन प्रणालीको लागि सम्भाव्य क्षेत्रहरूको पहिचान र प्राथमिकीकरण गरिनेछ।

६.५.२ स्थान विशेष कृषि-वन मोडेलहरूको परीक्षण र सिफारिस गरिनेछ।

६.५.३ कृषि-वन प्रणाली अनुरूप उपयुक्त प्रजातिहरूको छनोट, परीक्षण तथा सिफारिस गरिनेछ।

६.५.४ कृषि-वन प्रणालीको दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

६.५.५ कृषि-वन प्रणालीको व्यवस्थापन सूचना प्रणाली स्थापना गरिनेछ।

६.५.६ कृषि-वन प्रणालीको प्रवर्द्धनको लागि रणनीतिक योजना, कार्यविधि र मापदण्ड बनाई लागु गरिनेछ।

**६.६ उपयुक्तताका आधारमा स्थान विशेष कृषि-वन मोडेलहरूको विकास र प्रवर्द्धन गरिनेछ ।**

६.६.१ तराई र समथर भू-भागमा अन्न, दलहन तथा तेलहन बालीमा आधारित, चुरेलगायत संवेदनशील भिरालो भू-क्षेत्रहरूमा रूखमा आधारित, मध्य पहाडी क्षेत्रमा फलफूलका रूख प्रजातिमा आधारित, उच्च पहाडी र उच्च हिमाली क्षेत्रमा जडीबुटीमा आधारित, ताल तलैया र पानीका स्रोतहरू भएको

क्षेत्रमा मत्स्यपालनमा आधारित, खेती नहुने पहाडी क्षेत्रहरूमा पशुपालनमा आधारित कृषि-वन प्रणालीलाई जोड दिइनेछ ।

६.६.२ बाँझो कृषियोग्य जमिनको लागि स्थान सुहाउँदो कम ज्यामी लाग्ने कृषि-वन प्रणालीहरूको ढाँचा विकास र विस्तार गरिनेछ ।

६.६.३ निजी र कबुलियति वनभित्र वनको हैसियतमा असर नपर्ने गरी चिया, कफिजस्ता बहुवर्षीय तथा फलफूलका बिरुवाहरू लगाउने व्यवस्था मिलाइनेछ ।

६.६.४ नदी किनार कटान नियन्त्रण, भू-क्षय नियन्त्रण र बाढी पहिरोको प्रकोप घटाउन सम्भावित कृषि-वनको पहिचान गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६.६.५ मानव र वन्यजन्तु बीचको द्वन्द न्यूनीकरण गर्ने खालको कृषि-वन प्रणालीको ढाँचा विकास गरी आवश्यक क्षेत्रमा विस्तार गरिनेछ ।

६.६.६ हैसियत बिग्रेको र खाली वन क्षेत्रभित्र फलफूलजन्य स्थानीय रूखका प्रजातिहरू लगाउने अभियान सञ्चालन गरिनेछ ।

**६.७ कृषि-वन प्रणालीको अध्ययन, अनुसन्धान, प्रचार प्रसार र क्षमता विकासमा प्राथमिकता दिइनेछ ।**

६.७.१ अध्ययन, अनुसन्धान र प्रबर्तनलाई कृषि-वन कार्यक्रमको अभिन्न अङ्गको रूपमा विकास गरिनेछ ।

६.७.२ कृषि-वन प्रणाली अवलम्बन गर्न चाहने व्यक्ति, कृषक, सङ्घ, संस्था, समूह, सहकारीहरूलाई तालिम, प्रशिक्षण तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

६.७.३ कृषि-वन विषयमा उच्च शिक्षा हासिल गर्न चाहने कर्मचारी र प्राविधिकलाई आवश्यक सहयोग र सहुलियत प्रदान गरिनेछ ।

६.७.४ कृषि-वन प्रणाली सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।

**६.८ राष्ट्रिय, प्रदेशिक र स्थानीय गरी तीनै तहमा कृषि-वन योजना, बजेट र कार्यक्रम संयोजन तथा अनुगमन मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ ।**

६.८.१ यस नीति अनुसार सरकारका तीनवटै तहमा कृषि-वन कार्यक्रम सञ्चालित हुनेछन । प्रदेश र स्थानीय तहमा आवश्यक नीति, निर्देशिका बनाउन कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिले आवश्यक समन्वय गर्नेछ ।

६.८.२ यसको अनुगमन सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने व्यवस्था मिलाइनेछ ।

## ७. संस्थागत संरचना

**७.१ कृषि-वन नीति कार्यान्वयन गर्न नेपाल सरकारले केन्द्रमा कृषि-वन अन्तर मन्त्रालय समन्वय समिति (Agroforestry Inter- Ministerial Coordination Committee, AFIMCC) को व्यवस्था गरिनेछ ।**

**कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिको गठन निम्नानुसार हुनेछः-**

| | | |
|---|---|---|
| क) | कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव | संयोजक |
| ख) | वन तथा वातावरण मन्त्रालयका सहसचिव (योजना) | सदस्य |
| ग) | राष्ट्रिय योजना आयोगको कृषि-वन फोकल अधिकृत | सदस्य |
| घ) | कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि-वन फोकल अधिकृत | सदस्य |
| ङ) | वन तथा वातावरण मन्त्रालयका कृषि-वन फोकल अधिकृत | सदस्य |
| च) | नेपाल कृषि अनुसन्धान परिषद् र सम्बन्धित विश्वविद्यालयका प्रतिनिधि (२ जना) | सदस्य |
| छ) | किसान समूह, सहकारी सञ्जाल र वन उपभोक्ता समूहको महासङ्घका प्रतिनिधि (२ जना) | सदस्य |
| ज) | कृषि-वन नीति निर्माण एवम् कार्यान्वयन गर्ने मन्त्रालयहरूसँग सहकार्य गरेको संस्था | सदस्य |

यस नीतिको भावना र मर्म अनुकूल हुनेगरी प्रदेश र स्थानीय तहहरूले स्थानीय आवश्यकताका आधारमा आवश्यक संस्थागत व्यवस्था गरी यस नीतिको कार्यान्वयन गर्नेछन् ।

**७.२ समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछन्।**

७.२.१ कृषि-वनको अनुसन्धान, विकास, प्रचार प्रसार, क्षमता अभिवृद्धि, आर्थिक र प्रशासनिक सवालमा जवाफदेहिता कायम गर्ने र स्थानीय, प्रदेश तह र नेपाल सरकार एवम् अन्य सरोकारवालाहरूलाई समन्वय, सहकार्य एवम् सहभागिता गर्ने मञ्च प्रदान गर्ने।

७.२.२ राष्ट्रिय कृषि-वन नीति कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको नेतृत्वदायी भूमिका कृषि तथा पशुपन्छी विकास मन्त्रालयले निवार्ह गर्ने तथा समितिले यस नीति कार्यान्वयन गर्न कार्यक्रम प्राथमिकीकरणको लागि समस्या पहिचान, रणनीति निर्माण, समन्वय, क्षमता अभिवृद्धि, आर्थिक स्रोत पहिचान एवम् परिचालन, अनुगमन तथा मूल्याङ्कन र व्यवस्थापकीय सहयोग प्रदान गर्ने।

७.२.३ यस नीतिसँग सम्बन्धित कृषि तथा पशुपन्छी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयहरूमा कृषि-वन अन्तरमन्त्रालय समन्वय समितिसँग समन्वय एवम् कृषि-वन नीति कार्यक्रम कार्यान्वयन भूमिकाको लागि एक कृषि-वनको फोकल अधिकृत रहने।

७.२.४ नीति कार्यान्वयन गर्दा हैसियत बिग्रिएको वन क्षेत्र, कृषि-वन क्षेत्र र बाँझो, अर्धबाँझो कृषियोग्य जमिनमा संगठित युवा, महिला कृषक, थोरै जमिन भएका कृषक र दलित कृषकहरूको आवश्यकतालाई पनि ध्यानमा राखी उपयुक्त अनुदानको व्यवस्था मिलाउने।

## ८. आर्थिक दायित्व

८.१ कृषि-वन कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट वार्षिक रूपमा आवश्यक बजेट तथा कार्यक्रम व्यवस्था गरिनेछ।

८.२ राष्ट्रिय, प्रादेशिक र स्थानीयस्तरमा कृषि-वन कार्यक्रमलाई प्राथमिकतामा राखी बजेट कार्यक्रमको व्यवस्था गरिनेछ।

८.३ कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिले राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदार सङ्घ, संस्थाहरूसँग सहकार्य गरी यो नीति कार्यान्वयनको लागि स्रोत जुटाउन अर्थ मन्त्रालयसँगको समन्वयमा आवश्यक सहजीकरण गर्न सक्नेछ।

## ९. कानुनी व्यवस्था

९.१ कृषि-वन नीति, कार्यान्वयन पश्चात् यससँग सम्बन्धित अन्य नीति, नियमावली, निर्देशीका र रणनीतिहरू यसै नीति अनुरूप परिमार्जन गरिनेछन्।

९.२ यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार ऐन, नियम, निर्देशीका, कार्यविधि र मापदण्डहरूको व्यवस्था गरिनेछ।

## १०. नीतिको पुनरावलोकन

१०.१ समन्वय समितिले हरेक वर्ष कृषि-वन नीतिको समीक्षा गरी प्रतिवेदन पेस गर्नेछ।

१०.२ समन्वय समितिको प्रतिवेदन समेतको आधारमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा नीतिको पुनरावलोकन गर्नेछ।

# राष्ट्रिय वातावरण नीति, २०७६

## १. पृष्ठभूमि

देशको समग्र विकासको दिगोपना वातावरणीय अवस्थाको गुणस्तरमा निर्भर रहन्छ । राष्ट्रको समृद्धिका लागि प्राकृतिक तथा मानव निर्मित सम्पदाहरूको दिगो व्यवस्थापन र बहुआयामिक उपयोग पूर्व सर्त हुन् । वातावरण र सामाजिक-आर्थिक विकासका सवालहरूलाई एकीकृत रूपमा व्यवस्थापन गर्दै वातावरणको क्षेत्रबाट "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय संकल्पमा योगदान पुऱ्याउन मानव निर्मित विकासबाट सिर्जित प्रतिकुल वातावरणीय प्रभावलाई रोकथाम एवम् न्यूनीकरण गर्न र प्राकृतिक वातावरणको संरक्षण आवश्यक छ। नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी यसको संरक्षण र व्यवस्थापनलाई राज्यको उच्च प्राथमिकतामा राखेको छ। यसको लागि नेपालको भौगोलिक अवस्था, भू-उपयोग र भू-क्षमता अनुसार वातावरणमैत्री विकासका क्रियाकलापहरू सञ्चालन हुनु आवश्यक छ। प्रभावकारी कानुनी संयन्त्र, संस्थागत संरचना, उपयुक्त प्रविधि, जनसहभागिता, सुशासन र वित्तीय साधनहरूको एकीकृत प्रयासबाट मात्र वातावरण संरक्षण एवम् दिगो सामाजिक तथा आर्थिक विकास प्राप्त हुने देखिन्छ ।

वातावरण संरक्षण बहुआयमिक राष्ट्रिय तथा अन्तर देशीय विषय रहेको हुँदा नेपालले वातावरण सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा प्रतिबद्धता जाहेर गरेको छ। दिगो विकासको अवधारणा अनुरूप वर्तमान र अन्तरपुस्ता समन्वयका लागि वातावरणीय स्रोत माथि न्यायोचित पहुँच र तिनको बुद्धिमत्तापूर्ण उपयोगको प्रत्याभूति गर्नु राज्यको दायित्व हुन्छ । यसका लागि तीनै तहका सरकार, नागरिक समाज, समुदाय, निजी क्षेत्र र व्यक्ति-व्यक्ति बीच आपसी समन्वय र सहकार्यको आवश्यकताको पृष्ठभूमिमा राष्ट्रिय वातावरण नीति, २०७६ तर्जुमा गरिएको छ ।

## २. विगतमा भएका प्रयासहरू

राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई सम्बोधन गर्न नेपाल सरकारले वातावरण सम्बन्धी नीति, रणनीति तथा आवधिक योजनाहरूद्वारा विगतमा वातावरण संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत प्रयास गर्दै आएको छ। राष्ट्रिय संरक्षण रणनीति, २०४५ र नेपाल वातावरणीय नीति तथा कार्ययोजना, २०५० ले विकास निर्माणका कार्यले प्राकृतिक वातावरणमा पार्ने प्रतिकुल प्रभावहरूलाई रोकथाम एवम् न्यूनीकरण गर्ने उपायका बारेमा मार्गदर्शन गरेको देखिन्छ । त्यसैगरी राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन मार्गदर्शन, २०५० ले पूर्वाधारहरूको विकासबाट वातावरणमा पर्न जाने प्रतिकुल प्रभावहरूलाई न्यूनीकरण गर्दै विकास र वातावरण बीचको सन्तुलन कायम गर्न वातावरणीय प्रभाव अध्ययनको सुरुवात गरेको देखिन्छ। यसै पृष्ठभूमिमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ ले वातावरण संरक्षणका लागि कानुनी आधारहरू प्रदान गरेको पाइन्छ । यी नीतिगत तथा कानुनी प्रयासका अतिरिक्त वातावरणलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पार्ने वन, वन्यजन्तु, जैविक विविधता, जलवायु परिवर्तन, भू-उपयोग जस्ता क्षेत्रीय तथा उपक्षेत्रीय नीति, रणनीति, गुरुयोजना, आवधिक योजना तथा कानुनहरूको समेत तर्जुमा भई कार्यान्वयन हुँदै आएका छन् ।

संस्थागत प्रयासतर्फ वातावरण संरक्षण ऐन, २०५३ अनुरूप सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा विज्ञहरूसमेत संलग्न वातावरण संरक्षण परिषद्को गठन भएको छ । साथै वातावरण सम्बन्धी कार्यहरूलाई कार्यान्वयन एवम् संयोजन गर्न वन तथा वातावरण मन्त्रालय अन्तर्गत छुट्टै वातावरण तथा जैविक विविधता महाशाखा एवम् वातावरण विभाग स्थापना गरी संस्थागत कार्यविवरण अनुरूपको कार्यसम्पादन भइरहेको

छ । त्यसैगरी विभिन्न मन्त्रालयहरूमा वातावरण सम्बन्धी शाखा वा इकाई स्थापना गरी सम्बन्धित क्षेत्रगत वातावरणीय विषयहरूलाई बजेट, कार्यक्रम तथा आयोजनाहरूमा आन्तरिकीकरण गर्ने प्रयास भएको छ । यसरी नै प्रदेशस्तरमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना गरी वातावरण संरक्षण एवम् व्यवस्थापनको कार्य भइरहेको छ भने स्थानीय तहहरूमा वातावरणलाई हेर्ने विभाग, शाखा र इकाईहरू स्थापना गरिएको छ । यसका साथै गैरसरकारी, सामुदायिक र निजी क्षेत्रबाट समेत वातावरण संरक्षण एवम् व्यवस्थापनमा सहयोगी भूमिका रहेको देखिन्छ ।

## ३. वर्तमान स्थिति

हालसम्म वातावरण संरक्षण र व्यवस्थापनका लागि विभिन्न नीतिगत, कानुनी, संस्थागत तथा कार्यक्रमिक उपलब्धिहरू भएका छन् । वातावरण व्यवस्थापनतर्फ हालसम्म ३५० भन्दा बढी ठूला आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन र हजारौका सङ्ख्यामा रहेका मझौला तथा साना आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भई प्रतिकूल वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने र अनुकूलता बढाउने गरी वातावरण व्यवस्थापन योजना कार्यान्वयन गर्ने प्रयासहरू भइरहेको अवस्था छ। त्यसैगरी ध्वनी, जल र वायुसँग सम्बन्धित प्रदूषण रोकथाम र नियन्त्रणका लागि केही मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएका छन्। औद्योगिक प्रतिष्ठानमा नियमित र आकस्मिक अनुगमन गरी मापदण्ड पालना गर्ने, गराउने कार्य भइरहेको छ। वातावरणीय सक्षमता हासिल गर्न केही स्थानीय तहहरूमा नमुनाको रूपमा जलवायु अनुकूलित गाउँ कार्यक्रम सञ्चालनमा ल्याइएको छ। सवारी साधनहरूमा प्रदूषण जाँच गर्ने प्रक्रिया सुरु भएको छ। सहरी क्षेत्रमा विभिन्न प्रकारका वातावरणीय प्रदूषण रोकथाम तथा न्यूनीकरण गर्न फोहरमैला व्यवस्थापन, मापदण्ड विपरीत बनेका पोलिथिनको झोलाको प्रयोगलाई नियन्त्रणका साथै विभिन्न जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरिएको छ। देशको कुल वन क्षेत्रको करिब ४० प्रतिशत वन क्षेत्र स्थानीय वन उपभोक्ता समूहबाट व्यवस्थापन भई हरियाली प्रवर्द्धन हुँदै आएको छ। यसै गरी सहरी वन तथा उद्यानका कार्यक्रमहरूबाट प्रदूषण न्यूनीकरण तथा सहरी क्षेत्रको सौन्दर्य अभिवृद्धि गर्ने प्रयास भएको छ।

## ४. समस्या तथा चुनौती

जनसङ्ख्या वृद्धि हुनु, अव्यवस्थित सहरीकरण बढ्नु, पूर्वाधार विकास र वातावरण बीचमा असन्तुलन हुनु, एकीकृत र योजनाबद्ध विकासमा कमजोरी रहनु, अस्पताल, सहरी तथा औद्योगिक क्षेत्रहरूबाट निष्कासन हुने विभिन्न प्रकारका फोहोर तथा प्रदूषणको सही व्यवस्थापन गर्न नसक्नु र कृषि क्षेत्रमा अन्धाधुन्ध रूपमा प्रयोग गरिने विभिन्न विषादीहरूबाट वातावरण बिग्रिनु जस्ता पक्षहरू नेपालका लागि प्रमुख वातावरणीय समस्याहरू हुन् ।

प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संवैधानिक हकलाई प्रत्याभूत गर्ने गरी आवश्यक नीति, कानुन, मापदण्ड निर्माण र यसको प्रभावकारी कार्यान्वयन गर्नु प्रमुख चुनौती रहेको छ । वातावरणीय स्वच्छता सम्बन्धी विषयमा सबै निकाय र तहहरूको साझा प्रतिबद्धता जुटाउनु, ठूला उद्योग, यातायात तथा सहरी बस्तीमा मानवीय क्रियाकलापहरूबाट हुने जल, जमिन, ध्वनी र वायु प्रदूषण नियन्त्रण गर्नु, प्लाष्टिक लगायत फोहर मैलाको उचित व्यवस्थापन तथा सहरी हरियाली कायम गर्नु, वातावरण र विकास बीच सन्तुलन कायम गर्नु, वातावरण प्रदूषण गर्नेबाट दायित्व वहन गराउनु, वातावरण संरक्षणप्रति नागरिकको दायित्व बोध गराउनु, अध्ययन अनुसन्धानमा साझेदारी र सहकार्य जुटाउनुका साथै सरोकारवालाहरू बीच समन्वय गर्नु यस क्षेत्रको थप चुनौतीका रूपमा रहेका छन् ।

## ५. नयाँ नीतिको आवश्यकता

विकास र वातावरणबीच सन्तुलन कायम गर्दै दिगो विकासको लक्ष्य पूरा गर्ने सन्दर्भमा वातावरणसँग सम्बन्धित ऐन, नियम तथा अन्य क्षेत्रगत कानुनलाई निर्देश गर्न, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू समेत पूरा गर्न तथा सरकारी, गैरसरकारी संस्था, समुदाय र निजी क्षेत्र र सङ्घ, प्रदेश र स्थानीय तहका बीच वातावरण व्यवस्थापनमा समन्वय र सहकार्य गर्न नयाँ राष्ट्रिय वातावरण नीतिको तर्जुमा गर्न आवश्यक रहेको हो ।

## ६. लक्ष्य

प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता गर्ने ।

## ७. उद्देश्य

१. जल, वायु, माटो, ध्वनी, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक तथा रेडियोधर्मी लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण र न्यूनीकरण गर्ने ।
२. घरेलु, औद्योगिक तथा सेवा क्षेत्रलगायत सबै स्रोतबाट सिर्जित फोहरमैलाको व्यवस्थापन गर्ने ।
३. सहरी तथा नगर क्षेत्रमा उद्यान विकास तथा हरियाली विस्तार गर्ने ।
४. भौतिक पूर्वाधारको विकासमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गर्ने ।
५. प्रदूषण पीडितलाई वातावरणीय न्यायको सुनिश्चितता गर्ने ।
६. वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने ।
७. वर्तमान तथा भावी पुस्ता बिचमा न्यायोचितता हुने गरी प्राकृतिक तथा मानव निर्मित स्रोतहरूको उपयोग गर्ने ।
८. वातावरण संरक्षण र व्यवस्थापनका लागि शोध, अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने ।
९. जमिनको प्रयोगमा भू-उपयोग योजना बमोजिम गर्ने ।
१०. सम्भव भएसम्म उपलब्ध स्रोत साधनको पुनःप्रयोग र पुनःप्रशोधन गर्ने ।

## ८. नीतिहरू

यस नीतिको लक्ष्य र उद्देश्यहरू हासिल गर्न निम्न नीतिहरू अवलम्बन गरिनेछ :

### ८.१ प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरण

**नीतिः**

१. सबै प्रकारका प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरणका लागि प्रभावकारी प्रणाली स्थापना गरिनेछ ।
२. उद्योग, कलकारखाना, अस्पताल तथा सवारी साधनहरूको सञ्चालनमा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
३. उत्पादनमा भएका हानिकारक रसायनहरू (Chemical in Products) लाई नियमन तथा नियन्त्रण गर्दै जोखिमपूर्ण पदार्थबाट मानव स्वास्थ्यको रक्षा तथा वातावरण संरक्षण गरिनेछ ।

**रणनीति तथा कार्यनीतिः**

१. जल, वायु, माटो, ध्वनी, विद्युत-चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रसायनिक प्रदूषण रोकथाम सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
२. प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठान लगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनी गुणस्तरको नक्साङ्कन गरिनेछ ।
३. औद्योगिक तथा अन्य क्षेत्रबाट निस्कासन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिनेछ ।
४. उद्योग र अन्य व्यवसायहरूबाट निस्कासन हुने प्रदूषणयुक्त धुँवा, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरण मैत्री प्रविधि कार्यान्वयनमा ल्याइनेछ ।
५. घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुल्हो, विद्युतीय चुल्हो, वायोग्याँस, सुधारिएको चुल्हो, चिम्नी जस्ता उपकरणहरूको प्रवर्द्धन गरिनेछ ।
६. उर्जा किफायती भवन (Energy Efficient Building) निर्माणमा जोड दिइनेछ ।
७. प्रदूषण नियन्त्रणका लागि आवश्यकता अनुसार सघनतामा आधारित मापदण्ड (Concentration-based Standards) एवम् भारमा आधारित मापदण्ड (Load-based Standards) तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
८. प्रदूषण नियन्त्रणका लागि उत्सर्जन स्थल नक्साङ्कन (Emission Field Mapping), उद्गम पहिचान (Source Apportionment) का लागि विक्षेपण प्रतिमान (Dispersion Modeling) जस्ता नवीनतम विधिहरूको प्रयोग गरिनेछ ।

९. पुनः प्रयोग गर्न नमिल्ने फोहरलाई आवश्यकतानुसार फोहर विसर्जन क्षेत्र (Landfill Site), हानिकारक फोहर विसर्जन क्षेत्र (Hazardous Waste Landfill site), भष्मीकरण यन्त्र (Incineration Plant) मा सुरक्षित तरिकाले विसर्जन गरिनेछ ।

१०. औद्योगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहरलाई एकीकृत भष्मीकरण यन्त्र (Combined Incineration plant) स्थापना गरी विसर्जन गरिनेछ ।

११. फोहरमैलाबाट उर्जा उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

१२. विष्फोटक (Explosive), विषाक्त (Toxic), प्रज्वलनशील (Inflammable) र संक्षारक (Corrosive) जस्ता जोखिमपूर्ण फोहरहरूको उचित व्यवस्थापन गरिनेछ ।

१३. औद्योगिक उत्पादनमा प्रयोग हुने रसायन तथा कच्चा पदार्थसँगै आउने पारो (मर्करी), क्याडमियम, सिसा (Lead) तथा अति वाष्पशील जैविक पदार्थ (Volatile Organic Compounds) जस्ता रसायनहरूलाई आवश्यकता अनुसार नियन्त्रण र व्यवस्थापन गरिनेछ ।

१४. विद्युतीय सवारी साधन, हाइब्रिड सवारी साधन वा हाइड्रोजन इन्धनबाट चल्ने सवारी साधन जस्ता नवीनतम् तथा स्वच्छ उर्जा खपत गर्ने सवारी साधनहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१५. औद्योगिक उत्पादनहरूमा प्रदूषण नियन्त्रण प्रमाणपत्रको व्यवस्था लागु गरिनेछ ।

१६. इकोलेभलिङ्ग प्रमाणीकरण भएका वातावरण मैत्री वस्तुहरूको आयातलाई प्रोत्साहन गरिनेछ ।

१७. प्रदूषणजन्य प्लाष्टिकको उपयोगलाई वैकल्पिक वातावरण मैत्री माध्यमबाट प्रतिस्थापन गरिनेछ ।

१८. फोहरमैला उठाउने प्रणालीलाई प्रभावकारी बनाउँदै सिमसार क्षेत्र, धार्मिक स्थल, सडक, टोल वा अन्य सार्वजनिक स्थानमा फोहरमैला फाल्न पूर्ण रूपले प्रतिबन्ध लगाइनेछ ।

१९. नदीको स्वच्छता कायम राख्न प्रदूषित पानी, ढल र फोहर मैलालाई नदीमा मिसाउने कार्य नियन्त्रण गरिनेछ ।

२०. प्रदूषित ठोस तथा तरल पदार्थको व्यवस्थापन गर्दा तल्लो तटीय क्षेत्रमा पर्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

२१. वर्षातको समयमा मात्र बग्ने खहरे, खोला तथा गल्छीहरूको माथिल्लो तटीय क्षेत्रमा प्रदूषण व्यवस्थापन गर्दा वा संरचना निर्माण गर्दा विशेष ध्यान दिइनेछ ।

२२. सहरी एवम् घना बस्तीभित्र भएका उद्योगहरूलाई मानव बस्ती नभएका अन्य ठाउँहरूमा स्थानान्तरण गरिनेछ ।

२३. सवारी साधनमा प्रयोग हुने एसिड व्याट्री, कम्प्युटर, मोबाइल लगायत अन्य विद्युतीयजन्य प्रयोग नहुने सामाग्रीहरूको प्रभावकारी ढङ्गबाट व्यवस्थापन गरिनेछ ।

### ८.२ वातावरणीय मूलप्रवाहीकरण

**नीतिः**

१. नीति, कार्यक्रम, आयोजना लगायतले पार्ने सामाजिक तथा वातावरणीय प्रभावको आँकलन गर्ने व्यवस्था मिलाइनेछ ।

२. विकास आयोजनाहरूका सबै चरणमा वातावरणीय पक्षलाई आन्तरिकीकरण गरिनेछ ।

३. विकास आयोजनाहरूबाट वातावरण र सामाजमा पर्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण र अनुकूल प्रभावलाई विस्तार गरिनेछ ।

४. वातावरणीय अध्ययन प्रतिवेदनहरू वस्तुपरक हुने गरी विश्वसनीय तुल्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।

**रणनीति तथा कार्यनीतिः**

१. वातावरणीय प्रभावको सीमा, परिमाण र अवधिका आधारमा प्रस्ताव कार्यान्वयन गर्नु पूर्व नै प्रस्तावकले उपयुक्त वातावरणीय अध्ययन गराउने व्यवस्था मिलाइनेछ । वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृति प्रक्रियालाई पारदर्शी र सरलीकरण गरिनेछ ।

२. वातावरण र विकास बीच सन्तुलन हुनेगरी उपयुक्त विकल्पको छनोट गरी आयोजना सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
३. वातावरणीय प्रभावबाट उत्पन्न प्रतिकुल प्रभाव न्यूनीकरण र अनुकूल प्रभाव अभिवृद्धिका लागि प्रस्तावकले आवश्यक रकम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नै छुट्टयाउने व्यवस्था गरिनेछ ।
४. वातावरणीय अध्ययन प्रतिवेदनहरूको कार्यान्वयन स्थिति बारे नियमित अनुगमन र परीक्षण (Environmental Audit) गरिनेछ ।

**८.३ वातावरणीय न्याय** (Environmental Justice)

**नीतिः**

१. स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
२. वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व व्यहोर्नु पर्ने व्यवस्था गरिनेछ ।
३. विकास आयोजनाबाट सिर्जित प्रतिकुल वातावरणीय प्रभावमा परेका समुदायलाई न्यायोचित ढङ्गबाट क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।

**रणनीति तथा कार्यनीतिः**

१. स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न आवश्यक संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।
२. व्यावसायिक तथा औद्योगिक प्रतिष्ठानहरूलाई सामाजिक तथा वातावरणीय हिसाबले उत्तरदायी बनाइनेछ ।
३. मापदण्ड विपरीत प्रदूषण गर्ने व्यक्ति वा संस्थालाई कानुनी रूपमा दण्ड दिने व्यवस्था गरिनेछ ।
४. वातावरण मैत्री वस्तुहरूको प्रयोगलाई प्रोत्साहन गर्न वातावरणमा उल्लेख्य रूपमा प्रदूषण गर्ने पदार्थहरूमा प्रदूषण करको व्यवस्था गरिनेछ ।
५. प्रदुषकले नै हानिनोक्सानी व्यहोर्ने सिद्धान्तका आधारमा पिडीतलाई प्रदूषकबाट उपयुक्त क्षतिपूर्ति भराइदिने व्यवस्था मिलाइनेछ ।
६. वन क्षेत्रमा सार्वजनिक विकास निर्माण कार्य गर्दा वन क्षेत्र घटेबापत प्रभावित समूहलाई उचित क्षतिपूर्तिको व्यवस्था मिलाइनेछ ।
७. क्षतिपूर्तिको व्यवस्था गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, आर्थिकरूपमा विपन्न, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकलाई विशेष प्राथिमकता दिइनेछ ।
८. वातावरणीय सेवाको प्रवर्द्धन गर्दै त्यसबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँट गरिनेछ ।

**८.४ जनसहभागिता**

**नीतिः**

१. स्वच्छ र स्वस्थ वातावरण कायम गर्न प्रत्येक नागरिकलाई उत्तरदायी बनाइनेछ ।
२. वातावरणीय व्यवस्थापनमा बहुसरोकारवालाहरूको भूमिकालाई थप सशक्त तथा प्रभावकारी बनाइनेछ ।

**रणनीति तथा कार्यनीतिः**

१. वातावरण संरक्षण र व्यवस्थापनमा प्रत्येक नागरिकको कर्तव्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२. औद्योगिक तथा घरेलु फोहरमैलालाई स्रोतमै वर्गीकरण गरी व्यवस्थापन गर्न सबै जिम्मेवार सङ्घसंस्थाहरू तथा प्रत्येक नागरिकलाई जिम्मेवार बनाइनेछ ।
३. न्यूनीकरण (Reduce), पुनः प्रयोग (Reuse), पुनः प्रशोधन (Recycle) मार्फत मानव निर्मित स्रोत साधनहरूको प्रयोगलाई व्यवस्थित गर्न प्रत्येक व्यक्ति तथा संस्थालाई प्रोत्साहन गरिनेछ ।
४. वातावरण संरक्षणमा उपयोगी कौसी खेती, रेन वाटर हार्भेष्टिङ, सुधारिएको चुलो जस्ता घरायसी स्तरमा सञ्चालन गर्न सकिने कम खर्चिलो प्रविधिलाई प्रोत्साहन गरिनेछ ।
५. उत्पादन समेत वृद्धि हुनेगरी वातावरणमैत्री कृषि तथा पशुपालन प्रविधिलाई प्रोत्साहन गरिनेछ ।
६. औद्योगिक प्रतिष्ठान, शिक्षण संस्था, कार्यालय, सार्वजनिक स्थल र घर परिसरमा वृक्षरोपण, फलफूल र पुष्प बगैंचा निर्माण जस्ता हरियाली प्रवर्द्धनका कार्यहरू गरिनेछ ।

७. वातावरण संरक्षण र वातावरणीय पुनस्थापनाका लागि सरकार, नागरिक समाज, समुदाय र निजी क्षेत्रबीच सहकार्य र समन्वय गरिनेछ ।
८. सबै स्थानीय तहहरूमा वातावरणमैत्री कार्ययोजना तयार गरी जैविक उर्जा, प्राङगारिक मल उत्पादन र फोहरमैला व्यवस्थापनका लागि स्थानीय समुदायहरूको समेत सहभागिता जुटाई प्लाण्ट स्थापना र सञ्चालन गरिनेछ ।
९. नदी, सडक किनारा तथा खाली ठाउँमा वृक्षारोपणलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

**८.५ दिगो विकास**

**नीतिः**

१. भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरण मैत्री संरचना निर्माण गरिनेछ ।
२. चुरे लगायत वातावरणीय संरक्षणको दृष्टिकोणबाट अति संवेदनशील क्षेत्रको संरक्षण एवम् दिगो व्यवस्थापन गरिनेछ ।
३. प्राकृतिक स्रोतको दिगो र एकीकृत व्यवस्थापन गर्दै लाभको समन्यायीक बाँडफाँटको व्यवस्था गरिनेछ ।

**रणनीति तथा कार्यनीतिः**

१. सहरी तथा नगर क्षेत्रमा कार्बन उत्सर्जन घटाउने क्रियाकलापलाई प्रोत्साहन गर्न साइकल तथा पैदल यात्री मैत्री पूर्वाधारको विकास गरिनेछ ।
२. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
३. प्रदूषण न्यूनीकरणमा सहयोगी उपकरणहरूमा सहुलियत प्रदान गरिनेछ ।
४. प्रदूषण न्यूनीकरणका लागि नवीकरणीय स्वच्छ उर्जाहरूको प्रयोगमा जोड दिइनेछ ।
५. जलवायु अनुकूलित गाउँ कार्यक्रमलाई विस्तार तथा थप प्रभावकारी बनाइनेछ ।
६. सांस्कृतिक, धार्मिक, शैक्षिक, साहसिक, प्रकृतिमा आधारित पर्यटनलगायत सबै प्रकारका पर्यटनहरूलाई वातावरण मैत्री बनाइनेछ ।
७. भू-उपयोग योजना अनुसार योजनाबद्ध विकास गरिनेछ ।
८. विपद्बाट हुने क्षति न्यूनीकरण हुनेगरी भौतिक संरचना निर्माण गरिनेछ ।
९. वनको दिगो व्यवस्थापन मार्फत जैविक विविधताको सम्वर्द्धन, वन क्षेत्रको उत्पादकत्व र उत्पादनमा वृद्धि गर्ने ।
१०. भू तथा जलाधारको संरक्षणबाट भूमिको उत्पादकत्व बढाइनेछ ।
११. हरेक व्यक्ति तथा संस्था मार्फत हुने खरिद प्रक्रियालाई हरित खरिद प्रक्रिया (Green Procurement) अवलम्बन गर्न प्रोत्साहित गरिनेछ ।
१२. एकीकृत भू तथा जलाधार व्यवस्थापनको माध्यमबाट चुरे क्षेत्र लगायतका क्षेत्रको दिगो व्यवस्थापन गरी उत्पादकत्व र उत्पादनमा वृद्धि गरिनेछ ।

**८.६ सुशासन, अनुसन्धान र क्षमता विकास**

**नीतिः**

१. वातावरण सम्बन्धी निर्णय प्रक्रियामा सम्बन्धित सरोकारवालाहरूको पहिचान गरी तिनको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।
२. वातावरणीय स्थितिको सूचना तथा तथ्याङ्कमा सर्वसाधारणको सहज पहुँच हुने प्रणालीको स्थापना गरिनेछ ।
३. वातावरण क्षेत्रको अध्ययन, अनुसन्धान र क्षमता विकासलाई प्रभावकारी बनाइनेछ ।

**रणनीति तथा कार्यनीतिः**

१. वातावरण संरक्षण गर्न सरोकारवालाहरूलाई सुसूचित र सशक्तिकरण गरिनेछ ।
२. वातावरण व्यवस्थापनमा सम्बद्ध दक्ष जनशक्तिहरूको परिचालन गरी सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

३. वातावरण व्यवस्थापन सम्बन्धी राष्ट्रिय सूचना प्रणाली विकास गरी यसलाई आधुनिक र प्रविधिमैत्री बनाइनेछ ।
४. वातावरण सम्बन्धी अनुगमन प्रणालीलाई प्रभावकारी बनाउँदै प्राप्त सिकाई र नतिजालाई विषयगत नीति निर्माण, योजना तर्जुमा र व्यवस्थापन कार्यमा उपयोग गरिनेछ ।
५. वातावरण क्षेत्रका नीति, कार्यक्रम तथा बजेट तर्जुमा र सञ्चालन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका पक्षबाट संवेदनशील र समावेशी बनाइनेछ ।
६. वातावरण क्षेत्रका क्षमता विकास सम्बन्धी कार्यक्रममा महिला, दलित, आदिवासी, जनजाति, आर्थिकरूपले विपन्न लगायत वञ्चितीमा परेका समुदायलाई प्राथमिकता दिइनेछ ।
७. शिक्षण संस्थाहरूमा वातावरणको विषयलाई पाठ्यक्रममा नै समावेश गरी वातावरणीय सचेतनालाई अझ प्रभावकारी बनाइनेछ ।
८. सञ्चार माध्यमको क्षमता अभिवृद्धि गर्दै वातावरण सम्बन्धी सूचना प्रवाह सुनिश्चित गरिनेछ ।
९. वातावरण सम्बन्धी अनुसन्धानका क्रियाकलापहरू सञ्चालनमा सरकारी, गैरसरकारी संस्था, सामुदायिक संस्था, निजी क्षेत्र एवम् प्राज्ञिक निकायहरूबीच समन्वय र साझेदारी गरिनेछ ।
१०. हाल सञ्चालनमा रहेका वातावरण परीक्षण प्रयोगशालाहरूको स्तरोन्नति गर्नुका साथै प्रदेशस्तरमा समेत प्रयोगशालाहरू स्थापना गरिनेछ ।
११. सरोकारवालहरूको क्षमता अभिवृद्धि गर्दै अन्तर्राष्ट्रिय मापदण्डसँग तादात्म्यता हुनेगरी नवीनतम् प्रविधि भित्र्याउने र त्यस्ता प्रविधिहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिनेछ ।
१२. वातावरण सम्बन्धी कानुनहरू निर्माण गर्दा भू-उपयोग सम्बन्धमा भएका कानुनहरूलाई समेत विचार गरिनेछ ।

## ९. संस्थागत संरचना

१. सङ्घ, प्रदेश र स्थानीय तहबाट वातावरण क्षेत्र सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा सम्बन्धित सरोकारवालाहरूलाई सहभागी गराइनेछ ।
२. यस नीतिको लक्ष्य र उद्देश्य प्राप्तिको निमित्त उपयुक्त संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।
३. वातावरण सम्बन्धी सम्पूर्ण क्रियाकलापहरूको नीतिगत समन्वय गर्न राष्ट्रियस्तरमा वातावरण सम्बन्धी परिषद् गठन गरिनेछ ।

## १०. यस नीति कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका

यस नीतिको परिधिभित्र रही प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमहरू प्रदेश र स्थानीय तहले आ-आफ्नो नीति तथा कानुनमा समावेश गरेर कार्यान्वयन गर्न सक्नेछन् ।

**सङ्घः**

१. वातावरण संरक्षण तथा व्यवस्थापनका लागि राष्ट्रियस्तरको नीति, कानुन, मापदण्ड र नियमनका विषयहरू निर्धारण गरिनेछ । यसका लागि सङ्घीय संसद र नेपाल सरकारबाट पारित गरिएका राष्ट्रिय र अन्तर्राष्ट्रिय सवालहरू सम्बन्धी नीति तथा कानुनलाई प्रमुख आधार बनाइनेछ ।
२. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुरूपका वातावरण संरक्षण तथा व्यवस्थापनका कार्यक्रम तथा परियोजनाहरू तर्जुमा गरी तहगत रूपमा कार्यान्वयनको प्रारूप तयार गरिनेछ ।
३. वातावरणीय प्रभाव विश्लेषणका लागि आवश्यक नीतिगत मार्गनिर्देश गरिनेछ ।
४. राष्ट्रियस्तरमा हरित गृह ग्याँस तथा अन्य प्रदूषण उत्सर्जनका स्रोत एवम् नियन्त्रणका सम्बन्धमा नीति तथा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा नियमन गरिनेछ ।
५. नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरूप नेपाल सरकारको तर्फबाट पेस गर्नुपर्ने प्रतिवेदन तयार गरिनेछ ।
६. प्रदेश र स्थानीय तहमा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि र लाभको उपयोग सम्बन्धी व्यवस्था गर्न सहजीकरण गरिनेछ ।

७. “राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन”, “वातावरण अनुकूलन,” तथा “कार्बन सेवा” अन्तर्गतका सङ्घका अधिकार सूची अन्तर्गत रहेका विषयमा समेत प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन खाका तयार गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**प्रदेशः**

१. प्रदेश अन्तर्गत संरक्षण गर्नुपर्ने हरित क्षेत्र तथा सुरक्षित बसोवासको क्षेत्र निर्धारण, सहरी तथा ग्रामीण बसोवासका आधार तयारी, औद्योगिक, व्यावसायिक तथा व्यापारिक क्षेत्रहरू एकिन गर्ने र सङ्घको मापदण्ड अन्तर्गत रही प्रदेशस्तरीय वातावरणीय मापदण्ड निधारण गर्ने । प्रदेशस्तरमा सडक, यातायात, ऊर्जा, उद्योग, वन, कृषि, स्वास्थ्य क्षेत्रबाट सिर्जित प्रदूषणलाई नियमन गर्ने आधारहरू तयार गर्ने ।

२. प्रदेशस्तरका विकास निर्माणका आयोजनाहरूको वातावरणीय प्रभावका लागि अध्ययन, नियमन तथा अनुगमन कार्यहरू गर्ने ।

३. प्रदेशस्तरमा प्रदूषण उत्सर्जनका स्रोत एवम् नियन्त्रण सम्बन्धमा नीति तथा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा नियमन गर्ने ।

४. स्थानीय तहमा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि र लाभको उपयोग सम्बन्धी व्यवस्था गर्न सहजीकरण गर्ने ।

**स्थानीय तहः**

१. वातावरण संरक्षण तथा व्यवस्थापनको राष्ट्रिय नीति र रणनीतिको स्थानीयस्तरमा कार्यान्वयन गर्ने ।

२. सम्बन्धित सरोकारवाला निकायहरू, सरकारी तथा गैरसरकारी संस्थाहरू, समुदाय, निजी क्षेत्र, शैक्षिक संस्थाहरू लगायतसँग समन्वय तथा सहकार्य गर्ने ।

३. सङ्घ तथा प्रदेशका मापदण्डभित्र रही स्थानीयस्तरमा प्रदूषण नियन्त्रण, फोहर मैला व्यवस्थापन तथा हरियाली प्रवर्द्धन सम्बन्धी नीति, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा नियमन गर्ने ।

४. जनचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि, प्रदूषण उत्सर्जन नियन्त्रण, प्रविधि विकास जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

५. स्थानीयस्तरका विकास निर्माणका परियोजनाहरूका स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको कार्यान्वयनको अनुगमन कार्यहरू गर्ने ।

६. स्थानीयस्तरमा सञ्चालन हुने कार्यक्रमहरूको रेखदेख, अभिलेखीकरण, अनुगमन तथा प्रतिवेदन तयारी गर्ने कार्य नियमित रूपमा गर्ने ।

## ११. आर्थिक पक्ष

१. यस नीतिमा उल्लिखित सम्बन्धित तहका अधिकार क्षेत्रभित्र पर्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहका सरकारले आवश्यक बजेटको व्यवस्था गर्नेछन् ।

२. नीति कार्यान्वयनको लागि सम्बन्धित समुदाय, निजी क्षेत्र र सहकारीको योगदान र लगानीलाई प्रोत्साहित गरिनेछ ।

३. वातावरण संरक्षण, व्यवस्थापन एवम् क्षतिपूर्तिका लागि राष्ट्रियस्तरमा वातावरण संरक्षण कोषको स्थापना गरिनेछ ।

४. विकास आयोजनाहरूबाट वातावरणमा पर्ने प्रतिकुल प्रभाव न्यूनीकरणका लागि आयोजना सञ्चालक स्वयम्ले आर्थिक दायित्व वहन गर्नेछन् ।

५. नीति कार्यान्वयनको लागि विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

## १२. कानुनी व्यवस्था

यस नीतिले लिएका उद्देश्य, लक्ष्य, रणनीति एवम् कार्यनीतिक व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि हालसम्म भएका विद्यमान कानुनी व्यवस्थाहरूलाई समय सापेक्षरूपमा संशोधन र परिमार्जन गरिनेछ । आवश्यकताका आधारमा अन्य सङ्घीय, प्रदेशस्तरीय तथा स्थानीय तहसम्मका कानुनी संरचनाको तर्जुमा समेत गरिनेछ । यिनै कानुनी व्यवस्थाहरूका आधारमा कार्यविधि, निर्देशीका, मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

## १३. अनुगमन र मूल्याङ्कन

१. यस नीतिको कार्यान्वयन अवस्थाको आवधिक रूपमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ । यसरी अनुगमन गर्दा सरोकारवालाको सहभागिता गराइनेछ ।

२. यस नीतिको कार्यान्वयनको अवस्थाको सम्बन्धमा वातावरण क्षेत्रका स्थानीय कार्यालयहरूले स्थानीय तह तथा स्थानीय तहमार्फत प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले सङ्घको वन तथा वातावरण मन्त्रालय समक्ष पृष्ठपोषण सहित आर्थिक वर्षको अन्त्यमा प्रतिवेदन पेस गर्नेछन् र वन तथा वातावरण मन्त्रालयले एकीकृत गरी राष्ट्रिय प्रतिवेदन तयार गर्नेछ ।

३. सङ्घीय मन्त्रालयले राष्ट्रिय प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र वातावरण सम्बन्धी राष्ट्रिय परिषदमा पेस गरी पृष्ठपोषण प्राप्त गर्नेछ ।

४. यस नीतिको पुनरावलोकन प्रत्येक पाँच वर्षमा गरिनेछ ।

## १४. जोखिम

यस नीतिको कार्यान्वयन र लक्ष्य प्राप्तिमा निम्न जोखिमहरू हुन सक्छन्:

१. सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्य नभएमा यस नीतिको कार्यान्वयनमा जोखिम रहन्छ भने यसको निराकरणको लागि समन्वय र सहकार्यलाई प्रभावकारी तुल्याउन आवश्यक संयन्त्रको व्यवस्था गरिनेछ ।

२. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग प्रभावकारी सहकार्य नभएमासमेत यस नीतिले लिएका नीतिगत व्यवस्थाहरू कार्यान्वयनमा नजाने जोखिम रहन्छ । यस्तो जोखिम आउन नदिनका लागि तीनवटै क्षेत्रको संयुक्त प्रयासलाई प्रभावकारी बनाउन आवश्यक संरचना बनाइनेछ ।

# राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६

## १. पृष्ठभूमि

जलवायु परिवर्तन विश्वव्यापी रूपमा देखापरेको गम्भीर समस्या हो । यसबाट धनी तथा विकसित राष्ट्रहरूको तुलनामा गरिब तथा विकासोन्मुख राष्ट्रहरू बढी प्रभावित भएका छन् । विश्वको कुल हरितगृह ग्याँस उत्सर्जनमा नगन्य भूमिका भए पनि नेपाल जलवायु परिवर्तनका प्रतिकूल असरहरूको जोखिम उच्च रहेका राष्ट्रहरूमध्ये एक हो । धरातलीय विविधता, कमजोर भौगर्भिक बनावट, संवेदनशील पारिस्थितिकीय प्रणाली र जलवायु तथा सूक्ष्म जलवायु क्षेत्रहरूको विविधता यसका मुख्य कारणहरू हुन् । यसका अतिरिक्त गरिबी, अशिक्षा, सामाजिक असमानता साथै समुदायको जीविकोपार्जन प्राकृतिक स्रोतमा बढी निर्भर रहेका कारणले पनि नेपाल जलवायु परिवर्तनका असरहरूप्रति अझ बढी संवेदनशील मानिएको छ ।

विगत केही दशक यता वायुमण्डलीय तापक्रममा भएको तीव्रतर वृद्धि र त्यसबाट सिर्जित अतिवृष्टि, अनावृष्टि, खडेरीजस्ता जलवायुजन्य प्रकोपहरूबाट नेपालका हिमशृङ्खला र हिमनदीहरू एवम् तिनीहरूमा आश्रित पारिस्थितिकीय प्रणालीहरूमा प्रतिकुल प्रभाव परिरहेको छ । तीब्र गतिमा हिमगलन हुँदै जानाले हिमतालहरूको आकार बढिरहेको छ भने हिमतालहरू फुट्ने खतरा बढ्दै गएको छ । जलवायु परिवर्तनका नकारात्मक असरहरू वन तथा जैविक विविधता, ऊर्जा, मानव स्वास्थ्य, पर्यटन, बसोवास, पूर्वाधार विकासलगायत जीविकोपार्जनसँग सम्बन्धित क्षेत्रहरूमा प्रत्यक्ष महसुस गरिएको छ भने बाढी, पहिरो, हावाहुरी तथा डढेलो जस्ता जलवायुजन्य प्रकोपहरूका कारण ठूलो मात्रामा हरेक वर्ष धनजनको क्षति भइरहेको छ । यो पृष्ठभूमिमा जलवायु परिवर्तनका असरहरूको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्नेतर्फ विभिन्न तह र विषयगत क्षेत्रहरूमा नीतिगत मार्गदर्शन गर्ने उद्देश्यले यो राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागु गरिएको छ ।

## २. विगतका प्रयासहरू

नेपालले सन् १९९४ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (United Nations Framework Convention on Climate Change - UNFCCC) को पक्ष राष्ट्र भएदेखि नै जलवायु परिवर्तन व्यवस्थापनसँग सम्बन्धित कार्यहरू सक्रियतापूर्वक सम्पादन गर्दै आएको छ । यस क्रममा वि.सं. २०६५ मा राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Programme of Action - NAPA) तयार गरी उक्त कार्यक्रमले पहिचान गरेका जलवायु अनुकूलन परियोजनाहरू सञ्चालन गरिएको छ । यी परियोजनाहरूबाट सङ्कटासन्न घरधुरी र समुदायको जोखिम न्यूनीकरण गर्ने र अनुकूलन क्षमता अभिवृद्धि गर्नेतर्फ उल्लेखनीय उपलब्धि हासिल भएको छ । यस्तै वि.सं. २०६७ मा जलवायु परिवर्तन नीति तर्जुमा गरी लागु गरियो । यसैगरी हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणको क्षेत्रमा स्थानीय समुदायको सहभागितामा सञ्चालित सामुदायिक वन कार्यक्रमले अहम् भूमिका खेल्दै आएको छ । कार्बन सञ्चितीकरण र जलवायु परिवर्तन अनुकूलनमा कृषि वन तथा निजी वन विकास कार्यक्रमको भूमिका समेत उल्लेख्य छ । वन विनाश र वन क्षयीकरणबाट हुने हरितगृह ग्याँस उत्सर्जन कटौती गर्न नेपाल राष्ट्रिय रेड रणनीति कार्यान्वयनमा ल्याइएको छ ।

जलवायु परिवर्तनको क्षेत्रमा नीतिगत समन्वय गर्न वि.सं. २०६६ मा प्रधानमन्त्रीको अध्यक्षतामा विज्ञहरू समेत संलग्न जलवायु परिवर्तन परिषद् र जलवायु परिवर्तन सम्बन्धी योजना तथा कार्यक्रमहरूको संयोजन गर्न बहुपक्षीय सरोकारवालाहरूको सहभागिता रहेको जलवायु परिवर्तन सम्बन्धी समन्वय समितिको गठन गरिएको छ । यसैगरी जलवायु परिवर्तनको समग्र विषयमा विभिन्न तह र क्षेत्रमा समन्वय गर्न महासन्धिको सम्पर्क विन्दु (Focal Point) को रूपमा कार्य गर्दै आइरहेको वन तथा वातावरण मन्त्रालयमा जलवायु परिवर्तन व्यवस्थापन महाशाखाको व्यवस्था गरिएको छ । राष्ट्रिय योजना आयोगबाट जलवायु बजेट सङ्केत (Budget Code) प्रयोग गरिँदै आएको छ । यस्तै वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले जलवायु एवम् कार्बन इकाई स्थापना गरी स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism - CDM) सँग सम्बन्धित कार्यहरू अगाडि बढाएको छ ।

नेपालको सहस्राब्दी विकास लक्ष्य, २०५८ र दिगो विकास लक्ष्य, २०७२ ले पनि प्रत्यक्ष तथा परोक्ष रूपमा जलवायु परिवर्तनका विषयलाई सम्बोधन गरेका छन् । जलवायु परिवर्तनलाई स्थानीय विकास योजनामा एकीकृत गर्ने उद्देश्यले वि.सं. २०६७ मा स्थानीय अनुकूलन कार्य योजना (Local Adaptation Plan of Action - LAPA) को कार्यान्वयन खाका तयार गरिएको छ । सो खाका बमोजिम विभिन्न जोखिमयुक्त क्षेत्रमा स्थानीय अनुकूलन योजना तयार गरी कार्यान्वयन गरिएको छ । साथै समुदायस्तरमा विभिन्न सामुदायिक सङ्घ, संस्था, नागरिक समाज, निजी क्षेत्र र अन्य संस्थाको सहयोगमा समुदाय केन्द्रित अनुकूलन योजना समेत लागु भइरहेका छन् । यसैगरी जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको पक्षराष्ट्रको हैसियतले सन् २००४ मा प्रारम्भिक राष्ट्रिय सञ्चार प्रतिवेदन र सन् २०१४ मा दोस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन महासन्धिको सचिवालयमा पेस गरिएको छ ।

## ३. वर्तमान स्थिति

जलवायु परिवर्तन नीति, २०६७ र सो अन्तर्गत बनेका रणनीति तथा कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् भने राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan, NAP) तयारीको प्रक्रियामा रहेको छ । विभिन्न सरकारी, गैरसरकारी एवम् सामुदायिक सङ्घ, संस्थाहरू मार्फत जलवायु परिवर्तनका नकारात्मक प्रभावको उच्च जोखिममा रहेका क्षेत्र र समुदाय लक्षित गरी अनुकूलन कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

जलवायु परिवर्तनको विषयसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रक्रियामा नेपालको सक्रिय सहभागिता रहँदै आएको छ । यस क्रममा सन् २०१९ भित्र जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको सचिवालयमा उपलब्ध गराउने गरी तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन तयारीको क्रममा छ । यस्तै नेपालले क्योटो अभिसन्धि, पेरिस सम्झौता, सेन्डाई खाका र दिगो विकास लक्ष्यको पक्षराष्ट्र भई अन्तर्राष्ट्रिय क्षेत्रमा प्राप्त अवसरहरूलाई राष्ट्रिय आवश्यकता बमोजिम सदुपयोग गर्नुको साथै सो अनुरूपका दायित्वहरू समेत निर्वाह गर्दै आएको छ । पेरिस सम्झौताको पक्ष राष्ट्रको हैसियतले सन् २०१६ मा पेस गरिएको राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contributions - NDC) अद्यावधिक गर्ने र क्योटो अभिसन्धि अन्तर्गत दोहा संशोधनलाई स्वीकृति दिने गरी काम अगाडि बढाइएको छ । जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय वित्तमा सिधा पहुँच स्थापित गर्न नेपालका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सङ्घ, संस्थाहरूलाई मान्यता प्रदान गर्ने प्रक्रिया समेत अगाडि बढाइएको छ ।

## ४. समस्या तथा चुनौती

नेपालको राष्ट्रिय अर्थतन्त्र र जनजीवनका धेरै क्षेत्रहरूमा जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू परेका छन् र यस्ता प्रभावहरू भविष्यमा अझ बढ्ने अनुमान गरिएको छ । यस्तो अवस्थामा बहुपक्षीय मुद्दाको रूपमा रहेको जलवायु परिवर्तनको विषयमा अन्तरक्षेत्रगत निकायहरूबीच बुझाइमा एकरूपता नहुनु साथै समन्वयको कमी हुनु, जलवायु परिवर्तनको प्रभाव तथा जलवायुजन्य प्रकोपबाट हुने क्षति सम्बन्धमा अध्ययन, अनुसन्धान र आधारभूत तथ्याङ्कको कमी हुनु, जलवायु परिवर्तनको विषय समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण हुन नसक्नु तथा समस्या सम्बोधनको लागि संस्थागत क्षमता, वित्तीय स्रोत, प्रविधि र ज्ञानको कमी रहनु जलवायु परिवर्तन व्यवस्थापनको क्षेत्रमा रहेका मुख्य समस्याहरू हुन् ।

यस सन्दर्भमा भौगोलिकरूपले पहाडी र भूपरिवेष्ठित एवम् आर्थिकरूपले अति कम विकसित राष्ट्र नेपालमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन गरी जलवायु उत्थानशील समुदायको निर्माण गर्नु आफैँमा चुनौतीपूर्ण छ । खासगरी नेपालले सन् २०३० सम्ममा कम विकसित राष्ट्रबाट मध्यम स्तरको आम्दानी भएको राष्ट्रको रूपमा स्तरोन्नति गर्ने लक्ष्य लिएको सन्दर्भमा विकासका गतिविधिहरूमा तीव्रता आउने र कतिपय क्षेत्रमा जलवायु र विकासका मुद्दाहरूवीच सामञ्जस्यता ल्याउने चुनौती छ । यसैगरी जलवायु परिवर्तनसँग सम्बन्धित नेपालका विशिष्टीकृत विषयहरूलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनबाट जोखिममा परेका देशहरूको साझा आवाजको रूपमा स्थापित गर्दै जलवायु वित्तमा पहुँच अभिवृद्धि गर्नुसमेत चुनौतीपूर्ण छ ।

## ५. नयाँ नीतिको आवश्यकता

वि.सं. २०६७ मा जलवायु परिवर्तन नीति लागु गरिएपश्चात् जलवायु परिवर्तन व्यवस्थापनको क्षेत्रमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय आयोमहरूमा आएको परिवर्तनलाई प्रभावकारी रूपमा सम्बोधन गर्न उक्त नीतिको कार्यान्वयनबाट प्राप्त सिकाई समेतको आधारमा नयाँ नीति तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको हो ।

मूलतः नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रत्याभूति गर्दै दिगो र वातावरण अनुकूल विकास, नवीकरणीय ऊर्जाको प्रवर्द्धन, औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्ने जोखिमको न्यूनीकरण, यातायात क्षेत्रमा वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता एवम् पर्यावरण अनुकूल पर्यटनको विकासजस्ता जलवायु परिवर्तन व्यवस्थापनसँग सम्बन्धित अवधारणाहरूलाई राज्यका नीतिको रूपमा अङ्गिकार गरेको छ । मुलुक सङ्घीय संरचनामा गएको र सो अनुरूप जलवायु परिवर्तनका मुद्दाहरूलाई तीनै तहका नीति तथा कार्यक्रमहरूमा एकीकृत गर्दै जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसँग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न एवम् जलवायुमैत्री विकासद्धारा नेपाल सरकारले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" को अवधारणालाई टेवा पुऱ्याउन यो नीतिको आवश्यकता परेको हो ।

अन्तर्राष्ट्रिय सन्दर्भमा नेपालले जलवायु परिर्वतन सम्बन्धी पेरिस सम्झौताको पक्ष राष्ट्र भई राष्ट्रिय रूपमा निर्धारित योगदान मार्गचित्र समेत पेस गरिसकेको छ । नेपालले पेरिस सम्झौता, दिगो विकास लक्ष्य र विपद् व्यवस्थापनका लागि सेन्डाई खाकालाई समेत अनुमोदन गरेको अवस्थामा अन्तर्राष्ट्रिय दायित्व पूरा गर्दै राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकता अनुरूप जलवायु परिवर्तन व्यवस्थापन गर्न महासन्धिका संरचनाहरूमार्फत वित्तीय, प्राविधिक एवम् अन्य सहयोगका अवसरहरूको उपयोग गर्नसमेत यो नीति आवश्यक रहेको छ ।

## ६. लक्ष्य

जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक आर्थिक समृद्धिमा योगदान पुऱ्याउने ।

## ७. उद्देश्यहरू

(क) सङ्कटासन्न र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार, समूह र समुदायको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गर्ने ।

(ख) जलवायु परिवर्तनका प्रतिकुल प्रभावको जोखिममा रहेका पारिस्थितीकीय प्रणालीहरूको उत्थानशीलता विकास गर्ने ।

(ग) न्यून कार्बन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने ।

(घ) जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरूको न्यायोचित परिचालन गर्ने ।

(ङ) जलवायु परिवर्तन सम्बन्धी अनुसन्धान, प्रविधि विकास र सूचना सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

(च) राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, योजना तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनका विषयहरूलाई एकीकृत गर्ने ।

(छ) जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने ।

## ८. नीतिहरू

माथि उल्लिखित लक्ष्य तथा उद्देश्यहरू पूरा गर्न देहाय बमोजिम का क्षेत्रगत तथा अन्तर विषयगत नीति एवम् रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ ।

**क्षेत्रगत नीति एवम् रणनीति तथा कार्यनीतिहरू**

**८.१ कृषि तथा खाद्य सुरक्षा**

**नीति**

जलवायु मैत्री कृषि प्रणाली अवलम्बन गरी खाद्य सुरक्षा, पोषण तथा जीविकोपार्जनमा सुधार गरिनेछ।

**रणनीति तथा कार्यनीतिहरू**

(क) गरिब, सीमान्तकृत, भूमिहीन, आदिवासी तथा सङ्कटासन्न घरधुरी, महिला तथा भिन्न क्षमता भएकाहरूलाई लक्षित गरी कृषिमा आधारित अनुकूलन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(ख) सुख्खा तथा बढी पानी जम्ने क्षेत्रहरूको निम्ति उपयुक्त हुने कृषि बालीहरूको पहिचान गरी प्रवर्द्धन गरिनेछ।

(ग) खडेरी तथा शीतलहर जस्ता जलवायुजन्य प्रकोपहरूबाट बालीनालीको सुरक्षा गर्ने प्रविधिहरूको विकास र विस्तार गरिनेछ।

(घ) पानी किफायती सिँचाइ प्रविधिको प्रवर्द्धन गरिनेछ।

(ङ) बाली विविधीकरण, कृषि जैविक विविधताको संरक्षण र प्राङ्गारिक खेती प्रणालीलाई प्रवर्द्धन गरिनेछ।

(च) पोषण सुरक्षालाई दृष्टिगत गरी ग्रामीण भेगका घरधुरीमा बाली विविधिकृत करेसावारी एवम् घरबगैंचाको विकास गरिनेछ।

(छ) बाँझो कृषियोग्य जमिनमा बहुउपयोगी रूख प्रजातिहरू सहितको कृषि-वन प्रणालीको विकास र प्रवर्द्धन गरिनेछ।

(ज) कृषि क्षेत्रको भू-उपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनबाट पर्न सक्ने प्रतिकुल प्रभावहरूको जोखिम विश्लेषण गरिनेछ।

(झ) जलवायुमैत्री खेती प्रणालीसँग सम्बन्धित परम्परागत ज्ञान, सीप र अभ्यास एवम् नवीनतम् प्रविधिको अभिलेखन, प्रवर्द्धन र विस्तार गरिनेछ।

(ञ) कृषि प्रसार कार्यक्रमहरू मार्फत कृषकहरूलाई मौसम सम्बन्धी पूर्व सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ।

(ट) कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन, सङ्कलन, प्रशोधन र भण्डारणको लागि न्यून कार्बन उत्सर्जन तथा ऊर्जा किफायती प्रविधिहरूलाई प्रवर्द्धन गरिनेछ।

(ठ) कृषि तथा पशुपालन क्षेत्रमा जलवायुजन्य प्रकोपहरूबाट हुने विपद् (जोखिम) को बीमा गर्ने व्यवस्था गरिनेछ।

**८.२ वन, जैविक विविधता तथा जलाधार संरक्षण**

**नीतिः**

जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको विकास गरी दिगो वातावरणीय सेवाहरूको सुनिश्चितता गरिनेछ।

**रणनीति तथा कार्यनीतिहरूः**

(क) दिगो वन व्यवस्थापन अवलम्बन गर्दै वनको कार्बन सञ्चिति वृद्धि गरिनेछ।

(ख) जलवायुजन्य जोखिमबाट प्रभावित भिरालो तथा हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमिनमा कृषि-वनको विकास गरिनेछ।

(ग) जलवायु परिवर्तनको जोखिममा रहेका सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

(घ) जलवायु परिवर्तनको जोखिममा रहेका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति एवम् संवेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षण गर्न कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

(ङ) एकीकृत जलाधार व्यवस्थापन गर्दा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरूलाई मूलप्रवाहीकरण गरिनेछ।

(च) जलाधार तथा भू-परिधि व्यवस्थापनका असल अभ्यासहरूलाई अनुकूलन कार्यक्रममा समावेश गरी स्थानीय समुदायको अनुकूलन क्षमता वृद्धि गरिनेछ ।

(छ) चुरे लगायत अन्य जोखिमपूर्ण क्षेत्रको जलवायु परिवर्तनका असरहरूप्रतिको संवेदनशीलतालाई मध्यनजर गर्दै एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।

(ज) वनमा लाग्ने रोग, कीरा, खडेरी, डढेलो र मिचाहा प्रजातिको प्रकोपको न्यूनीकरण र व्यवस्थापन गरिनेछ ।

(झ) रेड प्लस (REDD+) तथा स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism) मार्फत कार्बन सञ्चितिबाट प्राप्त आर्थिक लाभको न्यायोचित वितरण गरिनेछ ।

(ञ) पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम र स्थानीयस्तरबाट संरक्षण कार्यमा गरेको योगदानबाट प्राप्त वातावरणीय सेवावापत भुक्तानी गर्ने प्रणाली (Payment for Ecosystem Services) को विकास र विस्तार गरिनेछ ।

### ८.३ जलस्रोत तथा ऊर्जा

**नीतिः**

जलस्रोतको बहुउपयोग र न्यून कार्बन ऊर्जाको उत्पादनलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता गरिनेछ ।

**रणनीति तथा कार्यनीतिहरूः**

(क) जलवायु परिवर्तनले पानीको उपलब्धता र पहुँचमा पार्ने असरलाई दृष्टिगत गर्दै जोखिमयुक्त क्षेत्र र बस्तीहरूमा पानीको सञ्चिति, बहुउपयोग र किफायती प्रयोग गर्ने विधिहरूको विकास र प्रवर्द्धन गरिनेछ ।

(ख) भूमिगत जलस्रोतको पुनर्भरण एवम् बहुउपयोगको निम्ति बर्षात्को पानी सङ्कलन गर्ने पोखरीहरूको निर्माण गरिनेछ ।

(ग) सहरी क्षेत्रमा भूमिगत जलस्रोतको दिगो उपयोगको निम्ति मापदण्ड तयार गरी लागु गरिनेछ ।

(घ) नवीकरणीय ऊर्जाको उत्पादन तथा उपयोग एवम् ऊर्जा किफायती प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

(ङ) जलविद्युत्, खानेपानी तथा सिँचाइ लगायतका पूर्वाधारहरू निर्माण गर्दा वातावरण मैत्री स्थानहरूको छनोट र जलवायुमैत्री प्रविधिहरूको प्रयोग गरिनेछ ।

(च) जलविद्युत् उत्पादन गर्दा नदीको पारिस्थितिकीय प्रणालीमा पर्ने प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।

(छ) हिमताल बिस्फोटको जोखिम न्यूनीकरणका लागि पानीको सतह कम गर्दै सुरक्षित निकासको व्यवस्था गरिनेछ ।

(ज) विभिन्न भौगोलिक क्षेत्रहरूमा मौसम मापन केन्द्रहरूको विस्तार एवम् क्षमता अभिवृद्धि गर्दै मौसम सम्बन्धी सूचना प्रवाहलाई व्यवस्थित गरिनेछ ।

### ८.४ ग्रामीण र सहरी बसोवास

**नीतिः**

सुरक्षित, दिगो र उत्थानशील बसोवास र पूर्वाधार विकास गरी जलवायु मैत्री गाउँ र सहर निर्माण गरिनेछ ।

**रणनीति तथा कार्यनीतिहरूः**

(क) स्थानीयस्तरमा भू-उपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनका जोखिमहरूको आधारमा वन, कृषि, आवास तथा औद्योगिक क्षेत्रहरूको निर्धारण गरिनेछ ।

(ख) अव्यवस्थित सहरी तथा ग्रामीण बस्तीहरू एवम् जलवायुजन्य जोखिम क्षेत्रमा बसोवास गरेका घर परिवार र समुदायमा पर्ने जलवायु परिवर्तनका प्रतिकुल असरहरू न्यूनीकरण गर्न अनुकूलन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(ग) बस्ती विकास योजनाहरूमा न्यून उत्सर्जन प्रविधि एवम् अनुकूलन कार्यक्रमहरू समावेश गरिनेछ ।
(घ) ग्रामीण र सहरी बस्ती पूर्वाधार एवम् घरहरू व्यवस्थित गर्न मापदण्ड तयार गरी लागु गरिनेछ ।
(ङ) ग्रामीण र सहरी बस्ती निर्माण गर्दा हरित गाउँ र सहरको अवधारणा अनुसरण गर्दै सडक किनारा र खाली रहेका जमिनमा वृक्षारोपण गर्नुका साथै उद्यानहरू निर्माण गरिनेछ ।
(च) सहरी क्षेत्रका सडकहरू निर्माण गर्दा पैदल मार्ग र साइकल लेनको व्यवस्था गरिनेछ ।

**८.५ उद्योग, यातायात तथा भौतिक पूर्वाधार**

**नीतिः**

भरपर्दो, दिगो र न्यून कार्बन प्रविधियुक्त उद्योग, यातायात र भौतिक पूर्वाधारको विकास गरी जलवायु उत्थानशील आर्थिक विकासको अवधारणा अवलम्बन गरिनेछ ।

**रणनीति तथा कार्यनीतिहरूः**

(क) उद्योग तथा यातायात क्षेत्रका हरितगृह ग्याँस उत्सर्जन हुने मुख्य विन्दु र कारकहरू पहिचान गरी न्यूनीकरणका लागि मापदण्डहरू बनाई लागु गरिनेछ ।
(ख) उद्योग, यातायात र भौतिक पूर्वाधारको क्षेत्रमा ऊर्जा किफायती प्रविधि र विद्युतीय ऊर्जाको प्रयोगलाई प्रवर्द्धन गरिनेछ ।
(ग) उद्योग, यातायात तथा भौतिक पूर्वाधार विकास गर्दा वातावरण मैत्री स्थानहरूको छनोट र जलवायुमैत्री प्रविधिहरूको प्रयोग गरिनेछ ।
(घ) भौतिक पूर्वाधारहरूको डिजाइन र निर्माण गर्दा जलवायुजन्य जोखिम न्यूनीकरणका उपायहरू अनुसरण गरिनेछ ।
(ङ) विद्युतीय सवारी साधनको प्रयोग लाई प्रोत्साहन गरिनेछ ।
(च) संस्थागत सामाजिक उत्तरदायित्व मार्फत उद्योग र यातायात, विशेष गरी हवाई यातायात क्षेत्रमा हुने उत्सर्जन न्यूनीकरणमा निजी क्षेत्रलाई प्रोत्साहन र परिचालन गरिनेछ ।
(छ) निश्चित समयावधि पार गरेका तथा अत्यधिक प्रदूषणयुक्त यातायातका साधनहरूलाई निश्चित मापदण्डका आधारमा क्रमशः विस्थापित गर्दै लगिनेछ ।

**८.६ पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा**

**नीतिः**

पर्यटन क्षेत्रलाई जलवायुमैत्री बनाउँदै महत्वपूर्ण प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदाहरूको संरक्षण र विकास गरिनेछ ।

**रणनीति तथा कार्यनीतिहरूः**

(क) पर्यापर्यटन, हरित पैदल मार्ग र पर्यटन गन्तव्यहरूको विविधीकरण जस्ता जलवायुमैत्री पर्यटनका अवधारणाहरूलाई पर्यटन क्षेत्रको विकासमा मूलप्रवाहीकरण गरिनेछ ।
(ख) पर्यटकीय क्षेत्रहरूमा नवीकरणीय ऊर्जा र ऊर्जा किफायती प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्दै शून्य उत्सर्जनको अवधारणा लागु गरिनेछ ।
(ग) पर्यटन व्यवसायलाई भरपर्दो र सुरक्षित बनाउन पर्वतारोहण र पदमार्ग यात्रालाई लक्षित गरी मौसम सम्बन्धी सूचना प्रवाहलाई व्यवस्थित गरिनेछ ।
(घ) जलवायु परिवर्तनको प्रतिकुल प्रभावको जोखिममा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूको संरक्षण र व्यवस्थापन गरिनेछ ।
(ङ) निजी क्षेत्र र समुदायलाई जलवायुमैत्री पर्यटन कार्यक्रम कार्यान्वयनमा प्रोत्साहन गरिनेछ ।

**८.७ स्वास्थ्य, खानेपानी तथा सरसफाई**

**नीतिः**

जलवायुजन्य प्रकोपबाट मानव स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै स्वस्थ जीवनयापनको वातावरण तयार गरिनेछ ।

**रणनीति तथा कार्यनीतिहरू:**

(क) जलवायु परिवर्तनबाट सिर्जित रोगवाहक किटाणु तथा संक्रामकरोगको महामारी फैलिन नदिन पूर्व तयारी, पूर्वानुमान तथा रोकथाम गर्ने संयन्त्रको विकास गरिनेछ।

(ख) स्वच्छ खानेपानीमा पहुँच र सर्वसुलभ उपलब्धता वृद्धि गर्न पानीका स्रोतहरूको संरक्षण, वर्षातको पानीको सङ्कलन र भण्डारण तथा पानी किफायती प्रविधिहरूको विकास र विस्तार गरिनेछ।

(ग) घरेलु तथा होटल व्यवसाय र अस्पतालहरूबाट निस्कने फोहरमैलाको स्रोतमै वर्गीकरण गरी जोखिमपूर्ण र घातक फोहरजन्य पदार्थको उचित व्यवस्थापन र अन्य जैविक फोहरहरूलाई ऊर्जा उत्पादनमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

**८.८ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन**

**नीति:**

जलवायुजन्य प्रकोपहरूबाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन, भौतिक पूर्वाधार र सांस्कृतिक एवम् वातावरणीय सम्पदामा हुने क्षतिको न्यूनीकरण गरिनेछ।

**रणनीति तथा कार्यनीतिहरू:**

(क) जलवायुजन्य प्रकोपको रोकथाम, न्यूनीकरण र पूर्व तयारी गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहमा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन प्रणालीको विकास गरिनेछ।

(ख) बाढी, पहिरो, भू-क्षय, खडेरी, चट्याङ्ग, हावाहुरी, तातो हावाको लहर, शीतलहर, वन डढेलो, आगलागी, महामारी लगायतका प्रकोपहरूको अनुगमन, पूर्वानुमान तथा पूर्व सूचना प्रणाली विकास गरी पूर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाइनेछ।

(ग) जलवायुजन्य विपद् सम्बन्धी सूचना सङ्कलन गर्ने प्रणालीलाई थप व्यवस्थित र व्यापक बनाइनेछ।

(घ) जलवायुजन्य विपद् जोखिम सम्बन्धी पूर्व सूचनामा सबै वर्ग, तह र क्षेत्रको पहुँच पुग्ने व्यवस्था मिलाइनेछ।

(ङ) विपद् जोखिम न्यूनीकरण कार्यलाई जलवायु परिवर्तन अनुकूलन योजना तथा कार्यक्रमहरूसँग एकीकृत गरिनेछ।

(च) जलवायुजन्य प्रकोपहरूबाट हुने क्षतिबाट पुनरुत्थानका लागि अति सङ्कटासन्न र जोखिममा रहेका व्यक्ति र परिवारहरूको सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ।

(छ) जलवायुजन्य विपद् पश्चातको उद्धार, पुनस्थापना र पुनःनिर्माणको लागि योजनाबद्ध कार्यक्रम सञ्चालन गरिनेछ।

(ज) जलवायुजन्य विपद् व्यवस्थापनमा सामुदायिक सङ्घसंस्था तथा निजी क्षेत्रलाई परिचालन गरिनेछ।

(झ) उत्थानशील समाजको निर्माणका लागि विपद् सुरक्षित संस्कृति (Culture of Safety) को विकास गर्न मापदण्डहरू निर्माण गरिनेछ।

(ञ) जलवायु परिवर्तनको कारण अन्तर्राष्ट्रिय सीमा वारपारमा हुने जोखिम न्यूनीकरण गर्न तथा असरसँग अनुकूलित हुन द्विपक्षीय तथा बहुपक्षीय सहयोगको विकास तथा विस्तार गरिनेछ।

**अन्तर विषयगत क्षेत्रहरू**

**८.९ लैङ्गिक तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन**

**नीति:**

जलवायु सम्बद्ध नीति निर्माण, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयनमा सुशासन र लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्दै जीविकोपार्जनमा सहजीकरण गरिनेछ।

**रणनीति तथा कार्यनीतिहरू**

(क) जलवायु परिवर्तनसँग सम्बन्धित विषयमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक र सबै प्रकारका अपाङ्गता भएका, गर्भावस्थाका, अशक्त तथा विपन्न व्यक्ति वा समूहहरूको चासोलाई सम्बोधन गरिनेछ।

(ख) जलवायु परिवर्तनको प्रतिकुल प्रभावहरूको जोखिममा रहेका घरधुरी र समुदायलाई लक्षित गरी जलवायु उत्थानशील जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(ग) जलवायु परिवर्तनबाट प्रभावित घरधुरी, समुदाय एवम् जोखिम क्षेत्रहरूको पहिचान गरी स्थानीय ज्ञान, सीप तथा प्रविधि अनुरूप अनुकूलनका उपायहरूको अवलम्बन गरिनेछ ।

(घ) विभिन्न भाषा, वर्ग, संस्कृति, उमेर, लिङ्ग र फरक क्षमता भएका व्यक्ति र समूहहरूको जलवायु परिवर्तनसँग सम्बन्धित सूचना र प्रविधिमा पहुँच अभिवृद्धि गरिनेछ ।

(ङ) जलवायु अनुकूलन कार्यक्रमलाई सामाजिक तथा आर्थिक विकास एवम् वैकल्पिक आय आर्जन र गरिबी निवारणका कार्यक्रमहरूसँग आबद्ध गरी कार्यान्वयन गरिनेछ ।

(च) जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रमहरू सञ्चालन गर्दा पारदर्शिता, जवाफदेहिता र सक्रिय जनसहभागिता सुनिश्चित गरिनेछ ।

**८.१० जनचेतना अभिवृद्धि तथा क्षमता विकास**

**नीतिः**

जलवायु परिवर्तनको प्रभाव र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि गर्दै न्यूनीकरण र अनुकूलनका उपायहरू अवलम्बन गर्न स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूको क्षमता विकास गरिनेछ ।

**रणनीति तथा कार्यनीतिहरूः**

(क) विभिन्न विषयगत क्षेत्रहरूमा जलवायु परिवर्तनको असर र जोखिम एवम् न्यूनीकरण र अनुकूलनका उपायहरू सम्बन्धमा सञ्चार माध्यमहरूबाट प्रचार प्रसार गरिनेछ ।

(ख) जलवायु परिवर्तनका कारण र प्रभावहरू एवम् जलवायुमैत्री परम्परागत ज्ञान, सीप र अभ्याससँग सम्बन्धित विषयवस्तुलाई औपचारिक तथा अनौपचारिक शैक्षिक पाठ्यक्रमहरूमा समावेश गरिनेछ ।

(ग) विभिन्न लक्षित समूहको लागि उपयुक्त हुने तथ्याङ्क, सूचना, सिकाई तथा असल अभ्यास सहितका ज्ञानमूलक सामाग्रीहरू तयार गरी वितरण गरिनेछ ।

(घ) जलवायु उत्थानशीलतालाई विकास कार्यक्रमहरूमा मूलप्रवाहीकरण गर्न तीनै तहका सम्बद्ध सरकारी, गैरसरकारी तथा प्राज्ञिक निकाय एवम् सामुदायिक सङ्घ, संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

(ङ) स्थानीयस्तरमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू स्थानीय सरकारी निकाय, गैरसरकारी तथा सामुदायिक सङ्घ, संस्था एवम् नागरिक समाजको सहभागितामा सञ्चालन गरिनेछ ।

(च) जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यमा युवा जनशक्तिको क्षमता विकास गरी परिचालन गरिनेछ ।

(छ) जलवायु परिवर्तन सम्बन्धी सूचना आदान प्रदान र क्षमता अभिवृद्धि गर्न द्विपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय सहयोगको विकास तथा विस्तार गरिनेछ ।

(ज) जलवायु परिवर्तन सम्बन्धी सन्धि, अभिसन्धि र महासन्धिका नियमित सभा सम्मेलनहरूमा नेपालका चासोहरूलाई सशक्त रूपमा उत्थान र स्थापित गर्न सम्बद्ध जनशक्तिको क्षमता विकास गरिनेछ ।

(झ) विषम मौसमी घटनाहरू (Extreme Weather Events) को अभिलेखीकरण गरी जनचेतना अभिवृद्धि कार्यक्रमहरूमा सदुपयोग गरिनेछ ।

(ञ) अन्तर्राष्ट्रिय जलवायु वित्तमा सहज र सिधा पहुँचको लागि राष्ट्रिय कार्यान्वयन निकायहरूको पहिचान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

(ट) विद्यालयमा रहेका विपद् सम्पर्क व्यक्ति (Focal Point) लाई जलवायु परिवर्तन सम्बन्धी तालिम प्रदान गरिनुका साथै माध्यमिक विद्यालयमा जलवायु परिवर्तन सम्बन्धी कार्य गर्न इको क्लव (Eco Club) गठन गरिनेछ ।

## ८.११ अनुसन्धान, प्रविधि विकास तथा प्रसार

**नीतिः**

जलवायु परिवर्तनसँग सम्बन्धित अध्ययन, अनुसन्धान एवम् प्रविधि विकास र प्रसारलाई प्रोत्साहन गरिनेछ।

**रणनीति तथा कार्यनीतिहरू:**

(क) जलवायु परिवर्तनले विभिन्न विषयगत क्षेत्रहरूमा पारेको असरको नियमित अध्ययन अनुसन्धान गर्दै यसको नतिजालाई निर्णय प्रकृयासँग आवद्ध गरिनेछ।

(ख) जलवायु परिवर्तनका कारण विभिन्न भौगोलिक र विषयगत क्षेत्रहरूमा परेको आर्थिक तथा गैर आर्थिक हानि तथा नोक्सानीको अनुसन्धान एवम् राष्ट्रिय तथ्याङ्क अद्यावधिक गर्ने कार्य नियमित रूपमा गरिनेछ।

(ग) नदी, हिमपहिरो, सिमसार र संवेदनशील पारिस्थितिकीय प्रणालीहरूमा पर्ने जोखिमको नियमित अनुगमन र वैज्ञानिक विश्लेषण गरिनेछ।

(घ) जल, स्थल र वायु प्रदूषणबाट सिर्जित अँगार मिश्रित कार्बन (Black Carbon) एवम् अन्य हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्ने प्रविधिको विकास गरिनेछ।

(ङ) आवधिक रूपमा हरितगृह ग्याँस उत्सर्जनका स्रोतहरू पहिचान गर्दै तिनीहरूबाट हुने उत्सर्जनको मापन र उत्सर्जन न्यूनीकरण कार्यको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

(च) जलवायु परिवर्तनको प्रभाव र प्रवृत्ति पहिचान गर्न मौसम मापन केन्द्रहरूको सञ्जाल विस्तार गरी तत्कालीन तथ्याङ्कहरू (Real Time Data) को सङ्कलन, विश्लेषण र सूचना प्रवाह गर्ने प्रणालीको विकास गरिनेछ।

(छ) अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप राष्ट्रिय सञ्चार प्रतिवेदन (National Communication), राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contributions), अनुकूलन सञ्चार (Adaptation Communication) र अन्य प्रतिवेदनहरू तयार गरिनेछ।

(ज) जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन सम्बन्धी प्रविधिहरूको आवश्यकता पहिचान गरी प्रविधि विकास कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

(झ) जलवायुमैत्री परम्परागत एवम् प्रकृतिमा आधारित प्रविधिहरूको विकास र प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

(ञ) अनुकूलन योजना तर्जुमा गर्न सघाउ पुऱ्याउन आवधिक रूपमा सङ्कटासन्नता तथा जोखिम मूल्याङ्कन गरिनेछ।

(ट) जलवायु परिवर्तन सम्बन्धी अध्ययन, अनुसन्धानमा युवा अनुसन्धान कर्ताहरूलाई प्रोत्साहन गरिनेछ।

(ठ) जलवायु परिवर्तनसँग सम्बन्धित अध्ययन, अनुसन्धानलाई प्रभावकारी बनाउन द्विपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय सहयोगको विकास तथा विस्तार गरिनेछ।

(ड) जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन सम्बन्धी अनुसन्धान तथा प्रविधि विकास गर्न निजी क्षेत्रको सहभागितामा जोड दिइनेछ।

## ८.१२ जलवायु वित्त व्यवस्थापन

**नीतिः**

जलवायु परिवर्तन सम्बन्धी नीतिहरूको कार्यान्वयनका लागि राष्ट्रिय स्रोतको पहिचान गर्नुका साथै यस सम्बन्धी द्विपक्षीय, बहुपक्षीय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतमा पहुँच बढाई सबै स्रोतको न्यायोचित रूपमा परिचालन गरिनेछ।

**रणनीति तथा कार्यनीतिहरू:**

(क) रेडप्लस, हरित जलवायु कोष, अन्तर्राष्ट्रिय वातावरणीय सुविधा, अनुकूलन कोष, जलवायु लगानी कोष, कार्बन व्यापार जस्ता द्विपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय आर्थिक संयन्त्रहरूबाट वित्तीय स्रोतको प्राप्ति र परिचालन गरिनेछ।

(ख) अन्तर्राष्ट्रिय संयन्त्रहरूमार्फत प्राप्त जलवायु वित्त परिचालन गर्दा प्रशासनिक खर्च कम गर्दै कम्तीमा ८० प्रतिशत रकम स्थानीयस्तरमा कार्यक्रम कार्यान्वयनमा परिचालन हुने सुनिश्चितता गरिनेछ ।

(ग) सबै तहका क्षेत्रगत योजनाहरूमा जलवायु परिवर्तन वजेट विनियोजन सुनिश्चित गर्ने र जलवायु परिवर्तन बजेट कोडलाई परिमार्जन गरी संस्थागत गरिनेछ ।

(घ) महिला, अल्पसङ्ख्यक, पिछडिएका वर्ग, जलवायु परिवर्तनबाट प्रभावित क्षेत्र र सङ्कटासन्न समुदाय लक्षित बजेट विनियोजन सुनिश्चित गरिनेछ ।

(ङ) हरित सम्झौता (Green Bond), मिश्रीत वित्त (Blended Finance), नतीजामा आधारित वित्त (Result-based Financing), कार्बन अफसेट (Carbon Offset) र संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) को माध्यमबाट निजी क्षेत्रको वित्त परिचालनलाई प्रोत्साहन गरिनेछ ।

## ९. संस्थागत संरचना

(क) यस नीतिको लक्ष्य तथा उद्देश्य हासिल गर्न बूँदा ८.१ देखि ८.८ सम्मका नीति, रणनीति तथा कार्यनीतिहरू सङ्घ र प्रदेशका तत् सम्बन्धी विषयगत मन्त्रालय एवम् स्थानीय तहबाट, बूँदा ८.९ देखि ८.१२ सम्मका अन्तर विषयगत नीति,रणनीति तथा कार्यनीतिहरू समेतलाई समावेश गर्दै आ-आफ्नो योजना र कार्यक्रमहरूमा एकीकृत गरी कार्यान्वयन गरिनेछ ।

(ख) राष्ट्रियस्तरमा जलवायु परिवर्तनको विषयमा नीतिगत समन्वय गर्न एक परिषद्को गठन गरिनेछ र कार्यगत समन्वय वन तथा वातावरण मन्त्रालयले गर्नेछ ।

(ग) जलवायु परिवर्तनको विषयमा समन्वय गर्न वन तथा वातावरण मन्त्रालयको संयोजकत्वमा एक अन्तर मन्त्रालयगत समन्वय समिति गठन गरिनेछ ।

(घ) प्रदेशस्तरमा जलवायु परिवर्तन हेर्ने विषयगत मन्त्रालयद्वारा प्रदेशको जलवायु परिवर्तन सम्बन्धी कार्यहरूको संयोजन गरिनेछ ।

(ङ) सङ्घ र प्रदेशका सम्बन्धित विषयगत मन्त्रालयहरूमा र स्थानीय तहहरूमा जलवायु परिवर्तन शाखा, एकाइ वा सम्पर्क विन्दु (Focal Point) को व्यवस्था गरिनेछ ।

(च) जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन सम्बन्धी अनुसन्धान, प्रविधि विकास र प्रसारमा सहजीकरण गर्न एक जलवायु परिवर्तन अनुसन्धान केन्द्रको स्थापना गरिनेछ ।

## १०. नीति कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका

यस नीतिको परिधिभित्र रही प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमहरू प्रदेश र स्थानीय तहले आ-आफ्नो नीति तथा कानुनमा समावेश गरी कार्यान्वयन गर्न सक्नेछन् । यो नीतिको कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका निम्न बमोजिम हुनेछ ।

**सङ्घः**

(क) यो नीति अनुरूप कानुन र मापदण्डहरू तयार गरी लागु गर्ने, गराउने ।

(ख) राष्ट्रिय अनुकूलन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।

(ग) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुरूपका जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(घ) जलवायु परिवर्तन सम्बन्धी द्विपक्षीय, बहुपक्षीय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरूमा पहुँच बढाउने तथा राष्ट्रिय स्रोतको समेत पहिचान गरी परिचालन गर्ने, गराउने ।

(ङ) कार्बन रजिष्ट्री तयार गर्ने तथा कार्बन व्यापारमा समन्वय र सहजीकरण गर्ने ।

(च) जलवायु परिवर्तनसँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा समन्वय र सहकार्य गर्ने ।

(छ) राष्ट्रिय तथ्याङ्कहरू अद्यावधिक गर्ने साथै प्रतिवेदनहरू तयार गरी सम्बन्धित अन्तर्राष्ट्रिय संस्थामा पेस गर्ने ।

(ज) जलवायु परिवर्तनसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रक्रियामा सहभागिता र समन्वय गर्ने ।

**प्रदेशः**

(क) यो नीति अनुरूप प्रदेशस्तरीय नीति, निर्देशीका, मापदण्ड र योजनाहरू तयार गरी लागु गर्ने, गराउने ।

(ख) प्रदेशभित्र सञ्चालित जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ग) जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम तथा परियोजना तर्जुमा र कार्यान्वयन गर्न सङ्घ तथा स्थानीय तहसँग समन्वय गर्ने ।

**स्थानीय तहः**

(क) यो नीति अनुरूप स्थानीय तह स्तरीय नीति, निर्देशीका, मापदण्ड र योजनाहरू तयार गरी लागु गर्ने, गराउने ।

(ख) सङ्घीय तथा प्रदेश सरकार अन्तर्गतका सम्बन्धित निकायहरू, गैरसरकारी संस्था, समुदाय, निजी क्षेत्र, शैक्षिक संस्था लगायतका सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

(ग) आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम र परियोजनाहरूको अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण गर्ने ।

(घ) जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(ङ) जलवायुजन्य विपद् व्यवस्थापन गर्नका लागि युवा स्वयंसेवक समिति गठन गरी परिचालन गर्ने ।

## ११. आर्थिक पक्ष

यो नीति कार्यान्वयन गर्न यसै नीतिको बुँदा ८.१२ मा उल्लेख गरिए बमोजिमका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक स्रोतहरूको परिचालन गरिनेछ ।

## १२. कानुनी व्यवस्था

(क) यो नीति कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यक कानुन, रणनीति, कार्यनीति, निर्देशीका, कार्यविधि, दिग्दर्शन र योजना तर्जुमा गरी लागु गरिनेछ ।

(ख) यो नीतिले निर्देशित गरेअनुसार विद्यमान स्थानीय अनुकूलन कार्ययोजना खाका, राष्ट्रिय अनुकूलन कार्यक्रम, राष्ट्रिय रेड रणनीति, जलवायु परिवर्तन वित्तीय खाका तथा बजेट सङ्केत (Budget Code), हरित विकास रणनीति (Green Growth Strategy), लैङ्गिक जलवायु परिवर्तन कार्ययोजना (Gender Mainstreaming in Climate Change Action Plan) र जलवायु परिवर्तन सम्बन्धी अन्य दस्तावेज परिमार्जन गर्नुका साथै जलवायु परिवर्तन सम्बन्धी दीर्घकालीन रणनीति (Long Term Strategy) तर्जुमा गरी लागु गरिनेछ ।

(ग) न्यून कार्बन आर्थिक विकास रणनीति तथा कार्बन व्यापार सम्बन्धी राष्ट्रिय रणनीति तर्जुमा गरी लागु गरिनेछ ।

(घ) पेरिस सम्झौता मार्ग चित्र, राष्ट्रिय निर्धारित योगदान, राष्ट्रिय अनुकूलन कार्य योजना र पारदर्शिता खाकालगायतका दस्तावेजहरू तयार गरिनेछ ।

## १३. अनुगमन तथा मूल्याङ्कन

(क) यो नीतिको कार्यान्वयन सम्बन्धमा वन तथा वातावरण मन्त्रालयद्वारा राष्ट्रिय योजना आयोग र विभिन्न विषयगत निकायहरूको संलग्नतामा नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

(ख) सरोकारवालाहरूको उत्तरदायित्व सुनिश्चित गर्न, सहभागिता बढाउन र सूचनामा सहज पहुँच स्थापित गर्न पारदर्शिता तथा उत्तरदायित्व ढाँचा तयार गरिनेछ ।

(ग) वैदेशिक सहायतामा सञ्चालन हुने जलवायु परिवर्तन सम्बन्धी आयोजना कार्यान्वयन गर्नु पूर्व सम्बन्धित सङ्घ, संस्थाले वन तथा वातावरण मन्त्रालयको समेत सहमति लिनुपर्ने व्यवस्था लागु गरिनेछ ।

(घ) सरकारी निकाय तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रमहरूको विवरण वार्षिक रूपमा सङ्घको वन तथा वातावरण मन्त्रालयले सङ्कलन गरी एकीकृत प्रतिवेदन प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।

(ङ) यो नीतिको पुनरावलोकन प्रत्येक पाँच वर्षमा गरिनेछ ।

**१४. जोखिम**

यो नीति कार्यान्वयन गर्न आर्थिक स्रोतको परिचालन, नवीन प्रविधिको उपयोग तथा सरोकारवालाहरूबीच समन्वय गर्ने जोखिम रहन सक्छ ।

**१५. खारेजी**

जलवायु परिवर्तन नीति, २०६७ खारेज गरिएको छ ।

# राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८

## १. पृष्ठभूमि

नेपालको आर्थिक विकासमा पशुपन्छी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ। कृषकहरूको सदियौंदेखिको परम्परागत ज्ञान र अनुभवको सदुपयोग गर्दै पशुपन्छीपालनका आधुनिक प्रविधिहरूको समुचित उपयोगबाट स्वच्छ तथा गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उत्पादन गरी नेपाललाई आत्मनिर्भर बनाउने र खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याइ दिगो आर्थिक विकासका लक्ष्य हासिल गर्न टेवा पुग्ने देखिन्छ।

नेपालको संविधानमा कृषि तथा पशुपन्छी क्षेत्रको विकास कार्यलाई सङ्घ, प्रदेश तथा स्थानीय तहले सञ्चालन गर्ने गरी एकल र साझा अधिकारको सूचीमा समावेश गरिएको छ। संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत कृषिको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने व्यवस्था रहेको छ।

पशुपन्छीहरूमा देखा पर्ने विभिन्न रोगका कारण तिनको उत्पादकत्वका साथै पशुपन्छीजन्य उत्पादनको स्वच्छता तथा गुणस्तरमा नकारात्मक असर पर्ने हुन्छ। यस्ता असरलाई न्यूनीकरण गर्न प्रभावकारी पशु स्वास्थ्य प्रणालीको विस्तार गर्नु आवश्यक छ। विश्व पशु स्वास्थ्य सङ्गठनले जारी गरेका मापदण्डहरूका आधारमा विश्व व्यापार सङ्गठनबाट पशु तथा पशुजन्य पदार्थको व्यापारमा नियमन हुने गरेको छ। अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप पशुजन्य रोगको फैलावटको जोखिमलाई न्यून गरेमा नेपालका उत्पादनहरूको विश्वबजारमा निर्यातको सम्भावना बढ्ने देखिन्छ। तसर्थ पशुपन्छीका रोग नियन्त्रण तथा अन्य स्वास्थ्य चुनौतीहरूको सम्बोधन गर्दै पशु स्वास्थ्य क्षेत्रका समग्र पक्षलाई नीतिगत मार्गदर्शन गर्न तर्जुमा गरिएको राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ लाई सङ्घ, प्रदेश र स्थानीय तहहरूले आ-आफ्नो कार्य अधिकार क्षेत्रभित्र रही कार्यान्वयन गर्नेछन्।

## २. विगतका प्रयास

नेपालमा गौगोटी रोग देखा परेसँगै वि.सं. १९९६ मा पहिलो पटक काठमाडौंमा भेटेरिनरी डिस्पेन्सरीको स्थापना भएको थियो। फैलिंदै गएको गौगोटी रोगको संक्रमणलाई निवारण गर्ने उद्देश्य अनुरुप मुलुकभर पशु स्वास्थ्य सेवा सम्बन्धी कार्यालयहरू स्थापना गरी सेवाको पहुँच विस्तार गरिएको थियो। यस क्रममा पशु स्वास्थ्य सेवाको बढ्दो माग पूरा गर्न प्रत्येक जिल्लामा जिल्ला पशुसेवा कार्यालय, पाँच विकास क्षेत्रमा क्षेत्रीय प्रयोगशालाहरू, क्वारेण्टाइन कार्यालय तथा चेकपोष्टहरू, तालिम केन्द्र तथा ग्रामीणस्तरमा ९९९ पशुसेवा केन्द्र र पशुपन्छी सम्बन्धी अनुसन्धान कार्य गर्न नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना भएको थियो। पशु स्वास्थ्य सेवाको विस्तार र दक्ष जनशक्ति व्यवस्थापन गरी पशुमा लाग्ने गौगोटी र खुर कुहिने रोग (फुट रट) जस्ता महामारीको उन्मुलन गर्न नेपाल सफल भएको थियो।

नेपाल विश्व पशु स्वास्थ्य सङ्गठनको सदस्य मुलुक भएको हुँदा अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरिएका प्रतिबद्धता एवम् सहमतिलाई कार्यान्वयन गर्दै कानुनबाट निर्देशित पशु स्वास्थ्य प्रणाली सञ्चालन गर्न पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तर्जुमा भई लागू भएको छ। विश्व पशु स्वास्थ्य सङ्गठनले नेपालको पशु स्वास्थ्य सेवाको कार्यदक्षता विश्लेषण गरी तयार गरेको प्रतिवेदनमा नीतिगत, कानुनी र संरचनात्मक सुधार गर्नुपर्ने आवश्यकतासमेत दर्शाइएको छ।

## ३. वर्तमान स्थिति

सङ्घीयता कार्यान्वयनसँगै गरिएको साङ्गठनिक पुनर्संरचनामा स्थानीय तहहरूमा पशु सेवा शाखा, प्रदेशमा पशुपन्छी विषय हेर्ने मन्त्रालय मातहत पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, तालिम केन्द्र र भेटेरीनरी

अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र वा पशुसेवा सम्बन्धी कार्यालय, सङ्घमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा पशुसेवा विभाग मातहतबाट पशु स्वास्थ्य सेवा प्रदान गरिएको छ। तथापि सबै तहमा गुणस्तरीय पशु स्वास्थ्य सेवाको पहुँच विस्तार सोचे अनुरुप हुन सकेको छैन। वृहत कार्यक्षेत्र रहेको पशु स्वास्थ्य सेवालाई स्थानीय तहहरूमा पशु उपचार, खोप, पशु वन्ध्याकरण र प्राथमिक प्रयोगशाला सेवामा मात्र सीमित गरिएकोले यसको महत्त्वबोध र कार्यक्षेत्र विस्तार हुन सकेको छैन।

पशुपन्छीका महामारी रोग मध्ये पि.पि.आर., भ्यागुते, चरचरे, क्लासिकल स्वाइन फिवर, रानीखेत, गम्बारो, रेबिज, एन्थ्राक्स (पट्के) को लागि स्वदेशमा खोप उत्पादन गरी रोग नियन्त्रण कार्य सञ्चालन भइरहेको छ। स्वदेशमा खोप उत्पादन नहुने रोगहरूका लागि आयातित खोपको प्रयोग गरी रोग नियन्त्रण कार्य सञ्चालन भइरहेको छ। बर्ड फ्लु रोगको यकिन निदान भएमा संक्रमित पन्छी र वस्तु तत्काल नष्ट गरी रोग नियन्त्रण कार्य सञ्चालन गर्ने गरिएको छ।

नेपाल सरकारले भेटेरिनरी सेवालाई आवश्यक सेवाको सूचीमा समावेश गरेको छ। हालको सङ्घीय संरचना, अधिकार क्षेत्र तथा दायित्व अनुरुप विगतको तुलनामा थप गुणस्तरीय र विस्तारित पशु स्वास्थ्य सेवा प्रदान गर्न तीनवटै तहका सरकारहरूबाट समन्वय र सहकार्य गर्नु अपरिहार्य छ।

## ४. समस्या, चुनौती र अवसर

### ४.१ समस्या तथा चुनौती

सङ्घीय संरचना अनुरुप पशु स्वास्थ्य सेवा प्रदान गर्नका लागि व्यवस्था गरिएका संस्थाहरूबाट कृषकबाट माग भएअनुसार विशेषज्ञ पशु स्वास्थ्य सेवा प्रदान एवम् विस्तार गर्न सकिएको छैन।

आर्थिक तथा जन स्वास्थ्यमा प्रभाव पार्ने पशुपन्छीका महामारी रोगहरू नियन्त्रणका लागि आवश्यक स्रोत, साधन र दक्ष जनशक्तिको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। पशुपन्छी तथा मत्स्य रोग निदानको लागि आवश्यक विभिन्न स्तरका आधारभूत तथा रिफरल प्रयोगशालाको व्यवस्था नहुँदा प्रयोगशाला नतिजामा आधारित रोग निदान तथा उपचार सेवा प्रभावकारी हुन सकेको छैन।

प्रति जैविकी प्रतिरोध (एन्टिमाइक्रोवियल रेसिस्टेन्स्), जुनोटिक रोगलगायत जनस्वास्थ्यका चुनौती सामना गर्न जनस्वास्थ्य तथा पशु स्वास्थ्य क्षेत्रका निकायहरूबीच विभिन्न तहमा कार्यगत एकता सहितको सञ्जालको कार्यान्वयन चुनौतीपूर्ण छ।

मत्स्यपालन क्षेत्रको दिगो विकासका लागि पूर्वाधार तथा जनशक्तिको समुचित व्यवस्थापन गरी मत्स्य स्वास्थ्य सेवालाई समेत विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ। राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा स्थापित पशुकल्याण सम्बन्धी सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयन गर्न पशु पहिचान प्रणालीको विकास सहित संस्थागत, नीतिगत र कानुनी व्यवस्थाको अभाव रहेको छ।

### ४.२ अवसर

स्थानीय तहमा स्थापना गरिएको पशु स्वास्थ्य सेवा प्रवाहलाई प्रशासनिक संरचना सरह वडा स्तरसम्म विस्तार गर्ने सम्भावना बढेको छ। विश्व पशु स्वास्थ्य सङ्गठन र विश्व स्वास्थ्य सङ्गठनमा मुलुकले व्यक्त गरेका प्रतिबद्धता अनुरुप यस क्षेत्रमा थप विशिष्टता र विशेषज्ञता विकास गर्ने अवसर हुनेछ। अन्तर्राष्ट्रिय व्यापारमा पहुँच विस्तारको सम्भावनालाई उपयोग गर्न पशु स्वास्थ्य सेवाको विकास एवम् विस्तार गरिनेछ।

नेपालको संविधानको धारा ३६ को उपधारा (१) मा उल्लेखित "खाद्य सम्बन्धी हक" र धारा ४४ को उपधारा (१) मा उल्लेखित "प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने मौलिक हकको कार्यान्वयन गरी उपभोक्ताहरूलाई उत्पादन देखि वितरणसम्म गुणस्तरीय पशुपन्छीजन्य खाद्य वस्तुको उपलब्धता सुनिश्चित गर्ने अवसर प्राप्त हुनेछ।

## ५. नयाँ नीतिको आवश्यकता

देश भित्र, छिमेकी मुलुक तथा नेपालसँग पशुजन्य वस्तुको व्यापार हुने मुलुकमा देखा पर्ने पशुपन्छी तथा माछाका विभिन्न महामारीहरू लगायत यिनका कारण जनस्वास्थ्यमा पर्न सक्ने असर समेतलाई सम्बोधन गर्ने पूर्व तयारी योजनालाई दिशानिर्देश गर्न, विश्व पशु स्वास्थ्य सङ्गठनले जारी गरेका विभिन्न मापदण्ड र विश्व स्वास्थ्य सङ्गठनले जारी गरेको अन्तर्राष्ट्रिय स्वास्थ्य विनियमावली, २००५ बमोजिम क्षमता विकास गर्न नीतिगत व्यवस्था गर्न आवश्यक रहेको छ।

सघन पशुपन्छीपालन र घरपालुवा जनावर, वन्यजन्तु तथा मानवबीचको बढ्दो अन्तर्सम्बन्धका कारण नयाँ रोगहरूको उत्पति हुने तथा निवारण गरिएका रोगहरू पुनः देखा पर्न सक्ने जोखिम बढेको छ। यस्ता जोखिम न्यूनीकरणका साथै पशुपन्छीजन्य वस्तुको निर्यातमा पशु कल्याणका पक्ष सुनिश्चित गर्नसमेत नीतिगत व्यवस्था गर्न आवश्यक छ।

विद्यमान पशु स्वास्थ्य सेवालाई निरन्तरता दिँदै थप विशिष्टीकरण सहितको कानुनी, भौतिक र प्राविधिक संरचनाको विकास तथा विस्तारका लागि नीतिगत मार्गदर्शन आवश्यक छ। पशुपालनका असल अभ्यासको पालना, पशु स्वास्थ्य सेवा प्रवाहको प्रभावकारी अनुगमन, पशु तथा पशुजन्य पदार्थको उत्पादन, ढुवानी र वितरण प्रणालीमा गुणस्तरको प्रत्याभूति सहित पशु कल्याणका आधारभूत सिद्धान्तहरूलाई सुनिश्चित गर्न पशु स्वास्थ्य क्षेत्रमा नीतिगत व्यवस्था गर्न अपरिहार्य छ।

## ६. सोच, लक्ष्य तथा उद्देश्य

### ६.१ सोच

स्वस्थ पशुपन्छीपालन तथा गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उत्पादन तथा वितरण सहितको सक्षम र निर्यातमुखी पशु स्वास्थ्य क्षेत्र।

### ६.२ लक्ष्य

राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विश्वसनीय एवम् गुणस्तरीय पशु स्वास्थ्य सेवाको पहुँच विस्तार गरी स्वस्थ्य पशुपन्छी तथा स्वच्छ पशुजन्य पदार्थको आपूर्ति गर्न आधुनिक र प्रविधियुक्त पशु स्वास्थ्य प्रणालीको विकास।

### ६.३ उद्देश्यहरू

६.३.१ सङ्घीय संरचना अनुरुप सबै तहमा सार्वजनिक तथा निजी पशु स्वास्थ्य सेवाको सुदृढीकरण गर्दै गुणस्तरीय सेवाको विस्तार गर्ने।

६.३.२ आर्थिक तथा जनस्वास्थमा नकारात्मक प्रभाव पार्ने पशुपन्छी तथा माछाका रोग एवम् समस्याहरूको निदान, नियन्त्रण, निवारण र उन्मूलन गर्ने।

६.३.३ कानुन, मापदण्ड, संरचना लगायतको व्यवस्था र पशु कल्याणका आधारभूत सिद्धान्तहरूलाई सुनिश्चित गर्दै स्वस्थ पशु तथा स्वच्छ पशुजन्य पदार्थको उत्पादन र सोको वितरणबाट जनस्वास्थ्य प्रवर्द्धन गर्ने।

६.३.४ समग्र पशुपन्छी क्षेत्रलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम विश्वसनीय एवम् गुणस्तरयुक्त बनाउन नियमनकारी भूमिकालाई प्रभावकारी बनाउने।

## ७. नीतिहरू

उल्लिखित लक्ष्य र उद्देश्यहरू हासिल गर्न देहायका नीतिहरू अवलम्बन गरिनेछन्:

**७.१ सङ्घीय संरचना अनुरुप सबै तहमा सार्वजनिक तथा निजी पशु स्वास्थ्य सेवाको सुदृढीकरण गर्दै गुणस्तरीय सेवाको विस्तार गर्ने उद्देश्य अन्तर्गतका रणनीति र कार्यनीतिहरूः-**

७.१.१ आधारभूत पशु स्वास्थ्य सेवालाई परिभाषित गरी सबै तहमा रहेका सरकारी पशु स्वास्थ्य सेवाप्रदायकहरूबीच समन्वय गरी निःशुल्क वा सीमित शुल्क लिई सेवा उपलब्ध गराइनेछ।

७.१.२ निजीस्तरबाट प्रदान गरिने पशु स्वास्थ्य सेवाको गुणस्तर, सेवा प्रवाहका पद्धति र शुल्क निर्धारणका लागि मापदण्ड लगायतको व्यवस्था गरी सेवा प्रवाहलाई सुलभ बनाइनेछ। निजीस्तरमा भेटेरिनरी क्लिनिक वा अस्पताल राख्न निजी पशु चिकित्सक वा व्यवसायीलाई प्रोत्साहित गरिनेछ। सरकारी, गैरसरकारी र निजी क्षेत्रमा कार्यरत पशु चिकित्सक तथा प्राविधिकहरूलाई क्षमता विकासको अवसर प्रदान गर्दै सेवा प्रवाहमा दक्षता वृद्धि गरिनेछ।

७.१.३ हरेक प्रदेशमा कम्तीमा एउटा विविध विशेषज्ञ सेवासहितको प्रदेशस्तरीय भेटेरिनरी अस्पताल स्थापना गरी सङ्घमा रहेको केन्द्रीय भेटेरिनरी रिफरल अस्पतालको सञ्जालसँग जोडिने छ। साथै स्थानीय तहमा आवश्यकता अनुसार भेटेरिनरी अस्पताल स्थापना गर्दै लगिनेछ।

७.१.४ कृषकहरूबाट माग भए अनुसार विशेषज्ञ भेटेरिनरी सेवाको पहुँच नपुगेको स्थानमा सूचना प्रविधिमा आधारित टेलिभेटेरिनरी मेडिसिन प्रविधि तथा घुम्ती पशु स्वास्थ शिविर जस्ता विधिहरूको प्रयोग गरी विशेषज्ञ भेटेरिनरी सेवाको पहुँच विस्तार गरिनेछ।

७.१.५ पशु रोग निदान प्रयोगशाला सेवाको गुणस्तर निर्धारण गर्न आवश्यक मापदण्ड तयार गरी लागू गरिनेछ।

७.१.६ पशु चिकित्सा र प्रयोगशाला सेवाको गुणस्तर सुनिश्चित एवम् नियन्त्रणको लागि आवश्यक पूर्वाधार सहित जनशक्ति व्यवस्थापन गरिनेछ।

७.१.७ पशु स्वास्थ्य सम्बन्धी परम्परागत ज्ञान, सीप तथा प्रविधिहरूको पहिचान, अभिलेखीकरण, परीक्षण र उपयोगलाई प्रभावकारिताका आधारमा प्रवर्द्धन गरिनेछ।

८.१.८ पशु स्वास्थ्य सेवा प्रदान गर्ने निकायहरूबाट प्रवाह हुने आकस्मिक भेटेरिनरी सेवाको सूची निर्धारण गरिनेछ।

७.१.९ कृषकहरूको अपेक्षा अनुरूप आकस्मिक सेवा प्रदान गर्नको लागि भेटेरिनरी एम्बुलेन्स, अस्पतालमा पशु भर्ना गर्ने व्यवस्था गरिनेछ। साथै सेवा प्रवाहलाई सहज बनाउन प्रविधिमा आधारित मोबाइल एप्स लगायतको प्रयोग गरिनेछ।

७.१.१० प्रत्येक स्थानीय तहमा कम्तीमा एक जना दर्तावाल पशु चिकित्सक र प्रत्येक वडामा सहायकस्तरको प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ।

७.१.११ पशुधन सुरक्षणका लागि बीमाको प्रवर्द्धन गरिनेछ।

७.१.१२ वन्यजन्तु क्षेत्रमा पशु स्वास्थ्य सेवा प्रदान गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूमा दक्ष जनशक्ति र प्रयोगशाला सहितको अस्पतालको विकास र विस्तार गरिनेछ।

७.१.१३ पशु स्वास्थ्य सेवा प्रदान गर्ने चिकित्सकहरूलाई सेवाको विशेषताको आधारमा उपसमूहहरूमा वर्गीकरण गरी विशिष्ट विशेषज्ञ सेवा प्रदान गर्न सक्षम हुने गरी क्षमता विकास गरिनेछ।

**७.२ आर्थिक तथा जनस्वास्थमा नकारात्मक प्रभाव पार्ने पशुपन्छी तथा माछाका रोग एवम् समस्याहरूको निदान, नियन्त्रण, निवारण र उन्मूलन गर्ने उद्देश्य अन्तर्गतका रणनीति र कार्यनीतिहरूः-**

७.२.१ पशुपन्छी तथा माछाका महामारी, आर्थिक तथा जनस्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने प्रमुख रोगहरूको आवश्यकता अनुरुप प्राथमिकीकरण गरिनेछ।

७.२.२ प्राथमिकीकरणको सूचीमा परेका पशुपन्छीका महामारी, आर्थिक तथा जनस्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने रोगहरूको सर्भिलेन्स, प्रयोगशाला निदान, नियन्त्रण, निवारण र उन्मूलनको कार्ययोजना तर्जुमा गरी लागू गरिनेछ।

७.२.३ मुलुकले अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिबद्धता बमोजिम पशुपन्छी, माछा तथा माहुरीका रोगको सूचनालाई विश्वसनीय एवम् व्यवस्थित गर्न सूचना सङ्कलन, विश्लेषण र रिपोर्टिङ्गलाई अनलाइन प्रविधिको प्रयोग गरी राष्ट्रिय पशुपन्छी रोग सूचना प्रणाली विकास तथा सञ्चालन गरिनेछ। यो प्रणालीमार्फत अन्तर्राष्ट्रियस्तरमा सम्बन्धित साझेदार मुलुक तथा निकायसँग आवश्यकता अनुसार सूचना आदानप्रदान गरिनेछ।

७.२.४ राष्ट्रिय पशुपन्छी रोग सूचना प्रणालीमा भौगोलिक सूचना प्रविधिको प्रयोग गरी स्थानीय तहको वडास्तरलाई प्राथमिक सूचनाको स्रोतको रूपमा स्थापित गरिनेछ। कृषक, निजी क्षेत्रका भेटेरिनरी सेवाप्रदायक तथा वन्यजन्तुका निकायलाई समेत पशुपन्छीका रोगको तत्काल सूचना प्रवाह गर्न एप्लिकेसनमा आधारित उपयुक्त सूचना प्रणालीको विकास गरिनेछ।

७.२.५ पशुपन्छी, माछा तथा माहुरीका रोगहरूलाई सूचना सम्प्रेषण प्रयोजनका लागि तत्काल वा आवधिक सूचना दिनुपर्ने रोगमा वर्गीकरण गरिनेछ। साथै तत्काल सूचना दिनुपर्ने रोगहरूको लागि सर्भिलेन्स मापदण्ड तयार गरी लागू गरिनेछ।

७.२.६ तत्काल सूचना दिनुपर्ने रोगहरूको प्रकोपको पूर्वानुमान गरी नियन्त्रणका लागि पूर्वतयारी गरिनेछ।

७.२.७ पशुपन्छी, माछा तथा माहुरीका रोगहरूको तथ्याङ्क अध्यावधिक गर्न राष्ट्रिय पशुपन्छी रोग सूचना प्रणाली अन्तर्गत आवश्यक जनशक्ति, स्रोतसाधन सहितको एक एकाइ स्थापना गरी सञ्चालन गरिनेछ।

७.२.८ पशुपन्छी तथा माछाका महामारी, आर्थिक तथा जनस्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने रोगहरूबाट ती क्षेत्रमा पारेका प्रभावको अध्ययन र विश्लेषण गरिनेछ। सो विश्लेषणको आधारमा उपयुक्त न्यूनीकरण विधि पहिचान गरी कार्यान्वयन गरिनेछ।

७.२.९ प्रयोगशालाहरूको मापदण्ड तोकी स्तरोन्नति गर्दै प्राथमिक, आधारभूत र रिफरल प्रयोगशालाहरूको रूपमा विकास तथा विस्तार गरिनेछ। विभिन्न स्तरका प्रयोशालाहरूलाई क्रमशः राष्ट्रिय र अन्तर्राष्ट्रिय, आन्तरिक तथा वाह्य गुणस्तर नियन्त्रण प्रणालीमा आवद्ध गरी नतिजाको गुणस्तरलाई आश्वस्त पारिनेछ।

७.२.१० सरकारी र निजी खोप उत्पादन प्रयोगशालाहरूमार्फत पशुपन्छीका प्रमुख रोगहरूको प्रभावकारी नियन्त्रणका लागि आवश्यक खोप उत्पादन गरी मुलुकलाई पशुपन्छीका खोपमा आत्मनिर्भर बनाइनेछ।

७.२.११ खोप उत्पादन प्रयोगशाला, रोग निदान प्रयोगशाला तथा गुणस्तर नियमनसँग सम्बन्धित प्रयोगशालाहरूको अन्तर्राष्ट्रिय नियमक निकायबाट प्रत्यायन (प्रत्यान) गरिनेछ।

७.२.१२ पशुपन्छीका लागि आवश्यक खोप स्वदेशमै उत्पादन गर्न निजी क्षेत्रसँगको सहकार्यलाई प्रोत्साहन गरिनेछ। साथै नेपालमा उत्पादन भएका खोपको निर्यातका लागि प्रवर्द्धनात्मक कार्य गरिनेछ।

७.२.१३ पशुपन्छीमा प्रयोग हुने खोपहरूको भण्डारण, वितरण र प्रयोगसम्म गुणस्तरको सुनिश्चितता कायम गर्न चिस्यान व्यवस्थालाई थप सुदृढीकरण गर्दै क्रमशः पालिका तहसम्म आवश्यक पूर्वाधार विकास तथा विस्तार गरिनेछ।

७.२.१४ सबै प्रदेशमा खोपको भण्डारणका लागि खोप बैङ्क स्थापना गरी परिचालन गरिनेछ।

७.२.१५ रोग निदान सेवालाई थप प्रभावकारी बनाउन प्रत्येक प्रदेशमा स्तरीय प्रयोगशालाहरूको स्थापना वा सञ्चालनमा रहेका प्रयोगशालाहरूको सुदृढीकरण गरिनेछ। यस्ता प्रयोगशालाहरूमा जीनसिक्वेन्सिङ, मलिकुलर क्यारेक्टराइजेसन लगायतका आधुनिक प्रविधिहरूको विस्तार गरिनेछ।

७.२.१६ पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरूको आयातबाट भित्रन सक्ने रोगको जोखिम न्यूनीकरण गर्न जोखिम विश्लेषण लगायतका अन्य विधिहरूको प्रयोग गरी पशु क्वारेण्टाइन सेवाको सुदृढीकरण गरिनेछ।

७.२.१७ अन्तर्राष्ट्रिय बजारमा पशुजन्य वस्तुको पहुँच विस्तारमा प्रमुख चुनौतीको रूपमा रहेका पशुपन्छीका सीमाविहिन रोग नियन्त्रणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। यस्ता कार्यक्रमका आधारमा मुलुकलाई रोग मुक्त क्षेत्र घोषणा गरी निर्यात प्रवर्द्धन गरिनेछ।

७.२.१८ देशको सबै भागबाट रोग पूर्ण नियन्त्रण गरी राष्ट्रलाई रोग मुक्त घोषणा गर्न नसकिने अवस्थामा विश्व पशु स्वास्थ्य सङ्गठनले तोके बमोजिम रोग मुक्त जोन वा कम्पार्टमेण्ट क्षेत्र घोषणा गरी अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गरिनेछ।

७.२.१९ प्रयोगशाला प्रयोजनका लागि पशुपन्छीको प्रयोग र पशुपन्छीसँग सम्बन्धी अनुसन्धान गर्न नैतिक सिद्धान्तमा आधारित (इथिकल) अनुमति प्रदान गर्न कानुनी संरचनाको व्यवस्था गरिनेछ।

७.२.२० स्थानीय रूपमा पहिचान भएका पशुपन्छी तथा माछाका रोगका जीवाणु प्रजातिबाट खोपको विकास तथा अनुसन्धान गरिनेछ।

७.२.२१ नेपालमा आयात हुने खोपले स्थानीय रूपमा पहिचान भएका जीवाणुका प्रजाति विरुद्ध प्रभावकारी भए नभएको मूल्याङ्कन गर्ने क्षमताको विकास गरी आयात अनुमति प्रदान गरिनेछ।

७.२.२२ नेपालमा उपलब्ध पशुपन्छीका खोप तथा औषधिको तोकिए बमोजिम गुणस्तर भए नभएको परीक्षण गर्न प्रयोगशालाको क्षमता विकास गरिनेछ।

७.२.२३ ब्रुसोलोसिस्, लेप्टोस्पाइरोसिस्, जुनोटिक क्षयरोग जस्ता रोगहरूले ग्रसित पशुहरूबाट अन्य पशु तथा मानिसमा रोग फैलन नदिन रोगको पहिचान, बथानबाट छुट्याएर अलग्गै राख्ने, उपचार लगायत मानवीय तथा सुरक्षित ढङ्गले व्यवस्थापन गर्ने विधिको प्रयोग गरिनेछ।

७.२.२४ पशु हाटबजार लाग्ने स्थानहरूमा अनिवार्यरूपमा रोगका विशेष लक्षण तथा चिन्हका आधारमा रोगको निगरानीको व्यवस्था गरिनेछ।

**७.३ कानुन, मापदण्ड, संरचना लगायतको व्यवस्था र पशु कल्याणका आधारभूत सिद्धान्तहरूलाई सुनिश्चित गर्दै स्वस्थ पशु तथा स्वच्छ पशुजन्य पदार्थको उत्पादन र सोको वितरणबाट जनस्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्य अन्तर्गतका रणनीति र कार्यनीतिहरूः-**

७.३.१ पशु कल्याणका आधारभूत सिद्धान्त सुनिश्चित गर्दै पशुपन्छी प्रति हुने निर्दयी व्यवहारमा रोक लगाउन आवश्यक कानुनी व्यवस्था गरिनेछ।

७.३.२ पशुपन्छी तथा मत्स्यपालन, पशुजन्य उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी र वितरणमा असल अभ्यासका मापदण्ड तयार गरी लागू गरिनेछ।

७.३.३ जुनोटिक रोग तथा प्रतिजैविकी प्रतिरोध जस्ता जोखिमहरूको स्रोतमा नै नियन्त्रण गर्न लागत प्रभावी कार्यक्रमहरू सञ्चालन गरी जनस्वास्थ्य प्रवर्द्धन गरिनेछ।

७.३.४ जनस्वास्थ्यमा चुनौतीको रूपमा रहेका क्षयरोग, ब्रुसेलोसिस्, रेबिज आदिलाई उद्गम विन्दुमा नै नियन्त्रण गर्न आवश्यक रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

७.३.५ पशु तथा पशुजन्य पदार्थमा हुने भेटेरिनरी औषधिको अवशेष मापन गर्न आवश्यक मापदण्ड निर्धारण गरी नियमन गरिनेछ।

७.३.६ पशुपन्छी तथा मत्स्य उपचारमा प्रयोग हुने एन्टिमाइक्रोवियल लगायतका महत्त्वपूर्ण औषधिहरूको प्रयोग सम्बन्धी निर्देशिका तयार गरी स्थानीय तहसम्म सञ्चार गरिनेछ। ती औषधिहरूको प्रयोगको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी अनुपयुक्त प्रयोगलाई निरुत्साहित गरिनेछ।

७.३.७ पशुपन्छी पशुपन्छी तथा माछाको दानामा वृद्धि प्रवर्द्धक (ग्रोथ प्रमोटर) को एन्टिमाइक्रोवियलको प्रयोग निषेध गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।

७.३.८ पशुजन्य पदार्थहरूको गुणस्तरको मापदण्ड तोकी सरकारका तीनवटै तहहरूबाट अनुगमनको व्यवस्था मिलाइनेछ।

७.३.९ स्वच्छ मासुको उपलब्धता सुनिश्चित गर्न पशु बधशाला, पशु बधस्थल, मासु पसल तथा मासु ढुवानीका साधनहरूको मापदण्ड तोकी प्रदेश तथा स्थानीय तहमार्फत नियमन गर्ने व्यवस्था गरिनेछ।

७.३.१० भेटेरिनरी निरीक्षण कार्यलाई थप प्रभावकारी बनाउँदै प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुसार भेटेरिनरी निरीक्षक तोकी अनुगमन गर्ने प्रणालीको विकास गर्न सहजीकरण गरिनेछ।

७.३.११ कुकुर, बिरालो लगायतका घरपालुवा तथा सामुदायिक पशुपन्छीको संरक्षण गर्न र यस्ता पशुपन्छीको उद्धार, उपचार तथा पूनर्स्थापना लगायतको कार्यमा संलग्न सङ्घ संस्थाहरूको नियमन गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।

७.३.१२ पशुपन्छी तथा मत्स्यपालन व्यवसायबाट वातावरण प्रदूषण हुन नदिन असल अभ्यासका मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ।

७.३.१३ पशुपन्छी तथा माछाको उत्पादन, ढुवानी तथा बजारीकरणमा पशु कल्याण सुनिश्चितता र जैविक सुरक्षाका विधिहरू समेत निर्धारण भएको मापदण्ड तयार गरी लागू गरिनेछ।

७.३.१४ पशुपन्छीजन्य उत्पादन, उत्पादन सामग्री, प्रशोधन उद्योग लगायत पशुपन्छी तथा मत्स्य मूल्य शृङ्खलामा प्रयोग हुने ढुवानी व्यवस्थालाई खाद्य स्वच्छता अनुकूल बनाइनेछ।

**७.४ समग्र पशुपन्छी क्षेत्रलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम विश्वसनीय एवम् गुणस्तरयुक्त बनाउन नियमनकारी भूमिकालाई प्रभावकारी बनाउने उद्देश्य अन्तर्गतका रणनीति र कार्यनीतिहरूः-**

७.४.१ पशुपन्छी पहिचान तथा खोज प्रणालीको लागि कानुनी व्यवस्था गरिनेछ।

७.४.२ पशुपन्छी पहिचान तथा खोज प्रणालीको सङ्घ, प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गरी अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गरिनेछ।

७.४.३ पशुपन्छी तथा मत्स्य उत्पादनसँग सम्बन्धित सामग्रीहरू (दाना, कच्चा पदार्थ, औषधी एवम् खोप, परीक्षण सामग्री आदि) को गुणस्तर सुनिश्चित गर्न आवश्यक मापदण्डहरू तयार गरी लागू गरिनेछ।

७.४.५ भेटेरिनरी औषधी बिक्री वितरण तथा प्रयोगको शृङ्खलामा संलग्न औषधी पसल र प्राविधिकहरूलाई नियमन गर्न मापदण्ड तयार गरी लागू गरिनेछ।

७.४.६ जनस्वास्थ्य प्रवर्द्धनका लागि पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको गुणस्तर सुनिश्चित गर्न संस्थागत संरचनाको विकास गरिनेछ।

७.४.७ जीवित पशुपन्छी तथा मत्स्य र तिनका उत्पादनको बिक्री स्थलमा हुन सक्ने स्वास्थ्य सम्बन्धी जोखिम न्यूनीकरण गर्न थोक र खुद्रा बजार, बिक्री कक्ष, हाटबजार, सङ्कलन केन्द्र लगायतका वितरण विन्दुहरूलाई निश्चित मापदण्ड बमोजिम व्यवस्थित गरिनेछ।

७.४.८ राष्ट्रियस्तरमा समन्वयात्मक रूपमा नियमन गरी गुणस्तरीय पशु स्वास्थ्य सेवा प्रवाह, स्वस्थ पशु तथा स्वच्छ पशुजन्य उत्पादन बिक्री वितरणलाई सुनिश्चित गर्न स्रोत साधनयुक्त पशु स्वास्थ्य नियमन प्राधिकरण गठन गरी परिचालन गरिनेछ।

७.४.९ अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरिएका प्रतिबद्धताहरूलाई सम्बोधन गर्न नेपालले प्राप्त गर्ने लाभ, बहन गर्नुपर्ने दायित्व लगायतका विषयहरूको विस्तृत अध्ययन गरी आवश्यकता अनुसार संस्थागत संरचना, नियमन प्रणाली र कानुनी आधार तयार गरिनेछ।

७.४.१० पशु स्वास्थ्य सेवालाई समयानुकूल परिमार्जन र परिष्कृत गर्दै सार्वजनिक निजी साझेदारीको अवधारणालाई प्रोत्साहित गरिनेछ।

७.४.११ पशु स्वास्थ्य सेवामा अनुसन्धानलाई प्राथमिकतामा दिइनेछ। नेपाल कृषि अनुसन्धान परिषद् अन्तरगतको विद्यमान राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्रलाई राष्ट्रिय पशु चिकित्सा अनुसन्धान प्रतिष्ठानको रूपमा स्तरोन्नति र क्षमता अभिवृद्धि गर्दै स्वदेशी तथा विदेशी विश्वविद्यालयहरू, पशु स्वास्थ्य सम्बन्धी प्रतिष्ठान लगायतका विषयगत संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

७.४.१२ मुलुकमा आधुनिक पशु स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पर्ने सङ्गठन तथा जनशक्तिको पहिचान सहित सङ्गठन तथा जनशक्ति विकास योजना तयार गरिनेछ।

७.४.१३ पशु स्वास्थ्य सेवामा आवश्यक नयाँ प्रविधि तथा क्षमता विकासलाई प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ।

७.४.१४ पशुपन्छीका रोगहरूको रिपोर्टिङ्ग लगायतका मुलुकले अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिबद्धता निर्वाह गर्न आवश्यकता अनुसार सरकारका तीनवटै तहकाबीच समन्वय, सहकार्य र साझेदारीको लागि संयन्त्रको निर्माण गरिनेछ।

७.४.१५ विभिन्न क्षेत्र, तह र स्तरमा पशु स्वास्थ्य सेवा प्रवाहमा संलग्न प्राविधिक जनशक्तिलाई स्तर अनुसार दर्ता, नवीकरण र दक्षता विकासका लागि थप तालिमको व्यवस्था गरी नियमन गरिनेछ।

७.४.१६ मुलुकमा पशु स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक विभिन्न स्तरका जनशक्ति तयार पार्न विश्वविद्यालय, मध्यमस्तरीय जनशक्ति विकास केन्द्र र तालिम केन्द्रहरूबीचको सहकार्यमा अध्ययन तथा तालिम सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

७.४.१७ पशुपन्छी क्षेत्रमा भित्र्याउन सकिने आधुनिक प्रविधिहरू पहिचान गरी तालिम केन्द्रमार्फत स्थानीय तहसम्म प्रविधि हस्तान्तरणको व्यवस्था गरिनेछ।

७.४.१८ पशुपन्छी उपचार, रोग निदान, खोप उत्पादन लगायत अन्य प्रयोगशालामा उच्च जोखिममा रही कार्य गर्ने पशु स्वास्थ्य कर्मीहरूको स्वास्थ्य सुरक्षण गर्न स्वास्थ्य परीक्षण, उपचार, बीमा लगायतका सुविधाहरू सम्बन्धी निर्देशिका तयार गरी लागू गरिनेछ।

७.४.१९ पशु स्वास्थ्यको क्षेत्रमा अनुसन्धान, शिक्षा र सेवा प्रवाहबीच सक्रिय तथा क्रियाशील सम्बन्ध स्थापित गर्ने सञ्जालको विकास गरिनेछ।

७.४.२० पशु स्वास्थ्य सम्बन्धी प्रयोगशालाहरूमा जैविक सुरक्षा प्रत्याभूत गर्न वायोसेफ्टि निरीक्षकको व्यवस्था गरिनेछ।

## ८. संस्थागत व्यवस्था

८.१ यो नीति नेपालको संविधानको अनुसूचीहरूले दिएको कार्य क्षेत्रभित्र रही सङ्घ, प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुनेछ। सरकारका तीन वटै तहबाट आपसी समन्वय र सहकार्यमा नीति कार्यान्वयन गर्दा सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ का प्रावधानहरूलाई प्रमुख आधारको रूपमा लिइनेछ। प्रदेश र स्थानीय तहले यस नीतिको मर्म विपरीत नहुने गरी सम्बन्धित नीतिहरू तयार गरी लागू गर्न सक्नेछन्।

८.२ नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी समयानुकूल संरचनाहरूको विकास गरिनेछ।

८.३ नीतिको कार्यान्वयनलाई सहजीकरण गर्न सङ्घ तथा प्रदेशमा पशुपन्छी विकास हेर्ने मन्त्रालयले र स्थानीयस्तरमा सम्बन्धित स्थानीय तहले आवश्यक समितिहरू गठन गर्न सक्नेछन्। साथै सङ्घ तथा प्रदेशका निकायहरूबीच समन्वयका लागि सङ्घको पशुपन्छी हेर्ने मन्त्रालयले विषयगत समितिहरू गठन गर्नेछ। यस्ता विषयगत समितिहरूमा महिलाको सहभागिता सुनिश्चित गरिनेछ।

८.४ नीति कार्यान्वयन सहजीकरणको लागि केन्द्रीयस्तरमा देहायका सदस्यहरू रहने गरी एक निर्देशक समिति रहनेछः

१. अध्यक्ष, माननीय मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
२. सदस्य, माननीय सदस्य (कृषि विषय हेर्ने) राष्ट्रिय योजना आयोग
३. सदस्य, सचिव (पशुपन्छी विकास तर्फ), कृषि तथा पशुपन्छी विकास मन्त्रालय
४. सदस्य, सहसचिव, वन तथा वातावरण मन्त्रालय
५. सदस्य, सहसचिव, गृह मन्त्रालय
६. सदस्य, सहसचिव, अर्थ मन्त्रालय
७. सदस्य, सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
८. सदस्य, सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
९. सदस्य, महानिर्देशक, पशुसेवा विभाग
१०. सदस्य सचिव, सहसचिव, पशु स्वास्थ्य महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

निर्देशक समितिको बैठक साधारणतया वर्षको एक पटक बस्नेछ। आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ। समितिमा आवश्यकता अनुसार आमन्त्रित सदस्यको रूपमा विज्ञ वा सरोकारवालाहरूलाई आमन्त्रण गर्न सकिनेछ।

सङ्घ, प्रदेश र स्थानीय तहहरूले नीतिमा उल्लिखित विषयहरूको समन्वयात्मक ढङ्गले कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न "सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७" को दफा २२ बमोजिमको विषयगत समिति गठन गरी दफा २३ बमोजिम समितिको कार्य निर्देशिका तयार गरिनेछ।

## ९. आर्थिक पक्ष

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट पशु स्वास्थ्य सेवा सम्बन्धी दीर्घकालीन तथा वार्षिक कार्ययोजना एवम् कार्यक्रम बनाउने जिम्मेवारीलाई निरन्तरता दिइनेछ। यस नीति अन्तर्गतका व्यवस्थाहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट सङ्घ तथा प्रदेशमा पशुपन्छी विषय हेर्ने मन्त्रालय र स्थानीयस्तरमा सम्बन्धित स्थानीय तहहरूले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनको व्यवस्था मिलाउने छन्। वाह्य विकासका साझेदारहरू, गैरसरकारी संस्थाहरू एवम् निजी क्षेत्रले पशुपन्छी तथा मत्स्य स्वास्थ्य सम्बन्धी कार्यमा लगानी गर्दा यस नीतिका व्यवस्थाहरूको पालना गर्नुपर्नेछ।

## १०. कानुनी व्यवस्था

यस नीतिमा समाविष्ट व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि विद्यमान पशु स्वास्थ्य तथा पशुसेवा ऐन, २०५५ र सोको नियमावली, २०५६, पशु बधशाला तथा पशु जाँच ऐन, २०५५ र सोको नियमावली, २०५७ र पशु चिकित्सा परिषद् ऐन, २०५५ को कार्यान्वयनको प्रभावकारिता, कार्यान्वयनमा देखापरेका समस्या र नीतिगत व्यवस्था कार्यान्वयन गर्न कानुनी आधारको अपर्याप्ताका विषयमा अध्ययन अनुसन्धानबाट पुष्ट्याई हुने गरी आवश्यकता अनुसार संशोधन, परिमार्जन र पशु कल्याण ऐन, संक्रामक पशु रोग नियन्त्रण ऐन लगायतका अन्य आवश्यक ऐन र सोसँग सम्बन्धित नियमावली, निर्देशिका, मापदण्डहरू लगायतका कानुनी आधार तयार गरिनेछ।

## ११. अनुगमन तथा मूल्याङ्कन

नीति कार्यान्वयन र अनुगमन योजनाको खाका तयार गरी लागू गरिनेछ। नीति कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन सङ्घीयस्तरमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशुसेवा विभाग, प्रदेशस्तरमा प्रदेशका पशु स्वास्थ्यसँग सम्बन्धित निकाय र स्थानीयस्तरमा सम्बन्धित स्थानीय तहबाट गर्ने व्यवस्था मिलाइनेछ।

प्रदेशस्तरमा सञ्चालन भएका पशु स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमको सो क्षेत्रका सङ्घ, प्रदेश तथा स्थानीय तहको सहभागितामा कम्तीमा वर्षको एक पटक संयुक्त समीक्षा गरिनेछ।

नीति अनुरुपको कार्यक्रमको तर्जुमा र कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रत्येक वर्ष समग्र पक्षको समीक्षा यसै नीति अनुसार गठन हुने निर्देशक समितिले गर्नेछ। नीति कार्यान्वयनको मूल्याङ्कन प्रतिवेदन आवधिक रूपमा सार्वजनिक गरिनेछ।

## १२. जोखिम

यस नीतिमा भएका व्यवस्थाहरू पूर्ण रुपले कार्यान्वयनमा ल्याउन विभिन्न सरोकारवाला निकायको अहम भूमिका रहने भएकोले सम्बन्धित सबै निकायहरूले जिम्मेवार र प्रतिबद्ध भई आफ्नो भूमिका निर्वाह गर्ने, गराउने वातावरण सिर्जना गर्न समयमै आवश्यकता अनुसार संस्थागत संरचनामा सुधार, सम्बन्धित ऐन, नियमहरूको परिमार्जन वा तर्जुमा अपरिहार्य हुन्छ। सो जोखिम न्यूनीकरण गर्न नीति कार्यान्वयन योजना तयार गर्ने, आवश्यक बजेटको व्यवस्था र जनशक्तिको परिचालनको विषयमा निर्देशक समितिले आवश्यक कार्य गर्नेछ।

***द्रष्टव्यः "पशु" वा "पशुपन्छी" शब्दले पशु, पन्छी र माछा समेतलाई जनाउँछ।***

# राष्ट्रिय पशुपन्छी प्रजनन् नीति, २०७८

## १. पृष्ठभूमि

देशमा पालिने अधिकांश पशुपन्छीहरूको उत्पादकत्व अपेक्षाकृत कम रहेको र पशुपन्छीजन्य पदार्थको राष्ट्रिय आवश्यकता बढ्दै गएको सन्दर्भमा तिनीहरूको उत्पादन क्षमता बढाउनका लागि नस्ल सुधार गर्नु अपरिहार्य छ। साथसाथै देशको अमूल्य सम्पत्तिको रूपमा रहेको रैथाने पशुपन्छीको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्नुको विशेष महत्त्व छ। हाल पशुपन्छीपालनको व्यावसायीकरण हुँदै जाँदा बढी उत्पादन दिने वंशाणु गुण भएका जीवित पशुपन्छीहरूका साथै वीर्यको समेत आयात भई स्थानीय रैथाने जातसँग प्रजनन् गराउने चलन बढिरहेको छ। विभिन्न क्षेत्रबाट विदेशी जातका बोकाबाख्रा, बङ्गुर, माछा, कुखुरा, अष्ट्रिच, कालिज तथा अन्य जातका पशुपन्छीहरू आयात तथा उत्पादन गर्दा अपनाउनु पर्ने प्रजनन् पद्धतिमा वैज्ञानिकता र व्यवस्थित अभ्यासको कमी रहेको अवस्था छ।

देशको हावापानी, पशुपालन व्यवस्थापनको क्षेत्रमा कृषकको अवस्था र पशुजन्य उत्पादनको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार समेतलाई दृष्टिगत गरी पशुहरूका उपयुक्त जात विकास तथा तिनको उपयोग, उपयुक्त प्रजनन् पद्धतिको छनौट, प्रजनन् सम्बन्धी सेवा विस्तार र यसको नियमन लगायतका विषयहरूमा राष्ट्रिय नीति तर्जुमा हुनु आवश्यक छ। देशको शासकीय संरचना सङ्घीय प्रणालीमा रूपान्तरण भएको वर्तमान अवस्थामा पशुपन्छी प्रजनन् सम्बन्धी कार्यलाई स्पष्ट दिशानिर्देशका साथ सरकारको तीनै तहको समन्वय र सहकार्यमा प्रभावकारीरुपले सञ्चालन गर्नु वाञ्छनीय भई "राष्ट्रिय पशुपन्छी प्रजनन् नीति, २०७८" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। यो नीतिलाई सङ्घ, प्रदेश र स्थानीय तहले आ-आफ्नो कार्य अधिकार क्षेत्रभित्र रही लागू गर्नेछन्।

## २. विगतको प्रयास

नेपालमा पशुपन्छीको नस्ल सुधारका प्रयास विदेशी जातका पशुहरू स्वदेश भित्र्याई स्थानीय पशुहरूमा तिनीहरूको प्रजननको माध्यमबाट वर्णशङ्कर पशुहरूको उत्पादन गरेर सुरु भएको पाइन्छ। वि.सं. १९१७ मा जङ्गबहादुर राणाको प्रयासमा वेलायतबाट जर्सी गाईहरू नेपालमा ल्याई पशुमा नस्ल सुधारको सुरुवात भएको पाइन्छ। यस कार्यलाई थप विस्तार गर्न वि.सं. २०१४ मा संस्थागत रूपमा गाईमा कृत्रिम गर्भाधान कार्यको थालनी भएको थियो। नेपाल सरकारले वि.सं. २०६९ सालदेखि गाईभैंसीमा कृत्रिम गर्भाधान मिशन कार्यक्रम सञ्चालन गरेको थियो र यसले कृत्रिम गर्भाधान सेवाको विस्तारमा ठूलो उपलब्धि हासिल गरेको छ। नेपाल सरकारले प्रजनन् सेवा विकासको लागि पोखरा, नेपालगञ्ज र लहानमा राष्ट्रिय पशु प्रजनन् कार्यालयहरू स्थापना गरी नस्ल सुधारको कार्य जारी रहेको छ।

नेपाल कृषि अनुसन्धान परिषद्ले बङ्गुर तथा कुखुराको नस्ल विकास तथा स्थानीय जातको पशुहरूको अध्ययन र संरक्षणका कार्यहरू गर्दै आइरहेको छ। देशभित्रै उच्च प्रजननमान भएका गाईभैंसीको उत्पादन गरी तिनको उपलब्धता बढाउन 'दुधालु गाई वंश सुधार आयोजना (डेरी क्याटल इम्प्रुभमण्ट प्रोजेक्ट - डि.सि. आई.पि.) र "भैंसी आनुवंशिक सुधार आयोजना (बफेलो जेनेटिक इम्प्रुभमण्ट प्रोजेक्ट-बि.जि.आई.पि.) हरू वि.सं. २०६५ देखि सञ्चालन भएका थिए।

विगत लामो समयदेखि बाख्रा, बङ्गुर, भेडा, कुखुरा, याक नाक तथा चौंरीको उत्पादकत्व वृद्धिका लागि स्वदेशी जातको छनौट र हाडनाता प्रजनन् न्यूनीकरण गर्ने विषयमा पशुसेवा प्रसार प्रणालीले जोड दिइएको थियो। उपयुक्त स्थानमा हावापानी र कृषकको व्यवस्थापन क्षमता अनुसार उपयुक्त विदेशी जातका भाले पशु वा वीर्यबाट प्रजनन् गराउने विषयमा प्रशस्त प्रयासहरू भएका छन्। यसको लागि पशु विकास फार्महरू

लगायत अन्य संरचनागत तथा संस्थागत व्यवस्था, उच्च प्रजनन्मान भएका पशुपन्छी तथा वीर्य भ्रूण आयात, प्रविधि विस्तार तथा जनशक्ति विकास, अनुसन्धान र प्रसार कार्यहरू विगतदेखि नै निरन्तर हुँदै आएका छन्। विगत केही दशकदेखि कुखुराको विकास र विस्तारको लागि विभिन्न जातका वर्णशङ्कर कुखुरा आयात गरी ब्रोईलर कुखुराको मासु तथा लेयर्स कुखुराबाट अण्डाको उत्पादन गर्ने पेसा र सफल उद्योगको रूपमा विकास भइसकेको छ।

## ३. वर्तमान स्थिति

नेपालका कुल घरपालुवा पशुपन्छीहरूमध्ये नस्ल सुधार भई बढी उत्पादकत्व भएका गाईको सङ्ख्या करिब १५ प्रतिशत र भैंसीको सङ्ख्या करिब ३५ प्रतिशत मात्र भएको हुँदा ठूलो सङ्ख्यामा पशुपन्छीको नस्ल सुधार गर्ने सम्भावना रहेको छ। गाई, भैंसी, बाख्रामा नस्ल सुधारको लागि सञ्चालित कृत्रिम गर्भाधान कार्यक्रममा आवश्यक पर्ने जमेको वीर्य (फ्रोजन सिमेन) र बङ्गुरका वीरहरूबाट तातो वीर्य (वार्म सिमेन) देशभित्रै उत्पादन गर्ने गरिएको छ। उच्च प्रजनन् मान भएका जर्सी तथा होलिस्टिन गाईका भ्रूण नेपाली गाईमा प्रत्यारोपण गरी यस प्रविधिबाट उत्पादन भएका साँढेहरू वीर्य उत्पादनको लागि प्रयोग भएका छन्। साथै पहिचान गरिएका स्वदेशी नस्लका पशुपन्छीलाई स्वस्थानीय (इन सिटु) रुपमै संरक्षण र सम्वर्द्धन गर्ने कार्यक्रमहरू सीमित रूपमा भएपनि सञ्चालनमा छन्।

बाख्रामा उत्पादकत्व वृद्धिका लागि खरी बाख्रामा छनौट पद्धति देशका पहाडी भेगमा सञ्चालन भई आशातीत नतिजा प्राप्त भएको छ। विदेशबाट विभिन्न जातका बोका आयात गरी बाख्राको नस्ल सुधारका कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। हालैका वर्षमा बोयर जातका बोकाबाट प्रजनन् गराई उत्पादकत्व बढाउने कार्य कृषकहरूमाझ लोकप्रिय भएको छ। बङ्गुरपालन व्यवसायमा कृत्रिम गर्भाधान विदेशी नस्लका बङ्गुरमा मात्र गर्ने गरिएको छ। स्वदेशी भेडाको जातीय सुधारको लागि विगतदेखि गरिएको प्रयासलाई निरन्तरता दिनु बाहेक उल्लेखनीय कार्य गर्न सकिएको छैन। उच्च पहाडी तथा हिमाली क्षेत्रमा सिन्हाल र च्याङ्ग्रा नस्लका बाख्राहरूमा छनौट तथा उपयुक्त प्रजनन् पद्धति अपनाइनुका साथै याक, नाक तथा चौंरीमा प्रजनन् सुधार गर्न तिब्बतबाट बढी उत्पादकत्व भएका पशु आयात गरी उपयोग गरिएको छ। सिन्हाल, च्याङ्ग्रा तथा याक, नाक, चौंरीको आनुवंशिक केन्द्रको रूपमा हिमाली भेगका विभिन्न क्षेत्रमा स्रोत फार्महरू स्थापना भएका छन्।

ग्रामीण कुखुराको उत्पादकत्व वृद्धिको लागि विगतदेखि नै न्यू हेमशायर र अष्ट्रोलोर्प जातका कुखुराका चल्लाहरू सरकारी फार्मले कृषकलाई उपलब्ध गराउने गरेका छन्। निजी क्षेत्रद्वारा सञ्चालित ब्रोईलर र लेयर्स कुखुरा उत्पादनको लागि प्रजनन् सम्बन्धी अनुसन्धानबाट विदेशमा विकास गरिएका जातका कुखुराहरूनै माउको रूपमा प्रयोग गर्ने गरिएको छ। माछा उत्पादन तथा माछामा प्रजनन् कार्यको लागि भौगोलिक क्षेत्र तथा हावापानी सुहाउँदो विभिन्न उन्नत जातका माछामा प्रजनन् गराई देशभरिनै माछाका भुरा उत्पादन तथा वितरण गर्ने कार्य भइरहेको छ।

## ४. समस्या र चुनौतीहरू

पशुपन्छीको जातीय विविधताको आधारमा देश समृद्ध भएपनि स्थानीय पशुपन्छीहरूको उत्पादकत्व तुलनात्मक रूपमा कम भएको कारण राष्ट्रियस्तरमा बढ्दो पशुपन्छीजन्य पदार्थको मागलाई धान्ने गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न सकिएको छैन। पहिचान गरिएका स्वदेशी नस्लहरूमध्ये कतिपय नस्लहरूको सङ्ख्या निरन्तर घटिरहेको छ र ती लोप हुने खतरा रहेको छ। स्वदेशी नस्लका पशुपन्छीको आनुवंशिक चारित्रीकरण (जेनेटिक क्यारेक्टराइजेशन) र क्यारियोटाइपिङ्ग भई तिनीहरूको उत्पादन क्षमताबारे अनुसन्धान भएकोमा तिनलाई उपयुक्त प्रजनन् प्रक्रियामार्फत उपयोग गर्न सकिएको छैन।

राष्ट्रियस्तरमा प्रोत्साहन गर्न नपर्ने जातका पशुपन्छी वा वीर्यको आयात तथा उपयोग भइरहेका छन्। तर सो सम्बन्धी नियमनका लागि वैज्ञानिक आधार नभएको र एक जाति भित्रका पहिचान भएका तथा अन्य नस्लसँग

प्रजनन् गराउन नहुने नस्लका पशुपन्छीहरूबीच पनि प्रजनन् गराइने भएकोले कतिपय पशुपन्छीको आनुवंशिक स्रोत लोप हुने वा जातीय शुद्धता नरहने अवस्था देखापरेको छ। उन्नत नस्लका पशुपन्छी उपलब्ध गराउने स्रोत केन्द्रहरूले पालना गर्नुपर्ने न्यूनतम मापदण्ड, सो को प्रमाणीकरण र नियमनका साथै पशु प्रजनन्को क्षेत्रमा सरकार र निजी क्षेत्रको भूमिकाबारे नीतिगत स्पष्टता र कानुनी प्रबन्ध नहुँदा नस्ल सुधारका कार्यमा रहेका अवाञ्छित अभ्यासहरू कायम छन्। यसले व्यवस्थित प्रजनन् प्रणाली अवलम्बन गर्ने विषयमा कठिनाइ सिर्जना गरेको कारण उत्पादकत्वको वृद्धिदर अपेक्षाकृत न्यून रहेको छ।

आनुवंशिकी सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता पालनाको लागि समेत यस सम्बन्धमा राष्ट्रिय दृष्टिकोण आवश्यक छ। अर्ना भैंसी, बँदेल, हरिण, मृग, कालिज, लुँइचे, लगायतका जङ्गल क्षेत्र वरपर पाइने पशुपन्छीपालन तथा सोसँग स्थानीय नस्लका पशुपन्छीहरूको प्रजनन् कार्य गरी नस्ल सुधार गर्ने अवसरलाई उपयोग गर्न सकिएको छैन।

पशुपन्छीहरूको आनुवंशिक चारित्रीकरण, क्यारियोटाइपिङ्ग लगायत प्रजनन् पद्धतिको व्यवस्था गर्न नीतिगत, कानुनी र सङ्गठनको अपर्याप्तता तथा पशुपन्छी प्रजनन्का आधुनिक प्रविधिहरूको प्रयोग र विस्तारका लागि चाहिने जनशक्ति र क्षमताको कमीले गर्दा पशु प्रजनन्को क्षेत्रमा गर्नुपर्ने सुधार यथोचित रूपमा गर्न सकिएको छैन। जलवायु परिवर्तन अनुकुलन हुने गरी नस्लको विकास तथा उपयोग लगायतका प्रजनन् क्षेत्रमा गरिने अनुसन्धानात्मक कार्यको लागि आवश्यक राष्ट्रिय मार्गचित्र, सो बमोजिमको संस्थागत व्यवस्थामा देखिएको अपर्याप्तता र पशुपन्छी प्रजनन् क्षेत्रमा तीनै तहका सरकार र सम्बन्धित सरोकारवालाहरूबीच प्रभावकारी समन्वयमा रहेको रिक्तता लगायतका विषयहरूमा प्रशस्त चुनौतीहरू छन्। ती समस्या र चुनौतीहरूलाई नयाँ पशु प्रजनन् नीति तर्जुमा गरी सम्बोधन गर्नु आवश्यक छ।

## ५. नयाँ नीतिको आवश्यकता

दिगो विकास लक्ष्य अन्तर्गत शून्य भोकमरी लक्ष्य अन्तर्गत महत्त्वपूर्ण उद्देश्यको रूपमा सन् २०३० सम्म कृषि क्षेत्रको उत्पादकत्व दुई गुणाले वृद्धि गर्ने उल्लेखित छ। साथै आनुवंशिकी स्रोतको संरक्षण गर्ने विषयलाई समेत विशेष महत्त्व दिइएको छ। कृषि विकास रणनीतिको प्रमुख लक्ष्य समेत कृषिजन्य उत्पादकत्वको वृद्धि गर्दै यसलाई नाफामूलक व्यवसायको रूपमा रूपान्तरण गर्ने रहेको छ। आवधिक योजनामा पशुपन्छीको उत्पादकत्व गुणोत्तर रूपमा वृद्धि गर्ने लक्ष्य राखिएको छ। उत्पादन वृद्धिको प्रमुख आधारको रूपमा रहेको पशु प्रजनन् क्षेत्रको हालको अवस्थालाई व्यापक सुधार नगरी उपर्युक्त लक्ष्यहरू हासिल गर्न सम्भव छैन।

नेपालको संविधानको धारा ३६ ले व्यवस्था गरेको खाद्य सम्बन्धी हक र धारा ४२ मा रहेको सामाजिक न्यायको हकको उपधारा ४ मा व्यवस्था भएको किसानका लागि स्थापित बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक कार्यान्वयन तथा धारा ५१ (ङ) कृषि तथा भूमि सुधार सम्बन्धी नीति अन्तरगत कृषकलाई कृषि सामग्रीमा पहुँच दिनका लागि पशुपन्छी क्षेत्रबाट योगदान पुर्याउनका लागि समेत पशु प्रजनन्को क्षेत्रमा नीतिगत व्यवस्था आवश्यक छ।

नेपाल पशुपन्छीका रैथाने जातको विविधता भएको मुलुक हो। विविधताको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोग गर्नुको आफ्नै महत्त्व छ। तर, ती जातका पशुपन्छीको उत्पादकत्व कम भएको कारण विदेशी नस्लसँग प्रजनन् गराई उत्पादन वृद्धि गर्नु समेत आवश्यक छ। स्वदेशी र विदेशी नस्लका बीचको उपयुक्त सन्तुलन र स्पष्ट राष्ट्रिय दिशानिर्देश बमोजिम प्रजनन् र संरक्षणका अभ्यास गर्नु नितान्त जरुरी छ।

पशु प्रजनन्का क्रियाकलापले पशुको वंशाणुमा फेरबदल ल्याउने भएकोले हाल यस क्षेत्रमा देखिएका थुप्रै अस्पष्ट र गलत अभ्यास कायम रहँदा यसका नकारात्मक प्रभाव लामो समयसम्म पर्न सक्ने र यसले समग्र पशुपन्छी क्षेत्रमा निकै ठूला समस्या देखा पर्नसक्ने सम्भावित जोखिमको निवारण गर्नु आवश्यक छ। तसर्थ, पशु प्रजनन् नीतिको अभावमा समग्र पशु उत्पादन प्रणालीको प्रमुख आधारको रूपमा रहेको पशु प्रजनन् सम्बन्धी

कार्यहरू दिशाहीन अवस्थामा पुग्नु यस क्षेत्रको लागि प्रमुख चुनौतीको रूपमा देखा परेकोले यसको समाधानको लागि पशु प्रजनन्को क्षेत्रलाई सही मार्गदर्शन गर्न नीतिगत व्यवस्था गर्नु तत्काल आवश्यक छ।

### ६. दुरदृष्टि

पशुपन्छी क्षेत्रलाई वातावरणमैत्री, गुणस्तरीय, प्रतिस्पर्धी, आधुनिक र व्यावसायिक रूपमा रूपान्तरण गर्न सक्षम हुने गरी आनुवंशिक स्रोत तथा क्षमताको अधिकतम सदुपयोग, संरक्षण तथा सम्वर्द्धन गर्ने पशु प्रजनन् प्रणाली।

### ७. लक्ष्य

पशुपन्छीका विभिन्न जात र नस्लको वंशाणुगत क्षमताको संरक्षण, उपयोग तथा विकास गर्दै दूध, माछा, मासु, उन, पस्मिना र अण्डाको उत्पादकत्वमा वृद्धि गर्ने।

### ८. उद्देश्यहरू

८.१ बढ्दो पशुपन्छीजन्य पदार्थको मागलाई धान्ने गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न उपयुक्त नस्ल सुधार पद्धतिको स्थापना गर्ने।

८.२ देशभित्र प्रजनन् केन्द्र तथा स्रोत केन्द्रको स्थापना, सोको प्रमाणीकरण र नियमन गर्दै उपयुक्त नस्लको उपलब्धतामा देशलाई आत्मनिर्भर बनाउने।

८.३ पशुपन्छीको आनुवंशिक स्रोत तथा जैविक विविधता संरक्षण र उपयोग गर्न उचित वातावरण सिर्जना गर्ने।

### ९. नीति

उल्लिखित लक्ष्य र उद्देश्य हासिल गर्न देहायका नीति अवलम्बन गरिनेछन्:

९.१ पशुपन्छीको उत्पादन तथा उत्पादकत्वको दिगो वृद्धिका लागि जातीय सुधार गर्ने।

९.२ देशमा विद्यमान रैथाने जात र नस्लका पशुपन्छीको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोग गर्ने।

९.३ पशुपन्छीजन्य व्यवसायको प्रतिस्पर्धात्मक क्षमता बढाउने र यसलाई व्यावसायिक र नाफामूलक बनाउने दिशामा सहयोगी हुने गरी व्यवस्थित पशु प्रजनन् प्रणालीको स्थापना गर्ने।

९.४ सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत सरकारी, निजी तथा सहकारी क्षेत्रको सहकार्यबाट पशुपन्छीका विभिन्न जात र नस्लको वंशाणुगत विकास गर्न पशुपन्छी प्रजनन् क्षेत्रको अध्ययन, अनुसन्धान, प्रसार तथा व्यवसायको विस्तारका लागि सहकार्य र समन्वय गर्ने।

९.५ स्थानीय, रैथाने तथा उन्नत जात र नस्लका पशुपन्छीहरूको न्यूक्लियस हर्ड, स्रोत केन्द्र, पकेट, ब्लक, जोन लगायत स्थापना एवम् क्षमता विकास हुने गरी अनुसन्धान केन्द्रहरूको स्थापना गरी पशुपन्छीपालनलाई व्यावसायीकरण गर्ने।

९.६ पशुपन्छीको विकासमा आवश्यक पर्ने आनुवंशिक स्रोत तथा पदार्थमा देखिएको परनिर्भरतालाई क्रमशः कम गर्दै सोको आयात निर्यातको नियमन एवम् उपयुक्त व्यवस्थापन तथा दर्ता प्रक्रियाको अवलम्बन गर्ने।

९.७ उच्च मूल्य जाने पशुपन्छीजन्य पदार्थ जस्तैः च्याङ्ग्राको मासु, पस्मिना, याक चिज, चौंरी, कालिज, टर्की, अस्ट्रिच, बँदेल आदिको उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्न उपयुक्त पद्धति अवलम्बन गर्ने।

## १०. रणनीति

**१०.१ पशुपन्छीको उत्पादन तथा उत्पादकत्वको स्थायी वृद्धिका लागि जातीय सुधार गर्ने नीति कार्यान्वयनका लागि देहायका रणनीति अवलम्बन गरिनेछन्ः**

१०.१.१ पशुपन्छीको जातीय/नस्ल सुधारको लागि राष्ट्रिय पशुपन्छी पहिचान प्रणाली स्थापना गर्ने र सो प्रणालीमा आवद्ध पशुपन्छी मध्येबाट प्रत्येक प्रजातिको एक नस्ल (ब्रिड) को लागि एक जातीय प्रजनन् बथान (ब्रिडिङ्ग पपुलेशन) निर्माण गरिनेछ। पशुपन्छी धनीले प्रजनन् बथानमा आफ्ना पशुपन्छीलाई आवद्ध गर्न सक्ने व्यवस्था गरिनेछ।

१०.१.२ देशभित्र रहेका पशुपन्छीमध्येबाट उत्कृष्ट पशुपन्छीको छनौटको लागि स्थानीय तह र प्रदेश सरकारको सहकार्यमा राष्ट्रियस्तरमा तोकिएको प्रजनन् लक्ष्य (ब्रिडिङ्ग अब्जेक्टिभ) को आधारमा पशुपन्छी प्रजनन् क्षमता मूल्याङ्कन प्रक्रियाको स्थापना र सञ्चालन गरिनेछ। वीर्य सङ्कलन गर्नका लागि सङ्घ र प्रदेशस्तरमा रहेको पशुपन्छी प्रजनन् कार्यालय वा प्रजनन् केन्द्रलाई यस प्रक्रियाबाट उत्कृष्ट भएका भाले पशु उपलब्ध गराइनेछ।

१०.१.३ पशुपन्छी प्रजनन् क्षमता मूल्याङ्कन प्रक्रियाबाट उत्कृष्ट भएका पशुपन्छीको उपयोगबाट प्राप्त आम्दानी सम्बन्धित प्रदेश, स्थानीय तह तथा कृषक समूह, समिति, सहकारी तथा निजी व्यवसायी र कृषकलाई बाडफाँट गर्ने व्यवस्था गरिनेछ।

१०.१.४ सरकारी, निजी तथा सहकारी क्षेत्रका कुनै संस्था वा निकायले प्रजननका लागि पशुपन्छी तथा तिनको वीर्य तथा भ्रूण उत्पादन, आयात निर्यात र कृत्रिम गर्भाधान सेवा प्रदान गर्न चाहेमा स्वीकृति लिनुपर्ने व्यवस्था मिलाइनेछ।

१०.१.५ पशुपन्छी प्रजनन् क्षेत्रको विकास र विस्तारका लागि सङ्घीय निकायबाट प्रजनन् योग्य भाले र वीर्य उत्पादन कार्य, प्रदेशस्तरीय निकायबाट वीर्य उत्पादन तथा वितरण कार्य र प्रदेशस्तरीय निकाय र स्थानीय तह लगायत निजी क्षेत्रबाट कृत्रिम गर्भाधान सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ।

१०.१.६ पशुपन्छीमा कृत्रिम गर्भाधान कार्यक्रमको लागि आवश्यक पर्ने वीर्य उत्पादन गर्दा देशको पशुपन्छीपालन प्रणाली, पशुपालन व्यवस्थापनमा किसानको स्तर लगायत पशुपन्छीहरूको जातीय शुद्धतालाई रणनैतिक रूपमा ध्यान दिइनेछ। गाईमा सञ्चालित कृत्रिम गर्भाधान कार्यका लागि तीन स्तरः १०० प्रतिशतसम्म, ७५ प्रतिशतसम्म र ५० प्रतिशतसम्म जातीय शुद्धता भएका साँढेहरूको वीर्य उत्पादन गर्ने व्यवस्था मिलाइनेछ। भैंसीमा सञ्चालित कृत्रिम गर्भाधान कार्यका लागि १०० प्रतिशतसम्म र ७५ प्रतिशतसम्म जातीय शुद्धता भएका राँगाहरूको वीर्य उत्पादन गर्ने व्यवस्था मिलाइनेछ। अन्य प्रजाति तथा नस्लका पशुपन्छीहरूबाट वीर्य उत्पादन गर्दा तिनीहरूको जातीय शुद्धता निर्देशक समितिले तोक्ने व्यवस्था गरिनेछ।

१०.१.७ मासु उत्पादन गर्ने प्रयोजनका लागि बाख्रामा कृत्रिम गर्भाधान गर्न १०० प्रतिशतसम्म जातीय रूपमा शुद्ध वीर्य लगायतका अन्य उन्नत तथा आयातित नस्लको बोकाको वीर्य उत्पादन गरी वितरण गर्ने र मासु उत्पादनको लागि ५० प्रतिशतसम्मको उन्नत क्रस बोका तथा खसी उत्पादन गर्ने रणनीति लिइनेछ।

१०.१.८ बङ्गुरमा कृत्रिम गर्भाधानको लागि १०० प्रतिशतसम्म जातीय रूपमा शुद्ध उन्नत जातका बङ्गुरका वीरहरूबाट वीर्य उत्पादन गरी वितरण गरिनेछ। मासु उत्पादनको लागि ५० देखि ७५ प्रतिशतसम्मको क्रस बङ्गुर उत्पादन गर्ने रणनीति लिइनेछ।

१०.१.९ स्थानीय गहन छनौट प्रणाली अपनाई स्वदेशमा नै उच्च उत्पादनशील क्षमता भएका च्याङ्ग्रा उत्पादन गरी प्रजनन्का लागि वितरण गर्ने रणनीति लिइनेछ। यो कार्य नभएसम्म पस्मिना उत्पादनको लागि च्याङ्ग्रा नस्लको बाख्रामा प्रजनन् एवम् नस्ल सुधारको लागि १०० प्रतिशतसम्म शुद्ध उच्च पस्मिना उत्पादन दिने विदेशी नस्लको बोका वा बोकाको वीर्य वा दुवै आयात गरी प्रजनन्को लागि वितरण एवम् व्यवस्थापन गरिनेछ।

१०.१.१० कार्पेट ऊन उत्पादनको लागि बरुवाल र भ्याङ्गलुङ्ग नस्लको भेडामा प्रजनन् एवम् नस्ल सुधारको लागि १०० प्रतिशतसम्मको शुद्ध रोम्नी मार्स, पुलवर्थ, कुपवर्थ लगायतका अन्य उन्नत विदेशी नस्लको थुमा वा थुमाको वीर्य वा दुवै आयात गरी प्रजनन्को लागि वितरण एवम् व्यवस्थापन गर्ने रणनीति लिइनेछ। मासु र उन दुवै उत्पादनको लागि पालिने (डुअल) नस्लको भेडाको हकमा किसानहरूलाई उन्नत थुमा वितरण वा वीर्य उत्पादन गर्दा ७५ देखि १०० प्रतिशतसम्मको शुद्धता भएका उन्नत नस्लको थुमाहरूको प्रयोग गर्ने रणनीति लिइनेछ।

१०.१.११ कुखुरा र हाँसपालनको लागि रैथाने नस्लको हाँस र रैथाने नस्ल कुखुराको प्रजनन् प्रवर्द्धन गरिनेछ। साथै, उन्नत विकासे नस्लको हाँसको ह्याचरी स्थापना गरी स्थानीय नस्लको हाँसको नस्ल सुधारको लागि चल्ला वितरण गर्ने रणनीति लिइनेछ।

१०.१.१२ जलवायु परिवर्तन अनुकुलन पशुपन्छीको नस्ल तथा जात (climate smart livestock species and breed) विकास गरिनेछ। यस्ता नस्ल तथा जातको सिफारिस राष्ट्रिय निर्देशक समितिले तोके बमोजिम हुनेछ।

१०.१.१३ राष्ट्रिय निर्देशक समितिले तोकेको क्षेत्रमा रैथाने नस्लका पशुपन्छीको नस्ल सुधार गरी शुद्धता कायम राख्न शुद्ध रैथाने नस्लका भालेको वीर्य वा भाले पशुपन्छीको व्यवस्था गरिनेछ।

१०.१.१४ पशुपन्छी प्रजनन् तथा कृत्रिम गर्भाधान र भ्रूण प्रत्यारोपणसँग सम्बन्धी उपकरण तथा सामग्री आपूर्ति र सेवा विस्तारको लागि सरकारी क्षेत्रको साथसाथै निजी र सहकारी क्षेत्रको समेत परिचालन गरिनेछ।

१०.१.१५ स्थानीयस्तरमा कृत्रिम गर्भाधान सेवाको विस्तारको लागि सरकारी, निजी तथा सहकारीको सहकार्यमा नगरपालिका वा गाउँपालिकाका प्रत्येक वडाहरूमा स्थानीय तहबाट आवश्यकता अनुसार 'सामुदायिक पशु प्रजनन् केन्द्रको स्थापना गरिनेछ। सामुदायिक पशु प्रजनन् केन्द्रको क्षमता विस्तार नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारबाट हुनेछ।

१०.१.१६ गाईभैंसीका विदेशी तथा रैथाने नस्लको प्रयोग गर्दा भौगोलिक वातावरण तथा उत्पादन प्रणाली सुहाउँदा गाईभैंसीका नस्ल पहिचान तथा विकासमा अनुसन्धान गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१०.१.१७ नेपालमा पालन गरिने घरपालुवा पशुपन्छीमा नस्ल सुधारका लागि अवलम्बन गरिने प्रजनन् विधिहरू अनुसूची-१ बमोजिम हुनेछन्।

१०.१.१८ कुखुरा तथा बङ्गुर प्रजातिमा वर्णशङ्कर नस्लका पशुपन्छीको उत्पादनका लागि आवश्यक पर्ने प्यारेण्ट, ग्राण्ड प्यारेण्ट र ग्रेट ग्राण्ड प्यारेण्टको विकास देशभित्र गर्नका लागि अध्ययन, अनुसन्धान र आवश्यक पूर्वाधार सहितको संस्थागत विकास गर्दै लगिनेछ। यस कार्यमा निजी क्षेत्र तथा सहकारीलाई सरकारले आवश्यक प्रोत्साहन समेत गर्नेछ।

१०.१.१९ मत्स्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न प्राकृतिक तथा कृत्रिम जलाशयको साथै एकीकृत मत्स्यपालनका लागि स्थान विशेष उपयुक्त उन्नत नस्लको पहिचान, विकास र विस्तार गरिनेछ।

१०.१.२० मत्स्यपालनको क्षेत्रमा विदेशी तथा रैथाने नस्लको प्रयोग गर्न भौगोलिक वातावरण सुहाउँदो उत्पादन प्रणाली अनुरुप नस्लको पहिचान गरी पालनको लागि सिफारिस गर्ने व्यवस्था गरिनेछ।

**१०.२ देशमा विद्यमान रैथाने जात र नस्लका पशुपन्छीहरूको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोग गर्ने नीति कार्यान्वयनका लागि देहायका रणनीति अवलम्बन गरिनेछन्ः**

१०.२.१ स्थानीय कृषकको सहभागितामा स्वस्थानीय (इन सिटु) र सहकार्यको अवधारणामा परस्थानीय (एक्स सिटु) पद्धतिमार्फत रैथाने जातका पशुपन्छी तथा मत्स्यको संरक्षण र सम्वर्द्धन गरिनेछ। यस कार्यमा महिलाको भूमिकालाई आत्मसात गर्दै नवीनतम्, जातीय तथा लैङ्गिक मैत्री प्रविधिको विकास तथा विस्तारमा प्राथमिकता दिइनेछ।

१०.२.२ रैथाने जातमध्ये उत्पादन क्षमतामा आनुवंशिक भिन्नता (जेनेटिक भेरिएशन) पर्याप्त भएका जात जस्तैः खरी बाख्रा, बरुवाल भेडा, साकिनी कुखुरा तथा च्वाँचे बङ्गुर लगायतका प्रजातिमा छनौट बिधि प्रजनन् पद्धतिको माध्यमबाट सुधार गर्दै लगिनेछ।

१०.२.३ संरक्षणका कार्यक्रमहरू गर्दा सक्रिय संरक्षण (एक्टिभ कन्जरभेशन) का कार्यक्रमहरू सञ्चालन गरिनेछ। सो गर्दा संरक्षणका स्पष्ट उद्देश्य र संरक्षण गर्ने उपयुक्त माध्यम वा तरिकाहरूको छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१०.२.४ पशुपन्छी तथा मत्स्य क्षेत्रको जैविक विविधता संरक्षणको लागि वंशाणु बैंक (जीन बैंक) हरूको स्थापना, सुदृढीकरण तथा व्यवस्थापन गरी सो को वीर्य, डिम्ब, भ्रूण, वंशाणु आदिको भविष्यमा प्रयोग गर्ने गरी संरक्षण गरिनेछ।

१०.२.५ स्थानीय तथा रैथाने नस्लका पशुपन्छीको पहिचान तथा दर्ताका लागि एक भिन्नै राष्ट्रिय अभिलेखीकरण प्रणालीको विकास गरिनेछ। साथै, रैथाने नस्लका पशुपन्छीको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै देशमा भएका महत्त्वपूर्ण नस्लको वीर्य उत्पादन, प्रशोधन तथा वितरणका लागि अनुसन्धान र विकासमा प्राथमिकता दिइनेछ।

१०.२.६ कृषकलाई निजी व्यवसायी, समूह, समिति र सहकारीमा आवद्ध गराई स्थानीय नस्लका पशुपन्छी तथा मत्स्यपालन, संरक्षण तथा सम्वर्द्धन गर्न प्रोत्साहित गरिनेछ।

१०.२.७ पशुपन्छी तथा मत्स्यको नस्लको संरक्षण, सम्वर्द्धन तथा उपयोगिताको लागि निजी कृषक, कृषक समूह, समिति, सहकारी तथा गैरसरकारी क्षेत्रलाई उत्प्रेरित गरिनेछ।

१०.२.८ पशुपन्छी तथा मत्स्यको जैविक विविधता संरक्षण, सम्वर्द्धन तथा सदुपयोग सम्बन्धी अध्ययन, अनुसन्धानलाई प्राथमिकतामा राखिनेछ। यस्ता अनुसन्धान गर्दा स्थानीय पशुपन्छी र मत्स्यमा पाइने उच्च उत्पादकत्व क्षमता लगायत रोग तथा परजीवीसँग लड्न सक्ने क्षमताको अध्ययन गरिनेछ। यस्ता अध्ययनका नतिजाको प्रचार तथा प्रसार कार्यहरू स्थानीय तहमार्फत जनचेतना अभिवृद्धि गरिनेछ।

१०.२.९ स्थानीय तहको सहकार्यमा वातावरणमैत्री पशुपन्छी फार्म, जलवायु उपयुक्त पशुपन्छी फार्महरूको स्थापना गरी पशुपन्छी आनुवंशिक स्रोत संरक्षण र पर्यापर्यटनको रूपमा विकास गरिनेछ।

१०.२.१० नस्ल सुधार तथा व्यवस्थापन सम्बन्धी रैथाने तथा परम्परागत ज्ञान र सीपको संरक्षण र सदुपयोग गरिनेछ।

१०.२.११ देशमा रहेका विद्यमान शिक्षण संस्थाहरू र विश्वविद्यालयको पाठ्यक्रममा रैथाने जातका पशुपन्छी, जैविक विविधता व्यवस्थापन लगायतका विषयहरू समावेश गरिनेछ।

१०.२.१२ नेपालमा रहेका रैथाने (अछामी नौ मुठे, खैला, लुलु लगायतका गाईहरू; लिमे, पारकोटे भैंसीहरू; खरी, सिन्हाल बाख्राहरू, लामपुच्छ्रे, कागे, वरुवाल, भ्याङलुङ लगायतका भेडाहरू; बामपुड्के, च्वाँचे, हुर्रा सुँगुरहरू, साकिनि, घाँटी खुइले, प्वाँख उल्टे कुखुराहरू) पशुपन्छीहरूको नस्ल वा नवप्रवेशी पशुपन्छीहरूको नस्लको रजिष्ट्रेशन तथा उन्मोचन गर्ने पद्धतिको विकास गरिनेछ। यसो गर्दा जात विशेषको उत्पादन प्रविधिको समेत सिफारिस हुनेछ।

१०.२.१३ स्थानीय जातका माछाको महत्त्वलाई मध्यनजर गर्दै यिनीहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ।

**१०.३ पशुपन्छीजन्य व्यवसायको प्रतिस्पर्धात्मक क्षमता बढाउने र यसलाई व्यावसायिक र नाफामूलक बनाउने दिशामा सहयोगी हुने गरी व्यवस्थित पशु प्रजनन् प्रणालीको स्थापना गर्ने नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्:**

१०.३.१ पशुपन्छीको जातीय तथा नस्ल सुधार पद्धतिमार्फत पशुपन्छीजन्य उत्पादनमा वृद्धि गरी देशलाई आत्मनिर्भर बनाइनेछ। नेपालमा पालन गरिएका महत्त्वपूर्ण जातका पशुपन्छीको जातीय सुधार तथा उपयोगका लागि गरिने विभिन्न प्रजनन् विधि अनुसूची-१ मा उल्लेख गरे बमोजिम हुनेछन्। राष्ट्रिय निर्देशक समितिले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१०.३.२ उपभोक्ताको माग अनुसार गुणस्तरीय तथा निर्यातयोग्य पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको उत्पादनलाई ध्यान दिई आधुनिक पशुपन्छी प्रजनन् पद्धतिमार्फत उपयुक्त जातको विकास तथा सुधार गरिनेछ।

१०.३.३ पशुपन्छी प्रजनन्मा आधारित आधुनिक प्रविधिको अवलम्बन गरी उन्नत पशुपन्छीजन्य पदार्थको उत्पादन, वितरण र निर्यात गर्ने पशुपन्छीजन्य उद्योगको विकास तथा प्रवर्द्धनका लागि लगानी बढाउन प्रोत्साहन तथा सहुलियत प्रदान गरिनेछ।

१०.३.४ पशुपन्छी क्षेत्रमा भएको व्यावसायीकरणलाई विस्तार गर्नको लागि पशुपन्छी प्रजनन्सँग सम्बन्धित उद्योगहरू जस्तैः तरल नाइट्रोजन उत्पादन, भ्रूण उत्पादन, कम्प्युटर प्रविधियुक्त सफ्टवेयर आदिको विकास र विस्तारको लागि सहुलियत तथा प्रोत्साहन प्रदान गरिनेछ।

१०.३.५ पशुपन्छीपालन क्षेत्रले जलवायु परिवर्तनमा पार्न सक्ने प्रभावलाई ध्यान दिई सोको न्यूनीकरण गर्न जलवायु परिवर्तन अनुकुलनमा सहयोग पुग्ने गरी दीर्घकालीन मागअनुसार सुधारको लागि जलवायु अनुकुलका पशुपन्छी नस्लको विकास गर्न उपयुक्त पशुपन्छी प्रजनन् पद्धतिको विकास गरिनेछ। यस्तो पद्धतिको विकास गर्दा पशुपन्छीपालन व्यवसायमा महिलाको योगदानलाई कदर गर्दै लैङ्गिकमैत्री प्रविधिको विकास, प्रयोग र विस्तार गरिनेछ।

१०.३.६ पशुपन्छी प्रजनन् पद्धतिलाई आधुनिकीकरण गर्दै मार्कर सहायक छनौट (मार्कर एसिस्टेड सेलेक्शन) र आनुवंशमा आधारित छनौट (जीनोम सेलेक्शन) का लागि पूर्वाधार तथा जनशक्ति विकास गरिनेछ।

१०.३.७ पशुपन्छी प्रजनन्को प्रभावकारिता बढाउनको लागि आधुनिक जैविक प्रविधि तथा प्रजनन् प्रक्रियाको उपयोग तथा विस्तारका लागि अध्ययन, अनुसन्धान, जनशक्ति विकास तथा क्षमता अभिवृद्धि गरिनेछ। साथै, पशुपन्छीको भ्रूण उत्पादन, संरक्षण तथा प्रत्यारोपण कार्यको विस्तारका लागि प्रयोगशालाको स्थापना, जनशक्तिको विकास र क्षमता अभिवृद्धि गरिनेछ।

१०.३.८ देशमा प्रयोग भइरहेको गाईमा बाच्छी मात्र जन्मने सेक्स्ड सिमेन प्रविधिको प्रभाव र असरको अध्ययन, अनुसन्धान तथा प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाइनेछ।

१०.३.९ पशुपन्छीमा गरिने अध्ययन, अनुसन्धान एवम् विकास कार्यलाई थप प्राथमिकता दिँदै नेपाली पशुपन्छीमा रहेको उत्कृष्ट वंशाणुको पहिचान र उपयोग गर्ने व्यवस्था मिलाइनेछ। साथै यस कार्यमा संलग्न विश्वविद्यालय, सम्बन्धित प्रतिष्ठान तथा अनुसन्धान केन्द्रहरूको क्षमता अभिवृद्धि गरिनेछ।

१०.३.१० पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनको विकास र विस्तार एवम् पशु प्रजनन् सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा पशुपन्छी कल्याणका सिद्धान्तहरूको अवलम्बन गरिनेछ।

१०.३.११ रैथाने पशुपन्छीहरूको पालन पद्धति अधिकांश रूपमा प्राङ्गारिक पद्धतिमा आधारित रहेको हुँदा पशुपन्छीजन्य उत्पादनमा गुणस्तरलाई मध्यनजर राख्दै प्राङ्गारिक पशुपन्छीपालनको प्रवर्द्धनमा जोड दिइनेछ। यस्ता पशुपन्छीपालनको विकास तथा जातीय शुद्धतामा विशेष ध्यान पुर्याइनेछ। यसबाट उत्पादित पशुपन्छीजन्य पदार्थ उच्च मूल्यको हुनुको साथै गुणस्तर प्रमाणीकरण गर्ने प्रक्रिया अपनाइने छ।

**१०.४ सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत सरकारी, निजी तथा सहकारी क्षेत्रको सहकार्यबाट पशुपन्छीका विभिन्न जात र नस्लहरूको वंशाणुगत विकास गर्न पशुपन्छी प्रजनन् क्षेत्रको अध्ययन, अनुसन्धान, सेवा तथा व्यवसायहरूको विस्तारका लागि सहकार्य र समन्वय गर्ने नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः**

१०.४.१ पशुपन्छी प्रजनन् कार्यलाई प्रभावकारी बनाउन प्रजनन् कार्यमा संलग्न कृषकलाई समावेश गरी पशुपन्छीका प्रत्येक नस्लको ब्रिडर कृषक एशोसियसन गठन गरी परिचालन गरिनेछ। यस्ता एशोसियसनको संलग्नतामा शुद्ध बथान (न्यूक्लियस हर्ड) स्थापना, सञ्चालन तथा विकास गरिनेछ। यसका लागि सरकारको तर्फबाट आवश्यक प्रोत्साहन गरिनेछ।

१०.४.२ विभिन्न प्रदेश र स्थानीय तहको भौगोलिक क्षेत्र अनुसार उपयुक्त हुने पशुपन्छीहरूको जात र नस्ल तथा यसका विभिन्न प्रकारका बारेमा अध्ययन तथा अनुसन्धान गर्न कृषि अनुसन्धान परिषद् र सम्बन्धित क्षेत्रका विश्वविद्यालयको भूमिकालाई अझै प्रभावकारी बनाइनेछ। यस प्रकारको अध्ययन तथा अनुसन्धानमा सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत पशुपन्छी सेवाकर्मीहरूलाई समेत समावेश गरी समन्वयात्मक रूपमा कार्य गर्ने व्यवस्था मिलाइनेछ।

१०.४.३ सम्बन्धित प्रदेश तथा स्थानीय तहमा कृत्रिम गर्भाधानका लागि आवश्यक शुद्धता अनुसारका भाले पशुपन्छीको व्यवस्था सङ्घबाट मिलाइने छ भने वीर्य उत्पादन प्रशोधन तथा वितरणको व्यवस्था क्रमशः नेपाल सरकार र प्रदेशबाट मिलाइनेछ। प्रदेशस्तरमा यस्ता प्रशोधन केन्द्रको व्यवस्था नभएसम्मका लागि नेपाल सरकारबाट नै उपयुक्त नस्लको वीर्यको व्यवस्था मिलाइनेछ।

१०.४.४ कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने तरल नाइट्रोजनको उपलब्धता एवम् खरिद गर्ने व्यवस्था र अन्य उपकरण तथा सामग्री र जनशक्तिको व्यवस्था स्थानीय तहबाटै मिलाइनेछ।

१०.४.५ प्रत्येक स्थानीय तहले स्थानीय क्षेत्रका पशुपन्छीको जातीय सुधार सम्बन्धी एक प्राविधिक समितिको व्यवस्था गरी सङ्घ तथा प्रदेशसँगको सहकार्य तथा समन्वयमा पशुपन्छी प्रजनन्सँग सम्बन्धित कार्यहरूको कार्यान्वयन गर्नेछ।

१०.४.६ स्थानीयस्तरसम्म पशुपन्छी प्रजनन् क्षेत्रको समुचित विकासका लागि 'सामुदायिक पशुपन्छी प्रजनन् केन्द्रको स्थापना तथा प्रभावकारी सञ्चालनमा स्थानीय तहको भूमिकालाई थप जिम्मेवार बनाइनेछ।

१०.४.७ पशुपन्छी प्रजनन् सेवालाई सरकारी, निजी तथा सहकारीको अवधारणा अनुसार अगाडि बढाउँदै कृत्रिम गर्भाधान सेवालाई सम्भाव्य क्षेत्रमा क्रमशः सामुदायिक र निजी क्षेत्रबाट विस्तार गर्ने रणनीति अपनाइनेछ। यस कार्यमा सरोकारवाला निकाय वा सङ्घसंस्था समेतको सहकार्यलाई उच्च महत्त्व दिइनेछ।

१०.४.८ नेपाल सरकारबाट निर्धारित मापदण्डमा बिरोधाभास नहुने गरी सम्बन्धित प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रका पशुपन्छी आनुवंशिक स्रोतहरूको पहिचान, संरक्षण, सम्वर्द्धन र दिगो उपयोग तथा लाभको बाडफाँटको व्यवस्था मिलाउन आवश्यक रणनीतिहरूको तर्जुमा गरिनेछ।

१०.४.९ कृत्रिम गर्भाधान तथा प्राकृतिक गर्भाधान लगायतका पशुपन्छी प्रजनन् सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने तथ्याङ्क अद्यावधिक गर्ने, अभिलेख राख्ने र सबै तहका सरकारहरू बीच तथ्याङ्कको आदान प्रदान गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

१०.४.१० हालसम्म केन्द्रबाट सञ्चालन हुँदै आएका पशुपन्छी प्रजनन् तथा कृत्रिम गर्भाधान सम्बन्धी प्राविधिकलाई दिइँदै आएको तालिमलाई प्रदेशमा रहेका पशुपन्छी सेवा तालिम केन्द्रहरूको क्षमतामा अभिवृद्धि गरी प्रदेशबाट समेत तालिम दिने व्यवस्था गरिनेछ।

१०.४.११ पशुपन्छी प्रजनन् सेवाको महत्त्वलाई थप उजागार गर्नका लागि प्रदेश तथा स्थानीय तहहरूबाट आवधिक रूपमा उच्च नस्लका पशुपन्छी साथै रैथाने पशुपन्छी र पशुपन्छीजन्य उत्पादनहरूको समेत मेला तथा प्रदर्शनी र बिक्रीको व्यवस्था मिलाइनेछ। यस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सरोकारवालाहरूको सहभागितालाई सुनिश्चित गरिनेछ।

**१०.५ स्थानीय रैथाने तथा उन्नत जात र नस्लका पशुपन्छीहरूको न्यूक्लियस हर्ड, स्रोत केन्द्र, पकेट, ब्लक, जोनलगायत स्थापना एवम् क्षमता विकास हुनेगरी अनुसन्धान केन्द्रहरूको स्थापना गरी पशुपन्छीपालनलाई व्यावसायीकरण गर्ने नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः**

१०.५.१ स्थानीय पशुपन्छी तथा मत्स्य जात र नस्लको संरक्षण, सम्वर्द्धन र उपयोगको लागि विशेष पकेट क्षेत्र, ब्लक, जोन र सुपरजोन निर्धारण गरी आधुनिक प्रविधिद्वारा क्रमशः व्यावसायीकरण गर्दै लगिनेछ।

१०.५.२ स्थानीय र उन्नत नस्लका पशुपन्छीको न्यूक्लियस हर्ड स्थापना एवम् सञ्चालनमा विस्तार गरी ५० देखि १०० प्रतिशत सम्म जातीय शुद्धता भएको पशुपन्छीपालन गर्ने रणनीति अपनाइनेछ। यस कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहसमेतको सहकार्य गरिनेछ।

१०.५.३ स्थानीय र उन्नत नस्लका उच्च प्रजनन् मान भएका पशुपन्छीहरूको छनौट र वैज्ञानिक पद्धतिबाट पशुपन्छीहरू पहिचान गरी प्राकृतिक र कृत्रिम गर्भाधान लगायतका प्रजनन् कार्यमा उपयोग हुने गरी स्रोत केन्द्र स्थापना गरिनेछ।

१०.५.४ उच्च प्रजनन्मान र उत्पादन क्षमता भएका पशुपन्छीको पकेट क्षेत्र, न्यूक्लियस हर्ड, स्रोत केन्द्र, जोन तथा सुपरजोन स्थापना गर्न सरकारी, सहकारी र निजी क्षेत्रलाई विशेष सुविधा र सहुलियत प्रदान गरिनेछ। केन्द्रहरूलाई अनुसन्धान तथा तालिम केन्द्रको रूपमा उपयोग गरिनेछ।

**१०.६ पशुपन्छीहरूको विकासमा आवश्यक पर्ने आनुवंशिक स्रोत तथा पदार्थमा देखिएको परनिर्भरतालाई क्रमशः कम गर्दै सोको आयात निर्यातको नियमन एवम् उपयुक्त व्यवस्थापन तथा दर्ता प्रक्रियाको अवलम्बन गर्ने नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः**

१०.६.१ स्वदेशमै उत्कृष्ट र उच्च प्रजनन्मान भएका पशुपन्छीको नस्ल छनौटको लागि विगतमा अपनाइएका दुधालु गाई वंश सुधार र भैंसी आनुवंशिक सुधार कार्यक्रम जस्ता पशु आनुवंशिक सुधार पद्धतिलाई स्रोत केन्द्र, पकेट क्षेत्र, जोन तथा सुपरजोनहरूमा लागू गरिनेछ। यस्ता कार्यक्रममा सङ्घ, प्रदेश एवम् स्थानीय तहको समेत संलग्नतालाई सुनिश्चित गरिनेछ।

१०.६.२ स्वदेशी रैथाने तथा उन्नत पशुपन्छीको नस्ल सुधारको लागि विदेशबाट आयात गरिने उन्नत नस्लका पशुपन्छी, बीउ, वीर्य, जमेको वीर्य, सेक्सड सिमेन, भ्रूण, परिवर्तित आनुवंशिय जीव (जि.एम.ओ.), वंशाणु आदिको आयात निर्यात नियमनको लागि नेपाल सरकारबाट आवश्यक प्रबन्ध गरिनेछ।

**१०.७ उच्च मूल्य जाने पशुपन्छीजन्य पदार्थहरू जस्तैः च्याङ्ग्राको मासु, पस्मिना, याक चिज, चौंरी, कालिज, टर्की, अस्ट्रिच, बँदेल आदिको उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्न उपयुक्त प्रजनन् पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः**

१०.७.१ उच्च मूल्य भएका पस्मिना तथा च्याङ्ग्राको मासुजन्य पदार्थ उत्पादनको लागि उच्च पहाडी तथा हिमाली क्षेत्रमा सिन्हाल र च्याङ्ग्रा नस्लको बाख्रामा छनौट तथा उपयुक्त प्रजनन् पद्धति अपनाइनेछ। यसको लागि उच्च पस्मिना उत्पादन दिने विदेशी नस्लको बोका वा बोकाको वीर्य वा दुवै आयात गरी प्रजनन्को लागि वितरण एवम् व्यवस्थापन गरिनेछ।

१०.७.२ उच्च मूल्य जाने याक चिज, चौंरीको झोक्पे उत्पादनको लागि उच्च पहाडी तथा हिमाली क्षेत्रमा याक, चौंरीको नस्ल सुधार गर्न छनौट तथा उपयुक्त प्रजनन् विधि अपनाइनेछ। दूध उत्पादन वृद्धि गर्न याक, नाक र चौंरीलाई जर्सी, होलिस्टिन लगायतका उपयुक्त नस्लसँग प्रजनन् गराइनेछ।

१०.७.३ कालिज, टर्की, अस्ट्रिच जस्ता उच्च मूल्य पाइने पन्छीहरूको पालन तथा नस्ल विकासको लागि छनौट तथा उपयुक्त प्रजनन् पद्धति अपनाइनेछ। यसको लागि सरोकारवाला निकायसँग समन्वय गरिनेछ।

१०.७.४ उच्च मूल्य पाइने अर्ना नस्लको भैंसी, बँदेल, हरिण, मृग, कालिज, लुइँचे लगायतका जङ्गल क्षेत्र वरपर पाइने पशुपन्छीहरूको पालन तथा सो सँग स्थानीय जात र नस्लका पशुपन्छीहरूको प्रजनन् कार्य गरी नस्ल सुधार गर्ने कार्यका लागि कानुनी व्यवस्था अनुसार सरोकारवाला निकाय तथा मन्त्रालयसँग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

## ११. जनशक्ति विकास

११.१ यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि पशुपन्छी प्रजनन्सँग सम्बन्धित विषयमा दक्ष जनशक्ति तथा विज्ञहरू उत्पादन र उपयोग गरिनेछ। यस नीतिको प्रभावकारी कार्यान्वयनका

लागि पशुपन्छी प्रजनन्सँग सम्बन्धित विषयमा स्वदेश तथा विदेशमा उच्च अध्ययनको प्रबन्ध मिलाइनेछ।

११.२ पशुपन्छी प्रजनन्सँग सम्बन्धी प्रविधिहरू जस्तैः कृत्रिम गर्भाधान, भ्रूण उत्पादन तथा प्रत्यारोपण, आनुवंशिक मापदण्ड (जेनेटिक प्यारामिटर) र प्रजनन्मान (ब्रिडिङ्ग भ्यालु) निर्धारण जस्ता विषयमा क्षमता अभिवृद्धि गरिनेछ।

११.३ सङ्घ, प्रदेश तथा स्थानीय तहको सहकार्यमा पशुपन्छी प्रजनन्का विषयमा प्राविधिकहरूको क्षमता अभिवृद्धि गरिनेछ।

## १२. पूर्वाधार विकास

१२.१ हाल सञ्चालनमा रहेका पशुपन्छी प्रजनन् प्रयोगशालाहरूको क्षमता विस्तार र सङ्घ तथा प्रदेशको सहकार्यमा र निजी तथा सहकारीसँगको साझेदारीमा एक प्रदेश एक पशुपन्छी प्रजनन् प्रयोगशालाको अवधारणा अवलम्बन गर्दै सबै प्रदेशमा आवश्यक प्रयोगशाला स्थापना गर्दै लगिनेछ।

१२.२ पशुपन्छीहरूको मूल्याङ्कन पद्धतिको कार्यान्वयनको लागि आवश्यक पर्ने भाले तथा पोथी पशुपन्छीहरू राख्नको लागि पर्याप्त पूर्वाधार विकास र विस्तार गर्दै लगिनेछ।

१२.३ राष्ट्रिय तथा प्रादेशिक पशु प्रजनन् प्रयोगशाला तथा केन्द्रहरूमा उच्च नस्लको भाले पशु उत्पादन र छनौटको लागि उच्च प्रजनन्मान एवम् उत्पादन क्षमता भएका पोथी बथान (बुल मदर हर्ड) सोही प्रयोगशाला वा केन्द्र अन्तर्गत राख्ने गरी व्यवस्थापन गरिनेछ।

## १३. संस्थागत व्यवस्था

यो नीतिको कार्यान्वयन गर्ने सम्बन्धमा निर्णय गर्न र नेपाल सरकारलाई नियमित रूपमा राय सुझावहरू प्रदान गर्न, प्रस्तुत नीति कार्यान्वयनको लागि मातहतका निकायलाई निर्देशन दिन र नीतिमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्न देहायका समिति रहनेछः

१३.१ राष्ट्रिय निर्देशक समिति

१ अध्यक्षः माननीय मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

२ सदस्यः माननीय सदस्य (कृषि हेर्ने), राष्ट्रिय योजना आयोग

३ सदस्यः सचिव (पशुपन्छी विकासतर्फ), कृषि तथा पशुपन्छी विकास मन्त्रालय

४. सदस्यः निर्देशक, लाईभस्टक एण्ड फिसरिज अनुसन्धान, नेपाल कृषि अनुसन्धान परिषद्

५ सदस्यः सहसचिव, वन तथा वातावरण मन्त्रालय

६ सदस्यः महानिर्देशक, पशुसेवा विभाग

७ सदस्यः प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासङ्घ र नेपाल नगरपालिका सङ्घ (कम्तीमा एक जना महिला सहित)

८ सदस्यः पशुपन्छी प्रजनन् विज्ञहरू मध्येबाट दुई जना (कम्तीमा एक जना महिला)

९ सदस्य-सचिवः सहसचिव, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

१३.२ राष्ट्रिय निर्देशक समितिले आवश्यकता अनुसार प्राविधिक समिति र प्रदेश तथा स्थानीय तहले नीति कार्यान्वयनको लागि अन्य समिति बनाउन सक्नेछन्।

१३.३ यस नीतिको कार्यान्वयनका लागि गठन भएका समितिले बैठकको कार्य सञ्चालन कार्यविधि आफै निर्माण गर्नेछन्। महासङ्घबाट प्रतिनिधित्व गर्ने सदस्यका हकमा सम्बन्धित महासङ्घबाट तोकिए अनुसार र अन्य विज्ञ सदस्यका हकमा अध्यक्षबाट मनोनयन गरिए अनुसार सदस्यहरू समितिमा

रहनेछन्। राष्ट्रिय निर्देशक समितिका अध्यक्षले मनोनयन गर्ने समितिका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ।

१३.४ राष्ट्रिय निर्देशक समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

## १४. आर्थिक पक्ष

यो नीति र यस नीति बमोजिमका कार्यक्रमहरूको कार्यान्वयन गर्न नेपाल सरकारको तर्फबाट दिइने अनुदान तथा सहुलियत वार्षिक स्वीकृत कार्यक्रममार्फत व्यवस्थित गरिनेछ। साथै, अन्य सङ्घ, संस्थाहरू, गैरसरकारी तथा निजी क्षेत्र समेतको स्रोतसाधन परिचालन गरिनेछ।

## १५. कानुनी व्यवस्था र कार्यान्वयन

१५.१ पशुपन्छीको जातीय सुधार, संरक्षण तथा उपयोगलाई व्यवस्थित गर्न आवश्यक पर्ने राष्ट्रिय पशुपन्छी पहिचान, ट्रेसियाबिलिटि, तथ्याङ्क सङ्कलन र व्यवस्थापन र गुणस्तर नियन्त्रण लगायतका कार्यलाई कार्यान्वयन गर्न आवश्यक कानुन तर्जुमा गरिनेछ।

१५.२ यस नीतिको कार्यान्वयनको लागि आवश्यकता अनुसार कार्य योजनाहरूको तर्जुमा गर्ने, कार्यान्वयन गर्ने तथा गराउने कार्य राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयले गर्नेछ। यस कार्यालयले यस नीतिको कार्यान्वयनको लागि राष्ट्रिय पशु प्रजनन् कार्यालयहरू, पशु प्रजनन् महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् तथा विश्वविद्यालय अन्तरर्गतका सम्बन्धित निकायहरूसँग समन्वय तथा सहकार्य गर्नेछ।

१५.३ यस नीतिको कार्यान्वयनको लागि सम्बन्धित निकायमा पशुपन्छी प्रजनन् विज्ञको उपलब्धताको सुनिश्चितता गरिनेछ।

१५.४ यस नीतिको मर्म र भावना अनुसार कार्य गर्नका लागि प्रदेश तथा स्थानीय तहले स्थान र सम्भाव्यताका आधारमा पशुपन्छी प्रजनन् नीति निर्माण गरी लागू गर्न सक्नेछन्।

## १६. नियमन, अनुगमन तथा मूल्याङ्कन

पशुपन्छी प्रजनन् सेवालाई नियमन, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य सरोकारवाला निकाय तथा संस्थाको सहकार्यमा सरोकारवाला सङ्घीय, प्रादेशिक र स्थानीय तहले गर्नेछ।

## १७. नीतिको परिमार्जन

यस नीतिको आवश्यकता अनुसार नेपाल सरकारले संशोधन वा परिमार्जन गर्न सक्नेछ।

***द्रष्टव्यः यस नीतिमा “पशु" वा "पशुपन्छी” शब्दले पशुपन्छी र माछासमेतलाई जनाउँछ।***

## अनुसूची–१

| प्रजाति | क्षेत्र वा उत्पादन प्रणाली | प्रजनन् विधि (Breeding Methods/Mating design) | प्रजनन् उद्देश्य (Breeding Objective) | छनौटका आधारहरू (Selecting Objcetive and criteria) | अपनाइने विधिहरू (Dissemination Methods) |
|---|---|---|---|---|---|
| गाई | तराई | कुनै पनि नस्लको पहिचान नभएका गाईहरूलाई जर्सी नस्लको साँढेसँग प्रजनन् गराउने | दूधको उत्पादकत्व बढाउने | दूध उत्पादन | छनौट, कृत्रिम गर्भाधान/प्राकृतिक गर्भाधान |
| | | तराई गाई भनी पहिचान भएका गाईहरूबीच छनौट पद्धति अपनाउने | दूध तथा कृषि कर्मको लागि शक्तिको उत्पादकत्व बढाउने | दूध उत्पादन, कृषि कर्मको लागि शक्ति | छनौट, कृत्रिम गर्भाधान/प्राकृतिक गर्भाधान |
| | | जर्सी गाईमा जर्सी साँढे तथा होलिष्टिन गाईमा होलिष्टिन साँढेको बीउबाट प्रजनन् गराई शुद्ध नस्लको जर्सी तथा होलिष्टिन गाईहरूको विकास गर्ने | दूधको उत्पादकत्व बढाउने | दूध उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | नेपाली जर्सी तथा नेपाली होलिष्टिन नस्लको विकास गर्ने | दूधको उत्पादकत्व बढाउने | दूध उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | पहाड | कुनै पनि नस्लको पहिचान नभएका गाईहरूलाई जर्सी वा होलिष्टिन नस्लको साँढेसँग प्रजनन् गराउने | दूधको उत्पादकत्व बढाउने | दूध उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | पहाडी, खैला तथा अछामी नौ मुठे गाईमा छनौट | दूध तथा कृषि कर्मको लागि शक्तिको उत्पादकत्व बढाउने | दूध उत्पादन, कृषि कर्मको लागि शक्ति | छनौट, कृत्रिम गर्भाधान/प्राकृतिक गर्भाधान |
| | | नेपाली जर्सी तथा नेपाली होलिष्टिन नस्लको विकास गर्ने | दूधको उत्पादकत्व बढाउने | दूध उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | जर्सी गाईमा जर्सी साँढे तथा होलिष्टिन गाईमा होलिष्टिन साँढेको बीउबाट प्रजनन् गराइ शुद्ध नस्लको जर्सी तथा होलिष्टिन गाईहरूको विकास गर्ने | दूधको उत्पादकत्व बढाउने | दूध उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |

| प्रजाति | क्षेत्र वा उत्पादन प्रणाली | प्रजनन् विधि (Breeding Methods/Mating design) | प्रजनन् उद्देश्य (Breeding Objective) | छनौटका आधारहरू(Selecting Objcetive and criteria) | अपनाइने विधिहरू (Dissemination Methods) |
|---|---|---|---|---|---|
| | हिमाल | लुलु, याक तथा चौरीमा छनौट | दूध उत्पादन, कृषि कर्मको साथै ढुवानीको साधनको लागि शक्तिको उत्पादकत्व बढाउने | दूध उत्पादन, कृषि कर्मको लागि शक्ति | छनौट, प्राकृतिक तथा कृत्रिम गर्भाधान |
| | | याक र चौरीलाइ पहाडी गाई र साँढे बीच प्रजनन् गराउने | दूध तथा कृषि कर्मको लागि शक्तिको उत्पादकत्व बढाउने | दूध उत्पादन, कृषि कर्मको लागि शक्ति | छनौट, प्राकृतिक तथा कृत्रिम गर्भाधान |
| | | पाथी याक तथा चौरीहरूलाई जर्सी तथा होलिष्टिन साँढे बीच प्रजनन् गराउने | दूध उत्पादकत्व बढाउने | दूध उत्पादन | छनौट, प्राकृतिक तथा कृत्रिम गर्भाधान |
| भैसी | तराई | मुर्रासँग प्रजनन् गराउने | दूध र मासुको उत्पादकत्व बढाउने | दूध तथा मासु उत्पादन | छनौट, प्राकृतिक तथा कृत्रिम गर्भाधान |
| | | तराई भैंसीलाई अर्नासँग प्रजनन् गराउने | दूध र मासुको उत्पादकत्व बढाउने | दूध तथा मासु उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| | पहाड | मुर्रासँग प्रजनन् गराउने | दूध उत्पादकत्व बढाउने | दूध उत्पादन | छनौट, प्राकृतिक तथा कृत्रिम गर्भाधान |
| | | लिमे, पारकोटे र गड्डी नस्लमा छनौट | दूध उत्पादकत्व बढाउने | दूध उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| | हिमाल | छनौट | दूध उत्पादकत्व बढाउने | दूध उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| भेडा | तराई | लामपुछ्रे नस्लको भेडामा छनौट | उत्पादकत्व वृद्धि | शारिरीक तौल, उन उत्पादन/मासु उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |

| प्रजाति | क्षेत्र वा उत्पादन प्रणाली | प्रजनन् विधि (Breeding Methods/Mating design) | प्रजनन् उद्देश्य (Breeding Objective) | छनौटका आधारहरू(Selecting Objcetive and criteria) | अपनाइने विधिहरू (Dissemination Methods) |
|---|---|---|---|---|---|
| | पहाड | कागे नस्लको भेडामा छनौट | उत्पादन वृद्धि | शारिरीक तौल, उन उत्पादन/मासु उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| | | बरुवाल नस्लको भेडामा छनौट | ऊन उत्पादन तथा मासु उत्पादन | ऊन उत्पादन/मासु उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| | | कार्पेटको लागि विदेशी नस्लका भेडासँग बरुवालको प्रजनन् | कार्पेटका लागि उन उत्पादन तथा मासु उत्पादन | ऊन उत्पादन/मासु उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | हिमाल | कार्पेटका लागि विदेशी नस्लका भेडासँग भ्याङलुङको प्रजनन् | कार्पेटका लागि उन उत्पादन तथा मासु उत्पादन | ऊन उत्पादन/मासु उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| बाख्रा | तराई | जमुनापारी, बारबारी तथा बोयर लगायतका उन्नत नस्लसँग प्रजनन् गराउने | मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | पहाड | जमुनापारी, बारबारी तथा बोयर लगायतका उन्नत नस्लसँग प्रजनन् गराउने | मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | खरी नस्लका बाख्रामा छनौट | मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, प्राकृतिक गर्भाधान, |
| | | दूधका लागि बाख्राको नस्ल विकासका लागि सानन तथा अन्य दूधका लागि पालिने विदेशी नस्लसँग स्थानीय नस्लको प्रजनन् गराउने | दूध उत्पादन | दूध र मासु | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | हिमाल | सिन्हाल तथा च्याङ्ग्रा छनौट | मासु उत्पादन/ऊन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, प्राकृतिक गर्भाधान/कृत्रिम गर्भाधान |
| | | सिन्हाल तथा च्याङ्ग्रामा विदेशी पस्मिना उत्पादन दिने नस्लको बाख्रा बोकासंग प्रजनन् | मासु उत्पादन/ऊन | शारिरीक तौल र पाठापाठी उत्पादन तथा पस्मिना उत्पादन | छनौट, प्राकृतिक गर्भाधान/कृत्रिम गर्भाधान |
| बङ्गुर | तराई | हुर्रा जातमा छनौट | मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |

| प्रजाति | क्षेत्र वा उत्पादन प्रणाली | प्रजनन् विधि (Breeding Methods/Mating design) | प्रजनन् उद्देश्य (Breeding Objective) | छनौटका आधारहरू(Selecting Objcetive and criteria) | अपनाइने विधिहरू (Dissemination Methods) |
|---|---|---|---|---|---|
| | | रैथाने नस्ललाई विदेशी नस्लहरू योर्कसायर, ल्याण्डरेस, डयुरोक, लार्ज ब्ल्याक, ह्याम्सायर लगायत सँग प्रजनन् गराउने | मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | बदेलसँग रैथाने नस्ल तथा उन्नत नस्लको प्रजनन् | मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | पहाड | रैथाने स्थानीय नस्ल र विदेशी नस्लहरू जस्तै योर्कसायर, ल्याण्डरेस, डयुरोक, लार्ज ब्ल्याक, ह्याम्सायरवीच प्रजनन् | मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | च्वांचे नस्लमा छनौट | मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| खरायो | तराई | मासुका लागि विदेशी नस्लसँग प्रजनन् | मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| | पहाड | उनका लागि अङ्गोरा लगायतका उन्नत नस्लसँग प्रजनन् | उन उत्पादन तथा मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| | हिमाल | उनका लागि अङ्गोरा लगायतका उन्नत नस्लसँग प्रजनन् | उन उत्पादन तथा मासु उत्पादन | शारिरीक तौल र पाठापाठी उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| कुखुरा | तराई | रैथाने साकिनी, प्वाँख उल्टे र घाँटी खुइले नस्लमा छनौट | मासु उत्पादन तथा अण्डा उत्पादन | मासु उत्पादन तथा अण्डा उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| | | रैथाने जातको उत्पादकत्व वृद्धिका लागि विदेशी जातहरूः न्यू ह्याम्पसायर, ब्ल्याक अस्ट्रोलार्प र अन्य जातसँग प्रजनन् | मासु उत्पादन तथा अण्डा उत्पादन | मासु उत्पादन तथा अण्डा उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | ब्रोईलर तथा लेयर्स उत्पादन | मासु उत्पादन तथा अण्डा उत्पादन | मासु उत्पादन तथा अण्डा उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |

| प्रजाति | क्षेत्र वा उत्पादन प्रणाली | प्रजनन् विधि (Breeding Methods/Mating design) | प्रजनन् उद्देश्य (Breeding Objective) | छनौटका आधारहरू(Selecting Objcetive and criteria) | अपनाइने विधिहरू (Dissemination Methods) |
|---|---|---|---|---|---|
| | | स्थानीय हाँस, उन्नत हाँस, टर्की, टर्की, बट्टाइ, कालिज, अष्ट्रिज आदिको छनौट तथा उपयुक्त प्रजनन् विधि अपनाई नस्ल सुधार | विशिष्टकृत मासु तथा अण्डा | मासु उत्पादन तथा अण्डा उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | पहाड | रैथाने साकिनी, प्वाँख उल्टे र घाँटी खुइले नस्लमा छनौट | मासु उत्पादन तथा अण्डा उत्पादन | मासु उत्पादन तथा अण्डा उत्पादन | छनौट, प्राकृतिक गर्भाधान |
| | | रैथाने जातको उत्पादकत्व वृद्धि लागि विदेशी नस्लहरूः न्यू ह्याम्पसायर, ब्ल्याक अस्ट्रोलार्प र अन्य नस्लसँग प्रजनन् | मासु उत्पादन तथा अण्डा उत्पादन | मासु उत्पादन तथा अण्डा उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | ब्रोईलर तथा लेयर्स उत्पादन | मासु उत्पादन तथा अण्डा उत्पादन | मासु उत्पादन तथा अण्डा उत्पादन | छनौट, कृतिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | स्थानीय हाँस, उन्नत हाँस, टर्की, बट्टाइ, कालिज, अष्ट्रिज आदीको छनौट तथा उपयुक्त प्रजनन् विधी अपनाई नस्ल सुधार | विशिष्टकृत मासु तथा अण्डा उत्पादन | मासु उत्पादन तथा अण्डा उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| घोडा, खच्चर | हिमाल | रैथाने नस्लमा छनौट तथा प्रजनन् | ढुवानी तथा पर्यटन प्रयोग | ढुवानी, चाल तथा गती | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | गधासँग प्रजनन् गराई खच्चर उत्पादन | ढुवानी | ढुवानी | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| माछा, जलिय खान योग्य जीव | तराई | रैथाने नस्लमा छनौट तथा प्रजनन् | खाने माछा र भुरा उत्पादन | खाने माछा र भुरा उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |

| प्रजाति | क्षेत्र वा उत्पादन प्रणाली | प्रजनन् विधि (Breeding Methods/Mating design) | प्रजनन् उद्देश्य (Breeding Objective) | छनौटका आधारहरू(Selecting Objcetive and criteria) | अपनाइने विधिहरू (Dissemination Methods) |
|---|---|---|---|---|---|
| | | उन्नत पंगासियस माछाको छनौट तथा प्रजनन् | खाने माछा र भुरा उत्पादन | खाने माछा र भुरा उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | जलीय जीव जस्तै घोङ्गी सिपी मोती प्राउन गंगटा आदी खेती र प्रजनन् | जलीय खाद्यान्न | जलीय खाद्यान्न | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | पहाड | रैथाने नस्लमा छनौट तथा प्रजनन् | खाने माछा र भुरा उत्पादन | खाने माछा र भुरा उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | उन्नत रेन्वो ट्राउट माछाको छनौट तथा प्रजनन् | खाने माछा र भुरा उत्पादन | खाने माछा र भुरा उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | जलीय जीव जस्तै घोङ्गी सिपी मोती प्राउन गंगटा आदी खेती र प्रजनन् | जलीय खाद्यान्न | जलीय खाद्यान्न | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | हिमाल | उन्नत रेन्वो ट्राउट माछाको छनौट तथा प्रजनन् | खाने माछा र भुरा उत्पादन | खाने माछा र भुरा उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| अन्य | तराई, पहाड, हिमाल | जँगली जनावर (हरिण, मृग, बँदेल, अर्ना, कालिज आदि) | विशिष्टिकृत मासु | मासु उत्पादन | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |
| | | पाल्तु जनावर(Pet Animals) कुकुर (Pure breeding and Cross breeding) | पाल्तु जनावर(Pet Animals) | मनोरञ्जन तथा सुरक्षाा | छनौट, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान |

# राष्ट्रिय दुग्ध विकास नीति, २०७८

## १. पृष्ठभूमि

ग्रामीण अर्थतन्त्रको मुख्य आधारस्तम्भ र कृषि क्षेत्रमा आवद्ध परिवारमध्ये ८६ प्रतिशतभन्दा बढी संलग्न रहेको नेपालको पशुपालन क्षेत्रले तिनको जीविकोपार्जन, खाद्य पोषण सुरक्षा, स्वरोजगार सिर्जना र गरिबी न्यूनीकरणमा गरेको योगदानकै कारण नेपाली अर्थतन्त्रमा यस क्षेत्रको महत्त्व दिन प्रतिदिन बढ्दै गइरहेको छ। नेपालमा कुपोषण र असन्तुलित पोषणको कारण बालबालिका तथा महिला मात्र होइन औसत नेपालीहरूको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक र सामाजिक विकासमा असर परेको छ। यसको लागि दैनिक उपभोग गरिने आहारामा पशुजन्य उत्पादनहरू जस्तैः दूध, फुल, मासु र माछाजन्य परिकारहरू सन्तुलितरूपमा समावेश हुनुपर्दछ।

दिगो विकास लक्ष्यको पहिलो लक्ष्य प्राप्त गर्न बालीजन्य खाद्य सुरक्षाको प्रत्याभूति मात्रले सम्भव हुँदैन। सँगसँगै पशुपन्छी र मत्स्यजन्य उत्पादन वृद्धि र उपभोगको अवस्था सुदृढ गर्नुपर्ने अपरिहार्यता देखिन्छ। दूध तथा दुग्धजन्य पदार्थको माग तीव्र गतिमा वृद्धि भइरहेको र दूध उत्पादनको सम्भावना देशभरिनै रहेको परिप्रेक्ष्यमा कृषि विकास रणनीतिको मार्गचित्र बमोजिम यसलाई नाफामूलक व्यावसायीकरण, आधुनिकीकरण र औद्योगिकीकरणको रूपमा रूपान्तरण गर्दै दुग्ध क्षेत्रको बहुआयामिक अवसरलाई उपयोग गर्नुपर्ने आवश्यकता छ। नेपालले राखेको "समृद्ध नेपाल, सुखी नेपाली" को परिकल्पना साकार पार्न आगामी २५ वर्षका लागि दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाले तय गरेको सोच, लक्ष्य र रणनीति बमोजिम आत्मनिर्भरता उन्मुख नेपालको दुग्ध क्षेत्रले ठोस् योगदान दिने किसिमले आगामी कार्यदिशा तय गर्नुपर्नेछ।

तसर्थ नेपालको दुग्ध क्षेत्रलाई वि.सं.२१०० भित्र मूल्य शृङ्खलामा आधारित रही सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमा व्यावसायीकरण, आधुनिकीकरण र औद्योगिकीकरणको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण क्षेत्रको रूपमा स्थापित गरी रोजगारीको माध्यमको रूपमा विकास गर्न सरोकारवालाहरू समेतको सहभागितामा दुग्ध विकास नीति, २०६४ लाई पुनर्लेखन गरी राष्ट्रिय दुग्ध विकास नीति, २०७८ तर्जुमा गरिएको छ। नेपालको संविधान र कार्यविस्तृतीकरण प्रतिवेदनले औंल्याएका कार्य जिम्मेवारी र अधिकार क्षेत्रभित्र रही सङ्घ, प्रदेश र स्थानीय तहहरूले यस नीतिमा उल्लेख भएका विषयहरू आपसी समन्वय र सहकार्यमा लागू गर्नेछन्।

## २. विगतको प्रयास र वर्तमान अवस्था

### २.१ विगतका प्रयासहरू

दुग्ध क्षेत्रको विकास वि.सं. १९१७ मा युरोपियन गाईहरूको आयातबाट सुरु भएको पाइन्छ। वि.सं. २००९ मा स्विस सरकारको सहयोगमा रसुवाको लाङटाङमा याक चिज उत्पादन केन्द्रको स्थापना तथा वि.सं. २०१० मा काभ्रेपलाञ्चोक जिल्लाको वनेपास्थित टुसालमा लघु दुग्ध प्रशोधन कारखानाको स्थापनाले यस क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

वि.सं. २०२६ मा दुग्ध विकास संस्थानको स्थापना, वि.सं. २०३६ मा औपचारिक रूपमा दुग्ध व्यवसायमा निजी क्षेत्रको प्रवेश, सातौं पञ्चवर्षीय योजना अनुसार दश वर्षीय दुग्ध विकास योजना तर्जुमा, वि.सं. २०४९ मा राष्ट्रिय दुग्ध विकास बोर्डको स्थापना, वि.सं. २०४९ मा दुध उत्पादनमा संलग्न कृषकहरू सङ्गठित भई दुग्ध उत्पादक सहकारी संस्थाको गठन आदि यस क्षेत्रको विकासका लागि कोशेढुङ्गा सावित भएका छन्। वि.सं. २०५२ मा दुग्ध विकास संस्थान अन्तर्गत विराटनगरमा धुलो दुध कारखानाको स्थापना भएको थियो भने

निजी क्षेत्र अन्तर्गत वि.सं. २०६५ मा पोखरा र चितवनमा ठूलोस्तरको धुलो दुध कारखानाको स्थापना भएको देखिन्छ। यसबाट दूधको मौसमी उत्पादनबाट सिर्जित दूध विदा (मिल्क होलिडे) को समस्यालाई सम्बोधन गर्ने प्रयास भएको पाइन्छ। विगत डेढ दशकदेखि कृत्रिम गर्भाधान कार्यक्रमको प्रभावकारी विस्तारको कारण दूध उत्पादन वृद्धिमा तीव्रता आएको छ।

## २.२ वर्तमान अवस्था

देशको कृषिजन्य उत्पादनमध्ये दूध उत्पादन आम कृषकले अभ्यास गर्ने पेसा हुनुका साथै वार्षिक उत्पादन वृद्धिदर उच्च भएको र अझै बढाउन सकिने सम्भावना बोकेको क्षेत्र हो। विगत १५ वर्षको दूध उत्पादनको वार्षिक वृद्धिदरको प्रवृत्ति हेर्दा अघिल्ला १० वर्षमा सालाखाला एकदेखि तीन प्रतिशत रहेकोमा विगत पाँच वर्षदेखि दूध उत्पादनको वार्षिक वृद्धि दर पाँच प्रतिशतभन्दा बढी रहेको देखिन्छ।

दुग्ध क्षेत्रले पशुपालन क्षेत्रमा करिब ६६ प्रतिशत योगदान पुर्याएको छ भने करिब ३० लाख घर परिवार दूध उत्पादनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न रहेका छन्। यी परिवारमध्ये करिब १२ लाख घर परिवारले घरायसी उपभोग, पशु श्रम, मल र घ्यू उत्पादनका लागि गाईभैंसीपालन गर्ने गरेका छन्। १८ लाख घर परिवारले दूधको घरायसी उपभोग र बिक्री दुवै गर्ने गर्दछन्। ५ लाखभन्दाबढी कृषक परिवार भने नियमित रूपमा दूध उत्पादन र बिक्री वितरणमा संलग्न रहेको पाइन्छ। दैनिक कुल दूध उत्पादनको झण्डै ५० प्रतिशत घरायसी उपभोग तथा घ्यू उत्पादनमा, ३३ प्रतिशत अनौपचारिक बिक्री वितरण क्षेत्रमा र १७ प्रतिशत औपचारिक रूपमा सङ्कलन भई प्रशोधन गरेको पाइन्छ। यस्तै दूध उत्पादन र बिक्री वितरणमा संलग्न ५ लाख कृषकहरू मध्ये करिब ४ हजार कृषक ठूला व्यवसायस्तरका छन्। तुलनात्मक रूपमा ठूला व्यावसायिक कृषकको सङ्ख्या र तिनको व्यवसायको स्तर पनि पछिल्ला वर्षहरूमा क्रमशः बढ्दै गएको छ। करिब ४४ हजार कृषकहरू मझौला व्यवसाय उन्मुख र करिब ४ लाख ५० हजार कृषक २ देखि ५ वटा गाईभैंसीपालन गर्ने साना प्रकृतिका छन्। ग्रामीण भेगका साना दूध उत्पादक कृषकको बाहुल्यता भएकै कारण समतामूलक आर्थिक वृद्धि र स्व-रोजगारीमा यो क्षेत्रले ठूलो योगदान दिएको छ।

जनताको आम्दानी बढेसँगै दुग्ध पदार्थको मागमा उच्च वृद्धि हुने विकासशील मुलुकहरूको अनुभव नेपालले पनि हालैका वर्षहरूमा अनुभव गरेको छ। प्रति वर्ष प्रतिव्यक्ति ९१ लिटर दूधको उपलब्धतालाई आत्मनिर्भरताको आधारबिन्दु मान्दा नेपाल दूध उत्पादनमा दुई वर्षभित्रै आत्मनिर्भरताको स्थितिमा पुग्ने अवस्था छ। तर उपभोक्ताहरूमा दुग्ध पदार्थको बढ्दो माग र विविधतायुक्त दुग्ध पदार्थको चाहना बढ्दै गएको सन्दर्भमा देशभित्र दूधको उत्पादन र उत्पादकत्व वृद्धिको गतिलाई अझ तीब्र बनाउनु पर्ने आवश्यकता छ। तिनमा गुणस्तरको मापदण्ड कायम गर्ने र प्रविधिको प्रयोगमार्फत तिनको प्रतिस्पर्धी क्षमता वृद्धि गर्ने कार्यमा सरकारको प्राथमिकता देखिन्छ। निजी दूध प्रशोधकको योगदान दूध क्षेत्रमा निरन्तर बढ्दो छ। नेपालमा हाल दुग्ध सम्बन्धी ४ वटा ठूला उद्योग, ६ वटा मध्यम उद्योग, ४० वटा साना उद्योग तथा ६०० जति घरेलु उद्योग रहेका छन्। दूधको मूल्य शृङ्खलाको आकार स्थानीय तथा क्षेत्रीय हुँदै राष्ट्रियस्तरमा विकास हुँदै गइरहेको छ। धुलो दूध उत्पादन गर्ने उद्योगको क्षमता बढेको कारण दूध विदाको समस्यामा कमी आएको छ भने त्यसले विदेशी धुलो दूधसँग प्रतिस्पर्धी हुनुपर्ने र त्यसको सघन नियमन हुनुपर्ने अवस्थाको सिर्जना गरेको छ।

# ३. समस्या र चुनौती

नेपालको दुग्ध क्षेत्रमा अवसरहरू विद्यमान भए तापनि थुप्रै समस्याहरू रहेका छन्। आगामी वर्षहरूमा यस क्षेत्रलाई व्यवस्थित र प्रतिस्पर्धी बनाउनुपर्ने चुनौतीको कारण यो क्षेत्रमा नीतिगत सुधारको आवश्यकता रहेको छ।

नेपालको दुग्ध क्षेत्रमा माग र आपूर्तिको अवस्थामा समय समयमा असन्तुलन देखा पर्ने गरेको छ। दूध उत्पादन बढी हुने मौसममा माग कम हुने र कम उत्पादन हुने मौसममा माग बढ्ने अवस्थाले गर्दा वर्षैभरि माग

र आपूर्तिको सन्तुलन मिलाउन कठिन छ। कोभिड-१९ र भविष्यमा हुन सक्ने यस्तै महामारी लगायत भूकम्प, बाढी, पहिरो लगायतका प्रकोपले गर्दा दूध उत्पादन, माग र आपूर्ति व्यवस्थालाई तत्काल असर गर्ने जोखिमलाई न्यूनीकरण गर्ने चुनौती छ।

अर्थतन्त्रमा ९ प्रतिशत भन्दाबढी योगदान रहेको यो क्षेत्रमा आशातीत लगानी हुन सकेको छैन। बजारमा आपूर्ति हुने दूधमध्ये करिब दुई तिहाइ अंश गुणस्तरको सुनिश्चितता नभएको अनौपचारिक ढङ्गको बिक्री वितरण पद्धतिले धानेको छ। यसले गर्दा दूधको गुणस्तर नियमन गरी दुग्ध क्षेत्रलाई व्यवस्थित गर्न कठिनाइ भएको अवस्था छ।

देशभित्र गाई भैंसीको सङ्ख्या तुलानात्मक रुपले बढी भएपनि धेरै दूध दिने उन्नत पशुवस्तुको अंश कम छ। उन्नत नश्ल व्यवस्थापनमा सुधार गर्नु चुनौतीपूर्ण छ। कम दूध दिने स्थानीय गाईहरूको प्रतिस्थापन, नश्ल सुधार, आहारा तथा स्वास्थ्य व्यवस्थापन आदिमा सेवा उपलब्धता, समयानुकुल प्रविधिको अबलम्वन र व्यावसायिक पशुपालनको विस्तारको गति सुस्त छ। साना किसान प्रवर्द्धन र तिनको व्यावसायीकरण आशातीत रूपमा हुन सकेको छैन। दुधालु पशुपालन, दूध सङ्कलन, प्रशोधन, भण्डारण र बजारीकरणका मापदण्ड र सो को नियमन गर्ने संस्थागत र कानुनी व्यवस्था रहेको भएतापनि गुणस्तर नियन्त्रण र जनचेतना अभिवृद्धि गर्ने कार्यको प्रभावकारिता यथोचित स्तरको छैन।

उन्नत गाईपालनको दुष्प्रभावको रूपमा छाडा गाईको समस्या बढिरहेको छ। यसले दूध उत्पादनका विद्यमान प्रवृत्तिमा सूधार ल्याउनुपर्ने अवस्था सिर्जना गरेको छ। अनौपचारिक रूपमा बिक्री वितरण हुने अप्रशोधित र लेबल नलगाइएका दूधले औपचारिक दूध बजारमा प्रभाव पार्न थालेकोले यसको सम्बोधन गर्नु जरुरी भइसकेको छ।

उच्च उत्पादन लागत, प्रविधिको कम उपयोग, उत्पादनको विविधीकरणमा कमी लगायतका कारणहरूले गर्दा नेपालको दुग्ध व्यवसायको प्रतिस्पर्धात्मक क्षमता कम छ। यसकारण दूध उत्पादनमा नेपाल आत्मनिर्भरता तर्फ लम्कँदै गर्दा पनि दुग्धजन्य पदार्थहरूको आयात भइरहेको छ। नेपालको चिज, छुर्पी, घ्यू लगायतका दुग्धजन्य उत्पादनहरू वैदेशिक बजारमा माग भएतापनि तिनलाई औपचारिक कारोबारको रूपमा विकास गर्न सकिएको छैन। दुग्ध क्षेत्रको मूल्य शृङ्खलामा रहेका समस्याहरू पहिचान र सम्बोधन गर्न चुनौती छ।

## ४. नीति पुनर्लेखनको आवश्यकता

देहायका कारणहरूले गर्दा दुग्ध विकास नीति, २०६४ लाई पुनर्लेखन नै गरी नयाँ नीति तयार गर्नुपर्ने आवश्यकता देखिएको छः

४.१ बीस वर्षे दीर्घकालीन कृषि योजना, राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ को मर्म अनुरुप दुग्ध विकास नीति, २०६४ जारी भएकोमा उक्त नीतिले परिवर्तित समय अनुसार दुग्ध क्षेत्रको सुधारको तीव्र माग र चुनौतीहरूको अपेक्षाकृत रूपमा सम्बोधन गर्न नसक्ने भएकोले दिगो विकास लक्ष्य र कृषि विकास रणनीति अनुसार हुने गरी नयाँ नीतिको आवश्यकता परेको।

४.२ नेपालको संविधानमा उल्लेख भएका राज्यका नीति तथा मौलिक हक लगायत कृषि, खाद्य, रोजगारी, समतामूलक आर्थिक वृद्धि लगायतका सम्बन्धित विषयहरू हासिल गर्न योगदान दिने गरी दुग्ध क्षेत्रमा नीतिगत सुधार आवश्यक देखिएको।

४.३ सङ्घीय व्यवस्था कार्यान्वयनसँगै अस्तित्वमा आएका सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको प्रशासनिक व्यवस्था र संविधान निर्दिष्ट तहगत कार्यविभाजन अनुसार दुग्ध क्षेत्रको समष्टिगत विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तह बीच सहकार्य, समन्वय र साझेदारी विकास गरी समग्र दुग्ध क्षेत्रको समावेशी तथा एकीकृत विकास गर्न जरुरी देखिएको।

४.४ देशमा गुणस्तरीय दूध तथा दुग्ध पदार्थको मागमा भएको निरन्तर वृद्धिबाट व्यावसायिक पशुपालनमा युवाको आकर्षण, विभिन्न क्षमताका दुग्ध उद्योगहरू स्थापना, सहकारीहरूको दूध उत्पादन, वितरण र प्रशोधनमा बढ्दो उपस्थिति लगायतका कारणले बढ्दो उत्पादनको व्यवस्थापन सहित औपचारिक प्रशोधनमा आउन नसकेको ठूलो परिमाणको दूधलाई औपचारिक प्रशोधनमा ल्याउन मूल्य शृङ्खलामा आधारित उत्पादन तथा व्यवस्थापन प्रणालीको सघन कार्यान्वयन दायित्व पूरा गर्नुपर्ने भएको।

४.५ यथेष्ट परिमाणमा गुणस्तरीय दूध तथा दुग्धजन्य सामग्री उत्पादन गरी देशलाई दूधमा आत्मनिर्भर तथा निर्यात परिमाण वृद्धि समेत गर्न औद्योगिकीकरणको माध्यमबाट ठूला स्वचालित दूध प्रशोधन उद्योग स्थापना तथा सञ्चालन गर्नु पर्ने आवश्यकतालाई कृषक, सरोकारवाला निकाय तथा तीन तहका सरकारहरूबीच साझेदारी, समन्वय र सहकार्य गर्न नीतिगत स्पष्टता आवश्यक भएको।

दुग्ध विकास नीति, २०६४ को सामान्य परिमार्जनले मात्र उल्लिखित सम्पूर्ण विषयवस्तुहरूको लागि दिशानिर्देश गर्न पर्याप्त नहुने भएकोले यसलाई पुनर्लेखन नै गर्नुपर्ने आवश्यकता भई राष्ट्रिय दुग्ध विकास नीति, २०७८ तयार गरिएको छ।

## ५. दूरदृष्टि

वि.सं. २१०० सम्म मूल्य शृङ्खलामा आधारित, नाफामूलक, व्यावसायिक र प्रतिस्पर्धी दुग्ध क्षेत्र।

## ६. लक्ष्य

६.१ प्रतिव्यक्ति प्रतिवर्ष दूधको उपलब्धता आगामी दुई वर्षभित्र ९१ के.जी. र वि.सं. २१०० सम्म दुई गुणा वृद्धि गर्ने।

६.२ व्यावसायीकरण, औद्योगिकीकरण तथा मूल्य शृङ्खलाको विकास गरी गुणात्मक रोजगारीको सिर्जना गर्ने।

६.३ दूध व्यवसायलाई नाफामूलक र दिगो पेसाको रूपमा विकास गरी यसबाट हुने आम्दानीलाई उच्च बनाउने।

६.४ औपचारिक प्रशोधनमा १७ प्रतिशतमा सीमित दूधको परिमाणलाई वि.सं. २१०० सम्म ६० प्रतिशतमा पुर्‍याउने।

## ७. उद्देश्यहरू

यो नीतिका उद्देश्यहरू देहाय बमोजिमका छन्:

७.१. सरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्य र साझेदारीमा दूधको उत्पादन र उत्पादकत्व वृद्धि गरी देशलाई दुग्ध पदार्थमा आत्मनिर्भर बनाउने र निर्यात प्रवद्र्धन हुने वातावरणको निर्माण गर्ने।

७.२ उत्पादन सामग्री, सेवा पूँजी तथा दूध सङ्कलन, प्रशोधन र बजारीकरणको संयन्त्र विस्तार र सुदृढीकरण गर्दै दुग्धजन्य मूल्य शृङ्खलाको सुधार गर्ने।

७.३ दुग्धजन्य मूल्य शृङ्खलाका प्रत्येक इकाइमा वातावरणीय तथा गुणस्तर व्यवस्थापनका असल अभ्यासहरु अवलम्वन गर्दै दूध तथा दुग्धजन्य पदार्थहरुको गुणस्तर सुनिश्चित गर्नु ।

## ८. नीतिहरू तथा रणनीतिहरू

**नीति ८.१ कृषकहरूको सूचीकरण, वर्गीकरण र पहिचानको आधारमा दूध उत्पादनमा संलग्न साना कृषकहरूलाई राज्यबाट संरक्षण, सहयोग र प्रोत्साहन गर्दै दूधको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरिनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्:

८.१.१ दूध उत्पादनको दृष्टिले बढी उत्पादन क्षमता भएका गाउँपालिका र नगरपालिकाहरूमा गाई, भैंसी वा चौंरीको पकेट क्षेत्र निर्धारण गरी तीनै तहका सरकारको सहयोगमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८.१.२ मध्य पहाडी लोकमार्ग, हुलाकी मार्ग तथा यातायातका सुविधा पुगेका ग्रामीण क्षेत्रहरूमा उत्पादन हुने कच्चा दूधको गुणस्तर सुधारका साथै दूध उत्पादन तथा उत्पादकत्व वृद्धि गरी दुग्ध व्यवसायलाई ग्रामीण क्षेत्रमा गरिबी निवारण एवम् आय आर्जन गर्ने आधारको रूपमा विकास गरिनेछ।

८.१.३ अछामी, लुलु, याक, चौंरी गाई, लिमे, पारकोटे, गड्डी भैंसी जस्ता स्थानीय रैथाने जातका पशुको पहिचान, संरक्षण र संवर्द्धन तथा तिनको उत्पादकत्व वृद्धिको लागि अध्ययन अनुसन्धान गरिनेछ।

८.१.४ परम्परागत दुधालु पशुपालन गर्ने कृषकहरूको घरायसी आवश्यकता परिपूर्ति गरी अतिरिक्त उत्पादन गर्न र तिनलाई बजारीकरणका संयन्त्रमा जोड्न प्रोत्साहन गरिनेछ। यस्ता कृषकहरूलाई समूह एवम् सहकारीमा आवद्ध गरी साना दूध उत्पादक कृषक सबलीकरण एवम् व्यावसायीकरण उन्मुख नीति अपनाइनेछ।

८.१.५ नेपालको उत्तरी भेगमा प्राकृतिक चरन खर्कहरूको व्यवस्थापन सुधार तथा परम्परागत सीमा पार चरिचरनको दिगो व्यवस्थापनबाट याक, चौंरी, भेडा तथा च्याङ्ग्रापालनलाई संरक्षण गर्दै कृषकहरूको जीविकोपार्जन र आर्थिक सुधारका लागि प्रदेश र स्थानीय तहको समन्वयमा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

८.१.६ उन्नत पशुहरूको सङ्ख्यामा वृद्धि गरी उत्पादकत्वमा वृद्धि गर्न भौगोलिक विविधता अनुसार नश्ल सुधारका नवीनतम् प्रविधि प्रयोगमार्फत उपयुक्त पकेटहरूमा स्थानीय तहहरू समेतको संलग्नतामा कृषक समूह, दुग्ध उत्पादक सहकारी संस्था तथा निजी क्षेत्रलाई परिचालन गरी स्रोत केन्द्रहरू विकास गरिनेछ।

८.१.७ दुधालु पशुहरूमा अत्यधिक क्षति पुर्याउने खोरेत तथा थुनेलो जस्ता रोगहरू नियन्त्रण गरिनेछ। पशु स्वास्थ्य संरक्षण एवम् पशु रोग नियन्त्रणको लागि प्रतिरोधात्मक तथा उपचारात्मक सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ। यसको लागि आवश्यक प्राविधिक सहयोग सहित दुग्ध उत्पादक सहकारी संस्था तथा निजी क्षेत्रलाई समेत परिचालन गरिनेछ।

८.१.८ पशुपालनको लागि वर्षैभरि चरन तथा आहाराको व्यवस्था गर्न सामुदायिक वन, खाली जमिन एवम् पर्ती जग्गामा समूह तथा सहकारीमा आधारित घाँस खेतीलाई प्रोत्साहन गरिनेछ। साथै घाँसको दाना बनाउने मेसिन खरिद गर्न एवम् प्रविधि उपयोग गर्न सहुलियत प्रदान गरिनेछ। घाँस खेती प्रवर्द्धनको लागि समूह, चक्लाबन्दी एवम् करार खेतीलाई प्राथमिकता दिइनेछ।

८.१.९ पशुपालन तथा आय आर्जनका लागि विशेषतः महिला, सीमान्तकृत एवम् दलित तथा पिछडिएका वर्गलाई सहुलियत व्याज दरमा दुग्ध उत्पादक सहकारी संस्थामार्फत समूहगत ऋण एवम् प्राविधिक सहयोगको व्यवस्था गरिनेछ।

८.१.१० व्यावसायिक रुपले दूध उत्पादन गर्ने युवाहरूलाई बाँझो वा कम उत्पादन हुने जग्गामा लागतमा सहभागिता हुने गरी गोठ लगायत पूर्वाधार निर्माण गरी दूध उत्पादनको लागि प्रोत्साहित गरिनेछ।

८.१.११ कृषक, सहकारी एवम् निजी क्षेत्रका व्यवसायीलाई पशुपालन तथा दूधको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान, पशु उपचार, पशु आहार, गोठ सुधार र मलमूत्र व्यवस्थापन लगायत सेवालाई एकीकृत रूपमा प्रदान गर्न एकीकृत सेवा केन्द्रको स्थापना गरिनेछ।

८.१.१२ पशु बीमा तथा सहुलियत व्याजदरको ऋण एवम् दूध उत्पादनमा आधारित अनुदानमार्फत उत्पादनलाई प्रोत्साहित गर्दै जोखिम न्यूनीकरण गरिनेछ। पशु धन बीमा सेवा उपलब्धता र विस्तारको लागि कृषक समूह, दुग्ध उत्पादक सहकारी संस्थालाई समेत परिचालन गरिनेछ।

८.१.१३ कृषक वर्गीकरणको आधारमा वितरण गरिने कृषक परिचयपत्र वा कृषक सूचीकरणको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहबाट कृषकलाई सुविधा र सहुलियत उपलब्ध गराइनेछ।

८.१.१४ सरकारी, गैह्र सरकारी संस्था, किसान सङ्गठन, सहकारी एवम् निजी क्षेत्रको सहभागितामा दुग्ध विकास कोष स्थापना गर्ने र सो कोषबाट कृषकको समग्र विकास तथा क्षमता अभिवृद्धि गरिनेछ।

**नीति ८.२ व्यावसायिक स्वरुप लिएका तुलनात्मक रूपमा ठूला दूध उत्पादकहरूको व्यावसायिकता र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी दूधको पूर्ति गरिनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्:-

८.२.१ सरकारी र निजी क्षेत्र समेतको सहभागितामा नवीनतम् प्रविधियुक्त नश्ल सुधार सेवा (कृत्रिम गर्भाधान भ्रूण प्रत्यारोपण, सेक्स सिमेन लगायत) उपलब्ध गराइनेछ।

८.२.२ कृषि अनुसन्धान परिषद्, सरकारी फार्म र निजी किसान र तिनका समूहलाई समावेश गरी उच्च प्रजनन् मान भएका नश्ल उत्पादन, रेकर्डिङ, वितरण र नियमनको व्यवस्था गरिनेछ।

८.२.३ दुग्ध क्षेत्रमा कार्यरत सहकारी सङ्घ संस्थाहरूको अगुवाइमा घाँस खेतीको लागि आवश्यक कृषि सिँचाइमा सहुलियतपूर्ण अनुदानको व्यवस्था गरिनेछ।

८.२.४ दुग्ध उत्पादक कृषकहरूलाई आवश्यक पर्ने घाँस खेतीको लागि जग्गा व्यवस्था गर्न जग्गा लिज करार वा भूमि बैंक जस्ता उपयुक्त विधिहरूलाई सरलीकृत गरिनेछ।

८.२.५ सुख्खायाममा पनि दूधको उत्पादन बढाउन उपयुक्त पशु आहार, सुक्ष्म पोषण, प्रजनन् तथा घाँसेबाली र साईलेज, टिएमआर, हे तथा अन्य आधुनिक प्रविधिको विकास एवम् विस्तार गरिनेछ। दूधको उत्पादन लागत घटाई प्रतिस्पर्धात्मक क्षमता बढाउन पोसिलो घाँसमा आधारित पशुपालनलाई प्राथमिकता दिइनेछ।

८.२.६ दूध उत्पादक कृषकको जग्गा कम भई वा अन्य कारणले घाँस खेती गर्न नसक्ने समस्या समाधान गर्न व्यावसायिक गाई-भैंसीपालन केन्द्रित हरियो घाँस, साइलेज, पराल लगायतका पशु आहारा उत्पादन र आपूर्ति गर्ने व्यवसायलाई प्रदेश र स्थानीय तहबाट आवश्यक प्रोत्साहन र सहुलियत प्रदान गरिनेछ।

८.२.७ उन्नत पशुहरूलाई आवश्यक पर्ने दाना र फीड सप्लिमेण्ट लगायत उत्पादन सामग्रीहरूको गुणस्तर नियमनलाई प्रभावकारी बनाइनेछ।

८.२.८ असल पशुपालन अभ्यासको मापदण्ड बनाई लागू गरिनेछ। आधुनिक फार्म व्यवस्थापनको लागि व्यावसायिक कृषकलाई यन्त्र र प्रविधि प्रयोगमा प्रोत्साहित गरिनेछ।

८.२.९ पशु रोगको अन्वेषण, रोकथाम र उपचार सेवा निजी क्षेत्रसँगको सहकार्यमा विशिष्टीकृत गरिनेछ। रोग नियन्त्रणको रणनैतिक कार्ययोजना तयार गरी लागू गरिनेछ।

८.२.१० व्यावसायिक पशुपालक कृषक र कृषक समूहहरूको सूचीकरण तथा दर्ता गरी सुलभ कर्जा, बीमा र अन्य वित्तीय तथा गैह्र वित्तीय सहुलियत प्रदान गर्ने कार्य प्रभावकारी बनाइनेछ। दुधालु पशुहरू खरिदको लागि नेपाल राष्ट्र बैंकद्वारा निर्देशित न्यून व्याजदरको कृषि कर्जा कृषकहरूलाई सरल तथा सहजरूपमा उपलब्ध गराउन बैंकहरूलाई उत्प्रेरित गरिनेछ।

८.२.११ शिक्षा मन्त्रालय र सो अन्तर्गतका प्राविधिक एवम् व्यावसायिक सीप प्रदान गर्ने शिक्षालयहरूसँग समन्वय गरी आधुनिक डेरी व्यवसायलाई आवश्यक पर्ने डेरी विशेष मध्यमस्तरीय जनशक्ति तयार

गरिनेछ। दूध उत्पादन र दुग्ध उद्योगमा संलग्न प्राविधिक तथा व्यवस्थापनतर्फका कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि कार्यक्रमको व्यवस्था गरिनेछ।

८.२.१२ सङ्घ, प्रदेश एवम् स्थानीय तहको सहकार्य, समन्वय र साझेदारी तथा व्यावसायिक कृषक, कृषक समूह, सहकारीको सहभागितामा सम्भावना भएका प्रत्येक स्थानीय तहमा एक पशु स्रोत केन्द्र र प्रत्येक प्रदेशमा कम्तीमा एउटा प्रजनन् र व्यवस्थापनका आधारभूत मापदण्ड पालना गर्ने र आधिकारिक निकायबाट प्रमाणीकरण गर्ने गरी तुलनात्मक रूपमा ठूलोस्तरको उन्नत पशु स्रोत केन्द्रको स्थापना गरिनेछ।

**नीति ८.३ दूध उत्पादन क्षेत्रहरू लक्षित दूध सङ्कलन, प्रशोधन तथा बजारीकरणको व्यवस्थापनमार्फत दूध मूल्य शृङ्खलाको सुधारसहित व्यावसायीकरण तथा औद्योगिकरणलाई प्रोत्साहित गरिनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः

८.३.१ ग्रामीण क्षेत्रमा उत्पादित दूधको सङ्कलन क्षेत्र विस्तार गर्न मध्य पहाडी लोकमार्ग, हुलाकी मार्ग तथा यातायातका सुविधा पुगेका ग्रामीण क्षेत्रहरूमा सरकारी, सामूहिक, सहकारी तथा निजी दूध चिस्यान केन्द्रहरूको विस्तार गरिनेछ।

८.३.२ दूध तथा दुग्ध पदार्थ ढुवानी एवम् वितरणमा प्रयोग हुने सवारी साधनको आवागमनलाई अत्यावश्यक सेवाको सूचीमा समावेश गरिनेछ।

८.३.३ दूध उत्पादक कृषक, कृषक समूह, सहकारी एवम् निजी कम्पनी वा फार्मलाई दूध प्रशोधन र बजारीकरणमा सहभागिता हुने गरी प्रशोधन केन्द्र एवम् बिक्री केन्द्रहरू स्थापना गर्न प्रोत्साहन गरिनेछ। किसानको स्वामित्व कायम हुने गरी बजार व्यवस्थापन गरिनेछ।

८.३.४ दूध उत्पादक कृषक, कृषक समूह, सहकारी, सरकारी तथा निजी दुग्ध उद्योगहरूले दूध उत्पादन तथा सङ्कलन एवम् दूध प्रशोधन गर्ने कार्यमा उपयोग हुने मेसिन, उपकरण तथा ढुवानी साधनहरूको पैठारीमा सालबसाली आर्थिक ऐन बमोजिम भन्सार सहुलियतको व्यवस्था गरिनेछ।

८.३.५ सहकारी क्षेत्रमा स्थापना भएका दूध चिस्यान केन्द्र तथा दुग्ध उद्योगहरूमा खपत हुने विद्युत् महसुलमा दिइँदै आएको सहुलियतको व्यवस्थालाई निरन्तरता दिनुका साथै सरकारी, निजी तथा किसान समूहले सञ्चालन गरेका दूध चिस्यान केन्द्रहरूमा खपत हुने विद्युत् महसुलमा छुट दिइनेछ।

८.३.६ दूध प्रशोधन तथा विविधीकरणमा संलग्न उद्योगहरूलाई प्रति ५०० लिटर दूध बराबर एक बिक्री कक्ष वा फ्रेन्चाईज स्थापनाको लागि अभिप्रेरित गरिनेछ।

८.३.७ दुग्ध क्षेत्रको व्यावसायीकरण र औद्योगिकीकरण गरी रोजगारी सिर्जना गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका नेपालीलाई दूधजन्य व्यवसाय सञ्चालन गर्न प्रोत्साहन छुट र अन्य सहुलियत उपलब्ध गराइनेछ।

८.३.८ दूध उत्पादन, प्रशोधन एवम् दुग्ध पदार्थ विविधीकरणका लागि उपयुक्त प्रविधिहरूको साथै दूध उत्पादन लागत घटाउने उपायहरूको अनुसन्धान तथा विकास गरिनेछ।

८.३.९ दूध तथा दुग्धजन्य पदार्थको प्याकेजिङ्गको लागि प्रिन्टेड प्याकेजिङ्ग सामानहरू उत्पादन गर्ने उद्योगको स्थापना गरिनेछ। नेपालमा नै यस्ता उद्योगको स्थापना भई उत्पादन नभएसम्म यस्ता सामग्रीहरूको पैठारीमा विशेष छुट दिइनेछ।

८.३.१० अनौपचारिक रुपले बजारीकरण हुने गरेको कच्चा दूधलाई औपचारिक पद्धतिमा रूपान्तरण गरिनेछ।

८.३.११ घरेलुस्तरको डेरी व्यवसायको सुधार गरी तिनलाई गुणस्तरको परिधिभित्र ल्याउन नियमनको प्रभावकारिता र दायरामा वृद्धि गरिनेछ। दुग्धजन्य उत्पादनको विविधीकरण गर्ने लघु, घरेलु तथा साना उद्योगलाई प्रविधि हस्तान्तरण तथा प्राविधिक सहायता उपलब्ध गराइनेछ।

८.३.१२ सरकारी र निजीस्तरका मझौला तथा ठूला डेरी उद्योगहरूको क्षमता विस्तार गरी कृषकबाट उत्पादित दूधको औपचारिक सङ्कलन, चिस्यान र ढुवानीको व्यवस्था गरी बिक्रीको सुनिश्चित गरिनेछ।

**नीति ८.४ मौसम अनुसार दूध उत्पादनको परिमाणमा हुने घटबढले पार्ने समस्या न्यूनीकरण गर्न धुलो दूधको प्रभावकारी व्यवस्थापनलाई रणनैतिक रूपमा उपयोग गरिनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्:-

८.४.१ गाईभैंसीपालनमा दूध उत्पादनको मौसमी प्रभाव कम गर्न आहारा लगायतका असल पशु अभ्यासमा जोड दिइनेछ। भैंसीमा हुने प्रजनन् प्रवृत्ति र व्यवस्थापनका प्राविधिक पक्षहरूमा सुधार गरी प्रति वेत दूध दिने समय वृद्धि गरिनेछ।

८.४.२ दूध उत्पादन बढी हुने मौसम (फ्लस सिजन) मा अधिक उत्पादन हुने कारणले सिर्जना हुने दूध विदा (मिल्क होलिडे) र कम उत्पादन हुने मौसम (लीन सिजन) मा दूध उद्योगहरूले कच्चा दूध नपाउने अवस्था अन्त्य गर्नको लागि फ्लस सिजनमा बढी भएको तरल दूधलाई धूलो दूधमा रूपान्तरण गर्ने र लिन सिजनमा तिनको उपयोगको परिमाणात्मक तथ्याङ्क अध्यावधिक गरिनेछ र सो तथ्याङ्कको कम्तीमा पाँच वर्षको प्रक्षेपण गरिनेछ।

८.४.३ सो सूचना अनुसार देशमा धुलो उत्पादन गर्नुपर्ने परिणामको आधारमा धुलो दूध उत्पादन गर्ने उद्योग स्थापना गर्न कृषक समूह, सहकारी एवम् निजी दुग्ध उद्योगहरूलाई प्रति के.जी. दूधमा निश्चित मापदण्डको आधारमा अनुदान प्रदान गरिनेछ।

८.४.४ विदेशी धुलो दूधसँग मूल्यमा प्रतिस्पर्धा गर्न दुध उत्पादनको लागत घटाउने दिगो तथा दीर्घकालीन उपायहरू अपनाउन प्रोत्साहन गरिनेछ। अल्पकालीन रूपमा धुलो दूध उत्पादनमा प्रयोग हुने मेसिनरीहरू र तिनका पार्टपुर्जा तथा विदेशी धुलो दूधमा लाग्ने भन्सार दरलाई पुनरावलोकन गरी स्वदेशी उद्योगको संरक्षण गरिनेछ। स्वदेशी धुलो दूधमा लाग्ने कर भ्याटमा सहुलियतको व्यवस्था गरिनेछ।

८.४.५ केही एसियाली मुलुकहरूमा धुलो दूधको निर्यातको सम्भावना रहेको परिप्रेक्ष्यमा ती उत्पादनहरूलाई मूल्य र गुणस्तरमा प्रतिस्पर्धी बनाइनेछ। सम्भावित आयात गर्ने मुलुकहरूसँग व्यापार प्रवर्द्धन गरिनेछ।

८.४.६ धुलो दूध र वटर लगायत दुग्ध उत्पादनहरू उचित वातावरणमा भण्डारण गर्ने पूर्वाधारको क्षमता (वेयर हाउस) वृद्धि गरिनेछ।

८.४.७ स्वदेशमा स्थापना भएका धुलो दूध कारखानाको सुदृढीकरण गरी देशलाई आवश्यक पर्ने स्तरीय धुलो दूध उत्पादन लगायत वेवी फुड, अल्ट्रा हिट ट्रिटमेण्ट (UHT) दूध, चकलेट, क्याटवरी, बेकरी उद्योग लगायतका मूल्य अभिवृद्धि हुने दुग्ध पदार्थहरू उत्पादन गर्न सरकारी, कृषक समूह, सहकारी तथा निजी क्षेत्रलाई आन्तरिक वा स्वःलगानीमा उद्योग स्थापना तथा सञ्चालनको लागि प्रोत्साहन गरिनेछ।

८.४.८ पोल्ट्री क्षेत्र, बङ्गुरका आहारा, गुँदपाक लगायत धुलो दूध प्रयोग हुन सक्ने नयाँ क्षेत्रहरू पहिचान गरी सोको प्रवर्द्धन गरिनेछ।

**नीति ८.५ दूधको आन्तरिक खपत बढाउनको लागि विभिन्न रणनैतिक उपायहरू अपनाइनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः-

८.५.१ दूध तथा दुग्ध पदार्थहरूको आन्तरिक खपत बढाउनको लागि दुग्धजन्य पदार्थको उपभोगको फाइदाबारे जनचेतना अभिवृद्धि गरिनेछ।

८.५.२ आन्तरिक माग अनुसारका विविध दुग्ध पदार्थहरूको उत्पादन गरिनेछ। साथै स्वदेशी उद्योगलाई दुग्ध पदार्थ आयात गरिने मुलुकहरूसँग गुणस्तर, प्याकेजिङ्ग र मूल्यमा प्रतिस्पर्धी बनाउने रणनैतिक उपायहरू लागू गर्न निजी, सरकारी र सहकारी क्षेत्रबीच सहकार्य गरिनेछ।

८.५.३ शैक्षिक संस्था, सरकारी कार्यालय, सुरक्षा निकायहरूका साथै अस्पतालहरूमा यथा सम्भव स्वदेशी दुग्धजन्य पदार्थहरूको उपभोग गर्ने व्यवस्था गरिनेछ।

८.५.४ स्वदेशी एवम् विदेशी निकायबाट सञ्चालित पोषण सम्बन्धी कार्यक्रममा स्वदेशमा उत्पादित दूध तथा दुग्ध पदार्थ समावेश गर्ने व्यवस्था अनिवार्य गरिनेछ। विद्यालय दुग्धपान कार्यक्रम, अनाथालय तथा वृद्धाश्रमहरूमा स्वदेशमा उत्पादित दूध तथा दुग्धजन्य पदार्थ वितरण जस्ता कार्यक्रमहरूको प्रवर्द्धन गरिनेछ।

**नीति ८.६ आन्तरिक तथा बाह्य बजारको सम्भाव्यताका आधारमा उत्पादन विविधीकरणद्वारा दुग्ध पदार्थहरूको आयात प्रतिस्थापन गरी देशलाई आत्मनिर्भर बनाउने र दूध तथा दुग्ध पदार्थलाई निर्यातयोग्य वस्तुको रूपमा विकास गरिनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः-

८.६.१ जनसङ्ख्याको आधारमा तोकिएको परिमाणमा दूध उत्पादन गर्ने पकेट क्षेत्र, जिल्ला, स्थानीय तह, प्रदेशहरूलाई दूध उत्पादनमा आत्मनिर्भर क्षेत्रको रूपमा घोषणा गर्दै लगिनेछ।

८.६.२ आयात हुने गरेका दुग्धजन्य पदार्थको प्रकार र परिमाणबारे अध्ययन गरी देशभित्रै उक्त दुग्ध पदार्थहरू उत्पादन गर्न प्रविधि प्रयोग र सीप वृद्धि तथा बजारीकरणमा विशेष प्रोत्साहन गरिनेछ। यस्ता क्षेत्रमा वैदेशिक लगानी तथा प्रविधि आयातलाई समेत प्रोत्साहन गरिनेछ।

८.६.३ दूध तथा दुग्ध पदार्थलाई निर्यात गर्न आयातकर्ता देशको मागको आधारमा तोकिएको स्थानमा खोरेत लगायतका संक्रामक रोगमुक्त क्षेत्र घोषणा गर्न आवश्यक व्यवस्था गरिनेछ।

८.६.४ दूध तथा दुग्ध पदार्थहरूको बजारको नियमित अनुगमन तथा अध्ययन गरी मूल्य, माग, आपूर्ति, आयात तथा निर्यातको सूचना सङ्कलन, विश्लेषण तथा प्रवाह गर्ने व्यवस्था गरिनेछ।

८.६.५ दूध तथा दुग्ध पदार्थ विविधीकरण गरी ब्रान्डिङ्ग गर्ने स्वदेशी उद्योग एवम् सो को निर्यात गर्ने उद्योगलाई विशेष सहुलियत प्रदान गरिनेछ। दूध तथा दूधबाट उत्पादित खाद्य सामग्रीहरूको प्याकेजिङ्ग तथा लेभलिङ्ग गर्न र ट्रेडमार्क, सामुहिक ट्रेडमार्क जस्ता बौद्धिक सम्पत्ति दर्ता गर्न प्रोत्साहित गरिनेछ।

८.६.६ दूध तथा दुग्ध पदार्थको स्थान विशेषको परिकार तयार गर्ने क्षमता अभिवृद्धि गर्ने एवम् सोको बजारीकरण गर्न विशेष पहल गरिनेछ। सो को लागि दुग्ध उत्पादनमा संलग्न कृषक सहकारीहरूको क्षमता अभिवृद्धि गरिनेछ।

८.६.७ नेपालको विशेष पहिचान रहेको याक चिजलाई विशिष्ट उत्पादनको रूपमा विकास गर्न र निर्यातयोग्य छुर्पी उत्पादनको लागि सहुलियतपूर्ण वित्तीय र प्राविधिक सहायता उपलब्ध गराइनेछ।

गाईको दूधबाट चिज उत्पादन र विकास गर्न सहयोग पुर्‍याइनेछ। यस्ता विशिष्टकृत उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म पुर्याउन र प्राङ्गारिक दुग्ध पदार्थको उत्पादन गर्न विशेष पहल गरिनेछ।

८.६.८ बाख्राको दूध उत्पादन वृद्धि गरी सोबाट चिज एवम् अन्य दुग्ध पदार्थ उत्पादन गर्नको लागि प्रोत्साहन गरिनेछ।

८.६.९ निर्यात प्रवर्द्धन गर्न गुणस्तर परीक्षण प्रयोगशालालाई तोकिएको मापदण्डको आधारमा मान्यता प्रदान (एक्रिडिटेशन) गरिनेछ। दूध तथा दुग्धजन्य पदार्थमा रोगका जीवाणु नभएको परीक्षण र प्रमाणीकरण गर्न सक्षम हुने गरी संस्थागत सुदृढीकरण गरिनेछ।

८.६.१० दुग्धजन्य तयारी वस्तु उत्पादन गर्ने नेपाली लगानीकर्ता रहेको उद्योगले विदेशमा आफ्ना उत्पादन निर्यात गरेमा निर्यातमा नगद अनुदान वा प्राविधिक वित्तीय र कर छुट लगायतका सुविधा प्रदान गरिनेछ।

८.६.११ दैनिक उपभोग गर्ने उपभोक्ता र होटेल रेष्टुरेण्टहरूको माग अनुसार उपयुक्त हुने किसिमले विभिन्न दुग्ध पदार्थ जस्तैः बटर चिज धुलो दूध सिधै पिउने चिसो दूध लगायतलाई साना साना प्याकिङ्ग गरी बिक्री वितरण गर्ने व्यवस्था गरिनेछ।

८.६.१२ नेपाली परम्परागत उत्पादनहरू जस्तैः छुर्पी याक चीज गुँदपाक ललिपप आदिमा प्रविधियुक्त बनाई तिनलाई गुणस्तर र प्रमाणिकरण प्रणालीभित्र ल्याउने तथा प्याकेजिङ्ग र ब्राण्डिङ्ग प्रवर्द्धन गरिनेछ।

**नीति ८.७ गुणस्तर सुधार तथा नियमनमार्फत उपभोक्ताहरूलाई गुणस्तरयुक्त दूध तथा दुग्ध पदार्थहरू सर्वसुलभ रूपमा उपलब्ध गराइनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः-

८.७.१ दूधको गुणस्तर सुधारको लागि दूध उत्पादक कृषक, कृषक समूह तथा दुग्ध उद्यमीहरूको चेतना अभिवृद्धिका साथै उपयुक्त प्रविधि उपलब्ध गराइनेछ।

८.७.२ सफा, स्वच्छ तथा गुणस्तरीय दूध उत्पादनको लागि दुग्ध उद्योगहरूले दुग्ध उत्पादक सहकारी संस्थाहरू तथा दूध उत्पादनसँग सम्बन्धित सङ्घसंस्थाहरूमार्फत कृषकहरूलाई नियमित रूपमा शिक्षा, तालिम एवम् सूचना आदान-प्रदानका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

८.७.३ उपभोक्ताको हितलाई ध्यानमा राखी बजारमा बिक्री वितरणका लागि आपूर्ति भएका दूध तथा दुग्ध पदार्थहरूको गुणस्तर नियमित रूपमा परीक्षण गरी गुणस्तरयुक्त दूध उपलब्ध गराउने डेरीहरूलाई ग्रेडिङ्ग गरी उत्कृष्ट नतिजा ल्याउने डेरीका दूध सङ्कलन केन्द्र र सहकारी संस्था, चिस्यान केन्द्र र उद्योगहरूलाई पुरस्कृत गर्ने नीति लिइनेछ। साथै न्यूनतम गुणस्तर कायम नगर्ने व्यवसायीलाई कानुन बमोजिम दण्डित गरिनेछ।

८.७.४ दूध तथा दुग्ध पदार्थहरूको भण्डारण तथा उपभोग गर्ने विधिको साथै उपभोग अवधिबारे उपभोक्ताहरूलाई जागरुक गराइनेछ।

८.७.५ दुग्ध उत्पादन र आपूर्ति शृङ्खलाको सम्पूर्ण प्रणालीमा चिस्याउने सुविधाको व्यवस्था गरिनेछ।

८.७.६ दूध तथा दुग्ध पदार्थहरूको गुणस्तर पुनरावलोकन गर्नुका साथै खाद्यसँग सम्बन्धित प्रचलित कानुनले नसमेटेका दुग्ध पदार्थहरूको मापदण्ड निर्धारण गरिनेछ। दुग्ध पदार्थहरूको प्रोडक्ट स्पेसिफिकेशन राख्न प्रोत्साहन गरिनेछ।

८.७.७ खाद्य ऐनले तोके बमोजिम दूध तथा दुग्ध पदार्थको स्वच्छता, गुणस्तर र बिक्री वितरण सम्बन्धी निर्देशिका तथा आचारसंहिता तयार गरी लागू गरिनेछ।

८.७.८ दूध प्रशोधन गर्ने कारखानाहरूमा खाद्य स्वच्छता व्यवस्थापन प्रणाली अनिवार्यरूपमा अवलम्बन गर्न प्रोत्साहन गरिनेछ।

८.७.९ दूध तथा दुग्ध पदार्थहरूको उपयुक्त प्याकिङ्ग मापदण्ड तयार गरी लागू गरिनेछ।

८.७.१० दूध तथा दुग्ध पदार्थहरूको गुणस्तर सुनिश्चितताको लागि विभिन्न तहमा सुविधा सम्पन्न सरकारी तथा निजी एकीकृत डेरी तथा खाद्य परीक्षण प्रयोगशालाहरूको व्यवस्था र सुदृढीकरण गरिनेछ। साथै असल अभ्यासहरूलाई कृषक समूह र सहकारीको माध्यमबाट विस्तार गरिनेछ।

८.७.११ उत्पादन, सङ्कलन तथा प्रशोधनमा दूध तथा दुग्धजन्य उत्पादनको गुणस्तर कायम गर्न असल अभ्यासलाई प्रोत्साहन गरी गुणस्तर नियमन गर्ने व्यवस्था मिलाइनेछ।

**नीति ८.८ गुणस्तरमा आधारित प्रोत्साहन तथा कच्चा दूधको मूल्य निर्धारण पद्धतिको अवलम्बन गरिनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः-

८.८.१ सरकारको "संरक्षित कृषि, सुनिश्चित बचत" अवधारणालाई दुग्ध क्षेत्रमा समेत लागू गरिनेछ। उत्पादन लागत तथा गुणस्तरका आधारमा कृषकले निश्चित मुनाफा पाउने गरी व्यवस्थित बजार प्रणालीको व्यवस्था गरिनेछ।

८.८.२ वार्षिक मूल्य वृद्धि एवम् उत्पादन लागतका आधारमा दूधको मूल्यलाई हरेक दुई वर्षमा दुग्ध विकास बोर्डको अध्ययन प्रतिवेदनको आधारमा पुनरावलोकन गर्ने व्यवस्थाको विकास गरिनेछ। दूध उत्पादन बढी हुने फ्लस र कम उत्पादन हुने लीन सिजनको लागि बेग्लाबेग्लै मूल्य निर्धारण गरिनेछ। साथै पशुहरूको नश्लको आधारमा गाई, भैंसी, चौंरी तथा बाख्राबाट उत्पादित दूधको मूल्य निर्धारण गरिनेछ।

८.८.३ दूधको मूल्य निर्धारण गर्दा अन्तर्राष्ट्रिय अभ्यासमा रहेका गुणस्तर सम्बन्धी मापदण्डलाई सम्भाव्यताका आधारमा समावेश गरी कच्चा दूधको गुणस्तर क्रमशः सुधार गरिनेछ।

८.८.४ दूध उत्पादनमा प्रदान गरिने अनुदान सुविधा प्रदान गर्दा कायम हुनुपर्ने दूधको न्यूनतम गुणस्तर निर्धारण गरिनेछ।

**नीति ८.९ दुग्ध उद्योगबाट निस्कने फोहोरहरूको वैज्ञानिक व्यवस्थापन र हरितगृह ग्याँस उत्सर्जन कम गर्ने उपायहरू अवलम्बन गरी वातावरण संरक्षण र स्वस्थ अभ्यास प्रवर्द्धन गरिनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः-

८.९.१ दूध उत्पादक पशुहरूको लागि हरितगृह ग्याँस उत्पादन कम गर्ने उपयुक्त आहाराको विकास र प्रयोग, वातावरणमैत्री प्याकेजिङको पहिचान र प्रविधि विकास गरी दूध उत्पादक कृषकसम्म प्रसार गर्ने व्यवस्था गरिनेछ। यसका लागि आवश्यक अनुसन्धान तथा विकासमा जोड दिइनेछ।

८.९.२ ठूलो सङ्ख्यामा रहेका अनुत्पादक पशुहरूको सट्टा उत्पादक पशुहरूको सङ्ख्यामा वृद्धि गर्ने उपायहरूको अवलम्बन गरिनेछ। यस्ता कार्यक्रम नेपाल कृषि अनुसन्धान परिषद्, पशुसेवा विभाग एवम् शैक्षिक संस्थाहरूको संयुक्त सहभागितामा सञ्चालन हुनेछ।

८.९.३ पशुहरूलाई आहार उपलब्धता वृद्धिको साथै कार्वन पृथकीकरणको लागि कृषि–वन प्रणालीको प्रवर्द्धन गरिनेछ।

८.९.४ पशुपालनलाई वायोग्याँस प्रविधिसँग एकीकृत गरी स्वच्छ उर्जाको उत्पादनमा कृषकलाई प्रोत्साहित गरिनेछ।

८.९.५ हरितगृह ग्याँस उत्सर्जनका कारण हुने जलवायु परिवर्तनको असरहरूबारे दुग्ध उत्पादक कृषक तथा कृषक समूहहरूको सचेतना अभिवृद्धि गरिनेछ। यस सम्बन्धमा सरकारी तथा निजी अनुसन्धान केन्द्र लगायत शिक्षण संस्थाहरूसँगको सहकार्यमा आवश्यक अध्ययन तथा अनुसन्धान गरिनेछ।

८.९.६ उद्योगहरूमा उर्जा बचत गर्ने फोहरमैला उपचार प्लाण्ट (इफ्लुएण्ट ट्रिटमेण्ट प्लाण्ट) स्थापना गर्न सहुलियतपूर्ण वित्तीय सेवा उपलब्ध गराइनेछ।

**नीति ८.१० गाईपालन कार्यबाट सिर्जित अनुत्पादक पशुहरूको व्यवस्थापनमा स्थानीय तह तथा प्रदेशस्तरका निकायहरूको सहभगितामा पशु छाडा छोड्ने प्रवृत्तिलाई निरुत्साहन गरिनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्ः-

८.१०.१ छाडा पशुको समस्या भएका स्थान, क्षेत्र, जिल्लामा छाडा छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न कानुन तथा संरचना निर्माण गरिनेछ। स्थानीय तहले यस सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यक्रमहरू सञ्चालन गर्नेछन्।

८.१०.२ अनुत्पादक गाई, गोरु, बहर र बाच्छाहरूको दिगो तथा आर्थिक व्यवस्थापनका लागि आवश्यकता अनुसार स्थानीय तह र प्रादेशिक निकायहरूको समन्वय, सहकार्य र साझेदारीमा गौशाला, वहर होस्टेल आदिको व्यवस्थाको गरिनेछ र यस्ता पशुहरूलाई आर्थिक उपार्जनको क्षेत्रमा उपयोग गरिनेछ। यसको लागि गोबर ग्याँस प्लाण्ट, कम्पोष्ट, गहुँत तथा छाला, हाड, खोरजन्य सह-उद्योगहरू सञ्चालन गरिनेछ।

८.१०.३ सातै प्रदेशमा प्रमुख पशुवस्तुका पशु पहिचान र खोज (एनिमल आइडेण्टिफिकेशन र ट्रेसियाबिलिटी) को कार्यक्रम लागू गरिनेछ।

८.१०.४ गाईपालनको विस्तारबाट सिर्जेको छाडा पशुको समस्या कम गर्न म्यापिङ्ग गरी सम्भाव्यताको आधारमा भैंसीपालनलाई विस्तार गर्न प्रदेशको पहलमा विशेष प्रोत्साहन गरिनेछ।

**नीति ८. ११ दुग्ध क्षेत्रको समग्र संस्थागत विकासका लागि सरोकारवाला सङ्घ संस्था सहित मौजुदा निकायहरूको सुदृढीकरण र संस्थागत विकास गरिनेछ।**

यस नीति कार्यान्वयनका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन्।

८.११.१ राष्ट्रिय दुग्ध विकास बोर्डलाई दुग्ध क्षेत्र विकासको नीति निर्माण र योजना तर्जुमा, दुग्ध क्षेत्र प्रवर्द्धन, अनुगमन तथा नियमन गर्ने एक सवल संस्थाको रूपमा विकास गरिनेछ। परिवर्तित सन्दर्भमा बोर्डको भूमिका प्रभावकारी बनाउन कानुनी र सङ्गठनात्मक संरचनामा आवश्यक सुधार गरिनेछ।

८.११.२ दुग्ध क्षेत्रको विकासको लागि आवश्यता अनुसार प्रादेशिक दुग्ध विकास बोर्डको गठन गरिनेछ। यस्तो बोर्ड गठन र कार्य सञ्चालन गर्दा राष्ट्रिय दुग्ध विकास बोर्डसँग कार्यगत समन्वय र सहकारिता सुनिश्चित गरिनेछ। दुग्ध विकासको क्षेत्रमा योजना तर्जुमा, लगानीको लागि स्रोतको पहिचान, अनुगमन, नियमन, तालिम तथा दुग्ध क्षेत्रका विविध विषयहरूको अध्ययन अनुसन्धान गर्न प्रादेशिक बोर्ड सहित राष्ट्रिय दुग्ध विकास बोर्डको क्षमता अभिवृद्धि गरिनेछ।

८.११.३ दुग्ध उद्योगहरूको लागि आवश्यक प्राविधिक जनशक्तिको विकास गर्न एक केन्द्रीय डेरी अध्ययन प्रतिष्ठान स्थापना गरिनेछ। यस प्रतिष्ठानबाट दुग्ध प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान तथा तालिमको सञ्चालन गरिनेछ। विद्यालय तथा विश्वविद्यालयहरूमा दुग्धसँग सम्बन्धित प्रविधिको अध्ययन तथा अनुसन्धान गर्न आवश्यक संरचनाहरूको विकास गरिनेछ।

८.११.४ दुग्ध क्षेत्रमा संलग्न सरोकारवालाहरूको योगदानमा आधारित दुग्ध विकास कोष स्थापना गरिनेछ र सो कोष दुग्ध क्षेत्रको समग्र विकास एवम् विस्तारमा उपयोग गरिनेछ।

८.११.५ दुग्ध क्षेत्रका सूचनाको लागि तथ्याङ्क एवम् सूचनाहरूको व्यवस्थापन प्रणालीको विकास गर्न दुग्ध उत्पादन, सङ्कलन, प्रशोधन, दूध तथा दुग्ध पदार्थहरूको मूल्य, माग, आपूर्ति, गुणस्तर आदि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अद्यावधिक तथ्याङ्क तथा सूचनाहरू सङ्कलन तथा प्रवाह गर्न राष्ट्रिय दुग्ध विकास बोर्डमा दुग्ध तथ्याङ्क बैंकको स्थापना गरिनेछ। दुग्ध उत्पादक तथा अन्य सरोकारवालाहरूलाई उक्त सूचना तथा तथ्याङ्कमा पहुँच बढाउन आवश्यक उपायहरू अवलम्बन गरिनेछ।

८.११.६ दुग्ध क्षेत्रमा विकास भएका अत्याधुनिक नवीनतम् प्रविधि भित्र्याउन राष्ट्रिय दुग्ध विकास बोर्डले उद्यमीहरूको प्राविधिक तथा व्यवस्थापकीय दक्षता अभिवृद्धिको लागि सहजकर्ताको भूमिका खेल्नेछ।

८.११.७ देशमा सञ्चालनमा रहेका दुग्ध प्रशोधन उद्योगहरूको प्रशोधन क्षमताका आधारमा उद्योगमा अनिवार्य रूपमा राख्नुपर्ने जनशक्तिको सङ्ख्या र योग्यता तोकिनेछ।

८.११.८ रैथाने जातका गाई, भैंसी, याक, चौंरी सम्बन्धी थप अनुसन्धान तथा प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ।

## ९. नीतिको कार्यान्वयन तथा अनुगमन व्यवस्था

९.१ संविधानको अनुसुची ५ देखि ९ र नेपाल सरकारले स्वीकृत गरेको कार्य विस्तृतिकरण प्रतिवेदनले औंल्याएका कार्य जिम्मेवारी र अधिकार क्षेत्रभित्र रही सङ्घ, प्रदेश र स्थानीय तहहरूले यस नीतिमा उल्लेख भएका विषयहरू आपसी समन्वय र सहकार्यमा लागू गर्नेछन्।

९.२ नीतिमा उल्लेखित उत्पादन तथा उत्पादकत्व वृद्धिसँग प्रत्यक्ष सम्बन्धित र उत्पादन सामग्री तथा सेवा प्रदान गर्ने विषयहरू स्थानीय तहले गर्नेछन्। स्थानीय तहभित्रको दुग्ध मूल्य शृङ्खलाको सुधार गर्न असल पशुपालन अभ्यास, गुणस्तर व्यवस्थापन, सङ्कलन केन्द्रहरूको स्थापना, साना प्रशोधन उद्योगको विकास, स्थानीय बजारीकरणको पूर्वाधार निर्माण तथा सुधार र जनचेतना अभिवृद्धिका कार्य समेत स्थानीय तहले गर्नेछन्।

९.३ कुनै स्थानीय तह वा धेरै स्थानीय तहहरूमा उत्पादन भएका दूधको मूल्य शृङ्खलाको प्रकृति स्थानीय तहको सीमा नाघेर प्रादेशिकस्तरको शृङ्खला तयार भएको अवस्थामा त्यसको सुधार गर्ने जिम्मेवारी स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रदेश सरकारको हुनेछ। मझौला र ठूला खालका प्रशोधन उद्योग, स्रोत केन्द्र र प्रयोगशालाहरूको स्थापना, उत्पादन सामग्रीहरू र उत्पादनको गुण नियमन र स्थानीय तहले प्रदान गर्न नसक्ने विशिष्टीकृत सेवा र क्षमता विकासका कार्य प्रदेश सरकारबाट हुनेछ।

९.४ राष्ट्रिय स्तरको मूल्य शृङ्खलाको सुधारका कार्य प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा सङ्घले गर्नेछ। दुध क्षेत्रको राष्ट्रिय प्राथमिकता निर्धारण, अनुसन्धान, शिक्षा, प्रविधि विकास, नीति, रणनीति र कानुन निर्माण, गुणस्तरका मापदण्ड र राष्ट्रिय नियमन, बजारीकरणका क्षेत्रमा ठूला पूर्वाधार निर्माण तथा प्रादेशिक एवम् स्थानीय बजारलाई राष्ट्रिय बजार ग्रिडमा जोड्ने जस्ता कार्यहरू सङ्घले गर्नेछ। त्यस्तै वैदेशिक सहयोग र बजेटको परिचालनका साथै तीनै तहमा क्षमता विकास लगायतका प्रदेश र स्थानीय तहको क्षमताले सञ्चालन गर्न नसक्ने कार्यसमेत सङ्घले गर्नेछ।

९.५ यस नीतिको कार्यान्वयन राष्ट्रिय दुग्ध विकास बोर्ड र दूध क्षेत्रसँग सम्बन्धित कार्य गर्ने सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत सरकारी निकायहरूले आ-आफ्नो कार्य जिम्मेवारी र कार्यक्षेत्र बमोजिम

गर्नेछन्। किसान, किसान सङ्गठन, सहकारी, निजी क्षेत्र तथा गैरसरकारी निकायहरूले दुग्ध क्षेत्रसँग सम्बन्धित कार्य गर्दा यस नीतिको मर्म अनुसार गर्नेछन्। यो नीतिको समग्र कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन व्यवस्था कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गर्नेछ।

९.६ राष्ट्रिय दुग्ध विकास बोर्डले सम्बन्धित निकायहरू समेतको समन्वयमा यस नीतिमा उल्लिखित प्रावधानहरूको कार्यान्वयन कार्ययोजना तयार गर्नेछ।

९.७ यस नीतिमा उल्लिखित व्यवस्थाहरूको कार्यान्वयनको लागि विद्यमान कानुनी प्रावधानहरूमा आवश्यक परिमार्जन तथा नयाँ कानुन निर्माण एवम् संरचनागत सुधार गरिनेछ।

## १०. संस्थागत व्यवस्था

नीति कार्यान्वयन तथा अनुगमनको व्यवस्थापन, समीक्षा तथा मूल्याङ्कनको लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ।

| | | |
|---|---|---|
| क) | माननीय मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अध्यक्ष |
| ख) | सचिव (पशुपन्छी तर्फ), कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| ग) | सहसचिव, योजना तथा विकास समन्वय महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| घ) | सहसचिव, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| ङ) | अध्यक्ष वा प्रतिनिधि, राष्ट्रिय किसान आयोग | सदस्य |
| च) | सहसचिव (कृषि क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग | सदस्य |
| छ) | महानिर्देशक, पशुसेवा विभाग | सदस्य |
| ज) | महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| झ) | प्रतिनिधि, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | सदस्य |
| ञ) | प्रतिनिधि, प्रादेशिक दुग्ध विकास बोर्ड | सदस्य |
| ट) | महाप्रबन्धक, दुग्ध विकास संस्थान | सदस्य |
| ठ) | प्रतिनिधि गाउँपालिका तथा नगरपालिका महासङ्घ (२ जना) | सदस्य |
| ड) | कार्यकारी निर्देशक, राष्ट्रिय दुग्ध विकास बोर्ड | सदस्य सचिव |

१०.१ दुग्ध सम्बन्धी सहकारी संस्था, उद्योग, डेरी विज्ञ, किसानसँग सम्बन्धित सङ्गठन तथा आवश्यकता अनुसारका अन्य व्यक्ति वा संस्थाका प्रतिनिधिहरूलाई यस समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

१०.२ प्रदेश र स्थानीय तहको आवश्यकताको आधारमा प्रदेश र स्थानीय तहहरूमा समेत यस्ता समितिहरू गठन गर्न सकिनेछ।

१०.३ निर्देशक समितिको बैठक वर्षको कम्तीमा दुई पटक र आवश्यकता अनुसार बस्नेछ।

१०.४ यस समितिले राष्ट्रिय दुग्ध विकास नीति, २०७८ अनुरुप कार्ययोजना र कार्यान्वयनको अवस्थाबारे समीक्षा गर्नेछ।

१०.५ राष्ट्रिय दुग्ध विकास नीति, २०७८ को कार्यान्वयन अवस्था एवम् सुधार गर्नुपर्ने विषय समेटी राष्ट्रिय दुग्ध विकास बोर्डले वार्षिक रूपमा मन्त्रालयमा प्रतिवेदन पेस गर्नेछ।

## ११. आर्थिक पक्ष

दुग्ध क्षेत्रको विकासका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश र स्थानीय तहबाट वार्षिक रूपमा आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरिनेछ। दुग्ध क्षेत्रमा कार्यरत विभिन्न सरोकारवालाहरूको स्रोत सहितको साझेदारिता बढाइनेछ।

## १२. कानुनी व्यवस्था

१२.१ राष्ट्रिय दुग्ध विकास नीति, २०७८ कार्यान्वयन पश्चात् यससँग सम्बन्धित अन्य नीति, नियमावली, निर्देशिका, रणनीति आदि यसै नीति अनुकुल हुने गरी परिमार्जित गरिनेछ।

१२.२ यस नीतिको प्रवाभकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरूको व्यवस्था गरिनेछ।

## १३. नीतिको पुनरावलोकन

१३.१ समितिले राष्ट्रिय दुग्ध विकास बोर्डको प्रतिवेदन समेतको आधारमा यस नीति कार्यान्वयनको समीक्षा र सुधार गर्नुपर्ने विषयहरू पहिचान गर्नेछ।

१३.२ नेपाल सरकारले प्रत्येक पाँच वर्षमा यो नीतिको पुनरावलोकन गर्न सक्नेछ।

## १४. जोखिम तथा जोखिम न्यूनीकरण

यस नीतिमा उल्लेख भएका प्रावधानहरूलाई कार्यान्वयनको लागि सङ्घीय कृषि तथा पशुपन्छी मन्त्रालय र अन्तर्गतका निकायहरू जस्तै राष्ट्रिय दुग्ध विकास बोर्ड, प्रदेश तथा स्थानीय सरकारहरूको समन्वयात्मक प्रयास जरुरत रहन्छ। साथै दुग्ध क्षेत्रमा संलग्न कृषक, उद्यमी, व्यवसायी, सहकारी, व्यापारी लगायत विभिन्न निकाय तथा व्यक्तिहरूको क्रियाशीलता र सहयोग समेत आवश्यक हुन्छ। पर्याप्त र निरन्तर समन्वय तथा सहकार्यको जोखिमको कारण नीतिका लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने चुनौती छ।

यस नीतिलाई कार्यान्वयन गर्न विद्यमान संस्थागत संरचना र कानुनी प्रबन्धले मात्र पर्याप्त हुँदैन। जनशक्तिको क्षमता र कृषक, व्यवसायी र सहकारीको संस्थागत सुदृढीकरण पर्याप्त मात्रामा गर्न सकिएन भने नीतिको कार्यान्वयन आशातीत रूपमा हुन नसक्ने जोखिम छ।

यी प्रमुख जोखिमहरूलाई समाधान गर्न दुग्ध क्षेत्रमा संलग्न तीन तहका सरकार र सरोकारवालाहरूको संयुक्त सहभागितामा नीति कार्यान्वयन कार्य योजना तयार गरी सबैको भूमिकालाई वस्तुगत रूपमा स्पष्ट पारिनेछ। नीति र कार्य योजनालाई सबै तहहरूमा व्यापक प्रचार र पैरवी गरी नीति कार्यान्वयनमा जोड दिइनुका साथै समन्वय र सहकार्यको प्रणाली स्थापना गरिनेछ। थप कानुन, निर्देशिका र मापदण्ड निर्माण र प्रसार गरिनेछ। संस्थागत क्षमता वृद्धि र अनुगमन मूल्याङ्कनको योजना तयार गरी कार्यान्वयन गरिनेछ। तीनै तहको वार्षिक बजेट कार्यक्रममा दुग्ध क्षेत्रको विकासको लागि प्राथमिकताका साथ स्रोत विनियोजन गरिनेछ।

## १५. खारेजी र बचाउ

दुग्ध विकास नीति, २०६४ खारेज गरिएको छ। दुग्ध विकास नीति, २०६४ बमोजिम भए गरेका सम्पूर्ण कामकारबाही यसै नीति बमोजिम भए गरेको मानिनेछ।

# राष्ट्रिय मत्स्य विकास नीति, २०७९

## १. पृष्ठभूमि

नेपाल भौगोलिक विविधता, हावापानीमा विशिष्टता र जलस्रोतमा सम्पन्न भएको देश हो । कृषि क्षेत्रको वृद्धिमा विगत केही समयदेखि महत्वपूर्ण योगदान दिन सक्ने सम्भावित उपक्षेत्रको रूपमा मत्स्यपालन रहेको छ । उपयोगमा नआएका प्राकृतिक स्रोत साधनको प्रयोग, अमूल्य जलीय जीवहरूको संरक्षण र सम्वर्द्धन तथा मत्स्यपालनमा नवीनतम् प्रविधिको विकासले मानव शरीरलाई अति आवश्यक पर्ने पोषक तत्वहरूको आपूर्तिमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । देशका विभिन्न भौगोलिक क्षेत्रहरूमा फस्टाउन सक्ने व्यावसायिक मत्स्यपालनको विकास र विस्तार गरी पोषण सुरक्षाको साथै पर्यटन, रोजगारी, आयात प्रतिस्थापन र निर्यातमा वृद्धि गर्दै दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा यो क्षेत्रले योगदान दिन सक्दछ ।

नेपालको संविधानको निर्देशक सिद्धान्त अनुरूप स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको उद्देश्य तथा राज्यका अर्थ, उद्योग र वाणिज्य, कृषि र भूमि सुधार, विकास सम्बन्धी नीति तथा प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिलाई मत्स्य क्षेत्रको विकासमा आत्मसात गर्दै देशको अर्थतन्त्रलाई सुदृढ गर्न यस नीतिको योगदान हुने देखिन्छ । जलीय जैविक विविधताको संरक्षणले परम्परागत रूपमा अभ्यास भइरहेको मत्स्य उत्पादन प्रणालीलाई अझ बढी उत्पादनमूखी बनाई तिनलाई क्रमशः व्यावसायिक एकाइको रूपमा विकास गर्न सहयोग गर्ने हुनाले उत्पादन वृद्धि र जैविक विविधताको संरक्षण एक आपसका प्रतिस्पर्धी होइनन् । कृषि विकास रणनीतिले कृषि क्षेत्रको समग्र विकासका लागि प्राकृतिक स्रोतको संरक्षण र समुचित उपयोग समेतमा जोड दिई कृषि उत्पादनको व्यावसायिकरण, यान्त्रिकीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी र नाफामूलक बनाउने दिशामा मार्गदर्शन गरेको छ । मत्स्य क्षेत्रमा समेत यो रणनीति बमोजिमका सुधारहरू गर्दै प्रतिव्यक्ति तथा प्रति एकाइ क्षेत्रफलमा तुलनात्मक रूपमा बढी लाभ आर्जन भई जमिन तथा श्रमिक दुवैको उत्पादकत्वमा वृद्धि हुने आशा गर्न सकिन्छ । यसरी "समृद्ध नेपाल, सुखी नेपाली" को परिकल्पनालाई साकार पार्न समेत मत्स्य क्षेत्रले ठूलो योगदान पुर्‍याउने छ ।

## २. विगतका प्रयासहरू

माछा लगायतका जलीय जीवहरू परापूर्वकालदेखि नै मानवको आहारको रूपमा प्रसिद्ध रहेका छन् । जलाशय वरिपरि माछा समाती जीविकोपार्जन गर्ने समुदायको उल्लेख्य उपस्थितिलाई यसको प्रमाणको रूपमा लिन सकिन्छ । मत्स्यपालनको महत्वलाई दृष्टिगत गर्दै वि.सं. २००३ मा कृषि परिषद् अन्तर्गत मत्स्यपालन एकाइको गठन गरी नेपालमा मत्स्यपालनको सुरुवात गरिएको थियो । यसै गरी राज्यद्वारा जलचरहरूको महत्वलाई मध्यनजर गर्दै वि.सं. २०१७ मा जलचर संरक्षण ऐन लागु गरिएको थियो । वि.सं. २०१७ मा जलीय जीवको संरक्षणको दायित्व प्रदान गर्ने संस्थागत प्रबन्ध गरिएकोमा वि.सं. २०२३ देखि २०२९ सम्म मत्स्यपालन विभागको नेतृत्वमा मत्स्य सम्बन्धी कार्य सञ्चालनमा थिए । तत्पश्चात् मत्स्य क्षेत्रका सरकारी संरचनाहरू कृषि विभाग अन्तर्गत रहेकोमा मुलुकको सङ्घीय संरचना अनुसार वि.सं. २०७५ सालदेखि यी संरचनाहरू पशुसेवा विभाग अन्तर्गत रहने व्यवस्था गरिएको छ ।

मत्स्यपालनको विकास र विस्तारका लागि विभिन्न अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको उल्लेख्य भूमिका रहेको छ । ती निकायहरू समेतको सहयोगमा पोखरीमा मिश्रित तथा एकीकृत मत्स्यपालन, तालमा पिँजडा मत्स्यपालन, रेन्वोट्राउट मत्स्यपालन लगायतका प्रविधिहरूको विकास भएका छन् । वि.सं. २०५५ देखि पशु स्वास्थ्य तथा पशुसेवा ऐन, २०५५ बमोजिम मत्स्य बीज उत्पादन तथा आयात नियमनका कार्य हुँदै आएको छ । नेपाल कृषि अनुसन्धान परिषद्‌ले कृषकको आवश्यकता अनुरूप प्रविधिको विकास तथा अनुसन्धान गरी नेपालका विभिन्न भौगोलिक क्षेत्रको हावापानी अनुकूल मत्स्य प्रविधिको विकास गर्न अहम् भूमिका खेलेको छ ।

## ३. वर्तमान स्थिति

नेपालको जलक्षेत्रको रूपमा रहेका नदी, घोल, ताल, धाप, सिञ्चित धानखेत, नहर, पोखरी, रिजर्भवायर आदिले देशको करिब ५.३ प्रतिशत भाग ओगटेको छ। करिब ४ लाख घर परिवार प्राकृतिक जलाशयहरूबाट माछा समाती जीविकोपार्जन गरिरहेका छन् भने यस्ता जलाशयबाट करिब २१ हजार मेट्रिक टन माछा उत्पादन भई देशको अर्थतन्त्रमा झण्डै वार्षिक १३ अर्ब बराबरको योगदान पुगिरहेको छ।

मत्स्य क्षेत्रको समग्र विकास तथा विस्तार गर्न मत्स्य विकास तथा प्रसारका कार्यक्रमहरू नेपालको संविधानले तोकेको कार्य क्षेत्र तथा अधिकार बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहले सञ्चालन गरिरहेका छन्। प्रदेशस्तरका मत्स्य विकास केन्द्रहरू तथा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र स्थानीय तहमा पशु विकास शाखामार्फत मत्स्य विकासका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। मत्स्य क्षेत्रको विकासका लागि जनशक्ति उत्पादन, अध्ययन, अनुसन्धान तथा प्रविधि विकासका कार्यमा विभिन्न विश्वविद्यालय तथा नेपाल कृषि अनुसन्धान परिषद् संलग्न छन्। केही समय पहिलेदेखि नेपालकै विश्वविद्यालयहरूमा स्नातक तहदेखिनै मत्स्य विज्ञानको अध्ययन समेत सुरु गरिएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा मत्स्य विज्ञानको क्षेत्रमा मध्यमस्तरको जनशक्ति उत्पादन गर्ने कार्य थालनी भएको छ। मत्स्यपालनको क्षेत्रमा कार्य गर्ने क्षेत्रीय सञ्जाल 'नेटवर्क फर एक्वाकल्चर सेन्टर इन एसिया प्यासेफिक' मा नेपाल समेत आवद्ध भई मत्स्य प्राविधिकहरूको क्षमता अभिवृद्धि तथा अन्तर्राष्ट्रिय समन्वय र सहकार्यका कार्यमा केही सहजता प्राप्त भएको छ।

## ४. अवसर, समस्या तथा चुनौती

### ४.१ अवसर

नेपालको संविधानले गुणस्तरयुक्त खाद्यमा उपभोक्ताको पहुँचका साथै उपभोक्ताहरूलाई गुणस्तरीय खाद्य वस्तु उपलब्ध गराउने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको सन्दर्भमा पोषणयुक्त खाद्य उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व रहेको छ।

जनसङ्ख्या र नागरिकको क्रयशक्तिमा वृद्धि भइरहेको र स्वास्थ्य तथा खानपान सम्बन्धी जनचेतना बढ्दै गएकोले माछाको माग दिनानुदिन बढ्दै गएको छ। जलीय जैविक विविधताले धनीरहेको नेपालका नदीनालामा हालसम्म २३६ प्रजातिका माछाहरू पहिचान भएका छन्। यस मध्ये १६ प्रजातिका माछाहरू नेपालको जलीय वातावरणमा मात्र पाइने भएकाले यस्ता प्रजातिहरू जलीय पर्यटनको दृष्टिकोणले महत्वपूर्ण छन्। हालसम्म पहिचान भएका प्रजातिहरू मध्ये ११ प्रजातिका माछाहरूमा कृत्रिम प्रजननको अभ्यास सफल र सम्भाव्यताको आधारमा व्यावसायिक पालनका लागि प्रवर्द्धन गर्न उपयुक्त रहेको पाइएको छ। २३ प्रजातिका माछाहरू आगामी दिनमा व्यावसायिक पालनमा ल्याउन सकिने भएकोले जातीय विविधीकरण गरी व्यावसायिक मत्स्यपालनको क्षेत्रलाई थप विस्तार गर्न सकिने सम्भावना रहेको छ। यस्ता स्थानीय प्रजातिका माछाहरूको अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गरी वैदेशिक मुद्रा आर्जन गर्न सकिने अवसर रहेको छ।

### ४.२ समस्या तथा चुनौती

(क) **कम उत्पादन र उत्पादकत्व**: नेपालको मत्स्य क्षेत्रको उत्पादकत्व छिमेकी मुलुकको तुलनामा न्यून रहेको छ। नेपाल जलस्रोतमा धनी देश भएपनि त्यसको साह्रै न्यून अंश मात्र मत्स्यपालनमा उपयोग गरिएको कारण समग्र उत्पादन यथोचित रूपमा बढ्न सकेको छैन। अनुसन्धानबाट उपयुक्त प्रविधि विकास भई सो को विस्तार र उपयोग गर्ने विषयमा कम प्राथमिकता दिइएको र उपलब्ध प्रविधिहरूको प्रयोग समेत कम भएकोले उत्पादकत्व कम छ। मत्स्य व्यवसायलाई आवश्यक पर्ने परिमाणमा मत्स्य बीज देशभित्रै उत्पादन तथा वितरण गर्न नसकिएकोले उन्नत नस्लको आपूर्तिबाट उत्पादकत्व बढाउन बाधा पुगेको छ।

(ख) **आयातको निरन्तरता**: माछा तथा मत्स्यजन्य खाद्य वस्तुको बढिरहेको मागको तुलनामा उत्पादन कम भएको कारण उल्लेखनीय परिमाणमा ती वस्तुहरू आयात भइरहेका छन्। कृषिका विभिन्न बालीहरूको व्यावसायिक उत्पादनमा प्रयोग हुने विद्युत्को महशुलमा कृषि मिटरको सुविधा रहेको तर मत्स्यपालन

व्यवसायलाई उद्योग समूहमा राखिएकोले सो सुविधा प्राप्त भएको छैन र त्यसकारण माछाको उत्पादन लागत बढेको छ । मत्स्य क्षेत्रमा अनुदान, उपकरण र दानाजस्ता उत्पादन सामग्रीमा कम सहुलियत लगायतका कारण छिमेकी मुलुकको तुलनामा उत्पादन लागत बढ्न गएको छ । माछापालन, मत्स्य प्रशोधन, प्याकेजिङ र गुणस्तर व्यवस्थापनमा प्रविधिको कम प्रयोग, सार्वजनिक लगानीमा न्यूनता र निजी लगानीलाई उचित प्रोत्साहन दिन नसकेकोले अन्य मुलुकको तुलनामा यो क्षेत्र प्रतिस्पर्धी हुन सकेको छैन । त्यसले गर्दा नेपाली कृषक र व्यवसायीहरूलाई यस क्षेत्रप्रति आकर्षित गरी लगानी प्रोत्साहन गर्न कठिनाइ परेको छ । नेपाली बजारमा माग भएका र विदेशमा उत्पादन हुने खाने माछा, माछाको सुकुटी, सौन्दर्य माछा, क्यान फिसलगायत अन्य मत्स्यजन्य पदार्थ उत्पादनमा विविधीकरण गर्न नसकेकोले ती वस्तुहरूमा अन्य मुलुकमै भर पर्नु परेको छ ।

(ग) **माछापालनमा आश्रित जनताहरूको जीविकोपार्जनमा चुनौती**: जनसङ्ख्या वृद्धि, प्राकृतिक स्रोतहरूमा अवाञ्छित अतिक्रमण, माछा मार्ने कार्यमा गलत अभ्यास तथा जलवायु परिवर्तनको कारण जलीय तथा मत्स्य जैविक विविधता क्रमशः नष्ट हुँदै जाने जोखिम बढेको । साथै, जल तथा जलीय जीवमा आश्रित समुदाय जस्तैः माझी, मलाह, बोटे, जलारी आदिको क्षमता विकास र उनीहरूको पेसामा सहजीकरणका लागि उचित सेवा/टेवा दिने कार्य गर्न सकिएको छैन । त्यसकारण जीविकोपार्जन र पोषणको लागि मत्स्यजन्य पेसामा आश्रित विपन्न सीमान्तकृत समुदायको जीवन कष्टकर हुँदै गएको छ ।

(घ) **उपयुक्त बजार संयन्त्रको अभाव**: साना, मझौला तथा ठूला मत्स्यपालक कृषकको लागि उत्पादन सामग्रीको आपूर्ति र माछाको बिक्री वितरण गर्ने व्यवस्थित बजार र तिनको संयन्त्र स्थापित नहुनाले कृषक र उपभोक्ता दुवै पक्ष माछाको उपलब्धता, मूल्य र गुणस्तरमा मर्कामा परेका छन् ।

(ङ) **रोगको प्रकोप**: मत्स्य उत्पादनमा जैविक सुरक्षा र रोगको उपचार गर्ने सेवाप्रदायक कम भएकोले उत्पादनमा ह्रास आउने गरेको छ र यसले स्वच्छ मत्स्य उत्पादन गर्न बाधा पारेको छ ।

(च) **कमजोर जनशक्ति र संस्थागत क्षमता**: मत्स्य सम्बन्धी पेसामा थोरै मात्र कृषक व्यवसायी संलग्न रहेका बेलामा व्यवस्था गरिएका जनशक्तिले द्रुत गतिमा विकास भइरहेको हालको मत्स्य क्षेत्रको माग र आवश्यकतालाई सम्बोधन गर्नसक्ने अवस्था छैन । मत्स्य व्यवसायको प्रवर्द्धन, कृषकलाई सेवा/टेवा प्रदान, बजार तथा समग्र मत्स्य शृङ्खलाको गुणस्तर नियमन गर्ने संस्थागत संरचना र क्षमता अपर्याप्त छ ।

यी सबै समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्ने विषयमा नीतिगत मार्गचित्रको अभावका कारण मत्स्य क्षेत्रका योजना, कार्यक्रम तर्जुमा, कानुनी प्रबन्ध र संरचना निर्माणमा स्पष्टता आउन सकेको छैन । जसले गर्दा समग्र कृषि प्रणालीमा तीव्र विकासको सम्भावना भएको मत्स्य क्षेत्रको क्षमतालाई सही उपयोग गर्न सकिएको छैन ।

## ५. नीतिको आवश्यकता

आम नागरिकको पोषणयुक्त आहारमाथिको पहुँचमा वृद्धि गर्नु राज्यको दायित्व भएको सन्दर्भमा मत्स्यजन्य उत्पादन वृद्धि गरी गुणस्तरीय प्रोटिन र सूक्ष्म पोषण तत्वहरूको उपलब्धता सुनिश्चित गर्न मत्स्य क्षेत्रले महत्वपूर्ण भूमिका खेल्न सक्छ । जलस्रोत तथा जलीय जीवहरूको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा उपयोगको उपयुक्त व्यवस्था मिलाई जल तथा जलचरमाथि आश्रित समुदायको जीविकोपार्जनलाई सुरक्षित गरेर समतामूलक आर्थिक वृद्धिमा योगदान दिन समेत स्पष्ट मार्गदर्शन आवश्यक भइसकेको छ । उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, यस क्षेत्रलाई अन्य मुलुकसँगको तुलनामा प्रतिस्पर्धी बनाई आयात प्रतिस्थापन गर्ने र निर्यातको सम्भावनालाई उपयोग गर्ने काम राष्ट्रिय प्राथमिकताको विषय हो । यसका लागि मत्स्यपालनलाई आवश्यक पर्ने उत्पादन सामग्री, उर्जा, वित्त र बिमा लगायतका सेवालाई सहज र सुलभ रूपमा उपलब्ध गराउन, मत्स्यपालन, प्रशोधन

र विविधीकरणका प्रक्रियामा प्रविधिको प्रयोगका साथै बजारीकरणलाई व्यवस्थित गर्न स्पष्ट नीतिगत व्यवस्था हुनु जरुरी छ ।

यी सबै विषयहरूलाई समाधान गर्न जनशक्ति, संस्थागत प्रबन्ध र क्षमता विकास गर्न तीनै तहका सरकारहरूले संयुक्त र एकीकृत रूपमा प्रयास गर्नसमेत स्पष्ट दिशाबोध हुनु जरुरी छ ।

नेपाल सरकारले विश्व पशु स्वास्थ्य सङ्गठन, विश्व व्यापार सङ्गठन, जलवायु परिवर्तन स्रोत केन्द्र (क्लाइमेट चेञ्ज रिसोर्स सेण्टर-सि.सि.आर.सि.), नागोया प्रोटोकल लगायतका विभिन्न अन्तर्राष्ट्रिय निकायसँगको साझेदारीबाट फाइदा लिन तथा मत्स्य सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन गर्न समेत राष्ट्रिय नीति जरुरी छ । नेपालमा उपलब्ध अपार जल भण्डार, विविधतायुक्त भौगोलिक अवस्था, स्रोत साधनको उपलब्धताको अवस्थालाई जलीय जीवहरूको संरक्षण, उत्पादन, उपयोग, प्रवर्द्धन तथा व्यावसायीकरणका लागि उपयोग गर्नसमेत राष्ट्रिय मत्स्य विकास नीतिको आवश्यकता छ ।

## ६. दूरदृष्टि

पोषण सुरक्षा, रोजगारी वृद्धि र समतामूलक आर्थिक समृद्धिमा योगदान दिने दिगो, प्रतिस्पर्धी, नाफामूलक र वातावरणमैत्री मत्स्य क्षेत्र ।

## ७. लक्ष्य

मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, व्यावसायीकरण र क्षेत्र विस्तार गर्दै राष्ट्रलाई माछामा आत्मनिर्भर बनाउने तथा निर्यात प्रवर्द्धन गर्ने ।

## ८. उद्देश्यहरू

यो नीतिको उद्देश्यहरू देहाय बमोजिम कारहेका छन् ।

८.१ माछा लगायत जलीय जीवहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी यसलाई रोजगारी, जीविकोपार्जन तथा पोषण सुरक्षाको महत्वपूर्ण माध्यमको रूपमा विकास गर्ने ।

८.२ मत्स्यजन्य मूल्य शृङ्खलाको सुधार मार्फत यसलाई व्यावसायिक, प्रतिस्पर्धी र नाफामूलक क्षेत्रको रूपमा विकास गरी मत्स्यजन्य उत्पादनमा देशलाई आत्मनिर्भर बनाउने तथा निर्यात प्रवर्द्धन गर्ने ।

८.३ जलीय जैविक विविधता, वातावरण, वासस्थान तथा स्थानीय जलीय जीवहरूको संरक्षण, प्रवर्द्धन र समुचित उपयोग गर्दै मत्स्य क्षेत्रको दिगो विकास गर्ने ।

८.४ मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, व्यावसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता वृद्धि र दिगो विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य तथा समन्वयमा सहज, सुदृढ र उपयुक्त वातावरण सिर्जना गर्ने ।

## ९. नीति र रणनीति

उल्लिखित लक्ष्य र उद्देश्यहरू प्राप्त गर्नको लागि देहाय बमोजिम का नीति तथा रणनीतिहरू अवलम्बन गरिनेछन् ।

**उद्देश्य नं. १ः "माछा लगायत जलीय जीवहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी यसलाई रोजगारी, जीविकोपार्जन तथा पोषण सुरक्षाको महत्वपूर्ण माध्यमको रूपमा विकास गर्ने"।**

उद्देश्य बमोजिमका नीति र रणनीतिहरू

**नीति ९.१ पोखरी, घोल, तालतलैया, रिजर्भवायर, सिमक्षेत्र, सिञ्चित धानखेत, दह, सिँचाइ नहरहरू लगायतका उपलब्ध जलस्रोतहरूलाई प्रभावकारी उपयोग गर्दै मत्स्यपालनको क्षेत्र विस्तार गरिनेछ ।**

**रणनीतिहरू**

९.१.१ घोल तथा सिमसार क्षेत्रहरूलाई मत्स्यपालनका लागि उपयोगी बनाउन व्यावसायिक योजना सहित वित्तीय प्रोत्साहन तथा प्राविधिक सेवा/टेवा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

९.१.२ सिँचाइ नहर, पानी सङ्कलन गरिएका जलाशय (संरचनामा असर नगर्ने गरी) तथा प्रयोगमा नआएका सार्वजनिक जलक्षेत्रहरूको खोजी, विकास, विस्तार, पुनर्निर्माण तथा बाह्य अतिक्रमणबाट तिनलाई सुरक्षित बनाई मत्स्यपालनमा उपयोग गरिनेछ ।

९.१.३ विद्यमान सार्वजनिक तलाउ पोखरीहरूको मर्मत सम्भार तथा नयाँ पोखरीहरू निर्माण गर्न किसान, उद्यमी तथा सार्वजनिक निकायहरूलाई उचित प्राविधिक सेवा/टेवा तथा वित्तीय प्रोत्साहन सहित उत्प्रेरित गरिनेछ ।

९.१.४ ठूला सिँचाइ आयोजना र जलविद्युत् लगायत अन्य संरचना निर्माण गरी जलस्रोतको उपयोग गर्दा मत्स्य सम्बन्धी निकायको सहकार्यमा मत्स्य तथा मत्स्य बीज उत्पादन गर्ने योजना तथा कार्यक्रम निर्धारण गरिनेछ । यस सम्बन्धी संस्थागत संयन्त्रको गठन गरिनेछ ।

९.१.५ माछा उत्पादन तथा उपभोगको स्तर न्यून भएका पहाडी तथा उच्च पहाडी भेगमा सम्भाव्यताको आधारमा मत्स्यपालन विस्तार गरी भौगोलिक तथा क्षेत्रीय सन्तुलन कायम गरिनेछ ।

९.१.६ ती भेगमा प्राकृतिक जलाशयको खोजी, नयाँ माछा पोखरीको निर्माण र सम्भाव्य बजार पहिचान गरी माछा तथा माछाजन्य पदार्थहरूको भण्डार तथा बिक्री केन्द्रको स्थापना गर्ने व्यवस्था मिलाइनेछ । माछा उपभोगको महत्वबारे जनचेतना अभिवृद्धि गरी माछा उपभोग गर्ने बानीको विकास गर्न रणनैतिक उपायहरू अपनाइनेछ ।

९.१.७ ठूला मत्स्य पोखरी निर्माण गर्न सम्भव नहुने क्षेत्रमा करेसा पोखरी निर्माणलाई व्यापकता दिइनेछ ।

**नीति ९.२ स्थानीय जलक्षेत्रमा परम्परादेखिनै माछापालन गरी जीविकोपार्जन गर्ने समुदाय सुहाउँदो प्रविधि उपलब्ध गराई तिनलाई व्यावसायिक रुपान्तरण गर्न जोड दिइनेछ ।**

**रणनीतिहरू**

९.२.१ मत्स्य उत्पादनबाट स्थानीय जलक्षेत्रमा आफ्नो जीविकोपार्जन गरिरहेका साथै नदी किनारमा बसोबास गर्ने समुदायलाई आय आर्जन वृद्धि गर्नका लागि उपयुक्त प्रविधिहरूमा उनीहरूको पहुँचमा वृद्धि गरिनेछ ।

९.२.२ पिँजडा (केज), इन्क्लोजर (पेन) तथा पोखरीमा मत्स्यपालन गर्न सोही जलक्षेत्रमा आश्रित समुदायहरूलाई प्रोत्साहन गरिनेछ । स्थानीयस्तरमा गुणस्तरीय मत्स्यबीज उत्पादन हुने व्यवस्था मिलाइनेछ ।

९.२.३ मत्स्यपालन तथा मत्स्यकीबाट बढी प्रतिफल हासिल गर्न जल तथा जमिनको सही उपयोगबारे तिनको सक्षमता बढाउने व्यवस्था गरिनेछ ।

९.२.४ मत्स्यपालनबाट जीविकोपार्जन गरिरहेका समुदायलाई सङ्गठित गर्दै बजारीकरणका संरचना निर्माण र दक्षता वृद्धि गरी यस पेशालाई नाफामूलक व्यवसायको रूपमा रुपान्तरण गरिनेछ ।

**नीति ९.३ मत्स्यपालन विविधीकरणलाई प्रवर्द्धन गरिनेछ ।**

**रणनीतिहरू**

९.३.१ पूर्वसावधानीको सिद्धान्त (प्रिकसनरी प्रिन्सिपल) तथा वैज्ञानिक जोखिम विश्लेषणबाट उपयुक्त, नेपाल कृषि अनुसन्धान परिषद्को अनुसन्धानबाट सिफारिस स्थानीय तथा आयात गरिएका माछाका प्रजातिहरू सम्मिलित विविधतायुक्त मत्स्यपालनको विकास गरिनेछ ।

९.३.२ नेपालमा हुने विभिन्न माछाको वर्गीकरण गर्दै उच्च मूल्यका माछालाई उत्पादन, प्रशोधन र बजारीकरणमा प्राथमिकता दिइनेछ । त्यस्ता माछालाई निर्यात गर्ने विषयमा समेत जोड दिइनेछ ।

९.३.३ घोङ्गी, सिपी, झिङ्गे माछा, गङ्गटा, भ्यागुता, मखना, सिङ्गाडा, कमलजस्ता जलीय जीव तथा सिमसाग, हरहचजस्ता वनस्पतिलाई पहिचान गरी अनुसन्धानबाट प्रमाणित संरक्षण, प्रवर्द्धन, व्यवस्थापन तथा सन्तुलित पालन पद्धतिलाई प्रोत्साहन गरिनेछ । यस्ता मत्स्यजन्य खाद्य पदार्थको उपभोग बढाउन जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९.३.४ निजी तथा सरकारी फार्महरूको उत्पादकत्व तथा आम्दानीमा वृद्धि ल्याउन पशुपन्छीपालन तथा बालीजन्य उत्पादनसँग मत्स्यपालन समेत एकीकृत गरिने प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

९.३.५ पोखरी तथा जलाशयमा उपयुक्त वैकल्पिक प्रजातिहरूको प्रयोगका लागि मत्स्य प्रजनन, ह्याचरी, बीज उत्पादन तथा माछा उत्पादनमा अनुसन्धान र प्रविधि विकास गरिनेछ ।

**नीति ९.४ मत्स्य पर्यटनलाई सहयोग पुऱ्याउन मनोरञ्जनजन्य मत्स्यपालनलाई प्रवर्द्धन गरिनेछ ।**

**रणनीतिहरू**

९.४.१ पर्यटकीय क्षेत्रहरूमा विभिन्न स्थानीय तथा आयात गरिएका प्रजातिका माछाको व्यावसायिक पालनलाई प्रवर्द्धन गरिनेछ।

९.४.२ स्थानीय सौन्दर्य माछाको प्रवर्द्धनका लागि मत्स्य पार्क, मत्स्य सङ्ग्रहालय तथा मौलिक मत्स्य कला संस्कृति झल्किने संरचना निर्माण गरी तिनको प्रवर्द्धन गरिनेछ।

९.४.३ मत्स्य विकासलाई कृषि पर्यटनको महत्वपूर्ण अङ्गको रूपमा विकास गर्न सार्वजनिक, निजी तथा अन्य निकायको सहयोग तथा समन्वयमा जलाशयहरूमा मत्स्य विनोद तथा मनोरञ्जनात्मक कार्यको प्रवर्द्धन गरिनेछ। तोकिएको खोला, नाला, पोखरी, ताल, सिमसार वा अन्य जलाशयमा पर्यटकको मनोरञ्जनका लागि निश्चित मापदण्ड तयार गरी माछा मार्ने व्यवस्था मिलाइनेछ।

९.४.४ मत्स्यपालनबाट जीविकोपार्जन गर्ने समुदायको कला, संस्कृति तथा स्थान विशेषका मत्स्य तथा मत्स्यजन्य परिकारलाई मत्स्य पर्यटनका कार्यमा समावेश गरिनेछ।

९.४.५ माछा व्यवसायको परम्परागत प्रविधि, सीप र जीवन शैली झल्कने सङ्ग्रहालय तथा फिस पार्क स्थापना गरी मत्स्य पर्यटन प्रवर्द्धन गरिनेछ।

**नीति ९.५ जलवायु परिवर्तन तथा विभिन्न कारणबाट हुने विपद्‌बाट हुने क्षति न्यूनीकरण गरी माछामा आश्रित समुदाय तथा मत्स्य कृषकको हित हुने व्यवस्था गरिनेछ ।**

**रणनीतिहरू**

९.५.१ बाढी, पहिरो, जलवायु परिवर्तन तथा काबु बाहिरका परिस्थितिबाट उत्पन्न हुने प्रतिकुल असरहरूलाई न्यूनीकरण गर्न बिमा लगायतका जोखिम व्यवस्थापनका उपायहरू अवलम्बन गरिनेछ।

९.५.२ जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्ने गरी मत्स्यपालन तथा प्राकृतिक मत्स्य क्रियाकलाप सम्बन्धी अनुसन्धानबाट प्राप्त नतिजाहरूलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

९.५.३ विपद् सम्बन्धी स्थान विशेष आधारित पूर्व सूचना प्रणालीको विकास गरी स्थानीय तहसम्म पुग्ने संयन्त्रको स्थापना गरिनेछ।

९.५.४ जलवायु परिवर्तनको प्रभावबाट सिर्जना हुने अवसरहरूलाई उपयोग गर्न उपयुक्त भौगोलिक क्षेत्रमा उत्पादन हुने माछाहरूको व्यावसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोको विस्तार गरिनेछ।

**नीति ९.६ चिसो पानीमा पालन गरिने मत्स्य र जलचरको क्षेत्र विस्तार तथा उत्पादन प्रविधि र असल व्यवस्थापन पद्धतिको विकास गरिनेछ ।**

**रणनीतिहरू**

९.६.१ चिसो पानीमा हुने माछा तथा जलचरको बीज, दाना उत्पादन र व्यवस्थापनको क्षेत्रमा सुधार गरिनेछ।

९.६.२ पानीको स्रोतको उपयोगिता र आर्थिक नाफा बढाउन उपयुक्त उच्च मूल्यका चिसो पानीमा हुने प्रजातिको खोजी, अनुसन्धान तथा परीक्षण गरिनेछ।

९.६.३ चिसोपानीमा हुने माछा तथा जलचर पालनमा असल अभ्यास, रोग व्यवस्थापन, आनुवंशिक स्रोत संरक्षणमा जोड दिइनेछ।

**उद्देश्य नं. २ "मत्स्यजन्य मूल्य शृङ्खलाको सुधारमार्फत यसलाई व्यावसायिक, प्रतिस्पर्धी र नाफामूलक क्षेत्रको रूपमा विकास गरी मत्स्यजन्य उत्पादनमा देशलाई आत्मनिर्भर बनाउने तथा निर्यात प्रवर्द्धन गर्ने"**

उद्देश्य बमोजिमका नीति र रणनीतिहरू

**नीति ९.७ उचित प्रविधिको प्रयोग, असल अभ्यास र गुणस्तरीय उत्पादन सामग्रीहरूको प्रभावकारी उपयोग गर्दै सन्तुलित र सघन मत्स्यपालनलाई प्रवर्द्धन गरिनेछ ।**

**रणनीतिहरू**

९.७.१ माछा क्षेत्रमा फार्म टु फ्याक्ट्री तथा फ्याक्ट्री टु कन्जुमर अवधारणा बमोजिम मूल्य शृङ्खला स्थापित गर्न माछा प्रशोधन उद्योग, उत्पादन विविधीकरण, प्रविधि विकास र लगानीकर्ताको लागि आकर्षक प्याकेज बनाई सोको कार्यान्वयन गरिनेछ।

९.७.२ कार्प तथा अन्य जलचरहरूको मुल नस्लको सङ्ग्रह, माउ माछा बैंक तथा मत्स्य प्रजनन केन्द्र स्थापना गरी गुणस्तरीय मत्स्यबीजको उपलब्धतालाई सुनिश्चित गरिनेछ। यस्ता केन्द्रहरूमा गुणस्तरीय बीज तथा माउ माछा उत्पादन गर्ने व्यवस्था गरिनेछ। गुणस्तरीय मत्स्य बीज उत्पादन गर्न स्वीकृति प्राप्त निजी ह्याचरीहरूलाई यस्ता बीज वितरण गरिनेछ। बीज उत्पादन तथा वितरणमा संलग्न निजी क्षेत्रलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

९.७.३ स्थानीयस्तरमा उपलब्ध हुने रकम खर्चमा दाना तयार गर्न सकिने कच्चा पदार्थ बारे अनुसन्धान गरी प्रयोग गर्ने व्यवस्था मिलाइनुका साथै निजी क्षेत्रका उद्यमीहरूलाई मत्स्य दाना उद्योग खोल्न प्रोत्साहन गरिनेछ। स्थानीय जात तथा झिङ्गे माछापालनलाई प्रोत्साहन गरी फिसमिल उद्योग स्थापना गर्नसमेत सहुलियत प्रदान गरिनेछ।

९.७.४ गुणस्तरीय उत्पादन सामग्रीको उपलब्धता सुनिश्चित गराउन मत्स्यबीज तथा दाना प्रमाणीकरणको व्यवस्था लागु गरिनेछ।

९.७.५ स्थान विशेषमा परीक्षण गरिएका लागत प्रभावी मत्स्यपालन प्रविधि र असल अभ्यासलाई अवलम्बन गरी दिगो तथा सघन मत्स्यपालन प्रणालीलाई प्रवर्द्धन गरिनेछ।

९.७.६ मत्स्य तथा मत्स्यबीजको व्यावसायिक उत्पादनका लागि सम्भाव्य स्थलहरूमा अत्याधुनिक मत्स्य फार्म स्थापना गर्न कृषक तथा उद्यमीहरूलाई प्रोत्साहन गरिनेछ।

९.७.७ नयाँ निजी फार्म दर्ता गर्नुअघि तथा स्थापना भइसकेका निजी तथा सरकारी फार्महरूमा मत्स्यपालन असल अभ्यासलाई अनिवार्य गर्ने गरी मत्स्यपालन मापदण्ड तर्जुमा गरी लागु गरिनेछ।

९.७.८ मत्स्य बीज उत्पादन तथा वितरणमा संलग्न कृषक, व्यवसायी, सङ्घ संस्थाहरूलाई अनिवार्य रूपमा दर्ता गर्नुपर्ने कानुनी व्यवस्था गरिनेछ।

**नीति ९.८ मत्स्य व्यवसायमा निजी क्षेत्रको लगानी आकर्षित गर्नुका साथै मत्स्यकी तथा मत्स्यपालन परियोजनामार्फत महिला तथा युवाहरूलाई रोजगारीको अवसर सिर्जना गरिनेछ ।**

**रणनीतिहरू**

९.८.१ सहुलियत ब्याजदर, बीमा व्यवस्था, कर छुट, विद्युत्को उपयोगमा छुटजस्ता सहुलियतको व्यवस्था गरी निजी क्षेत्रको लगानीलाई मत्स्य क्षेत्रमा प्रोत्साहन गरिनेछ।

९.८.२ व्यावसायिक माछा फार्म, ह्याचरी तथा नर्सरी स्थापना, दाना उद्योग, औजार तथा उपकरणहरूको उत्पादन, बजारीकरण, प्रशोधन आदिमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्नुका साथै निजी, सार्वजनिक तथा समुदायको साझेदारीलाई विशेष प्रोत्साहन गरिनेछ।

९.८.३ मत्स्य, मत्स्यजन्य पदार्थ, सौन्दर्य माछा तथा जलीय वनस्पतिहरूको निर्यात गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

९.८.४ सौन्दर्य मत्स्यपालन, करेसा पोखरीमा मत्स्यपालन, ह्याचरी सञ्चालन तथा बीज उत्पादन, प्रशोधन, प्याकेजिङ तथा बजारीकरण सम्बन्धी क्षमता अभिवृद्धि गरी युवा तथा महिलाहरूलाई सशक्त बनाइनेछ।

९.८.५ युवाहरूलाई मत्स्यपालनमा लगानी वृद्धिको लागि आकर्षित गर्न युवा तथा महिला लक्षित विशेष कार्यक्रम सञ्चालन र तिनको क्षमता अभिवृद्धि गरिनेछ।

**नीति ९.९ देशभित्र माछाको बढ्दो माग धान्न सिर्जना भएको आंशिक परनिर्भरताको अन्त्य गरी देशलाई माछामा आत्मनिर्भर बनाउनुका साथै मत्स्य बजारीकरण प्रणालीलाई व्यवस्थित गरिनेछ ।**

**रणनीतिहरू**

९.९.१ देशभित्र विभिन्न सिजनमा हुने माछाको माग, आन्तरिक उत्पादन, बजार तथा आपूर्ति प्रणाली, मूल्यको अवस्था, आयातित् वस्तुको परिमाण, मूल्य प्रवृत्ति आदिको नियमित जानकारी लिने व्यवस्था मिलाइनेछ ।

९.९.२ उक्त सूचनाको आधारमा प्रादेशिक र स्थानीय तहगत रूपमा उत्पादन योजना र बजारीकरणको व्यवस्था गरी उत्पादनको बजार र मूल्य सुनिश्चितता गरिनेछ । बजार प्रणालीलाई व्यवस्थित गर्ने कानुन र मापदण्ड तयार गरी सोको प्रभावकारी नियमन गरिनेछ ।

९.९.३ स्थानीय, प्रदेश र सङ्घीय तहका मत्स्यजन्य वस्तुको बजारहरूको विकास र विस्तार गरिनेछ । सबै तहका बजारहरूलाई राष्ट्रिय सञ्जालमा जोडिने व्यवस्था मिलाइनेछ । उत्पादक, व्यापारी, उपभोक्ताको हितलाई ध्यानमा राखी उत्पादित वस्तुलाई देशको जुनसुकै स्थानमा बिना रोकतोक बिक्री वितरण तथा उपभोग गर्ने व्यवस्था मिलाइनेछ ।

९.९.४ उत्पादन वृद्धि गर्न उत्प्रेरित गर्नुपर्ने, मूल्यमा प्रतिस्पर्धात्मकता वृद्धि गर्नुपर्ने, निकासीलाई प्रवर्द्धन गर्नुपर्ने र कुनै खास क्षेत्र, समुदायमा ती वस्तुहरूलाई प्रवर्द्धन गर्नुपर्ने अवस्थामा उत्पादनमा अनुदान दिने रणनैतिक उपायसमेत अपनाइनेछ । सबै प्रकारका अनुदानहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट दोहोरो नपर्ने गरी समन्वयात्मक ढङ्गले उपलब्ध गराइनेछ ।

९.९.५ माछाको आयात निरुत्साहन गर्न आयातीत माछाको गुणस्तर नियन्त्रण गर्ने व्यवस्थित प्रणाली स्थापना गरिनेछ ।

९.९.६ माछालाई लामो समय भण्डारण गर्न सकिने गरी उपयुक्त संयन्त्रमार्फत कोल्ड स्टोर तथा प्रशोधन गर्ने व्यवस्था गरिनेछ । उत्पादन सहकारीहरूको बजार प्रवर्द्धनका सीप तथा क्षमता वृद्धि गरी सम्भव भएका ठाउँमा कम्पनी मोडलमार्फत मत्स्यजन्य वस्तुहरूको बजार तथा मूल्य सुनिश्चितता गरिनेछ । बजारीकरणमा काम गर्ने निजी मध्यस्थकर्तालाई स्थानीय तह वा प्रदेशमा दर्ता गर्ने व्यवस्था गरी उनीहरूको कार्य र अतिरिक्त नाफालाई नियमन र व्यवस्थित गरिनेछ ।

९.९.७ सम्भाव्यताका आधारमा कृषि वस्तुहरूको डिजिटल बजार लगायतका प्रविधिहरूको प्रयोग गरी बजारीकरणमा बिचौलियाको अवाञ्छित प्रभाव न्यूनीकरण गरिनेछ । यी कार्यका लागि बजारीकरणको अध्ययन, नियमन तथा प्रवर्द्धनमा आवश्यक संस्थागत तथा संरचनागत सुधार समेत गरिनेछ ।

९.९.८ मत्स्यजन्य उत्पादनको निर्यात बजार पहिचान गरी ती बजारले माग गरेको परिमाण, नियमितता र गुणस्तर अनुसारको उत्पादन, ग्रेडिङ, प्रशोधन, प्याकेजिङ, लेबलिङ र ब्राण्डिङ गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

९.९.९ उत्पादनदेखि सो उपरान्तका कार्यहरूमा गुणस्तर निर्धारण, नियन्त्रण र नियमन गरिनेछ । निर्यात प्रवर्द्धनका लागि विशेष संस्थागत सुधार, कानुनी व्यवस्था तथा नियमनको सघनतामा वृद्धि गरिनेछ । निर्यात बजार र ती देशहरूसँगको व्यापार सम्झौता, वार्ता र व्यापार सीपको लागि राष्ट्रिय क्षमता विकास गरिनेछ ।

९.९.१० मत्स्यजन्य उत्पादनमा स्वच्छता तथा गुणस्तरको विश्वसनीयता कायम गरी राष्ट्रिय तथा अन्तर र्‍ाष्ट्रिय व्यापार प्रवर्द्धन सहजीकरण कार्यलाई प्रभावकारी बनाइनेछ । आयात निर्यात निरीक्षण एवम् प्रमाणीकरण पद्धति विकास गरी लागु गरिनेछ ।

**नीति ९.१० बिक्री गरिने माछाको गुणस्तर कायम, क्षति न्यूनीकरण तथा मूल्य अभिवृद्धिका लागि उपयुक्त प्रशोधन तथा प्याकेजिङ्ग प्रविधिको विकास गरिनेछ ।**

**रणनीतिहरू**

९.१०.१ उत्पादन पश्चातको वस्तु व्यवस्थापन तथा बजारीकरणका लागि चिस्यान केन्द्र, चिस्याउने यन्त्र, रेफ्रिजरेटेड तथा इन्सुलेटेड भ्यान र स्वच्छ बजार जस्ता सुविधाहरूको उपलब्धतामा वृद्धि गरिनेछ ।

९.१०.२ खाद्य गुणस्तर र सुरक्षा नियमावलीहरूको अनुपालनमा सुविधा र प्रोत्साहन प्रदान गर्ने व्यवस्था गरिनेछ ।

९.१०.३ महिला तथा स्वयंसेवी समूहको अगुवाइमा परम्परागत खाद्य प्रशोधन प्रक्रिया लगायत खाद्य गुणस्तर बढाउने गतिविधिहरूलाई प्रवर्द्धन गरिनेछ ।

९.१०.४ निर्यात उन्मुख प्रशोधन तथा खाद्य गुणस्तर अभिवृद्धि गर्ने कार्यलाई प्रोत्साहन गर्न उत्पादन पश्चातका क्रियाकलाप तथा प्रशोधनमा अत्याधुनिक प्रविधि लागु गरिनेछ ।

९.१०.५ माछा तथा उच्च गुणस्तरीय मत्स्यजन्य उत्पादनको आयात, ढुवानी, ह्याण्डलिङ तथा भण्डारण गर्दा अपनाउनु पर्ने मापदण्ड तथा निर्देशीका तयार गरी लागु गरिनेछ । प्रयोगशाला सुविधा तथा तालिम उपलब्ध गराई खाद्य पदार्थमा संसर्ग तथा सङ्क्रमण निषेध प्रणालीलाई सुधार गरिनेछ ।

९.१०.६ मत्स्य क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग आबद्ध गर्न प्राङ्गारिक उत्पादन र सो को बजार पहुँच बढाइने छ । यसको लागि अध्ययन तथा अनुसन्धान गरिनुका साथै सूचना पद्धतियुक्त आधुनिक बजार विकास गरिनेछ ।

## उद्देश्य नं. ३ः "जलीय जैविक विविधता, वातावरण, वासस्थान तथा स्थानीय जलीय जीवहरूको संरक्षण, प्रवर्द्धन र समुचित उपयोग गर्दै मत्स्य क्षेत्रको दिगो विकास गर्ने"

उद्देश्य बमोजिमका नीति र रणनीतिहरू

**नीति ९.११ जलीय जीवलाई हानी पुऱ्याउने जोखिमपूर्ण अभ्यासहरूको न्यूनीकरण गर्दै प्राकृतिक जैविक पद्धति, जलीय जैविक विविधता तथा वासस्थानको संरक्षण गरिनेछ ।**

**रणनीतिहरू**

९.११.१ सहरी तथा औद्योगिक हानिकारक वस्तुहरूलाई सोझै नदीनालामा फाल्ने कार्यमा रोक लगाइनेछ र बालीको लागि प्रयोग गरिने विषादी तथा हानिकारक रासायनिक पदार्थलाई नदी तथा जलाशयहरूमा फाल्ने कार्यमा समेत बन्देज लगाई त्यस्ता कार्यलाई नियन्त्रण गरिनेछ ।

९.११.२ बाढी नियन्त्रण, सिँचाइ, जलविद्युत् तथा फोहरमैला, कृषि, उद्योग, सडक र सहरी विकास सम्बन्धी परियोजनाहरूबाट माछाको वासस्थानलाई हुन सक्ने जोखिम न्यूनीकरणका लागि उपयुक्त उपायहरू अपनाइनेछ ।

९.११.३ गैरकानुनी तथा माछा पोखरीमा विष हाल्ने, करेण्ट लगाउने, विष्फोटक वस्तु हाल्ने लगायतका अव्यवस्थित तरिकाले माछा मार्ने कार्यहरू निरुत्साहन तथा नियन्त्रण गरिनेछ ।

९.११.४ मत्स्यपालनको सम्भावना बोकेका क्षेत्रमा वैज्ञानिक अभ्यासहरूको अनुसरण गर्दै उपयुक्त स्थान वा सिमसार क्षेत्रमा महत्वपूर्ण माछा प्रजातिहरूको पालन तथा संरक्षण गरिनेछ ।

९.११.५ जलीय जीवहरूको प्राकृतिक वासस्थान, आवागमन र बसाइँसराइ गरी प्रजनन गर्ने प्राकृतिक प्रक्रियामा हानी नोक्सानी हुनबाट जोगाउनको लागि भौतिक संरचना निर्माण, अवैधानिक रूपमा माछा मार्ने अभ्यास र नदीजन्य वस्तुको अवैज्ञानिक दोहन लगायतका क्रियाकलापहरू हुन नदिने व्यवस्था गरिनेछ ।

९.११.६ नदीहरूमा स्थायी प्रकृतिका संरचना निर्माण गर्दा जलीय जीवहरूको फिस ल्याडर लगायतका बसाइँसराइ मैत्री संरचना निर्माण गरिनेछ ।

**नीति ९.१२ माछामा आश्रित समुदायहरूको हित संरक्षण गर्दै स्थानीय समुदायसमेतको सहभागितामार्फत जलीय जैविक विविधता, वासस्थान तथा स्थानीय जलीय जीवहरूको संरक्षण, प्रवर्द्धन र समुचित उपयोग गर्ने प्रबन्ध गरिनेछ ।**

**रणनीतिहरू**

९.१२.१ विभिन्न जलस्रोतमा उपलब्ध हुने मत्स्य स्रोतको व्यवस्थापनमा माछामा आश्रित समुदायहरूलाई सक्रिय सहभागी गराउनका लागि आकर्षित गरिनेछ ।

९.१२.२ समुदायको जीविकोपार्जन तथा जैविक सन्तुलनलाई सुरक्षित राख्दै उपलब्ध जलाशयहरूमा मत्स्यपालन गर्नका लागि खुला जलक्षेत्रमा सह-व्यवस्थापनको वातावरण सिर्जना गरिनेछ ।

९.१२.३ नदीमा उपलब्ध स्रोत अभिवृद्धि गराई स्थानीय माछाको सञ्चिति बढाउन तथा जलीय जैविक विविधता कायम गर्न प्राकृतिक जैविक पद्धतिको संरक्षण गरिनेछ ।

९.१२.४ रैथाने माछाका जातहरू पहिचान गरी संरक्षण, प्रवर्द्धन, व्यवस्थापन तथा दिगो विकास गरी सन्तुलित उपयोग गरिनेछ ।

९.१२.५ माछाको स्थानीय प्रजातिको बौद्धिक सम्पत्ति (भौगोलिक सङ्केत) संरक्षण गरी व्यावसायिकरण र निर्यात प्रवर्द्धन गरिनेछ ।

९.१२.६ नदीका उपयुक्त स्थानहरूमा मत्स्य आनुवंशिक संरक्षणका लागि वासस्थानको स्थापना, संरक्षण र सम्वर्द्धन गरी स्थानीय लोपोन्मुख जातका माछाका भुराहरू छोडेर (रेन्चिङ्ग) माछाको सञ्चिति (फिस स्टक) बढाइनेछ ।

९.१२.७ माछामा आश्रित समुदायको जीवनस्तर उकास्नको लागि वैकल्पिक उपायहरूको खोजी गरिनेछ । बाँध, जलाशय लगायत अन्य भौतिक निर्माणको कारण विस्थापित हुने मत्स्य आश्रित परिवार हरूको पुनर्स्थापना सम्बन्धी काम निर्माण कार्यभन्दा अगाडि नै योजनाबद्ध ढङ्गले गरिनेछ ।

९.१२.८ जलचरहरूको वासस्थान र जलीय जीवको विविधता कायम राख्न स्थानीय समुदायको परम्परागत ज्ञान तथा सीपलाई संरक्षण र उपयोग गरिनुका साथै आनुवंशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञानको संरक्षणका र लाभको बाँडफाँट सुनिश्चित गरिनेछ ।

९.१२.९ माछा मारी जीविकोपार्जन गर्ने समुदायलाई स्थानीय माछाको महत्व तथा मार्ने माछाको उपयुक्त आकार (क्याच साइज) र समय तथा ब्रिडिङ्ग ग्राउण्डको बारेमा सम्पर्क समूह बनाई तिनलाई मत्स्य जैविक विविधता सम्बन्धी तालिम दिने व्यवस्था गरिनेछ ।

९.१२.१० नेपालको स्थानीय जातका मत्स्य आनुवंशिक संरक्षणका लागि जीन बैंक तथा परस्थानीय (एक्स सिटु) संरक्षणलाई प्रोत्साहन गरिनेछ ।

९.१२.११ स्थानीय स्रोत विशेषसँग सम्बन्धित जिम्मेवार मत्स्यकी सम्बन्धी आचारसंहिता तयार गरी लागु गरिनेछ।

**उद्देश्य नं. ४: "मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, व्यावसायीकरण, प्रतिस्पर्धात्मक क्षमता वृद्धि र दिगो विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य तथा समन्वयमा सहज, सुदृढ र उपयुक्त वातावरण सिर्जना गर्ने"**

उद्देश्य बमोजिमका नीति र रणनीतिहरू:

**नीति ९.१३ मत्स्य क्षेत्रको व्यवस्थापन, नियमन, विकास, अनुसन्धान, प्रसार तथा शिक्षामा संलग्न निकायहरूलाई सुदृढ बनाइनेछ ।**

**रणनीतिहरू**

९.१३.१ राष्ट्रियस्तरमा मत्स्य सम्बन्धी कार्यमा समन्वय तथा सहयोग पुऱ्याउन कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत एक संयन्त्र बनाई अनुसन्धान, प्रसार तथा शिक्षा क्षेत्रको कार्यगत सम्बन्धलाई सुदृढ बनाइनेछ ।

९.१३.२ अनुसन्धानलाई मत्स्यजन्य मूल्य शृङ्खलामा देखापर्ने समस्या केन्द्रित बनाउन मत्स्य अनुसन्धान प्रणालीलाई पुनर्संरचना गरिनेछ ।

९.१३.३ अनुसन्धान, शिक्षा र प्रसारका कार्यलाई एकीकृत रूपमा सञ्चालन गर्न ठोस् कार्ययोजना निर्माण गरी सो बमोजिम कार्य सञ्चालन गरिनेछ ।

९.१३.४ मत्स्य प्रविधिको प्रसार कार्यमा कृषक समूह तथा सहकारीहरूलाई प्रमुख माध्यम बनाइनेछ । निजी रूपमा सञ्चालित उत्पादनका साधन आपूर्तिकर्ताहरूलाई समेत उचित स्तरको प्रसार कार्यमा लगाई तिनको अनुगमन र नियमन कार्य गरिनेछ । स्थानीय तहहरूले आवश्यकता अनुसार करार पद्धतिमार्फत समेत प्रसारका कार्य गराइनेछ । मत्स्य प्रविधि प्रसारमा सूचना प्रविधि तथा आम सञ्चार माध्यमको उपयोग गरिनेछ ।

९.१३.५ सरकारी तथा निजी क्षेत्रका पेसागत सङ्घ सङ्गठन, उद्योग, कृषक समूह, सहकारी आदिसँग समेत मत्स्य क्षेत्र सुधारको लागि समन्वयको व्यवस्था मिलाइनेछ ।

९.१३.६ मत्स्य विकासको आवश्यकता तथा सम्भावना, कृषक तथा यस पेसामा आश्रित समुदायको आवश्यकता तथा समस्या र मत्स्य क्षेत्रका चुनौतीहरूलाई सम्बोधन हुने गरी अनुसन्धानका कार्यक्रमहरू तय गरिनेछ ।

९.१३.७ तत्काल प्रयोगमा आउने क्रियागत अनुसन्धान (एक्सन रिसर्च) लाई प्राथमिकता दिँदै उत्पादन प्रविधि तथा असल व्यवस्थापन प्रविधिको विकास गरिनेछ ।

९.१३.८ प्रविधि प्रयोग गर्ने बहुसरोकारवालाहरूलाई समस्याहरूको पहिचानमा संलग्न गराई अनुसन्धानका विषयहरू छनोट गरिनेछ ।

९.१३.९ खाने माछा तथा मत्स्य भुराको बढ्दो माग अनुरूप मत्स्य क्षेत्रको व्यावसायीकरण र सहज मत्स्य बीज उत्पादन तथा प्राविधिक टेवा पहुँचको लागि प्रत्येक प्रदेशमा प्रादेशिकस्तरको मत्स्य स्रोत केन्द्रको स्थापना गरिनेछ ।

**नीति ९.१४ मत्स्यपालन क्षेत्रसँग सम्बद्ध निकायहरूबीच समन्वय कायम गरी मत्स्य क्षेत्रको संरक्षण, प्रवर्द्धन र दिगो व्यवस्थापन गरिनेछ ।**

**रणनीतिहरू**

९.१४.१ माछा तथा जङ्गली जीवजन्तु एवम् जैविक विविधताको संरक्षणका जिम्मेवार निकाय वन तथा वातावरण मन्त्रालयसँगको समन्वयमा रैथाने, दुर्लभ र लोपोन्मुख माछा प्रजातिको संरक्षण मिचाहा प्रजातिहरूको रोकथाम र नियन्त्रणमा प्राथमिकता दिइनेछ ।

९.१४.२ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँगको समन्वयमा प्राकृतिक जलस्रोतको उपयोग गरी ठूला जलविद्युत् आयोजना र सिँचाइ आयोजना सञ्चालन गर्दा संरचनाको सञ्चालनमा असर नपर्ने किसिमको जलाशयको विस्तार गरी मत्स्यपालन, प्रजनन र उत्पादन वृद्धि गर्न जोड दिइनेछ ।

९.१४.३ मत्स्य क्षेत्र विकासको गतिलाई तीव्रता प्रदान गर्न विकास, प्रसार, अनुसन्धान, शिक्षा, तालिम तथा प्रयोगशाला लगायतका निकायहरूको साङ्गठनिक पुनर्संरचना गरी तिनीहरूको कार्यक्षेत्र, भूमिका, जिम्मेवारी तथा अधिकारहरू स्पष्ट रूपमा किटान गरिनेछ ।

९.१४.४ ती संस्थाहरूका कार्यपद्धतिलाई वैज्ञानिक ढङ्गले सुधार गर्दै मत्स्य क्षेत्रमा तिनलाई परिणाममूखी बनाउनेतर्फ आवश्यक व्यवस्था मिलाइनेछ ।

९.१४.५ उत्पादन प्रविधि र असल व्यवस्थापन प्रविधिको विकासका लागि प्रयोगशाला लगायतको आवश्यक भौतिक संरचनाको सुधार गरिनेछ ।

९.१४.६ मत्स्य विकासका लागि उपयुक्त स्थानहरूमा आवश्यक प्राविधिक सेवा/टेवा प्रदान गर्न जनशक्ति लगायतका भौतिक सुविधाहरूको व्यवस्था मिलाइनेछ ।

९.१४.७ मत्स्य प्रसारलाई सबल तथा प्रभावकारी बनाउन विकेन्द्रित प्रसार सेवाको व्यवस्था गरिनेछ । विकेन्द्रित प्रसार सेवामा कृषकहरूको सहभागिता, प्रसारकर्मीको प्राविधिक दक्षता तथा सामाजिक परिचालनका पक्षहरूलाई समुचित उपयोग गरिनेछ ।

९.१४.८ मत्स्य विज्ञान सम्बन्धी शिक्षा तथा व्यावसायिक तालिम दिने संस्थाहरूलाई गुणस्तरीय प्राविधिक उत्पादन गर्नका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

९.१४.९ विकास, अनुसन्धान, प्रसार तथा शिक्षा क्षेत्रमा संलग्न रहेका सार्वजनिक निकायहरूलाई उच्च शिक्षा, विशेषज्ञ तालिम, अध्ययन भ्रमण लगायतका माध्यमबाट क्षमता अभिवृद्धि गरिनुका साथै निजी क्षेत्रका निकाय, उद्योग, व्यवसायी, कृषक तथा मत्स्य क्षेत्रमा आश्रित समुदायहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

९.१४.१० प्रमाणपत्र, डिप्लोमा जस्ता प्राविधिक तालिमहरू सञ्चालनमा ल्याई व्यावसायिक फार्म, ह्याचरी, दाना कारखाना तथा प्रशोधन केन्द्र सञ्चालन वा तिनलाई विशेषज्ञ सेवा दिन सक्ने दक्ष प्राविधिकहरूको उत्पादन गरिनेछ । प्राविधिक तालिम दिने संस्थाहरूलाई व्यवसाय तथा उद्योगले माग गरेको ज्ञान तथा सीप प्रदान गर्न सक्ने गरी दक्ष जनशक्ति उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

**नीति ९.१५ जैविक सुरक्षा तथा जलचरहरूको स्वास्थ्य व्यवस्थापन सम्बन्धी मापदण्डहरूको विकास गरी सोको कार्यान्वयन गरिनेछ ।**

**रणनीतिहरू:**

९.१५.१ जैविक सुरक्षाका पक्षहरूलाई यथोचित ध्यानमा राख्दै जलचरहरूको स्वास्थ्य सुरक्षार्थ राष्ट्रिय मापदण्डको विकास गरिनेछ ।

९.१५.२ जलचरहरूको स्वास्थ्य निरीक्षण, निगरानी तथा संसर्ग निषेध प्रणाली (क्वारेण्टाइन सिस्टम) को स्थापना गरिनेछ ।

९.१५.३ रोगको निदान, स्वास्थ्य व्यवस्थापन तथा पानीको गुणस्तर परीक्षण सम्बन्धी सुविधाहरू व्यवस्था गरिनेछ ।

**नीति ९.१६ मत्स्यपालन तथा मत्स्यकीको हरेक मूल्य शृङ्खलामा मत्स्य तथा मत्स्य पदार्थहरूमा खाद्य सुरक्षा सुनिश्चित गर्नको लागि पहिचानीयता (ट्रेसियाबिलिटी) तथा प्रमाणीकरण सम्बन्धी संस्थागत व्यवस्था गरिनेछ ।**

**रणनीतिहरू:**

९.१६.१ प्राविधिक मार्गदर्शन, मापदण्डहरू तथा आवश्यक संस्थागत संयन्त्रको विकास गरी मत्स्य तथा मत्स्यजन्य पदार्थ तथा मत्स्यपालनमा प्रयोग हुने उत्पादन सामग्रीहरूको गुणस्तर सुनिश्चित हुने व्यवस्था मिलाइनेछ ।

९.१६.२ खाद्य पदार्थको स्वच्छता सुनिश्चितताका लागि सम्बन्धित निकायको जिम्मेवारी, आपसी समन्वय तथा सम्बन्धको स्वरूपलाई स्पष्ट पारिनेछ ।

९.१६.३ मत्स्य तथा मत्स्यजन्य पदार्थमा हुनसक्ने विषादी, मिसावट तथा हानिकारक अवशेषहरू पत्ता लगाउन, विश्लेषणका साथै न्यूनीकरण गर्न व्यावहारिक तथा मितव्ययी प्रविधिको विकास गरिनेछ । यस सम्बन्धी निकायहरूलाई थप सशक्त बनाइनेछ ।

**नीति ९.१७ सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहले नीति तथा रणनीतिहरूलाई आ–आफ्नो कार्य अधिकार क्षेत्रभित्र रही समन्वय र सहकार्यको विधिबाट प्रभावकारी कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन गर्न कार्यान्वयन योग्य प्रणालीको विकास गरिनेछ ।**

**रणनीतिहरू:**

९.१७.१ यस नीतिलाई राज्यका तीनवटै तहबाट कार्यान्वयन गर्न मत्स्य क्षेत्रका राष्ट्रिय प्राथमिकता तथा योजना तयार गरिनेछ । प्रदेश र स्थानीय तहद्वारा राष्ट्रिय प्राथमिकता समेतलाई योगदान पुग्ने गरी प्रदेश र स्थानीयस्तरको आवश्यकता र सम्भावनाको आधारमा मत्स्य विकास योजना तर्जुमा तथा कार्यक्रम गरिनेछ ।

९.१७.२ मत्स्य क्षेत्रको प्राकृतिक तथा जैविक स्रोत, विकास संरचनाहरूको अवस्था, जनशक्ति, बजार माग र आपूर्तिको स्थिति, उत्पादन वृद्धि गर्ने सम्भावना लगायत मत्स्य क्षेत्र सुधारका लागि आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखीकरण र उपयोग तीनै तहका सरकारहरूको सहकार्यबाट गर्ने संस्थागत व्यवस्था मिलाइनेछ ।

९.१७.३ मत्स्य क्षेत्र विकासको लागि आवश्यक मत्स्य प्रजनन, मत्स्य आहारा र मत्स्य स्वास्थ्य सुधारका लागि आवश्यक संस्थागत व्यवस्था तथा बजारीकरणका संयन्त्र स्थापना गर्न तथा भइरहेका संरचनाहरूको प्रभावकारितामा वृद्धि गर्न सङ्घ, प्रदेश र स्थानीय तहबाट गरिने सार्वजनिक लगानीलाई वृद्धि गरिनेछ ।

## १०. संस्थागत संरचना

"राष्ट्रिय मत्स्य विकास नीति" को सम्बन्धमा आवश्यक निर्णय गर्न, नेपाल सरकारलाई समय समयमा राय सुझावहरू प्रदान गर्न, नीतिमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्न तथा कार्यान्वयनको लागि मातहतका निकायहरूलाई निर्देशन दिन देहाय बमोजिम को राष्ट्रिय निर्देशक समितिको व्यवस्था गरिएको छ:

१०.१ **राष्ट्रिय निर्देशक समिति**

| | |
|---|---|
| मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अध्यक्ष |
| सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुसेवातर्फ) | सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| निर्देशक, लाइभस्टक एण्ड फिसरिज अनुसन्धान, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| सहसचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सदस्य |
| सहसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| सहसचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| महानिर्देशक, पशुसेवा विभाग | सदस्य |
| विश्वविद्यालयहरू मध्येबाट दुई जना प्रतिनिधि | सदस्य |
| उद्योग वाणिज्य महासङ्घ, कृषि उद्यम केन्द्रका प्रतिनिधि | सदस्य |
| प्रदेशस्तर कृषि क्षेत्र विषयक मन्त्रालयका प्रतिनिधि | सदस्य |
| प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासङ्घ र नेपाल नगरपालिका सङ्घ (कम्तीमा एक जना महिलासहित) | सदस्य |
| मत्स्य विज्ञहरू मध्येबाट दुई जना | सदस्य |
| सहसचिव, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य सचिव |

१०.२ राष्ट्रिय निर्देशक समितिले आवश्यकता अनुसार प्राविधिक समितिहरू बनाउन सक्नेछ ।

१०.३ प्रदेश तथा स्थानीय तहले नीति कार्यान्वयनको लागि समितिहरू बनाउन सक्नेछन् ।

१०.४ यस नीतिको कार्यान्वयनका लागि गठन भएका समितिले बैठकको कार्य सञ्चालन कार्यविधि आफै तयार गर्नेछन् । महासङ्घबाट प्रतिनिधित्व गर्ने सदस्यका हकमा सम्बन्धित महासङ्घबाट, प्रदेशस्तर मन्त्रालयका प्रतिनिधिको हकमा प्रदेशबाट तोकिए अनुसार रविज्ञ सदस्य तथा विश्वविद्यालयहरू मध्येबाट राष्ट्रिय निर्देशक समितिमा रहने प्रतिनिधिका हकमा राष्ट्रिय निर्देशक समितिको अध्यक्षबाट मनोनयन गरिए अनुसार हुनेछ । राष्ट्रिय निर्देशक समितिका अध्यक्षले मनोनयन गर्ने समितिका सदस्यहरूको पदावधि बढीमा दुई वर्षको हुनेछ ।

१०.५ राष्ट्रिय निर्देशक समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

## ११. आर्थिक पक्ष

यो नीति र यस नीति बमोजिमको कार्यक्रम कार्यान्वयन नेपाल सरकारको तर्फबाट दिइने वित्तीय सहयोग तथा सहुलियत, वार्षिक बजेट वक्तव्य तथा वार्षिक स्वीकृत कार्यक्रमहरूमार्फत व्यवस्थित गरिनेछ । त्यसै गरी नीति कार्यान्वयनको लागि अन्य सङ्घ संस्थाहरू तथा निजी क्षेत्रसमेतको स्रोत साधन परिचालन गरिनेछ ।

## १२. कानुनी व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नको लागि आवश्यक कानुनी पूर्वाधार, निर्देशीका, मापदण्ड र कार्यविधि तर्जुमा गरिनेछ ।

## १३. अनुगमन तथा मूल्याङ्कन

मत्स्य सेवालाई नियमन, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य सरोकारवाला निकाय तथा संस्थाको सहकार्यमा सरोकारवाला सङ्घीय, प्रादेशिक र स्थानीय तहले गर्नेछ ।

## १४. नीतिको परिमार्जन

आवश्यकता अनुसार नेपाल सरकारले यस नीतिको संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**द्रष्टव्यः**

१. "मत्स्य" भन्नाले माछा लगायत अन्य जलचरलाई जनाउँछ र वातावरण अनुसार शरीरको तापक्रममा परिवर्तन हुने पानीमा रहने प्राणीलाई सम्झनुपर्दछ। यो शब्दले विभिन्न प्रकारका माछा, घुङ्गी, गङ्गटा, सिपी, झिङ्गे माछा जस्ता अन्य जीवित वा मृत जलचर र तिनका अण्डा र बच्चासमेतलाई जनाउँछ।

२. "मत्स्यकी (फिसरिज)" भन्नाले कुनै पनि जलाशय वा जलक्षेत्रमा हुर्किएका वा हुर्काइएका जलचर वा जलीय वनस्पतिलाई जनाउनुका साथै मत्स्य क्षेत्रसँग सम्बन्धित क्रियाकलापलाई बुझाउँछ।

३. "मत्स्य क्षेत्र" भन्नाले माछा लगायत जलीय जीवहरू तथा जलीय वातावरणको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा दिगो उपयोग सम्बन्धी सम्पूर्ण क्रियाकलापहरूलाई जनाउँछ।

४. "जलक्षेत्र" भन्नाले माछा रहन सक्ने वा हुर्काउन सकिने पोखरी, ट्याङ्क, खोला, नदी, जलाशय, रेश वे, घोल, दह, सिञ्चित धान खेत, सिमसार, रिजर्भवायर, तालतलैयाहरू, परित्यक्त जलाशयहरू, धापहरू तथा जम्मा गरिएका पानीका सञ्चयहरूसमेतलाई सम्झनुपर्दछ।

५. "जलाशय" भन्नाले निरन्तर रूपले बगिरहने वा जम्मा भई राख्ने वा सञ्चय गरिएको जलक्षेत्रलाई सम्झनुपर्दछ।

६. "मत्स्यपालन (एक्वाकल्चर)" भन्नाले नियन्त्रित अवस्थामा गरिएको माछा तथा जलीय वनस्पति लगायतका जलीयजीवहरूको खेती वा पालन सम्झनुपर्दछ।

७. "जलीय जैविक विविधता" भन्नाले जलीय जीवहरूको जीव परिवृत्ति पद्धतिको विविधतालाई सम्झनुपर्दछ। यो शब्दले जीवहरू स्वयम् भित्रको, उनीहरू एक अर्का बीचको र समग्र जीवहरूको सम्बन्ध तथा विविधतालाई जनाउँछ।

८. "जैविक स्वच्छता" (बायो सेफ्टी) भन्नाले कुनै किसिमको परिवर्तन जसले जलीय जीव, वातावरण तथा मानव स्वास्थमा पर्न सक्ने प्रतिकुल असरलाई नियन्त्रण गर्न अपनाइने सावधानीलाई सम्झनुपर्दछ।

९. "जैविक जोखिम व्यवस्थापन" भन्नाले कुनै जीव समूहमा आइपर्न सक्ने जोखिमलाई पहिचान गर्ने क्रममा रोगका कीटाणुहरू परीक्षण गरी कुनै निश्चित सीमाभित्र जोखिम रहित आधार सिफारिस गर्ने चरणलाई सम्झनुपर्दछ।

१०. "जैविक सुरक्षा" (बायो सेक्युरिटी) भन्नाले मानव, प्राणी तथा वनस्पतिको जीवन तथा स्वास्थमा पर्ने असर तथा त्यसले समग्र वातावरणमा पार्ने असर सम्बन्धमा अपनाइने विश्लेषण तथा व्यवस्थापन गर्ने रणनैतिक र एकीकृत दृष्टिकोण सम्झनुपर्दछ।

११. "जिम्मेवार मत्स्यकी सम्बन्धी आचारसंहिता (कोड अफ कण्डक्ट फर रिस्पोन्सिबल फिसरिज)" भन्नाले माछा तथा जलचरहरूको प्रभावकारी संरक्षण र व्यवस्थापनलाई सुनिश्चित गर्दै तिनीहरूको पालन गर्ने अधिकार रकर्तव्य समेतलाई व्यवस्थित गर्न अपनाइने आचार संहितालाई सम्झनुपर्दछ।

१२. "सह-व्यवस्थापन" भन्नाले, सरकार, माछाको उपयोग गर्ने स्थानीय समुदाय, माछामा आश्रित समुदाय, अनुसन्धान गर्ने संस्थाहरू, सरकारी तथा गैरसरकारी संस्थाहरू लगायत ऋणदाता व्यक्ति वा संस्थाहरू, पर्यटन उद्योगसमेतले माछापालनका सम्बन्धमा निर्णयकर्ताको रूपमा अख्तियारी रजिम्मेवारी लिएको साझेदारीयुक्त व्यवस्थापनलाई सम्झनुपर्दछ।

१३. "सामुदायिक मत्स्यपालन" भन्नाले, सामूहिक रूपमा जीविकोपार्जनमा सहयोग पुऱ्याउन सार्वजनिक वा सामुदायिक जलाशयमा समुदायबाट गरिने मत्स्यपालन सम्बन्धी क्रियाकलापलाई सम्झनुपर्दछ।

१४. "र्याञ्चिङ" भन्नाले माछा तथा जलचरहरूको प्रभावकारी संरक्षण र व्यवस्थापनलाई सुनिश्चित गर्न प्राकृतिक जलाशयमा लोपोन्मुख जातका माछाका भुराहरू छाड्ने वा हुर्काउने क्रियाकलापलाई सम्झनुपर्दछ।

१५. "जोखिम मूल्याङ्कन" भन्नाले कुनै नयाँ मत्स्यपालनको सुरुवात र तिनीहरूलाई स्थानान्तरण गर्दा त्यस्ता स्थलमा रहेका स्रोत तथा तिनको वासस्थानमा कुनै असर पर्छ वा पर्दैन भनी गरिने पूर्व मूल्याङ्कन प्रक्रियालाई सम्झनुपर्दछ।

१६. "माछामा आश्रित समुदाय" भन्नाले परम्परागत रूपमा सार्वजनिक जलाशयमा माछा मारी जीविकोपार्जन गर्दै आएको समुदायलाई सम्झनुपर्दछ।

# राष्ट्रिय सिँचाइ नीति, २०८०

## १. पृष्ठभूमि

नेपालमा परापूर्वकालदेखिनै परम्परागत रूपमा किसानहरूले सामुदायिक स्रोत, साधन, सीप र प्रविधिबाट कुलो, पैनी तथा अस्थायी बाँधहरूको निर्माण गरी सिँचाइ गर्दै आएका छन्। सरकारीस्तरबाट भने वि.सं. १९८५ मा ससरीमा चन्द्र नहरको निर्माण गरिएपछि पहिलो आधुनिक सिँचाइ प्रणालीको सुरुवात भएको थियो। वि.सं. २००० मा सर्लाहीमा जुद्ध नहरको निर्माण र त्यसपछि कपिलवस्तुमा जगदिशपुर जलाशयको निर्माण तथा पोखराको फेवातालमा पार्दी बाँधको निर्माणले सिँचाइ विकासमा सरकारी लगानीको विस्तार हुँदै गयो। हाल परम्परागत सिँचाइ प्रणालीहरूको आधुनिकीकरण, मझौला तथा ठूला सिँचाइ प्रणालीहरूको विकास तथा व्यवस्थापन हुँदै नयाँ प्रविधिको प्रयोगसँगै अन्तर-जलाधार जल-पथान्तरण एवम् बहुउद्देश्यीय आयोजनाहरूको निर्माणकार्यको सुरुवात भएको छ। नेपालमा सिँचाइ विकासका लागि विभिन्न समयमा नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था भई समयानुकुल संशोधन हुँदै आएको छ। देशमा उपलब्ध सिँचाइ सम्बन्धी प्रविधि, भौतिक संरचना, जनशक्ति र सरकारी तथा गैरसरकारी क्षेत्रको संस्थागत क्षमतामा उल्लेखनीय वृद्धि भएको छ। कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा सिँचाइको भूमिका महत्त्वपूर्ण हुने भएकाले नेपाल सरकारले सिँचाइ उपक्षेत्रको विकासका लागि समयानुकूल नीति, योजना तथा कार्यक्रम लागू गर्दै आएको छ। नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनका लागि देशमा उपलब्ध प्राकृतिक स्रोतको संरक्षण र सम्वर्द्धन गरी दिगो तथा उपयुक्त सिँचाइ पूर्वाधार निर्माण गर्न तथा सिँचाइ सुविधामा कृषकको पहुँच सुनिश्चित गर्न तथा नेपालको संविधानले सिँचाइलाई साझा अधिकारको सूचीमा उल्लेख गरेकाले तीनै तह बीचको अन्तर सम्बन्ध, सहअस्तित्व, समन्वय, पारस्परिकता र सहकार्यका आधारमा सिँचाइ क्षेत्रको विकास तथा व्यवस्थापनको कार्यलाई अग्रगति प्रदान गर्न "राष्ट्रिय सिँचाइ नीति, २०८०" तर्जुमा गरिएको छ।

## २. विगतका प्रयास

नेपालमा वि.सं. २०४५ को आधारभूत आवश्यकता परिपूर्ति कार्यक्रम पश्चात् देशमा सिँचाइ विकासले गति लिएको देखिन्छ। वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि वि.सं. २०४९ मा सिँचाइ नीति लागू गरियो। सिँचाइ विकासका क्रममा सन् १९९० मा सिँचाइ विकास गुरुयोजना तथा सन् १९९५ मा दीर्घकालीन कृषि योजना तयार गरी कार्यान्वयनमा ल्याइए। तत्पश्चात् दीर्घकालीन कृषि योजनाले निर्दिष्ट गरेअनुरूप भूमिगत जलस्रोतका माध्यमबाट सिँचाइ विकास गर्ने कार्यलाई प्राथमिकतामा राखी सिँचाइ नीति, २०४९ संशोधन गरी सिँचाइ नीति, २०६० जारी गरियो। सिँचाइ नीति, २०६० ले विकेन्द्रीकरण सिद्धान्तलाई आत्मसात् गर्दै साना सिँचाइ विकासका कार्यक्रमहरू तत्कालीन स्थानीय निकायमार्फत सञ्चालन गर्ने गरी मार्गदर्शन गरेको पाइन्छ। सिँचाइ विकासलाई बृहत्तर जलस्रोत विकासका परिप्रेक्ष्यमा हेर्नुपर्ने भएकाले सन् २००२ मा राष्ट्रिय जलस्रोत रणनीति तथा सन् २००५ मा राष्ट्रिय जलयोजना कार्यान्वयनमा ल्याइयो। सिँचाइ क्षेत्रका विकास तथा व्यवस्थापन कार्यलाई समय सापेक्ष बनाउन सिँचाइ नीति, २०६० लाई परिमार्जित गरी सिँचाइ नीति, २०७० जारी गरिएको थियो। कृषि भूमिको एकीकृत व्यवस्थापनका लागि कृषि विकास रणनीति, २०७२ तथा जलस्रोतको बहुउपयोग, व्यवस्थापन र नियमनका लागि राष्ट्रिय जलस्रोत नीति, २०७७ जारी भई सोही बमोजिम कार्यहरू हुँदै आएका छन्।

## ३. वर्तमान स्थिति

विगतका प्रयासहरूबाट करिब २५ लाख ३० हजार हेक्टर सिँचाइ योग्य जमिनमध्ये हालसम्म करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइको संरचना निर्माण गरिएको भए तापनि करिब एक तिहाइ भूमिमा मात्र वर्षै भरी सिँचाइ सुविधा उपलब्ध हुन सकेको छ। हाल ठूला बहुउद्देश्यीय अन्तर-जलाधार जल-पथान्तरण (Inter-Basin Water Diversion) का केही आयोजनाहरू निर्माणका क्रममा रहेका छन् भने केही निर्माणको तयारीका क्रममा रहेका छन्। करिब पचास प्रतिशत सिञ्चित कृषि क्षेत्र किसानद्वारा व्यवस्थित सिँचाइ प्रणालीमा रहेका छन्। निर्माण सम्पन्न भइसकेका साना आयोजनाहरू जल उपभोक्तालाई हस्तान्तरण गर्ने नीति बमोजिम सम्बन्धित जल उपभोक्ताहरूलाई हस्तान्तरण गरी सकिएका छन् र सम्वद्ध संस्थाहरूबाट सञ्चालन भइरहेका पनि छन्। मझौला तथा ठूला सिँचाइ आयोजनाहरू भने सरकार तथा जल उपभोक्ता संस्थाहरूको संयुक्त व्यवस्थापनको अवधारणा अनुरूप सञ्चालनमा रहेका छन्। सिँचाइ प्रणालीमा क्रियाशील जल उपभोक्ता संस्थाहरूलाई सुदृढ पार्ने र सिँचाइ विकास कार्यक्रम अझ बढी प्रभावकारी बनाउने अभिप्रायले जल उपभोक्ताको संस्थागत विकास कार्यलाई सिँचाइ विकास कार्यक्रम अन्तर्गत अभिन्न अङ्गका रूपमा राखिएको छ।

## ४. समस्या र चुनौती

कृषि योग्य भूमिमा वर्षैभरि आवश्यक सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नु, सिँचाइ सुविधा पुगेको वा पुग्न सक्ने भूमिको पनि खण्डीकरण र अव्यवस्थित सहरीकरणका साथै कृषि भित्र अन्य उपयोगमा प्रयोग हुनु, सिँचाइ सुविधा पुगेका भूमिमा कृषि कार्यक्रम, बालीको विविधीकरण, व्यावसायीकरण तथा यान्त्रिकीकरणका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु, सिँचाइ प्रणालीको दिगो व्यवस्थापनका लागि जलउपभोक्ता संस्थाको क्षमता विकास अपेक्षित रूपमा हुन नसक्नु, सिँचाइ तथा जलउपयोग दक्षता न्यून हुनु, ठूला तथा बहुउद्देश्यीय आयोजनामा पर्याप्त लगानी हुन नसक्नु आदि यस क्षेत्रका समस्याका रूपमा रहेका छन्।

सतहको र भूमिगत सिँचाइको संयोजनात्मक उपयोगमार्फत वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउनु, तोकिएका समय, लागत र गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्नु, सिँचाइ गुरुयोजनालाई कार्यान्वयनमा ल्याई जलस्रोतको बहुउपयोगमा जोड दिँदै सिँचाइको विकास तथा विस्तार गर्नु, ठूला, बहुउद्देश्यीय तथा अन्तर-जलाधार जल-पथान्तरण परियोजनाहरू कार्यान्वयन गर्न संस्थागत संरचना तथा क्षमताको विकास गर्नु, सिँचाइ पूर्वाधार विकास तथा व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच उपयुक्त जिम्मेवारी तथा कार्यक्षेत्र बाडफाँट तथा समन्वय गर्नु, सङ्घीयता अनुकूलको नीति, ऐन तथा नियमहरू तर्जुमा गर्दै जलस्रोतका उपयोग, लाभ, लागत र बाडफाँट सम्बन्धी मापदण्डहरू तयार गर्नु, सिञ्चित कृषि क्षेत्रमा सिँचाइ तथा जल उपयोग दक्षता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन्।

## ५. नीतिको आवश्यकता

सिँचाइ क्षेत्रमा विद्यमान समस्या र चुनौतीको समाधान गर्दै मुलुकमा रहेको जलस्रोतको बहुआयामिक, समन्यायिक, समन्वयात्मक, सघन, एवम् एकीकृत रूपमा विकास गर्न, कृषियोग्य भूमिमा वर्षैभरि दिगो एवम् भरपर्दो सिँचाइ सुविधा पुर्याई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न, सिँचाइ क्षेत्रलाई आत्मनिर्भर, प्रतिस्पर्धी, लगानीमैत्री तथा जलवायु परिवर्तन अनुकूलित क्षेत्रका रूपमा विकास गरी खाद्य सुरक्षा अभिवृद्धि गर्न, तीनै तहका सरकारहरूको कार्यक्षेत्र तथा जिम्मेवारी बाडफाँट गरी समन्वयात्मक एवम् सामञ्जस्यपूर्ण ढङ्गले सिँचाइ क्षेत्रको विकास, विस्तार र व्यवस्थापन गर्न, जलवायु परिवर्तनका विद्यमान प्रभावलाई प्रतिरोध गर्ने र जलवायु परिवर्तनको अनुकूलित हुने गरी सिँचाइ संरचनाहरूको विकास तथा व्यवस्थापन गर्न र बहुउद्देश्यीय, जलाशययुक्त, अन्तरजलाधार जल-पथान्तरण, भूमिगत तथा नवीन प्रविधिमा आधारित सिँचाइ आयोजनाहरूको निर्माण कार्य उच्च प्राथमिकतामा राखी विकास गर्नुका साथै सतह सिँचाइ तथा भूमिगत सिँचाइको संयोजनात्मक उपयोगबाट वर्षैभरि

भरपर्दो सिँचाइ सेवा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा यस नीतिको कार्यान्वयनमार्फत आगामी पाँच वर्षमा करिब २ लाख हेक्टर थप कृषि भूमिमा बाह्रै महिना सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्यका साथ यस नीतिमार्फत प्रदेश तथा स्थानीय तहलाई नीतिगत मार्गदर्शनको रूपरेखा प्रदान गर्न मौजुदा सिँचाइ नीति, २०७० मा समसामयिक सुधार गरी प्रस्तुत राष्ट्रिय सिँचाइ नीति, २०८० तर्जुमा गरिएको छ।

## ६. दीर्घकालीन सोच

कृषि योग्य भूमिमा वर्षैभरि भरपर्दो सिँचाइ सुविधाको विकास र विस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरेर आर्थिक समृद्धि र सामाजिक रूपान्तरण।

## ७. लक्ष्य

देशमा उपलब्ध सिँचाइ योग्य कृषि भूमिमा वर्षैभरि भरपर्दो सिँचाइ सुविधाको विकास, विस्तार र व्यवस्थापन गरी कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरेर आर्थिक समृद्धिमा योगदान पुर्‍याउने।

## ८. उद्देश्य

सिँचाइ नीतिका उद्देश्यहरू देहाय बमोजिमका हुनेछन् :

८.१ कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न उपलब्ध जलस्रोतको संरक्षण तथा अधिकतम उपयोग गरी सिँचाइ क्षेत्रको दिगो विकास एवम् विस्तार गर्नु,

८.२ बहुउद्देश्यीय, जलाशययुक्त, अन्तर-जलाधार जल-पथान्तरणयुक्त, भूमिगत तथा नवीन प्रविधिमा आधारित सिँचाइ आयोजनाहरूलाई उच्च प्राथमिकता दिई विकास गर्नुका साथै सतहको तथा भूमिगत जलस्रोतको संयोजनात्मक उपयोगबाट वर्षैभरि भरपर्दो सिँचाइ सेवा पुर्‍याउनु,

८.३ सिँचाइ संरचनाको निर्माण, उचित मर्मत सम्भार र आधुनिकीकरण गरी प्रभावकारी जल व्यवस्थापनमार्फत पर्याप्त र विश्वसनीय सिँचाइ सुविधा पुर्‍याउनु,

८.४ नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबीच आपसी समन्वय र सहकार्यका माध्यमबाट सिँचाइको विकास तथा व्यवस्थापन गर्नुका साथै मुलुकका सबै क्षेत्रमा सिँचाइको सन्तुलित र समन्यायिक विकास गर्नु,

८.५ जलवायु परिवर्तनका विद्यमान प्रभावलाई प्रतिरोध गर्ने तथा जलवायु परिवर्तनको अनुकूलित हुने गरी सिँचाइ संरचनाहरूको विकास तथा व्यवस्थापन गर्नु।

## ९. रणनीति

यस सिँचाइ नीतिको उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरूको अवलम्बन गरिनेछ :

९.१ सिँचाइ क्षेत्रको विकास गर्दा पानीको उपलब्धताका आधारमा स्रोतहरूको अधिकतम (Optimum) उपयोग गर्ने गरी नदी बेसिन योजना तथा दीर्घकालीन गुरुयोजना तयार गरी सम्भाव्यता र प्राथमिकताका आधारमा कार्यान्वयन गरिने। (उद्देश्य ८.१)

९.२ जलस्रोतका बहुउद्देश्यीय आयोजनाहरूको विद्युत्-बिक्रीबाट तथा अन्य स्रोतबाट प्राप्त आयलाई सिँचाइ प्रणालीहरूको दिगो मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापन गर्न संस्थागत संयन्त्रको व्यवस्था गरिने। (उद्देश्य ८.१)

९.३ वर्षैभरि दिगो र भरपर्दो सिँचाइ सेवा पुर्‍याउन बहुउद्देश्यीय, जलाशययुक्त, अन्तर-जलाधार जल-पथान्तरण लगायतका जलस्रोत उपयोगका विभिन्न प्रविधिको अवलम्बन गरी आयोजनाहरूको विकास तथा व्यवस्थापन गर्न आन्तरिक साथै निजी क्षेत्रको समेत सहभागिता हुने गरी लगानीका वैकल्पिक मोडेलहरूको परिचालन गरिने। (उद्देश्य ८.२)

९.४ भूमिगत जलस्रोतको संरक्षणलाई जोड दिई सम्भाव्यताका आधारमा यसको उपयोग गरी सिँचाइको विकास तथा विस्तार गरिने। (उद्देश्य ८.२)

९.५ सिँचाइ प्रणालीको प्रभावकारी सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार गरी परिमाणका आधारमा (Volumetric Basis) सिँचाइ सेवा उपलब्ध गराई प्रणालीको उचित मर्मत सम्भार गरी भरपर्दो सेवा दिन सिँचाइ सेवाशुल्क अनिवार्य गरिने। (उद्देश्य ८.३)

९.६ सिँचाइ विकासका प्रक्रियामा सामाजिक न्याय, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आत्मसात गरी सीमान्तकृत, गरिब तथा बहुसङ्ख्यक किसानहरूलाई सुविधा दिने गरी सिँचाइ तथा जल उपभोक्ता संस्थाको संस्थागत विकास गरिने। (उद्देश्य ८.३)

९.७ भरपर्दो सिँचाइ सुविधा प्राप्त क्षेत्रलाई विशेष सिञ्चित क्षेत्र घोषणा गरी उक्त सिञ्चित क्षेत्र भित्रको जग्गा खण्डीकरण गर्ने तथा गैर कृषि प्रयोजनमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गरी उक्त जग्गाको अन्य उपयोग गर्नुपूर्व अनुमति लिनुपर्ने व्यवस्था गरिने। (उद्देश्य ८.३)

९.८ नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहद्वारा आ-आफ्ना कार्यक्षेत्रमा पर्ने सिँचाइ आयोजनाको तर्जुमा, निर्माण, सञ्चालन र व्यवस्थापन समन्वयात्मक ढङ्गबाट गरिने। (उद्देश्य ८.४)

९.९ सिँचाइ क्षेत्रमा गरिएका लगानीबाट अधिकतम प्रतिफल हासिल गर्न एकीकृत कार्यक्रममार्फत कृषि विकासमा संलग्न सरोकारवालाहरूसँग सहकार्य गरी सिञ्चित क्षेत्रको उत्पादकत्व वृद्धि गर्न विभिन्न प्रोत्साहनका कार्यक्रमहरू लागू गरिने। (उद्देश्य ८.४)

९.१० सिँचाइ क्षेत्रको एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी प्रदेश सरकार तथा स्थानीय तहबाट कार्यान्वयन भएका योजनाहरूको विवरण संलग्न गरी एकीकृत विवरण तयार गरिने। (उद्देश्य ८.४)

९.११ जलवायु परिवर्तनका प्रभावलाई प्रतिरोध गर्ने तथा जलवायु परिवर्तनको अनुकूलित हुने गरी सिँचाइ संरचनाहरूको निर्माण गर्न दिगो तथा वातावरणमैत्री संरचनाको विकास गरिने र प्रविधि विकास तथा उपयुक्त कृषि प्रणालीको अवलम्बन गर्ने सम्बन्धमा अध्ययन अनुसन्धान गरी विकास कार्यमा सम्बन्धित सङ्घ-संस्थाहरूसँग साझेदारी गरिने। (उद्देश्य ८.५)

## १०. कार्यनीति

**रणनीति ९.१ सिँचाइ क्षेत्रको विकास गर्दा पानीको उपलब्धताका आधारमा स्रोतहरूको अधिकतम (Optimum) उपयोग गर्ने गरी नदी बेसिन योजनाका आधारमा दीर्घकालीन गुरुयोजना तयार गरी सम्भाव्यता र प्राथमिकताका आधारमा कार्यान्वयन गरिने।**

१. जलाधार क्षेत्रको एकीकृत विकास हुने गरी नदी बेसिन योजनामा आधारित सिँचाइ गुरुयोजना तयार गरिनेछ। सिँचाइ आयोजनाको छनौट गर्दा कृषि योग्य भूमिको उपलब्धता, प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय पक्षहरूको विश्लेषणका आधारमा गरिनेछ।

२. सिँचाइ योजनाको विकास गर्दा उच्च आर्थिक प्रतिफल दिने आयोजनालाई प्राथमिकतामा राखिने छ। साथै सामाजिक न्याय, भौगोलिक वितरण तथा वातावरणीय सन्तुलन जस्ता विषयलाई समेत आधार बनाइनेछ।

३. सिँचाइ आयोजनाको छनौट चरणदेखि नै माथिल्लो तटीय र तल्लो तटीय (Upstream and Downstream) को अन्तरसम्बन्ध र त्यसबाट पुग्ने फाइदा तथा प्रभावलाई ध्यान दिइनेछ।

४. सञ्चालनमा रहेका सिँचाइ प्रणालीका साथै स्वीकृत सिँचाइ गुरुयोजनाले पहिचान गरेका सिँचाइ प्रणालीहरूको पनि पानी माथिको अग्राधिकारको प्रत्याभूति गरिनेछ।

५. सिँचाइको दिगो विकास तथा व्यवस्थापनका लागि भूमिगत जल-पुनर्भरण (Recharge) तथा सतहको जलस्रोत संरक्षणका कार्यलाई विशेष प्राथमिकता दिइनेछ।
६. सिँचाइ आयोजनाको निर्माण पश्चात् गरिने वार्षिक मर्मत सम्भार तथा व्यवस्थापन समेतलाई दृष्टिगत गर्दै सिँचाइ प्रणालीको ढाँचाका निश्चित मापदण्डहरू स्वीकृत गरी लागू गरिनेछ। सिँचाइको विकास तथा व्यवस्थापन कार्यमा संलग्न सरकारी तथा विकास साझेदार संस्थाहरूको कार्यान्वयन पद्धति र प्रक्रियामा एकरूपता ल्याइने छ।
७. व्यावसायिक कृषिका लागि जग्गा चक्लाबन्दी गरी वा लिजमा लिई वा सहकारी अवधारणामा उपयुक्त योजना देखाई कुनै व्यक्ति वा संस्थाले सिँचाइ प्रणालीको विकासको माग गरेमा सिँचाइ प्रणालीको विकास गर्न सकिनेछ।
८. कृषि सम्बन्धी प्रयोगका लागि पानीको व्यापारिक उपयोग गर्दा पानीको स्रोत वा सिँचाइको सार्वजनिक संरचना वा दुवैको उपयोग गर्ने संस्था वा व्यक्तिले प्रचलित कानुन बमोजिम अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिनेछ।
९. सिञ्चित क्षेत्रमा जम्मा हुने पानीको समुचित निकास व्यवस्थापन (Drainage Management) कार्यलाई सिँचाइकै अभिन्न अङ्गका रूपमा लिई एकीकृत रूपमा कार्यान्वयन गरिनेछ।

**रणनीति ९.२ जलस्रोतका बहुउद्देश्यीय आयोजनाहरूको विद्युत् बिक्रीबाट तथा अन्य स्रोतबाट प्राप्त आयलाई सिँचाइ प्रणालीहरूको दिगो मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापन गर्न संस्थागत रूपमा व्यवस्था गरिने।**

१. सिँचाइका बहुउद्देश्यीय आयोजनाहरूको विद्युत्-बिक्रीबाट तथा अन्य स्रोतबाट प्राप्त हुने आय समेतलाई व्यवस्थित गरी समग्र प्रणालीको दिगो व्यवस्थापन, सञ्चालन, मर्मत सम्भार तथा सिञ्चित क्षेत्रको विकास तथा विस्तार गर्न उपयुक्त संस्थागत संरचनाको व्यवस्था गरिनेछ।
२. यस अन्तर्गत सिँचाइ विकास कोषको स्थापना गरी उक्त कोषमा सिँचाइ सेवाशुल्क, विद्युत् बिक्रीबाट प्राप्त रकम, सिँचाइ संरचना वा पानीको अन्य उपयोगबाट प्राप्त हुने रकम तथा सिँचाइ प्रणालीको मर्मत सम्भारका लागि प्राप्त हुने रकम लगायत अन्य आम्दानी रहने व्यवस्था गरिनेछ।
३. सिँचाइका बहुउद्देश्यीय आयोजनाहरूमा विद्युत् उत्पादन, सञ्चालन तथा व्यवस्थापनको सम्झौता गर्ने, विद्युत् खरिद/बिक्री सम्झौता गर्ने, सिँचाइ आयोजनाहरूको वैकल्पिक प्रयोगबाट हुने आयको व्यवस्थापन गर्ने, विभिन्न स्रोतबाट प्राप्त आम्दानीको रकम सिँचाइ विकास कोषमा दाखिला गर्ने, आम्दानीलाई व्यवस्थित बनाउन स्थापित सिँचाइ विकास कोषको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने जस्ता कार्यहरू गरिनेछ।
४. सिँचाइ आयोजनाका स्वामित्वमा रहेका जग्गाबाट तथा अन्य आय स्रोतबाट सम्भाव्य आयको वृद्धि गर्ने र त्यस्ता स्रोतबाट प्राप्त आय आयोजना र सम्बन्धित जलउपभोक्ता संस्थामार्फत सिँचाइ प्रणालीको मर्मत सम्भारका लागि प्रयोग गर्ने व्यवस्था कोषमार्फत मिलाइनेछ।

**रणनीति ९.३ वर्षैभरि दिगो र भरपर्दो सिँचाइ सेवा पुर्‍याउन बहुउद्देश्यीय, जलाशययुक्त, अन्तर-जलाधार जल-पथान्तरण लगायतका जलस्रोत उपयोगका विभिन्न प्रविधिको अवलम्बन गरी आयोजनाहरूको विकास तथा व्यवस्थापन गर्न आन्तरिकका साथै निजी क्षेत्रको समेत सहभागिता हुने गरी लगानीका वैकल्पिक मोडेलहरूको परिचालन गरिने।**

१. सिँचाइ गुरुयोजनाले सूचीकृत गरेका बहुउद्देश्यीय, जलाशययुक्त, अन्तर-जलाधार जल-पथान्तरण आयोजनाहरूमा अधिकतम स्रोत परिचालन गरी सम्भाव्यता र प्राथमिकताका आधारमा विकास गरिनेछ।

२. सतहको वा भूमिगत पानीको प्रयोग हुने लिफ्ट सिँचाइ प्रणालीहरू समूहगत रूपमा वा बेसिन कोरिडर अवधारणामा विकास गरिनेछ। बृहत, ठूला तथा मझौला सिँचाइ आयोजनाहरू कार्यान्वयन गर्दा स्रोत उपलब्धताको सीमिततालाई दृष्टिगत गरी प्रतिफल प्राप्त गर्दै चरणबद्ध रूपमा हरेक चरणको उपलब्धि, आवश्यक स्रोत तथा कार्यान्वयनको समयसीमा समेत निर्धारण गरी प्राथमिकताका आधारमा कार्य गरिनेछ।

३. बहुउद्देश्यीय, अन्तर-जलाधार जल-पथान्तरण तथा ठूला जलाशययुक्त आयोजनाहरू कार्यान्वयन गर्दा स्वीकृत गुरुयोजनाको प्राथमिकीकरण तथा जल, ऊर्जा र खाद्यान्न बीचको सहसम्बन्ध, आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय पक्ष समेतका आधारमा कार्य गरिनेछ।

४. परम्परागत प्रविधिबाट सिँचाइ सम्भावना नभएका स्थानमा सिँचाइ सुविधा पुर्याउन जलविद्युत्बाट तथा नवीकरणीय ऊर्जाबाट सञ्चालित लिफ्ट सिँचाइ प्रणाली, पोखरी सिँचाइ, थोपा सिँचाइ, फोहोरा सिँचाइ, वर्षाको पानी सञ्चय गरेर गरिने सिँचाइ जस्ता नवीनतम् प्रविधिमा आधारित विभिन्न सिँचाइ विकासका कार्यक्रमहरूको कार्यान्वयन गरिनेछ।

५. ताल, तलैया र साना तथा मझौला जलाशयका विकासबाट वातावरणमा हुने फाइदा, सिँचाइ सुविधा, पर्यटन, आमोद-प्रमोद तथा अन्य फाइदाहरूलाई समेत एकीकृत गरी बहुउद्देश्यीय आयोजनाका रूपमा जलस्रोतको विकास गरिनेछ।

६. बहुउद्देश्यीय जलाशययुक्त ठूला सिँचाइ आयोजनाहरूको विकास तथा व्यवस्थापन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहसमेतको सहभागितामूलक संयुक्त लगानीमा गर्न सकिने व्यवस्था गरिनेछ।

७. बहुउद्देश्यीय जलाशययुक्त ठूला वा विशेष प्रकृतिका आयोजना सञ्चालन वा व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार नेपाल सरकार, निजी क्षेत्र, संस्थागत लगानीकर्ता, जलउपभोक्ता संस्था वा अन्य निकायहरूको स्व-पुँजी रहने गरी प्रचलित कानुन बमोजिम गर्न सकिने व्यवस्था गरिनेछ।

८. बहुउद्देश्यीय आयोजनाहरूलाई व्यावसायिक दृष्टिकोणले सम्भाव्य बनाउन जलविद्युत्, सिँचाइ तथा अन्य उपयोगबाट प्राप्त हुने फाईदाहरूको समग्र विश्लेषण गरी कुल लाभ र विभिन्न संरचनाहरूको लागत अंश निर्धारण गरी कुनै एक अंश सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरूप विकास तथा सञ्चालन गर्ने गरी लगानी व्यवस्थापन गर्ने नीति लिन सकिनेछ।

९. नेपाल सरकारले विकास गरेको सिँचाइ प्रणालीको सञ्चालन, मर्मत सम्भार वा व्यवस्थापनमध्ये आवश्यकता अनुसार कुनै वा सबै कार्य निजी क्षेत्रबाट वा सार्वजनिक निजी साझेदारीबाट उपयुक्त मोडेल अवलम्बन गरी गर्न सकिनेछ।

१०. सिँचाइ प्रणालीहरूमा निर्माण गरिने कुला, कुलेसा तथा टयुबवेललाई आवश्यक पर्ने जग्गा सम्बन्धित जग्गा धनीले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नुपर्नेछ। यसरी हस्तान्तरित जग्गाको प्रचलित दर बमोजिमको मूल्य कायम गरी उपभोक्ताले जग्गा धनीलाई दिनुपर्ने रकम कुला तथा कुलेसा निर्माणमा व्यहोर्ने रकममा समायोजन गरिनेछ।

११. सिँचाइ आयोजना निर्माण तथा मर्मतको लागत अनुमानमा नेपाल सरकार तथा जलउपभोक्ताले व्यहोर्ने लगानीको अंश सिँचाइ आयोजनाको आकार तथा नहर प्रणालीको तह अनुसार छुट्टाछुट्टै हुने गरी व्यवस्था गरिनेछ।

**रणनीति ९.४ भूमिगत जलस्रोतका संरक्षणलाई जोड दिई सम्भाव्यताका आधारमा यसको उपयोग गरी सिँचाइ विकास तथा विस्तार गरिने।**

१. भूमिगत जलस्रोतको सम्भावना भएका क्षेत्रमा प्रभावकारी सिँचाइ सुविधा विकास गर्नका लागि समूहगत (Cluster) भूमिगत सिँचाइ आयोजनाको अवधारणा विकास गरिनेछ।

२. वर्षैभरि सिँचाइ सुविधा पुर्याउन भूमिगत जलस्रोतको तथा सतह सिँचाइको संयोजनात्मक उपयोग हुने गरी भूमिगत जल सिँचाइ प्रणालीको विकास गरिनेछ।

३. भूमिगत जलस्रोतको जलसतह अनुगमन तथा अनुसन्धान कार्यका लागि थप अन्वेषण ट्युबवेलहरू निर्माण गरी नियमित तथ्याङ्क सङ्कलन गरिनेछ।

४. भूमिगत जलस्रोतको दिगो व्यवस्थापनका लागि प्राकृतिक पुनर्भरण (Recharge) संरक्षण गर्नुका साथै कृत्रिम पुनर्भरण सम्बन्धी कार्यक्रम समेत सञ्चालन गरिनेछ।

५. भूमिगत जल सिँचाइमा प्रयोग हुने प्रविधि तथा सिँचाइ प्रणालीको सहज सञ्चालनका लागि यससँग सम्बन्धित संस्था र प्राविधिकहरूलाई आवश्यक प्राविधिक सहयोग र तालिम उपलब्ध गराई प्रविधिमैत्री बनाउनेतर्फ जोड दिइनेछ।

६. भूमिगत जल सिँचाइ आयोजना विकासका लागि समूहगत भूमिगत प्रणालीको विकास, संयोजनात्मक उपयोग, मर्मत सम्भार र प्रणाली सञ्चालनमा एकरूपता कायम गरिनेछ।

७. भूमिगत जलस्रोत र लिफ्ट सिँचाइमा प्रयोग हुने विद्युत् महसुलमा विशेष सहुलियत उपलब्ध गराउने व्यवस्था गरिनेछ।

८. समूहगत रूपमा सञ्चालित लिफ्ट सिँचाइ तथा भूमिगत जल सिँचाइ आयोजनाहरूको छनौट गर्दा स्थानीय तह तथा आयोजनाका उपभोक्ताहरूको अनुरोध एवम् आयोजनाको सम्भाव्यतालाई छनौटको आधार बनाइनेछ।

**रणनीति ९.५ सिँचाइ प्रणालीको प्रभावकारी सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार गरी परिमाणका आधारमा (Volumetric Basis) सिँचाइ सेवा उपलब्ध गराई प्रणालीको उचित मर्मत सम्भार गरी भरपर्दो सेवा दिन सिँचाइ सेवाशुल्क अनिवार्य गरिने।**

१. सिञ्चित क्षेत्रभित्र सिँचाइ सुविधा पानी परिमाणका (Volumetric Basis) आधारमा उपलब्ध गराई वार्षिक रूपमा उपलब्ध हुने पानीका आधारमा सिञ्चित क्षेत्रको वर्गीकरण गरिनेछ।

२. सिँचाइ प्रणालीको सेवा उपभोग गर्ने उपभोक्ताहरूले सेवा उपभोग गरे वापत तोकिए बमोजिमको सिँचाइ सेवाशुल्क बुझाउनु पर्नेछ। यसरी सङ्कलित सिँचाइ सेवाशुल्कलाई प्रणालीको मर्मत सम्भारका लागि प्रयोग गरी प्रणालीको दिगो सञ्चालन गरिनेछ।

३. सिँचाइ सेवाशुल्क नबुझाउने उपभोक्तालाई सिँचाइ सुविधाबाट वञ्चित गर्न सकिनेछ। सेवाको गुणस्तर न्यून भएमा वा भरपर्दो सिँचाइ सेवा पुर्याउन नसकिएका अवस्थामा कुनै निश्चित पिछडिएका वर्ग वा समुदायलाई सिँचाइ सेवा शुल्कमा छुट दिन सकिनेछ।

४. स्थानीय तहसँगका सहकार्यमा नहर प्रणालीको सिञ्चित क्षेत्रभित्रको जमिनको भूमिकर तिर्न वा जग्गा खरिद-बिक्री गर्न वा अन्य कुनै सिफारिस प्राप्त गर्न सिँचाइ सेवाशुल्क बुझाएको निस्सा अनिवार्य रूपमा पेस गर्नुपर्ने नियम बनाई सिँचाइ सेवाशुल्क उठाउने कार्यलाई व्यवस्थित गरिनेछ।

५. नहर सञ्चालन योजनाका आधारमा सिँचाइ सेवा प्राप्त गर्ने किसानहरूको अभिलेख तयार गरी प्राप्त हुने सिँचाइ सेवाशुल्कको विवरण सम्बन्धित सिँचाइ कार्यालयले स्थानीय तहलाई उपलब्ध गराई सिँचाइ सेवाशुल्क सङ्कलनमा सहजीकरण गरिनेछ।

६. सिञ्चित क्षेत्र, बालीका प्रकार, माटोका प्रकार आदिलाई सिँचाइ सेवा उपलब्ध गराउने आधारका रूपमा लिइने छ। तर पानीको अभाव भएका अवस्थामा उच्च प्रतिफल दिने बाली, सहकारीमा आधारित खेती प्रणाली र व्यावसायिक तथा यान्त्रिक खेती प्रणाली जस्ता आधुनिक खेती प्रणालीलाई प्राथमिकता दिई सिँचाइ सेवा उपलब्ध गराउन सकिनेछ।

७. ठूला सिँचाइ प्रणालीहरूको व्यवस्थापन, सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित सिँचाइ कार्यालय तथा जलउपभोक्ता संस्थाले संयुक्त रूपमा गर्नेछन्। सञ्चालन तथा व्यवस्थापनमा नेपाल सरकारको थप दायित्व नरहने गरी सम्भाव्य सिँचाइ प्रणालीहरूको व्यवस्थापन प्रदेश सरकार, स्थानीय तह वा उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिनेछ।

८. संयुक्त रूपमा सञ्चालित सिँचाइ प्रणालीहरूको व्यवस्थापन गर्दा सिँचाइ कार्यालयले प्रणालीको उपल्लो तह (मुहान तथा मूल नहर) को व्यवस्थापन गर्ने र जल उपभोक्ता संस्थाहरूले प्रणालीको तल्लो तह (शाखा, उपशाखा वा प्रशाखा नहर, कुलो तथा कुलेसो) को व्यवस्थापन गर्ने नीति लिइनेछ।

९. नहर प्रणालीको व्यवस्थापन गर्दा प्रणालीको सम्पत्ति अभिलेख सहितको सम्पत्ति व्यवस्थापन योजना (Asset Management Plan) तयार गरिनेछ। सो अनुसार सिँचाइ कार्यालयलाई जिम्मेवार बनाई वार्षिक मर्मत सम्भार तथा सञ्चालनका लागि आवश्यक स्रोतको विनियोजन गरिनेछ।

१०. जलउपभोक्ता समितिमा महिला पिछडिएको वर्ग एवम् जनजातिको समानुपातिक रूपमा समावेशी सिद्धान्त बमोजिम हुने गरी सुनिश्चित गरिनेछ। सिँचाइ कार्यालय तथा जलउपभोक्ता संस्थाले स्थानीय तहसँग समन्वय गरी सिञ्चित क्षेत्र, जमिनका प्रकार, बाली तथा उत्पादनलाई आधार बनाई सिँचाइ सेवाशुल्क निर्धारण गर्ने व्यवस्था मिलाइनेछ। सिँचाइ सेवाशुल्क सङ्कलन गर्न स्थानीय तह, उपभोक्ता समूह वा निजी क्षेत्रको समेत सहभागिता गराउन सकिनेछ।

**रणनीति ९.६ सिँचाइ विकासका प्रक्रियामा सामाजिक न्याय, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आत्मसात् गरी सीमान्तकृत, गरिब तथा बहुसङ्ख्यक किसानहरूलाई सुविधा दिने गरी सिँचाइ तथा जलउपभोक्ता संस्थाको संस्थागत विकास गरिने।**

१. सिँचाइ प्रणालीका उपभोक्ताहरूलाई कुलोदेखि मूल नहरसम्मका विभिन्न तहमा सङ्गठित गरी आयोजना कार्यान्वयन, व्यवस्थापन र सञ्चालनका क्रियाकलापहरूमा सहभागी गराई आयोजना प्रक्रियाबारे सूचना, सञ्चार तथा छलफलका माध्यमबाट सुसूचित गराइनेछ।

२. सिँचाइ प्रणालीको निर्माण, पुनस्थापना तथा आधुनिकीकरणका प्रक्रियामा जल उपभोक्ता संस्थालाई सिँचाइ प्रणालीको व्यवस्थापन हस्तान्तरण गर्ने गरी आयोजनाको प्रारम्भिक चरणदेखि नै सहभागी गराई क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालित गरिनेछन्।

३. जलउपभोक्ता संस्थाको कार्य क्षेत्रभित्रका प्रणालीहरूको सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार गर्न प्राविधिक सहयोग उपलब्ध गराइनेछ। साथै स्थानीय तहले सिँचाइ व्यवस्थापन प्रक्रियालाई नियमन गर्न प्रशासनिक सहयोग उपलब्ध गराउन सक्ने छ।

४. संयुक्त रूपमा सञ्चालित ठूला सिँचाइ प्रणालीको सञ्जालभित्र रहेका नहर प्रणालीहरूलाई सिँचाइ व्यवस्थापनका दृष्टिकोणले नहर प्रणालीका आधारमा सिँचाइ ब्लक (Irrigation Block) मा विभाजन गरी हरेक ब्लकहरूमा छुट्टाछुट्टै जल उपभोक्ता संस्था गठन गरी मूल नहर समितिलाई समन्वय समितिका रूपमा विकास गरिनेछ। यसरी गठन हुने ब्लक समिति अन्तर्गतका सिँचाइ प्रणालीहरूको सञ्चालन र व्यवस्थापन सिँचाइ कार्यालय, जलउपभोक्ता संस्था र स्थानीय तहले संयुक्त रूपमा गर्नेछ।

५. सिँचाइ व्यवस्थापनमा उत्कृष्ट भूमिका निर्बाह गरेको ठहरेका जल उपभोक्ता संस्थालाई वार्षिक रूपमा पुरस्कृत गरिनेछ।
६. कुनै सिँचाइ प्रणालीका उपभोक्ताहरूबाट माग भइआएमा बाली सघनता, बाली विविधीकरण, कृषि यान्त्रिकीकरण तथा कृषि उपजको बजार व्यवस्थापन कार्य समेत गर्ने गरी जल उपभोक्ता संस्थालाई विद्यमान कानुन अनुसार सहकारीमा रूपान्तरण हुन सिँचाइ कार्यालयले प्रोत्साहन तथा सहयोग गर्नेछ।
७. सिँचाइ क्षेत्रमा विद्यमान लैङ्गिक असमानताको अन्त्य गरी लैङ्गिक समानता कायम गर्न महिला सशक्तीकरण सम्बन्धी सामाजिक कार्यक्रमहरूको सञ्चालन गरिनेछ।
८. समाजमा पिछडिएका वर्ग, समुदाय र क्षेत्र तर्फ परिलक्षित गरी त्यस्ता क्षेत्रहरूमा जलस्रोतको समुचित व्यवस्थापन र सिँचाइ विकासमा विशेष जोड दिइनेछ। जल उपभोक्ता समितिमा महिला, पिछडिएको वर्ग एवम् जनजातिको सहभागिता समानुपातिक रूपमा समावेशी सिद्धान्त बमोजिम हुने गरी सुनिश्चित गरिनेछ।
९. आर्थिक तथा सामाजिक रूपले पिछडिएका क्षेत्रका दलित, महिला तथा निम्न वर्गका कृषक समुदायहरूलाई लक्षित गरी विशेष सिँचाइ कार्यक्रमहरूको सञ्चालन गरिनेछ।

**रणनीति ९.७ भरपर्दो सिँचाइ सुविधा प्राप्त क्षेत्रलाई विशेष सिञ्चित क्षेत्र घोषणा गरी उक्त सिञ्चित क्षेत्रभित्रको जग्गा खण्डीकरण गर्ने तथा गैरकृषि प्रयोजनमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गरी उक्त जग्गाको अन्य उपयोग गर्नुपूर्व अनुमति लिनुपर्ने व्यवस्था गरिने।**

१. भरपर्दो सिँचाइ प्रणाली विकास गरिएको सिञ्चित क्षेत्रलाई "विशेष सिञ्चित क्षेत्र" घोषणा गरी आवश्यकताका आधारमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराइनेछ।
२. विशेष सिञ्चित क्षेत्रको जग्गा खण्डीकरण गर्न र गैर कृषिसम्वद्ध क्रियाकलापहरू सञ्चालन गर्न निरुत्साहित गरिनेछ।
३. विशेष सिञ्चित क्षेत्रमा सघन कृषि विकास कार्यक्रम सञ्चालन गर्ने, जग्गा चक्लाबन्दी गरी व्यावसायिक कृषि कार्यक्रमहरू सञ्चालन गर्ने, कृषि विकासका लागि अनुदान वा सहुलियत प्राथमिकतापूर्वक दिने तथा अन्य विविध कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्ने काम गरिनेछ।
४. घोषित विशेष सिञ्चित क्षेत्रभित्रको जग्गा कुनै विशेष परिस्थितिमा गैरकृषि प्रयोजनका लागि उपयोग गर्नुपरेमा वा खण्डीकरण गर्नुपरेमा सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ।
५. विशेष सिञ्चित क्षेत्रमा स्वीकृति प्राप्त नगरी सञ्चालन गरिएका गैर कृषि कार्यक्रमलाई रोक लगाइनेछ।
६. विशेष सिञ्चित क्षेत्रका तथा सिँचाइ आयोजना क्षेत्रका भूमिहीन तथा प्रभावित समुदायलाई प्रणालीको व्यवस्थापन, सीप विकास तथा क्षमता अभिवृद्धि जस्ता कार्यमा सहभागी गराइनेछ।
७. कृषि बाली बाहेकका पशुपालन तथा मत्स्यपालनलाई समेत सिँचाइ योजना निर्माण तथा व्यवस्थापनसँग आवद्ध गरिनेछ।

**रणनीति ९.८ नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहद्वारा आ-आफ्ना जिम्मेवारी वा कार्य क्षेत्रमा पर्ने सिँचाइ योजनाको तर्जुमा, निर्माण, सञ्चालन र व्यवस्थापनका साथै सिञ्चित क्षेत्रमा कृषिको उत्पादकत्व बढाउने कार्य पनि समन्वयात्मक ढङ्गबाट गरिने।**

१. परम्परागत सिँचाइ प्रणालीहरूको पुनर्निर्माण, मर्मत सम्भार र सुपरीवेक्षणको दायित्व स्वीकृत मापदण्डका आधारमा सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको हुनेछ। यस्ता प्रणालीहरूका व्यवस्थापनमा प्रदेश सरकार तथा स्थानीय तहको मागका आधारमा नेपाल सरकारले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

२. नेपाल सरकारले परम्परागत सिँचाइ प्रणालीहरूको संरचना सुधार तथा संस्थागत विकासका लागि आवश्यकता अनुसार सहयोग गर्न सक्नेछ। एकपटक पुनर्निर्माण कार्य सम्पन्न गरिएका आयोजनामा निश्चित अवधिसम्म पुनः लगानी गरिने छैन। पुनर्निर्माण कार्य सम्पन्न भएपछि यस्ता आयोजनाको मर्मत सम्भार तथा सञ्चालनको दायित्व पूर्ण रूपमा उपभोक्ता संस्थामा रहनेछ।

३. सङ्घ, प्रदेश तथा स्थानीय तहका प्रतिनिधिहरू रहने गरी विषयगत समिति बनाई सो समितिबाट सिँचाइ नीतिको कार्यान्वयन, अन्तर प्रदेश आयोजना तर्जुमा, उपलब्ध स्रोतको उपयोग, विवाद निरूपण र सिँचाइ विकाससँग सम्बन्धित अन्य कार्यहरूमा समन्वय गरिनेछ।

४. सङ्घ, प्रदेश तथा स्थानीय तह बीच बहुउद्देश्यीय सिँचाइ आयोजनाबाट प्राप्त हुने प्रतिफल बाडफाँट गर्ने उपयुक्त पद्धतिको विकास गरिनेछ।

५. सङ्घीय सरकारका अधिकार भित्र रहेका सिँचाइ प्रणालीहरू अन्तर्गत कृषि प्रसारमा तथा सिँचाइ सेवाशुल्कको निर्धारण र सङ्कलनमा प्रदेश तथा स्थानीय तहलाई सहभागी गराइनेछ।

६. सिँचाइ विकास, विस्तार र व्यवस्थापनका कार्यलाई कृषि विकास कार्यक्रमसँग आवद्ध गर्न आयोजनाको पहिचान र छनौटको चरणदेखि नै जलस्रोत तथा सिँचाइ एवम् कृषि कार्यालयहरू बीच समन्वय र सहकार्य गरिनेछ।

७. प्रदेश तथा स्थानीय तहको एकल अधिकारका सूचीमा रहेका सिँचाइ प्रणालीको ढाँचा, निर्माण तथा नयाँ प्रविधिका प्रयोगमा सङ्घ अन्तर्गतका सिँचाइ कार्यालयहरूले आवश्यक प्राविधिक तथा प्रविधि विकास सम्बन्धी सहयोग उपलब्ध गराउने व्यवस्था गरिनेछ।

८. सङ्घ, प्रदेश सरकार वा स्थानीय तहबाट सिँचाइ विकाससँग सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा समन्वय गर्न अन्तरतह समन्वय समितिमार्फत गरिनेछ।

**रणनीति ९.९ सिँचाइ क्षेत्रमा गरिएका लगानीबाट अधिकतम प्रतिफल हासिल गर्न एकीकृत कार्यक्रममार्फत कृषि विकासमा संलग्न सरोकारवाला संस्थाहरूसँग सहकार्य गरी सिञ्चित क्षेत्रको उत्पादकत्व वृद्धि गर्न विभिन्न प्रोत्साहनका कार्यक्रमहरू लागू गरिने।**

१. संयुक्त व्यवस्थापनमा सञ्चालित ठूला सिँचाइ प्रणालीहरूमा सम्बन्धित कृषि कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी सिँचाइ तथा कृषिका एकीकृत कार्यक्रमहरू सञ्चालित गरिनेछन्।

२. उपयुक्त बाली पात्रो र नहर सञ्चालन योजनाका आधारमा नहर सञ्चालन गर्ने गरी सम्बन्धित कृषि कार्यालयको कार्यक्रमका माध्यमबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि हुने संयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।

३. एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रमका माध्यमबाट सिँचाइ व्यवस्थापनमा संलग्न सरोकारवालाहरूको क्षमता तथा दक्षता अभिवृद्धि गरिनेछ।

४. सिँचाइ योजना तथा कार्यक्रम सञ्चालन क्षेत्रमा गरिबी न्यूनीकरणमा थप मद्दत पुर्याउने खालका एकीकृत बाली तथा जल व्यवस्थापन, जीविकोपार्जन, लघु ऋण, व्यावसायिक सीप अभिवृद्धि जस्ता कार्यक्रम सञ्चालनमा प्राथमिकता दिई अन्तर निकायगत समन्वय तथा सहकार्यमा जोड दिइनेछ।

५. सिँचाइका उत्कृष्ट संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन गरिनेछ।

६. नयाँ प्रविधिमा आधारित सिँचाइ सामग्रीहरूको सहज आपूर्ति र उत्पादन गर्ने कम्पनी तथा संस्थाहरूलाई विशेष सहुलियत तथा प्रोत्साहन प्रदान गर्ने व्यवस्था गरिनेछ।

**रणनीति ९.१० सिँचाइ क्षेत्रको एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी प्रदेश सरकार तथा स्थानीय तहबाट कार्यान्वयन भएका योजनाहरूको विवरण समेत संलग्न गरी एकीकृत विवरण तयार गरिने।**

१. सिँचाइ सम्बन्धी तथ्याङ्क सङ्कलन गर्न प्रदेश र स्थानीय तहका सिँचाइ विकासमा संलग्न निकायहरूसँग समन्वय गरी स्थानीय तहबाट प्रदेशमा तथा प्रदेशबाट नेपाल सरकारमा तथ्याङ्क प्रवाहको व्यवस्था गरिनेछ। सङ्कलित तथ्याङ्कहरूको विश्लेषण गरी प्रकाशित गरिने सूचनामा सर्वसाधारणको सहज पहुँचको व्यवस्था गरिनेछ।

२. सिँचाइ आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित बनाउन भौगोलिक र व्यवस्थापकीय सूचना प्रणाली तयार गरी सञ्चालनमा ल्याइने छ। उक्त प्रणालीमा प्रदेश सरकार तथा स्थानीय तहबाट तथ्याङ्क प्रविष्ट गर्न सक्ने गरी सिँचाइ विकासका विवरणहरू अद्यावधिक गर्ने व्यवस्था मिलाउनुका साथै सोका आधारमा प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

३. अनुगमन तथा मूल्याङ्कनलाई सूचकमा आधारित बनाई सोबाट पृष्ठपोषण गरिएका विषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

४. सिँचाइ प्रणालीले पुर्याएको सेवाको अनुगमन गर्दा उपलब्ध पानीको परिमाण, सिञ्चित क्षेत्रफल, बाली सघनता, उत्पादन र उत्पादकत्वमा वृद्धि, उपभोक्ता संस्थाको आर्थिक स्थिति र कार्यक्षेत्रमा भएका सकारात्मक परिवर्तनहरूलाई आधार मानिनेछ।

५. आयोजना कार्यान्वयनको नियमित मूल्याङ्कन गर्नुका साथै आवधिक रूपमा मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने कार्य पनि आयोजना कार्यान्वयनको अभिन्न अङ्गका रूपमा राखी कार्यान्वयन गरिनेछ।

**रणनीति ९.११ जलवायु परिवर्तनको अनुकूलित हुने गरी तथा जलवायु परिवर्तनको प्रभावलाई प्रतिरोध गर्ने गरी दिगो तथा वातावरण मैत्री सिँचाइ संरचनाको विकास गरिने तथा सिँचाइ प्रभावकारिता, प्रविधि विकास तथा उपयुक्त कृषि प्रणालीको अवलम्बन गर्ने सम्बन्धमा अध्ययन, अनुसन्धान तथा विकास कार्यमा सम्बन्धित सङ्घ-संस्थाहरूसँग साझेदारी गरिने।**

१. सिँचाइ आयोजना कार्यान्वयनबाट पर्न सक्ने नकारात्मक वातावरणीय प्रभावहरू न्यून हुने गरी आयोजना कार्यान्वयन गरिनेछ। कुनै स्रोतबाट सिँचाइका लागि पानी प्रयोग गर्दा त्यस्ता स्रोतमा आवश्यक पर्ने न्यूनतम जलप्रवाह कायम हुने गरी सिँचाइको विकास गरिनेछ।

२. सिँचाइ प्रणालीको कार्य क्षेत्रभित्र नदी कटान, बाढी, पैरो आदिबाट हुन सक्ने क्षतिबाट सुरक्षाका लागि गरिने कार्यहरू आयोजनाका लागतमा समावेश गरिनेछ।

३. बदलिँदो प्राकृतिक र पारिस्थितिक अवस्थालाई ध्यानमा राखी सिँचाइ आयोजनाको निर्माण, व्यवस्थापन, संरक्षण र उपयोगमा व्यापक सचेतना अभिवृद्धि गरिनेछ। आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनका असर र न्यूनीकरणका उपायहरूलाई योजना तर्जुमा प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ। जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने गरी आयोजनाको ढाँचा तथा कार्यान्वयनमा एकरूपता कायम गरिनेछ।

४. सिँचाइ योजनाको विकास र व्यवस्थापनमा जलवायु परिवर्तनको प्रभावबारे जानकारीमूलक कार्यक्रम सञ्चालन गरी सिञ्चित कृषि प्रणालीमा जलवायु परिवर्तनका प्रभाव तथा अनुकूलन विधिबारे सिँचाइ व्यवस्थापनका नियमित कार्यक्रममार्फत कृषकहरूलाई सुसूचित गरिनेछ।

५. सिँचाइ विकास कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह तथा प्रदेश सरकारसँग समन्वय गरी ताल, तलैया, पोखरी, सिमसार तथा मूलस्रोत संरक्षण तथा संम्वर्धन सम्बन्धी कार्यहरू गरिनेछन्। वर्षाको पानी सञ्चय गर्ने पद्धतिका विकासमा जोड दिनुका साथै सम्भाव्यताका आधारमा साना तथा मझौला जलाशयहरूको निर्माण तथा विकास गरिनेछ।

६. आयोजना कार्यान्वयन गर्दा प्रचलित कानुनले निर्दिष्ट गरेअनुसार जग्गा अधिग्रहणको प्रभाव न्यूनीकरण गर्ने र महिला तथा सीमान्तकृत समूहमा पर्ने प्रभाव मूल्याङ्कन गर्ने गरी उपयुक्त सुरक्षण विधि अवलम्बन गरिनेछ।

७. जलवायु परिवर्तनका कारणबाट जलस्रोतका उपलब्धतामा हुने फेरबदल, बालीलाई आवश्यक पर्ने पानीका मात्रामा आउने परिवर्तन, जलउत्पन्न प्रकोप र त्यसबाट सिँचाइ संरचनाहरूमा पर्ने प्रभाव तथा व्यवस्थापनबारे विस्तृत अध्ययन तथा अनुसन्धान गरिनेछ।

८. नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाहरू र सिँचाइसम्वद्ध राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ-संस्थाहरूसँग सहकार्य गरी सिँचाइ तथा जलनिकास (Drainage) सम्बन्धी आवश्यक अध्ययन अनुसन्धानात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

९. अनुसन्धानबाट प्रमाणित विविध आर्थिक, सामाजिक तथा भौगोलिक अवस्थाका लागि उपयुक्त सिँचाइ प्रविधि एवम् कृषि प्रणालीलाई प्रवर्दन गरिनेछ।

## ११. संस्थागत व्यवस्था

सिँचाइको विकास र विस्तार तथा प्रणालीको व्यवस्थापन र जलस्रोतको समुचित संरक्षणका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा यथोचित संस्थागत प्रबन्ध गरिनेछ। यस नीतिको कार्यान्वयनका लागि सङ्घीय तहमा आवश्यकता अनुसार मन्त्रालय, विभाग र आयोजना रहने छन्। प्रदेशस्तरमा मन्त्रालय, निर्देशनालय र विषयगत कार्यालयहरूको तथा स्थानीय तहमा सम्बन्धित कार्यालयहरूको क्षमता विकास गरी परिचालन गरिनेछ। यस नीतिको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना तथा व्यवस्थापन पद्धतिमा सुधार गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन गरी सोको प्रतिवेदन अनुसार तिनको सुदृढीकरण गरिनेछ। सङ्घ, प्रदेश र स्थानीय तहबीच परियोजनाको विकास तथा व्यवस्थापनमा एवम् लाभलागत बाडफाँटमा आवश्यक समन्वय र सामञ्जस्य कायम गर्न उचित संयन्त्रको व्यवस्था गरिनेछ।

## १२. आर्थिक पक्ष/वित्तीय स्रोत व्यवस्थापन

यस नीतिको कार्यान्वयन गर्न थप राष्ट्रिय स्रोतहरूको पहिचान गरी नेपाल सरकारको आन्तरिक वित्तीय स्रोतमा र द्विपक्षीय, बहुपक्षीय तथा अन्तराष्ट्रिय वित्तीय स्रोतमा पहुँच बढाई वैदेशिक स्रोतको समेत परिचालन गरिनेछ। सिँचाइ प्रणालीको मर्मत सम्भार तथा सञ्चालन खर्च उपभोक्ताहरूबाट व्यहोर्ने व्यवस्था मिलाइनेछ।

यस नीतिमा उल्लिखित सम्बन्धित तहका सरकारको अधिकार क्षेत्रभित्र पर्ने सिँचाइ आयोजना कार्यान्वयनका लागि तीनै तहका सरकारले आवश्यक बजेटको व्यवस्था गर्ने छन्। यस नीतिको कार्यान्वयनका लागि आवश्यकता अनुसार सम्बन्धित उपभोक्ता समुदाय, निजी क्षेत्र र कृषि सहकारीका लगानीलाई प्रोत्साहित गर्नुका साथै विकास साझेदारहरूसँग परामर्श, समन्वय र साझेदारी पनि गरिनेछ।

## १३. कानुनी व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनहरूको तर्जुमा गर्नुका साथै आवश्यकता अनुसार तिनको परिमार्जन समेत गरिनेछ।

## १४. अनुगमन तथा मूल्याङ्कन

सिँचाइको दिगो तथा भरपर्दो सेवाको गुणस्तर तथा प्रभावकारिता मापनका लागि प्रदेश सरकार तथा स्थानीय तहबाट सम्पादन भएका कार्यहरू समेतको अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने व्यवस्था गरिनेछ। अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय तह तथा प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरूलाई आवश्यकता अनुसार समावेश गरिनेछ। सिँचाइ प्रणालीले पुर्याएको सेवाको अनुगमन गर्दा पानीको परिमाण, सिञ्चित क्षेत्रफल, बाली सघनता, उत्पादन र उत्पादकत्वमा वृद्धि, ढाँचाको मापदण्ड पालना, उपभोक्ता संस्थाको आर्थिक स्थिति र कार्यक्षेत्रमा भएका परिवर्तनहरूलाई आधार लिइने तथा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई फलदायी बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ। सिँचाइ प्रणालीको अनुगमन, मूल्याङ्कन तथा प्रभावकारिता विश्लेषण गर्न एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी प्रदेश सरकार तथा स्थानीय तहबाट सम्पादित योजनाहरूको विवरण एकीकृत रूपमा तयार गर्ने व्यवस्था मिलाइनेछ। यस नीतिलाई हरेक पाँच वर्षमा पुनरवलोकन गरिनेछ र आवश्यकता अनुसार यसको प्रभावको मूल्याङ्कन गरिनेछ।

## १५. क्षेत्रगत नीति तथा नीतिको परिमार्जन

यस सिँचाइ नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार अन्य उप-क्षेत्रगत नीतिहरू समेत तर्जुमा गर्न सकिनेछ। यस नीतिको अनुकुल नभएका अन्य नीतिहरू यसै नीतिअनुरूप हुने गरी परिमार्जित गरिनेछन्। यस नीतिलाई आवश्यकता अनुसार पुनरावलोकन गरी अद्यावधिक बनाइनेछ।

## १६. जोखिम तथा जोखिम न्यूनीकरण

### अ. जोखिम

(क) सङ्घीय संरचना अनुरूप सङ्घ, प्रदेश र स्थानीय तहका कार्यान्वयनका विभिन्न निकायहरूबीचको सामञ्जस्य, समन्वय तथा सहकार्यबाट मात्र यस नीतिले राखेका उद्देश्यहरू हासिल हुने भएकाले यस प्रकारको कार्यपद्धति अपनाई विकास निर्माण कार्य सञ्चालन गर्नु।

(ख) उपलब्ध स्रोतको संरक्षणका साथै सिँचाइ विकास गर्न ठूलो आर्थिक स्रोत तथा साधनको आवश्यकता हुने र यसका लागि पर्याप्त आन्तरिक लगानीको स्रोत जुटाउनुका साथै वैदेशिक सहयोग तथा निजी क्षेत्रको लगानी समेत आकर्षित गरी परिचालित गर्नु।

(ग) सिँचाइको विकास, विस्तार तथा मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय तथा कार्य क्षेत्रगत निकायमा आवश्यक पर्ने प्राविधिक तथा संस्थागत क्षमता र जनशक्ति विकास गर्नु।

### आ. जोखिम न्यूनीकरणका उपाय

(क) राज्यका तीनवटै तह सङ्घ, प्रदेश र स्थानीय तहका कार्यान्वयनका विभिन्न निकायहरूमा परस्पर सामञ्जस्य, समन्वय, सहकार्य तथा सहजीकरणका लागि समन्वय संयन्त्रको व्यवस्था गरी सिँचाइको विकास, विस्तार र प्रणालीको मर्मत सम्भार, व्यवस्थापन, नियमन तथा संरक्षणका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच जिम्मेवारी तथा कार्यक्षेत्र निर्धारण गरिनेछ।

(ख) सिँचाइको विकास, विस्तार तथा प्रणालीको मर्मत सम्भार तथा व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन सङ्घ, प्रदेश र स्थानीय तहका उच्च प्राथमिकतामा हुने छन्। सम्भाव्य वैदेशिक स्रोतको तथा निजी क्षेत्रको लगानीको समेत अधिकतम परिचालन गरिनेछ।

(ग) सिँचाइको विकास, विस्तार तथा मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न संस्थागत क्षमता सुदृढ गर्नुका साथै जनशक्तिको क्षमता विकास पनि गरिनेछ। सिँचाइ विकासका

क्षेत्रमा भएका अध्ययन र अनुसन्धानको तथा यस क्षेत्रमा रहेका विज्ञहरूको विवरण अद्यावधिक गरी तिनबाट यस नीतिको कार्यान्वयन गर्न सहयोग लिइनेछ।

**१७. खारेजी र बचाउ**

सिँचाइ नीति, २०७० खारेज गरिएको छ। उक्त नीति बमोजिम भए गरेको कामकारबाही यसै नीति बमोजिम भए गरेको मानिनेछ।

# वाणिज्य नीति, २०८१

## १. पृष्ठभूमि

राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाइ आर्थिक समृद्धि हासिल गर्न नेपालले विगतका दशकदेखि नै वाणिज्य नीति कार्यान्वयन गर्दै आएको छ। मुलुकभित्र बढ्दो आयात र घट्दो निर्यात, व्यापार क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा देखिएका प्रवृत्ति एवम् आर्थिक, सामाजिक, प्राविधिक क्षेत्रमा भएको विकास र उपभोक्ताको रुचिमा हुने परिवर्तनलाई सरकारको नीतिले निरन्तर सम्बोधन गर्न आवश्यक हुन्छ। मुलुक सङ्घीय प्रणालीमा रूपान्तरण भएसँगै आर्थिक-सामाजिक क्षेत्रमा बढेको राज्यको दायित्व, आवधिक योजनाको कार्यान्वयन तथा दिगो विकासका लक्ष्य हासिल गर्ने चुनौती सामना गर्न श्रोत साधनको थप आवश्यकता पर्ने देखिन्छ। त्यसै गरी देश विकासशील मुलुकमा स्तरोन्नति हुँदा अन्तर्राष्ट्रिय व्यापारका सहुलियतहरूमा कमी भई वस्तु तथा सेवाको निर्यात थप प्रतिस्पर्धी हुने देखिन्छ। देशको आन्तरिक उत्पादन अभिवृद्धि एवम् प्रतिस्पर्धी क्षमताको विकासका माध्यमबाट निर्यात अभिवृद्धि, व्यापार क्षेत्रका नवीनतम विषयहरू आत्मसात गरी निर्यात प्रवर्द्धन, आयात व्यवस्थापन एवम् व्यापार घाटा न्यूनीकरण गर्न नयाँ नीति तर्जुमा गर्न आवश्यक देखिन्छ। वाणिज्य नीति, २०७२ ले निकासी प्रवर्द्धनमार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाइ आर्थिक समृद्धि हासिल गर्ने दूरदृष्टि राखेको सन्दर्भमा उक्त नीतिको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै आवश्यक परिमार्जनसहित यो नीति तर्जुमा गरिएको छ।

यस नीतिको कार्यान्वयनबाट आन्तरिक आपूर्ति शृङ्खला सुदृढ हुने, प्रतिष्पर्धात्मक तथा स्वच्छ बजारको विकास हुने, क्षेत्रीय तथा वैश्विक मूल्य शृङ्खलामा आबद्धता बढ्ने र अनधिकृत व्यापारको अन्त्य हुनेछ। साथै, यस नीतिको कार्यान्वयनबाट तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा उत्पादकत्व वृद्धि हुने, उत्पादित वस्तुको गुणस्तर वृद्धि हुने, व्यापार तथा पारवहन लागतमा कमी आउने र नेपाली वस्तुको अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी क्षमता बढ्नेछ। त्यसैगरी व्यापार क्षेत्रमा प्रदेश तथा स्थानीय तहको सहभागिता बढनुको साथै नेपालको सेवा क्षेत्रको निर्यात वृद्धि हुनेछ। यसबाट आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धन भई व्यापार घाटामा सुधार हुनेछ। यस नीतिको सफल कार्यान्वयनबाट अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा सहज तथा दिगो स्तरोन्नति, समावेशी, वातावरण मैत्री तथा उच्च आर्थिक वृद्धि तथा आर्थिक स्थायित्व हासिल गर्न, रोजगारी सिर्जना गर्न, जीवनस्तरमा सुधार तथा गरिबी न्यूनीकरणमा योगदान पुग्नेछ।

## २. विगतका प्रयास

नेपालमा वि.सं. २०४६ सालको राजनीतिक परिवर्तन पश्चात् आवधिक योजना, उद्योग, व्यापार, लगानी र वित्तीय नीति खुला तथा उदार बनाइ अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई उच्च प्राथमिकता दिइदै आएको छ। आठौं आवधिक योजनादेखि नै वाणिज्य क्षेत्रको विकासमार्फत अर्थतन्त्रको स्थायित्व र समृद्धिका लागि खुला अर्थतन्त्रमा आधारित विभिन्न नीति तथा रणनीतिहरू तर्जुमा हुँदै आएका छन्। खुला तथा उदार वातावरणको सिर्जना गरी निजी क्षेत्रको बढ्दो सहभागिताबाट आन्तरिक तथा बाह्य व्यापारलाई अभिवृद्धि गरी अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान वृद्धि गर्ने, निकासी व्यापारलाई प्रतिस्पर्धात्मक र दिगो रूपमा अभिवृद्धि गर्न अग्र तथा पृष्ठ आर्थिक अन्तरसम्बन्धलाई बढावा दिई नयाँ निकासी योग्य वस्तुहरूको पहिचान, विकास तथा उत्पादन गरी व्यापारमा विविधिकरण गर्ने, व्यापार असन्तुलन क्रमशः कम गर्दै दिगो रूपमा व्यापार विस्तार गर्ने र रोजगारमूलक व्यापार विस्तार गरी यस क्षेत्रको सामञ्जस्यता अन्य क्षेत्रसँग आबद्ध गर्ने उद्देश्यका साथ पहिलो वाणिज्य नीति २०४९ जारी गरिएको थियो। उक्त नीतिले निकासी, पैठारी, आन्तरिक निकासी, आन्तरिक व्यापार,

वैदेशिक व्यापार जस्ता नीतिहरू, विदेशी विनिमय व्यवस्था, वाणिज्य परिषद्, अनुसन्धान संस्था एवम् नेपाल व्यापार प्रवर्द्धन सङ्गठनको स्थापनालाई समेटेता पनि अन्तर्राष्ट्रिय व्यापारमा भएको गतिशीलता, क्षेत्रीय र बहुपक्षीय व्यापारसँगको आबद्धता, द्विपक्षीय स्वतन्त्र व्यापार क्षेत्रको विस्तार एवम् व्यापार प्रक्रिया सहजीकरण र नयाँ पारवाहन प्रणालीको विकास जस्ता विषयलाई सम्बोधन गर्न सकेको देखिँदैन।

वि.सं. २०६१ बैशाख ११ मा नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भए पश्चात् सिर्जना भएका चुनौती तथा प्राप्त अवसरलाई सम्बोधन गर्ने उद्देश्य राखी वाणिज्य नीति, २०४९ मा समयानुकूल परिमार्जन गर्दै राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक विकास र गरिबी निवारणमा सहयोग पुर्याउने मूल उद्देश्यसहित वाणिज्य नीति, २०६५ जारी गरिएको थियो। उक्त नीतिमा निर्यात सम्भावना भएका वस्तुको निर्यात प्रवर्द्धनको लागि विशेष केन्द्रित क्षेत्र र जोड दिइएको क्षेत्रको विकास एवम् निर्यात प्रवर्द्धन गर्नेतर्फ संस्थागत व्यवस्था गरी कार्यान्वयन गर्ने प्रयास गरिएको थियो। उपरोक्त व्यवस्थाका बाबजुद नेपालको व्यापार घाटा निरन्तर बढेको, निर्यात गर्ने मुख्य वस्तुहरूको मूल्य अभिवृद्धि न्यून रहेको र आयात गर्ने मुख्य वस्तुमा पेट्रोलियम पदार्थ, सवारी साधन तथा विलासिताका सामानहरूको मात्रा बढी हुँदा व्यापार घाटासमेत बढ्दै गएको देखिन्छ।

वाणिज्य नीति, २०६५ लाई समायानुकूल परिमार्जन गर्ने क्रममा आपूर्तिजन्य क्षमताको सुदृढीकरण गर्ने, विश्व बजारमा मूल्य अभिवृद्धियुक्त प्रतिस्पर्धी वस्तु तथा सेवाको निकासी बढाइ व्यापार घाटा कम गर्ने, क्षेत्रीय तथा विश्व बजारमा वस्तु तथा सेवा र बौद्धिक सम्पत्तिको पहुँच वृद्धि गर्ने उद्देश्य सहित वाणिज्य नीति, २०७२ जारी भएको थियो। विशेषगरी कृषि, वन, पर्यटन तथा उद्योग नीतिसँग तादात्म्यता राख्ने गरी तयार गरिएको यस नीतिले नेपालको व्यापार घाटालाई कम गर्न आपूर्ति व्यवस्थालाई सुदृढ बनाइ निर्यात वृद्धि गर्ने अभिप्राय राखेको थियो। व्यापार कुटनीतिको माध्यमबाट अन्तर्राष्ट्रिय तथा क्षेत्रीय व्यापार विस्तार, निजी क्षेत्रलाई प्रोत्साहन र क्षमता विकास, व्यापारका लागि सहायता परिचालन, संस्थागत रूपमा बोर्ड अफ ट्रेड र व्यापार प्रवर्द्धन प्रतिष्ठानको व्यवस्था, विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता, अतिकम विकसित मुलुकलाई सेवा व्यापारमा छुट, सहुलियत पूर्ण उत्पत्तिको नियम, भन्सार तथा कोटारहित बजार पहुँच सम्बन्धी प्रावधानलाई समेत कार्यान्वयनमा ल्याउने सन्दर्भमा उक्त नीति तर्जुमा गरिएको थियो। वाणिज्य नीति र तत्कालिन नेपाल व्यापार एकीकृत रणनीति, २०७३ बीच तादात्म्यता स्थापना गरी पारस्परिक सुदृढीकरण तथा आपूर्तिजन्य अवरोध न्यून गरी क्षमता विकास, व्यापार सहजीकरण, उत्पादन र उत्पादकत्व वृद्धि, सेवा व्यापार, बौद्धिक सम्पत्तिको संरक्षण र अन्तर्राष्ट्रिय बजारमा पहुँच, व्यापार मूलप्रवाहीकरण, व्यापारको लागि सहायता, व्यापार र वातावरण, अनुगमन संयन्त्रको व्यवस्था जस्ता बृहत्तर नीतिगत विषय उक्त नीतिमा समावेश गरिएको थियो। तथापि आन्तरिक उत्पादनको व्यापारिक वातावरण निर्माण र बजार व्यवस्थापनलाई उक्त नीतिले सम्बोधन गर्न सकेको देखिँदैन। आन्तरिक उत्पादन र व्यापारको प्रतिस्पर्धात्मक क्षमता बढाउने भनिए तापनि त्यसका लागि आवश्यक पूर्वाधार, व्यापार लागत कम पर्ने उपायहरू र प्रविधिका सम्बन्धमा पर्याप्त व्यवस्था हुन नसक्दा नीतिका लक्ष्य तथा उद्देश्य हासिल हुन सकेको देखिँदैन।

## ३. वर्तमान अवस्था

नेपालको वैदेशिक व्यापारको संरचनामा निर्यात भन्दा आयातको हिस्सा अत्यधिक रहेको छ। बढ्दो आन्तरिक मागको पूर्ति गर्ने गरी अपेक्षित रूपमा उत्पादन वृद्धि हुन नसक्दा आयात निरन्तर बढ्दै गएको छ भने निर्यातयोग्य वस्तु तथा सेवाहरू प्रतिस्पर्धी हुन नसकी निर्यात अपेक्षितरूपमा वृद्धि हुन सकेको देखिँदैन। साथै, नेपाली निर्यातयोग्य वस्तु तथा सेवा र गन्तव्य मुलुकको विविधिकरणसमेत हुन नसकी नेपालको व्यापार घाटा फराकिलो हुँदै गएको छ। आ.व. २०६९/७० मा वैदेशिक व्यापार रू. ६ खर्ब ७९ अर्ब रहेकोमा आ.व. २०८०/८१ मा वैदेशिक व्यापार रू. १७ खर्ब ४५ अर्ब पुगेको छ। यस अवधिमा आयात करिब २.६५ गुणाले वृद्धि भई रू. १५ खर्ब ९३ अर्ब र निर्यातमा १.९७ गुणाले वृद्धि भई रू. १ खर्ब ५२ अर्ब पुगेको छ। आ.व. २०६९/७० मा १:७.८ रहेको निर्यात-आयात अनुपात आ.व. २०८०/८१ मा १:१०.५ कायम भएको छ।

विगत दशकको तथ्याङ्क हेर्दा एकातर्फ आयातित वस्तुहरूको प्रवृत्तिमा उल्लेख्य परिवर्तन आएको देखिँदैन भने अर्कोतर्फ निर्यातित वस्तुहरूमा वाञ्छित बढोत्तरी गर्न सकिएको छैन। आ.व. २०६९/७० मा आयात हुने प्रमुख वस्तु पेट्रोलियम पदार्थ, फलाम तथा, स्टिलका वस्तु, मेसिनरी सामान, यातायातका साधन, सुन, विद्युतीय उपकरण र खाद्यान्न रहेकामा आ.व. २०८०/८१ को आयातमा पाम तेल र सोयाबिन तेलबाहेक अन्य वस्तुको आयातमा पुरानै वस्तुको प्रधानता रहेको छ। आर्थिक वर्ष २०६९/७० मा सेवा निर्यात रू. ९५ अर्ब २० करोड रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा रू. २ खर्ब ५२ अर्ब पुगेको छ। उक्त अवधिमा सेवा आयात रू. ८७ अर्ब ६० करोडबाट रू. ३ खर्ब ८ अर्ब पुगेको छ। जसका कारण सेवा व्यापार रू. ५५ अर्ब घाटामा गएको छ।

नेपालमा पर्यटन, सूचना प्रविधि तथा विजिनेस प्रोसेस आउटसोर्सिङ्ग, निर्माण तथा विद्युत निर्यातको प्रचुर सम्भावना भएका सेवा क्षेत्रहरू हुन्। तथापि पर्यटकको सङ्ख्या अपेक्षित रूपमा वृद्धि हुन नसकेको, सूचना प्रविधिसँग सम्बन्धित व्यवसायको अपेक्षित विकास र विस्तार हुन नसकेको, सिपयुक्त जनशक्ति विकास गरी वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन नसकिएको, निर्माण सेवाको निर्यातमा ध्यान पुग्न नसकेको, विद्युत निर्यातका लागि नीतिगत तथा संस्थागत प्रबन्ध भई नसकेको जस्ता कारणले सेवा क्षेत्रको निर्यात अपेक्षित रूपमा बढ्न सकेको छैन।

विश्व व्यापारमा आएको परिवर्तन, अन्तर्राष्ट्रिय व्यापारमा बढ्दो प्रतिस्पर्धा, मुलुकले अवलम्बन गरेको सङ्घीय शासन प्रणाली एवम् सन् २०२६ मा अतिकम विकसित मुलुकको श्रेणीबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुने पृष्ठभूमिमा नेपाल व्यापार एकीकृत रणनीति, २०८० कार्यान्वयनमा रहेको छ। यस रणनीतिले सुदृढ बाह्य क्षेत्र स्थायित्वको सोच लिई वस्तु तथा सेवा विकास तथा व्यापारका लागि उत्तम पारिस्थितिकीय प्रणाली निर्माण गर्ने, प्रतिस्पर्धात्मक क्षमताको सुधार गर्ने र आर्थिक संकट झेल्न सक्ने गरी बजार विविधीकरण गर्ने ध्येय लिएको छ।

## ४. मुख्य समस्या तथा चुनौतीहरू

मुलुकको समग्र उत्पादन र उत्पादकत्व कमजोर हुनु; आपूर्ति शृङ्खला तथा आपूर्तिजन्य कठिनाइहरू रहनु; उपभोग्य सामग्री र विलासिताका वस्तुको माग धान्न सक्ने गरी आन्तरिक उत्पादन बढ्न नसक्नु; उपभोगमुखी आयातमा विप्रेषणको बढ्दो प्रभाव रहनु; मुलुकभित्र उपलब्ध साधनस्रोत, कच्चा पदार्थमा आधारित औद्योगिकरणको कमी हुनु; पुँजी निर्माणमा विप्रेषणको प्रयोग बढाउन नसकिनु; औद्योगिक लगानी भन्दा आयात व्यापारमा व्यावसायिक आकर्षण बढ्दै जानु; संरचनागत समस्याको कारण कृषि, उद्योग, सेवा तथा समग्र अर्थ व्यवस्थाका अन्य महत्त्वपूर्ण स्तम्भहरूको विकास दिगो हुन नसक्नु; नेपालमा सेवा क्षेत्रको विकासमा नीतिगत, पूर्वाधारजन्य तथा प्रवर्द्धनात्मक उपायहरूको अभावका कारण अपेक्षित उपलब्धि हासिल गर्न नसकिनु; निर्माण व्यवसायीले गन्तव्य मुलुकमा निर्माण सामग्री तथा उपकरण पठाउन कठिन हुनु, जनशक्तिको क्षमता विकास गर्न नसक्नु जस्ता मुख्य समस्याहरू रहेका छन्। यसका अतिरिक्त निर्यातमा प्राथमिक वस्तु र अर्धप्रशोधित वस्तुको मात्रा बढी हुनु; गुणस्तर परीक्षणका लागि आवश्यक पूर्वाधारको कमी हुनु; व्यापार तथा पारवहन लागत उच्च रहनु; द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार सम्झौताबाट अपेक्षित लाभ लिन नसकिनु; मानव, पशु तथा वनस्पतिजन्य स्वास्थ्यमा प्रतिकूल असर गर्ने वस्तुको आयात नियन्त्रण गर्न नसकिनु; खुला सिमानाका कारण हुने चोरी निकासी, पैठारीबाट आन्तरिक तथा वैदेशिक व्यापारमा विचलन आउनु; देशगत र वस्तुगत व्यापार विविधीकरण गर्न नसकिनु र आयात व्यवस्थापन गर्न कानुनी व्यवस्था तथा नियामक क्षमता कमजोर हुनु लगायतका समस्याहरूको सामना गर्नुपरेको अवस्था छ।

उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरी व्यापार क्षेत्रमा संरचनागत रूपान्तरण गर्नु; पर्यटन, सूचना प्रविधि, जलविद्युत, निर्माण सेवा, दक्ष तथा अर्धदक्ष श्रम सेवाको विकास तथा प्रवर्द्धन गर्नु; औद्योगिकरणका माध्यमबाट रोजगारी, आय, उत्पादन तथा समग्र व्यापारमा बढोत्तरी गर्न सर्वपक्षीय समन्वयलाई

फराकिलो बनाउनु; उच्च व्यापार घाटालाई कम गर्नु; बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार सम्झौताबाट प्राप्त अवसरको अधिकतम लाभ लिनु; मित्रराष्ट्र तथा विकास साझेदार संस्थासँगको सहकार्यलाई प्रभावकारी बनाउनु; तीन तहका सरकार तथा निजी क्षेत्रको बिचमा वस्तु तथा सेवाको उत्पादन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि आपसी समन्वय तथा सहकार्य बढाउनु प्रमुख चुनौती हुन्। निर्यात सम्भावना देखिएका वर्तमान वस्तुहरू, उदियमान वस्तुहरू, भविष्यमा सम्भावना हुन सक्ने वस्तुहरू तथा सेवाको उत्पादन र निकासी वृद्धि गर्नु, मूल्य अभिवृद्धियुक्त वस्तु तथा सेवाको निर्यातलाई सुदृढ गर्नु, व्यापार र लगानीको अन्तर सम्बन्धलाई सुदृढ गर्नु, आपूर्तिजन्य क्षमता सबल गर्नु, अन्तर्राष्ट्रिय व्यापारलाई प्रतिस्पर्धी र व्यापक गराउन देशगत र वस्तुगत व्यापार विविधीकरण गर्नु तथा वस्तुको प्रमाणीकरण, लेबलिङ्ग, ब्राण्डिङ्ग गरी गुणस्तरीयता अभिवृद्धि गर्नु, आर्थिक कुटनीतिको उपयोग गरी प्राप्त बजार पहुँचको सुविधा उल्लेख्य रूपमा उपयोग गर्नु यस क्षेत्रका थप चुनौतीहरू रहेका छन्।

## ५. नीतिको आवश्यकता

सुस्त गतिमा बढेको निर्यातलाई गतिशील बनाइ व्यापार सन्तुलन कायम गर्न, विश्व अर्थतन्त्रमा आउने अवसर र चुनौतीको यथोचित सम्बोधन गर्न, सन् २०२६ मा नेपाल विकासशील मुलुकमा स्तरोन्नति पश्चात् निर्यात व्यापारलाई प्रतिस्पर्धि बनाउन, सङ्घीय संरचनाअनुरूप उत्पादन तथा व्यापार प्रक्रियामा तीन तहको सरकारको संलग्नता तथा सहभागिता वृद्धि गर्न नयाँ नीतिको आवश्यकता महसुस भएको छ।

पछिल्ला वर्षमा विश्व अर्थतन्त्र र अन्तर्राष्ट्रिय व्यापारको सन्दर्भ र परिवेश परिवर्तन भएको छ। बहुपक्षीय व्यापार संयन्त्रका वार्ताहरूमा सहमति भई अपेक्षित लाभ लिन नसकेको परिवेशमा विभिन्न मुलुकहरूले द्विपक्षीय तथा क्षेत्रीय व्यापार सम्झौतामा आफुलाई क्रियाशिल बनाएका छन्। नेपालजस्तो मुलुकको लागि विश्व व्यापार सङ्गठन अन्तर्गतका बहुपक्षीय व्यापार वार्ता महत्त्वपूर्ण हुँदाहुँदै पनि व्यापार तथा लगानी प्रवर्द्धनका लागि बजार पहुँचलाई सुनिश्चित गराउन उच्च सम्भावना रहेका मुलुकहरूसँग द्विपक्षीय व्यापार तथा लगानी सम्झौतालाई प्राथमिकतामा राख्नुपर्ने देखिएको छ।

सूचना तथा सञ्चार प्रविधिको विकास सँगसँगै डिजिटल माध्यमबाट व्यापारिक गतिविधिहरू सञ्चालन हुने क्रम बढ्दो छ। औद्योगिक प्रविधिको विकास र विस्तारले वस्तु तथा सेवाको उत्पादन र व्यापार प्रक्रियामा आमूल परिवर्तन भइरहेको छ। साथै, सूचना प्रविधिमा आधारित व्यापारलाई विश्वसनिय वनाउन तथा नियमन गर्न यस सम्बन्धी संस्थागत व्यवस्था सहितको नीति तथा कानुनको तर्जुमा गर्नुपर्ने भएको छ।

जलवायु परिवर्तन, विभिन्न प्रकारका महामारी, परिवर्तनशील विश्व आर्थिक सम्बन्ध जस्ता बाह्य प्रभावले नेपाल जस्तो भुपरिवेष्ठित र अतिकम विकसित मुलुकबाट स्तरोन्नतिको क्रममा रहेको मुलुकको दिगो विकास र अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा थप चुनौती सिर्जना गरेको छ। तसर्थ, अन्तर्राष्ट्रिय आर्थिक परिवेशबाट आपूर्ति शृङ्खलामा आउन सक्ने संकटबाट क्षति हुन नदिन उत्थानशील व्यापारिक प्रबन्ध (Resilient Trade Regime) विकास गर्नुपर्ने आवश्यकता देखिएको छ।

मुलुक सङ्घीय संरचनामा प्रवेश गरे पश्चात् नेपालमा वस्तु तथा सेवाको उत्पादन तथा निर्यात सम्भावना भएका क्षेत्रको पहिचान तथा विकासमा सबै तहका सरकारको भूमिका महत्त्वपूर्ण रहन्छ। राष्ट्रिय नीति तथा लक्ष्यहरू सङ्घले तय गरे पनि सो लक्ष्य प्राप्तिमा प्रदेश तथा स्थानीय तहले सो अनुकूल आ-आफ्ना नीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रमा कृषि तथा वन पैदावरमा आधारित वस्तुहरू, विद्युत, पर्यटन, सूचना प्रविधि जस्ता विभिन्न प्रकारका वस्तु तथा सेवाको मूल्य शृङ्खला विकास तथा लगानी प्रवर्द्धनमा सङ्घीय सरकारसँग समन्वय तथा सहकार्य गरी वाणिज्य क्षेत्रको विकास गर्नु अपरिहार्य देखिएको छ।

वस्तु तथा सेवाको निर्यात कुल गार्हस्थ्य उत्पादनको आधार वर्ष २०७८/७९ को ६.३ प्रतिशतबाट २०८४/८५ मा २०.० प्रतिशत पुर्याउने लक्ष्यसहितको नेपाल व्यापार एकीकृत रणनीति, २०८० कार्यान्वयनमा आएको छ। बदलिदो अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिवेश, नेपाल विकासोन्मुख राष्ट्रमा स्तरोन्नति भए पश्चात् व्यापार पहुँचमा आउने चुनौतीको सामना गरी व्यापार तथा लगानीका नयाँ अवसरहरू सिर्जना गर्न यो नीति तर्जुमा गरिएको छ।

## ६. दूरदृष्टि

सक्षम र प्रतिस्पर्धी वाणिज्य क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिमा योगदान।

## ७. लक्ष्य

निर्यात प्रवर्द्धन, आपूर्ति प्रणाली सबलीकरण र क्षेत्रगत समन्वयमार्फत कुल गार्हस्थ्य उत्पादनमा वाणिज्य क्षेत्रको योगदान बढाउने।

## ८. उद्देश्य

८.१ वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व बढाउनु;
८.२ निर्यात प्रवर्द्धन गर्दै आयातलाई निर्यातसँग अन्तर आबद्ध गरी व्यापार असन्तुलन कम गर्नु;
८.३ व्यापारजन्य पूर्वाधारको विकास गरी प्रतिस्पर्धी क्षमता विकास गर्नु;
८.४ व्यापार कूटनीति सुदृढ गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको पहुँच बढाउनु;
८.५ आपूर्ति शृङ्खला सुदृढ गरी व्यापार लागत घटाउनु;
८.६ व्यापारमा अन्तरसम्बन्धित निकाय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तर र तीनै तहका सरकारको सहभागिता, समन्वय तथा साझेदारी बढाउनु।

## ९. नीतिहरू

९.१ वस्तु तथा सेवाको मूल्य अभिवृद्धि र गुणस्तर वृद्धि एवम् नवीन प्रविधिको विकास तथा उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। (उद्देश्य १ सँग सम्बन्धित)
९.२ वस्तु तथा सेवाको निर्यात वृद्धि गर्न भन्सार तथा गैर भन्सार उपायहरूलाई नियममा आधारित र नेपालको व्यापारलाई प्रतिस्पर्धी बनाउने गरी कार्यान्वयन गर्ने। (उद्देश्य २ सँग सम्बन्धित)
९.३ औद्योगिक तथा व्यापारिक पूर्वाधारको विकास र विस्तार गर्ने। (उद्देश्य ३ सँग सम्बन्धित)
९.४ बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार वार्ता तथा सम्झौतामार्फत व्यापार पहुँच विस्तार गर्ने। (उद्देश्य ४ सँग सम्बन्धित )
९.५ व्यापारलाई प्रतिस्पर्धी बनाउन आपूर्तिजन्य क्षमता अभिवृद्धि तथा व्यापार सहजीकरणका माध्यमबाट वस्तु तथा सेवाको व्यापारिक लागत कम गर्ने। (उद्देश्य ५ सँग सम्बन्धित)
९.६ राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय समन्वयमा नीतिगत र कानुनी एकरूपता, सामञ्जस्यता तथा संस्थागत समन्वय सुदृढ गर्ने ।(उद्देश्य ६ सँग सम्बन्धित)

## १०. रणनीतिहरू

**नीति ९.१ वस्तु तथा सेवाको मूल्य अभिवृद्धि र गुणस्तर वृद्धि एवम् नवीन प्रविधिको विकास तथा उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।**

१०.१ तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाको उत्पादन बढाई निर्यात वृद्धि गर्ने;
१०.२ निर्यातमूलक उद्योगहरूको लागि प्रदान गरिने प्रोत्साहन तथा छुटलाई मुलुकको क्षमता र विश्व व्यापार सङ्गठनको नियमानुसार व्यवस्थित गर्ने;

१०.३ सूचना प्रविधिको विकास र अधिकतम प्रयोग गर्दै विद्युतीय व्यापार (ई- कमर्श), डिजिटल व्यापारको विकास तथा प्रवर्द्धन गर्ने;

१०.४ विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात् अन्तर्राष्ट्रिय व्यापारमा आउने चुनौतीको सामना तथा अवसरको उपयोग गर्न क्षमता अभिवृद्धि गर्ने;

१०.५ वस्तु तथा सेवाको गुणस्तरयुक्त उत्पादन र उपयोगका उपायहरू अवलम्बन गर्ने।

**नीति ९.२ वस्तु तथा सेवाको निर्यात वृद्धि गर्न व्यापारका भन्सार तथा गैर भन्सार उपायहरूलाई नियममा आधारित र नेपालको व्यापारलाई प्रतिस्पर्धी बनाउने गरी कार्यान्वयन गर्ने।**

१०.६ स्वदेशी वस्तु तथा सेवाको उत्पादन र उपभोग अभिवृद्धि गरी निर्यातको आधार तयार गर्ने;

१०.७ स्वदेशी उद्योगको संरक्षण एवम् निर्यात प्रवर्द्धनको लागि प्रचलित कानुन, विश्व व्यापार सङ्गठन र अन्य नेपाल पक्ष भएका व्यापार सम्झौता अनुरूप दरबन्दी र दर कायम गर्ने गरी प्रबन्ध मिलाउने;

१०.८ आयातलाई समग्र व्यापार प्रणालीको अनुकूल बनाउने गरी व्यवस्थापन गर्न गैर भन्सार उपायहरूको कानुन बमोजिम समुचित प्रयोग गर्ने;

१०.९ विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात् निर्यात व्यापारमा पर्ने असरको न्यूनीकरण गर्ने;

१०.१० व्यापारसँग अन्तर सम्बन्धित क्षेत्रहरू व्यापार र वातावरण, व्यापार र लैङ्गिकता जस्ता सवालहरूलाई समेत समेटी व्यापार मुलप्रवाहीकरण गर्ने।

**नीति ९.३ औद्योगिक तथा व्यापारिक पूर्वाधारको विकास र विस्तार गर्ने।**

१०.११ औद्योगिक तथा व्यापारिक पूर्वाधारको विकास र विस्तार गरी उत्पादन तथा व्यापार लागत कम गर्ने;

१०.१२ पारवहन मार्गहरूको विकास तथा विस्तार गरी व्यापारको समय तथा लागत घटाउने;

१०.१३ कृषिजन्य, वनजन्य र औद्योगिक वस्तुको निकासी प्रवर्द्धन गर्न संग्रह (Collection), ग्रेडिंग, गुणस्तर नियमन, आधुनिक प्रयोगशाला, क्वारेन्टाइन, प्रमाणीकरण, प्रत्यायन (Accreditation ) लगायतका पूर्वाधार सुदृढीकरण गर्ने;

१०.१४ दिगो, समावेशी, हरित तथा वातावरण मैत्री व्यापार प्रवर्द्धनमार्फत दिगो विकास लक्ष्य हासिल गर्न योगदान गर्ने;

१०.१५ निजी एवम् गैरसरकारी क्षेत्रको समन्वय तथा सङ्घ, प्रदेश र स्थानीय तहको सहभागितामा व्यापारजन्य पूर्वाधार एवम् सेवाको विकास र विस्तार गर्ने।

**नीति ९.४ बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार वार्ता तथा सम्झौतामार्फत व्यापार पहुँच विस्तार गर्ने।**

१०.१६ व्यापार कूटनीति सुदृढ गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको पहुँच अभिवृद्धि गर्ने;

१०.१७ व्यापार तथा लगानीको लागि प्रमुख आकर्षक मुलुकहरूसँग आवश्यकता अनुसार स्वतन्त्र व्यापार सम्झौता (Free Trade Agreement), प्राथमिकता प्राप्त व्यापार सम्झौता (Preferential Trade Agreement), व्यापार तथा लगानी कार्यढाँचा सम्झौताहरू गर्ने;

१०.१८ व्यापार वार्ता गर्ने सिप तथा दक्षता अभिवृद्धि गरी बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार वार्ताहरूमा नेपालको अधिकतम हित संरक्षण गर्ने;

१०.१९ व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण र उपयोग गरी विश्व बजारमा नेपाली उत्पादनलाई स्थापित गर्ने।

**नीति ९.५ व्यापारलाई प्रतिस्पर्धी बनाउन आपूर्तिजन्य क्षमता अभिवृद्धि तथा व्यापार संहजीकरणका माध्यमबाट वस्तु तथा सेवाको लागत कम गर्ने।**

१०.२० निर्यातमूलक उद्योगहरूको आपूर्तिजन्य क्षमता अभिवृद्धि गर्न निकायगत अग्र तथा पृष्ठ सम्बन्ध सुदृढ गर्ने;.

१०.२१ नेपालमा उत्पादन हुनसक्ने तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ भएका वस्तु वा सेवाको उत्पादनलाई स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गर्दै राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मूल्य शृङ्खलामा आबद्ध गर्ने;

१०.२२ व्यापार सहजीकरण तथा भन्सार प्रक्रिया सरलीकरण गरी व्यापार लागतलाई प्रतिस्पर्धी बनाउने;

१०.२३ निर्यातमूलक उद्योगको लागि आवश्यक पर्ने जनशक्तिको योजना तथा विकास गर्ने।

**नीति ९.६ राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय समन्वयमा नीतिगत र कानुनी एकरूपता, सामञ्जस्यता तथा संस्थागत समन्वय सुदृढ गर्ने।**

१०.२४ वाणिज्य क्षेत्रका नीति, कानुन, कार्यविधि तथा रणनीतिहरूमा समय सापेक्ष सुधार, पुनरावलोकन र परिमार्जन गर्ने;

१०.२५ निर्यात अभिवृद्धिका लागि संस्थागत सुदृढीकरण गर्ने;

१०.२६ राष्ट्रिय प्राथमिकता बमोजिम संघ, प्रदेश र स्थानीय तहबिच रणनीतिक साझेदारी गरी निर्यातमा सहजीकरण गर्ने;

१०.२७ प्रत्येक प्रदेशमा निर्यात सम्भावना भएका वस्तुको पहिचान तथा विकास गर्ने, प्रत्येक स्थानीय तहको तुलनात्मक लाभको विषय पहिचान गरी मूल्य शृङ्खला स्थापना गर्न सङ्घ र प्रदेशले समन्वय गर्ने।

## ११. कार्यनीतिहरू

**रणनीति १०.१ तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तुको उत्पादन बढाई निर्यात वृद्धि गर्ने।**

११.१ निर्यात सम्भावना भएका वस्तुहरूको उत्पादन र निकासी प्रवर्द्धन गर्न निकायगत रूपमा नै कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ ।

११.२ तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका प्राथमिकता प्राप्त वस्तुको निकासी प्रवर्द्धन गर्न आवश्यक पूर्वाधार निर्माण, व्यवसायिक सेवाको विस्तार र मानव स्रोतको विकास गरिनेछ।

११.३ तुलनात्मक रूपमा बढी मूल्य र न्यून आयतन भएका सम्भाव्य वस्तुको विकास तथा निर्यात प्रवर्द्धन गरिनेछ।

११.४ नेपाली वस्तुको उत्पादन लागत न्यूनीकरण तथा गुणस्तर अभिवृद्धि गर्न आधुनिक प्रविधिको प्रयोग तथा प्रविधि हस्तान्तरण गरिनेछ।

११.५ नेपाली वस्तुको गुणस्तर वृद्धि गर्न औद्योगिक कामदारको दक्षता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

११.६ निकासीजन्य उद्योगलाई चाहिने कच्चा एवम् अर्धप्रशोधित वस्तु उपलब्ध गराउने प्रकृतिका उद्योग (Ancillary Industries) स्थापना गर्न प्रोत्साहित गरिनेछ।

११.७ निकासीयोग्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि अनुसन्धान र विकास गर्न प्राज्ञिक तथा अनुसन्धानमूलक संस्थासँग साझेदारी गरिनेछ।

११.८ वस्तु तथा सेवाको उत्पादन तथा व्यापार लागत कम गर्न उत्पादन तथा अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा प्रयोग भएका नवीनतम प्रविधिको प्रयोग बढाउँदै लगिनेछ।

**रणनीति १०.२ निर्यातमूलक उद्योगहरूको लागि प्रदान गरिने प्रोत्साहन तथा छुटलाई विश्व व्यापार सङ्गठनको नियमानुसार व्यवस्थित गर्ने।**

११.९ घरेलु सहायताका उपायहरू पहिचान गरी निर्यातमूलक उद्योगहरूलाई दिइने सुविधालाई व्यवस्थित बनाइनेछ।

११.१० विश्व व्यापार सङ्गठनको प्रावधान बमोजिम सहायता तथा छुटलाई उत्पादन अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा अनुसन्धान तथा विकासमा लगाईनेछ।

११.११ निर्यात मुलक प्रोत्साहन तथा सहुलियतहरू घरेलु, साना तथा मझौला उद्योगमैत्री बनाइनेछ।

**रणनीति १०.३ सूचना प्रविधिको विकास र अधिकतम प्रयोग गर्दै विद्युतीय व्यापार (ई-कमर्स), डिजिटल व्यापारको विकास तथा प्रवर्द्धन गर्ने।**

११.१२ विजनेश प्रोसेस आउटसोर्सिङ्ग (BPO), सफ्टवेयर प्रोग्रामिङ्ग, क्लाउड कम्प्युटिङ्ग, कृतिम बौद्धिकता, टेलीकम्युटिङ्ग, वर्क फ्रम होम लगायतका सूचना प्रविधिमा आधारित व्यवसायलाई उच्च प्राथमिकता दिने गरी कानुनी सुधार गरिनेछ ।

११.१३ सूचना प्रविधिमा आधारित सेवा निर्यात गर्ने व्यवसायलाई तेस्रो मुलुकमा कार्यालय स्थापना गर्न र सफ्टवेयर वा प्रोगाम खरिद तथा उपकरण जडान गर्न प्रचलित कानुन बमोजिम विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराइनेछ।

११.१४ सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नेपाली जनशक्तिको सिप तथा क्षमता अभिवृद्धि गरिनेछ।

११.१५ सूचना प्रविधिको माध्यमबाट हुने विद्युतीय व्यापारको प्रवर्द्धन र नियमनका लागि विद्युतीय व्यापार (ई-कमर्स), कानुन तर्जुमा गरिनेछ।

**रणनीति १०.४ विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात् अन्तर्राष्ट्रिय व्यापारमा आउने चुनौतीको सामना तथा अवसरको उपयोग गर्न क्षमता अभिवृद्धि गर्ने।**

११.१६ एन्टिडम्पिङ्ग, काउन्टरभेलिङ्ग र सेफगार्डस सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको क्षमता अभिवृद्धि गरिनेछ।

११.१७ अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी तथ्याङ्क तथा सूचना सङ्कलन, अध्ययन, निगरानी र विश्लेषण गरी नीतिगत पृष्ठपोषण गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायत सम्बन्धित मन्त्रालयमा संस्थागत व्यवस्था गरिनेछ। सो कार्यको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयसँग समन्वय गरिनेछ।

११.१८ अन्तर्राष्ट्रिय व्यापारका सूचना समावेश गरी व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रमा स्थापना गरिएको नेपाल ट्रेड इन्फरमेशन पोर्टलको अधिकतम प्रयोग गर्न प्रचार प्रसार गरिनेछ।

११.१९ विश्वविद्यालयको पाठ्यक्रममा वाणिज्य क्षेत्रका विषयवस्तु समावेश गरिनेछ।

**रणनीति १०.५ वस्तु तथा सेवाको गुणस्तरयुक्त उत्पादन र उपयोगका विभिन्न उपायहरू अवलम्बन गर्ने।**

११.२० वस्तु तथा सेवाको गुणस्तरयुक्त उत्पादन र उपयोग गर्न विद्यमान मापदण्डहरूमा सुधार गरिनेछ।

११.२१ प्रविधि र नवप्रवर्तनको प्रयोग गरी गुणस्तर परीक्षण र प्रमाणीकरण केन्द्रहरूको सुदृढीकरण एवम् बजार निरीक्षण र अनुगमनलाई प्रभावकारी बनाइनेछ।

११.२२ अनुगमन गर्ने निकायहरूको सुदृढीकरण, गुणस्तर प्रमाणीकरण प्रणालीमा पारदर्शीता एवम् क्षमता अभिवृद्धि गरिनेछ।

११.२३ अन्तर्राष्ट्रिय सहयोग र साझेदारीमार्फत कानुनी एवम् संस्थागत सुधार गरिनेछ।

११.२४ उपभोक्ता सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**रणनीति १०.६ स्वदेशी वस्तु तथा सेवाको उत्पादन र उपभोग अभिवृद्धि गरी निर्यातको आधार तयार गर्ने।**

११.२५ नेपालमा उत्पादन सम्भावना भएका तर आयात भईरहेका औद्योगिक, कृषि तथा वनजन्य वस्तुको उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

११.२६ निर्यातयोग्य नेपाली वस्तुको बजार प्रवर्द्धन गर्न "मेक इन नेपाल" र "मेड इन नेपाल" अभियानलाई प्रोत्साहन गरिनेछ।

११.२७ स्वदेशी वस्तुको उत्पादन तथा निर्यात प्रवर्द्धन गर्न व्यवसाय सम्वर्द्धन, वस्तु विकास, बजारीकरण, बजार सूचना लगायतका सेवाको उपलब्धता बढाइनेछ।

११.२८ नेपालमा उपलब्ध खानी तथा खनिज वस्तुको व्यावसायिक उत्खनन, प्रशोधन र उत्पादन अभिवृद्धि गरिनेछ।

११.२९ कृषि, वन तथा अन्य प्रकृतिजन्य वस्तु तथा पकेट क्षेत्र पहिचान गरी त्यस्ता वस्तुको सङ्कलन केन्द्र र प्रशोधन केन्द्र बीच आपूर्ति शृङ्खला विकास गरिनेछ ।

११.३० सार्वजनिक निकायमा उपलब्ध भएसम्म नेपाली वस्तुको उपयोग गर्ने नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

११.३१ प्रदेश र स्थानीय तहमा उत्पादन बढाई आयातलाई न्यूनीकरण गर्न सकिने सम्भाव्य वस्तुको विवरण तयार गरिनेछ।

११.३२ मानव, पशुपन्छी तथा वनस्पति स्वास्थ्य र वातावरणमा प्रतिकूल असर गर्ने वस्तुको आयात नियन्त्रण गर्न आयात पूर्व परीक्षण, जोखिम विश्लेषण तथा क्वारेन्टाइन जाँच लगायतका उपायलाई प्रभावकारी बनाइनेछ।

११.३३ साना किसान, सहकारी तथा साना तथा घरेलु उद्योगले उत्पादन गर्ने प्राथमिक तथा अर्ध प्रशोधित वस्तु स्वदेशी मझौला तथा ठुला उद्योगले प्रयोग गर्ने गरी मूल्य श्रृंखला कायम गर्न प्रोत्साहन गरिनेछ।

११.३४ निर्यात सम्भावना भएका वस्तु तथा सेवाको देशगत तथा वस्तुगत पहिचान गरी निर्यात विविधीकरण गरिनेछ ।

११.३५ निर्यात सम्भावना भएका सेवा क्षेत्र तथा उपक्षेत्रको पहिचान, विकास र प्रवर्द्धन गरिनेछ।

११.३६ निर्यातमा प्रदान गर्ने प्रोत्साहनलाई निर्यात अभिवृद्धिमा आधारित बनाइ वितरणलाई सरल र सहज बनाइनेछ।

११.३७ नेपालको प्राकृतिक, सांस्कृतिक तथा धार्मिक विशिष्टतामा आधारित वस्तुको उत्पादन, प्रशोधन तथा निकासी प्रवर्द्धन गरिनेछ।

**रणनीति १०.७ स्वदेशी उद्योगको संरक्षण एवम् निर्यात प्रवर्द्धनको लागि प्रचलित कानुन, विश्व व्यापार सङ्गठन र अन्य नेपाल पक्ष भएका व्यापार सम्झौता अनुरूप दरबन्दी र दर कायम गर्ने गरी प्रबन्ध मिलाउने।**

११.३८ नेपालले विश्वव्यापार सङ्गठनको सदस्यता लिंदा प्रतिबद्धता गरेको भन्सारको उच्च सीमा दर (Bound Rate) र हाल प्रयोगमा रहेको दर (Applied Rate) को अध्ययन गरी भन्सारका दरहरू व्यापार अनुकूल बनाइनेछ।

११.३९ नेपालको उत्पादन अभिवृद्धि र आयात प्रतिस्थापन गर्न सकिने वस्तुहरूको औसत प्रयोगको दरमा नबढ्ने गरी भन्सार दरहरू समायोजन गरिनेछ।

**रणनीति १०.८ आयातलाई समग्र व्यापार प्रणालीको अनुकूल बनाउने गरी व्यवस्थापन गर्ने गैर भन्सार उपायहरूको समुचित प्रयोग गर्ने।**

११.४० व्यापार घाटा न्यूनीकरण गर्न आवश्यक देखिएका वस्तुहरूको आयातमा गैर भन्सारजन्य उपायहरूको अवलम्बन गरिनेछ।

११.४१ मानव तथा वनस्पति स्वास्थ्य, व्यापारका प्राविधिक अवरोध तथा निकासी तथा पैठारीमा विश्व व्यापार सङ्गठनको अनुकूल हुने गरी मापदण्ड, प्राविधिक नियमन तथा अनुरूपता मूल्याङ्कन प्रक्रिया (Conformity Assessment Procedure) लागू गरिनेछ।

**रणनीति १०.९ विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात् निर्यात व्यापारमा पर्ने असरको न्यूनीकरण गर्ने।**

११.४२ अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति पश्चात् निर्यात व्यापारमा पर्ने प्रभाव न्यूनीकरण गर्न व्यापार क्षेत्रको रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

११.४३ व्यापारका क्षेत्रमा विकास साझेदारबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहायता निर्यात सम्भावना भएका वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि, क्षेत्रीय तथा वैश्विक मूल्य शृङ्खलामा एकीकरण एवम् आपूर्ति क्षमता अभिवृद्धि गर्न परिचालन गरिनेछ ।

११.४४ विकासशील मुलुकमा स्तरोन्नति पश्चात् हाल प्राप्त व्यापारजन्य सहुलियत तथा सुविधाको निरन्तरताको लागि विश्व व्यापार सङ्गठन, साफ्टा लगायतका वहुपक्षीय तथा क्षेत्रीय व्यापारमा आवश्यक पहल तथा वार्ता गरिनेछ।

११.४५ स्तरोन्नतिलाई मध्यनजर गरी व्यापार, पारवहन, लगानी तथा दोहोरो कर हटाउने सम्बन्धी विद्यमान सन्धी सम्झौताको पुनरावलोकनलाई प्राथमिकता दिइनेछ।

११.४६ विकासशील तथा अतिकम विकसित मुलुकका वस्तुलाई उपलब्ध हुने भन्सार तथा कोटारहित (DFQF) बजार पहुँच लगायतका सुविधाको अधिकतम उपयोग गरिनेछ।

११.४७ स्तरोन्नति पश्चात् युरोपियन युनियनका मुलुकमा हाल नेपाली वस्तुले पाइरहेको सहज बजार पहुँच सम्बन्धी सुविधा निरन्तरताको लागि युरोपेली युनियनको GSP + स्किममा सहभागी हुन अनुमोदन तथा हस्ताक्षर गर्न बाँकी श्रम तथा मानव अधिकार र वातावरणसँग सम्वन्धित सन्धि तथा प्रोटोकलको आवश्यकता अनुसार अनुमोदन तथा हस्ताक्षर गर्ने प्रक्रिया अगाडि बढाइनेछ।

११.४८ संयुक्त राज्य अमेरिका, वेलायत, अष्ट्रेलिया, क्यानडा, जापान, नर्वे, गणतन्त्र कोरिया, स्विजरल्याण्ड, तुर्कीय लगायतका देशसँग प्राथमिकता प्राप्त बजार पहुँचका लागि पहल गरिनेछ।

११.४९ स्तरोन्नति पश्चात् निकासीको लागि पुरा गर्नुपर्ने उत्पत्तिको नियम सम्बन्धी कठिन प्रावधान लगायतका अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्ने सर्त परिपालना गर्न निजी क्षेत्रको सहभागितामा कपडा, तयारी पोसाक लगायतका क्षेत्रमा नयाँ प्रविधिको प्रयोग तथा क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। उत्पत्तिको प्रमाणपत्रलाई थप व्यवस्थित गरिनेछ।

११.५० क्षेत्रीय र अन्तर्राष्ट्रिय मूल्य शृङ्खलामा आईरहेको परिवर्तनको अध्ययन गरी सो अनुरूपको वस्तु तथा सेवा उत्पादनको लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

११.५१ संयुक्त कार्य र अनुभव आदान प्रदानका लागि अतिकम विकसित मुलुक र हालै स्तरोन्नति भएका मुलुकबिच नेटवर्किङ गरिनेछ ।

**रणनीति १०.१० व्यापारसँग अन्तर सम्बन्धित क्षेत्रहरू व्यापार र वातावरण, व्यापार र लैङ्गिकता जस्ता सवालहरूलाई समेत समेटी व्यापार मुलप्रवाहीकरण गर्ने।**

११.५२ व्यापार र वातावरण सम्बन्धी विश्व व्यापार सङ्गठन लगायतका व्यापार सम्बद्ध निकायसँग समन्वय गरी दिगो र वातावरणमैत्री व्यापार प्रणालीलाई संस्थागत गरिनेछ।

११.५३ व्यापारका क्रियाकलापहरूमा महिलाहरूको अर्थपूर्ण सहभागितालाई प्रवर्द्धन गरिनेछ।

**रणनीति १०.११ औद्योगिक तथा व्यापारिक पूर्वाधारको विकास र विस्तार गरी उत्पादन तथा व्यापार लागत कम गर्ने।**

११.५४ व्यापारसँग सम्बन्धित सडक यातायातको बहन क्षमता अभिवृद्धि, रेलमार्ग, जलमार्ग, हवाइ यातायातको विकास तथा अधिकतम उपयोग गरिनेछ।

११.५५ सार्वजनिक निजी साझेदारीमा वस्तुको सङ्कलन, भण्डारण, ढुवानी, प्रशोधन लगायतका सुविधालाई सरल तथा सहज बनाइनेछ।

११.५६ विशेष आर्थिक क्षेत्र, सुख्खा बन्दरगाह, औद्योगिक क्षेत्र र औद्योगिक ग्रामलाई पुर्ण क्षमतामा सञ्चालन गरिनेछ।

११.५७ अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थलहरूको निर्माणमा जोड दिइ नियमित अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना गर्ने व्यवस्था गरिनेछ।

११.५८ निजी क्षेत्रको अगुवाइमा विद्यमान गोदाम तथा शीत भण्डारलाई पुर्ण क्षमतामा सञ्चालन गरिनेछ।

११.५९ उद्योग स्थापना गर्दा सडक, विद्युत तथा खानेपानी सेवामा प्रदान गरिँदै आएको सहयोग तथा प्रोत्साहनलाई निरन्तरता दिइनेछ।

११.६० प्रमुख बन्दरगाहबाट रेल तथा सडक मार्ग हुँदै नेपाल भित्रिने कार्गोमा विद्युतीय कार्गो ट्र्याकिङ प्रणाली पुर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ।

११.६१ पारवाहन सेवालाई प्रभावकारी बनाउन सीमावर्ती भन्सार नाकामा गोदाम सुविधा, ढुवानी र क्लियरिङ तथा फरवार्डिङ सेवा विस्तार गरिनेछ।

११.६२ अन्तर्राष्ट्रिय व्यापारको लागत कम गर्न वैकल्पिक पारवहन मार्ग थप गर्ने गरी नेपाल भारतबीचको पारवहन सन्धि पुनरावलोकन गरिनेछ।

११.६३ चीनसँग सम्पन्न भएको पारवहन ढुवानी सम्झौता तथा प्रोटोकल बमोजिम पारवहन सुविधा उपयोग गर्न गृहकार्य एवम् सम्बन्धित पक्षसँग वार्ता गरिनेछ।

११.६४ निर्यातजन्य वस्तु उत्पादन गर्ने लघु, घरेलु तथा साना उत्पादक र उक्त उत्पादनसँग सम्बन्धित कच्चा पदार्थ सङ्कलन गर्ने सङ्कलकलाई एकै थलोमा संलग्न गराई निजी सरकारी लागत साझेदारीमा देशका विभिन्न भागमा सामुहिक सुविधा केन्द्र (Common Facility Center) निर्माण गरिनेछ।

**रणनीति १०.१२ पारवहन मार्गहरूको विकास तथा विस्तार गरी व्यापारको समय तथा लागत घटाउने।**

११.६५ नयाँ बन्दरगाह र वैकल्पिक पारवहन मार्गको उपयोग गर्न द्विपक्षीय सन्धि तथा सम्झौता पुनरावलोकन गरिनेछ।

११.६६ फुलबारी-बंगलाबन्ध मार्गको प्रभावकारी प्रयोग तथा वीरगञ्ज र विराटनगरबाट रेलमार्गमार्फत भारतको राधिकापुर र सिंहवाद नाका हुँदै बङ्गलादेशमा निकासी गर्न नेपाल, भारत र बङ्गलादेशबीच त्रिपक्षीय वार्ता तथा सम्झौता गरिनेछ।

११.६७ अन्तर्राष्ट्रिय व्यापार र पारवहन लागत घटाउन बन्दरगाहको भौतिक पूर्वाधार सुधार तथा बहुविधिक ढुवानी सुविधाको प्रयोग बढाइनेछ।

११.६८ उच्च व्यापारिक मूल्य तथा न्यून तौल भएका वस्तुहरूको निकासी पैठारीलाई थप प्रतिस्पर्धी बनाउन हवाई कार्गोलाई प्रवर्द्धन गरिनेछ।

११.६९ आन्तरिक तथा अन्तरदेशीय जलमार्गको विकास गर्न साझेदारी तथा समन्वय गरिनेछ।

**रणनीति १०.१३ कृषिजन्य, वनजन्य र औद्योगिक वस्तुको निकासी प्रवर्द्धन गर्न संग्रह (Collection), ग्रेडिंग, गुणस्तर नियमन, आधुनिक प्रयोगशाला, क्वारेन्टाइन, प्रमाणीकरण, प्रत्यायन (Accreditation) लगायतका पूर्वाधार सुदृढीकरण गर्ने।**

११.७० भारत र चीनका खाद्य स्वच्छता तथा गुणस्तर नियामक निकायसँगको समन्वयमा सामञ्जस्य हुनेगरी मापदण्ड निर्धारण गरिनेछ।

११.७१ नेपालबाट निर्यात हुने वस्तुको अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम गुणस्तर परीक्षण र प्रमाणीकरण गर्न संस्थागत सुदृढीकरण तथा जनशक्ति विकास गरिनेछ।

११.७२ गुणस्तर प्रमाणीकरण सम्बन्धी द्विपक्षीय तथा क्षेत्रीय तहमा परस्पर पहिचान सम्झौता (Mutual Recognization Agreement ) गरिनेछ।

११.७३ गन्तव्य मुलुकले निर्धारण गरेका गुणस्तर मापदण्ड पुरा गर्ने गरी निर्यातयोग्य वस्तुको आन्तरिक नियन्त्रण प्रणाली एवम् सेनिटरी तथा फाइटोसेनिटरी, व्यापारका प्राविधिक मापदण्ड लगायतका प्रावधानहरूको सुदृढीकरण गरी प्रमाणीकरण गर्ने व्यवस्था गरिनेछ।

११.७४ निजी क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरको प्रयोगशाला स्थापना र सञ्चालन गर्न सहयोग गरी नियमनको व्यवस्था गरिनेछ। निजी क्षेत्रबाट स्थापना र सञ्चालन नभएको अवस्थामा सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गरिनेछ।

११.७५ निर्यात सम्भावना भएका वस्तुको गुणस्तर निर्धारण, गुणस्तर व्यवस्थापन प्रणाली, अर्गानिक प्रमाणीकरण एवम् हलाल प्रमाणीकरणको व्यवस्था गरिनेछ।

११.७६ नेपालमा पाइने बहुमूल्य जडिबुटी तथा काँचो छालालाई कम्तीमा एक तहको प्रशोधन गरी निकासी गर्ने प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।

११.७७ औद्योगिक वस्तुको गुणस्तर सम्बन्धी नीति तर्जुमा गर्नुका साथै मापदण्ड निर्माण गरिनेछ।

११.७८ निर्यात सम्भावना भएका वस्तुको विकास, उत्पादन, गुणस्तर नियन्त्रण, प्रविधिको अवलम्बन, प्याकेजिङ लगायतका कार्यमा नेपाली उत्पादक तथा निर्यातकर्ताको क्षमता विकास गरिनेछ।

**रणनीति १०.१४ दिगो, समावेशी, हरित तथा वातावरणमैत्री व्यापार प्रवर्द्धनमार्फत दिगो विकास लक्ष्य हासिल गर्न योगदान गर्ने।**

११.७९ विपद्, महामारी लगायतका अन्य असहज अवस्थामा समेत व्यापारलाई नियमित गर्न व्यापार सम्बन्धी संरचना तथा पूर्वाधारलाई सुदृढ बनाइनेछ।

११.८० पर्यावरण तथा जैविक विविधतामा नकारात्मक असर नपर्ने एवम् भू-क्षय नहुने क्षेत्रको पहिचान गरी दिगो व्यवस्थापनको आधारमा निश्चित क्षेत्रबाट मात्र प्राकृतिक श्रोतजन्य वस्तु उत्खनन गरी निर्यात गर्न नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरिनेछ।

११.८१ लघु, घरेलु तथा साना उद्योग, स्टार्ट अप तथा महिला उद्यमीद्वारा उत्पादित वस्तु तथा सेवाको बजार तथा निकासी प्रवर्द्धनको लागि छुट, सुविधा, सहुलियत र प्रोत्साहन प्रचलित कर कानुनमा समयानुकूल प्रबन्ध गरी उपलब्ध गराइनेछ।

११.८२ स्थानीय तहमार्फत बहुमूल्य जडिबुटीको अत्यधिक दोहन नियन्त्रण गरी दिगो उत्पादनलाई जोड दिनुको साथै जडिबुटीको व्यवसायिक खेतीलाई प्रोत्साहन गरिनेछ।

११.८३ वातावरण प्रदूषण गर्ने उद्योगको स्थापनालाई निरुत्साहित गर्दै विद्यमान तथा नयाँ उद्योगमा वातावरणमैत्री प्रविधि अवलम्बन गर्न प्रोत्साहन गरिनेछ।

**रणनीति १०.१५ निजी एवम् गैरसरकारी क्षेत्रको समन्वय तथा सङ्घ, प्रदेश र स्थानीय तहको सहभागितामा व्यापारजन्य पूर्वाधार एवम् सेवाको विकास र विस्तार गर्ने।**

११.८४ निजी एवम् गैरसरकारी क्षेत्रको समन्वय तथा सङ्घ, प्रदेश र स्थानीय तहको सहभागिता तथा साझेदारीमा उद्योग तथा व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले सडक निर्माण तथा स्तरोन्नति, भण्डारण गृह, फ्यूमिगेसन च्याम्बर (Fumigation Chamber), चिस्यान गृह, आधुनिक प्रयोगशाला, निर्यात प्रवर्द्धन गृह, साझा सुविधा केन्द्र जस्ता पूर्वाधार निर्माण र सञ्चालन गरिनेछ।

११.८५ प्रदेशको राजधानी वा उपयुक्त स्थानमा अन्तर्राष्ट्रिय/राष्ट्रियस्तरको व्यापार प्रदर्शनीस्थल निर्माण तथा सञ्चालन गरिनेछ।

११.८६ विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रको सञ्चालनमा प्रदेश र स्थानीय सरकारलाई सहभागी गराइनेछ। यसमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन गरिनेछ।

११.८७ स्थानीय तहमा कृषि तथा वन पैदावरजन्य उद्योग स्थापनाको लागि व्यवसाय इन्कुबेसन, सहुलियतपूर्ण कर्जा, प्रविधि हस्तान्तरण, बजार सूचना लगायतका क्षेत्रमा प्रोत्साहन गर्न सङ्घ, प्रदेश तथा स्थानीय तह, निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

११.८८ प्रदेशस्तरमा पर्यटन, सूचना प्रविधि, जलविद्युत जस्ता सेवा क्षेत्रको विकास गर्दै निर्यात प्रवर्द्धन गरिनेछ।

**रणनीति १०.१६ व्यापार कूटनीति सुदृढ गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको पहुँच विस्तार गर्ने।**

११.८९ व्यापार सम्बन्धी देशगत तथा वस्तुगत रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

११.९० नेपालको निर्यात व्यापारमा देखिएका गैर- भन्सारजन्य अवरोध हटाउन बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय तहमा वार्ता तथा सम्झौता गरिनेछ ।

११.९१ नेपालको व्यापार तथा लगानी प्रवर्द्धनको लागि समान स्वार्थ तथा हित भएका मुलुकसँग सहकार्य गरी बहुपक्षीय, क्षेत्रीय र उपक्षेत्रीय मञ्चमा साझा पहल गरिनेछ।

११.९२ व्यापार साझेदारले नेपाली वस्तुमा भन्सार महशुल र मूल्य अभिवृद्धि करबाहेक लगाउँदै आएको नियामक शुल्क, समपूरक शुल्क (Supplementary Duty) र अग्रिम आयकर खारेज गर्न द्विपक्षीय वार्ता गरिनेछ।

११.९३ सार्कका सदस्य मुलुक एवम् व्यापार साझेदार मुलुकसँग सामञ्जस्य हुनेगरी नेपालको भन्सार, पारवहन र गुणस्तर प्रमाणीकरण सम्बन्धी प्रक्रिया, मापदण्ड तथा नीति नियममा एकरूपता ल्याइनेछ।

११.९४ आर्थिक कूटनीति सम्बन्धी कार्यक्रम सरोकारवालासँगको सहकार्य र समन्वयमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। यसको लागि नेपालका सम्बद्ध निकाय एवम् विदेशस्थित नेपाली नियोग आबद्ध हुनसक्ने गरी सम्बन्धित निकायको समन्वयमा Economic Diplomacy Portal मार्फत व्यापार सम्बद्ध तथ्याङ्क र सूचना उपलब्धताको सुनिश्चित गरिनेछ।

११.९५ आर्थिक कुटनीतिको प्रभावकारी कार्यान्वयनको लागि विदेशस्थित कुटनीतिक नियोगहरूमा Dedicated Unit राख्न आवश्यक जनशक्ति तथा श्रोतसाधन व्यवस्थापन गरिनेछ।

११.९६ गैर-आवासिय नेपालीको पुँजी, प्रविधि र ज्ञान परिचालन तथा Brain Gain को माध्यमबाट वाणिज्य क्षेत्रको सुदृढीकरण गरिनेछ।

११.९७ आर्थिक कुटनीति परिचालन गर्दा "Opportunity Marketing" गरी अन्तर्राष्ट्रिय व्यापार वृद्धि गर्ने संयन्त्रको विकास गरिनेछ।

११.९८ नेपाली वस्तुको निर्यात प्रवर्द्धन तथा नेपालमा वैदेशिक लगानी आकर्षित गर्न विदेशस्थित नेपाली नियोगले प्राथमिकताका साथ नियमित रूपमा व्यापार तथा लगानी सम्बन्धी कार्यक्रम आयोजना गर्ने व्यवस्था गरिनेछ।

११.९९ निर्यात प्रवर्द्धनको लागि अन्तर्राष्ट्रिय व्यापार मेलामा सहभागी हुँदा वस्तुको झन्झटमुक्त ओसारपसार गर्न सघाउ पुर्याउन एटा कार्नेट (ATA Carnet) को सदस्यता लिन पहल गरिनेछ।

११.१०० विदेशस्थित नेपाली नियोगमा निर्यातजन्य नेपाली प्रमुख वस्तुको प्रदर्शनीको व्यवस्था गर्नुको साथै त्यस्ता वस्तुको बिक्री वितरणमा सहजीकरण गरिनेछ ।

११.१०१ विदेशमा अध्ययनरत नेपाली विद्यार्थीलाई नेपालको निर्यात व्यापार तथा लगानीको सम्भावनाबारे अध्ययन अनुसन्धान गर्न नेपाली नियोगमार्फत प्रोत्साहित गरिनेछ। त्यसबाट प्राप्त नतिजालाई वाणिज्य क्षेत्रका नीति निर्माणमा उपयोग गरिनेछ।

११.१०२ दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्यबिच आर्थिक एकीकरण, गर्न व्यापार, लगानी, सडक, उर्जा व्यापार, प्रवेशाज्ञा लगायतका क्षेत्रमा सहकार्य गरिनेछ।

११.१०३ बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगको लागि बङ्गालको खाडी मुलुकको प्रयास (बिमस्टेक) को प्रभावकारी कार्यान्वयनका लागि पहल गरिनेछ।

११.१०४ दक्षिण एसियाली मुलुकसँगको क्षेत्रीय अन्तरआबद्धता वृद्धि तथा पारवहन लागत न्यूनीकरणका लागि BBIN (Bangladesh, Bhutan, India, Nepal) अवधारणा कार्यान्वयन गरिनेछ।

११.१०५ आर्थिक र प्राविधिक सहायताको उपयोगलाई पूर्वाधार, उत्पादन र व्यापारसँग आबद्ध गरी दिगो र उत्थानशील बनाइनेछ।

**रणनीति १०.१७ व्यापार तथा लगानीको लागि प्रमुख आकर्षक मुलुकहरूसँग स्वतन्त्र व्यापार सम्झौता (Free Trade Agreement), प्राथमिकता प्राप्त व्यापार सम्झौता (Preferential Trade Agreement), व्यापार तथा लगानी कार्यढाँचा सम्झौताहरू गर्ने।**

११.१०६ व्यापारको लागि प्रमुख साझेदार राष्ट्रहरूको पहिचान गरी स्वतन्त्र व्यापार सम्झौता (Free Trade Agreement) र प्राथमिकता प्राप्त व्यापार सम्झौता (Preferential Trade Agreement ) गरिनेछ।

११.१०७ वैदेशिक लगानीमार्फत व्यापार अभिवृद्धि गर्न थप सम्भाव्य मुलुकहरूसँग व्यापार तथा लगानी कार्यढाँचा सम्झौताहरू गरिनेछ।

११.१०८ स्वतन्त्र व्यापार सम्झौता (Free Trade Agreement) र प्राथमिकता प्राप्त व्यापार सम्झौता (Preferential Trade Agreement ) गर्दा नेपालको निर्यातको सम्भावना भएका सूचना प्रविधि, पर्यटन, विद्युत सेवा लगायतका सेवा क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

**रणनीति १०.१८ व्यापार वार्ता गर्ने सिप तथा दक्षता अभिवृद्धि गरी बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार वार्ताहरूमा नेपालको अधिकतम हित संरक्षण गर्ने।**

११.१०९ व्यापार सूचना विश्लेषण, क्षमता विकास तथा संस्थागत सुदृढीकरण गरी व्यापार वार्ता क्षमता बढाइनेछ।

११.११० व्यापार वार्ता गर्ने सिप तथा दक्षता अभिवृद्धि गर्न संस्थागत व्यवस्था मिलाईनेछ।

११.१११ व्यापार तथा लगानी सम्बन्धी वार्ता गर्ने कर्मचारीको दक्षता अभिवृद्धि गरी बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार वार्तामा संस्थागत उपस्थिति र संस्मरण सुदृढ गरिनेछ। यसको लागि राष्ट्रिय वार्ता मापदण्ड तयार गरिनेछ।

११.११२ वार्ता प्रक्रियामा सहभागी हुने कर्मचारीको भूमिकालाई जिम्मेवार र जवाफदेही बनाउने प्रबन्ध गरिनेछ।

**रणनीति १०.१९ व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण र उपयोग गरी विश्व बजारमा नेपाली उत्पादनलाई स्थापित गर्ने।**

११.११३ उद्योग तथा व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी प्रचलित कानुनलाई समसामयिक परिमार्जन गरी नयाँ ऐन तर्जुमा गरिनेछ।

११.११४ नेपालको कृषिजन्य, वनजन्य एवम् औषधीय तथा सुगन्धित वस्तुको अधिकार स्थापित गर्न भौगोलिक सांकेतिकरण (Geographical Indication) गरिनेछ।

११.११५ निर्यात सम्भावना भएका वस्तुको भौगोलिक साङ्केतिकरण, ट्रेडमार्क, सामुहिक व्यापार चिन्ह, डिजाइन, प्याटेन्ट, गोप्य व्यापारिक सूचना, प्रतिलिपि अधिकार लगायतका बौद्धिक सम्पत्ति अन्तर्राष्ट्रिय बजारमा दर्ता र संरक्षणको लागि प्रोत्साहन गरिनेछ।

११.११६ नेपालको आनुवांशिक स्रोत, परम्परागत ज्ञान, कला कौशल, वस्तु उत्पादन प्रक्रिया र उत्पादित वस्तुको बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण र प्रवर्द्धन गरिनेछ।

११.११७ व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकारको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

११.११८ नवप्रवर्तनका लागि उद्योग र अनुसन्धानमूलक संस्था एवम् विश्वविद्यालय बिचको सहकार्यमा अनुसन्धान गर्न प्रोत्साहन गरिनेछ।

११.११९ Plant and Biodiversity को संरक्षण र अधिकारमा जोड दिइनेछ ।

**रणनीति १०.२० निर्यातमूलक उद्योगहरूको आपूर्तिजन्य क्षमता अभिवृद्धि गर्न निकायगत अग्र तथा पृष्ठ सम्बन्ध सुदृढ गर्ने।**

११.१२० निर्यातमूलक आपूर्तिजन्य क्षमता अभिवृद्धिका लागि कार्ययोजना निर्माण गरी व्यापारजन्य पूर्वाधार तथा लजिस्टिक सेवा विस्तार गरिनेछ।

११.१२१ उत्थानशील आपूर्ति शृङ्खलाको विकास तथा विस्तार गर्न औद्योगिक अंग्र तथा पृष्ठ सम्बन्ध सुदृढीकरण गरिनेछ।

११.१२२ साना, लघु, घरेलु तथा मझौता उद्योगहरू तथा ठुला उद्योग र बुहराष्ट्रिय उद्योगहरू बीच आपूर्तिजन्य सम्बन्ध सुदृढ गरी निर्यात प्रवर्द्धन गरिनेछ।

**रणनीति १०.२१ नेपालमा उत्पादन हुनसक्ने तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ भएका वस्तु वा सेवाको उत्पादनलाई स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गर्दै राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मूल्य शृङ्खलामा आबद्ध गर्ने ।**

११.१२३ नेपाली उद्योगहरूलाई अन्तराष्ट्रिय मूल्य शृङ्खलामा आबद्ध गराउन प्रोत्साहित गरिनेछ।

११.१२४ विश्व बजारमा राम्रो सञ्जाल भएका फर्महरूसँग उत्पादन प्रक्रियामा सामेल गराउन व्यापार तथा लगानीको वातावरणलाई आकर्षक बनाइनेछ।

११.१२५ प्रत्येक प्रदेशको मुख्य उत्पादनको उत्पादन स्थलदेखि अन्तिम बजार स्थल वा निर्यात विन्दुसम्मको कुशल आपूर्ति तथा मूल्य शृङ्खलाको लागि आवश्यक पूर्वाधार विकास तथा सुदृढीकरण गरिनेछ।

११.१२६ निर्यातयोग्य वस्तुको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय बजारमा प्रवेशका लागि आवश्यक मापदण्ड र प्रक्रियाबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

११.१२७ स्थानीय तहमा स्थापना भएका औद्योगिक ग्रामलाई स्थानीय तह र निजीक्षेत्रको साझेदारीको अवधारणा अनुरूप सञ्चालन गरी निर्यातजन्य वस्तुहरू उत्पादन गरिनेछ।

**रणनीति १०.२२ व्यापार सहजीकरण तथा भन्सार प्रक्रिया सरलीकरण गरी व्यापार लागतलाई प्रतिस्पर्धी बनाउने।**

११.१२८ व्यापार सहजीकरणका लागि नेपाल राष्ट्रिय एकद्वार प्रणालीलाई सक्षम र सबल तुल्याई पूर्ण रूपमा सञ्चालन गरिनेछ।

११.१२९ विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौताको प्रभावकारी कार्यान्वयन गरिनेछ।

११.१३० व्यापार लजिष्टिक नीति, २०७९ सँग तादात्म्यता हुने गरी व्यापार लजिष्टिक सूचकाङ्क सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

११.१३१ विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता कार्यान्वयन गर्न भन्सार ऐन संसोधन गरी आवश्यक संस्थागत व्यवस्था तथा प्रक्रियागत सरलीकरण गरिनेछ। साथै, उक्त सम्झौता अनुसार गठित राष्ट्रिय व्यापार सहजीकरण समितिलाई थप क्रियाशील बनाइनेछ।

११.१३२ अनलाइन वा विद्युतीय व्यापार प्रवर्द्धनका लागि National Payment Gateway निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

**रणनीति १०.२३ निर्यातमूलक उद्योगको लागि आवश्यक पर्ने जनशक्तिको योजना तथा विकास गर्ने।**

११.१३३ निर्यात सम्भाव्य वस्तु तथा सेवाको लागि आवश्यक जनशक्ति तथा श्रमिक आपूर्तिको योजना निर्माण गर्न सहजीकरण गरिनेछ।

११.१३४ प्रदेश र स्थानीय तहसँग समन्वय गरी निर्यातमूलक उद्योगको लागि आवश्यक दक्ष प्राविधिकहरू विकास गर्न पाठ्यक्रम निर्माणमा सहजीकरण गरिनेछ।

**रणनीति १०.२४ वाणिज्य क्षेत्रका नीति, कानुन, कार्यविधि तथा रणनीतिहरूमा समय सापेक्ष सुधार, पुनरावलोकन र परिमार्जन गर्ने।**

११.१३५ निकासी पैठारी, विद्युतीय व्यापार (ई-कमर्स), व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति लगायतका विषयमा कानुन निर्माण एवम् परिमार्जन गरिनेछ।

११.१३६ वाणिज्य नीतिसँग प्रत्यक्ष सम्बन्ध रहने उद्योग नीति, आपूर्ति नीति, व्यापार लजिष्टिकस नीति, राजस्व नीति, मौद्रिक नीति, लगानी तथा प्रविधि हस्तान्तरण नीति, कृषि नीति, वन नीति र श्रम नीतिलाई एक अर्कामा सामञ्जस्य हुने गरी तर्जुमा तथा परिमार्जन गरिनेछ।

११.१३७ वाणिज्य नीति र समष्टिगत आर्थिक नीति तथा अन्य क्षेत्रगत नीतिबीच सामन्जस्यता कायम गरी लगानी, उत्पादन तथा निर्यातमैत्री वातावरण निर्माण गरिनेछ।

११.१३८ सङ्घ, प्रदेश र स्थानीय तहका वाणिज्य सम्बन्धी नीति तथा कानुनहरूमा सामञ्जस्यता कायम गरिनेछ ।

**रणनीति १०.२५ निर्यात अभिवृद्धिका लागि संस्थागत सुदृढीकरण गर्ने।**

११.१३९ सङ्घ, प्रदेश र स्थानीय तहका विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको तर्जुमा र कार्यान्वयन प्रक्रियामा व्यापार प्रवर्द्धनको पक्षलाई समेटिनेछ।

११.१४० निर्यातमूलक उद्योगहरूमा प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन गर्न सहजता तथा अनुकूलता हुने गरी प्रक्रियागत सरलीकरण गरिनेछ।

११.१४१ निजी क्षेत्रका छाता सङ्घ/संस्थासँगको सहकार्यमा नेपाली कला, संस्कृति र मौलिक पहिचान झल्किने वस्तुको उत्पादन वृद्धि तथा निर्यात प्रवर्द्धन गरिनेछ।

११.१४२ नेपाली निर्यातकर्ता कम्पनी तथा सङ्घ संस्थालाई विदेशमा सम्पर्क कार्यालय वा बिक्री तथा प्रदर्शनी कक्ष खोल्न र विदेशी आयातकर्ता कम्पनीलाई नेपाली वस्तुको प्रवर्द्धन गर्न नेपालमा सम्पर्क कार्यालय स्थापना गर्न प्रोत्साहन गरिनेछ।

११.१४३ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र लगायतका सरकारी तथा निजी क्षेत्रका व्यापार सम्बद्ध छाता संस्थाको क्षमता अभिवृद्धि गरिनेछ।

**रणनीति १०.२६ राष्ट्रिय प्राथमिकता बमोजिम प्रदेश र स्थानीय तहबीच रणनीतिक साझेदारी गरी निर्यातमा सहजीकरण गर्ने।**

११.१४४ सङ्घ, प्रदेश र स्थानीय तहका वाणिज्य सम्बन्धी संस्थागत संयन्त्रहरूलाई क्रियाशील बनाइ समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ।

११.१४५ प्रदेश सरकार र स्थानीय तहको सहभागितामा प्रत्येक प्रदेश र स्थानीय तहमा सम्भाव्य देखिएका निकासी योग्य वस्तुको विवरण तयार गरिनेछ।

११.१४६ तीनै तहका सरकारको साझेदारीमा निर्यात सम्भाव्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि, प्रविधि हस्तान्तरण तथा बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति १०.२७ प्रत्येक प्रदेशमा निर्यात सम्भावना भएका वस्तुको पहिचान तथा विकास गर्ने, प्रत्येक स्थानीय तहको तुलनात्मक लाभको विषय पहिचान गरी मूल्य शृङ्खला स्थापना गर्न सङ्घ र प्रदेशले समन्वय गर्ने।**

११.१४७ प्रत्येक स्थानीय तहको विशिष्टता र सम्भावनाको आधारमा ती स्थानीय तह रहेका प्रदेशको निर्यात सम्भाव्य वस्तुको रूपमा पहिचान गरिएका वस्तुहरू उत्पादनको लागि सहजीकरण गरिनेछ ।

११.१४८ प्रदेशमा निर्यात सम्भावना भएका वस्तुको मूल्य शृङ्खला विकास तथा मूल्य अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ।

११.१४९ प्रमुख औद्योगिक करिडोर तथा लोकमार्गले जोडिएका क्षेत्रमा सम्भाव्य वस्तुको भण्डारण, वितरण तथा मूल्य अभिवृद्धि एवम् आपूर्ति शृङ्खला विकास गर्न सहजीकरण गरिनेछ।

## १२. नीति कार्यान्वयन

यस नीति कार्यान्वयन गर्न नीतिमा उल्लिखित कार्यनीति मध्ये नियमित बजेटबाट कार्यान्वयन हुन सक्ने प्रकृतिका कार्यनीतिहरूलाई तीनै तहको आ-आफ्नो कार्यविभाजन एवम् कार्यक्षेत्र अनुसार सम्बन्धित सबै निकायले आफ्नो वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गरिनेछ। नीतिमा उल्लिखित व्यवस्था प्रकृति अनुसार निजी क्षेत्रले गर्नुपर्ने कार्यहरू निजी क्षेत्रले र सार्वजनिक तथा निजी क्षेत्रको साझेदारीमा गर्नुपर्ने कार्यहरू संयुक्त रूपमा कार्यान्वयन गरिनेछ। यसका साथै यो नीति कार्यान्वयन गर्दा व्यापार वित्त परिचालन गरी विकास सहायता परिचालन नीति अनुरूप व्यापार सहायता (Aid for Trade) र समिश्रित वित्त (Blended Finance) को

परिचालन एवम् देशगत सहायता र लगानी विशेषज्ञताको आधारमा विकास सहायता तथा विकास कुटनीति परिचालन गरिनेछ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय गरी नीतिको प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना तयार गर्नेछ।

## १३. संस्थागत व्यवस्था

### १३.१ बोर्ड अफ ट्रेड

यस नीति र अन्य क्षेत्रगत नीतिहरूको बिचमा सामञ्जस्यताका लागि नेपाल सरकारलाई सिफारिस गर्न, नीतिको कार्यान्वयनमा मार्गनिर्देशन, समन्वय तथा सहजीकरण गर्न, नीति कार्यान्वयनमा सरकारी तथा निजी क्षेत्रसँग समन्वय गर्न, कार्यान्वयनको क्रममा आउने बाधा व्यवधान हटाउन र सरकारलाई आवश्यक सुझाव प्रदान गर्न देहाय बमोजिमको बोर्ड अफ ट्रेड गठन गरिनेछ।

(क) मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - अध्यक्ष
(ख) राज्यमन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य
(ग) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित विषय हेर्ने) -सदस्य
(घ) गभर्नर, नेपाल राष्ट्र बैंक -सदस्य
(ङ) सचिव, अर्थ मन्त्रालय -सदस्य
(च) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य हेर्ने) -सदस्य
(छ) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (उद्योग हेर्ने) -सदस्य
(ज) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य
(झ) सचिव, परराष्ट्र मन्त्रालय -सदस्य
(ञ) निजी क्षेत्रका छाता सङ्गठनहरू (एफ.एन.सि.सि.आई, सि.एन.आई., एन.सि.सि., एफ.एन.सि.एस.आई.) का अध्यक्षहरू - सदस्य चार जना
(ट) अर्थ, वाणिज्य वा आर्थिक कुटनीतिको क्षेत्रका विज्ञहरूमध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तीमा एक जना महि लासहित तीन जना - सदस्य
(ठ) मन्त्रालयको वाणिज्य नीति हेर्ने सहसचिव -सदस्य-सचिव

## १४. अनुगमन तथा मूल्याङ्कन

विषयगत मन्त्रालय, विभाग तथा केन्द्रीय निकायले आआफ्नो क्षेत्राधिकार अन्तर्गत रही यस नीतिको कार्यान्वयनको नियमित अनुगमन गर्नेछन्। नीति कार्यान्वयनको समग्र अनुगमन तथा मूल्याङ्कन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछ। यसरी अनुगमन गर्दा वाणिज्य नीति तथा सो सम्बन्धी कार्यक्रम अन्य राष्ट्रिय नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण भए नभएको सम्बन्धमा समेत अनुगमन तथा मूल्याङ्कन गरिनेछ। यस नीतिको मूल्याङ्कनका आधारमा आवश्यकतानुसार समायोजन एवम् परिमार्जन गरिनेछ।

## १५. जोखिम तथा जोखिम न्यूनीकरण

यस नीति कार्यान्वयनका लागि स्वदेशी तथा प्रत्यक्ष वैदेशिक लगानीमा वृद्धि, उद्योग तथा व्यापार सम्बन्धी पूर्वाधार निर्माण र विकासमा स्वदेशी तथा वैदेशिक सहायता परिचालन, निजी क्षेत्रसँगको रचनात्मक सहकार्य र साझेदारी निर्माण, अन्य राष्ट्रिय नीतिमा व्यापार मूलप्रवाहीकरण, सङ्घ, प्रदेश र स्थानीय तहका बजेट तथा कार्यक्रममा सामञ्जस्यता पूर्वसर्त रहेका छन्। नेपाल व्यापार एकीकृत रणनीति, २०८० र व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ को प्रभावकारी कार्यान्वयन हुन सकेमा यस नीतिले लिएका उद्देश्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुग्नेछ। यस नीति सापेक्ष हुने कानुन निर्माण तथा संसोधन गर्न, निर्यातका सम्भावना भएका वस्तु तथा सेवाको उत्पादन र निर्यात वृद्धिमा सरकारी तथा निजी क्षेत्रको साझेदारी गर्न एवम्

नीति कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन गर्न नसकिएमा यस नीतिले परिलक्षित गरेका उद्देश्य हासिल गर्न कठिन हुने देखिन्छ।

## १६. खारेजी र बचाउ

वाणिज्य नीति, २०७२ खारेज गरिएको छ। वाणिज्य नीति, २०७२ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै नीति बमोजिम भए गरेको मानिनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा
नीति समन्वय शाखा
सिंहदरबार, काठमाडौं।